


नागरिकताका सम्बन्धमा
न्यायालयहरुबाट भएका

# फैसलाहरूको संगालो

महिला, कानून र विकास मञ्च
२०५२
FWLD
अविभेद र समानताका लागि कार्यरत

FWLD

अविभेद र समानताका लागि कार्यरत

(अद्यावधिक प्रकाशन : २०८०)

## नागरिकताका सम्बन्धमा
## न्यायालयहरूबाट भएका
# फैसलाहरूको संगालो

# विषय सूची तथा फैसलाहरूको सारसंक्षेप

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | २०६१ सालको रिट नं. ३०२१ | ने.का.प, २०६२, अंक ४, नि. नं. ७५३१, पृष्ठ ४९२ | डिल बहादुर विश्वकर्मासमेत विरूद्ध नेपाल सरकार | थर लेखी नागरिकता सच्च्याँई पाउँ भन्ने निवेदन पर्न आएमा थर लेखी नागरिकता सच्च्याँई लिनु भन्ने र उसको पहिले जात लेखिएको नागरिकता र हालको थर लेखिएको नागरिकताको व्यक्ति एउटै हो भन्ने तथा पहिलेको नागरिकता बमोजिम तयार भएका अन्य सम्पूर्ण कागजपत्रहरूमा उल्लेखित व्यक्ति एउटै हो भन्ने प्रमाणपत्र गर्नू भन्ने समेत रहेको मागदावीमा विपक्षीहरूको नाममा परमादेश लगायत जो चाँहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ । | कानूनमा नागरिकता प्रदान गर्दा थरको आधारमा दिने भनी स्पष्ट किटानी व्यवस्था तथा परिपत्र समेत भै रहेको अवस्था हुँदाहुदै पनि निवेदकले पेश गरेको उदाहरणबाट यदाकदा जात उल्लेख गरी नागरिकता दिने गरेको समेत देखिन आयो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१) लाई हेर्दा सबै नागरिक कानूनको दृष्टिमा समान हुने कसैलाई पनि कानूनको हकमा समान संरक्षणबाट वन्चित नगरिने त्यस्तै सोही धाराको उपधारा ३ बमोजिम राज्यले नागरिकहरूको बीच धर्म, वर्ण लिङ्ग, जात जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन भन्ने संवैधानिक व्यवस्था भएको पाइन्छ । तसर्थ दलित जातिका मानिसहरूलाई नागरिकता प्रदान गर्दा नागरिकता सच्याई दिदा अथवा नागरिकता सिफारिश गर्दा समेत अन्य नागरिक सरह थर राखी सिफारिश दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनको साथै थर राखि नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नु गराउनु भनी विपक्षी निकायहरूका नाममा परमादेश जारी हुने ठहर्छ । | १ |
| २ | २०६३ सालको रिट नं. ००८९ | ने.का.प, २०६५, अंक ११, नि. नं. ८०३५, पृष्ठ १३४० | नक्कली महर्जन विरूद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद् को कार्यालय समेत | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९(१) तथा नागरिकता ऐन, २०२० को धारा ३१ को पृ. ३३० बमोजिम विवाहित महिलालाई वंशजको आधारमा बुबाको नामबाट नागरिकताको सिफारिस दिने गरी आदेश तथा जो चाहिने परमादेश जारी गरी पाउँ । | प्रस्तुत विवादमा विपक्षी मध्येको किर्तिपुर नगरपालिकाको लिखित जवाफबाट निवेदकलाई बाबुको नामबाट नागरिकता लिन सिफारिस नगरेको भन्ने कुरा स्वीकार गरेको मिसिलबाट देखिन आएको अवस्थामा उपरोक्त अन्तर्राष्ट्रिय महासन्धिहरूको साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) एवं नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने कानुनी व्यवस्था रहेबाट समेत लिङ्ग वा वैवाहिक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनबाट वन्चित हुने गरी विपक्षी किर्तिपुर नगरपालिकाबाट सिफारिस नदिने गरी भएको कार्यलाई कानुन सम्मत भन्न मिल्ने अवस्था देखिन आएन । अतः निवेदन मागदावी बमोजिम निवेदीका नक्कली महर्जनलाई निजको बाबुको नाउँबाट नेपाली नागरिकताको प्रमाणपत्र बनाउनको लागि सिफारिस दिनु भनी विपक्षी किर्तिपुर नगरपालिकाको नाउँमा परमादेशको आदेश जारी हुने । | १३ |
| ३ | २०६४ सालको रिट नं. ९१७ | २०६४ साल पौष ६ गते | सुनिल वावु पन्त समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय | यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका अल्पसंख्यक व्यक्तिहरूको कानूनी तथा नीतिगत संरक्षण गरी निजहरूलाई संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून प्रदत्त हक तथा अधिकारहरु उपभोग गर्न नपाई उपेक्षित र तल्लो श्रेणीको व्यक्ति जस्तो भएर बस्नु पर्ने वाध्यताबाट मुक्त गरी कानूनी हक अधिकारको संरक्षण तथा प्राप्तिका लागि अविलम्ब व्यवस्था गरी दिनु भनि आदेश जारी गरी पाउँ । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका विभिन्न अन्तराष्ट्रिय कानूनलाई नेपालको कानून सरह मान्यता दिएकोले नेपाल सरकारले आवश्यक अध्ययन गरि फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले समेत अरू सरह विना भेदभाव आफ्नो अधिकार उपयोग गर्न पाउने गरी उपयुक्त कानून बनाउन वा भैरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको साथै समलिङ्गी विवाहका सम्बन्धमा हेर्दा एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्ति सँग राजीखुशी मञ्जुरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्बन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो । समलिङ्गी विवाहलाई सम्बन्धी व्यक्तिको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षवाट हेरीनु पर्दछ । मानव अधिकार सम्बन्धी दस्तावेजहरु, विश्वमा विकास भएका यस सम्बन्धी नवीन मान्यताहरु, समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने देशहरूको अनुभव र त्यसले समाजमा पार्ने प्रभावका बारेमा बृहत् अध्ययन र विश्लेषण गर्न आवश्यक रहेकोले समग्र विषयमा अध्ययन गर्न नेपाल सरकारले एक समिति गठन गरी उक्त समितिले निवेदकले उठाएको मागहरु मध्ये समान लिङ्गका व्यक्तिहरु बीचको विवाह र समग्र LGBTI हरूको वैवाहिक अवस्थाका सम्बन्धमा सम्भव भए अन्य राष्ट्रका कानूनी व्यवस्था अध्ययन गरी उक्त समितिले दिएको राय सुझावको आधारमा नेपाल सरकारले आवश्यक निर्णय गरी कानूनी व्यवस्था गर्नु । | १७ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ४ | २०६४ सालको फौ.पु.नं... ०६२२ | ने.का.प, २०६७, अंक ४, नि.नं. ८३४९, पृष्ठ ६०० | अशोक कुमार शाह विरुद्ध नेपाल सरकार | मेरो नागरिकता बदर गर्ने गरेको गृहमन्त्रीको निर्णय र पुनरावेदन अदालत पाटनको फैसला बदरभागी हुँदा मुद्दा दोहोऱ्याई हेरी पाउँ । | नेपालमा स्थायी बसोवास गर्ने कुनै व्यक्तिले कुनै कालखण्डमा नेपालको नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज विदेशी नागरिक हुने भनी सम्झन नमिल्नुका साथै त्यसको कुनै कानूनी आधार नहुने। नेपालमा स्थायी बसोबास भएको हरेक व्यक्तिले नागरिकताको प्रमाणपत्र लिनै पर्ने कुनै कानूनी प्रावधान रहेको नपाइँदा पिताले तत्कालको अवस्थामा नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज स्वतः गैरनेपाली नागरिक वा विदेशी नागरिक रहेको भनी सम्झन नमिल्ने। नेपालको स्थायी बासिन्दा नभएको अथवा विदेशी नागरिक रहेको भनी जिकीर लिने पक्षले नै निज कुन विदेशी राष्ट्रको नागरिक हो भनी तथ्यपूर्ण रूपमा स्थापित गर्नुपर्ने। | ३६ |
| ५ | २०६५ सालको रिट नं. WO-००३५ | ने.का.प, २०६६, अंक ६, निर्णय नं. ८१७५, पृष्ठ १०१४ | रन्जित थापासमेत बिरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, काठमाण्डौं समेत। | आमाको नामबाट नागरिकता दिन दिलाउनु भन्ने परमादेश जारी गरी पाउँ। | रन्जित थापा नेपालको नागरिक भएकोमा विवाद नभएको, निज नेपालको अन्तरिम संविधान २०६३ नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली २०६३, समेत बमोजिम वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र लिन योग्य भएको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ समेतबाट देखिएको हुँदा निजको वावु आमाको अलग अलग वतन भए पनि निवेदकले रोजेको वावु वा आमाको ठेगाना मध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिससाथ तोकिएको कार्यविधि पूरा गरी निवेदक नागरिकताको प्रमाणपत्र माग गर्न आएमा निवेदकले रोजेको वावु वा आमाको ठेगाना मध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र दिनु भनी प्रत्यार्थीहरूका नाममा परमादेश जारी । | ४२ |
| ६ | २०६६ सालको रिट नं. ०६६-wo-०८६९ | २०६८ साल पौष २७ गते | निना तामाङ्ग (गुरूङ्) समेत वि. नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौं समेत | वंशजको परिभाषालाई संकीर्ण व्याख्या गरी पतिको नामबाट नागरिकता दिन इन्कार गरेकोले कसको नामबाट पहिचान प्राप्त गर्ने भन्ने छनौट गर्ने अधिकारबाट बंचित भएको हुँदा पतिको नामबाट नागरिकता दिलाई पाउँ। | कुनै पनि सेवाग्राहीले निवेदन लिई कार्यालयमा उपस्थित भएपछि निवेदन दर्ता लगायत जो जे गर्नुपर्ने हो सो दायित्व सम्बन्धित सरकारी कार्यालयको नै हुन्छ। रित पूर्वकको निवेदन नभएमा र आवश्यक कागजात संलग्न नभएको अवस्थामा यो कागजात र रित पुऱ्याई ल्याउनु भनी निवेदनमा दरपीठ गरी फिर्ता गर्न सक्ने अधिकार समेत त्यसै कार्यालयलाई नै हुन्छ। निवेदीकाको हकमा जिल्ला प्रशासन कार्यालय नुवाकोटले निवेदन दर्ता नै नगरी निवेदकलाई नै फिर्ता दिएको अवस्था स्पष्ट हुन आएकोले निवेदिकाले विपक्षी जिल्ला प्रशासन कार्यालय नुवाकोट समक्ष नागरिकता सम्बन्धी दिएको निवेदन दर्ता सनाखत गराउन आएमा सो निवेदन कानूनको प्रक्रिया पुऱ्याई दर्ता सनाखत गराई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) एवं नेपाल नागरिकता ऐन, २०६३ को कानूनी व्यवस्था अनुसार जो जे गर्नुपर्ने हो गर्नु गराउनु भनी विपक्षी मध्येको जिल्ला प्रशासन कार्यालय नुवाकोटको नाउँमा परमादेश आदेश जारी हुने। | ४८ |
| ७ | २०६७ सालको रिट नं.-०६७-wo-०७०३ | ने.का.प, २०६८, अंक २, निर्णय नं. ८५५७, पृष्ठ २४७ | सविना दमाई समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौं समेत | आमाको नामबाट नागरिकता दिनु दिलाउनु साथै देशमा रहेका अन्य निवेदक जस्ता पिडितको हकमा समेत सम्मानित अदालतबाट व्याख्या हुने गरी परमादेश आदेश जारी गरी पाउँ। | निवेदिका नेपाली नागरिक (आमा) वाट नेपालमा जन्मेको देखिएकोले निवेदिकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षीको नाममा परमादेश जारी गरिएको साथै नेपालको अन्तरिम संविधानको धारा ८(२) अनुसार आमाको नामवाट नेपाली नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था भएको भएतापनि व्यवहारमा अझै कार्यान्वयन हुदा नसकेको हुँदा निवेदिकाको जस्तै अवस्था भएका अन्य कुनै व्यक्ति कानून बमोजिम नेपाली नागरिकता प्राप्त गर्नका लागी आमा नेपाली नागरिक भन्ने प्रमाणित भएको बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामवाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन २०६३ र नेपाल नागरिकता नियमावली २०६३ को रीत र कार्यविधि पूरागरी आमाको नामवाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशात्मक आदेश जारी गरिएको। | ५१ |

| सि.नं. | रिट नं. | फैसला/आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ८ | २०६७ सालको रिट नं. २०६७-WS-००१७ | ने.का.प, २०६८, अंक १, नि.नं. ८५३६, पृष्ठ ३९ | सरोजनाथ प्याकुरेल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानिय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्रका आधारमा विना नागरिकता प्रमाण पत्र मतदाता नामावलीमा नाम दर्ता गर्ने गरी निर्वाचन आयोगमा गरेको निर्णय वदर गरी पाउँ। | प्रजातन्त्रमा कानूनमा तोकिएको उमेर पुरा भएका सबै नेपाली नागरिकहरूले चुनावमा उम्मेदवार बन्न र मत खसाल्ने अधिकारबाट बञ्चित हुन्छ भने त्यस्तो व्यवस्थालाई सबै नागरिकहरूको सहभागीता भएको प्रतिनिधिमूलक प्रजातन्त्र मान्न सकिदैन। त्यसैले कुनै नेपाली नागरिक एकल महिला भएकै कारण मतदान गर्न र चुनावमा उम्मेदवार बन्ने हकबाट बञ्चित हुन हुदैन। संविधानले महिला, पुरूष र तेस्रो लिङ्गीलाई लिङ्गको आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरेको र नेपाल CEDAW मा पक्ष भएको कारण एकल महिला लगायत तेस्रो लिङ्गीले समेत आफ्नो इच्छाअनुसार नेपालको नागरिकता पाउने हुँदा मतदाता नामावली संकलन गर्दा कोही पनि योग्य नागरिक नछुटुन् भन्ने उद्देश्यले प्रचलित नेपाल कानून बमोजिम नेपाली नागरिकता पाउन योग्य व्यक्तिहरूलाई नेपालको नागरिकता प्रमाणपत्र दिने सरल र सुलभ र प्रभावकारी व्यवस्था मिलाई मतदाता नामावली संकलन गर्ने व्यवस्था मिलाउनु। | ६२ |
| ९ | २०६७ सालको रिट नं. ०६७-WO-१२४९ | २०७० साल असार २६ गते | सीतादेवी अधिकारीसमेत विरूद्ध नेपाल सरकार | नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(७) नागरिकता ऐन, २०६३ को दफा ५(२)(३) मा व्यवस्थित व्यवस्थाहरूको आधारमा जारी गरिने अङ्गीकृत नागरिकता व्यवहारमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ।<br>साथै हामी निवेदक मध्ये म राजु शैयद महम्मदले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(७), नेपाल नागरिकता ऐन, २०६३ दफा ५(२)(३) र नागरिकता नियमावली, ७(१)(३) बमोजिम मिति २०६४।११।२९ गते निर्णयको लागि प्रस्तुत भएको "अङ्गीकृत नागरिकता पाऊँ" भनि दिएको निवेदनका साथै मैले जस्तै अङ्गीकृत नागरिकता माग गर्ने अन्य सम्पूर्ण निवेदकको निवेदन उपर अंङ्गीकृत नागरिकता दिनु भन्ने निर्णय यथाशिघ्र गर्नु गराउनु भनी गृह मन्त्रालयको नाममा परमादेशको आदेश जारी गरिपाऊँ । | गृह मन्त्रालयले पेश गरेको लिखित जवाफमा हालसम्म पनि उक्त निवेदन उपर छानवीन भई रहेको भन्ने कुरा उल्लेख छ। सोबाट निवेदन मागबमोजिमको विषयमा निर्णय गर्न गृह मन्त्रालयले अनुचित विलम्व गरेको अवस्था स्पष्टै देखिन्छ। सार्वजनिक जवाफदेहीता वहन गर्नु पर्ने निकायको रुपमा रहेको विपक्षी गृह मन्त्रालयले आफुले सम्पन्न गर्नु पर्ने काम कारवाही विलम्वरहित, पारदर्शी र जवाफदेहीपूर्ण भने हुनै पर्दछ।<br>अतः उल्लिखित विवेचनाबाट रिट निवेदनमा मागदावी लिईएको विषयमा निर्णय गर्न गृह मन्त्रालयले अनुचित विलम्ब गरेको अवस्था देखिएको हुदा रिट निवेदक राजु शैयदले दिएको अङ्गीकृत नेपाली नागरिकताको निवेदन उपर छानवीन गर्ने कार्य बाँकी रहेको भए सो कार्य यथाशिघ्र छिटो सम्पन्न गरि निजलाई अङ्गीकृत नेपाली नागरिकता दिन मिल्ने नमिल्ने के हो सो सम्बन्धमा यथाशीघ्र निर्णय गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। | ८१ |
| १० | २०६७ सालको रिट नं. २०६७-WS-००१४ | २०६८ साल असार ९ गते | अधिवक्ता पूर्णचन्द्र पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय समेत | निर्वाचन आयोगले मिति २०६७।७।१६ मा गरेको उल्लिखित निर्णय तथा नेपालको नागरिक हो भन्ने कुराको टुंगो नै नलागेका व्यक्तिसमेत मतदाता हुन पाउने व्यवस्था गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को कानूनी व्यवस्था समेत मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) तथा नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना एवं धारा २, ८, ९, १०, १२९ को व्यवस्थासँग बाझिएकोले प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ । | नेपालको नागरिक हो भन्ने कुराको आधिकारिक प्रमाण नागरिकताको प्रमाणपत्र नै भएकाले नेपाली नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई प्रतिस्थापन गर्ने, अनादर गर्ने वा इन्कार गर्ने कुनै पनि कानूनी व्यवस्था असवैधानिक हुन्छ भन्ने कुरा बुझ्न आवश्यक छ । तसर्थ नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुले मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तात्विक असर गर्दैन भन्न नसकिने ।<br>मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी यदि नागरिकताको प्रमाणपत्र अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको पुनरपुष्टि (Verify) को लागि मात्र जग्गाधनी प्रमाण पूर्जालगायत मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरु नाम दर्ता अधिकारीले माग गर्न सक्ने भन्ने अर्थमा उक्त कानूनी व्यवस्थालाई व्याख्या गर्नु अन्तरिम संविधानको धारा ८(१) र मतदाता नामावलीसम्बन्धी ऐनको दफा ५(१) (क) अनुकूल हुने । | ८८ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ११ | २०६८ सालको रिट नं. ०६८-WO-०७३१ | ने.का.प. २०७३, अंक ७, नि.नं. ९६२७, पृ. १२३७ | सज्दा सापकोटा समेत विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, ०६३ को दफा ३ को उपदफा (१) तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) बमोजिमको प्रक्रिया पूरा गरी आमाको नामबाट नागरिकता प्राप्तिका लागि निवेदन दिएकोमा निवेदन समेत दर्ता नगरी आमाको नामबाट नागरिकता दिन नमिल्ने भनी विपक्षीले दिएको उक्त मौखिक आदेशले हाम्रो पहिचान नै लोप हुने अवस्था पैदा भएको र हामी जीवनभर राज्यविहिन अवस्थामा बाँच्न बाध्य हुनुपर्ने अवस्था भएको हुनाले कानुन बमोजिम आमको नामबाट नागरिकता दिनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ । | कानुन बमोजिमको न्यूनतम प्रकृया पुऱ्याई नागरिकता प्राप्तिको लागि आवेदन परेको अवस्थामा यस अदालतबाट प्रतिपादित उक्त सिद्धान्तसमेतको आधारमा नागरिकता जस्तो संवेदनशील प्रश्नमा सौहार्दतापूर्वक सहयोग गर्नुपर्नेमा यस्तो र त्यस्तो बहाना गरी नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी विपक्षीहरूले निवेदकहरूलाई झुलाउने कार्य गरेको पाइयो । यस्तो कार्यलाई जिम्मेवारपूर्ण एवं कानुनसम्मत कार्य मान्न सकिंदैन ।<br>आमाको नामबाट नागरिकता लिनु पर्ने अवस्था स्वयंमा एउटा कठिन अवस्था रहेको हुँदा यस प्रति नकारात्मक सोच राख्ने हो भने सीमान्तकृत महिलालाई थप असुविधा पर्न जाने देखिन्छ ।<br>निवेदकहरूकी आमाको नाममा नेपालको नागरिकता रहेको र निजहरूका बाबु बेपत्ता भएकाले आमाको नामबाट नागरिकता प्रदान गर्न कुनै बाधा नरहेको र यस विषयमा यस अदालतबाट यस अघि पनि परमादेश जारी भएकोमा सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्रसमेत भइसकेको भन्ने देखि पनि निवेदकहरूलाई आमाको नामबाट नागरिकता प्रदान नगरिएको कार्य न्यायसम्मत नरहेकाले निजहरूलाई आमाको नामबाट अविलम्ब नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी ।<br>साथै प्रस्तुत मुद्दामा भएको आदेश र सविना दमाईको मुद्दामा भएको आदेशको भावना अनुरूप यस्तो परिस्थितिका मुद्दाहरूमा अनावश्यक झन्झट नगरी नागरिकता पाउनु पर्ने अवस्थामा सहजै आमाको नामबाट नागरिकता दिन दिलाउन यस सम्बन्धमा कुनै गुनासो रहन नदिन गुनासो सुन्ने संयन्त्र गृह मन्त्रालय अन्तर्गत नै खडा गरी अनुगमनसमेत गर्ने व्यवस्था मिलाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश समेत जारी । | ९५ |
| १२ | २०६९ सालको रिट नं. ०६९-WS-००८५ | २०७२ साल भदौ १० गते | अधिवक्ता पूर्णचन्द्र पौडेल विरूद्ध निर्वाचन आयोग समेत | नेपालको नागरिक मात्र मतदाता हुन सक्ने संवैधानिक एवं कानुनी व्यवस्था रहेकोमा नेपालको नागरिक हो भन्ने कुराको टुङ्गो नै नलागेका व्यक्तिसमेत मतदाता हुन पाउने व्यवस्था मतदाता नामावली सम्बन्धी नियमावली २०६४ को नियम ३१क(३) मा रहेको र सो व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा (२), (८) र मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतसँग बाझिएकोले उक्त नियम ३१क (३) लाई प्रारम्भदेखि नै बदर र अमान्य घोषित गरी सो नियम ३१क(३) को आधार भए गरेका काम कारवाहीसमेत उत्प्रेषण लगायत उपयुक्त आदेशद्वारा बदर गरी पाउँ । | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) मा रहेको व्यवस्थाबाट गैर नेपाली नागरिकले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि निवेदन दिन पाउने भन्ने नदेखिई मतदाता नामावलीमा नाम समावेश गर्नका लागि नेपाली नागरिकले मात्र निवेदन दिन पाउने भन्ने देखिन आएकोले मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ र ८ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतसँग बाझिएको नदेखिंदा रिट निवेदन खारेज हुने । | १०० |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १३ | २०६९ सालको रिट नं. ०६९-wo-०१५३ | ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७३, पृ. १६८२ | दिवाकर क्षेत्री समेत बिरूद्ध जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत | संवैधानिक, कानुनी र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले आमाको नामबाट हामी निवेदकहरूले नागरिकता लिन सिफारिस एवं नागरिकता प्राप्त गर्ने हक हुँदाहुँदै पनि नागरिकताको लागि सिफारिस एवं नागरिकता नपाएको अवस्था हुँदा नेपालको अन्तरिम संविधान २०६३ र नेपाल नागरिकता ऐन, २०६३ बमोजिम हाम्रो जन्म हुँदा हाम्री आमा नेपालको नागरिक भएको हुनाले हामी पीडीत निवेदकहरूलाई वंशजको आधारमा आमाको नामबाट नागरिकता लिन सिफारिस र नागरिकता समेत दिनु दिलाउनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरीपाउँ । | निवेदकहरूले माग गरे बमोजिम निवेदकहरु नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम नागरिकता प्राप्त गर्ने वा ऐ. ऐनको दफा ३(२) तथा दफा ५(२) अनुसार नागरिकता प्राप्त गर्न सक्ने व्यक्ति हुन वा के हुन सो सम्बन्धमा छानवीन भै निर्णय गर्नु पर्ने देखिएको हुँदा आवश्यक छानवीन गरी निर्णय गरी सो को जानकारी निवेदकहरूलाई समेत दिनु भनी विपक्षीहरु जिल्ला प्रशासन कार्यालय ललितपुर र साविक किटनी हाल गोदावरी गाउँ विकास समिति ललितपुरको नाममा परमादेशको आदेश जारी हुने । | १०५ |
| १४ | २०७० सालको रिट नं. ०७०-WO-०९३२ | २०७१ साल माघ २६ गते | दिप्ती गुरूङ विरूद्ध नेपाल सरकार | बाबुको पहिचान नभएको कारणले मेरो छोरीको जन्म दर्ता नगरेको हुनाले विपक्षी ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयलाई म निवेदक आमाकै नामबाट मेरो छोरीको जन्म दर्ता गर्नु, गराउनु भनी परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाउँ ।<br>जिल्ला शिक्षा कार्यालय कनिवहाल, ललितपुरका नाममा हाल निकिता गुरूङको जन्म दर्ता नभए तापनि एस.एल.सी. परीक्षाको फाराम अस्वीकृत नगरी फाराम बुझिदिनु भन्ने अन्तरिम आदेशसमेत जारी गरिपाउँ । | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ मा भर्नु पर्ने विवरणमा अन्य कुराको अतिरिक्त बाबु आमासमेतका विवरणहरु सामेल गरिएको र सोसँग सम्बन्धित जटिलताको कारणले घटना दर्ता नगरेको देखिन्छ ।<br>जन्म दर्ता गराउन चाहनेले भरेको वा भर्न सक्ने विवरण जे जति दिन ल्याउँछ सो हदसम्म स्वीकार गरेर भए तापनि बच्चाको जन्म दर्ता गरिदिनु नै राज्यको कर्तव्य हुन्छ । अन्यथा पछि अन्य जटिलता उत्पन्न हुन्छ । यस विषयमा यस अदालतको विशेष इजलासबाट "वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्म दर्ता गर्न इन्कार नगर्नु" भनी आदेश भइसकेको छ । यसरी यस अदालतबाट बाबुको पहिचान नभएका बालबालिकाको हकमा पनि जन्म दर्ता गरिदिने आदेश गरिसकिएको छ भने स्थानीय विकास मन्त्रालयले सोही आदेशका आधारमा मिति २०६२।१०।१३ मा सबै स्थानीय पञ्जिकाधिकारीहरूलाई बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्न सूचना फारामको बाबुको विवरणको हलमा ठेगान नभएको व्यहोरा लेखी आमाको नागरिकताको आधारमा जन्म दर्ता हुन सक्ने गरी स्पष्ट निर्देशन दिइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको छ । यसरी बालबालिकाको बाबुको ठेगान नलागेको अवस्थामा पनि जन्म दर्ता गर्न यस अदालतबाट आदेश भएको एवं मन्त्रालयबाट सोही विषयमा निर्देशन दिइसकेको स्थितिमा सोही विषयलाई लिएर जन्म दर्ता गर्नबाट इन्कार गर्नु हुँदैन । जन्म दर्ता गर्न ल्याए गरिदिने मात्र होइन, जन्म दर्ता गर्ने कार्य नै अनिवार्य हुन सकेको खण्डमा जनतामा उत्तरदायी शासनप्रणालीको अनुभूति हुन जान्छ ।<br>अतः निवेदकले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ अनुसूची २ को फाराममा उल्लिखित विवरण जो दिएमा वा भर्न सकेको भनी ल्याएमा सो ग्रहण गरी यथास्थितिमा दर्ता गरिदिनु भनी विपक्षी ललितपुर उपमहानगरपालिका समेतका नाममा परमादेश जारी हुन्छ । साथै उक्त अनुसूची २ को व्यवस्थालाई बाबुको पहिचान हुन नसकेको निवेदकको जस्तो परिस्थितिमा समायोजन हुन सक्ने गरी पुनरावलोकन गरी परिमाजृन वा संशोधन गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी । | १०९ |

| सि.नं. | रिट नं. | फैसला/आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १५ | २०७० सालको रिट नं. ०६९-WO-०८८० | २०७० साल चैत्र महिना १० गते | भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार | हामी पीडित निवेदकहरूलाई वंशजको आधारमा आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । | नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) मा "बाबु र आमा" नभनी "बाबु वा आमा" भनेको देखिन्छ । धारा ८(२)(ख) मा ाबु पछि "र" नभनी "वा" भनेको देखिन्छ । धारा ८(२)(ख) मा बाबु पछि "र" भनेको भए बाबु पत्ता नलागेमा नेपालको नागरिकता प्राप्त गर्न नसक्ला तर संविधानले स्पष्ट शब्दमा "बाबु वा आमा" भनेको हुँदा बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने हुँदा विपक्षीहरूले निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र नदिई संविधानको स्पष्ट प्रावधानको गलत अर्थ र गलत व्याख्या गरेको देखियो । प्रस्तुत मुद्दामा पनि बाबु बेपत्ता भै हालसम्म सम्पर्क विहिन रहेको देखिएको र निवेदकहरूको आमा वंशजको नाताबाट नेपाली नागरिक भएको तथ्य मिसिल संलग्न नागरिकताको प्रतिलिपिबाट पुष्टि भैरहेको देखिएको र निवेदकहरु नेपाली नागरिक धन नगरकोटीको प्रतिलिपिबाट पुष्टि भैरहेको देखिँदा निवेदकहरूलाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेश जारी गरिदिएको छ । | ११३ |
| १६ | २०७० सालको रिट नं.०७०-WS-००१६ | ने.का.प, २०७२ पौष, भाग ५७, अंक ९, निर्णय नं. ९४५९ पृष्ठ १५३९ | अमृत कुमार शर्मा विरूद्ध नेपाल सरकार | नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम (६) तथा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १०(७) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) (३), धारा १०, धारा १२ को उपधारा (१), धारा १३ को उपधारा (१), (२), (३), धारा २२ को उपधारा (१) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) समेतसँग बाझिएको हुँदा सो बाझिएको हदसम्म संविधानको धारा १०७ को उपधारा (१) बमोजिम अमान्य र बदर घोषित गरी कानुन बमोजिम प्रजापति शर्मा (तिम्सिना) को नागरिकताको प्रतिलिपि राखी निजले सनाखत गरेको अवस्थामा कानुन बमोजिम नागरिकता उपलध गराउनु भनी विपक्षी गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा संविधानको धारा १०७ को उपधारा (२) बमोजिम परमादेशको आदेश जारी गरी पाउँ । | संविधानको धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने संवैधानिक र कानुनी व्यवस्था भएको देखिएकोले जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०७०।४।९ को निर्णय र सोसँग सम्बन्धित काम कारवाही संविधानको धारा १०७ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको लागि दिएको दरखास्त फारमउपर माथि उल्लिखित संविधान, ऐन र नियमावलीको भावनालाई मध्यनजर गरी निवेदकको अवस्थालाई समेत विचार गरी पितृत्व मातृत्वको ठेगान नभएको देखिन आएमा व्यहोरा जनाइ वंशजको नागरिकता दिने सम्बन्धमा जो चाहिने निर्णय अविलम्ब गरी दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।<br>निवेदकले नागरिकताको लागि दिएको दरखास्त अनुसार निजले नागरिकता पाउने नपाउने के हो सो सम्बन्धमा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट कुनै निर्णय बोलेको पनि पाइँदैन । यदि निवेदकले नागरिकता नपाउने कुनै अवस्था देखिएको भए सो को आधार र कारण उल्लेख गरी अदालतलाई लिखित जवाफ र आधिकारिक कागजात पठाई अदालतलाई सहयोग गर्नु विपक्षी जिल्ला प्रशासन कार्यालयको कर्तव्य हो । जिल्ला प्रशासन कार्यालय काठमाडौंले लिखित जवाफ समेत नपठाइ अदालतको आदेशलाई अवज्ञा गरी न्याय सम्पादनमा असहयोग गरेको देखियो । कारण सहितको लिखित जवाफ एवं माग बमोजिमको आधिकारिक कागज प्रमाण नपठाई अटेर गर्ने कार्यालय वा त्यसका प्रमुखलाई गैरजिम्मेवार र अनुशासनहिन मान्नु पर्ने हुन्छ । यस्ता कार्य किमार्थ स्वीकार्य हुन सक्दैन । यसरी निवेदकको नागरिकता सम्बन्धमा मिति २०७०।४।९ मा निर्णय गर्ने अधिकारी एवं लिखित जवाफ पठाउन उपेक्ष ागर्ने कार्यालय प्रमुखलाई आफ्नो कानुनले तोकेको जिम्मेवारी र कर्तव्यप्रति सचेत गराउन नेपाल सरकार, गृह मन्त्रालय मार्फत लेखी पठाउनु । | ११७ |
| १७ | २०७० सालको रिट नं. ०७०-WO-०१५३ | २०७१ माघ १४ गते | वर्षा शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय, बाँके समेत | आमाको नामबाट नागरिकता प्रदान गर्न इन्कार नगरी नागकिरता प्रदान गर्न गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ । | निवेदिका वर्षा शर्माले नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी अनुसूची १ फारम भरी गा.वि.स. को सिफारिस, आमाको नेपाली नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित गरिएको पत्र समेतका कागजात सहित नेपाली नागरिकताको प्रमाणपत्र माग गरेमा नेपालको अन्तरिम संविधान २०६३ र नेपाली नागरिकता ऐन, २०६३ समेतको कानुनी व्यवस्था बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय बाँके समेतका नाउँमा परमादेशको आदेश जारी हुने । | १२४ |

| सि.नं. | रिट नं. | फैसला/आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १८ | २०७० सालको रिट नं. ०७०-WO-००८२ | २०७१ साल चैत्र ३० गते | यशुमाया बुढाथोकी बस्नेत समेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, ललितपुर मानभवन समेत | नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(२)(ख), नेपाली नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद २ को (२) को १.२ बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम आमाको नामबाट वंशजको आधारमा नागरिकताको प्रमाणपत्र लिन सिफारिस दिन भनी विपक्षी मध्येको ललितपुर उपमहानगरपालिका वडा नं. १३ को नाममा र नागरिकता प्रमाणपत्र दिनु भन्ने विपक्षी मध्येको ललितपुर जिल्ला प्रशासन कार्यालयको नाममा परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । | निवेदक विजय बस्नेतले आफ्नो आमा यशुमाया बुढाथोकीको नामबाट जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. १३ को वतनबाट वंशजको आधारमा नेपालको नागरिकता पाउने देखिएको हुँदा सो बमोजिम कानुनको रित र प्रकृया पूरा गरी निवेदकलाई वंशजको आधारमा नेपालको नागरिकता प्रमाण पत्र दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा यो परमादेशको आदेश जारी हुने । | १२८ |
| १९ | २०७० सालको रिट नं. ०७०-wo-०८१७ | २०७३ साल भदौ १३ गते | कृति थापा समेत विरूद्ध नेपाल सरकार | नेपालको संविधानको धारा ११(२)(ख) र धारा १२, नागरिकता सम्बन्धी ऐन २०६३ को दफा ३(१), नागरिकता नियमावली २०६३ को नियम ३(१) बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने व्यवस्था बमोजिम आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ । | कृति थापाको आमा कविता थापा नेपाली नागरिक भएको भन्ने कुरा समेत प्रमाणित भएको र निवेदक कृति थापाको नेपाली नागरिक कविता थापाबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिकता पेश गरेमा र जन्म यकिन हुने प्रमाण पेश गरेमा नागरिकताको लागि सिफारिस दिन इन्कार नगर्नु भन्ने विपक्षी काठमाडौं महानगरपालिका वडा नं. ५ वडा समितिको नाउँमा र आमाको नागरिकताको प्रतिलिपि पेश गरेमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नु भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने । | १३६ |
| २० | २०७० सालको रिट नं. ०७०-wo-०१७८ | २०७३ साल मंसिर महिना २७ गते | सामीन थापा समेत विरूद्ध का.जि.का.म.पा. वडा नं. ३५ को वडा कार्यालय समेत | नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाली नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), बमोजिम आमाको नामबाट वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ । | निवेदक सामीन थापाको आमा कोपिला मगर नेपाली नागरिक भएको भन्ने कुरा विवाद नभएको र सामीन थापा नेपाली नागरिक कोपिला मगरबाट नेपालमा जन्मेको देखिएकोले निवेदक सामीन थापाले आमाको नागरिकता पेश गरी सिफारिस माग गरेमा सिफारिस दिनु भनी विपक्षी वडा कार्यालयको नाममा र आवश्यक कागज संलग्न गरी निवेदन दिएमा कानुन बमोजिम आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने । | १४१ |
| २१ | २०७० सालको रिट नं. ०७०-wo-०८७६ | २०७२ साल फागुन १७ गते | किरण खड्गी समेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत | नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) को व्यवस्था बमोजिम निवेदक सरिता खड्गीको छोरा म किरण खड्गीलाई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । | विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफमा निवेदकले माग बमोजिम नागरिकता प्राप्त गर्न नसक्ने वा नपाउने कुनै जिकिर लिएको नदेखिएको र कानुन बमोजिम दिनु पर्ने नागरिकता प्रमाणपत्र दिनलाई अनावश्यक झन्झट गरी अवरोध गर्न पनि नमिल्ने हुनाले अविलम्ब निवेदकलाई झिकाई प्रक्रिया पुर्‍याई निवेदकलाई माग बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय परमादेश जारी हुने । | १४६ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| २२ | २०७१ सालको रिट नं. ०७१-WO-००३३ | २०७३ साल माघ १० | आदित्य गुप्ता विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत | विपक्षीहरूको नाममा मैले पेश गरेको कागज प्रमाणका आधारमा वंशज वा अङ्गिकृत नागरिकता के पाउने हो सो सम्बन्धमा तत्काल प्रक्रिया शुरू गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश पुर्जी जारी पाउँ । | अङ्गिकृत नागरिकता पाउन सक्ने संविधान तथा नागरिकता सम्बन्धी ऐन अनुसारको योग्यता तथा शर्त पूरा भएको यी निवेदकलाई निजको बाबु विदेशी नागरिक भएकोमात्र आधारमा नागरिकता पाउन नसक्ने भनी भन्न सकिंदैन । नागरिकता व्यक्तिको व्यक्तिगत एवं राष्ट्रिय पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा कुनै पनि व्यक्तिलाई नागरिकताविहिनताको स्थितिमा राखिनु हुँदैन । निवेदक आदित्य गुप्ताको आमा सरिता प्रधानले नेपाली नागरिकता लिई निज जन्म हुँदाको बखत नेपाली नागरिक नै रहेको र यी निवेदकको नेपालमै जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको भन्ने प्रमाणित भएको र यी निवेदकले आफ्नो बुबाको नागरिकताको देश भारतबाट समेत नागरिकता लिएको भन्ने स्थिति समेत नहुँदा निजले कानुन अनुसार नेपालको अङ्गिकृत नागरिकता पाउने नै देखिन्छ । तसर्थ निजलाई नागरिकता प्रमाणपत्र प्राप्त गर्नको लागि सिफारिस प्रदान गर्नु भनी विपक्षी साविक गाउँ विकास समितिको कार्यालय, जोरपाटी काठमाडौं (हाल गोकर्णेश्वर नगरपालिका वडा नं. १५ को कार्यालय) र ऐ. का सचिवका नाममा र सो सिफारिस लगायतका कागजपत्रको आधारमा कानुन बमोजिम आवश्यक प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नू भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । | १५० |
| २३ | २०७१ सालको रिट नं. ०७१-wo-०७१० | २०७३ साल भदौ १३ गते | सुरेन्द्र पौडेल समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालय समेत | हाम्रो जन्म नेपाली नागरिक आमाबाट नेपाल मै भएको अवस्थामा नागरिकता लिन वञ्चित गर्नुले पहिचानको अधिकार र समानताको अधिकार लगायत मानव अधिकारबाट वञ्चित हुनुपरेको र नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(२) र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को विपरित भएको हुँदा कानुन बमोजिमको आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ | निवेदकहरु सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेलको आमा उषा क्षेत्री नेपाली नागरिक भएको भन्ने कुरा प्रमाणित भएको र निवेदकहरु नेपाली नागरिक उषा क्षेत्रीबाट नेपालमा जन्मेको देखिएको र निजहरूले आमाको नामबाट नागरिकता लिन पाउने नै हुँदा निवेदकहरूले आमाको नागरिकता पेश गरेमा बाबुको नागरिकता पेश नगरेको भनी सिफारिस दिन इन्कार नगर्नु भनी काठमाडौं महानगरपालिका वडा नं. १२ को कार्यालयको नाममा र निवेदकहरूले आफ्नो मामा घरमा बसोबास गरेको भन्ने कुरा निवेदनमा स्पष्ट उल्लेख गरेको र आमाको नागरिकता पेश गरेको स्थितिमा बाबुको नागरिकता पेश नगरेको भन्ने आधारमा नागरिकताबाट वञ्चित नगर्नु र माग बमोजिम नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनि विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने । | १५५ |
| २४ | २०७१ सालको रिट नं. ०७१-wo-०७०९ | ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८७, पृ. १८३३ | सृजन खरेल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालय समेत | नेपालको अन्तरिम संविधान २०६३ को भाग २ धारा ८(२) र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ का साथै मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८ राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ बाल अधिकार सम्बन्धी महासन्धि, महिला उपर हुने सबै खाले भेदभाव विरूद्धको महासन्धि १९७९ समेत बमोजिम आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । | निवेदक सृजन खरेलको आमा शर्मिला गौतम नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदक सृजन खरेलको नेपाली नागरिक शर्मिला गौतमबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिक पेश गरी भएसम्मको प्रमाण राखी निवेदन दिएमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नु भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले माग बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन । | १६१ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| २५ | २०७१ सालको रिट नं. ०७१-WO-१०२५ | २०७२ चैत्र २२ गते | जयन्ती शिकारी (खनाल) समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, काठमाडौं | म निवेदक मध्येको गोपाल खनालले संवैधानिक र कानुनी व्यवस्था बमोजिम नागरिकतामा बुबाको नाम उल्लेख गरी आमाले सनाखत गर्ने गरी आफ्नो पहिचान पाउने र बनाउने अधिकार सुनिश्चित भएको हुनाले मेरो आमाले सनाखत गर्ने गरी नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । | निवेदक गोपाल खनालको आमा नेपाली नागरिकता नं ९१९४/२०४४ मकवानपुरले निवेदकको बाबु बद्रीप्रसाद खनाल ना.प्र. ३६४०/०२५ काठमाडौं हो भनी सनाखत बस्न मन्जुर भएको अवस्था, निवेदक गोपाल खनालको चारित्रिक प्रमाणपत्र र मार्कसिटमा बाबुको नाम बद्रीप्रसाद खनाल, विशालनगर-४, काठमाडौं उल्लेख भएको देखिँदा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(२)(क) र (ख) बमोजिम समेतको सर्जमिन बुझ्ने लगायतको आवश्यक कार्यविधि यथाशिघ्र अपनाई निवेदक गोपाल खनालले खुलाएको वा दावी लिएको व्यहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउमा परमादेशको आदेश जारी हुने ।<br>साथै यसै प्रकृतिका खास गरी बाबु नेपाली नागरिक भई निज बाबु सम्पर्कमा नआएका वा वेपत्ता भएका वा बाबुले आफ्ना सन्तानलाई नागरिकता दिलाउनमा आनाकानी गर्ने अवस्थामा रहेका र बाबुको नामथर समेत उल्लेख गरी नागरिकता लिन इच्छुक नागरिकका हकमा आमा वा नजिकको नातेदार सनाखत बसी दायित्व बेहोर्न मन्जुर गरेमा नागरिकता नियमावली, २०६३ को नियम ३(२) समेतका आवश्यक र उचित कार्यविधि अपनाई नागरिकता लिन चाहने कुनै पनि नेपाली नागरिकहरूलाई नागरिकता दिने सम्बन्धमा सहजीकरण र सरलीकरण गर्न सक्ने तर्फ समेत उचित ध्यान दिन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश समेत जारी । | १६७ |
| २६ | २०७१ सालको रिट नं. ०७१-WO-१०७६ | २०७३ साल भदौ १३ गते | प्रशान्त विश्वास बिरूद्ध जिल्ला प्रशासन कार्यालय सुनसरी | आमाको नामबाट नागरिकता दिनु दिलाउनु भनी नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(१), ८(२)ख धारा १२(१), १३(१) नेपाल नागरिकता ऐन २०६३ को दफा ३ र सम्मानित सर्वोच्च अदालतबाट नागरिकता सम्बन्धमा फैसला भएको ने.का.प. २०६८ नि.नं ८५५७ अंक २ पृ. २४७ समेतबाट विपक्षीहरूको नाउमा परमादेश आदेश जारी गरी पाउँ । | निवेदक प्रशान्त विश्वासको आमा सावित्री श्रेष्ठ नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदक प्रशान्त विश्वास नेपाली नागरिक सावित्री श्रेष्ठबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिकता पेश गरेमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नु भनी जिल्ला प्रशासन कार्यालय सुनसरीको नाउँमा परमादेशको आदेश जारी हुने । | १७४ |
| २७ | २०७१ सालको रिट नं. ०७१-WO-१०७६ | २०७३ साल भदौ १३ गते | लक्ष्मी लामा समेत विरूद्ध नेपाल सरकार, काठमाडौं महानगरपालिका वडा नं ११ को कार्यालय, थापाथली, काठमाडौ समेत | नेपालको अन्तरिम संविधान २०६३ को भाग २ धारा ८(२)(ख) र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ तथा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४, बाल अधिकार सम्बन्धी महासन्धिको धारा ७, महिला उपर हुने सबै खाले भेदभाव विरूद्धको महासन्धि १९७९ को धारा ९ समेत बमोजिम आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । | निवेदकहरु लक्ष्मी लामा र शर्मिला लामाको आमा बुच्छि लामा नेपाली नागरिक भएको भन्ने कुरा प्रमाणित भएको र निवेदकहरु नेपाली नागरिक बुच्छि लामाबाट नेपालमा जन्मेको देखिएकोले निवेदकहरूले सम्बन्धित जिल्लाबाट बसाईसराईको प्रमाणपत्र पेश गरेमा निवेदकहरु रहे बसेको वडामा निजहरूको अचल सम्पत्ति छैन भन्ने मात्र आधारमा सिफारिस दिन इन्कार नगर्नु भनी काठमाडौं महानगरपालिका वडा नं. ११ को कार्यालयको नाममा र निवेदकहरूले आफ्नो क्षेत्राधिकार भित्र बसोबास गरेको भन्ने कुरा कुनै तरहबाट स्थापित गरेको र आमाको नागरिकता पेश गरेको स्थितिमा बाबुको नागरिकता पेश नगरेको भन्ने आधारमा नागरिकताबाट वन्चित नगर्नु र माग बमोजिम नागरिकता प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी गृह मन्त्रालय र सो अन्तर्गतको जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने । | १७९ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| २८ | २०७१ सालको रिट नं. ०७१-wo-० ९०३ | २०७२ साल चैत्र २२ गते | विपना बस्नेत समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सिंहदरबार समेत | निवेदकमध्ये म विपना बस्नेत, निवेदक रिनेक्स बस्नेतको एकल आमा भई संरक्षण गर्दै आईरहेकी छु । मेरो छोरा सानो हुँदा नै मेरो पतिले सम्बन्ध विच्छेद गरी जानु भएको अवस्था हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद-२ को (२) को १.२ बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम मेरो छोरालाई आमाको नामबाट वंशजको आधारमा नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ | कानुन बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानुन संगत र उपयुक्त व्यवहार मान्न नमिल्ने र कारणसहितको निर्णयविना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने/नदिने निर्णय गर्न ढिलाई गर्ने कार्य कानुन कार्यान्वयनको उचित मार्ग हुन नसक्ने हुँदा नेपालको संविधान, नेपाल नागरिकता ऐन २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेत बमोजिम निवेदन मागबमोजिम निवेदकको जन्मदर्ता र प्रमाणपत्रमा उल्लेखित आमाको थर "बस्नेत" लेख्न चाहेकै आधारमा मात्र नेपाली नागरिकताको प्रमाणपत्र दिन वञ्चित नगरी अविलम्ब निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउमा परमादेशको आदेश जारी हुने ।<br>खास गरी बाबु नेपाली नागरिक भई निज बाबु सम्पर्कमा नआएका वा बेपत्ता भएका वा बाबुले आफ्ना सन्तानलाई नागरिकता दिलाउनमा आनाकानी गर्ने अवस्थामा रहेका र बाबुको नामथरसमेत उल्लेख गरी आमाको थरबाट नागरिकता लिन इच्छुक नागरिकका हकमा आमा वा बाबुको थर भनी फरक व्यवहार वा भेदभाव नगर्नु । बाबु वा आमा वा दुवै आधारका कुनै पहिचानका थर छनौटको अधिकार त्यस्तो नेपाली नागरिकलाई हुने नै हुँदा जन्म दर्ता वा अन्य प्रमाणसमेत पेश भएकोमा सो व्यक्तिगत घटना दर्ताका बखतका आधारसमेतमा निवेदक छोराछोरीले इच्छाएको थर अनुरूप नै नागरिकता लिन चाहने कुनै पनि नेपाली नागरिकहरूलाई सहजीकरण र सरलीकरणसाथ नागरिकताको विषयमा कानुनबमोजिम उचित निर्णय गर्ने गर्नु भनी देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी । | १८५ |
| २९ | २०७१ सालको रिट नं. ०७१-wo-०१४९ | २०७२ आषाढ ०२ गते | अर्जुन खटिक विरूद्ध जिल्ला प्रशासन कार्यालय, बाँके समेत | मलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नेपाली नागरिकता प्रदान गर्ने कार्य नभएको हुँदा नेपालको अन्तरिम संविधान २०६३ को दफा ८, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), नेपाल नागरिकता नियमावली, २०६३ को दफा ३ बमोजिम मलाई नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षीको नाउँमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ अनुसार निषेधाज्ञाको आदेश जारी गरिपाउँ । | नेपाली नागरिकता प्रमाणपत्र पाउँ भनी निवेदन लिएर गएपछि निवेदन कानुन अनुरूप भए स्वीकार गरी निवेदकले खुलाएको आधारको विश्लेषण र मूल्यांकन गरी निवेदकले माग गरे बमोजिम हुने नहुने के हो ? त्यसको कार्यविधि पूरा गरी कारवाहीको टुङ्गो लगाई निवेदकलाई सोको जानकारी गराएको अवस्थामा नै कानुनको निश्चित प्रकृया पुरा गरिएको र भएको देखिन्छ । यदि त्यसो गरिदैन भने निश्चित प्रकृयाको अवलम्बन गरेको भन्ने नदेखिई त्यस्तो क्रियाकलापले व्यक्ति अर्थात् निवेदकको हकमा आघात पुऱ्याएकै भन्नु पर्ने । आवश्यक प्रकृया पूरा गर्ने सन्दर्भमा निवेदकको निवेदन यदि कानुन अनुरूपको छ भने त्यसलाई स्वीकारी निवेदन माग बमोजिम हुने नहुने के हो ? सो सन्दर्भमा हेरी आवश्यक निकासा सहितको निर्णय गरी दिनु भनी विपक्षी कार्यालयका नाममा निवेदकको माग बमोजिम परमादेश जारी । | १९१ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ३० | २०७१ सालको ०७१-WO-०९९० | २०७३ साल भाद्र १६ गते | माला खड्का घिमिरे विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार समेत | नाबालक छोरीको जन्म दर्ता गर्न निजको बुबाले इन्कार गरेको र म निज छोरीको आमा सूचक भई छोरीको जन्मदर्ता गर्न जाँदा गा.वि.स. सचिवज्यूले छोरीको बाबु नआई जन्म दर्ता गर्न नसकिने भनी जन्म दर्ता गर्न इन्कार गर्नु भएको हुँदा आमा सूचक भई छोरीको जन्म दर्ता गर्नु गराउनु भनी गा.वि.स.को कार्यालयका नाममा परमादेशको आदेश जारी गरी पाउँ । | उपरोक्त कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्त समेतका आधारमा बालबालिकाको बाबुको ठेगाना नलागेको अवस्थामा वा इन्कार गरेको अवस्थामा पनि सूचित गर्ने आमाले दिएको विवरणको आधारमा जन्म दर्ता गर्न सक्ने देखिएकोमा प्रस्तुत विषयमा बाबुको नाम र ठेगाना स्पष्ट उल्लेख गरेको अवस्थामा जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा ४ (१)(क)बमोजिम जन्मको सूचना दिने परिवारको मुख्य व्यक्ति वा बाबुको अनुपस्थितिमा उमेर पुगेको आमाले सूचना गर्न सक्ने र सोही ऐनको दफा ५ बमोजिम भरेको फारम जाँची दर्ता गर्न सक्नेमा अनुसूची बमोजिमको फारम नै दर्ता नगर्ने र जन्मदर्ता गर्न इन्कार गर्ने कार्य वा व्यवहार उल्लेखित कानूनी व्यवस्था र निर्देशनको विपरित देखिने ।<br>एकल महिलाको हैसियतले समेत नेपाली नागरिक महिलाले आफ्ना सन्तानको जन्मदर्ता गर्न सक्ने कानुनी व्यवस्था देखिएकोमा बाबुको नाम र स्थायी ठेगानासमेत स्पष्ट खुलाई दाबी गरिएकोमा निवेदक आमा सूचक भई छोरीको जन्म दर्ता प्राप्त गर्न सक्ने नै देखिएकोले जन्म समेतको विवरण खुलाई जन्मदर्ताका लागि अनुसूची २ बमोजिमको फारम भरी जन्म दर्ताको लागी माग गरेमा घरको मुख्य व्यक्ति उपस्थित नभएको वा बाबुले जन्मदर्ता गर्न इन्कारी गरेको कारणले मात्र जन्मदर्ता गर्न इन्कार नगर्नु, कानून बमोजिम जन्मदर्ता गर्ने लगायत जो चाहिने सिफारिस समेतका कार्य गर्नू भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने । | १९३ |
| ३१ | २०७२ सालको रिट नं. ०७२-wo-००२६ | २०७२ फाल्गुण ०५ गते | स्वेता श्रीवास्तव विरूद्ध जिल्ला प्रशासन कार्यालय, बर्दिया समेत | बाबुले नेपाली नागरिकता प्राप्त नगर्दै परलोक हुनु भएको र आमाले जन्मसिद्ध नेपाली नागरिकता प्राप्त गर्नु भएको छ । आमा बाबु दुवै नेपालको नागरिक भएको हुँदा आमाको नामबाट नेपाली नागरिकता लिने इच्छा भएकोले आमाको नागरिकता पेश गरी आमा बाबुको मृत्यु दर्ता राखी पेश गरेकोमा प्रमुख जिल्ला अधिकारीज्यूले आमाको नाउँबाट नेपाली नागरिकता दिन नमिल्ने भनि नेपालको नागरिकता प्रदान गर्न ठाडै इन्कार गर्नु भएकोले निवेदिकालाई सरल र सहज ढङ्गबाट नेपालको नागरिकता प्रदान गर्नु, गराउनु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ । | निवेदिकाले नागरिकता पाउँ भनी विपक्षी कार्यालयमा दिएको निवेदनका सम्बन्धमा कानुनको निश्चित प्रक्रिया पूरा गरी निर्णय समेत भएको नपाइएकोले नागरिकता सम्बन्धी विषयको संवेदनशीलतालाई ध्यानमा राखी निवेदिकाको नेपालको नागरिकता पाउँ भन्ने विषयको निर्णय गरी दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने । | १९९ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ३२ | २०७२ सालको रिट नं. ०७२-WO-०१८५ | २०७३ पौष २० गते | सुनिता भुजवा विरूद्ध जिल्ला प्रशासन कार्यालय, बाँके समेत | निवेदिकाले बाबुको नाउँबाट नागरिकता पाउँ भनी बाबुको वंशजको नेपाली नागरिकता प्रमाणपत्र, बाबुसँगको नाता प्रमाणित प्रमाणपत्र, जन्मदर्ताको प्रमाणपत्र, बाबुको मृत्यु दर्ताको प्रमाणपत्र, पतिसँगको नाता प्रमाणित प्रमाणपत्र, वडा समितिको सर्जमिन मुचुल्का समेत साथै राखी आवेदन गरेकोमा तत्काल नागरिकता प्रदान गर्न नमिल्ने भनी विपक्षी कार्यालयले लिखित रूपमै इन्कार गरिएकोले विपक्षीहरूको नाममा तत्कालै बाबुको नाउँबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ । | जिल्ला प्रशासन कार्यालय बाँकेका तर्फबाट पेश गरिएको लिखित जवाफमा "निजको बाबुको नामबाट वंशजको नेपाली नागरिकता निवेदिकालाई प्रदान गर्न सकिने" भन्ने व्यहोरा उल्लिखित भएको देखिंदा निवेदिकालाई नियमानुसार सनाखत समेतको प्रकृया अवलम्बन गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय बाँकेका नाममा परमादेशको आदेश जारी हुने । | २०२ |
| ३३ | २०७२ सालको ०७२-WO-०६२९ | २०७४ साल जेठ महिना ८ गते | दिप्ती गुरूङ विरूद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद् को कार्यालय, सिंहदरवार समेत | निवेदीका मध्येको म दिप्ती गुरूङ र मेरी छोरी नेहा गुरूङ ल.पु.जि.ल.पु.उ.म.न.पा. वडा नं. ३ मा बसोबास गरिरहेको छौं । निवेदीका मध्येको म नेहा गुरूङको बाबुको पहिचान नभएको र आमा नेपाली नागरिक नै हुनुहुन्छ । बाबु वा आमा मध्ये कुनै एकजना नेपाली नागरिक रहेछन् भने, निजको सन्तानले वंशजको आधारमा नेपालको नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानुनले गरेको छ, तर निवेदीकाको पिताको पहिचान नभएकै कारणले मलाई नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित भई विपक्षीहरूको मौखिक आदेशले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको छ । मैले मेरो आमाबाट पहिचान पाउने अधिकार सुनिश्चित भएको हुँदा आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ साथै मेरो नाममा जारी हुने नागरिकता प्रमाणपत्रमा "बाबुको पहिचान नभएको र ठेगान नभएको" भन्ने शब्दहरु नराख्नु भनि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ । | नेपालको संविधानको धारा ११(५) तथा नेपाल नागरिकता ऐन २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार बाबु वा आमा मध्ये कुनै एक नेपाली नागरिकबाट नेपालमा जन्मेको जुनसुकै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न योग्य हुन्छ । उक्त व्यवस्थाले नेपाली महिलाले आफ्नो सन्तानलाई नागरिकता अर्थात् पहिचान दिन सक्ने हक प्रदान गर्नुका साथै बाबुको पहिचान हुन नसकेता पनि नेपालको नागरिक आमाबाट जायजन्म भएको छोरा छोरीहरूले वंशजको आधारमा नागरिकता पाउने स्पष्ट व्यवस्था भएको अवस्थामा निवेदिका मध्येको नेहा गुरूङको पिताको पहिचान नभएकै कारणले निजलाई नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गरि निजको पहिचान नै लोप हुने अवस्था सृजना गर्नु न्यायोचित नहुने ।<br>आमाको नामबाट नागरिकता पाउने सम्बन्धमा संविधान तथा नेपाल नागरिकता ऐनमा स्पष्ट व्यवस्था हुनुका साथै सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश समेत जारी भैसकेको अवस्थामा कानुन कार्यान्वयन गर्नुपर्ने निकायबाट नै विभिनन वहानामा आमाको पहिचानबाट नागरिकता दिन इन्कार गर्नु कानुनको उल्लंघन सरह हुन जाने । कानुन बमोजिमको रित पुऱ्याई आमाको नामबाट नागरिकता लिन चाहनेलाई आवश्यक सहयोग पुऱ्याउनु नेपाल सरकार तथा मातहतका सम्बन्धित सम्पूर्ण निकायहरूको जिम्मेवारी समेत हुने नै हुँदा व्यवहारिक रूपमा आफ्नो जिम्मेवारी तदारूकताका साथ कार्यान्वयन गर्नुपर्ने । | २०५ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ३४ | २०७२ सालको ०७२-WO-०६३० | २०७५ साल वैशाख ३१ गते | लक्की शर्मा विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौं समेत | मेरो बुबा सानो छँदा नै उहाँका आा बुबाको मृत्यु भएको हुँदा मेरो बुबाको नागरिकता बन्न नसकेको र मेरो बुबा आमा साविकमा धनुषामा बस्दै आउँदा वैवाहिक सम्बन्ध कायम भई विवाह पश्चात् २०४०।१०।५ मा धनुषाबाट बसाई सरी हेटौडामा बस्दै आउनु भएको, हाल म स्नातक तह अध्ययनरत भएता पनि कमजोर पारिवारिक आर्थिक अवस्थाका कारण रोजगारी गर्ने सोची आमाको सनाखतबाट नागरिकता प्रमाण पत्र प्राप्त गरेको र त्यसको भोलिपल्ट नै पुनः जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट मेरो नागरिकता खिची नागरिकता खिच्नु पर्ने कारणको जानकारी पनि नदिई र मेरो नागरिकता फिर्ता पाउँ भने निवेदन पनि दर्ता गर्न इन्कार गरेको हुँदा पुनरावेदन अदालत हेटौडामा परमादेशको आदेश जारी गरी पाउन रिट निवे दन दर्ता गरेकोमा मेरो नागरिकता रद्द गरिसकिएको लिखित जवाफ जिल्ला प्रशासन कार्यालयबाट पेश भएको हुँदा मैले कानुन बमोजिम प्राप्त गरेको नागरिकता विना कारण रद्द गर्ने गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाउँ । | निवेदकले श्री प्रगति उच्च मा.वि. पशुपतिनगर हेटौडाबाट एसएलसी पास गरेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपिमा समेत बाबु रामलाल शर्मा र ठेगाना हेटौडा-९, मकवानपुर भन्ने नै उल्लेख भएको देखिएबाट निजले मिति २०७१/१२/०३ मा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्दाका बखत निजको आमाले नेपाली नागरिकता प्राप्त गरी आमाबाबु समेत नेपालमा नै लामो समयदेखि बसोबास गर्दै आएको देखिन्छ । निवेदकका बाबुले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेकै आधारमा निज नेपाली नागरिक होइनन् भनि अनुमान गर्न मिल्ने देखिंदैन । निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, हेटौडा, मकवानपुरको मिति ०७१/१२/०८ को निर्णयबाट निवेदकलाई रोजगारी, पहिचान र राष्ट्रियता एवं जीवनको अधिकारसँग अन्तरसम्बन्धित आधारभूत अधिकारबाट वञ्चित गरेको र निवेदन उल्लेख भए बमोजिम निजको संविधान र कानुन प्रदत्त हकमा आघात पुगेको अवस्था देखिन निवेदकको नामको नागरिकता प्रमाणपत्र रद्द गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, मकवानपुरको मिति २०७१/१२/०८ को निर्णय उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ । निवेदकका नाममा वंशजको नेपाली नागरिकता जारी गर्नु भनि प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, मकवानपुरका नाममा परमादेश समेत जारी हुने ठहर्छ । | २११ |
| ३५ | २०७३ सालको रिट नं. ०७३-WO-००२९ | २०७३ माघ २६ गते | रूथ घर्तीमगर विरूद्ध जिल्ला प्रशासन कार्यालय, बाँके समेत | नेपाल नागरिकता ऐन २०६३ को दफा ३(१), नागरिक अधिकार ऐन २०१२ को दफा ३(९) द्वारा प्रदत्त कानुनी अधिकारको साथै नेपालको संविधान २०७२ को धारा १०(१), ११(१)(२) द्वारा प्रदत्त संवैधानिक हक समेतमा आघात भै अन्य प्रभावकारी वैकल्पिक उपचारको अभाव भएको हुँदा बाबुको नाउबाट नेपाली नागरिकता प्राप्त गर्ने मेरो स्पष्ट अधिकार भएको हुँदा कानुनी कर्तव्यको पालन गरी सरल र सहज ढङ्गबाट तत्कालै मलाई बाबुको नाउबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनि न्याय प्रशासन | निवेदिकाको पिता, माता नेपाली नागरिक रहेको तथ्यमा कुनै विवाद रहेको नदेखिंदा समेत निज बसोबास गर्ने बागेश्वरी गा.वि.स.को कार्यालयको च.नं. ४५/०७३/०७४ मिति २०७३/४/१३ को नागरिकता प्रमाणपत्र प्राप्त गर्न गरेको सिफारिस बमोजिम निवेदिकालाई यो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र निर्धारित प्रकृया पुरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेका नाउँमा परमादेशको आदेश जारी । | २१६ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| | | | | ऐन, २०४८ को दफा ८(२) तथा नागरिक अधिकार ऐन, २०१२ को दफा १७ बमोजिम विपक्षीहरूको नाउमा परमादेशको आदेश जारी गरी पाउँ । | | |
| ३६ | २०७३ सालको ०७३-WO-१११५ | २०७४ साल भाद्र ५ गते | सार्थक राउत विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत | म निवेदक चितवन जिल्ला मंगलपुर गा.वि.स. वडा नं. १ स्थायी बसोबास गर्ने कृष्ण राउत र समुन्द्रा परियारको छोरा हुँ । मेरो उमेर पुगेकोले वंशजको आधारमा नागरिकता दिलाई पाउन मिति २०७३।१०।४ मा निवेदन दिएकोमा बुबाको ना.प्र. जन्मको आधारको रहेकोले ना.प्र.प.को लागि सिफारिस दिन नमिल्ने भनी सम्बन्धित वडा कार्यलयले दरपिठ गरिदिएको र गृह मन्त्रालय (ना.अ. तथा रा.प.प. व्यवस्थापन शाखा) को च.नं. ४९१ मिति २०७०।१२।२० को परिपत्र बमोजिम जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिका सन्तानलाई हाल वंशजको आधारमा ना.प्र.प. दिन नसकिने भन्ने आदेशानुसार जानकारी गराइएको भन्ने श्री जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. ०७३।०७४ च.नं ४११६ मिति २०७३।१०।५ को पत्रद्वारा निवेदकलाई जानकारी दिइयो । विपक्षी जिल्ला प्रशासन कार्यालयको उक्त जानकारी पत्रबाट निवेदकको नागरिकता प्राप्त गर्न पाउने संवैधानिक एवं कानुनी अधिकारबाट वञ्चित हुन पुगेकोले उक्त ०७३।१०।५ को आदेश एवं पत्र तथा उल्लेखित गृह मन्त्रालयको परिपत्र समेत बदर गरि निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भन्ने परमादेश वा अन्य उपयुक्त आदेश जारी गरी पाउँ । | निवेदकका बाबु आमा दुवैले नेपालको संविधान प्रारम्भ हुनु पूर्व नै नेपालको नागरिकता प्राप्त गरेको देखिन्छ । निवेदकका बाबुले जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा आमाले वंशजका आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनमा कुनै वाधा गरेको देखिंदैन ।<br>संविधान वा कानुनलाई मन्त्रालयको निर्णय वा परिपत्रले काट्नु विधिशास्त्रीय मान्यता समेतको विपरित हुने भएकोले, गृह मन्त्रालयको मिति २०७०।२।२० को परिपत्र अनुसार संविधान र कानुनको प्रावधान विपरित, निवेदकलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भन्ने जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०७३।१०।५ को पत्र उत्प्रेषणको आदेशले बदर हुने ।<br>संविधान तथा कानुनद्वारा प्रदत्त हक अधिकारको उपभोगमा सरकारी निकायद्वारा प्रतिबन्ध वा बन्देज लगाउनु कानुनी शासन र विधिशास्त्रीय मान्यता समेतको विपरित हुने । | २२० |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ३७ | २०७३ सालको ०७३-WO-१३६२ | २०७४ साल माघ २५ गते | नेहा दास समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद् को कार्यालय, सिंहदरवार समेत | हामी निवेदकको बुबा नन्दन दासले जन्मको अधारमा नागरिकता प्राप्त गर्नुभएको छ भनी आमा पदममाया सुनुवारले वंशजको आधारमा । हाल हामी निवेदकहरूको उमेर पुगेको हुँदा नागरिकता प्रमाणपत्र बनाउन भनि वडा कार्यालयबाट सिफारिस गराई जिल्ला प्रशासन कार्यालयमा जाँदा जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई नागरिकता दिने सम्बन्धमा हाल स्पष्ट कानुन नभएको हुँदा नागरिकता जारी गर्न नसकिने भनी लिखित इन्कारी गर्नु भएको हुँदा जिल्ला प्रशासन कार्यालय काठमाडौंको दरपिठ आदेश उत्प्रेषणको आदेशले वदर गरी हामी निवेदकलाई नेपालको संविधानको धारा ११(३) बमोजिम वंशजको नागरिकता प्रदान गर्नु भनि नेपाल संविधानको धारा १३३(२)(३) बमोजिम परमादेशको आदेश जारी गरी पाउँ । | संविधान प्रारम्भ हुनु भन्दा अघि नै निवेदकको बाबु र आमा दुवैले नेपालको नागरिकता प्राप्त गरपको छ र सो नागरिकता जन्मकै आधारमा नै भए तापनि त्यस्ता नागरिकका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने गरी संविधानले नै स्पष्ट व्यवस्था गरिदिएको । निवेदकहरूले उल्लेखित संवैधानिक व्यवस्था अनुसार वंशजका आधारमा नै नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने कुरामा अन्यथा भन्न नसकिने । | २२४ |
| ३८ | २०७४ सालको ०७४-WO-०१६१ | २०७४ साल पुष २४ गते | करण भुषण शाक्य विरूद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद् को कार्यालय, सिंहदरवार समेत | निवेदक म करण भुषण कुमारी आमाबाट जन्मेको सन्तान भएको हुँदा आमाको नामबाट पहिचान दिलाइ पाउन नेपालको संविधानको धारा १३३(२), (३) बमोजिम परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ साथै शैक्षिक योग्यताको प्रमाण पत्रमा बुबाको नाम उल्लेख गर्ने महलमा उल्लेखित नाम हटाई आमाको नाम उल्लेख गरी संशोधन गर्नु गराउनु भन्ने परमादेशको आदेश जारी गरी पाउँ । | संवैधानिक तथा कानुनी व्यवस्था हेर्दा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएबाट बाबु वा आमा मध्ये कुनै एक व्यक्ति नेपाली नागरिक भएमा तिनका सन्तान उमेरले योग्य भएमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमामध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । बाबु वा आमामध्ये एउटाको नागरिकता राखी निवेदन दिएकोमा अर्कोको पनि नागरिकता खोज्नु कानूनले मिल्ने विषयवस्तु होइन । | २३० |
| ३९ | २०७४ सालको ०७४-WO-०५०८ | ने.का.प. २०७५, अंक ३, नि.नं. ९९७९, पृ. ५४७ | बबी थापा समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद् को कार्यालय, सिंहदरवार समेत | बुबासँग लामो समयदेखि सम्बन्ध नभएको हुँदा आमाको सनाखतबाट र आमाको ठेगानाबाटै नागरिकता पाउँ भनी वडा कार्यालयको सिफारिस साथ जिल्ला प्रशासन कार्यालयमा जाँदा कार्यालयबाट बुबा आमाको विवाह दर्ता पेश नगरेसम्म नागरिकता जारी गर्न नसकिने भनी इन्कार गरेको हुँदा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ मा | संवैधानिक तथा कानुनी व्यवस्थालाई हेर्दा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि नेपाली आमा बाबुको विवाह दर्ताको प्रमाणपत्र पेश गर्नु पर्ने व्यवस्था गरेको नदेखिने ।<br>निवेदीकाका आमा र बाबु दुवैको वंशजको नाताले नागरिकता प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट स्पष्ट रहेको ।<br>नेपाल नागरिकता ऐ, २०६३ को दफा ३ र ८ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले वंशजको आधारमा नागरिकता प्राप्त गर्न चाहिने सम्पूर्ण कागजात नागरिकता पाउँ भन्ने निवेदन दरखास्त साथ पेश गरेको अवस्थामा यी प्रमाणहरूलाई अन्यथा भनी मान्नु कानुन र विवेकसम्मत पनि नदेखिने ।<br>कुनै कार्य गर्नका लागि कानूनी कर्तव्य एवं दायित्व तोकिएको पदाधिकारी वा निकायले प्रचलित कानूनअनुसार सो कार्य गर्नको लागि कानूनले तोकेको सर्तहरु पूरा भई रीत पुगेको अवस्थामा अन्य कुनै पनि बहाना बनाई सो कार्य गर्न इन्कार गर्नु वा ढिलासुस्ती गर्नु न्यायोचित एवं कानूनसङ्गत देखिन नआउने । | २३५ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| | | | | सन्तानले नागरिकता प्राप्त गर्न बुबा आमाको विवाह दर्ता पेश गर्नुपर्ने व्यवस्था नभएको हुँदा जिल्ला प्रशासन कार्यालयले बुबा आमाको विवाह दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने भनी गरेको तोक आदेश उत्प्रेषणको आदेशले बदर गरी आमाको सनाखतबाट वंशजको नागरिकता दिनु भन्ने परमादेशको आदेश जारी गरी पाउँ । | | |
| ४०. | २०७४ सालको ०७४-WO-०२९५ | ने.का.प. २०७६ अंक २, नि नं. १०१९५, पृ. २९३ | ओमप्रकाश साह विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | नेपालको संविधानको धारा ११(२)(ख) तथा ११(३) बमोजिम नेपालको नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ । | विद्यार्थीलाई नेपाली नागरिकतानै नबनेको कारणबाट शिक्षा जस्तो नैसर्गिक हकबाट बञ्चित गर्नु संविधानतः मिल्ने नदेखिने । | २४१ |
| ४१ | २०७४ सालको ०७४-WO-०५१८ | २०७५ साल भाद्र महिना २८ गते | अर्जुनकुमार साह विरूद्ध जिल्ला प्रशासन कार्यालय, महोतरी समेत | मैले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता पाउनको लागि दायर गरेको मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा नै नेपालको संविधान, २०७२ जारी भएको हुँदा नेपालको संविधानको धारा ११(७) बमोजिम प्रचलित कानून एवम् सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तहरूको आधारमा नेपालको संविधानको धारा १३३(२),(३) बमोजिमको आदेश जारी गरिपाऊँ । | निवेदक अर्जुन कुमार साहकी आमा मिथिला कुमारी वंशजको आधारमा नेपाली नागरिक रहेकी, यी निवेदकको नेपालमै जन्म भई नेपालमा नै स्थायी बसोबास, पठनपाठन गरेको देखिएको र निवेदकले आफ्नो बुवाको कुनै पनि देशको नागरिकता नै नरहेकोले आफूले बुबाको नामबाट समेत नागरिकता नलिएको भनी लिएको जिकिरबाट निजले नेपाली नागरिकता पाउने नै देखिन्छ । यस्तो स्थितिमा निवेदकले नागरिकता प्रमाण पत्रको लागि सिफारिश माग गरेमा कानूनबमोजिम गरी सिफारिस प्रदान गर्नू भनी विपक्षी जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं ८ को कार्यालयका नाममा र सो सिफारिश लगायतका अन्य आवश्यक कागजपत्रको आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाण पत्र प्रदान गर्नू भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय महोत्तरीका नाममा परमादेशको आदेश जारी हुने । | २४५ |
| ४२ | २०७५ सालको ०७५-WO-०५८१ | ने.का.प. २०७७ अंक ३, नि.नं. १०४५८, पृ. ५२५ | लक्ष्मीकुमारी शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौ समेत | नेपालको संविधानको धारा ११(२)(ख) तथा ११(३) बमोजिम नेपालको नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ । | विद्यमान नागरिकतासम्बन्धि ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले ब्यवस्था गरे बमोजिम नागरिकता पाउनबाट बञ्चित गर्नु संविधानअनुकूल हुने नदेखिने ।<br>नागरिकता ब्यक्तिको ब्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशिल विषय हो । नागरिकता नहुँदा शिक्षा,ब्यवसाय,विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन् । सारभूत रुपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशिलतामा खेल्नु न्यायोचित नहुने । | २५२ |
| ४३ | २०७४ सालको ०७४-WO-०९८७ | २०७६ साल बैशाख १० गते | सपना कार्की वि. हेटौडा उ.म.न.पा. को कार्यालय अन्तर गत वडा नं. २ को कार्यालय, हेटौडा, मकवानपुर | नेपालको संविधानको धारा ११(२)(ख) बमोजिम आमाको नामबाट वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | नागरिकता ब्यक्तिको पहिचानसँग जोडीएको अत्यन्त संवेदनशिल बिषय हो । सारभूत रुपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलता प्रति बिचार नगर्नुलाई न्यायपूर्ण कार्य भन्न नमिल्ने । | २५८ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ४४ | २०७५ सालको ०७५-WO-०२७१ | ने.का.प. २०७६ अंक ८, नि.नं. १०३४१, पृ. १७७६ | सुनिल साह विरूद्ध डिनको कार्यालय, त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत | नेपालको संविधानको धारा ११(२)(ख) तथा ११(३) बमोजिम नेपालको नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ । | एउटा सन्तानले समान हैसियत र अवस्थामा नागरिकता प्राप्त गर्ने र अर्को सन्तानले नागरिकताविहिनताको असहज परिस्थितिको सामना गर्नुपर्दा समानता र समन्याय पराजित हुन पुग्दछ । यस्तो अवस्था स्विकार्य हुन नसक्ने । नागरिकता प्राप्त गर्न सक्ने संविधान प्रदत्त हक भएको निवेदकले नागरिकता प्राप्त गर्न नसकेको कारण अध्ययन गर्न नपाउने परिस्थिति उत्पन्न हुन पुग्यो र निवेदकले शिक्षा सम्बन्धि हकबाट वञ्चित हुने अवस्था पऱ्यो भने निवेदकलाई वास्तवमा नै अन्याय हुन पुग्ने । | २६५ |
| ४५ | २०७५ सालको ०७५-WO-०३२४ | २०७६ साल फागुन महिना २१ गते | कृष्णकुमारी महर्जन वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | नेपालको संविधानको धारा ११(२)(ख) बमोजिम आमाको नामबाट वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | संविधान, कानून, अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार कुनै पनि नागरिकले राज्यबाट प्राप्त गर्न सक्ने अधिकारबाट कुनै पनि बहानामा नागरिकलाई बञ्चित गरिनु न्यायसँगत हुने देखिँदैन । कानून नियम अनुसार सबै प्रक्रिया पूरा गरि आएकोमा पनि नागरिकले राज्यबाट पाउने कानूनी संवैधानिक हकबाट बञ्चित रहि राज्यबाट प्राप्त गर्नुपर्ने सुविधा प्राप्त हुन नसक्नु र साधिकार निकायले गैर नागरिक नभएको पुष्टि भैरहेको अवस्थामा पनि कानूनी राज्यबाट प्राप्त गर्ने नागरिकता जस्तो नैसर्गिक अधिकारबाट बञ्चित गराउनु कुनै पनि दृष्टिकोणबाट सान्दर्भिक र न्यायोचित मान्न नसकिने । | २७२ |
| ४६ | २०७५ सालको ०७५-WO-०२६२ | ने.का.प. २०७८, अंक २ र ३ नि.नं. १०६५२, पृ. ३४७ | आकाश गुप्ता विरूद्ध डिनको कार्यालय, त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुर समेत | नेपालको संविधानको धारा ११(३) बमोजिम नेपालको नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ । | नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेश गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावना समेत विपरित हुन जाने । | २८० |
| ४७ | २०७४ सालको ०७४-WO-०९८१ | ने.का.प. २०७८ अंक २३ नि.नं. १०६५४, पृ. ३७० | शुष्मा कुमारी गुप्ता वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | नेपालको संविधान, नेपाल नागरिकता ऐन, नेपाल नागरिकता नियमावली तथा गृह मन्त्रालयको परिपत्र समेतको विपरित नागरिकता प्रमाणपत्रमा उल्लेखित थप टिप्पणी/ कैफियत उत्प्रेषणको आदेशले बदर गरि नागरिकताको प्रमाणपत्रमा कुनै पनि थप टिप्पणी कैफियत नजनाउनु भनि परमादेशको आदेश जारी गरि पाउँ । | कैफियत टिप्पणी लेखेकै आधारमा त्यस्ता नागरिकहरूलाई राज्यले प्रदान गर्ने सेवा सुविधा वा अवसर आदिमा विभेद गरेको भन्ने देखिन नआएता पनि आत्मसम्मान वा मर्यादाको बिषयलाई केवल सेवा सुविधा वा अवसरको वितरणमा मात्र सीमित गर्न मिल्दैन । यो सम्बन्धित ब्यक्ति वा सो समुहका ब्यक्तिहरूले महसुस गर्ने भावनात्मक बिषय हुने । | २८६ |
| ४८ | २०७६ सालको ०७६-WO-०५३१ | २०७८ साल पौष ११ गते | रूपक पहरी वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | नेपालको संविधानको धारा ११(२)(ख) बमोजिम आमाको नामबाट वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | नेपाल नागरिकता ऐन २०६३ को दफा ३(१) तथा नेपालको संविधानको धारा ११(२)(ख) बमोजिम कुनै ब्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो ब्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनि नेपालको नागरिक हुने सम्बन्धमा लैंगिक भेदभाव बिना आमालाई पनि बाबुको जत्तिकै अधिकार दिएको देखिने । | २९५ |
| ४९ | २०७७ सालको ०७७-WO-०४०३ | २०७९ साल जेठ महिना १२ गते | चन्दा कुमारी शाह वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | नेपालको संविधानको धारा ११(२)(ख)तथा ११(३) बमोजिम वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | रिट निवेदिकाले प्रस्तुत गरेका निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, बाबुआमाको नागरिकताको प्रतिलिपी तथा विद्यालयका चारित्रिक प्रमाणपत्रहरूबाट निज सारभूत रूपमा नेपाली नागरिक हो भन्ने स्पष्ट देखिईरहेको अवस्थामा कार्यविधिगत बाधा अड्चनहरूलाई देखाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान नगर्नु नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धिका ब्यवस्था, नेपालको संविधान तथा कानून विपरित हुन आउने । | २९८ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ५० | २०७८ सालको ०७८-WO-११५५ | ने.का.प. २०७९ अंक ७, नि.नं. १०९०६, पृ. १२६१ | अन्जली कुमारी साहसमेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, सर्लाही समेत | नेपालको संविधानको धारा ११(२)(ख) तथा ११(३) बमोजिम नेपालको नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ । | कुनै ब्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो ब्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ भनी उल्लेख भईरहेको परिप्रेक्ष्यमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित नभएसम्म भन्ने कारण देखाई निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र दिन रोक्नु उचित नहुने । | ३०७ |
| ५१ | २०७८ सालको ०७८-WO-१२०१ | २०७९ साल मंसिर ०६ गते | निक्कीकुमारी झा वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | नेपालको संविधानको धारा ११(२)(ख)तथा ११(३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ बमोजिम वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | निवेदकको बाबुले जन्मको आधारमा नेपाली नागरिकता लिएको भएतापनि निजको आमाले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको भन्ने मिसिल संलग्न निवेदको आमाको ना. प्र. प. बाट देखिएकोले निवेदकले नागरिकता नपाउने भन्न नहुने ।<br>निवेदकको आमा वंशजको नेपाली नागरिक रहेको र निवेदको जन्म नेपालमानै भई वंशजको नेपाली नागरिकसँग निवेदकको विवाह भएको देखिएको प्रष्ट हुँदाहुँदै निवेदकलाई निजको बाबुले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको भन्ने मौखिक कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकको मौलिक हक हनन् हुने । महिलाहरु उपर लिंगको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्ने । | ३१४ |
| ५२ | २०७८ सालको ०७८-WO-०६५८ | २०७९ साल मंसिर ८ | अनु श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | आमा बुवाको बारेमा जिवित वा मृत्यु कुनै जानकारी नभएको हुँदा संरक्षक अम्बिकादेवीको सनाखतमा वंशजको आधारमा नागरिकता जारी गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | औपचारीक रूपमा नागरिकताको प्रमाणपत्र प्राप्त गरि राष्ट्रियताको पहिचान सुनिश्चित नभएको अवस्थाका ब्यक्तिको सार्वाजनिक जिवन, हक अधिकारको प्रचलन तथा मानविय ईज्जत र प्रतिष्ठा दुष्कर र दुरूह बन्न पुग्दछ । यस अवस्थामा, प्रस्तुत विवादका सन्दर्भमा, नागरिक हक अधिकार र मानव प्रतिष्ठाप्रति वाञ्छित संवेदनशिलता नअपनाई प्रत्यर्थि मध्येको जिल्ला प्रशासन कार्यालयले "बाटोमा हिड्ने जो कोहीलाई भेट्ने बित्तिकै आउ नेपाली नागरिकता लिएर जाउ भनेर यस जिल्ला प्रशासन कार्यालयले नागरिकता बाड्दै हिड्ने अवस्था हुदैन" भनी अमर्यादित, अशोभनिय र गैरजिम्मेवार तवरको लिखित जवाफ पेश गरेको हुँदा यस अभिब्यक्तिबाट प्रत्यर्थि जिल्ला प्रशासन कार्यालयले सुशासनको मान्यता प्रतिकुल हुनेगरि स्वेच्छाचारिता अपनाएको प्रष्ट हुन्छ । तसर्थ, संस्थागत कानूनी ब्यवहारमा कुनैपनि ब्यक्तिप्रति मर्यादित र मानविय प्रतिष्ठा अनुकुलको ब्यवहार सुनिश्चित गर्न गराउन नेपाल सरकार गृह मन्त्रालयको ध्यानाकर्षण गराईएको छ । | ३२० |
| ५३ | २०७८ सालको ०७८-WO-१२४४ | ने.का.प. २०७९ अंक ११, नि.नं. १०९७२, पृ. १९९६ | मनोजकुमार ढाडी विरूद्ध जिल्ला प्रशासन कार्यालय, रूपन्देही, सिद्धार्थनगर, भैरहवासमेत | नेपालको संविधानको धारा ११(२)(ख) बमोजिम नेपालको नागरिकता प्रमाणपत्र जारी गर्नु गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ । | सिफारिस वा सनाखत उपर शंका लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरेपछि पनि कुनै गलत तवरले नभएको झुठ्ठा विवरण पेश गरि नागरिकताको प्रमाणपत्र प्राप्त गरेको अवस्थामा जुनसुकैबेला पनि कानून बमोजिम कारबाही हुनसक्ने । पेश भएको विवरणलाई झुठ्ठा हो पनि नभन्ने र नागरिकताको प्रमाणपत्र पनि नदिने कार्यले कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट गैर कानूनी रूपमा वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुने । | ३२५ |
| ५४ | २०७८ सालको ०७८-WO-०२८८ | २०७९ साल पुष महिना २४ गते | अविनाश थापा वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | बुवा मेरो जन्म भन्दा पहिलेनै र मेरो जन्म भएको ३ महिनामा आमा समेत मलाई छोडी सम्पर्क विहिन भै बस्नु भएकोले म मावली को संरक्षकत्वमा हुर्केको हुँदा वंशजको आधारमा नागरिकता प्रमाणपत्र जारी गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | अख्तियार प्राप्त अधिकारीले आफ्नो कानूनी कर्तब्य पुरा गर्नबाट पन्छिन हुदैन भन्ने मान्यतामा यदि त्यसो भयो भने उपचारको लागि परमादेशको रिट जारी गर्ने अभ्यास विकास भएको, कुनै अधिकारीलाई कानूनले कुनै अधिकार र कर्तब्य प्रदान गर्नुको मतलब निजको स्वेच्छामा आफूलाई दिईएको कर्तब्य सम्पादन गरे पनि हुने र नगरे पनि हुने भन्ने होईन । बरू यस्तो अधिकार र कर्तब्य सर्वसाधारणको हितमा प्रयोग गर्नेगरि एउटा विश्वासपुञ्जको रूपमा प्रदान गरिएको हुन्छ । त्यसैले यस्तो कर्तब्य निजी प्रयोगको बिषय नभई सम्पादन गराई पाउने नागरिकको अधिकारको बिषय बन्छ । | ३३१ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ५५ | २०७७ सालको ०७७-WO-११०६ | २०७९ साल पुष महिना २४ गते | सानुमैया क्षेत्री वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | नेपालको संविधानको धारा ११ तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ बमोजिम वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | कुनै श्रोतबाट बाबु आमाको नाम खुले पनि त्यस्ता नाबालिक नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने अवस्थामा निजहरूसँग सम्पर्कमा नभएमा त्यस्तो ब्यक्ति पनि पितृत्व र मातृत्व ठेगान नभएको ब्यक्ति नै मानी नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु बाञ्छनिय हुने ।<br>निवेदकको सामाजिक पृष्ठभूमीलाई बिचार गर्दा पनि २ बर्षको उमेर हुँदानै बुवा आमा दुबै स्वर्गवास भई घरेलु कामदारको रूपमा काम गरेको र विवाह पश्चात पनि आफ्नो श्रीमान बेपत्ता भएको भन्ने देखिएबाट आमा वा बुवाको अथवा पतिको नै परिचय खुल्ने कागजात निवेदकबाट पेश हुन नसक्नु र विवाहदर्ताको प्रमाणपत्र समेत पेश गर्न नसक्नु अस्वाभाविक नदेखिने ।<br>नागरिकताका लागि पेश हुन आएको निवेदननै दर्ता नगर्ने अधिकारीले अरू छानबिन गर्नेतर्फ लाग्ने कुरा पनि आएन । यो स्थितिलाई हेर्दा आफ्नो अधिकार र कर्तब्यको पालना तर्फ प्रत्यर्थि कार्यालयमा आसीन अधिकारीले कुनै सजगतासम्म पनि नअपनाएको मान्नुपर्ने । एउटा ब्यक्ती यतिका बर्षसम्म नागरिकता विहिन भएर बस्नु परेको दुर्भाग्यपूर्ण अवस्थातर्फ कुनै संवेदनशिलता देखाएको पाईदैन ।<br>निवेदनसम्म पनि नलिने, जाँचबुझ पनि नगर्ने र बिभिन्न बहाना बनाई मौखिक रूपमै माग गरेको प्रमाणहरु पेश नभएसम्म निवेदनको बिषयमा प्रवेशनै नगर्ने प्रवृत्तीलाई त्यस्तो कर्मचारीको अयोग्यता तथा त्यस्ता कार्यालयको अकर्मण्यताको रूपमा लिईनुपर्ने । | ३३६ |
| ५६ | २०७८ सालको ०७८-WO-१०२१ | २०७९ साल फाल्गुण १७ गत | विकासकुमार अग्रवाल वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं | नेपालको संविधानको धारा ११(३) को आधारमा वंशजको नागरिकता जारी गरि पाउन उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरि पाउँ । | सर्वोच्च अदालतबाट प्रतिपादित न्यायीक ब्याख्यालाई अनुशरण गरि प्रचलित संविधान, ऐन कानूनले निर्दिष्ट गरेको ब्यवस्था अनुरूप निवेदकलाई नागरिकता प्रदान गर्नुपर्नेमा सो नगरेको जिल्ला प्रशासन कार्यालयको कार्य संविधान र प्रतिपादीत सिद्धान्तहरु अनुरूपको भन्न नसकिने । | ३४३ |
| ५७ | २०७८ सालको ०७८-WO-०६९२ | २०७९ साल फागुन १७ गते | सिम्रन मानन्धर वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | नेपालको संविधानको धारा ११(२)(ख) बमोजिम आमाको नामबाट वंशजको नागरिकता प्रदान गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरि पाउँ । | प्रचलित संविधान, ऐन कानूनले निर्दिष्ट गरेको ब्यवस्था अनुरूप निवेदकलाई नागरिकता प्रदान गर्नुपर्नेमा सो नगरेको जिल्ला प्रशासन कार्यालयको कार्य संविधान र प्रतिपादित सिद्धान्तहरु अनुरूपको भन्न नसकिने । | ३४८ |
| ५८ | २०७६ सालको ०७६-WO-०४७१ | २०७९ साल फागुन १७ गते | श्रीजा बज्राचार्य वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | आमाको सनाखतमा वंशजको नागरिकता प्राप्त गरिपाउन सिफारिस माग गर्दा जन्मदर्ता र बुवा आमाको विवाहदर्ता संलग्न नगरेको भनि गरेको दरपिठ बदर गरि आमाको सनाखतमा वंशजको नागरिकता प्रदान गर्नु गर्न लगाउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरि पाउँ । | संवैधानिक तथा कानूनी ब्यवस्थाका साथै यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा बुवाको नागरिकताको प्रमाणपत्र पेश नभएको र बुवा विदेशी वा स्वदेशी भन्ने यकिन नभएको भन्ने कारण देखाई नेपाली नागरिकताको प्रमाणपत्र जारी नगर्दा कानून अनुरूप नेपाली नागरिकता प्राप्त गर्ने निवेदकको मौलिक हकमा प्रतिकूल असर पुग्न जाने । | ३५२ |
| ५९ | २०७७ सालको ०७७-WO-०५६२ | २०७९ साल फाल्गुण १७ गते | सुरज घिमिरे वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | बुवाको बारेमा केही जानकारी छैन । आमाको नामबाट वंशजको नागरिकता प्रमाणपत्र जारी गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरिपाउँ । | निवेदकको आमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक रहेको देखिएको तथा निज आमाको सँगसाथमा नेपालमै रहे बसेको भन्ने देखिएबाट संविधान तथा प्रचलित कानूनी ब्यवस्था अनुसार नेपाली नागरिक बुवा वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको ब्यक्तिले सोही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न पाउने देखिँदा निवेदकको बाबुको पत्ता नलागेको वा वतन यकिन नभएको भन्ने कारण देखाई निजलाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्दा निवेदकको मौलिक हक प्रभावित हुने । | ३५६ |

| सि.नं. | रिट नं. | फैसला/ आदेश मिति, प्रकाशन नं. | पक्ष/विपक्षको नाम | मुद्दाको विषय | फैसलाको संक्षेप | पृष्ठ |
|---|---|---|---|---|---|---|
| ६० | २०७६ सालको ०७६-WO-०५५७ | २०८० साल साउन १४ गते | रूबी बस्नेत वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | बुवा सम्पर्क विहिन रहेको र आमाको पनि स्वर्गवास भईसकेको हुँदा आमाको नामबाट मावली हजुरआमाको सनाखतमा वंशजको नागरिकता प्रमाणपत्र जारी गर्नु गर्न लगाउनु भन्ने परमादेशको आदेश जारी गरिपाउँ । | बाबुको नाम उल्लेख गरेपनि निजलाई देख्न चिन्न नपाएको स्थितिमा नेपालको संविधानको धारा ११(५) बमोजिम बाबुको पहिचान हुन नसकेको अवस्था मान्नुपर्ने । बाबु वा आमाको नामबाट नागरिकता लिन पाउने कुराको प्रत्याभूती संविधानलेनै गरेको स्थितिमा बाबुको नागरिकता पेश गर्न नसकेको भन्ने अत्तो थापेर नागरिकता नदिन नमिल्ने । | ३५९ |
| ६१ | २०७८ सालको ०७८-WO-०८५३ | २०८० साल साउन २३ गते | कृष्टिना महर्जन वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं | आमाको नामबाट वंशजको नागरिकता प्रमाणपत्र जारी गर्नु गर्न लगाउनु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरि पाउँ । | कुनै ब्यक्तिको जैविक पिता फलानो हो भनिदिएकै भरमा पिताको वात्सल्य नपाएका वा पिताले हेरबिचार नगरेको, पिता भनिएको ब्यक्तिले कहिल्यै कुनै जिम्मेवारी नलिएको दायित्व नबेहोरेको तथा कहिल्यै भौतिक रूपमा छोराछोरी सन्मुख उपस्थिति नभएको कारण अनुहार समेत नदेखेको ब्यक्तिलाई परिचय खुलेको बाबुको रूपमा स्विकार गर्न बाध्य गर्नु निजको हकमा कानूनसंगत र उचित समेत नदेखिने । जैविक बाबु भनिएको ब्यक्तिले आफ्नो छोरा वा छोरी भनि सनाखत गर्न गराउन वा निजको अनुपस्थितिमा निजको परिवारले त्यस्तो तथ्य पुष्टि गर्ने मनासिब प्रमाण देखाई बालबालीकाका लागि स्विकार्य प्रकृतिबाट नाताको सनाखत नगराएसम्म वा गराउनसक्ने अवस्था नरहेसम्म त्यस्ता बालबालिकाका लागि बाबु भनिएको ब्यक्तिको "पहिचान" नखुलेको नै मान्नु न्यायोचित हुने । | ३६४ |

# १ डिल बहादुर विश्वकर्मासमेत विरूद्ध नेपाल सरकार

| फैसला/आदेश मिति, प्रकाशन नं. | २०६३ साल जेष्ठ १ गते, ने.का.प, २०६२, अंक ४, नि. नं. ७५३१, पृष्ठ ४९२ |
|---|---|

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री खिलराज रेग्मी**
**माननीय न्यायाधीश श्री गौरी ढकाल**
**आदेश**
**संवत २०६१ सालको रिट नं. ३०२१**

**विषय :- परमादेश ।**

काठमाडौं जिल्ला का.म.पा. वडा नं १ कमलपोखरी स्थित दलित गैर सरकारी संस्था महासंघ (DNF) को तर्फबाट अध्यक्ष डिल बहादुर विश्वकर्माको बारेश भै आफ्नो हकमा समेत ऐ वडा नं. बस्ने अधिवक्ता गोमती सुनार ........................................१
का.जि.काम.पा. वडा नं. १० नयाँ बानेश्वर बस्ने अधिवक्ता विमल विश्वकर्मा ........................................१
ऐ ऐ बस्ने अधिवक्ता लुमा सिह विश्वकर्मा ........................................१ निवेदक
ऐ ऐ वडा नं. १ बस्ने अधिवक्ता ममिता नेपाली ........................................१
ऐ ऐ वडा नं. ३२ बस्ने अधिवक्ता राजन सुनार ........................................१
जि. ईलाम जिर्मले गा.वि.स वडा नं. ४ बस्ने अधिवक्ता भजिमान लाम्गादे ........................................१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिहंदरबार काठमाण्डौं ........................................१
श्री ५ को सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ........................................१
श्री ५ को सरकार कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, सिंहदबार, काठमाण्डौं ........................................१
श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय, श्री महल, ललितपुर ........................................१
जिल्ला प्रशासन कार्यालय, इलाम ........................................१
जिल्ला प्रशासन कार्यालय, पाँचथर ........................................१
जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ्ग ........................................१
जिल्ला प्रशासन कार्यालय, झापा ........................................१
जिल्ला प्रशासन कार्यालय, मोरङ्ग ........................................१
जिल्ला प्रशासन कार्यालय, सुनसरी ........................................१
जिल्ला प्रशासन कार्यालय, धनकुटा ........................................१
जिल्ला प्रशासन कार्यालय, तेह्रथुम ........................................१
जिल्ला प्रशासन कार्यालय, संखुवासभा ........................................१
जिल्ला प्रशासन कार्यालय, भोजपुर ........................................१
जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु ........................................१
जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा ........................................१
जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग ........................................१
जिल्ला प्रशासन कार्यालय, उदयपुर ........................................१
जिल्ला प्रशासन कार्यालय, सप्तरी ........................................१
जिल्ला प्रशासन कार्यालय, सिराहा ........................................१

जिल्ला प्रशासन कार्यालय, धनुषा ...... १
जिल्ला प्रशासन कार्यालय, महोत्तरी ...... १
जिल्ला प्रशासन कार्यालय, सर्लाही ...... १
जिल्ला प्रशासन कार्यालय, सिन्धुली ...... १
जिल्ला प्रशासन कार्यालय, रामेछाप ...... १
जिल्ला प्रशासन कार्यालय, दोलखा ...... १
जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक ...... १
जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक ...... १
जिल्ला प्रशासन कार्यालय, ललितपुर ...... १
जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं ...... १
जिल्ला प्रशासन कार्यालय, भक्तपुर ...... १
जिल्ला प्रशासन कार्यालय, नुवाकोट ...... १
जिल्ला प्रशासन कार्यालय, रसुवा ...... १
जिल्ला प्रशासन कार्यालय, धादिङ्ग ...... १
जिल्ला प्रशासन कार्यालय, मकवानपुर ...... १
जिल्ला प्रशासन कार्यालय, रौतहट ...... १
जिल्ला प्रशासन कार्यालय, बारा ...... १
जिल्ला प्रशासन कार्यालय, पर्सा ...... १
जिल्ला प्रशासन कार्यालय, चितवन ...... १
जिल्ला प्रशासन कार्यालय, गोरखा ...... १
जिल्ला प्रशासन कार्यालय, लमजुङ्ग ...... १
जिल्ला प्रशासन कार्यालय, तनहुं ...... १
जिल्ला प्रशासन कार्यालय, स्याङ्गजा ...... १
जिल्ला प्रशासन कार्यालय, कास्की ...... १
जिल्ला प्रशासन कार्यालय, मनाङ्ग ...... १
जिल्ला प्रशासन कार्यालय, मुस्ताङ्ग ...... १
जिल्ला प्रशासन कार्यालय, म्याग्दी ...... १
जिल्ला प्रशासन कार्यालय, पर्वत ...... १
जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग ...... १
जिल्ला प्रशासन कार्यालय, गुल्मी ...... १
जिल्ला प्रशासन कार्यालय, पाल्पा ...... १
जिल्ला प्रशासन कार्यालय, नवलपरासी ...... १
जिल्ला प्रशासन कार्यालय, रूपन्देही ...... १
जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु ...... १
जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची ...... १
जिल्ला प्रशासन कार्यालय, प्युठान ...... १
जिल्ला प्रशासन कार्यालय, रोल्पा ...... १
जिल्ला प्रशासन कार्यालय, रूकुम ...... १
जिल्ला प्रशासन कार्यालय, सल्यान ...... १
जिल्ला प्रशासन कार्यालय, दाङ्ग ...... १
जिल्ला प्रशासन कार्यालय, बाँके ...... १
जिल्ला प्रशासन कार्यालय, बर्दिया ...... १
जिल्ला प्रशासन कार्यालय, सुर्खेत ...... १
जिल्ला प्रशासन कार्यालय, दैलेख ...... १

जिल्ला प्रशासन कार्यालय, जाजरकोट ............ १
जिला प्रशासन कार्यालय, डोल्पा ............ १
जिल्ला प्रशासन कार्यालय, जुम्ला ............ १
जिल्ला प्रशासन कार्यालय, कालिकोट ............ १
जिल्ला प्रशासन कार्यालय, मुगु ............ १
जिल्ला प्रशासन कार्यालय, हुम्ला ............ १
जिल्ला प्रशासन कार्यालय, बाजुरा ............ १
जिल्ला प्रशासन कार्यालय, बझाङ्ग ............ १
जिल्ला प्रशासन कार्यालय, अछाम ............ १
जिल्ला प्रशासन कार्यालय, डोटी ............ १
जिल्ला प्रशासन कार्यालय, कैलाली ............ १
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ............ १
जिल्ला प्रशासन कार्यालय, डडेलधुरा ............ १
जिल्ला प्रशासन कार्यालय, बैतडी ............ १
जिल्ला प्रशासन कार्यालय, दार्चुला ............ १

हामी निवेदकहरु मध्ये दलित गैर सरकारी संस्था महासंघ सामाजिक रूपले उत्पीडित, आर्थिक रूपले शोषित, राजनैतिक रूपले उपेक्षित र श्रमको रूपले दलित हुन पुगेका राज्यका एक चौथाई जनसंख्याको रूममा रहेका दलितहरूको उत्थान गरी यो समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गराउने उद्देश्यले संचालित दलित समुदायका लागि कार्य गर्ने गैर सरकारी संस्थाहरूको महासंघ हो । यसले दलितहरूको उत्थानका लागि आफ्ना अन्य उद्देश्यहरूका अतिरिक्त दलितहरूको मौलिक एवं संवैधानिक हक अधिकार तथा मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा पूनर्स्थापनाका लागि आवश्यक कानूनी सहयोग पुऱ्याउँदै आएको छ । यो जातीयताका आधारमा हुने भेदभावको उन्मुलनका लागि कार्यरत दलित गैर सरकारी संस्था महासंघ हो ।

हामी निवेदकहरु मध्ये अधिवक्ताद्वय विमल विश्वकर्मा र लुमा सिंह विश्वकर्मा तथा अधिवक्ताहरु ममिता नेपाली, राजन सुनार, गोमती सुनार र भोजमान लाम्गादे असाहय उपेक्षित तथा उत्पीडित वर्ग समुदायलाई कानूनी सहायता प्रदान गर्दै उनीहरूको हक अधिकार संरक्षणका लागि तथा विद्यमान जातीय छुवाछुतको र भेदभावको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि कार्यरत कानून व्यवसायीहरु हौं । नेपालमा अहिलेसम्म पनि व्यवहारमा जातीयताको आधारमा छुवाछुतको भेदभाव कायमै छ । जात लेखिएकै र जातकै आधारमा समजमा छुवाछूतको भेदभावबाट नेपालको करिब एक चौथाई जनसंख्या पीडित रहेको छ । जातकै कारणले समाजको दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न नेपालका दलित समुदायलाई बाध्य बनाईएको छ । परम्परागत रूपमा समाजमा विद्यमान रहेको जातिय छुवाछुतको भेदभाव जातियता झल्काउने पेशागत जात लेख्न बाध्य गराइएका कारण विद्यमान रहेको स्पष्ट छ । दलित समुदायका अन्य समुदायसँग मिल्ने विभिन्न समान थरहरु रहेका छन् । त्यस्ता विभिन्न थरहरु मध्ये केहि थरहरु राष्ट्रिय दलित आयोगद्वारा गरिएको एक अध्ययनबाट देखिएको छ । साथै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को प्रस्तावनाले मानवीय मूल्य र स्वाभिमानलाई मौलिक मानव अधिकारको रूपमा स्वीकार गर्दै धारा १ ले सबै मानव र स्वाभिमान र अधिकारमा समान (Equal in dignity and Rights) हुने प्रत्याभुति गरेको छ । त्यसैगरी धारा २ ले जातजाति आदिका आधारमा भेदभाव नगरिने, धार ३ ले बाँच्न पाउने अधिकार र स्वतनत्रता तथा व्यक्तिको सुरक्षाको धारा ७ ले समानताको, धारा १५(१) ले राष्ट्रियताको र धारा २२ ले सामाजिक सुरक्षाको अधिकारको प्रत्याभुती गरेको छ । त्यसैगरी नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) १९६६ को धारा १ ले आत्म निर्णयको अधिकार, धारा ६ ले जीवनको अधिकार, धारा ९ ले स्वतन्त्रताको र सुरक्षाको अधिकार प्रदान गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राराष्ट्रिय अनुबन्ध (LCESCR), १९६६ को धारा १ ले आत्म निर्णयको अधिकार धारा ९ ले सामाजिक सुरक्षा र जीवन बिमाको अधिकार प्रदत्त गरेको छ । सबै किसिमका जातीय विभेद उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD) , १९६५ को धारा २(१) ले जातीय विभेदको निन्दा गर्ने र सो को अन्त्यका लागि सबै क्षेत्रबाट आवश्यक र उपयुक्त माध्यम तथा साधनहरूको प्रयोग गर्नु पर्ने दायित्व तोकेको छ । धारा २(१) (D) ले जातीय विभेदको निषेध र अन्त्य गर्नु पर्ने सो का लागि विधायन लगायत उपयुक्त माध्यम अपनाउनु पर्ने धारा २(२) ले मानव अधिकारको पूर्ण तथा समान

उपयोगका लागि विशेष तथा ठोस कार्यहरूको विकास गर्नुपर्ने दायित्व समेत तोक्दै धारा ३ ले जातीय अलगता (Racial segregation) लाई निन्दा गर्नुपर्ने व्यवस्था गरेको छ । धारा ५ ले सबै क्षेत्रबाट सबैखाले विभेदका रूपहरु (All forms of Discrimination) को अन्त्य गर्नु पर्ने व्यवस्था समेत गरेको छ । उल्लेखित सन्धि महासन्धिहरूको नेपाल पनि पक्षराष्ट्र भएकोले सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम सो को प्रत्याभुति गर्नुपर्ने दायित्व विपक्षीहरु समेत समग्र नेपालको हो । त्यैगरी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाले मानव अधिकार र समानता तथा राजनैतिक, आर्थिक र सामाजिक न्यायको प्रत्याभुतिमा जोड दिएको छ । धारा ८ र ९ ले नागरिकताको व्यवस्था तथा धारा ११(१) (२) (३) ले समानताको अधिकार प्रदान गर्दै धारा ११(४) ले जातिपातीका आधारमा छुवाछुतको भेदभाव गर्न नपाउने प्रत्याभुति गरेको छ । धारा १२ (१) ले वैयक्तिक स्वतन्त्रताको र १२(२) (ङ) ले पेशा, रोजगार, उद्योग, व्यापार गर्ने स्वतन्त्रताको मौलिक अधिकार प्रदान गरेको छ । त्यसैगरी धारा २५ (१) ले जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी सामानजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने र २५ (३) ले सबै किसिमका असमानता हटाई जातजाति, धर्म, भाषा, वर्ण र सम्प्रदायहरूको बीच सामञ्जस्य स्थापना गर्ने राज्यको दिर्देशक सिद्धान्तको तय गरेको छ । मुलको ऐन अदलको १० (क)नं. ले जातीय छुवाछुतको भेदभाव गरेमा सजायको व्यवस्था, नागरिक अधिकार ऐन, २०१२ को दफा ३, ४ ले समानताको अधिकार, समाज कल्याण ऐन, २०४९ को दफा ४ (ख) (ग) (च) ले सम्मानपूर्ण जीवन यापनको व्यवस्था गर्ने, नागरिकता ऐन, २०२० को दफा ३ र नियमवली, २०४९ को नियम ३ तथा अनुसूची १ र २ ले नागरिकता प्रदान गर्ने सम्बन्धी व्यवस्था गरेको छ ।

माथी उल्लेख गरिएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, नेपाल अधिराज्यको संविधान तथा कानूनहरूद्धारा प्रत्याभूत गरिएका अधिकारहरूको उल्लघंन गर्दै र तोकिएको दायित्व र निर्देशक सिद्धान्तहरूको वेवास्ता गर्दै विपक्षीहरूद्धारा दलित समुदायका मानिसहरूले थरका आधारमा नागरिकता प्राप्त गर्न मागगर्दा नागरिकतामा कथिन पेशागत जात बाध्यात्मक रूपमा लेखेर मात्र नागरिकता प्रदान गर्ने गरिएको छ । यद्यपि श्री ५ को सरकार मन्त्रीपरिषदद्वारा मिति २०५२/४/४ मा थरको आधारमा नागरिकता दिने भनी निर्णय गरी सो बमोजिम परिपत्र गरिए तापनि, विपक्षीहरूद्धारा त्यसलाई वेवास्ता गरी कार्यान्वयन नै गरिएन । नेपाल नागरिकता ऐन, २०२० को दफा ३ र नियमावली, २०४९ को नियम ३ तथा अनुसूची १ र २ मा नागरिकता प्रदान गर्दा नाम, थर उल्लेख गर्ने व्यवस्था गरिएको छ । तर विपक्षीहरूद्धारा नागरिकता प्रदान गर्दा उल्लेखित कानूनको वेवास्ता गरी स्वेच्छाचारी तवरले जात लेख्नुपर्ने बाध्यता बनाई, समाजमा जातियताको आधारमा गरिने भेदभावमा पिल्सीरहने अवस्था विद्यमान वनाई सम्मानपूर्ण जीवन जीउन दिई नरहेको अवस्था छ । श्री ५ को सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरूलाई थरको आधारमा नागरिकता प्रदान गर्नु भन्ने श्री ५ को सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरु उपर थर लेखी नागरिकता सच्च्याँई पाउँ भन्ने निवेदन पर्न आएमा थर लेखी नागरिकता सच्च्याँई लिनु भन्ने र उसको पहिले जात लेखिएको नागरिकता र हालको थर लेखिएको नागरिकताको व्यक्ति एउटै हो भन्ने तथा पहिलेको नागरिकता बमोजिम तयार भएका अन्य सम्पूर्ण कागजपत्रहरूमा उल्लेखित व्यक्ति एउटै हो भन्ने प्रमाणपत्र गर्नू भन्ने थरको आधारमा नागरिकता सच्च्याँई बमोजिम सम्बन्धित अन्य निकायमा सच्याउनु पर्ने अन्य कागजपत्र समेत सम्बन्धित निकायले सच्च्याँई दिनु भन्ने नागरिकताको सिफारिश प्रदान गर्ने स्थानीय विकास मन्त्रालय तथा सो अर्न्तगतका स्थानीय निकायहरु र सम्बन्धित अधिकारीहरूलाई थरको आधारमा नागरिकताको सिफारिस लिन आए सो बमोजिम सिफारिस प्रदान गर्नु भन्ने र श्री ५ को सरकार मन्त्रिपरिषद, कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालय र संसद समेतलाई थरको आधारमा नागरिकता प्रदान गर्न आवश्यक कानून बनाउनु भनी विपक्षीहरूको नाममा परमादेश लगायत जो चाँहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भन्ने समेतको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिलसाथ राखि महान्यायाधीवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखि विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । लिखित जवाफ आएपछि वा अवधी नाघे पनि नक्कल साथै राखि विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । लिखित जवाफ आएपछि वा अवधी नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने मिति २०६१/५/११ को यस अदालतको एक न्यायाधीशको इजलासको आदेश ।

निवेदकको मागदावी अनुसार नेपाल अधिराज्यको संविधान २०४७, मुलुकी ऐन अदलको १० (क) नागरिक अधिकार ऐन, २०१२ समाज कल्याण ऐन, २०४९ नागरिकता ऐन, २०२० तथा श्री ५ को सरकार मन्त्रिपरिषदको मिति २०५२/०४/०४ को निर्णय अनुसार विपक्षीहरूको कुनै हक अधिकारलाई यस कार्यालयबाट कुनै बन्देज नगरिएको र विपक्षीहरूको रिट निवेदनमा समेत उक्त ऐन नियम निर्णय अनुसार यस कार्यालयबाट निजहरूको हक अधिकारमा हनन

गरेको भनी किटानी लेख्न भन्न सकेको समेत नदेखिएको हुँदा विपक्षीहरूले यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन कपोलकल्पीत हुँदा खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय नुवाकोटको लिखित जवाफ ।

प्रस्तुत रिट निवेदनमा उल्लेखित विषयमा नेपाल अधिराज्यको संविधान, कानूनद्वारा प्रत्याभूत गरिएका अधिकार, तोकिएको दायित्व र निर्देशक सिद्धान्त तथा श्री ५ को सरकार (मन्त्रीपरिषद) को मिति २०५२/०४/०४ को निर्णय अनुसार र नेपाल नागरिकता ऐन तथा नियम अनुसार दलित समुदायलाई नागरिकता प्रदान गरिएकोले यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज होस भन्ने जिल्ला प्रशासन कार्यालय सिन्धुलीको लिखित जवाफ ।

यस कार्यालयको के कस्तो काम कारबाहीले गर्दा निवेदकलाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ ले समानताको हक र धारा १२ ले स्वतनत्रताको हक प्रदान गरेको मौलिक हक अधिकार अपहरण हुन गयो सो कुरा उजुरी निवेदनमा खुलाउन नसकेको र सो को प्रमाण उजुरी साथ पेश गर्न नसकेको निवेदकले निवेदनको प्रकरण १० मा लिएको दाबीको सम्बन्धमा नागरिकता ऐन, २०२० को दफा ३ र नियमावली २०४९ को नियम ३ तथा अनुसूची १ र २ मा गरेको व्यवस्था अनुरूप नागरिकता प्रमाणपत्र प्रदान गर्ने गरिएको छ । उल्लेखित ऐन नियमको वेवास्ता गरी स्वेच्छाचारी तवरले जात लेख्नु पर्ने वाध्यता गर्ने गरिएको छैन । निवेदकहरूलाई संविधान प्रदत्त समानताको हक र स्वतन्त्रतको हक अपहरण हुने गरी यस कार्यालयबाट कुनै काम कार्रवाही नगरेको हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय धनुषाका लिखित जवाफ ।

रिट निवेदकले यस मन्त्रालय र मातहतको यो कार्यालयबाट आफ्नो मौलिक हक एवं उपचार विहिन कानूनी हक अधिकार अपहरण भएको भनी ठोस र तथ्ययुक्त रूपमा उल्लेख गर्न नसकि केवल काल्पनिक कुराहरूलाई आधार बनाई परमादेश जारी गरी पाउन माग गरेको देखिन्छ । अतः प्रस्तुत रिट निवेदनको मागदावी कानूनतः औचित्यहिन भएकोले खारेज गरी पाउँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

गृह मन्त्रालयको बा.अ. १ (क) ०५२/०५३ च.नं. १७१ मिति ०५२/४/२१ को परिपत्र तथा नागरिकता वितरण कार्यविधि निर्देशिका २०६१ को परिच्छेद छ मा भएको व्यवस्था तथा मन्त्रिपरिषदको मिति २०५२/०४/०४ को निर्णयको दफा ५ मा उल्लेखित व्यहोराको आधारमा यस कार्यालयले निवेदन माग भए बमोजिम थरको आधारमा नागरिकता दिदै आएको व्यहोरा अनुरोध छ । प्रमाणको हकमा यस जिल्लाको गोश्वारा गा.वि.स. वडा नं. २ का सुर्यमान दमाईको छोरा धन बहादुर दमाईले आफ्नु जातबाट महत थर कायम गरी प्रतिलिपि नागरिकता पाउन माग गर्नु भएकोले पुरानो जात दमाईबाट महत थर कायम गरी दिएको निजको पूरानो खिचिएको ने.ना.प्र.पत्रको फोटोकपी र हाल थर महत कायम गरी दिएको नं २२३ को ना.प्र. पत्रको प्रतिलिपि यसै लिखित जवाफमा संलग्न राखि प्रस्तुत गरिएको छ । तसर्थ प्रस्तुत कार्यालयको हकमा निवेदक माग दावी खारेज योग्य भएकोले खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय रामेछापको लिखित जवाफ । यस कार्यालयबाट नागरिकता वितरण गर्दा सम्बन्धित व्यक्तिले अनुसूची फाराम भरी माग गरे अनुसार जे माग गरेको छ सोही अनुसारको घरबाटै नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्दै आएको छ । माग अनुसार विपरित स्वेच्छाचारी तवरले जात लेख्न बाध्य बनाईएको छैन भन्ने समेतको जिल्ला प्रशासन कार्यालय गोरखाको लिखित जवाफ ।

विभिन्न थरहरु रहेको दलित समुदायलाई निजहरूले माग गरे अनुसार आफ्नो थर वा कथित पेशागत जात निजहरूले इच्छाए अनुसार लेख्न दिएको छ । कसैलाई पनि यस काममा बाधा गरिएको छैन भन्ने समेत जिल्ला प्रशासन कार्यालय कन्चनपुरको लिखित जवाफ ।

यस मन्त्रालय अर्न्तगत रहेका स्थानिय निकायहरूले नेपाली नागरिकताको प्रमाणपत्रको लागि सिफारिस गर्दा निवेदकले पेश गरेको प्रमाणको आधारमा सिफारिस गर्ने व्यवस्था छ । जसमा निवेदकको बाबुको थरको आधारमा आफ्नो थर रहने गरी निवेदकले फाराम भर्ने गरेको पाईन्छ । निवेदकले भरेको फाराम र संलग्न कागजातको आधारमा गाउँ विकास समिति, नगरपालिका वा जिल्लाविकास समितिबाट सिफारिस गर्ने गरेको छ । उक्त निकायहरूबाट नागरिकताको प्रमाणपत्र जारी हुनेपनि होइन र सच्याउने अधिकार पनि ती निकायहरूलाई नभएको हुनाले यस मन्त्रालयको हकमा कुनै आदेश जारी हुने होइन । रिट निवेदन खारेज गरी पाउँ भन्ने स्थानीय विकास मन्त्रालयको लिखित जवाफ ।

यस कार्यालयमा दलित समुदायका नेपाली नागरिकताले थरको आधारमा नागरिकताको प्रमाणपत्र पाउँ भनी वा थर सच्च्याँई पाउँ भनी निवेदन दिएको खण्डमा मन्त्रिपरिषदको निर्णयको परिधिभित्र रही नागरिकता दिन यस कार्यालय सदैव तयार रहेको हुँदा गोश्वारा रूपबाट लिएको निवेदन माग्दा यस कार्यालयको हकमा खारेज योग्य छ भन्ने जिल्ला प्रशासन कार्यालय पर्साको लिखित जवाफ ।

नेपाल अधिराज्यको संविधान २०४७, नेपाल नागरिकता ऐन २०२०, नेपाल नागरिकता नियमावली २०४९ उमेर नाम जात सच्याउने नियम २०१७, श्री ५ को सरकारबाट समग्र समयमा भएका निर्देशन तथा म.प. को २०५२/०४/०४ को निर्णयको आधारमा गृह मन्त्रालयबाट २०५२/०४/२१ मा भएको परिपत्रको नं. ५ मा भएको थर सच्याउने, थर राख्ने व्यवस्था अनुसार बाबुको भन्दा फरक थर राखि नागरिकता

प्रमाणपत्र माग गरेको अवस्था समेत प्रमाणको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने गरिएको छ । रिट निवेदन कर्ताहरूले रिटमा उल्लेख गरे जस्तो भेदभाव गर्ने वा बाध्यात्मक रूपमा जात लेख्न लगाइएको छैन । निवेदकरूको वैयक्तिक स्वतन्त्रताको मौलिक अधिकारको कुनै पनि तवरले यस कार्यालयबाट उलघन नभएको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने भई वदर भागी भएकोले रिट निवेदन खारेज गरि पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय चितवनको लिखित जवाफ ।

कुनै व्यक्तिलाई कस्तो कागज प्रमाण लिँदा कुन निकायबाट सो समुदायका व्यक्तिहरु बन्चित रहेको भनी रिट निवेदकले दावी लिन नसकेको अवस्थामा र प्रचलित कानूनले समेत जातको आधारमा नै नागरिकता लगायत अन्य कागज प्रमाणहरु लिनु पर्ने बाध्यात्मक व्यवस्था नगरेको अवस्थामा आशंकाको भरमा मात्र दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशाशन कार्यालय काठमाडौंको लिखित जवाफ ।

यस कार्यालयबाट निवेदनमा उल्लेख भए बमोजिमको कुनै काम कारवाही नगरिएको तथा सबै नागरिक प्रति सम्मान पूर्ण व्यवहार गरिएकोले परमादेशको आदेश तथा अन्य आदेश समेत जारी गर्नु पर्ने अवस्था नै नरहेको हुँदा निवदकको निवेदन नै खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय मोरङ्गको लिखित जवाफ ।

विपक्षी निवेदनहरूले निवेदनको प्रकरण नं. ३, ४, ५, ६, ७, ८, ९, १०, ११ र १२ मा उल्लेखित विषयहरूको तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, २३ र ८८ (२) विपरित कुनै पनि कार्य यस जिल्ला प्रशासन कार्यालयबाट नगरिएको हुँदा नभए नगरिएको कार्यलाई गरिएको भनी झुठ्ठा कुरा उल्लेख गरि दायर गरिएको रिट निवेदन उपर परमादेशको आदेश जारी गर्नु नपर्ने भएको हुँदा नभए नगरेको कार्यलाई गरेको भनि झुठ्ठा आरोप लगाई दायर गरिएको रिट निवेदन खारेज योग्य हुँदा खारेजगरी पाँउ भन्ने जिल्ला प्रशासन कार्यालय मनाङ्गको लिखित जवाफ ।

दलित समुदायका नागरिकताहरूले थर खुलेको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिरहेको प्रमाणित तथ्य हुँदा हुदै सोही समुदायको वकालत गर्ने दाता संस्था (रिट निवेदक दलित गैह्र सरकारी संस्था महासङ्घको तर्फबाट अध्यक्ष दिल बहादुर विश्वकर्मा समेतले यस कार्यालयसमेतलाई मिथ्या एवं कपोल कल्पित आरोप लगाई श्री ५ को सरकार मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्ने तर्फ वेवास्ता गरेर नेपाल नागरिकता ऐन, २०२० र नियमावली २०४९ को उल्लघंन गरी स्वेच्छाचारी तवरले जात लेख्न पर्ने बाध्यता बनाएर समाजमा जातियताको आधारमा गरिने भेदभावमा पिल्सी रहने अवस्था विद्यमान बनाई दलितहरूलाई सम्मानपूर्ण जीवन जिउन नदिएको भनी सम्मानित अदालतमा प्रस्तुत गरेको रिट निवेदन आधार हिन र बदरभागी भएको हुँदा खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय दैलेखको लिखित जवाफ ।

यस कार्यालयबाट हालसम्म सबैलाई समान दृष्टिकोण राखि काम गरिएको सामाजिक उत्पिडित, आर्थिक शोषण, राजनैतिक रूपमा अपेक्षित र श्रमको शोषण गर्ने जस्ता कार्य नगरिएको हुँदा विपक्षीले सम्मानित अदालतमा दिएको रिट निवेदन न्यायपूर्ण रूपको नभएको र पूर्वाग्रही भएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय मुस्ताङको लिखित जवाफ ।

गैह्र सरकारी संस्था महासंघ लगायत कुनै पनि निकायमा भेदभाव नगरी कानून बमोजिम सबैलाई समानरूपमा सम्मान जनक व्यवहार गरिएकोले रिट निवेदन वमोजिमको आदेश जारी गरिरहन नपर्ने हुँदा रिट निवेदन खारेज गरीपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय भोजपुरको लिखित जवाफ ।

नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी निवेदन भर्न आएका नेपाली नागरिकताहरूलाई रीतपूर्वकको दरखास्त भए नभएको हेरी जाँची सो दरखास्तमा नाम, जात, थर, वतन समेतको विवरणलाई पुष्टि दिने आधारभूत प्रमाण र वंशजको प्रमाण समेतको आधारमा प्रचलित ऐन, कानूनको व्यवस्था एवं निर्देशन परिपत्रको आधार प्रमाणबाट कसैलाई जातिपाती, धर्म, लिङ्ग, क्षेत्रियताको भेदभाव नगरी सरल र सहज तरिकाले नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्ने गरेको तथा सार्वजनिक स्थलको प्रयोग खुल्ला रूपमा प्रयोग हुनबाट रोकबाट गरिएको छैन । यस कार्यालयबाट जातिपातिका आधारमा छुवाछुतको भेदभाव नगरिएको, कानून विपरित जात थर लेख्न बाध्य नपारिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय बर्दियाको लिखित जवाफ ।

यस कार्यालयबाट प्रदान गरिदै आएको नेपाल नागरिकताको प्रमाणपत्रमा आवेदकले शुरू आवेदन फारममा उल्लेखित नाम, थर अनुसारको सिफारिस र निजका अन्य पुष्ट्याइँ प्रमाणका आधारमा नाम थर जनाई नेपाली नागरिकताको प्रमाणपत्र दिने गरी आएको छ । त्यस्ता निवेदकहरूलाई बाध्य गराई पेशागत जात जनाउन लगाइएको छैन र रिट निवेदनको प्रकरण ३, ४ र १० मा उल्लेख भए अनुसार अन्य समुदायमा मिल्ने थरसँग कुनै पनि दलितले आफ्नो पनि सोही थर हो भनी दावी जिकिर सहित ना.प्र.प. को लागि हाल सम्म पाइएको छैन । साथै दलितहरूलाई कसैले पनि जातिपातिको आधारमा कुनै समस्या अवरोध सृजना गरी पिल्सिन बाध्य गराएको कुरा यस कार्यालयको जानकारीमा आएको छैन । नेपाल अधिराज्यको संविधान बमोजिम आफ्नो रीत परम्परा र मर्यादालाई कायम राखि सामाजिक सद्भाव कायम रही आएको हुँदा उपरोक्त कुरालाई विवादको विषय बनाई सो बाटै विवाद खडा

गरी निराकरणको लागि प्रशासनिक निकायमा कुनै व्यक्ति र संघ संस्थाले उजुरी गरेको पनि पाइएको छैन । तसर्थ निवेदकहरूले रिट निवेदनमा आरोप लगाए अनुसारको कार्य र कसुर यस कार्यालयबाट भए गरेको नहुँदा झुट्ठा रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालयल हुम्लाको लिखित जवाफ ।

नेपाल अधिराज्यको संविधान, नागरिकता ऐन र नियम तथा माथिल्लो निकायबाट प्राप्त आदेश निर्देशनको परिपत्रको अधिनमा रही नागरिकताको प्रमाणपत्र पाउन सक्ने योग्य देखिएमा वंशजको नाताले नागरिकताको प्रमाणपत्र यस कार्यालयबाट वितरण गरिएकै छ । विभिन्न थरहरू रहेका दलित समुदायलाई ऐन नियम परिपत्र समेतको परधि भित्र रही आवेदन दिएकालाई आफ्नो थर लेख्न नदिई कथित पेशागत जातनै लेख्न यस कार्यालयबाट वाध्य पारिएको छैन । साथै श्री ५ को सरकार मन्त्रिपरिषदद्वारा मिति २०५२/०४/०४ मा भएको निर्णय बमोजिमको परिपत्रलाई वेवास्ता गरी कार्यान्वयन नगरिएको समेत होइन छैन । तसर्थ विपक्षीहरूको नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२(१) तथा कानूनद्वारा प्रदत्त गरिएको हक अधिकारको उल्लंघन र तोकिएको दायित्वको वेवास्ता गरिएको छैन । अतः रित निवेदनमा उल्लेखित व्यहोरा कपोल कल्पीत एवम् झुट्ठा हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय रूपन्देहीको लिखित जवाफ ।

दलित जातिका मानिसले आफुले माग गरेको थर राखि नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्नुको साथै पहिले पहिले प्राप्त गरेको नागरिकता प्रमाणपत्र थर संशोधन गर्न माग गरिएको माग गरे अनुसारको थर संशोधन गरिएको छ । साथै नेपाली नागरिकता प्रमाणपत्रको थर कायम गर्ने बाहेक अन्य विषयमा रिट निवेदनमा उल्लेख गरेको व्यहोराको सम्बन्धमा कुनै प्रकारको भेदभाव राखी कुनै पनि कार्य गर्नबाट दलित समुदायलाई यस कार्यालयबाट वन्चित गराएको छैन । तसर्थ यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको लिखित जवाफ ।

रिट निवेदकले माग गरेको विषयवस्तु यस कार्यालयको सिमा बाहिर भएको हुँदा यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन यस कार्यालयको हकमा अनुपयुक्त देखिएकोले उक्त रिट निवेदन खारेजी गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय सल्यानको लिखित जवाफ ।

रिट निवेदनमा उल्लेख भए अनुसारको कुनै पनि कार्य यस कार्यालयबाट नभएको नेपाल नागरिकता ऐन २०२० र नेपाल नागरिकता नियमावली २०४९ मा व्यवस्था भए बमोजिम नागरिकता प्रदान गरिदै आएको व्यहोरा अनुरोध छ । कानूनको वेवास्ता गरी स्वेच्छाचारी तवरले यस कार्यालयबाट हाल सम्म नागरिकता प्रदान नगरिएको हुँदा काल्पनिक रूपमा प्रस्तुत गरिएको उक्त रिट निवेदन पूर्णत झुट्ठा भएकोले खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ ।

विपक्षी रिट निवेदकले यस कार्यालयको के कस्तो काम कारवाहीबाट निजको के कस्तो हक अधिकारको हनन भएको हो ? त्यसको स्पष्ट जिकिर नलिई विना आधार र कारण यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको लिखित जवाफ ।

नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपाल अधिराज्यको संविधान २०४७, नागरिकता ऐन, नियम र श्री ५ को सरकार गृह मन्त्रालयले समय समयमा गरेको मार्ग निर्देशन बमोजिम जिल्लाबाट नागरिकता प्रमाणपत्र प्रदान गरिने हुँदा यस सम्बन्धी सम्पूर्ण जवाफ गृह मन्त्रालयबात प्राप्त हुने समेत सम्मानित अदालत समक्ष सादर अनुरोध गरेको छु भन्ने जिल्ला प्रशासन कार्यालय जुम्लाको लिखित जवाफ ।

यस कार्यालयबाट गरिने कार्यहरूमा पेशागत छुवाछुत जस्ता कार्य नगरिएको । जातकै कारणले दोस्रो दर्जाको नागरिकताको रूपमा दलित जातिलाई कुनै प्रकारको भेदभाव नगरिएको र छुवाछुत जस्ता कार्यलाई निरूत्साहित पार्ने कार्य गरिएको । दलितको पेशागत थर भन्दा जात जाति थरलाई कायम गरी आउनेलाई सोही अनुसारको थर कायम गराई यस कार्यालयबात सेवा प्रदान गर्दै आइरहेको । नागरिकता लगायतको कागजातहरूमा पेश गरेको प्रमाणको आधारमा पुष्टि भएको थरलाई सोही थर कायम गराई सेवा प्रदान गरिदै आइरहेको । कथित पेशागत जान नै लेख्ने बाध्य नपारिएको २०५२/०४/०४ को श्री ५ को सरकार म.प. को निर्णयलाई पूर्ण रूपमा कार्यान्वयन गरी रहेको । दलितको कुनै प्रकारको कुनै प्रकारको मानहानी वा मानव अधिकार हनन हुने खालको काम कारबाही समेत नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकको लिखित जवाफ ।

यस कार्यालयबाट हुने सम्पूर्ण कामहरु कानून बमोजिम पूर्ण रूपमा पालना हुने गरी गरेको साथै रिट निवेदनमा उल्लेखित विषयका सम्बन्धमा यस कार्यालयलाई कुनै जानकारी सम्म समेत नभएको हुँदा यस कार्यालय उपर परेको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय पर्वतको लिखित जवाफ ।

विपक्षी रिट निवेदनकहरूले प्रकरणले प्रकरण ४ समेतमा उल्लेख गरेका समस्याहरूको सम्बन्धमा यस जिल्ला त्यस किसिमको समस्या भए गरेको जानकारी प्राप्त नभएको र यस कार्यालय समेतबाट कुनै किसिमको भेदभाव नगरी समान व्यवहार गरिएको । साथै यस कार्यालयबाट

मानवअधिकार विश्वव्यपी घोषणापत्र १९४८, अन्तराष्ट्रिय महासन्धि १९६५ नेपाल अधिराज्यको संविधान २०४७, मुलुकी ऐन, २०२० नागरिकता ऐन, २०२० तथा अन्य ऐन नियम बमोजिम नै काम कारवाही भई रहेकोले दलित तथा भेदभाव नगरीएको हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुको लिखित जवाफ ।

निवेदकहरूद्धारा उठाइएका कुनैपनि समस्या सृजना गर्ने कार्य यस कार्यालयबाट हुने प्रश्न नै नउठ्ने र राज्यको तर्फबाट प्रदान गर्ने सुविधाहरु उपलब्ध गराउन निजहरूलाई सहयोग प्रदान गर्ने कार्य यस कार्यालयबाट हुने गरेको र यस कार्यालयको दायित्व भित्र पर्ने कुनै कानूनी उपचार लगायतका उपायहरूबाट हुने गरेका र यस कार्यालयको दायित्व भित्र पर्ने कुनै कानूनी उपचार लगायतका उपायहरूबाट समेत निजहरूलाई बन्चित गर्ने कार्य नगरिएकोले उक्त रिट निवेदन आधारहिन देखिएकोले खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय कैलाली धनगढीको लिखित जवाफ ।

यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट विपक्षीको कुन अधिकारमा आघात पुगेको हो ? सो कुरा निवेदनको पेटबोलीबाट खुल्न नआएको साथै निवेदकको हक अधिकारमा असर पर्ने गरी यस मन्त्रालयबाट कुनै काम कारवाही समेत नभएको । नागरिकता प्रदान गर्दा नाम थर उल्लेख गर्नु पर्ने गरी नेपाल नागरिकता ऐन, २०२० को दफा ३ र नेपाल नागरिकता नियमावली २०४९ का नियम ३ तथा अनुसूची २ मा भएका व्यवस्थाले विपक्षीको संविधान एवं कानून प्रदत कुनै पनि हक अधिकारमा आघात नपरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने कानून न्याय तथा संसदि व्यवस्था मन्त्रालयको लिखित जवाफ ।

यस कार्यालयबाट जुनसुकै व्यक्तिले नाम थर माग गरी नागरिकता माग गर्ने आएमा माग बमोजिम नागरिकता प्रदान गर्ने गरिएको, श्री ५ को सरकारबाट समय समयमा भएको नीति निर्देशानुसार गर्ने गरिएको, कसैलाई कुनै जात जाति लेख्न बाध्य नबनाइएको, जातियताको आधारमा कसैलाई भेदभाव नगरिएको, साथै निवेदकहरूको कुनै पनि सवैधानिक एवं कानूनी हक अधिकारको हनन नगरिएको हुँदा विपक्षीहरूको झुठ्ठा रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय रौतहटको लिखित जवाफ ।

विपक्षीहरूले आफ्नो रिट निवेदनको दफा १२ को (क), (ख), (ग) मा उल्लेख भएका कुराहरूमा कानून बमाजिम बाहेक अन्यथा हुने गरी यस कार्यालयबाट कुनै काम कारबाही भए गरेको नभएकोले उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय सिरहाको लिखित जवाफ ।

कानूनी रित पुऱ्याई आएका व्यक्तिहरूको सम्बन्धमा बाबु/बाजेको नागरिकता प्रमाणपत्र बमोजिम नै निवेदकले निवेदन साथ पेश गरेको प्रमाण कागजातहरूलाई आधार मानी सरल ढङ्गबाट नागरिकता प्रदान गर्ने गरिएको र प्राप्त गरिसकेको नागरिकतामा समेत कुनै व्यहोरा सच्याँई दिन कानूनको समायावधि भित्र निवेदन पर्न आए निवेदकले पेश गरेको प्रमाण कागजातहरूबाट निवेदकले माग गरेको विवरण मनासिब देखिए सच्याँई दिने व्यवस्था समेत गरिएको छ । अतः यस्तो अवस्थामा निवेदकहरूको नागरिकता प्रदान गर्ने कुरामा असमान व्यवहार गरिएको प्रचलित कानूनको पालना नगरिएको भन्ने निवेदन जिकिर आफैमा झुठ्ठा बदर भागी हुँदा खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय इलामको लिखित जवाफ ।

नेपाल अधिराज्यको संविधानमा भएको समानताको व्यवस्था नेपाल नागरिक अधिकार ऐन, २०१२ र विपक्षीले निवेदनपत्रमा उल्लेख गरेबमोजिमका विभिन्न जातिय भेदभाव विरूद्धका सन्धी सम्झौताहरूमा उल्लेख भएका कुराहरु लागु गर्नमा यो कार्यालय सधैं प्रतिबद्ध रहेको र निवेदकले निवेदनमा उल्लेख गरे अनुसारको कुनै पनि भेदभाव नगरिएको हुँदा विपक्षीको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाको लिखित जवाफ ।

यस कार्यालयले नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको हक धारा १२ को मौलिक हक लगायत कुनै पनि कानुनी हक अधिकार जाती, धर्म लिङ्ग वर्ण जस्ता कुनै पनि आधारमा भेदभाव नगरेको हुँदा निवेदकको उक्त रिट खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रसासन कार्यालय म्याग्दीको लिखित जवाफ ।

यस कार्यालयबाट कुनै पनि नागरिकलाई सेवा प्रदान गर्दा दलित एवं जातियताको आधारमा भेदभाव नगरी प्रचलित संविधान र कानून बमोजिम नै सेवा उपलब्ध गराईएको हुँदा र यस कार्यालयबाट भए गरेका काम कारबाहीबाट विपक्षीहरूको मौलिक हकमा कुनै आघात नपरेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय स्या[illegible]जाको लिखित जवाफ ।

यस कार्यालयको तर्फबाट विपक्षीहरूको हकहितमा के कसरी असर पर्ने गरी कथित जातियताको आधारमा छुवाछुतको भेदभावबाट गैह्र संवैधानिक र कथित गैह्र कानूनी कार्य गरियो सो कुरालाई निवेदकहरूले आफ्नो निवेदन पत्रमा तथ्यगत रूपमा पुष्टि गर्न समेत नसकेको र त्यस्ता गैह्र कानूनी एवं गैर संवैधानिक कार्य यस कार्यालयबाट नगरिएको हुँदा विपक्षी निवेदकहरूको रिट निवेदनमा उल्लेखित दावी व्यहोरा यस कार्यालयको हकमा सरासर मिथ्या सावित भएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय मकवानपुरको

लिखित जवाफ । विपक्षीहरूले उल्लेख गरे अनुसारको स्वेच्छाचारी तथा कानून विपरितको कार्य यस कार्यालयबाट नभएको, नगरेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको कास्की जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ ।

निवेदकले निवेदनमा उल्लेख गरे अनुसार त्यसरी विभिन्न सन्धि सम्झौता नीति निर्देशन र नेपाल अधिराज्यको संविधान २०४७ को विपरित दलित समुदायमा आघात पुग्ने, स्वाभिमान र सम्मानपूर्ण जीवन बिताउन पाउने, आर्थिक, सामाजिक राजनैतिक र साँस्कृतिक अधिकारबाट बन्चित गराउने र यस कार्यालयबाट त्यसरी नागरिकता प्रमाणपत्र वितरण गर्दा बाध्यात्मक रूपले पेशागते जात लेखेर मात्र नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिदै कार्य भए गरेको नभै अनुसुचीबाट सिफारिस भई आए अनुसारको विवरण र आवेदन साथ पेश भएका वंशज खुल्ने प्रमाणहरूको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिने गरेको साथै विना भेदभाव समानताको आधारमा सबै प्रकारका सेवाहरु प्रदान गरिने गरेको हुँदा निवेदकको माग बमोजिमको आज्ञा आदेश जारी नभई खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय झापाको लिखित जवाफ ।

अन्य समुदायले गरेको पेशा व्यवसाय गर्नबाट दलित समुदायलाई यस कार्यालयबाट बन्चित गरिएको छैन । यस कार्यालयमा परी आउने काम कारवाही प्रचलित कानून बमोजिम गर्ने गरी आएको छ । दलित समुदायको काम भनी भेदभाव गर्ने गरिएको छैन । दलित समुदाय वा अन्य नेपालीलाई नेपाली नागरिकता प्रमाणपत्र बनाउन आउने व्यक्तिलाई निजहरूका बुबा, आमा, दाजु भाईले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेखित थर राखि अनुसुची वमोजिमको फारम भरी कानूनको रित पुर्‍याई पेश गरेको वखत प्रचलित कानून वमोजिम सबै नेपालीलाई नेपाली नागरिकता प्रमाणपत्र भेदभाव विना दिने गरि आएको छ । तसर्थ निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय दाङको लिखित जवाफ ।

निवेदकहरूले जिकिर लिए वमोजिम प्रकरण १ देखि ९ सम्मका कुराहरु जिल्ला प्रशासन कार्यालयसंग सम्बन्धित नभएको र प्रकरण १० को सवालमा दलित समुदायका मानिसहरूले थरका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न माग गर्दा नागरिकतामा कथित पेशागत जात वाध्यात्माक रूपले लेखेर मात्र नागरिकता प्रदान गर्ने गरिएको भन्ने आरोप लगाएकोमा, आवेदकले नागरिकताको प्रमाणपत्र दिने गरेको र नागरिकता प्राप्त गरि सकेका व्यक्तिहरूको संशोधनको लागि निवदन पर्न आएमा गृह मन्त्रालय सिंहदरबार काठमाण्डौंको नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६१ को परिच्छद ६ को ६(ख) वमोजिम आवेदकले (थर) राखि नागरिकताको प्रमाणपत्र संशोधन गर्न माग गरेमा निजसंग (थर) खुल्ने सार्थक प्रमाण माग गरि थर सच्याई दिने गरेको हनाले विपक्षीहरूले यस कार्यालयलाई लगाएको झुट्टा र आधारहिन भएको हुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय संखुवासभाको लिखित जवाफ ।

दलित जन समुदायका व्यक्तिहरूले नेपाली नागरिकताको प्रमाणपत्र लिनको लागि विपक्षीद्वारा थर लेख्न नदिई कथित पेशागत जातनै लेख्न बाट वाध्य गराएको भन्ने कुरा निराधार झुट्टा हो । दलित जनसमुदायका व्यक्तिहरूलाई नेपाली अधिराज्यको संविधान २०४७ ले प्रत्याभूति गरेको काम कुरामा यस कार्यालयवाट कुनै पनि व्यक्तिहरूलाई वन्चित तथा हनन हुने कार्य भए गरेको छैन । मानविय सम्मानपुर्ण कार्य भए गरेको छ । जातीय छुवाछुत भेदभाव नगरि समान रूपमा कार्य गरेको व्यहोरा समेत अनुरोध छ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय वझाङको लिखित जवाफ ।

श्री ५ को सरकारको नीति नियम कार्यान्वयन गर्ने सिलसिलामा कानूनको वेवास्ता गरि स्वेच्छाचारी रूपमा पनि कूनै पनि समुदायमा जातियताको आधारमा भेदभाब र असमानताको व्यवहार नगरी कानून बमोजिम प्रमाण पुगेका अवस्थाममा जुनसुकै जातजाति समुदायका मानिसहरूलाई तत्कालै नागरिकताको प्रमाणपत्र तथा अन्य सेवा सुविधा सुलभ ढङ्गबाट प्रदान गरिएको छ र यस कार्यालयबाट गरिने प्रत्यक्ष कार्यहरु कानून सम्मत रूपमा गरिएको हुँदा विपक्षीको उक्त रिट निवदेन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय सुर्खेतको लिखित जवाफ ।

नेपालको विद्यमान संविधान, ऐन नियम र परिपत्र बमोजिम यस कार्यालयबाट काम कारवाही भै राखेकै छ । दलित समुदायलाई सम्मानपूर्वक जीवन यापन गर्नमा यस कार्यालयबाट कुनै प्रकारको आघात नपुर्‍याएकोले निजको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय बाराको लिखित जवाफ ।

गृह मन्त्रालयको च.नं. २८१ मिति २०५६/११/१७ को नेपाल दलित संघ केन्द्रीय कार्यालय टेकु, काठमाडौंलाई थरको आधारमा ना.प्र. पत्र दिने र गृह मन्त्रालयको च. नं. ९१ मिति २०६१/०५/३१ को राष्ट्रिय दलित आयोग थापाथलीलाई जानकारी सम्बन्धी लेखेको प्राप्त पत्र अनुसार थर परिवर्तन गरी ना.प्र.पत्र पाउँ भनी दिएको निवेदनहरूको सम्बन्धमा मागबमोजिम नागरिकता प्रमाणपत्र दिने गरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय बाग्लुङको लिखित जवाफ ।

नागरिकता ऐ नियम र श्री ५ को सरकार मन्त्रिपरिषदद्वारा मिति २०५२/०४/०४ मा थरको आधारमा नागरिकता दिने

भनी भएको निर्णयको आधारमा यस जिल्लाबाट नागरिकता दिने गरिएको छ । यसरी आफ्नो दायित्व पुरा गर्दै आइरहेको अवस्थामा विपक्षी निवेदकहरूको रिट निवेदन झुठ्ठा हुँदा खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय उदयपुरको लिखित जवाफ ।

यस कार्यालयबाट नागरिकता जारी हुँदा जातको आधार नभई थरकै आधारबाट नेपाल अधिराज्यको संविधान २०४७, नागरिकता ऐन २०२०, नागरिकता नियमावली २०४९ तथा समय समयमा श्री ५ को सरकार मन्त्रिपरिषदका विभिन्न नीतिमा भएको निर्णय आदेश बमोजिम नै कार्य हुने गरेको र श्री ५ को सरकार मन्त्रीपरिषदको मिति २०५२/०४/०४ को निर्णय बमोजिम गृह मन्त्रालय मार्फत मिति २०५२/०४/२१ मा जारी भएको परिपत्र समेतका आधारमा यस कार्यालयबाट नेपाली नागरिकता जारी गरिदै आएको र कुनै पनि नेपाली नागरिकलाई जाति पातिको आधारमा विभेद नगरी संविधान र ऐन, कानूनले निर्दिष्ट गरिएका प्रकृयाहरु अवलम्बन गरी आफ्नो कार्य क्षेत्र भित्र थरको आधारमा नेपाली नारिकताको प्रमाणपत्र जारी गरी थर समेत सच्च्याँइ दिने कार्य गरिदै आएकोले निवेदकहरूको हक अधिकारमा आघात पर्ने कार्य यस कार्यालयबाट नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय ताप्लेजु को लिखित जवाफ ।

रिट निवेदनमा माग गरिएका र कानूनी रूममा व्यवस्थित रहेका प्रावधानहरूको प्रयोग यस कार्यालयबाट कानूनी रूपमा नै हुँदै आएको र तदारूकताका साथ कार्यहुदै आएको अवस्थामा निवेदनमा लिएका जिकिरहरु मनासिव नहुँदा उक्त रिट निवेदन खारेज गरि पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय पाँचथरको लिखित जवाफ ।

सबै जिल्ला प्रशासन कार्यालयहरूले जस्तै यस जिल्ला प्रशासन कार्यायलले पनि संविधान नेपाल नागरिकता ऐन नियम नागरिकता सम्बन्धी सबै प्रचलित कानून बमोजिम रित पुगेको आवेदन उपर जाँच बुझ गरी नागरिकता प्रदान गर्ने गरिएको छ । यसमा कुनै जात जाति उपजातिलाई लिएर भेदभाव गरिएको छैन । निवेदकहरूको माग बमोजमको कुनै हक अधिकार हनन भएको अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको लिखित जवाफ ।

यसमा दलित समुदायलाई आफ्नो नाम थर तथा देख्न दिएको दलित तथा अन्य जो कोही नेपाली नागरिकताले आफ्नो नाम थर तथा जातमा नाम थर फरक पर्न गएको थर सच्याउन आफ्नो सबुद प्रमाण समेत कार्यालयमा निवेदन पेश गरेको खण्डमा कानून बमोजिम प्रमाण हेरी थर जात सच्याउन मिल्ने भए कार्यालयबात तुरून्त नाम थर जात सच्याई प्रमाणि आदि काम गर्ने गरेको कसैलाई थर लेख्न बाध्य नगराएको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदनको कुनै औचित्य नहुँदा खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन बाँकेको लिखित जवाफ ।

यस कार्यालयको कुनै पनि काम कारबाहीबाट निवेदकहरूको कुनै संवैधानिक एवं कानूनी हकमा आघात नपरेको हुँदा काल्पनिक र मनोगत रूपमा गरिएको रिट निवेदन जिकिर स्वतः खारेज भागी छ खारेज गरी पाउँ भन्ने समेतको जिल्ला प्रशासन कार्यालय रसुवाको लिखित जवफ ।

निवेदकहरूले विभिन्न प्रकरणमा उल्लेख गरी यस कार्यालय समेतलाई प्रतिवादी बनाई दिएको रिट निवेदनमा उल्लेखित विषयहरूका सम्बन्धमा नागरिकता ऐन नियमावली एवं अन्य प्रचलित कानून अनुरूप गर्नु पर्ने कार्य यस कार्यालयबाट नियमानुसार नभएको भनी प्रष्ट किटान समेत गर्न नसकेको हुँदा निवेदकको दाबी कानून संगत देखिदैन । अतः कानून संगत नभएको दावी खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय बाजुराको लिखित जवाफ ।

यस कार्यालयबाट जातीय आधारमा आफुलाई बाबुको भन्दा फरक थर राखि नागरिकता प्रमाणपत्र माग गर्न आएमा आवश्यक छानविन गरी व्यहोरा मनासिव देखिएमा नयाँ थर राखि वा थर सच्याई नेपाली नागरिकताको प्रमाण पत्र प्रदान गर्ने गरिएको छ । तसर्थ निवेदकहरूले माग गर्नु भएको आदेश यस कार्यालयको नाममा जारी हुनु पर्ने नहुँदा रिट खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय महोत्तरीको लिखित जवाफ ।

यस कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्दा नेपाल नागकिरता ऐन २०२० र नेपाल नागरिकता नियमावली २०४९ को परिधि भित्र रही वितरण गर्ने गरिएको । नेपाल नागकिरता नियमावली २०४९ अनुसुची २ अनुसार ना.प्र.प वितरण गर्दा नागरिकको नाम थर उल्लेख गर्नु पर्ने र जात उल्लेख गर्नु पर्ने कानुनी वाध्यता नभएकोले निवेदकले अनुसूचीमा माग गरे अनुसार नाम थर उल्लेख गरी नेपाली ना.प्र.प. प्रदान गर्ने गरिएको छ । कसैलाई पनि जात लेख्नु पर्छ भनी नभनिएको र कसैले नाम थर वतन फरक पर्‍यो भनी गा.वि.स./न.पा को सिफारिस साथ निवेदन दिएको बखत फलानो र फलानो भन्ने एउटै व्यक्ति हो भनी प्रमाणित समेत गरिदिने गरेको हुँदा रिट निवेदकले यस कार्यालयका हकमा लिएको जिकिर मनासिव नभएकोले खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय धनकुटाको लिखित जवाफ ।

यस कार्यालयबाट नागरिकता दिंदा ऐन र नियम साथै तीनका अधिनमा रही गृह मन्त्रालयबाट जारी भएका परिपत्र अनुसार काम गर्ने गरेको छ । त्यही काममा श्री ५ को सरकार मन्त्रिपरिषदको विभिन्न मितिको निर्णयनुसार गर्ने भनी गृह मन्त्रालयबाट लेखी आए अनुसार यस कार्यालयबाट त्यसमा उल्लेखित काम कारवाही गरि नै रहेको छ । कसैले जात बाहेक थरबाट नागरिकता प्रमाणपत्र

मागेमा वा जातबाट ना.प्र.प मागेमा निजले पेश गरेका प्रमाणबाट ऊ वंशजको नेपाली हुन योग्य ठहरिएमा माग बमाजिम ना.प्र.प दिने गरिएको छ । कसैलाई असमान व्यवहार गरिएको छैन । तसर्थ झुट्टा निवेदन जिकिर खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय सप्तरीको लिखित जवाफ ।

विपक्षीको रिट निवेदनमा उल्लेख गरे जस्तो बाध्यात्मक रूपमा कथित पेशागत जात लेखि नागरिकता प्रमाणपत्र प्रदान गर्ने गरेको भन्ने माग दावी सरासर कपोल कल्पित र झुट्टा हुँदा निवेदकको माग बमोजिम परमादेश जारी हुनु पर्ने होइन, उक्त रिट खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय रोल्पाको लिखित जवाफ ।

निवेदकले नेपाल नागरिकता ऐन २०२० को दफा ३ र नियमावली २०४९ को नियम ३ तथा अनुसुची १ र २ मा नागकिता प्रदान गर्दा नाम थर उल्लेख गर्ने व्यवस्था गरिएको छ । नागरकता प्रदान गर्दा उल्लेखित कानूनको वेवास्ता गरी स्वेच्छाचारी तवरले जात लेख्नु पर्ने बाध्यता गरेको भन्ने सम्बन्धमा यस कार्यालयबाट नेपाल नागरिकता ऐन २०२० र नियमावली २०४९ का साथै गृह मन्त्रालयबाट प्राप्त निर्देशिकाको अधिनमा रही छिटो छरितो रूपमा नेपाली नागरिकताको प्रमाणपत्र दिने गरिएको छ । निवेदकको उल्लेखित व्यहोरा झुट्टा हो । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय डडेलधुराको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी निर्णायार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गोमती सुनार, भोजराज लाम्गादे, राजन सुनार, विमल विश्वकर्मा, अर्जुन कुमार बगाले, श्याम कुमार विश्वकर्मा समेतले अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, नेपाल अधिराज्यको सविंधान तथा कानूनद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको उल्लंघन गर्दै श्री ५ को सरकार मन्त्रिपरिषदद्वारा मिति २०५२/०४/०४ मा थरको आधारमा नागरिकता दिने भनी गरेको निर्णय समेतको वेवास्ता गरी विपक्षीहरुद्वारा दलित समुदायको मानिसहरूले थरका आधारमा नागरिकता प्राप्त गर्न माग गर्दा नागरिकतामा कथित पेशागत जात बाध्यात्मक रूपमा लेखेर मात्र नागरिकता प्रदान गर्ने कार्य गरेको हुँदा सो कार्यद्वारा दलित समुदायले हाल सम्म पनि समाजमा स्वाभिमानी र सम्मानपूर्ण जीवन जिउन नसकेको अवस्था हुँदा दलित समुदायलाई पनि समाजमा स्वभिमानी तथा सम्मानपूर्वक जिउने वातावरण सिर्जना गर्नको लागि थरको आधारमा नागरिकताको प्रदान गर्ने तथा नागरिकता सच्याई दिने लगायतका सम्पूर्ण कार्यहरु बिना भेदभाव गर्नु गराउनु भनी विपक्षीहरूको नामा परमादेशको आदेश जारी होस् भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो । त्यस्तै विपक्षीको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री सरोज प्रसाद गौतमले निवेदकहरूले निवेदनमा उल्लेख गरे बमोजिमको जातको आधारमा नागरिकता प्रदान गर्ने गरेको नभई थरको आधारमा नै नागरिकता प्रदान गर्दै आएको र थरको आधारमा नागरिकता प्रदान गर्नु भनी श्री ५ को सरकार मन्त्रिपरिषदबाट मिति २०५२/०४/०४ मा निर्णय समेत भै सम्बन्धित निकायहरूमा परिपत्र समेत भै सकेको अवस्थामा रिट निवेदनको कुनै औचित्य नदेखिदा खारेज गरी पाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो । उपरोक्त वहस जिकिर सुनी निवेदन सहितको मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा निवेदन माग बमोजिमको आदेश जारी हुने नहुने के हो सो सम्बन्धमा नै निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, नेपाल अधिराज्यको संविधान तथा कानूनद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको उल्लंघन गर्दै श्री ५ को सरकार मन्त्रिपरिषदद्वारा मिति २०५२/०४/०४ मा थरको आधारमा नागरिकता दिने भनी गरेको निर्णण समेतको वेवास्ता गरी विपक्षीहरुद्वारा दलित समुदायका मानिसहरूले थरका आधारमा नागरिकता प्राप्त गर्न माग गर्दा नागरिकतामा कथित पेशागत जात वाध्यात्मक रूपमा लेखेर मात्र नागरिकता प्रदान गर्ने कार्य गरेको हुँदा सो कार्यद्वारा दलित समुदायले समाजमा हालसम्म पनि स्वाभिमान र सम्मानपूर्ण जीवन जीउन नसकेकोले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ बमोजिम समानताको अधिकार तथा धारा १२(१) बमोजिम सम्मानित रूपमा बाच्न पाउने र वैयक्तिक स्वतन्त्रताको मौलिक अधिकारको उल्लंघन भै रहेको छ । तसर्थ दलित समुदायलाई समाजमा स्वाभीमानी तथा सम्मानपूर्ण जीवन जिउने वातावरण सृजना गर्नका लागि थरका आधारमा नागरिकता प्रदान गर्ने तथा नागरिकता सच्याई दिने लगायतका सम्पूर्ण कार्यहरु कानून बमोजिम गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन भएकोमा नेपाल अधिराज्यको संविधान २०४७, नेपाल नागरिकता ऐन, २०२० तथा नियमावली २०४९, उमेर नाम जात सच्याउने नियम २०१७, श्री ५ को सरकारबाट समय समयमा भएका निर्देशन तथा मन्त्रीपरिषदको २०५२/०४/०४ को निर्णय समेतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने गरिएको छ । रिट निवेदकहरूले निवेदनमा उल्लेख गरे जस्तो भेदभाव गर्ने वा वाध्यात्मक रूपमा जात लेख्न लगाई नागरिकता प्रदान गर्ने लगायत अन्य कुनै पनि भेदभावमूलक कार्य नगरेको नभएको हुँदा निवेदन माग बमोजिमको आदेश जारी गरि रहनु पर्ने होइन । तसर्थ रिट निवेदन खारेजगरी पाउँ भन्ने व्यहोरा समेतको विपक्षीहरूको लिखित जवाफ रहे भएको पाइयो ।

निवेदकहरूको निवेदन व्यहोरा हेर्दा मुख्यतः थरको आधारमा नागरिकता प्रदान गर्नु तथा सच्याई दिनु भन्ने आदेश

जारी गरी पाउँ भनी जिकिर लिएको पाइयो । नागरिकता प्राप्त गर्ने लगायत तत्सम्बन्धी व्यवस्था गर्न बनेको नेपाल नागरिकता ऐन २०२० को दफा ३(क) मा संविधान ८ वा धारा ९ को उपधारा (१) (२) वा (३) अर्न्तगत नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने व्यक्तिले तोकिएको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदनपत्र दिन सक्नेछ र त्यस्तोमा तोकिएका अधिकारीले तोकिए बमोजिम जाँचबुझ गरी निवेदक नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनेछ भन्ने व्यवस्था रहेको साथै नेपाल नागरिकता नियमावली २०४९ को नियम ३(१) मा नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उपसभापति, नगरपालिकाको प्रमुख वा उपप्रमुख, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको राजपत्राङ्कित अधिकृत वा राजप्रासाद सेवाका अधिकृतको सिफारिस साथ सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष अनुसुची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने व्यवस्था र ऐ को नियम ३(३) मा उपनियम (१) बमोजिम को निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले आवश्यक जाँच बुझ गरी निवेदक नेपालको नागरिक हो भन्ने देखेमा निजलाई अनुसुची २ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ भन्ने व्यवस्था भएको पाइन्छ । साथै उक्त अनुसुची १ नं. बमोजिम नागरिकताको प्रमाणपत्र पाउँ भनी दिइने निवेदनको ढाँचा तथा सोही अनुसुची २ बमोजिम दिइने नागरिकताको प्रमाणपत्रको ढाँचामा समेत निवेदकले भने जस्तो जात उल्लेख नभई निवेदकको नाम थर, बाबुको नाम थर, पतिको नाम थर आदि उल्लेख गरी नागरिकताको निवेदन तथा प्रमाणपत्र दिने ढाँचाको व्यवस्था गरेको र सोही बमोजिम नागरिकता प्रदान गर्ने गरेको भनी विपक्षीको लिखित जवाफ समेत देखिन्छ । त्यस्तै श्री ५ को सरकार मन्त्रिपरिषदको २०५२/०४/०४ को निर्णय हेर्दा समेत थर राखि नागरिकता प्रमाण पत्र दिने लगायत कानून बमोजिम थर सच्याउने सम्बन्धमा निर्णय भै सम्बन्धित निकायहरूमा परिपत्र समेत भै सकेको भन्ने देखियो । यसर्थ यसरी कानूनमा नागरिकता प्रदान गर्दा थरको आधारमा दिने भनी स्पष्ट किटानी व्यवस्था तथा परिपत्र समेत भै रहेको अवस्था हुँदाहुदै पनि निवेदकले पेश गरेको उदाहरणबाट यदाकदा जात उल्लेख गरी नागरिकता दिने गरेको समेत देखिन आयो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१) लाई हेर्दा सबै नागरिक कानूनको दृष्टिमा समान हुने कसैलाई पनि कानूनको हकमा समान संरक्षणबाट वन्चित नगरिने त्यस्तै सोही धाराको उपधारा ३ बमोजिम राज्यले नागरिकहरूको बीच धर्म, वर्ण लिङ्ग, जात जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन भन्ने संवैधानिक व्यवस्था भएको पाइन्छ । यसरी संविधान तथा कानूनद्वारा नै सबै जातजातिको समान संरक्षणको हक प्रदान गरेको अवस्थामा विना कारण विना उद्देश्य दलित समुदायलाई नागरिकता प्रदान गर्दा थरको पछाडी अथवा थरको ठाउँमा जात समेत उल्लेख गर्दा संविधान तथा कानूनको उद्देश्य र भावना विपरित हुन जान्छ ।

तसर्थ दलित जातिका मानिसहरूलाई नागरिकता प्रदान गर्दा नागरिकता सच्याई दिदा अथवा नागरिकता सिफारिश गर्दा समेत अन्य नागरिक सरह थर राखी सिफारिश दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनको साथै थर राखि नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नु गराउनु भनी विपक्षी निकायहरूका नाममा परमादेश जारी हुने ठहर्छ । विपक्षीहरूलाई जानकारी गराउन निमित्त आदेशको प्रतिलिपि महान्यायाधिवक्ता कार्यालयमा पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।
न्यायाधीश

ई अ. विष्णु प्रसाद अर्याल

ईति संवत २०६३ साल जेष्ठ १ गते रोज २ शुभम ........।

# २ नक्कली महर्जनसमेत विरूद्ध नेपाल सरकार

| फैसला/आदेश मिति, प्रकाशन नं. | २०६४ साल बैशाख ४ गते, ने.का.प, २०६५, अंक ११, फैसला नं. ८०३५, पृष्ठ १३४० |
| --- | --- |

**सर्वोच्च अदालत,संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री अनूपराज शर्मा**
**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**
**सम्वत् २०६३ सालको रिट नं. ....००८९**
**आदेश मितिः २०६५।१।४।४**

**विषय :– उत्प्रेषण ।**

काठमाडौं जिल्ला, किर्तिपर न.पा.वडा. ६ वस्ने नक्कली महर्जनं समेत.........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार समेत.........१ विपक्षी

अन्तराष्ट्रिय महासन्धिहरूको पक्ष को हैसियतले ती महासन्धिहरु अन्तर्गतको दायित्व निर्वाह गर्नु राज्यको कर्तव्य हुन आउने । *प्रकरण नं (प्र. ८)*

लिङ्ग वा वैवाहिक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनवाट वञ्चित हनु गरी सिफारिश नदिने गरी भएको कार्यलाई कानून सम्मत भन्न नमिल्ने *(प्रकरण नं. ९)*

निवेदक तर्फवाटः विद्वान अधिवक्ता श्री सपना प्रधान मल्ल, श्री मीरा ढुंगाना, श्री रत्नकाजी श्रेष्ठ र सविन श्रेष्ठ

विपक्षी तर्फवाटः विद्वान उपन्यायाधिवक्ता श्री वज्रेश प्याकुरल र विद्वान अधिवक्ता श्री सुजन्द्र महर्जन

**अवलम्वित नजीर**

**सम्बद्ध कानून:**

नेपाल अधिराज्यको संविधान , २०४७ को धारा ११, ९(१),

नागरिकता ऐन, २०२० को दफा ३,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१)(२), १०७, ८(२),

नागरिकता ऐन, २०६३ को दफा ३(१) र

नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१)

**आदेश**

न्या. अनूपराज शर्मा

नेपाल अधिराज्यको संविधान विधान, २०४७ को धारा २३।८८ (२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

१. हामी निवेदकहरु महिला, कानून र विकास मञ्च मानव अधिकारको विषयमा सरोकार राख्ने साथै महिला वर्गको कानूनी हक संरक्षण गर्ने महिलाको मानव अधिकार सम्बन्धी कानूनी हक रक्षा गर्ने उद्देश्यले स्थापित संस्था हो । निवेदक मध्येकी नक्कली महर्जन पुरुष सरह नागरिकता प्राप्त गर्ने अधिकारवाट वञ्चित भएकी पीडित व्यक्ति हुँ । का.जि.किर्तिपुर न.पा.वडा नं. ६ वस्ने देव महर्जन र आमा नन्दमायां महर्जनको कान्छी छोरीको रूपमा आज भन्दा २९ वर्ष अगाडि मेरो जन्म भएको हो । मेरो विवाह २०५० सालमा गोपाल लामासंग भएको थियो । मेरो पति गोपाल लामा र मेरो दाम्पत्य सम्वन्धवाट एक छोरा अमिर लामाको जन्म भएको छ । पति गोपाल लामा हामी आमा छोरालाई छोडी ५ वर्ष देखि कहां जानु भएको थाहा छैन । पतिले छोडेर गएपछि हामी आमा छोरा माइतिको शरण लिई वसिआएका छौं ।

रोजगारी एवं वैकमा खाता खोल्नको लागि समेत नागरिकता चाहिने हुंदा किर्तिपुर न.पा.मा नागरिकताको सिफारिस माग गरेकोमा उक्त कार्यालयका कार्य कारिणी अधिकृत तुलसीनाथ गौतमले विवाह भएको छोरीलाई बाबुको नामवाट नागरिकता दिन मिल्दैन भनी जवाफ दिइ सिफारिस दिन ईन्कार गर्नु भएको हुनाले मलाई महिला भएकै आधारमा मेरो वैवाहिक स्थितिलाई आधार बनाई म माथि भेदभाव गरी मेरो नैसर्गिक अधिकारको हनन भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ द्वारा

प्रदत्त समानताको हक, धारा १२ द्वारा प्रदत्त पेशा रोजगार गर्न पाउने स्वतन्त्रता धारा १७ द्वारा प्रदत्त सम्पत्ति सम्बन्धी मौलिक हकको साथै नागरिकता ऐन, २०२० को दफा ३, नागरिकता नियमावली, २०४९ को नियम ४(३) द्वारा प्रदत्त कानूनी हक समेतवाट वञ्चित भएकोले अन्य वैकल्पिक उपचारको अभावमा प्रस्तुत निवेदन साथ सम्मानित अदालतमा उपस्थित भएको छु ।

महिला विरूद्ध हुने सम्पूर्ण भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९ को धारा ९ ले नेपाल पक्ष राष्ट्रहरूले महिलालाई नागरिकता लिन पुरूष सरह समान अधिकार दिनेछ भन्ने व्यवस्था भएको र उक्त महासन्धिको नेपाल पक्ष राष्ट्र भएको ले उक्त महासन्धिको समेत पालना गर्नु नेपालको दायित्व रहेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९(१) र नागरिकता ऐन, २०२० को दफा ३ ले कुनै व्यक्ति जन्मदा निजको बाबु नेपालको नागरिक रहेछ भने वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरेकोले विवाहिता महिलाले बाबुको नामवाट नागरिकता लिने कि पतिको नामवाट नागरिकता लिने भनी छनौट गर्ने अधिकार महिलालाई हुनु पर्नेमा उक्त अधिकारवाट वञ्चित गरिएको पाईन्छ ।

अतः विपक्षी मध्येको किर्तिपुर नगरपालिकालाई निवेदक नक्कली महर्जनको माग वमोजिम नागरिकताको सिफारिस दिनु र देशमा रहेका यस्ता अन्य पीडित महिलाको समेत सम्मानित अदालतवाट व्याख्या हुने गरी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको यस अदालतमा मिति २०६३।४।२२ मा दिएको निवेदन ।

यसमा के, कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीलाई सूचना पठाई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६३।५।१ गतेको आदेश ।

नेपाल अधिराज्यको संविधान, २०४७ एवं नेपाल नागरिकता ऐन, २०२० समेतले निवेदिकालाई बाबुको नामवाट नागरिकता लिन नपाउने गरी वञ्चित गरेको नदेखिएको र विवाहिता महिलाले बाबुको नामवाट वा पतिको नामवाट नागरिकता लिन पाउने वा नपाउने सम्वन्धमा यस कार्यालयवाट कुनै किसिमको निर्णय नभएको हुंदा यस कार्यालयलाई विपक्षी बनाई दिएको निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ ।

विवाह भएकी छोरीले बाबुको नामवाट नागरिकता लिने भन्ने सम्वन्धमा विवाहिता छोरीको लोग्ने नेपाली नागरिक भएमा सोही लोग्नेको तर्फवाट र लोग्ने विदेशी भएमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९(६), नेपाल नागरिकता ऐन, २०२० को दफा ६(३)तथा नेपाल नागरिकता नियमावली, २०४९ को नियम ४(३) वमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिँदा विपक्षीको निवेदन दावी तर्कसंगत र औचित्यपूर्ण नदेखिँदा खारेज गरिपाऊँ भन्ने व्यहोराको नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफ ।

नागरिकता ऐन, २०२० अनुसार वंशजको नाताले आफ्ना बाबु, आमाको नामवाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि सिफारिस माग गर्ने कुनै पनि नगरवासीको आवेदन यस किर्तिपुर नगरपालिका कार्यालयवाट फिर्ता गरिएको छैन । विपक्षी निवेदक नक्कली महर्जनले नेपाली नागरिकताको आवेदन फाराममा आफ्नो पतिको नाउँ उल्लेख गरी नागरिकता लिन चाहेको स्थितिमा वैवाहिक सम्वन्ध खुलाउने प्रमाण पत्र पेश नगरेका कारण माग वमोजिमको सिफारिस नगरिएको हो । वंशजका नाताले आफ्नो बाबु, आमाका नामवाट नागरिकता लिन सिफारिस माग भएको स्थितिमा सिफारिस नगरी फिर्ता गरिने प्रश्न नै उठ्दैन । अतः विपक्षीको निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको किर्तिपुर नगरपालिका कार्यालयको लिखित जवाफ । विपक्षी निवेदहरूको संविधान प्रदत्त कुनै किसिमको मौलिक हक हनन् हुने काम कारवाही यस मन्त्रालयवाट नगरिएको हुंदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

निवेदकको निवेदनवाटै निज यस कार्यालयमा नागरिकता प्रमाण पत्र लिनको लागि निवेदन पेश गरेको भन्ने नदेखिँदा यस कार्यालयवाट निवेदकहरूको संवैधानिक हक अधिकारमा आघात पार्ने कार्य भएको छैन । विवाहिता महिलाले बाबु तथा पतिको नाम राखी वंशजको नाताले नागरिकताको प्रमाणपत्रको आवेदन दिएको अवस्थामा नागरिकताको प्रमाणपत्र दिईने नै छ । अतः यस कार्यालयलाई विपक्षी बनाई दिएको निवेदन खारेज गरिपाऊँ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

यस मन्त्रालयको के कुन काम कारवाहीवाट विपक्षी निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पुगेको छ सो उल्लेख नगरी हचुवाको आधारमा यस मन्त्रालयलाई समेत विपक्षी बनाई दिएको निवेदन खारेज गरिपाऊँ भन्ने नेपाल सरकार, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ । नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फवाट उपस्थित विद्धान अधिवक्ताहरु सपना मल्ल

(प्रधान), मिरा ढुंगाना, रत्नकाजी श्रेष्ठ र सविन श्रेष्ठ समेतले महिलालाई वैवाहिक स्थितिको आधारमा नागरिकता लिन वाध्य पार्नु संविधान एवं कानून विपरीत हुन्छ । विवाहिता महिलाले बाबुको नामवाट नागरिकता लिने कि पतिको नामवाट नागरिकता लिने भनी छनौट गर्ने आत्म निर्णयको अधिकार निज माथि नै हुन्छ । अतः निवेदक नक्कली महर्जनलाई बाबुको नाउंवाट नागरिकताको प्रमाणपत्र लिनको लागि सिफारिस नगर्ने किर्तिपुर नगरपालिकालाई निवेदिकाको माग वमोजिम सिफारिस दिनु भन्ने परमादेश जारी गरियोस् भन्ने व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय समेतको तर्फवाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री वज्रेश प्याकुरेलले विवाहिता महिलालाई वंशजको नाताले बाबुको नामवाट नेपाली नागरिकताको प्रमाणपत्र लिनवाट कानूनले रोकेको अवस्था छैन भन्ने व्यहोराको वहस प्रस्तुत गर्नु भयो । विपक्षी किर्तिपुर नगरपालिकाको तर्फवाट उपस्थित विद्वान अधिवक्ता सुजन्द्र महर्जनले निवेदक नक्कली महर्जनले नागरिकताको प्रमाणपत्रको लागि पेश गरेको आवेदन फाराममा पतिको नाम उल्लेख गरी नागरिकता लिन चाहेकोले र निजले वैवाहिक सम्वन्ध खुलाउने प्रमाण पेश नगरेको हुंदा सिफारिस नगरिएको हो । वंशजको नाताले बाबु, आमाका नामवाट नागरिकता लिन सिफारिस भएको स्थितिमा सिफारिस नगरी फिर्ता गरिने स्थिति नभएकोले निवेदन खारेज होस् भन्ने व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

विद्वान कानून व्यवसायीहरूले गर्नु भएको वहस समेत सुनी निवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा निवेदन माग दावी वमोजिमको आदेश जारी गर्न मिल्ने हो, होईन ? भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ मा समानताको हक प्रत्याभूत गरेको छ भने संविधानको धारा ९(१) र नागरिकता ऐन, २०२० को दफा ३ ले कुनै व्यक्ति जन्मदा निजको बाबु नेपालको नागरिक रहेछ भने वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यसै गरी महिला विरूद्ध हुने सम्पूर्ण भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ९ ले पक्ष राष्ट्रहरूले महिलालाई नागरिकता लिन पुरूष सरह समान अधिकार दिनेछन् भन्ने व्यवस्था रहेको र उक्त सन्धिलाई नेपालले अनुमोदन समेत गरिसकेको हुंदा विवाहिता महिलाले बाबुको नामवाट नागरिकता लिने कि पतिको नामवाट नागरिकता लिने भनी छनौट गर्ने अधिकार महिलालाई भएकोमा किर्तिपुर नगरपालिकामा नागरिकता वनाउन सिफारिसको लागि गएकोमा कार्यकारी अधिकृतवाट विवाह भएको छोरीले बाबुको नामवाट नागरिकता लिन पाउंदैनन् भनी सिफारिस दिन ईन्कार गरेकोले विपक्षी किर्तिपुर नगरपालिकालाई नागरिकता वनाउन सिफारिस दिनु भन्ने र अन्य विपक्षीहरूको नाउँमा देशमा रहेका अन्य यस्ता पीडित महिलाहरूको हकमा समेत व्याख्या हुने गरी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदन माग दावी रहेको पाईन्छ । विपक्षी किर्तिपुर न.पा.को तर्फवाट पेश हुन आएको लिखित जवाफ हेर्दा निवेदक नक्कली महर्जनले नेपाली नागरिकताको आवेदन फारममा आफ्नो पतिको नाम उल्लेख गरी नागरिकता लिन चाहेकोले वैवाहिक सम्वन्ध खुलाउने प्रमाण पेश नगरेका कारण माग वमोजिमको सिफारिस नगरिएको भन्ने देखिन्छ ।

३. निवेदक नक्कली महर्जनले निवेदन साथ पेश गरेको मिसिल संलग्न नागरिकताको फारमको प्रतिलिपि हेर्दा किर्तिपुर न.पा.वडा नं. ६ वस्ने देव महर्जनको छोरी वर्ष २९ की नक्कली महर्जन भनी निजको बाबुको नागरिकताको प्रमाण पत्र नम्वर समेत संलग्न गरी दिएको निवेदन मिति २०६३।३।३२ मा किर्तिपुर न.पा. ६ नं. वडा सचिववाट प्रमाणितसम्म भएको मा विपक्षी किर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृतवाट सिफारिस भएको नदेखिएवाट निवेदिकाले नेपाली नागरिकताको आवेदन फाराममा आफ्ना पतिको नाम उल्लेख गरी नागरिकता लिन चाहेको भन्ने विपक्षी किर्तिपुर न.पा.को लिखित जवाफ तथ्यमा आधारित रहेको देखिन आएन ।

४. निवेदन दिइदाका वखत वहाल रहेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ मा समानताको हक सम्बन्धी व्यवस्था गरिएकोमा हाल वहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले समानताको हक सम्बन्धी व्यवस्था गरेको पाइन्छ । जस अनुसार उपधारा (१) मा सवै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणवाट वञ्चित गरिने छैन भनी उल्लेख हुनुको साथै उपधारा (२) अनुसार सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैनू भनी मौलिक हकको संवैधानिक व्यवस्थाको प्रत्याभूति गरी उक्त हक प्रचलनको लागि धारा १०७ द्वारा निर्दिष्ट प्रकृया अनुसारको कारवाही चलाउन पाउने हक संविधानको धारा ३२ ले सुरक्षित गरिएको छ ।

५. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९(१) ले कुनै व्यक्ति जन्मदा निजको बाबु नेपालको नागरिक

रहेछ भने वंशजको नाताले नेपालको नागरिक हुने भनी संवैधानिक व्यवस्था गरेको छ भने नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) अनुसार यो संविधान प्रारम्भ हुंदाका वखत नेपालमा स्थायी वसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछः-

(क) यो संविधान प्रारम्भ हुनु भन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका वखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति भनी संविधानमा उल्लेख गरेको देखिन्छ ।

६. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) वमोजिम कुनै व्यक्तिको जन्म हुंदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भनी कानूनी व्यवस्था रहेको पाईन्छ ।

७. मानव अधिकार सम्बन्धी विश्वप्यापी घोषणापत्र (Universal Declaration of Human Rights), १९४८ को धारा १५ अनुसार प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानीढंगले निजको नागरिकताको अधिकारवाट वञ्चित गरिने छैन । (Every one has the right to a nationality. No, one shall be arbitrarily deprived of his nationality nor denied the right to change his nationality) भनी नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । त्यसै गरी महिला विरूद्ध हुने सवै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (The Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW), १९७९ को धारा ९(१) मा पक्ष राष्ट्रहरूले महिलाहरूलाई नागरिकता प्राप्त गर्न, परिवर्तन गर्न र धारण गर्ने पुरूष सरह समान अधिकार दिनेछन् । श्रीमान्को नागरिकता परिवर्तन हुंदैमा महिलाको नागरिकता परिवर्तन हुनु हुदैन अथवा राज्य, राज्यविहीन वनाउनु हुंदैन । महिलालाई श्रीमानको नागरिकता जवरजस्ती थोपरिनु हुंदैन । (State parties shall grant women equal rights with men to acquire, change or retain their nationality. They shall ensure in particular that neither marriage to an alien nor change of nationality by the husband during marriage shall automatically change the nationality of the wife , render her stateless or force upon her the nationality of the husband.) भनी महिला र पुरूष दुवैलाई नागरिकता प्राप्त गर्ने, परिवर्तन गर्ने र धारण गर्ने समान अधिकार प्रत्याभूत गरेको र नेपालले उक्त सन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र समेत रही आएको छ ।

८. नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) अनुसार संसदवाट अनुमोदन, संम्मिलन, स्वीकृती वा समर्थन भई नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसंग वाझिएमा सो सन्धिको प्रयोजनको लागि वाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत् सम्वन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागु हुनेछ भन्ने कानूनी व्यवस्था रहेवाट उल्लेखित अन्तराष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्रको हैसियतले नेपालले उक्त महासन्धि अन्तर्गतको दायित्व निर्वाह गर्नु राज्यको कर्तव्य हुन आउंछ ।

९. प्रस्तुत विवादमा विपक्षी मध्येको किर्तिपुर नगरपालिकाको लिखित जवाफवाट निवेदकलाई बाबुको नामवाट नगरिकता लिन सिफारिस नगरेको भन्ने कुरा स्वीकार गरेको मिसिलवाट देखिन आएको अवस्थामा उपरोक्त अन्तर्राष्ट्रिय महासन्धिहरूको साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) एवं नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) वमोजिम कुनै व्यक्तिको जन्म हुंदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने कानूनी व्यवस्था रहेबाट समेत लिङ वा वैवाहिक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनवाट वञ्चित हुने गरी विपक्षी किर्तिपुर नगरपालिकावाट सिफारिस नदिने गरी भएको कार्यलाई कानूनसम्मत भन्न मिल्ने अवस्था देखिन आएन । अतः निवेदन माग दावी वमोजिम निवेदिका नक्कली महर्जनलाई निजको बाबुको नाउँवाट नेपाली नागरिकताको प्रमाण पत्र वनाउनको लागि सिफारिस दिनु भनी विपक्षी किर्तिपुर नगरपालिकाको नाउंमा परमादेशको आदेश जारी हुने ठहर्छ । मिसिल नियमानुसार गरी वुझाई दिनु । उक्त रायमा सहमत छु ।

न्या.कल्याण श्रेष्ठ

इति सम्वत् २०६५ साल वैशाख ४ गते रोज ४ शुभम् ......

फैसला तयार गर्नेः ई.अ.हरि कोईराला

# ३ सुनिल बाबु पन्तसमेत विरूद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६४ साल पौष ६ गते, वर्ष २०६४ को रिट नं. ९१७

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री बलराम के.सी.**
**माननीय न्यायाधीश श्री पवन कुमार ओझा**
**आदेश**
**संवत २०६४ सालको रिट नम्वर ९१७**

**बिषयः– उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ ।**

का.जि.का.म.न.पा. वडा नं. २ शिवभक्त मार्ग खुर्सानीटार, लाजिम्पाट काठमाडौं स्थित नीलहिरा समाजका कार्यकारी निर्देशक सुनील बाबु पन्त ........................१
ऐ. ऐ. का मितिनी नेपालका उपाध्यक्ष मीना नेपाली ........................१
ऐ. ऐ. सुवर्ण समसेर मार्ग बालुवाटार काठमाडौंका क्रुस एड्स नेपालकाअध्यक्ष संजिव गुरूङ्ग ........................१ निवेदक
ऐ. ऐ. परिचय समाज नेपालका कार्यकारी निर्देशक मनोरञ्जन कुमार वैद्य ........................१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ........................१
व्यवस्थापिका संसद, सिंहदरवार, काठमाडौं ........................१ विपक्षी
नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरवार ........................१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार रहेको छः

हामी निवेदकहरु यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित अल्पसंख्यक व्यक्तिहरूको प्रतिनिधित्व गरेका संस्थाहरूसंग आवद्ध छौं । हामीलाई विद्यमान समाज, कानून र राज्यको संयन्त्रले दिनु पर्ने स्थान दिएको छैन । हामी बहुमतमा आधारित राज्य तथा समाजले अपनाउँदै आएको संरचना तथा कानूनको ढाँचा तथा मान्यतासंग असहमति जाहेर गरी हाम्रा हक अधिकारका लागि पनि उत्तिकै स्थान दिनु पर्ने भनी माग राखिआएका छौं । यही कारणले बिभिन्न किसिमका शारीरिक तथा मानसिक यातना भोगेका प्रशस्त उदाहरणहरु हामीसंग छन् । हामी चार जना निवेदकहरूले कम्तीमा ६० हजार व्यक्तिको प्रतिनिधित्व गरेका छौं ।

यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान अन्तर्गतका अल्पसंख्यकमा महिला समलिङ्गी, पुरूष समलिङ्गी तथा तेस्रो लिङ्गी लगायतका व्यक्तिहरु पर्दछन् । यी व्यक्तिहरु आफूले आफैलाई तेस्रो प्रकृतिका व्यक्ति भनेर चिनाउने गर्दछन् । अन्तर्राष्ट्रिय चलन चल्तीको भाषा अनुसार तेस्रो लिङ्गी र समलिङ्गी भनेर चिनिने पनि गरिन्छ । हामी यसमा पाँच वर्गमा विभाजित भएका छौं । जसलाई महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी भनेर चिनिन्छ । यस्ता पहिचानहरु कपोलकल्पित नभइकन वैज्ञानिक ढंगले प्रमाणित तथ्यहरु हुन् । यस्ता प्रकृतिका मानिसहरूको जन्म र अस्तित्वका वारेमा विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनमा समेत उल्लेख छ । उक्त प्रतिवेदनमा यस किसिमका मानिसहरूको प्रकृतिलाई पुष्टि गर्दै यो कुनै रोग नभईकन सामान्य प्रकृति नै हो भनिएको छ । उल्लिखित सबै खालका व्यक्तिहरूको जन्म प्राकृतिक रूपमा भए पनि यसलाई अप्राकृतिक नाम दिएर वर्तमान समाजले हाम्रो अस्तित्व माथि जबरजस्ती शंका गर्दछ । हामी घर परिवार तथा समाजबाटै बहिष्कृत भएका छौं । हाम्रा लागि राज्यले समेत कुनै व्यवस्था गरेको छैन । सामाजिक बहिष्कारको यो चरम घडीमा हामी कम्तीमा कानूनबाट सुरक्षित हुनु पर्नेमा कानून पनि यस विषयमा गम्भीर भएको देखिंदैन । हाम्रो समस्याका लागि भनेर कुनै कानून राज्यले बनाउन पहल पनि गरेको छैन । यस विषयमा राज्यले पर्याप्त कानूनको निर्माण गरी सबै खाले नागरिकलाई समानताको हैसियत प्रदान गर्नु पर्दछ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हक र भाग ४ मा राज्यको दायित्व तथा नीति निर्देशक

सिद्धान्तको व्यवस्था गरिएको छ । यो देशका नागरिक भएको नाताले हामीसँग उल्लेखित सम्पूर्ण मौलिक तथा मानव अधिकारको उपभोग तथा दावी गर्ने अधिकार छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र लगायत अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजमा कहीं र कतै पनि जाति र उत्पत्तिका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ । यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानसँग सम्बन्धित व्यक्तिहरूको हकको सुरक्षाका लागि युरोपियन देशहरूको अलावा अन्य मुलुकहरूले पनि महत्वपूर्ण व्यवस्था गरेका छन् । संवैधानिक व्यवस्था भएको पछिल्लो देश दक्षिण अफ्रिका हो र यसको संविधानमा नै यौन अभिमुखीकरणका आधारमा समेत भेदभाव गरिने छैन भन्ने व्यवस्था छ । त्यसै गरी फिजीको संविधानले पनि यो कुरालाई आत्मसात गरेको छ । त्यसै गरी संयुक्त राज्य अमेरिका, क्यानडा तथा युरोपियन कोर्ट अफ ह्युमेन राइट्सले समेत यस विषयमा बोलेका प्रशस्त उदाहरण छन् । यस्ता बर्गका धेरै समूह छन् । भारतमा हिंजडा भनेर चिनारी दिइएको छुट्टै समूह छ र त्यहाँ यो कुरा पासपोर्ट तथा नागरिकतामा समेत उल्लेख गर्ने व्यवस्था गरेको छ । नेपालको संवैधानिक व्यवस्था र तिनले प्रदान गरेका अधिकारहरूमा सबै नेपालीको समान हैसियत रहने कुरामा कुनै शंका छैन । राज्यले सबैलाई समान व्यवहार देखि लिएर सम्पूर्ण हक अधिकारको सुनिश्चितता कायम गर्नु राज्यको दायित्व हो । विभिन्न अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरूमा नेपालले हस्ताक्षर गरी अनुमोदन समेत गरिसकेको हुनाले सन्धि ऐनको दफा ९ अनुसार यिनीहरु नेपाल कानून सरह मान्य हुन्छन् । यसरी एकातिर संवैधानिक मौलिक हक छन् भने अर्कोतिर अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मापदण्ड छन् । जसका लागि पक्ष राष्ट्रको हिसाबले नेपाल जिम्मेवार छ । अर्को तिर व्यावहारिक तथा कानूनी हिसाबले भन्दा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित जनसंख्याको एक हिस्साले मानव अधिकारको उपभोग गर्न पाएका छैनन । यस समुदायका व्यक्तिहरु दिनदिनै पारिवारिक, घरेलु, सामाजिक तथा राज्यको हिंसाबाट ग्रसित छन् । प्रहरी प्रशासन तथा सरकारी निकायहरु यस समुदायका व्यक्तिहरु प्रति सम्वेदनशील छैनन । हामी महिला र पुरुष नभएकाले हाम्रो पहिचानको आधारमा नागरिकता माग्न जाँदा सरकारी कर्मचारीहरु नै अन्यौलमा परी हामीहरूले मागे जस्तो नागरिकता दिन नसक्ने कुरा गर्नु हुन्छ । हामी हाम्रो चिनारी भन्दा फरक खालको नागरिकता लिन चाहँदैनौं । मानव अधिकारको उल्लंघन तथा आफू माथि हिंसा र अभद्र व्यवहार हुँदा प्रहरी प्रशासनमा जाँदा यस विषयको सुनुवाई भएको छैन । संयुक्त राष्ट्र संघको प्रतिवेदनमा समेत यस कुरालाई पुष्टि गरेर लेखिएको छ । स्कूल, क्याम्पस, सरकारी तथा निजी कार्यालय, सार्वजनिक स्थल लगायत हरेक क्षेत्रमा यी व्यक्तिहरु प्रति अभद्र व्यवहार गरिन्छ र यस्तो गर्ने व्यक्तिलाई कुनै सजायको भागीदार बनाइदैन । राज्यले दिनुपर्ने सुविधाबाट सर्वथा बञ्चित हुनु पर्ने अवस्था छ । आफूले विवाह गर्न खोजेको व्यक्तिसंग विवाह गर्न नमिल्ने परम्परामा राज्य अडेको छ । यी सबै कुराहरु व्यक्तिको आत्मसम्मान र जीवनको अधिकार तथा सम्मान साथ बाँच्न पाउने अधिकारको खिलाफमा छन् । अतः संविधान तथा कानून, अन्तर्राष्ट्रिय कानून, प्रत्येक मानिसको बाँच्न पाउने अधिकारको सम्बन्धमा सम्मानित सर्वोच्च अदालत तथा मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघले स्थापित गरेका नजीर, सिद्धान्त र मान्यता समेतका आधारमा हामी यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका अल्पसंख्यक व्यक्तिहरूको कानूनी तथा नीतिगत संरक्षण गरी निजहरूलाई संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून प्रदत्त हक तथा अधिकारहरु उपभोग गर्न नपाई उपेक्षित र तल्लो श्रेणीको व्यक्ति जस्तो भएर बस्नु पर्ने बाध्यताबाट मुक्त गरी कानूनी हक अधिकारको संरक्षण तथा प्राप्तिका लागि अविलम्ब व्यवस्था गरी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ । साथै नागरिकता प्रदान गर्न र अन्य भेदभावजन्य कानूनको खारेज गरी समानतामा आधारित कानूनको निर्माण गर्न र यसरी भेदभाव तथा हिंसा पीडित व्यक्तिहरूको हक अधिकारको संरक्षणका लागि तत्काल सम्बन्धित व्यक्तिहरूको समेत उचित सहभागितामा आवश्यक अन्य कानून तर्जुमा गरी समानुपातिक तथा आवश्यक संरक्षणको समेत व्यवस्था गर्न कानूनी तथा अन्य संस्थागत संरचना छ बनाई यथाशक्य छिटो मौलिक मानव अधिकारको संरक्षण गर्नु र राज्यका कुनै पनि अंगले भेदभाव तथा हिंसामा संलग्न नहुनु र भएमा विशेष क्षतिपूर्तिको व्यवस्था समेत गरिदिनु भन्ने समेतको आदेश जारी गरी पाउँ । कानून नबनुन्जेलसम्मका लागि सम्मानित अदालतले गोपाल शिवाकोटी चिन्तन विरूद्ध अर्थ मन्त्रालय समेतको मुद्दामा गरिएको निर्णय जस्तै तदर्थ व्यवस्था गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन । निवेदकले आफ्नो चिनारी भन्दा फरक खालको नागरिकताको प्रमाणपत्र लिन चाहन्नौं भन्ने उल्लेख गर्नु भएको छ । सरकारले पनि त्यस्तो फरक पर्ने गरी नागरिकता प्रमाणपत्र दिन मिल्दैन । कुनै नेपालीले लिङ्ग उल्लेख गर्दा महिला वा पुरुष मध्ये कुनै पनि नभए अन्य उल्लेख गरी नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन फाराम पेश गरी नेपालको नागरिकता लिन कुनै कानूनी बाधा रहेको देखिंदैन । यदि त्यसरी माग गर्दा नपाइएमा मात्र त्यस्ता कानूनी हकको प्रचलनका लागि सोदाहरण सरोकार वालाले इन्साफ खोज्ने विषय हो । फरक प्रकारको लैङ्गिक पहिचानका व्यक्तिका विरूद्ध विभेदकारी व्यवस्थाको एउटा उदाहरण सम्मको उल्लेख नगरी व्याख्या र विश्लेषण मात्र गरेको यो निवेदन हचुवा प्रकृतिको छ । फरक प्रकृतिको लैङ्गिक पहिचानका व्यक्ति

विरूद्ध कुनै हिंसा वा अभद्र व्यवहार भएको छ भने त्यस्तो हिंसा वा अभद्र व्यवहार गर्नेका विरूद्ध महिला वा पुरूषको लैङ्गिक पहिचान भएका व्यक्ति सरह नै इन्साफको खोजी गर्न नसकिने अवस्था विद्यमान छैन । तसर्थ रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको व्यवस्थापिका संसद सचिवालयको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

संविधान तथा अन्य प्रचलित नेपाल कानूनमा व्यवस्थित हक अधिकार सबै नागरिकका लागि समान रूपमा लागू हुने विषय हो । त्यस्तो अधिकारको उपभोग गर्नमा रिट निवेदकलाई कहिं कतैबाट बाधा अवरोध भएको भन्ने कुरा रिट निवेदनमा उल्लेख छैन । जहाँसम्म यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित वर्गका लागि छुट्टै कानूनको व्यवस्था गर्नु पर्ने भन्ने निवेदन जिकिर छ । मौजुदा कानूनबाट नै निवेदकहरूको हक संरक्षण हुन सक्ने हुनाले सो प्रयोजनका लागि छुट्टै ऐन बनाइ रहनु पर्ने आवश्यकता छैन । कुनै पनि विषयमा के कस्तो कानून निर्माण वा संशोधन गर्ने भन्ने कुरा विधायिकाको एकलौटी अधिकार क्षेत्र भित्र पर्ने विषय भएको र त्यस्तो विषय यस कार्यालयले नियमित गर्ने विषय नभएकोले यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण र आधार छैन । तसर्थ असम्बन्धित विषयलाई लिएर यस कार्यालयलाई विपक्षी बनाइएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा उल्लिखित मौलिक हकहरूको उपभोग गर्नबाट राज्यले निवेदकलाई रोक लगाएको छैन । निवेदकहरु प्राकृतिक व्यक्ति भएकोमा कुनै विवाद छैन । व्यक्तिको हैसियतबाट प्राप्त हुने सबै संवैधानिक एवं कानूनी हक तथा अधिकारको उपभोग गर्न निवेदकहरु स्वतन्त्र र सक्षम छन् । राज्यले निवेदकहरूलाई कुनै भेदभाव गरेको छैन । त्यसैले निवेदन दावी तर्क संगत देखिंदैन । जहाँसम्म नागरिकताको प्रश्न छ, नेपाल नागरिकता ऐन, २०५३ ले व्यक्तिको परिभाषा गरेको र ऐ. ऐनमा हरेक प्राकृतिक व्यक्तिलाई जन्म र वंशजका आधारमा नागरिकता प्रदान गरिने कानूनी व्यवस्था समेत भएको हुँदा निवेदकहरूलाई व्यक्तिको हैसियतबाट नागरिकता प्राप्त गर्न कुनै रोक लगाएको छैन । साथै नागरिकका हैसियतबाट प्राप्त हुने सबै मौलिक हकहरु निवेदकहरूलाई प्रदान गर्नबाट पनि राज्यले कुनै रोक लगाएको नहुँदा निवेदन दावी औचित्यपूर्ण देखिंदैन । यस मन्त्रालयले निवेदकहरूको मानव अधिकार उल्लंघन हुने कुनै काम कारवाही समेत गरेको नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको तर्फबाट प्रस्तुत लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरि फूयाँलले राज्यमा नागरिकहरूको मानव अधिकारको रक्षा गर्नुपर्ने वाध्यात्मक प्रकृतिको दायित्व रहेको हुन्छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सबै मानिसहरु कानूनको अगाडि समान हुने, कानूनको समान संरक्षण पाउने र कुनै पनि आधारमा भेदभाव नगरिने कुराको प्रत्याभूति गरेका छन् । तेस्रो लिङ्गीलाई पनि सो अनुसारको अधिकार प्राप्त हुन्छ भन्ने विषयमा दक्षिण अफ्रिकाको संवैधानिक अदालतले गरेको व्याख्या हाम्रो सन्दर्भमा पनि अनुकरणीय हुन सक्छ । सो अदालतले लैङ्गिक अभिमुखीकरणका आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने र लैङ्गिक अभिमुखीकरणले तेस्रो लिङ्गीलाई समेत समेट्ने व्याख्या गरेको छ । नेपालले पनि मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अभिसन्धिहरूलाई अनुमोदन गरिसकेको सन्दर्भमा सन्धि ऐन मुताविक त्यसको परिपालना पनि गर्न गराउन सक्नु पर्दछ । नेपालमा तेस्रो लिङ्गीप्रति समान व्यवहार नभएको र उनीहरूको हक अधिकारको संरक्षण गर्नेतर्फ कुनै प्रयास नभएको हुँदा निवेदकको माग बमोजिम रिट जारी हुनुपर्दछ भनी बहस गर्नु भयो । रिट निवेदककै तर्फबाट विद्वान अधिवक्ताहरु श्री हरि प्रसाद उप्रेती, श्री चन्द्रकान्त ज्ञवाली, श्री रुपनारायण श्रेष्ठ, श्री भुवनप्रसाद निरौला, श्री प्रेमचन्द्र राई र श्री शर्मिला ढकालले तेस्रो लिङ्गीले व्यहोर्नु परेका कठिनाई उनीहरूले भोग्नु परेका अप्ठ्याराहरु, कानूनी व्यवस्थाको अभावमा आइपरेका समस्याहरु तथा यस सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूको वारेमा विश्लेषण गर्दै लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण गर्ने दायित्व राज्यको तर्फबाट पूरा नभएकोले प्रस्तुत रिट दायर गरेको हो । यौनिक अल्पसंख्यकहरु जहिले पनि भेदभावको शिकार बन्ने अवस्थाबाट मुक्त भई उनीहरूले चाहेको जस्तो गरी लैङ्गिक पहिचान भएको व्यक्तिलाई निजहरूले चाहेको लैङ्गिक पहिचान खुल्ने जन्म दर्ता प्रमाणपत्र, नागरिकता, पासपोर्ट, मतदाता परिचय पत्र लगायतका कागजात उपलब्ध गराउनु राज्यको दायित्व हो । सो अनुसार हाम्रो कानूनी व्यवस्थामा सुधार गरी लिङ्ग भन्ने शव्दको अर्थ गर्दा तस्रो लिङ्गी र यौन अभिमुखीकरण शव्दले समेट्ने समूहलाई समेत परिभाषित गरिनु पर्दछ । सो व्यवस्थासंग मेल नखाने कानूनी व्यवस्था बदर गरी रिट निवेदकको माग बमोजिमको आदेश गरी हुनुपर्दछ भनी बहस गर्नु भयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेले नेपालको अन्तरिम संविधान, २०६३ ले कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्थाका आधारमा सामान्य कानूनको प्रयोगमा नागरिकहरु बीच कुनै भेदभाव नगरिने प्रत्याभूति गरिएको छ । त्यस्तो अधिकारको उपभोग गर्नमा रिट निवेदकलाई कहीं कतैबाट बाधा विरोध गरिएको छैन । फरक प्रकृतिका लैङ्गिक

पहिचानको व्यक्ति विरूद्ध कुनै हिंसा वा दूर्व्यवहार भएमा प्रचलित कानून बमोजिम अरू व्यक्ति सरह उपचार पाउँने अधिकार निजहरुमा पनि समान रूपमा रहेको छ । तसर्थ रिट निवेदन खारेज गरी पाँउ भनी बहस गर्नु भयो । निवेदक तथा विपक्षी दुबै पक्षबाट भएको बहस जिकिर समेत सुनी रिट निवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा देहायका विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

(क) लैङ्गिक पहिचान (Gender Identity) एवम् यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा अल्पसंख्यकको रूपमा रहेका समलिङ्गी वा तेस्रो लिङ्गीको अधिकारको विषयमा परेको रिट निवेदन सार्वजनिक सरोकारको विषय भित्र पर्छ कि पर्दैन ?

(ख) समलिङ्गी वा तेस्रो लिङ्गी व्यक्तिहरूको पहिचानको आधार के हो ? यो व्यक्तिको मनोवृत्तिका कारण हुन्छ वा प्राकृतिक रूपमा नै यस्तो विशेषता कायम भएको हो ?

(ग) समलिङ्गी यौन अभिमुखीकरण भएका एवम् तेस्रो लिङ्गी लैङ्गीय पहिचान भएका नागरिक प्रति राज्यले भेदभावपूर्ण व्यवहार गरेको छ छैन ? र

(घ) रिट निवेदकहरूको माग बमोजिम आदेश जारी गर्नु पर्ने हो होइन ?

तेस्रो लिङ्गीको अधिकारको विषयमा परेको यस रिट निवेदन सार्वजनिक सरोकारको विवाद समावेश भएको संवैधानिक तथा कानुनी प्रश्नको निरूपणको विषय भित्र पर्छ पर्दैन भन्ने पहिलो प्रश्न तर्फ विचार गर्दा समाज विभिन्न धर्म, वर्ण, उत्पत्ति, भाषा भाषी, वर्ग, लिङ्ग, लिङ्गी, जात जाति, समुदाय समूहको समष्टिगत स्वरूप हो । सबै समाजहरु एकै स्वरूप र चरित्रका हुन सक्दैनन् । समाजका सबै वर्गले समान अवसर प्राप्त गर्न नसकेको अवस्था पनि हुन सक्छ । यसरी अवसर नपाएका र समाजिक रूपमा पछाडि परेका वर्ग समुदायलाई पनि अरू सरह अवसरको उपयोग गर्न सक्ने र अधिकारको प्रयोग गर्न सक्ने बनाउनु राज्यको संवैधानिक कर्तव्य एवम् दायित्व हो । जसलाई विधिशास्त्रीय भाषामा वितरणात्मक न्याय (Distributive Justice) भन्ने गरिन्छ भने यसलाई सामाजिक न्यायको परिधि भित्र पनि राख्ने गरिन्छ । हाम्रो न्यायिक अभ्यासमा सामाजिक न्यायको विषयलाई सार्वजनिक सरोकारको विषय वा सार्वजनिक सरोकारको विवादको विषयको रूपमा मान्यता प्रदान गर्दै आएको पाइन्छ । निश्चय नै सामाजिक, आर्थिक, सांस्कृतिक आदि विभिन्न कारण लगायत राज्यको Inaction का कारणले आफ्नो हक अधिकारको उपभोग गर्न असमर्थ रहेका व्यक्ति वा समूहको अधिकारको सुरक्षाको विषय सार्वजनिक सरोकारको विवादको विषय भित्र पर्दछ । हाम्रो न्यायिक अभ्यास र संवैधानिक व्यवस्था पनि यसै दिशा तर्फ उन्मुख रहेको छ ।

प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७ (२) अन्तर्गत पर्न आएको देखिन्छ । धारा ३२ को संवैधानिक उपचारको हक पनि मौलिक हक हो । तर धारा ३२ को यो हक आफैमा निरपेक्ष रूपमा कुनै हक नभए पनि भाग ३ को धारा १२ देखि धारा ३१ सम्म प्रदान भएका हकहरु हनन भएमा यस अदालतको धारा १०७ (२) को असाधारण अधिकार क्षेत्र अन्तर्गत त्यस्तो हनन भएको हक प्रचलन गराई पाउन निवेदन दिन पाउने हक हो । अर्थात धारा ३२ को हकलाई संविधानको भाग ३ द्वारा नागरिकलाई प्रदान भएका विभिन्न मौलिक हकहरु हनन् भएमा त्यस्तो हक प्रचलन गराउन यस अदालतमा निवेदन गर्ने हकदैया (Locus standi) प्रदान गर्ने हक भन्नु पर्दछ । अझ अर्को शब्दमा भन्नु पर्दा धारा ३२ को हक भनेको मौलिक हक हनन् भएको अवस्थामा उपचारका लागि सर्वोच्च अदालतमा प्रवेश गर्न पाउने हक (Right to move the supreme court) को हक हो ।

त्यसै गरी धारा १०७ मा यस अदालतको दुई प्रकारका असाधारण अधिकारहरूको व्यवस्था भएको छ । धारा १०७ (१) को असाधारण अधिकार भनेको विधायिकाले आफ्नो विधायिकी अधिकार अन्तर्गत बनाएका ऐनहरु वा ऐनको नियम बनाउन पाउने अधिकार अन्तर्गत बनेका नियमहरु संविधान अनुकूल छन् वा छैनन् भनी न्यायिक पुनरावलोकन गर्ने असाधारण अधिकार हो । कहिले काहीँ विधायिकाले नचाहेर वा मस्यौदाकारको गल्ती वा भूलले पनि संविधानको व्यवस्था विपरीत ऐनहरु तर्जुमा हुन गई विधेयकको रूपमा पारित हुन सक्छ । विधायिकाको दृष्टि नपुग्नाले त्यस्तो ऐन पारित हुन सक्छ । कानून बनाउने (Law Making) को काममा मात्र विधायिका सर्वोच्च हुने भएकोले संवैधानिक सर्वोच्चता (Constitutional Supremacy) भएका हाम्रो जस्तो देशमा संविधानसंग बाझिने कानूनको कुनै स्थान हुँदैन । यसका लागि संविधान नै मापदण्ड हो । संविधान सार्वभौम जनताले आफूमा भएको संविधान निर्माण गर्ने सार्वभौम अधिकार प्रयोग गरी छानेका Delegate हरूद्वारा संवैधानिक अधिकार अन्तर्गत निर्माण गरिएको हुन्छ ।

विधायिका संविधानको सिर्जना (Creation) हो अर्थात creature हो । त्यसैले संविधानले जन्माउने विधायिकाले आफूलाई जन्माउने संविधान विपरीत हुने गरी Legislative Power प्रयोग गरी कानून बनाउन सक्दैन । संविधान विपरीत बनेको कानून संवैधानिक प्रकृयाद्वारा नै खारेज वा संशोधन हुन सक्छ । तर संवैधानिक प्रक्रियाद्धारा खारेज वा संशोधन गर्न पनि समय लाग्दछ । विधायिकाको अधिवेशन बोलाई अधिवेशन बसी संविधान विपरीत बनेको ऐन खारेज वा संशोधन गर्न विधायिकाको समय नहुन सक्छ । संविधान विपरीत बनेको ऐन खारेज वा संशोधन गर्न त्यती लामो समय पर्खिरहँदा नागरिकहरूलाई संविधानले प्रदान गरेको हकहरु जोखिममा पर्ने हुन्छ । त्यस्तो जोखिमबाट नागरिकलाई बचाउनका लागि नै संविधान स्वयंले नै संविधानसंग बाझिने गरी वनेका त्यस्तो ऐन अमान्य गर्न

सक्ने असाधारण अधिकार यस अदालतलाई धारा १०७ (१) ले प्रदान गरेको हो । प्रस्तुत बिवादको बिषय धारा १०७ (१) संग प्रत्यक्ष रूपले सम्बन्धित बिषय नभएकोले त्यस तर्फ थप विवेचना गरी रहनु परेन ।

संविधानको धारा १०७ (२) ले पनि यस अदालतलाई असाधारण अधिकार प्रदान गरेको छ । सो धारा अन्तर्गत यस अदालतले देहायको अवस्थामा असाधारण अधिकार प्रयोग गरी पूर्ण न्याय प्रदान गर्दछ ।

- संविधानद्वारा प्रदत्त मौलिक हक प्रचलनका लागि ।
- बैकल्पिक उपचारको व्यवस्था नभएको वा प्रभावकारी उपचार प्राप्त हुन नसकेको कुनै कानुनी हकको प्रचलनका लागि
- सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानून प्रश्नको निरूपण गर्नका लागि ।

धारा १०७ को उपधारा (२) को उपरोक्त व्यवस्था अनुसारको हक प्रचलन गराउन वा सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानून प्रश्नको निरूपणका लागि (जसलाई Public Interest Litigation of Social Action Litigation भनिन्छ) यस अदालतबाट बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत आवश्यकता अनुसार अन्य उपयुक्त आदेश जारी गरी हक प्रचलन गराइन्छ । निजी हक प्रचलन गराउन माग भएको विवादको बिषयमा निवेदकको हकहित समावेश भएको देखिनु पर्छ अन्यथा हकदैया (Locus Standi) को अभावमा निवेदन खारेज हुन्छ भने यसको विपरित सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको निरोपणका लागि निवेदकले आफ्नो हकदैया स्थापित गरी प्रमाणित गरिरहनु पर्दैन । जो सुकै Public spirited Individual ले सार्वजनिक हितका लागि (pro-bono publico) निवेदन गर्न सक्छ र उसको निवेदन लाग्दछ । यस्तो निवेदनबाट पनि धारा १०७ (२) वमोजिम हक प्रचलन गराइन्छ । अर्थात सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरोपणका लागि गरिने निवेदनमा परम्परागत हकदैया (Traditional & Conservative Locus Standi) लाई व्यापक (Widen) गरिएको छ र गरिनु पनि पर्दछ । यस्ता प्रकारका विवादमा हकदैयालाई व्यापक नगर्ने हो भने यस अदालतलाई जतिसुकै व्यापक असाधारण अधिकार प्रदान गरे पनि पीडित समूहले न्याय पाउन नसक्ने हुनाले हकदैयालाई यसरी व्यापक गरिएको हो ।

प्रस्तुत निवेदन नीलहिरा समाजको तर्फबाट उक्त संस्थाका कार्यकारी निर्देशक समेतबाट पर्न आएको देखिन्छ । निवेदक तर्फका कानुन व्यवसायीबाट प्राप्त लिखित बहस नोट हेर्दा निवेदक संस्थाको अंग्रेजी नाम Blue Diamond Society रहेको र सो संस्था २०५७ सालमा तेस्रो लिङ्गी समुदायको हकहितका लागि स्थापित भएको भन्ने देखिन्छ । निवेदक संस्थाले नेपालमा लैङ्गिक अल्पसंख्यक (Sexual Minorities) को हक अधिकारमा काम गरिरहेको भन्ने पनि देखिन्छ । निवेदकको माग हेर्दा लैङ्गिक अल्पसंख्यकको रूपमा रहेका Lesbian, Gay, Bisexual, Transsexual / Intersex (LGBTI) लाई उनीहरूको लैङ्गिक अनुभूतिका आधारमा लैङ्गिक पहिचान (Gender Identity) र यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा उनीहरूको आपसी सम्वन्धलाई मान्यता प्रदान गर्ने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने माग गरेको देखिन्छ ।

संविधानको धारा १०७ (२) मा भएको सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक एवं कानूनी प्रश्न सम्बन्धी बिवादका मुद्दालाई Public Interest Litigation अन्तर्गत पर्ने विवाद भनिन्छ । यस्तो बिवादमा यस अदालतमा मुद्दा ल्याई दिनलाई ल्याई दिने व्यक्तिकै व्यक्तिगत हक हनन भएको हुन नपर्ने त्यस्ता बिवादका पीडितको तर्फबाट जो सुकैले यस अदालतमा निवेदन ल्याई दिन सक्ने व्यवस्था हुनको पछाडि केही मान्यताहरु छन् । संविधानले नागरिकहरूलाई विभिन्न प्रकारका मौलिक हकहरु प्रदान गरेको छ । नेपाली समाजमा सबै व्यक्ति वर्ग समूह र जात जातिका नागरिकहरु शिक्षित र सचेत छैनन् । नेपाली समाजमा राज्यको दृष्टि नपुग्नु र प्रचलित अशिक्षा, अज्ञानता सामाजिक मान्यता, रूढीवादी परम्परा, प्रचलन तथा आर्थिक विपन्नता अर्थात गरिवी आदिको कारण सम्पन्न बर्गबाट विपन्न वर्ग शोषित र दविएको हुनाले नेपालका विभिन्न क्षेत्रका विभिन्न वर्ग, समुदाय, जात जाति Disadvantaged हुन पुगी उनीहरु आफ्नो हक र अधिकार प्रति सचेत छैनन र उनीहरूलाई आफ्नो हक प्रचलन गराउन सकिन्छ भन्ने सम्म पनि थाहा छैन । यही कारणले नै उनीहरु पिछडिएको (Disadvantaged) बर्गको रूपमा रहनु परेको छ । समाजमा सबै बर्ग र नागरिक आर्थिक रूपले सम्पन्न छैनन् । अर्थात शिक्षाको कमी, अनभिज्ञता वा आर्थिक विपन्नता आदिको कारणले गर्दा संविधानले आफूलाई विभिन्न हकहरु प्रदान गरेको छ र आफ्ना ती हकहरु हनन भैरहेका छन् र ती हकहरु यस अदालतबाट प्रचलन हुन सक्छ भन्ने सम्म पनि जानकारी नहुने Disadvantaged समूहको हक प्रचलन गराइदिन त्यस्ता Disadvantaged समूहको तर्फबाट जो सुकैले संविधानको धारा १०७ (२) अन्तर्गत यस अदालतको असाधारण क्षेत्र अन्तर्गत निवेदन गर्न सकोस् भनेर नै धारा १०७(२) अन्तर्गतको सार्वजनिक सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानुनी प्रश्नको निरोपणका लागि परम्परागत Locus Standi को Rule लाई Widen गरी जोसुकै Public Spirited Individual ले पनि त्यस्ता Disadvantaged समूहको तर्फबाट निवेदन गर्न पाउने हक प्रदान गरेको हो ।

हाम्रो परम्परागत समाजले महिला र पुरुष दुई वर्गलाई मात्र पहिचान गरेकोले समाजमा महिला र पुरूष दुई लिङ्गको

मात्र अधिपत्य रहेको छ । तेस्रो लिङ्गीहरूलाई समाजले बेग्लै दृष्टिले हेर्ने प्रचलन कायम रहेको छ । यो कुरालाई अदालतले Judicial Notice मा लिनु पर्दछ । चेतनाको कमी, शिक्षाको कमी र ज्ञानको कमीका कारणले गर्दा महिला र पुरूष वाहेकका तेश्रो लिङ्गीलाई हामीले मात्र होइन बाह्य राष्ट्रहरूमा पनि भिन्नै दृष्टिले हेर्ने परम्परा र प्रचलन रहेको देखिन्छ । त्यस कारणले गर्दा तेश्रो लिङ्गी समूह आफैले एकीकृत भएर निवेदन गर्न नसक्ने अवस्थालाई अन्यथा भन्न मिल्दैन । हाम्रो संविधानको भाग ३ मा नेपाली नागरिकहरूलाई विभिन्न मौलिक हक प्रदान भएको छ । भाग ४ मा रहेको राज्यका नीति र निर्देशक सिद्धान्तले नागरिकहरूको उत्थान र विकासमा राज्य केन्द्रित हुने व्यवस्था भएको छ । बालक, बृद्ध, महिला, पुरूष, अपाङ्ग, सुस्त मनस्थितिका व्यक्ति, तेश्रो लिङ्गी लगायत सम्पूर्ण मानिसहरु (Human beings) नेपालका नागरिक हुन् । ती सम्पूर्ण नागरिकहरूको समूह सहितको यो देशको समष्टिगत भूभाग राष्ट्र (Nation) हो । राष्ट्रको नागरिक जनसंख्या मध्येका तेश्रो लिङ्गी पनि नेपालका जनसंख्या कै एक हिस्सा हुन् । तेश्रो लिङ्गीहरु हालसम्म उनीहरु प्रतिको समाजिक दृष्टिकोण र समाजले गर्ने व्यवहार तथा तेश्रो लिङ्गी समुदायमा नै पनि शिक्षाको अभाव, अनभिज्ञता, आर्थिक विपन्नता आदि कारणले गर्दा यो वर्ग वा समुदाय अझैसम्म पनि पिछडिएको बर्ग (Disadvantaged Class) का नागरिक समूहमा रहेको मान्नु पर्दछ । अदालतबाट यस्तै सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्नको निरोपण गर्नका लागि नै Public Interest Litigation को परिपाटी विकास भएको हो, अर्थात आर्थिक, सामाजिक, शैक्षिक आदि विभिन्न कारणले पीडित भई पछाडि परेका बर्गको भलाई र हितका लागि (Pro Bono Publico) उनीहरूको तर्फबाट जो सुकै Public Spirited Individual ले निवेदन दिन सक्ने गरी संविधानको धारा १०७ (२) मा असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदन दिन पाउने व्यवस्था गरिएको हो ।

हाम्रो संविधानको भाग ३ मा विभिन्न मौलिक हकहरूको व्यवस्था भएको छ । तर त्यसको उपभोग गर्नु पर्ने जनताहरु सबै शिक्षित छैनन् । जनता सबै आर्थिक रूपले सम्पन्न छैनन । जनताहरु अनभिज्ञ पनि छन् । यस्ता विभिन्न तत्वहरु (Multiple Factor) ले गर्दा जनताहरु पिछडिन पुग्दछन् । त्यसैले यस्ता बिषयमा अदालतले परम्परागत रूपमा हकदैयाको साँघुरो दृष्टिकोण (Narrow Concept of Locus Standi) र परम्परागत अदालती ढाँचामा (Traditional Pattern of Court) मा बस्ने हो भने त्यस्तो पिछडिएका बर्गका लागि न्याय र मौलिक हकमा पहुँच नै हुँदैन । यही मान्यताले त्यस्ता पिछडिएका (Disadvantaged) बर्गको तर्फबाट जो सुकैले मुद्दा दिन सक्ने व्यवस्था भएको हो । भारतको संविधानमा हाम्रो संविधानको धारा १०७ (२) मा भए जस्तो सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक एवम् कानूनी प्रश्न निरोपण गर्ने व्यवस्था उल्लेख भएको छैन । तर पनि सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्न निरोपणका सम्बन्धमा भारतको सर्वोच्च अदालतबाट भएको S.P. Gupta & Others vs. President of India को मुद्दामा भएको फैसला यस सम्बन्धमा महत्वपूर्ण रहेको छ । Public Interest Litigation मा सो मुद्दाको फैसलालाई मार्गदर्शक फैसला मान्नु पर्दछ । न्यायमूर्ति P.N. Bhagabati ले व्यक्त गर्नु भएका यी विचारहरूले यस सम्बन्धी अवधारणालाई स्पष्ट पारेको छ -

...where a legal wrong or a legal injury is caused a person or to a determinate class of persons by reason of violation of any constitutional or legal right or any burden is imposed in contravention of any constitutional or legal provision or without authority of law or any such legal wrong or legal injury or illegal burden is threatened and such person or determinate class of persons is by reason of poverty, helplessness or disability or socially or economically disadvantaged position, unable to approach the court for relief any member of the public can maintain and application for an appropriate derection or order.

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हक र भाग ४ मा राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वहरूको व्यवस्था गरिएको छ । ती व्यवस्थाहरु देशलाई जनकल्याणकारी राज्य (Welfare State) मा परिणत गरी नागरिकहरूको कल्याण गर्ने Approach बाट व्यवस्था भएको हो । यसका साथै २०४७ पछि आएर नेपालले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि (ICCPR), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि (ICESCR), महिला बिरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW) लगायत १८ वटा भन्दा बढी अन्तर्राष्ट्रिय महासन्धिहरु अनुमोदन समेत गरेको छ । कार्यपालिकाले काम गर्दा संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त एवम् राज्यले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी महासन्धिलाई मध्यनजरमा राखी सो अनुसारका नीति बनाउने, कानून बनाउने र त्यसलाई लागू गर्नु पर्दछ । तर कार्यपालिकाले त्यसो नगरेको अवस्थामा नै धारा ३२ र धारा १०७ (२) आकर्षित हुने गर्दछ । त्यसैले कार्यपालिकाले उपरोक्त व्यवस्थालाई मध्यनजरमा राखी आफ्नो संवैधानिक कर्तव्य पालना गर्नु पर्दछ । हालसम्मको कार्यपालिकाको कार्यशैली हेर्दा उल्लिखित व्यवस्थाको परिपालना भएको देखिएको छैन ।

सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्न निरोपण गर्न जो सुकैले निवेदन गर्न पाउने बर्तमान संविधानको धारा १०७ (२) मा मात्र होइन खारेज भएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) मा पनि समावेश भएको थियो । यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्र अन्तर्गत सार्वजनिक

सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्नको निरोपणमा हकदैयालाई व्यापक गरिएको कारण Disadvantaged बर्गको तर्फबाट विभिन्न गैर सरकारी संस्था (NGOs, INGOs) र Public Spirited Individual बाट परेको निवेदनमा उचित र उपयुक्त आदेश जारी गर्दा गर्दै पनि हकदैयाको बिषयमा बिवाद उठ्ने गरेकोले कस्तो बिवाद संवैधानिक वा कानूनी प्रश्न समावेश भएको सार्वजनिक सरोकारको बिवाद हुन सक्छ भन्ने व्याख्या गर्नु आवश्यक देखिएको छ । बर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) को सन्दर्भमा देहायको बिवाद सार्वजनिक हक वा सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्नु पर्ने बिवादको रूपमा अर्थात Public Interest Litigation को विवाद मान्न सकिन्छः

- राज्यको ढिलाई वा Inaction को कारण विभिन्न वर्ग, जातजाति, लिङ्ग, समूह, भाषा भाषी आदि नागरिकको विभिन्न समूह संविधानको भाग ३ ले प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यले क्रमशः लागू गर्ने निर्देशक सिद्धान्तलाई वेवास्ता गरेको कारण मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यको तर्फबाट वर्तमान संविधानको प्रस्तावना खास गरी प्रस्तावनाको चौथो प्रकरणको व्यवस्था र भावना विपरीत हुने कार्य भएको अवस्थामा,
- न्यायपालिकाको स्वतन्त्रता र संविधान बमोजिम स्वतन्त्र भएर काम गर्नु पर्ने अन्य संवैधानिक निकायको स्वतन्त्रतामा हस्तक्षेप सम्बन्धी विषय,
- वातावरण प्रदूषण सम्वन्धी विषय,
- संविधानको धारा १३(३)को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएका विशेष व्यवस्था गरी संरक्षण र सशक्तीकरण गर्न सकिने जातजाति वा व्यक्ति वा वर्गको हकहित सम्वन्धी विषय,
- संविधानको भाग ३ र ४ मा उल्लिखित अन्य व्यक्ति वा समूह वा वर्गको हकहित सम्वन्धी विषय,
- नेपालको प्राकृतिक श्रोत सम्पदा जस्तैः सार्वजनिक जग्गा, नदीनाला, वनजंगल आदि Public Trust Doctrine अन्तर्गत पर्ने विषय,
- नेपालको सांस्कृतिक सम्पदा सम्वन्धी ऐतिहासिक र पुरातात्विक विषयहरु,
- कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना नगरेको कारणबाट नागरिकहरूको कुनै वर्ग वा समूह वा जातजाति पीडित हुन परेको विषय आदि ।

हाम्रो सन्दर्भमा उल्लिखित विषयहरु Public Interest Litigation का विषय हुन् । यस्ता विषयमा संविधानको धारा १०७(२) अनुसार त्यस्ता Disadvantaged वर्गको तर्फबाट जोसुकै Public spirited Individual वा समूहले पनि निवेदन दिन सक्छ । तर माथि उल्लिखित विषय मात्र अन्तिम होइनन्, हाम्रो संविधानको व्यवस्थाबाट बेला बेलामा अवस्था अनुसार अन्य विषयहरु पनि यस अन्तर्गत पर्न सक्दछन् । यसलाई सम्पूर्ण रूपमा अहिले नै किटेर सीमित गर्न सकिदैन ।

प्रस्तुत रिट निवेदनमा उठाइएको लैङ्गिक पहिचान, लैङ्गिक विभेद र यसैका कारणबाट व्यहोर्नु परेका कठिनाई, लैङ्गिक मान्यताको आदि जस्ता विषयहरु सामाजिक न्याय र सरोकारका विषय हुन् । यस्तो विषयमा आवश्यक उपचारको माग गरी अदालत आउन पाउने भनी यस अदालतले पनि विभिन्न मुद्दामा व्याख्या गरेको छ । लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको विषयमा समलिङ्गी र तेस्रो लिङ्गी व्यक्तिहरूको प्रतिनिधित्व गर्दै आफूहरूप्रति राज्य र समाजले गरेको व्यवहारको विषयमा असहमति जनाउँदै आफ्नो वर्गको हक अधिकारको विषयलाई लिएर दायर भएको प्रस्तुत रिट निवेदन सार्वजनिक सरोकारको विषय भित्रै पर्ने देखिन्छ र प्रस्तुत रिट निवेदनमा उठाइएका बिषयहरूसित निवेदकहरूको तात्विक सरोकार (Substential Interest) र अर्थपूर्ण सम्बन्ध (Meaningful Relation) पनि रहेको छ । तसर्थ माथि उल्लेख गरिए अनुसार LGBTI को हकहित संरक्षण गर्न स्थापित संस्थाहरूको प्रस्तुत रिट निवेदन दिने हकदैया हुँदैन भन्ने बिपक्षी तर्फको जिकिरसँग सहमत हुन सकिएन । अतः निवेदकहरूलाई प्रस्तुत निवेदन दिने हकदैया पुग्ने देखिन्छ ।

अब समलिङ्गी वा तेस्रो लिङ्गी व्यक्तिहरूको पहिचानको आधार के हो ? यो व्यक्तिको मनोवृत्तिका कारण हुन्छ वा प्राकृतिक रूपमा नै यस्तो विशेषता कायम भएको हो ? भन्ने दोस्रो प्रश्न तर्फ विचार गर्दा व्यक्तिको यौन अंग अनुसार देखा पर्ने भिन्नतालाई लिङ्ग (Sex) र लिङ्गको आधारमा समाजले निर्धारण गरेको सामाजिक भूमिकालाई लैङ्गिकता (Gender) भनी परिभाषित गर्ने गरिएको छ । लैङ्गिक पहिचानको दृष्टिकोणबाट मूलधार (Mainstream) को रूपमा रहेका महिला र पुरुष भन्दा अलग तेस्रो लिङ्गी (Third Gender) पहिचान भएका व्यक्तिहरु समेत समाजमा अल्पसंख्यक रूपमा रहेका हुन्छन् ।

यौन अभिमुखीकरणका आधारमा तीन प्रकृतिका लैङ्गिक आकर्षण (Sexual Attraction) भएका मानिसहरु हुन्छन् भनी चिकित्साशास्त्र एवम् मनोविज्ञानले समेत बर्गीकरण गरेको पाईन्छ । यसअनुसार समान लिङ्गीका बीचमा हुने यौन सम्वन्ध वा यौन आकर्षणलाई समलिङ्गी (Homosexual) सम्वन्ध, विपरीत लिङ्गीप्रति हुने यौन सम्वन्ध वा यौन आकर्षणलाई विपरीत लिङ्गी (Heterosexual) सम्वन्ध र समान तथा विपरीत दुवै लिङ्गी प्रति उत्तिकै रूपमा हुने यौन सम्वन्ध वा यौन आकर्षणलाई द्विलिङ्गी (Bi-sexual) सम्वन्ध भनिन्छ । लैङ्गिक पहिचानका दृष्टिले जसरी महिला पुरूषलाई समाजको mainstream वर्गको रूपमा लिइए जस्तै यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा विपरीत लिङ्गीप्रति यौन आकर्षण भएका

(Heterosexual) व्यक्तिहरूको बाहुल्यता हुने भएकाले उनीहरूलाई पनि सो वर्गको mainstream का रूपमा लिइन्छ । अर्को तिर समलिङ्गी र द्विलिङ्गी व्यक्तिहरूको संख्या समाजमा मात्रात्मक रूपमा ठूलो रूपमा रहेको पाइदैन । समलिङ्गीहरु भित्र पनि महिला समलिङ्गी (Lesbian) र पुरूष समलिङ्गी (Gay) गरी दुई प्रकारका समलिङ्गीहरु रहेका हुन्छन् । यस्तै एउटा लिङ्ग जनाउने कोषीय तत्व लिएर जन्मेका तर मानसिक रूपमा आफू अर्को लिङ्गको रूपमा रहेको अनुभूति दिलाउने श्रेणीका मानिसहरूलाई तेश्रो लिङ्गी (transsexual) भनिन्छ ।

यौन अल्पसंख्यकको रूपमा रहेको अर्को वर्ग भनेको अन्तरलिङ्गी (Intersexual) वर्ग हो, जुन प्राकृतिक रूपमा नै महिला र पुरूष दुवैको जैविक लिङ्ग लिएर जन्मिएको हुन्छ । यस्ता व्यक्तिहरूको संख्या अत्यन्त न्यून (Rarest of the Rare) रहेको छ । उनीहरूमा वयस्क भएपछि Sexual Orientation का आधारमा लैङ्गिकताको निर्धारण हुने गर्दछ । यसरी समग्रमा हेर्दा यौन अल्पसंख्यक भित्र रहेका सवै वर्गका व्यक्तिहरु भित्र Lesbian, Gay, Bisexual, Transgender र Intersexual गरी ५ प्रकारका वर्गहरु रहेका पाइन्छ । यसलाई छोटकरीमा LGBTI भनेर पनि भन्ने गरिन्छ । यो बर्गलाई अहिलेसम्म यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको आधारमा मान्यता प्रदान गरिएको छैन भन्ने रिट निवेदकहरूको मुख्य दावी रहेको छ ।

निवेदकको दावीका सम्बन्धमा बिवेचना गर्नु पूर्व यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको परिभाषा गर्नु सान्दर्भिक देखिन्छ । यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको क्षेत्रमा क्रियाशील रहेका मानव अधिकारवादीहरूको सन् २००६ को नोभेम्बर ६ देखि ९ सम्म इण्डोनेसियाको जकार्तामा सम्पन्न भेलाले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्रयोग सम्बन्धी जकार्ता सिद्धान्त (The Yagyakarta Principles) लाई पारित गरेको छ । सो सिद्धान्तमा गरिएको यौन अभिमुखीकरण (Sexual Orientation) र लैङ्गिक पहिचान (Gender identity) को परिभाषा यस प्रकार रहेको छ : Sexual Orientation is understood to refer to each person's capacity for profound emotional, affectional and sexual attraction to, and intimate and sexual relations with, individuals of a different gender or the same gender or more than one gender.

अर्थात यौन अभिमुखीकरण भन्नाले हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको, भिन्न लिङ्ग भएको वा दुबै लिङ्गीसंग गहन संबेगात्मक, भावनात्मक तथा यौन आकर्षण र आत्मीय तथा यौन सम्बन्ध राख्न सक्ने क्षमतालाई बुझ्नु बुझाउनु पर्दछ ।

Gender identity is understood to refer to each person's deeply felt internal and individual experience of gender, which may or may not correspond with the sex assigned at birth, including the personal sense of the body (which may involve, if freely chosen, modification of bodily appearance or function by medical, surgical or other means) and other expressions of gender, including dress, speech and mannerisms.

अर्थात लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिले अन्तः स्करणमा व्यक्तिगत रूपमा अनुभव गरेको लैङ्गिक पहिचान हो जसमा व्यक्तिगत शारीरिक संवेदना (जसमा स्वतन्त्रपूर्वक छनौट गरिएको हकमा शारीरिक स्वरूपको परिवर्तन र स्वास्थ्यगत शल्यक्रिया वा अन्य माध्यमबाट गर्ने कुरा पर्दछ) का साथै व्यक्ति जन्मदै निरूपण गरिएको लैङ्गिक निरूपणसंग मेल खाने वा नखाने अवस्था पहिचानको अभिव्यक्ति गर्ने पोशाक, बोलीचाली वा व्यवहार समेत पर्दछन् ।

यसै सन्दर्भमा प्रस्तुत रिट निवेदनमा पटक पटक उल्लेख भएका केही शव्द र शव्दावलीहरूको सम्बन्धमा शव्दकोशमा गरिएको परिभाषालाई समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

**Lesbian :** A woman who is sexually attracted to other woman.

**Gay :** A homosexual person especially a man.

**Bisexual :** A person who is attracted to both man and woman.

**Transsexual :** A person especially a man who feels that he should have been opposite sex, and therefore behaves and dresses like a member of that sex.

**Homosexual :** A person, especially a man, who is sexually, attracted people of the same sex and not to people of the opposite sex.

*Source : Cambridge Advanced Learner's Dictionary (online version).*

**Transgender :** Transgender is the state of one's "gender identity (self-identification as woman, man, or neither) not matching ones "assigned sex" (identification by others as male or female based on physical/genetic sex). "Transgender" does not imply any specific form of sexual orientation; transgender people may identify as heterosexual, homosexual, bisexual, pansexual, polysexual, or asexual. The precise definition for transgender remains in flux, but includes:

- "Of, relating to, or designating a person whose identity does not conform unambiguously to conventional notions of male or female gender roles, but combines or moves between these."
- "People who were assigned a sex, usually at birth and based on their genitals, but who feel that this is a false or incomplete description of themselves."
- "Non-identification with, or non-presentation as, the sex (and assumed gender) one was assigned at birth."

**Intersexuality-** Intersexuality is the state of a living thing of a gonochoristic species whose sex chromosomes, genitalia, and/or secondary sex characteristics are determined to be neither exclusively male nor female. An intersex organism may have biological characteristics of both the male and female sexes. Intersexuality is the term adopted

by medicine during the 20th century applied to human beings who cannot be classified as either male or female. Intersexuality is also the word adopted by the identity-political movement, to criticize medical protocols in sex assignment and to claim the right to be heard in the construction of a new one.

*Source-Wikipedia*

यसै प्रसंगमा International Commission of Jurists द्वारा प्रकाशित Sexual Orientation and Gender Identity in Human Rights Law मा प्रकाशित यो सन्दर्भ यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

Discrimination on the grounds of sexual orientation and gender identity may give rise to the most egregious human rights violations, such as extrajudicial killings, torture and ill-treatment and arbitrary detention. Demonstrating that discrimination has consequences in the deprivation of enjoyment of all other guaranteed human rights. These include inter alia the right to life, right to liberty, right to a fair trail by an independentand impartial tribunal, right to privacy, freedom of conscience, freedom of opinion, freedom of assembly and freedom of association, equal access to public services, equality before the law and equal protection of the law, right to work, right to social security including social insurance, right to the enjoyment of the highest attainable level of health, right to education, and right to adequate housing. The social sexual orientation exposes them more to violence and human rights abuses; this stigmatisation also increases the climate of impunity, in which such violations frequently occur.

In some countries, sexual relationships between same-sex consenting adults or "unnatural behaviour", such as the manifestation of transgender behaviours, are criminalized under "sodomy laws" or under the abuse of morality laws, which violate the right to privacy and the equal protection of the law without discrimination. Such criminalisation reinforces attitudes of discrimination between persons on the basis of sexual orientation. In some countries such acts are punishable by corporal punishments or the death penalty impairing the right to be free from cruel, inhuman or degrading punishment and the right to life. Treaty bodies, the former Commission on Human Rights and special procedures have expressed concern at such criminalisation, called on States to refrain from such criminalisation and where such laws exist repeal them, and urged all States that maintains the death penalty not to impose for sexual relations between same-sex consenting adults.

Violence taking place in some countries against lesbian, gay, bisexual or transgender (LGBT) persons, including killing, "social cleansing", torture and ill- treatment, impairs the right to life, the right to be free from torture and cruel, inhuman or degrating treatment or punishment, and the right to security and is also a matter of concern of treaty bodies and special procedures of the former Commission. Victims of criminal offences suffer. From discrimination because of their sexual orientation and gender identity, as they are often perceived as less credible by law enforcement agencies and police officials frequently show prejudice towards such persons. These particular in cases of abuse, ill treatment, including rape or sexual assualt, torture, or sexual harassment, and may be disinclined to investigate promptly and thoroughly extrajudicial executions of LGBT persons. The refusal to bring those responsible for such killings to justice and to ensure that such killings particularly disturbing. The special procedures and the treaty bodies have repeatedly asked the States to take action to protect the right to life of LGBT persons, including proper investigation in cases of violence against LBGT persons. They have also called on states to take initiatives against homophobia and hate crimes, including policies and programmes aimed towards overcoming hatred and prejudice against LGBT persons.

लैङ्गिक पहिचानका सम्बन्धमा भएको अभ्यास र प्रचलन हेर्दा सन् १९७० मा बेलायतको उच्च अदालतले व्यक्तिका अन्तर्निहित तीन ओटा तत्वहरु जननेन्द्रिय (Genital Sex), कोषीय (Cromosomal Sex) र जनन ग्रन्थीय तत्व (Gonodal Sex) का आधारमा लैङ्गिक पहिचान निर्धारणको आधार हुनु पर्ने फैसला गरेको देखिन्छ । तर अष्ट्रेलियाको पारिवारिक अदालतले उक्त नजीर प्रति असहमति जनाउँदै लैङ्गिकता (gender) निर्धारण गर्दा उसको वास्तविक लिङ्ग छुट्याउनु पर्ने र त्यसका लागि जैविक, शारीरिक र मानसिक तत्व (जस्तो Brain Sex) लाई समेत आधार मान्नु पर्ने व्याख्या गऱ्यो । यो फैसलाले सम्बन्धित व्यक्तिको स्व धारणा (self perception) लाई समेत स्वीकार गरेको छ । अष्ट्रेलियाको पारिवारिक अदालतको उक्त फैसलाको केही अंश यहाँ उद्धृत गर्नु सान्दर्भिक देखिन्छ ।

It is wrong to say that a person's sex depends on some limited range of factors, such as the state of the person's gonods, Chromosomes or genitals (whether at birth or at some other time)... the relevant matters include the person's biological and physical characteristics at birth; … the person's self perception as a man or woman; …. and the person's biological, psycological and physical characteristics at the time of the marriage, including any biological features of the person's brain that are associated with a particular sex.

यही फैसलालाई आधार बनाएर युरोपियन मानव अधिकार अदालत (The European Court of Human Rights) ले पनि गडविन विरूद्ध संयुक्त अधिराज्य (Goodbin v. United Kingdom) भएको मुद्दामा उक्त अवधारणालाई स्वीकार गरेको देखिन्छ । त्यसै गरी विभिन्न खोज अनुसन्धानबाट निकालिएका वैज्ञानिक र चिकित्सकीय तथ्यहरूले पनि जन्मदाको लिङ्गको आधारमा मात्र व्यक्तिको लैङ्गिक पहिचान कायम नहुने र मस्तिष्कमा रहेको चरित्रले पनि यसमा

प्रभाव पार्ने निष्कर्ष निकालेको देखिन्छ ।

रिट निवेदनमा यौन अभिमुखीकरण (Sexual Orientation) को प्रसंग पनि उठाइएको छ । समान लिङ्गीहरु बीच हुने यौन आकर्षणका कारण समलिङ्गीहरूलाई समाजले वेग्लै र असमाजिक व्यवहार गरिदै आएको भनी निवेदकहरूले उल्लेख गरेका छन् । यस प्रसंगमा दक्षिण अफ्रिकाको संवैधानिक अदालतले गरेको व्याख्यालाई महत्वपूर्ण व्याख्या मान्नु पर्दछ । National Coalition for Gay and Lesbian Equality and others v. Minister of Justice and others भएको मुद्दामा सो अदालत गरेको व्याख्याको केही अंश यहाँ उद्धृत गर्नु सान्दर्भिक देखिन्छ : "….. Sexual Orientaion is defined by reference to erotic attraction: in the case of heterosexuals, to members of the opposite sex; in the case of gays and lesbian, to members of the same sex. Potentially a homosexual or gay or lesbian person can therefore be anyone who is erotically attracted to member of his or her own sex."

त्यसै गरी Human Right Watch को एउटा प्रकाशनमा भनिएको छः-

Sexual Orientation generally refers to the way in which a person's Sexual and emotional desires are directed. The term catagorizes according to the sex of the object of desire- that is, it describes whether a person is attracted primarily toward people of the same or opposite sex or to both.

संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले लरेन्स वि. टेक्सास (Lawrence et al. v. Texas 2003) को मुद्दामा बयस्कहरु वीच सहमतिमा गरिने समलिङ्गीहरूको सम्वन्धलाई अपराध कायम गर्ने कानुनलाई असंवैधानिक घोषणा गरेको पाइन्छ । इक्वेडरको संवैंधानिक अदालतले पनि समलिङ्गी सम्वन्धलाई अपराध घोषणा गर्ने राष्ट्रिय कानुनको व्यवस्थालाई अमान्य घोषित गरेको पाइन्छ । उक्त मुलुकको अपराध संहिताको धारा ५१६, संविधान र ICCPR को धारा २६ सँग मेल नखाएको भन्ने आधारमा सन १९९७ मा नै अमान्य घोषणा गरिएको पाइन्छ ।

उल्लेखित विभिन्न सन्दर्भहरूलाई हेर्दा, लिङ्ग, लैङ्गिकता, यौन अभिमुखीकरण र लैङ्गिक पहिचान सम्बन्धमा रहँदै आएको परम्परागत मूल्य मान्यतामा क्रमशः परिवर्तन आउन थालेको देखिन्छ । व्यक्तिको शारीरिक अवस्था र मानसिक अनुभूति अनुरूप उनीहरूको लैङ्गिक पहिचान कायम हुनु पर्दछ भन्ने मान्यता क्रमशः स्थापित हुँदै गएको पनि देखिन्छ । समलिङ्गी एवम् तेस्रो लिङ्गीहरु मानसिक रोगी होइनन्, यो उनीहरूको सामान्य जीवन शैली हो भन्ने मान्यता स्थापित हुने क्रममा छ । सोही सन्दर्भमा बेलायतको Interdepartmental Working Group को प्रतिवेदनमा समलिङ्गीको वारेमा उल्लेख गरिएका केही प्रासांगिक अंश यहाँ उदृत गर्नु सान्दर्भिक देखिन्छः

There is zero evidence that psychiatric intervention can 'cure' transsexualism, just as there is zero evidence that psychiatry can 'cure' homosexuality.

एउटा प्रतिवेदन (Kinsey Report) मा उल्लेख गरिए अनुसार समाजमा ५ देखि ८ प्रतिशत मानिसहरु यौन अभिमुखीकरणको उक्त परिभाषाले समेटेको वर्गमा पर्दछन् । उल्लिखित तथ्यले मानिसको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको विषयलाई समाज भित्रका निश्चित संख्याका मानिसहरु जो अल्पसंख्यक अवस्थामा छन् उनीहरूको जीवनशैलीलाई चित्रण गरेको देखिन्छ । यसले यो विकृत मनोबृत्ति वा मानसिक विकारको कारणबाट नभई व्यक्तिको शरीर विकास क्रममा भएको स्व अनुभूति समेतका कारण प्राकृतिक रूपमा हुने विकास नै हो भन्ने मतलाई स्थापित गर्न बल पुऱ्याएको देखिन्छ ।

अब समलिङ्गी यौन अभिमुखीकरण भएका एवम् तेस्रो लिङ्गीय लैङ्गीय पहिचान भएका नागरिकप्रति राज्यले भेदभावपूर्ण व्यवहार गरेको छ छैन ? भन्ने तेस्रो प्रश्न तर्फ विचार गरौं । फरक लैङ्गिक पहिचान कायम भएका वा समलिङ्गी यौन अभिमुखीकरण भएका व्यक्तिहरु प्रति राज्य र समाजले भेदभाव पूर्ण व्यवहार गरेको छ भन्ने निवेदकहरूको दावी रहेको देखिन्छ । यस समुदायका मानिसहरु पारिवारिक, घरेलु, सामाजिक तथा राज्यको हिंसाबाट ग्रस्त छन्, उनीहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा नागरिक अधिकारबाट बञ्चित गरिएको छ, उनीहरु समाज र परिवारबाट अपहेलित बन्नु परेको छ, राज्यबाट प्रदान गरिएका सेवा सुविधाको उपभोगबाट बञ्चित हुनु परेको छ, रोजगारी, विवाह र नागरिकता जस्ता आधारभूत अधिकारबाट बञ्चित हुनु परेको अवस्था छ भन्ने समेतको निवेदन जिकिर रहेको देखिन्छ । तेस्रो लिङ्गीहरूको लैङ्गिक पहिचान स्थापित गराउने विषय हाम्रो देशको मात्र समस्या होइन । संसार भरि नै यो विषय अहिले गन्हुँगो बहसको विषय भएको छ । निश्चय नै तेस्रो लिङ्गी व्यक्तिहरु प्राकृतिक रूपमा आफूमा कायम भएको चरित्र अनुरूप समाजमा सहज रूपमा स्थापित हुन सकिरहेका छैनन् । यो समूहले भोग्नु परेको समस्याको वारेमा संयुक्त राष्ट्र संघीय विशेष प्रतिनिधिको प्रतिवेदनको यो अंश यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

...member of sexual minorities are disproportionately subjected to torture and other forms of ill treatment because they fail to conform to socially constructed gender expectation. Indeed, discrimination on grounds of sexual orientation or gender identity may often contribute to the process of the dehumanization of the victim, which is often a necessary condition for torture and ill treatment to take place.

परम्परागत मान्यता भन्दा फरक खालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका व्यक्तिहरूले संसार भरिनै समस्या व्यहोरी रहेको कुरालाई जकार्ता सिद्धान्तले समेत स्पष्ट पारेको छ । सो सिद्धान्तको प्रस्तावनामा उल्लिखित अंश यस प्रकार रहेको छः-

"कटु सत्य यो छ कि संसारको सबै क्षेत्रमा व्यक्तिहरूको यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा

व्यक्तिहरूको बिरूद्ध हिंसा, अवहेलना, भेदभाव, पृथकीकरण, कलंक तथा पूर्वाग्रह लक्षित गरिएको हुन्छ र यी अनुभवहरूलाई लिङ्ग, वर्ण, धर्म, अपाङ्गता, आर्थिक तथा स्वास्थ्य स्थितिको आधारमा गरिने भेदभावले समेत थप जटिल तुल्याएको हुन्छ र त्यस्ता हिंसा, अवहेलना, भेदभाव, पृथकीकरण, कलंक तथा पूर्वाग्रहले पीडितहरूको प्रतिष्ठा र आत्म सम्मानलाई निस्तेज गर्दछ र सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याई धेरैलाई आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य रूपमा जीवन विताउन बाध्य गराउँदछ ।

यो कुरामा ध्यान आकर्षण गरिन्छ कि ऐतिहासिक रूपमा मानिसहरूले आफू महिला वा पुरूष समलिङ्गी वा दोहोरो यौनिक भएकोले वा ग्रहण गरेकोले उमेर पुगेका समान लिङ्ग भएकाहरूसंगको यौन आचरण वा तेश्रो यौनिक, तेश्रो लैङ्गिक प्रकृति भएका वा सोको रूपमा हेरिने भएकोले केही समाजमा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा पहिचान गरिएको सामाजिक समूहमा राखिएकोले यस्ता मानव अधिकार हननका घटनाहरु भोगिरहेका छन् ।"

संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयवाट प्रकाशित २००६ मे १६ को एउटा प्रतिवेदनमा कोलम्वियामा लैङ्गिक अल्पसंख्यकका विरूद्ध भएका घटनाको विवरणलाई यसप्रकार प्रस्तुत गरिएको छः

Lesbians, gays, bisexual and transgenders were exposed to murder and threats in the name of "social cleansing." Generally speaking the results of investigations into the identities of prepetrators are very inadequate. Those groups were the victims of arbitrary detentions and cruel, inhuman or degarding treatment by member of the police force. There have also been allegations of harassment of homosexuals by members of the illegal armed groups. There are no specific public policies to prevent or penalize such actions or to eliminate discrimination against those groups, especially in educational establishments, in the field of employment, in the police force and in detention centres.

यसबाट नेपालमा मात्र होइन राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा पनि तेस्रो लिङ्गी र समलिङ्गीहरु प्रति दुर्व्यवहारका घटनाहरु भैरहेको भन्ने देखिन्छ ।

यीनै सन्दर्भलाई पृष्ठभूमिमा राखी अव नेपालको सन्दर्भमा विचार गरौं । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले लिङ्ग, जात जातिको आधारमा भेदभाव नगर्ने र समान व्यवहार गर्ने कुराको प्रत्याभूति गरेको छ । धारा ३३ ले सबै विभेदकारी कानूनको अन्त्य गर्ने र धारा ३४ ले सामाजिक न्याय प्रदान गर्ने कुरालाई स्वीकार गरेको छ । त्यसै गरी मानव अधिकारको संरक्षणका लागि बनेका महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नेपालले अनुमोदन गरी मानव अधिकारको विश्वव्यापी मान्यताप्रति आफ्नो प्रतिवद्धता समेत व्यक्त गरेको छ । नेपालले सबै किसिमका जातीय विभेदहरु अन्त्य गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६, महिला विरूद्धको सबै किसिमको भेदभाव उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९७९ र बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अनुमोदन गरिसकेको छ । यी सन्धिहरूमा व्यक्तिको मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने तथा सबै किसिमका विभेदको अन्त्य गर्ने प्रावधानलाई स्वीकार गरिएको छ । अन्तर्राष्ट्रिय सन्धि एवम् महासन्धिहरूको पक्ष राष्ट्र भएपछि Treaty सम्वन्धी भियना महासन्धि, १९६९ र नेपाल सन्धि ऐन, २०४७ बमोजिम पनि उल्लिखित महासन्धिहरूको दायित्व परिपालना गर्ने जिम्मेवारी नेपाल सरकारमा रहन्छ ।

माथि नै उल्लेख गरिसकिएको छ कि सामान्यतया लिङ्ग भन्नाले महिला र पुरूष मात्र हुन्छन् । पुरूष र महिला वाहेक अन्य तेश्रो लिङ्गी नगण्य मात्रामा हुन्छन् र ती तेश्रो लिङ्गीहरु Sexual Deviation का कारण बन्दछन् भन्ने पुरानो धारणा हो । मानव अधिकारप्रति समर्पित आजको लोककल्याणकारी राज्यले प्रत्येक नागरिकको बाच्न पाउने अधिकार (Right to Life) को रक्षा गर्नु पर्छ भन्ने मान्यता राख्ने हो भने त्यस्तो पुरानो धारणाको कुनै मूल्य रहँदैन । भारत, अमेरिका, ब्राजिल, मेक्सिको, बेलायत, स्पेन, बेल्जियम, निदरल्याण्ड, कोलम्बिया आदि राष्ट्रहरूमा तेश्रो लिङ्गी (Third Gender) को पहिचान र समलिङ्गी बिवाह (Same Sex Marriage) लाई legalize र destigmatize गर्ने माग भई यस सम्वन्धमा आवाज उठिरहेका छन् । हाम्रो छिमेकी मुलुक भारतको अभ्यास हेर्ने हो भने त्यहाँ पनि हजारौं संख्यामा हिजरा (Hijras) र कोथीहरु (Kothis) रहेको भन्ने देखिन्छ । समलिङ्गी वा तेस्रो लिङ्गी हुनु आफैमा कुनै रोग होइन । हामी कहाँ समलिङ्गी बिवाहलाई अप्राकृतिक मैथुन मानी अपराधीकरण (Criminalization) गरिएको छ । तर आजको विश्वमा प्रत्येक व्यक्तिका आ–आफ्ना रोजाई (Choice) र यौनिक प्राथमिकताहरु (Sexual Preferences) अप्राकृतिक मैथुन नहुन सक्छन् । तसर्थ हामीले पनि अप्राकृतिक मैथुनको परिभाषामा संशोधन गरी समलिङ्गी बिवाहलाई decriminalize र destigmatize गर्ने तर्फ पनि सोच्ने बेला आएको छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (International Covenent on Civil and Political Rights - ICCPR) को धारा २६ को व्यवस्था यस सन्दर्भमा विशेष उल्लेखनीय रहेको छः-

All persons are equal before the law and are entitled without any discrimination to the equal protection of law. In this respect, the law shall prohibit any discrimination and gurantee to all person's equal and effective protection against discrimination on any ground such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth, or other status.

उल्लिखित धारा २६ ले सबै मानिसहरु कानूनको अगाडि समान हुने र कानूनको समान संरक्षणको भागीदार हुने, जाति, रङ्ग, भाषा, लिङ्ग, धर्म, राजनीति तथा अरू विचार, राष्ट्रिय उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुनै पनि आधारमा भेदभाव नगरिने भनेको छ । सोही धाराको व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले यौन अभिमुखीकरणलाई समेत सो परिभाषाले समेट्ने अर्थ गरेको छ ।

महिला पुरूषको बीचको समानता सरह नै फरक यौन अभिमुखीकरण भएका तेस्रो लिङ्गी व्यक्तिहरूलाई पनि समान व्यवहार गर्नु पर्ने र यौन अभिमुखीकरणलाई भेदभावको आधार मानी लैङ्गिक पहिचानलाई अलग हो भन्न मिल्दैन भन्ने धारणा सो समितिको रहेको छ । समितिले उल्लेख गरेको छः-

Sexual Orientation needs to be understood as link inseparably to the equality of men and women. Thus discrimination on grounds of Sexual Orientation is connected to discrimination against people who do not live out socially accepted norms for "masculinity" and "Femininity". The concept of "Gender Identity" can not be separated from that of "Sexual Orientation" as prohibited grounds of discrimination.

युरोपियन कोर्ट अफ ह्युम्यन राइटस (European Court of Human Rights) ले पनि यस्तै खालको विधिशास्त्रीय धारणा प्रकट गरेको छ । सो अदालतले गोपनियता र यौन अभिमुखीकरणको आधारमा भेदभाव गर्नु नहुने कुरालाई विधिशास्त्र कै रूपमा विकास गर्दै लैङ्गिक पहिचानको आधारमा गरिने भेदभावलाई अस्वीकार गरेको छ । लिङ्ग परिवर्तनको शल्य क्रियाका लागि बीमाले दायित्व नलिने गरी भएको विभेदकारी व्यवस्था सम्बन्धमा परेको भान कुक बिरूद्ध जर्मनी (Van Cook v. Germany) भएको मुद्दामा सो अदालतले I....the applicants freedom to define herself as a female person, one of the most basic essentials of self determination the very essence of the European Convention of Human Right being respect for human dignity and human freedom. Protection is given to the right of transsexual personal development and physical and moral security. भनी व्याख्या गरेको छ ।

त्यसै गरी शल्य क्रियाबाट परिवर्तित लिङ्गसंग मेल खाने गरी व्यक्तिको कानूनी पहिचान हुने लिखतहरु तयार गर्न बेलायतले इन्कार गरेको बिषयमा परेका दुई ओटा महत्वपूर्ण मुद्दामा (Goodbin vs. United Kingdom and I. vs. United kingdom० सन् २००२ मा सो अदालतले तेश्रो लिङ्गी व्यक्तिको अधिकार लाई महत्वपूर्ण एवम् दरिलो रूपमा मान्यता प्रदान गर्‍यो । यस सम्बन्धमा बोल्दै अदालतले Changes in their identity papers holding their right, to respect for their private lives and also their right to marry had been violated भनी बोलेको पाईन्छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा २६ मानव जातिको समानता सम्बन्धी अधिकारको धारा हो । धारा २६ को अधिकार भनेको लिखित संबिधान भएका प्रत्येक स्वतन्त्र र सार्वभौम राष्ट्रहरूको संविधानले प्रत्याभूत गरेको समानताको हक सम्बन्धी व्यवस्थाले स्वीकार गरेको अधिकार हो । उदाहरणको रूपमा हाम्रो संविधानको धारा १३ को समानताको हकलाई लिन सकिन्छ । सो धारा १३ ले सबै नागरिकलाई समानताको हक प्रदान गर्दछ ।

**१३. समानताको हक**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, बर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा बैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको बर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

नेपाल सरकारको तथ्याङ्क विभागद्वारा प्रकाशित सन् २००५ को तथ्याङ्क अनुसार नेपालमा हिन्दू धर्म, बुद्ध धर्म, इस्लाम धर्म, किराँत धर्म, जैन धर्म, क्रिश्चियन धर्म, सिख धर्म, बोहाई धर्म र अरू धर्म मान्ने धर्मावलम्बीहरु रहेको देखिन्छ । राज्यले यी धर्मावलम्वीहरूलाई भेदभाव गर्न सक्दैन । नेपाल सरकारको तथ्याङ्क अनुसार नेपालमा पहिचान गरिएका (Identifed) मात्र १०२ जातजाति रहेका देखिन्छन् । जसरी राज्यले धर्म र जातजातिका आधारमा भेदभाव गर्न सक्दैन त्यसरी नै राज्यले लिङ्गका आधारमा पनि भेदभाव गर्न सक्दैन । लिङ्गका आधारमा भेदभाव नहुनु प्रत्येक नागरिकको मौलिक हक हो । तथ्याङ्क विभागद्वारा प्रकाशित तथ्याङ्कमा लैङ्गिक रूपमा महिला र पुरूष भनी उल्लेख गरिएको देखिन्छ । सो वाहेक अरू तेश्रो लिङ्गीको अस्तित्वसम्म पनि स्वीकार गरिएको देखिदैन । सबै तथ्याङ्कमा महिला र पुरूष मात्र उल्लेख गरिएको छ । तेश्रो लिङ्गीलाई अन्य (Others) सम्म पनि भनिएको देखिदैन । एउटा सामान्य कुरा के हो भने बच्चा पैदा हुँदा प्रायः

जसो सामान्य (Normal) पैदा हुन्छ । तर कुनै कुनै बच्चा कतै कतै, कहिले काँही हातका औंला ५ भन्दा बढी भएका वा आँखा नभएका, दुई बच्चा जोडिएको वा अपाङ्ग जस्ता अनौठा बच्चा पैदा भए जस्तै लिङ्गका सम्बन्धमा पनि सामान्य महिला र पुरूष भन्दा फरक अन्तर लिङ्गी पनि जन्मने गर्दछन् । या जन्मदा एउटा लिङ्गीमा जन्मेको भए पनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रकृया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरूप परिवर्तन हुन सक्छन् । यस्तो परिवर्तन हुँदैमा तिनीहरु मानव जाति वा नागरिक नै नहुने होइनन् । परम्परागत समाजमा लिङ्गका आधारमा महिला र पुरूष दुई लिङ्गले मात्र मान्यता पाइआएको भन्नेमा बिवाद भएन । मानव (human being) र Sex तथा Gender फरक फरक कुरा हुन् । संविधानको भाग ३ मा भएका मौलिक हकहरु राज्यका बिरूद्ध नागरिकहरूलाई प्राप्त हुने कार्यान्वयन योग्य मौलिक मानव अधिकारहरु (Enforceable Fundamental Human Rights) हुन् । यही कारणले गर्दा भाग ३ का मौलिक हकहरु Human Being भएको कारण तेस्रो लिङ्गीलाई पनि समान रूपले प्राप्त हुने हक हो । महिला पुरूष जस्तै तेश्रो लिङ्गी वा समलिङ्गी पनि मानिस नै हुन् । महिला र पुरूष बाहेकका तेश्रो लिङ्गी वा समलिङ्गी सबै मानव हुनुका साथसाथै यो देशको नागरिकहरु पनि हुन् ।

नेपालको अन्तरिम संविधानको धारा १३ (४) मा पारिश्रमिकका सम्बन्धमा बाहेक अन्य कतै पनि महिला वा पुरूष भनी उल्लेख नभई 'नागरिक' वा 'लिङ्ग' भन्ने शब्द प्रयोग भएको छ । प्राकृतिक व्यक्तिलाई विभिन्न आधारमा बर्गीकरण (Classifiy) गर्न सकिन्छ । जस्तै उमेरका आधारमा बालक, प्रौढ, बयस्क, बृद्ध भने जस्तो उचाईका आधारमा अग्लो र होचो भने जस्तो, वा शारीरिक बनावटका आधारमा दुब्लो र मोटो भने जस्तो वा बर्णका आधारमा कालो र गोरो भने जस्तो लिङ्ग (Sex) को आधारमा पनि प्राकृतिक व्यक्तिलाई लैङ्गिक (Gender) आधारमा महिला, पुरूष, तेस्रो लिङ्गी भनी बर्गीकरण (Classify) गर्ने गर्नु पर्छ । तसर्थ महिला र पुरूष वाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Oriention) का आधारमा भेदभाव गर्न मिल्दैन । राज्यले महिला र पुरूष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूबाट वञ्चित गर्न सक्दैन ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (ICCPR) को धारा २६ मा हाम्रो संविधानको धारा १३ मा जस्तो महिला र पुरूष नभनी "Person" अर्थात "व्यक्ति" भन्ने शव्द प्रयोग भएको छ । सो धारामा प्रत्येक व्यक्तिहरूलाई लिङ्गका आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख भएको छ ।

कतिपय देशका संविधानमा नै ICCPR को धारा २६ लाई ध्यानमा राखी यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा हुन सक्ने भेदभावलाई अन्त्य गरी तेश्रो लिङ्गीहरूलाई पनि अन्य लिङ्गी सरहको समान व्यवहार गर्न महिला र पुरूष नभनी लिङ्गलाई आधार मान्ने व्यवस्था भएको देखिन्छ । यौन अभिमुखीकरणका आधारमा नागरिकहरूलाई भेदभाव गर्न पाइदैन । दक्षिण अफ्रिका विश्वको पहिलो राष्ट्र भने पनि हुने देखिन्छ जसले आफ्नो संविधानको Bill of Rights मा समानताको हकमा नागरिकलाई Sexual Orientation का आधारमा भेदभाव गर्न नपाइने व्यवस्था समावेश गरेको छ । ८ मे १९९६ मा adopt गरी ११ अक्टोबर १९९६ मा संशोधन गरिएको र ७ फ्रेबुअरी १९९७ देखि लागू भएको सो संविधानको धारा ९ को उपधारा (३) मा समानताको हक अन्तर्गत Sexual Orientation को आधारमा भेदभाव गर्न नपाउने गरी देहाय वमोजिमको व्यवस्था गरिएको छः-

दक्षिण अफ्रिकाको संविधानको धारा ९ (३)

The state may not unfairly discriminate directly or indirectly against any one on one or more grounds including race, gender, sex, pregnancy, marital status, ethnic or social origin, colour, sexual orientation, age, disability, relegion, conscience, belief, culture, language and birth.

यसरी सो संविधानमा Sexual Orientation को आधारमा पनि कसैलाई पनि भेदभाव गर्न नपाउने गरी स्पष्ट शब्दमा मौलिक हकको व्यवस्था भएको देखिन्छ ।

त्यस्तै तेस्रो लिङ्गी र समलिङ्गीहरूको समान संरक्षणका लागि दक्षिण अफ्रिकाको संवैधानिक अदालतले गरेको व्याख्या समेत यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ । लैङ्गिक पहिचानको आधारमा हुने सबै किसिमको भेदभाव बिरूद्ध संवैधानिक संरक्षण रहेको हुन्छ भन्ने कुराको प्रत्याभूत गर्दै सो अदालतको फैसलामा भनिएको छः

The concept 'Sexual Orientation' as used in s 9(s) of the 1996 constitution must be given a generous interpretation of which it is linguistically and textually fully capable of bearing. It applies equally to the orientation of persons who are bi-sexual or transsexual and it also applies to the orientation of persons who might on a single occasion only be erotically attracted to a member of their own sex.

दक्षिण अफ्रिकाको संवैधानिक व्यवस्था र उक्त फैसलालाई तेस्रो लिङ्गीको हकहितका लागि महत्वपूर्ण दस्तावेज मान्नु पर्ने हुन्छ ।

त्यसै गरी महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको धारा ५ ले लिङ्गको आधारमा समाजमा उचो निचो बनाउने पूर्वाग्रहयुक्त वा परम्परागत खालका सबै सामाजिक संस्कारहरु बदल्नु पर्ने कुरा उल्लेख गरेको छ । सो धारामा भनिएको छः-

States parties shall take all appropriate measures to modify the social and cultural patterns of conduct of men and women, with a view to achieving the

elimination of prejudices and customary and all other practices which are based on the idea of the inferiority or the superiority or either of the sexes or on stereotyped roles for men and women.

उल्लिखित विभिन्न प्रयासहरु पछि यौनिक अल्पसंख्यकहरूको अधिकारको संरक्षण गरिनु पर्दछ भन्ने विधिशास्त्रीय मान्यता प्रवल बन्दै गईरहेको छ । यौनानुभूति सम्बन्धी मानिसको चाहना र त्यसको प्राकृतिक स्वभाव प्रति सचेतता र संवेदनशीलता बढ्दै गएको छ । मानवीय आचरणमा देखिने प्राकृतिक स्वभावलाई स्वीकार्ने खालको सामाजिक सिद्धान्तहरूलाई स्वाभाविक रूपमा लिन थालिएको छ । अधिकार स्वास्थ्य सम्बन्धी संयुक्त राष्ट्रसंघीय एउटा प्रतिवेदनमा Paul Hunt ले लेखेको यो अंश यहाँ उद्धृत गर्नु उपयुक्त हुने छ :

…Sexual rights include the right of all persons to express their sexual orientation with due regard for the well being and rights of others, without fear of persecution, denial of liberty or social interference.

समलिङ्गी र तेश्रो लिङ्गी व्यक्तिहरूको अधिकारको बिषयमा विभिन्न अभिमतहरु प्रकट भएका छन् । कतिपय मुलुकहरु विशेष गरी मुस्लिम मुलुकहरूले आफ्नो धर्म संस्कृति र मूल्य मान्यताका कारण यसलाई अधिकारको रूपमा मान्यता प्रदान गर्न नहुने तर्क पनि अघि सारेका छन् । तर अब यो सामान्य बहसको बिषय मात्र रहेन । राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा यस सम्बन्धमा व्यापक चासो र सरोकार व्यक्त गर्न थालिएको छ । संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त लुइस आर्वरले मन्ट्रियलमा सम्पन्न समलिङ्गी र तेश्रो लिङ्गीहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा (२६ जुलाई २००६) व्यक्त गरेको धारणा यस प्रकार रहेको थियो:

Freedom of religion is a right that also protects the freedom not to share in religious beliefs or be required to live by them. Under the broad and ill-defined mentle of 'culture' states may fail to recognize the diverse voices within their own communities, or may deliberately chose to suppress them. Such an approach stems from and ossified vision of culture, however, which ignores the indisputable transformation of social morel as well as the obligation to promote tolerance and respect for diversity required by human rights law as core aspects of the right to privacy.

…respect for cultural diversity is insufficient to justify the existence of laws that violate the fundamental right to life, security and privacy by criminalizing harmless private relation between coveting adults. Even when such laws are not actively enforced or worse when they are arbitrarily enforced, their mere existence fosters and atmosphere of fear, silence and devil of identity in which LGBT persons are confined. Neither the existence of national laws, nor the prevalence of custom can ever justify the abuse, attacks, torture and indeed killing that gay, lesbion, bisexual and transgender persons are subjected to because of who they are or are percieved to be. Because of the stigma attached to issues sorrounding sexual orientation and gender identity, violence against LGBT person is frequently unreported, undocumented and goes ultimately unpunished. Rarely does it provoke public debate and outrage. This shameful silence is the ultimate rejetion of the fundamental principle of universality of rights.

यौन अभिमुखीकरण र लैङ्गिक पहिचानलाई स्वीकार गर्नु पर्ने सम्बन्धमा विकास भएका उल्लिखित मान्यता विपरीत विभिन्न धारणाहरु अझै पनि प्रकट भैरहेको पाईन्छ । समलिङ्गी वा तेश्रो लिङ्गीहरूको यौनिक क्रियाकलाप प्राकृतिक होइन, उनीहरु सन्तानोत्पादनका लागि सक्षम हुँदैनन् । यसले सामाजिक विकृति भित्र्याउँछ । त्यसैले यस्तो अप्राकृतिक सम्बन्धलाई बैधानिकता प्रदान गर्नु हुँदैन भन्ने मत पनि सशक्त रूपमा उठ्ने गरेको छ । महिला र पुरूषको आधारमा मात्र गरिने लैङ्गिक पहिचान सम्बन्धी परम्परागत मान्यताको प्रभावबाट यस्ता प्रश्नहरु उठेका हुन् । गोपनियताको अधिकार मानिसको आधारभूत मौलिक अधिकार हो । यौनिक क्रियाकलापको बिषय गोपनियताको परिभाषाभित्र पर्दछ । कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरूले कसरी यौन सम्पर्क (Sexual Intercourse) राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुनु हुँदैन । जसरी महिला र पुरूषहरु (विपरीत लिङ्गी) ले गर्ने यौन सम्पर्कमा गोपनियताको हक सुरक्षित छ त्यस्तो अधिकार फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका तेश्रो लिङ्गी व्यक्तिहरूको हकमा पनि समान रूपमा आकर्षित हुन्छ । त्यसैले यौनिक क्रियाकलापलाई अप्राकृतिक भनी समलिङ्गी र तेश्रो लिङ्गीहरूको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई अस्वीकार गर्न सकिने अवस्था हुनुहुँदैन । जब कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ तत्पश्चात उसको जैविक लिङ्ग के हो ? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसंग बैवाहिक सम्बन्ध कायम गर्नुपर्ने हो भन्ने कुराको निर्धारण अरू व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन । यो नितान्त रूपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गत पर्ने बिषय हो ।

उल्लिखित विकासक्रमको पृष्ठभूमिमा हेर्दा नेपालको कानूनले समलिङ्गी र तेस्रो लिङ्गीहरूको हक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि छुट्टै कुनै प्रयास गरेको अवस्था देखिंदैन । हुनतः समलिङ्गीहरु बीचको सम्बन्धलाई प्रत्यक्ष रूपमा कसूर कायम गर्ने छुट्टै कानून नभएको (यद्यपि यसलाई अप्राकृतिक मैथुनको परिभाषा भित्र पारिएको देखिन्छ) अवस्थामा समाजको नकारात्मक दृष्टिकोण रहेको कारण उनीहरूप्रति राज्ययन्त्रले भेदभावयुक्त व्यवहार गरेका भन्ने आरोपलाई अन्यथा मान्न सकिने अवस्था छैन । तेस्रो लिङ्गीको अवधारणालाई कानूनी रूपमा स्वीकार नगरेको

कारण त्यस्ता व्यक्तिहरूले आफ्नो पहिचान कायम राखी जीवन संचालन सहज रूपमा गर्न नसकेको कुरालाई पनि अन्यथा भन्न सकिने अवस्था छैन । जन्मदाको अवस्थामा देखिएको जैविक लिङ्गको आधारमा आफ्नो चरित्र स्वभाव विपरीतको पहिचान कायम राखी सार्वजनिक जीवनमा उपस्थित हुनु पर्ने वाध्यात्मक परिस्थिति अहिले पनि यथावत् रहेको कुरा प्रति मानव अधिकार र मौलिक हकको सन्दर्भमा पुनर्विचार हुनु अति आवश्यक छ ।

व्यक्तिको अधिकारको प्रयोगका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यासहरु, बदलिंदो विश्व समाज र अल्पसंख्यकको अधिकारको सम्मान गर्ने परिपाटीलाई हामीले पनि क्रमशः आत्मसात गर्दै जानु पर्दछ । समाजमा विकृति फैलिन्छ कि भन्ने धारणाका आधारमा मात्र यस्ता व्यक्तिको अधिकारलाई कानुनी रूपमा नै बेवास्ता गर्दै जाने हो भने हाम्रो मानव अधिकार प्रतिको प्रतिवद्धतामा अन्तर्राष्ट्रिय स्तरमा नै प्रश्न उठ्न जान्छ । यस्ता व्यक्तिहरूले उनीहरूको आत्मानुभूति अनुरूपको व्यवहार, गतिविधि, आचरण गर्दैमा समाजले लैङ्गिक पहिचान बमोजिम निर्धारण गरिदिएको भन्दा अलग प्रकारको लवाई (Cross Dress) हुँदैमा समाजमा विकृति फैलन्छ भन्न मिल्दैन । किनकी अरूको देखासिखीबाट मात्र मानिसले आफ्नो स्वाभाविक लैङ्गिक पहिचान त्यागेर अर्को पहिचान अगाल्ने होइन । यो समस्या कुनै Psychiatric समस्या नभएर प्राकृतिक रूपमा नै आउने स्वभावगत समस्या हो भन्ने कुरा चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको छ । अव चिकित्सा शास्त्र र विज्ञानले देखाएका निचोडहरूलाई अस्वीकार गरी यथास्थितिमा रहन सकिने अवस्था पनि हुँदैन । मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुर्‍याउने खालका कुनै पनि व्यवस्थाहरु मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन् । धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई संकुचन गरिनु पनि हुँदैन ।

हाम्रो प्रचलित कानूनमा रहेको पशुकरणीको महल, विहावारीको महल, लोग्नेस्वास्नीको महल, लगायतका कानूनी व्यवस्थाहरु, नागरिकता, राहदानी, मतदाता नामावली, सुरक्षा जाँच लगायतका कतिपय ऐन नियमावलीमा भएका व्यवस्था लगायतका हाम्रा अभ्यासहरूले तेस्रो लिङ्गीको पहिचानलाई स्वीकार नगरेको मात्र होइन उनीहरूको अस्तित्वलाई नै पनि आत्मसात गरेको छैन । त्यस्तै प्रशासनिक निकायको सोच र सामाजिक परिवेशले पनि तेस्रो लिङ्गीलाई उनीहरूलाई प्रकृतिले प्रदान गरेको स्वभाव र चरित्र अनुरूपको जीवन यापन गर्न सहज नभएको समेतको परिस्थितिलाई विश्लेषण गरिनु आवश्यक भैसकेको छ । जस्तो कि पुरुष जननेन्द्रिय लिएर जन्मेको कुनै व्यक्ति वयस्क हुँदै गएपछि Feminine चरित्रको व्यवहार गर्न थाल्दछ र त्यसै प्रकारको पोशाक लगाई महिला जस्तो भएर हिड्दछ तर उसलाई राज्य वा समाजले प्रदान गरेको पहिचान खुल्ने प्रमाणपत्र (नागरिकता इत्यादि) भने पुरूषको परिचय देखिने खालको छ वा महिला जननेन्द्रिय लिएर जन्मेको कुनै व्यक्ति उमेर बढ्दै जाँदा Masculine चरित्रको व्यवहार गर्न थाल्दछ र त्यसै प्रकारको पोशाक लगाई पुरूष जस्तो भएर हिड्छ तर उसलाई राज्य वा समाजले प्रदान गरेको पहिचान खुल्ने प्रमाणपत्र (नागरिकता ईत्यादि) भने महिलाको परिचय देखिने खालको छ भने त्यस्ता व्यक्तिलाई पहिचानको समस्या पर्न जानु स्वभाविक नै हुन्छ ।

माथि विवेचना गरे अनुरूप अब रिट निवेदकहरूको माग बमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने चौथो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदन यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित अल्पसंख्यक व्यक्तिहरूको तर्फबाट पर्न आएको रहेछ । निवेदकहरूको मुख्य मागलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छः

- तेस्रो लिङ्गी (Transgender jf Third gender) का व्यक्तिहरु जसमा महिला तेस्रो लिङ्गी, पुरुष तेस्रो लिङ्गी र अन्तर लिङ्गी (Intersex) पर्दछन्, उनीहरूको स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान (Gender Identity) कायम हुने गरी कानूनी व्यवस्था गरिनु पर्दछ । उनीहरूलाई लैङ्गिक आधारमा भेदभाव गर्न पाइदैन ।
- महिला समलिङ्गी (Lesbion), पुरूष समलिङ्गी (Gay) र द्धिलिङ्गी (Bisexual) व्यक्तिहरूलाई उनीहरूको यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा राज्य र समाजले कानुनी एवम् सामाजिक मान्यता प्रदान गरी अरू विपरीत लिङ्गीले पाए सरह स्वतन्त्रतापूर्वक जीवन यापन गर्न पाउने गरी कानुनी व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मौलिक मानव अधिकारको संरक्षण गरिनु पर्दछ ।

सर्वप्रथम पहिलो मागका सम्वन्धमा विचार गर्दा, तेस्रोलिङ्गी व्यक्तिहरु महिला वा पुरूष दुबै नभएको कारण आफ्नै लिङ्ग अर्थात आफ्नै sex को आधारहरूमा नागरिकता लगायत पहिचान दिलाउने कागजात सरकारी कार्यालयबाट प्राप्त गर्न नसकेको, अध्ययन गर्न शिक्षण संस्था लगायत कुनै पनि सार्वजनिक कार्यालयबाट नागरिकको हैसियतले प्राप्त गर्ने सुविधा प्राप्त गर्न नसकेको र सार्वजनिक कार्यालय एवं सार्वजनिक पद धारण गरेको व्यक्तिहरूबाट समेत अपमानजनक र अपहेलित हुनु परेकोले महिला, पुरूषमा आधारित र केन्द्रित वर्तमान भेदभावकारी कानून खारेज गरी स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान प्रदान गरी आधारभूत मौलिक हक एवं मानव अधिकार सुरक्षित गरी पाउँ भनी प्रस्तुत निवेदनमा जिकिर लिएको देखियो ।

LGBTI वर्गका व्यक्तिहरु मध्येका पुरूषबाट महिला (Male to Female) र महिलाबाट पुरूष (Female to male) मा परिवर्तन सम्बन्धी शल्यक्रिया (Sex Change Operation)

बाट परिवर्तन भएको बाहेक अरू व्यक्तिहरु प्राकृतिक रूप (Natural process) बाट विकास भएका हुन् । LGBTI बाहेकका प्राकृतिक तवरले जन्म एवं विकास भएकाहरूमा पनि कोही ठीक उचाइका, ठीक तौलको, चनाखो र स्वस्थ मनस्थितिका व्यक्तिहरु पनि हुन्छन् । कोही अपाङ्ग, कोही सुस्त मनस्थितिका (Handicapped) व्यक्ति पनि जन्मिएका हुन्छन् भने कोही अन्धो, कोही बहिरो, कोही पुड्को, कोही Deafmute जन्म भएका हुन्छन् । पुरूष वा महिलाको लिङ्गीय पहिचान (जननेन्द्रीय) भएका कारण यी व्यक्तिहरु महिला वा पुरूष मानिए ।

यसरी महिला र पुरूष भनी स्पष्ट पहिचान भएका व्यक्तिहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा कुनै बाधा देखिंदैन । तर लैङ्गिक पहिचानका दृष्टिले स्पष्टरूपमा महिला र पुरूष भनी चिनिएका वाहेकका तेस्रो लिङ्गीहरूलाई चाँही मौलिक हक उपभोग गर्नमा बाधा पर्ने खालका संवैधानिक तथा कानुनी व्यवस्था हुनु उपयुक्त हुँदैन । LGBTI हरूमा अरू स्वभाव सामान्य हुन्छ । केवल sexuality मा मात्र पुरूष या महिला जस्तो विपरीत लिङ्गी प्रति आकर्षित नहुने, पोशाक, पहिरन आदि भिन्न खालको लगाउने कारणले मात्र ती व्यक्तिहरु मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु हुँदैन । राज्यले यस्ता महिला र पुरूष वाहेकका तेस्रो लिङ्गी व्यक्तिहरूका लागि समेत आवश्यक व्यवस्था गर्नु पर्दछ । यदि लिङ्गको आधारमा पुरूष वा महिला भनी पहिचान भएको तर अपाङ्ग वा पुड्को वा Deafmute भएका व्यक्तिहरूले आफ्नै पहिचानमा संविधानले दिएको मौलिक हक वा मानव अधिकार सम्बन्धी महासन्धिहरूले दिएको मानव अधिकारको उपभोग गर्न पाउँछन् भने अरू सबै अवस्था सामान्य भएका तर केवल लैङ्गिक पहिचान र यौन चाहना मात्र फरक भएका व्यक्तिहरूले चाहि त्यस्तो अधिकारको उपभोग गर्न पाँउदैनन् भन्नु तर्कसंगत हुँदैन । यस्ता व्यक्तिहरूले हाम्रो संविधानको भाग ३ का मौलिक हक र नेपालले हस्ताक्षर गरी नेपाल कानून सरह लागू भएका मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिहरूले दिएको अधिकार आफ्नै पहिचानमा उपयोग गर्न नपाउने कानुनी व्यवस्था छ भने त्यस्तो व्यवस्थालाई स्वेच्छाचारी (Arbitrary), आधारहीन (Unreasonable) र भेदभावयुक्त (Discriminatory) मान्नु पर्ने हुन्छ र त्यस्तो कानुन कार्यान्वयन गर्ने राज्यको कार्य पनि Arbitrary, Unreasonable र Discriminatory नै मान्नु पर्दछ ।

यस प्रसङ्गमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि (ICESCR) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि (ICCPR) का केही व्यवस्थाहरु यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

**ICESCR Article 10**

Marriage must be entered into with the free consent of the intending spouses.

**ICCPR Article 2**

1. Each State Party to the present Covenant undertakes to respect and to ensure to all individuals within its territory and subject to its jurisdiction the rights recognized in the present Covenant, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.
2. Where not already provided for by existing legislative or other measures, each State Party to the present Covenant undertakes to take the necessary steps, in accordance with its constitutional processes and with the provisions of the present Covenant, to adopt such laws or other measures as may be necessary to give effect to the rights recognized in the present Covenant.
3. Each State Party to the present Covenant undertakes:
   (a) To ensure that any person whose rights or freedoms as herein recognized are violated shall have an effective remedy, notwithstanding that the violation has been committed by persons acting in an official capacity;
   (b) To ensure that any person claiming such a remedy shall have his right thereto determined by competent judicial, administrative or legislative authorities, or by any other competent authority provided for by the legal system of the State, and to develop the possibilities of judicial remedy;
   (c) To ensure that the competent authorities shall enforce such remedies when granted.

Article 16 Everyone shall have the right to recognition everywhere as a person before the law.

**Article 17**

1. No one shall be subjected to arbitrary or unlawful interference with his privacy, family, or correspondence, nor to unlawful attacks on his honour and reputation.
2. Everyone has the right to the protection of the law against such interference or attacks.

**Article 23**

1. The family is the natural and fundamental group unit of society and is entitled to protection by society and the State.
2. The right of men and women of marriageable age to marry and to found a family shall be recognized.
3. No marriage shall be entered into without the free and full consent of the intending spouses.
4. States Parties to the present Covenant shall take appropriate steps to ensure equality of rights and responsibilities of spouses as to marriage, during marriage and at its dissolution. In the case of dissolution, provision shall be made for the necessary protection of any children.

माथि नै उल्लेख भैसकेको छ कि महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तरलिङ्गी जसलाई Lexbian, Gay, Bisexual, Trans-sexual, Intersex अर्थात LGBTI भनिन्छ, उनीहरूको लिङ्ग (sex) महिला वा

पुरूष (Male or Female) अथवा Gender को हिसाबले Masculine र Feminine अथवा यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान जेभएपनि उनीहरु पनि प्राकृतिक व्यक्ति हुन् भन्ने कुरा विभिन्न खोज, अनुसन्धान र परीक्षणबाट स्थापित भएको छ । तसर्थ उल्लिखित अभिसन्धिका व्यवस्थाहरूको पूर्ण उपभोगका लागि उनीहरूलाई कुनैपनि आधारमा वाहेक गर्न मिल्दैन । कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता प्राप्त भएपछि अरू कुनै कारणले व्यक्तिका मौलिक मानव अधिकार उपभोगमा संकुचन हुन सक्दैन । स्वतन्त्र सहमतिबाट विवाह गर्ने, परिवार आरम्भ गर्ने, गोपनियतामा हस्तक्षेप नगरिने, जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव नगरिने भनी उल्लिखित अभिसन्धिले प्रत्याभूत गरेका अधिकारको समानरूपमा उपभोग गर्न पाउने हक LGBTI हरु लाई पनि स्वभाविक रूपमा प्राप्त छ ।

प्रत्येक नेपाली नागरिक एवं व्यक्तिहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा १२ देखि धारा ३२ सम्मको सबै मौलिक हकहरु प्रदान भएको छ । निवेदकहरु अल्पसंख्यक भएपनि नेपाली नागरिक भएको कारण आफ्नै पहिचानमा ती हकहरु उपभोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था भएको छ । राज्यले बनाउने नीतिहरूबाट आफ्नै पहिचानमा लाभान्वित हुन पाउने निवेदकहरूको हक हो । संविधानमा महिला र पुरूष दुई लिङ्ग मात्र उल्लेख हुँदैमा संविधानका मौलिक हकहरु वा अन्य कानूनी हकहरु वा नेपालले हस्ताक्षर गरेको मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि वा मानव अधिकारहरु महिला र पुरूषले मात्र उपभोग गर्न पाउँछन् भन्ने अर्थ गर्न मिल्दैन । महिला र पुरूष वाहेकका तेश्रो प्रकारको लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवम् प्राकृतिक व्यक्ति भएको कारण उनीहरूले पनि आफ्नै पहिचानमा संविधान, कानून र मानव अधिकार सम्बन्धी सन्धि महासन्धिहरूले दिएका सम्पूर्ण हकहरु उपभोग गर्न पाउनुपर्छ । त्यस्तो हकको उपभोग गर्न पाउने वातावरण श्रृजना गर्ने र सो अनुसारको कानूनी व्यवस्था गर्ने दायित्व राज्यको हो । फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको कारण ती हकहरु उपभोग गर्न नपाउने वा महिला वा पुरूष भएमात्र ती हकहरु उपभोग गर्न पाउने भन्ने अर्थ गर्न मिल्दैन ।

यसैगरी संविधानको धारा १२ ले स्वतन्त्रताको हक प्रदान गरेको छ । उक्त धारा १२ (१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र धारा १२ (२) ले कानून वमोजिम वाहेक कुनै पनि व्यक्तिको बैयक्तिक स्वतन्त्रता अपहरण नगरिने व्यवस्था गरेको छ । उक्त धारा १२ लाई जीवनको अधिकार (Right to life) को हक मान्नु पर्छ । सो धारा १२ मा महिला वा पुरूष भन्ने शब्द छैन । धारा १२ ले दिएको स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हो । व्यक्ति भन्नाले प्रत्येक प्राकृतिक व्यक्ति (Natural person) लाई जनाउँछ । LGBTI पनि प्राकृतिक व्यक्ति (Natural person) भएको कारण उनीहरूले समाजमा ती सबै स्वतन्त्रताहरूको उपयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु पर्छ । सो धारा १२ (२) ले मानव जातिको लागि न्यूनतम (Minimum) स्वतन्त्रताहरु प्रदान गरेको छ । सो धाराले प्रदान गरेको स्वतन्त्रता कुनै निश्चित लिङ्गको पहिचानमा आधारित नभई (Irrespective of sex) आफ्नै पहिचानमा उपयोग गर्न पाउने स्वतन्त्रता हो । धारा १२(३) को खण्ड (क) देखि खण्ड (च) सम्मको स्वतन्त्रताहरु कानून बनाएर मात्र रोक लगाउन सकिन्छ । तर ती कानून arbitrary, discriminatory र unreasonable हुनु हुँदैन । ती स्वतन्त्रताहरु नेपालको सार्वभौमसत्ता तथा अखण्डता, जातजाति, धर्म वा सम्प्रदाय बीचको सम्बन्ध खलल गर्ने वा अपराध गर्न उक्साउने वा सावर्जनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने भएमा मनासिव प्रतिबन्ध लगाउने कानून बनाई रोक लगाउन सकिन्छ । धारा १२(१) को "सम्मानपूर्वक" शव्द र धारा १२(२) को "कानून बमोजिम वाहेक" भन्ने दुई शव्द महत्वपूर्ण छ । यी दुई उपधाराका शव्दको व्याख्यामा महिला पुरूष लगायत LGBTI समेत सबैको मौलिक हक र मानव अधिकारलाई प्रवर्द्धन (Furtherance) गर्ने गरी व्याख्या गर्नुपर्छ निरूत्साहित (Frustrate) गर्ने गरी होइन ।

त्यसै गरी संविधानको धारा १३ ले समानताको हकको प्रत्याभूति गरेको छ, जस अनुसार उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था गरेको छ भने उपधारा (२) ले सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ । त्यस्तै उपधारा (३) मा राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पति, भाषा वा बैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाती, मधेशी वा किसान, मजदुर वा आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ । उपधारा (४) मा समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ ।

समानता सम्बन्धी उल्लिखित संवैधानिक प्रावधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुने र समान संरक्षण पाउने, कानूनको प्रयोगमा भेदभाव नगरिने तथा राज्यले कुनै आधारमा पनि भेदभाव नगर्ने तथा सामाजिक सुरक्षामा

समेत भेदभाव नगरिने प्रत्याभूति गरिएको छ ।

हाम्रो संविधानको धारा १२(२) मा कानून बमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने संवैधानिक व्यवस्था भएको छ । यस व्यवस्था हेर्दा सार्वजनिक हितको लागि कानून बनाई त्यस्तो स्वतन्त्रतामा रोक लगाउन सकिने देखिन्छ । धारा १२ को स्वतन्त्रता भनेको बाँच्न पाउने हक अर्थात जीवनको हक (Right to Life) सम्बन्धी स्वतन्त्रता हो । धारा १२ ले दिएको Right to Life को स्वतन्त्रता भनेको मानव जातिको लागि अपरिहार्य स्वतन्त्रता हो । छोटकरीमा भन्दा यस्तो स्वतन्त्रता सबै नागरिक, सबै व्यक्तिलाई समानताको आधारमा Right to have one's own Identity को रूपमा प्राप्त हुन्छ । तर भेदभावकारी वा स्वेच्छाचारी कानून बनाउदैमा भने यस्तो स्वतन्त्रता अपहरण हुन सक्दैन । तर वर्तमान सम्पत्ति सम्बन्धी कानून, नागरिकता लगायत व्यक्तिगत पहिचानसम्बन्धी कानून, बिवाहसम्बन्धी कानून लगायतका विभिन्न कानूनहरू पुरूष एवम् महिला केन्द्रित (Male and Female Sex Specific) रहेका देखिन्छन् । यस्ता कानुनले महिला र पुरूष वाहेक अन्य व्यक्तिको कुनै अस्तित्व नै मानेको देखिदैन ।

कुनै पनि व्यक्तिको लैङ्गिक पहिचान उसको जैविक लिङ्गका आधारमा मात्र नभई उसको स्वभाव, चरित्र र अवधारणाले समेत निर्धारण गर्ने गर्दछ भन्ने मान्यता अव स्थापित भैसकेको छ । सामान्यतया प्राकृतिक र जैविक आधारमा जन्ममा पुरूष वा महिला जे भए पनि शारीरिक विकासक्रम संगैं उनीहरूको स्वभाव उनीहरूको पहिचान अनुरूप नै या त Masculine या Faminine प्रकारको हुँदैजान्छ । तर सबै मानिसहरूलाई एउटै सिद्धान्तबाट हेर्न सकिदैन । केही व्यक्तिहरूमा भने जन्मदाको लिङ्ग विपरीतको स्वभाव, आचरण एवं व्यवहार हुन जान्छ । जुन प्राकृतिक रूपमा नै हुने गर्दछ भन्ने सम्बन्धमा माथि नै पनि विवेचना गरिसकिएकै छ । तर यस्तो परिवर्तित लैङ्गिक पहिचानको आधारमा उनीहरूले पेशा व्यवसाय लगायत वैवाहिक सम्बन्ध समेत कायम गर्न सक्ने अवस्था हाम्रो वर्तमान कानूनमा रहे भएको देखिंदैन । आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई भेदभावकारी कानून मान्नु पर्छ । सो सम्बन्धमा नेपालले हस्ताक्षर गरी नेपाल कानून सरह लागू भएको ICESCR को धारा १० र ICCPR को धारा २३ मा वैवाहिक सम्बन्ध महिला र पुरुषको बीचमा मात्र कायम हुन सक्ने गरी व्यवस्था गरे पनि ICCPR को धारा २, धारा १६ र १७ को व्यवस्थालाई सामन्जस्यपूर्ण व्याख्या (Hormonious Interpretation) गर्दा प्रत्येक व्यक्तिलाई आफ्नो पहिचानमा राज्यले मान्यता प्रदान गर्नु पर्ने अर्थात आफ्नोपनको पहिचानको अधिकार (Right to have one's own identity) प्रदान गरेको देखिन्छ । सो महासन्धिको उक्त व्यवस्थाले प्रत्येक व्यक्तिको इज्जत मर्यादामा दखल दिन नपाउने गरी पारिवारिक जिन्दगीको गोपनियताको हक समेत प्रदान गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ वमोजिम ICCPR र ICESCR समेत नेपाल कानून सरह भएको हुँदा भए LGBTI हरूले आफ्नोपनको अधिकार (Right to have one's own identity) को आधारमा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरु अरू सरह निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्ने देखिन्छ । यसर्थ सरकारले यस सम्बन्धमा आवश्यक अध्ययन गरी फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले समेत अरू सरह नै विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउनु वा भैरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ ।

त्यसैगरी हाम्रो संविधानको भाग ३ को मौलिक हक तथा भाग ४ को राज्यको निर्देशक सिद्धान्त र नीतिमा महिला, बालबालिका, बृद्ध, अपाङ्ग, आदिवासी, दलित आदि जस्ता उत्पीडित, उपेक्षित वर्गको उत्थानका लागि राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्नु पर्ने देखिन्छ । सो व्यवस्थामा लिङ्ग नभनी पुरूष र महिला भनी उल्लेख भएको हुँदा यस विषयमा हामी सबैको ध्यान आकर्षित हुनु जरूरी छ । संविधानमा महिला र पुरूष भन्ने उल्लेख नभई लिङ्ग भन्ने शव्द मात्र उल्लेख भएमा यसले महिला पुरूष लगायत तेस्रो लिङ्गीलाई समेत समेट्न सक्ने देखिन्छ । लिङ्ग भन्नाले महिला, पुरूष वाहेक तेश्रो लिङ्गीलाई समेत समेट्ने भएकोले संविधान सभाद्वारा अब बन्ने नयाँ संविधानमा व्यक्तिलाई हक प्रदान गर्दा दक्षिण अफ्रिकाको संविधानको Bill of Right को जस्तो महिला र पुरूषको अतिरिक्त Gender Indentity र Sexual Orientation का आधारमा समेत भेदभाव गर्न नपाउने खालको स्पष्ट व्यवस्था नै गरिनु पर्ने देखी यो न्यायिक टिप्पणी समेत गरिएको छ ।

महिला समलिङ्गी (Lesbion), पुरूष समलिङ्गी (Gay) र द्विलिङ्गी (Bi-sexual) व्यक्तिहरूलाई उनीहरूको यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा राज्य र समाजले कानुनी एवम् सामाजिक मान्यता प्रदान गरी अरू विपरीत लिङ्गीले पाए सरह स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने कानुनी व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मौलिक मानव अधिकारको संरक्षण गरिनु पर्दछ भन्ने निवेदकहरूको अर्को माग रहेको छ । बस्तुतः यो माग समलिङ्गी विवाह वा उनीहरूको co-habitation लाई मान्यता दिनु पर्ने विषयमा केन्द्रित रहेको छ । समलिङ्गी विवाहका सम्वन्धमा हेर्दा एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्वन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो । समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरूको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षबाट हेरिनु पर्दछ । अन्य राष्ट्रको यस सम्बन्धी प्रचलन एवं कानूनी व्यवस्था

समेत हेरी महिला तथा पुरूष समलिङ्गी बिवाह (Gay and Lesbian Marriage) को सम्बन्धमा अध्ययन गरी निष्कर्षमा पुग्न उचित हुने देखिन्छ । कतिपय राष्ट्रहरूले यसलाई मान्यता समेत प्रदान गरेका छन् भने कतिपय राष्ट्रमा मान्यता दिई नसकेको पनि देखिन्छ । तसर्थ मानव अधिकार सम्वन्धी दस्तावेजहरु, विश्वमा विकास भएका यस सम्बन्धी नवीन मान्यताहरु, समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने देशहरूको अनुभव र त्यसले समाजमा पार्ने प्रभावका बारेमा बृहत् अध्ययन र विश्लेषण गरिनु आवश्यक रहेको छ । यस सम्बन्धी समग्र विषयमा अध्ययन गर्न नेपाल सरकारले देहाय बमोजिमको एक समिति गठन गर्नु ।

**समितिको गठन**

(क) स्वास्थ्य मन्त्रालयले तोकिएको विशेषज्ञ डाक्टर - संयोजक

(ख) राष्ट्रिय मानव अधिकार आयोगले तोकेको आफ्नो एक जना प्रतिनिधि - सदस्य

(ग) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधि - सदस्य

(घ) नेपाल सरकारले तोकेको एक जना समाजशास्त्री - सदस्य

(ङ) नेपाल प्रहरीको प्रतिनिधि (यस विषयका विशेषज्ञ) - सदस्य

(च) जनसंख्या तथा वातावरण मन्त्रालयका प्रतिनिधि - सदस्य

(छ) निवेदकहरूको प्रतिनिधित्व गर्ने अधिवक्ता हरी फुयाल - सदस्य

उक्त समितिले निवेदकले उठाएको मागहरु मध्ये समान लिङ्गका व्यक्तिहरु बीचको बिवाह (Same Sex Marriage) र समग्र LGBTI हरूको वैवाहिक अवस्थाका सम्बन्धमा सम्भव भए अन्य राष्ट्रका कानुनी व्यवस्था समेत अध्ययन गरी उक्त समितिले दिएको राय सुझावको आधारमा नेपाल सरकारले आवश्यक निर्णय गरी कानूनी व्यवस्था गर्नु । समितिको कार्यविधि एवं समयावधिका सम्बन्धमा विषयवस्तुको गाम्भीर्यतालाई हेरी सरकारले नै तोक्न उपयुक्त हुने हुँदा कार्यविधि र समयतालिका यस अदालतले तोक्न उपयुक्त देखिएन । सो समितिले दिएको प्रतिवेदन यस अदालतलाई समेत उपलब्ध गराउनु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरि दिएको छ ।

यो आदेशको प्रतिलिपि सहितको जानकारी विपक्षीहरूलाई दिनु भनी महान्यायाधिवक्ताको कार्यालयलाई र आदेशको कार्यान्वयनको अवस्थाका बारेमा नियमित रूपमा अनुगमन गर्नु भनी यसै अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई लेखी पठाई दिनु । साथै प्रस्तुत आदेशको प्रतिलिपी सहितको जानकारी निवेदकहरु समेतलाई दिई मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृतहरु :- श्यामकुमार भट्टराई
यादवराज पोखरेल

इति संवत २०६४ साल पौष ६ गते रोज शुभम् ।

# ४ अशोक कुमार शाह
# विरूद्ध
# नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६६ साल फागुन १८ गते, ने.का.प, २०६७, अंक ४, नि.नं. ८३४९, पृष्ठ ६००

**सर्वोच्च अदालत संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा**
**माननीय न्यायाधीश रामकुमारप्रसाद शाह**
**संवत् २०६४ सालको फौ.पु.नं....०६२२**

**फैसला मितिः २०६६।११।१८।३**

**मुद्दा :- नेपाली नागरिकताबाट हटाएको ।**

जिल्ला मकवानपुर हेटौडा नगरपालिका वडा नं. १० टि.सि.एन.रोड वस्ने अशोककुमार शाह.........................१ पुनरावेदक प्रतिवादी

**विरूद्ध**

नेपाल सरकार, गृह मन्त्रालय ..........................................................................................................१ विपक्षी वादी

शुरू फैसला गर्नेः- गृह मन्त्रालय
पुनरावेदन फैसला गर्नेः-
मा.न्या. श्री कृष्णप्रसाद श्रेष्ठ
मा.न्या. श्री लक्ष्मणमणि रिसाल

- नेपालमा स्थायी बसोवास गर्ने कुनै व्यक्तिले कुनै कालखण्डमा नेपालको नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज विदेशी नागरिक हुने भनी सम्झन नमिल्नुका साथै त्यसको कुनै कानूनी आधार नहुने ।
- नेपालमा स्थायी बसोबास भएको हरेक व्यक्तिले नागरिकताको प्रमाणपत्र लिनै पर्ने कुनै कानूनी प्रावधान रहेको नपाइँदा पिताले तत्कालको अवस्थामा नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज स्वतः गैरनेपाली नागरिक वा विदेशी नागरिक रहेको भनी सम्झन नमिल्ने । *(प्रकरण नं.२)*
- नेपालको स्थायी बासिन्दा नभएको अथवा विदेशी नागरिक रहेको भनी जिकीर लिने पक्षले नै निज कुन विदेशी राष्ट्रको नागरिक हो भनी तथ्यपूर्ण रूपमा स्थापित गर्नुपर्ने । *(प्रकरण नं.३)*
- प्रत्येक निर्णयकर्ताले प्रचलित नेपाल कानून तथा तथ्य र प्रमाणहरूको आधारमा मात्र निर्णय गर्नुपर्ने हुन्छ । नभएको तथ्य र प्रमाणको आधारमा गरिएको निर्णय स्वेच्छाचारी एवं न्यायिक मनको अभावमा गरिएको निर्णय मान्नुपर्ने हुन्छ र यस्तो निर्णय बदरयोग्य हुने । *(प्रकरण नं.४)*

**पुनरावेदक प्रतिवादी तर्फवाटः** विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव यादव र अधिवक्ता श्री रामबन्धु शर्मा
**विपक्षी वादी तर्फवाटः** विद्वान सहन्यायाधिवक्ता श्री महेश थापा
**अवलम्वित नजीरः**
**सम्बद्ध कानूनः**
नेपाल नागरिकता ऐन, २००९ को दफा ४(क)

**फैसला**

**न्या.रामकुमारप्रसाद शाहः** पुनरावेदन अदालत पाटनको मिति २०६२।१०।१७ को फैसलाउपर प्रतिवादीको मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी निवेदन परेकोमा यस अदालतबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) बमोजिम दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको प्रस्तुत मुद्दाको

संक्षिप्त तथ्य सहित फैसला यस प्रकार छ :-

अशोककुमार शाहले बाबु जयनारायण शाह र ठेगाना जिल्ला मकवानपुर हेटौडा नगरपालिका वडा नं. १० देखाई मिति २०२४।८।८ मा नारायणी अञ्चलाधीश कार्यालय बीरगञ्जबाट (नं. नखुलेको) जन्मसिद्ध नेपाली नागरिकताको प्रमणपत्र लिएको ।

विजयकुमार शाहले बाबु स्व.जयनारायण कलवार शाह र ठेगाना जिल्ला मकवानपुर हेटौडा नगरपालिका वडा नं. १० देखाई मिति २०५३।५।२५ मा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट ना.प्र.नं. २५।१२८ को वंशजको नेपाली नागरिकताको प्रमणपत्र लिएको ।

जिल्ला मकवानपुर हेटौडा नगरपालिका वडा नं. १० बस्ने विजयकुमार शाह (अशोककुमार शाहका भाइ) ले जालसाजी गरी नागरिकता लिएकोले कारवाही गरिपाऊँ भनी पौडेल थर राखी वेनामी व्यक्तिले उजुरी निवेदन गरेको । सोही विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पनि कारवाहीको जानकारी माग भै आएको ।

स्व. जयनारायण साह भारतीय हुन् । निजको छोरा बनी वंशजको नागरिकता लिने विजयकुमार शाहको नागरिकता छानबीन गरिपाउन पौडेल थरको बेनामी व्यक्तिले उजुरी निवेदन गरेपछि यस कार्यालयमार्फत् जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट छानबीन भै कारवाही अगाडि बढाउँदा निज विजयकुमार शाहका दाजु अशोककुमार शाहको नागरिकता प्रमणपत्र समेत रद्ध हुनुपर्ने व्यहोरा लेखी पछि कारवाही अगाडि बढेको ।

मेरो पुर्ख्यौली घर जनकपुर अञ्चलको जलेश्वर भन्ने ठाँउमा हो । मेरो बाबु २००८ या २०१० सालमा हेटौडामा आई रक्सी भट्टीको ठेक्का चलाई बस्नु भएको हो । मेरो जन्म २०२४ सालमा हेटौडामा भएको, त्यस अघिको कुरा बाबु आमाले वताएकोसम्म थाहा छ । आमाको माइती भारतमा पर्छ । बाबुले नेपाली नागरिकता लिनु भएको थिएन । त्यति वेला नागरिकता आवश्यकता थिएन । पछि वृद्ध भत्ता लिन नागरिकता आवश्यक हुँदा नागरिकता लिन खोज्दा खोज्दै बाबुको २०५२।९।१ मा मुत्यु भयो । दाजु अशोककुमारले २०२४।८।८ मा नारायणी अञ्चलाधीश कार्यालयबाट जन्मसिद्ध नागरिकता प्रमणपत्र लिएको, दाजुको नागरिकतामा मेरो नाम नावालक भनी टोलीले जनाएको र बाबुको मृत्यु दर्ता प्रमाणपत्रका आधारमा नागरिकता लिएको हुँदा नागरिकता लिन कुनै रकम दिनु लिनु गरेको छैन भनी उजूरीमा परेका विजयकुमार शाहले गरेको वयान कागज ।

बाबु र बाजेको घर भारतको विहार राज्यमा पर्दछ । ग्राम हाल थाहा छैन । अन्दाजी २००५ सालदेखि बाबु हेटौडामा आई बस्नुभएको हो । मेरो र भाई विजयको जन्म हेटौडा चिसापानीमा भएको र पछि चिसापानीबाट हेटौडा नगरपालिका १० मा सरी आएको हो । भाई विजयले नागरिकता प्राप्त गर्न के के कागज पेश गरे थाहा छैन । मैले सनाखत पनि गरेको छैन । म दुई वर्षको हुँदा बाबुले नारायणी अञ्चलाधीश कार्यालयबाट जन्मसिद्ध नागरिकता बनाई दिनु भएको हो । बाबुको नेपाली नागरिकता प्रमाणपत्र थिएन । बाबुको नेपाली नागरिकता प्रमणपत्र भए मेरो वंशजको नागरिकता हुन्थ्यो । त्यसैले मेरो जन्मसिद्ध भएको हो । मेरो मावली घर भारतमा पर्छ । बाबु वाजेको घर नजिकै हुनु पर्दछ भनी विजयकुमारको दाजु अशोककुमारले गरेको वयान कागज ।

हेटौडा नगरपालिका वडा नं. १० टि.सि.एन रोड वस्ने जयनारायण शाहको छोरा विजयकुमार शाहलाई नगरवासीको रूपमा चिन्छु । विजय कुमारको नागरिकता सिफारिश गर्दा अनुसूचि १ मा निजको बाबुको मृत्युदर्ता प्रमाणपत्र, दाजु अशोककुमार कलवारले नारायणी अञ्चलाधीश कार्यालय वीरगंजबाट २०२४।८।८ मा प्राप्त गरेको नागरिकताका प्रमाणपत्र, तत्कालीन नागरिकता टोलीमा २०३५।९।११ मा गरेको नावालक दर्ता र वडा अध्यक्षको सिफारिशको आधारमा सिफारिश गरेको नागरिकताको प्रमाणपत्र प्रदान गर्न अख्तियार प्राप्त निकायबाट तत्सम्बन्धमा छानबीन गरिएपश्चात् नागरिकता प्रमाणपत्र प्राप्त गर्न योग्य भए नभएको पुष्टि भएपछि मात्र दिनुपर्नेमा नागरिकता प्रदान गरिसकेपछि कहाँ कुन ठाउँमा कस्तो वयान दियो भन्ने विषय जानकारी नहुने भनी अनुसूचीमा सिफारिश गर्ने हेटौडा नगरपालिका उपप्रमुख हरिबहादुर महतको जवाफी पत्र ।

नगरपालिकाको प्रमुख जस्तो पदमा बसेपछि नगरवासीका वारेमा जानकारी हुनु स्वाभाविक हो । निज विजयकुमारलाई चिन्दछु । अनुसूचिमा उपप्रमुखबाट सिफारिश भै आएपछि नगरवासीको हितमा वाधा नहोस् भनेर सनाखत गरेको हो भन्ने अनुसूचीमा सनाखत गर्ने हेटौडा नगरपालिका नगरप्रमुख डोरमणि पौडेलको जवाफी पत्र ।

अशोककुमारका बाबुको मृत्युपूर्व नेपाली नागरिकताको हैसियत नरहेको अवस्था, जिल्ला प्रशासन कार्यालय मकवानपुरको पत्रले गैरनेपाली नागरिक उल्लेख गरेको स्थिति निज अशोककुमारले प्रस्तुत गरेको जन्मसिद्ध नागरिकता प्रमाणपत्र अव्यावहारिक र अपत्यारिलो देखिन

आएको अवस्था र बाबुको वसाई र जन्म स्थानको विषयमा दाजु भाइको मुख नमिलेको कुरा समेतले गर्दा निज अशोककुमार विदेशी नागरिक भएको ठहर्छ । साथै नेपाल नागरिकता ऐन, २०२० को दफा १०(३क) बमोजिम मिति २०२४।८।८ मा नारायणी अञ्चलाधीश कार्यालय वीरगंजबाट जारी गरिएको नागरिकता नं. (नखुलेको) जि. मकवानपुर हेटौडा नगरपालिका वडा नं. १० ठेगाना लेखिएको अशोककुमार शाहको जन्मसिद्धको नेपाली नागरिकताको प्रमाणपत्र रद्ध गरी निजलाई नेपाली नागरिकताबाट हटाउने ठहर्छ र अचल सम्पत्ति कानूनबमोजिम गर्ने । साथै अशोककुमार शाह र सिफारिश गर्ने तथा सनाखत गर्ने समेत अन्य सम्वद्ध पक्षहरूलाई नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम कारवाही गर्ने भन्ने समेत व्यहोराको श्री ५ को सरकार (गृह मन्त्री) बाट मिति २०५८।११।२१ मा भएको निर्णय ।

उक्त निर्णयमा चित्त बुझेन । नेपाल नागरिकता ऐन, २०२० को दफा १०(३)क अनुसार श्री ५ को सरकारले मात्र छुटो विवरणको आधारमा नागरिकताको प्रमाण पत्र प्राप्त गरेको थाहा भएमा रद्ध गरी नागरिकताबाट हटाउने आदेश दिन्छ । श्री ५ को सरकारले निर्णय गर्ने होइन । न्यायिक निष्कर्षको विषय हुँदा यो अधिकार अदालतको हो । श्री ५ को सरकारको होइन । श्री ५ को सरकार भन्नाले केवल गृहमन्त्रीलाई मात्र नजनाउने हुँदा गृहमन्त्री एक्लैले आदेश दिन मिल्दैन । त्यसैले सो निर्णय प्रचलित कानूनविपरीत छ । विभिन्न प्रमाणहरूबाट म नेपाली नागरिक हो भन्ने देखिँदा देखिँदै सोको सबूद मूल्या‌‌न नै नगरी भएको श्री ५ को सरकारको माननीय गृहमन्त्रीको निर्णय बदर गरी म नागरिकता हुँदा मेरो नागरिकताको प्रमाण पत्र यथावत कायम राखिपाऊँ भन्ने व्यहोराको प्रतिवादी अशोक शाहको पुनरावेदन अदालत हेटौडामा परेको पुनरावेदन पत्र ।

यसमा २०२४।८।११ र २०२६।१०।२ का पारित लिखत एवं २०४६ सालको दे.नं. २।२११, ३।२१२, १।२१० र २०४७ सालको दे.नं. ५।२२४ एवं २०४८ सालको दे.नं. ७१।२९० का मुद्दाको प्रमाणबाट यी पुनरावेदकहरु नेपाली रहेको देखिएको अवस्थामा निजहरूको नागरिकता प्रमाण पत्र बदर गर्ने गरेको श्री ५ को सरकारको मिति २०५८।११।२१ को निर्णय नमिली फरक पर्ने देखिँदा प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने पुनरावेदन अदालत हेटौडाको मिति २०५९।१०।१९ को आदेश ।

यसमा न्यायको खोजीमा हिड्नेलाई न्यायको उपचारबाट वञ्चित गर्नुको सट्टा भएसम्म उपचार दिनु नै न्यायको मुख्य उद्देश्य हुँदा पुनरावेदकको पुनरावेदनलाई खारेज गर्नुभन्दा अधिकारक्षेत्र भएको निकायमा पठाउनु नै वान्छनीय हुने देखिन्छ । तसर्थ श्री ५ को सरकार गृहमन्त्रीलाई यस अदालतको प्रादेशिक अधिकारक्षेत्र भित्रको निकाय मान्न मिल्ने नदेखिदा श्री ५ को सरकार गृहमन्त्रीबाट भएको निर्णयउपरको पुनरावेदन यस अदालतमा लाग्न सक्ने देखिन आएन । पुनरावेदकको पुनरावेदनमा निर्णय हुँन बाँकी नै रहेकोले अधिकारक्षेत्र भएको पुनरावेदन अदालत पाटनबाट निर्णय हुनमा लागि उपस्थित पक्षलाई तारेख तोकी सोको जानकारी प्रत्यर्थीलाई दिई मिसिल निर्णयार्थ पुनरावेदन अदालत पाटनमा पठाई दिने ठहर्छ भन्ने माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय र यसमा गृह मन्त्रालय काठमाडौँबाट भएको निर्णयउपर परेको पुनरावेदन अदालतको प्रादेशिक क्षेत्राधिकार भित्र नपरेको अवस्थामा क्षेत्राधिकार ग्रहण गरी प्रस्तुत मुद्दाको औचित्यभित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा क्षेत्राधिकारको अभावमा मुद्दाको औचित्यभित्र प्रवेश गरी निर्णय गरिरहनु परेन । प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ । अदालतको प्रादेशिक क्षेत्रभित्र प्रस्तुत पुनरावेदन नपर्ने भई क्षेत्राधिकारको अभाव भन्नेसम्मको माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको रायमा सहमत भए पनि क्षेत्राधिकार भित्रको अदालत (पुनरावेदन अदालत पाटन) मा कारवाहीको लागि पठाउने भन्ने रायमा सहमत हुन नसकेकोले कारवाहीको लागि पठाउने भन्नेसम्म रायमा असहमत भई आ‌नो भिन्नै राय व्यक्त गरेको छु । राय पृथक भएकाले न्याय प्रशासन ऐन, २०४८ को दफा ८(४) बमोजिम तेस्रो माननीय न्यायाधीश समक्ष पेश गर्नु भन्ने माननीय न्यायाधीश श्री आत्माराम भट्टराइको राय भएको मिति २०६०।४।२५।१ को संयुक्त इजलासको रायबाझी फैसला ।

क्षेत्राधिकारको प्रश्न पुनरावेदन दायर गर्दा तत्काल दर्ता गर्ने अदालतले नउठाई दिएको र पुनरावेदन यस अदालतमा दायर भएको मितिपश्चात् पनि पुनरावेदन गर्ने म्याद पर्याप्त बाँकी रहेको देखिन आउँदा प्रस्तुत पुनरावेदनपत्रको शुरू अधिकारक्षेत्र भएको पुनरावेदन अदालत पाटनमा उपस्थित पुनरावेदकलाई तारेख तोकी पठाई दिनुभनी भएको माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको रायसंग सहमति जनाइएको छ । उपस्थित पुनरावेदक प्रतिवादीहरूलाई पुनरावेदन अदालत पाटनमा हाजिर हुन जानु भनी तारेख तोकी दायरीको लगत कट्टा गरी प्रमाण मिसिल सहित नियमानुसार पुनरावेदन अदालत पाटनमा पठाईदिनु भनी पुनरावेदन अदालत हेटौडामा मा.मु.न्या.श्री परमानन्द झाले

मिति २०६०।१०।४ मा गरेको फैसला ।

निज प्रतिवादी अशोककुमार शाहको जन्मसिद्ध नेपाली नागरिकताको प्रमाणपत्र रद्ध गरी निजलाई नेपाली नागरिकताबाट हटाउने ठहऱ्याएको श्री ५ को सरकारको मिति २०५८।११।२१ को निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६२।१०।१७ को फैसला ।

नेपाल नागरिकता ऐन, २०२० को दफा १४(ख) ले दफा १० बमोजिम नेपाली नागरिकताबाट हटाउने अधिकार प्रत्यायोजन समेत नहुने कानूनी व्यवस्था छ । म निवेदक प्रतिवादीलाई मकवानपुर जिल्ला प्रशासन कार्यालय वयान गराई उक्त वयानलाई प्रमाणमा लिई विपक्षी गृह मन्त्रालयले मेरो नागरिकता रद्द गर्न मिल्दैन । कारवाही र निर्णय गर्न पाउने अधिकार भएको श्री ५ को सरकारले म निवेदकलाई सुनुवाईको मौकाको लागि वयान समेत गराएको छैन । नारायणी अञ्चलाधीशको कार्यालयबाट लिइएको नागरिकताको बदरको कारवाही गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयलाई छैन । भएमा पनि वीरगंज पर्साबाट लिएको नागरिकता बदरको कारवाही मकवानपुर जिल्ला प्रशासनबाट गर्न मिल्ने होइन । म नेपाली नागरिक हुँ । श्री ५ को सरकाले मात्र झूठो विवरणको नागरिकता बदर गर्न पाउनेमा गृहमन्त्रीले मात्र निर्णय गरेको मिलेको छैन । श्री ५ को सरकार भनेको मन्त्रिपरिषद् हो । नेपाल नागरिकता ऐन, २००९ को दफा ४(क) मा नेपालमा जन्मेका केटाकेटीहरूले नागरिकता प्राप्त गर्नसक्ने कानूनी व्यवस्था छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले २०४५।१२।२० मा छानबीन गरी पठाउँदा जन्मसिद्धलाई अन्यथा भन्न सकेको छैन । सरजमिन मुचुल्काका मानिसले मेरो जन्म नेपालमा भएको हो भनी पुष्टि भएको, आमा तारादेवीले गरेका पारित लिखतहरु मकवानपुर जिल्ला अदलातमा चलेका विभिन्न अंश समेतका मुद्दा एवं मेरा शैक्षिक प्रमाणपत्र समेतबाट म नेपाली नागरिक देखिइरहेकोमा मेरो नागरिकता बदर गर्ने गरेको गृहमन्त्रीको निर्णय र पुनरावेदन अदालत पाटनको फैसला बदरभागी हुँदा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने प्रतिवादी अशोककुमार शाहको यस अदालतमा परेको निवेदन ।

यसमा प्रतिवादीका बाबु तथा आमा नेपालमा बसोवास गरी अचल सम्पत्ति हक हस्तान्तरण भएको भन्ने कुरा मिति २०१३।९।१७ र २०२२।१२।२१ को लिखतहरूबाट देखिएको र प्रतिवादीमध्येका अशोककुमार शाह कलवारले नारायणी अञ्चलाधीश कार्यालयबाट तत्कालीन नेपाल नागरिकता ऐन, २००९ को दफा ४(क) को व्यवस्थाबमोजिम २०२४।८।८ मा जन्मसिद्ध नागरिक हुनाले भन्ने व्यहोरा उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । यिनै प्रतिवादी अशोककुमार शाहले नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेपश्चात् विभिन्न मितिमा अचल सम्पत्ति खरीद गरी घर बसोवास समेत नेपालमा नै भएको भन्ने कुरा देखिइरहेको अवस्थामा सोको मूल्या□न विवेचना नै नगरी प्रतिवादीको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने गरी भएको गृह मन्त्रालयको निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलामा नेपाल नागरिकता ऐन, २००९ को दफा ४(क), अ.वं. १८४(क) एवं प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को व्याख्यात्मक त्रुटि देखिँदा प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने यस अदालत संयुक्त इजलासको मिति २०६४।११।१७ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी पुनरावेदन अशोककुमार शाहका तर्फबाट उपस्थित रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादव तथा अधिवक्ता रामबन्धु शर्माले नेपालमा जन्मेका आधारमा अशोककुमारले नेपाल नागरिकता ऐन, २००९ को कानूनी व्यवस्थाबमोजिम नागरिकता लिएको हो । नेपालमा जन्मेको होइन भनी भन्न सकेको स्थिति छैन । नेपालमा स्थायी बसोबासगर्ने व्यक्ति नेपालको नागरिकता नलिएको कारणले मात्र विदेशी भन्न सकिने अवस्था रहदैन । नेपालको नागरिक नभए कुन देशको नागरिक हो भनी अनुसन्धानबाट खुल्न सकेको अवस्था नहुँदा नागरिकताबाट बञ्चित गर्ने गरेको निर्णय त्रुटिपूर्ण छ । सरकारलाई नागरिकता रद्ध गरी नागरिकताबाट हटाउन पाउनेसम्म निर्णय गर्ने अधिकार भएकोमा सम्पत्ति जफत गर्ने र अदालती कारवाही गर्ने समेतका क्षेत्राधिकार वाहिर गई निर्णय गर्ने कार्य भएको छ बदर गरिपाऊँ भन्ने समेत गर्नुभएको वहस सुनियो । त्यसैगरी विपक्षी नेपाल सरकारका तर्फबाट रहनु भएका विद्वान सहन्यायाधिवक्ता महेश थापाले प्रतिवादीले बाबुले घर भारत राज्यमा पर्दछ । बाबु अन्दाजी २००५ सालदेखि हेटौडामा बसेको भन्ने समेत वयान गरेबाट निजहरू नेपाली नभएको पुष्टि हुन्छ र दुई वर्षको अशोककुमारले नागरिकता लिएको कानूनसंगत नहुँदा समेत फैसला सदर गरिपाऊँ भन्ने समेत वहस प्रस्तुत गर्नुभयो ।

विद्वान कानून व्यवसायीहरूको वहस सुनी मिसिल संलग्न कागजात प्रमाण हेरी पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ, छैन ? र पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्ने हो, होइन ? भनी निर्णय दिनुपर्ने भएको छ ।

२. निर्णयतर्फ विचार गर्दा, जिल्ला प्रशासन कार्यलय मकवानपुरको पत्रले गैरनेपाली नागरिकले नेपाली नागरिकता लिएको अभियोगमा उठान भएको कारवाहीमा झूठो विवरण पेश गरी जन्मको नाताले नागरिकता लिएको भन्ने समेत आधारमा यी पुनरावेदन प्रतिवादी अशोककुमार शाहको नागरिकताको प्रमाणपत्र रद्ध गरी निजलाई नेपाली नागरिकताबाट हटाउने श्री ५ को सरकार, गृहमन्त्रीबाट निर्णय भएको र सोनिर्णय पुनरावेदन अदालत पाटनबाट सदर भएको देखिन्छ यी पुनरावेदक प्रतिवादी अशोककुमारले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा वयान गर्दा आफ्नो बुवा अन्दाजी २००५ सालदेखि मकवानपुर जिल्लास्थित हेटौँडाको चिसापानीमा बसोबासगर्दै आएको र मेरो जनम पनि सोही स्थानमा भएको भन्ने उल्लेख गरेको देखिन्छ । निजका पिता जयनारायणले नेपाल हेटौँडामा घर वनाई बसोबासगरेको, निज जयनारायणले रक्सी पसल खोली व्यापार गरी आएको भन्ने तथ्य २०१९ साल पूर्वको लिखतबाट र २०२८ सालदेखि नै कर तिर्दै आएको मिसल संलग्न विभिन्न रसिदहरूबाट देखिएको छ । यी पुनरावेदक अशोककुमार शाहको बाबु आमाले नागरिकताको प्रमाणपत्र लिएको भन्ने नदेखिएपनि निजहरूले आफ्नो नाममा जग्गा खरीद गरी घर बनाई बसोबास गरेको देखिन्छ । नेपालमा स्थायी बसोबास भएको व्यक्ति यी पुनरावेदकका पिता जयनारायण अन्यथा प्रमाणित नभएसम्म निज नेपालको नागरिक रहेको भनी तर्कसंगत रूपमा मान्नुपर्ने हुन्छ र निज विदेशको यो यस ठाउँको बासिन्दा रहेको भनी तथ्यपूर्ण र निश्चयात्मक तवरबाट वादीले स्थापित गर्न सकेको वा सो सम्बन्धमा कुनै आधारभूत प्रमाण पेश गरी अन्यथा प्रमाणित गर्न सकेको देखिँदैन । नेपालमा स्थायी बसोवास गर्ने कुनै व्यक्तिले कुनै कालखण्डमा नेपालको नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज विदेशी नागरिक हुने भनी सम्झन मिल्ने अवस्था र त्यसको कुनै कानूनी आधार हुँदैन । नेपाली नागरिकता जग्गा प्राप्त गर्न उच्च शिक्षा हासिल गर्न, कुनै व्यापार व्यबसाय गर्दा नेपाल सरकारमा दर्ता हुन, कुनै सरकारी पदमा नियुक्त हुन वा यस्तै कानूनले सो प्रमाणपत्र पेश गर्नुपर्ने भएमा मात्र आवश्यक पर्ने हुन्छ । वि.सं. २०२० साल अघि जग्गा प्राप्त गर्ने वा व्यवसाय वा कारोवार गर्ने लगायत अन्य कुनै प्रयोजनका लागि नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको पाइदैन । साथै नेपालमा स्थायी बसोबासभएको हरेक व्यक्तिले नागरिकताको प्रमाणपत्र लिनै पर्ने कुनै कानूनी प्रावधान रहेको नपाइदा पुनरावेदकका पिता जयनारायणले तत्कालको अवस्थामा नागरिकताको प्रमाणपत्र नलिएको मात्र कारणबाट निज स्वतः गैरनेपाली नागरिक वा विदेशी नागरिक रहेको भनी सम्झन मिल्दैन ।

३. पुनरावेदक अशोककुमारले तत्काल प्रचलित नेपाल नागरिकता ऐन, २००९ को कानूनी व्यवस्थाबमोजिम २०२४ सालमा नारायणी अञ्चलाधीशको कार्यालयबाट नेपालको जन्मसिद्ध नागरिकता प्राप्त गरेको देखिन्छ र तत्काल प्रचलित उक्त ऐनबमोजिम नेपालमा जन्मेको व्यक्ति नेपालको नागरिक हुने व्यवस्था भएकोले तत्काल प्रचलित कानूनी व्यवस्थाबमोजिम लिएको नागरिकतालाई निज नेपालको हेटौँडामा जन्मेको होइन भनी अथवा निज विदेशको कुन ठाउँको स्थायी बासिन्दा हो भनी सो कुरा अनुसन्धान अधिकृत वा निर्णयकर्ता समेतले कुनै आधारभूत र निश्चयात्मक रूपमा उल्लेख गर्न सकेको पाइदैन । नेपालको स्थायी बासिन्दा नभएको अथवा विदेशी नागरिक रहेको भनी जिकीर लिने पक्षले नै निज कुन विदेशी राष्ट्रको नागरिक हो भनी तथ्यपूर्ण रूपमा स्थापित गर्नुपर्ने हुन्छ । वेनामी उजूरी दिने व्यक्तिले आफ्नो उजूरीमा अथवा सो उजूरीको आधारमा अनुसन्धान गर्ने अधिकृतले अथवा निर्णयकर्ताले आफ्नो निर्णयमा समेत सो कुरा निश्चयात्मक रूपमा भन्न सकेको पाइदैन ।

४. मिसिल संलग्न मिति २०५७।६।२ गतेको सर्जमिन मुचुल्काका मानिसले अशोककुमार शाहको जन्म हेटौँडाको चिसापानीमा इस्वी संवत् १९६६।१०।१५ मा भएको भएको र नारायणी अञ्चलाधीश कार्यालयबाट नागरिकता लिएको ठीक हो भनी लेखाइ दिएको पाइन्छ । यी पुनरावेदक प्रतिवादीले नेपाल नागरिकता ऐन, २००९ को दफा ४(क) को आधारमा जन्मसिद्ध नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । उक्त दफा ४(क) को कानूनी व्यवस्थाअनुसार नेपालमा जन्मेको

केटाकेटीहरूले नागरिकता लिन पाउने स्पष्ट व्यवस्था रहेको छ । निज अशोककुमार हेटौँडाको चिसापानी भन्ने स्थानमा जन्मिएको भन्ने निजको कथन रहेकोमा सो होइन भन्ने कुरा कुनै ठोस र तथ्यपूर्ण प्रमाणबाट खण्डन हुन सकेको मिसिलबाट देखिँदैन । निज अशोककुमारले लिएको नागरिकता झूठा विवरण पेश गरी लिएको भनी नेपाल नागरिकता ऐन, २०२० को दफा १०(३क) को आधारमा गृह मन्त्रालयले रद्घ गर्ने गरेको देखिन्छ । तर मिसिल संलग्न प्रमाणबाट निज अशोककुमार नेपालमा जन्मेको भनी पुष्टि भै तत्काल प्रचलित नेपाल नागरिकता ऐन, २००९ को दफा ४(क) को कानूनी व्यवस्थाबमोजिम नागरिकता लिएको अवस्था देखिइरहेको छ । यस्तो स्थितिमा प्रतिवादीले कुन व्यहोरा ढाँट्यो र निज विदेश कुन देशको कुन गाउँ वा शहरको बासिन्दा हुन् भनी अन्यथा प्रमाणित गर्न सक्ने कुनै आधारभूत र निश्चयात्मक प्रमाण गृहमन्त्रीको मिति २०५८।११।२१ को निर्णयमा उल्लेख भएको नदेखिएको र अवस्थााम आधारहीन एवं तथ्यहीन उजूरीको आधारा निजलाई नेपाली नागरिकताबाट हटाउने भनी गरिएको निर्णय त्रुटिपूर्ण देखिन्छ । सोको विपरीत निज अशोककुमारको जन्म नेपालको हेटौँडा चिसापानीमा भएको र निज हेटौँडामा स्थायी बसोबासगरी आएको, निजको पिता र आमाले विभिन्न मितिमा सम्पत्ति खरीद गरी धारण गरेको, भोग र वेचविखन र विभिन्न मुद्दा समेत गरी आएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिएको समेत अवस्था छ । तर बुझ्नु हुने उक्त प्रमाणहरूलाई वेवास्ता गरी प्रमाणमा लिन नहुने कुरा प्रमाणमा लिई गृहमन्त्रीले मिसिल संलग्न प्रमाणहरूको प्रतिकूल निर्णय गरेको पाइन्छ कानूनको शासन भएको देशमा गृहमन्त्री लगायत प्रत्येक निर्णयकर्ताले प्रचलित नेपाल कानून तथा मिसिल संलग्न तथ्य र प्रमाणहरूको आधारमा मात्र निर्णय गर्नुपर्ने हुन्छ । मिसिलमा नभएको तथ्य र प्रमाणको आधारमा गरिएको निर्णय स्वेच्छाचारी एवं न्यायिक मनको अभावमा गरिएको निर्णय मान्नुपर्ने हुन्छ र यस्तो निर्णय बदरयोग्य हुन्छ ।

५. तसर्थ पुनरावेदक प्रतिवादी अशोककुमारका बाबु आफ्नो जीवनकालमा विभिन्न अचल सम्पत्ति जोडी पेशा व्यवसाय गरी नेपालमा नै वसेको, यी पुनरावेदक नेपालमा नै जन्मेको तथा निजले नेपाला अचल सम्पत्ति समेत खरीद गरी भोग तथा स्थायी बसोबासगरिरहेको अवस्था मिसिलबाट देखिँदा देखिँदै पनि कुनै आधारभूत तथ्य एवं विवादरहित प्रमाणविना निजलाई विदेशी नागरिक हो भन्दै निजले नागरिकता पाउन आफ्नो व्यहोरा ढाँटेको भन्ने कल्पित आधारमा नेपालको नागरिकताबाट हटाउने भनी गरेको तत्कालीन श्री ५ को सरकार गृहमन्त्रीको मिति २०५८।११।२१ को निर्णय त्रुटिपूर्ण हुँदा सो निर्णय तथा सोलाई सदर गरको पुनरावेदन अदालत पाटनको मिति २०६२।१०।१७ को फैसला समेत तथ्य र प्रमाणको विपरीत हुँदा उल्टी हुने ठहर्छ । अन्य कुरा तपसीलबमोजिम गर्नु ।

**तपसील**

माथि इन्साफ खण्डमा लेखिएबमोजिम गृहमन्त्रीस्तरको मिति २०५८।११।२१ को निर्णय तथा सोलाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६२।१०।१७ को फैसला समेत उल्टी हुने ठहरेकोले सो फैसलाबमोजिम पुनरावेदक प्रतिवादी अशोककुमार शाहको नागरिकता रद्घ नहुने हुँदा सो फैसला कार्यान्वयन नगर्नु भनी जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई लेखी पठाउनु ––-१
विपक्षीको जानकारीको लागि यस फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई दिनू …२
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनू ––२

उक्त रायमा म सहमत छु ।
न्या.दामोदरप्रसाद शर्मा
इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ….

# ५ रञ्जित थापासमेत
विरूद्ध
नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६६ साल असार १२ गते, ने.का.प, २०६६, अंक ६, निर्णय नं. ८१७५, पृष्ठ १०१४

**सर्वोच्च अदालत,संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गौरी ढकाल**
**माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला**
**2065 – WO – 0035**
**आदेश मितिः २०६६।३।१२।६**

**विषयः परमादेश ।**

काठमाडौँ जिल्ला का.म.न.पा. वडा नं. ३५ बस्ने रञ्जित थापा समेत ...............१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिँहदरवार, काठमाडौँ समेत ...............१ प्रत्यर्थी

बाबु वा आमामध्ये दुबैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ समेतले प्रदान गरिसकेको बाबुआमाको अलगअलग वतन भए पनि निवेदकले रोजेको बाबु वा आमाको ठेगानामध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिशसाथ तोकिएको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग गर्न आएमा रोजेको बाबु वा आमाको ठेगानामध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने । (प्रकरण नं.८)

**अवलम्वित नजीरः**

**सम्बद्ध कानूनः**

- नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), ३
- नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१)
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२), २२
- नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१)

**आदेश**

न्या. गौरी ढकाल

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७/३२ बमोजिम यस अदालतमा दर्ता भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

१. हामी निवेदकहरूलाई प्रस्तुत विषयमा निवेदन गर्ने, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ बमोजिम नेपाली नागरिक भएको नाताले प्रत्येक नेपाली नागरिकलाई प्रदान गरे अनुरूपको हकदैया प्राप्त नै छ । निवेदक मध्येको म रञ्जित थापा नागरिकताबाट वञ्चित भएको पीडित व्यक्ति हुँ । म काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ३५ बस्ने लिला रायमाझी (थापा) र काभ्रे जिल्ला शारदा बतासे गा.वि.स. वडा नं. १ बस्ने शरदबहादुर थापाको छोरा हुँ । मिति २०४३ साल भदौ ८ गते मेरो जन्म भई हाल म २१ वर्ष भएको छु । मेरो माता पिता दुबै नेपाली नागरिक हुनुहुन्छ र नेपाली नागरिकता समेत प्राप्त गरिसक्नुभएको छ । मेरो पिताले हामी आमा छोरालाई शुरूदेखि नै हेरचाह नगरेको र खान लाउन समेत नदिएको हुनाले हामी दुबै जना आमाको माइती, घरमा नै रहँदै बस्दै आएका छौँ । मेरो शिक्षा रत्नशिक्षा सदन काठमाडौ, कोटेश्वरमा भयो ।
एस.एल.सी पास भइसकेपछि मेरो पिता शरदबहादुर थापालाई नागरिकता दिनुहोस् भनी भन्न जाँदा उहाँले जे गर्छस् गर तर म तलाई नागरिकता दिन्न भनी ठाडो जवाफ दिनु भयो । त्यसैले मैले नेपाल नागरिकता ऐन, २०६३ बमोजिम आमाको नामबाट नागरिकता लिने निर्णय गरी मिति २०६५ जेठ २२ गते काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३५ को कार्यालयमा नागरिकता लिनको लागि सिफारिश लिन गएँ र वडाको सिफारिश प्राप्त गरेपछि काठमाडौँ महानगरपालिका वडा नं. ११ बबरमहलस्थित काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा गएँ । जिल्ला प्रशासन कार्यालयबाट प्रहरी सर्जमिन र अनुसूची ५ र ३ को प्रक्रिया गर्ने भनी तोक लगाइयो । उक्त लगाइएको तोकबमोजिम महानगरीय प्रहरी वृत्त नयाँ वानेश्वरले मिति २०६५।२।२४ गते

नै सर्जमिन गरी सर्जमिनमा वोलिदिने व्यक्तिहरूको नागरिकताको फोटोकपी संलग्न राखी, तोक बमोजिम अनुसूची फाराम भरी फाराममा नाम लेखिएका व्यक्तिको नागरिकताको फोटोकपी समेत संलग्न राखी सम्पूर्ण प्रक्रिया पूरा गरिसकेपछि काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा उपरोक्त बमोजिमको कागजातहरु जम्मा भइसके पश्चात् "प्रमुख जिल्ला अधिकरीले वंशज भनेको बाबुको हुन्छ तपाईको वुवाको ठेगाना काभ्रे जिल्ला, उल्लेख गर्नुभएको हुँदा यो मेरो क्षत्राधिकार भित्र परेन" भनी मौखिक रूपमा भनेर मेरो निवेदन साथै अन्य प्रक्रिया अगाडि बढाई जम्मा हुन आएका सम्पूर्ण कागजातहरु मलाई फिर्ता दिई पठाउनु भयो ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्ति भन्ने शीर्षक अन्तर्गत उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था गरी वंशजको परिभाषा भित्र बाबु अथवा आमा दुबैलाई पारेको छ । नागरिकता लिन चाहने व्यक्तिले कस्को नामबाट नागरिकता लिने भनी छान्न पाउने अधिकार समेत कानूनले प्रदान गरेको स्पष्ट छ ।

नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्म स्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिश वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्दछ भन्ने स्पष्ट व्यवस्था छ ।

हाम्रा संवैधानिक र कानूनी व्यवस्थाका अलवा पनि नेपाल पक्ष भई अनुमोदन गरेका सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन र नागरिकता परिवर्तन गर्ने अधिकार इन्कार गरिने छैन भन्ने व्यवस्था छ । नागरिकता तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्न शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name, every child had the right to acquire a nationality) महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State parties shall grant women equal rights with respect the nationality of their children) भन्ने व्यवस्था गरेको छ र त्यसै अनुरूप हाम्रो संविधान र कानूनमा समेत व्यवस्था गरिएको हो । बालअधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालवालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछन् । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right acquire a nationality and as far as possible, the right to know and be cased for by his parents) माथि उल्लिखित सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुबैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानूनी व्यवस्था समेतले नागरिकता प्रदान गर्नसक्ने अधिकार आमालाई प्रदान गरेको छ । तर व्यवहारमा वंशजको परिभाषा भेदभावपूर्ण रूपमा प्रस्तुत गरी आमाबाट पहिचान प्राप्त गर्न खोजेको व्यक्तिलाई पहिचानबाट वञ्चित गरी राज्यविहीन बनाउन खोजी अन्याय गरेको छ । नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएको माथि उल्लिखित मानव अधिकारका आधारभूत दस्तावेज मानिने सबै महासन्धिहरूलाई नेपालले बिना कुनै आरक्षण महासन्धिहरूबाट सिर्जना भएको दायित्वलाई स्वीकार गरिसकेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ मा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा सम्वर्द्धनको सम्बन्धमा कानूनद्वारा निर्धारित भएबमोजिम हुनेछ भन्ने संविधानको उक्त प्रावधानलाई आत्मसात गरी नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएका सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । सन्धिमा उल्लेख भए बमोजिम नै हाम्रो संविधान र कानून समेतले पनि महिला (आमा) ले आफ्ना छोरा छोरीलाई नागरिकता अर्थात् पहिचान दिन सक्ने हक प्रदान गरेको छ । तर व्यवहारमा उक्त हक अधिकार कार्यान्वयन गर्नुपर्ने

अधिकारीले नै उक्त हक अधिकार कार्यान्वयन नगरी निवेदक मध्येको म रञ्जित थापालाई पहिचानको अधिकारबाट वञ्चित गरेको छ । अतः विपक्षीहरूको नाममा म पीडित निवेदकलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने साथै देशमा रहेका अन्य म जस्ता पीडितको हकमा समेत सम्मानित अदालतबाट व्याख्या हुने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ र अग्राधिकार दिई प्रस्तुत रिट निवेदनको सुनुवाइ गरिपाऊँ भन्ने समेत रञ्जित थापा समेतको यस अदालतमा परेको मिति २०६५।४।२० को रिट निवेदन व्यहोरा ।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पठाउनु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनु । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु । साथै निवेदकले अग्राधिकार पाउन माग गरेको र नागरिकताको हक सम्बन्धी महत्वपूर्ण प्रश्न उपस्थित देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३) को खण्ड (६) बमोजिम प्रस्तुत मुद्दालाई अग्राधिकार दिई पेश गर्नु भन्ने समेतको मिति २०६५।४।२२।४ मा भएको आदेश ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) को खण्ड (ख) मा सो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था छ । त्यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था छ । सोही ऐनको दफा ९ मा उल्लेख भएको अधिकारीले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिमको कार्यविधि पूरा गरी यस्तो नागरिकता प्रदान गर्ने व्यवस्था भएकोले सो बमोजिमको प्रक्रिया र कार्यविधि पूरा गर्ने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नै हुन्छ । यसमा कुनै कानूनी बन्देज लगाइएको छैन । विपक्षी निवेदकले असम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन गरेको कारण नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेको कुरा स्वयंले निवेदन कथनमा स्वीकार गर्नुभएको निजको निवेदनमा कानूनले तोकेको प्रक्रिया नपुगेको स्पष्टै छ । कुनै अमुक व्यक्तिको निजी सुविधाको लागि आम नागरिकले प्राप्त गर्ने वा उपभोग गर्ने सुविधा र कानूनले तोकेको प्रक्रिया र कार्यविधिको पालना नगर्नु गैरकानूनी एवं कानूनको शासनको मर्म विपरीत समेत हुने हुँदा निवेदन जिकीर कानूनसम्मत नै छैन । अतः प्रस्तुत रिट निवेदन खारेजभागी छ । अन्य विपक्षीहरूले के कस्तो हकदैयाको आधारमा के कस्तो कारणले रिट निवेदन गर्नुभएको हो सो स्पष्ट छैन र निवेदक रञ्जित थापाको मौलिक हक उल्लंघन भएको कारणबाट अन्य विपक्षीहरूले निवेदन गर्नुभएको हो भने त्यस्तो निवेदन गर्ने हकदैया विपक्षीमा रहँदैन । अतः रिट निवेदन खारेजयोग्य छ । खारेज गरिपाऊँ भन्ने समेत मिति २०६५।५।१६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकहरूको जिकीरका सम्बन्धमा प्रचलित ऐन कानूनले तोकिएको शर्त र प्रक्रिया पूरा भएका नेपाली नागरिकले सम्बन्धित निकायबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नै हुँदा प्रस्तुत रिट निवेदनको व्यहोरामा कुनै कानूनी आधार नभएकोले खारेज गरिपाऊँ भन्ने समेत नेपाल सरकार गृह मन्त्रालयका तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

नेपाली नागरिकताको प्रमाणपत्र सहज रूपमा उपलब्ध होस् भनेर नै पचहत्तरवटै जिल्ला प्रशासन कार्यालय मार्फत् नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने नीति लिएको हो । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) ले वंशजका नाताले ने पाली नागरिकता प्राप्ति सम्बन्धी व्यवस्थामा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक हुने व्यवस्था गरेको र निवेदकका बाबुको नागरिकता काभ्रे जिल्लाबाट जारी भएको र निजको आमाको वतन विवाह पश्चात् पतिकै ठेगानामा रहने हुँदा निवेदकले काभ्रेपलाञ्चोक जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्र पाउने हुँदा क्षेत्राधिकारको आधारमा रिट खारेज गरिपाऊँ भन्ने समेत जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ ।

यस मन्त्रालयको के कुन कामकारवाहीबाट निजको संवैधानिक हक हनन् हुन गएको हो भन्ने सम्बन्धमा स्पष्ट उल्लेख गर्न सकेको छैन । नागरिकता ऐन, २०६३ को दफा ३ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) को खण्ड (ख) समेत बमोजिम कुनै पनि व्यक्तिले आमाको नामबाट नागरिकता प्राप्त गर्न नै सक्ने देखिएको र तत् सम्बन्धमा प्रचलित कानूनको प्रक्रिया र कार्यविधिसम्म अवलम्बन गर्नुपर्ने भएकोले निवेदन दावीबमोजिम रिट जारी हुनपर्ने होइन खारेज होस् भन्ने समेत कानून

तथा संविधान सभा व्यवस्था मन्त्रालयको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदन समेतको मिसिल अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता नरेन्द्र पाठक, मीरा ढुंगाना, सुष्मा गौतम समेतले बाबुले नागरिकताको प्रमाणपत्र नबनाइदिएमा आमाको नामबाट पनि नागरिकता लिन सकिने वा बाबु वा आमा मध्ये कसैका नामबाट पनि नागरिकताको प्रमाणपत्र लिन सकिने व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ ले गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल पक्ष बनी हस्ताक्षर गरेका बिभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा पनि कुनै पनि बालबालिका नागरिकता विहीनताको अवस्थामा रहनु नपर्ने अवस्थाको सुनिश्चितता गरेको छ । पिताजीले नागरिकताको प्रमाणपत्र नवाइदिएपछि आमाका नामबाट नागरिकताको प्रमाणपत्र लिन काठमाडौँ महानगरपालिकाको सिफारिश सरजमिन मुचुल्का, जन्मदर्ता प्रमाणपत्र समेत साथै राखी आमाको काठमाडौबाट लिएको नागरिकताको प्रमाणपत्र समेत राखी जिल्ला प्रशासन कार्यालय काठमाडौमा पेश गर्दा त्यहाँका प्रमुख जिल्ला अधिकरीले वंशज भन्नाले बाबुलाई बुझिन्छ बाबुको ठेगाना काभ्रेपलाञ्चोकमा हुँदा यहाँ काठमाडौबाट नागरिकता लिन मिल्दैन भनी फर्काइदिएको हुँदा बाबु वा आमा जोसुकैका नामबाट नागरिकताको प्रमाणपत्र लिन चाहे पनि सिफारिशसाथ आएमा नागरिकताको प्रमाणपत्र लिन दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी होस् भनी तथा प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान सहन्यायाधिवक्ता श्री किरण पौड्यालले बाबु वा आमा मध्ये जोसुकैका नामबाट पनि नागरिकता लिन सकिने व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ ले नै गरेकै छ । प्रस्तुत निवेदनको निवेदकलाई नागरिकता दिन इन्कार गरिएको छैन । बाबुको ठेगाना काभ्रेपलाञ्चोक भएकोले काभ्रेपलाञ्चोकमा सिफारिश साथ पेश गरेमा नागरिकता लिन सकिने नै भएकोले रिट निवेदन खारेज होस् भनी गर्नुभएको वहस समेत सुनी निवेदन माग बमोजिम रिट जारी हुने हो होइन? भन्ने कुराको निर्णय दिनपर्ने देखियो ।

पिता शरदबहादुर थापाले नागरिकता बनाई दिन नमानेको हुँदा काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३५ को सिफारिशसाथ आमा लिला रायमाझी थापाको नामबाट नागरिकता लिन जिल्ला प्रशासन कार्यालय काठमाडौमा दरखास्त गरेकोमा सो कार्यालयको तोक आदेशानुसार प्रहरी सरजमीन गरी सर्जमिनमा बस्ने व्यक्तिहरूको नागरिताको प्रमाणपत्रको फोटोकपी समेत साथै राखी अनुसूची ३ र ५ समेत भरी सम्पूर्ण प्रक्रिया समेत पूरा गरिसकेपछि जिल्ला प्रशासन कार्यालय काठमाडौका प्रमुख जिल्ला अधिकारीले वंशज भनेको बाबु हुन्छ तपाईका बाबुको ठेगाना काभ्रेपलाञ्चोक हुँदा यो मेरो क्षेत्राधिकार भित्र परेन भनी मौखिक जवाफ दिनुभयो, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ ले वंशजको परिभाषा भित्र बाबु र आमा दुबैलाई पारेको छ, नागरिकता लिने व्यक्तिले कसको नामबाट लिने हो छान्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) ले बंशजको नाताले नेपालको नागरिकता लिन चाहने १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष बाबु वा आमा वा तीनपुस्ता भित्रका नातेदारको नेपालको नागरिकताको प्रमाणपत्र, जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायको सिफारिश वा जन्मदर्ता प्रमाणपत्र साथमा अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । यस सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धिलाई नेपालले स्वीकार गरिसकेको छ । अतः विपक्षीहरूका नाममा म पीडित निवेदकलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने साथै देशमा रहेका अन्य म जस्ता पीडितको हकमा समेत सम्मानित अदालतबाट व्याख्या हुने गरी परमादेश जारी गरिपाऊँ भन्ने समेत निवेदन दावी तथा निवेदकले काभ्रपलाञ्चोक जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र लिन पाउने नै हुँदा काठमाडौबाट नागरिकता नलिएको हुँदा क्षेत्राधिकारको अभावमा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौँ समेतको लिखित जवाफ देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ (२) मा यो संविधान प्रारम्भ हुँदाको बखत नेपालमा स्थायी वसोवास भएका देहाएका व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछः-

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति" भनी उल्लेख भएको देखिन्छ । त्यस्तै उक्त संविधानको धारा २२ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ भन्ने व्यवस्था भएको देखिन्छ ।

२. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भनी व्याख्या भएको

छ । त्यस्तै नेपाल नागरिकता नियमावली, २०६३ को दफा ३(१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोन्ह वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष देहाएका कागजत संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ (क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र (ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिश वा जन्मदर्ता प्रमाणपत्र भनी नियममा व्यवस्था गरेको देखिन्छ ।

३. त्यस्तै, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८ (Universal Declaration of Human Rights 1948) को धारा १५ मा हरेक मानिसलाई राष्ट्रियताको अधिकार छ र कसैलाई पनि राष्ट्रियताबाट जथाभावी वञ्चित गरिने छैन र निजको राष्ट्रियता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन । (Everyone has the right to a nationality. No one shall be arbitrarily deprived of his nationality nor denied the right to change his nationality) भनी राष्ट्रियताको अधिकारलाई पनि मानव अधिकारको रूपमा प्रत्याभूत गरिएको छ ।

४. यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २४(३) मा हरेक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ । (Every child has the right to acquire a nationality) भन्ने व्यवस्था गरेको छ ।

५. महिलाहरु विरूद्धको भेदभावका सवै स्वरूपहरूको उन्मूलन विषयक संयुक्त राष्ट्रसंघीय सन्धि, १९७९ (U.N convention on the Elimination of All Forms of Discrimination against women 1979) (CEDAW) को धारा ९(१) मा पक्ष राष्ट्रहरूले पुरुषहरु सरह महिलाहरूलाई नागरिकता प्राप्त गर्ने, परिर्वितित गर्ने र धारण गर्ने पुरुष सरह समान अधिकार प्रदान गर्नेछन् । तिनीहरूले विषेशतः यस कुराको प्रत्याभूती गर्नेछन् की नत विदेशीसँगको विवाहले न विवाहको अवधिमा पतिको नागरिकता परिवर्तनले स्वतः पत्नीको नागरिकता परिवर्तन गर्नेछन् नत नागरिकताविहीन तुल्याउने छ नत बलजफ्ती पतिको नागरिकता प्राप्त गर्न वाध्य नै गर्नेछ । (State parties shall grant women equal rights with men to acquire, change or retain their nationality. They shall ensure in particular that neither marriage to an alien nor change of nationality by the husband during marriage shall automatically change the nationality of the wife render her stateless or force upon her the nationality of husband) भन्ने व्यवस्था भएको छ । त्यस्तै उपधारा २ मा सन्तानको नागरिकताको सम्बन्धमा पक्ष राष्ट्रहरूले महिलाहरूको लागि पुरूषहरु सरह समान अधिकार प्रदान गर्नेछन् । (States parties shall grant women equal rights with men with respect to the nationality of their Children)

६. बालअधिकार सम्बन्धी महासन्धि, १९८९(Convention on the rights of the child) (CRC) को धारा ७ (१) मा बालवालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो नाम राख्ने र राष्ट्रियताको अधिकार पाउनेछन् । सम्भव भएसम्म बाबुआमा थाहा पाउने उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन् । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right to acquire a nationality and as far as possible, the right to know and be cared for by his/her parents) भन्ने व्यवस्था गरेको छ ।

७. उपरोक्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय व्यवस्थालाई दृष्टिगत गर्दा हरेक व्यक्तिलाई आफ्नो पहिचानको र नागरिकताको हक हुनेछ र त्यस्तो हक महिलालाई पनि पुरुष सरह हुनेछ भन्ने व्यवस्था रहेको भएको पाइन्छ । नेपालले पनि उपरोक्त मानवाधिकार सम्बन्धी अनुबन्धहरूलाई अनुमोदन एवं स्वीकार गरेको अवस्था छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपाल पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धी सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ भन्ने व्यवस्था भएबाट नेपालले अनुमोदन गरेका उपरोक्त सन्धि सम्बन्धित व्यवस्थाहरु नेपालका लागि पनि कानून सरह मान्य भई नेपालको लागि बन्धनकारी हुने देखिन्छन् । नागरिकता प्राप्ति सम्बन्धी नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ एवं नेपाल नागरिकता नियमावली, २०६३ मा भएका व्यवस्थाहरु माथि उल्लिखित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबनध अनुकूल भई नागरिकता प्राप्त गर्ने कार्यमा महिला र पुरुष बीच कुनै भेदभाव रहे भएको पाइँदैन ।

८. प्रस्तुत मुद्दामा निवेदक नेपालको नागरिक भएकोमा विवाद नभएको र रञ्जित थापालाई बाबु वा आमाको नामबाट नागरिकता लिने कुरामा छनौट गर्ने अधिकार नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेतले प्रदान गरेको छ सो कुरालाई प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौँ समेतले आफ्नो लिखित जवाफमा समेत स्वीकार गरेको छ । तर जिल्ला प्रशासन कार्यालय काठमाडौले

वंशज भन्नाले बाबुलाई मान्नुपर्ने र बाबुको ठेगाना काभ्रेपलाञ्चोक जिल्ला भएकोले आमाले नागरिकता लिएको काठमाडौंबाट नागरिकताको प्रमाणपत्र लिन नमिल्ने भन्ने सम्बन्धमा विचार गर्दा बाबु वा आमामध्ये दुबैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ समेतले प्रदान गरिसकेको अवस्थामा बाबुको ठेगानाबाट मात्र निवेदकले नागरिकताको प्रमाणपत्र लिनुपर्ने भन्ने कुराबाट उपरोक्त नेपाल नागरिकता नियमावली, २०६३ समेतको बर्खिलाप हुन जाने र ऐन नियमको मनसाय विपरीत हुन्छ भने नेपाल पक्ष भएका मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पनि विपरीत हुन जाने देखिन्छ । तसर्थ, निवेदक रञ्जित थापा नेपालको नागरिक भएकोमा विवाद नभएको, निज नेपालको अन्तरिम संविधान, २०६३ नेपाल नागरिकता ऐन २०६३, नेपाल नागरिकता नियमावली, २०६३ समेत बमोजिम वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र लिन योग्य भएको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ समेतबाट देखिएको हुँदा निजको बाबुआमाको अलग अलग वतन भए पनि निवेदकले रोजेको बाबु वा आमाको ठेगानामध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिशसाथ तोकिएको कार्यविधि पूरा गरी निवेदक नागरिकताको प्रमाणपत्र माग गर्न आएमा निवेदकले रोजेको बाबु वा आमाको ठेगानामध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ठहर्छ । आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

राजेन्द्रप्रसाद कोइराला

इति संवत् २०६६ साल असार १२ गते रोज ६ शुभम्

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

# ६ निना तामाङसमेत विरूद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६८ साल २०६८ पौष २७ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल**
**माननीय न्यायाधीश श्री डा. भरत बहादुर कार्की**
**आदेश**
**066-WO-0869**

**बिषयः परमादेश समेत ।**

नुवाकोट जिल्ला, समुन्द्रादेवी गा.वि.स. वडा नं. ३ वस्ने निना तामाङ्ग (गुरूङ्ग)........................१
काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ११ थापाथली स्थित महिला, कानून र विकास मञ्चको तर्फबाट र आफ्नै तर्फबाट समेत ऐ.ऐ. बस्ने अधिवक्ता मीरा ढुंगाना ........................१
काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ थापाथली स्थित महिला, कानून र विकास मञ्चको तर्फबाट र आफ्नै तर्फबाट समेत ऐ.ऐ. बस्ने अधिवक्ता सुषमा गौतम ........................१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाण्डौं........................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौं........................१
नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, सिंहदरवार, काठमाण्डौं........................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय नुवाकोट, विदुर........................१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

निवेदक मध्येको म निना तामाङ्ग (गुरूङ्ग) नेपालको नागरिकता प्राप्त गर्ने अधिकारबाट बञ्चित भएको पिडीत व्यक्ति हुँ । काठमाण्डौं जिल्ला, बिष्णु गा.वि.स. वडा नं. १ मा आमा हिरामाया तामाङ्ग र बाबु हितमान तामाङ्गको दाम्पत्य सम्बन्धबाट मिति २०५०।६।२९ गते मेरो जन्म भएको हो । मिति २०६६।१०।८ मा मेरो विवाह नुवाकोट जिल्ला, समुन्द्रादेवी गा.वि.स वडा नं. बस्ने विनोद गुरूङसँग भएको हो । मिति २०६६।१०।१५ गते समुन्द्रादेवी गा.वि.स.बाट सिफारिस प्राप्त गरी ऐ. १७ गते जिल्ला प्रशासन कार्यालय नुवाकोट, विदुरमा नागरिकताको प्रमाणपत्र पाउँ भनी आवश्यक कागज प्रमाणहरु साथै राखी निवेदन दिएकोमा त्यहाँबाट जिल्ला प्रशासन कार्यालय काठमाण्डौंलाई विवरण खुलाई पठाईदिन पत्राचार गरेको थियो । आमाले २०४२।५।१० मा नागरिकता लिएको विवरण पत्ता लागेको र बुवाको कुनै विवरण पत्ता लागेन भन्ने व्यहोराको काठमाण्डौं जिल्ला प्रशासन कार्यालयबाट जवाफ आएपछि पनि मलाई नागरिकता दिन मौखिक रूपमा इन्कार गरियो । मेरो मातापिता दुवै नेपाली नागरिक हुनुहुन्छ । बुवाले मलाई सानैमा छाडी जानु भएको र हालसम्म कुनै सम्पर्कमा हुनुहुन्न । आमाले दुःख गरी पालन-पोषण र शिक्षा दिक्षा दिनु भएको हो । मैले एस.एल.सी. पास गरेपछि रोजगारी खोज्दा नागरिकता नभएको कारणले इन्कार गरियो । उच्च शिक्षा अध्ययन गर्न समेत अप्ठ्यारो व्यहोर्नु परेको अवस्था छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था भएकोले मैले वंशजको आधारमा नेपाली नागरिकता पाउने कुरामा कुनै द्विविधा

छैन । म १६ वर्ष उमेर पूरा भै सकेको र स्थानीय निकायको सिफारिस समेत साथै राखी निवेदन दिइसकेपछि पिता नभएको भनी पितृसत्तात्मक सोच, मूल्य र मान्यता राखी संवैधानिक एवं कानूनी व्यवस्थाको बर्खिलाप गरी नागरिकता नदिने भन्ने मौखिक आदेश दिएकोले मेरो पहिचान लोप हुन पुगेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ महिला विरूद्ध हुने कुनै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि लगायत थुप्रै सन्धि महासन्धिहरूले समेत पुरूषसरह महिललाई पनि नागरिकता प्राप्त गर्न सक्ने अधिकार प्रदत्त गरेको अवस्थामा वंशजको परिभाषालाई संकीर्ण व्याख्या गरी मलाई पतिको नामबाट नागरिकता दिन इन्कार गरेकोले मैले कसको नामबाट पहिचान प्राप्त गर्ने भन्ने छनौंट गर्ने अधिकारबाट बञ्चित भैरहेको छु । यसर्थ मैले माग गरे बमोजिम मेरो पतिको नामबाट मलाई नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदन माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले वाटाका म्याद वाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाई जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु । साथै निवेदिका नागरिकता विहिन अवस्थामा रहेको संवेदनशीलताको कारणले अग्राधिकार पनि दिई नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०६६।१२।२० को आदेश ।

प्रचलित नेपालको कानूनमा व्यवस्थित नागरिकता प्राप्त गर्ने सारवान अधिकारको उपभोग गर्नका लागि प्रचलित कार्यविधि कानूनको समेत अक्षरस पालना गर्नुपर्ने हुन्छ । विपक्षी निवेदिका आफूले पालना गर्नुपर्ने कानूनी कर्तव्य पालना नगरी नेपाल कानूनले निर्धारण गरेको कार्यविधि कानूनको पालनाका सम्बन्धमा असल नियतले व्यक्त गरेको मौखिक कुरालाई लिएर रिट क्षेत्रमा प्रवेश गर्नुबाट निवेदिका सफा हात लिई अदालत प्रवेश गरेको मान्न मिल्दैन । तसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल नागरिकता ऐन, २०६३ मा वंशजको आधारमा नागरिकता प्राप्त गर्ने आधार मध्ये कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गरेको छ । विपक्षी निवेदिकाले दावी गरे बमोजिम पतिको नामबाट वंशजको आधारमा नागरिकता प्रदान गर्न कानूनले कुनै प्रकारको व्यवस्था गरेको छैन । तसर्थ पतिको नामबाट वंशजको आधारमा नागरिकता पाउँ भनी माग गरेको प्रस्तुत रिट निवेदन कानून संगत नभएकोले खारेज गरीपाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

नागरिकता प्रदान गर्ने कार्यसँग सम्बद्ध नरहेको यस मन्त्रालयलाई विपक्षी बनाइएको रिट खारेज भागी छ । साथै नेपाल नागरिकता ऐन, २०६३ तथा नागरिकता नियमावली, २०६३ को विपरित निवेदिकाले पतिको नामबाट वंशजको आधारमा नागरिकता माग गरेको देखिन्छ । प्रचलित कानूनले विपक्षीलाई समेत आमा वा बाबुको नाताले वंशजको आधारमा नागरिकता लिन सक्ने सुविधा प्रत्याभूत गरेको हुँदा निरर्थक निवेदन जिकीर खारेज गरिपाउँ भन्ने समेत व्यहोराको कानून तथा न्याय मन्त्रालयको लिखित जवाफ ।

नागरिकता प्रमाणपत्र जस्तो सम्बेदनशील विषयमा आवश्यक कागजातको माग र प्राप्त कागजातको छानविन गरी यकिन गर्नु यस कार्यालयको प्रक्रियागत विधि र दायित्व हो । निवेदकले पेश गरेका कागजात यस कार्यालयमा दर्ता एवं दरपिठ नगरी स्वयं निजले नै लगेको भन्ने निवेदनबाट देखिन आएको छ । निज विपक्षीलाई नागरिकता ऐन, २०६३ तथा नागरिकता नियमावली, २०६३ बमोजिम भएको व्यवस्था अनुसारको प्रमाण र प्रक्रिया पुऱ्याई आएमा, नागरिकता प्रमाणपत्र पाउनबाट बञ्चित गरिएको छैन र इन्कार गरिएको छैन । निवेदन सत्य तथ्यमा आधारित नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय नुवाकोटको लिखित जवाफ ।

यसमा जिल्ला प्रशासन कार्यालय नुवाकोटको लिखित जवाफमा "निवेदकको नागरिकता सम्बन्धी दरखास्त फाराम दर्ता नरहेको र निजले नै फिर्ता लगेको हुन सक्ने" भन्ने भएको देखिएको छ । तर त्यस कार्यालयबाट २०६६।१०।१७ मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंलाई लेखेको पत्रमा "निज नीना तामाङ्गले नेपाली नागरिकता पाउँ भनी आवेदन पेश गरेको हुँदा" भनी निजको बुवा हितमान समेतको नागरिकता बारे जानकारी माग गरेको उक्त पत्रको निवेदन साथ पेश भएको छायाप्रतिबाट देखिएकोले आफू समक्ष पेश र दर्ता नभएको नागरिकता सम्बन्धी दरखास्त फारामका सम्बन्धमा के कुन आधारमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंलाई पत्राचार गरिएको हो, सो सम्बन्धी यथार्थ जवाफ पठाउनु भनी जिल्ला प्रशासन

कार्यालय नुवाकोटलाई लेखी जवाफ आएपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।१०।२० को आदेश । र सो अनुसार जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट जवाफ प्राप्त भई मिसिल सामेल रहेको ।

नियम बमोजिम पेशी सूचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गरी प्रस्तुत रिट निवेदक अधिवक्ता मीरा ढुंगाना तथा अधिवक्ता सुषमा गौतम तथा प्रत्यर्थी नेपाल सरकारको तर्फबाट महान्यायधिवक्ता कार्यालयका विद्वान उप न्यायधिवक्ता श्री खेमराज ज्ञवालीले गर्नु भएको बहस समेत सुनी निर्णय तर्फ विचार गर्दा निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुने होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा पतिको नाममा वंशजको नाताले नागरिकता दिन जिल्ला प्रशासन कार्यालय नुवाकोटले निवेदन दर्ता नै नगरी मौखिक रूपमा इन्कार गरेकोले विपक्षीहरूको नाममा म पिडीत निवेदिकालाई वंशजको आधारमा पतिको नामबाट नागरिकता दिनु दिलाउनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरीपाउँ भन्ने मुख्य निवेदन माग दावी र निवेदिकाले विधिवत् रूपमा निवेदन नै दर्ता नगराएको साथै नेपालको अन्तरिम संविधान, २०६३ तथा नागरिकता ऐन, २०६३ ले पतिको नामबाट वंशजको नाताले नागरिकता दिन मिल्ने कानूनी व्यवस्था नभएकोले रिट खारेज गरी पाउँ भन्ने लिखित जवाफ भएको पाइयो । सो सम्बन्धमा सर्वप्रथम त निवेदिका जिल्ला प्रशासन कार्यालयमा निवेदन लिई उपस्थित नै नभएकोले प्रक्रिया अगाडि नबढेको भन्ने जिल्ला प्रशासन कार्यालय नुवाकोटको लिखित जवाफ रहेको सम्बन्धमा हेर्दा जिल्ला प्रशासन कार्यालय नुवकोटबाट मिति २०६६।१०।१७ मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंलाई लेखिएको पत्र र सो पत्र सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंको जवाफको मिसिल संलग्न प्रतिलिपिबाट निवेदिका जिल्ला प्रशासन कार्यालय नुवाकोटमा उपस्थित भई नेपाली नागरिकता पाउँ भनी निवेदन दर्ता गराउन गएको पाइयो ।

कुनै पनि सेवाग्राहीले निवेदन लिई कार्यालयमा उपस्थित भएपछि निवेदन दर्ता लगायत जो जे गर्नुपर्ने हो सो दायित्व सम्बन्धित सरकारी कार्यालयको नै हुन्छ । रित पूर्वकको निवेदन नभएमा र आवश्यक कागजात संलग्न नभएको अवस्थामा यो कागजात र रित पुऱ्याई ल्याउनु भनी निवेदनमा दरपीठ गरी फिर्ता गर्न सक्ने अधिकार समेत त्यस्तो कार्यालयलाई नै हुन्छ । सो प्रक्रिया यी निवेदिकाको हकमा अवलम्बन गरेको पाइएन । निवेदन दर्ता नै नगरी सोझै फिर्ता गरेको भन्ने निवेदन व्यहोरा तथा निवेदिकको नागरिकता सम्बन्धी कुनै विवरण नरहेको भन्ने जिल्ला प्रशासन कार्यालय नुवाकोटको भनाईबाट समेत निवेदन दर्ता नै नगरी निवेदकलाई नै फिर्ता दिएको अवस्था स्पष्ट हुन आएकोले जिल्ला प्रशासन कार्यालय, नुवाकोटले निवेदन दर्ता गर्नुपर्ने र सो सम्बन्धमा आवश्यक कारवाही गर्ने कर्तव्य एवं जिम्मेवारी पुरा गरेको भन्ने अवस्था देखिन आएन । मिसिल संलग्न कागजातहरु हेर्दा रिट निवेदन दावीमा उल्लिखित निवेदन निवेदिकाले २०६७।१२।७ मा निवेदनसाथ जिल्ला प्रशासन कार्यालय नुवाकोटमा बुझाएको कुरा मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय नुवाकोटको मिति २०६८।३।९ च.नं. २०९२ को पत्र व्यहोरा र निवेदनको छायाँप्रतिबाट देखिएकोले निवेदिकाले नागरिकता प्राप्त गर्नको निमित्त सो सम्बन्धी सम्बद्ध कागजातहरु समेत राखी निवेदन दर्ता गराई सकेपछि जिल्ला प्रशासन कार्यालय नुवाकोटले सो सम्बन्धमा कानून बमोजिम के कसो गर्नुपर्ने हो यकीन निर्णय लिनु पर्ने कुरा देखिन आउँछ । तसर्थ निवेदिका मध्येकी नीना तामाङ्गले विपक्षी जिल्ला प्रशासन कार्यालय नुवाकोट समक्ष नागरिकता सम्बन्धी दिएको निवेदन दर्ता सनाखत गराउन आए सो निवेदन कानूनको प्रक्रिया पुऱ्याई दर्ता सनाखत गराई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ (२) को खण्ड (ख) एवं नेपाल नागरिकता ऐन, २०६३ को कानूनी व्यवस्था अनुसार जो जे गर्नुपर्ने हो गर्नु गराउनु भनी विपक्षी मध्येको जिल्ला प्रशासन कार्यालय नुवाकोटको नाउँमा परमादेशको आदेश जारी गरी दिएको छ । सोको जानकारी जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई लेखी पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाईदिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत :- ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति सम्बत् २०६८ साल पौष २७ गते रोज ४ शुभम्..............।

# ७ सविना दमाई समेत
## विरूद्ध
## नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६७ साल माघ २४ गते , ने.का.प, २०६८, अंक २, निर्णय नं. ८५५७, पृष्ठ २४७

**सर्वोच्च अदालत, संयुक्त इजालस**
**माननीय न्यायाधीश श्री बलराम के.सी.**
**माननीय न्यायाधीश श्री भरतराज उप्रेती**
**आदेश**
**सम्वत् २०६७ सालको रिट नं. -०६७-WO-०७०३**

**विषय :-परमादेश समेत ।**

गंगामाया दमाईको छोरी, दोलखा जिल्ला लामीडाँडा गा.वि.स. वडा नं. २ घर भई हाल ल.पु.जि.हरिसिद्धी गा.वि.स. वडा नं ९ बस्ने वर्ष १८ की सविना दमाई ............१
का.जि.का.म.न.पा वडा नं ११ थापाथली स्थित महिला, कानून र विकासमञ्चको तर्फबाट अख्तियार प्राप्त भई र आफ्नै तर्फबाट समेत ऐ. ऐ. बस्ने अधिवक्ता मिरा ढुंगाना (प्र.प्र.नं. ३७९७) ............१ निवेदक
ऐ.ऐ. को तर्फबाट अख्तियार प्राप्त भई आफ्नो तर्फबाट समेत अधिवक्ता सुषमा गौतम (प्र.प.नं.६१९८)............१
ऐ.ऐ.को तर्फबाट अख्तियार प्राप्त भई आफ्नो तर्फबाट समेत अधिवक्ता सिमा धामी (प्र.प. नं ५९३७)............१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ............१
नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार काठमाडौं ............१
नेपाल सरकार, कानून, तथा न्याय मन्त्रालय सिंहदरबार ............१ विपक्षी
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय दोलखा ............१
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय दोलखा ............१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

निवेदक संस्था एवं हामी निवेदकहरु महिला अधिकार एवं मानव अधिकारका लागि अनवरत रूपले आवाज उठाउँदै आइरहेका छौं । हामीहरु नेपाली नागरिक भएको नाताले मानव अधिकार एवं मौलिक हक प्रचलनको लागि प्रस्तुत निवेदन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) द्वारा प्रदत्त संवैधानिक उपचारको हक प्राप्त नै छ । नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्तवपूर्ण अधिकार हो र यो यस्तो दस्तावेज हो, जसले व्यक्तिको पहिचान दिन्छ । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने आधार भनेको नै नागरिकता हो । त्यसैले नागरिकता नभएको व्यक्तिको न पहिचान नै हुन्छ न राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने अवसर नै प्राप्त गर्न सक्दछ । अतः नागरिकता कुनै पनि व्यक्तिको नैसर्गिक अधिकार हो ।

निवेदक मध्येको म सविना दमाई नेपाली नागरिकताबाट वन्चित भएको पीडित व्यक्ति हुँ । म दोलखा जिल्ला, लामीडाँडा गा.वि.स. वडा नं. २ घर भई हाल ललितपुर जिल्ला, हरिसिद्धी गा.वि.स. वडा नं. ९ बस्ने गंगामाया दमाईकी छोरी हुँ । म मिति २०४९ साल कार्तिक २७ गते जन्म भई हाल १८ वर्ष उमेर पूरा भएकी छु । मेरो आमा नेपाली नागरिक हुनुहुन्छ र वंशजको आधारमा नेपाली नागरिकता समेत प्राप्त गरिसक्नु भएको छ । तर मेरो बाबुको किटानी जानकारी मेरो आमा समेतलाई नभएको कुरा नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदनमा स्पष्ट खुलाएकी छु । मैले हिन्दु विद्यापीठ, बालकुमारी, ललितपुरबाट एस.एल.सी पास गरी हाल नागरिकताको आवश्यकता हुन गई नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) को व्यवस्था अनुरूप मैले आमाको नामबाट नागरिकता लिने निर्णय गरी मिति २०६७/४/९ गते सम्बन्धित गा.वि.स को कार्यालयमा निवेदन दिई उक्त निवेदन उपर मिति २०६७/४/१२ गते रीत पूर्वकको सनाखत गरी

उक्त सम्पूर्ण व्यहोरा खुलाई जिल्ला प्रशासन कार्यालय दोलखामा नागरिकताको प्रमाण पत्र पाउँ भनी नागरिकता नियमावलीको नियम ३ (१), (३) बमोजिमको दर्खास्त फाराम भरी सम्पूर्ण आवश्यक प्रक्रिया पूरा गरी सकेपछि प्रमुख जिल्ला अधिकारीले तपाईको बाबुको ठेगाना र पहिचान नभएको कारणले नागरिकता दिन नमिल्ने भनी मौखिक रूपमा मेरो निवेदन फिर्ता पठाई हालसम्म यस उपर कुनै कारवाही नभएको कारणले म आफ्नै देशमा आफ्नो पहिचानको अधिकारबाट वन्चित भई राज्यविहीन अवस्थामा बाँच्न बाध्य भएको हुनाले सम्मानित अदालत समक्ष आफ्नो अधिकारको प्रचलन गराउन उपस्थित भएकी छु ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हक शीर्षक अन्तर्गत उपधारा (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ भन्ने व्यवस्था गर्नुको साथै धारा १३ को सम्पूर्ण उपधाराहरूले समानताको अधिकार प्रत्याभूत गरेको छ । ऐ. भाग २ धारा ८ (२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने भन्ने स्पष्ट व्यवस्था गरेको छ भने नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्ति भन्ने शीर्षक अन्तर्गत उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था गरी बंशजको परिभाषा भित्र बाबु अथवा आमालाई पारेको छ । नागरिकता लिन चाहने व्यक्तिले कसको नामबाट नागरिकता लिने भनी छान्न पाउने अधिकार समेत कानूनले प्रदान गरेको स्पष्ट छ ।

नागरिकता नियमावली, २०६३ को नियम ३ (१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा तीन पूस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्म स्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचाको निवेदन दिनु पर्दछ भन्ने स्पष्ट व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरिसकेपछि आमाको नामबाट नागरिकता नदिने उक्त मौखिक आदेशले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको र म जीवनभर राज्यविहीन अवस्थामा बाँच्न बाध्य हुनुपर्ने अवस्था भएको हुनाले कानून बमोजिम आमाको नामबाट नागरिकता दिनु भन्ने र देशभरिका म जस्ता पीडितको हकमा समेत व्याख्या हुने गरी परमादेश लगायत जो चाँहिने आज्ञा आदेश जारी गरिपाउँ । हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका अलावा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्यके व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वन्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ ।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९ (२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुष सरह समान अधिकार प्रदान गर्नेछ भन्ने व्यवस्था गरेको छ । बालअधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ भन्ने व्यवस्था छ । माथि उल्लेखित महासन्धिहरूको प्रावधानहरूले महिला पुरुष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तराष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानूनी व्यवस्था समेतले नागरिकता प्रदान गर्न सक्ने अधिकार आमालाई प्रदान गरेको छ । तर व्यवहारमा वंशजको परिभाषा भेदभावपूर्ण रूपमा प्रस्तुत गरी आमाबाट पहिचान प्राप्त गर्न खोजेको व्यक्तिलाई पहिचानबाट वन्चित गरी राज्यविहीन बनाउन खोजी अन्याय गरेको छ ।

पितृसत्तात्मक सोच, धारणा, मूल्य र मान्यताको कारणले नै आमाको नामबाट नागरिकता दिन इन्कार गरी महिला वंशज भित्र पर्दैन भनी अड्चन पैदा गरिएको छ । यस्तो धारणालाई हटाउनु पर्छ भन्ने निष्कर्ष सुझाव CEDAW को दोस्रो र तेस्रो आवधिक प्रतिवेदनमा नेपाललाई प्राप्त भएको छ । जुन बाध्यात्मक रूपले पालना गर्नुपर्दछ ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएका माथि उल्लेखित सबै महासन्धिहरूबाट सृजना भएको दायित्वलाई नेपालले बिना कुनै आरक्षण स्वीकार गरिसकेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) मा नेपालले अनुमोदन गरेको सन्धि नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । तर व्यवहारमा उक्त हक अधिकार कार्यान्वयन गर्नुपर्ने अधिकारीले नै उक्त हक अधिकार कार्यान्वयन नगरी निवेदक मध्येको म सविना दमाईलाई पहिचानको अधिकारबाट वन्चित गरेको छ ।

वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगाना पत्ता नलागेका सबै बालबालिकाहरूलाई बाबुको ठेगाना नभएको भन्ने कारणले निजहरूको जन्म दर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा (४) बमोजिम नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरूलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ भन्ने अधिवक्ता टेक ताम्राकार विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार भएको भएको

मुद्दामा सम्वत् २०६२/५/३० मा सम्मानित अदालतबाट भएको फैसलाका आधारमा समेत मैले आमाको नामबाट वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न पाउनु पर्छ ।

यसरी माथि प्रकरण प्रकरणमा उल्लेख भए बमोजिम नागरिकता दिने अधिकारीको पितृसतात्मक सोच र व्यवहार भएकोले निवेदक मध्येको म सविना दमाई आमाको नामबाट नागरिकता नपाएको हुनाले मेरो संवैधानिक समानता सम्बन्धी हक, नागरिकता प्राप्त गर्ने हक, रोजगारीको अधिकार, रोजेको व्यवसाय गर्न पाउने अधिकार, स्वतन्त्रतापूर्वक विचार गर्न पाउने हक सम्पत्तिको हक, वासस्थान छनौट गर्न पाउने हक र अर्न्राष्ट्रिय कानून अन्तर्गत मेरो समानताको हक, राष्ट्रियताको हक र मैले मेरो पहिचानको प्राप्ति गर्ने हकबाट बन्चित भइरहेको छु । अतः विपक्षीहरूको नाममा म पीडित निवेदकलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने साथै देशमा रहेका अन्य म जस्ता पीडितको हकमा समेत सम्मानित अदालतबाट व्याख्या हुने गरी परमादेश लगायत जो चाँहिने आज्ञा आदेश जारी गरिपाउँ । साथै यो अत्यन्त संवेदनशील र सार्वजनिक सरोकारको विषयको मुद्दा भएको मुद्दा भएको हुनाले प्रस्तुत रिट निवेदनलाई अग्राधिकारमा राखी सुनुवाइ गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने समेत यस अदालतको मिति २०६७/१०/१३ को आदेश ।

विपक्षी रिट निवेदकले यस कार्यालयको के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो । त्यसको स्पष्ट रूपमा उल्लेख सम्म गर्न नसकेको अवस्थामा यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन नै लाग्न नसक्नेमा सो विपरीत यस कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दायर भएको देखिनुका अतिरिक्त प्रचलित नेपाल कानून बमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारबाही एवं निर्णय उपर समेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने होइन ।

जहाँसम्म नागरिकता प्राप्तिका सम्बन्धमा विपक्षीको जिकिर छ । तत्सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ का साथै नेपाल नागरिकता ऐन, २०६३ ले नेपालका नागरिकहरूले बिना भेदभाव समानताका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । नागरिकता प्राप्त गर्ने सारवान् अधिकारको उपभोग गर्नका लागि प्रचलित नेपाल कानूनले नै नागरिकता प्राप्त गर्ने सम्बन्धमा व्यवस्था गरेको कार्यविधि कानूनको समेत अक्षरशः पालना गर्नुपर्ने हुन्छ । नेपाल सरकार प्रचलित नेपाल कानूनको कार्यान्वयन एवं सम्बद्ध सबै निकाय र पदाधिकारीहरूबाट कानूनले तोकेको दायित्व पालना गर्ने, गराउने कुरामा प्रतिवद्ध रहेको छ । परन्तु विपक्षी निवेदिकाले उठाएको प्रश्न यस कार्यालयसँग प्रत्यक्षतः सम्बन्ध राख्ने नभई गृह मन्त्रालय अन्तर्गतको विषय हुँदा सो मन्त्रालयको लिखित जवाफबाट नै स्पष्ट हुने हुँदा सो सम्बन्धमा यस लिखित जवाफमा केही बोलिरहनु वान्छनीय हुँदैन । अतः उपरोक्त आधार र कारण समेतबाट विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ ।

नागरिकता सम्बन्धी प्रचलित कानून यस मन्त्रालयबाट प्रशासन तथा कार्यान्वयन नगरिने हुनाले सर्वप्रथमतः विपक्षीले नागरिकता प्राप्त नगरेको विषयमा बिना कारण असम्बद्ध निकायलाई विपक्षी बनाई प्रस्तुत रिट दायर भएको छ । विपक्षीको निवेदन जिकिर मूलतः वंशजको आधारमा आमाको नामबाट नागरिकता पाउँ भन्ने देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा १८ ले सो ऐनमा अन्यथा लेखिएकोमा बाहेक उक्त ऐन बमोजिम आदेशबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश दोहोऱ्याइ पाउन पैंतीस दिनभित्र नेपाल सरकार समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ । निवेदिकाले उक्त वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै प्रमुख जिल्ला अधिकारीले आमाको नामबाट नागरिकता नदिएको भनी सोझै सम्मानित अदालतको असाधारण अधिकार क्षेत्रको ध्यान आकृष्ट गराएको हुँदा विपक्षीको निवेदन जिकिर निरर्थक छ । निवेदन माग दावी अस्पष्ट छ । निवेदिका मध्येका केही व्यक्तिले मौलिक हक प्रचलन गराउनको लागि रिट निवेदन गर्नु भएको छ भने केही निवेदिकाहरूले सार्वजनिक हक वा सरोकारको विवाद लिएर निवेदन गर्नु भएको देखिन्छ । एउटै निवेदनबाट वैयक्तिक हक र हितको दावी गर्ने र सार्वजनिक सरोकारको विषयमा दावी गर्ने कार्य सार्वजनिक सरोकारको विवाद (Public Interest Litigation) सम्बन्धी स्थापित मान्यता प्रतिकूल भएकोले रिट निवेदन खारेज योग्य छ भन्ने समेत कानून तथा न्याय मन्त्रालयको लिखित जवाफ ।

नागरिकता ऐन, २०६३ को दफा ३ (१) अनुसार "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालका नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था छ तर निवेदकको बाबुको ठेगाना नभएको र नेपालमै दोलखा जिल्लाको लामीडाँडा गा.वि.स. मा जन्म भएको भन्ने एकिन प्रमाण नभएको, नागरिकता ऐन, २०६३ को दफा ४ ले वि.सं. २०४६ चैत्र मसान्तसम्म नेपाल सरदहभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ" र दफा ४ (२) बमोजिम संविधानसभाको निर्वाचन अगावै निवेदन दिनुपर्ने, दफा ४ (३) को उपदफा (२) बमोजिम विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मिति २०६३/८/१० देखि २ वर्ष भित्रमा निवेदन दिनु पर्नेमा निवेदक सो म्याद भित्र निवेदन गर्न नआएको

देखिन्छ । निजको बाबुको ठेगाना नभएको अवस्थामा नागरिकता नियमावली २०६३ को नियम ३ (६) बमोजिम पितृत्व मातृत्वको ठेगाना नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा पितृत्व मातृत्वको ठेगाना नभएको व्यहोरा जनाई संरक्षकको नाम र थर उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएबाट निजले सो अनुसारको पितृत्वको ठेगाना नभएको नागरिकता प्रमाणपत्र लिन इन्कार गरेकोले बाबुको नाम र थर ठेगाना पत्ता लगाउने सन्दर्भमा यस कार्यालयबाट विभिन्न प्रक्रिया अपनाई बुझ्ने क्रममा एकिन हुन नसकेको । नागरिकता ऐन, २०६३ तथा ऐ. नियमावली २०६३ को नियम ३ (६) बमोजिम निजलाई नागरिकता प्रमाणपत्र दिन बाधा नपर्ने हुँदा निवेदिकाले गरेको रिट निवेदन खारेज भागी छ भन्ने समेत एकै मिलान व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय र ऐ. का. प्रमुख जिल्ला अधिकारीको छुट्टाछुट्टै लिखित जवाफ ।

विपक्षी गृह मन्त्रालयको लिखित जवाफ परेको मिसिलबाट देखिएन । नियम बमोजिम दैनिक पेशी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरियो । निवेदक विद्वान् अधिवक्ताहरु श्री मिरा ढुङ्गाना र श्री सुषमा गौतमले निवेदक सविना दमाई नेपाली नागरिक गंगामाया दमाईको छोरी भएकोमा विवाद छैन । निजको बाबुको जानकारी छैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ (२) (ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) को व्यवस्था अनुसार यी सविना दमाई वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । यस्तो पितृत्व, मातृत्व ठेगाना नभएको व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ (३) को प्रक्रिया अनुरूप नागरिकता पाउने व्यवस्था छ । तर उल्लेखित कानूनी प्रक्रिया पूरा गरी विपक्षी दोलखा जिल्ला प्रशासन कार्यालयमा आमाको नामबाट नागरिकता पाउँ भनी सविना दमाईले निवेदन दिएकोमा विपक्षी प्रमुख जिल्ला अधिकारीले मौखिक आदेश गरी नागरिकता नदिएको हुँदा निज सविना नागरिकता विहीन र राज्यविहीनताको अवस्थामा बाँच्न बाध्य भई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानूनी हकबाट बन्चित हुन परेको छ । विपक्षीको उक्त कार्य नेपालको अन्तरिम संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तराष्ट्रिय दस्तावेज समेतको विपरीत हुन गएको छ । तसर्थ निवेदक सविना दमाई र निज जस्ता पिडीत व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षहिरूको नाममा आवश्यक आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकार समेतको तर्फबाट उपस्थित विद्वान् सह न्यायाधीवक्त श्री युवराज सुवेदीले नेपाल सरकारले निवेदक जस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दावी गरेको नागरिकता पाउने सारवान् अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्न पर्छ । सविना दमाईले पितृत्वको ठेगाना नभएको नागरिकता प्रमाणपत्र लिन इन्कार गरेकोले निजको बाबुको नाम थर ठेगाना पत्ता लगाउने सम्बन्धमा विभिन्न प्रक्रिया अवलम्बन गरिएको हुँदा नागरिकता दिन इन्कार गरियो भनी अर्थ लगाउन मिल्दैन । तसर्थ रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो । उल्लेखित बहस समेत सुनी निर्णय तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदन माग बमोजिम आदेश जारी गर्न पर्ने हो, होइन ? भनी निर्णय दिनुपर्ने देखियो । यसमा निवेदिका सविना दमाई १८ वर्ष उमेर भएकी दोलखा जिल्लाको लामीडाँडा गा.वि.स. घर हुने नेपाली नागरिक आमा गंगामाया दमाईको छोरी भन्ने देखिन्छ । निजको पिता को हो भन्ने कुरा आमाले पनि खुलाउन नसकेको भन्ने कुरा मिसिलबाट देखिन्छ ।

मिसिल संलग्न कागजबाट मिति २०६७/४/१२ मा सर्जमिन समेत गरेको देखिन्छ । उक्त सर्जमिन व्यहोरा हेर्दा "निवेदिकाको आमा, २२ वर्षको उमेरमा कामको खोजीमा काठमाडौं आएको र जावलाखेल भन्ने स्थानमा डेरा गरी बस्दा सोही स्थानको काम गर्ने ज्यामी केटाहरूसँग यौन सम्पर्क हुन गई गर्भवती भै निवेदिका जन्मेकी हुन् । निवेदीकाको आमा गंगामाया दमाईको एक भन्दा बढी व्यक्तिसँग यौन सम्पर्क भएको कारण कोसँगको यौन सम्पर्कबाट निवेदिका जन्मेको भन्ने थाहा नभएको" भन्ने देखिन्छ । सविना दमाईको पितृत्व निजको आमालाई समेत थाहा नभएको देखियो । तर सविना दमाईको आमा गंगामाया दमाई नेपाली नागरिक भन्ने कुरा दोलखा जिल्लाको तत्कालीन लामीडाँडा गा.प. २ नं वडामा २०२०/१०/५ मा जन्म भई निजको नाममा मिति २०४५/१/३१ मा दोलखा जिल्ला प्रशासन कार्यलयबाट जारी भएको ना.पं.नं. १३५३ बाट प्रमाणित भएको देखिन्छ । यसबाट सविना दमाईको आमा वंशजको आधारमा नेपाली नागरिक भएकोमा विवाद भएन ।

निवेदिका सविना दमाई मिति २०४९/७/२७ गते गंगामाया दमाईको कोखबाट लामीडाँडा गा.वि.स वडा नं. २ मा जन्मेको भन्ने कुरा मिति २०६७/४/९ को गाउँ विकास समितिको सिफारिस र सर्जमिनबाट समेत प्रमाणित भएको देखिन्छ ।

बाबुको ठेगाना र पहिचान नभएको भन्ने एक मात्र कारण दर्शाई नेपालको नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी हालसम्म निवेदिकाले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेको कारण प्रस्तुत रिट निवेदन पर्न आएको देखियो ।

नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ मा नागरिकताको व्यवस्था छ । भाग २ को धारा ८ को उपधारा १ मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्ति र नेपालको

नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुने व्यवस्था भएको देखिन्छ । धारा ८ को उपधारा (२) मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको वंशजको आधारमा नेपालको नागरिकता प्राप्त व्यक्ति र उपधारा (२) को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक भएमा त्यस्तो व्यक्ति नेपालमा नागरिक हुने व्यवस्था भएको देखिन्छ ।

नागरिकताका सम्बन्धमा संवैधानिक व्यवस्था बाहेक प्रचलित, कानूनी व्यवस्था हेर्दा विघटित प्रतिनिधि सभाले २०६३ सालको ऐन नं. २५ नेपाल नागरिकता ऐन, २०६३ बनाएको देखिनछ । उक्त ऐन मिति २०६३/८/१० देखि लागू भएको देखिन्छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था भएको देखिन्छ ।

संविधान र कानून बमोजिम नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि अवलम्बन गर्नुपर्ने कार्यविधि उक्त ऐनको दफा ८ मा तोकिएको देखिन्छ । दफा ८ को व्यवस्था अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र लिनको लागि :-

(१) १६ वर्ष उमेर पुगेको हुनुपर्ने,

(२) बाबु वा आमा वा आफ्नो वंश तर्फका तीन पुस्ताभित्रको नातेदारले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ,

(३) गाउँ विकास समिति वा नगरपालिकाले जन्म स्थान र नाता खुल्ने सिफारिस गरेको हुनुपर्ने व्यवस्था भएको देखिन्छ ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिकता नियमावली, २०६३ बनेको देखिन्छ । उक्त नियमावलीले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि व्यवस्थित गरेको देखिन्छ । संविधान र ऐनले नेपालको नागरिकता हुन योग्यता तोकेको देखिन्छ भने नियमावलीले नेपाली नागरिक भनी चिनाउने नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि तोकेको देखिन्छ । जसअनुसार नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्रापत गर्न तोकिएको अधिकारी समक्ष निवेदन पेश गर्न पर्ने गरी निवेदनको ढाँचा नै नियमावलीको अनुसूची १ मा तोकिएको देखिन्छ ।

निवेदिकाको जन्म नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक गंगामायाको कोखबाट नेपाल राज्यमा भएको भन्ने देखिए तापनि निवेदिकाको पिता निवेदिकाको आमालाई नै पनि थाहा हुन नसकेको भन्ने कुरा रिट निवेदनबाट देखियो । नेपालको नागरिक बन्न संविधान र कानूनले तोकेको योग्यता पुगेको व्यक्तिलाई बाबुको पत्ता नलागेको एक मात्र कारणले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने हकबाट बन्चित गर्न मिल्छ, मिल्दैन भन्ने प्रश्न यसमा उत्पन्न भएको छ ।

विपक्षीहरूको लिखित जवाफ हेर्दा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था भएपनि निवेदिकाको बाबुको ठेगाना नभएको र नेपालमै दोलखा जिल्लाको लामीडाँडा गा.वि.स. मा जन्म भएको भन्ने प्रमाण नभएको समेतका कारणले गर्दा निवेदिकालाई नेपालको नागरिकताको प्रमाणपत्र नदिइएको भन्ने उल्लेख भएको देखिन्छ ।

अब सो सम्बन्धमा अर्थात वंशजको नाताले वा अन्य कुनै नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुगेको व्यक्तिलाई सम्बन्धित व्यक्तिको बाबु पत्ता नलागेको अर्थात पितृत्वको ठेगाना पत्ता नलागेको कारणले मात्र त्यस्तो व्यक्तिलाई नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट बन्चित गर्न मिल्छ मिल्दैन सो हेर्न पर्ने हुन आयो । निवेदिकाको आमा नेपालको वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति भन्ने र निवेदिकाको जन्म नेपालको दोलखा जिल्लामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति गंगामायाको कोखबाट जन्मेको हो भन्ने निर्विवाद देखिन्छ ।

माथि उल्लिखित निवेदन व्यहोरा र विपक्षी खासगरी दोलखाको प्रमुख जिल्ला अधिकारीको लिखित जवाफबाट यसमा देहायका दुई प्रश्न उपस्थित भएको देखियो ।

(क) निवेदिका नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने हक प्राप्त व्यक्ति हो, होइन र

(ख) बाबुको ठेगाना नभएको वा बाबु पत्ता नलागेको अवस्थामा आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्छ, सक्दैन ?

पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा नेपालको नागरिकता प्राप्त गर्न आवश्यक योग्यता नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल नागरिकता ऐन, २०६३ मा तोकिएको छ भने नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि नेपाल नागरिकता नियमावली, २०६३ मा व्यवस्थित भएको देखिन्छ ।

निवेदिका नेपालमा जन्मेको, निवेदिका १८ वर्ष पूरा भएको, निवेदिकाको आमा वंशजको नाताको नेपाली नागरिक भई निवेदिकाको आमाले दोलखा जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र नं. १३५३ प्राप्त गरेको भन्नेमा विवाद नभएको हुँदा निवेदिका नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएको कार्यविधि पूरा गरेमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुगेको व्यक्ति देखियो ।

नेपाल पक्ष बनेको र नेपाल सन्धि ऐन, २०४८ को दफा ९ को व्यवस्था अनुसार नेपाल कानून सरह लागू हुने International Covenant On Civil and Political Rights (ICCPR 1966) को धारा 24 (3) मा Every child hasthe right to acquire a Nationality भन्ने व्यवस्था भएको

देखिन्छ भने नेपाल पक्ष भएको Convention on the Rights of child (CRC 1989) को धारा 7 (1) मा The Child shall be registered immediately after birth and shall have the right from birth to a name, the right to acquire anationality and as far as posible, the right to know and be cared for by his or her parents भन्ने व्यवस्था भएको देखिन्छ ।

उपधारा (2) मा "States Parties shall ensure the implementation of these rights in accordance with their national law and their obligations under the relevent international instruments in this field, in particular where the child would otherwise be stateless. उल्लेख भएको देखिन्छ । CRC 1989 मा पक्ष भएपछि बालबालिकालाई Stateless हुने अवस्था सृजना हुन नदिन र CRC ले बालबालिकालाई दिएको अधिकारलाई संरक्षित गरी CRC ले दिएको अधिकारलाई कार्यान्वयन गर्न पर्ने पक्ष राष्ट्र भएको कारण नेपाल सरकारको कानूनी कर्तव्य हो ।

प्रत्येक व्यक्तिको लागि नागरिकता महत्वपूर्ण हुन्छ । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । कुनै व्यक्ति कुनै देशमा लामो समय बसोबास गर्दैमा नागरिक बन्न सक्दैन र नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सक्दैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । नागरिकताको प्रमाणपत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ । संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जति सुकै लामो अवधि बसोबास गरेको भएपनि नागरिक बन्न सक्दैन ।

मौलिक हक उपभोग गर्ने हक, रोजगार प्राप्त गर्ने हक, सार्वजनिक पद धारण गर्ने हक, राजनीतिक अधिकार उपभोग गर्ने हक, सामाजिक सुरक्षा प्राप्त गर्ने हक, मतदान गर्ने हक आदि विभिन्न मौलिक हक आफ्ना नागरिकलाई प्रदान गरिन्छ । राजनीतिक हक अन्य व्यक्तिलाई प्रदान गर्न सकिँदैन । यस्ता संवेदनशील र महत्वपूर्ण विषयमा कुनै पनि राज्यले आफ्नो नागरिक र जतिसुकै लामो समयदेखि बसोबास गर्दै आएको भए पनि यदि उनीहरूले नागरिकताको प्रमाणपत्र प्राप्त गरी नसकेको भए त्यस्तो व्यक्तिलाई समान व्यवहार गर्न सक्दैन । हाम्रो संविधान र कानूनमा तोकेको योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न माथि लेखिएको व्यहोरा ठीक छ, व्यहोरा ढाँटी नागरिकता प्राप्त गरेमा कानून बमोजिम सहुँला बुझाउँला भनी तोकिएको ढाँचाको फाराम भरी सही गरी नेपाली नागरिक भन्ने प्रमाण सहित आवेदन गरेपछि त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्नुपर्दछ ।

नेपालको अन्तरिक संविधान, २०६३ को धारा १३ मा समानताको हकको व्यवस्था छ । धारा १३ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १३ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने व्यवस्था र उपधारा (२) मा समान कानूनको प्रयोगमा लिङ्गको आधारमा भेदभाव गर्न नहुने व्यवस्था भएको छ । अत : माथि उल्लिखित कारणले गर्दा निवेदिका नेपालमा जन्मेको भन्नेमा विवाद नभएको, निवेदिकाको आमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक भन्नेमा पनि विवाद नभएको हुँदा निवेदिकाको बाबुको पत्ता नलागेमा पनि निवेदिका नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने व्यक्ति देखियो । निवेदिकाले नेपाली नागरिकता नियमावली, २०६३ को नियम ३ (१),(३) को रीत पुऱ्याई अनुसूची १ को ढाँचामा नागरिकताको प्रमाण्पत्र प्राप्त गर्न आवेदन गरेपछि निवेदिकालाई वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नपर्ने कुरामा विवाद भएन । निवेदिकालाई बाबुको पत्ता नलागेको भन्ने कारण देखाई नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्नाले निवेदिका प्रति असमान व्यवहार गरिएको मात्र होइन निवेदिकाको नेपालको नागरिकता प्राप्त गर्ने हक समेत हनन भएको देखियो । अबः दोस्रो प्रश्नका सम्बन्धमा हेर्दा निवेदिकाको बाबुको ठेगाना पत्ता नलागेको भन्ने आधारमा निवेदिकालाई नेपालको नागरिकताको प्रमाणपत्र नदिइएको भन्ने देखियो । यस्तो काम कारवाही नेपालको अन्तरिम संविधान, २०६३, नेपाल नागरिकता ऐन, २०६३ तथा ऐ. नियमावली र नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी ICCPR 1966, CRC 1989 र CEDAW 1979 को व्यवस्थाहरु विपरित देखियो ।

प्रस्तुत विवादमा विपक्षीहरु सबै र खास गरी नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कर्तव्य भएको प्रमुख जिल्ला अधिकारीको काम कारवाही, नेपालको अन्तरिम संविधान, २०६३ नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल पक्ष भएको ICCPR 1966, CRC 1989 र CEDAW 1979 लगायतका महासन्धिको विपरीत हुनका साथै स्वेच्छाचारी समेत देखियो । प्रमुख जिल्ला अधिकारी नेपालको सम्बन्धित जिल्लाको प्रमुख प्रशासक हो । प्रमुख जिल्ला अधिकारीको काम,कर्तव्य र अधिकार स्थानीय प्रशासन ऐन, २०२८ तथा सम्बन्धित तत्तत् ऐनमा तोकिएको छ केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रिपरिषदले कार्यकारिणी अधिकार प्रयोग गरी देशको सामान्य प्रशासन संचालन गर्दछ भने जिल्लामा प्रमुख जिल्ला अधिकारीले आफूलाई कानूनले प्रदान गरेको अधिकार प्रयोग गरी जिल्ला प्रशासन संचालन गर्दछ । प्रमुख जिल्ला अधिकारी विकेन्द्रीकृत (Decentralised) प्रशासनको प्रशासन प्रमुख हो ।

प्रमुख जिल्ला अधिकारीलाई अपवादको रूपमा प्राप्त मुद्दा हेर्ने केही अर्धन्यायिक अधिकार बाहेक प्रमुख जिल्ला अधिकारीले कार्यकारी/प्रशासनिक अधिकार प्रयोग गर्दछ । स्थानीय प्रशासन ऐन, २०२८ र नेपाल नागरिकता ऐन, २०६३ हेर्ने हो भने जिल्लामा शान्ति सुरक्षा कायम गर्ने

देखि लिएर जनताहरूको Welfare अर्थात जनताहरूको भलाइको काम प्रमुख जिल्ला अधिकारीले गर्दछ । प्रमुख जिल्ला अधिकारीका यी महत्वपूर्ण अधिकार र कर्तव्य मध्ये योग्यता पुगेको नेपाली नागरिकलाई नेपालको नागरिकताको प्रमाणपत्र दिने कर्तव्य र अधिकार पनि एक अति नै महत्वपूर्ण अधिकार र कर्तव्य हो ।

उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था अनुसार नेपाली नागरिक बाबु आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ । प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण हुन्छ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न पाउँदैन । नागरिकताको प्रमाणपत्रको अभावमा नागरिक भन्ने चिनिँदैन । बिना नागरिकताको प्रमाणपत्र अचल सम्पत्ति प्राप्त गर्न, कुनै चुनावमा भाग लिने वा मतदान गर्ने अधिकार वा नेपाली नागरिकले मात्र प्रयोग गर्न पाउने कुनैपनि हक तथा अधिकार प्रयोग गर्न पाउँदैन । नेपालको अन्तरिम संविधान २०६३ तथा नेपाल नागरिकता ऐन, २०६३ मा के कस्तो अवस्थामा नेपालमा जन्म भएको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्दछ भन्ने कुरा र के कस्तो अवस्थाका व्यक्तिलाई के कस्तो रीत पुगेपछि नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्न पर्छ भन्ने कुरा स्पष्ट सँग तोकिएको छ । नेपाल राज्य जनकल्याणकारी राज्य भएको कारण नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुऱ्याई कानूनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रत्येक योग्यता पुगेको व्यक्तिको अधिकार हो । तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकार सम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य हुँदैन । तर प्रस्तुत निवेदनबाट सो देखिन आयो ।

विपक्षीहरूको लिखित जवाफ हेर्दा नेपाल सरकार एवं प्रमुख जिल्ला अधिकारी नेपालको नागरिक बन्ने र नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपालको अन्तरिम संविधान, नेपाल कानूनमा भएका व्यवस्थाहरूको बारेमा अनभिज्ञ रहेको देखिन्छ । नेपाल सरकार र प्रमुख जिल्ला अधिकारीले लिखित जवाफ हेर्दा ती विपक्षीहरु पुरूष आधिपत्य अर्थात Male dominated खराब परम्परा र खराब प्रचलनबाट guided भएको देखिन्छ । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न संवैधानिक र कानूनी व्यवस्था तर्फ हेर्दा बाबु वा आमा मध्ये कुनै एक नेपाली नागरिक व्यक्तिबाट नेपालमा जन्मेको जुनसुकै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न योग्य हुन्छ । त्यस्तो व्यक्तिको बाबु पत्ता लागेको हुनु पर्दैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ मा नेपालमा स्थायी बसोवास भएको व्यक्तिको जन्म हुँदा त्यस्तो व्यक्तिको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति नेपालको नागरिक हुन्छ भन्ने व्यवस्था छ । धारा ८ (२) को खण्ड (ख) मा "बाबु र आमा" नभनी "बाबु वा आमा" भनेको देखिन्छ । धारा ८ (२) (ख) मा बाबु पछि "र" नभनी "वा" भनेको देखिन्छ । धारा ८ (२) (ख) मा बाबु पछि "वा" नभनी "र" भनेको भए बाबु पत्ता नलागेमा नेपालको नागरिकता प्राप्त गर्न नसक्ला तर संविधानले स्पष्ट शब्दमा "बाबु वा आमा" भनेको हुँदा बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भएपनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने हुँदा विपक्षीहरूले निवेदिकालाई नागरिकताको प्रमाणपत्र नदिई संविधानको स्पष्ट प्रावधानको गलत अर्थ र गलत व्याख्या गरेको देखियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाली नागरिकताका सम्बन्धमा आमालाई पनि बाबुकै जत्तिको अधिकार र स्थान दिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा समानताको हकको व्यवस्था भएको छ । धारा १३ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने ग्यारेन्टी गरेको छ भने उपधारा (२) मा लि को आधारमा कुनै नागरिकलाई भेदभाव गर्न नपाउने व्यवस्था भएको देखिन्छ । धारा २० (१) मा महिला भएकै कारणले मात्र महिलालाई कुनै प्रकारको भेदभाव गर्न नपाइने व्यवस्था गरी महिलालाई पुरूष सरह समान व्यवहारको हक र महिला भएकै कारणले कुनै प्रकारको भेदभाव गर्न नहुने हकलाई मौलिक हकको रूपमा प्रदान भएको अवस्थामा निवेदिकाको आमा गंगामाया नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदिकालाई निजको बाबु पत्ता नलागेको कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदिकाको मात्र होइन निजको आमा गंगामायाको पनि धारा १३ तथा धारा २० (१) को मौलिक हक हनन भएको देखिन्छ । महिलाहरु उपर लि को आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ । त्यसरी अपहरीत हक यस अदालतले धारा १०७ (२) अन्तर्गत प्रचलन गराउँछ । नेपाल राज्य पक्ष भएको अन्तराष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने र सबै विभेदकारी कानून अन्त्य गर्ने राज्यको दायित्व हुने भन्ने नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ड) (ढ) मा स्पष्ट व्यवस्था हुँदाहुँदै संविधान, ऐन र नेपाल पक्ष भएको महासन्धिको समेत विपरीत हुने गरी निवेदिकालाई निवेदिकाको बाबु पत्ता नलागेको भन्ने आधारमा नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्न इन्कार गरेको कार्य यस अदालतलाई स्वीकार्य हुँदैन र सो कार्यलाई यस अदालतले गम्भीरताका साथ लिन्छ । यस्तो कार्य Rule of law को उपहास हो ।

नेपाल ICCPR 1966, CEDAW 1979 र CRC 1989 मा पक्ष बनेको छ । उक्त महासन्धिहरूमा पक्ष भएपछि ती महासन्धिका व्यवस्थाहरु, नेपाल सन्धि ऐन, २०४७ को दफा

९ बमोजिम नेपाल कानूनसँग बाझेमा पनि नेपाल कानून लागू नभई महासन्धिको व्यवस्था लागू हुन्छ । निवेदिकाको आमा नेपाली नागरिक भन्ने विवाद नभएको अवस्थामा निवेदिकालाई निवेदिकाको बाबुको पत्ता नलागेको भन्ने कारणले नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्नाले निवेदिकालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ तथा धारा २० (१) ले प्रदान गरेको हक हनन हुन पुगेको छ ।

निवेदिकाको आमा गंगामाया दमाई नेपाली नागरिक भएको भन्ने कुरा जिल्ला प्रशासन कार्यालय दोलखाबाट २०४५/१/३१ मा जारी नागरिकता प्रमाणपत्र नं १३५३ बाट प्रमाणित भएको अवस्थामा पनि निवेदिकाको बाबु पत्ता नलागेको भन्ने कारणले निवेदिकालाई नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदिकाको आमालाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्राप्त मौलिक हक मात्र होइन नेपाल पक्ष भएको विभिन्न महासन्धिको व्यवस्थाबाट प्राप्त मानव अधिकार समेत उल्लंघन हुन गएको देखिन्छ ।

नेपाल पक्ष भएका महासन्धिहरूले पुरूष र महिला बीच भेदभाव निषेध गर्नका साथै महिला भन्दा पुरूष Superior भन्ने प्रथा र परम्परालाई उन्मूलन गर्ने व्यवस्था गरेको छ । नेपाल पक्ष भएको International Covenant on Civil and Political Rights को धारा 26 यस प्रकार छः

धारा 26. All Persons are equal before the law and are entitled without any discrimination to the equal protection of the law. In this respect. the law shall prohibit any discrimination and guarantee to all persons equal and effective protection against discrimination on any ground such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property birth or other status.

ICCPR को धारा 26 हाम्रो संविधानको धारा १३ को समानताको अधिकार सरहको व्यवस्था हो सो महासन्धि उल्लिखित व्यवस्था अनुसार महिला पुरूष लगायत तेस्रो लिङ्गीलाई लिङ्गको आधारमा कुनै पनि भेदभाव गर्न पाईदैन । उक्त धारा 26 को व्यवस्था अनुसार महासन्धिका पक्ष राष्ट्रहरूले कानून बनाई लिङ्गको आधारमा हुने भेदभावलाई प्रतिवन्ध लगाई संरक्षण गर्नुपर्ने हुन्छ ।

Convention on the Elimination of all Forms of Discrimination against Women 1979 (CEDAW) को धारा 1 यस प्रकार छ :

धारा 1: For the purposes of the present convention, the term," discrimination against women" shall mean any distinction, exclusion or restriction made on the basis of sex which has the effect or purpose of impairing or nullifying the recognition, enjoyment or exercise by women, irrespective of their marital status, on a basis of equality of men and women, of human rights and fundamental freedoms in the political, economic, social cultural, civil or any other field.

सो बाहेक धारा 2 को खण्ड (a) (b) (d) र (f) पनि महत्वपूर्ण देखिन्छ । जुन यस प्रकार छन् ।

धारा 2 : States Parties condemn discrimination against women in all its forms agree to pursue by all appropriate means and without delay a policy of eliminating discrimination against women and, to this end, udertake;

a. To embody the principle of the equality of men and women in their national constitutions or other appropriate legislation if not yet incorporated therein and to ensure, through law and other appropriate means, the practical realization of this principle,
b. To adopt appropriate legislative and other measures, including sanctions where appropriate, prohibiting all discrimination against women;
d. To refrain from engaging in any act or practice of discrimination against women and to ensure that public authorities and institutions shall act in conformity with this obligation;
f. To take all appropriate measures, including legislation, to modify or abolish existing laws, regulations, customs and practies which constitute discrimination against women,

CEDAW को धारा २ ले CEDAW को पक्ष राष्ट्र भएपछि महिला विरूद्ध हुने भेदभावलाई भर्त्सना गरी महिला विरूद्ध हुने भेदभावको उन्मूलनलाई व्यवहारमा उतार्न आवश्यक नीति बनाउने देखि लिएर महिला विरूद्ध भेदभाव गर्ने विद्यमान कानून, नियम रीतिरिवाज र प्रचलन उन्मूलन गर्न आवश्यक कानून बनाउन पर्ने हुन्छ । सोही महासन्धि अर्थात् CEDAW को धारा (5) (a) यस प्रकार छ :

(5) States parties shall take all appropriate measures:
   a. To modify the social and cultural patterns of conduct of men and women. with a view to achieving the elimination of prejudices and customary and all other practices which are based on the idea of the inferiority or the superiority of either of the sexes or on stereotyped roles for men and women.

उक्त व्यवस्था अनुसार CEDAW मा पक्ष बनेपछि प्रत्येक पक्ष राष्ट्रले महिलालाई पुरूष भन्दा तल्लो वर्ग भन्ने विद्यमान परम्परा उन्मुलन गर्न आवश्यक कदम चाल्न पर्ने हुन्छ । त्यसैगरी CEDAW को धारा 9 (2) यस प्रकार छ :

धारा 9(2): States parties shall grant women equal

rights with men with respect to the nationality of their children.

उपधारा (2) ले पक्ष राष्ट्रले प्रत्येक महिलालाई उनीहरूको बच्चाको Nationality का सम्बन्धमा पुरूष सरह समान अधिकार प्रदान गर्दछ ।

धारा 16 (1)(d) यस प्रकार छ :

d. The same rights and responsibilities as parents, irrespective of their marital status, in matters relating to their children, in all cases the interests of the children shall be paramount.

धारा 16 (1) (d) अनुसार बाबु आमाको वैवाहिक स्थिति र अवस्था जे जस्तो भएपनि बच्चाहरूको हित बाबु आमा दुवैको Paramount हुनु पर्ने र यसको लागि पक्ष राष्ट्रले आवश्यक कानूनी व्यवस्था गर्न पर्ने हुन्छ ।

Convention on Rights of Child, 1989 (CRC) को धारा 7 (1) र (2) पनि महत्वपूर्ण छ । जुन यस प्रकार छ :

धारा 7(1): The child shall be registered immediately after birth and shall have the right from birth to a name. the right to acquire a nationality and, as for as possible, the right to know and be cared for by his or her parents.

उपधारा (1) ले प्रत्येक बालकले जन्मनासाथ नाम राख्ने लगायत Nationality प्राप्त गर्ने अधिकार प्राप्त गर्दछ ।

धारा 7 (2): States parties shall ensure the implementation of these rights in accordance with their national law and their obligations under the relevant international instruments in this field, in particular where the child would otherwise be stateless.

उक्त उपधारा (2) ले पक्ष राष्ट्रहरूले बच्चाहरु राज्य विहीन हुनबाट जोगाउन राष्ट्रिय कानूनमा आवश्यक व्यवस्था गर्न पर्ने कुरा उल्लेख छ ।

उल्लिखित व्यवस्था बाहेक नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ धारा ८ मा नेपालको नागरिक हुने योग्यता तोकेको, नेपाल नागरिकता ऐन, २०६३ मा पनि नागरिकता हुने योग्यता तोकेको, ऐ. नियमावलीमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि तोकिएको देखिन्छ । संविधानको भाग ३ को धारा १३ र धारा २० मा मौलिक हकमा लिङ्गको आधारमा महिलालाई भेदभाव गर्न नहुने र धारा २२ ले प्रत्येक बालकलाई नाम र पहिचान प्राप्त गर्ने हक मौलिक हकको रूपमा प्राप्त भएको र नेपाल पक्ष भएको ICCPR 1966, CEDAW 1979 र CRC 1989 ले पनि लि□को आधारमा महिला विरूद्ध भेदभाव गर्न नहुने र बालबालिकाले बाबु वा आमाका नामबाट आफ्नो Choice अनुसार नागकिरता प्राप्त गर्न पाउन पर्नेमा उल्लिखित व्यवस्था विपरीत निवेदिकालाई निवेदिकाको बाबु पत्ता नलागेको कारणले मात्र नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्नाले निवेदिका एवं निवेदिकाको आमा समेत भेदभाव गरिनुका साथै निवेदिकाले आफ्नो पहिचान देखाउने र राजनीतिक अधिकार उपभोग गर्ने नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने जस्तो महत्वपूर्ण अधिकारबाट बन्चित हुन परेको देखियो ।

नागरिकताको प्रमाणपत्र प्रदान गर्ने अधिकार कानूनले प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको देखिन्छ । अन्तरिम संविधान र नेपाल नागरिकता ऐन, २०६३ अनुसारको योग्यता पुगेको व्यक्तिलाई कानूनमा तोकिएको ढाँचामा नागरिकताको प्रमाणपत्र माग गरेमा नागरिकताको प्रमाणपत्र प्रदान गनुपर्ने प्रमुख जिल्ला अधिकारीको कानूनी कर्तव्य हो । नेपाल सरकार एवं प्रमुख जिल्ला अधिकारी नेपालको संविधान ऐन र नेपाल पक्ष भएको ICCPR 1966, CDEAW 1979 र CRC को व्यवस्थाबाट परिचित र सुसूचित हुन पर्छ ती व्यवस्था थाह थिएन भनी Excuse हुन सक्दैन । लिखित जवाफबाट नागरिकताको प्रमाणपत्र प्रदान गर्ने प्रमुख जिल्ला अधिकारी एवं नेपाल सरकार समेत संवैधानिक एवं कानूनी व्यवस्थामा अनभिज्ञ रहेको देखिन्छ । लिखित जवाफबाट राज्यका ती अधिकारीहरु पनि बाबुको नामबाट मात्र बच्चाले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्छ भन्ने हाम्रो पुरानो मान्यता र मनस्थितिमा रहेको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), २०(१) र ICCPR 1966, CEDAW 1979 र CRC 1989 मा भएको पारिवारिक, आर्थिक, सामाजिक, राजनीतिक, घरेलु जुनसुकै पक्ष वा क्षेत्रमा महिलाहरूको पनि पुरूष सरह समान हक र अधिकार हुनेछ भन्ने व्यवस्था विपरीत Male dominated प्रचलन, परम्परा, मान्यता, रीतिरिवाज, संस्कार, प्रथा आदि कायम रहेको कारण त्यसको प्रभाव विपक्षी प्रमुख जिल्ला अधिकारीमा पनि प्रेको देखिन्छ । निवेदिकालाई निजको बाबु पत्ता नलागेको भन्ने आधारमा प्रमुख जिल्ला अधिकारीले नागरिकताको प्रमाणपत्र जारी नगर्नाले राज्यको प्रमुख जिल्ला अधिकारी जो जिल्ला प्रमुख हो ऊ समेत नेपालका महिला विरोधी पुराना परम्परा र प्रचलनबाट मुक्त हुन सकेको देखिएन । त्यसैले त्यस्ता प्रचलन उन्मूलन हुनु आवश्यक छ । महिलाको अस्तित्वलाई पुरूष बराबर नमानी अन्धविश्वासमा आधारित महिलाहरु पुरूष भन्दा तल्लो वर्गका जाति भनी महिलालाई भेदभाव गर्ने, शोषण गर्ने, अपहेलना गर्ने र होच्याउने केही रूढिवादी प्रचलनहरु उल्लेख हुन आवश्यक देखियो ।

हाम्रो इतिहास हेर्दा शताब्दियौं अगाडि देखि महिलाहरु सामाजिक आर्थिक राजनीतिक लगायत सम्पूर्ण अधिकार प्रयोग गर्नबाट बन्चित भई महिलाहरु माथि शोषण र अन्याय गरिएको मात्र होइन महिलाहरु Weaker sex भएको कारण महिलाहरूलाई आवश्यकता अनुसार प्रयोग गरियो । महिलाहरु उपर बलात्कार गरियो, शोषण गरियो र त्यसपछि परित्याग गरियो जसले गर्दा सक्षम महिलाहरु पनि आफ्नो ज्ञान, कला सीप प्रयोग गर्न नपाई आत्म निर्भर हुन सकेनन् । जुनसुकै देशको जनसंख्याको आधा हिस्सा महिलाहरूको छ र राजनीतिक आन्दोलन र अर्थतन्त्र

निर्माण गर्ने कामका खास गरी पारिवारीक र गार्हस्थ अर्थतन्त्र निर्माणमा महिलाहरूको महत्वपूर्ण भूमिका र योगदान रहेको छ तापनि महिलाहरूले योगदान अनुसारको प्रतिफल प्राप्त गर्न सकदैनन् र महिलाहरूले कुनै कसूर नै नगरी अमानवीय र अमर्यादित जिन्दगी बिताउन परेको मात्र होइन महिलाहरूको बाँच्न पाउने हक नै हनन भएको देखिएको छ । महिलाहरु पनि पुरूष र तेश्रो लिङ्गी सरह मानव नै भए पनि महिलाहरूलाई पुरुष भन्दा तल्लो स्तरको व्यवहार गरी महिलाहरूलाई मनोरञ्जनका लागि किनबेच सट्टपट्टा गर्न सकिने वस्तुसरह व्यवहार गरियो । यति सम्मकि महिलाहरु पति मर्दा पति सँगसँगै सतीको नाममा जिउँदै जलेर मर्नुपर्ने सम्मको महिलाहरु माथि अन्याय गरियो । खराब परम्परा, खराब चलन, खराब रीतिरिवाज, अन्धविश्वास, खराब मान्यता यति बलियो थियो कि सती प्रथा जस्तो महिलाहरूको Right to life विरूद्धको प्रथा पनि महिलाहरूले सहन पर्‍यो । महिला हकको सम्बन्धमा सती प्रथा उन्मूलन नभएको त्यो कालखण्ड अर्थात् त्यो Period वा Era लाई Barbaric Perod of Era मान्नु पर्छ । सती प्रथा मानव सभ्यता विपरीतको र मानवताकै विरूद्धको प्रथा हो । त्यस्तो खराब प्रथाको शिकार बनेका र सती गएकाहरूलाई आज जति श्रद्धान्जली दिएपनि त्यो अपर्याप्त हुने हुनाले पुरूष Superior र महिला Inferior भन्ने महिला विरूद्ध अझै कायम रहेका उन्मूलन हुन नसकेका खराब प्रचलन मान्यता परम्परा रीतिरिवाज आदि पूर्ण उन्मूलन गरिनु पर्छ ।

महिला विरूद्ध भेदभाव हुने अबशेषको रूपमा रहेको खराब प्रचलन, परम्परा, मान्यता रीतिरिवाज प्रथा उन्मूलन गर्न सकेमा मानव सभ्यता विपरीतको कुप्रथा सती प्रथाको नाममा जिउँदै जलेर मर्न परेका हाम्रा पूर्वज महिलाहरु उपर ठूलो श्रद्धा र श्रद्धान्जली हुन जान्छ । संविधानले महिलाहरूलाई पुरुष सरह समानताको हक, महिला भएकै कारण महिलालाई भेदभाव गर्न नहुने मौलिक हक CEDAW र ICCPR जस्ता मानब अधिकार सम्बन्धी महासन्धिले विभिन्न हक र अधिकार प्रदान गरे पनि महिलाहरु अझै खराब परम्परा प्रथा प्रचलन रीतिरिवाज मान्यता आदिको कारण लिंगको आधारमा शोषित र भेदभावबाट पीडित छन् । उदाहरणको लागि नेपालको केही भागमा महिलाहरूको Mensuration हुँदा, सुत्केरी हुँदा, घरभित्र बस्न नहुने गोठमा जनावरसँग बस्न पर्ने विधवा स्वास्नी मानिस अगाडि पर्न नहुने, कमलरी र छाउपडी जस्ता प्रथा, विशेष चाड पर्वमा लोग्नेको नाममा केही नखाई ब्रत बस्न पर्ने, स्वास्नी मानिसलाई बोक्सी मानिने जस्ता परम्परा संस्कृति र रीतिरिवाजका नाममा महिला विरूद्ध भेदभाव हुने, महिलालाई शोषण गर्ने यस्ता धेरै प्रथा वा प्रचलन अझै कायमै छन् । उन्मूलन हुन सकेका छैनन् । बाबु वा आमा मध्ये कुनै एक नेपाली नागरिक भई नेपालमा जन्मेको व्यक्तिले बाबु पत्ता नलागेपनि आमाको नामबाट नगरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने कानूनी व्यवस्था स्पष्ट हुँदाहुँदै पनि प्रमुख जिल्ला अधिकारी जस्तो राज्यको प्रतिनिधि पनि महिला भन्दा पुरूष Superior भन्ने Hangover र प्रभावमा परि यिनै अन्धविश्वास प्रथा प्रचलन परम्परा आदिको कारणबाट निवेदिका सविना दमाई र निवेदिकाको आमा गंगामाया दमाई जस्ता व्यक्तिहरु नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने जस्तो Basic Human Right बाट नै बन्चित हुन परेको हो ।

विश्वको कूल जनसंख्या मध्येमा महिलाहरु करिब आधा छन् तर नेपाली समाजमा अझै व्याप्त महिला भन्दा पुरुष Superior भन्ने कुप्रथा र प्रचलनले गर्दा महिलाहरु शोषित छन् । महिलाहरु पुरूषबाट Dominated अवस्थामा छन् । पुरूषको Domination र परम्पराको कारण महिलाहरु भेदभाव, घरेलु हिंसा र शोषणबाट पीडित छन् । अझै पनि नेपालको समाज परम्परावादी छ । हाम्रो समाजमा कहिले धर्मको नाममा कहिले परम्पराको नाममा महिलाहरु उपर समाजिक, आर्थिक, शारीरिक, मनोवैज्ञानिक र यौनिक शोषण (Sexual exploitation) समेत हुने गरेको छ । संविधानले महिला र पुरूषलाई समान व्यवहार गर्ने र कानूनले समान संरक्षण गर्ने व्यवस्था गरे पनि महिलाहरूले पूर्ण रूपमा समान हक वा संरक्षण पाउन सकेका छैनन् । नेपालमा समावेशी संविधान लागू भए पनि, सो को भाग ३ मा मौलिक हकको व्यवस्था भए पनि, धारा १०७ ले यस अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरे पनि र नेपाल Core Human Rights Treaty मा पक्ष बने पनि गाउँ गाउँमा शिक्षाको कमी, परम्परा, रूढिवादी, गरिबी, अन्धविश्वासको कारण अझै पनि पितृसत्तात्मक समाज र पुरूषबाट महिला दबाईने (Dominate) र शोषित हुने जस्ता दुवै कुरा हटीसकेको छैन । नेपाल सरकारले जनताहरूलाई सेवा पुर्‍याउने कार्यालयमा समेत अझै कुनै काम कुरो गर्नुपर्दा वा परिचय गर्न गराउन पर्दा अभिभावकको रूपमा बालबालिकाको हो भने पिता, पत्नीको हो भने पति वा घरपट्टिका लोग्ने तर्फका नाताले नै कानूनी मान्यता पाउने मानसिकता र परम्परा अझै गै सकेको देखिँदैन । यसको ज्वलन्त उदाहरण र यस्तो पितृसत्तात्मक प्रथाबाट पीडित निवेदिका सविना दमाई एक हो ।

यसो हुनुको मुख्य कारण CEDAW मा उल्लेख भएको पुरुष प्रधान मानिने सबै खालका कानून, रीतिरिवाज, प्रथा, सँस्कार, अन्धविश्वास, मान्यता प्रचलन आदि विभिन्न कुरीतिहरूलाई उन्मूलन गरी दण्डनीय हुने कानून नबन्नाले नै हो । यस विषयमा त्यस्तो दण्डनीय कानून निर्माण गर्न यस अदालतले पटक पटक निर्देशनात्मक आदेश जारी गरेको पनि छ ।

यहाँ CEDAW को निम्न व्यवस्था हेर्नु पनि सान्दर्भिक देखिन्छ :-

धारा 2: States Parties condemn discrimination against women in all its forms, agree to pursue by all appropriate means and without delay a policy of elimination, discrimination against women and, to

this end, undertake :

2 (f): To take all appropriate measures, including legislation, to modify or abolish existing laws, regulations, customs and practices which constitute discrimination against women:

धारा (5): States parties shall take all appropriate measures:

(5)(a) : To modify the social and cultural patterns of conduct of men and women with a view to achieving the elimination of prejudices and customary and all other practices which are based on the idea of the inferiority or the superiority of either the sexes or on stereotyped roles for men and women.

CEDAW का उल्लिखित व्यवस्थाहरूलाई महिला हक अधिकारको संरक्षणको सम्बन्धमा हामीले आत्मसात गर्नुपर्छ ।

अतः उल्लिखित आधार र कारणहरु तथा गरिएको विवेचनाबाट प्रस्तुत रिटमा देहाय बमोजिम आदेश जारी गरिएको छ ।

(क) उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था, नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय सन्धि एवं सो को विवेचनाबाट प्रस्तुत मुद्दामा निवेदिका सविना दमाईको आमा गंगामाया दमाई नेपाली नगारिक भएको भन्ने कुरा समेत उल्लिखित तथ्यहरूबाट प्रमाणित भएको र निवेदिका सविना दमाई नेपाली नागरिक गंगामाया दमाईबाट नेपालमा जन्मेको देखिएकोले निवेदिकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेश जारी गरिदिएको छ ।

(ख) निवेदिका जस्ता आमा नेपालको नागरिक तर बाबु नेपाली नै भएपनि पत्ता नलागेको वा बाबु को हो भन्ने कुरा आमाले नै एकिन गर्न नसक्ने यस्ता अवस्थाका नेपालको नागरिक आमाबाट नेपालमा नै जन्मिएका बालबालिकाले नेपालको अन्तरिम संविधानको धारा ८ (२) अनुसार आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था भएकोले आमाको नामबाट सहज तरिकाले नेपालको नागरिकता पाउने बालबालिकाको मौलिक हक र मानव अधिकार हो । तर व्यवहारमा अझै पनि यसको कार्यान्वयन हुन सकेको देखिँदैन र निवेदिकाको जस्तै अवस्था भएका अन्य कुनै व्यक्ति कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न अब संविधानको धारा ३२ र १०७ (२) बमोजिम यस अदालतमा निवेदन गर्न आउन नपरोस् भन्नको लागि आमा नेपाली नागरिक भन्ने प्रमाणित भएको बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रीत र कार्यविधि पूरागरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश समेत जारी गरिदिएको छ ।

ग) CEDAW ले महिला माथि भेदभाव गर्ने सबै प्रकारका खराब प्रचलन,परम्परा, प्रथा आदिलाई भर्त्सना गरी आवश्यक परे कानून बनाई त्यस्ता खराब प्रचलन, परम्परा, प्रथा आदि उन्मूलन गर्नपर्ने व्यवस्था गरेको हुँदा नेपाली समाजमा अझै बाँकी रहेका त्यस्ता खराब परम्परा, प्रचलन, प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी विपक्षी गृह मन्त्राललयको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

(घ) नेपाली समाजमा अझै उन्मूलन हुन नसकेको धर्म सँस्कृति, परम्परा, प्रचलन, मान्यता आदिको नाममा पुरूष Superior र महिला पुरूष भन्दा Inferior मानिने सम्पूर्ण यस्ता खराब प्रथा प्रचलन, रीतिरिवाज उन्मूलन नगर्ने हो भने निवेदिका र निवेदिका जस्ता व्यक्तिहरूले ठेगाना नै नभएको वा पत्ता नलागेको बाबु नभई नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेको जस्तो पितृसत्तात्मक सोचाईको बाहुल्यता रहने नै हुँदा यस्ता महिलाको अस्तित्व नै स्वीकार नगर्ने खालका सम्पूर्ण रीतिरिवाज प्रचलन आदि उन्मूलन गर्नुपर्छ । तसर्थ त्यस्ता रूढीगत प्रथा, सँस्कृति र प्रचलनलाई उन्मूलन गर्नको लागि आवश्यक जनचेतना जगाउन आवश्यक शिक्षा तथा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु । साथै प्रस्तुत विवादको विषय महिला अधिकारको विषयसँग समेत सम्बन्धित भएकोले प्रस्तुत आदेशको जानकारी विपक्षी नबनाइएको भए पनि नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय महिला आयोगलाई समेत दिनु । प्रस्तुत रिट दायरीको लगत काटी मिसिल नियमानुसार गर्नु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

इति सम्वत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

# ८ सरोजनाथ प्याकुरेलसमेत विरूद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६७ साल माघ २४ गते , ने.का.प, २०६८, अंक १, नि.नं. ८५३६, पृष्ठ ३९

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायाधीस श्री बलराम के.सी.**
**निर्णय नं ८५३६**
**माननीय न्यायाधीश श्री भरतराज उप्रेती**
**माननीय न्यायाधीश प्रा.डा.श्री भरतबहादुर कार्की**
**रिट नं. २०६७-WS-००१७**
**आदेश मिति : २०६७/१०/२४/२**

**विषय : उत्प्रेषण समेत ।**

काठमाडौं महानगरपालिका वडा नं ३२ बस्ने अधिवक्ता सरोजनाथ प्याकुरेल समेत ............................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत ............................................१ विपक्षी

मतदात गर्ने र संविधानसभा वा विधायिका अर्थात संसद र स्थानीय निकायमा उम्मेद्वार बन्ने अधिकार नागरिकलाई मात्र प्राप्त हुन्छ । लामो समयदेखि बसोबास गर्दै आएको भए पनि नेपाली नागरिक भन्ने परिचय गराउने प्रमाण नेपाली नागरिकताको प्रमाणपत्र हो । संविधानसभा वा संसद वा स्थानीय निकायहरूमा उम्मेद्वार बन्ने वा मतदान गर्ने दुवै अधिकार Political Right हो । Political Right केवल नागरिकलाई मात्र प्राप्त हुने । *(प्रकरण नं. ३)*

नागरिक भनी चिनाउने नागरिकताको प्रमाणपत्रको अभावमा सम्बन्धित व्यक्ति खास देशमा लामो समयदेखि बसोबास गरिआएको हो भन्ने चिनाउने अन्य जुनसुकै परिचयपत्रको आधारमा मतदान गर्ने अधिकार प्राप्त हुँदैन । त्यसरी बसोबास गरेको भन्ने प्रमाण वा नागरिकता प्राप्त गर्न सक्ने भन्ने योग्यताले नागरिकताको प्रमाणपत्रलाई Substitute वा Replace गर्न सक्तैन । नागरिक र राजनीतिक अधिकार प्रयोग गर्ने अधिकार नागरिकले मात्र प्राप्त गर्दछ । त्यस्तो अधिकार प्रयोग गर्न नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । *(प्रकरण नं. १०)*

नेपाली नागरिक हुन योग्यता पुगेको सबैले नेपाली नागरिकताको प्रमाणपत्र लिनै पर्छ भनी बाध्य गर्न नसक्ला तर कसैले नेपालको नागरिकको हैसियतले यो देशमा आफ्नो Voting Right मार्फत् Political Right Exercise गर्ने हो भने आफूलाई परिचय गराउन नागरिकताको प्रमाणपत्र लिनुपर्ने । *(प्रकरण नं. २०)*

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को उपदफा (१) मा "नागरिकताको प्रमाणपत्र" भन्ने शब्दावली स्पष्ट हुँदाहुँदै नागरिकताको प्रमाणपत्रलाई नै Substitute गर्ने गरी अन्य कागजात विधायिकाले थप्न सक्तैन । मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी नागकिरताको प्रमाणपत्र केही गरी अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको Corroboration र Verify को लागि मात्र जग्गाधनी प्रमाणपूर्जा लगायत उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरु नाम दर्ता अधिकारीले माग गर्न सक्ने । *(प्रकरण नं. २३)*

संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण अधिकारको Pivotal Role रहेको छ । यस अदालतको उक्त असाधारण अधिकारलाई विधायिकाले बनाएको कुनै पनि कानूनले नियन्त्रण वा सीमित गर्न नसक्ने । *(प्रकरण नं. २५)*

मतदाता नामावलीका विषयमा निर्वाचन आयोगले गरेको कामकारवाही उपर कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन भनी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा उल्लेख भएको व्यवस्थाले संविधानको धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारलाई उपेक्षा (Ignore) गर्ने, अनादर (Dishonor)

गर्ने, निस्तेज तुल्याउने वा कुनै पनि रूपबाट सीमित वा नियन्त्रित गर्न नसक्ने । *(प्रकरण नं. २६)*

**निवेदकका तर्फबाट** : उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री सिन्धुनाथ प्याकुरेल, श्री विश्वकान्त मैनाली र श्री शम्भु थापा तथा विद्वान अधिवक्ताहरु श्री शेरबहादुर के.सी., श्री बोर्णबहादुर कार्की, डा. श्री भीमार्जुन आचार्य, श्री टीकाराम भट्टराई, श्री चन्द्रकान्त ज्ञवाली, श्री माधवकुमार बस्नेत, श्री रविनारायण खनाल, श्री ऋषिराम घिमिरे, श्री तुलसी भट्ट, श्री ताराप्रसाद लामिछाने, श्री पदम रोक्का, श्री दिनेशराज सत्याल र श्री सुभाष आचार्य

**विपक्षीका तर्फबाट** : विद्वान सहन्यायाधिवक्ता श्री युवराज सुवेदी र विपक्षी निर्वाचन आयोगको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिबक्ता श्री भरतमणि खनाल

**सम्वद्ध कानून** :

नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना, धारा १, २, ८, ९, १०, ११, ४६, ६३, ६५ र १२९

मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा ५(१)(क)

**आदेश**

**न्या. बलराम के.सी.** : नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७ (१) तथा १०७ (२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

१. निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली संकलन कार्यक्रम २०६७ शुरू गरेको छ । सो कार्यक्रममार्फत् आयोगले नागरिकताको प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकहरूको नाम मतदाता नामावलीमा समावेश गर्ने गरी मुलुकका समग्र नगरपालिका तथा गा.वि.स बाट काम शुरू गरेको थियो । तर सोबमोजिम काम सम्पन्न गर्न विभिन्न स्थानमा बाधा व्यवधान पुगेको भनी नागरिकता प्रमाणपत्र नभएका व्यक्तिहरूलाई समेत मतदाता नामावलीमा नाम समावेश गर्ने गरी मिति २०६७/७/१६ मा आयोगले नागरिकता नभएका व्यक्तिहरूलाई समेत जग्गाधनी दर्ता प्रमाणपूर्जा, शैक्षिक प्रमाणपत्र, स्थानीय निकायको सिफारिश आदिको आधारमा मतदाता सुचीमा समावेश गर्ने गरी निर्णय गरेको छ ।

मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा ११ (१), (२), (३) मा रहेको नागरिकताको प्रमाणपत्र शब्दावलीबाहेक अन्य व्यवस्थाहरु र ऐ ऐनको दफा २५ (क), (ख) को व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना र धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ सँग बाझिएको र निर्वाचन आयोगले मिति २०६७/७/१६ मा गरेको उल्लिखित निर्णय मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (१)(क) र नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना र धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ को विपरीत भएको हुँदा उत्प्रेषणको आदेशले बदर घोषित गरी परमादेशलगायत जो चाँहिने उपयुक्त आदेश जारी गरिपाऊँ भनी नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७ (१) र (२) बमोजिम यो निवेदन लिई आएका छौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा बालिग मताधिकार तथा आवधिक निर्वाचन, धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहने कुरा उल्लेख छ । धारा ८ मा संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता, धारा ९ मा अङ्गीकृत वा सम्मानार्थ नागरिकता, धारा १० मा नागरिकताको प्राप्ति र समाप्तिका विषयमा उल्लेख गरिएको छ । धारा ४६ मा व्यवस्थापिका संसदको सदस्य हुनको लागि नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्ने र सोअुनसार प्रधानमन्त्री हुनको लागि समेत नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्ने कुरा स्पष्ट छ । धारा ६३ मा संविधानसभाको गठनसम्बन्धी कुरा, धारा ६५ मा संविधानसभाको सदस्य हुनका लागि नेपालको नागरिकता प्राप्त गर्नुपर्ने विषय र धारा १२९ मा संविधानको अधीनमा रही निर्वाचन आयोगले मतदाता नामावली तयार गर्नुपर्ने प्रावधान उल्लेख गरिएका छन् । उल्लिखित संवैधानिक प्रावधानहरूबाट नेपाली नागरिकता भएको व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गर्नुपर्ने स्पष्ट छ । तसर्थ मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ (१), (२), (३) मा रहेको नागरिकताको प्रमाणपत्र शब्दावलीबाहेक अन्य व्यवस्थाहरु र उक्त ऐनको दफा २५ (क) (ख) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १, २, ८, ९, १०, ४६, ६३, ६५ र १२९ सँग बाझिएको हुँदा संविधानको धारा ३२ तथा १०७ (१) बमोजिम ऐनका उक्त व्यवस्थाहरु प्रारम्भदेखि नै अमान्य घोषित गरिपाऊँ भनी निवेदन गर्दछौं ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१) मा मतदाता नामावली संकलन गर्दा आवश्यक परेमा नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्ति वा निजको परिवारसँग निजको जन्म उमेर वा बासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जगागधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी कुनै परिचयपत्र माग गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै दफा ११ (२) मा उपदफा (१) बमोजिम माग गरिएको प्रमाण पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिश माग गर्न सक्नेछ भन्ने प्रावधान रहेको छ । दफा ११ (३) मा उपदफा २ बमोजिमको सिफारिश पनि पेश गर्न नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा

दर्ता गर्न नसक्ने व्यवस्था गर्दै नेपाली नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको कारणले मात्र मतदाता नामावलीमा नाम दर्ता गर्न बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था गरिएको छ । उक्त ऐनको दफा २५ (क) मा कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा र दफा २५ (ख) मा नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकारप्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा अधिकारप्राप्त अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन भन्ने व्यवस्था रहेको छ । सोही कानूनी व्यवस्थाको आडमा विपक्षी निर्वाचन आयोगले नागरिकताको प्रमाणपत्र बिना जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी परिचयपत्रका आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्ने गरी मिति २०६७/७/१६ मा निर्णय गरेको हो । सो निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ तथा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (१) (क) विपरीत भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउन यो निवेदन गरेका छौं ।

मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति निर्वाचनमा उम्मेद्वारसमेत बन्न सक्ने हुँदा नागरिकताको प्रमाणपत्र नलिएका गैरनेपाली नागरिकलाई जग्गाधनी प्रमाणपूर्जा आदिको आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्नु असंवैधानिक हुन्छ । विपक्षी निर्वाचन आयोगले कुनै व्यक्ति नेपाली नागरिक हो भन्ने कुराको छिनोफानो गर्ने नभई नेपाली नागरिकता प्राप्त व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गरी बालिग मताधिकारको प्रयोग गर्ने व्यवस्था गर्ने गराउने हो । पहिले नेपाली नागरिक हो भन्ने पुष्टि भइसकेको व्यक्ति मात्र संविधानतः पछिबाट मतदाता हुन पाउँछ । कुनै व्यक्तिलाई पहिला मतदाता बनाएर पछिबाट उ नेपालको नागरिक हो होइन भनी छिनोफानो गर्न मिल्दैन ।

नेपालको उत्तरी भागमा रहेका तिब्बतीयन शरणार्थीहरू र पूर्वी भागमा रहेका भूटानी शरणर्थीहरूको रहनसहन, धर्म, सँस्कृती तथा अनुहार नेपालीहरूसँग मिल्दोजुल्दो रहेको र परस्परमा विवाहसमेत गर्ने गरेको पाईन्छ । शरणर्थीहरूसँगको वैवाहिक सम्बन्धबाट जन्मिएका सन्तान प्रचलित कानूनबमोजिम विदेशी हुने कुरामा विवाद छैन । तर शरणर्थीहरु र उनीहरूका सन्तान विदेशी हुँदाहुँदै पनि नेपालका विद्यालयहरूमा अध्ययन गर्न पाउने हुँदा उनीहरूसँग नेपालका विद्यालयहरूबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र हुन्छ । कतिपय शरणर्थीहरूसँग जग्गाधनी प्रमाणपूर्जासमेत रहेको पाइन्छ । त्यस्तै भारतसँग रहेको खुला सीमानाका कारण जो कोहीले खुला सीमानाको फाइदा उठाउन सक्ने अवस्थालाई समेत मध्यनजर राखी नागरिकताको प्रमाणपत्रको आधारमा मात्रै मतदाता नामावलीमा नाम सूचिकृत गर्नु बाध्यात्मक हुन्छ । अत : विना नागरिकता प्रमाणपत्र जग्गाधनी प्रमाणपूर्जा र शैक्षिक प्रमाणपत्रका आधारमा मतदाता नामावली तयार गर्ने हो भने राष्ट्रियतामाथि गम्भीर सँकट उत्पन्न हुनसक्छ । मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा निर्वाचन आयोगले गरेको विभिन्न कामको सम्बन्धमा प्रश्न उठाउन नपाइने भनी बन्देज लगाइएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२९ मा निर्वाचन आयोगको काम, कर्तब्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । उक्त धाराले आयोगको कामकारबाहीका सम्बन्धमा प्रश्न उठाउन बन्देज लगाएको छैन । संविधानले नै अदालतमा प्रश्न उठाउन नरोकेको कुरालाई ऐनले रोक्न मिल्दैन । अदालतमा प्रश्न उठाउन नपाइने विषयमा संविधानमा नै प्रष्ट उल्लेख भएको हुनुपर्दछ । संविधानको धारा १२९ मा निर्वाचन आयोगले गरेको कामकारबाहीको विषयमा अदालतमा प्रश्न उठाउन नपाइने भनी व्यवस्था नभएको अवस्थामा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा निर्वाचन आयोगले मतदाता नामावली तयार गर्ने क्रममा गरेका कामकारबाहीको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नपाइने गरी लगाएको बन्देज अन्तरिम संविधानको धारा १२९ सँग स्पष्टतः बाझिँएको छ ।

अतः मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१), (२), (३) मा रहेको नागरिकताको प्रमाणपत्र शब्दावली बाहेक अन्य व्यवस्थाहरु र ऐ.ऐनको दफा २५ (क) (ख) मा उल्लिखित व्यवस्थाहरु नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ सँग बाझिएको हुँदा प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ । विपक्षी निर्वाचन आयोगले मिति २०६७/७/१६ मा जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्रका आधारमा बिना नागरिकता प्रमाणपत्र मतदाता नामावलीमा नाम दर्ता गर्ने गरी गरेको निर्णय नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना, धारा १, २, ८, ९, १०, ४६, ६३, ६५ र १२९ तथा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (१) (क) विपरीत भएकोले अन्तरिम संविधानको धारा १०७ (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै नेपालको अन्तरिम

संविधानको धारा ८ (१) बमोजिम नेपालको नागरिकता प्राप्त गरेको र नेपालको नागरिकता प्राप्त गर्न योग्य भनी आधिकारिक निकाय सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाण्पत्र दिएका नेपाली नागरिकलाई मात्र मतदाता नामावलीमा समावेश गर्नु भनी विपक्षीका नाममा परमादेशसमेत जारी गरिपाऊँ । विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ गतेको निर्णय कार्यान्वयन भएमा नेपाली नागरिकता प्राप्त व्यक्ति र नागरिकता प्राप्त नगरेको व्यक्तिका बीचमा कुनै फरक नभई राष्ट्रियतामाथि नै गम्भीर असर पुग्ने, लाखौं लाख गैरनेपाली मतदाता बनी मुलुकको असितत्वमा नै गम्भीर सँकट उत्पन्न भई अपुरणीय क्षति हुने र प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त हुने र प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त हुने हुँदा रिट निवेदनको अन्तिम टुँगो नलागेसम्म विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ को उक्त निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाऊँ । मतदाता नामावलीसँग सम्बन्धित राष्ट्रिय महत्वको विषयबस्तु समावेश भएकोले प्रस्तुत रिट निवेदनको सुनुवाईलाई अग्राधिकार प्रदान गरिपाऊँ भन्नेसमेत व्यहोराको रिट निवेदनपत्र ।

विपक्षीहरूबाट लिखित जवाफ मगाउनु । अन्तरिम आदेशको मागतर्फ हेर्दा, नेपालको अन्तरिम संविधान, २०६३ को धारा २, ६३ (७) तथा ६५ (क) समेतका व्यवस्थाले नेपाली नागरिकलाई मात्र निर्वाचनमा सहभागिता समेतका हक प्रदान गरेको पाइयो । खास गरी धारा ६३ (७) मा स्पष्ट शब्दमा "संविधानसभाको निर्वाचनको प्रयोजनका लागि प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम मतदान गर्ने अधिकार हुनेछ" भनी नेपाली नागरिकलाई मात्र मताधिकार दिएको पाइयो ।

नेपाली नागरिकता प्राप्ति अनवरत् चल्ने कानूनी प्रक्रिया भएको र मतदाता नामावली पनि निरन्तर संकलन हुने प्रक्रिया भएकोबाट नेपाली नागरिकताको प्राप्तिपश्चात् मतदाता नामावलीमा नाम समावेश गर्न कुनै कानूनी बन्देज नरहेको पाइयो ।

नेपाली नागरिकलाई समावेश गरी मतदाता नामावली संकलन गर्न मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (क) समेतले कुनै आपत्ति रहेको नदेखिई यस कार्यमा निरन्तरता दिन सकिने नै कानूनी व्यवस्था रहेको देखियो ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१) को "जग्गाधनी प्रमाणपपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्रका आधारमा" समेत मतदाताका रूपमा नाम दर्ता गर्न सकिने प्रावधान संविधानको प्रस्तावना तथा धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ सँग बाझिएको भन्ने निवेदन जिकीर संविधानसंगत छ, छैन यस विवादको अन्तिम किनारा लाग्दा विचार गरिने प्रश्न हो । अदालतमा प्रवेश पाइसकेको यस कानूनी प्रश्नको यथोचित निरोपण हुन नै पर्ने अवस्था उत्पन्न भएको छ ।

तत्काल निर्वाचन आयोगको मिति २०६७/७/१६ को निर्णयअनुसार नेपाली नागरिकता बाहेकका आधारमा पनि मतदाता नामावली संकलन गर्ने कार्य जारी राख्ने वा नराख्ने भन्ने सन्दर्भमा अपूरणीय क्षति तथा सुविधा र सन्तुलनको सिद्धान्तको कसीमा हेरिनुपर्ने भएको छ । नागरिकता बाहेक अन्य विकल्पको आधारमा मतदाता नामावली संकलन गर्नु कानूनसंगत हुने वा नहुने कुरा यस अदालतमा विचाराधीन हुन पुगेको अवस्थामा सो यस अदालतको विचाराधीन कानूनी प्रावधानलाई कार्यान्वयन गर्दै जानु उल्लिखित सुविधा र सन्तुलन तथा अपुरणीय क्षतिको सिद्धान्तको आधारमा उचित देखिएन ।

तसर्थ नेपाली नागरिकताको प्रमाणपत्र बाहेक जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय नियकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा गरिएको परिचयपत्रको आधारमा पनि मतदाता नामावली संकलन गर्ने निर्वाचन आयोगको मिति २०६७/७/१६ को निर्णय यो विवादको अन्तिम टुंगो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षहिरूका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ । साथै मतदाता नामावली संकलनसम्बन्धी यो विषयवस्तुमा राष्ट्रिय संवेदनशीलताको प्रश्नसमेत अन्तरनिहित भएबाट अग्राधिकार दिई पेश गर्नु भन्ने यस अदालतको मिति २०६७/८/९ को आदेश ।

प्रस्तुत रिट निवेदनमा नेपाली नागरिकको मताधिकारसँग सम्बन्धित सार्वजनिक महत्वको विषयवस्तु समावेश भएको र हामी नागकिरहरूकोसमेत सरोकार निहित भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ (२) बमोजिम रिट निवेदनको सुनुवाइमा समावेश हुन पाऊँ भन्ने व्यहोराको अधिवक्ता नुर मोहम्मद र अधिवक्रा वृजेन्द्रकुमार चौधरीको संयुक्त निवेदनपत्र ।

प्रस्तुत रिट निवेदनमा नेपाली नागरिकको मताधिकारसँग सम्बन्धित सार्वजनिक महत्वको विषयवस्तु समावेश भएको र हामी नागरिकहरूको समेत सरोकार निहित भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) बमोजिम रिट निवेदनको सुनुवाइमा समावेश हुन पाउँ भन्ने व्यहोराको मधेशी लयर्स एशोसियशनका तर्फबाट अधिवक्ताहरु मिथिलेशकुमार सिँह, रत्नेश्वरप्रसाद शर्मा, सीताराम अग्रवाल, नारायण झा, रमणकुमार कर्ण र वीरेन्द्र ठाकुरको सँयुक्त निवेदनपत्र ।

नेपाली समाजमा व्याप्त लैङ्गिक विभेदका कारण अधिकांश महिलाहरू नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित छन् । त्यसमा पनि एकल महिलाहरूलाई नागरिकता उपलब्ध गराउने तर्फ घर परिवारका सदस्यले पहल गर्ने सम्भावना अत्यन्त न्यून रहेको तथ्य हाम्रो समाजिक परिवेशबाट स्पष्ट छ । यदि रिट निवेदकको मागअुनसार मतदाता नामावलीसम्बन्धी ऐन र निर्वाचन आयोगको निर्णय बदर गर्ने र राज्यले त्यस्ता उपेक्षित एकल महिलाहरूलाई सरल तरिकाले नागरिकता प्रमाणपत्र उपलब्ध गराउन पहल नगर्ने हो भने ती नेपाली नागरिकहरू मतदानजस्तो राजनीतिक अधिकारबाट बञ्चित हुन्छन् । अतः सार्वजनिक महत्वको प्रस्तुत रिट निवदेनको सुनुवाइमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) बमोजिम निवेदकहरूलाई सरोकारवालको रूपमा साममेल गराई नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्यता पुगेका सबै महिलाहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११ बमोजिम नागरिकता टोली खटाई घरदैलोमै सरल, सहज र निःशुल्करूपमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु र त्यसरी नागरिकताको प्रमाणपत्र वितरण नगरेसम्म मतदाता नामावली संकलन तथा प्रकाशन नगुर्न नगराउनु भनी विपक्षकि नाउँमा परमादेशसमेत जारी गरिपाऊँ भन्ने व्यहोराको मानव अधिकारका लागि महिला, एकल महिला समूहका तर्फबाट अधिवक्ता कविता पाण्डे, जनहित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता प्रकाशमणि शर्मा र महिला, कानून र विकास मञ्चकातर्फबाट अधिवक्ता मीरा ढुंगानाको सँयुक्त निवेदनपत्र ।

ऐन निर्माण भएको ५ वर्ष पछि र सो ऐनबमोजिम निर्वाचनसमेत सम्पन्न भइसकेको अवस्थामा दायर भएको प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्तका आधारमा समेत खारेजभागी रहेको छ । अपूरणीय क्षति वा हानिको अवस्था समेत विद्यमान नभएकाले एकपक्षीय सुनुवाइको आधारमा एकल इजलासबाट मिति २०६७/८/९ मा जारी भएको अन्तरिम आदेश खारेज गरिपाऊँ भन्ने व्यहोराको मधेशी लयर्स एशोसियशनका तर्फबाट अविक्ता मिथिलेशकुमार सिँहसमेतको निवेदनपत्र ।

मतदाता नामावली संकलन गर्ने विषय निर्वाचन आयोगको क्षेत्राधिकारभित्र पर्ने र सो कार्यमा यस मन्त्रालयको कुनै संलग्नता नहुने हुँदा असम्बन्धित निकायलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजभागी छ । साथै के कति कारणबाट मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१) को व्यवस्था संविधानसँग बाझिएको छ भन्ने कुरा विपक्षीले स्पष्ट रूपमा उल्लेख नगरेको कारणबाट समेत रिट निवेदन युक्तिसँगत छैन भन्ने व्यहोराको विपक्षी कानून तथा न्याय मन्त्रालयको लिखितजवाफ ।

आयोगको मिति २०६७/४/२४ को निर्णयबाट नागरिकताको आधारमा फोटोसहितको मतदाता नामावली सङ्कलन कार्य सञ्चालन भइरहेकोमा नागरिकतालाई मात्रै आधार मानी नामावली संकलन गर्दा नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेका व्यक्तिहरू मतदाताको अवसरबाट वञ्चित हुन सक्ने भनी विभिन्न राजनीतिक दल एवं स्थानीयस्तरका व्यक्तिहरूले आयोगबाट सञ्चालन भइरहेको उक्त कार्यमा अवरोध पुऱ्याएको कारण केही नगरपालिकाहरूमा कार्यक्रम नै स्थगित गर्नुपरेको र यसै विषयमा सम्मानीत अदालतमा नागरिकता नभएका व्यक्तिका हकमा पनि मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ मा व्यवस्थित प्रावधानअनुरूप मतदाता नामावली संकलन गरिपाऊँ भनी रिट निवेदनसमेत परेको अवस्थासमेतलाई दृष्टिगत गरी आयोगको मिति २०६७/७/१६ को बैठकबाट नागरिकता प्राप्त गर्न नसकेका तर मतदाता हुन योग्यता पुगेका व्यक्तिको जन्मस्थान, स्थायी ठेगाना, जन्म मिति , उमेर र बाबु वा आमासमेतको नाम पुष्टि हुने गरी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१) अनुसार जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाबाट जारी भएको परिचयपत्र पेश गरेमा त्यस्तो व्यक्तिको विवरण संकलन गरी फोटोसहितको मतदाता नामावलीमा नाम समावेश गर्ने र त्यस्तो प्रमाण पेश गर्न नसकेको अवस्थामा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (२) अनसार सम्बन्धित गा.वि.स वा नागरपालिकाको सम्बन्धित वडाले जन्मस्थान, स्थायी ठेगाना, जन्म मिति, उमेर र बाबु वा आमासमेतको नाम पुष्टि हुने गरी मतदाता नामावलीमा विवरण समावेश गरिदिन निर्धारित ढाँचामा सिफारिश गरेमा विवरण संकलन गरी फोटोसहितको मतदाता नामावलीमा नाम समावेश गर्ने गरी निर्णय भएको हो । सो निर्णय गर्दा पनि रिट निवेदकले उल्लेख गर्नु भएजस्तो गैरनेपाली नागरिकलाई मतादाता सूचीमा नाम समावेश गर्ने नभई संविधानको मर्म र भावना तथा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्थाअनुसार योग्य र वास्तविक नेपाली नागरिकहरू कोही पनि मतदानको अवसरबाट वञ्चित नहोऊन् भन्ने मनसाय राखिएको हो । निर्वाचनलाई अझ स्वच्छ, पवित्र एवं विश्वसनीय बनाउन अत्याधुनिक प्रविधिको उपयोग गरी फोटो र औंठाछापसहितको मतदाता नामावली स□लन कार्यक्रम सञ्चालन गरिएको र उक्त कार्य गर्दा प्रथमत : नागरिकता प्रमाणपत्रलाई नै आधार मानी सङ्कलन गरिएको भए पनि मतदाता नामावलीसम्बन्धी

ऐन, २०६३ को दफा ११ लगायतको विद्यमान कानूनी प्रावधानलाई समेत दृष्टिगत गर्दै आयोगले नागरिकता प्रमाणपत्रका साथै अन्य आधारहरूलाई पनि स्वीकार गरी मतदाता नामावली सङ्कलन गर्ने गरी आयोगको अघिल्लो निर्णयमा केही बिस्तार गरी फोटोसहितको मतदाता नामावली सङ्कलन गर्ने निर्णय गरेको हो । सो निर्णय कानूनसम्मत नै भएको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको विपक्षी निर्वाचन आयोगको लिखितजवाफ ।

कुनै अमुक ऐनको कुनै व्यवस्था संविधानको कुनै प्रावधानसँग बाझिएको हुँदा सो व्यवस्था बदर घोषित गरिपाऊँ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) बमोजिम दावी लिँदा ऐनको यो प्रावधान यो यस कारण यसरी संविधानको यस धारामा रहेको प्रावधानसँग बाझिएको छ भनी स्पष्टरूपमा दावी लिई सो कुरामा अदालत सन्तुष्ट हुने गरी प्रमाणसमेत पेश गर्न सक्नुपर्दछ । कानून संविधानसँग बाझिएको छ भनी दावी लिने पक्षउपर नै सो दावी प्रमाणित गर्ने भार निहीत रहन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१), (२), (३) एवं दफा २५ (क) र (ख) को व्यवस्था संविधानसँग बाझिएको भनी उल्लेख गर्नुको अलावा सो कुरा पुष्टि हुनसक्ने तथ्ययुक्त सबूद प्रमाणसमेत पेश गर्न नसकेको हुँदा मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था विद्यमान छैन । विपक्षी निवेदकले भनेजस्तो नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गरी नागरिकताको प्रमाणपत्र लिन नपाएका तर संविधानको भाग २ एवं नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नेपालको नागरिक मानिने व्यक्तिलाई मतदाता नामावलीमा समावेश नगर्ने हो भने सो कार्य संविधानको धारा १३ मा व्यवस्थित समानताको हक विपरीत हुनजान्छ । अतः रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको लिखितजवाफ । मतादाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१), (२), (३) को व्यवस्थाले गैरनेपाली नागरिकलाई मतदाता बनाउने होइन, सोही ऐनको दफा ५ ले कस्ता व्यक्ति मतदाता बन्न सक्छन भन्ने स्पष्ट गरेको छ । अतः गैरनेपाली नागरिकलाई मतदाता बनाउन खोजेको भन्ने दावी तर्कसंगत छैन । रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी गृह मन्त्रालयको लिखितजवाफ ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचमिा चढी अन्तरिम आदेश खारेज हुने नहुने भन्ने सम्बन्धमा छलफलका लागि पेश हुनआएको प्रसतुत रिट निवेदनमा सबै विपक्षीहरूको लिखित जवाफ परिसकेको देखिँदा पूर्ण सुनुवाई गर्न मिल्ने देखियो । निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री सिन्धुनाथ प्याकुरेल, श्री विश्वकान्त मैनाली र श्री शम्भु थापा तथा विद्वान अधिवक्ताहरु श्री शेरबहादुर के.सी., श्री बोर्णबहादुर कार्की, डा. श्री भीमार्जुन आचार्य, श्री टकिराम भट्टराई, श्री चन्द्रकान्त ज्ञवाली, श्री माधवकुमार बस्नेत, श्री रविनारायण खनाल, श्री ऋषिराम घिमिरे, श्री तुलसी भट्ट, श्री ताराप्रसाद लामिछाने, श्री पदम रोक्का, श्री दिनेशराज सत्याल र श्री सुभाष आचार्यले गर्नुभएको बहसको संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ ले नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति र नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्ति दुवैलाई नेपालको नागरिक मानेको भए तापनि अब उप्रान्त कसैले नागरिकताको प्रमाणपत्र लिनै पर्दैन भन्ने उक्त धाराको मनसाय होइन । यस्तो सँकुचित अर्थ गरिनु हुँदैन । नागरिक हो भन्ने कुराको प्रमाण नागरिकताको प्रमाणपत्र नै हो । त्यसैले राजनीतिक तथा नागरिक अधिकारको उपभोग गर्न चाहने नागरिकले नागरिकताको प्रमाणपत्र लिनै पर्दछ । कुनै व्यक्ति सच्चा नागरिक हो र आफ्नो नागरिक एवं राजनीतिक अधिकारप्रति ऊ सचेत छ भने नागरिकताको प्रमाणपत्र लिनमा उदासीन रहनुको कुनै औचित्य हुँदैन । नागरिकताको प्रमाणपत्र पाउने उमेर १६ वर्ष र मतदान गर्न पाउने उमेर १८ वर्ष निर्धारण भइरहेको सन्दर्भबाट नै नागरिकताको प्रमाणपत्रको प्राप्तिपश्चात् मात्रै मतदात गर्ने तथा उम्मेद्वार बन्ने लगायतका राजनीतिक अधिकारहरूको उपभोग गर्न सकिने उद्देश्य अन्तरनिहित रहेको मान्नु पर्दछ । नागरिकताको प्रमाणपत्रको प्राप्तिमा अत्यन्त कठिनाई भएको भए वा भेदभाव व्याप्त रहेको भए समस्याको कारण हुन सक्दथ्यो तर नेपालमा त्यस्तो अवस्था विद्यमान छैन । राज्यले घरदैलोमा गएर भए पनि नागरिकताको प्रमाणपत्र वितरण गरिआएको छ । सम्बन्धित राष्ट्रसँग नागरिकताको सम्बन्ध नभई कुनै व्यक्तिको राजनीतिक तथा नागरिक अधिकारको जन्म नै हुँदैन । त्यसैले नागरिकताको प्रमाणपत्रको विकल्प विद्यालयबाट जारी गरिएको परिचयपत्रजस्ता कागजातहरु हुन सक्दैनन् । जग्गाधनी दर्ता प्रमाणपूर्जा जस्ता कागजातहरूबाटै नागरिकताको पुष्टि हुने भए नागरिकताको प्रमाणपत्र जारी गर्ने छुट्टै कानूनी व्यवस्थाको कनै औचित्य नै हुँदैन । नागरिकताको प्रमाणपत्रको विकल्प नागरिकताको प्रमाणपत्र नै हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को व्यवस्थाले नागरिकताको प्रमाणपत्र नलिएका व्यक्तिलाई पनि मतदान गर्न र उम्मेदवार बन्न छुट दिएको भन्ने अर्थ गर्न मिल्दैन । संविधानको धारा ६५ र मतदाता

नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ मा दुवै प्रयोजनको लागि नेपालको नागरिक हुनुनपर्ने पूर्वशर्त निर्धारण भइरहेको अवस्थामा मतदाता नामावलीमा नाम समावेश गर्न नागरिकताको प्रमाणपत्र नै नचाँहिने गरी भएको कानूनी व्यवस्था असंवैधानिक छ ।

नागरिक हो होइन भन्ने कुराको यकीन गरेर नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार कानूनले जिल्ला प्रशासन कार्यालयलाई प्रदान गरेको छ । सो बाहेक नेपालको नागरिक भएको कुरा पुष्टि गर्ने दोस्रो कानूनी व्यवस्था आफैंमा विरोधाभाषपूर्ण र भइरहेको कानूनी व्यवस्थालाई प्रभावहीन तुल्याउने उद्देश्यबाट ल्याइएको भन्ने प्रष्ट देखिएको हुँदा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको नागरिकताको प्रमाणपत्र बाहेकका अन्य व्यवस्थाहरु र उपदफा (२), (३) को व्यवस्थासमेत असंवैधानिक घोषित हुनुपर्दछ । निर्वाचन आयोगका कामकारवाहीहरूको न्यायिक पुनरावलोकन हुन नसक्ने गरी संविधानले आयोगलाई उन्मुक्ति प्रदान गरेको छैन । निर्वाचन आयोगले पनि संविधान र कानूनअन्तर्गत रहेर नै काम गर्नुपर्दछ । यदि निर्वाचन आयोगलाई संविधान र कानूनभन्दा माथि राखेर हेर्ने हो भने नेपालमा संविधानवाद र कानूनको शासन छ भने नेपालमा संविधानवाद र कानूनको शासन छ भन्नु निरर्थक हुनजान्छ । तसर्थ मतदाता नामावली संकलनको सिलसिलामा आयोगले गरेका कामकारवाहीहरु अदालतबाट न्याययोग्य हुन नसक्ने गरी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ ले लगाएको प्रतिवन्धसमेत संविधानविपरीत रहेको छ । मतः नागरिकाको प्रमाणपत्रबाहेक जग्गाधनी दर्ता प्रमाणपूर्जा आदिका आधारमा समेत मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने व्यवस्था गरेको मतदाता नामावलीसम्बन्धी ऐनन,२०६३ को दफा ११ (१, (२), (३) को प्रावधान र दफा २५ को प्रावधानसमेत नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्दछ ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री युवराज सुवेदी र विपक्षी निर्वाचन आयोगका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री भरतमणि खनालले गर्नु भएको बहसको संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ मा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्तिहरूसमेत नेपालको नागरिक हुने संवैधानिक प्रावधान रहेकोले नागरिकताको प्रमाणपत्र लिईनसकेका नेपाली नागरिकहरूलाई समेत मतदानको अधिकार सुनिश्चित गर्न विधायिकाले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को व्यवस्था गरेको हुँदा सो व्यवस्था संविधानसँग बाझिएको छ भन्न मिल्दैन । दफा ११ को व्यवस्थाले नागरिकताको प्रमाणपत्रको महत्वलाई इन्कार गरेको वा अनादर गरेको पनि होइन । नागरिकताको प्रमाणपत्र लिइनसकेको अवस्थामा सम्बन्धित व्यक्ति नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्ति हो वा होइन भन्ने यकीन गरी मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि जग्गाधनी दर्ता प्रमाणपत्र लगायतका सम्बद्ध प्रमाणहरु माग गर्नसक्ने गरी भएको उक्त कानूनी व्यवस्था संविधानसम्मत नै रहेको छ । निर्वाचन आयोगले मतादाता नामावली तयार गरेको विषयमा कुनै अदालतमा प्रश्न उठाउन नपाउने गरी मतादाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ ले लगाउको प्रतिवन्ध नेपालको अन्तरिम संविधान, २०६३ को प्रतिकूल रहेको छैन भनी निवेदक सुनिल रञ्जन सिंह विरूद्ध निर्वाचन आयोगसमेत भएको २०६७ (WS)००१९ को रिट निवेदनमा विशेष इजलासबाट निरोपण भइसकेको छ । तसर्थ मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको नागरिकताको प्रमाणपत्र बाहेकका अन्य व्यवस्थाहरु, उपदफा (२) एवं (३) का व्यवस्थाहरु तथा दफा २५ को प्रावधानसमेत संविधाससँग नबाझिएको र उक्त ऐनको दफा ११ (१), (२), (३) बमोजिम मतदाता नामावली संकलन गर्ने गरी निर्वाचन आयोगबाट मिति २०६७/७/१६ मा भएको निर्णयसमेत संविधानसम्मत रहेको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ ।

सर्वोच्च अदालत नियमावली, २०५९ को नियम ४२(२) बामेजिम अदालतको अनुमति प्राप्त गरी सरोकारवाला मधेशी लयर्स एशोसिएशनका तर्फबाट उपस्थित विद्वान अधिबक्ताहरु श्री रत्नेश्वरप्रसाद शर्मा, श्री मिथिलेशकुमार सिँह, श्री सीताराम अग्रवाल, श्री जगन्नाथ महतो सिँह, श्री रमनकुमार कर्ण र श्री पंकजकुमार कर्णले गर्नुभएको बहसको संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छ :

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ ले मतदाताको योग्यता निर्धारण गर्दा नेपालको नागरिक हुनुपर्ने भनिएको छ । नागरिकताको प्रमाणपत्र अनिवार्य रूपमा प्राप्त गरेकै हुनपर्छ भनिएको छैन । ऐनको यो प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को भावना र मर्म अनुकूल भएको हुँदा मतदाता नामावलीसक्बन्धी ऐन, २०६३ को दफा ११ को समग्र प्रावधान संविधानसम्मत छ । नागरिकताको प्रमाणपत्र नलिए पनि नागरिक नागरिक नै हुन्छ । गैरनागरिक वा विदेशीले नेपालको निर्वाचन प्रणालीमा भाग लिनु पाउनु हुँदैन भन्ने कुरामा राज्य र सबै नागरिक सचेत हुनुपर्दछ । तर नागरिकलाई नागरिकताको प्रमाणपत्र

नलिएकै आधारमा मतदान गर्नबाट बञ्चित गरिनु संविधानविरीत हुन्छ । गैरनागरिकले मतदान गर्न पाउनु पर्दछ भन्ने कसैको पनि अभिमत हुन सक्दैन । तर नेपाली नागरिकले मतदान गर्नबाट बञ्चित हुनु हँदैन भन्ने कुरामा चाँहि सबै संवेदनशिल हुनैपर्दछ । मतदाता नामावलीसम्बन्धी एने, २०६३ को दफा ११ ले नागरिकताको प्रमाणपत्रको महत्वलाई नजरअन्दाज गरेको होइन । नागरिकताको प्रमाणपत्र लिई नसकेका नागरिकहरूलाई पनि वैकल्पिक प्रमाणहरूको आधारमा पहिचान गरी मतदान गर्ने उनीहरूको अधिकारलाई सुनिश्चित गरेको हो । तसर्थ नेपालको नागरिक हो भन्ने कुरा यकीन गरी मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि जग्गाधनी प्रमाणपूर्जा तथा स्थानीय निकायको सिफारिस जस्ता प्रमाणहरूलाई ग्राह्य गरेको मतदाता नामावलीसम्बधी एने, २०६३ को दफा ११ को व्यवस्था संविधानसम्मत छ । संविधान र सम्बन्धित कानूनको पर्याप्त अध्ययन नै नगरी रिट निवेदन दायर गरिएको छ । पाँचौं संशोधनद्वारा खारेज भइसकेको अन्तरिम संविधानको धारा ४६ सँग समेत ऐनको व्यवस्था बाझिएको छ भनी दाबी गरिएको छ । संविधानको कुन चाँहि प्रावधानसँग ऐनको व्यवस्था बाझिएको हो भनी रिट निवेदनमा स्पष्ट गरी किटान गरिएको छैन । संविधानको प्रस्तावना तथा धारा १, २, ८, ९, १०, ६३, ६५, १२९ सँग बाझिाएको भनी कुनै खास प्रावधानको किटान नगरी गोश्वारा रूपमा गरिएको दाबीका आधारमा अदालतले ऐनको न्यायीक पुनरावलोकन गर्न मिल्दैन । तसर्थ रिट निवेदन खारेज हुनुपर्दछ ।

सर्वोच्च अदालत निमावली, २०४९ को नियम ४२ (२) बमोजिम अदालतको अनुमति प्राप्त गरी सरोकारवाला जनहित संरक्षण मञ्च (प्रो.पब्लिक) र मानव अधिकारका लागि एकल महिला समूहका तर्फबाट यपस्थित विद्वान अधिवक्ताहरु श्री प्रकाशमणि शर्मा र श्री कविता पाँडेले गर्नुभएको बहसको संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छ : नागरिकतासम्बन्धी अवधारणालाई Citizenship as a status र Citizenship as a right गरी दुई किसिमबाट हेरिनुपर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ Citizenship as a status सँग सम्बन्धित छ भने संविधानको भाग ३ अन्तर्गतका कुराहरु तथा धारा ६५ अन्तर्गतको विषय Citizenship as a right सँग सम्बन्धित छ । संविधानको भाग ३ तथा धारा ६५ अन्तर्गतको हकको उपभोगलाई सुनिश्चित गर्न राज्यले धारा ११ अनुसार नियमितरूपमा नागरिकता वितरण टोलीसमेत खटाई नागरिकतको प्रमाणपत्र बितरण गर्ने कार्यलाई प्रभावकारीरूपमा सम्पन्न गर्नु आवश्यक छ । नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद तथा पछौटेपनका कारण महिलाहरु अभ्र त्यसमा पनि एकल महिलाहरूलाई नागरिकताको प्रमाणपत्रको प्राप्तिमा समेत कठिनाइ रहेको तथ्यलाई हृदयंगम गरिनुपर्दछ । नागरिकताको प्रमाणपत्रको प्राप्तिमा रहेको कठिनाइका कारण उनीहरु मतदान गर्ने नागरिक हकबाट बञ्चित हुने स्थिति हुनु हुँदैन ।

उल्लिखित बहस जिकीरसमेत सुनी निर्णयतर्फ बिचार गर्दा प्रस्तुत रिट निवेदनको सन्दर्भमा निम्न प्रश्नहरुमा निर्णय दिनुपर्ने देखियो :

(१) ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको "नागरिकतको प्रमाणपत्र" बाहेकका अन्य व्यवस्था, सोही दफाको उपदफा (२) र (३) को व्यवस्था तथा दफा २५ को व्यवस्थासमेत नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ सँग बाझिएको छ छैन ?

(२) मतदाता नामावली संकलनसम्बन्धी विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ को निर्णय नेपालको अन्तरिम संविधान २०६३ को माथि प्रश्न नं. (१) मा उल्लिखित प्रावधानहरु तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ (१) (क) मा उल्लिखित प्रावधानसमेतको प्रतिकूल रहेको छ छैन ?

(३) निवेकको मागबमोजिमको आदेश जारी हुनपर्ने हो होइन ?

२. पहिलो प्रश्नतर्फ बिचार गर्दा, निवेदकको मुख्य माग "विपक्षी निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली तयार गर्ने सिलसिलामा मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा ११ को उपदफा (१) तथा (२) बमोजिम भनी नागरिकताको प्रमाणपत्रबाहेक जग्गाधनी प्रमाणपूर्जा, सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी परिचयपत्र तथा गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस समेतका आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्ने गरी मिति २०६७/७/१६ मा निर्णय गरेको छ । मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको "नागरिकतको प्रमाणपत्र" बाहेकका अन्य व्यवस्थाहरु र उपदाफा (२) र(३) को सम्पूर्ण प्रावधान तथा दफा २५ को व्यवस्थासमेत नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १, २, ८, ९, १०, ४६, ६३, ६५, १२९ सँग बाझिएको हुँदा अन्तरिम संविधानको धारा १०७ (१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ र विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ को उक्त निर्णय समेत संविधानको उल्लिखित प्रावधानहरु र मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा

५ (१) (क) समेतको विपरीत भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ" भन्ने रहेको छ । सो सम्बन्धमा सर्वप्रथम मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा ११ को विवेचना गर्नु आवश्यक देखिन्छ । मतदाता नाावलीसम्बन्धी एने २०६३ को दफा ११ निम्नानुसार रहेको छ ।

दफा ११ : नाम दर्ता गर्न प्रमाण माग गर्नसक्नेः

(१) यस ऐनबमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्दा आवश्यक परेमा नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्ति वा निजको परिवारसँग निजको जन्म वा उमेर वा बासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको प्रमाणपत्र पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग समबन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिश माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिश पनि पेश गर्न नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिने छैन ।

तर नेपाली नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको कारणले मात्र मतदाता नामावलीमा नाम दर्ता गर्न बाधा पुऱ्याएको मानिने छैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्यको योग्यता तोकिएको छ । उक्त धारा ६५ को खण्ड (क) मा संविधानसभाको सदस्य हुनको लागि नेपाली नागरिक हुनुपर्दछ भनिएको छ । त्यस्तै मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (१) को खण्ड (क) मा मतदाता हुन नेपाली नागरिक मात्र योग्य हुने गरी योग्यता तोकिएको छ । मतदाता नामावलीसम्बनधी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा मतदाता नामावलीमा नाम दर्ता गर्दा आवश्यक परेमा नागरिकताको प्रमाणपत्रको अलावा,

(क) जग्गाधनी प्रमाणपूर्जा वा,

(ख) सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी परिचयपत्र माग गरी मतदाता नामावलीमा नाम दर्ता गर्ने व्यवस्था भएको देखिन्छ ।

३. त्यसैगरी सो दफा ११ को उपदफा (२) मा यदि माथिका कुरहरु पेश गर्न नसकेमा गाउँ विकास समिति वा नगारपालिकाको सम्बन्धित वडाको सिफारिसको आधारमा पनि मतदाता नामावलीमा नाम दर्ता गर्ने व्यवस्था भएको देखिन्छ भने उपदफा (३) को प्रतिबन्धात्मक वाक्याँशमा त नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसके पनि मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने कुरा उल्लेख भएको पाइन्छ । मतदान गर्ने र संविधानसभा वा विधायिका अर्थात संसद र स्थानीय निकायमा उम्मेद्वार बन्ने अधिकार नागरिकलाई मात्र प्राप्त हुन्छ । लामो समयदेखि बसोबास गर्दैआएको भए पनि नेपाली नागरिक भन्ने परिचय गराउने प्रमाण नेपाली नागरिकताको प्रमाणपत्र हो । संविधानसभा वा संसद वा स्थानीय निकायहरूमा उम्मेद्वार बन्ने वा मतदान गर्ने दुवै अधिकार Political Right हो । Political Right केवल नागरिकलाई मात्र प्राप्त हुन्छ । यहाँ नेपाल पक्ष भएको नेपाल कानून सरह लागू हुने ICCPR, 1996 को धारा २५ को मूल र खण्ड (a) र (b) उल्लेख हुन आवश्यक देखिन्छ ।

Every citizen shall have the right and the opportunity, without any of the distinctions mentioned in article 2 and without unreasonable restrictions:

(a) To take part in the conduct of public affairs, directly or through freely chosen representatives;

(b) To vote and to be elected at genuine periodic elections which shall be by universal and equal suffrage and shall be held by sevret ballot, guaranteeing the free expression of the will of the electors.

ICCPR को धारा २५ Political Right Exercise गर्ने धारा हो । उक्त धारामा उल्लेख भएको राजनीतिक अधिकार केवल नागरिकलाई मात्र प्राप्त हुने स्पष्ट व्यवस्था हो ।

४. अब प्रस्तुत निवेदनमा उठाएको विवादको विषय हेर्दा विवाद संविधानसभाको सदस्यको लागि नेपालको नागरिककताको प्रमाणपत्र प्राप्त गरी नेपाली नागरिक भनी प्रमाणित व्यक्ति मात्र हुनुपर्छ भन्ने सम्बन्धी रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्य हुनको लागि उम्मेद्वारको योग्यता धारा ६५ (क) मा "नेपाली नागरिक" हुनुपर्नेछ भन्ने छ । नेपाली नागरिक भन्नाले संविधानको भाग २ मा उल्लेख भएको योग्यता पुगेको नेपाली नागरिक भनेको हो । संविधानको भाग २ मा नेपाली नागरिक हुने योग्यता तोकिएको छ भाग २ मा उल्लेख भएको योग्यता पुगेको व्यक्तिको नेपालको नागरिक हुन योग्यता पुग्छ । अर्थात नेपाली नागरिक भन्ने प्रमाण संविधानको भाग २ को प्रयोजनको लागि बनेको नियमावलीको अनुसूची अनुसार प्राप्त नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति हो ।

५. संविधानको धारा ६५ मा संविधानसभाको सदस्यको लागि तोकिएको पाँच योग्यतामध्ये (क) मा पहिलो योग्यता नेपाली नागरिक हुनपर्ने गरी नेपालमा जतिसकै लामो समयदेखि बसोबास गरेको भए पनि Lex Domicil नेपाल नै भए पनि र नेपाली नागरिकताको लागि संविधानअनुसारको योग्यता पुगेकै भए पनि नेपाली नागरिक भनी चिनिने कानूनबमोजिम तोकिएको अधिकारीबाट प्रमाणपत्र प्राप्त गरेको छैन भने त्यस्तो व्यक्ति संविधानसभा सदस्यको उम्मेद्‌वार बन्न नसक्ने केवल नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति मात्र उम्मेद्‌वार वा मतदाता बन्नसक्ने देखिन्छ । संविधानको धारा ६३ मा संविधानसभाको गठनको व्यवस्था छ । धारा ६३ बमोजिम गठित संविधानसभाले संविधान निर्माण गर्नुका साथै धारा ८३ बमोजिम व्यवस्थापिकाको समेत अधिकार प्रयोग गर्दछ । धारा ३८ र ३९ अनुसार संविधानसभाको सदस्यहरु मध्येबाट नै धारा ३७ को कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रीपरिषद् गठन हुन्छ र संविधानसभो नै व्यवस्थापिकाको हैसियतले कानून बनाउने, बजेट पारित गर्ने , धार १५५ बमोजिम संवैधानिक निकायमा नियुक्त हुने पदाधिकारीहरूको Confirmation Hearing र धारा १५६ बमोजिम नेपाल सरकार पक्ष भएको सन्धि वा सम्झौताको अनुमोदनसमेत गर्दछ । कुनै पनि राज्यले यस्तो राजनीतिक अधिकार आफ्नो नागरिकलाई मात्र प्रदान गर्दछ । नागरिक र बासिन्दामा फरक नागरिकमा आफ्नो राष्ट्रपति Allegiance हुन्छ, जुन कुरा नागरिकता प्राप्त गर्ने बेला लिएको सपथबाट व्यक्त हुन्छ । तर नागरिक बन्न योग्यता पुगेको तर नागरिकता नलिएको व्यक्तिले आफ्नो Allegiance को सपथ लिएको हुँदैन । यही कारणले गर्दा राजनीतिक अधिकार प्रयोग गर्ने नागरिक हुनपर्छ भन्ने कुरा ICCPR को धारा २५ (a) (b) (c) मा व्यवस्था भएको हो ।

६. सार्वजनिक पदमा सोझै वा चुनावमार्फत् वा आवधिक चुनावमा भाग लिन वा उम्मेद्‌वार बन्न नागरिक नै हुनपर्ने व्यवस्था ICCPR मा मात्र होइन २६ मार्च १९९४ मा पेरिसमा भएको Inter Parliamentary Council को १५४ औं Session मा adopt गरेको Declaration on Criteria for Free and Fair Election सम्बन्धी घोषणाले पनि स्वच्छ र निष्पक्ष आवधिक चुनाबबाट मात्र दिगो र बलियो सरकार बन्नसक्ने र त्यस्तो सरकारले मात्र सम्पूर्ण नागरिकको प्रतिनिधत्व गर्छ भन्दै स्वच्छ र निष्पक्ष चुनावलाई जोड दिँदै त्यस्तो चुनाव रचुनावमा उठ्ने उम्मेद्‌वार नागरिक नै हुनपर्ने योग्यता यसरी तोकिएको छ :

2. Voting and Elections Rights

(1) Every adult citizen has the right to vote in elections, on a non discriminatory basis.

(2) Every adult citizen has the right to access to an effective, impartial and non-discriminatory procedure for the registration of voters.

(3) No eligible citizen shall be denied the right to vote or disqualified from registration as a voter, otherwise than in accordance with objectively verifiable criteria prescribed by law and provided that such measures are consistent with the State's obligations under international law.

(4) Every individual right to vote or to be registered as a voter shall be entitled to appeal to a Jurisdiction competent to review such decisions and to correct errors promptly and effectively.

(5) Every voter has the right to equal and effective access to a polling station in order to exercise his or her right to vote.

(6) Every voter is entitled to exercise his or her right equally with others and to have his or her vote accorded equivalent weight to that of others.

(7) The right to vote in secret is absolute and shall not be restricted in any manner whatsoever.

Inter Parliamentary Council (I.P.C) को उक्त घोषणाले पनि कुनै पनि देशको राजनीतिक अधिकारको प्रयोग त्यस देशको नागरिकले मात्र गर्नसक्ने प्रस्ताव Adopt गरेको देखिन्छ । मानवअधिकार सम्बन्धी अन्य Regional Human Right Instrument हरु जस्तै African Charter on Human and Peoples Rights को धारा १३:१ मा पनि राजनीतिक अधिकार प्रयोग गर्ने नागरिक नै हुनुपर्ने भनी योग्यता यसरी तोकिएको छ :

Art. 13:

1 Every citizen shall have the right to participate freely in the government of his country, either directly or through freely chosen representatives in accordance with the provisions of the law.

2. Every citizen shall have the right of equal access to the public service of his country %.

3. Every individual shall have the right of access to public proerty and services in strict equality of all persons before the law.

American convention on Human Rights को धारा २३ मा पनि उम्मेद्‌वार बन्न र चुनावमा भाग लिन

नागरिक नै हुनुपर्ने योग्यता तोकिएको छ :

Art. 23 : Right to Participate in Government:

1 . Every citizen shall enjoy the following rights and opportunites:
   a) to take part in the conduct of public affairs, directly or through freely chosen representatives;
   b) to vote and to be elected in genuine periodic elections, which shall be by universal and equal suffarage and by secret ballot that gurantees the free expression of the will of the voters; and
   c) to have access, under general conditions of equality, to the public service of his country.
   d) The law may regulate the exercise of the rights and opportunities referredto in the preceding paragraph only on the basis of age, nationality, residence, language, education, civil and mental capacity, or sentencing by a competent coutt in criminal proceedings.

यसरी मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय Convention ICCPR र Reginal Instrumnet हरूले पनि नागरिकलाई मात्र कुनै पनि सार्वभौम राष्ट्रको चुनावमा उम्मेद्वार बन्ने र मत खसाल्ने अधिकार प्रदान गरेको देखिन्छ ।

७. प्रजातन्त्रका लागि निष्पक्ष आवधिक चुनाव अति आवश्यक हुन्छ । नागरिकहरूको मौलिक स्वतन्त्रता संरक्षण गर्ने काम प्रतिष्पर्धात्मक बहुदलीय प्रजातान्त्रिक व्यवस्था र कानूनको शासनअन्तर्गत मात्र सम्भव हुन्छ । कुनै पनि राष्ट्रको सरकारलाई नागरिकहरूले "मेरो सरकार भनी own गर्न" र "सरकारले वैधानिकता प्राप्त गर्न" निश्चित समयमा गोप्य मतदानको आधारमा स्वच्छ र निष्पक्ष निर्वाचनका माध्यमबाट चुनाव भएको हुनु पर्दछ । खास गरी संसदीय व्यवस्थामा यसरी गोप्य मतदानद्वारा निष्पक्ष र स्वच्छ तरीकाबाट भएको निर्वाचनको आधारमा भएको चुनावद्वारा गठित व्यवस्थापिका र त्यही व्यवस्थापिकाबाट बनेको सरकार नै Electorate र विधायिकाप्रति Accountable हुन्छ र त्यस्तो सरकार नै Representative Character को हुन्छ । यिनै कुरालाई ध्यानमा राखी नेपालमा पनि सरकारले Representative Character प्राप्त गर्न सकोस भनेर स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनद्वारा विधायिकाको गठन हुने व्यवस्था भएको छ । त्यसरी विधायिकाको गठन भएपछि विधायिकाबाट बन्ने सरकारलाई जनताहरूले Own गर्छन भनेर नै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ (क) मा संविधानसभाको सदस्य हुनको लागि नेपाली नागरिक नै हुनुपर्ने व्यवस्था भएको हो । माथि उल्लेख गरिएको ICCPR, Inter Parliamentary Council को १५४ औं Session ले Adopt गरेको व्यवस्थाको अलावा अन्य Regional Instrument पनि हेर्न आवश्यक देखिन्छ । Conference on Security and Cooperation in Europe : (Document of the Copenhagen Meeting of the Conference on the Human Dimension 29th June 1990 (29 International Legal Material 1305 (1990) जसलाई Copenhagen Document भनिन्छ त्यसमा CSCE राष्ट्रहरूले पनि ९ बुँदे घोषणापत्रमा एक प्रमुख बुँदा राजनीतिक वा सार्वजनिक पदमा अर्थात Political or Public Office को पदमा नागरिक मात्र हुनसक्ने भनी Adopt गरेको देखिन्छ उक्त घोषणाको पाँचौ बुँदा यसप्रकार छ :-

Respect the right of citizens to seek political or public office individually or as representatives of political parties or organizations without discrimination भनिएको देखिन्छ । Guy S. Goodwill Gill द्वारा लिखित र तयार गरिएको Inter Parliamentary Union द्वारा प्रकाशित Free and Fair Election International Law and Practice पुस्तकमा कुन कुन राष्ट्रमा मतदान अनिवार्य छ भन्ने सिलसिलामा Formal Constitutional or statutory recognition of the citizen's right to vote is common to most states and plays both a substantive and a confidence building role; a few countries make voting compulsory, with respect to parliamentary elections most states lay down citizenship age and residency requirements भनिएको छ ।

८. विधायिकी वा संसदीय चुनावमा नागरिकता मात्र होइन नागरिकता त अनिवार्य नै भई नागरिकताको साथै Residency वा स्थायी बसोबास पनि आवश्यक पर्छ । किनभने नागरिक भए पनि लामो समय विदेशमा बसोबास गरेको हो भने राष्ट्रको आवश्यकता, जनताको चाहना र राष्ट्रको पछिल्ला घटनाको बारेमा विदेशमा बसेकालाई जानकारी हुँदैन । लामो समय विदेशमा बसेको भएमा उसले वास्तविक अर्थमा प्रतिनिधित्व गर्न सक्दैन । त्यसैले नागरिकता मात्र होइन बसोबास पनि आवश्यकता पर्छ । Sieghart को Human Rights 363 Application 7566/76 Decisions & Reports मा European Commission on Human Rights ले नागरिकताको साथसाथै Residency Requirement पनि थपिएको भन्ने देखिन्छ ।

Maastricht Treaty को भाग २ Title 1 Article F (Citizenship of the Union) मा Art 8 b (2) मा European citizen is also entitled to vote and stand as candidate for the European parliament

in his or her member state country of residence भन्ने उल्लेख भएको छ ।

Canada को Charter of Rights and Freedoms को Section 3 मा पनि नागरिकलाई मात्र Vote गर्ने अधिकार प्रदान गरिएको छ ।

९. संयुक्त राज्य अमेरिकामा विधायिकाको लागी उम्मेद्वार बन्न, मतदान गर्न, सार्वजनीक पद ग्रहण गर्न र जूरीको सदस्य हुन नागरिक हुनपर्दछ । गैरनागरिकले यी अधिकार प्रयोग गर्न पाउँदैनन् । अमेरिकामा नागरिकले आम्दानीअनुसार कर तिर्नुपर्छ र ऐन कानून नियमको पालना गर्नुपर्छ । अमेरिकामा नागरिकहरूको सबभन्दा ठूलो अधिकार नै मतदान गर्ने अकिार मानिन्छ । गैरनागरिकले पनि चाहेमा त्यहाँको कानूनको शर्त पूरा गरेपछि Naturalized अमेरिकी नागरिकको लागि निवेदन गर्नसक्छ । निवेदन स्वीकार भएपछि र सम्पूर्ण कार्यविधि पूरा गरेपछि Oath of Allegiance लिन लगाइन्छ । Oath of Allegiance लिएपछि Naturalized citizen बन्दछ । अमेरिकाको नागरिकताको प्रमाणपत्र जारी गरिन्छ र नागरिकताको प्रमाणपत्र जारी गरेपछि मात्र मतदान गर्न र सरकारी पदमा नियुक्त हुन एवं सरकार निर्माण गर्ने काममा सहभागी हुन पाइन्छ ।

१०. माथि उल्लिखित विभिन्न राष्ट्रहरूको कानूनी व्यवस्था एवं Region का Instrument हरु हेर्दा जुनसुकै राष्ट्रमा पनि Political Right अर्थात् नागरिक र राजनीतिक अधिकार नागरिकलाई मात्र प्राप्त भएको देखिन्छ । नागरिक भनी चिनाउने नागरिकताको प्रमाणपत्रको अभावमा सम्बन्धित व्यक्ति खास देशमा लामो समयदेखि बसोबास गरिआएको हो भन्ने चिनाउने अन्य जुनसुकै परिचयपत्रको आधारमा मतदान गर्ने अधिकारप्राप्त हुँदैन । त्यसरी बसोबास गरेको भन्ने प्रमाण वा नागरिकता प्राप्त गर्नसक्ने भन्ने योग्यताले नागरिकताको प्रमाणपत्रलाई Substitute वा Replace गर्न सक्तैन । नागरिक र राजनीतिक अधिकार प्रयोग गर्ने अधिकार नागरिकले मात्र प्राप्त गर्दछ । त्यस्तो अधिकार प्रयोग गर्न नागरिकतको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ ।

११. कुनै पनि देशका नागरिकहरूले नागरिक र राजनीतिक अधिकार उपभोग गर्दछन् तर विदेशी अर्थात् Aliens ले त्यस्तो अधिकारको उपभोग गर्न पाउँदैनन् । त्यसै गरी National र Citizen अर्थात् नागरिकमा फरक हुन्छ । National हुँदैमा Citizen नहुन सक्छ तर Citizen चाँहि National हुन्छ । Hyde ले International Law 2nd edition मा It follows that all nationals of a state are not its citizens though all state must be its nationals भनेको देखिन्छ । बेलायतको कानून British Nationality Act 1981 अनुसार बेलायतको उपनिवेश हुँदाको कुनै Territory वा Protectorate का नागरिकहरु बेलायती National मानिन्छ तर तिनीहरु राजनीतिक अधिकार प्रयोग गर्ने बेलायती नागरिक मानिँदैनन् । अमेरिकाको सम्बन्धमा हेर्दा United States Nationality act ले National उल्लेख गरे पनि National लाई नागरिक मानेको देखिँदैन । अमेरिकाको संविधानले पनि नागरिकलाई मात्र उल्लेख गरेको देखिन्छ। त्यहाँको Immigration and Naturalization Act 1952 ले अमेरिकन Samoa जस्तै अन्य भाग जसलाई Union मा समावेश गरिएको छैन, त्यहाँका बासिन्दालाई अमेरिकी National मानेको छ तर नागरिक मान्दैन । नेपालमा पनि लामो समय बसोबस गरिआएको कुनै व्यक्तिसँग सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएका संस्था वा शिक्षण संस्थाद्वारा जारी भएको नेपाली नागरिक नेपाली नागरिक भनी चिनाउने स्थानीय निकायको सिफारिश भएको व्यक्ति हुनसक्ला । त्यस्तो व्यक्ति National हुनसक्छ तर नेपालको अन्तरिम संविधान,२०६३ को भाग २ र नेपाल नागरिकता ऐन, २०६३ बमोजिमको Citizen नहुन सक्छ ।

१२. संविधान देशको मूल कानून हो । नेपालमा लिखित संविधान भएको र संविधानको धारा १ मा संविधान मूल कानून हुने र संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्था भएको हुँदा नेपाल Constitutional Supremacy भएको हो । संविधानको धारा १ अनुसार संविधान मूल कानून हुने र संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुने र धारा १०७ (१) ले यस अदालतलाई संविधानसँग बाझिएको कानून अमान्य गर्न सक्ने असाधारण अधिकार दिएको हुँदा व्यवस्थापिका संसद कानून निर्माण गर्ने काममा Sovereign भए तापनि व्यवस्थापिका संसदले संविधान विपरीत नहुने गरी अर्थात् संविधानसँग नबाझिने गरी कानून बनाउनु पर्दछ । यदि कुनै कानून संविधानसँग बाझिन्छ भने अन्तरिम संविधानको धारा १०७ (१) को असाधारण अधिकार मार्फत् यस अदालतले त्यस्तो कानूनलाई अमान्य र बदर घोषित गर्न सक्दछ ।

१३. नेपालको व्यवस्थापिका संसद सार्वभौम छ । तर व्यवस्थापिका संसद नेपालको अन्तरिम संविधान, २०६३ को creature भएको कारण आफ्नो Creator अर्थात संविधान विपरीत अर्थात संविधानसँग बाझिने गरी कानून बनाउन सक्दैन । संवैधानिक भाषामा भन्दा व्यवस्थापिका संसद कानून निमॄाण गर्ने काममा Supreme र Sovereign छ तर अन्तरिम संविधानको धारा १ को कारण नेपालमा Parliamentary Supremacy नभई Constitutinal Supremacy भएको कारण यसले Subject to the limitation

of the constitution मात्र कानून बनाउन सक्छ । यदि व्यवस्थापिका संसदले बनाएको कुनै कानून संविधानसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कानून यस अदालतले अमान्य र बदर घोषित गर्न सक्दछ । यस प्रसंगमा हेर्दा अन्तरिम संविधानको धारा ६५ (क) मा संविधानसभाको सदस्य हुनको लागि नेपाली नागरिक हुनपर्ने स्पष्ट व्यवस्था भएकोमा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा भएको "नागरिकताको प्रमाणपत्र" भन्दा पछिको "जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र" र उपदफा (२) मा रहेको "गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिश" भए पनि हुने भन्ने कानूनी व्यवस्था विधायिकाले आफ्नो अधिकार क्षेत्र नाघी बनाएको कानून मान्नुपर्छ । उल्लिखित कागजको प्रमाणले नागरिकताको प्रमाणपत्रलाई Substitute गर्न सक्दैन । त्यसैले उक्त व्यवस्था संविधानको धारा ६५ (क) एवं मतदाता नामावली सम्बन्धी ऐन २०६३ को दफा ५ (१) को व्यवस्थाको अनुकूल देखिँदैन । उक्त व्यवस्था धारा ६५ को खण्ड (क) को अनुकूल नभएको मात्र होइन ICCPR को धारा २५ को व्यवस्थाको पनि विपरीत देखियो ।

१४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ मा नयाँ संविधान निर्माण गर्न एक संविधानसभा गठन गर्ने व्यवस्था भएको छ । अन्तरिम संविधान लागू भएपछि संविधानसभा गठन भै हाल संविधान लेखन कार्य शुरू भैसकेको छ । धारा ६३ को उपधारा (७) को व्यवस्था अनुसार २०६३ मंसिर मसान्तसम्म १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकहरूबाट नै संविधानसभा सदस्य निर्वाचित भएको मान्नुपर्छ । धारा ६३ (१) बमोजिम गठित संविधानसभाको कार्यकाल धारा ६४ मा तोकिएको छ । धारा ८२ मा संविधानसभाले पारित गरेको संविधान प्रारम्भ भएको दिनदेखि संविधानसभाको काम समाप्त हुने उल्लेख छ ।

१५. धारा ६३ बमोजिम गठित संविधानसभा प्रत्येक ४/५ वर्षमा आवधिक चुनावद्वारा गठन हुने continuity पाउने विधायिका होइन । संविधानसभा नेपाली जनताद्वारा भएको २०६२/२०६३ को आन्दोलनलाई साकार पार्न लोकतान्त्रिक संघीय संरचनाको गणतन्त्रात्मक संविधान निर्माण गर्न मात्र गठन भएको हो । धारा ६४ मा तोकिएको अवधिमा संविधान लेखिने र धारा ८२ अनुसारको काम पूरा भएपछि संविधानसभाको कामै समाप्त हुने र अब संविधानसभाको लागि चुनाव हुने व्यवस्थासमेत अन्तरिम संविधानमा नभएकोले निर्वाचन सम्पन्न भै संविधानसभा नै गठन भैसकेको हुँदा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को उक्त व्यवस्थाा अन्तरिम संविधानको धारा ६५ (क) विपरीत र सो धारा ६५ (क) सँग मेल नखाने असँगत देखिए पनि धारा १०७ (१) प्रयोग गरी निवेदकले माग गरेको मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ (१) र (२) का उक्त शब्दहरु अमान्य गर्नु भनेको Moot Case मा हात हाल्नु हुनजान्छ । यस अदालतले धारा १०७ (१) को असाधारण अधिकार Assumed Potential Invasion of a right मा प्रयोग गर्दैन । धारा १०७ (१) को अधिकार प्रयोग गर्न Actual र Threatened invasion of right हुनैपर्छ । संविधानसभाको प्रसंगमा त्यस्तो अवस्था अहिले पार भैसकेको देखिन्छ । चुनाव समाप्त भई संविधानसभा नै गठन भई अवस्था परिवर्तन भैसकेको र सम्भावित विवाद समाप्त भैसकेको अवस्थामा धारा १०७ (१) प्रयोग हुँदैन । अमेरिकाको सर्वोच्च अदालतले Doremus v. Board of Education (1952) 342 US 429 को मुद्दामा If owing to change in status र Mills v. Green (1895) 159 US 561 को मुद्दामा If the issue has been dead भएमा हस्तक्षेप गर्न नहुने व्याख्या भएको देखिन्छ ।

१६. संविधानसभा गठन भइसकेको र वर्तमान अन्तरिम संविधानमा पुनः अर्को संविधानसभाको गठन हुने व्यवस्था नभएकोले धारा ६५ (क) को प्रसंगमा अर्थात् संविधानसभाको सदस्य निर्वाचन प्रयोजनको हकमा Dead Issue भएकोले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ मा उल्लिखित निवेदकको माग बमोजिमका शब्दहरु आजको अवस्थामा संविधानसभाको सदस्य निर्वाचन प्रयोजनको लागि अमान्य गरिरहन पर्ने भएन ।

१७. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१) तथा (२) को अमान्य र बदर माग गरेको उक्त व्यवस्थाहरूको आधारमा नेपाली नागरिक बाहेक अन्य व्यक्तिले पनि मतदाता नामावलीमा नाम दर्ता गर्नसक्ने सम्भावना रहन्छ र विधायिकाको लागि हुने चुनावमा गैरनेपाली नागरिकले पनि मतदान गर्ने र गैरनेपाली नागरिक पनि विधायक बन्न जाने हो कि भन्नलाई अन्तरिम संविधानमा व्यवस्थापिका संसद वा संसदको छुट्टै निर्वाचनको व्यवस्था भएको देखिँदैन । यसको कारण वर्तमान संविधान अन्तरिम संविधान हो र संविधानसभाले नयाँ संविधान बनाई यही संविधानसभाले पारित गरेपछि नया संविधान लागू हुन्छ । नयाँ संविधान लागू भएपछि नर्या संविधान अन्तर्गतको विधायिका बन्ने र नर्या संविधान अन्तर्गतको विधायिकाले बनाएको मतदाता र चुनावसम्बधी कानून नयाँ संविधानसँग दाँजेर

हेर्नुपर्ने हुन्छ । तसर्थ संविधानसभाले संविधान निर्माण गरेपछि नयाँ संविधान लागू हुने हुँदा संविधानसभाले नै व्यवस्थापिका संसदको काम गर्न बाहेक छुट्टै संसदको व्यवस्था नभएको हुँदा तत्काल त्यो सम्भावना नदेखिएकोले यस अदालतले हस्तक्षेप गरिहाल्न परेन ।

१८. तर निर्वाचन आयोगले मतदाता नामवली संकलन गर्ने काम निरन्तर प्रक्रिया हो । आज संकलन गरेको नामावली नै सम्भवतः वर्तमान अन्तरिम संविधान अन्तर्गत हुनसक्ने सम्भावित कुनै चुनाव र नयाँ संविधान लागू भएपछि हुने कुनै पनि निकायको चुनावमा पनि प्रयोग हुने हो । मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को प्रस्तावनाबाट सो कुरा प्रष्ट देखिन्छ । तसर्थ संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको भए पनि संविधानसभाको निर्वाचन बाहेक नयाँ संविधान अन्तर्गत हुने चुनाव र अन्य निर्वाचनको प्रयोजनको लागि मतादाता नामावलीसम्बन्धी ऐन, २०६३ को समग्र प्रयोजन समाप्त भएको नभई बाँकी नै रहने हुँदा सो ऐनको संवैधानिकताको विषयमा निवेदकले उठाएका केही प्रश्नहरूमा विचार गर्नु वाञ्छनीय रहेको छ ।

१९. निवेदकको मुख्य दावी निर्वाचनमा मतदाता बन्न र उम्मेद्वार हुनसमेत नेपालको नागरिक हुनुपर्ने भनी संविधान र कानूनले निर्धारण गरेको अवस्थामा नागरिकताको प्रमााणपत्र प्राप्त नगरिकन मतदाता नामावलीमा नाम समावेश हुन र उम्मेद्वार बन्न समेत मिल्दैन भन्ने रहेको छ । सो सम्बन्धमा विपक्षीहरु र Intervener समेतको जिकीर चाँहिँ अन्तरिम संविधानको धारा ८ ले नागरिकताको प्रमाणपत्र नलिएको भए पनि नागरिकताको प्रमाणपत्र लिन योग्य व्यक्तिलाई समेत नेपालको नागरिक मानेको हुँदा मतदाता नामावलीमा नाम समावेश गर्नलाई नागरिकताको प्रमाणपत्र नै चाँहिन्छ भन्न मिल्दैन, नेपालको नागरिक हो भन्ने कुरा पुष्टि गर्ने जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र वा स्थानीय निकायको सिफारिश भए पनि मतदाता नामावलीमा नाम समावेश गर्न हुन्छ भन्ने रहेको छ । सो सम्बन्धमा सर्वप्रथम नागरिकताको विषयमा संविधानमा भएको व्यवस्थाको विश्लेषण गर्नुपर्ने भएको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ (१) मा संविधान प्रारम्भ हुँदाका बखतको नागरिकताको सम्बन्धमा भएको व्यवस्था निम्नानुसार रहेको छः

धारा ८ : संविधान प्रारम्भ हुँदाका बखतको नागरिकताः

(१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिता प्राप्त गरेको र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन् ।

२०. कानून बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गरेपछि उक्त प्रमााणपत्रले नै नेपाली नागरिक भन्ने प्रमाणित गर्दछ । त्यसै गरी संविधानले नेपालको नागरिकता प्राप्त गर्न योग्यता तोकी त्यस्तै योग्यता पुगे पनि योग्यता पुग्दैमा नागरिक भन्नेमा Identification को समस्या आउने हुनाले योग्यता पुगेको व्यक्तिले पनि आफ्नो परिचय गराउन नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुपर्छ । नागरिक हुने योग्यता पुग्दैमा पतदान र उम्मेद्वार बन्ने प्रयोजनको लागि नागरिकहरूले नागरिकताको प्रमाणपत्र लिनै नपर्ने होइन । प्रजातन्त्रमा राज्यले कसैलाई पनि कुनै काम गर्न बाध्य गर्न सक्तैन । अर्थात् नेपाली नागरिक हुन योग्यता पुगेको सबैले नेपाली नागरिकताको प्रमाणपत्र लिनै पर्छ भनी बाध्य गर्न नसक्ला तर कसैले नेपालको नागरिकको हैसियतले यो देशमा आफ्नो Voting Right मार्फत Political Right Exercise गर्ने हो भने आफूलाई परिचय गराउन नागरिकताको प्रमाणपत्र लिनुपर्छ । त्यसैले नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुले मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तात्विक असर गर्दैन भन्ने विपक्षी तथा Intervenor तर्फका विद्वान् कानून व्यवसायीहरूको जिकीरसँग सहमत हुन सकिएन । अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ (क) मा निर्वाचनमा उम्मेद्वार बन्नका लागि र मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा ५ (१) (क) मा मतदाता हुनको लागि नेपाली नागरिक हुनुपर्दछ भनी तोकेको योग्यताको तात्पर्य नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक हो भन्ने कुरामा दुईमत हुने देखिँदैन ।

२१. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको "नागरिकताको प्रमाणपत्र" बाहेकका "जगाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्र" भन्ने व्यवस्थाहरु र उपदफा (२) मा रहेको "गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश" भन्ने व्यवस्थाहरु अन्तरिम संविधानको धारा ६५ (क) को प्रावधानको अनुकूलको व्यवस्था होइन भन्ने सम्बन्धमा माथि विवेचना भइसकेको छ । तर संविधान र कानूनको व्याख्या गर्दा संविधान निर्माताको उद्देश्यलाई सार्थक बनाउन सकभर harmonious construction गर्नुपर्दछ । यो कानून व्याख्याको सर्वमान्य सिद्धान्त हो । कुनै कानूनको Constitutionality का सम्बन्धमा परीक्षण गर्दा सकभर त्यस्तो कानून संविधान अनुकूल छ भन्नेतर्फ हेर्नुपर्छ । यदि संविधानको सीमा नाघेको स्पष्ट देखिन्छ भने मात्र असंवैधानिक घोषणा गर्नुपर्छ भन्ने मान्य सिद्धान्त हो ।

२२. संविधानसभाको निर्वाचन भइसकेको हुँदा धारा ६५ (क) को सन्दर्भमा प्रस्तुत रिट निवेदनमा लिइएको दावीलाई moot case भनी माथि विवेचना भइसकेको हुँदा यहाँ पुनरावृत्ति गरिरहनु परेन । निवेदकले चुनौती दिएको मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा ११ (१) र (२) को प्रावधानलाई अन्तरिम संविधानको धारा ८ (१), ६५ (क) र मतदाता नामावलीसम्बन्धी एने २०६३ को दफा ५ (१) (क) को सापेक्षतामा हेर्नपर्ने भएको छ ।

२३. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (१) (क) मा मतदाता हुनका लागि नेपाली नागरिक हुनुपर्ने भनी योग्यता तोकिएको छ । उक्त दफा ५ (१) (क) मा उल्लेख भएको "नेपाली नागरिक" भन्ने शब्दले "नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक" लाई जनाउँछ भनी माथि व्याख्या भइसकेको छ । दफा ५ (१) (क) को उक्त प्रावधानलाई अर्थात् मतदाता नामावलीमा नाम समावेश गर्न नेपाली नागरिकताको प्रमाणपत्र पाएको हुनुपर्दछ भन्ने सो दफाको अर्थलाई अन्यथा गर्ने , अनादर गर्ने वा नियन्त्रित वा सँकुचित गर्ने कुनै पनि कानूनी व्यवस्था संविधानको धारा ८ (१) र ६५ (क) को प्रतिकूल र असंवैधानिक हुन्छ । यस दृष्टिबाट हेर्दा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) र (२) मा परेका "जग्गाधनी प्रमाणपूर्जा", "सरकारी कार्यालय, स्थानिय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको पचियपत्र" र "गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश" जस्ता व्यवस्थाहरु ऐनमा राखी ती कागजातलाई पनि नागरिकताको प्रमाणपत्रको दर्जामा राख्ने भनेको विधायिकाले बढी अधिकार प्रयोग गरेको मान्नुपर्छ । उपदफा (१) मा "नागरिकताको प्रमाणपत्र" भन्ने शब्दावली स्पष्ट हुँदाहुँदै नागरिकताको प्रमाणपत्रलाई नै Substitute गर्ने गरी अन्य कागजात विधायिकाले थप्न सक्तैन । मतदाता नामावलीमा नाम दर्ता गर्नै नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी नागरिकताको प्रमाणपत्र केही गरी अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको Corroboration र Verify को लागि मात्र जग्गाधनी प्रमाणपूर्जा लगायत उपदफा (१) र (२) मा उल्लेख भएका अनय कागजपत्रहरु नाम दर्ता अधिकारीले माग गर्न सक्ने भन्ने बुझ्न पर्छ ।

२४. रिट निवेदनमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को व्यवस्थासमेत नेपालको अन्तरिम संविधानको विभिन्न धाराहरूसँग बाझिएको छ भन्ने निवेदकको जिकीर रहेको छ । उक्त दफा २५ का प्रावधान निम्नानुसार रहेको छः

दफा २५ : अदालतमा प्रश्न उठाउन नसकिनेः देहायका विषयमा कुनै पनि अदालतमा कुनै पनि प्रश्न उठाउन सकिने छैन :-

(क) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा,

(ख) नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेदबमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा ।

२५. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को उक्त प्रावधान नेपालको अन्तरिम संविधान २०६३ को धारा १२९ तथा १०७ (२) सँग बाझिएको हुँदा बदर घोषित गरिपाऊँ भनी निवेदक सुनिलरञ्जन सिँह वि. निर्वाचन अयोगसमेत भएको ०६७-WS-००१९ को रिट निवेदनमा प्रश्न उठाइएको थियो । सो रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट मिति २०६७/९/८ मा भएको आदेशमा निम्नानुसार व्याख्या भएको छ : "मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीका सम्बन्धमा कुनै पनि अदालतमा कनू पनि प्रश्न उठाउन पाइने छैन भनी उल्लेखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ द्वारा यस अदालतलाई प्राप्त असाधारण अधिकारको व्यवस्थासँग बाझिएको छ कि भन्ने सम्बन्धमा हेर्दा, नेपालको अन्तरिम संविधानको धारा १ ले संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई अंिकार गरेको पाइन्छ । धारा १ को उक्त व्यवस्था धारा १०७ को व्यवस्थासँग प्रत्यक्ष सम्बन्धित (Dependent) रहेको छ । धारा १०७ को व्यवस्थाको अभावमा धारा १ तथा धारा ३२ को व्यवस्था साकार (Materialize) हुन सक्दैन । तसर्थ संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण अधिकारको Pivotal Role रहेको छ । यस अदालतको उक्त असाधारण अधिकारलाई विधायिकाले बनाएको कुनै पनि कानूनले नियन्त्रण वा सीमित गर्न सक्दैन ।

२६. धारा १०७ (२) को प्रतिबन्धात्मक वाक्याँशमा अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक व्यवस्थापिका-संसदले चलाएको विशेषधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायँमा सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन भन्ने व्यवस्था गरी सो बाहेक अन्य सबै निकायबाट भएका सबै काम कारवाहीहरूको संवैधानिकताको परीक्षण यस अदालतबाट हुन सक्ने गरी खुल्ला राखिएको हुँदा मतदाता नामावलीका विषयमा निर्वाचन आयोगले गरेको कामकारवाही उपर कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन भनी मतदाता

नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा उल्लेख भएको व्यवस्थाले संविधानको धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारलाई उपेक्षा (Ignore) गर्ने, अनादर (Dishonor) गर्ने, निश्तेज तुल्याउने वा कुनै पनि रूपबाट सीमित वा नियन्त्रित गर्न सक्ने देखिँदैन ।

२७. मतदान गर्ने हक मौलिक हक होइन । मतदान गर्ने हक कानूनी हक अर्थात् Statutory right सम्म हो । त्यसैले मतदानको अधिकारलाई हाम्रो संविधानले मौलिक हकको रूपमा समावेश गरेको छैन । संविधानको धारा १०७ (२) अन्तर्गत यस अदालतलाई प्राप्त असाधारण क्षेत्राधिकार संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि मात्र नभई उपचारको अर्को वैकल्पिक व्यवस्था नभएको तथा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन रहेको कानूनी हकको प्रचलनका लागि समेत हो भन्ने कुरा उक्त धारामा स्पष्ट रूपमा उल्लेख भएको छ । मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को प्रावधान हेर्दा, निर्वाचन आयोगले तयार गर्ने मतदाता नामावलीसँग सम्बन्धित विषयलाई सामान्य अदालतद्वारा न्यायिक निरोपण (Judicial Scrutiny) हुन नसक्ने गरी सामान्य अदालतको क्षेत्राधिकारभन्दा बाहिर राख्ने विधायिकी मनसाय रहेको स्पष्ट देखिन्छ ।

२८. मतदानको हक कानूनी हक भएको र मतदाता नामावलीमा नाम समावेश नभइकन नागरिकहरूले सो हकको प्रयोग गर्न नसक्ने परिप्रेक्ष्यमा गैरकानूनी तबरबाट कुनै मतदाताको नाम मतदाता नामावलीमा समावेश नगरी निजलाई मतदानको हकबाट बञ्चित गरिएको खण्डमा उक्त ऐनको दफा २५ ले पीडित नागरिकलाई सामान्य कानूनी उपचारको मार्ग प्रशस्त नगरेको भए तापनि निजले उपचारविहीन अवस्थामा रहनुपर्ने देखिँदैन । कानूनले वैकल्पिक उपचारको व्यवस्था नगरेको उक्त कानूनी हकको प्रचलनका लागि संविधानको धारा १०७(२) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत उपचार प्राप्त गर्ने निजको हक सुरक्षित नै रहने भएको हुँदा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा २५ को प्रावधानले निर्वाचन आयोगलाई अनियन्त्रित अधिकार (Excessive Power) प्रदान गरेको र सो प्रावधान संविधानको धारा १०७(२) सँग बाझिएको भन्ने समेत देखिन आएन । "

२९. राष्ट्रिय विधायिकाको निर्वाचन होस् वा जनमत संग्रह वा स्थानीय निकायको निर्वाचन होस् जुनसुकै निर्वाचन पनि राष्ट्रिय अभियानकै रूपमा सम्पन्न हुने गर्दछ । प्राय : पाँच पाँच वर्षको अन्तरालमा गरिने यस्ता आमनिर्वाचनहरु लामो समयदेखिको व्यापक तयारी, राष्ट्रसेवकहरूको अथक परिश्रम, गृहकार्य र राष्ट्रिय धनको ठूलो लगानीमा सम्पन्न हुने गर्दछन् । यस्ता निर्वाचनहरु निर्वाचन आयोगद्वारा पूर्व निर्धारित समयमा सम्पन्न गर्नुपर्ने हुन्छ । तोकिएको समयमा निर्वाचन सम्पन्न नहुने हो भने राष्ट्रिय स्रोत साधन र धनको नोक्सानी त हुन्छ नै कतिपय जटिल संवैधानिक तथा कानूनी गतिरोधहरु उत्पन्न हुन सक्तछ । तसर्थ निर्वाचन आयोगद्वारा पूर्व निर्धारित मिति र समयम निर्वाचन सम्पन्न हुनु अत्यावश्यक हुन्छ । त्यसैले निर्वाचनको तयारी सञ्चालनसम्बन्धी कार्यक्रमहरु चरणवद्ध र व्यवस्थित रूपमा निर्वाचन आयोगबाट पहिले नै प्रकाशन गरी निर्धारित कार्यक्रमरू निर्धारित समयमै सम्पन्न गर्नुपर्ने हुन्छ । अन्यथा निर्वाचन तोकिएको समयमा सम्पन्न हुन सक्तैन ।

३०. निर्वाचनको लागि मतदाता नामावली संकलनदेखि निर्वाचन परिणमको घोषणसम्मका सबै चरणहरु उत्तिकै महत्वपूर्ण र संवेदनशील हुन्छन् । एउटा निश्चित समयावधिभित्र हरेक चरणका कार्यक्रमहरु सम्पन्न हुनु अनिवार्य हुन्छ । यस्ता प्रत्येक चरणमा नागरिक वा मतदाताहरूको सहभागिता बढीभन्दा बढी मात्रामा हुन सकोस् भन्ने अभिप्रायले त्यस्ता निर्वाचन कार्यक्रमहरूको व्यापक प्रचार प्रसार गरेर नागरिकहरूको सहभागितालाई अधिकाधिक बनाउने प्रयास पनि निर्वाचन आयोगले गर्दछ । त्यसका लागि नागरिकहरूलाई उचित समय पनि प्रदान गरिएको हुन्छ ।

३१. निर्वाचनको कार्यक्रम Tight हुने र तोकिएको मिति र समयमा निर्वाचन सम्पन्न हुनु अपरिहार्य हुने भएको हुँदा कुनै नागरिक पनि नछुटुन भनी निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण कामकारबाही र तयारी बहुत होशियारी र सावधानीका साथ गरेको हुन्छ । अत्यधीक सावधानी अपनाउँदा पनि यदि कुनै मतदाताको नाम भूलबस छुट्न गएछ नै भने पनि देशव्यापी रूपको मतदान कार्यक्रमलाई असर नपरोस् भनी अदालतको साधारण क्षेत्राधिकारबाट मात्र कानूनी उपचारको व्यवस्था नगरिएको हो । अन्तरिम संविधानको धारा १०७ (२) को असाधारण अधिकारक्षेत्र अन्तर्गतको उपचार भने उपलब्ध हुन्छ । यसबाट उपचारको मार्ग नै बन्द गरिएको भने होइन, असाधारण क्षेत्राधिकार अन्तर्गत उपचार पाउन सक्ने व्यवस्था सदा खुला रहन्छ । निर्वाचनसम्बन्धी कुनै कामकारवाहीहरूलाई साधारण क्षेत्राधिकार अन्तर्गत मात्र उपचारको व्यवस्था नगरिएको हो । त्यस्ता कामकारवाहीहरूलाई साधारण अधिकारक्षेत्र अन्तर्गत उपचार प्रदान गर्दा एक तह पुनरावेदनको अधिकार समेत प्रदान गर्नुपर्ने हुन्छ जसबाट न्यायिक उपचारको प्रक्रिया अझ ढिला हुने भई निर्वाचनको काममा बाधा पुग्न जान्छ । मतदान

गर्ने हक मौलिक हक नभई कानुनी हक भएको र सो कानूमी हकको प्रचलनको लागि साधारण अदालतको Jurisdiction को व्यवस्था नगरे पनि अन्तरिम संविधानको धारा १०७ (२) अन्तर्गत यस अदालतको असाधारण अधिकारक्षेत्रबाट उपचार पाउने कुरालाई खुल्लै राखिएको छ ।

३२. यसरी साधारण अधिकारक्षेत्रलाई बाहेक गरी असाधारण अधिकारक्षेत्रलाई खुला राख्नुको कारण के हो भने यस अदालतको असाधारण अधिकार भनेको छिटो र पूर्ण न्याय प्राप्त गर्ने एक सशक्त माध्यम हो । निर्वाचनका कार्यक्रमहरु अत्यन्त Tight हुने हुँदा यस्तोमा Prompt Remedy कै आवश्यकता पर्दछ । मतदाता नामावलीसम्बन्धी ऐन २०६३ को दफा २५ ले मतदाता नामावली तयार गरेको विषयमा साधारण अधिकारक्षेत्रबाट उपचारको व्यवस्था नगरी असाधारण अधिकारक्षेत्रको व्यवस्था गर्नुको अर्को पनि प्रयोजन रहेको छ । त्यो के हो भने निर्वाचनको कार्यक्रम निर्वाचन आयोगबाट पूर्व निर्धारित समयमा सम्पन्न गर्नुपर्ने हुनाले निर्वाचन सम्बन्धी उजूरीहरु विलम्ब नगरी किनारा गर्नुपर्छ त्यसैले साधारण अधिकारक्षेत्र अन्तर्गत उपचारको व्यवस्था नगरिएको हो ।

३३. प्रस्तुत निवेदनको सन्दर्भमा मतदाता नामावली सम्बन्धी ऐन २०६३ को दफा २५ ले मतदाता नामावली संकलन गर्दा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने विषय र अधिकारप्राप्त अधिकारीले मतदाता नामावली तयार गरेको वा मतदाता नामावली Update गरेको विषयलाई साधारण अधिकारक्षेत्रबाट मात्र उपचारको व्यवस्था नगरिएको देखिन्छ ।

३४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२९ (१) मा संविधान र अन्य कानूनको अधीनमा रही संविधानसभा, धारा १५७ बमोजिम हुने जनमत संग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । सो प्रयोजनका लागि मतदाताहको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ भन्ने उल्लखे भएको छ । सोअनुसार मतदाता नामावली संकलन गर्ने विषयमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ र मतदाता नामावलीसम्बन्धी नियमावली, २०६३ मा भएका कानूनी व्यवस्थाहरु हेर्दा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने प्रयोजनका लागि निर्वाचन आयोगले कार्यक्रम प्रकाशन गर्नुपर्ने, नाम दर्ता अधिकारी नियुक्त गर्ने, विवरण संकलनकर्ता खटाउने, विवरण संकलन सम्बन्धी कार्यक्रम टाँस गर्नुपर्ने, तत्काल कायम रहेको मतदाता नामावली समेत प्रकाशन गर्नुपर्ने, मतदाता हुन योग्यता भएको तर तत्काल कायम रहेको मतदाता नामावलीमा नाम समावेश नभएको व्यक्तिको नामसमेत संकलन गर्ने, मृत्यु भएका तथा बसाइँ सरी अन्यत्र गएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउन आवश्यक विवरण संकलन गर्ने, मतदाता नामावलीमा भएको त्रुटि सच्याउन विवरण संकलन गर्ने, संकलित विवरण अनुसार आवश्यक जाँचबुझ गरी मतदाता नामावली अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने, त्यस्तो प्रकाशित नामावलीमा नाम छुट हुन गएका मतदाता हुन योग्यता पुगेका व्यक्तिहरूले नाम समावेश गर्न दिएको दरखास्त समेत संकलन गरी संशोधित मतदाता नामावली प्रकाशन गर्नुपर्ने, मतदाता नामावलीमा समावेश भएको कुनै व्यक्तिको नाम समावेश हुन नहुने भनी परेका दावी विरोध संकलन गर्नुुपर्ने, दावी विरोध परेको विषयमा जाँचबुझ गरी निर्णय गर्नुपर्ने, मतदाता नामावलीमा दोहोरो नाम समावेश भएको विवरण संकलन गरी दोहोरो नाम हटाउनुपर्ने, दावी विरोध, जाँचबुझ र संशोधनको प्रक्रिया पूरा गरिसकेपछि नामदर्ता अधिकारीले अन्तिम मतदाता नामावली तयार गरी प्रकाशन गर्नुपर्ने जस्ता कार्यविधिगत प्रक्रियाका कुराहरु सिलसिलेवार रूपमा निर्धारण गरिएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाहरूको अध्ययन गरी हेर्दा, कुनै पनि बखत हुनसक्ने निर्वाचनलाई दृष्टिगत गरी मतदाता नामावलीलाई दुरूस्त बनाइराख्न आवश्यक कानूनी व्यवस्थाहरु निर्धारण गरी निर्वाचन आयोगलाई आफ्नो संवैधानिक दायित्व निर्वाह गर्नका लागि सक्षम एवं तत्पर बनाउने कानूनको उद्देश्य रहेको देखिन्छ ।

३५. माथि विवेचित संवैधानिक तथा कानूनी व्यवस्थाहरूको अध्ययन गर्दा निर्वाचन आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको देखिन्छ । संविधानको धारा १२९ अन्तर्गत रहेर आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग गर्ने सन्दर्भमा निर्वाचन आयोग अधिकारसम्पन्न र सक्षम रहेको देखिन्छ । मतदाता नामावली संकलन गर्ने सम्बन्धमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ ले गरेका उल्लिखित कानूनी व्यवस्थाहरु चरणबद्ध, सिलसिलेवार र पारदर्शीसमेत रहेको देखिन्छ । मतदाता नामावली संकलन गर्दा चित्त नबुझ्ने व्यक्तिले दावी विरोध गर्न पाउने, सो दावी विरोध गरेको कुरामा सम्बन्धित अधिकारीले कानूनबमोजिम निर्णय गर्नुपर्ने र सोहीअनुसार मतदाता नामावलीमा Update गरी अन्तिम नामावली प्रकाशन गर्नुुपर्ने जस्ता उक्त ऐन र नियमावलीका व्यवस्थाहरु हेर्दा मतदाता नामावली तयार गर्ने विषयमा निर्वाचन आयोगका कामकारवाहीहरु पारदर्शी रहेको देखिन्छ । यी कामहरूमा निर्वाचन आयोग कुनै उम्मेद्वारप्रति Bias भएमा वा निर्वाचन आयोगले आफूमा नभएको अधिकार प्रयोग गरेमा वा कानूनविपरीत कुनै काम गरेमा वा प्राकृतिक न्यायको सिद्धान्त विपरीत कुनै काम गरेमा

अन्तरिम संविधानको धारा ३२ बमोजिम सम्बन्धित व्यक्तिले धारा १०७ (२) द्वारा यस अदालतलाई प्राप्त असाधारण क्षेत्राधिकार अन्तर्गत निवेदन दिनसक्ने नै हुँदा उपचारको व्यवस्था नभएको भन्न मिलेन । तसर्थ मतदाता नामावलीसम्बन्धी एने, २०६३ को दफा २५ ले निर्वाचन आयोगलाई Excessive Right प्रदान गरेको र सो व्यवस्था अन्तरिम संविधानको धारा १२९ सँग बाझिएको छ भन्ने निवेदकको दावी पुग्न सक्ने देखिएन ।

३६. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको "नागरिकताको प्रमाणपत्र" बाहेकका अन्य व्यवस्था तथा उपदफा (२) र (३) को व्यवस्था र दफा २५ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १,२,८,९,१०,४६,६३,६५ र १२९ समेतसँग बाझिएको छ भन्ने निवेदकको दावी रहेको छ । निवेदकले उल्लेख गरेको संविधानको प्रस्तावना लगायत उक्त विभिन्न धाराहरु आ–आफ्नै बेग्ला वेग्लै उद्देश्य बोकेका धाराहरु हुन् । संविधानको प्रस्तावना वा उक्त धाराहरूको कुन चाँहि प्रावधानसँग मतदाता नामावली सम्बन्धी ऐनको ती व्यवस्थाहरु किन र कसरी बाझिएको हो भन्ने सम्बन्धमा निवेदकले सन्तोषजनक कारण देखाउन सकेको देखिँदैन । दावी नै लिए पनि संविधानसँग बाझेको भनेको ऐनको व्यवस्था किन र कसरी बाझेको हो, अदालतलाई प्रमाणित गरेर देखाउने कर्तव्य निवेदकको हुन्छ तर धारा ६५ (क) सँग बाहेक उल्लिखित धारा १,२,८,९,१०,४६,६३,६५ र १२९ सँग मतदाता नामावलीसम्बन्भी ऐन, २०६३ का उल्लिखित दफाहरु कसरी बाझिएको हुन् भन्ने सम्बन्धमा रिट निवेदनमा र सुनुवाईमा समेत निवेदकले Justify गर्न नसकेकोले त्यसतर्फ विचारै गर्न परेन । यस विषयमा निवेदक सुनिलरञ्जन सिँह वि. निर्वाचन आयोगसमेत भएको रिट नं. ०६७(WS) ००१९ को रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट निवेदकले स्पष्ट किटान गरी दावी नलिएको अवस्थामा अनुमानित (Hypothetical) आधारमा यस अदालतले आफ्नो असाधारण अधिकारको प्रयोग गरी विधायिकाले बनाएको कानूनको न्यायिक पुनरावलोकन गर्न उपयुक्त हुँदैन भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । अझ निवेदकले उल्लेख गरेको नेपालको अन्तरिम संविधान २०६३ को धारा ४६ त प्रस्तुत रिट निवेदन यस अदालतमा मिति २०६७/८/६ मा दर्ता हुनु अगाडि नै अर्थात् मिति २०६५/३/२९ मा अन्तरिम संविधान, २०६३ मा भएको पाचौं संशोधनद्वारा नै खारेज भइसकेको देखिन्छ । तसर्थ संविधानको उल्लिखित धाराहरूसंग मतदाता नामावली सम्बन्धी ऐनको ती व्यवस्थाहरु किन र कसरी बाझिएको हो भन्न नसकी संविधानको प्रस्तावना तथा विभिन्न धाराहरु उल्लेख मात्र गरी गोश्वारा रूपमा लिएको दावी तथा खारेज भइसकेको संविधानको धारासँग समेत उक्त ऐनको प्रावधान बाझिएको भनी लिएको दावीका आधारमा ऐनको संवैधानिकताको परीक्षण गर्न नमिल्ने भएकोले त्यसतर्फ विचारै गरिरहन परेन ।

३७. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा, निवेदकको अर्को माग मतदाता नामावली संकलनसम्बन्धी विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ को निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १,२,८,९,१०,४६,६३,६५ र १२९ तथा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ (१) (क) मा उल्लिखित प्रावधान समेतको प्रतिकूल रहेको हुँदा विपक्षी आयोगको उक्त निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रहेको छ । रिट निवेदकको प्रस्तुत माग माथि प्रश्न नं १ मा उल्लिखित मागको परिपूरकको रूपमा रहेको देखिएको र सोसम्बन्धमा माथि प्रश्न नं १ को सन्दर्भमा नै विवेचना भइसकेको हुँदा यहाँ सबिस्तार विवेचना गरिरहन परेन ।

माथि प्रश्न नं. १ को सन्दर्भमा विश्लेषण गर्दा, निवेदकले अमान्य र बदर घोषित गर्न माग गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उक्त व्यवस्थाहरु सो ऐनको दफा ५ (१) को दण्ड (क) र अन्तरिम संविधानको धारा ६५ को खण्ड (क) को प्रतिकूल हुने गरी स्वतन्त्र रूपले प्रयोग हुन सक्तैन, जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय वा अन्यत्रबाट जारी भएको प्रमाणपत्रले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा (५) (१) (क) र दफा ११ (१) मा भएको नागरिकताको प्रमाणपत्रलाई Substitute गर्न सक्तैन, मतदाता नामावली संकलन गर्दा सो ऐनको दफा (५)(१) (क) र दफा ११ (१) मा भएको नागरिकताको प्रमाणपत्र शंकाजनक वा द्विविधाजनक भएमा नागरिकताको प्रमाणपत्रको Corroboration र Verify को लागि मात्र जग्गाधनी प्रमाणपत्र वा अन्य परिचयपत्र सहायकसिद्ध हुनसक्छ भनी व्याख्या भइसकेको छ । उक्त व्याख्याबाट मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ मा उल्लेख भएको नागरिकताको प्रमाणपत्र बाहेक अन्य प्रमाण कागजहरूको प्रयोग सो ऐनको दफा (५) (१) (क) मा भएको व्यवस्थाको विपरीत हुने गरी हुन नसक्ने भनी सिद्धान्त प्रतिपादन भएको हुँदा विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ को उक्त निर्णय समेत नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ (१) र मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा (५) (१) (क) को प्रतिकूल रहेको छ भन्ने देखिन आएन । अतः विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६

को उक्त निर्णय बदर गरिरहन पर्ने देखिएन ।

३८. अब प्रश्न नं ३ को सम्बन्धमा विचार गर्दा, माथि प्रश्न नं १ र २ मा विवेचना हुँदा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको "नागरिकताको प्रमाणपत्र" बाहेकका अन्य व्यवस्थाहरु र उपदफा (२) र (३) को सम्पूर्ण प्रावधान तथा दफा २५ को व्यवस्था समेत नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना, धारा १,२, ८,९,१०,४६,६३,६५ र १२९ सँग बाझिएको हुँदा अन्तरिम संविधानको धारा १०७ (१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाउँ र विपक्षी निर्वाचन आयोगको मिति २०६७/७/१६ को उक्त निर्णय समेत संविधानको उल्लिखित प्रावधानहरु र मतदाता नामावली सम्बन्धी ऐन २०६३ को दफा ५ (१) (क) समेतको विपरीत भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने माग दावी पुग्न नसक्ने गरी व्याख्या भइसकेको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी गर्न परेन । तर नागरिकता र मतदान गर्ने नागरिकको हकसँग सम्बन्धित राष्ट्रिय महत्वको विषयबस्तु समावेश भएको हुँदा विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका नाममा देहाय बमोजिम निर्देशात्मक आदेश जारी गरिएको छ :

(क) सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ बमोजिम संलग्न भएका विभिन्न निवेदनहरु मध्ये Pro- Publlic को निवेदन बाहेक अन्य Intervener का हकमा माथ व्यक्त भएको निर्णयबाट नै माग Address भएको छ । तर Pro-public ले उठाएको एकल महिलाले नागरिकताको प्रमाणपत्र नपाएको कारणबाट मतदाता नामावलीमा नाम समावेश गर्नबाट बञ्चित हुन हुँदैन भन्ने माग जायज देखिन्छ । यो महत्वपूर्ण प्रश्न हो । प्रजातन्त्रमा कानूनमा तोकिएको उमेर पूरा भएका सबै नेपाली नागरिकहरूले चुनावमा उम्मेद्वार बन्न र मत खसाल्न पाउनुपर्छ । यदि मतदान गर्न योग्य एक मात्र नागरिक मत खसाल्ने अधिकारबाट बञ्चित हुन्छ भने त्यस्तो व्यवस्थालाई सबै नागरिकहरूको सहभागिता भएको प्रतिनिधिमूलक प्रजातन्त्र मान्न सकिँदैन । त्यसैले कुनै नेपाली नागरिक एकल महिला भएकै कारण मतदान गर्न र चुनावमा उम्मेद्वार बन्ने हकबाट बञ्चित हुन हुँदैन । संविधानले महिला, पुरुष र तेस्रो लिङ्गीलाई लिङ्गको आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरेको र नेपाल CEDAW मा पक्ष भएको कारण एकल महिला लगायत तेस्रो लि□ीले समेत आफ्नो इच्छाअनुसार नेपाली नागरिकताको प्रमाणपत्र पाउनुपर्ने हुँदा यसतर्फ आवश्यक व्यवस्था गर्नु,

(ख) नेपाल पक्ष भएको महासन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था नेपाल सन्धि ऐन, २०४७ मा रहेको छ यो व्यवस्था हुनु पनि पर्दछ । किनभने कानूनको शासन हुने देशमा त्यस्तो देशले अन्तर्राष्ट्रिय कानूनप्रतिको र मानव अधिकारप्रतिको आफ्नो प्रतिवद्धताबाट विचलित हुनु हुँदैन । नेपाल २० भन्दा बढी मानव अधिकार सम्बन्धी महासन्धिमा पक्ष भएको कारण गत २० वर्षदेखि यस अदालतले नेपाल सन्धि ऐन, २०४७ को दफा ९ लाई टेकेर मानव अधिकारसम्बन्धी महासन्धिहरूको व्यवस्था लागू गर्दैआएको छ । नेपाल सन्धि ऐन २०४७ को व्स्था र उद्देश्य नै यही हो तर कुनै कुनै महासन्धिका व्यवस्थाहरु नेपाल कानूनसँग मेल नखाने पनि छन् । उदाहरणको लागि Convention on the Rights of the Child (CRC) को नाबालकको परिभाषा र नेपाल कानूनको नावालकको परिभाषाको उमेर फरक फरक देखिन्छ । हाम्रो संविधानको धारा १ ले Constitutional Supremacy भनेको र हाम्रो संसद कानून निर्माण गर्ने काममा Sovereign भएको हुँदा नेपाल पक्ष भएको महासन्धिको व्यवस्था Enabling Legislation मार्फत् लागू गर्दा संविधानको धारा १ को व्यवस्थाको मर्म र भावना अनुकूल हुन जाने हुनाले यसतर्फ समेत आवश्यक कानूनी व्यवस्था मिलाउनु र

(ग) मतदाता नामावली संकलन गर्दा कोही पनि योग्य नागरिक नछुटुन् भन्ने उद्देश्ये प्रचलित नेपाल कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिने सरल सुलभ र प्रभावकारी व्यवस्था मिलाई मतदाता नामावली संकलन गर्ने व्यवस्था मिलाउनु ।

प्रस्तुत आदेशको जानकारी महा-न्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षीहरूलाई दिई मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छौं ।

न्या. भरतराज उप्रेती

न्या. प्रा.डा. भरतबहादुर कार्की

इति संवत् २०६७ माघ २४ गते रोज २ शुभम् ।

# १

## सीतादेवी अधिकारीसमेत
## विरूद्ध
## नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७० साल असार २६ गते

**सर्वोच्च अदालत, सयंक्तु इजलास**
**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**
**माननीय न्यायाधीश श्री ज्ञानेन्द्र बहादुर कार्की**
**आदेश**
**०६७-WO-१२४९**

**विषय : परमादेश ।**

जिल्ला चितवन, भण्डारा गा.वि.स.वडा नं. १ बस्ने सीतादेवी अधिकारी.....१
ऐ.ऐ बस्ने राजु शैयद महम्मद .....१
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ११ थापाथलीस्थित महिला, कानून र विकास मञ्चको तर्फबाट अधिकारप्राप्त र आफ्नै तर्फबाट समेत ऐ.ऐ.बस्ने अधिवक्ता मीरा ढुंगाना .....१
ऐ.ऐ.का तर्फबाट अधिकारप्राप्त र आफ्नै तर्फबाट समेत अधिवक्ता सुषमा गौतम .....१ रिट निवेदक
ऐ.ऐ.का तर्फबाट अधिकारप्राप्त र आफ्नै तर्फबाट समेत अधिवक्ता सीमा धामी .....१
ऐ.ऐ.का तर्फबाट अधिकारप्राप्त र आफ्नै तर्फबाट समेत अधिवक्ता मुना उपाध्याय .....१
ऐ.ऐ.का तर्फबाट अधिकारप्राप्त र आफ्नै तर्फबाट समेत अधिवक्ता लोकहरि बस्याल .....१

**विरूद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं .....१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं .....१
नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, सिंहदरबार, काठमाडौं .....१
जिल्ला प्रशासन कार्यालय, चितवन .....१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

**विपक्षी**

**१. रिट निवेदकहरूको रिट निवेदन बेहोरा :**

निवेदक संस्था महिलावर्गको हकहित रक्षाका साथै समग्ररूपमा मानव अधिकारको रक्षा गर्ने उद्देश्यले स्थापीत संस्था हो । हामीहरु महिला अधिकार एवं मानव अधिकारका लागि अनवरत रूपले आवाज उठाउँदै आइरहेका कानून व्यवसायीहरूसमेत हौं । नेपाली नागरिक समेतको हैसियतले प्रस्तुत विषयमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ बमोजिम संवैधानिक उपचारको हक प्राप्त गर्ने हकदैया हामीलाई प्राप्त छ । निवेदक मध्येकी म सीतादेवी अधिकारीको विवह २०२० सालमा भारत सिलाङ्गमा बस्ने भारतीय नागरिक फूल मोहम्दसँग भई केहि समय लोग्नेसँग सिलाङ्गमा बसी २०२४ साल देखि म चितवन जिल्लाको भण्डारा गा.वि.स.मा आई बसोबास गरिरहेको अवस्थामा मिति २०२५।३।२ गते मेरो जेठो छोरा राजु महम्मद (शैयद) को जायजन्म भएको हो । २०२८ सालदेखि हामी लोग्ने स्वास्नी समेत सपरिवार चितवन जिल्ला भण्डारा गा.वि.स.वडा नं. १ मा आई निरन्तर रूपमा बसोबास गरिरहेकासमेत छौ ।

यस्तै क्रममा मिति २०४५।२।५ मा मेरो पतिको मृत्यु भयो ।

नेपाली नागरिकता प्राप्त नेपाली नागरिकको विदेशी पुरूषसँगको बैवाहिक सम्बन्ध पछि जन्मेका सन्तानहरूलाई वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(७), नागरिकता ऐन, २०६३ को दफा ५(२)(३) र नागरिकता नियमावली, २०६३ को नियम ७(१)(३) बमोजिम अंगीकृत नेपाली नागरिकता प्राप्त गर्ने अधिकार भएकोमा नेपाल सरकार, गृह मन्त्रालयले कुनै पनि लिखित सूचना नै नदिई उक्त नागरिकता प्रदान गर्ने प्रकृया स्थगित गरेका कारण आफ्ना सन्तानहरूलाई नेपालको नागरिकता दिलाउने हकबाट म निवेदक सीतादेवी बञ्चित भएकी छु । निवेदक मध्येको म राजु शैयद महम्मदको मिति २०२५।३।२ गते चितवन जिल्ला भण्डारा गा.वि.स.वडा नं ५ पडरियामा जन्म भई हालसम्म अविच्छिन्न रूपले सोही स्थानमा बसोबास गरी शिक्षा दिक्षा प्राप्त गर्नाको साथै मतदानको अधिकार समेत निर्वाध रूपमा प्रयोग गर्दै आईरहेको छु । मिति २०६४।११।६ मा जिल्ला प्रशासन कार्यालय, चितवनबाट सम्पूर्ण कानूनी प्रक्रिया पुरा गरी नेपाली नागरिक आमा र विदेशी बाबुको सन्तानको रूपमा नेपालको अङ्गीकृत नागरिकता पाउनको लागि मैले दिएको निवेदन मिति २०६४।११।२९ मा गृह मन्त्रालयमा निर्णयको लागि प्रस्तुत गरिएको हो । मैले नेपाली नागरिकता पाउने वा नपाउने सम्बन्धमा लामो समयसम्म पनि गृह मन्त्रालयले कुनै निर्णय नगरेकोले वर्तमान संविधानले प्रदान गरेको संवैधानिक र नागरिकता ऐनले प्रदान गरेको कानूनी हक माथि अनूचित रूपबाट बन्देज लाग्न गएको छ । यस्तो बन्देजले म निवेदक समेतको रोजगारीको हकका साथै सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने, बेचविखन गर्ने हक लगायतका व्यक्तिगत पहिचानको हक तथा अन्य मानव अधिकारका आधारभूत हक अधिकार समेतबाट म बञ्चित हुनु पुगेको छु ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (७) मा "अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी रूपमा बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ" भन्ने संवैधानिक व्यवस्था रहेको छ । त्यस्तै धारा १३ ले नेपाली नागरिकहरूलाई समानता सम्बन्धी हकहरु प्रदान गरेको छ । सहजरूपमा नागरिकता पाउन पर्नेमा म उपर असमान ब्यबहार भएको छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२)(३) ले समेत उक्त संवैधानिक व्यवस्थालाई निरन्तरता दिएको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार नेपाली आमा र विदेशी बाबुबाट जन्मेको कुनै व्यक्तिले अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ तर अर्कोतर्फ नेपाली बाबु र विदेशी आमाको वैवाहिक सम्बन्धबाट जन्मेको सन्तान भने बंशजको आधारमा नेपाली नागरिक हुने व्यवस्था गरी महिलाको वैवाहिक स्थितीलाई आधार बनाई आफ्ना सन्तानलाई वंशजको आधारमा नागरिकता दिलाउन सक्ने समानताको अधिकारबाट महिलालाई सुनियोजित ढंगबाट बञ्चित गरिएको त छदै छ, यसैमा पनि वर्तमान संवैधानिक तथा कानूनी व्यवस्था अनुरूप नै अंगीकृत नागरिकताको लागि दिएको निवेदन उपर कुनै पनि सूचना नै नदिई, कुनै निर्णय नै नगरी यथास्थितीमा राख्ने विपक्षीको कार्यले हामी निवेदकहरु अनिर्णयको बन्दि हुन पुगेका छौं । मिति २०६७।७।२५ गतेसम्मको तथ्याङ्कमा म राजु महम्मद जस्तै अन्य १३४ जना निवेदकहरूले पनि अङ्गीकृत नागरिकता लिनको लागि निवेदन दिएकोमा हालसम्म नेपाल सरकारले कुनै पनि निर्णय नगर्नुले उक्त तथ्यलाई पुष्टि गरेको छ । नेपालपक्ष भई नेपालले अनुमोदन गरेका सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको पाईन्छ । यसै सन्दर्भमा देहायका व्यवस्थाहरु विशेष महत्वका देखिन्छन् :

(क) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ भन्दै कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ ।

(ख) नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि राष्ट्रियताको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । साथै उक्त प्रतिज्ञापत्रको धारा १६ ले प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानूनको अगाडी व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ भन्दै सो प्रतिज्ञापत्रको धारा २६ ले असमानता विरूद्ध प्रभावकारी संरक्षणको प्रत्याभूति दिने कुरा उल्लेख गरेको छ ।

(ग) महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि,१९७९ को धारा ९ को उपधारा (१) ले

महिलालाई पुरुष सरह विवाह वा कुनै पनि कारणले आफ्नो मौलिक राष्ट्रियता प्राप्त गर्ने अधिकारको सुनिश्चितता प्रदान गरेको छ । नागरिकता प्राप्ती वा समाप्तीको लागि महिलाको वैवाहिक स्थितीलाई आधार बनाई विभेद गर्न नमिल्ने कुरालाई यो महासन्धिले आत्मसात गरेको छ । महिला विरूद्ध भेदभाव उन्मूलन समितिले महिला विरूद्ध हुने सम्पूर्ण भेदभावहरु उन्मूलन सम्बन्धी महासन्धिको लागि नेपालको दोस्रो र तेस्रो आवधिक प्रतिवेदनको निष्कर्षमा समेत महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी उक्त महासन्धीको धारा ९ र महिलाले आफ्नो विदेशी पति तथा बच्चाहरूलाई नागरिकता प्रदान गर्न पाउने सम्बन्धमा गरेको संवैधानिक व्यवस्था बाभिएको कुरा उल्लेख गर्दै नागरिकताको सम्बन्धमा हुने महिला विरूद्ध हुने भेदभावलाई अन्त्य गर्नका लागि संविधान खारेज गर्नु वा संशोधन गर्नु भनी पक्ष राष्ट्रहरूलाई अनुरोधसमेत गरेको थियो ।

(घ) बालअधिकार सम्बन्धी महासन्धि, १९७९ को धारा ७ ले बालबालिकालाई जन्मनासाथ दर्ता गरिने र जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउने कुराको सुनिश्चितता प्रदान गरेको छ ।

नेपालले कुनै आरक्षण बिना नै अनुमोदित उल्लिखित अन्तर्राष्ट्रिय सन्धि सम्भौता समेतले राष्ट्रियता र नागरिकता सम्बन्धी विषयमा राज्यले आफ्ना नागरिकहरूसँग व्यवहार गर्दा लिङ्ग, वर्ण, धर्म, जाति आदि लगायतका विषयगत कुरामा वर्गिकरण गरी फरक व्यवहार एवं भेदभाव गर्न नहुने कुरा उल्लेख गरेको छ । हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका साथै उल्लिखित अन्तर्राष्ट्रिय सन्धि सम्भौताले नेपालमा जन्मी नेपालमै स्थाई बसोबास गरेको व्यक्तिले नागरिकताबाट बञ्चित हुन पर्ने अवस्थाको परिकल्पना गरेकै छैन । तर गृह मन्त्रालयबाट मलाई नागरिकता दिन विलम्ब गर्ने कार्यबाट म जस्तै अन्य व्यक्तिको समेत नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरी राज्यविहिन बनाउने अन्यायपूर्ण कार्य गरेको छ । यस्ता दस्तावेजहरु पक्षराष्ट्रका लागि कानूनी रूपमा बाध्यात्मक छन् । सन्धीको कानून सम्बन्धी भियना महासन्धीको (Vienna Convention on the Law of Treaties) धारा २६ र २७ अनुसार पक्षराष्ट्रले सन्धीको पालना इमान्दारिताका साथ गर्नुपर्ने र आफ्नो राष्ट्रिय कानूनको कारणले सन्धीको पालना गर्न नसकिएको भन्ने दावी लिन नमिल्ने भनी व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय न्यायालय (International Court of Justice) ले सल्लाहकारी क्षेत्राधिकार अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून बाँभिएमा अन्तर्राष्ट्रिय कानुनले मान्यता पाउने राय व्यक्त गरेको छ ।

नागरिकताका सम्बन्धमा उल्लिखित नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय मानव अधिकारका सम्पूर्ण दस्तावेजहरूले प्रत्याभूत गरेको अधिकारहरूको संरक्षण तथा सम्वर्द्धन गर्नु नेपाल सरकारको दायित्व हुन जान्छ । अङ्गीकृत नागरिकता दिने वा नदिने राज्यको स्वविवेकको विषय हुने हो भने नेपाली आमा र तिनका सन्तानमा यसको नकारात्मक प्रभाव परी त्यस्ता आमाका सन्तानहरु पहिचान विहिन र राज्यविहिन अवस्थामा पुग्न सक्छन् । नागरिकताबाट बञ्चित हुनुपर्दा व्यक्तिगत पहिचान, रोजगारी, उच्च शिक्षा प्राप्त गर्न, आय आर्जन तथा सम्पत्ति आर्जन र हस्तान्तरण गर्न कठिनाई हुनाको साथै आधारभूत कुनै पनि कार्य गर्न कठिनाई हुने अवस्था एकातिर छ भने म निवेदक सीतादेवी अधिकारी जस्ता विदेशी पुरूषसँग विवाह भएका नेपाली नागरिक महिलाले आफ्ना सन्तानहरूलाई नेपालको अन्तरिम संविधान तथा नेपालको नागरिकता ऐन, २०६३ बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने र सन्तानले प्राप्त गर्न सक्ने आधार भएका म निवेदक मध्येको राजु शैयद महम्मद जस्ता व्यक्तिहरूले दिएको निवेदन उपर कुनै निर्णय नै नगरेको कारणले व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने हकबाट नै बन्चित भै रहेको र अन्य भेदभावको शिकार भैरहेको हुनाले राज्यविहिनताको स्थितिमा जीवन यावन गरिरहनु परेको छ । तसर्थ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(७) नागरिकता ऐन, २०६३ को दफा ५(२)(३) मा व्यवस्थित व्यवस्थाहरूको आधारमा जारी गरिने अङ्गीकृत नागरिकता व्यवहारमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ । साथै हामी निवेदक मध्ये म राजु शैयद महम्मदले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(७), नेपाल नागरिकता ऐन, २०६३ दफा ५(२)(३) र नागरिकता नियमावली, ७(१)(३) बमोजिम मिति २०६४।११।२९ गते निर्णयको लागि प्रस्तुत भएको "अङ्गीकृत नागरिकता पाऊँ" भनि दिएको निवेदनका साथै मैले जस्तै अङ्गीकृत नागरिकता माग गर्ने अन्य सम्पूर्ण निवेदकको निवेदन उपर अंङ्गीकृत नागरिकता दिनु भन्ने निर्णय यथाशिघ्र गर्नु गराउनु भनी गृह मन्त्रालयको नाममा

परमादेशको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन दावी रहेछ ।

२. **यस अदालतबाट मिति २०६८।३।२९।४ मा जारि भएको प्रारम्भिक आदेशः**

महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पठाउनु भनि विपक्षीहरूका नाउँमा सूचना पठाउनु साथै प्रस्तुत मुद्दामा अंङ्गीकृत नागरिकता सम्बन्धी विषयवस्तु समावेश भई छिटो निर्णय हुनु पर्ने प्रकृतिको देखिंदा अग्राधिकार दिई पेश गर्नु ।

३. **विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट प्रस्तुत भएको लिखितजवाफ बेहोराः**

विपक्षी निवेदकले दावी लिएको विषयमा यस कार्यालयको कुनै संलग्नता छैन । यस कार्यालयलाई विपक्षी कायम गर्नु पर्ने कुनै आधार र कारण नहुदा यस कार्यालयका नाममा मागबमोजिमको आदेश जारी गर्न मिल्दैन । विपक्षी निवेदिकाको दावीको सम्बन्धमा हेर्दा निवेदिका आफु नेपाली नागरिक भएतापनि निजले विदेशीसँग विवाह गरे पश्चात निजबाट जन्मेका सन्तानले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (७) बमोजिम नेपालको नागरिकता प्राप्त गर्नका लागि मूलतः तीनवटा शर्तहरु पुरा गरेको हुनु पर्ने देखिन्छ । प्रथम सो व्यक्तिको नेपालमा नै जन्म भएको हुनुपर्ने, दोस्रो जन्म भएदेखि निरन्तर रूपमा नेपालमा बसोबास गरेको हुनुपर्ने र तेस्रो निजले आफ्नो बाबुको नागरिकताका आधारमा बाबुको मुलुकबाट नागरिकता नलिएको कुराको विश्वासयोग्य आधार प्रमाणित गर्नुपर्ने । विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मेका सन्तानले सो शर्त पुरा गरी कानूनले तोकेको प्रकृया र कार्यविधिको अवलम्बन गरी नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न आएमा अख्तियार प्राप्त निकाय वा पदाधिकारीबाट कानूनको प्रकृया र कार्यविधि पुरा गरी नेपाली नागरिकता प्रदान गर्नुपर्ने नै हुन्छ । विपक्षीले सो बमोजिमको शर्त, प्रकृया र कार्यविधि पुरा गरेको तर अख्तियार प्राप्त निकाय वा पदाधिकारीबाट नागरिताको प्रमाण पत्र दिन ईन्कार गरेको वा नदिएको भनी दावी लिन सक्नु भएको छैन । यस अवस्थामा निजको माग बमोजिम नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेश जारी हुन सक्दैन । अतः उपरोक्त आधार र कारण समेतबाट यस कार्यालयका नाममा माग बमोजिमको आदेश जारी हुन नसक्ने भएकोले रिट निवेदन खारेज गरिपाऊँ ।

४. **कानून तथा न्याय मन्त्रालयको तर्फबाट प्रस्तुत भएको लिखितजवाफ बेहोरा :**

विपक्षीको निवेदन जिकीरमा नेपालको संविधान र कानुनबमोजिम अंङ्गीकृत नागरिकता दिनु भन्ने निर्णय यथाशिघ्र गर्नु गराउनु भन्ने रहेको देखिन्छ । नेपाल सरकार कार्य विभाजन नियमावली, २०६४बमोजिम नागरिकता सम्बन्धी विषय यस मन्त्रालयको कार्यक्षेत्र भित्रको नभएकोले यस मन्त्रालयलाई बिना आधार र कारण विपक्षी बनाई दायर गरिएको रिट निवेदन निरर्थक भएकोले खारेज गरिपाऊँ ।

५. **जिल्ला प्रशासन कार्यालय, भरतपुर, चितवनको तर्फबाट प्रस्तुत भएको लिखितजवाफ बेहोराः**

निवेदक सितादेवी अधिकारीले भारतीय नागरिकबाट जन्म भएको छोरा राजु शैयद महम्मदको लागि अंङ्गीकृत नागरिकता प्रमाणपत्र पाऊँ भनी दरखास्त पेश गरेकीमा सो नागरिकता प्रमाणपत्र दिने अधिकार गृह मन्त्रालयमा रहेको हुँदा निजको निवेदन सहित कागजात भएको पंजिकाबमोजिमको फाइल यस कार्यालयको मिति २०६४।११।२९ को पत्रद्वारा आवश्यक निर्णयार्थ गृह मन्त्रालयमा पठाइएको र गृह मन्त्रालयबाट भएको कारवाही सम्बन्धमा यस कार्यालयमा कुनै जानकारी प्राप्त भएको नदेखिएको र निवेदकले समेत त्यस बारेमा यस कार्यालयलाई कुनै जानकारी गराएको नदेखिएको हुँदा यस कार्यालय विरूद्धको रिट निवेदन खारेज भागि छ । खारेज गरि पाऊँन सादर अनुरोध छ ।

६. **गृह मन्त्रालयको तर्फबाट प्रस्तुत लिखितजवाफको बेहोरा :**

नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा(२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ तथा उपदफा (३) मा उपदफा (२) बमोजिम अंङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस, बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा कागजात संलग्न गरी तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था रहेको छ । तथा नेपाल नागरिकता नियमावली,

२०६३ को नियम ७ मा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अन्य कार्यविधिको व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाबमोजिम निवेदकले पेश गरेको कागजात छानवीनको क्रममा रहेकोले छानवीन पश्चात मात्र निवेदकलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने वा नगर्ने आवश्यक निर्णय हुने नै हुँदा रिट जस्तो संवेदनशिल क्षेत्रमा प्रवेश गरी रहनु पर्ने होइन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरिपाऊँ ।

७. **निवेदक एवम् विपक्षी तर्फका कानुन व्यवसायीको बहस जिकिरः**

नियम बमोजिम मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु मीरा ढुंगाना र सुष्मा गौतमले नेपाली नागरिक महिला र विदेशी नागरिक पुरूषसँगको वैवाहिक सम्बन्धबाट नेपालमै जन्म भई नेपालमै स्थायी बसोबास गरिरहेको सन्तानले बाबुको नागरिकताको आधारमा विदेशबाट नागारिकता लिएको छैन भने नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नेपालको अङ्गीकृत नेपाली नागरिकता पाउन सक्नेमा कुनै विवाद छैन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (२) र (३) ले समेत उक्त व्यवस्थालाई निरन्तरता दिएको छ । निवेदक राजु शैयद महम्मदले अङ्गीकृत नागरिकता पाऊँ भनी जिल्ला प्रशासन कार्यालय, चितवनमा मिति २०६४/११/०६ मा निवेदन दिनुभएको र जिल्ला प्रशासन कार्यालय, चितवनले उक्त निवेदन सहितको फायल निर्णयको लागि मिति २०६४/११/२९ मा गृह मन्त्रालयमा पठाएकोमा गृह मन्त्रालयबाट हालसम्म कुनै निर्णय भएको छैन । विपक्षी मन्त्रालयले कुनै निर्णय नगरिदिदा संविधान र कानूनबमोजिम अङ्गीकृत नागरिकता पाउने हकबाट निवेदक बञ्चित हुन पुगेको अवस्था छ । नेपाली नागरिकको सन्तानलाई संविधान र कानूनले प्रदान गरेको नागरिकताको हकको उपभोग गर्न दिनबाट नेपाल सरकार पन्छिन सक्दैन । नागरिकता पाउनको लागि आवश्यक प्रमाण सहित निवेदन दिएको वर्षौंसम्म पनि कुनै निर्णय नगरेर गृह मन्त्रालयले निवेदक उपर र अङ्गीकृत नागरिकताको लागि निवेदन दिएका निवेदक जस्तै अन्य व्यक्तिहरु माथि ठूलो अन्याय गरेको छ । जसको कारण निवेदक लगायतका व्यक्तिहरूले नागरिकताविहीन भई राज्यबाट उपभोग गर्न पाउने सेवा सुविधाहरूको उपभोग गर्नको लागि धेरै समस्या भोग्नु परेको छ । निवेदक उपर नेपाल सरकारले देखाएको यस्तो व्यवहार अन्यायपूर्ण हुनाको साथै असंवैधानिक र कानून विपरीत समेत छ ।

तसर्थ, नेपालको अन्तरिम संविधान र कानुनद्वारा प्रदान गरिने अङ्गीकृत नागरिकता सम्बन्धी प्रावधानहरु व्यवहारमा कार्यान्वयन गर्नु गराउनु र निवेदक लगायतका व्यक्तिहरूलाई यथाशीघ्र अङ्गीकृत नागरिकता दिनु दिलाउनु भनी विपक्षी नेपाल सरकारका नाउँमा परमादेश जारी गरिपाऊँ भन्ने जिकीर लिँदै बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री योगराज बरालले निवेदकलाई अङ्गीकृत नागरिकता नदिने भनि निर्णय हुन ढिला भएको अवस्था होईन । निवेदकले दिएको निवेदनमा छानवीनको कार्य सम्पन्न नभएको कारण निर्णयमा विलम्व भएको मात्र हो । छानवीन पश्चात निवेदक अङ्गीकृत नागरिकता पाउन योग्य देखिए निजलाई नागरिकता प्रदान गर्न नेपाल सरकार तयार नै हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेतको बहस जिकीर प्रस्तुत गर्नुभयो ।

८. **यस अदालतको आदेश :**

उल्लिखित बहस जिकीरहरूलाई मनन गर्दै मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन गरी देहायका प्रश्नहरूको सम्बन्धमा न्याय निरोपण गर्नु पर्ने देखियो ।

(१) रिट निवेदक मध्येको राजु शैयद महम्मदलाई अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न मिल्ने नमिल्ने सम्बन्धमा निर्णय गर्न नेपाल सरकार, गृह मन्त्रालयबाट अनुचित विलम्व गरिएको अवस्था छ वा छैन ?

(२) रिट निवेदक मध्येको राजु शैयद महम्मद बाहकेका रिट निवेदनमा दावी लिईएका अन्य व्यक्तिहरूको हकमा समेत प्रस्तुत रिट निवेदनमा कुनै आदेश जारी गर्न मिल्ने हो वा होइन ?

(३) निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता छ वा छैन ?

सर्वप्रथम निर्णयको लागि निर्धारित पहिलो प्रश्नको सम्बन्धमा विचार गरौं । यसमा निवेदक मध्येको राजु शैयद महम्मद नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न योग्य व्यक्ति भएको साथै संविधान र कानूनमा भएको अङ्गीकृत नागरिकता प्रदान गरिने व्यवस्थाको व्यवहारिक कार्यान्वयन हुन नसकेको कारणले गर्दा निवेदक लगायतका अन्य व्यक्तिहरु अङ्गीकृत नागरिकता पाउनबाट वञ्चित भएका छन् । त्यसैले उक्त

संवैधानिक र कानूनी व्यवस्थाको व्यवहारिक कार्यान्वयन गर्नु र अङ्गीकृत नेपाली नागरिकताको लागि निवेदन दिने निवेदक लगायतका अन्य व्यक्तिहरूलाई समेत शीघ्र नागरिकता दिने निर्णय गर्नु भनी गृह मन्त्रालयको नाममा परमादेश जारी गरिपाऊँ भन्ने नै निवेदकहरूको मुख्य निवेदन माग रहेको देखिन्छ । विपक्षी कानून तथा न्याय मन्त्रालयले प्रस्तुत गरेको लिखित जवाफमा नागरिकताको विषयमा आ्नो कार्यक्षेत्र नभएको उल्लेख गरेको छ भने गृह मन्त्रालयको तर्फबाट प्रस्तुत भएको लिखित जवाफमा रिट निवेदक राजु शैयद महम्मदले अङ्गीकृत नागरिकता पाऊँ भनी निवेदन साथ पेश गरेका कागजात छानवीनको क्रममा रहेको र छानवीन पश्चात निवेदकलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने वा नगर्ने आवश्यक निर्णय हुने नै हुँदा अहिल्यै रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने होइन भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

विदेशी नागरिकसँग विवाह भएकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्ने सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल नागरिकता ऐन, २०६३ भएका व्यवस्थाहरु देहाय बमोजिम रहेको छ ।

- नेपालको अन्तरिम संविधान, २०६३, धारा ८ को उपधारा (७) : यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको अधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।
- नेपाल नागरिकता ऐन, २०६३ दफा ५(२): विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिने छ ।
- ऐ. ऐनको उपदफा (३) : उपदफा (२) बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने छ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश,

(ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

रिट निवेदकले उल्लिखित संवैधानिक र कानूनी शर्तहरु पुरा गरेर जिल्ला प्रशासन कार्यालय, चितवनमा मिति २०६४/११/०६ मा आवश्यक प्रमाण सहित अङ्गीकृत नागरिकताको लागि निवेदन दिएकोमा उक्त कार्यालयले आफुले बुझ्नपर्ने कुराहरु बुझेर निवेदकको निवेदन सहितका कागजात आवश्यक निर्णयार्थ मिति २०६४/११/२९ मा गृह मन्त्रालयमा पठाएको देखिन्छ । सो सम्बन्धमा गृह मन्त्रालयले पेश गरेको लिखित जवाफमा सम्बन्धित कानूनी व्यवस्था बमोजिम निवेदकको निवेदनसमेतका कागजात छानवीनको क्रममा रहेको र छानवीन पश्चात मात्र निवेदकलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने वा नगर्ने विषयमा आवश्यक निर्णय हुने छ भन्ने कुरा उल्लेख गरेको देखिन्छ । अङ्गीकृत नागरिकता पाऊँ भन्ने निवेदक राजु शैयद महम्मदको निवेदन जिल्ला प्रशासन कार्यालय, चितवनले मिति २०६४/११/२९ मा नै गृह मन्त्रालयमा पठाइएको भनेको मितिबाट प्रस्तुत रिट निवेदन दायर भएको मितिको गणना गर्दा पनि ३ वर्ष पुगिसकेको अवस्था देखिन्छ । यतिका लामो समयसम्म पनि निवेदन छानवीनकै क्रममा रही रहेको भन्ने गृह मन्त्रालयको भनाईले सरकारी काम कारवाहीमा रहेको केही ढिलासुस्तीलाई देखाउँछ । अब दोस्रो प्रश्नतर्फ विचार गर्दा, रिट निवेदनमा निवेदकहरूले निवेदक मध्येको राजु शैयद महम्मद जस्ता अङ्गीकृत नेपाली नागरिकताको लागि निवेदन दिने अन्य व्यक्तिहरूको हकमा समेत गृह मन्त्रालयले हालसम्म कुनै निर्णय नगरेको हुँदा त्यस्ता व्यक्तिहरूको हकमा समेत शीघ्र अङ्गीकृत नेपाली नागरिकता दिनु भनी विपक्षी गृह मन्त्रालयको नाममा परमादेशको आदेश जारी गरिपाऊँ भनी माग गरेको देखिन्छ । गृह मन्त्रालयको काम कारवाहीबाट जसको हक हितमा असर परेको हो त्यस्तो व्यक्ति स्वयम् उपचार माग्न आउन सक्ने नै हुन्छ । हक अधिकारमा असर पर्‍यो भनी उपचार माग्न आउन पर्ने व्यक्ति उपचार माग गर्न आएको अवस्था पनि देखिदैन । यस्तो अवस्थामा प्रस्तुत रिट निवेदनमा उपचार माग गर्न

नै नआएका अन्य व्यक्तिहरूको हकमा परमादेश जारी गरी पाऊँ भनि रिट निवेदकहरूले गोश्वारा रूपमा माग दावी लिएकै मात्र आधारमा त्यस्ता व्यक्तिको हकमा प्रस्तुत निवेदनबाट विपक्षी गृह मन्त्रालय उपर परमादेश जारी गर्न सकिने अवस्था रहेन ।

अब निर्णयको लागि निर्धारित तेस्रो प्रश्नको सम्बन्धमा निर्णयार्थ हेर्दा, रिट निवेदक मध्येको राजु शैयद महम्मदले अङ्गीकृत नेपाली नागरिकता पाऊँ भनी जिल्ला प्रशासन कार्यालय, चितवनमा दिएको निवेदनमा निर्णय गर्ने क्षेत्राधिकार गृह मन्त्रालयमा रहेको देखिन्छ । गृह मन्त्रालयले पेश गरेको लिखित जवाफमा हालसम्म पनि उक्त निवेदन उपर छानवीन भई रहेको भन्ने कुरा उल्लेख छ । सोबाट निवेदन मागबमोजिमको विषयमा निर्णय गर्न गृह मन्त्रालयले अनुचित विलम्व गरेको अवस्था स्पष्टै देखिन्छ । सो सम्बन्धमा माथि गरिएको विवेचनाले पुष्टिसमेत गरेको छ । रिट निवेदनमा लिएको मुख्य माग दावीमा निवेदक मध्येको राजु शैयद महम्मदलाई यथाशीघ्र अङ्गीकृत नेपाली नागरिकता दिनु भनी गृह मन्त्रालयको नाममा परमादेश जारी गरिपाऊँ भन्ने छ । सो माग दावीको विषयमा छानवीन पश्चात मात्र टुङ्गोमा पुग्न सकिने हुन्छ । साथै सो विषयमा छानविन गरि निर्णय गर्ने अधिकार गृह मन्त्रालयलाई नै भएको देखिन्छ । शक्तिपृथकीकरणको सिद्धान्त अनुसार पनि कार्यपालीकीय अंग अन्तर्गतको निकायको अधिकार क्षेत्र अन्तर्गत विचाराधिन र छानविन कै क्रममा रहेको विषयमा अहिले नै न्यायिक क्षेत्रले रिटको माध्यमबाट हस्तक्षेप गरि रिट निवेदक राजु शैयद महम्मदलाई अङ्गीकृत नागरिकता दिने निर्णय गर्नु भनी हाल्न मिलेन । तथापी सार्वजनिक जवाफदेहीता वहन गर्नु पर्ने निकायको रूपमा रहेको विपक्षी गृह मन्त्रालयले आफुले सम्पन्न गर्नु पर्ने काम कारवाही विलम्वरहित, पारदर्शी र जवाफदेहीपूर्ण भने हुनै पर्दछ ।

अतः उल्लिखित विवेचनाबाट रिट निवेदनमा मागदावी लिईएको विषयमा निर्णय गर्न गृह मन्त्रालयले अनुचित विलम्ब गरेको अवस्था देखिएको हुदा रिट निवेदक राजु शैयद महम्मदले दिएको अङ्गीकृत नेपाली नागरिकताको निवेदन उपर छानवीन गर्ने कार्य बाँकी रहेको भए सो कार्य यथाशिघ्र छिटो सम्पन्न गरि निजलाई अङ्गीकृत नेपाली नागरिकता दिन मिल्ने नमिल्ने के हो सो सम्बन्धमा यथाशीघ्र निर्णय गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । यस आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी गृह मन्त्रालयसमेतलाई दिनु । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्यूटर गर्नेः कल्पना बर्तौला

इति सम्वत २०७० साल असार २६ गते रोज ४ मा शुभम......

# १० अधिवक्ता पूर्णचन्द्र पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०६८ साल असार ९ गते, नि.नं. ८६९६

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**
**माननीय न्यायाधीश श्री सुशीला कार्की**
**माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की**

**रिट नं. २०६७-WS-००१४**
**आदेश मितिः २०६८।३।९।५**

**विषयः उत्प्रेषणसमेत ।**

निवेदकः रसुवा जिल्ला लहरेपौवा गा.वि.स.वडा नं.३ घर भई हाल काठमाडौ महानगरपालिका वडा नं. ३१ बस्ने अधिवक्ता पूर्णचन्द्र पौडेल ..........१

**विरुद्ध**

विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत ..........१

- नेपालको नागरिक हो भन्ने कुराको आधिकारिक प्रमाण नागरिकताको प्रमाणपत्र नै भएकाले नेपाली नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई प्रतिस्थापन गर्ने, अनादर गर्ने वा इन्कार गर्ने कुनै पनि कानूनी व्यवस्था असंवैधानिक हुन्छ भन्ने कुरा बुझ्न आवश्यक छ । तसर्थ नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुले मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तात्विक असर गर्दैन भन्न नसकिने । *(प्रकरण नं. ६)*
- मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी यदि नागरिकताको प्रमाणपत्र अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको पुनर्पुष्टि (**Verify**) को लागि मात्र जग्गाधनी प्रमाण पूर्जालगायत मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरू नाम दर्ता अधिकारीले माग गर्न सक्ने भन्ने अर्थमा उक्त कानूनी व्यवस्थालाई व्याख्या गर्नु अन्तरिम संविधानको धारा ८(१) र मतदाता नामावलीसम्बन्धी ऐनको दफा ५(१) (क) अनुकूल हुने । *(प्रकरण नं.७)*

**निवेदक तर्फबाटः** विद्वान अधिवक्ताद्वय पूर्णचन्द्र पौडेल र रविनारायण खनाल

**विपक्षी तर्फबाटः** विद्वान सहन्यायाधिवक्ता युवराज सुवेदी

**अवलम्बित नजीरः सम्बद्ध कानूनः**

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा २, ८, ९, १०, ६५(क), १०७(१), १२९,
- मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क), ११(१), (२), २५

**आदेश**

**न्या.कल्याण श्रेष्ठः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(१) तथा १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली संकलन कार्यक्रम, २०६७ शुरू गरेको छ । सो कार्यक्रममार्फत् आयोगले नागरिकताको प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकहरूको नाम मतदाता नामावलीमा समावेश गर्ने गरी मुलुकका समग्र नगरपालिका तथा गा.वि.स.बाट काम शुरू गरेको थियो । तर सो बमोजिम काम सम्पन्न गर्न विभिन्न स्थानमा बाधा व्यवधान पुगेको भनी नागरिकता प्रमाणपत्र नभएका व्यक्तिहरूलाई समेत मतदाता नामावलीमा नाम समावेश गर्ने गरी मिति २०६७।७।१६ मा आयोगले नागरिकताको प्रमाणपत्र नभएका व्यक्तिहरूलाई समेत जग्गाधनी दर्ता प्रमाणपूर्जा, शैक्षिक प्रमाणपत्र, स्थानीय निकायको सिफारिश आदिको आधारमा मतदाता सूचीमा समावेश गर्ने गरी निर्णय गरेको छ ।

निर्वाचन आयोगले मिति २०६७।७।१६ मा गरेको उल्लिखित

निर्णय तथा नेपालको नागरिक हो भन्ने कुराको टुंगो नै नलागेका व्यक्तिसमेत मतदाता हुन पाउने व्यवस्था गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को कानूनी व्यवस्था समेत मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) तथा नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना एवं धारा २, ८, ९, १०, १२९ को व्यवस्थासँग बाझिएकोले प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ ।

नागरिकताको प्रमाणपत्र नलिएका गैरनेपाली नागरिकलाई जग्गाधनी प्रमाणपूर्जा आदिको आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्नु असंवैधानिक हुन्छ । विपक्षी निर्वाचन आयोगले कुनै व्यक्ति नेपाली नागरिक हो भन्ने कुराको छिनोफानो गर्ने नभई नेपाली नागरिकता प्राप्त व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गरी वालिग मताधिकारको प्रयोग गर्ने व्यवस्था गर्ने गराउने हो । पहिले नेपाली नागरिक हो भन्ने पुष्टि भइसकेको व्यक्ति मात्र संविधानतः पछिबाट मतदाता हुन पाउँछ । कुनै व्यक्तिलाई पहिला मतदाता बनाएर पछिबाट ऊ नेपालको नागरिक हो होइन भनी छिनोफानो गर्न मिल्दैन ।

नेपालको उत्तरी भागमा रहेका तिब्बतीयन शरणार्थीहरू र पूर्वी भागमा रहेका भूटानी शरणार्थीहरूको रहनसहन, धर्म, संस्कृति तथा अनुहार नेपालीहरूसँग मिल्दोजुल्दो रहेको र परस्परमा विवाहसमेत गर्ने गरेको पाइन्छ । शरणार्थीहरूसँगको वैवाहिक सम्बन्धबाट जन्मिएका सन्तान प्रचलित कानूनबमोजिम विदेशी हुने कुरामा विवाद छैन । तर शरणार्थीहरू र उनीहरूका सन्तान विदेशी हुँदाहुँदै पनि नेपालका विद्यालयहरूमा अध्ययन गर्न पाउने हुँदा उनीहरूसँग नेपालका विद्यालयहरूबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र हुन्छ । कतिपय शरणार्थीहरूसँग जग्गाधनी प्रमाणपूर्जासमेत रहेको पाइन्छ । त्यस्तै भारतसँग रहेको खुला सीमानाका कारण जो कोहीले खुला सीमानाको फाइदा उठाउन सक्ने अवस्थालाई समेत मध्यनजर राखी नागरिकताको प्रमाणपत्रको आधारमा मात्रै मतदाता नामावलीमा नाम सूचिकृत गर्नु बाध्यात्मक हुन्छ । अतः विना नागरिकता प्रमाणपत्र जग्गाधनी प्रमाणपूर्जा र शैक्षिक प्रमाणपत्रका आधारमा मतदाता नामावली तयार गर्ने हो भने राष्ट्रियतामाथि गम्भीर संकट उत्पन्न हुनसक्छ ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा निर्वाचन आयोगले गरेको विभिन्न कामको सम्बन्धमा प्रश्न उठाउन नपाइने भनी बन्देज लगाइएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२९ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । उक्त धाराले आयोगको कामकारवाहीका सम्बन्धमा प्रश्न उठाउन बन्देज लगाएको छैन । संविधानले नै अदालतमा प्रश्न उठाउन नरोकेको कुरालाई ऐनले रोक्न मिल्दैन । अदालतमा प्रश्न उठाउन नपाइने विषयमा संविधानमा नै प्रष्ट उल्लेख भएको हुनुपर्दछ । संविधानको धारा १२९ मा निर्वाचन आयोगले गरेको कामकारवाहीको विषयमा अदालतमा प्रश्न उठाउन नपाइने भनी व्यवस्था नभएको अवस्थामा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा २५ मा निर्वाचन आयोगले मतदाता नामावली तयार गर्ने क्रममा गरेका कामकारवाहीको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नपाइने गरी लगाएको बन्देज अन्तरिम संविधानको धारा १२९ सँग स्पष्टतः बाझिएको छ ।

अतः मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ र २५ लाई प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ । विपक्षी निर्वाचन आयोगको मिति २०६७।७।१६ को निर्णय अन्तरिम संविधानको धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै नेपालको अन्तरिम संविधानको धारा ८(१) बमोजिम नेपालको नागरिकता प्राप्त गरेको र नेपालको नागरिकता प्राप्त गर्न योग्य भनी आधिकारिक निकाय सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणपत्र दिएका नेपाली नागरिकलाई मात्र मतदाता नामावलीमा समावेश गर्नु भनी विपक्षीका नाममा परमादेशसमेत जारी गरि पाऊँ । विपक्षी निर्वाचन आयोगको मिति २०६७।७।१६ गतेको निर्णय कार्यान्वयन भएमा नेपाली नागरिकता प्राप्त व्यक्ति र नागरिकता प्राप्त नगरेको व्यक्तिका वीचमा कुनै फरक नभई राष्ट्रियतामाथि नै गम्भीर असर पुग्ने, लाखौं लाख गैरनेपाली मतदाता बनी मुलुकको अस्तित्वमा नै गम्भीर संकट उत्पन्न भई अपूरणीय क्षति हुने र प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त हुने हुँदा रिट निवेदनको अन्तिम टुँगो नलागेसम्म विपक्षी निर्वाचन आयोगको मिति २०६७।७।१६ को उक्त निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाऊँ । मतदाता नामावलीसँग सम्बन्धित राष्ट्रिय महत्वको विषयवस्तु समावेश भएकोले प्रस्तुत रिट निवेदनको सुनुवाइलाई अग्राधिकार प्रदान गरिपाऊँ भन्नेसमेत व्यहोराको रिट निवेदनपत्र ।

विपक्षीहरूबाट लिखितजवाफ मगाउनू । निवेदकले माग गरेको अन्तरिम आदेशको सम्बन्धमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २,८,९ र १० को प्रावधानसँग बाझिएको छ छैन भन्ने कुरा रिट निवेदनको पूर्ण सुनुवाइ हुँदाका बखत निर्णय हुने हुँदा हाल निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । लिखितजवाफ परेपछि अग्राधिकार दिई पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।७।२९ को आदेश ।

मतदाता नामावली संकलन गर्ने विषय निर्वाचन आयोगको क्षेत्राधिकारभित्र पर्ने र सो कार्यमा यस मन्त्रालयको कुनै संलग्नता नहुने हुँदा असम्बन्धित निकायलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजभागी छ । साथै के कति कारणबाट मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११(१) को व्यवस्था संविधानसँग बाझिएको छ भन्ने कुरा विपक्षीले स्पष्ट रूपमा उल्लेख नगरेको कारणबाट समेत रिट निवेदन युक्तिसंगत छैन भन्ने व्यहोराको विपक्षी

कानून तथा न्याय मन्त्रालयको लिखितजवाफ ।

आयोगको मिति २०६७।४।२४ को निर्णयबाट नागरिकताको आधारमा फोटोसहितको मतदाता नामावली संकलन कार्य सञ्चालन भइरहेकोमा नागरिकतालाई मात्रै आधार मानी नामावली संकलन गर्दा नागरिकताको प्रमाणपत्र प्राप्त गरि नसकेका व्यक्तिहरु मतदानको अवसरबाट वञ्चित हुनसक्ने भनी विभिन्न राजनीतिक दल एवं स्थानीय स्तरका व्यक्तिहरूले आयोगबाट सञ्चालन भइरहेको उक्त कार्यमा अवरोध पुऱ्याएको कारण केही नगरपालिकाहरूमा कार्यक्रम नै स्थगित गर्नुपरेको र यसै विषयमा सम्मानित अदालतमा नागरिकता नभएका व्यक्तिका हकमा पनि मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ मा व्यवस्थित प्रावधानअनुरूप मतदाता नामावली संकलन गरिपाऊँ भनी रिट निवेदनसमेत परेको अवस्था समेतलाई दृष्टिगत गरी आयोगको मिति २०६७।७।१६ को बैठकबाट नागरिकता प्राप्त गर्न नसकेका तर मतदाता हुन योग्यता पुगेका व्यक्तिको जन्मस्थान, स्थायी ठेगाना, जन्म मिति, उमेर र बाबु वा आमासमेतको नाम पुष्टि हुने गरी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११(१) अनुसार जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाबाट जारी भएको परिचयपत्र पेश गरेमा त्यस्तो व्यक्तिको विवरण संकलन गरी फोटोसहितको मतदाता नामावलीमा नाम समावेश गर्ने र त्यस्तो प्रमाण पेश गर्न नसकेको अवस्थामा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११(२) अनुसार सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सम्बन्धित वडाले जन्मस्थान, स्थायी ठेगाना, जन्म मिति, उमेर र बाबु वा आमासमेतको नाम पुष्टि हुने गरी मतदाता नामावलीमा विवरण समावेश गरिदिन निर्धारित ढाँचामा सिफारिश गरेमा विवरण संकलन गरी फोटोसहितको मतदाता नामावलीमा नाम समावेश गर्ने गरी निर्णय भएको हो । सो निर्णय गर्दा पनि रिट निवेदकले उल्लेख गर्नु भएजस्तो गैरनेपाली नागरिकलाई मतदाता सूचीमा नाम समावेश गर्ने नभई संविधानको मर्म र भावना तथा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्थाअनुसार योग्य र वास्तविक नेपाली नागरिकहरू कोही पनि मतदानको अवसरबाट वञ्चित नहोऊन् भन्ने मनशाय राखिएको हो । निर्वाचनलाई अझ स्वच्छ, पवित्र एवं विश्वसनीय बनाउन अत्याधुनिक प्रविधिको उपयोग गरी फोटो र औंठाछाप सहितको मतदाता नामावली संकलन कार्यक्रम सञ्चालन गरिएको र उक्त कार्य गर्दा प्रथमतः नागरिकता प्रमाणपत्रलाई नै आधार मानी संकलन गरिएको भए पनि मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ लगायतको विद्यमान कानूनी प्रावधानलाई समेत दृष्टिगत गर्दै आयोगले नागरिकता प्रमाणपत्रका साथै अन्य आधारहरूलाई पनि स्वीकार गरी मतदाता नामावली संकलन गर्ने गरी आयोगको अघिल्लो निर्णयमा केही बिस्तार गरी फोटोसहितको मतदाता नामावली संकलन गर्ने निर्णय गरेको हो । सो निर्णय कानूनसम्मत् नै भएको हुँदा रिट निवेदन खारेज भागी छ भन्ने व्यहोराको विपक्षी निर्वाचन आयोगको लिखितजवाफ ।

कुनै अमूक ऐनको कुनै व्यवस्था संविधानको कुनै प्रावधानसँग बाझिएको हुँदा सो व्यवस्था बदर घोषित गरि पाऊँ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम दावी लिँदा ऐनको यो प्रावधान यो यस कारण यसरी संविधानको यस धारामा रहेको प्रावधानसँग बाझिएको छ भनी स्पष्टरूपमा दावी लिई सो कुरामा अदालत सन्तुष्ट हुने गरी प्रमाणसमेत पेश गर्न सक्नुपर्दछ । कानून संविधानसँग बाझिएको छ भनी दावी लिने पक्षउपर नै सो दावी प्रमाणित गर्ने भार निहीत रहन्छ । विपक्षी निवेदकले भनेजस्तो नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गरी नागरिकताको प्रमाणपत्र लिन नपाएका तर संविधानको भाग २ एवं नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नेपालको नागरिक मानिने व्यक्तिलाई मतदाता नामावलीमा समावेश नगर्ने हो भने सो कार्य संविधानको धारा १३ मा व्यवस्थित समानताको हकविपरीत हुनजान्छ । अतः रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफ ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११(१), (२),(३) को व्यवस्थाले गैरनेपाली नागरिकलाई मतदाता बनाउने होइन, सोही ऐनको दफा ५ ले कस्ता व्यक्ति मतदाता बन्न सक्छन् भन्ने स्पष्ट गरेको छ । अतः गैरनेपाली नागरिकलाई मतदाता बनाउन खोजेको भन्ने दावी तर्कसंगत छैन । रिट निवेदन खारेज गरिपाऊँ भन्ने व्यहोराको विपक्षी गृह मन्त्रालयको लिखितजवाफ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ ले नेपालको नागरिक भनी घोषणा गरेका व्यक्तिले नागरिकताको प्रमाणपत्र नलिएको कारणले मात्र उसलाई अनागरिक भन्न कदापि मिल्दैन । निश्चित् समयभित्र नागरिकताको प्रमाणपत्र लिनैपर्ने अन्यथा अनागरिक भइने व्यवस्था संविधान र कानूनले गरेको पनि छैन । संविधानले नेपालको नागरिक ठहऱ्याएका तर नागरिकताको प्रमाणपत्र लिइ नसकेका नेपाली नागरिकहरूलाई मतदानको अधिकारबाट बञ्चित नगर्ने उद्देश्य र मनशाय उक्त दफा ११(३) को प्रतिवन्धात्मक वाक्यांशको रहेको कुरा आफैंमा स्पष्ट रहेको छ । अतः रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको विपक्षी व्यवस्थापिका संसद सचिवालयको लिखितजवाफ ।

नियमबमोजिम पेसी सूचीमा चढी पेश हुनआएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरियो ।

निवेदक अधिवक्ता श्री पूर्णचन्द्र पौडेल तथा विद्वान् अधिवक्ता श्री रविनारायण खनालले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को व्यवस्थाले नागरिकताको प्रमाणपत्र नलिएका व्यक्तिलाई पनि मतदान गर्न र उम्मेदवार बन्न छूट दिएको भन्ने अर्थ गर्न मिल्दैन । संविधानको धारा ६५

र मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ मा दुवै प्रयोजनको लागि नेपालको नागरिक हुनुपर्ने पूर्वशर्त निर्धारण भइरहेको अवस्थामा मतदाता नामावलीमा नाम समावेश गर्न नागरिकताको प्रमाणपत्र नै नचाहिने गरी भएको कानूनी व्यवस्था असंवैधानिक छ । मतदाता नामावली संकलनको सिलसिलामा आयोगले गरेका कामकारवाहीहरु अदालतबाट परीक्षण हुन नसक्ने गरी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ ले लगाएको प्रतिवन्धसमेत संविधान विपरीत रहेको छ । तसर्थ नागरिकताको प्रमाणपत्रबाहेक जग्गाधनी दर्ता प्रमाणपूर्जा आदिका आधारमा समेत मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने व्यवस्था गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को प्रावधान र दफा २५ को प्रावधानसमेत नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री युवराज सुवेदीले नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ मा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्तिहरूसमेत नेपालको नागरिक हुने संवैधानिक प्रावधान रहेकोले नागरिकताको प्रमाणपत्र लिइ नसकेका नेपाली नागरिकहरूलाई समेत मतदानको अधिकार सुनिश्चित् गर्न विधायिकाले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को व्यवस्था गरेको हुँदा सो व्यवस्था संविधानसँग बाझिएको छ भन्न मिल्दैन । नागरिकताको प्रमाणपत्र लिइ नसकेको अवस्थामा सम्बन्धित व्यक्ति नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्ति हो वा होइन भन्ने यकीन गरी मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि जग्गाधनी दर्ता प्रमाणपत्र लगायतका सम्बद्ध प्रमाणहरु माग गर्नसक्ने गरी भएको उक्त कानूनी व्यवस्था संविधानसम्मत् नै रहेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्था विद्यमान छैन भनी बहस गर्नुभयो ।

२. उल्लिखित बहस जिकीरसमेत सुनी निर्णयतर्फ विचार गर्दा, निवेदकको मुख्य माग "विपक्षी निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली तयार गर्ने सिलसिलामा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) तथा (२) बमोजिम भनी नागरिकताको प्रमाणपत्रबाहेक जग्गाधनी प्रमाणपूर्जा, सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी परिचयपत्र तथा गाउँ विकास समिति वा नगरपालिकाको सिफारिशसमेतका आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्ने गरी मिति २०६७।७।१६ मा निर्णय गरेको छ । मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उक्त व्यवस्था तथा दफा २५ को व्यवस्थासमेत नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना तथा धारा २, ८, ९, १० र १२९ सँग बाझिएको हुँदा अन्तरिम संविधानको धारा १०७(१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ र विपक्षी निर्वाचन आयोगको मिति २०६७।७।१६ को उक्त निर्णयसमेत संविधानको उल्लिखित प्रावधानहरु र मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) समेतको विपरीत भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ" भन्ने रहेको छ ।

३. निवेदकले बदर माग गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ मा निम्न प्रावधान रहेको देखिन्छ :-

दफा ११ नाम दर्ता गर्न प्रमाण माग गर्नसक्नेः

(१) यस ऐनबमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्दा आवश्यक परेमा नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्ति वा निजको परिवारसँग निजको जन्म वा उमेर वा बासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको प्रमाणपत्र पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग सम्बन्धित गाऊँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिश माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिश पनि पेश गर्न नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिने छैन । तर नेपाली नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको कारणले मात्र मतदाता नामावलीमा नाम दर्ता गर्न बाधा पुऱ्याएको मानिने छैन ।

४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्यको योग्यता तोकिएको छ । उक्त धारा ६५ को खण्ड (क) मा संविधानसभाको सदस्य हुनको लागि नेपाली नागरिक हुनुपर्दछ भनिएको छ । त्यस्तै मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१) को खण्ड (क) मा मतदाता हुन नेपाली नागरिक मात्र योग्य हुने गरी योग्यता तोकिएको पाइन्छ ।

५. निवेदकको मुख्य दावी निर्वाचनमा मतदाता बन्न र उम्मेदवार हुनसमेत नेपालको नागरिक हुनुपर्ने भनी संविधान र कानूनले निर्धारण गरेको अवस्थामा नागरिकताको प्रमाणपत्र प्राप्त नगरिकन मतदाता नामावलीमा नाम समावेश हुन र उम्मेदवार बन्नसमेत मिल्दैन भन्ने रहेको छ । सोसम्बन्धमा विपक्षीहरूको जिकीर अन्तरिम संविधानको धारा ८ ले नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको भए पनि नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्तिलाई समेत नेपालको

नागरिक मानेको हुँदा मतदाता नामावलीमा नाम समावेश गर्नलाई नागरिकताको प्रमाणपत्र नै चाहिन्छ भन्न मिल्दैन, नेपालको नागरिक हो भन्ने कुरा पुष्टि गर्ने जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र वा स्थानीय निकायको सिफारिश भए पनि मतदाता नामावलीमा नाम समावेश गर्न हुन्छ भन्ने रहेको छ । सोसम्बन्धमा सर्वप्रथम नागरिकताको विषयमा संविधानमा भएको व्यवस्थाको विश्लेषण गर्नु आवश्यक देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(१) मा नागरिकताको सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छ :

धारा ८ संविधान प्रारम्भ हुँदाका बखतको नागरिकताः (१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन् ।

६. नागरिकतासम्बन्धी संविधानको उपरोक्त प्रावधान हेर्दा नागरिकताको प्रमाणपत्र प्राप्त गरी नसकेको तर नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्तिलाई समेत नेपालको नागरिक मानेको देखिए तापनि अब उप्रान्त नेपालका नागरिकहरूले नागरिकताको प्रमाणपत्र लिनु नै पर्दैन भन्ने व्यवस्था संविधानले गरेको देखिन्न । नेपालको नागरिक हो भन्ने कुराको आधिकारिक प्रमाण नागरिकताको प्रमाणपत्र नै हो । त्यसैले नेपाली नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई प्रतिस्थापन गर्ने, अनादर गर्ने वा इन्कार गर्ने कुनै पनि कानूनी व्यवस्था असंवैधानिक हुन्छ भन्ने कुरा बुझ्न आवश्यक छ । तसर्थ नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुले मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तात्विक असर गर्दैन भन्ने विद्वान् सरकारी वकीलको जिकीरसँग सहमत हुन सकिँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५(क) मा निर्वाचनमा उम्मेदवार बन्नका लागि र मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) मा मतदाता हुनको लागि नेपाली नागरिक हुनुपर्दछ भनी तोकेको योग्यताको तात्पर्य नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक हो भन्ने कुरामा दुईमत हुने देखिँदैन ।

७. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) मा मतदाता हुनका लागि नेपाली नागरिक हुनुपर्ने भनिएको छ । उक्त दफा ५(१)(क) मा उल्लेख भएको "नेपाली नागरिक" भन्ने शब्दले "नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक" लाई जनाउँछ भन्ने सम्बन्धमा माथि विवेचना भइसकेको छ । दफा ५(१)(क) को उक्त प्रावधानलाई अर्थात् मतदाता नामावलीमा नाम समावेश गर्न नेपाली नागरिकताको प्रमाणपत्र पाएको हुनुपर्दछ भन्ने सो दफाको अर्थलाई अन्यथा गर्ने, अनादर गर्ने वा नियन्त्रित वा संकुचित गर्ने कुनै पनि कानूनी व्यवस्था संविधानको धारा ८(१) र ६५(क) को प्रतिकूल र असंवैधानिक हुन्छ । यस दृष्टिबाट हेर्दा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) र (२) मा परेका "जग्गाधनी प्रमाणपूर्जा", "सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्र" र "गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश" जस्ता व्यवस्थाहरु नागरिकताको प्रमाणपत्रलाई नै प्रतिस्थापन गर्ने गरी विधायिकाले कानूनमा राखेको हो भनी अर्थ गर्न मिल्ने देखिन्न । मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी यदि नागरिकताको प्रमाणपत्र अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको पुनर्पुष्टि (verify) को लागि मात्र जग्गाधनी प्रमाण पूर्जालगायत उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरु नाम दर्ता अधिकारीले माग गर्नसक्ने भन्ने अर्थमा उक्त कानूनी व्यवस्थालाई व्याख्या गर्नु अन्तरिम संविधानको धारा ८(१) र मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) अनुकूल हुन्छ ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को व्यवस्थासमेत नेपालको अन्तरिम संविधानसँग बाझिएको छ भन्ने निवेदकको दावी रहेको छ । उक्त दफा २५ को प्रावधान निम्नानुसार रहेको छः

दफा २५ः अदालतमा प्रश्न उठाउन नसकिने : देहायका विषयमा कुनै पनि अदालतमा कुनै पनि प्रश्न उठाउन सकिने छैन :-

(क) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा,

(ख) नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकारप्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेदबमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा ।

८. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारलाई विधायिकाले बनाएको कुनै पनि कानूनले नियन्त्रण वा सीमित गर्न सक्दैन । उक्त धारा १०७ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशमा अधिकारक्षेत्रको अभाव भएकोमा बाहेक व्यवस्थापिका- संसदले चलाएको विशेषाधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायमा सर्वोच्च अदालतले हस्तक्षेप गर्नेछैन भन्ने ब्यवस्था गरी सोबाहेक अन्य सबै निकायबाट भएका

सबै कामकारवाहीहरूको संवैधानिकताको परीक्षण यस अदालतबाट हुन सक्ने गरी खुल्ला राखिएको हुँदा मतदाता नामावली तयार गर्ने सिलसिलामा निर्वाचन आयोगले गरेको कामकारवाही उपर कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन भनी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा उल्लेख भएको व्यवस्थाले संविधानको धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारलाई उपेक्षा गर्ने, अनादर गर्ने, निस्तेज तुल्याउने वा कुनै पनि रूपबाट सीमित वा नियन्त्रित गर्नसक्ने देखिँदैन ।

९. मतदानको अधिकारलाई हाम्रो संविधानले मौलिक हकको रूपमा समावेश गरेको छैन । त्यसैले मतदानको हक कानूनी हक हो । अन्तरिम संविधानको धारा १०७(२) अन्तर्गत यस अदालतलाई प्राप्त असाधारण क्षेत्राधिकार संविधानप्रदत्त मौलिक हकको प्रचलनका लागि मात्र नभई उपचारको अर्को वैकल्पिक व्यवस्था नभएको तथा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन रहेको कानूनी हकको प्रचलनका लागि समेत हो भन्ने कुरा उक्त धारामा स्पष्ट रूपमा उल्लेख भएको छ । मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को प्रावधान हेर्दा, निर्वाचन आयोगले तयार गर्ने मतदाता नामावलीसँग सम्बन्धित विषयलाई सामान्य अदालतद्वारा न्यायिक परीक्षण हुन नसक्ने गरी सामान्य अदालतको क्षेत्राधिकारभन्दा बाहिर राख्ने विधायिकी मनसाय रहेको स्पष्ट देखिन्छ ।

१०. मतदानको हक कानूनी हक भएको र मतदाता नामावलीमा नाम समावेश नभइकन नागरिकहरूले सो हकको प्रयोग गर्न नसक्ने परिप्रेक्ष्यमा गैरकानूनी तवरबाट कुनै मतदाताको नाम मतदाता नामावलीमा समावेश नगरी निजलाई मतदानको हकबाट बञ्चित गरिएको खण्डमा उक्त ऐनको दफा २५ ले पीडित नागरिकलाई सामान्य कानूनी उपचारको मार्ग प्रशस्त नगरेको भए तापनि निजले उपचारविहीन अवस्थामा रहनुपर्ने देखिँदैन । कानूनले वैकल्पिक उपचारको व्यवस्था नगरेको उक्त कानूनी हकको प्रचलनका लागि संविधानको धारा १०७(२) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत उपचार प्राप्त गर्ने निजको हक सुरक्षित नै रहने भएको हुँदा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ को प्रावधानले निर्वाचन आयोगलाई अनियन्त्रित अधिकार प्रदान गरेको र सो प्रावधान संविधानको धारा १०७(२) सँग बाझिएको भन्ने देखिन आउँदैन ।

११. निर्वाचन आयोगले मतदाता नामावली तयार गरेको विषयलाई सामान्य अदालतको क्षेत्राधिकारभन्दा बाहिर राख्नुको अर्को विशेष कारण रहेको छ । त्यो के हो भने निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचनहरू आयोगद्वारा पूर्वनिर्धारित समयमा सम्पन्न गर्नुपर्ने हुन्छ । तोकिएको समयमा निर्वाचन सम्पन्न नहुने हो भने राष्ट्रिय स्रोत साधन र धनको नोक्सानी त हुन्छ नै कतिपय जटिल संवैधानिक तथा कानूनी गतिरोधहरू समेत उत्पन्न हुन सक्तछन् । तसर्थ निर्वाचन आयोगद्वारा पूर्वनिर्धारित मिति र समयमा निर्वाचन सम्पन्न हुनु अत्यावश्यक हुन्छ । त्यसैले निर्वाचनको तयारी र सञ्चालनसम्बन्धी कार्यक्रमहरू चरणबद्ध र व्यवस्थित रूपमा निर्वाचन आयोगबाट पहिले नै प्रकाशन गरी निर्धारित कार्यक्रमहरू निर्धारित समयमै सम्पन्न गर्नुपर्ने हुन्छ । अन्यथा निर्वाचन तोकिएको समयमा सम्पन्न हुन सक्तैन ।

१२. निर्वाचनको लागि मतदाता नामावली संकलनदेखि निर्वाचन परिणामको घोषणासम्मका सबै चरणहरू उत्तिकै महत्वपूर्ण र संवेदनशील हुन्छन् । एउटा निश्चित् समयावधिभित्र हरेक चरणका कार्यक्रमहरू सम्पन्न हुनु अनिवार्य हुन्छ । यस्ता प्रत्येक चरणमा नागरिक वा मतदाताहरूको सहभागिता बढीभन्दा बढी मात्रामा हुन सकोस् भन्ने अभिप्रायले त्यस्ता निर्वाचन कार्यक्रमहरूको व्यापक प्रचार प्रसार गरेर नागरिकहरूको सहभागितालाई अधिकाधिक बनाउने प्रयास पनि निर्वाचन आयोगले गर्दछ । त्यसका लागि नागरिकहरूलाई उचित समय पनि प्रदान गरिएको हुन्छ ।

१३. तोकिएको मिति र समयमा निर्वाचन सम्पन्न हुनु अपरिहार्य हुने भएको हुँदा कुनै पनि नागरिक मतदानको प्रक्रियामा नछुटुन् भनी निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण कामकारवाही र तयारी बहुत होशियारी र सावधानीका साथ गरेको हुन्छ । सावधानी अपनाउँदा अपनाउँदै पनि यदि कुनै मतदाताको नाम मतदाता नामावलीमा भूलवश छुट्न गएछ नै भने पनि त्यसको कारणबाट देशव्यापी मतदान कार्यक्रम प्रभावित नहोस् भन्ने अभिप्रायले अदालतको साधारण क्षेत्राधिकारबाट कानूनी उपचारप्राप्त गर्ने व्यवस्था नगरिएको हो । अन्तरिम संविधानको धारा १०७(२) को असाधारण अधिकारक्षेत्र अन्तर्गतको उपचार भने उपलब्ध हुन्छ । यसबाट उपचारको मार्ग नै बन्द गरिएको होइन, असाधारण क्षेत्राधिकारअन्तर्गत उपचार पाउनसक्ने व्यवस्था सदा खुला रहन्छ । मतदाता नामावलीसँग सम्बन्धित विवादहरूमा अदालतको साधारण अधिकारक्षेत्र अन्तर्गत सुनुवाइ गरी उपचार प्रदान गर्दा एकतह पुनरावेदनको अधिकारसमेत प्रदान गर्नुपर्ने हुन्छ जसबाट न्यायिक उपचारको प्रक्रिया अझ ढीला हुने भई निर्वाचनको काम प्रभावित हुन सक्तछ । यस अदालतले असाधारण क्षेत्राधिकारअन्तर्गत त्यस्ता विवादहरूको सुनुवाइ गर्दा भने निर्वाचनको कार्यक्रम प्रभावित हुने नहुने कुराको विचार गरेर निर्वाचन कार्यक्रम प्रभावित नहुने गरी मात्र उपचार प्रदान गर्ने आफ्नो असाधारण अधिकारको प्रयोग

गर्दछ । साधारण क्षेत्राधिकारको प्रयोग गर्ने साधारण अदालतहरूलाई यस्तो विशेषाधिकार रहँदैनन् ।

१४. निर्वाचन आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको देखिन्छ । संविधानको धारा १२९ अन्तर्गत रहेर आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सन्दर्भमा निर्वाचन आयोग अधिकारसम्पन्न र सक्षम रहेको देखिन्छ । मतदाता नामावली संकलन गर्ने सम्बन्धमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ ले गरेका कानूनी व्यवस्थाहरू चरणबद्ध, सिलसिलेवार र पारदर्शीसमेत रहेको देखिन्छ । मतदाता नामावली संकलन गर्दा चित्त नबुझ्ने व्यक्तिले दावी विरोध गर्न पाउने, सो दावी विरोध गरेको कुरामा सम्बन्धित अधिकारीले कानूनबमोजिम निर्णय गर्नुपर्ने र सोहीअनुसार मतदाता नामावलीमा थपघट गरी अन्तिम नामावली प्रकाशन गर्नुपर्ने जस्ता उक्त ऐन र नियमावलीका व्यवस्थाहरू हेर्दा मतदाता नामावली तयार गर्ने विषयमा निर्वाचन आयोगका कामकारवाहीहरू पारदर्शी रहेको देखिन्छ । मतदाता नामावली संकलन गर्दा कानूनविपरीत गरी कुनै व्यक्तिको नाम मतदाता नामावलीमा समावेश नगरेमा संविधानको धारा १०७(२) द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारअन्तर्गत निवेदन दिनसक्ने नै हुँदा उपचारको व्यवस्था नै नभएको भन्न मिल्ने देखिँदैन । तसर्थ मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ ले निर्वाचन आयोगलाई अनियन्त्रित अधिकार प्रदान गरेको र सो व्यवस्था अन्तरिम संविधानको धारा १२९ सँग बाझिएको छ भन्ने निवेदकको दावी पुग्नसक्ने देखिएन ।

१५. निवेदकले अमान्य र बदर घोषित गर्न माग गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उक्त व्यवस्थाहरू सो ऐनको दफा ५(१) को खण्ड (क) र अन्तरिम संविधानको धारा ६५ को खण्ड (क) को प्रतिकूल हुने गरी स्वतन्त्र रूपले प्रयोग हुन सक्तैन, जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय वा अन्यत्रबाट जारी भएको प्रमाणपत्रले मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा (५)( १)(क) र दफा ११(१) मा भएको नागरिकताको प्रमाणपत्रलाई प्रतिस्थापन गर्न सक्तैन, मतदाता नामावली संकलन गर्दा सो ऐनको दफा (५)(१)(क) र दफा ११(१) मा भएको नागरिकताको प्रमाणपत्र शंकाजनक वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको पुष्टिका लागि मात्र जग्गाधनी प्रमाणपत्र वा अन्य परिचयपत्र सहायकसिद्ध हुनसक्छ भनी माथि विवेचना भइसकेको छ । उक्त विवेचनाबाट मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ मा उल्लेख भएको नागरिकताको प्रमाणपत्रबाहेक अन्य प्रमाण कागजहरूको प्रयोग सो ऐनको दफा (५)(१)(क) मा भएको व्यवस्थाको विपरीत हुने गरी हुन नसक्ने भनी व्याख्या भएको हुँदा विपक्षी निर्वाचन आयोगको मिति २०६७।७।१६ को निर्णयसमेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(१) र मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा (५)(१)(क) को प्रतिकूल रहेको छ भन्ने देखिन आएन ।

१६. यस्तै विषयवस्तु समावेश भएको अर्थात् नागरिकताको प्रमाणपत्रबाहेक जग्गाधनी दर्ता प्रमाणपूर्जा वा शैक्षिक संस्थाद्वारा जारी प्रमाणपत्र तथा स्थानीय निकायको सिफारिश इत्यादिको आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्ने व्यवस्था गरेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ (१)(२)(३) को व्यवस्था तथा दफा २५ को व्यवस्थासमेत नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको हुँदा अन्तरिम संविधानको धारा १०७(१) बमोजिम अमान्य र बदर घोषित गरिपाऊँ भनी यस अदालतमा दायर भएको निवेदक सरोजनाथ प्याकुरेलसमेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं.०६७-WS-००१७ को रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न नपर्ने गरी मिति २०६७।१०।२४ मा आदेश भइरहेको समेत देखिन्छ ।

१७. माथि गरिएको विवेचना र विश्लेषणबाट मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ को उपदफा (१) मा रहेको "नागरिकताको प्रमाणपत्र" बाहेकका अन्य प्रावधानहरू र उपदफा (२) र (३) को प्रावधान तथा दफा २५ को व्यवस्थालगायत निर्वाचन आयोगको मिति २०६७।७।१६ को निर्णयसमेत संविधानसँग बाझिएको भन्ने देखिन नआएको र विवादको समान विषयवस्तु समावेश भएको उपरोक्त रिट निवेदनमा यस इजलासको समानान्तर इजलासबाट समेत निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने गरी आदेश भइरहेको देखिएको परिप्रेक्ष्यमा प्रस्तुत निवेदनको सन्दर्भमा समेत निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छौं ।

न्या.सुशीला कार्की

न्या.ज्ञानेन्द्रबहादुर कार्की

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम्

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

# ११ सज्दा सापकोटा समेत विरुद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७२ चैत्र २ गते

**श्री सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ**
**माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र**
**आदेश**
**०६८-WO-०७३१**

**मुद्दा : परमादेशसमेत**

अनिता सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ घट्टेकुलो काठमाडौं बस्ने सज्दा सापकोटा ........१ निवेदक
ऐ. को छोरा ऐ. ऐ. बस्ने असिम सापकोटा ........१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, काठमाडौं ........१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........१ विपक्षी
जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ........१
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ........१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यस प्रकार छः नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्वपूर्ण अधिकार हो र यो यस्तो दस्तावेज हो, जसले व्यक्तिको पहिचान दिन्छ । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकारप्राप्त गर्ने आधार भनेको नै नागरिकता हो । व्यक्तिको नैसर्गिक अधिकारको रूपमा रहेको नागरिकता नभएको व्यक्तिको न पहिचान नै हुन्छ न राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्तिको अवसर नै प्राप्त हुन सक्दछ । तर हामी निवेदकहरु सज्दा सापकोटा र असिम सापकोटा नागरिकताबाट बञ्चित गरिएका व्यक्ति हौं । हामीहरूको जन्म आमा अनिता सापकोटा र पिता शमिम सिद्धकीबाट क्रमशः मिति २०४४।३।१४ र मिति २०५०।११।४ मा भएको हो । मिति २०५३।८।६ गते हाम्रा पिताले आमालाई छाडी पुर्खौली घर बारा जिल्ला डुमखान भन्ने ठाउँमा जानु भई हामीहरूको कुनै खोजखबर नगर्नु भएको र हामीहरूले खोजखबर गर्दा समेत निज पितालाई फेला पार्न सकिएन । निज पिताले हामीहरूलाई आफ्नो घर परिवारसँग भेटघाट गराउने र परिचय गराउने समेत नगरी बेपत्ता हुनु भएको हुँदा बाबुको नामबाट हामीले नागरिकता प्राप्त गर्न असम्भव भई हामीलाई लालनपालन र शिक्षा दीक्षा दिँदै आउनु भएकी आमा अनिता सापकोटाको नामबाट हामीले हाम्रो पहिचान लिन चाहि नागरिकताको सिफारिसको लागि काठमाडौं महानगरपालिका वडा नं ३२ मा मिति २०६८।८।६ मा निवेदन दिएका र सो वडाका वडा सचिवले नागरिकता प्रमाणपत्रका लागि अनुसूची १ को फाराममा सिफारिस दिनु भएको थियो । तत्पश्चात् मिति २०६८।८।७ मा हामीहरूले सो सिफारिस सहित नागरिकता प्रमाणपत्र प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन दिएकोमा हामीहरूको निवेदनसमेत दर्ता नगरी कुनै पनि कागजात नै नहेरी नागरिकता पाउन नसक्ने भन्ने मौखिक जानकारी दिँदै निवेदन फिर्ता गरेको र पुनः २०६८।९।१३ मा समेत हामीहरूले दिएको निवेदन दर्ता गर्न इन्कार गरेको हुँदा हामी नेपालमै जन्मिएका र नेपालमै बसोबास गरी पढ्दै आएका नेपाली नागरिकका छोरा छोरीलाई आफ्नै देशमा आफ्नो पहिचानको अधिकारबाट वन्चित गराई राज्यविहिन अवस्थामा बाँच्न बाध्य गराइएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार यो निवेदन गर्न आएका छौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, ०६३ को दफा ३ को उपदफा (१) तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) बमोजिमको प्रक्रिया पूरा गरी आमाको नामबाट नागरिकता प्राप्तिका लागि निवेदन दिएकोमा निवेदन समेत दर्ता नगरी आमाको नामबाट नागरिकता

दिन नमिल्ने भनी विपक्षीले दिएको उक्त मौखिक आदेशले हाम्रो पहिचान नै लोप हुने अवस्था पैदा भएको र हामी जीवनभर राज्यविहिन अवस्थामा बाँच्न बाध्य हुनुपर्ने अवस्था भएको हुनाले कानुन बमोजिम आमको नामबाट नागरिकता दिनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ ।

पहिचानको अधिकारको सम्बन्धमा हाम्रो संवैधानिक र कानुनी व्यवस्थाका अलावा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR), १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढङ्गले निजको नागरिकताको अधिकारबाट वन्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ भने नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को धारा २४(२) ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ भन्ने तथा उपधारा (३) मा राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । त्यस्तै महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ भन्ने व्यवस्था गरेको छ । बाल अधिकार सम्बन्धी महासन्धि (CRC), १९८९ को धारा ७(१) मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछन् भन्ने व्यवस्था छ ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएका माथि उल्लिखित सबै महासन्धिहरूबाट सिर्जना भएको दायित्वलाई नेपालले विना कुनै आरक्षा स्वीकार गरिसकेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धि नेपालको राष्ट्रिय कानुन सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । तर नागरिकता प्रदान गर्ने अधिकारीको पितृ सत्तात्मक सोच र व्यवहार भएकाले हामी निवेदकहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्न नसकी हाम्रो संवैधानिक हक, पहिचान पाउने हक, उच्च शिक्षा प्राप्त गर्ने हक, रोजगारीको हक, रोजेको व्यवसाय गर्न पाउने हक, स्वतनत्रतापूर्वक विचार गर्न पाउने हक, बासस्थान छनौट गर्न पाउने हक र अन्तर्राष्ट्रिय कानुन अन्तर्गत हाम्रो समानताको हक, राष्ट्रियताको हकबाट वन्चित भएका छौं । अतः विपक्षीहरूको नाममा हामी पीडित निवेदकहरूलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने साथै देशमा रहेका अन्य हामीजस्ता पीडितको हकमा समेत सम्मानित अदालतबाट व्याख्या हुने गरी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ । साथै यो अत्यन्त संवेदनशील र सार्वजनिक सरोकारको विषयको मुद्दा भएको हुनाले प्रस्तुत रिट निवेदनलाई अग्राधिकारमा राखी सुनुवाई गरि पाउँ भन्ने समेत बेहोराको सज्दा सापकोटासमेतको संयुक्त रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु । साथै प्रस्तुत रिट निवेदनको विषयवस्तु र गाम्भीरतालाई मध्यनजर राख्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५(क) बमोजिम अग्राधिकार प्रदान गरी दिएको छ भन्ने समेत बेहोराको यस अदालतको मिति २०६७।११।२ को आदेश ।

विपक्षी रिट निवेदकले यस कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानुनी हक अधिकारको हनन भएको हो भन्ने निवेदनमा स्पष्ट रूपमा उल्लेख गर्न नसकेको अवस्थामा छैन । नागरिकता प्राप्ति र समाप्तिका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ एवं नेपाल नागरिकता ऐन र नियमावलीमा निर्धारित विधि, प्रकृया र कार्यविधि पूरा गरी अख्तियारप्राप्त अधिकारी वा निकायका समक्ष निवेदन दिएमा नागरिकता प्रदान गर्नुपर्ने कानुनी कर्तव्य भएका निकाय वा पदाधिकारीले आफ्नो सो कानुनी कर्तव्यबाट पन्छिन सक्ने हुँदैन । कानुनी कर्तव्य पालना गर्नुपर्ने कुनै पदाधिकारीले आफ्नो कानुनी कर्तव्य पालना गर्न इन्कार गरेको अवस्थामा सरोकारवाला व्यक्तिले सो पदाधिकारी उपर प्रचलित नेपाल कानुनबमोजिम सजायका लागि तोकिएको अधिकारीसमक्ष उजुरी दिन सक्ने नै हुन्छ । तर कानुनी कर्तव्य पालना गराउनका लागि यी निवेदकहरूले तोकिएको अधिकारीसमक्ष उजुरी गरेको देखिएन । यो कार्यालय संविधान तथा नागरिकता ऐन एवं नियमावलीको अधीनमा रही नेपालको नागरिकता प्राप्त गर्न योग्य सबै व्यक्तिले नेपालको नागरिकता पाउने संवैधानिक हकको संरक्षण गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ । यसै प्रयोजनका लागि निवेदक सविना दमाईसमेत विरूद्ध यस कार्यालयसमेत विपक्षी भएको सम्वत् २०६७ सालको रिट नं ०७०३ को परमादेश निवेदनमा सम्मानित अदालतबाट मिति २०६७।११।१५ मा भएको आदेशबमोजिम निवेदिका सविना दमाईलाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्न तथा नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरीकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र जारी गरी मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखी पठाई सकिएको हुँदा प्रस्तु रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

आमाको नामबाट नागरिकता प्रदान गर्न सम्मानित अदालतबाट भएको पूर्व आदेशबमोजिम नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन तथा नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकता प्रमाणपत्र उपलब्ध गराउन सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र पठाई सकिएको भन्ने प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र निवेदकहरूका बाबु स्वदेशी वा विदेशी के हो यकिन नभएको एवं बाबु आमाको विवाह दर्ता नभएको साथै नागरिकता ऐन र नियमावलीबमोजिम पुऱ्याउनु पर्ने रित नपुऱ्याएको हुँदा नागरिकता नदिएको भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेयको लिखित जवाफ ।

रिट निवेदकहरूलाई नेपाली नागरिकता प्रमाणपत्र दिने वा नदिने भन्ने सम्बन्धमा यस मन्त्रालयबाट कुनै निर्णय एवं आदेश भएको नहुँदा प्रस्तुत रिट खारेज गरी पाउँ भन्नेसमेत बेहोराको गृह मन्त्रालयको तर्फबाट ऐ.का सचिव सुशल जङ्गबहादुर राणाको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री मीरा ढुङ्गाना र श्री सुषमा गौतमले निवेदकहरु नेपाली नागरिक अनिता सापकोटाका छोरा छोरी भन्नेमा विवाद नरहेको र निजहरूका बाबु शमिम सिद्धिकी बेपत्ता भएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी निवेदकहरु वंशजको आधारमा नेपालको नागरिक भएको हुँदा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रिया पूरा गरी निवेदकहरूको विपक्षी काठमाडौं जिल्ला प्रशासन कार्यालयमा आमाको नामबाट नागरिकता पाउनका लागि निवेदन दिएकोमा विपक्षी प्रमुख जिल्ला अधिकारकिो मौखिक आदेश अनुसार यी निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र नदिई निवेदकहरूलाई नागरिकता विहिन र राज्य विहिनताको अवस्थामा पुऱ्याई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानुनी हक समेतबाट वञ्चित गरेकाले निवेदकहरूलाई आमाको नामबाट नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेशको आदेश एवं निजहरूजस्ता अन्य पीडित व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जार गरिपाउँ भन्ने बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले आमको नामबाट नागरिकता दिनु भन्ने मार्गनिर्देश भइसकेको छ । प्रस्तुत मुद्दामा बाबुको नाम उल्लेख भएको अवस्था हुँदा जिल्ला प्रशासन कार्यालयले असजिलो महसुस गरेको भए पनि सरकारको तर्फबाट सविना दमाईको मुद्दासमेतको सन्दर्भमा आमाको नामबाट नागरिकता प्रदान गर्ने विषयमा सरकार कटिबद्ध रही सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्रसमेत गरी सकेको हुँदा प्रस्तुत रिट खारेज हुनु पर्छ भन्ने बहस प्रस्तुत गर्नु भयो ।

निवेदक तथा प्रत्यर्थीहरूको तर्फका विद्वानहरूले प्रस्तुत गर्नु भएको बहससमेत सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा निवेदकहरूले नेपाली नागरिक आमा अनिता सापकोटाको नामबाट नागरिकता पाउनका लागि नागरिकता ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम काठमाडौं महानगरपालिका ३२ नं वडा कार्यालयबाट सिफारिस लिई प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा नागरिकता प्रमाणपत्रका लागि निवेदन दिएकोमा निवेदन दर्तासमेत नगरी मौखिक रूपमा नागरिकता प्राप्त गर्न नसक्ने भनी फर्काएका हुँदा निवेदकहरूलाई आमाको नामबाट नेपालको नागरिकता दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन माग रहेको पाइयो । आमाको नामबाट नागरिकता प्रदान गर्न सम्मानित अदालतबाट भएको पूर्व आदेशबमोजिम नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन तथा नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र पठाई सकिएको भन्ने प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र निवेदकहरूका बाबु स्वदेशी वा विदेशी के हो यकिन नभएको एवं बाबु आमाको विवाह दर्ता नभएको साथै नागरिकता ऐन र नियमावली बमोजिम पुऱ्याउनु पर्ने रित नपुऱ्याएको हुँदा नागरिकता नदिएको भन्ने जिल्लाप्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ रहेको देखिन्छ ।

यसमा निवेदकहरूमध्ये सज्दा सापकोटा मिति २०४४।३।१४ मा र असिम सापकोटा मिति २०५०।११।४ मा काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने नेपाली नागरिक अनिता सापकोटाका छोराछोरी भएको र निजहरूका पिता शमिम सिद्धीकी २०५३।८।६ देखि निजहरूको सम्पर्कमा नआई बेपत्ता रहेको भन्ने निवेदन बेहोरा तथा मिसिल संलग्न काठमाडौं महानगरपालिका वडा नं ३२ कार्यालयबाट प्राप्त सर्जमिनबाट देखिन्छ । उक्त सर्जमिन बेहोरामा २०४१।३।५ मा बारा जिल्ला डुमरवान गाउँ विकास घर बताउने शमिम सिद्धीकीसँग निवेदकहरूकी आमा अनिता सापकोटाको विवाह भएको, रिट निवेदकहरूको जायजन्म भएपछि मिति २०५३।८।६ मा निवेदकहरूका पिता आफ्नो घर जाने भनी काठमाडौंबाट हिंडी फर्की नआएका र खोजखबर गर्दा समेत पत्ता लाग्न नसकेको भन्ने बेहोरा

उल्लेख भएको पाइन्छ । रिट निवेदकहरूकी आमा अनिता सापकोटाले वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०४१।१।२१ मा नागरिकता प्रमाणपत्र नं १४७०/७७३० को नागरिकता प्राप्त गरेको भन्ने समेत खुलाएको हुँदा निवेदकहरूकी आमा वंशजको आधारमा नेपाली नागरिक रहे भएकोमा विवाद देखिएन ।

नागरिकता सम्बन्धमा हाम्रो संविधान तथा कानुनमा रहेको व्यवस्थाको सम्बन्धमा हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (१) मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्ति र नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुने व्यवस्था रहेको छ भने उपधारा (२) मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको र वंशजको आधारमा नेपालको नागरिकता प्राप्त व्यक्ति एवं कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुने व्यवस्था भएको देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था भएको पाइन्छ भने दफा ८ मा संविधान र कानुनबमोजिम नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने कार्यविधि निर्धारण गरेको पाइयो । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निम्नानुसार हुनुपर्ने व्यवस्था गरेको देखिन्छ :

(क) १६ वर्ष उमेर पुगेको हुनुपर्ने;
(ख) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने; र
(ग) गाउँ विकास समिति वा नगरपालिकाले जन्मस्थान र नाता खुल्ने गरी सिफारिस गरिदिएको जा जन्मदर्ता प्रमाणपत्र दिएको हुनुपर्ने ।

उक्त नियमावलीको अनुसूची १ मा नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएको अधिकारी समक्ष निवेदन पेश गर्नुपर्ने गरी निवेदनको ढाँचासमेत तोकेको पाइयो ।

नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाअनुसार बाबु वा आमामध्ये कुनै एक नेपाली नागरिक व्यक्तिबाट नेपालमा जन्मेको जुनसुकै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न योग्य हुने देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) मा "बाबु र आमा" नभनी स्पष्ट शब्दमा "बाबु वा आमा" भनी नेपाली नागरिकताका सम्बन्धमा आमालाई पनि बाबुको जत्तिकै अधिकार स्थान दिएको हुँदा बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने नै देखियो । प्रस्तुत मुद्दामा रिट निवेदकहरूको नागरिकता प्राप्तिको लागि संविधान र कानुनले तोकेको योग्यता नपुगेको भनि विपक्षीहरूले भन्न सकेको अवस्थासमेत पाइएन । केवल बाबु नेपाली वा विदेशी के हो भन्ने नखुलेको र आमा र बाबुको विवाह दर्ता भएको नदेखिएको एवं नागरिकता प्राप्तिका लागि तोकिएको कार्यविधि पूरा नगरेको भन्ने आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गरेको भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफबाट देखिन्छ । तर के कस्तो कार्यविधि पुरा नगरेको भनी विपक्षीहरूको लिखित जवाफ कानुनमा आधारित रही सम्पूर्ण तथ्य खुलाउन सकेको पनि देखिएन । आमा अनिता सापकोटाले वंशजको आधारमा प्राप्त गरेको नेपालको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं काठमाडौं महानगरपालिका ३२ नं. वडा कार्यालयले गरेको सर्जमिन मुचुल्का सहित अनुसूची फाराम भरी निवेदकहरु नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय समक्ष गएको भन्ने कुरा मिसिल संलग्न अनिता सापकोटोको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा काठमाडौं महानगरपालिका ३२ नं. वडा कार्यालयबाट भएको सर्जमिन मुचुल्का र अनुसूची १ नं. अनुसार भरेको फारामबाट प्रमाणित गरिरहेको अवस्था छ । यसबाट निवेदकहरूले नागरिकताका लागि पेश गरेको निवेदनमा कानुन बमोजिमको प्रक्रिया पूरा गर्न नसकेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको भनाई आफैंमा खण्डित भइरहेको पाइन्छ ।

जहाँसम्म निवेदकहरूका बाबु विदेशी वा स्वदेशी के हो भन्ने आधारमा नागरिकताको प्रमाणपत्र नदिएको भन्ने विपक्षीको भनाईलाई हेर्दा संविधान तथा कानुनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरूले आमामको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भनी व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेश हो भन्ने प्रश्न उठाई संविधान र कानुनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकता विहिन बनाउनु कानुन अनुकूलको कार्य मान्न सकिएन । बाबु विदेशी वा स्वदेशी नखुलेको भनी निवेदकहरूलाई नागरिकता नदिनु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१)(२) र धारा २०(१) समेतको विरूद्ध हुन जान्छ । उक्त धारा १३(१) मा सबै नागरिक काननुको दृष्टिमा समान हुने भन्ने र उपधारा (२) मा लिङ्गको आधारमा कुनै नागरिकलाई भेदभाव गर्न नपाउने भन्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तै धारा २०(१) मा महिला भएकै कारणले मात्र महिलालाई कुनै प्रकारको भेदभाव गर्न नपाइने भनी मौलिक हकको रूपमा स्वीकार गरिसकेको अवस्थामा निवेदकहरूकी आमा अनिता सापकोटा नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै बाबु

विदेशी वा स्वदेशी भन्ने नखुलेको आधार देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगरेको विपक्षीहरूको कार्यले महिला भएकै आधारमा निवेदकहरूकी आमामाथि विभेद गरेको भन्ने समेत देखिंदा विपक्षीहरूको सो कार्य संवैधानिक व्यवस्थालाई परास्त गर्ने प्रकृतिको देखिएको छ ।

आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने सम्बन्धमा यस अदालतबाट प्रतिपादित सिद्धान्तलाई हेर्नुपर्ने हुन्छ । यस विषयमा सविना दमाईसमेत विरूद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६८ अंक २, नि.नं. ८५५७) को मुद्दामा व्यापक र विस्तृत व्याख्या भईसकेको छ । उक्त मुद्दामा "तोकिएको अधिकारीले संविधान, कानुन र मानव अधिकारसम्बन्धी covenant नबुझेर वा कानुनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वन्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य हुन सक्दैन - बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्छ भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।

उल्लेखित संवैधानिक एवं कानुनी व्यवस्था तथा नजिर सिद्धान्त अनुसार नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकता प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक तथा नागरिक अधिकार प्रयोग गर्न, अचल सम्पत्ति प्राप्त गर्न, कुनै चुनावमा भाग लिने वा मतदान गर्ने अधिकार वा नेपाली नागरिकले मत्र प्रयोग गर्न पाउने कुनै पनि हक तथा अधिकार प्रयोग गर्न पाउने हुँदेन । नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुऱ्याई कानुनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रत्येक योग्यता पुगेको व्यक्तिको अधिकार हो । तर कानुन बमोजिमको न्यूनतम प्रकृया पुऱ्याई नागरिकता प्राप्तिको लागि आवेदन परेको अवस्थामा यस अदालतबाट प्रतिपादित उक्त सिद्धान्तसमेतको आधारमा नागरिकता जस्तो संवेदनशील प्रश्नमा सौहार्द्रतापूर्वक सहयोग गर्नुपर्नेमा यस्तो र त्यस्तो बहाना गरी नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी विपक्षीहरूले निवेदकहरूलाई झुलाउने कार्य गरेको पाइयो । यस्तो कार्यलाई जिम्मेवारपूर्ण एवं कानुनसम्मत कार्य मान्न सकिंदैन ।

अतः निवेदकहरूकी आमाको नाममा नेपालको नागरिकता रहेको र निजहरूका बाबु बेपत्ता भएकाले आमाको नामबाट नागरिकता प्रदान गर्न कुनै बाधा नरहेको र यस विषयमा यस अदालतबाट यस अघि पनि परमादेश जारी भएकोमा सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्रसेमत भइसकेको भन्ने देखि पनि निवेदकहरूलाई आमाको नामबाट नागरिकता प्रदान नगरिएको कार्य न्यायसम्मत नरहेकाले निजहरूलाई आमाको नामबाट अविलम्ब नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ठहर्छ ।

साथै सविना दमाईको उल्लिखित नजिरको सर्वमान्य कार्यान्वयनका लागि मन्त्रिपरिषद्बाट परिपत्र गरी सकेको भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा खुलाइएको र बहसको क्रममा सरकारी पक्षका सहन्यायाधिवक्ताले नागरिकता दिने सम्बन्धमा सरकार सधैं सकारात्मक रहेको भन्ने खुलाउनु भएको अवस्था रहे पनि आमाको नामबाट नागरिकता पाउन नसकेको भनी पटक पटक निवेदन प्रस्तुत भएबाट निवेदकहरूले अनाहकमा झण्झट व्यहोर्न परिरहेको अवस्था अद्यपि विद्यमान रहेको कुरा यो अदालतले महसुस गरेको छ । आमाको नामबाट नागरिकता लिनु पर्ने अवस्थ स्वयंमा एउटा कठिन अवस्था रहेको हुँदा यस प्रति नकारात्मक सोच राख्ने हो भने सीमान्तकृत महिलालाई थप असुविधा पर्न जाने देखिन्छ । तसर्थ प्रस्तुत मुद्दामा भएको आदेश र सविना दमाईको मुद्दामा भएको आदेशको भावना अनुरूप यस्तो परिस्थितिका मुद्दाहरूमा अनावश्यक झण्झट नगरी नागरिकता पाउनु पर्ने अवस्थामा सहजै आमाको नामबाट नागरिकता दिन दिलाउन यस सम्न्धमा कुनै गुनासो रहन नदिन गुनासो सुन्ने संयन्त्र गृह मन्त्रालय अन्तर्गत नै खडा गरी अनुगमनसमेत गर्ने व्यवस्था मिलाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

प्रधानन्यायाधीश

इजलास अधिकृत : इन्दिरा शर्मा
इति सम्वत् २०७२ चैत्र २ गते रोज ३ शुभम ................... ।

# १२ पूर्णचन्द्र पौडेल विरूद्ध निर्वाचन आयोग

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७२ साल भदौ महिना १० गते

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायाधीश श्री गिरीश चन्द्रलाल**
**माननीय न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी**
**आदेश**
**०६९-WS-००८५**

**विषय : उत्प्रेषणयुक्त परमादेश**

रसुवा जिल्ला लहरेपौवा गा.वि.स.वडा नं.३ घर भई हाल काठमाडौ जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ पुतलीसडक बस्ने अधिवक्ता पूर्णचन्द्र पौडेल ......१ निवेदक

**विरुद्ध**

निर्वाचन आयोग, निर्वाचन आयोगको कार्यालय, बहादुर भवन, काठमाडौं ......१

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ......१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (१) र (२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र निर्णय यसप्रकार रहेको छ :

मिति २०७०।३।२३ गतेको गोरखापत्रको पहिलो पृष्ठमा प्रकाशन गरिएको मतदाता नामावलीमा नाम दर्ता गर्ने अन्तिम मिति तोकेको सम्बन्धी निर्वाचन आयोगको सूचनामा "प्रचलित कानुन बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेका तर २०६४ सालको मतदाता नामावलीमा नाम रहेका व्यक्तिहरूले पनि मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७० को अनुसूची १२ बमोजिमको ढाँचामा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाको सिफारिस संलग्न गरि उक्त स्थानहरूमा २०७० साल असार मसान्तभित्र पेश गरी आवश्यक प्रक्रिया पूरा गरेमा फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ" भन्ने उल्लेख गरिएको रहेछ ।

मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ मा पहिलो संशोधन भई नियम ३१क थप भएको र सो थप भएको नियम ३१क को उपनियम (३) मा "सम्वत् २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रही प्रचलित कानुन बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको तर ऐनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकले मतदाता नामावलीमा मतदाताको रूपमा समावेश हुनको लागि नाम दर्ता अधिकारी समक्ष अनुसूची १२ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यस्था रहेकोले सो कानुनी व्यवस्था अनुसार उक्त सूचना जारी भएको रहेछ ।

कुनै पनि देशको नागरिक मात्र त्यस देशको मतदाता हुने सर्वस्वीकार्य सिद्धान्त हो र नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना लगायतका व्यवस्थाहरूले पनि यसलाई आत्मसात गरेको पाइन्छ । संविधानको धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनेछ भन्ने व्यवस्था रहेको छ भने आवधिक निर्वाचनद्वारा आफूमाथि आफैंले शासन गर्ने विधि मार्फत उक्त सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्ने प्रजातान्त्रिक शासन प्रणालीलाई संविधानले अंगिकार गरेको छ । निर्वाचन नै सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्ने एक मात्र माध्यम हो ।

निर्वाचन सम्बन्धी सम्पूर्ण काम गर्ने अधिकार संविधानले निर्वाचन आयोगलाई प्रदान गरेको छ भने मतदाताहरूको सूची तयार पार्ने लगायतको कामलाई व्यवस्थित गर्न मतदाता नामावली सम्बन्धी ऐन, २०६३ लागू भएको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ र मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ मा नेपाली नागरिक मात्र मतदाता हुने भन्ने व्यवस्था रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(१) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता

प्राप्त गरेको र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुने छन् भन्ने व्यवस्था रहेकोले नागरिकता पाई सकेका वा नागरिकता पाउन संविधानबमोजिम योग्यता पुगेका व्यक्तिहरु मात्र नागरिक हुने हुँदा तीभन्दा बाहेकका व्यक्तिलाई मतदाता मान्न सकिने देखिंदैन ।

मतदाता नामावली सम्बन्धी नियमावली, २०६४ को नियम ३१क(३) मा रहेको व्यवस्थाले राज्यको आधिकारिक निकायबाट नेपालको नागरिक हो भनी प्रमाणित नै नभएका व्यक्तिसमेत मतदाता हुन पाउने व्यवस्था गरेको हुँदा सो व्यवस्था संविधानको धारा २, ८ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ समेतसँग बाझिएको भन्ने प्रष्ट हुन्छ । नेपाली नागरिक हो भन्ने पुष्टि भई सकेको व्यक्तिमात्र मतदाता हुन पाउँछ, पहिला मतदाता बनाएर नागरिक हो वा होइन भनी छिनोफानो गर्न मिल्दैन ।

यसै सम्बन्धमा निवेदक पूर्णचन्द्र पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत भएको रिट निवेदनमा "नेपालको नागरिक हो भन्ने कुराको आधिकारिक प्रमाण नागरिकताको प्रमाणपत्र नै भएकोले नेपाली नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई प्रतिस्थापन गर्ने, अनादर गर्ने वा इन्कार गर्ने कुनै पनि कानुनी व्यवस्था असंवैधानिक हुन्छ भन्ने कुरा बुझ्न आवश्यक छ । तसर्थ नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुले मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनको लागि तात्विक असर गर्दैन भन्न नसकिने" र "मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी यदि नागरिकताको प्रमाणपत्र अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको पुनर्पुष्टि (Verify) को लागि मात्र जग्गाधनी प्रमाण पूर्जालगायत मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११(१(२) मा उल्लेख भएका अन्य कागज पत्रहरु नाम दर्ता अधिकारीले माग गर्न सक्ने भन्ने अर्थमा उक्त कानुनी व्यवस्थालाई व्याख्या गर्नु अन्तरिम संविधानको धारा ८(१) र मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५(१)(क) अनुकूल हुने" (२०६७-WS-००१४, ने.का.प. २०६८, अंक १० पृ. १६६७) भनी सिद्धान्त समेत प्रतिपादन भईसकेको छ ।

तसर्थ नेपालको नागरिक मात्र मतदाता हुन सक्ने संवैधानिक एवं कानुनी व्यवस्था रहेकोमा नेपालको नागरिक हो भन्ने कुराको टुङ्गो नै नलागेका व्यक्तिसमेत मतदाता हुन पाउने व्यवस्था मतदाता नामावली सम्बन्धी नियमावली २०६४ को नियम ३१क(३) मा रहेको र सो व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा (२), (८) र मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतसँग बाझिएकोले उक्त नियम ३१क(३) लाई प्रारम्भदेखि नै बदर र अमान्य घोषित गरी सो नियम ३१क(३) को आधार भए गरेका काम कारवाहीसमेत उत्प्रेषण लगायत उपयुक्त आदेशद्वारा बदर गरी पाउँ । साथै नेपालको अन्तरिम संविधानको धारा ८(१) बमोजिम नेपालको नागरिकता प्राप्त गरेको र नेपालको नागरिकता प्राप्त गर्न योग्य भनी नेपाल सरकारको आधिकारिक निकायबाट प्रमाणित गरिएका व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गर्नु भनी विपक्षीको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ ।

मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क(३) को कार्यान्वयनमा तत्काल रोक नलगाउने हो भने यो निवेदनको टुङ्गो लाग्नु पूर्व नै लाखौं विदेशी नेपालको मतदाता बन्ने भई प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त हुने हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क(३) को आधारमा कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने व्यहोारको निवेदन पत्र ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुन नपर्ने भए सोको अधार र कारण खुलाई आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी म्याद सूचना जारी गरी लिखित जवावफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेश गर्नु । साथै अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा दुवै पषको उपस्थितिमा छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त देखिएकाले मिति २०७०।४।८ गतेको पेशीको तारेख तोकी सोको सूचना विपक्षीहरूलाई दिनु । अन्तरिम आदेश छलफल नभए सम्मको लागि मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१ को आधारमा काम कारवाही नगर्नु भनी अल्पकालिन अन्तरिम आदेश जारी गरी दिएको छ भन्ने यस अदालतको मिति २०७०।३।३१ को आदेश ।

निवेदन दावी अनुसार रिट जारी गर्नुपर्ने नपर्ने कुरा लिखित जवाफ परेपछि विचार हुन सक्ने र निर्वाचनको मिति घोषित भै मतदाता नामावली संकलनको म्याद मिति २०७०।३।३१ सम्म मात्र रहेको र सो म्याद वर्तमान अवस्थामा समाप्त भैसेको समेत हुँदा विपक्षी तर्फबाट लिखित जवाफ नपर्दैको अवस्थामा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी रहनु पर्ने अवस्थाको विद्यमानता नदेखिंदा यस अदालतबाट मिति २०७०।३।३१ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिई रहनु परेन । प्रस्तुत रिट निवेदनमा निवेदकले उठाएका संवैधानिक र कानुनी प्रश्नहरूको गम्भीरतालाई विचार गर्दा प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३च(५) बमोजिम अग्राधिकार प्रदान गरिएको छ । नियमबमोजिम पेश गर्नु भन्ने यस अदालतको विशेष इजलासको मिति २०७०।४।८ को आदेश ।

निवेदकले दावी लिएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको भन्ने सम्बन्धमा कुनै कुरा नखुलाई र विपक्षी बनाउनु पर्ने कुनै कारणसमेत उल्लेख नगरी दिएको प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेजभागी रहेको छ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानुनको परिपालना गरी गराई कानुनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानुन प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं सम्वर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ । निवेदकले दावी लिए जस्तो गैर नेपालीलाई समेत मतदाता सूचीमा समावेश गर्ने गरी नेपालको कुनै कानुनले व्यवस्था गरेको छैन । नेपाली नागरिकलाई मात्र मतदान गर्ने अधिकार हुने कुरामा कुनै विवाद छैन । मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ को खण्ड (क) मा नेपाली नागरिक मात्र मतदाता हुन सक्ने व्यवस्था रहेको छ । मतदाता नामावलीमा नाम कायम रहन नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा समावेश भएको पाइएमा निजलाई मतदाता नामावलीबाट हटाउने व्यवस्था सो ऐनको दफा २० मा रहेको देखिन्छ भने गैर नेपाली नागरिकले नेपाली नागरिक हुँ भनी ढाँटी मतदाता नामावलीमा नाम समावेश गराएमा निजलाई पचास हजार रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद व दुवै सजाय हुने व्यवस्था सो ऐनको दफा ३४(२) मा रहेको पाइन्छ । सो ऐनको दफा ३७ मा नागरिकता सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेमा कुनै असर पर्ने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ । मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ लाई संशोधन गर्ने मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७० ले मूल नियमावलीको नियम ३१ पछि नियम ३१क थप गरी सम्वत् २०६४ सालको मतदाता नामावलीलाई आधार मान्ने गरी सो नियमको उपनियम ३ मा "सम्वत् २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रही प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त भएको तर ऐन बमोजिम मतदाता हुन योग्य नेपाली नागरिकले मतदाता नामावलीमा मतदाताको रूपमा समावेश हुनको लागि नाम दर्ता अधिकारी समक्ष अनुसूची १२ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाबाट २०६४ सालको निर्वाचनको मतदाता नामावलीमा नाम समावेश भएको, नेपाली नागरिक रहेको तर नेपाली नागरिकताको प्रमाणपत्र पाई नसकेको व्यक्तिको हकमा गरिउको सो विशेष प्रकारको व्यवस्था हो भन्ने प्रष्ट हुन्छ । सो व्यवस्थाले गैर नेपाली व्यक्तिलाई मतदाता नामावलीमा नाम समावेश गर्ने अवसर प्रदान नगरेको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा २, ८, ९, १० तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ समेतसँग बाझिएको अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क को उपनियम ३ मा "सम्वत् २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रही प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको तर ऐन बमोजिम मतदाता हुन योग्य नेपाली नागरिकले मतदाता नामावलीमा मतदाताको रूपमा समावेश हुनको लागि नाम दर्ता अधिकारीसमक्ष अनुसूची १२ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम बाधा अड्काउ फुकाउने आदेश हुँदा मतदाता नामावली तयार गर्दा २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीलाई समेत आधार लिने भन्ने व्यवस्था गरेको हुँदा सो व्यवस्थालाई व्यवहारमा प्रभावकारी कार्यान्वयन गर्न मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७० जारी भएको हो । सो नियमावलीको नियम ३१क नेपालको अन्तरिम संविधान, २०६३ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ अनुकूल रहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नपर्ने व्यहोरा अनुरोध छ भन्ने निर्वाचन आयोगको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा विपक्षीतर्फका विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गैर नेपाली नागरिकलाई मतदानको अधिकार हुँदैन । सो अधिकार नेपाली नागरिकलाई मात्र हो । मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ को नियम ३१ग(३) को व्यवस्थाले गैर नेपाली नागरिकलाई मतदाता नामावलीमा नाम समावेश गर्ने र मतदान गर्ने समेतको छुट प्रदान नगरेको हुँदा रिट निवेदन जारी हुने अवस्था छैन भनी बहस गर्नुभयो ।

प्रस्तुत रिट निवेदनमा मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ को नियम ३१क को उपनियम ३ नेपालको अन्तरिम संविधान २०६३ को धारा २ र ८, मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५(१) को खण्ड (क) तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतसँग बाझिएकोले सो नियम प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरी नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति र नेपालको नागरिकता प्राप्त गर्न योग्य भनी नेपाल सरकारको आधिकारिक निकायबाट प्रमाणित भएको व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गर्नु भनी विपक्षीको नाममा परमादेश पाउँ भन्ने निवेदन दावी रहेको सन्दर्भमा निम्न प्रश्नको निरूपण हुनु पर्ने देखिन्छ ।

१. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ र ८ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५(१) को खण्ड (क) एवं यस अदालतबाट प्रतिपादित सिद्धान्त

समेतसँग बाझिएको छ छैन ?

२. निवेदकको माग बमोजिमको आदेश जारी हुने हो होइन ?

सर्वप्रथम पहिलो प्रश्नलाई विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३(७) मा "संविधानसभाको निर्वाचनको प्रयोजनको लागि सम्वत् २०६३ साल मंसिर मसान्तसम्म अठार वर्ष पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम मतदान गर्ने अधिकार हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ भने धारा २ मा "नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । यस्तै धारा ८ मा संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता सम्बन्धी व्यवस्था भई सोको उपधारा (१) मा "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन्" भन्ने व्यवस्था रहेको पाइन्छ ।

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५(१) मा "देहायका व्यक्ति निर्वाचनको लागि मतदाता हुन योग्य हुनेछ" भन्ने व्यवस्था भई सोको खण्ड (क) मा "नेपाली नागरिक" भन्ने उल्लेख भएको देखिन्छ । सोही ऐनको दफा ११ मा नाम दर्ता गर्न प्रमाण माग गर्न सक्ने भन्ने व्यवस्था भई उपनियम (१) मा "यस ऐनबमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्दा आवश्यक परेमा नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्ति वा निजको परिवारसँग निजको जन्म वा उमेर वा वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जग्गा धनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र माग गर्न सक्नेछन्" भन्ने र उपनियम (२) मा "उपदफा (१) बमोजिम माग गरिएको प्रमाण पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिश माग गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । यस्तै उपनियम (३) मा "उपदफा २ बमोजिमको सिफारिश पनि पेश गर्न नसक्ने व्यक्तिको नाम मतदात नामावलीमा दर्ता गरिने छैन" भन्ने व्यवस्था रहेको पाइन्छ । यसैगरी सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा नेपाली नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको कारणले मात्र मतदाता नामावलीमा नाम दर्ता गर्न बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था पनि रहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ अन्तर्गत मतदानको अधिकारलाई मौलिक हक अन्तर्गत समावेश गरेको देखिंदैन । तर पनि मतदानको अधिकार राजनीतिक अधिकार भएकोले यो अधिकार नागरिकले मात्र प्राप्त गर्न सक्ने अधिकार भएको कुरामा विवाद रहँदैन । माथि उल्लिखित संवैधानिक एवं कानुनी व्यवस्थाबाट पनि गैर नेपाली नागरिकलाई मतदानको अधिकार रहे भएको देखिन नआएकोले गैर नेपाली नागरिकले मतदानको अधिकार प्राप्त गर्ने प्रयोजनका लागि मतदाता नामावलीमा नाम समावेश गराउन निवेदन दिने लगायतका प्रकृयामा समावेश हुन पाउने देखिन आउँदैन । त्यस्तो अधिकार नेपाली नागरिकले मात्र प्राप्त गर्न सक्ने भन्ने देखिन आउँछ ।

मतदाता हुनका लागि नेपाली नागरिकताको प्रमाणपत्र लिनै पर्ने वाध्यात्मक व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ र मतदाता नामावली सम्बन्धी ऐन, २०६३ मा रहेको पाईदैन । नेपाली नागरिक हो भन्ने कुरा पुष्टि हुने जग्गा धनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामितव भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्र वा गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिस लगायतका प्रमाण पेश गरेको खण्डमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको भए पनि नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्तिले आफ्नो नाम मतदाता नामावलीमा समावेश गर्नका लागि निवेदन दिन सक्ने देखिन आउँछ ।

मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को नियम ३१क को उपनियम (३) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ र ८ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५(१) को खण्ड (क) सँग बाझिएको भन्ने निवेदन दावी रहेको हुँदा सो नियम ३१क को उपनियम (३) मा रहेको व्यवस्था उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ, जुन यसप्रकार रहेको देखिन्छः

मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) "सम्वत् २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रही प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको तर ऐनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकले मतदाता नामावलीमा मतदाताको रूपमा समावेश हुनको लागि नाम दर्ता अधिकारी समक्ष अनुसूची १२ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सक्नेछ ।"

सो कानुनी व्यवस्थाअनुसार नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको व्यक्तिको नाम सम्वत् २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा समावेश रहेछ र निज कानुन बमोजिम मतदाता हुन योग्य नेपाली नागरिक पनि रहेछ भने निजले मतदाता नामावलीमा नाम समावेश गर्न नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्ने भन्ने देखिन्छ । सो कानुनी व्यवस्थाले निवेदकले दावी लिए जस्तो गैर नेपाली नागरिकलाई मतदाता नामावलीमा नाम समावेश गराउन पाउने छुट वा सुविधा दिएको भन्ने देखिन आउँदैन ।

यसरी मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क को उपनियम (३) मा रहेको कानुनी व्यवस्थाबाट गैर नेपाली नागरिकले मतदाता नामावलीमा

आफ्नो नाम समावेश गर्नका लागि नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्ने भन्ने नदेखिई त्यस्तो निवेदन नेपाली नागरिकले मात्र सक्ने व्यवस्था रहेको देखिंदा सो कानुनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ र ८ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ समेतसँग बाझिएको देखिन आएन ।

जहाँसम्म मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) यस अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रहेको छ भन्ने निवेदन जिकिर रहेको छ त्यस सम्बन्धमा विचार गरी हेर्दा निवेदक पूर्णचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा "नेपालको नागरिक हो भन्ने कुराको आधिकारिक प्रमाण नागरिकताको प्रमाणपत्र नै भएकाले नेपाली नागरिकताका प्रमाणपत्रको अपरिहार्यतालाई प्रतिस्थापन गर्ने, अनादर गर्ने वा इन्कार गर्ने कुनै पनि कानुनी व्यवस्था असंवैधानिक हुन्छ भन्ने कुरा बुझ्न आवश्यक छ । तसर्थ नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु र नगर्नुले मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तात्विक असर गर्दैन भन्न नसकिने" भनी प्रकरण नं. ६ मा र "मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी यदि नागरिकताको प्रमाणपत्र अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको पुनर्पुष्टि (Verify) को लागि मात्र जग्गा धनी प्रमाणपूर्जा लगायत मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरु नाम दर्ता अधिकारीले माग गर्न सक्ने भन्ने अर्थमा उक्त कानुनी व्यवस्थालाई व्याख्या गर्नु अन्तरिम संविधानको धारा ८(१) र मतदाता नामावली सम्बन्धी ऐनको दफा ५(१)(क) अनुकूल हुने" भनी (प्रकरण नं. ७) मा यस अदालतको विशेष इजलासबाट मिति २०६८।३।९ (०६७-WS-००१४, ने.का.प. २०६८ अंक १० पृ. १६६७) मा व्याख्या भएको पाइन्छ ।

यस अदालतबाट भएको व्याख्याले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि नेपाली नागरिक हुनु पर्ने आवश्यकतालाई औंल्याउँदै नेपाली नागरिकले नेपाली नागरिकताका प्रमाणपत्र नलिएको भए पनि नेपाली नागरिक भएको भन्ने कुरा पुष्टि हुने अन्य कागजातका आधारमा पनि निजले आफ्नो नाम मतादता नामावलीमा समावेश गर्नका लागि निवेदन दिन सक्ने भन्ने देखिन आएकोले मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) यस अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रहेको छ भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन ।

अब निवेदकको माग बमोजिमको आदेश जारी हुने हो होइन भन्ने दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा माथि विवेचित आधार र कारणहरूबाट मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) मा रहेको व्यवस्थाबाट गैर नेपाली नागरिकले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि निवेदन दिन पाउने भन्ने नदेखिई मतदाता नामावलीमा नाम समावेश गर्नका लागि नेपाली नागरिकले मात्र निवेदन दिन पाउने भन्ने देखिन आएकोले मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ र ८ तथा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतसँग बाझिएको नदेखिंदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । यस आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा हामी सहमत छौं ।

न्यायाधीश

सम्वत् २०७२ साल भदौ महिना १० गते रोज ५ शुभम् ...... ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटर सेटिङ : विकेश गुरागाई

# १३ दिवाकर क्षेत्री समेत
# बिरुद्ध
# नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ साल बैशाख ३० गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय**
**माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल**
**आदेश**
**०६९-WO-०१५३**

**मुद्दा : परमादेश**

ललितपुर जिल्ला किटनी गाउँ विकास समिति वडा नं. ४ बस्ने शुषमा राई क्षेत्री र रूडल क्षेत्रीको छोरा दिवाकर क्षेत्री ....................१
ललितपुर जिल्ला किटनी गाउँ विकास समिति वडा नं. ४ बस्ने शुषमा राई क्षेत्री र रूडल क्षेत्रीको छोरा प्रभाकर क्षेत्री ....................१
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित महिला, कानुन र विकास मञ्चका तर्फबाट र आफ्नै तर्फबाट समेत मिरा ढुंगाना ....................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं ....................१
स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर ....................१
गृह मन्त्रालय, सिंह दरबार, काठमाडौं ....................१
जिल्ला प्रशासन कार्यालय, ललितपुर ....................१
किटनी गाउँ विकास समितिको कार्यालय, गोदावरी, ललितपुर ....................१ विपक्षी

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम दायर हुन आई यसै अदालतको अधिकारक्षेत्र भित्र पर्ने प्रस्तुत रिट निवेदनको सक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

निवेदक संस्था महिला अधिकार एवं मानव अधिकारको लागि अनवरत कार्यरत रही आएको छ । निवेदकलाई प्रस्तुत विषयमा निवेदन गर्ने नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ बमोजिम हकदैया छ ।

हामी निवेदकहरु दिवाकर क्षेत्री र प्रभावकर क्षेत्री नागरिकता लिनको लागि गाउँ विकास समितिमा सिफारिस लिन जाँदा सिफारिस दिन इन्कार गरिएका पीडित व्यक्तिहरु हौं । पिता रूडल क्षेत्री र आमा सुषमा राईको दाम्पत्य सम्बन्धबाट क्रमशः मिति २०३१।५।२२ मा म दिवाकर क्षेत्री र मिति २०३५।४।२५ मा म प्रभाकर क्षेत्रीको जन्म पाटन अस्पतालमा भएको हो । हामीहरूको जन्म पश्चात् हामी निरन्तर ललितपुर जिल्ला अन्तर्गत किटनी गाउँ विकास समिति ४ गोदावरीमा बसोबास गर्दै आइरहेका छौं । हामी नेपाली बाबुआमाको छोराहरु हौं । हाम्रो पिता स्व. रूडल क्षेत्रीको मृत्यु हामीहरु ५ वर्ष र १ वर्ष उमेरका हुँदा मिति २०३६।८।२६ मा भएको थियो । पिताको मृत्युपश्चात् आमाले २०४२ सालमा योगेन्द्र राईसँग दोस्रो विवाह गर्नु भएकोमा हालसम्म पनि योगेन्द्र राई नै हाम्रो संरक्षक रही आउनु भएको छ । पिताको मृत्यु पश्चात् वहाँसँग सम्बन्धित सबै कागजातहरु पनि हाम्रो रीत परम्पराबमोजिम जलाइएको थियो भनी हाम्री आमाले हामीलाई जानकारी गराउनु भएकोले पिताको नामबाट नारिकता लिन असम्भव भएको हुँदा आमाको नामबाट नागरिकता लिन बारम्बार ललितपुर जिल्ला किटनी गाउँ विकास समितिमा सिफारिस लिन जाँदा हामीलाई अत्यन्तै हीनताबोध हुने गरी हाम्री आमालाई यदि छोराहरूलाई नागरिकता दिने विचार थियो भने दोस्रो विवाह किन गरेको भन्ने जस्ता तल्लोस्तरको कुरा गरेको र सो को रेकर्ड साथै पेश गरेका छौं । मिति २०६८।११।२५ मा हामीले अनुसूची १ को फाराम भरी सिफारिस पाउँ भनी उक्त गाउँ विकास समितिमा जाँदा अर्को दिन आउनु भनेका र भोलिपल्ट समेत सोही क्रम दोहोरिएको र कम्तीमा १० पटक जाँदा समेत सिफारिस नदिएको दरपिठ समेत नगरी उल्टै निवेदन फिर्ता दिएको हुनाले हामी नेपालमा जन्मी हुर्की, अध्ययन गरेका व्यक्तिहरु आफ्नै देशमा

पहिचानको अधिकारबाट वञ्चित भै राज्यविहिन अवस्थामा बाँच्न बाध्य छौं ।

नेपालको अन्तरिम संविधानको धारा ८(२)(ख), नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को उपदफा (१) ले वंशजको परिभाषाभित्र बाबु वा आमा दुवैलाई पारेको छ । नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा आफ्नो तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस समेत अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्दछ भन्ने स्पष्ट व्यवस्था रहेको छ ।

हाम्रो संवैधानिक र कानुनी व्यवस्थाको अलावा पनि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा २४(२), महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि १९७९ को धारा ९(२) समेतका प्रावधानहरूले कुनै पनि व्यक्तिलाई नागरिकताको अधिकारबाट वञ्चित गर्न र राज्यविहिनताको अवस्थामा राख्न मिल्दैन ।

नागरिकताको लागि सिफारिस एवं नागरिकता प्रदान गर्ने अख्तियारी प्राप्त गरेका अधिकारीहरूको पितृसत्तात्मक सोच, मूल्य मान्यता र व्यवहारको कारणले नै संवैधानिक, कानुनी र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले आमाको नामबाट हामी निवेदकहरूले नागरिकता लिन सिफारिस एवं नागरिकता प्राप्त गर्ने हक हुँदाहुँदै पनि नागरिकताको लागि सिफारिस एवं नागरिकता नपाएको अवस्था हुँदा नेपालको अन्तरिम संविधान २०६३ र नेपाल नागरिकता ऐन, २०६३ बमोजिम हाम्रो जन्म हुँदा हाम्री आमा नेपालको नागरिक भएको हुनाले हामीहरूको वंशजको नागरिकता प्राप्त गर्न सक्ने हक हुँदाहुँदै यसको प्रतिकूल आमाको नामबाट नागरिकताको सिफारिस लिन एवं नागरिकता लिन जाँदा सिफारिस एवं नागरिकता दिन मौखिक इन्कार गरेकोले हाम्रो संवैधानिक हक, हाम्रो पहिचान पाउने हक, उच्च शिक्षा प्राप्त गर्ने हक, रोजगारीको हक, व्यवसाय गर्न पाउने हक, वासस्थानको हक, समानताको हक, राष्ट्रियताको हक, आमा वा बाबुको नाममध्ये कसको नामबाट नागरिकता लिने भन्ने छनौट गर्न पाउने हक समेतबाट वन्चित भएका हुँदा विपक्षीहरूको नाममा हामी पीडित निवेदकहरूलाई वंशजको आधारमा आमाको नामबाट नागरिकता लिन सिफारिस र नागरिकता समेत दिनु दिलाउनु भन्ने र देशभरमा रहेका हामीजस्ता अन्य पीडितहरूको हकमा समेत व्याख्या हुने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरीपाउँ भन्ने समेत व्यहोराको रिट निवेदनपत्र ।

यसमा के कसो भएको हो लिखित जवाफ पेश गर्नु भनी निवेदन र यो आदेशको प्रतिलिपि समेत साथै राखि सूचना म्याद पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु । विपक्षी नं. १, २ र ३ को कुनै भूमिका निवेदनमा उल्लेख भएको नदेखिंदा उक्त विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदनको विषयवस्तुको प्रकृति र गाम्भीर्यता हेर्दा छिटो निर्णय हुनु आवशयक देखिएकोले पेशीमा अग्राधिकार प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०६९।५।६ को आदेश ।

रिट निवेदकले नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा व्यवस्था भएको नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि पेश गर्नु पर्ने अनुसूची १ बमोजिमको निवेदन रितपूर्वक यस कार्यालयमा पेश नभएको हुँदा निज निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनेतर्फ कुनै पनि प्रकृया अगाडि नबढेको रिट निवेदक मध्येकी सुष्मा राईले मिति २०६८।१०।३ मा निजका छोराहरु दिवाकर क्षेत्री र प्रभाकर क्षेत्रीलाई नागरिकता उपलब्ध गराई पाउँ भनी यस कार्यालयमा ठाडो निवेदन पेश गरेको । निजको माग सम्बन्धमा गोदावरी गाउँ विकास समितिका सचिवलाई अनौपचारिक रूपमा सोधनी हुँदा रिट निवेदकको बाबु रूडल क्षेत्री नेपाली नागरिक थियो थिएन भन्ने सन्दर्भमा एकीन नभएको हुँदा सिफारिस नगरेको भन्ने व्यहोरा उल्लेख गरेको, रिट निवेदकको बाबु विदेशी नागरिक रहेछ भने नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को व्यवस्था आकर्षित हुने हुँदा सो बमोजिम नागरिकता लिने नलिने सम्बन्धमा सोधनी हुँदा रिट निवेदकहरूले सोही ऐनको दफा ३ अनुसार वंशजको नाताले नागरिकता प्रमाणपत्र लिन चाहेको र दफा ५ बमोजिम अंगिकृत नागरिकता लागि निवेदन पेश नगर्ने भनेको कारण सो सम्बन्धमा कुनै कारवाही अगाडि नबढेको भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय ललितपुरको तर्फबाट पर्न आएको लिखित जवाफ ।

रिट निवेदकहरूका पिता रूडल क्षेत्री नेपाली नागरिक थिए वा हुन भन्ने कुनै पनि ठोस प्रमाण पेश गर्न नसकेको कारण वंशजको नाताले नेपाली नागरिकताको लागि सिफारिस गर्न नसकिने भनिएको हो । विपक्षीले रिट निवेदनमा "हाम्रो पिताको मृत्यु पश्चात् वहाँसँग सम्बन्धित सबै कागजातहरु पनि हाम्रो रित परम्पराबमोजिम जलाइएको थियो भनी उल्लेख गरेका भएपनि क्षेत्री समुदायमा त्यसरी कागज जलाउने प्रचलन रहेको भन्ने कुरा पत्यारलायक नभएको, यदि जलाइएको भए सो कागजातहरु के कुन कार्यालयको रेकर्डमा थिए, सो को प्रतिलिपि लिन सक्ने नसक्ने सम्बन्धमा कुनै उल्लेख सम्म नगरी सफा हात

नलिई अदालत प्रवेश गरेको अवस्था छ । गाउँ विकास समिति सचिवले हीनताबोध हुने गरी विपक्षीहरूलाई कुनै व्यवहार नगरेको विपक्षी लगायत निजले लिई आएका व्यक्तिहरूले नै गाउँ विकास समिति सचिव, कर्मचारीहरू समेतलाई गालीगलौज गरी धम्की समेत दिएका हुन् । गाउँ विकास समिति सचिवलाई झुठा लाञ्छना लगाई दुःख दिनका लागि दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको साविक किटनी हाल गोदावरी गाउँ विकास समितिको कार्यालय ललितपुरको तर्फबाट पर्न आएको लिखितजवाफ ।

यसमा यस्तै विषयवस्तु समावेश भएको निवेदक भोला नगरकोटी समेत र विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत भएको उत्प्रेषण परमादेश रिट निवेदनमा मिति २०७०।१२।१० मा र निवेदक विजय बस्नेत र विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुर समेत भएको उत्प्रेषण परमादेश रिट निवेदनमा मिति २०७१।१२।३० मा फैसला भएको रिट निवेदनहरूको फैसला सहितको मिसिल साथ राखी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७२।१।९ को आदेश ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो ।

निवेदकहरु तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री मीरा ढुंगाना र श्री सुषमा गौतमले निवेदकहरूकी आमा सुषमा राई वंशजको नाताले नेपालको नागरिक भएको, नेपालको अन्तरिम संविधान २०६३, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपा पक्ष रहेका विभिन्न अन्तर्राष्ट्रिय अनुबन्धहरूको आधारमा रिट निवेदकहरूले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने हक रहेको हुँदा रिट जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुर समेतका तर्फबाट उपस्थित हुनु भएका विद्वान उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले निवेदक साधिकार निकायसम्म नागरिकता प्रमाणपत्रका लागि पुगेको अवस्था नभएको हुँदा नागरिकता दिन इन्कार गर्‍यो भनी भन्न मिल्ने होइन । साधिकार निकायले छानवीन गरी नागरिकता पाउने नपाउने निर्णय गर्ने हुँदा रिट खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । मिसिल संलग्न कागजात प्रमाण, विद्वान कानुन व्यवसायीहरूले गर्नु भएको बहस जिकिर समेतका आधारमा प्रस्तुत रिट निवेदनमा माग बमोजिम आदेश जारी गर्नु पर्ने हो वा होइन भन्ने सम्बन्धमा ने निर्णय दिनु पर्ने देखियो । निर्णयतर्फ विचार गर्दा पिताको मृत्यु पश्चात् हाम्रो रित परम्परा बमोजिम वहाँका सबै कागजातहरु जलाइएको हुँदा आमाको नामबाट नागरिकता लिन गाउँ विकास समितिबाट सिफारिस लिन खोज्दा नदिएको जिल्ला प्रशासन कार्यालयले समेत दिन इन्कार गरेकोमा नेपालको अन्तरिम संविधान २०६३ एवं नेपाल नागरिकता ऐन र नियमावलीले आमाको नामबाट नागरिकता पाउने हाम्रो संवैधानिक एवं कानुनी हक सुनिश्चित रहेको हुँदा आमाको नामबाट नागरिकता प्राप्त गर्न सिफारिस दिनु एवं आमाको नामबाट नागरिकता समेत दिनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन दावी रहेको पाइयो । रिट निवेदकहरूका पिता रूडल क्षेत्री नेपाली नागरिक थिए वा हुन भन्ने कुनै पनि ठोस प्रमाण पेश नगरेको कारण वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस नदिएको भन्ने विपक्षी गाउँ विकास समिति तथा नागरिकता पाउँ भनी रितपूर्वक निवेदन नै पेश नगरेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखितजवाफ व्यहोरा देखियो ।

यसमा रिट निवेदकहरु दिवाकार क्षेत्री र प्रभाकर क्षेत्री बाबु रूडल क्षेत्री र आमा सुष्मा राईका छोराहरु रहेका भन्ने देखिन्छ । निजहरूले रिट निवेदन साथ पेश गरेका कागजात प्रमाणहरु केलाएर हेर्दा रिट निवेदकहरूका बुबा रूडल क्षेत्रीको मृत्यु मिति २०३६।८।२६ मा मा भएको र तत्पश्चात् निजको पत्नी रिट निवेदकहरूकी आमा सुष्मा राईले २०४२।५।२३ मा योगेन्द्र राई भन्ने व्यक्तिसँग विवाह गरेको भन्ने देखिन्छ । निज सुष्मा राईले मिति २०३३।४।३ मा प्राप्त गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि हेर्दा जिल्ला कार्यालय ललितपुरबाट वंशजको आधारमा लिएको पाइन्छ । नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्वपूर्ण प्रमाणपत्र हो । नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानुन निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरु तय गरेको हुन्छ । कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा वा रोजगार, पेशा, व्यवसायमा संलग्न हुँदैमा त्यो राष्ट्रको नागरिक भै हाल्दैन । राज्यको नीतिको अधीनमा रही कानुनले नागरिकता प्राप्त गर्ने खास आधार र प्रकृयाहरु तय गरेको हुन्छ । यस्ता आधार र प्रकृयाहरु पूरा गर्ने व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी गरिन्छ । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख) अनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति नागरिकता प्राप्त गर्न योग्य हुने व्यवस्था रहेको पाइन्छ । वर्तमान नेपालको संविधानको धारा ११(२)(ख) मा पनि सोही अनुसारको व्यवस्था रहेको पाइन्छ । सोही धाराको उपधारा (५) मा "नेपालको नागरिक आमाबाट नेपालमा जन्म भै नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ" भन्ने व्यवस्था भै प्रतिबन्धात्मक वाक्यांशमा "तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानुन बमोजिम अंगिकृत नागरिकतामा परिणत हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । तत्काल प्रचलित नेपालको संविधान २०६३ अन्तर्गत प्रस्तुत रिट दायर हुन आएको भए पनि

उक्त संविधान खारेज भै वर्तमान नेपालको संविधान जारी भैसकेको सन्दर्भमा अब नागरिकताको प्राप्तिको विषय समेत यसै संविधान बमोजिम हुने कुरामा दुईमत हुन सक्दैन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने भएता पनि दफा ५(२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भै नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अंगिकृत नागरिकता प्रदान गर्न सकिने भन्ने व्यवस्था रहेको पाइन्छ ।

रिट निवेदकहरूले आफुहरूको बाबु नेपाली नागरिक रहेको भनी दावी लिएको भएपनि निजको बाबु नेपाली नागरिक भएको प्रमाणहरु पेश गर्न असमर्थ रहेको स्वयं रिट निवेदकहरूले स्वीकार गरेको अवस्था छ । कानुनले कुनै संवैधानिक वा कानुनी हक उपभोग गर्न एकभन्दा बढी विकल्पहरु उपलब्ध गराएको रहेछ भने सो मध्ये कुनै विकल्प छनौट गर्न पाउने अधिकार त्यस्तो हक अधिकार उपभोग गर्न पाउने व्यक्तिमा रहन्छ । प्रस्तुत रिट निवेदनको सन्दर्भमा रिट निवेदकहरूले आमाको नामबाट नागरिकता लिन पाउने संवैधानिक एवं कानुनी हकको उपभोग गर्न पाउने कुरामा आशंका नभए पनि उक्त हक उपभोग गर्न आवश्यक पर्ने माथि उल्लिखित संवैधानिक एवं कानुनी मापदण्ड र प्रकृयाहरु पूरा गर्ने दायित्व पनि निवेदकहरु माथि रहन जान्छ । रिट निवेदकहरु प्रकृया पु¥याएर नागरिकता पाउँ भनी आधिकारिक निकायमा गएको अवस्थामा त्यस्तो निकायले माग बमोजिम नागरिकता प्राप्त गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक छानवीन गरी निर्णयमा पुग्नु पर्ने हुन्छ ।

तसर्थ निवेदकहरूले माग गरे बमोजिम निवेदकहरु नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम नागरिकता प्राप्त गर्ने वा ऐ. ऐनको दफा ३(२) तथा दफा ५(२) अनुसार नागरिकता प्राप्त गर्न सक्ने व्यक्ति हुन वा के हुन सो सम्बन्धमा छानवीन भै निर्णय गर्नु पर्ने देखिएको हुँदा आवश्यक छानवीन गरी निर्णय गरी सो को जानकारी निवेदकहरूलाई समेत दिनु भनी विपक्षीहरु जिल्ला प्रशासन कार्यालय ललितपुर र साविक किटनी हाल गोदावरी गाउँ विकास समिति ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा विपक्षीहरूलाई दिनु । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश

म उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः आत्मदेशव जोशी
कम्प्युटर : चन्द्रा तिमल्सेना
सम्वत् २०७३ साल बैशाख ३० गते रोज ५ शुभम............

# १४ दिप्ती गुरूङ
## बिरूद्ध
## नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७१ साल माघ २६ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**
**माननीय न्यायाधीश श्री ओम प्रकाश मिश्र**
**आदेश**
**०७०-WO-०९३२**

**विषय : उत्प्रेषणयुक्त परमादेश समेत ।**

दिप्ती गुरूङकी छोरी वर्ष १३ कि निकिता गुरूङको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५१ बमोजिम संरक्षक भई आफ्नो हकमा समेत स्व. धनबहादुर गुरूङकी छोरी ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ३ बस्ने वर्ष ४१ की दिप्ती गुरूङ ........१ रिट निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं ........१
नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं ........१
नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, काठमाडौं ........१
नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ........१ विपक्षी
ललितपुर उपमहानगरपालिका, पुल्चोक, ललितपुर ........१
ललितपुर उपमहानगरपालिका वडा नं ३ को कार्यालय, पुल्चोक, ललितपुर ........१
जिल्ला शिक्षा कार्यालय, कनिवहाल, ललितपुर ........१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७ बमोजिम दायर हुन आएको प्रस्तुत विषयको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ :

**रिट निवेदनको व्यहोरा :**

म निवेदकले छोरी निकितालाई मिति २०५७।१।४ मा जन्म दिएँ । निजको पिताको पहिचान म निवेदक स्वयंले पनि गर्न सकेकी छैन । छोरी निकिता गुरूङ हाल कक्षा ९ मा रातो बङ्गला स्कुलमा अध्ययनरत छिन् । कक्षा ९ मा अध्ययनरत रहँदा नै एस.एल.सी. परीक्षाको लागि फाराम भर्नु पर्ने हुन्छ । एस.एल.सी. परीक्षाको फाराम जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने, फाराम पठाउँदा छोरीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पनि सँगसँगै पठाउनु पर्ने र जन्म दर्ता संलग्न नभएको फाराम रजिष्ट्रेशन अस्वीकृत हुने भनी जिल्ला शिक्षा कार्यालय, कनिवहालले रातो बङ्गला स्कूललाई पत्र पठाएको अवस्था छ । यसरी छोरीको जन्म दर्ता नभएको हुँदा एस.एल.सी. परीक्षाको फाराम स्कूलले जिल्ला शिक्षा कार्यालयमा बुझाउन नसकेपछि हाल उनी पढिरहेको रातो बङ्गला स्कुलले जन्म दर्ता नलाइए स्कुलबाट पनि निष्कासन गरिदिनेसमेत चेतावनी दिइरहेको छ । मिति २०७०।१।८ मा मैले छोरीसमेत लिई हामी बसोबास गरिरहेको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं ३ को कार्यालयमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ बमोजिमको जन्मको सूचना फाराम भरी जन्म दर्ता गर्न जाँदा जन्म दर्ता गरिदिन इन्कार गरियो । जन्म दर्ता गर्न सक्ने अन्य विकल्पको सम्बन्धमा कुनै जानकारी पनि दिइएन । तत्पश्चात् मैले छोरीलाई लिई महिनैपिच्छे उक्त कार्यालय धाउँदा पनि जन्म दर्ता नगरिदिएको र बाबुको नागरिकता नभई छोरीको जन्म दर्ता हुँदैन भनी हामी आमा छोरीलाई हप्काउने भाषामा जवाफ दिइएको हुँदा अन्य वैकल्पिक बाटो नभएकोले रिट निवेदन लिई उपस्थित भएकी छु ।

यसरी बाबुको पहिचान नभएको कारणले मेरो छोरीको जन्म दर्ता नगरेको हुनाले विपक्षी ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयलाई म निवेदक आमाकै नामबाट मेरो छोरीको जन्म दर्ता गर्नु, गराउनु भनी परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाउँ । जिल्ला शिक्षा कार्यालय कनिवहाल, ललितपुरका नाममा हाल निकिता गुरूङको

जन्म दर्ता नभए तापनि एस.एल.सी. परीक्षाको फाराम अस्वीकृत नगरी फाराम बुझिदिनु भन्ने अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन ।

**अदालतको प्रारम्भिक आदेशः**

निवेदकको मागबमोजिम आदेश जारी हुनु नपर्ने भए सोको आधार र प्रमाणसमेत उल्लेख गरी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा म्याद सूचना जारी गर्नु । अध्ययनरत विद्यार्थीलाई परीक्षाको अवसरबाट वन्चित गर्न न्यायोचित नहुँदा मिति २०७१।३।१९ को जिल्ला शिक्षा कार्यालय, ललितपुरको पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको भन्ने यस अदालतको मिति २०७१।३।२४ को आदेश ।

**विपक्षीहरूबाट पेश भएको लिखित जवाफः**

यस ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयमा रिट निवेदक आउनु भएको छैन । कुनै सूचना जानकारी माग्न नआउनु भएको र जन्म दर्ता फाराम पनि नभरेको अवस्था हुँदा विपक्षीको रिट निवेदन व्यहोरा सत्य होइन ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र ऐ. नियमावली, २०३४ एवं स्थानीय विकास मन्त्रालयले स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा दिएको निर्देशन, २०६७ तथा समय समयमा जारी भएको परिपत्रको आधारमा व्यक्तिगत घटना दर्ता गर्ने कानुनी कर्तव्य स्थानीय पञ्जिकाधिकारीको हो । विपक्षीले तोकिएको फाराम भरी यस कार्यालयमा पेश नै गर्नु भएको छैन । रिट निवेदकको निवेदन लेखअनुसार जिनकी छोरी निकिताको दुर्घटनाको कारण जन्म भएको, बाबुको ठेगान नभएको, बाबुको राष्ट्रियता थाहा नभएको, राष्ट्रियता थाहा भएर पनि नागरिकता लिए नलिएको थाहा नभएको आदि अवस्था भए सोही बमोजिम उल्लेख गरी सम्बन्धित स्थानीय निकायमा बच्चाको जन्म दर्ताको लागि आवेदन परेको अवस्थामा कानुनबमोजिम स्थानीय पञ्जिकाधिकारीले के कसरी त्यस्तो बच्चाको जन्म दर्ता गर्ने भनने सम्बन्धमा निकासाको लागि जन्म, मृतयु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ अन्तर्गत नियुक्त मुख्य पञ्जिकाधिकारीसँग राय निर्देशन माग गरी नेपाल सरकारको निर्णयबमोजिम पनि रिट निवेदकले उपचार पाउन सक्ने मार्ग ऐनमा छ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १६ बमोजिम बाधा अड्काउ फुकाउने नेपाल सरकारको अधिकारअन्तर्गत ऐनको कार्यान्वयन गर्न सक्ने अवस्था विद्यमान पनि छ । रिट निवेदक यो साधारण उपचारतर्फ नलागी सम्मानित अदालतसमक्ष रिट निवेदन लिई आउनु भएको हुँदा मागबमोजिम आदेश जारी हुने अवस्था छैन । कानुनी प्रावधानबमोजिम निवेदक जस्ताको जन्म दर्ता गर्न कानुनी बाधा अडचन हुने स्वयं विपक्षीले स्वीकार गरेको अवस्थामा यस ललितपुर उपमहानगरपालिकाबाट विपक्षीको कुनै संवैधानिक हक हनन हुने कार्य नभएको हुँदा रिट निवेदन खारेज गरीपाउँ भन्ने व्यहोराको ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयका तर्फबाट र ललितपुर उपमहानगरपालिकाको कार्यालयको तर्फबाट पेश भएको संयुक्त लिखित जवाफ ।

बाबुको ठेगान नभएको बालबालिकाको हकमा जन्म दर्ता गर्न इन्कार नगर्नु भनी सम्मानित सर्वोच्च अदालतबाट परमादेश जारी भएको र सोबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को खण्ड (क) मा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले संशोधन गरी परिवारको मुख्य व्यक्तिले सूचना दिनुपर्ने, निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति सूचक भई जन्म तथा मृत्युको घटना दर्ता गराउन सक्ने एवं बाबुको ठेगाना नलागेका बालबालिकाको जन्म दर्ता सूचना फारामको बाबुको विवरणको महलमा ठेगाना नभएको भन्ने व्यहोरा लेखी आमा सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट व्यवस्था भएको पाइन्छ । अतः सोअनुसार विपक्षी निवेदकले दावी लिनु भएको विषय सम्मानित अदालतबाट यसअगाडि नै सम्बोधन भइसकेको विषय हुँदा पुनः सोही विषयमा आदेश जारी गर्नु पर्ने होयन भन्ने व्यहोराको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

स्थानीय निकायले रिट निवेदकको छोरीको जन्म दर्ता नगरेको विषयमा यस मन्त्रालयलाई विपक्षी बनाइरहनु पर्ने होइन भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्न जन्मको सूचना फारामको बाबुको विवरणको महलमा ठेगाना नभएको व्यहोरा उल्लेख गरी आमा सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने गरी यस मन्त्रालयबाट मिति २०६२।१०।१३ मा सम्पूर्ण स्थानीय निकायहरूलाई परिपत्र गई सोहीबमोजिम जन्म दर्ता हुँदै आइरहेको छ । यसै गरी विदेशमा जन्म भई बाबु पत्ता नलागेको नेपाली आमाबाट जन्मेको बच्चाको जन्म दर्ता गर्ने सम्बन्धमा यस मन्त्रालयबाट मिति २०६७।६।१४ मा पत्राचार भइसकेको छ । यसै गरी जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले त्यस्तो सूचना दिनुपर्ने व्यवस्था उक्त ऐनको दफा ४ को उपदफा (४) मा रहे मुताबिक नेपाल राजपत्र खण्ड ५२, संख्या ४७, भाग ३, मिति २०५९।११।२६ मा गा.वि.स. मा सचिव र नगरपालिकामा कार्यकारी अधिकृत सूचक हुने व्यहोराको सूचना प्रकाशित भई सोहीबमोजिम घटना दर्ता भइरहेको छ । यसरी बाबुको पहिचान नभएका व्यक्तिको आमाको नागरिकताको आधारमा जन्म दर्ता हुन सक्ने व्यवस्था गरिसकेको अवस्थामा दिइउको रिट निवेदन खारेजभागी

छ भन्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तथा सोही मिलानको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

**रिट निवेदकका तर्फबाट प्रस्तुत भएको बहस :**

रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री मीरा ढुङ्गाना र श्री सुषमा गौतमले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा १ को खण्ड(क) ले जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले गर्नुपर्ने व्यवस्था छ, सोही व्यवस्थाअनुसार रिट निवेदक जन्म दर्ता गर्न जाँदा जन्म दर्ता भउको स्थिति छैन, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ मा भएको जन्मको सूचना फाराममा बाबुआमाको नागरिकतासम्बन्धी विवरण उल्लेख गरे तापनि कुनै एक जनाको नागरिकता नहुँदैमा जन्म दर्ता नै गर्न नहुने गरी अर्थ गर्न कदापि मिल्दैन, बच्चाको जन्म दर्ता हुनु पर्ने जन्मसिद्ध अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३ एवं बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले समेत उल्लेख गरेको हुँदा त्यसलाई चुनौती दिने अधिकार विपक्षीहरूलाई छैन भन्ने समेत व्यहोराको वहस प्रस्तुत गर्नुभयो ।

**अदालतको आदेशः**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत विषयमा बाबुको पहिचान नभएकी छोरीको हकमा स्थानीय निकायमा जन्म दर्ता गर्न इन्कार गरेकोले दर्ता गराइ पाउन रिट निवेदन दिएको देखिन्छ । विपक्षीहरको लिखित जवाफ हेर्दा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ को जन्मको सूचना फाराममा नागरिकता लिएका बाबु आमाको विवरण भर्नुपर्ने ढाँचा भएकोले सोअनुसार बाबुको विवरण खाली राखी जन्म दर्ता गर्न मिल्ने हुँदैन, बाबुको ठेगान नभएका बच्चाको हकमा स्थानीय पञ्जिकाधिकारीले मुख्य पञ्जिकाधिकारीसँग आवश्यक निकासा माग गरी निवेदकको उपचार प्राप्त गर्न सक्ने वैकल्पिक व्यवस्था विद्यमान नै छ भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ ।

तसर्थ प्रस्तुत विषयका सन्दर्भमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ अनुसार बाबुको पहिचान नभएको निवेदकको छोरीको हकमा जन्म दर्ता हुनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनु परेको छ । यसमा निर्णयतर्फ विचार गर्दा कस्ता नाबालकको जन्म दर्ता गर्ने र कस्ताको हकमा नगर्ने भन्ने सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ ले कुनै वर्गीकरण गरेको पाइँदैन । उक्त ऐनको प्रस्तावनामा "नेपालमा बसोबास गर्ने व्यक्तिहरूको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइ सराई जस्ता घटना दर्ता गरी प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश उल्लेख भएको पाइन्छ । प्रस्तावनामा ऐनको उद्देश्य र भावना समाहित हुने हुँदा उक्त ऐनको यस उल्लेखले नेपालमा बसोबास गर्ने जो कोहीको पनि जन्म दर्ता गर्न बाधा पुगेको देखिंदैन । नेपालमा जन्मेको बालबालिका स्वदेशी वा विदेशी जो भए तापनि त्यसको अभिलेख हुनु जरूरी हुन्छ । यहाँसम्मकी जन्म दर्ताको विषयलाई स्वदेशीको लागि मात्र नभएर शरणार्थी, राज्यविहिन बालबालिका वा विदेशीको हकमा समेत एक अधिकारको रूपमा स्थापित गरेको पाइन्छ ।[१]

कुनै बालबालिकाको जन्म भएपछि जन्म दर्ता गर्न पाउनु उसको नैसर्गिक अधिकार भएको कुरालाई विभिन्न अन्तर्राष्ट्रिय महासन्धिले उल्लेख गरेको पनि छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ६ ले जुनसुकै ठाउँमा पनि कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रूपमा पहचान पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।[२] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४(२) ले प्रत्येक बालबालिकालाई जन्मेपछि तत्कालै दर्ता गरिनेछ र निजको नाम राखिनेछ भन्ने उल्लेख गरेको पाइन्छ ।[३] यसैगरी बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ७(१) ले बालबालिकालाई जन्मेपछि तत्काल दर्ता गरिनेछ भन्ने कुराको प्रत्याभूति गरेको देखिन्छ ।[४] यसबाहेक संयुक्त राष्ट्र संघीय महासभाले सन् २०११ को डिसेम्बर १९ मा एक प्रस्ताव पारित गरी सबै राष्ट्रहरूलाई बालबालिकाको जन्म दर्ता समेतको अधिकारलाई सुरक्षित राख्न आग्रह गरेको पाइन्छ ।[५]

जन्म दर्ता प्रमाणपत्र कुनै पनि बालबालिकाको लागि राज्यद्वारा प्रदान गरिने त्यस्तो कानुनी मान्यता हो जसले निजलाई समाज वा राष्ट्रको एक सदस्यको रूपमा अस्तित्ववान गराएको हुन्छ । यसले आफ्नो बाब वा आमासँग मात्र नभएर राज्यसँगसमेत कानुनी रूपमा सम्बन्ध स्थापित गर्दछ ।

कुनै बालबालिकाले राज्यको प्रचलित कानुन विपरित कुनै अपराध गरेमा निजउपर अभियोग लगाउँदा वा न्यायिक प्रक्रियामा सहभागी गराउँदा जन्म दर्ताको महत्व हुन्छ ।[६] यसैगरी करार गर्दा, धर्मपुत्र र धर्मपुत्री बनाउँदा, रोजगारी

१. Rachel Hodgkin and Peter Newell, *Implementation Handbook for the Convention on the Rights of the Child*, (UNICEF, 2007), p. 97

२. धारा ६: "Everyone has the right to recognition everywhere as a person before the law."

३. धारा २४(२): "Every child shall be registered immediately after birth and shall have a name."

४. धारा ७(१): "The child shall be registered immediately after birth and shall have the right from birth to a name, the right to acquire a nationality and, as far as possible, the right to know and be cared for by his or her parents."

५. "The General Assembly … urges all state parties to … protect children in matters relating to registration, family relations and adoption or other forms of alternative care…" cited from http://www.un.org/en/ga/66/resolutions.html.

प्रदान गर्दा, बालविवाह रोक्नु पर्दा, रोगविरूद्ध खोप लगाउनु पर्दा वा राज्यबाट प्राप्त गर्ने अन्य सामाजिक सुरक्षा प्राप्त गर्नु पर्दासमेत जन्म दर्ताको ठूलो महत्व हुन्छ । युनिसेफले नेपाललगायत विभिन्न देशहरूको बालबालिकाको जन्म दर्तासम्बन्धमा गरेको एक अध्ययनले पहिचान नभएका वा जन्म दर्ता नगरिएका बालबालिकालाई दास गराउन वा वेश्यावृत्तिमा लगाउन सक्ने सम्भावना औंल्याएको पाइन्छ ।[७] आफ्नो वडा वा नगरपालिका क्षेत्रभित्र हुने हरेक गतिविधिको अभिलेखीकरण गरी तथ्याङ्कगत स्पष्टतामा रहँदा योजना निर्माणमा समेत सघाउ पुग्दछ । त्यसमा पनि बालकको सर्वोत्तम हितका लागि नेपालको कुनै बालबालिका जन्मिन्छ भने दर्ता नगरेको कारणले मात्र त्यो खण्डित हुने कुरा आउँदैन । प्रस्तुत विषयमा रिट निवेदक नेपालको नागरिक भएको र निजले नेपाली नागरिकता प्राप्त गरेको कुरामा विवाद छैन । नेपालमा जन्मेको बालबालिकाको जन्म दर्ता हुनु स्वाभाविक हुँदा त्यस्तो स्वाभाविक रूपमा गर्नुपर्ने कुरामा पनि नियम, कानुन वा परम्पराको आधार देखाई दर्ता गर्न नै इन्कार गर्दा नेपालमा जन्मेको बालबालिकाको तथ्याङ्कसमेत हराउने वा अनिश्चित हुने अवस्था रहन्छ । त्यस्तो तथ्याङ्कको अभावमा त्यस्ता बालबालिकाको विकास एवं पहिचान झन् ओझेलमा पर्न जान्छ ।

बालकको जन्म दर्ता हुँदैमा बाँकी सबै हकहरु स्वतः प्राप्त हुन्छ भन्ने पनि होइन । त्यो कानुनबमोजिम हुने कुरा हो । जन्म स्थानका आधारमा नागरिकता प्राप्त गर्ने पद्धति jus soli होस् वा रगतको सम्बन्धका आधारमा नागरिकता प्राप्त गर्ने पद्धति just sanguinis होस्, जुनसुकै पद्धतिमा पनि बालबालिकाको हितको निम्ति जन्म दर्ता आवश्यक हुन्छ । कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) ले र सोहीअनुसार नागरिकता ऐन, २०६३ को दफा ३(१) ले समेत व्यवस्था गरेको हुँदा नागरिकता प्राप्तिको प्रथम आधारका रूपमा रहने जन्म दर्ता प्रमाणपत्रको उपादेयतालाई राज्यले नजरअन्दाज गर्न मिल्दैन ।

प्रस्तुत विषयका सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ मा भर्नु पर्ने विवरणमा अन्य कुराको अतिरिक्त बाबु आमासमेतका विवरणहरु सामेल गरिएको र सोसँग सम्बन्धित जटिलताको कारणले घटना दर्ता नगरेको देखिन्छ ।

जन्म दर्ता गराउन चाहनेले भरेको वा भर्न सक्ने विवरण जे जति दिन ल्याउँछ सो हदसम्म स्वीकार गरेर भए तापनि बच्चाको जन्म दर्ता गरिदिनु नै राज्यको कर्तव्य हुन्छ । अन्यथा पछि अन्य जटिलता उत्पन्न हुन्छ । यस विषयमा यस अदालतको विशेष इजलासबाट "वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्म दर्ता गर्न इन्कार नगर्नु" भनी आदेश भइसकेको छ ।[८] यसरी यस अदालतबाट बाबुको पहिचान नभएका बालबालिकाको हकमा पनि जन्म दर्ता गरिदिने आदेश गरिसकिएको छ भने स्थानीय विकास मन्त्रालयले सोही आदेशका आधारमा मिति २०६२।१०।१३ मा सबै स्थानीय पञ्जिकाधिकारीहरूलाई बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्न सूचना फारामको बाबुको विवरणको हलमा ठेगान नभएको व्यहोरा लेखी आमाको नागरिकताको आधारमा जन्म दर्ता हुन सक्ने गरी स्पष्ट निर्देशन दिइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको छ । यसरी बालबालिकाको बाबुको ठेगान नलागेको अवस्थामा पनि जन्म दर्ता गर्न यस अदालतबाट आदेश भएको एवं मन्त्रालयबाट सोही विषयमा निर्देशन दिइसकेको स्थितिमा सोही विषयलाई लिएर जन्म दर्ता गर्नबाट इन्कार गर्नु हुँदैन । जन्म दर्ता गर्न ल्याए गरिदिने मात्र होइन, जन्म दर्ता गर्ने कार्य नै अनिवार्य हुन सकेको खण्डमा जनतामा उत्तरदायी शासनप्रणालीको अनुभूति हुन जान्छ ।

अतः निवेदकले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ अनुसूची २ को फाराममा उल्लिखित विवरण जो दिएमा वा भर्न सकेको भनी ल्याएमा सो ग्रहण गरी यथास्थितिमा दर्ता गरिदिनु भनी विपक्षी ललितपुर उपमहानगरपालिका समेतका नाममा परमादेश जारी हुन्छ । साथै उक्त अनुसूची २ को व्यवस्थालाई बाबुको पहिचान हुन नसकेको निवेदकको जस्तो परिस्थितिमा समायोजन हुन सक्ने गरी पुनरावलोकन गरी परिमार्जन वा संशोधन गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : अनिल कुमार शर्मा
कम्प्युटर गर्ने : रामशरण तिमिल्सिना
इति सम्वत् २०७१ साल माघ २६ गते रोज २ शुभम् .....

---

६. कानुनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति वा सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन नसक्ने र सोह्र वर्षभन्दा कम उमेरको भएको अवस्थामा समेत वयस्क व्यक्तिको भन्दा कम सजाय हुने व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ ले गरेको पाइन्छ ।

७. UNICEF, Innocent Digest, "Birth Registration: Right From the Start", (Innocenti Research Centre, Florence, Italy, 2005), p. 5

८. दलित समुदायको उत्थानका लागि जनहित संरक्षण मञ्चका तर्फबाट टेक ताम्राकारसमेत वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेत, विषय : परमादेश समेत, ने.का.प. २०६२, असोज, नि.नं. ७५५०, पृ. ६८० ।

# १५ भोला नगरकोटी समेत विरुद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७० साल चैत्र महिना १० गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री सुशीला कार्की**
**माननीय न्यायाधीश श्री प्रकाश वस्ती**
**आदेश**
**०६९-WO-०८८०**

**विषय : परमादेश ।**

काठमाडौं जिल्ला चाल्नाखेल गा.वि.स. वडा नं. ८ बस्ने भोला नगरकोटी ....................१ निवेदक
काठमाडौं जिल्ला चाल्नाखेल गा.वि.स. वडा नं. ९ बस्ने शान्ति नगरकोटी ....................१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार काठमाडौं ....................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ....................१ विपक्षी
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ....................१
प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, काठमाडौं ....................१

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ तथा धारा १०७ को उपधारा (२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

हामी निवेदकहरु काठमाडौं जिल्लाको चाल्नाखेल गा.वि.स. वडा नं. ८ मा नै जन्मी हुर्की स्थायी बसोबास गरिरहेका छौं । हामी निवेदकहरु माधव नगरकोटी र धन नगरकोटीका छोरा छोरी हौं । निवेदकहरु भोला नगरकोटी मिति २०४८।१०।७ मा र शान्ति नगरकोटी मिति २०४९।११।१० मा जन्म भएको हो । हाम्रा पिता २०५० साल भाद्र महिनादेखि घरबाट कसैलाई केही नभनी बेपत्ता भएको र हालसम्म कुनै थाहा जानकारी प्राप्त भएको छैन । हामी निवेदकहरूलाई एकल आमा धन नगरकोटीले हेरविचार पालनपोषण गरी हुर्काउनुभयो । हामी निवेदकहरूले हाम्री आमाको नामबाट नागरिकता लिई पहिचान बनाउन चाहन्छौं । रितपूर्वक नागरिकता लिनको लागि पिता बेपत्ता भएको भन्ने सिफारिस सहित नागरिकताको सिफारिस समेत लिई मिति २०६९।९।१२ मा नागरिकता लिनको लागि जिल्ला प्रशासन कार्यालयमा जाँदा प्रमुख जिल्ला अधिकारीले बाबु नभई नागरिकता दिन मिल्दैन भन्ने मौखिक रूपमा भनी नागरिकता पाउँ भन्ने निवेदनमा सम्बद्ध पक्षहरु बुझी आवश्यक कार्वाही गर्ने भनी तोक लगाए पनि प्रक्रिया अगाडि बढाएन । नेपालको अन्तरिम संविधान, २०६३ एवं अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूमा समेत नागरिकताको अधिकारसम्बन्धी व्यवस्था रहेको देखिन्छ । हाम्रो जन्म हुँदा हाम्रो आमा नेपालको नागरिक भएको हुनाले संवैधानिक एवं कानुनी व्यवस्था समेतले हामीहरूले वंशजको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । त्यसको प्रतिकूल हामी हाम्रो आमाको नामबाट नागरिकता लिन जाँदा, नागरिकता दिन मौखिक इन्कार गरेकोले हाम्रो मौलिक हक संवैधानिक तथा कानुनी हक र हामीहरूले हाम्रो बाबु आमामध्ये कसको नामबाट पहिचान प्राप्त गर्ने भन्ने छनौट गर्ने अधिकारबाट वञ्चित भैरहेका छौं । अतः विपक्षीहरूको नाममा हामी पीडित निवेदकहरूलाई वंशजको आधारमा आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूका नाममा सूचना म्याद पठाइ महान्यायाधिवक्ताको कार्यालयलाई बोधार्थ दिई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु । यसमा विषयवस्तुको गाम्भिर्यतालाई विचार गर्दा छिटो निर्णय गर्न उपयुक्त हुने प्रकृतिको देखिएकोले सर्वोच्च अदालत

नियमावली २०४९ को नियम ६३(३) (च५) बमोजिम पेशीमा अग्राधिकार प्रदान गरिदिएको छ भने यस अदालत एक न्यायाधीशको इजलासबाट भएको आदेश ।

विपक्षीको रिट निवेदन व्यहोरा झुठा हो । कानुन बमोजिम नागरिकता प्राप्त गर्ने सबै नेपाली नागरिकको नैसर्गिक अधिकार रहेकोले ऐन नियमले तोलकेका सबै कानुनी प्रक्रिया पुरा गरी आमाको नामबाट समेत नागरिकता प्रमाणपत्र दिने भनी यस मन्त्रालयबाट २०६८।०५।०५ मा मातहतका कार्यालयहरूलाई परिपत्र समेत गरिदिएको छ । यस मन्त्रालयको कुनै काम कारवाहीले निवेदकको मौलिक हक हनन गर्ने कार्य नगरेको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन माग बमोजिम अन्तरिम आदेश तथा रिट जारी गर्नुपर्ने होइन रिट निवेदन खारेज भागी छ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानुन बमोजिम पूरा गर्नुपर्ने के कुन दायित्व पूरा नगरेको कारण यस कार्यालयलाई प्रत्यर्थी बनाउनु परेको हो ? भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत निवेदन प्रथम दृष्टिमा मै खारेजभागी छ । आमाको नामबाट नेपालको नागरिकता प्रदान नगरिएको भन्ने प्रश्नका सन्दर्भमा निवेदक सविना दमाई समेत विरूद्ध यस कार्यालय समेत विपक्षी भएको सम्वत २०६७ सालको रिट नं. ०७०३ को रिट निवेदनमा "निवेदकलाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु" भन्ने समेत व्यहोराको निर्देशनात्मक आदेश गृह मन्त्रालय समेतका नाउँमा जारी भएकोले सो व्यहोरा कार्यान्वयन गर्नका लागि यस कार्यालयको च.नं. २८९ मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखि पठाइएकोमा, गृह मन्त्रालयको प.सं.ना. तथा हा.ह. २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्र समेत प्राप्त भएको हुँदा पुनः सोही विषयका सन्दर्भमा परमादेश जारी हुनु पर्ने होइन । विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री ताथ मन्त्रीपरिषद्को कार्यालयको लिखित जवाफ ।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ तथा दफा ८ को उपदफा (१) बमोजिमका कागजातहरु समेत समावेश गरी रित पूर्वकको निवेदन पेश गरेमा सहज रूपमा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्रिंदै आएको छ । नेपाल नागरिकता ऐन, २०६३ तथा नियमावलीद्वारा अनिवार्य रूपमा पेश गर्नु पर्ने निवेदकको बाबु भएको भएको नाता खुल्ने प्रमाण कागज पेश नगरी बाबु को हुन भन्ने नदेखाई तथा सो प्रमाण पेश नै नगरी मौखिक रूपमा जिल्ला प्रशासन कार्यालयले नागरिकता दिन इन्कार गरेको भन्ने झुठा व्यहोरा उल्लेख गरेको विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौं समेतको तर्फबाट प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ ।

नियम बमोजिम आजको दैनिक मुद्दा पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको सम्बन्धित मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो ।

रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मिरा ढुंगानाले निवेदकहरु माधव नगरकोटी र धन नगरकोटीका छोरा छोरी हुन् । निवेदकहरु २०४८।१०।७ मा र २०४९।११।१० मा जन्मिएको भै १६ वर्ष पूरा गरेका छन् । दुवैजना नेपाली नागरिकका सन्तान हुन् । निजहरु जन्मेपछि पिता वेपत्ता भएका हुन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) को खण्ड (ख) ले व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालका नागरिक रहेछ भने वंशजको नाताले नेपालको नागरिक हुने प्रष्ट व्यवस्था छ । उक्त संवैधानिक प्रावधानलाई नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) ले कानुनी व्यवस्था गरेको र नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम (१) ले नागरिकता तथा राष्ट्रियता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा सिर्जित र प्रदत्त दायित्वलाई नेपालको राष्ट्रिय कानुनमा समावेश गरी स्वीकारिएको स्थितिमा रिट निवेदकहरु नेपाली नागरिक आमाको छोराछोरी देखिँदा नागरिकता प्रमाणपत्र प्राप्त गर्न कानुनद्वारा निर्धारित उमेर र प्रकृया पूरा गरेको अवस्थामा नागरिकता पाउनु पर्दछ । यस्तै विषयमा निवेदक सविना दमाई समेत विरूद्ध गृह मन्त्रालय समेत भएको परमादेश समेत मुद्दामा (ने.का.प. २०६८ नि.नं. ८५५७ अंक २, पृष्ठ २४७) नेपाली नागरिक आमाबाट नेपालमा जन्मिएको छोरीलाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेश जारी भएको अवस्था छ । त्यसैले प्रस्तुत मुद्दाको रिट निवेदकहरु पनि नेपाली नागरिक आमाको छोरा छोरी भएको हुँदा वंशजको आधारमा आमाको नाउँबाट नेपाली नागरिकता दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरी पाउँ भनी वहस प्रस्तुत गर्नु भयो ।

विपक्षी नेपाल सरकारसमेतका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान सह–न्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले नेपाल सरकारले निवेदक जस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकको नागरिकता प्राप्त गर्न केही कार्यविधिगत प्रकृया पूरा गर्नुपर्दछ । निवेदकहरूको आफ्ना बाबु भनी उल्लेख गरेको माधव नगरकोटीको नाता प्रमाणित कागज लगायतका प्रमाण कागज पेश भएका बखत नागरिकता दिने भनेकोमा निवेदकहरूका बाबुको राष्ट्रियता खुल्ने नेपाली नागरिकताको प्रमाणपत्र तथा निवेदकहरु बाबु भएको नाता खुल्ने प्रमाण कागज पेश नगरी बाबु को हुन् ? भन्ने नै नदेखाएको अवस्थामा नागरिकता नदिएको भनी व्यहोरा ढाँटी परेको रिट निवेदन खारेज गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

उल्लेखित बहस समेत सुनी निर्णय तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदन माग बमोजिम आदेश जारी गर्नु पर्ने हो होइन भनी निर्णय दिनु पर्ने देखियो ।

यसमा निर्णय तर्फ विचार गर्दा पिता बेपत्ता भएको अवस्था हुँदा आमाको नामबाट नागरिकता लिन जाँदा नागरिकता दिन मौखिक इन्कार गरेकोले पीडित निवेदकहरूलाई वंशजको आधारमा आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने परमादेश जारी गरी पाउँ भन्ने निवेदन जिकिर रहेको प्रस्तुत मुद्दामा निवेदन माग बमोजिम आदेश जारी गर्न पर्ने हो होइन ? भनी निर्णय दिनुपर्ने देखियो ।

निवेदकहरु काठमाडौं जिल्ला चाल्नाखेल गा.वि.स. वडा नं. ८ मा जन्मी हुर्की स्थायी बसोबास गरिरहेका माधव नगरकोटी र धन नगरकोटीका छोरा छोरी रहेको व्यहोरा काठमाडौं जिल्ला चाल्नाखेल गा.वि.स.को सिफारिस, जन्मदर्ता प्रमाणपत्र एवं पत्रबाट देखिन्छ । निवेदकहरु भोला नगरकोटीको जन्म मिति २०४८।१०।७ मा र शान्ति नगरकोटी मिति २०४९।११।१० मा जन्मेको व्यहोरा निजहरूको जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निवेदकहरूको पिताको नाम माधव नगरकोटी भनी उल्लेख गरेको देखिए पनि निज माधव नगरकोटी बेपत्ता रहेको भन्ने व्यहोरा निवेदकहरु एवं निजहरूको आमाले पनि स्वकिार गरेको देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ तथा नियमावलीद्वारा अनिवार्य रूपमा पेश गर्नुपर्ने बाबुको राष्ट्रियता खुल्ने नेपाली नागरिकताको प्रमाणपत्र तथा निवेदकहरूको बाबु भएको नाता खुल्ने प्रमाण कागज पेश नगरी बाबु को हुन् ? भन्ने प्रमाणित गर्न नसकेको अवस्था हुँदा माधव नगरकोटी र आमा धन नगरकोटीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि निजहरु पति-पत्नी र निवेदकहरु छोराछोरी भएको नाता प्रमाणित कागज जन्म खेल्ने कागजात समेत पेश गरी निवेदन गरेका बखत कानुन बमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरिने व्यहोराको जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ रहेको देखिन्छ । निवेदकहरूको पिता माधव नगरकोटी र आमा धन नगरकोटीको बीच पति पत्नी हो भन्ने नाता प्रमाणित हुने प्रमाण निवेदकहरूले पेश गर्न सकेको देखिंदैन । उक्त नाता प्रमाणितको अभावमा माधव नगरकोटी बेपत्ता भएको व्यहोराबाट माधव नगरकोटी र धन नगरकोटीका बीच पति पत्नी प्रमाणित नभएको अवस्थामा माधव नगरकोटीलाई निवेदकहरूको बाबु हो भनी प्रमाणित गरी निवेदन दिएका बखत नागरिकता प्रदान गर्ने भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ व्यहोरा बमोजिम बाबु प्रमाणित भै नआएसम्म यी निवेदकहरूले नागरिकता पाउन सक्ने नसक्ने के हो भनी निरूपण गर्नुपर्ने देखिन आयो ।

यसमा निवेदकहरु भोला नगरकोटी र शान्ति नगरकोटी धन नगरकोटीको छोरा छोरी हुन् भन्ने देखिन्छ । निवेदकहरूको आमा धन नगरकोटीले आफ्नो पति माधव नगरकोटी २०५० साल भाद्र महिनादेखि बेपत्ता भएको र हाल कहाँ छन् भन्ने कुनै खबर जानकारी नभएको भन्ने निवेदन व्यहोरा रहेको आमाको नामबाट नागरिकता पाउँ भनी जि.प्र.का. काठमाडौंमा नागरिकताको लागि निवेदन गरेको व्यहोरा रिट निवेदन एवं लिखित जवाफ व्यहोराबाट देखिन्छ । जन्मदर्ता प्रमाणपत्र र चाल्नाखेल गा.वि.स.को सिफारिस पत्रबाट निवेदकहरु धन नगरकोटीको छोराछोरी हुन भन्ने देखिउको र निवेदकहरूको आमा धन नगरकोटी काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं १५ मा जन्म भै काठमाडौं जिल्ला चाल्नाखेल वडा नं. ८ मा स्थायी बसोबास उल्लेख गरी ०५२/२१६३ नं. बाट मिति २०६३।१२।९ मा वंशजको आधारमा नागरिकता प्राप्त गरेको देखिन्छ । बाबुको नाम उल्लेख भए पनि बाबु र आमाबीच नाता कायम भएको तथ्य प्रमाणित भएको नदेखिएबाट नाता प्रमाणित भै आएपछि मात्र नागरिकता दिने भनी बाबुसँगको नाता प्रमाणित नभएको भन्ने कारण दर्शाई नेपाली नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी हालसम्म निवेदकहरूले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नर्ग नसकेको कारणले प्रस्तुत रिट निवेदन पर्न आएको देखियो ।

नागरिकता प्राप्त गर्ने सम्बन्धमा नेपालको संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ मा नागरिकताको व्यवस्था गरेको छ । भाग २ को धारा ८ को उपधारा १ मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्ति र नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुने व्यवस्था भएको देखिन्छ । धारा ८ को उपधारा २ मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको वंशजको आधारमा नेपालको नागरिकता प्राप्त र उपधारा (२) को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक भएमा त्यस्तो व्यक्ति नेपालको नागरिक हुने व्यवस्था भएको देखिन्छ । उक्त संवैधनिक प्रावधानलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) को कानुनी प्रावधानबाट व्यवस्थित गरेको देखिन्छ । नेपालको नागरिकतासम्बन्धी कानुनले निर्धारण गरेका आवश्यक पूर्वाधार विद्यमान रहेको देखिएको अवस्थामा वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन्छ । प्रस्तुत मुद्दामा बाबु बेपत्ता भएको एकमात्र कारणले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने हकबाट वन्चित गर्न मिल्छ मिल्दैन भन्ने प्रश्न उत्पन्न भएको स्थिति छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) मा "बाबु र आमा" नभनी "बाबु वा आमा" भनेको देखिन्छ । धारा ८(२)(ख) मा ाबु पछि "र" नभनी "वा" भनेको देखिन्छ । धारा ८(२)(ख) मा बाबु पछि "र" भनेको भए बाबु पत्ता नलागेमा नेपालको नागरिकता प्राप्त गर्न नसक्ला तर संविधानले स्पष्ट शब्दमा "बाबु वा आमा" भनेको हुँदा बाबु वा आमामध्ये कुनै एकमात्र

नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने हुँदा विपक्षीहरूले निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र नदिई संविधानको स्पष्ट प्रावधानको गलत अर्थ र गलत व्याख्या गरेको देखियो । यस्तै विषय समावेश भएको सविना दमाई समेत विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार समेत भएको सम्वत् २०६७ सालको रिट नं. ०६७-WO-०७०३ को परमादेश (ने.का.प. २०६८ नि.नं. ८५५७ अंक २ पृष्ठ २४७) रिटमा नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको निवेदक सविना दमाईलाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेश जारी भएको देखिन्छ । प्रस्तुत मुद्दामा पनि बाबु बेपत्ता भै हालसम्म सम्पर्क विहिन रहेको देखिएको र निवेदकहरूको आमा वंशजको नाताबाट नेपाली नागरिक भएको तथ्य मिसिल संलग्न नागरिकताको प्रतिलिपिबाट पुष्टि भैरहेको देखिएको र निवेदकहरु नेपाली नागरिक धन नगरकोटीको प्रतिलिपिबाट पुष्टि भैरहेको देखिँदा निवेदकहरूलाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेश जारी गरिदिएको छ । यो आदेशको जानकारी महान्यायाधीवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु । प्रस्तुत रिट दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृत : लालकाजी श्रेष्ठ
कम्प्यूटर गर्ने : सविना अधिकारी

इति सम्वत् २०७० साल चैत्र महिना १० गते रोज २ शुभम् ..................

# १६ | अमृत कुमार शर्मा विरूद्ध नेपाल सरकार

फैसला/आदेश मिति, प्रकाशन नं. | २०७२ वैशाख ३ गते , ने.का.प, २०७२ पौष, भाग ५७, अंक ९, नि.नं. ९४५९ पृष्ठ १५३९

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**
**माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र**
**माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ**
**आदेश**
**०७०-WS-००१६**

**विषय : उत्प्रेषणयुक्त परमादेश ।**

का.जि.का.म.न.पा. वडा नं. ३५ बस्ने वर्ष १७ को अमृत कुमार शर्मा ......१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ......१
नेपाल सरकार, गृह मन्त्रालय ......१
नेपाल सरकार, कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ......१
नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ......१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ......१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) र १०७(२) बमोजिम दर्ता भई यस इजलासमा पेश भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ ।

म निवेदकलाई लमजुङ जिल्ला घर बताउने नाम थर थाहा नभएका व्यक्तिले यो मेरो छोरा हो भनी साथै लिई जिल्ला धनुषा नक्टाझिज गा.वि.स. वडा नं. १ बस्ने प्रजापति शर्मा (तिम्सिना) को घरमा आइ आफू पनि यही बसी काम गर्ने भनी बसेका रहेछन् । पछि ती व्यक्तिले मलाई त्यही छाडी एकछिन पछि आउँछु भनी हिंडेकामा अहिलेसम्म फर्की नआएपछि इलाका प्रहरी कार्यालय, महेन्द्रनगर धनुषाबाट खोजी हुँदा समेत निजको पत्ता लाग्न सकेन । ती व्यक्तिले मलाई त्यहीं छोडे पछि त्यस समयदेखि म प्रजापति शर्मा (तिम्सिना) को घरमा निजको संरक्षकत्वमा बसिरहेको छु । संरक्षकका अनुसार सानैमा नाम अमृतकुमार भनी बताएकोले मेरो नाम अमृतकुमार भनी पहिचान भएको छ । मेरो संरक्षक हाल धनुषाबाट काठमाडौंको कोटेश्वरमा बसाइ सराई गर्नु भएको कारण म पनि उहाँसँगै कोटेश्वरमा बसोबास गर्छु । म अहिले साबालक भै सकेकोले आवश्यक प्रक्रिया पूरा गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नागरिकताको लागि दरखास्त गर्दा सो कार्यालयले दरखास्त फाराममा बाबु आमाको नाम एवं जन्मस्थान उल्लेख नभएको र संरक्षक प्रजापति शर्मा (तिम्सिना) लाई पालनपोषण गर्न समेतका लागि कुनै पनि आधिकारिक निकायबाट कानुनबमोजिम संरक्षकत्व प्राप्त नभएकोले नागरिकता दिन नमिल्ने भनी नागरिकता नदिएको कारण हाल म नागरिकताविहिन छु । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति र नेपाल सरहदभित्र फेला परेको पितृत्व/मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ भन्ने व्यवस्था छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (६) ले पनि नेपाल सरहदभित्र फेला परेको पितृत्व/मातृत्व ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने व्यवस्था छ । सो संवैधानिक र कानुनी व्यवस्था बमोजिम मैले नागरिकता नपाउनु पर्ने कुनै आधार र कारण छैन । म निवेदक जस्ता नेपाल सरहदभित्र फेला परेका पितृत्व/मातृत्वको ठेगान नलागेका नाबालकहरु अरू कसैको संरक्षकत्वमा हुर्के बढे पनि नागरिकता पाउनबाट वञ्चित भएका छन् । यसरी नागरिकता नपाई राज्यविहिनताको अवस्था हुनु भनेको आधारभूत हक अधिकारबाट समेत वञ्चित हुनु हो । बाबु आमाको पहिचान नभएका व्यक्तिलाई नागरिकता दिइएको अवस्थामा पनि आत्मसम्मान विपरीत नागरिकता प्रमाणपत्रमा पितृत्व/मातृत्वको ठेगान नभएको

भनी उल्लेख गर्ने गरिन्छ । यसो गर्दा मानव अधिकारको उपभोगमा गम्भीर नकारात्मक असर पर्ने हुँदा प्रस्तुत निवेदनमा सार्वजनिक सरोकारको विवाद पनि समावेश गरेको छु ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) ले नेपाल सरहदभित्र फेला परेको पितृत्व/मातृत्व ठेगान नभएको सोह्र वर्ष उमेर पुगेको नेपाली नागरिकले नागरिकता लिन चाहेमा स्वीकृत प्राप्त बालमन्दिर वा अनाथलयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस र कुनै व्यक्ति विशेषले कानुन बमोजिम संरक्षकत्व प्राप्त गरी पालन पोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रतिलिपि संलग्न गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्ने व्यवस्था गरेको छ । त्यसको अतिरिक्त संस्थाले पालनपोषण गरेको भए पालनपोषण गर्ने संस्थाको प्रमुखले गरिदिएको सनाखत र व्यक्ति विशेषले पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिले गरिदिएको सनाखत निवेदनसाथ पेश गर्नुपर्ने, उपनियम (४) ले निवेदकको पितृत्व/मातृत्वको सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय निकायको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिने र उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको बुँदा नं. १०(७) मा पितृत्व/मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा पितृत्व/मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्ने छ भन्ने समेतका कार्यविधिगत व्यवस्था उल्लेख भएको छ ।

माथि उल्लिखित यी कार्यविधिगत कानुनका प्रावधानहरूले जिल्ला प्रशासन कार्यालयले के कस्तो अवस्थामा नागरिकता दिन अस्वीकार गर्ने भन्ने कुराको उल्लेख भएको छैन । निर्देशिकाको बुँदा नं. ३, ४ र ५ ले निर्देशित गरे अनुसार पितृत्व मातृत्वको ठेगान नभएका सबै व्यक्तिहरु बालमन्दिर, अनाथालय वा त्यस्तै प्रकारको संस्थामा रहेका हुँदैनन् । व्यक्ति विशेषले संरक्षण गरेको अवस्थामा पनि संरक्षकले नागरिकताको सिफारिस गरी प्रतिलिपि उपलब्ध नगराएको अवस्थामा निज व्यक्तिले नागरिकता पाउनबाट वन्चित हुन्छ । त्यसमा पनि सडक बालबालिकाले नागरिकता पाउने संभावना रहँदैन । फरक-फरक कानुनमा फरक-फरक काननी व्यवस्था गरेको कारण पितृत्व/मातृत्वको ठेगान नलागेका सडक बालबालिका, बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्के बढेको बालबालिका र अन्य कुनै व्यक्ति विशेष संरक्षक भई पालनपोषण गरेको बालबालिकाहरु बालिग भएपछि नागरिकता लिनबाट वञ्चित भएका छन् । बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १० मा कुनै औपचारिक काम कारवाही वा लिखतमा कानुन बमोजिम बाबु र बाजेको नाम उल्लेख गर्न सक्ने व्यवस्था गरेको भएता पनि उक्त दफामा बाबु र आमा दुवै पत्ता नलागेको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुने व्यवस्था गरेको छ । दफा ३४ मा नेपाल सरकारले आवश्यकता अनुसार नेपालको विभिन्न क्षेत्रमा बाल कल्याण गृहको स्थापना गर्नेछ र त्यसरी बाल कल्याण गृहको स्थापना नभएसम्म अरू कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित बाल कल्याण गृह, अनाथलय वा सुस्त मनस्थिति केन्द्रलाई बालक राख्ने प्रयोजनको निमित्त नेपाल सरकारले उपयोग गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ । यस दफाले कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित बाल कल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रमा पनि बालबालिकालाई संरक्षण गरी राख्न सकिने व्यवस्था गरेको भए तापनि यस्ता निकायहरूको सिफारिसमा नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध हुन सकेको स्थिति छैन । दफा ३५ मा बालकल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैले कुनै बेवारिसे बालक फेला पारेमा वा अरू कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिह्न सहितको विवरण र औंठाको छाप समेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई नजिकको बालकल्याण गृहमा बुझाउनु पर्छ । दफा ३६ ले बेवारिस बालकलाई साधारणतया सोह्र वर्षको उमेर पूरा नहुञ्जेलसम्म बाल कल्याण गृहमा राखिने र यदि त्यस्तो बालकलाई बिदा दिंदा निजको जीविको पार्जनको समस्या आउने भएमा निजलाई बढीमा १८ वर्षसम्मका लागि बाल कल्याण गृहमा राख्न सकिने व्यवस्था गरेको छ । सो दफाले बालकल्याण गृहमा सामान्यतया १६ वर्षसम्मको व्यक्तिलाई मात्र राख्न सकिने व्यवस्था गरेको भए तापनि आफ्नो संरक्षकत्वबाट बिदा गर्दा नागरिकताको प्रमाणपत्र सहित बिदा गर्नुपर्ने व्यवस्था छ । दफा २२ मा भएको व्यवस्था अत्यन्त सीमित छ । जसले पितृत्व मातृत्वको ठेगान नभएको नाबालकको अवस्थालाई संबोधन गरेको छैन । पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिको हकमा संरक्षक नियुक्त हुन सक्ने अवसथको विद्यमानता छैन । त्यस्ता नाबालकको हकमा नागरिकता लिनका लागि संरक्षकको नागरिकताको प्रतिलिपि पेश गर्ने तथा संरक्षकबाट सनाखत गराई पाउने अवस्था नै छन् । संरक्षकको व्यवस्था बाबु वा आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित भए पनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालन पोषण तथा रेखदेख गर्न नसक्ने अवसथको बालकको हकमा गरिएको संरक्षकत्व सम्बन्धी कानुनी व्यवस्थाले पितृत्व मातृत्वको ठेगान नभएका नाबालकलाई नागरिकता दिने प्रयोजनका लागि आवश्यकताको पूर्ति गर्न सक्ने अवस्था छैन । अझ कुनै व्यक्ति विशेषले प्रचलित कानुनबमोजिम पितृत्व मातृत्वको ठेगान नभएका नाबालकको

संरक्षणत्व प्राप्त गरी पालनपोषण गरेको प्रमाणित हुनु नेपालमा अत्यन्त दुर्लभ छ ।
अतः नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम (६) तथा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १०(७) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) (३), धारा १०, धारा १२ को उपधारा (१), धारा १३ को उपधारा (१), (२), (३), धारा २२ को उपधारा (१) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) समेतसँग बाझिएको हुँदा सो बाझिएको हदसम्म संविधानको धारा १०७ को उपधारा (१) बमोजिम अमान्य र बदर घोषित गरी कानुन बमोजिम प्रजापति शर्मा (तिम्सिना) को नागरिकताको प्रतिलिपि राखी निजले सनाखत गरेको अवस्थामा कानुन बमोजिम नागरिकता उपलध गराउनु भनी विपक्षी गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा संविधानको धारा १०७ को उपधारा (२) बमोजिम परमादेशको आदेश जारी गरी पाउँ । साथै सार्वजनिक सरोकारको विवाद अन्तर्गत नेपाल सरहदभित्र फेला परेको पितृत्व/मातृत्वको ठेगान नभएको र संरक्षक नै नभएको अवस्थाको बालबालिका, सडक बालबालिका, बालमन्दिर, अनाथलय वा बालबालिका संरक्षक गर्ने संस्था वा संरक्षकको संरक्षकत्व नभएको अवस्थाका बालबालिकाको हकमा संरक्षकले सनाखत नगरेको अवस्थामा पनि कार्यविधि बनाई सहजरूपमा नागरिकता उपलब्ध गराउनु भनी विपक्षहिरूको नाममा परमादेश लगायत जो चाहिने आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।
यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाउनु । प्रस्तुत विषय नेपाली नागरिकतासँग सम्बन्धित भई पितृत्व तथा मातृत्वको सवाल समेत समाहित रहेकाले यो रिट निवेदनको चाँडो निरोपण हुनुपर्ने देखिँदा अग्राधिकार प्रदान गरिदिएको छ भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७०।५।२६ को आदेश ।
माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तरको मिति २०६९।१०।५ को निर्णय अनुसार नेपालको अन्तरिम संविधान, २०६३, नेपाल नागरिकता ऐन २०६३ र ऐ. नियमावली, २०६३ समेतको बर्खिलाप नहुने गरी नागरिकता जारी गर्न सबै क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई मिति २०६९।१०।७ मा परिपत्र गरिसकिएको छ । उक्त परिपत्रको बुँदा नं. ४ मा "नेपाल सरहदभित्र भेटिएका तर पितृत्व/मातृत्व ठेगान नलागेका सन्तानहरूलाई पछि पितृत्व, मातृत्व ठेगान लागेको बखत सोही बमोजिम हुने गरी संरक्षकको सनाखतबाट नियमानुसार नागरिकता जारी गर्ने र बाबु आमा पत्ता नलागेको विषय कार्यालयको अभिलेखमा मात्र अभिलेखीकरण गरी नागरिकतामा बाबु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली (-) राख्ने समेतका व्यहोरा उल्लेख भै सकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।
नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेको अवस्थामा नागरिकता प्रमणपत्रमा बुबा आमाको नाम लेख्ने ठाउँमा सोही व्यहोरा उल्लेख गरी संरक्षकको नाम लेख्ने व्यवस्था गरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराले विपक्षी कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।
नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्ने छ भन्ने स्पष्ट व्यवस्था रहेको छ ।
निवेदकले चुनौती दिएको नियमावली र कार्यविधिको विषय संविधान र ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न सहज होस् भनी बनाइएको हो । यसबाट कुनै व्यक्तिको हक अधिकारको सिर्जना हुने र हनन् हुने भन्ने प्रश्न नै उठ्दैन । पितृत्व/मातृत्व ठेगान नलागेको व्यक्तिलाई निजको बाबु आमा फेला नपरेसम्म वंशजको आधारमा नागरिकता दिने कुरालाई नागरिकता नियमावली, २०६३ को नियम (३) को उपनियम (६) ले अंकुश लगाएको छैन । पितृत्व/मातृत्वको ठेगान नलागेको व्यक्तिलाई नागरिकता प्रदान गर्दा निजको पितृत्व/मातृत्वको ठेगान पत्ता नलागेको भनी व्यहोरा जनाउनुलाई मानवीय सम्मान वा मर्यादा विपरित भन्न मिल्दैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यायको तर्फबाट पेश भएको लिखित जवाफ ।
नागकिरता वितरण सम्बन्धी कार्यविधि बनाउने कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।
विपक्षी जिल्ला प्रशासन कार्यालयको तर्फबाट लिखित जवाफ परेको देखिएन ।
नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री सविन श्रेष्ठ र श्री सुषमा गौतमले प्रस्तुत विवादमा दुईवटा विषयको उठान भएको छ । पहिलो यी निवेदक अमृत कुमार शर्माको पितृत्व र मातृत्वको ठेगान छैन । कुनै व्यक्तिले मेरो छोरा हो भनी प्रजापति शर्माको घरमा लिएर गएमा पछि लिएर जाने व्यक्ति वेपत्ता भएको कारण निवेदक प्रजापति शर्माको संरक्षकत्वमा बसेका छन् । निवेदकले आफू नेपाल सरहदभित्र फेला परेको तर पितृत्व र मातृत्व फेला नपरेको कारण संरक्षकको तर्फबाट नेपाली

नागरिकता पाउन नेपाल नागरिकता ऐन र नियमावली, २०६३ बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दरखास्त गरेको हो । नागरिकता पाउन आवश्यक सबै कागजात संलग्न गरी दरखास्त गरेकोमा सो कार्यालयले संरक्षक हुने व्यक्तिको कानुनी हैसियत नभएको र अनुसूची फारम र जन्मदर्ताको प्रमाणपत्रमा अमृत कुमार शर्माको बाबु आमाको नाम र जन्मस्थान उल्लेख नगरेको भन्ने आधारमा नागरिकता दिन अस्वीकार गरेको छ । जबकी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ३ मा उल्लिखित प्रकृतिका व्यक्तिले नागरिकता पाउने व्यवस्था छ । तसर्थ जिल्ला प्रशासन कार्यालयको निर्णय बदर हुनु पर्दछ ।

दोस्रो नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ भन्ने व्यवस्था छ । सो सरहकै कानुनी व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) ले गरेको छ । तर ऐ. नियमावली, २०६३ को नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १० को (७) ले पितृत्व/मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा " पितृत्व/मातृत्वको ठेगान नभएको" व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्ने व्यवस्था गरी संविधान तथा ऐनमा भएको व्यवस्थालाई अंकुश लगाई मौलिक हक प्रचलनमा अनुचित बन्देज लगाउने गरी नियमावलीको नियम ३ को उपनियम (६) र निर्देशिकाको बुँदा नं. १० को (७) प्रावधान संविधानको धारा ८ को उपधारा (२), (३), (१३), (२२) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) समेतको प्रतिकूल हुँदा संविधानको धारा १०७(१) र (२) बमोजिमको आदेश हुनुपर्दछ भन्ने व्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले कुनै पनि नियमावलीको व्यवस्था संविधान वा मातृ ऐनसँग बाझिएको भनी बदरको माग गर्नु मात्र पर्याप्त हुँदैन । नियमावली तथा निर्देशिका संविधान तथा ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न सहज होस् भन्नका लागि बनाइएको हुन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) ले नेपाल सरहदभित्र फेला परेको पितृत्व/मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बुबा वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने व्यवस्था गरेको छ । सो बमोजिम कुनै नागरिकले नागरिकता पाउनबाट वञ्चित हुनु परेको छैन । नागरिकता प्राप्त गर्न यस्तो-यस्तो कार्यविधि पूरा गर्नुपर्दछ भन्ने व्यवस्थाले ऐन र संविधानको व्यवस्थालाई अंकुश लगाउँदेन । त्यो कार्यविधिगत विषय मात्र हो । प्रस्तुत विवादमा यी रिट निवेदक अमृतकुमार शर्माको संरक्षक प्रजापति शर्माले आधिकारिक निकायबाट संरक्षकत्व प्राप्त गरेको नदेखिंदा जिल्ला प्रशासन कार्यालयबाट नागरिकता दिन नमिल्ने भनी भएको निर्णयमा कुनै कानुनको त्रुटि नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

दुवै तर्फका विद्वान कानुन व्यवसायीहरूले गर्नु भएको उपरोक्त बहस समेत सुनी प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो ।

(१) नेपाल नागरिकता नियमावली, २०६३ को नियम (३) को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १०(७) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (३), १३, २२ र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) सँग बाझिएको छ, छैन ?

(२) निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने हो, होइन ?

निरूपण गरिनुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा निवेदक अमृत कुमार शर्माले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (३) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं १०(७) संविधानको धारा ८ को उपधारा (२), (३) धारा १०, १२ को उपधारा (१), धारा १३ को उपधारा (१), (२), (३) र धारा २२ को उपधारा (१) सँग बाझिएको हुँदा बाझिएको हदसम्म बदर गरी म आफू प्रजापति शर्माको संरक्षकत्वमा बसोबास गरी आएको पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्ति हुँद र त्यस्तो व्यक्तिले बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक ठहरिई नागरिकता पाउनु पर्नेमा प्रजापति शर्म कानुनबमोजिम संरक्षक भएको नदेखिएको भन्ने समेत आधारमा नागरिकता नदिने जिल्ला प्रशासन कार्यालय काठमाडौंको निर्णय उल्लिखित कानुनी व्यवस्था समेतको प्रतिकूल हुँदा सो निर्णय बदर गरी पाउँ भन्ने समेतको दावी लिएको देखियो ।

प्रत्यर्थी गृह मन्त्रालयको लिखित जवाफ हेर्दा माननीय उपप्रधान तथा गृह मन्त्रीस्तरको मिति २०६९।१०।५ को निर्णय बमोजिम अन्तरिम संविधान, २०६३, नेपाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३ को बर्खिलाप नहुने गरी सरल किसिमबाट नागकिरता जारी गर्ने, नेपाल सरहदभित्र फेला परेको तर पितृत्व मातृत्वको ठेगान नलागेका सन्तानलाई पछि मातृत्व पितृत्व पत्ता लागेको बखत सोही बमोजिम हुने गरी संरक्षकको सनाखतबाट र बाबु आमाको पत्ता नलागेको विषय कार्यालयको अभिलेखमा मात्र अभिलेखीकरण गरी बाबु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली (-) राख्ने भनी मिति २०६९।१०।७

मा सबै क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरी सकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ ।

वस्तुतः संविधानको धारा १३ ले कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रतिबद्धता व्यक्त गरेको छ । सबै नागरिक कानुनको दृष्टिमा समान हुने अवधारणासँग उक्त धारा सम्बन्धित रहेको देखिन्छ । सामान्य अर्थमा व्यक्ति-व्यक्तिहरूकाबीच धर्म, वर्ण, लिङ्ग, जात, जाति जस्ता कुनै पनि आधारमा भेदभाव नगर्नु नै समानता हो । मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाहीहरु (State Actions) सँग जोडिएको हुन्छ । कुनै पनि व्यक्ति वा समूहहरूलाई कानुनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकोले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानुनको दृष्टिमा समान व्यवहार गर्नु प्रक्रियागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान समानता हो । समानहरूबीच समान व्यवहार गर्नु र असमानहरूकाबीच असमान व्यवहार गर्नु नै समानताको सार हो ।

समानताको यस सिद्धान्तले परिणामलाई गौण र प्रक्रियालाई जोड दिंदै सबैलाई कानुनको अगाडि समान मान्ने भएकोले संवैधानिक विधिशास्त्रमा यसलाई औपचारिक समानता ९क्ष्लायचकबि भत्रगबष्तिथ० को सिद्धान्त पनि भनिन्छ । सामान्य कानुनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकबीच जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति जस्ता कुनै वा सबै आधारमा भेदभाव गर्नु पनि हुँदैन । यस सिद्धान्तले कानुनको अगाडि सबै समान हुने, कसैलाई पनि विशेषाधिकार वा छुटको व्यवस्था नहुने र सामान्य कानुनको प्रयोगमा सबै बराबर हुने मान्यता राख्दछ । कानुनको प्रयोगमा सरकारले तजबिज लगाउन पाउने अधिकारलाई यसले नियन्त्रण गर्दछ । समानका लागि समान व्यवहार र असमानहरूबीच फरक व्यवहार यस सिद्धान्तको मुख्य आधार हो । समान रूपमा असमान व्यवहारको अपेक्षा सम्भव र वाञ्छनिय मानिंदैन । संवैधानिक विधिशास्त्रीय दृष्टिकोणबाट समानताको यस्तो व्यवस्था राज्यको लोककल्याणकारी दायित्व अन्तर्गत राज्यलाई बढी उत्तरदायी बनाउनका निमित्त राखिएको हुन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२(१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ भन्ने समेतका संवैधानिक व्यवस्था भएको देखिन्छ । बालबालिकाको पहिचानको विषय आमाबाबुको अधिकारबाट रूपान्तरण हुँदै मानव अधिकारको अन्तरवस्तुको रूपमा विकास भएको देखिन्छ । यसै गरी उनीहरूको अधिकारको विषय आमा बाबुबाट राज्यको दायित्वमा पनि रूपान्तरण हुन पुगेको छ ।

निवेदकले सार्वजनिक सरोकारको विवाद उठान गर्दै नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १०(७) बो बदर माग गरी अदालत प्रवेश गरेको तथ्यमा विवाद छैन । नेपालको अन्तरिम संविधान, २०६३ को दफा ३ को उपदफा (३) को व्यवस्थालाई एकै साथ राखी हेर्दा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वा ठेगान नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्छ भन्ने समान व्यवस्था गरेको देखिन्छ । यस संवैधानिक वा कानुनी व्यवस्थाले नेपाल सरहदभित्र फेला परेको तर पितृत्व र मातृत्वको ठेगान नलागेका प्रत्येक व्यक्तिले वंशजको आधारमा नागरिकता पाउन सक्ने नै देखिन्छ ।

प्रस्तुत विवादमा निवेदक अमृत कुमार शर्माको हालसम्म पितृत्व/मातृत्वको ठेगान लागेको देखिंदैन । पितृत्व र मातृत्वको ठेगान नलागेको कारण आफ्नो संरक्षक प्रजापति शर्मा (तिम्सिना) को संरक्षकत्व मार्फत निजको नागरिकताको प्रतिलिपि समेतका कागजातहरु संलग्न राखी जिल्ला प्रशासन कार्यालयमा दरखास्त गर्न गएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले निवेदकलाई दरखास्त फारममा बाबु आमाको नाम तथा ठेगाना उल्लेख नगरेको एवं तपाईको संरक्षक भनिएका प्रजापति शर्मा (तिम्सिना) लाई पालनपोषण गर्न र शिक्षादिक्षा दिन कुनै आधिकारिक निकायबाट प्रचलित कानुनबमोजिम संरक्षकत्व प्राप्त भएको नदेखिंदा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावली, २०६३ अनुसार तपाईलाई नागरिकता प्रमाणपत्र प्रदान गर्न मिल्ने नदेखिएको भन्ने समेत व्यहोराले मिति २०७०।४।१४ मा जानकारी गराएको देखिन्छ ।

नेपाल नागरिकता नियमावली, २०६३ नियम ३ को उपनियम (६) हेर्दा पितृत्व मातृत्व ठेगान नभएको व्यक्तिको नागरिकता प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा पितृत्व मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्ने र सो कार्यविधि निर्देशिका, २०६३ को १० अन्तर्गत बाबु आमाको नामको महलमा "पितृत्व/मातृत्वको ठेगान नभएको" भन्ने उल्लेख गरी संरक्षकको नाम थर र ठेगान खुलाउनु पर्नेछ भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ ।

उक्त व्यवस्थाले पितृत्व मातृत्वको ठेगान नलागेका र संरक्षकको माध्यमबाट नागरिकता प्राप्त गर्न पाउने कानुनी अधिकारलाई वञ्चित गरेको देखिंदैन । केवल नागरकताको प्रमाणपत्रमा आमा वा बाबुको नाम उल्लेख गर्नुपर्ने हकमा पितृत्व मातृत्वको ठेगान नभएको उल्लेख गर्नेसम्म भनिएको छ । कुनै नियमावलीमा भएको व्यवस्था मातृ ऐन र संविधानसँग बाझिएको भन्नु मात्र पर्याप्त हुँदैन । बाझिएको छ भन्ने हो भने तर्क र प्रमाणले खण्डन गर्ने अभिभारा रिट निवेदक उपर नै हुन्छ । संविधान प्रदत्त मौलिक हक

उपर अनुचित बन्देज लागेको अवस्थामा बन्देज लगाउने गरी व्यवस्था गरिएका नियमावलीका व्यवस्थाहरु संवैधानिक परीक्षण गरी यस अदालतबाट बदर घोषित गरिने हो । आजसम्म यस अदालतबाट त्यसै आधारमा मातृ ऐनसँग बाझिएका नियमावलीका व्यवस्थाहरु समेत बदर घोषित गरी अमान्य गर्दै आएको तथ्य जग जाहेर नै छ । साथै चुनौती दिएको कानुन वा त्यसको कुनै प्रावधान संविधानको कुनै निश्चित प्रावधानसँग बाझिएको छ भनी स्पष्ट रूपमा प्रमाणित गराउन नसकेसमम यस अदालतले त्यस्तो कानुन वा कानुनको कुनै प्रावधानलाई बदर घोषित गर्दैन ।

नागरिकताको प्रमाणपत्र दिने आधार र प्रक्रिया नेपालको अन्तरिम संविधान, २०६३ र प्रचलित नेपाल कानुनद्वारा निर्धारित हुने तथ्यमा पनि विवाद छैन । बदर माग गरिएको कार्यविधि निर्देशिकाले नागरिकता प्राप्त गर्ने व्यक्तिको सारवान अधिकारमा अंकुश लगाएको देखिंदैन । त्यसले नागरिकता प्राप्त गर्न के कस्तो कार्यविधि र प्रक्रिया पूरा गर्ने भन्ने सम्बन्धमा मात्र व्यवस्था गरेको देखिन्छ । नेपालले संविधानमा नै नागरिकताको सम्बन्धमा स्पष्ट र सुसङ्गत (Consistent) नीति कायम गरी नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधिनता र अखण्डता र नेपाली जनताको अगाध राष्ट्र प्रेमलाई अक्षुण्ण राख्न नागरिकता सम्बन्धमा उपरोक्त नीति अवलम्बन गर्नु आवशयक छ ।

नियमावली ऐनको उद्देश्य पूरा गर्न बनाइने नीतिगत दस्तावेज हो । ऐनमा व्यवस्था नभएका अधिकार नियमावलीमा थप गरेर राखिंदैन । थप गरेर सारवान अधिकारमा नै प्रतिकूल असर पार्ने व्यवस्था गरिएमा त्यो बदर योग्य हुन्छ । यस विवादमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) ले गरेको व्यवस्थालाई नै अंकुश लगार्य संविधान प्रदत्त मौलिक हक प्रचलनमा आघात पुग्ने गरी नेपाली नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (६) मा व्यवस्था गरिएको भन्ने जिकिर प्रस्तुत भएको छ । उक्त नियम ३ को उपनियम (६) को कानुनी व्यवस्थाले नेपाल सरहदभित्र फेला परेको तर पितृत्व मातृत्वको ठेगान नभएका व्यक्तिले नागरिकता पाउने छैन भन्ने व्यवस्था गरेको छैन । त्यसमा पितृत्व मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगान उल्लेख गर्नुपर्नेछ भन्ने सम्मको व्यवस्था गरेको छ ।

निवेदकले उक्त व्यवस्था पनि बदरयोग्य भनी बदरको लागि चुनौती दिएको देखिन्छ । त्यस सम्बन्धमा विचार गर्दा गृहमन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफमा पितृत्व/मातृत्व ठेगान नलागेको कुरा अभिलेखमा मात्र अभिलेखीकरण गर्ने र नागरिकतामा सो महल खाली राख्ने गरी सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिसकेको भन्ने देखिंदा उक्त व्यवस्थाको संवैधानिक परीक्षण गरिरहनु परेन । तसर्थ नियमावलीको नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १०(७) को व्यवस्था संविधानको धारा ८ को उपधारा (२), (३), १२, १३, २२ र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) सँग असंगती रही बाझिएको देखिन आएन ।

दोस्रो प्रश्नतर्फ विचार गर्दा निवेदक अमृत कुमार शर्माले नागरिकताको प्रमाणपत्र पाउनको लागि प्रजापति शर्मा (तिम्सिना) को नागरिकताको प्रतिलिपि राखी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दरखास्त गरेको देखिन्छ । निजले नागरिकताको लागि भरेको दरखास्त फारमको ६ नं. मा बाबुको नाम थर उल्लेख गर्ने महलमा "पितृत्वको ठेगान नखुलेको" भन्ने व्यवहोरा उल्लेख भएको देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) मा पितृत्व मातृत्व ठेगान नभएको व्यक्तिले वंशजको आधारमा नागरिकता प्रमाणपत्र पाउने व्यवस्था छ । यी निवेदक अमृतकुमार शर्माको पितृत्व/मातृत्वको ठेगान नभएको भन्ने कुरा पेश भएको जन्मदर्ता प्रमाणपत्र लगायतका कागजातबाट समर्थित हुन आएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले निवेदकको नागरिकताको सम्बन्धमा संरक्षक प्रजापती शर्मा (तिम्सिना) अमृतकुमार शर्माको कानुनबमोजिमको संरक्षकत्व नभएको र उल्लिखित दरखास्त फारममा बाबु आमाको नाम र जन्मस्थान उल्लेख नभएको भन्ने आधारमा मिति २०७०।४।९ मा नागरिकता दिन अस्वीकार गरेको देखिन्छ । विपक्षी गृह मन्त्रालयबाट प्राप्त लिखित जवाफ हेर्दा नेपाल सरकार उपप्रधान एवं गृह मन्त्रीस्तरबाट मिति २०६९।१०।५ मा संविधान, नागरिकता ऐनका प्रावधान समेतको विपरीत नहुने गरी नागरिकता वितरण गर्नु गराउनु हुन भनी भएको निर्णय अनुसार मिति २०६९।१०।७ मा सबै क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयमा परिपत्र भएको देखिन्छ । उक्त परिपत्रको बुँदा नं. ४ मा नेपाल सरहदभित्र भेटिएका तर पितृत्व मातृत्व ठेगान नलागेका सन्तानहरूलाई पछि मातृत्व पितृत्व ठेगान लागेको बखत सोही बमोजिम हुने गरी संरक्षकको सनाखतबाट नागरिकता जारी गर्नु भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ । यसबाट प्रस्तुत विवादित विषय सम्बोधन भएको नै देखिन आयो ।

गृह मन्त्रालयले जारी गरेको उक्त परिपत्रले प्रस्तुत विषयको सम्बोधन गरेको अवस्थामा निवेदकले कानुन बमोजिमको नागरिकता पाउने तथ्य समर्थित छ । अब उक्त परिपत्रको रोहमा विपक्षी जिल्ला प्रशासन कार्यालयले विचार गरी नागरिकताको सम्बन्धमा निर्णय गर्न सक्ने नै हुन्छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिको सो निश्चित गर्न आवश्यक र उपयुक्त प्रक्रिया पूरा गरी नागरिकता माग गर्ने व्यक्तिको नागरिकता सम्बन्धमा निर्णय गरिदिनु पर्नेमा निर्णय गरेको पाइएन । मुख्यतः जिल्ला प्रशासन कार्यालयले निवेदकको मागबमोजिम नागरिकताको प्रत्यक्ष प्रश्नमा सम्बोधन गरी निवेदकका संरक्षक बनी

निवेदन दिने व्यक्ति प्रजापति शर्माले संरक्षकत्व ग्रहण गरेको प्रक्रियाको कुरा उठाई मूल नागरिकताको प्रश्नलाई पन्छाएको देखिन्छ ।

संविधानको धारा ८ को उपधारा (३) को व्यवस्था बमोजिम पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिलाई नागरिकता दिन दिलाउन राज्य बाध्य हुन्छ । उक्त व्यवस्था बमोजिम नागरिकता के कसरी दिने भन्ने सम्बन्धमा निर्देशिकामा प्रक्रियाका कुरा निर्धारित गर्न सकिने भएता पनि संविधानको धारा ८ को उपधारा (३) को सारभूत कुरालाई नै परास्त हुने गरी अनावश्यक शर्त वा व्यवधानहरु खडा गर्न मिल्दैन । उक्त संवैधानिक व्यवस्था बमोजिम नागरिकता दिने कार्यलाई सहजीकरण गर्ने गरी नै प्रक्रिया बनाउनु पर्दछ र सो प्रक्रियाको आधारमा नागरिकताको विषय निर्णय गरी दिनु पर्ने हुन्छ । त्यसैले संविधानको धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) बमोजिमको अवस्थालाई इन्कार गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंल निवेदकको नागरिकताको मागलाई पन्छाई मिति २०७०।४।९ मा गरेको निर्णय संविधान र कानुनमा आधारित भएको देखिएन ।

अतः नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुँदा नं. १०(७), नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (३), धारा १३, २२ र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) समेतसँग बाझिएको नदेखिंदा सो हदसम्म रिट निवेदन खारेज हुने ठहर्छ । संविधानको धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने संवैधानिक र कानुनी व्यवस्था भएको देखिएकोले जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०७०।४।९ को निर्णय र सोसँग सम्बन्धित काम कारवाही संविधानको धारा १०७ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको लागि दिएको दरखास्त फारमउपर माथि उल्लिखित संविधान, ऐन र नियमावलीको भावनालाई मध्य नगर गरी निवेदकको अवस्थालाई समेत विचार गरी पितृत्व मातृत्वको ठेगान नभएको देखिन आएमा व्यहोरा जनाइ वंशजको नागरिकता दिने सम्बन्धमा जो चाहिने निर्णय अविलम्ब गरी दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।

प्रस्तुत मुद्दामा विपक्षी जिल्ला प्रशासन कार्यालयले मिति २०७०।४।१४ को जानकारी पत्रले संरक्षकको सम्बन्धमा प्रश्न उठाएको भए पनि त्यसमा थप कुरा बुझी निर्णय गर्न सक्नेमा सो बमोजिम निर्णय गरेको देखिन आएन । नेपाल सरहदभित्र फेला परेको तर पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिको हकमा संरक्षकको हैसियत र प्रक्रियामा प्रश्न उठाउँदैमा निवेदकले नागरिकता नपाउने भन्न मिल्दैन । निवेदकले नागरिकताको लागि दिएको दरखास्त अनुसार निजले नागरिकता पाउने नपाउने के हो सो सम्बन्धमा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट कुनै निर्णय बोलेको पनि पाइँदैन । यदि निवेदकले नागरिकता नपाउने कुनै अवस्था देखिएको भए सो को आधार र कारण उल्लेख गरी अदालतलाई लिखित जवाफ र आधिकारिक कागजात पठाई अदालतलाई सहयोग गर्नु विपक्षी जिल्ला प्रशासन कार्यालयको कर्तव्य हो । जिल्ला प्रशासन कार्यालय काठमाडौंले लिखित जवाफ समेत नपठाइ अदालतको आदेशलाई अवज्ञा गरी न्याय सम्पादनमा असहयोग गरेको देखियो । कारण सहितको लिखित जवाफ एवं माग बमोजिमको आधिकारिक कागज प्रमाण नपठाई अटेर गर्ने कार्यालय वा त्यसका प्रमुखलाई गैरजिम्मेवार र अनुशासनहिन मान्नु पर्ने हुन्छ । यस्ता कार्य किमार्थ स्वीकार्य हुन सक्दैन । यसरी निवेदकको नागरिकता सम्बन्धमा मिति २०७०।४।९ मा निर्णय गर्ने अधिकारी एवं लिखित जवाफ पठाउन उपेक्ष ागर्ने कार्यालय प्रमुखलाई आफ्नो कानुनले तोकेको जिम्मेवारी र कर्तव्यप्रति सचेत गराउन नेपाल सरकार, गृह मन्त्रालय मार्फत लेखी पठाउनु । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिइ दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार पेश गर्नु ।

न्यायाधीश

उक्त रायमा हामी सहमत छौं ।

न्यायाधीश न्यायाधीश

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गिता घिमिरे

इति सम्वत् २०७२ साल वैशाख महिना ३ गते रोज ५ शुभम ..............

# १७ वर्षा शर्मा
# विरूद्ध
# जिल्ला प्रशासन कार्यालय, बाँके समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७१ माघ १४ गते, रजिष्ट्रेशन नं.: १३-०७०-०१२९२, निर्णय नं. १६८

**पुनरावेदन अदालत नेपालगञ्ज**
**संयुक्त इजलास**
**माननीय मुख्य न्यायाधीश श्री रामकृष्ण भट्ट**
**माननीय न्यायाधीश श्री यमुना भट्टराई**
**आदेश**
**दायरी नम्बर: ०७०-WO-०१५३**

**मुद्दा : परमादेश**

जिल्ला बाँके बागेश्वरी गा.वि.स. वडा नं. २ बस्ने वर्षा शर्मा ........ १ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, बाँके ........ १

ऐ. का प्रमुख जिल्ला अधिकारी ........ २ विपक्षी

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

**तथ्य खण्ड**

१. म हाल २२ वर्षको भएकी छु । मेरो बुबा नागरिकता प्राप्त नगर्दै मिति २०६४/२/२० मा बिती सक्नु भयो । मेरी आमाले वंशजको नाताले नेपाली नागरिकता प्राप्त गरिसक्नु भएको छ । अहिले उच्च शिक्षा हासिल गर्ने क्रममा र नेपाली नागरिकको हिसाबले पाउने हक अधिकार प्राप्तीमा समस्या पर्न आएकोले सम्बन्धित गा.वि.स.को सिफारिश सहित सनाखत गर्ने आमाको समेत नागरिकताको प्रतिलिपि लिई जिल्ला प्रशासन कार्यालयमा जाँदा प्रमुख जिल्ला अधिकारीज्यूले शुरूमा आलटाल गरी अहिले ठाडो शब्दमा नागरिकता दिन इन्कार गरेको हुनाले मैले आमाको नागरिकताबाट नेपाली नागरिक भएकाले हालसम्म मैले पाउने सम्पूर्ण हक अधिकारमा आघात पर्न गएको हुँदा साथै नेपाल सरकारको हालसम्म पक्ष भइसकेको सम्पूर्ण महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी महासन्धीको अपहेलना भएकोले सो अवस्था सृजना हुन नदिन संवैधानिक र कानुनी आधारमा नागरिकता प्रदान गर्न इन्कार नगरी नागकिरता प्रदान गर्न गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने व्यहोराको निवेदन पत्र ।

२. यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत उल्लेख गरी बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्ज मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीका नाउँमा यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७१/३/१० को आदेश ।

३. विपक्षी रिट निवेदीकाले नागरिकता प्राप्त गर्न पेश गरिएको अनुसूचीको साथ निजको बाबुको नागकिरता वा नेपाली नागरिकता भएको अन्य कुनै प्रमाण कागज समेत संलग्न नरहेको र २०६४ मा मृत्यु भएको मात्र देखाउने गरेको भनाईको आधारमा नेपाली नागरिकता प्रदान गर्ने कानुनले नमिल्ने भएको हुँदा रिट निवेदिकालाई जवाफ दिएको हो । हाम्रो तर्फबाट निजको कानुनी र संवैधानिक हक अधिकार प्राप्त गर्नमा कुनै गैरकानुनी काम गरिएको छैन । विपक्षीले आफ्नो स्वार्थ पूर्ति गर्नका लागि सम्मानित अदालतमा औचित्यहिन झुट्टा रिट निवेदन दिएकोले सो निवेदन खारेज भागी छ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय बाँके र ऐ.का कार्यालय प्रमुख

जिल्ला अधिकारीको लिखित जवाफ ।

**ठहर खण्ड**

४. पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ५१/५२ बमोजिम साप्ताहिक एवम् दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदीकाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु क्रमशः श्री सुनिल श्रेष्ठ, श्री सविन श्रेष्ठ र श्री विश्वजीत तिवारीले निवेदिकाले नेपाली नागरिक आफ्नो आमाले सनाखत गरि सम्बन्धित गा.वि.स.को सिफारिस, आमाको नामको नागरिकताको प्रतिलिपि सहितका आवश्यक कागजातहरु समावेश गरी नागरिकताको प्रमाणपत्र माग गर्दा विपक्षीबाट आमको नामबाट नागरिकता दिन मिल्देन भनी इन्कार गरियो । यसबाट हाम्रो पषको संवैधानिक साथै कानुनी हकको हनन भएकोले आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भनी र आमाको नामबाट नागरिकता प्रदान गर्न संवैधानिक र कानुनी प्रावधानले नमिल्ने हुँदा निवेदनपत्र खारेज गरिपाउँ भनी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री दिनानाथ अधिकारीले गर्नु भएको वहस समेत सुनियो ।

५. यसमा बाँके जिल्ला बागेश्वरी गा.वि.स. वा.नं. २ निवासी २२ वर्षिया वर्षा शर्माले आफ्नो आमा विजय लक्ष्मी दूधराजको नामबाट नागरिकता पाउँ भनी वंशजको नाताले आमाले प्राप्त गरेको नेपाली नागरिकताको प्रतिलिपि, नाता प्रमाणित कागज, जन्मदर्ताको प्रमाणपत्र, गा.वि.स.को कार्यालयको सिफारिस पत्र लगायतका आवश्यक कागजातहरु संलग्न राखी निवेदन गरेकोमा मलाई नागरिकता दिनलाई विपक्षीहरूबाट इन्कार गरियो । नागरिकता प्रमाणपत्र नहुँदा मलाई नेपाली नागरिक भएर प्राप्त हुने हक अधिकारबाट मैले वंचित हुनु परेकोले मेरो हक अधिकारमा आघात परेको छ । मलाई संवैधानिक तथा कानुनी प्रावधानको आधारमा आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने मागदावी लिई प्रस्तुत निवेदन परेको देखिन्छ ।

६. निवेदिकाले नागरिकता प्राप्त गर्न पेश गरेको अनुसूचीको फारम साथ निजको बाबुको नागरिकता वा नेपाली नागरिक भएको अन्य कुनै प्रमाण कागज समेत संलग्न नभएको अवस्थामा नागरिकता प्रदान गर्न कानुनले मिल्दैन । निवेदकको औचित्यहिन निवेदनपत्र खारेज गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालय बाँके र कार्यालय प्रमुखको लिखित जवाफ परेको देखिन्छ।

७. उल्लेखित तथ्यगत विवरण भएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरी विद्वान कानुन व्यवसायीहरूको बहस समेत सुनि विचार गर्दा निवेदकको निवेदन मागदावी बमोजिमको आदेश जारी गर्नु पर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

८. निर्णयतर्फ विचार गर्दा, निवेदिका वर्षा शर्मा बाँके जिल्ला बागेश्वरी गा.वि.स. वा.नं. २ निवासी स्वर्गीय मनिष शर्मा तथा विजयलक्ष्मी दुधराजको छोरी भएको भन्ने कुरा मिसिल संलग्न सम्बन्धित गा.वि.स.ले प्रदान गरेको नाता प्रमाणित कागजबाट देखिएको छ । निवेदिकाको बुबा मनिष शर्मा नागरिकता नलिई २०६४ सालमा परलोक भएका र निजका आमा बाबु पनि पहिले नै परलोक भएका तथा दाजु भाई काकाहरु समेत कोही नभएको भन्ने निवेदन व्यहोरा भएकोमा सोही बमोजिम सम्बन्धित बागेश्वरी गा.वि.स. र आमा विजयलक्ष्मीले आफ्नो बाबुको नामबाट वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नु भएको छ भन्ने निवेदन व्यहोरा बमोजिम निवेदिकाको आमा विजयलक्ष्मी दुधराजले निजका पिताबाट वंशजको आधारमा प्राप्त गरेको नेपाली नागरिकताको प्रतिलिपि, निवेदिकाले बाँके नेपालगंज स्थित विद्यालय र कलेजमा अध्ययन गरेको प्रमाणपत्र निज २०४८/२/३१ मा जन्मिएको भन्ने जन्मदर्ताको प्रमाणपत्र समेतका कागजातहरु मिसिल सामेल रहेको देखिन्छ । निवेदिकाले नागरिकता प्राप्त गर्न पेश गरेको अनुसूचीको फारम साथ निजको बाबुको नागरिकता वा नेपाली नागरिक भएको अन्य कुनै प्रमाण कागज समेत संलग्न नभएको अवस्थामा नागरिकता दिन नमिल्ने हुँदा यस कार्यालयले निवेदिकालाई नागरिकता दिन इन्कार गरेको हो भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय बाँकेको लिखित जवाफको व्यहोरा देखिन्छ ।

९. यसरी निवेदिका वर्षा शर्मा, मनिष शर्मा र विजलक्ष्मीको छोरी भएकी, बाबु मनिषले नेपाली नागरिकता प्राप्त नगरी मृत्यु भएको र बाबुपट्टीका नातेदारहरु हजुरबुबा, हजुरआमा तथा बडा बाबु/काकाहरु कोही नभएको, वंशजको आधारमा नेपाली नागरिकता प्राप्त बाँके जिल्ला बागेश्वरी गा.वि.स. मा घर र जग्गाहरु समेत भएकी स्थायी निवासी आफ्नो आमाले सनाखत गरी सम्पूर्ण आवश्यक कागजातहरु संलग्न राखी नागरिकता पाउन निवेदन गर्दा प्रत्यर्थी कार्यालयले आमाको नामबाट नागरिकता दिन इन्कार गरी हालसम्म निवेदिकाले नागरिकता प्राप्त गर्न नसकेको

भन्ने देखियो । नागरिकताको आधारमा मौलिक हक अन्तर्गतका शिक्षा रोजगारी, सार्वजनिक पद धारण गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने, मतदान गर्ने जस्ता हकहरु प्राप्त हुने हुँदा नागरिकता प्राप्त नभएको कारण निवेदिकाले निश्चय नै यी हकहरूबाट वंचित हुनु पर्ने अवस्थाको सृजना भई निवेदिकालाई समस्या परेको देखिन आयो ।

१०. नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकता प्राप्त गर्ने सम्बन्धमा गरेको प्रावधानलाई हेर्दा भाग २ अर्न्तगत नागरिकता सम्बन्धमा धारा ८ को उपधारा १ मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन् भनिएको छ । धारा ८ को (२) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी (क) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति र (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति भन्ने प्रावधान रहेको देखिन्छ । यस प्रावधान बमोजिम कुनै पनि व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा मध्ये कोही एकजना नेपाली नागरिक भएमा त्यस्तो जन्मने सन्तानले नेपालको नागरिकता प्राप्त गर्न सक्ने देखिन्छ । नेपाल पक्ष रहेको महिला विरूद्ध हुने सम्पूर्ण भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (Convention on the elimination of all forms of discrimination against women (CEDAW) 1979 को धारा ९ मा State parties shall grant womens equal rights with men with respect to the nationality of their children भन्ने प्रावधान भएको र यसबाट आमालाई पनि बाबुलाई सरह आफ्नो पहिचानका आधारमा आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्न समान अधिकारको ग्यारेन्टी गरेको देखिन्छ । नागरिकताका सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ ले यसलाई व्यवस्थित गरी कुनै पनि व्यक्तिले निज जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछन् भने वंशजको नाताले नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको देखिन्छ ।

११. उल्लेखित नागरिकता सम्बन्धी संवैधानिक प्रावधान र कानुनी व्यवस्थामा बाबु वा आमा नेपाली नागरिक भएको अवस्थामा तिनका सन्तानले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने नै देखिन्छ । सविना दमाई समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको परमादेश समेत मुद्दामा श्री सर्वोच्च अदालतबाट *"नागरिकताको प्रमाणपत्र संविधानको र कानुनले नागरिक हुन योग्यता पुगेका व्यक्तिलाई मात्र प्रदान गरिन्छ । संविधन र कानुनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोबास गरेको भए पनि नागरिक बन्न नसक्ने, प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण हुन्छ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न नपाउने, तोकेको अधिकारीले संविधान कानुन र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानुनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाण पत्र पाउनबाट वन्चित हुन सक्दैन । नागरिकताको प्रमाण पत्र प्राप्त गर्नलाई कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने र बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने"* ने.का.प. २०६८, अंक २, पे. २४७, नि.नं. ८५५७) सिद्धान्त प्रतिपादन भई नेपाली नागरिक आमाबाट नेपालमा जन्म भएकी निवेदिकालाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी भएको देखिन्छ । त्यस्तै विषयवस्तु समावेश भएको भोला नगरकोटी समेत विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेत भएको सम्वत् २०६९ सालको रिट नं. ०६७-WO-०८८० को परमादेश मुद्दामा मिति २०७०/१२/१० मा निवेदकहरूको आमा वंशजको नाताबाट नेपाली नागरिक भएको तथ्य पुष्टि भएकोले निवेदकहरूलाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागकिरता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाममा परमादेश जारी भएको देखिन्छ ।

१२. प्रस्तुत निवेदन पत्रका सन्दर्भमा निवेदिका वर्षा शर्माले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिम नागकिरता प्राप्त गर्न अनुसूची १ फारम भरी जन्मदर्ताको प्रमाणपत्र, जन्म स्थान र नाता खुल्ने सम्बन्धित गा.वि.स.ले दिएको सिफारिस, आफ् नो आमाको नागकिरताको प्रमाणपत्रका प्रतिलिपि संलग्न राखी नागरिकताको प्रमाणपत्र पाउँ भनी निवेदन गरेकोमा निवेदकर्ला बाबुको नागरिकता वा नेपाली नागरिक भएको अन्य कुनै प्रमाण समेत संलग्न नभएको भनी आमाको नामबाट नागरिकता दिन इन्कार गरेको भन्ने कुरा प्रत्यर्थीको लिखित जवाफमा स्वीकार गरेको देखिएकोले प्रत्यर्थीको उक्त कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२), महिला

सम्बन्धी महासन्धिको प्रावधान, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) एवं नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) समेतको आधारमा कानुन सम्मत देखिएन । निवेदन माग बमोजिम आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी प्रत्यर्थीका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ ।

१३. तसर्थ निवेदिका वर्षा शर्माले नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी अनुसूची १ फारम भरी गा.वि.स. को सिफारि आमाको नेपाली नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित गरिएको पत्र समेतका कागजात सहित नेपाली नागरिकताको प्रमाणपत्र माग गरेमा नेपालको अन्तरिम संविधान २०६३ र नेपाली नागरिकता ऐन, २०६३ समेतको कानुनी व्यवस्था बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय बाँके समेतका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । अरूमा तपसिलमा लेखिए बमोजिम गर्नु :

१. माथि इन्साफ खण्डमा चित्त नबुझे रितको म्याद ३५ दिनभित्र श्री सर्वोच्च अदालत काठमाडौंमा पुनरावेदन गर्न जानु भनी विपक्षीहरूलाई पुनरावेदनको म्याद दिनु ।

२. फैसलाको नक्कल माग्ने सरोकारवालाई नियमानुसार गरी नक्कल दिनु ।

३. दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझार्य दिनु ।

(यमुना भट्टराई)

न्यायाधीश

उपर्युक्त रायमा म सहमत छु ।

(रामकृष्ण भट्ट)

न्यायाधीश

फैसला तयार गर्न सहयोग गर्नेः

इजलास अधिकृत : श्री हरिबहादुर चौधरी

कम्प्युटर सेटिङ्ग : श्री मञ्जु श्रेष्ठ

इति सम्वत् २०७१ माघ १४ गते रोज ४ शुभम् .................. ।

# १८ यशुमाया बुढाथोकी बस्नेत समेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, ललितपुर मानभवन समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७१ साल चैत्र ३० गते

**सर्वोच्च अदालत,संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.**
**फैसला**
**०७०-WO-००८२**

**विषय : परमादेश**

ओखलढुङ्गा जिल्ला अजपु गाउँ विकास समिति वडा नं. ३ जन्म घर भई हाल ललितपुर उप-महानगरपालिका वडा नं १३ बस्ने यशुमाया बुढाथोकी बस्नेत ........१ निवेदक
ललितपुर उपमहानगरपालिका वडा नं. १३ बस्ने यशुमाया बुढाथोकी बस्नेत र जोगेन्द्र बस्नेतको छोरा विजय क्षेत्री बस्नेत भन्ने विजय बस्नेत ........१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ........१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........१
नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, ललितपुर ........१
नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला सम्बन्धी मन्त्रालय, सिंहदरबार, काठमाडौं ..१ विपक्षी
नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ........१
जिल्ला प्रशासन कार्यालय, ललितपुर मानभवन ........१
ललितपुर उपमहानगरपालिका वडा नं. १३ को कार्यालय ........१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः

निवेदकमध्ये म यशुमाया बुढाथोकी बस्नेत निवेदक छोरा विजय बस्नेतको एकल आमा संरक्षण गर्दै आइरहेकी छु । छोराको जन्म पश्चात् मेरो पति जोगेन्द्र बस्नेत उपत्यका बाहिर जानुभएकोमा खोजी गर्दा समेत फेला नपरेको अवस्था हो र नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(२)(ख), नेपाली नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद २ को (२) को १.२ बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम मेरो छोरालाई आमाको नामबाट वंशजको आधारमा नागरिकताको प्रमाणपत्र लिन सिफारिस दिनु भनी विपक्षीमध्येको ललितपुर उपमहानगरपालिका वडा नं. १३ को नाममा र नागरिकता प्रमाणपत्र दिनुभन्ने विपक्षीमध्येको ललितपुर जिल्ला प्रशासन कार्यालयको नाममा परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

निवेदकमध्येको म विजय बस्नेतलाई लालनपालन शिक्षादीक्षा एवं स्वास्थ्योपचारसमेत मेरो आमा यशुमाया बुढाथोकी बस्नेतले गरिरहनु भएको छ र म जन्मेदेखि नै एकल आमाको संरक्षणमा हुर्के, बढें र पढें । मैले मेरो पिताको नाम आमाकै मुखबाट सुनेकोसम्म हुँ । हालसम्म मैले पिताको मुख राम्रोसँग देखेको पनि छैन । मलाई जन्माउन, हुर्काउन, बढाउन र पढाउनसमेत आमो नै मेहेनत गर्नु भएको छ । त्यसैले म मेरो पहिचान पनि आमाकै नामबाट पाउन र बनाउन चाहन्छु ।

नागरिकता कुनै पनि व्यक्तिको लागि अत्यन्तै महत्वपूर्ण आधारभूत दस्तावेज हो । नागरिकताको प्रमाणपत्र नागरिकले राज्यबाट प्रदान गर्ने सुविधा तथा अधिकार प्राप्त गर्न र अवसर प्राप्तिको लागि अनिवार्य हुन्छ । नागरिकताबाट वन्चित व्यक्तिको व्यक्तिगत घटनाहरु दर्ता नहुने एकातिर छँदैछ, अर्कोतिर सम्पत्तिको स्वामित्व लिन

नसकिने, शिक्षा रोजगारबाट वञ्चित हुनुपर्ने, उद्योग, व्यापार व्यवसाय गर्न नसक्ने, स्वतन्त्र विचरण गर्न नसक्ने र बैङ्किंग कारोबारसमेत गर्न नसक्ने हुन्छ । नागरिकता विहिन व्यक्ति कुन राष्ट्रको नागरिक हो भन्ने पहिचानसमे नहुने भएको हुनाले प्राकृतिक रूपमा मानव भए पनि कानुनी रूपमा अधिकार विहिन भई आधारभूत मानव अधिकारसमेतबाट वञ्चित हुनुपर्दा अस्तित्वहिन हुन पुग्छ । म रिट निवेदक लगायत थुप्रै व्यक्तिहरु नेपालमा नागरिकताबाट वञ्चित छन् । ती सबै व्यक्तिहरु उपरोक्त उल्लिखित अधिकार र अवसरबाट वञ्चित छन् । त्यसैले म लगायत ती सम्पूर्ण व्यक्तिहरु नागरिकता विहिन मात्रै होइन राज्यविहिन भएर बाँचिरहेका छन् र हामीहरूको न्यूनतम आधारभूत मानव अधिकार पनि संरक्षित नभएको हुनाले यो विषय अत्यन्त गम्भिरि, संवेदनशील र निजी सरोकारको विषय हो ।

नागरिकता सम्बन्धी कानुनहरूको आधारभुत संरचना भनेको नेपालको अन्तरिम संविधान २०६३ को भाग २ हो । संविधानको उक्त भाग अन्तर्गत धारा ८(२)(ख) "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजका बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने" भन्ने व्यवस्था छ । त्यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा पनि संविधान अनुरूपकै व्यवस्था छ । हामी रिट निवेदकहरु पूर्ण नेपाली नागरिक हौं । निवेदक मध्येको म विजय बस्नेतको बाबुआमा पनि नेपाली नागरिक नै हुनुहुन्छ । बाबु अथवा आमामध्ये कुनै एकजना नेपाली नागरिक रहेछन् भने निजको सन्तानले वंशजको आधारमा नेपालको नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानुनमा गरेको छ तर निवेदकमध्येको म विजय बस्नेतको पिता बेपत्ता भएकै कारणले म निवेदकलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गरिएको हुनाले साह्रै अन्याय भएको छ । विपक्षीहरूको मौखिक आदेशले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको छ ।

नागरिकता नियमावली २०६३ को नियम ३(१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्म स्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची १ बमोजिमको प्रकृया पूरा गरिसकेपछि आमाले सनाखत गर्ने गरी नागरिकता लिने भएकै कारणले पितृ सत्तात्मक सोच, मूल्य र मान्यता राखी संविधान र कानुनमा भएको व्यवस्थासमेतको बर्खिलाप मौखिक रूपमा ललितपुर उपमहानगरपालिका वडा नं १३ ले सिफारिस नदिने र ललितपुर जिल्ला प्रशासन कार्यालयले नागरिकता नदिने भन्ने मौखिक आदेशले हामी निवेदक आमा छोराको संवैधानिक, कानुनी, अन्तर्राष्ट्रिय सन्धी महासन्धिद्वारा प्रदत्त नागरिकता लिन पाउने र आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्न पाउने अधिकार माथि कुठाराघात भई साह्रै अन्याय भएको छ । उक्त आदेशले निवेदकमध्येको म विजय बस्नेतको पहिचान लोप हुने अवस्था सृजना भई म निवेदक जीवनभर राज्यविहिन अवस्थमा बाँच्न बाध्य भई, नागरिकले राज्यबाट प्राप्त गर्ने सबै अधिकारबाट वञ्चित हुनुपर्ने भएको छ ।

हाम्रो संवैधानिक र कानुनी व्यवस्था अलावा पनि नेपाल पक्ष भई अनुमोदन गरेका सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name; every child had the right to acquire a nationality)। महिला विरुद्ध हुने सबै प्रकारको भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State Parties shall grant women equal right with respect to the nationality of their children) भन्ने व्यवस्था गरेको छ र त्यसै अनुरूप हाम्रो संविधान र कानुनमा समेत व्यवस्था गरिएको हो तर नागरिकता प्राप्त गर्ने अथवा पहिचान प्राप्त गर्ने हकबाट नै वञ्चित गरी अन्याय भएको छ । बालअधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right acquire a nationality and be cared for by his/her parents.) माथि उल्लिखित सन्धी महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानुनले समेत आफ्ना सन्तानलाई आमाले नागरिकता दिनसक्ने अधिकार प्रदान गरेको छ, तर विपक्षीहरूले म निवेदक आमालाई मेरो नामबाट पहिचान लिन खोज्ने

सन्तानलाई नागरिकताको प्रमाणपत्र नदिई पहिचानबाट वन्चित गरी राज्यविहिन बनाउन खोजी अन्याय गरेको छ । निवेदकमध्ये म यशुमाया बुढाथोकी बस्नेत निवेदक छोरा विजय बस्नेतको एकल आमा संरक्षण भई संरक्षण गर्दै आइरहेकी छु । छोराको जन्म पश्चात् मेरो पति जोगेन्द्र बस्नेत उपत्यका बाहिर जानु भएकोमा खोजी गर्दासमेत फेला नपरेको अवस्था हो र नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(२)(ख), नेपाली नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद २ को (२) को १.२ बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम मेरो छोरालाई आमाको नामबाट वंशजको आधारमा नागरिकताको प्रमाणपत्र लिन सिफारिस दिन भनी विपक्षीमध्येको ललितपुर उपमहानगरपालिका वडा नं. १३ को नाममा र नागरिकता प्रमाणपत्र दिनु भन्ने विपक्षीमध्येको ललितपुर जिल्ला प्रशासन कार्यालयको नाममा परमादेशको आदशे लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

म निवेदकमध्येको विजय बस्नेतलाई मेरी आमा यशुमाया बुढाथोकी बस्नेतले जन्म दिई, पालन पोषण, शिक्षा, दीक्षा, स्वास्थ्योपचार गरी बढाउनु र पढाउनु भयो । मेरो पिताको मैले नाम मात्र सुनेको हुँ देखेको छैन । अतः संवैधानिक कानुन व्यवस्था बमोजिम मेरी आमाले आफ्नो नामबाट पहिचान दिन पाउने हक भएको रमैले मेरी आमाबाट पहिचान पाउने अधिकार सुनिश्चित भएको हुनाले, मलाई मेरो आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश सुनिश्चित भएको हुनाले मलाई मेरो आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

म जस्ता नागरिकता विहिन भै पीडित भएका नेपाल भरी लाखौं लाख नेपालीहरु हुनुहुन्छ, वहाँहरूको हकमा समेत व्याख्या हुने गरी, परमादेश जारी गरी गृह मन्त्रालय मार्फत पचहत्तरै जिल्ला प्रशासन कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत देशभरीका सबै गाउँ विकास समिति कार्यालयहरु, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाको कार्यालयहरु र तिनका सबै वडा कार्यालयहरूको नाममा उक्त आदेश कार्यान्वयनको लागि परिपत्र गर्नु भन्ने आदेशसमेत जारी गरी पाउँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण खुलाई आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियम बमोजिम गरी पेश गर्नु ।

यसमा रिट निवेदनमा उठाइएको विषयवस्तु हेर्दा आमाको नामबाट नागरिकता दिलाउने विषयवस्तु रहेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनको निरूपण चाँडो हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ ।

सर्वप्रथम विपक्षीहरु ललितपुर उपमहानगरपालिकाका स्थायी बासिन्दा नभई ओखलढुङ्गा जिल्लाका स्थायी बासिन्दा हुनुहुँदो रहेछ । वहाँहरु ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिकामा अस्थायी रूपमा बस्नु भएको हुन सक्दछ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि अन्तर्गत नियम ३(ख) मा जन्मस्थल र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस पेश गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको हुँदा विपक्षीलाई ललितपुर नगरपालिका वडा नं. १३ ले नागरिकताको सिफारिस गर्ने क्षेत्राधिकार नभएको अवस्था विद्यमान छ भने अर्कोतर्फ विपक्षीहरूले वडा नं. १३ को कार्यालयमा नागरिकता प्रमाणपत्रको लागि सिफारिस पाउँ भनी निवेदन दिएको अवस्था नभई मौखिक रूपमा जानकारीसम्म लिन आउनु भएको अवस्था हो । तसर्थ विपक्षीको स्थायी ठेगाना ललितपुर उपमहानगरपालिका वडा नं १३ नभएको हुँदा यस कार्यालयको नागरिकताको सिफारिस गर्न मिल्ने अवस्था नहुँदा विपक्षीको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ ।

विपक्षीमध्येको यशुमाया बुढाथोकी बस्नेतले आफ्नो जन्मघर सगरमाथा अञ्चल ओखलढुङ्गा जिल्ला अजपु गाउँ विकास समिति वडा नं. ३ भनि निवेदनमा उल्लेख गर्नु भएको छ तर पति जोगेन्द्र बस्नेतको ठेगाना उल्लेख गर्नु भएको छैन । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसका लागि आवश्यक पहल गरिदिन भनि दिएको उजुरीमा आफ्नो पति ओखलढुङ्गा निवासी रहेको उल्लेख गर्नुभएको छ । तसर्थ विपक्षीहरु ओखलढुङ्गा निवासी हुँदा आफ्नो क्षेत्रमा गई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नागरिकताको सिफारिस लिई नागरिकताका लागि सम्बन्धित जिल्ला प्रशासनमा निवेदन गर्नुपर्नेमा सो नगरी ललितपुर नगरपालिका वडा नं १३ ले सिफारिस दिएन भनी आफुले कानुन बमोजिम अबलम्बन गर्नुपर्ने कानुनी प्रक्रिया अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गर्दैमा अदालतले विपक्षीलाई कदापी सहयोग गर्ने अवस्था छैन । तसर्थ रिट निवेदन प्रथम दृष्टिमा नै खारेजयोग्य छ, खारेज गरी पाउँ ।

विपक्षीहरु ओखलढुङ्गा निवासी भएको स्पष्ट छ, नेपालको

अन्तरिम संविधान, २०६३ को नागरिकता सम्बन्धी व्यवस्था, नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली २०६३ ले प्रत्येक नेपालीले आफ्नो स्थायी बसोबास भएको क्षेत्रबाट नागरिकताको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरेको छ । नेपाल नागरिकता नियमावली, २०६३ ले कर्मचारीको हकमा सम्म आफू कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट आफ्नो परिवारका सदस्यको नागरिकताको प्रमाणपत्र लिन चाहेमा लिन सक्ने व्यवस्था गरेको छ । तसर्थ अन्यत्र जिल्लाका विपक्षीलाई ललितपुर उपमहानगरपालिका वडा नं १३ कार्यालयले नेपाली नागरिकताको प्रमाणपत्रको लागि सिफारिस गर्ने कानुनी व्यवस्था नभएको हुँदा विपक्षीहरूको रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने ललितपुर उपमहानगरपालिका वडा नं १३ को तर्फबाट होमनाथ मास्केको लिखित जवाफ ।

रिट निवेदकले नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा व्यवस्था भएको नागरिकता प्रमाणपत्र प्राप्त गर्नको लागि पेश गर्नुपर्ने अनुसूची बमोजिमको निवेदन रितपूर्वक सम्बन्धित स्थानीय निकायबाट सिफारिससहित यस कार्यालयमा पेश नभएको हुँदाउक्त रिट खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखित जवाफ ।

विपक्षी रिट निवेदकले यस मन्त्रालयसमेतलाई विपक्षी बनाउनु भएको छ तर विपक्षी बनाउनु पर्नाको खास कारण रिट निवेदनमा कहीं कतै खुलाउन सक्नु भएको छैन । मन्त्रालयको कुन काम कारवाहीबाट विपक्षीको हक अधिकारमा के कस्तो आघात पर्न गएको हो, सोको पुष्टि गर्न नसक्नु भएकोले निवेदकले दावी जिकिर स्वतः बदर भागी छ । जहाँसम्म प्रचलित कानुन बमोजिम नागरिकता प्रमाणपत्र पाउनु पर्ने निवेदकको दाबी छ, नागरिकता सम्बन्धी कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने भएकोले यस मन्त्रालयबाट गर्दै नगरिएका कार्यलाई आधार मानी विपक्षीले लिनु भएको झुठा दावी जिकिर खारेज गरी पाउँ भन्ने महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदक विजय बस्नेतसमेतले आफ्नो रिट निवेदनमा उल्लेख गर्नु भए अनुसार निजलाई नेपाली नागरिकता ऐन, २०६३ नियमावली, २०६३ समेतको अधिनमा रही कानुनले तोकेको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग गरेको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र नदिइएको भन्ने कुरा झुठा हो । कानुन बमोजिम नागरिकता प्राप्त गर्ने सबै नेपाली नागरिकको नैसर्गिक अधिकार रहेकोले ऐन नियमले तोकेका सबै कानुनी प्रकृया पूरा गरी आमको नामबाट समेत नागरिकता प्रमाणपत्र दिने भनी यस मन्त्रालयबाट २०६८।५।५ मा मातहतका कार्यालयहरूलाई परिपत्रसमेत गरिदिएको छ । आमाको नामबाट नागरिकता नदिएको भन्ने निवेदकको व्यहोरा झुठा हो । अतः यस मन्त्रालयका कुनै कामकारवाहीले निवेदकको मौलिक हक हनन गर्ने कार्य नगरेको हुँदा यस मन्त्रालयका हकमा रिट निवेदनमा माग भए अनुसार अन्तरिम आदेश तथा रिट जारी हुनुपर्ने होइन रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

सर्वप्रथम रिट निवेदकहरूले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट निजहरूको के कस्तो संवैधानिक तथा कानुनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नु भएको छैन । कसैका विरूद्ध कुनै कुराको दावी लिँदा कसको के कुन काम कारवाही वा निर्णयका कारण निवेदकहरूको के कुन कानुन प्रदत्त हक अधिकारमा के कसरी हनन् हुन गएको हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरी सो कुरामा अदालतसमेत सन्तुष्ट हुने प्रमाण पेश गर्नुपर्दछ । केवल विपक्षी बनाउँदैमा वा दावी लिँदैमा निवेदकहरूको दाबी प्रमाणित हुन सक्दैन । प्रस्तुत सन्दर्भमा यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनुपर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाईएकोले मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथम दृष्टिमै खारेज भागी छ, खारेज गरी पाउँ ।

रिट निवेदनमा ललितपुर उपमहानगरपालिका वडा नं. १३ को कार्यालयले नेपाली नागरिकता प्रमाणपत्र बनाउनका लागि सिफारिस नदिएको भन्ने उल्लेख गरिएको सन्दर्भमा स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायहरूको गठन गर्ने उद्देश्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भएको व्यहोरा सो ऐनको प्रस्तावनाको अवलोकनबाट प्रष्ट हुन्छ । सोही ऐनको दफा ८० बमोजिम स्थापित नगरपालिका ऐ ऐनको दफा ८१ अनुसार एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था भएको स्पष्ट । साथै सोही ऐनको दफा २६२ मा स्थानीय स्वायत्त शासन ऐन बमोजिम गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई प्राप्त अधिकार उक्त ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक ती निकायहरूले नै प्रयोग गर्नुपर्ने भन्ने कानुनी व्यवस्थासमेत रहेको सन्दर्भमा कानुनद्वारा स्वायत्त नगरपालिकाबाट भए गरेका निर्णय एवं काम कारवाहीका सम्बन्धमा यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने अवस्था नै नभए नरहेकोले विपक्षीको निवेदन खारेज भागी छ, खारेज गरी पाउँ ।

जहाँसम्म विपक्षी निवेदकहरूले परमादेश माग गरी रिट निवेदकहरूले यस मन्त्रालयसमेतका नाउँमा परमादेश जारी

गर्न मागदावी लिएको अवस्था नभएको र नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ अनुसार नागरिकता प्रमाणपत्रका लागि सिफारिस गर्ने तथा नागरिकता प्रमाणपत्र दिने लगायतको कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने भएकोले तत्सम्बन्धमा मन्त्रालयको कुनै कानुनी कर्तव्य एवम् दायित्व सृजना हुने अवस्था नभएकोले विपक्षीको रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानुनको परिपालना गरी गराई कानुनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानुन प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं सम्वर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ । जहाँसम्म रिट निवेदकले दावी लिएको नागरिकता प्राप्ति सम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को साथै नेपाल नागरिकता ऐन, २०६३ ले नेपालका नागरिकहरूले विना भेदभाव समानताका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकता ऐन, नियममा निर्धारित विधि, प्रकृया र कार्यविधिको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनुपर्ने कुरालाई अन्यथा भन्न सकिँदैन । त्यसैगरि कानुनको प्रकृया पूरा गरी सम्बन्धित निकायले पनि सिफारिस प्रदान गर्नुपर्ने कुरालाई अन्यथा भन्न मिल्ने देखिँदैन । विपक्षी निवेदकले कानुनमा निर्धारित विधि, प्रकृया र कार्यविधि पूरा गरी सम्बन्धित निकायमा सिफारिसको लागि रितपूर्वकको निवेदन दिएको कुरालाई स्पष्ट रूपमा उल्लेख गर्न सक्नु भएको छैन । यस अवस्थामा विद्यमान कानुनको अधिनमा रही नागरिकताको सिफारिस गर्ने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानुनी कर्तव्य भएका पदाधिकारीहरूले कानुनमा निर्धारित विधि, प्रकृया र कार्यविधिलाई अनदेखा गरी विपक्षी निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनुपर्छ भन्न सकिँदैन । आमाको नामबाट नेपालको नागरिकता प्रदान सम्बन्धी प्रश्नका सन्दर्भमा हेर्दा सविना दमाईसमेत निवेदक विरूद्ध यस कार्यालयसमेत विपक्षी भएको सम्वत् २०६७ सालको रिट नं. ०७०३ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।११।१५ मा निर्देशनात्मक आदेश जारी भएकोमा सोको कार्यान्वयनका लागि यस कार्यालयबाट सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको विषयका सन्दर्भमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिँदैन । अन्य निवेदन दावीका हकमा सम्बन्धित निकाय/पदाधिकारीको लिखित जवाफबाट स्पष्ट हुने नै छ । अतः उपरोक्त आधार र कारणसमेतबाट विपक्षी निवेदकको माग बमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) को खण्ड (ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, नेपाल नागरिकता नियमावली, २०६३ तथा सो अन्तर्गत बनेका निर्देशिकाको अधिनमा रही नेपाल सरकारले वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्दै आएको र उल्लिखित कानुन बमोजिम आमाको नामबाट नागरिकता प्राप्त गर्न कुनै पनि नेपाली नागरिकलाई वञ्चित नगरिएको तथा नागरिकता प्रदान गर्ने सम्बन्धी दायर गरिएको रिट निवेदन निरर्थक देखिँदा खारेज गरी पाउँ भन्ने कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता मीरा ढुङ्गाना र श्री सुषमा गौतमले निवेदक नेपालको संविधान ताथ नागरिकता सम्बन्धी प्रचलित ऐन नियम बमोजिम वंशजको आधारमा नेपाली नागरिक भएको तथ्यमा विवाद छैन । निवेदक यशुमायाका श्रीमान तथा निवेदक विजय बस्नेतका पिता जोगेन्द्र बस्नेत हाल बेपत्ता भई खोजतलास गर्दा समेत फेला नगरेका र निवेदक विजय बस्नेतलाई निजकी आमाले नै पालन पोषण गरी संरक्षकत्व प्रदान गरेको अवस्थामा निवेदक विजयले आफ्नी आमा यशुमाया बुढाथोकी बस्नेतको नाम र वतनबाटै नेपाली नागरिकता प्राप्त गर्ने इच्छा राखी ललितपुर नगरपालिका वडा नं. १३ बाट स्थानीय निकायको सिफारिस माग गरेको अवस्थामा सो वडा कार्यालयले सिफारिस दिन इन्कार गरेको कार्य नागरिकता सम्बन्धी नियमावली र कार्यविधि निर्देशिका समेत विपरित छ । नागरिकता व्यक्तिको पहिचान र अधिकारको विषय रहेको हुँदा स्थानीय निकायले कानुनतः आफूले निर्वाह गर्नुपर्ने भूमिका पूरा गर्न इन्कार गरेको कारण नेपाली वंशजले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित हुनुपर्ने अवस्था सृजना भएको छ । संविधानले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेको व्यक्तिले बाबु वा आमा जो सुकैको नामबाट आफ्नो पहिचान हुने गरी नेपालको नागरिकता प्राप्त गर्नसक्ने सुनिश्चितता प्रदान गरेको अवस्थामा राज्यसंयन्त्रको एउटा निकायले नागरिकको उल्लिखित संवैधानिक अधिकारमा अवलोध पुग्ने गरी आफ्नो कर्तव्य निर्वाह गर्न इन्कार गरेको कार्य अत्यन्तै अन्यायपूर्ण हुँदा निवेदक विजय क्षेत्री आफ् नो नागरिकता प्राप्त गर्ने संवैधानिक अधिकारबाट वञ्चित हुन पुगेको अवस्था छ । निवेदक विजय बस्नेतकी आमा यशुमायाको जन्मस्थान ओखलढुङ्गा जिल्ला अन्तर्गत भए

पनि उनीहरु हाल सपरिवार ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं. १३ मै बसोबास गरी आएको अवस्थामा सोही जिल्लाबाट आफ्ना सन्तानले नागरिकता प्राप्ति गर्ने प्रकृया अगाडि बढाएको कार्य कानुनसम्मत् हुँदा निवेदकलाई निवेदन माग बमोजिम नागरिकता प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा समेत परमादेशको आदेश जारी गरीपाउँ भन्ने समेतले वहस प्रस्तुत गर्नुभयो । त्यसैगरी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री किरण पौडेलले निवेदक विजय बस्नेतले आमाको नामबाट नेपालको नागरिकता प्रापत गर्ने विषयमा विद्यमान संविधान, ऐन, नियमले कुनै प्रतिबन्ध नलगाएको भएतापनि त्यसका लागि अनिवार्य रूपमा तोकिएको कार्यविधि अवलम्बन गर्नुपर्ने हुन्छ । तर प्रस्तुत विवादमा निवेदकहरूले सो बमोजिमको प्रकृया पूरा गरी नागरिकता प्राप्तिका लागि कारवाही अगाडी बढाएको अवस्था देखिन आएको छैन । निवेदक विजय बस्नेतको बाबु आमाको स्थायी वतन जिल्ला ओखलढुङ्गा अजपु गाउँ विकास समिति वडा नं ३ भन्ने उल्लेख भएको छ । निवेदकहरूले आफ्नो स्थायी वतन भएको जिल्लाबाटै नागरिकता प्राप्तिका लागि रितपूर्वकको आवेदन गरेको अवसथमा निजले नागरिकता प्राप्त गर्न सक्ने अवस्था विद्यमान नै रहेको हुँदा बेइलाकाबाट नागरिकता प्रमाणपत्र पाउँ भनी निवेदन गरेको अवस्थामा त्यस्तो बेइलाकाले नागरिकता प्रमाणपत्र दिन इन्कार गरेको कार्यलाई अन्यथा भन्न मिल्ने होइन, रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेतले वहस जिकिर प्रस्तुत गर्नुभयो भने ललितपुर उपमहानगरपालिका तर्फबाट विद्वान अधिवक्ता श्री लोकचन्द्र पौडेलले निवेदकको स्थायी वतन ललितपुर उपमहानगरपालका वडा नं १३ मा रहे भएको नदेखिएको र नेपाल नागरकता ऐन, नियमले प्रत्येक नेपालीले आफ्नो स्थायी बसोबास भएको क्षेत्रबाट नागरिकताको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरेको हुँदा आफ्नो क्षेत्रमा स्थायी बसोबास नभएको व्यक्तिका हकमा वडा कार्यालयबाट सिफारिस गर्न नमिल्ने हुँदा निवेदकलाई निजको मागअनुसार सिफारिस नगर्ने मौखिक जानकारीसम्म गराएको अवस्था हुँदा क्षेत्राधिकारविहिन निकायका नाममा निवेदन माग बमोजिमको आदेश जारी गर्न मिल्ने होइन भन्ने समेतले गर्नु भएको वहस जिकिर सुनियो ।

उल्लिखित पक्ष विपक्षका विद्वान कानुन व्यवसायीहरूले गर्नु भएको बहस जिकिर सुनी रिट निवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागदावी बमोजिमको आदेश जारी हुने हो, होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा यसमा निवेदकमध्येका यशुमाया बुढाथोकी बस्नेतको जोगेन्द्र बस्नेतसँग प्रेम विवाह भई हामीहरूको दाम्पत्य सम्बन्धबाट मिति २०४९।१०।१ गते ललितपुर उपमहानगरपालका वडा नं. १३ स्थित घरमा छोरा विजय बस्नेतको जन्म भएको, छोराको जन्म भएपछि पति जोगेन्द्र बस्नेत उपयका बाहिर जानुभएको र हालसम्म फर्केर आउनु भएको छैन, छोरा विजयको हाल उच्च माध्यमिक तहको अध्ययनका लागि नागरिकता प्रमाणपत्र आवश्यक पर्ने भई मिति २०६९।९।१० मा नागरिकता प्रमाणपत्र बनाउन स्थानीय निकायको सिफारिस आवश्यक पर्ने भई अनुसूची फाराम नं. १ भरी ललितपुर उपमहानगरपालिका वडा नं. १३ को कार्यालयमा जाँदा मौखिक रूपमा सिफारिस दिन मिल्दैन भनी इन्कार गरेको हुँदा छोराको जन्म दर्ता, विद्यालयको मार्कसिट, सर्टिफिकेटसहित जिल्ला प्रशासन कार्यालयमा मिति २०६९।९।१० मा अनुसूची फाराम सहित जाँदा बाबु नभई छोरालाई नागरिकता दिन मिल्दैन, वंशज भनेको बाबु हो भन्ने मौखिक आदेश गरी निवेदन दर्ता नै नगरी फर्काइ दिनुभयो । छोरा विजयले आमाको नामबाट नेपाली नागरिकता लिन चाहेको र नेपालको अन्तरिम संविधान तथा नागरिकता ऐन, नियमले समेत आमाको नामबाट नेपालको नागरिकता प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहेकोमा सो ऐन कानुन विपरित विजय बस्नेतलाई नागरिकता प्राप्ती गर्ने कार्यमा रोक लगाउने गरी विपक्षीहरूबाट भएको कार्य गैर कानुनी तथा नेपालले स्वीकार गरेका मानव अधिकारको विश्वव्यापी घोषणापत्र लायत अन्य सन्धी सम्झौता विपरितको देखिँदा निवेदकको संविधान प्रदत्त अधिकार प्रचलन गराउन प्रस्तुत रिट क्षेत्रबाट अनुरोध गरेको छु । अतः निवेदक विजय बस्नेतलाई आमाको नामबाट नेपालको नागरिकता प्राप्तिका लागि सिफारिस दिनु भनी विपक्षी वडा कार्यालय तथा सोही आधारमा नागरिकता दिनु भनी जिल्ला प्रशासन कार्यालय ललितपुरका नाउँमा आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराले दायर हुन आएको प्रस्तुत रिट निवेदनमा नेपालको अन्तरिम संविधान, २०६३, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ को व्यवस्था बमोजिम निवेदकलाई वंशजको आधारमा नेपालको नागरिकता वितरण गर्ने कार्यमा कुनै द्विविधा नरहेको भएता पनि उल्लिखित कानुन र निर्देशिका बमोजिम नागरिकता प्राप्ती गर्न तोकिएको प्रकृया अवलम्बन गर्नुपर्ने हुन्छ, निवेदकको स्थायी बसोबास भएको जिल्लाबाट नागरिकता पाउन सक्ने नै अवस्था रहेकोमा निवेदकको बाबु आमाको स्थायी ठेगाना ललितपुर जिल्ला अन्तर्गत नभई ओखलढुङ्गा जिल्ला देखिएको अवस्था हुँदा ललितपुर नगरपालिका वडा नं १३ बाट निजको सिफारिस हुन नसकेको हो भन्ने समेत व्यहोराको ललितपुर नगरपालिका लगायतका विपक्षीहरूको लिखित जवाफ पेश हुन आएको देखियो ।

यसमा निवेदक विजय बस्नेतको जन्मदर्ताको प्रमाणपत्र,

चारित्रिक प्रमाणपत्र तथा आमा यशुमाया बुढाथोकीको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहितको अनुसूची फाराम-१ भरी नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि स्थानीय ललितपुर उपमहानगरपालिका १३ नं. वडा कार्यालयमा निवेदन पेश भएको संलग्न प्रतिलिपिबाट देखिएको छ । नेपाली नागरिकता प्राप्ती सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) मा "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ" भन्ने उल्लेख भई ऐ. को धारा ८(२)(ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति" भनी वंशजको आधारमा नेपाली नागरिकता प्राप्तिको संवैधानिक प्रत्याभूति गरेको छ । त्यसै गरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) ले "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपलको नागरिकता रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भनी नागरिकता प्राप्ती सम्बन्धी कानुनी व्यवस्था रहेको देखिन्छ । निवेदक विजय बस्नेतको जोगेन्द्र बस्नेत र यशुमाया बुढाथोकीको वैवाहिक सम्बन्धबाट मिति २०४९।१०।१ मा ललितपुर उपमहानगरपालिका वडा नं. १३ मा जन्म भएको र निजका बाबु जोगेन्द्र बस्नेत बेपत्ता भई खोजतलास गर्दा फेला नपरेका तथा आमा यशुमाया बुढाथोकीले जिल्ला कार्यालय, ललितपुरबाट ना.प्र.नं. ७५२।९४४।१।४ को वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । यसबाट संविधान तथा नागरिकता सम्बन्धी नेपाल कानुनले व्यवस्था गरेको वंशजको आधारमा नागरिकता प्राप्तिका लागि आवश्यक शर्त मधये बाबु वा आमा वंशजको आधारमा नेपाली नागरिक हुनुपर्ने अवस्थामा त्यस्ता बाबु आमाको सन्तान वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न योग्य हुने भन्ने व्यवस्था अनुसार निवेदक विजय बस्नेतको बाबुको पत्ता नलागेको र निजकी आमा यशुमाया बुढाथोकी वंशजको आधारमा नेपाली नागरिक रहेको अवस्था हुँदा निवेदक विजय बस्नेत स्वतः वंशजको आधारमा नेपाली नागरिकता प्रापत गर्न योग्य व्यक्ति हुन् भन्ने तथ्य विवादरहित तवरले पुष्टि हुन आएको देखियो ।

अब निवेदक विजय बस्नेतले आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकता पाउन सक्ने हुन् ? होइनन् ? भन्ने सम्बन्धमा विचार गर्दा नागरिकता प्रत्येक व्यक्तिको मौलिक मानव अधिकार र व्यापक चासो र सरोकारको विषय भएको निर्विवाद छ । नागरिकता व्यक्ति र राज्य बीचको कानुनी एवम् राजनीतिक सम्बन्धलाई निर्धारण गर्ने माध्यम हो र यो व्यक्तिको कानुनी एवम् आधिकारिक पहिचान पनि हो । नागरिकता प्रदान गर्नु राज्यको कर्तव्य हो भने विना भेदभाव नागरिकता प्राप्ति गर्नु व्यक्तिको अधिकारको विषय पनि हो । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकारको प्रत्याभूति गरी कुनै पनि व्यक्तिलाई मनोमानी ढङ्गले नागरिकताबाट वञ्चित नगरिने व्यवस्था गरेको छ । यस व्यवस्थाले कुनै पनि व्यक्तिलाई राज्यविहिनता विरूद्धको अधिकारको सुनिश्चितता प्रदान गरेको र राज्यले आफ्नो देशको नागरिकहरूलाई नागरिकता सम्बन्धी समान अधिकारको व्यवस्था गर्नुपर्ने र नागरिकता प्रदान गर्नुपर्ने कुरामा जातजाति, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारधाराको आधारमा भेदभाव गर्न नहुने कुरा स्पष्ट गरेको छ । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २४ ले प्रत्येक व्यक्तिको जन्मदर्ता गर्न पाउने अधिकारको साथै विना भेदभाव राष्ट्रियता प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । कुनै पनि बालबालिकाको विना भेदभाव आफ्नो राष्ट्रियता सहित बाँच्न पाउने अधिकारको सुनिश्चितताको महसुस गरी पारित गरेको बाल अधिकार महासन्धिको धारा ७ ले कुनै पनि बालबालिकालाई जन्मने बित्तिकै जन्मदर्ता गर्ने, नाम राख्न पाउने र राष्ट्रियताको अधिकारको प्रत्याभूत गर्नुका साथै सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकारको समेत सुनिश्चितता गरेको छ । त्यस्तै धारा ८ ले पक्ष राष्ट्रहरूले कानुनले मान्यता दिए अनुसार बालबालिकाले आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायत आफ्नो परिचय संरक्षण गर्न पाउने अधिकार समेत प्रत्याभूत गरेको छ । यस व्यवस्थाले कुनै पनि बालबालिका राज्यविहिन हुनु हुँदैन भने मान्यतालाई आत्मसात गरेको छ । यसरी उल्लेखित घोषणापत्र लगायतका सन्धि, महासन्धिको नेपाल पनि पक्ष राष्ट्र रहेको र नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) ले नेपाल पक्ष भएका सन्धिका व्यवस्थाहरू नेपाल कानुनभन्दा माथिल्लो स्तरमा रहने मान्यतालाई स्वीकार गरेको अवस्था हुँदा त्यस्ता सन्धि महासन्धिले गरेका नागरिकता सम्बन्धी प्रावधानहरु प्रस्तुत विवादको सन्दर्भमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्ने देखिन आयो ।

वंशजको आधारमा नेपालको नागरिक ठहरिने व्यक्तिले बाबु वा आमा जुनसुकैको नामबाट नागरिकता प्राप्त गर्न चाहेमा सोही नाउँ र वतनबाट नागरिकता प्राप्त गर्न सक्ने सम्बन्धमा संविधान तथा ऐन नियमको व्यवस्था स्वयम् नै स्पष्ट रहेको तथा यसपूर्व रञ्जित थापा समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा "बाबु वा आमामध्ये दुवैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकता प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ समेतले प्रदान गरिसकेको बाबु आमाको अलग अलग वतन भए पनि निवेदकले रोजेको

बाबु वा आमाको ठेगानामध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिससाथ तोकिएको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग गर्न आएमा रोजेको बाबु वा आमाको ठेगानामध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने" भनी यस अदालतबाट मिति २०६६।३।१२ मा व्याख्या भएको (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७५) हुँदा निवेदक विजय बस्नेतले आमा यशुमाया बस्नेतको नामबाट वंशजको आधारमा नेपालको नागरिकता पाउन सक्ने नै देखियो ।

अब निवेदकको स्थायी वतन ललितपुर उपमहानगरपालिका वडा नं. १३ अन्तर्गत नदेखिएको कारण निवेदकलाई नागरिकता प्रमाणपत्र दिन नसकिएको भन्ने जिल्ला प्रशासन कार्यालय, ललितपुर र ललितपुर उपमहानगरपालिकाको लिखित जवाफको जिकिर सम्बन्धमा हेर्दा निवेदक विजय बस्नेतको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिमा निजको जन्म मति २०४९।१०।१ मा ललितपुर १३ मा भएको तथ्य उल्लेख भएको देखिन्छ भने आमा निवेदक यशुमाया बुढाथोकीले जिल्ला कार्यालय ललितपुरबाटै मिति २०४४।१।४ मा नेपालको नागरिकता प्राप्त गरेको र ललितपुर उपमहानगरपालिका वडा नं. १३ मै आफ्नो बसोबास रहेको भन्ने निवेदन जिकिरसमेत रहेको देखिँदा निवेदक विजय बस्नेतले ललितपुर उपमहानगरपालिका वडा नं. १३ को वतनबाटै नागरिकता ऐन, २०६३ को दफा ३(१) तथा नागरिकता नियमावली, २०६३ को नियम ३(१) बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्रमाणपत्र पाउनु पर्ने देखियो ।

अतः माथि प्रकरणमा विवेचना गरिएका कानुनी आधार एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदन विजय बस्नेतले आफ्नो आमा यशुमाया बुढाथोकीको नामबाट जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. १३ को वतनबाट वंशजको आधारमा नेपालको नागरिकता पाउने देखिएको हुँदा सो बमोजिम कानुनको रित र प्रकृया पूरा गरी निवेदकलाई वंशजको आधारमा नेपालको नागरिकता प्रमाण पत्र दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा यो परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : केशवप्रसाद पौडेल

कम्प्युटर टाइप गर्ने : विष्णुदेवी श्रेष्ठ

इति सम्वत् २०७१ साल चैत्त ३० गते रोज २ शुभम् ........

# ११ कृति थापा समेत विरूद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ साल भदौ १३ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**आदेश**
**०७२-WO-०५२०**

**मुद्दा : परमादेशसमेत**

का.जि.का.म.न.पा. वडा नं. ५ बस्ने कृति थापा ............ १
का.जि.का.म.न.पा. वडा नं. ५ बस्ने कविता थापा ............ १

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ............ १
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ............ १
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ............ १
काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ को कार्यालय, काठमाडौं ............ १

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भै पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

१. निवेदकमध्ये म कृति थापा नागरिकता प्राप्त गर्ने र कविता थापा आफ्नो नामबाट नागरिकता दिन पाउने हकबाट वञ्चित भएको पीडित हौं । निवेदकमध्ये आमा कविता थापाको रौतहट निवासी विश्वनाथ थापासँग २०५२ साल जेष्ठ महिनामा प्रेम विवाह भई सो विवाह सम्बन्धबाट मिति २०५२।११।२६ छोरी कृतिको जन्म भएको हो । २०५८ सालमा पौष महिनामा बाबु विश्वनाथ थापा गामेृन्ट उद्योगमा काममा जानु भएपछि फर्केर आउनु भएन । निवेदकको पालन पोषण, शिक्षा र दीक्षा गर्ने जिम्मेवारी म आमा कविता थापा आफैले गरिआएको छु । सानो उमेरमा आमाको विवाह भएकोले नागरिकता र विवाह दर्ता भएको थिएन । २०६१ सालमा नागरिकता लिने निर्णय भै काठमाडौं जिल्ला प्रशासनबाट आमाले आफ्नो बुबाको नाम नागरिकताको प्रमाण पत्र लिएको छ । निवेदक मध्येकी छोरी कृति थापा १६ वर्ष पूरा भएपछि उच्च शिक्षा हासिल गर्नको लागि नागरिकता आवश्यक परेकोले मिति २०७१।११।१२ मा का.जि.का.म.न.पा. वडा नं. ५ को वडा कार्यालयमा नागरिकता लिन भनी सिफारिसको लागि जाँदा बुबाको नाम र ठेगानबाट मात्र नागरिकता लिन सक्ने भनी सिफारिस दिन नमानेपछि जिल्ला प्रशासन कार्यालयमा गई आफ्ना समस्या र सो मा वडा कार्यालयले दिएको जवाफको बारेमा जानकारी गराउँदा जिल्ला प्रशासन कार्यालयसमेतले मिति २०७२।६।७ मा आमाको नाम र ठेगानाबाट नागरिकता दिने कानुन बनेको छैन भनी फर्काइदिनु भयो ।

निवेदकमध्येको कृति थापालाई निवेदक मध्येको आमा कविता थापाको नामबाट नागरिकता प्रमाण पत्र प्राप्त गर्न नसकेको स्थितिले राज्यविहिन अवस्थामा बाँच्न बाध्य भएको तथा नागरिकता प्राप्त नहुँदा राज्यबाट प्राप्त हुने धेरै हकबाट वञ्चित भएकोले नेपालको संविधान धारा ११(२)(ख) र धारा १२, नागरिकता सम्बन्धी ऐन २०६३ को दफा ३(१), नागरिकता नियमावली २०६३ को नियम ३(१) बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने व्यवस्था बमोजिम व्यवस्था विपरित भएको, साथै मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को

धारा २४, बाल अधिकार सम्बन्धी महासन्धिको धारा ७, महिला उपर हुने सबै खाले भेदभाव विरूद्धको महासन्धि १९७९ को धारा ९ को समेत प्रतिकुल भएको हुँदा कानुन बमोजिमको आमाको नामबाट नागरिकता दिनु भन्ने र देशभरिका हामीजस्ता पीडितको हकमा समेत व्याख्या हुने गरी आमाको नामबाट वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ भन्ने व्यहोराको मिति २०७२।१०।७ को रिट निवेदकहरू कृति थापा र कविता थापाको संयुक्त रिट निवेदन ।

२. यस अदालतबाट मिति २०७२।१०।१७ मा विपक्षीहरूको नाउमा १५ दिनभित्र लिखित जवाफ पेश गर्नु साथै अग्राधिकारसमेत प्रदान गर्नु भन्ने आदेश ।

३. नागरिकता प्राप्तिको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिससाथ नेपाल नागरिकता ऐन २०६३ तथा नागरिक नियमावली २०६३ बमोजिमको प्रक्रिया पूरा गरि निवेदन पेश नगरेको निजको रिट निवेदनबाट स्पष्ट देखिएको हुँदा कानुनी प्रक्रिया पूरा गरी नागरिकताको प्रमाणपत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको नेपाली नागरिकलाई नागरिकता प्रमाण पत्र दिइने हुँदा निवेदकले यस कार्यालयमा निवेदन नै नदिएको अवस्थामा यस कार्यालयलाई विपक्षी बनाइदिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७२।११।३ को जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी रामकृष्ण सुवेदीको जवाफ ।

४. बाबुको नाम, थर र वतन थाहा भएको अवस्थामा स्थायी बसोबास भएको स्थानमा गई सम्बन्धित स्थानीय निकायको सिफारिस लिई जिल्ला प्रशासन कार्यालय जान निवेदकलाई के कस्तो कारणले कठिनाई भएको निवेदकले निवेदनमा यसतर्फ केही पनि खुलाइएको छैन । नागरिकता ऐन नियमावलीमा नागरिकता प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरू पुरा गर्नु पर्ने दायित्व रिट निवेदक कै भएको हुँदा तोकिएको कार्यविधि पुरा गरी ऐन नियमले पेश गर्नुपर्ने भनी निर्धारण गरेको कागजात सहित जिल्ला प्रशासन कार्यालयमा गएको खण्डमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुने भएकोले यस मन्त्रालयलाई निवेदकले विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोरा मिति २०७२।११।१६ को गृह मन्त्रालयका सचिव नारायण गोपाल मलेगोको लिखित जवाफ ।

५. विपक्षीले का.म.न.पा. वडा नं ५ कार्यालयमा आएर नागरिकताको सिफारिस गर्नुपर्‍यो भनी कहिल्यै नभनेको र नागरिकता लिनको लागि बच्चाको जन्मदर्ता चाहिनेमा सो समेत पेश नगरी नचाहिने कानुन उल्लेख गरी दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७२।११।१९ को का.म.न.पा. वडा नं ५ को कार्यालयका प्रशासकिय प्रमुख ओमप्रकाश पौडेलको लिखित जवाफ ।

६. विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट म्यादभित्र कुनै लिखित जवाफ प्राप्त हुन नआएको ।

७. नियम बमोजिम दैनिक पेसी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरियो । निवेदक तर्फका उपस्थित विद्वान अधिवक्ताहरू श्री मीरा ढुंगाना र श्री सुषमा गौतमले निवेदक कृति थापा नेपाली नागरिक कविता थापाको छोरी भएकोमा विवाद छैन । बाबु बेपत्ता भएकोले नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रिया पूरा गरी विपक्षी का.म.न.पा. वडा नं. ५ कार्यालय र जिल्ला प्रशासन कार्यालयमा आमाको नामबाट नागरिकता पाउँ भनी कृति थापाले निवेदन दिएकोमा विपषी का.म.न.पा. वडा नं ५ कार्यालयका प्रमुख प्रशासक र प्रमुख जिल्ला अधिकारीले बाबुको वतन तथा बाबुको नामबाट मात्र नागरिकता लिनु पर्ने भनी आमाको नामबाट सिफारिस दिन इन्कार गरेको हुँदा निज कृति थापा नागरिकता विहिन र राज्यविहिनताको अवस्थामा बाँच्न बाध्य भई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानुनी हकबाट वञ्चित हुन परेको छ । विपक्षीको उक्त कार्य नेपालको संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेज समेतको विपरीत हुन गएको छ । तसर्थ निवेदक कृति थापा र निज जस्ता पीडित व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरी पाउँ भनी बहस गर्नुभयो ।

८. विपक्षी नेपाल सरकार समेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री दशरथ पंगेनीले नेपाल सरकारले निवेदक जस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दावी गरेको नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्नुपर्छ । कानुनबमोजिमको प्रक्रिया पुरा नगरी

बाबु बेपत्ता भएकोले नागरिकता दिन इन्कार गरियो भनी अर्थ लगाउन मिल्दैन । तसर्थ रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो ।

९. उल्लिखित बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो, वा होइन ? सो विषयमा निर्णय दिनुपर्ने देखियो ।

१०. निर्णयतर्फ विचार गर्दा निवेदक मध्येको कृति थापा रौतहट निवासी विश्वनाथ थापा र कविता थापाको छोरी भएको र कृति थापाको आमा कविता थापा १५ वर्षको उमेर रौतहट निवासी विश्वनाथ थापासँग प्रेम विवाह भई सो विवाह सम्बन्धबाट निवेदक कृति थापाको जन्म भएपछि गार्मेन्टमा काममा जान्छु भनी गएपछि बाबु विश्वनाथ थापा बेपत्ता भई सो समयदेखि सम्पर्कमा नरहेको र आफु हाल बालिग भएबाट आमाको नामबाट नागरिकता लिन सिफारिसको लागि अनुरोध गर्दा विपक्षी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ को कार्यालयले सिफारिस दिन इन्कार गरिएको भन्ने समेत जिकिर लिएको देखियो ।

११. निवेदनसाथ संलग्न कागजप्रमाणको प्रतिलिपि हेर्दा निवेदक मध्येको कृति थापाको आमा कविता थापाको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ मिति २०३७।३।३० मा जन्म भई निजको नामा मिति २०६२।८।७ मा काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट ना.प्र.नं. २०२३ को नागरिकताको प्रमाणपत्र जारी भएको र निवेदक कृति थापाको मिति २०५२।११।२६ मा जन्म भएको मिसिल संलग्न एस.एल.सी. को प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । आमाले सनाखत गरी वंशजको आधामा नागरिकता लिन मिति २०७२।६।७ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन पेश गरेको भन्ने पनि रिट निवेदनमा उल्लेख गरेको देखियो । निवेदकले यस कार्यालयमा निवेदन नै नदिएको भन्ने प्रमुख जिल्ला अधिकारी काठमाडौंको लिखित जवाफ र निवेदकले का.म.न.पा. वडा नं. ५ कार्यालयमा आएर नागरिकाको सिफारिस गर्नुपर्‍यो भनी कहिल्यै नभनेको र नागरिकता लिनको लागि बच्चाको जन्म दर्ता चाहिनेमा सो समेत पेश नगरी निवेदन दिएको भन्ने मिति २०७२।११।१९ को का.म.न.पा. वडा नं. ५ को कार्यालयका प्रशासकिय प्रमुख ओम प्रकाश पौडेलको लिखित जवाफ रहेको पाइयो ।

१२. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको संविधानको धारा ११ को उपधारा २ खण्ड (ख) मा गरिएको व्यवस्थाअनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था रहेको देखिन्छ । नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

१३. संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएकोबाट "बाबु वा आमा" मध्ये कुनै एक नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमा मध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । सो कुरा यस अदालतले स्वीकार गरीसकेको अवस्था पनि छ । (ने.का.प. २०६६ नि.नं. ८१७५ पृ. १०१४) यस्तो अवस्थामा बाबुको नागरिकता पेश गर्नु वा अपायक पर्ने ठाउँमा गई नागरिकता लिनु भनी पन्छाउन मिल्ने देखिंदैन ।

१४. निवेदकको नेपाल मै मिति २०५२।११।२६ मा जन्म भएको भन्ने एस.एल.सी. को प्रमाणपत्रबाट देखिएको र निवेदक शिशु अवस्थामा बाबु गार्मेन्ट उद्योगमा काममा जान्छु भनेर गएपछि फर्केर नआई बेपत्ता भई सम्पर्कमा नरहेको र आमाले सनाखत गरी वंशजको आधारमा आमाको नामबाट नागरिकता लिन निवेदन पेश गरेकोमा विपक्षीले बाबुको नाम र ठेगानाबाट नागरिकता लिनु पर्ने र बुबा नभई आमाको नाउबाट नागरिकता दिने कानुन अहिले बनेको छैन भनी निवेदकलाई नेपाली नागरिकता प्राप्त गर्नको लागि नागरिकताको सिफारिस र प्रमाणपत्र दिन इन्कार गरेको भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ ।

१५. जहाँसम्म निवेदकको बाबु बेपत्ता भएको भन्ने प्रश्नको हकमा बाबु बेपत्ता हुँदैमा निवेदकमध्ये छोरी कृति थापाले नागरिकता नपाउने भन्ने हुँदैन तथा निवेदक मध्येकी आमा कविता थापाले आफ्नो सन्तान छोरीलाई आफ्नो नामबाट नागरिकता दिलाउन नपाउने भन्ने हुँदैन । नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापेक्षतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्मेको भई नेपालमा नै बसोबास गरेको

र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । यहाँ निवेदकका बाबु वा आमा फेला नपरेको वा बाबुको पहिचान हुन नसकेको अवस्था होइन । निवेदकहरूले आफ्नो बाबु वा पतिको नाम र वतन स्पष्ट उल्लेख गरेका छन् । बाबु विश्वनाथ थापा गार्मेन्ट उद्योगमा काममा जान्छु भनी गएपछि नआई बेपत्ता भई सम्पर्कविहिन भएको भन्ने निजहरूको भनाई रहेको छ । यो कुरा होइन भन्ने लिखित जवाफबाट देखिंदैन । मुख्य कुरा "बाबु वा आमा" मध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ । त्यस्तो अवस्थामा बाबुको नागरिकता पेश गर्न नसकेको भन्ने अतो थापी नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन ।

१६. निवेदक कृति थापाको मिति २०५२।११।२६ मा जन्म भएको भन्ने एस.एल.सी. को प्रमाणपत्रको प्रतिलिपि कागजातबाट देखिन्छ । निज १६ वर्ष पूरा भएको भन्ने पनि देखिन्छ । निवेदकको आमा कविता थापाको मिति २०३७।३।३० मा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ मा जन्म भएको र निजको नाममा मिति २०६१।८।७ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट ना.प्र.नं. २०२३ नागरिकताको प्रमाणपत्र जारी भउको भन्नेमा विवाद नभएको हुँदा निवेदक नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएको कार्यविधि पूरा गरेमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुगेको व्यक्ति देखियो ।

१७. नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिंदैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अतो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

१८. नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ । लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख गरिएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । नेपालको संविधानद्वारा प्रत्याभूत हकहरु निवेदकहरूलाई नै प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ देखिंदैन ।

१९. निवेदक मध्येको कविता थापा नेपालको नागरिक रहेछ भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निजको छोरी कृति थापालाई आमाको नामबाट नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदक दुवैको मौलिक हक हनन हुने स्थिति यहाँ पर्न आएको देखियो । महिलाहरु उपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरा तर्फ विपक्षी जिल्ला प्रशासन कार्यालयको दृष्टि पुगेको देखिएन ।

२०. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६७-wo-०७०३ ने.का.प. २०६८ नि.नं. ८५५७ अंक २ पृष्ठ २४७) रिट निवेदनमा आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालयको नाउमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मिति २०६८।३।६ मा मन्त्रिपरिषद् सचिवालयबाट गृह मन्त्रालयलाई लेखी गएको र गृह मन्त्रालयबाट मिति २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको आजै पेश भएको लक्ष्मी लामा विरूद्ध नेपाल सरकारसमेत भएको (रिट नं. २०७०-wo-०८१७) को निवेदनमा पेश भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको लिखित जवाफबाट देखियो । त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं २०६९-wo-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जारी भएको देखिन्छ । रन्जिता थापाको रिट निवेदनमा भएको निर्णयबारे माथि

उल्लेख भएकै छ । यसरी यस अदालतबाट यसपूर्व नै नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भैसकेको समेत देखिन आयो । आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोमा बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासांगिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदा हुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु वा अपायक पर्ने जिल्लामा जानु भन्नु कानुनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानुनी अधिकार प्राप्त अधिकारीद्वारा आफ्नो कानुनी कर्तव्य पूरा गर्नु पर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैं संवेदनशील भे यो विषयवस्तुलाई हेर्नु वान्छनीय देखिन्छ ।

२१. अतः उल्लेखित आधार र कारणहरूबाट प्रस्तुत निवेदनमा कृति थापाको आमा कविता थापा नेपाली नागरिक भउको भनने कुरासमेत प्रमाणित भएको र निवेदक कृति थापाको नेपाली नागरिक कविता थापाबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिकता पेश गरेमा र जन्म यकिन हुने प्रमाण पेश गरेमा नागरिकताको लागि सिफारिस दिन इन्कार नगर्नु भन्ने विपक्षी काठमाडौं महानगरपालिका वडा नं. ५ वडा समितिको नाउँमा सिफारिस र आमाको नागरिकताको प्रतिलिपि पेश गरेमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नु भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आमको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले माग बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : मनुकुमारी जि.एम.वि.क. (उपसचिव)

इति संवत २०७३ साल भदौ १३ गते रोज १ शुभम् ..............।

# २० सामीन थापा विरुद्ध नेपाल सरकार

| फैसला/आदेश मिति, प्रकाशन नं. | २०७३ साल मंसिर महिना २७ गते |
|---|---|

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**
**आदेश**
**०७०-WO-०१७८**

**विषय : उत्प्रेषण समेत**

का.जि.का.म.न.पा. वडा नं. ३५ सुविधानगर बस्ने सामीन थापा ............१
ऐ. ऐ. बस्ने कोपिला मगर ............१ निवेदक

**विरुद्ध**

नेपल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ............१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ............१
नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौ. ............१
नेपाल सरकार, कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ............१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं, बबरमहल ............१
का.जि.का.म.पा. वडा नं. ३५ को वडा कार्यालय ............१ विपक्षी

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको तथ्य एवं आदेश यसप्रकार छः

हामी निवेदकहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम नेपालको संविधानले प्रदान गरेको नागरिकता प्राप्त गर्न पाउने र नागरिकता आफ्नो नामबाट दिन पाउने समान हक अधिकारबाट वञ्चित व्यक्तिहरु भएको हुनाले नागरिकता प्राप्त गर्ने र आफ्नो सन्तानलाई नागरिकता आफ्नो नामबाट प्रदान गर्न पाउने समान हकको प्रत्याभूति गरी न्याय प्राप्तिको अनुभूति गर्नको लागि परमादेशको आदेश वा जो चाहिने अन्य आज्ञा आदेश जारी गरिपाउँ भनी यो रिट निवेदन लिई न्यायको याचना गर्न आएका छौं ।

निवेदक मध्येको म कोपिला मगरको नाम, घर थाहा नभएको अपरिचित व्यक्तिले मिति २०५० साल मंसिर १० गते बलात्कार गरेको कारणबाट छोरी सामीन थापाको मिति २०५१।५।११ गते, का.जि.का.म.न.पा. वडा नं. ३५ घरमा नै जन्म भयो । हालसम्म पनि बलात्कार गर्ने व्यक्तिलाई मैले चिन्न सकेको छैन । हाल छोरीको १०+२ पास गरी उच्च शिक्षा अध्ययनरत रहेको हुनाले क्याम्पसले छोरीको नागरिकताको माग गरिरहेको छ । मिति २०७०।३।९ मा नागरिकाको प्रमाणपत्रको लागि सिफारिस पाउँ भनी वडा कार्यालयमा जाँदा बाबुको ठेगान नभई सिफारिस दिन मिल्दैन भनी सिफारिस दिन इन्कार गरेको । नियम बमोजिम अनुसूची १ को फारम भरी मिति २०७०।३।११ मा काठमाडौं जिल्ला प्रशासन कार्यालय जाँदा "बाबु नभई छोरीलाई नागरिकता दिन मिल्दैन, वंशज भनेको बाबु हो" भन्ने मौखिक आदेश गरी निवेदन दर्ता नै नगरी फर्काइ दिनुभयो ।

निवेदक मध्येको म सामीन थापालाई लालन पालन शिक्षा दीक्षा एवं स्वास्थ्योपचार समेत मेरो आमा कोपिला मगरले गरिरहनु भएको छ र म जन्मेदेखि नै एकल आमाको संरक्षणमा हुर्के बढे र पढें । मैले मेरो पिताको, हालसम्म मुख देखेको र नाम पनि सुनेको छैन । मलाई जन्माउन, हुर्काउन, बढाउन र पढाउन समेत आमाले गर्नुभएको छ । म मेरो पहिचान पनि आमाकै नामबाट पाउन र बनाउन चाहन्छु । नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ अन्तर्गत धारा ८(२)(ख) तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा समेत बाबु अथवा आमामध्ये कुनै एकजना नेपाली नागरिक रहेछन् भने

निजको सन्तानले वंशजको आधारमा नेपालको नागरिक हुने भने संविधान र कानुनमा व्यवस्था गरेको छ । तर मेरो पिताको पहिचान नभएकै कारणले म निवेदक समीना थापालाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गरी विपक्षीहरूको मौखिक आदेशले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको छ । मलाई मेरो बाबुको ठेगान नलागेको भनी जन्मदर्ता नै गर्न इन्कार गरी अन्याय गरेको छ ।

निवेदकमध्ये म कोपिला मगर, निवेदक छोरी सामीन थापाको एकल आमा भई संरक्षण गर्दै आइरहेकी छु । मलाई अपरिचित व्यक्तिले बलात्कार गरी छोडेको र खोजी गर्दा समेत फेला नपरेको अवस्था छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाली नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद २ को (२) को १.२ बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम मेरो छोरीलाई आमाको नामबाट वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ । म निवेदकमध्येको सामीन थापालाई मेरो आमा कोपिला मगरले जन्म दिई, पालन पोषण, शिक्षा, दीक्षा, स्वास्थ्योपचार गरी बढाउनु र पढाउनु भयो त्यसैले संवैधानिक कानुनी व्यवस्था बमोजिम मेरी आमाले आफ्नो नामबाट पहिचान दिन पाउने हक भएको र मैले मेरी आमाबाट पहिचान पाउने अधिकार सुनिश्चित भएको हुनाले मलाई मेरो आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने मनासिव आधार र कारण भएमा सो समेत खुलाई लिखित जवाफ पेश गर्ने आदेश गर्दै प्रस्तुत निवेदन छिटो निरूपण हुनुपर्ने देखिंदा अग्राधिकार प्रदान गरेको यस अदालतको मिति २०७०।५।१८ को आदेश ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (२) को खण्ड (ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, नेपाल नागरिकता नियमावली, २०६३ तथा सो अन्तर्गत बनेका निर्देशिकाको अधिनमा रही नेपाल सरकारले वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्दै आएको र उल्लिखित कानुन बमोजिम आमाको नामबाट नागरिकता प्राप्त गर्न कुनै पनि नेपाली नागरिकलाई वञ्चित नगरिउको तथा नागरिकता प्रदान गर्ने सम्बन्धी कार्यमा यस मन्त्रालयको कुनै संलग्नता नहुने भएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

रिट निवेदीका सामीन थापा समेतले आफ्नो रिट निवेदनमा उल्लेख गनु भएअनुसार निजलाई नेपाली नागरिकता ऐन, २०६३ तथा नियमावली समेतको अधिनमा रही कानुनले तोकेको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग गरेको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र नदिइएको भन्ने कुरा झुठा हो । कानुन बमोजिम नागरिकता प्राप्त गर्ने सबै नेपाली नागरिकको नैसर्गिक अधिकार रहेकोले ऐन नियमले तोकेका सबै कानुनी प्रक्रिया पूरा गरी आमाको नामबाट समेत नागरिकता प्रमाणपत्र दिने भनी यस मन्त्रालयबाट २०६८।५।५ मा मातहतका कार्यालयहरूलाई परिपत्र समेत गरिदिएको छ । नागरिकता प्रमाणपत्र लिंदा पेश गर्नुपर्ने कागजात सहित निवेदन साथ पेश गर्नुपर्ने कर्तव्य यी रिट निवेदकहरूको हो । प्रक्रिया नै पुरा नगरी नागरिकता प्रमाणपत्र नदिएको भनी भन्न मिल्दैन । अतः यस मन्त्रालयका कुनै काम कारवाहीले निवेदकहरूको मौलिक हक हनन् गर्ने कार्य नगरेको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदनमा माग भएअनुसार अन्तरिम आदेश तथा रिट जारी हुनुपर्ने होइन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

रिट निवेदनमा उल्लेख गरे अनुसार रिट निवेदीकाले यस कार्यालयमा नागरिकता ऐन, २०५९ तथा नागरिकता नियमावली, २०६३ बमोजिमको प्रक्रिया पूरा गरी निवेदन पेश गरेको देखिंदैन । यस कार्यालयबाट जारी गरिने नेपाली नागरकताको प्रमाणपत्र पाउँ भनी सम्बन्धित सेवाग्राहीले उक्त नागरिकता ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पूरा गरेकोलाई नागरिकता प्रमाणपत्र दिइने गरिएको छ । रिट निवेदकले यस कार्यालयमा निवेदन नै दिएको अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेज गरीपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट पर्न आएको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ का साथै नेपाल नागरिकता ऐन, २०६३ ले नेपालका नागरिकहरूले विना भेदभाव समानताका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । विद्यमान कानुनको अधिनमा रही नागरिकताको सिफारिस गर्ने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानुनी कर्तव्य भएका पदाधिकारीहरूले कानुनमा निर्धारित विधि, प्रक्रिया र कार्यविधिलाई अवलम्बन नगरी विपक्षी निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनुपर्छ भन्न सकिंदैन । २०६७ सालको रिट नं. ०७०३ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।११।१५ गते गृह मन्त्रालयको नाममा निर्देशनात्मक

आदेश जारी भएकोमा सोको कार्यान्वयनका लागि सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदो परिपत्र गरिएको बोधार्थ पत्र समेत प्राप्त भएको हुँदा पुनः सोही विषयका सन्दर्भमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिंदैन, रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ अनुसार नागरिकता प्रमाणपत्रका लागि सिफारिस गर्ने तथा नागरिकता प्रमाणपत्र दिने लगायतको कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने भएकोले तत्सम्बन्धमा मन्त्रालयको कुने कानुनी कर्तव्य एवं दायित्व रहेकोमा सो कर्तव्य एवं दायित्व पूरा नगरेको वा पूरा गर्न इन्कार गरेको भनी आफ्नो रिट निवेदनमा कहिंकतै उल्लेख गर्न सक्नु भएको पनि छैन । अतः रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको व्यहोराको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

राज्यको संविधान, ऐन, कानुन र नियमबाट राज्यका अंगहरूले आफ्नो कर्तव्य पूरा गर्दछन् । विपक्षीहरूलाई देशको संविधान, ऐन, कानुन र नियमले संरक्षित गरेको अधिकारलाई यस महानगरपालिका ३५ नं. वडा कार्यालयबाट आघात पारेको छैन । वडा कार्यालयले आफ्नो वडा इलाका भित्र बसोबास गर्ने सबै नागरिकहरूलाई समान रूपमा ऐन कानुनको परिधिभित्र रही सम्पन्न गर्नुपर्ने कार्यहरु आफ्नो दायित्व र कर्तव्य पूरा गरी आएको छ । निवेदकले नागरिकाको लागि सिफारिस पाउँ भनी निवेदन नै नगरेको हुँदा सिफारिस नगरिएको व्यहोरा सरासर झुठा हो । रिट निवेदकले मिति २०५०।५।११ मा सामीन थापाको का.म.न.पा. वडा नं. ३५ मा जन्म भएको भने पनि यस वडा कार्यालयमा सो सम्बन्धमा जन्मदर्ता रहे भएको समेत देखिंदैन । निज कारणीहरूले कानुन बमोजिम यस वडा कार्यालयमा कुनै निवेदन, सूचना समेत नगरी कुनै दायित्व नै नरहेको सत्य तथ्य व्यहोरा लुकाई हचुवाको भरमा यस महानगरपालिका वडा नं ३५ को वडा कार्यालयलाई विपक्षी बनाइएको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको काठमाडौं महानगरपालिका वडा नं. ३५ को तर्फबाट पर्न आएको लिखित जवाफ ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनसहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो । निवेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुषमा गौतमले नेपालको संविधान एवं नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्था अनुसार यी सामीन थापा वंशजको आधारमा नेपालको नागरिक भएको तथ्यमा कुनै विवाद देखिंदैन । पितृत्व, मातृत्वको ठेगाना नभएको व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रिया अनुरूप नागरिकता पाउने व्यवस्था छ । तर यी निवेदीकाले सो प्रक्रिया पूरा गरी नागरिकताको प्रमाणपत्र पाउँ भनी दिएको निवेदन अनुसार नागरिकता दिइएन । यसरी नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानुनी हकबाट यी निवेदीका वञ्चित हुन परेको छ । विपक्षीहरूको उक्त कार्य नेपालको संविधान एवं नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेज समेतको विपरित हुन गएकोले निवेदक सामीन थापालाई आमाको नामबाट नागरिकता दिनु भन्ने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको वहस प्रस्तुत गर्नुभयो ।

नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले नेपाल सरकारले निवेदकजस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । आमाको नामबाट नागरिकता नदिएको भन्ने निवेदकको व्यहोरा झुठा हो । नागरिकता प्रमाणपत्र लिंदा पेश गर्नुपर्ने कागजात सहित निवेदन साथ पेश गर्नुपर्ने कर्तव्य यी रिट निवेदकहरूको हो । प्रक्रिया नै पूरा नगरी नागरिकता प्रमाणपत्र नदिएको भनी भन्न नमिल्ने हुँदा नागरिकता नदिएको भनी व्यहोरा परेको रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको वहस प्रस्तुत गर्नुभयो ।

विद्वान् कानुन व्यवसायीको वहस बुँदालाई समेत मध्यनजर राखी मिसिल संलग्न कागजातको अध्ययन गरी निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, म निवेदक का.जि.का.म.न.पा. वडा नं. ३५ सुविधानगर बसने कोपिला मगरको छोरी हुँ । मेरो आमा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक हुनुहुन्छ । म निवेदकलाई नागरिकताको आवश्यकता भई सिफारिस लिन का.जि.का.म.न.पा. वडा नं. ३५ को कार्यालय जाँदा सिफारिस दिन नमिल्ने भनी मौखिक आदेश दिएको तथा सोही व्यहोरा उल्लेख गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन दिएकोमा नागरिकता दिन नमिल्ने मौखिक आदेश दिएको हुँदा मेरो संवैधानिक समानता सम्बन्धी हक, नागरिकता प्राप्त गर्ने हक, उच्च शिक्षाको हक लगायत अन्तर्राष्ट्रिय कानुन अन्तर्गत मेरो समानताको हक, राष्ट्रियताको हक र मैले मेरो पहिचानको प्राप्ति गर्ने हकबाट वञ्चित भइरहेको हुँदा आमाको नामबाट वंशजको आधारमा नागरकताको प्रमाणपत्र दिनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरीपाउँ भन्ने समेत व्यहोराको मुख्य निवेदन माग देखिन्छ ।

निवेदन साथ संलग्न कागजात हेर्दा, सामीन थापाको

आमा कोपिला मगर भएको कुरा सामीन थापाको चारित्रिक प्रमाणपत्र एवं एस.एल.सी.को लब्धाङ्क पत्र एवं निजले नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी मिति २०७०।३।९ मा भरेको फारामबाट पुष्टि हुन्छ । निवेदिका मध्येकी कोपिला मगरले निवेदन साथ जिल्ला प्रशासन कार्यालय चितवनबाट ना.प्र.नं. १११७७/०५३ मिति २०५३।८।४ मा नागरिकताको प्रमाणपत्र लिएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ । मिसिल संलग्न बसाई सराई दर्ताको प्रमाणपत्रको फोटोकपिबाट मिति २०५१।१०।१० मा भरतपुर न.पा.-५ बाट का.म.न.पा. वडा नं. ३५ मा बसाई सरी आएको देखिन्छ । सामीन थापाको चारित्रिक प्रमाणपत्र हेर्दा निजको जन्ममिति २०५१।५।११ भन्ने देखिन्छ ।

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढङ्गले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । त्यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिने छ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । त्यस्तै महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियता सम्बन्धमा महिलालाई पुरुष सरह समान अधिकार प्राप्त गर्नेछ भनी उल्लेख गर्नुको साथसाथै बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिने छ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ भनी उल्लेख गरेको पाइन्छ ।

नागरिकता सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा २ को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तै किसिमको व्यवस्थाको निरन्तरता नेपालको संविधानको धारा ११ को उपधारा २(ख) मा रहेको छ । संविधानमा रहेको नेपाल नागरिकता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भने शब्दावली प्रयोग भएबाट बाबु वा आमामध्ये कुनै एक नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुगेपछि नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमामध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले रोज्न पाउने कुरा हो । सो कुरालाई यस अदालतले स्वीकार गरिसकेको अवस्था (ने.का.प. २०६६, नि.नं. ८१७५, पृ. १०१४) पनि छ ।

जहाँसम्म बाबुको ठेगान नलागेको भन्ने विषय छ बाबुको ठेगाना नलाग्दैमा आमाको नाउँबाट नागरिकता नपाईने भन्न मिल्ने देखिंदैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ को उपधारा (३) र नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापेक्षतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नागरिकता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ ।

वस्तुतः नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सक्दैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउने नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हकको उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत एवं राष्ट्रिय पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको ससानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई विना भेदभाव प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ । त्यस्तै गरी लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख गरिएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हक समेत पर्दछ । यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान वहाल रहँदाको अवस्थामा दायर भएको छ । तथापि नयाँ

संविधान अर्थात् नेपालको संविधानद्वारा प्रत्याभूत हकहरू निवेदकहरूलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ देखिंदैन ।

निवेदिका सविना दमाई समेत विरूद्ध नेपाल सरकार भएको (ने.का.प. २०६७ अंक २ नि.नं. ८५५७ पृ. २४७) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालयको नाउँमा परमादेश जारी भउको देखिन्छ । तत्पश्चात् सो आदेशको कार्यान्वयनको लागि मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखी गएकोमा गृह मन्त्रालयले मिति २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई परिपत्र गरिसकेको भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पर्न आएको लिखित जवाफको व्यहोराबाट देखियो । त्यस्तै निवेदक लक्ष्मी लामा समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत विपक्षी भएको ०७०-wo-०८१७ (फैसला मिति २०७३।५।१३), निवेदक प्रशान्त विश्वास विरूद्ध जिल्ला प्रशासन कार्यालय सुनसरी विपक्षी भएको ०७१-wo-१०७६ (फैसला मिति २०७३।५।१३) भएको रिट निवेदनहरूमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी भएको देखिन्छ । यसरी यस अदालतबाट यसपूर्व नै नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भइसकेको समेत देखिन आयो । आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासांगिक नै हुने देखिंदैन र बाबुको पहिचानको विषय उठाई नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदन अस्वीकार गर्न वा सो बारे सिफारिस दिनबाट इन्कार गर्न मिल्ने देखिंदैन । आमाको नामबाट नागरिकता लिन सकिने संवैधानिक एवं कानुनी व्यवस्था हुँदा हुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वन्चित गर्नु न्यायपूर्ण हुने देखिएन ।

अतः माथि विवेचित आधार कारणहरूबाट निवेदक सामीन थापाको आमा कोपिला मगर नेपाली नागरिक भएको भन्ने कुरा विवाद नभएको र सामीन थापा नेपाली नागरिक कोपिला मगरबाट नेपालमा जन्मेको देखिएकोले निवेदक सामीन थापाले आमाको नागरिकता पेश गरी सिफारिस माग गरेमा सिफारिस दिनु भनी विपक्षी वडा कार्यालयको नाममा र आवश्यक कागज संलग्न गरी निवेदन दिएमा कानुन बमोजिम आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर अपरेटर : उत्तरमान राई

इति सम्वत् २०७३ साल मंसिर महिना २७ गते रोज २ शुभम ................ ।

# २१ किरण खड्‌की विरूद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७२ साल फागुन १७ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ**
**माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल**
**आदेश**
**०७०-WO-०८७६**

**विषय : परमादेश**

काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं. ४ बस्ने किरण खड्‌की ..........१
ऐ. ऐ. बस्ने सरिता खड्‌गी ..........१ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौं ..........१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ..........१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

निवेदक मध्येको म सरिता खड्‌गीलाई नाम थर थाहा नभएको अपरिचित व्यक्तिले मिति २०४७।७।१० मा झुक्याई विवाहको नाटक गरी मिति २०५१।१२।३० मा छोरा किरण खड्‌गीको काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. ४ माइती घरमा नै जन्म भयो । छोराको जायजन्म पश्चात् श्रीमान बेपत्ता हुनु भएको र हालसम्म पनि निजको नाम, थर र ठेगाना समेथ थाहा नभएकोले म माइतीमा बस्दै आएको अवस्था छ । हाल छोराको नागरिकता लिनका लागि उमेर पूरा भएकोले मैले २०७०।४।२८ मा नागरिकताको प्रमाणपत्रको लागि अनुसूची १ को फाराम भरी किर्तिपुर न.पा. वडा नं. ४ को वडा कार्यालयको सिफारिस र छोराको जन्मदर्ताको प्रमाणपत्र साथ राखी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा बाबु नभई छोरालाई नागरिकता दिन मिल्दैन, वंशज भनेको बाबु हो भन्ने मौखिक आदेश गरी निवेदन नै दर्ता नगरी फर्काइ दिनुभयो तर मेरो छोराको अध्ययनका साथै अन्य कार्यहरु गर्नका लागि नागरिकताको अत्यन्तै जरूरी भइसकेको छ ।

निवेदकमध्येको म किरण खड्‌गीलाई लालन, पालन, शिक्षा एवं स्वास्थ्योपचार समेत मेरो आमा सरिता खड्‌गीले गरिरहनु भएको छ । म जन्मेदेखि नै एकल आमाको संरक्षणमा हुर्के बढे र पढें । मैले मेरो पिताको नामसम्म पनि सुनेको छैन । हालसम्म मैले पिताको मुख देखेको पनि छैन । मलाई जन्माउन, हुर्काउन, बढाउन र पढाउन समेत आमाले नै मिहेनत गर्नु भएको छ । त्यसैले म मेरो पहिचान पनि आमाकै नामबाट पाउन र बनाउन चाहन्छु । नागरिकता कुनै पनि व्यक्तिको लागि अत्यन्तै महत्वपूर्ण आधारभूत दस्तावेज हो । नागरिकताको प्रमाणपत्र नागरिकले राज्यबाट प्रदान गर्ने सुविधा तथा अधिकार प्राप्त गर्न र अवसर प्राप्तिको लागि अनिवार्य हुन्छ । नागरिकताबाट वञ्चित व्यक्तिको व्यक्तिगत घटनाहरु दर्ता नहुने एकातिर छँदैछ अर्कोतिर सम्पत्तीको स्वामित्व लिन नसकिने, शिक्षा रोजगारीबाट वञ्चित हुनुपर्ने, उद्योग व्यापार व्यवसाय तथा बैङ्किग कारोबार समेत गर्न नसकिने हुन्छ । नागरिकता विहिन व्यक्ति कुन राष्ट्रको नागरिक हो भन्ने पहिचान समेत नहुने भएकोले प्राकृतिक रूपमा मानव भए पनि कानुनी रूपमा अधिकार विहिन भई आधारभूत मानव अधिकार समेतबाट वञ्चित हुनुपर्दा अस्तित्वविहिन हुन पुग्दछ ।

उपरोक्त बमोजिम किर्तिपुर नगरपालिकाले मिति २०७०।४।२८ मा सिफारिस दिए पश्चात् नागरिकताको प्रमाणपत्रको लागि दशौं पटक जिल्ला प्रशासन कार्यालय काठमाडौं गयौं तर नागरिकता प्रमाणपत्र दिन नसकिने भन्ने मौखिक आदेश गरी निराश बनाएको हुनाले सम्मानित अदालत समक्ष

प्रस्तुत रिट निवेदन गर्न आएका छौं । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने" भनने संवैधानिक व्यवस्था रहेको छ । त्यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा पनि उक्त संविधान अनुरूपकै व्यवस्था रहेको छ । हामी निवेदकहरू पूर्ण नेपाली नागरिक हौं । निवेदक मध्येको म किरण खड्गीको बाबु आमा पनि नेपाली नागरिक नै हुनुहुन्छ । बाबु अथवा आमा मध्ये कुनै एकजना नेपाली नागरिक रहेछन् भने निजको सन्तान वंशजको आधारमा नेपाली नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानुनमा रहेकोमा निवेदक म किरण खड्गीको पिताको पहिचान नभएकै कारणले नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गरिएको हुनाले साह्रै अन्याय पर्न गएको छ ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची-१ को फाराम भर्नु पर्ने व्यवस्था बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गर्दा पनि नागरिकताको प्रमाणपत्र दिन इन्कार गरेको कारणले हामीहरूको नागरिकता लिन पाउने र आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्न पाउने नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), धारा १० द्वारा प्रदत्त अधिकारका साथै ऐ. धारा १३(१)(२)(३), धारा २०(१)(३), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) तथा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनद्वारा प्रदत्त अधिकारमा आघात पर्न गएकोले म निवेदक सरिता खड्गीको छोरा म किरण खड्गीलाई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाममा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको निवेदनपत्र ।

यसमा के कसो भएको हो, निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथै राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूलाई सूचना दिई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७१।३।४ को आदेश ।

विपक्षी रिट निवेदकले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक वा कानुनी हक अधिकार हनन् भएको हो स्पष्ट रूपमा उल्लेख गर्न सकेको पाइँदैन । नागरिकता प्रदान गर्ने विषयमा यस कार्यालयलाई विपक्षी बनाई रहनु पर्ने हो होइन । प्रचलित कानुन बमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारवाही एवं निर्णय उपर समेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने हुँदैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय संविधान तथा कानुनको परिपालना गरी गराई कनुनी राज्यको अवधारणालाई साधार पार्ने र नागरिकका संविधान तथा कानुन प्रदत्त हक अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ । जहाँसम्म रिट निवेदकले दावी लिएको नागरिकता प्राप्ति सम्बन्धी विषय छ, तत् सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ का साथै नेपाल नागरिकता ऐन, २०६३ ले नेपालका नागरिकहरूले विना भेदभाव समानताका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकता ऐन, नियममा निर्धारित विधि प्रक्रियाको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनु पर्ने कुरालाई अन्यथा भन्न मिल्दैन । नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानुनी कर्तव्य भएका पदाधिकारीहरूले कानुनमा निर्धारित विधि प्रक्रियालाई अनदेखा गरी विपक्षी निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनु पर्छ भन्न सकिँदैन । आमाको नामबाट नेपालको नागरिकता प्राप्त गर्ने विषयका सन्दर्भमा हेर्दा सविना दमाई समेत विरूद्ध यस कार्यालय समेत भएको सम्वत् २०६७ सालको रिट नं. ०७०३ को निवेदनमा सम्मानित अदालतबाट मिति २०६७।११।१५ मा निवेदकलाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु, नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्र.जि.अ. को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भएकोमा सोको कार्यान्वयनका लागि मिति २०६८।३।६ मा गृह मन्त्रालयमा लेखि पठाइएकोमा गृह मन्त्रालयले मिति २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरेको बोधार्थ पत्र समेत प्राप्त भएको हुँदा पुनः सोही विषयका सन्दर्भमा सम्मानित अदालतबाट आदेश जारी गरिरहनु पर्ने अवस्था नहुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

विपक्षीको निवेदन जिकिर नेपाल अन्तरिम संविधान, २०६३ तथा अन्य कानुन बमोजिम सम्बन्धित निकायले आमाको नामबाट नागरिकता प्रदान नगरेको भन्ने सम्म भएको र नागरिकता प्रदान गर्ने सम्बन्धी कार्यमा यस मन्त्रालयको कुनै संलग्नता नहुने भएको हुँदा असम्बन्धित निकाय यस

मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन निरर्थक हुँदा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कानुन तथा न्याय मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकले नागरिकताको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नागरिकता पाउँ भनी दिएको निवेदनमा बाबुको पहिचान नखुलेको कारण नागरिकताको प्रमाणपत्र प्रदान नगरेको भनी उल्लेख गर्नु भएको छ । विवाह भएको ४ वर्षसम्म पनि पतिको नाम थर ठेगाना केही थाहा नभएको भन्ने निवेदन जिकिर आफैंमा अस्पष्ट छ । यसबाट निवेदन सफा हात विना अदालत आएको स्पष्ट हुन्छ । साथै प्रचलित कानुन बमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भएगरेका काम कारवाही एवं निर्णय उपरसमेत यस मन्त्रालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने हुँदेन । सविना दमाईको मुद्दामा सम्मानित अदालतबाट भएको आदेश कार्यान्वयनका लागि यस मन्त्रालयबाट मिति २०६८।५।५ र मिति २०६९।१०।७ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिसकिएकोले पुनः सोही विषयमा आदेश जारी हुनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकले यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकोले यस मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथम दृष्टिमै खारेज भागी छ । विपक्षीले यस मन्त्रालयको यो यस्तो कानुनी कर्तव्य एवं दायित्व रहेकोमा सो कर्तव्य एवं दायित्व पूरा नगरेको वा पुरा गर्न इन्कार गरेको भनी आफ्नो रिट निवेदनमा कहिं कतै उल्लेख गर्न सकेको पनि छैन । कानुनले कर्तव्य र दायित्व नबोकाएकोमा परमादेश जारी नहुने भनी सम्मानित अदालतबाट प्रतिपादित नजिर समेतका आधारमा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखत जवाफ ।

निवेदक यस जिल्लाकै भएको हकमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि कानुनद्वारा निर्धारण गरेको अनुसूची-१ फाराम भरी सो फाराम स्थानीय निकायको सिफारिस, बाबु आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो नभए दाजु वा वंशज खुल्ने तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रतिलिपि र नाता प्रमाणपत्रको प्रतिलिपि, पिता माता वा नागरिकताबाट भिड्ने व्यक्तिबाट सनाखत, सो नभए दाजु भाई वा तीन पुस्ताभित्रको नजिकको अभिभावकको सनाखत, उक्त प्रमाणपत्र पेश हुन नसकेमा वंशज खुल्ने अन्य प्रमाणहरु, जन्म मिति खुल्ने शैक्षिक प्रमाणपत्र वा जन्मदर्ता पत्र वा नाबालक परिचय पत्र समेतका कागजातहरु संलग्न राखी पेश गरेको अवस्थामा नागरिकताको प्रमाणपत्र उपलब्ध गराई आएको व्यहोरा निवेदन गर्दै रिट निवेदकले रिट निवेदनमा उल्लेख गरे अनुसार बाबु नभई छोरालाई नागरिकता दिन मिल्दैन, वंशज भनेको बाबु हो भन्ने जवाफ दिएको भनी झुठा व्यहोरा उल्लेख गरी यस कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ ।

नियमबमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मीरा ढुंगानाले निवेदिका सरिता खड्गीको नाम, थर, ठेगानासमेत थाहा नभएका व्यक्तिसँग सम्बन्ध भई मिति २०५१।१२।३० मा निवेदक किरण खड्गीको जन्म भै निजहरु माइती तथा मावलीघरमा बसी आएको अवस्था छ । निवेदक मध्येको किरण खड्गीको नागरिकता लिनका लागि उमेर पूरा भएकोले नागरिकता प्रमाणपत्रको लागि अनुसूची फाराम भरी वडा कार्यालयको सिफारिस तथा जन्मदर्ता प्रमाणपत्र समेत राखी विपक्षी जिल्ला प्रशासन कार्यालयमा निवेदन गर्न जाँदा बाबु नभई छोरालाई नागरिकता दिन मिल्दैन, वंशज भनेको बाबु हो भनी मौखिक जवाफ दिई आमाको नामबाट वंशजको आधारमा नागरिकता दिन इन्कार गरेको कारणबाट निवेदकहरूको संविधान र कानुन प्रदत्त आमाको नामबाट नागरिकता प्राप्त गर्ने हकमा आघात पुगन गई नागरिकता विहिन हुने अवस्था सिर्जना भएकोले निवेदक किरण खड्गीलाई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरी पाउँ भनी र विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री किरण पौडेलले निवेदकहरूले नागरिकता प्रमाणपत्र प्राप्तिका लागि कानुनद्वारा निर्धारण गरिएका प्रमाण कागजात संलग्न गरी निवेदन गरेको अवस्थामा कानुन बमोजिम नागरकता प्राप्त गर्न कुनै बाधा रहेको छैन । निवेदकहरूले जिकिर लिए जस्तो नागरिकता दिन अस्वीकार गरेको अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो । उपरोक्त बमोजिम विद्वान अधिवक्ता र विद्वान सहन्यायाधिवक्ताले गर्नु भएको वहस सुनी निवेदन सहितका मिसिल कागजात अध्ययन गरी निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, निवेदिका म सरिता खड्गीलाई नाम, थर, ठेगाना थाहा नभएका अपरिचित व्यक्तिले झुक्याई मिति २०४७।७।१० मा विवाह गरी मिति २०५१।१२।३० मा निवेदक किरण खड्गीको जन्म भयो । छोरको जन्मपश्चात् श्रीमान बेपत्ता भएकोले हामीहरु माइती तथा मावलीघरमा बस्दै आएका छौं । हाल निवेदक किरण खड्गीको नागरिकता लिनका लागि उमेर पूरा भएकोले नागरिकता प्रमाणपत्रको लागि अनुसूची फाराम भरी वडा कार्यालयको सिफारिस समेत संलग्न गरी मिति २०७०।४।२८ मा विपक्षी जिल्ला प्रशासन कार्यालयमा निवेदन गर्न जाँदा बाबु नभई छोरालाई नागरिकता दिन मिल्दैन, वंशज भनेको बाबु हो भन्ने मौखिक जवाफ दिई आमाको नामबाट वंशजको आधारमा नागरिकता दिन इन्कार गरेको कारणबाट निवेदक विभिन्न

अवसरहरूबाट वञ्चित हुन पुगी निजहरूलाई संविधान तथा कानुनद्वारा प्रदत्त आमको नामबाट नागरिकता लिन पाउने हकमा आघात पुग्न गएकोले निवेदक किरण खड्गीलाई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरी पाउँ भन्ने समेतको निवेदन दावी रहेको देखिन्छ ।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयको लिखित जवाफमा नेपाली नागरिक आमाबाट जन्मेका व्यक्तिले आमाको नामबाट नागरिकता माग्न आएमा नागरिकता ऐन र नियमावलीको कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकता प्रमाणपत्र उपलब्ध गराउन मिति २०६८।५।५ समेतमा सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ भने विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा कानुनद्वारा तोकिए बमोजिमका प्रमाण कागजात संलग्न गरी निवेदन गरेको अवस्थामा नागरिकता प्रमाणपत्र उपलब्ध गराई आएको, रिट निवेदनमा उल्लेख भएजस्तो बाबु नभई छोरालाई दिन मिल्दैन भन्ने जवाफ नदिएको भन्ने समेत बेहोरा उल्लेख भएको देखिन्छ ।

उपरोक्त बमोजिम रिट निवेदन र लिखित जवाफ बेहोराबाट निवेदकहरूका पति, पिता बेपत्ता भएको कारण दर्शाई निवेदक किरण खड्गीले आमा सरिता खड्गीको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेको र निजले माग बमोजिम नागरिकता प्राप्त गरी नसकेको अवस्था देखियो । रिट निवेदकले विपक्षी जिल्ला प्रशासन कार्यालयले बाबु नभई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकता दिन मिल्दैन भनी मौखिक जवाफ दिई नागरिकता दिन इन्कार गरेको भनी जिकिर लिएकोमा कानुनको रीत पुऱ्याई नागरिकता प्रमाणपत्र माग गरेको अवस्थामा नागरिकता प्रमाणपत्र दिने गरी आएको भन्ने सम्मको बेहोरा विपक्षी जिल्ला प्रशासन कार्यालयले आफ्नो लिखित जवाफमा उल्लेख गरेको पाइन्छ । निवेदकले माग गरे बमोजिम नागरिकता प्राप्त गर्न नसक्ने वा नपाउने भनी कुनै जिकिर लिएको देखिँदैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने भन्ने व्यवस्था र वर्तमान नेपालको संविधानका धारा ११(२) मा सोही व्यवस्थालाई निरन्तरता दिएको देखिन्छ । त्यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ । उक्त संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम कुनै पनि व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नका लागि निजको जन्म हुँदाका बखत निजका बाबु वा आमा मध्ये कुनै एक नेपाली नागरिक हुनुपर्ने देखियो ।

रिट निवेदिका सरिता खड्गीले निवेदक छोरा किरण खड्गीको जन्म भए पश्चात् पति बेपत्ता भएका, निजको नाम, थर, ठेगाना समेत आफुलाई थाहा नभएको भनी आफ्नो नामबाट छोरालाई नागरिकताको प्रमाणपत्र दिलाउन चाहेको र निवेदक किरण खड्गीले आफुलाई आमाले नै लालन पालन गरी हुर्काएको, बाबुलाई देख्नसम्म नपाएको हुँदा आमाको नामबाट नागरिकताको प्रमाणपत्र पाउनु पर्दछ भनी जिकिर लिएको देखिन्छ ।

उल्लिखित संवैधानिक र कानुनी व्यवस्था बमोजिम आमा वा बाबु मध्ये एकजना नेपाली नागरिक भएको व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कुनै बाधा रहेको देखिँदैन । निवेदीका सरिता खड्गी नेपाली नागरिक रहेको कुरा मिसिल संलग्न जिल्ला प्रशासन कार्यालयबाट मिति २०४४।१२।१८ मा जारी भएको निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको छ । यसै सम्बन्धमा सविना दमाई समेत विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको (ने.का.प. २०६८ अंक २, पृष्ठ २४७ नि.नं. ८५५७) परमादेशको रिट निवेदनमा "निवेदिका सविना दमाई नेपाली नागरिक गंगामाया दमाईबाट नेपालमा जन्मेको देखिएकोले निवेदिकालाई कानुन बमोजिम नेपाली नागरिकता प्रदान गर्नु" भनी परमादेश जारी भएको देखिँदासमेत नेपाली नागरिक निज सरिता खड्गीको छोरा निवेदक किरण खड्गीले आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखियो ।

अतः माथि विवेचित आधार कारणबाट विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफमा निवेदकले माग बमोजिम नागरिकता प्राप्त गर्न नसक्ने वा नपाउने कुनै जिकिर लिएको नदेखिएको र कानुन बमोजिम दिनु पर्ने नागरिकता प्रमाणपत्र दिनलाई अनावश्यक झन्झट गरी अवरोध गर्न पनि नमिल्ने हुनाले अविलम्ब निवेदकलाई झिकाई प्रक्रिया पुऱ्याई निवेदकलाई माग बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय परमादेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल बुझाई दिनु ।

प्रधानन्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इति सम्वत् २०७२ साल फागुन १७ गते रोज २ शुभम् ...... ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटर टाइपः रमेश आचार्य

# २२ आदित्य गुप्ता
## विरूद्ध
## नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ साल माघ १०

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा**
**आदेश**
**०७१-WO-००३३**

**विषय : परमादेश**

काठमाडौं जिल्ला, साविक जोरपाटी गा.वि.स. वडा नं. ७ हाल गोकर्णेश्वर नगरपालिका वडा नं. १५ बस्ने गोपेशचन्द्र गुप्ता र श्रीमती सरिता प्रधान गुप्ताको छोरा आदित्य गुप्ता ........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........१
जिल्ला प्रशासन कार्यालय बबरमहल, काठमाडौं ........१
गाउँ विकास समितिको कार्यालय, जोरपाटी ........१ विपक्षी
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं ........१
सचिव, जोरपाटी गा.वि.स.को कार्यालय, काठमाडौं ........१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः

मेरी आमा सरिता प्रधान गुप्ताले मिति २०४८।८।२५ मा तत्कालिन जिल्ला कार्यालय काठमाडौंबाट ८४८९ नं. को वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु भएको छ । मेरो बुबा भारतीय नागरिक गोपेश चन्द्र गुप्ता लामो समय नेपाल बस्दै आई आमासँग मिति २०५०।८।७ मा विवाह भई मिति २०५१।१२।२६ मा मेरो जन्म भएको हो । सो जन्मदर्ता गरी मैले मिति २०५५।१०।०५ मा जोरपाटी गा.वि.स.को कार्यालयबाट जन्म दर्ताको प्रमाणपत्र प्राप्त गरी सोको आधारमा काठमाडौंमा विद्यालय भर्ना भई अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको छु । त्यसैगरी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०५९।०१।३० मा मेरी आमालाई म समेतको नाबालक परिचयपत्र र मिति २०६०।०५।०१ मा जोरपाटी गा.वि.स. कार्यलयमा मेरो बाबु आमासँग मेरो र मेरो बहिनीको नाता प्रमाणित समेत भएको छ । उल्लिखित कागजातका आधारमा मैले नं. ३५८५९१९ को नेपाली राहदानी समेत विपक्षी जिल्ला प्रशासन कार्यालयबाट मिति २०६०।३।३ मा प्राप्त गरेको छु । मैले हालसम्म नेपालको र पिताको जन्म भएको देश भारतको नागरिकतासमेत लिएको छैन । म नेपालमा नेपाली आमाबाट जन्मेकोले भारतीय नागरिकता लिन चाहन्न ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(२)(ख), ८(७) समेतले मैले नागरिकता प्राप्त गर्ने हक प्रदान गरेको धारा १२(२)(घ)(ङ)(च), १३(१)(२)(३) ले प्रदान गरेको स्वतन्त्रता एवं समानताको हकको प्रत्याभुतिका लागि बनेको नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२)(३) ले गरेको व्यवस्था बमोजिम मैले विगत ६/७ वर्षदेखि नागरिकता पाउन धाइरहेकोमा विपक्षी गा.वि.स. को कार्यालयले सिफारिस नदिने, सिफारिसको लागि जिल्ला प्रशासन कार्यालयले आदेश निर्देशन नगर्ने गरेकोबाट म नागरिकता पाउन हकबाट वञ्चित भएको छु । म नेपाली नागरिकता पाउन संविधान तथा कानुन बमोजिम योग्य भएको अवस्थामा २०६४ सालदेखि हालसम्म निरन्तर सम्पर्क गर्दा समेत विपक्षीहरूले आलटाल गरिआएकोमा विपक्षीहरूको नाममा मैले पेश गरेको कागज प्रमाणका आधारमा वंशज वा अङ्गिकृत नागरिकता के पाउने हो सो सम्बन्धमा तत्काल प्रक्रिया शुरू गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश पुर्जी जारी गरी मलाई नेपाली नागरिकताको प्रमाणपत्र दिलाई

पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन दावी ।

कुनै पनि व्यक्तिले नेपाली नागरिकता पाउने विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५ र नियमावली २०५६ अनुसार सम्बन्धित गा.वि.स.बाट सिफारिस भई सम्बन्धित जिल्ला प्रशासनमा गएमा आवश्यक कागजात पुगे नपुगेको हेरी नागरिकता ऐन, २०६३ बमोजिमको प्रक्रिया अपनाई नागरिकताको प्रमाणपत्र दिने अधिकार जिल्ला प्रशासन कार्यालयलाई हुन्छ । निवेदकले गा.वि.स.को सिफारिस ल्याउने जस्ता शुरू प्रक्रिया नै पूरा नगरेको अवस्थामा जिल्ला प्रशासन कार्यालयलाई नागरिकता दिएन भन्नु कानुन सम्मत नभएको हुँदा र यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

नागरिकताको लागि पुऱ्याउनुपर्ने कागजातहरू नै पेश नगरेको अवस्थामा नागरिकता दिन आलटाल गरेको भनी झुठा बेहोरा उल्लेख गरी यस कार्यालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौं तथा आफ्नो हकमा समेत प्रमुख जिल्ला अधिकारी वसन्तराज गौतमको लिखित जवाफ ।

विपक्षीले जोरपाटी गा.वि.स. को कार्यालयमा कानुन बमोजिम सिफारिसको लागि सम्पर्क गरी निवेदन दिनुभएको अवस्था छैन । निजले नागरिकताको लागि विगतदेखि के कसरी धाउनु भएको हो सो सम्बन्धमा यस गा.वि.स. कार्यालयलाई केही थाहा छैन । निजले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न खेज्नु भएको हो वा अङ्गिकृत नागरिकता प्राप्त गर्न खोज्नु भएको हो सो समेत स्पष्ट छैन । सो स्पष्ट गरी निवेदन दिन ल्याएको अवस्थामा सिफारिस गरिने नै हुँदा रिट निवेदन खारेज री पाउँ भन्ने समेत बहोराको जोरपाटी गा.वि.स. को र ऐ.का गा.वि.स. सचिवको एकै मिलाको छुट्टाछुट्टै लिखित जवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता जयलाल भण्डारीले यी प्रतिवादीको आमा नेपाली नागरिक भएको र यी निवेदकको जन्म नेपालमा जन्म भई लामो समयसम्म नेपालमा बसोबास गर्दै आई विदेशको नागरिकतासमेत नलिएको अवस्थामा निजले नेपालको संविधान तथा नागरिकता ऐन नियमअनुसार नेपालको अङ्गिकृत नागरिकता पाउनु पर्ने हुँदा विपक्षीहरूको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयबाट वहस गर्न प्रतिनिधि उपस्थित हुनु भएको देखिन आएन । निवेदकतर्फबाट उपस्थित हुनुभएका कानुन व्यवसायीको वहस जिकिर समेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा मागदावी अनुसारको आदेश जारी गर्न मिल्छ मिल्दैन ? भन्ने सम्बन्धमा नै निर्णयमा पुग्नुपर्ने हुन आयो ।

निर्णयतर्फ विचार गर्दाप यसमा मेरो बुबा भारतीय नागरिक गोपेश चन्द्र गुप्ता लामो समय नेपाल बस्दै आई आमासँग मिति २०५०।८।७ मा विवाह भई मिति २०५१।१२।२६ मा मेरो जन्म भएकोमा सोको जोरपाटी गा.वि.स.को कार्यालयबाट जन्म दर्ताको प्रमाणपत्र प्राप्त गरी सोको आधारमा काठमाडौंमा विद्यालय भर्ना भई अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको छु । त्यस्तै म समेतको नाबालक परिचयपत्र, जोरपाटी गा.वि.स. कार्यालयमा मेरो बाबु आमासँग मेरो र मेरो बहिनीको नाता प्रमाणित र मैले नं. ३५८५९१९ को नेपाली राहदानी समेत विपक्षी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको छु । मैले हालसम्म पिताको जन्म भएको देश भारतको नागरिकतासमेत लिएको छैन । त्यसैले मैले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२)(३) ले गरेको व्यवस्था बमोजिम विगत ६/७ वर्षदेखि नागरिकता पाउन धाइरहेकोमा विपक्षी गा.वि.स.को कार्यालयले सिफारिस नदिने, सिफारिसको लागि जिल्ला प्रशासन कार्यालयले आदेश निर्देशन नगर्ने गरेकोबाट म नागरिकता पाउने हकबाट वञ्चित भएको हुँदा विपक्षीहरूको नाममा वंशज वा अङ्गिकृत नागरिकता के पाउने हो तत्काल प्रक्रिया शुरू गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश पूर्जी जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन दावी रहेकोमा कुनै पनि व्यक्तिले नेपाली नागरिकता पाउन कानुन अनुसार सम्बन्धित गा.वि.स. बाट सिफारिस ल्याई सम्बन्धित जिल्ला प्रशासनमा गएमा आवश्यक प्रक्रिया अपनाई नागरिकताको प्रमाण पत्र दिने अधिकार जिल्ला प्रशासन कार्यालयलाई हुन्छ । निवेदकले गा.वि.स.को सिफारिस ल्याउने जस्ता शुरू प्रक्रिया नै पूरा नगरेको अवस्थामा जिल्ला प्रशासन कार्यालयलाई नागरिकता दिएन भन्नु कानुन सम्मत हुँदैन र यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै आधार नभएकोले रिट निवेदन खारेज गरि पाउँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ रहेको पाइयो । त्यस्तै अङ्गिकृत नागरिकताको लागि पुऱ्याउनु पर्ने कागजातहरू नै पेश नगरेको अवसथमा नागरिकता दिन आलटाल गरेको भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी जिल्ला प्रशासन कार्यलय काठमाडौं तथा आफ्नो हकमा समेत प्रमुख जिल्ला अधिकारी वसन्तराज गौतमको लिखित जवाफ रहेको पाइयो । निवेदकले जोरपाटी गा.वि.स.को कार्यालयमा कानुन बमोजिम सिफारिसको लागि सम्पर्क गरी निवेदन दिनु भएको अवस्था छैन भनी विपक्षी जोरपाटी गा.वि.स. र ऐ. का गा.वि.स. सचिवको लिखित जवाफ रहेको पाइयो ।

निवेदन र विपक्षीको लिखित जवाफको बेहोरा हेर्दा यी निवेदक आदित्य गुप्ताले नेपाली नागरिकताको प्रमाणपत्र नपाएको स्पष्ट हुन्छ ।

अब यी निवेदकले नेपालको संविधान अनुसार नेपालको नागरिकता पाउन सक्छन् वा सक्दैन ? भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो । यी निवेदक आदित्य गुप्ता सरिता गुप्ताको छोरा भएको र निजको जन्म २०५१।१२।१६ मा नेपालमा भएको निवेदनसाथ संलग्न निज निवेदकको जन्म दर्ता प्रमाणपत्रको र निजको नाबालक परिचय पत्रको प्रतिलिपिबाट देखिन्छ । निवेदन साथ पेश भएको विवाह दर्ताको प्रमाणपत्र हेर्दा निजको आमा सरिता प्रधानको भारतीय नागरिक गोपेश चन्द्र गुप्तासँग मिति २०५०।८।७ मा विवाह भएको देखिन्छ । निवेदककी आमा निज सरिता गुप्ताको मिति २०२६।३।१५ मा जन्म भई निजले २०४२।८।२५ मा नेपाली नागरिकताको प्रमाण पत्र पाएको निज सरिता प्रधानको नागरिकतको प्रतिलिपिबाट प्रष्ट हुन आएको छ । यी निवेदकले नेपाली नागरिक सरिता प्रधान आफ्नो आमा भएकै आधारमा नाता प्रमाणित गराई सन् २००७ को जुन १७ मा नेपाली राहदानीसमेत लिएको देखिन्छ ।

यसरी निवेदकले पेश गरेका मिसिल संलग्न कागजात हेर्दा यी निवेदक विदेशी बाबु भातरीय नागरिक गोपेश चन्द्र गुप्ता र नेपाली नागरिक आमा सरिता प्रधानको छोरा भएको प्रष्ट हुन जान्छ । निज निवेदकको जन्म मिति २०५१।१२।२६ मा प्रसुति गृह काठमाडौंमा भई नेपालमै लामो समय बसी निजले आफ्नो पठनपाठन समेत गरेको देखिन्छ । निजले हालसम्म बुबाको नागरिकता भएको देश भारत लगायत अन्य कुनै देशको नागरिकता लिएको छैन भन्ने पनि निवेदनमा उल्लेख गरेको पाइयो ।

के कस्तो व्यक्तिले नेपालको कुन किसिमको नागरिकता पाउन सक्छ अर्थात् नेपालमा कुन प्रकारको नागरिकता लिन के कस्ता शर्तहरु पूरा भएको हुनुपर्छ भन्ने सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (७) मा "यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानुन बमोजिम नेपालको अङ्गिकृत नागरिकता प्रापत गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । सोही व्यवस्था वर्तमान नेपालको संविधानको धारा ११ को उपधारा (७) मा समेत रहेको छ । नागरिकता सम्बन्धी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था गर्दै ऐ. को उपदफा (२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएको सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । सोही ऐनको दफा ५ मा अङ्गिकृत नेपाली नागरिकता प्राप्ति सम्बन्धमा व्यवस्था छ । सो दफा ५ को उपदफा (२) मा "विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोरा छोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गिकृत नागरिकता प्रदान गर्न सकिनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ ।

यी संवैधानिक तथा कानुनी व्यवस्था हेर्दा विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएको सन्तानहरूलाई निजहरूको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भई बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई अङ्गिकृत नागरिकता प्रदान गर्न सकिने हुन्छ । प्रस्तुत रिट निवेदनको सन्दर्भमा यी निवेदक विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा नै जन्मेको भई नेपालमा पठनपाठन गरी नेपालमा नै स्थायी बसोबास गर्दै आएको देखिन्छ । साथै निजले बाबुको नागरिकताको आधारमा भारतको नागरिकता समेत लिएको देखिएको छैन । यस्तो अवस्थामा निजले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (७), नेपालको संविधानको धारा ११ को उपधारा (७) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२) समेत अनुसार अङ्गिकृत नागरिकता पाउने देखिन्छ । यसरी अङ्गिकृत नागरिकता पाउन सक्ने संविधान तथा नागरिकता सम्बन्धी ऐन अनुसारको योग्यता तथा शर्त पूरा भएको यी निवेदकलाई निजको बाबु विदेशी नागरिक भएकोमात्र आधारमा नागरिकता पाउन नसक्ने भनी भन्न सकिंदैन । साथै निज निवेदकको सम्बन्धमा नागरिकता पाउन नसक्ने कुनै अवस्था रहे भएको भनी विपक्षीहरूले आफ्नो लिखित जवाफमा कतै केही उल्लेख गर्न समेत सकेको पाइँदैन ।

कुनै पनि व्यक्तिले आफ्नो आमा वा बाबुको नागरिकता भएको देश तथा बसोबास भएको देश अर्थात् राष्ट्रियता रहेको देशबाट कानुनमा उल्लेख भए अनुसार नागरिकता

पाउनु व्यक्तिको आधारभूत मानव अधिकारको विषय हो । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई कुन देशको नागरिक हो भन्ने पहिचान गराउँदछ र उक्त देशको कानुन अनुसार पाउने हक अधिकारको विषयहरु उपभोग गर्न सक्षम बनाउँछ । नागरिकता विना व्यक्ति आफ्ना मानव अधिकार अन्तर्गतका आधारभूत नागरिक र राजनैतिक अधिकार लगायत अन्य आधुनिक लोककल्याणकारी राज्यले प्रदान गर्ने सेवा सुविधा तथा हकाधिकारबाट समेत वञ्चित रहनु पर्ने हुन्छ । त्यसैले नागरिकता व्यक्तिको व्यक्तिगत एवं राष्ट्रिय पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा कुनै पनि व्यक्तिलाई नागरिकताविहिनताको स्थितिमा राखिनु हुँदैन । नागरिकताको यसै संवेदनशीलतालाई आत्मसात गरी एक देशको नागरिक पुरूष वा महिलाले अर्को देशको नागरिक पुरूष वा महिलासँग विवाह गरी जन्मेको सन्तानहरूले आफ्नो स्थायी बसोबास भएको बुबा वा आमा मध्येको जसको पनि नागरिकता रहेको देशबाट नागरिकता पाउने गरी अङ्गिकृत नागरिकताको व्यवस्था गरिएको हो ।

नागरिकता लिने सम्बन्धमा यस अदालतबाट संविधानले स्पष्ट शबदमा "बाबु वा आमा" भनेको हुँदा बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने (ने.का.प. २०६८, नि.नं ८५५७, अंक २, पृ. २४७) भनी सविना दमाई वि. नेपाल सरकार भएको परमादेशको रिट निवेदन र अन्य यस्तै प्रकृतिका विवादहरूमा सिद्धान्तसमेत प्रतिपादन भई आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालयको नाउमा परमादेश जारी भएको देखिन्छ । त्यस्तै वर्तमान संविधानको धारा ३८ को उपधारा (१) मा महिलाको हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । यसका आधारमा समेत यी निवेदककी आमाले आफ्नो वंशजको उत्तराधिकारीको नागरिकता आफ्नो नामबाट बनाउन पाई आफ्नो आधारमा आफ्नो छोराको पहिचान गराउन पाउने नै देखिन आउँछ । निवेदकलाई आमाको नामबाट नागरिकता दिनबाट वञ्चित गर्दा निवेदकको आमाको नामबाट समेत नागरिकता पाउने तत्कालिन नेपालको अन्तरिम संविधान, २०६३ तथा वर्तमान नेपालको संविधान अनुसारको संवैधानिक हक, मौलिक हकको रूपमा रहेको तत्कालिन संविधानको धारा ११ तथा वर्तमान संविधानको धारा १८ को समानताको हक र निवेदककी आमाको समेत वर्तमान नेपालको संविधानको धारा ३८ को उपधारा (१) द्वारा प्रदत्त महिलाको हक अन्तगृत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने व्यवस्थामा समेत अनुचीत बन्देज लाग्न जाने हुन्छ । यस्तो अवस्थमा निवेदकको उक्त हकहरु प्रचलनका लागि यस अदालतबाट आवश्यक र उपयुक्त आदेश जारी गर्नुपर्ने नै देखिन्छ ।

प्रस्तुत रिट निवेदनमा यी निवेदकले मैले नागरिकता पाउनका लागि २०६४ सालदेखि लगातार प्रयास गरेकोमा सम्बन्धित गा.वि.स.ले सिफारिस नदिई आलटाल गर्ने, जिल्ला प्रशासन कार्यलयले सिफारिस दिन निर्देशन नदिने तथा नागरिकता दिने सम्बन्धमा कुनै सार्थक ताकेता समेत नगरिदिएबाट आफू नागरिकताबाट वञ्चित हुनुपरेको उल्लेख गरेको पाइन्छ । माथि विवेचित निवेदकले पेश गरेका कागज प्रमाणहरूका आधारमा यी निवेदकले नेपालको संविधान तथा नागरिकता सम्बन्धी प्रचलित कानुन अनुसार आमाको नामबाट नेपालको अङ्गिकृत नागरिकता पाउने अवस्था स्पष्ट रूपमा देखिएकोले निजलाई सम्बन्धित गा.वि.स.ले नागरिकता प्राप्तिको लागि सिफारिस दिनु पर्ने र सो को आधारमा जिल्ला प्शासन कार्यालयले नेपाली नागरिकताको प्रमाणपत्र दिनु पर्ने नै हुन्छ । नागरिकता दिने कार्य तथा यसको प्रक्रियासँग सम्बन्धित कार्य गर्न इन्कार तथा आलटाल गर्न मिल्दैन ।

आमाको नामबाट यी निवेदक आदित्य गुप्ताले नेपालको अङ्गिकृत नागरिकता पाउने देखिएको अवस्थामा निजले कानुन अनुसार आवश्यक कागजपत्र तथा प्रक्रिया पुऱ्याई आएको समयमा निजलाई नागरिकता दिन इन्कार गर्न मिल्दैन । सो नागरिकता प्राप्त गर्न पुऱ्याउनु पर्ने प्रक्रियाका सम्बन्धमा हेर्दा नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (३) मा अङ्गिकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्ने देखिन्छ ।

क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको बेहोरा खुल्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस

ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

उल्लिखित प्रावधानअनुसार यी निवेदकलाई निवेदककी आमाको नागरिकतामा निजको वतन रहेको तथा निवेदकको स्थायी बसोबास रहेको जोरपाटी गाविसले निजको स्थायी बसोबास उक्त गा.वि.स. मा रहेको सिफारिस निज निवेदकलाई दिनुपर्ने र सो सिफारिस निजको आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बाबुको नागरिकताको आधारमा निजले भारतको नागरिकता नलिएको स्थिति

भएमा र निजले सो कुरा निवेदनमा स्पष्टसँग लेखेमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले आवश्यक प्रक्रिया पूरा गरी यी निवेदकलाई अङ्गिकृत नागरिकताको प्रमाणपत्र दिनुपर्ने देखिन आयो ।

अतः माथि गरिएको विवेचनाबाट प्रस्तुत निवेदनमा निवेदक आदित्य गुप्ताको आमा सरिता प्रधानले नेपाली नागरिकता लिई निज जन्म हुँदाको बखत नेपाली नागरिक नै रहेको र यी निवेदकको नेपालमै जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको भन्ने प्रमाणित भएको र यी निवेदकले आफ्नो बुबाको नागरिकताको देश भारतबाट समेत नागरिकता लिएको भन्ने स्थिति समेत नहुँदा निजले कानुन अनुसार नेपालको अङ्गिकृत नागरिकता पाउने नै देखिन्छ । तसर्थ निजलाई नागरिकता प्रमाणपत्र प्राप्त गर्नको लागि सिफारिस प्रदान गर्नु भनी विपक्षी साविक गाउँ विकास समितिको कार्यालय, जोरपाटी काठमाडौं (हाल गोकर्णेश्वर नगरपालिका वडा नं. १५ को कार्यालय) र ऐ. का सचिवका नाममा र सो सिफारिस लगायतका कागजपत्रको आधारमा कानुन बमोजिम आवश्यक प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नू भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर अपरेटरः सिजन रेग्मी

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम् ...............

# २३ सुरेन्द्र पौडेल समेत
विरूद्ध
नेपाल सरकार , प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत

**फैसला ⁄ आदेश मिति, प्रकाशन नं.** २०७३ साल भदौ १३ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**आदेश**
**०७१-WO-०७१०**

**मुद्दा : परमादेशसमेत ।**

का.जि.का.म.न.पा. वडा नं. १२ बस्ने सुरेन्द्र पौडेल ..........१
का.जि.का.म.न.पा. वडा नं. १२ बस्ने रूषा पौडेल ..........१
का.जि.का.म.न.पा. वडा नं १२ बस्ने सुजन पौडेल ..........१ निवेदक वादी

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय ..........१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
नेपाल सरकार, कानुन न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ..........१ विपक्षी
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ..........१ प्रतिवादी
नेपाल सरकार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार ..........१
काठमाडौं महानगरपालिकाको कार्यालय ..........१
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १२ को कार्यालय ..........१
काठमाडौं महानगरपालिका वडा नं. १२ को कार्यालयका वडा सचिव ..........१

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भै पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

१. हामी निवेदकहरु सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेल नेपाली नागरिकताबाट वञ्चित भएका पीडित हौं । जिल्ला भोजपुर स्थायी ठेगाना भई का.जि.का.म.न.पा. वडा नं १२ टेकुमा डेरा गरी बस्ने गणेश बहादुर पौडेल र उषा क्षेत्रीको छोराछोरी हौं । हामी निवेदकहरूको बुबा भोजपुरबाट काठमाडौं आई व्यवसाय सञ्चालन गरी बस्दै आउने क्रममा मिति २०४४।११।३ मा आमा उषा क्षेत्रीसँग विवाह भई हामी निवेदकहरूमध्ये मिति २०४५।९।१९ मा सुरेन्द्र पौडेल, मिति २०४८।१०।२ मा रूषा पौडेल र मिति २०५१।८।२ मा सुजन पौडेलको परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल, थापाथली काठमाडौंमा जन्म भएको हो । हामी हामीहरूको उमेर २५, २२ र २० वर्ष भएका छौं । हामी निवेदकहरूलाई शिशु अवस्थामै बुवाले स्थायी घर भोजपुर जान्छु भनेर गएपछि फर्केर आउनु भएन । विवाह पश्चात् पनि आमा र हामीहरूको आफ्नो घर कहिल्यै लग्नु भएन । हालसम्म पनि पिता कहाँ हुनुहुन्छ थाहा जानकारी छैन । बुबा फर्केर आउने आशमा हामीहरु नेपाली नागरिकता लिन चाहिने उमेर पुरा भइसकेको छ । हामीहरु मामा घरमा बस्दै आएका छौं । हाम्रो बुबा र आमा नेपाली नागरिक हुनुहुन्छ । आमाले सनाखत गर्ने गरी मामा घरको ठेगानामा नागरिकता बनाउन भनी नागरिकत नियमावली २०६३ को नियम ३ को उपनियम १ बमोजिमको ऐ. नियमावलीको अनुसूचि १ बमोजिम निवेदनसाथ काठमाडौं महानगरपालिकाको वडा नं. १२ को कार्यालयमा सिफारिस लिन जाँदा यहाँबाट तपाईहरूको नागरिकता बन्न सक्दैन । तपाईहरूको बुबाको ठेगानाबाट नागरिकता लिनु पर्ने हुन्छ । तपाईहरूको बुबा नआई आमाको नामबाट नागरिकता

बन्न सक्दैन । आमाको नामबाट नागरिकता दिने कानुन अहिले छैन भनी नागरिकताको सिफारिस दिन इन्कार गरियो । हाम्रो जन्म नेपाली नागरिक आमाबाट भएको नेपाल मै जन्म भएको अवस्थामा नागरिकता लिन वञ्चित गर्नुले राज्यविहिन र नागरिकताविहिन पहिचानको अधिकार तथा राष्ट्रियताको अधिकार र समानताको अधिकार लगायत मानव अधिकार वञ्चित हुनुपरेको र नेपालको अन्तरिम संविधान २०६३ को भाग २ धारा ८(२) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुन पाउने व्यवस्था र हाल नेपालको संविधान २०७२ धारा ११(२)(ख) रहेको व्यवस्था र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्न पाउने व्यवस्था विपरित भएको साथै मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४ बाल अधिकार सम्बन्धी महासन्धिको धारा ७, महिला विरूद्ध हुने सबै खाले भेदभाव विरूद्धको महासन्धि १९७९ को धारा ९ को समेत प्रतिकुल भएको हुँदा कानुन बमोजिमको आमाको नामबाट नागरिकता दिनु भन्ने र देशभरिका हामीजस्ता पीडितको हकमा समेत व्याख्या हुनेगरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने बेहोराको मिति २०७१।११।२५ को सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेलको सयुक्त रिट निवेदन ।

२. यस अदालतबाट मिति २०७१।११।२७ विपक्षीहरूको नाममा १५ दिनभित्र लिखित जवाफ पेश गर्नु साथै अग्राधिकार समेत दिनु भन्ने आदेश ।

३. कानुन बमोजिमको प्रकृया पुरा गरी आवश्यक प्रमाण कागजातहरु अधिकार प्राप्त समक्ष सिफारिसको लागि निवेदन दिएको अवस्थामा त्यस्तो निकायले आफ्नो कानुनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । यस मन्त्रालयको कानुनी कर्तव्य भन्दा बाहिरको विषयमा असम्बन्धित निकायलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत निवेदनबाट यस मन्त्रालयको हकमा कुनै आदेश जारी हुन सक्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने मिति २०७१।१२।१७ को कानुन मन्त्रालयका सचिव श्री भेषराज शर्माको लिखित जवाफ ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको के कस्तो कम कारवाही वा निर्णयबाट विपक्षी रिट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानुनी हक हनन् भएको नखुलाई यस कार्यालयलाई विपक्षी बनाइरहनुपर्ने होइन । नागरिकताको प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकताको ऐन नियममा निर्धारित प्रक्रिया र कार्यविधिको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनुपर्ने हुन्छ । प्रचलित कानुनको अधिनमा रही नागरिकताको सिफारिस र नागरिकताको प्रमाणपत्र कानुनी कर्तव्य भएका पदाधिकारीले दिनुपर्ने हुन्छ । आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्ने सम्बन्धमा हेर्दा सविना दमाईसमेत निवेदक विरूद्ध नेपाल सरकार समेत भएको २०६७-wo-०७०३ को रिट निवेदनमा यस अदालतबाट मिति २०६७।११।१५ मा निवेदिकालाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाको आमाको नामबाट नागरिकता माग्न आएमा नेपल नागरिकता ऐन, २०६३ र ऐ. को नियमावलीको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्र.जि.अ. को नाममा परिपत्र गरी आवश्यक व्यवस्था गर्नु र समाजमा रहेका खराब परम्परा प्रचलन प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भएकोमा सो को कार्यान्वयनको लागि यस कार्यालयको मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखि पठाएको र मिति २०६८।५।५ को गृह मन्त्रालयको पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालयलार्य ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्रसमेत प्राप्त भएको हुँदा पुन सोही विषयका सन्दर्भमा यस अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिंदैन । अन्य निवेदनको दावीको हकमा सम्बन्धित निकाय तथा पदाधिकारीको लिखित जवाफबाट स्पष्ट हुने नै छ । अतः उपरोक्त आधार र कारणसमेतबाट विपक्षी निवेदकको मागबमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने मिति २०७१।१२।२० को प्रधानमन्त्री कार्यालयका सचिव श्री राजुमान सिंह मल्लको लिखित जवाफ ।

५. रिट निवेदकले यस मन्त्रालयबाट निवेदकहरूको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानुनी हक हनन् भएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख नगरी यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।१२।२३ को संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री डा. सोमलाल सुवेदीको लिखित जवाफ ।

६. यस कार्यालयमा निवेदकहरु नागरिकताको सिफारिस पाउँ भनी कुनै निवेदन दर्ता हुन नआएको र निवेदकलाई दर्ता नगर्ने सिफारिस दिन मिल्दैन भनी कहिल्यै कसैले जानकारी नगराइएकोले तथ्य लुकाई दर्ता हुन आएको रिट निवेदन खारेज गरी नेपालको अन्तरिम संविधान २०६३ र नेपाल नागरिकता ऐन

२०६३ एवं नागरिकता नियमावलीमा स्पष्ट रूपले नागरिकता प्राप्तिका आधार र प्रक्रियाहरू निर्धारण गरिएको र सबिना दमाई विरूद्ध नेपाल सरकार भएको मुद्दामा यस अदालतबाट आमाको नामबाट समेत नागरिकता दिन मिल्ने भनी व्याख्या समेत गरी सकेकोले उपरोक्त संवैधानिक कानुनी एवं नजिर सिद्धान्तहरूका आधारमा यस कार्यालयले नागरिकताको सिफारिस गरी आएकोले निवेदकले रित पुऱ्याई ल्याएको निवेदनको आधारमा प्रचलित कानुन बमोजिम सिफारिस दिन यस कार्यालयले कहिल्यै पनि इन्कार नगर्ने भएकोले यस कार्यालयको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।१२।२६ गतेके काठमाडौं महानगरपालिका वडा नं १२ को कार्यालयका प्रशासकिय प्रमुख श्री सत्यदेव पण्डितको संयुक्त लिखित जवाफ ।

७. बुबाको नाम थर वतन थाहा भएको अवस्थामा स्थायी बसोबास भएको स्थानमा गई सम्बन्धित स्थानीय निकायको सिफारिस लिई जिल्ला प्रशासन कार्यालय समक्ष जान रिट निवेदकहरूलाई के कस्तो कारणले कठिनाई भएको यस तर्फ रिट निवेदनमा केही पनि खुलाइएको छैन । नागरिकता प्राप्त गर्नुपर्ने दायित्व रिट निवेदकहरू कै हो र नागरिकता प्राप्त गर्न आवश्यक कागजात पुरा नगरेको र कार्यविधि अवलम्बन नभएको अवस्थामा नागरिकता उपलब्ध गराउन सकिंदैन । तोकिएको कार्यविधि पुरा गरी ऐन नियमले पेश गर्नुपर्ने भनी निर्धारण गरेको कागजातसहित जिल्ला प्रशासन कार्यालयमा गएको खण्डमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुने भएकोले यस मन्त्रालयलाई निवेदकले विपक्षी बनाइरहनु पर्ने आवश्यकता नदेखिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।१२।१२ को लिखित गृह मन्त्रालयका सचिव श्री सूर्यप्रसाद सिलवालको लिखित जवाफ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट लिखित जवाफ म्यादभित्र प्राप्त हुन नआएको ।

८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता मिरा ढुंगाना र सुषमा गौतमले निवेदकहरू सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेल नेपाली नागरिक गणेश बहादुर पौडेल र उषा क्षेत्रीको छोराछोरी भएकोमा विवाद छैन । निजहरूको बाबु भोजपुर स्थायी घर जान्छु भनेर गएरपछि फर्की नआई बेपत्ता भई सम्पर्कमा विहिन भएको हो नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी उषा क्षेत्री वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । यस्तो पितृत्व वा मातृत्वको ठेगाना नभएको व्यक्तिले नेपालको नागरिकता नियमावली २०६३ को नियम ३३ को प्रक्रिया अनुरूप नागरिकता पाउने व्यवस्था छ । तर उल्लेखित कानुनी प्रक्रिया पूरा गरी विपक्षी काठमाडौं महानगरपालिका वडा नं. १२ को कार्यालयमा आमाको नामबाट नागरिकता पाउँ भनी सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेलले निवेदन दिएकोमा विपक्षी कार्यालयबाट तपाईहरूको बुबाको ठेगानाबाट नागरिकता लिनु पर्ने हुन्छ । बुबा नआई आमाको नाउँबाट नागरिकता दिने कानुन अहिलेसम्म बनेको छैन भनी मौखिक आदेश गरी नागरिकताको सिफारिस दिन इन्कार गरेको हुँदा निवेदकहरू राज्यविहिनताको अवस्थामा बाँच्न बाध्य भई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानुनी हकबाट वञ्चित हुन परेको छ । विपक्षीको उक्त कार्य नेपालको अन्तरिम संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजसमेतको विपरित हुन गएकोले निवेदकहरू सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेल र निज जस्ता पीडित व्यक्तिलाई वंशजको आधारमा आमाको नाउबाट नेपाली नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो ।

९. विपक्षी नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री संजीव रेग्मीले नेपाल सरकारले निवेदकजस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दावी गरेको नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्नुपर्छ । निवेदकहरूको आफ्ना बुबा भनी उल्लेख गरेको प्रमाण कागज पेश भएका बखत नागरिकता दिने भनेकोमा बाबु भएको नाता खुल्ने प्रमाण कागज पेश नगरी बाबु को हुन् ? भन्ने नै नदेखिएको अवस्थामा नागरिकता नदिएको भनी व्यहोरा परेको रिट निवेदन खारेज गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहससमेत सुनियो ।

१०. उपरोक्तअनुसारको बहस जिकिर सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा प्रस्तुत निवेदनमा निवेदनको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन ? सो विषयमा निर्णय दिन पर्ने देखियो ।

११. निर्णतर्फ विचार गर्दा आफूहरु का.जि.का.म.न.पा. वडा नं. १२ टेकुमा डेरा गरी बस्ने नेपाली नागरिक गणेश बहादुर पौडेल र उषा क्षेत्रीको छोराछोरहिरु हौं, बाबु गणेश बहादुरको का.जि.का.म.न.पा. वडा नं १२ टेकुमा डेरा गरी बस्ने क्रममा आमा उषा क्षेत्रीसँग

मिति २०४४।११।३ गते विवाह भएको र सो वैवाहिक सम्बन्धबाट आफूहरु जन्मेपछि बाबुले आफुहरु शिशु अवस्था हुँदा स्थायी घर भोजपुर जान्छु भनी गएपछि फर्की नआई बेपत्ता भएको र सो समयदेखि आजसम्म बुबाले सम्पर्क नगरेको, आफुहरु हाल वालिग भएबाट आमाको नामबाट नागरिकता लिन सिफारिसको लागि अनुरोध गर्दा वडा नं १२ बाट सिफारिस दिन इन्कार गरिएको भन्नेसमेत निजहरूको जिकिर रहेको देखियो ।

१२. निवेदनसाथ संलग्न नागरिकताको प्रतिलिपि हेर्दा निवेदकहरूको आमा उषा क्षेत्रीको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १२ मा मिति २०२६।४।१० मा जन्म भई निजको नाममा मिति २०४२।११।१ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट प्रमाणपत्र नं १२३८२ को नागरिकताको प्रमाणपत्र जारी भएको र बाबुको नाममा वाणिज्य विभागबाट २०५०।१०।८ मा प्रमाणपत्र जारी भएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ ।

१३. निवेदकहरु मध्ये सुरेन्द्र पौडेलको मिति २०४५।९।१९ मा, रूषा पौडेलको मिति २०४८।१०।२ मा र सुजन पौडेलको मिति २०५१।८।२ मा परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल थापाथलीमा जन्म भएको कुरा जन्मदर्ता प्रमाणपत्र कागजबाट खुलेको देखिन्छ । बाबु बेपत्ता भई सम्पर्क नआएको र आमाको नामबाट नागरिकता लिन खोज्दा नागरिकताको सिफारिस दिन इन्कार गरेकोले हालसम्म निवेदकहरूले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेका कारण प्रस्तुत रिट निवेदन पर्न आएको देखियो ।

१४. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा २ खण्ड (ख) मा गरिएको व्यवस्थाअनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधरमा नेपालको नागरिक ठहर्ने भन्ने व्यवस्था भएको देखिन्छ । त्यस्तै किसिमको व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा २ मा रहेको छ । संविधानमा रहेको नागरिकता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

१५. संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएकोबाट "बाबु वा आमा" मध्ये कुनै एक नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन्छ । "बाबु वा आमा" मध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । सो कुरा यस अदालतले स्वीकार गरी सकेको अवस्था पनि छ (ने.का.प. २०६६ नि.नं ८१७५ पृ. १०१४) । तसर्थ आमाको नामबाट नागरिकता माग गरेकोमा बाबुको नागरिकता पेश गर्नु पर्छ भन्नु कानुनले मिल्ने देखिंदैन । निवेदकहरूको मिति २०४५।९।१९ मा सुरेन्द्र पौडेल, मिति २०४८।१०।२ मा रूषा पौडेल र मिति २०५१।८।२ मा सुजन पौडेलको परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल काठमाडौ. थापाथलीमा जन्म भएको भन्ने जन्मदर्ता प्रमाणपत्र कागजबाट खुले पनि बाबु बेपत्ता भई सम्पक नरहेको, विवाह पश्चात् पनि आमाले र आफूहरूलाई आफ्नो घर कहिल्यै नलगेको कारण बसाई सराईको प्रमाण कागज बनाउन नसकेको अवस्थामा विपक्षीले बाबुको ठेगानाबाट नागरिकता लिनु पर्ने र बुबा नआई निजहरूलाई नेपाली नागरिकता प्राप्त गर्नको लागि नागरिकताको सिफारिस दिन इन्कार गरेको भन्ने कुरा निवेदनमा उल्लेख भएको देखिन्छ ।

१६. यस सन्दर्भमा हेर्दा सर्वप्रथम निवेदकहरूले बाबु बेपत्ता भएको भनेको हकमा बाबु बेपत्ता हुँदैमा निवेदकहरूले नागरिकता नपाउने भन्ने हुँदैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(३) र नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापेक्षतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था रहेको देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्मेको भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्स्था रहेको देखिन्छ । यहाँ निवेदकहरूका बाबु आमा फेला नपरेको वा बाबुको पहिचान हुन नसकेको अवस्था होइन । निवेदकहरूले आफ्नो बाबुको नाम र वतन स्पष्ट उल्लेख गरेका छन् । बाबु गणेश बहादुर पौडेल आफ्नो स्थायी घर भोजपुर जान्छु र तीन चार हप्तापछि फर्केर आउँछु भनी गएपछि नआई बेपत्ता भई सम्पर्क विहिन भएको भन्ने निजहरूको भनाइ रहेको छ । यो कुरा होइन भन्ने लिखित जवाफबाट देखिंदैन । मुख्य कुरा बाबु र आमा मध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान ताथ ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ । त्यस्तो अवस्थामा बाबुको नागरिकता पेश गर्न नसकेको भन्ने वा बाबुको वतनमा गै नागरिकता बनाउनु पर्छ भन्ने अतो थापी नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन ।

१७. निवेदकहरु परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल थापाथलीमा जन्म भएको भन्ने जन्मदर्ता प्रमाणपत्र कागजातबाट देखिन्छ । निवेदकहरु १६ वर्ष पूरा भएको भन्ने जन्मदर्ता प्रमाणपत्र र एस.एल.सी. को प्रमाणपत्र कागजबाट देखिन्छ । निवेदकहरूको आमा वंशजको नाताको नेपाली नागरिक भई मिति २०२६।४।१० मा काठमाडौ. जिल्ला का.म.न.पा. वडा नं. १२ मा जन्म भएको र निजको नाममा मिति २०४२।११।१ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी भएको ना.प्र.नं. १२३८२ को प्रमाणपत्र प्राप्त गरेको भन्नेमा विवाद नभएको हुँदा निवेदकहरु नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएको कार्यविधि पूरा गरेमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुगेको व्यक्ति देखियो ।

१८. यहाँ ऐन नियममा तोकिए अनुसारको सिफारिस माग गर्दा वडा समितिबाट सिफारिस दिन इन्कार गरेको कारण निवेदकहरुमा समस्यामा परेको भन्ने निवेदकहरूको जिकिर देखियो भने सो कुरालाई वडा समितिले इन्कार गरेको पनि पाइयो । वस्तुतः नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकरन राजनीतिक अधिकार उपभोग गर्न सक्दैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, मतदान गर्ने आदि विभिन्न मौलिक हक रायले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत एवं पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अतो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

१९. नेपालको संविधानको धारा १८ मा समानताको हकको व्यवस्था छ । धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ । लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख भएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था रहेको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान वहाल रहँदाको अवस्थामा दायर भएको छ तथापि नयाँ संविधान अर्थात नेपालको संविधानद्वारा प्रत्याभूत हकहरु निवेदकहरूलाई प्राप् नहुने कुनै आधार र कारण यहाँ देखिंदैन ।

निवेदकहरूको आमा उषा क्षेत्री नेपालको नागरिक हुन भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदकहरूलाई निजको बाबु बेपत्ता भएको अवस्थामा आमाको नामबाट नागरिकता दिन कानुन बनेको छैन भन्ने कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकहरूको मात्र होइन निजको आमा उषा क्षेत्रीको मौलिक हक हनन हुने स्थिति यहाँ पर्न आएको देखियो । महिलाहरु उपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरा तर्फ विपक्षीहरूको दृष्टि पुगेको देखिएन ।

२०. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६७-wo-०७०३, ने.का.प. २०६८ नि.नं. ८५५७ अंक २ पृष्ठ २४७) रिट निवेदना आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालयको नाउँमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि गृह मन्त्रालयको नाममा समेत आदेश जारी भएकोले सो को कार्यान्वयनको लागि मिति २०६८।३।६ मा गृह मन्त्रालयमा लेखी गएको र गृह मन्त्रालयको मिति २०६८।५।५ को पत्र मार्फत र आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने विषयमा मिति २०६९।१०।७ मा समेत गृह मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखियो । त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-wo-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेश जारी भएको देखिन्छ । रन्जिता थापाको रिट निवेदनमा भएको निर्णयबारे माथि उल्लेख भएकै छ । यसरी यस अदालतबाट भएका पूर्व निर्णयहरूबाट निवेदकहरूले नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भैसकेको समेत देखिन आयो । आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकहरूको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासंगिक नै देखिएन । निवेदकहरूले आफु वडा नं. १२ मा बसोबास गरेको छ र काठमाडौंमा नै आफुहरु अध्ययन गरेको दावी गरेपछि निजहरु सो वडामा बस्छन् वा बस्दैनन् भन्ने

कुरा घरधनी बुझी वा छिमेक वा टोलमा सर्जमीन गराई बुझ्न सकिने हुन्छ । बाबुको नागरिकता पेश गरे मात्र सिफारिस दिन्छु भन्दा वा आमाको नाउबाट नागरिकता दिने कानुन बनेको छैन भनी नागरिकता दिन इन्कार गर्दा स्वाभाविक रूपमा नागरिकता प्राप्त गर्नु पर्ने व्यक्ति सोबाट वञ्चित हुन पुग्दछन् । यस्तो आधारमा सिफारिस दिन्न भन्नु कानुन सम्मत हुने देखिंदैन । यस्तो कुरा समानताको हक विरूद्ध समेत हुन आउने देखिंदा स्वीकार गर्न सकिने स्थिति भएन ।

२१. अतः माथि गरिएको विवेचनाबाट प्रस्तुत मुद्दामा निवेदकहरु सुरेन्द्र पौडेल, रूषा पौडेल र सुजन पौडेलको आमा उषा क्षेत्री नेपाली नागरिक भएको भन्ने कुरा प्रमाणित भएको र निवेदकहरु नेपाली नागरिक उषा क्षेत्रीबाट नेपालमा जन्मेको देखिएको र निजहरूले आमाको नामबाट नागरिकता लिन पाउने नै हुँदा निवेदकहरूले आमाको नागरिकता पेश गरेमा बाबुको नागरिकता पेश नगरेको भनी सिफारिस दिन इन्कार नगर्नु भनी काठमाडौं महानगरपालिका वडा नं. १२ को कार्यालयको नाममा र निवेदकहरूले आफ्नो मामा घरमा बसोबास गरेको भन्ने कुरा निवेदनमा स्पष्ट उल्लेख गरेको र आमाको नागरिकता पेश गरेको स्थितिमा बाबुको नागरिकता पेश नगरेको भन्ने आधारमा नागरिकताबाट वञ्चित नगर्नु र माग बमोजिम नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनि विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले माग बमोजिम सबै जिल्ला प्रशासन कार्यालयको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क. (उपसचिव)
कम्प्युटर टाइप : प्रेमबहादुर थापा

इति सम्वत् २०७३ साल भदौ १३ गते रोज १ शुभम् ...............

# २४ सृजन खरेल
# विरूद्ध
# नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ साल भदौ १३ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**आदेश**
**०७१-WO-०७०९**

**मुद्दा : परमादेशसमेत ।**

जिल्ला काठमाडौं नैकाप पुरानो भञ्ज्याङ्ग गा.वि.स. वडा नं ७ बस्ने सृजन खरेल ..........१ वादी

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय ..........१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
नेपाल सरकार, कानुन न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ..........१
नेपाल सरकार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार ..........१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ..........१

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भै पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

१. म निवेदक सृजन खरेल नेपाली नागरिकताबाट वञ्चित भएको पीडित हुँ । कैलाली जिल्ला धनगढी नगरपालिका ३ स्थायी ठेगाना भई का.जि.का.म.न.पा. वडा नं. १५ डेरा गरी बस्ने विपिन खरेल र का.जि. नैकाप पुरानो भञ्ज्याङ्ग गा.वि.स. वडा नं ७ बस्ने शर्मीला गौतमको प्रेम विवाह भई सो विवाह सम्बन्धबाट म निवेदकको मिति २०५४।५।२३ मा परोपरकार प्रसुती गृह तथा स्त्रीरोग अस्पताल थापाथली काठमाडौंमा जन्म भएको हो । हाल म १७ वर्ष भए । मेरो आमा र बुबा नेपाली नागरिक हुनुहुन्छ । मेरो बाल्य अवस्थामा नै बुबाले मेरो आमा, दिदी र मलाई खान लगाउन समेत नदिई विना सूचना डेरा छाडि बेपत्ता हुनु भएपछि म निवेदक र दिदीलाई आफ्नो माइती घर का.जि. नैकाप पुरानो भञ्ज्याङ्ग वडा नं. ७ लग्नु भएको हो । हामीहरु हाल मामा घर बस्दै आएका छौं । मेरो शिक्षा हिमशिखर बोर्डिङ्ग स्कूल काठमाडौंबाट भएको हो । मेरो दिदीले एस.एल.सी. पास गरेपछि नागरिकताको आवश्यक परेकोले बुबा विपिन खरेललाई खोजतलास गरी नागरिकता बनाउन पहल गरी पाउँ भनी मेरो आमा शर्मिला गौतमले प्रहरी प्रशासन काठमाडौंमा निवेदन गरी सो निवेदन उपर कारवाही हुँदा मिति २०६८।१२।२० हाजिर हुने गरी ऐ. १९ गते महानगरीय प्रहरी परिसर काठमाडौंमा कागज गरि गएपछि बुबा २० गते काठमाडौं महानगरीय प्रहरी परिसरमा अनुपस्थित रहनु भई आमा, हजुरआमा, प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयसमेतका विरूद्धमा पुनरावेदन अदालत पाटनमा निषेधाज्ञाको मुद्दा दिई सोही मुद्दामा मिति २०६८।१२।२० मा पुनरावेदन अदालत पाटनबाट उल्टो अन्तरिम आदेश जारी गराई बुबा सम्पर्क बाहिर भई बस्नु भयो ।

म निवेदकले २०६९ सालमा एस.एल.सी. पास गरी २०७० सालमा नागरिकता बनाउनको लागि बुबालाई खोज्ने प्रयास गर्दा उहाँको थाहा जानकारी पाउन सकेको छैन । उच्च शिक्षाको लागि फाराम भर्न नागरिकताको आवश्यकता परेको हुँदा आमाको नामबाट नागरिकता बनाउनका लागि आमाले सनाखत गर्ने गरी मिति २०७१।७।१४ मा नैकाप पुरानो भञ्ज्याङ्ग गा.वि.स. को कार्यालयमा निवेदन दिई उक्त निवेदन उपर मिति २०७१।७।१९ गते रितपूर्वकको सर्जमिन गरी सम्पूर्ण व्यहोरा खुलाई जिल्ला प्रशासन

कार्यालय काठमाडौंमा नागरिकताको प्रमाणपत्र पाउँ भनि नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम १ र ३ बमोजिमको दरखास्त फारम भरी पेश गरेकोमा प्रमुख जिल्ला अधिकारीले तपाईको बाबुको नागरिकताको प्रमाणपत्र पेश नभएसम्म नागरिकता दिन नमिल्ने भनी मौखिक रूपमा फिर्ता पठाएकोले म नेपाली नागरिकको छोरा र नेपालमा जन्म भई नागरिकता लिन चाहिने उमेर पूरा भएको अवस्थामा पनि राज्यविहिन र नागरिकताविहिन हुन पर्‍यो । नेपालको अन्तरिम संविधान २०६३ को भाग २ धारा ८(२) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुन पाउने व्यवस्था र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्न पाउने व्यवस्था विपरित भएको साथै मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १५ नागरिक ताथ राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४ बाल अधिकार सम्बन्धी महासन्धिको धारा ७, महिला उपर हुने सबै खाले सम्बन्धी भेदभाव विरूद्धको महासन्धि १९७९ को धारा ९ को समेत प्रतिकुल भएको हुँदा कानुन बमोजिमको आमाको नामबाट नागरिकता दिनु भन्ने र देशभरिका हामी जस्ता पीडितको हकमा समेत व्याख्या हुने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने बेहोराको मिति २०७१।११।२५ को सृजन खरेलको रिट निवेदन ।

२. यस अदालतबाट मिति २०७१।११।२७ गते विपक्षीहरूको नाममा १५ दिनभित्र लिखित जवाफ पेश गर्नु साथै अग्राधिकारसमेत प्रदान गर्नु भन्ने आदेश ।

३. संविधान तथा कानुनले तोकेको प्रकृया पुरा गरी आवश्यक प्रमाण कागजात सहित निवेदकले अधिकार प्राप्त सार्वजनिक निकाय समक्ष नागरिकताको प्रमाणपत्र माग गरेको अवस्थमा कानुन बमोजिम सम्बन्धित निकायबाट कानुनी कर्तव्य पुरा हुनुपर्ने कुरामा कुनै विवाद छैन । निवेदकले कानुनी व्यवस्थाबाटै भेदभाव गरिएको भनी दावी लिन सकेको अवस्था पनि छैन । अतः कुनै कानुनी व्यवस्थालाई चुनौती दिन नसकेको र यस मन्त्रालयको कानुनी कर्तव्यभन्दा बाहिरको विषयमा असम्बन्धित निकायलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको २०७१।१२।१७ को कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट ऐ. मन्त्रालयका सचिव श्री भेषराज शर्माको लिखित जवाफ ।

४. रिट निवेदकले निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानुनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न नसकि यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने आधार र कारण खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको मिति २०७१।१२।२३ को संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा. सोमलाल सुवेदीको लिखित जवाफ ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट विपक्षी रिट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानुनी हक हनन् भएको खुलाउन सक्नु भएको छैन । नागरिकता प्रदान गर्ने विषयमा यस कार्यालयलाई विपक्षी बनाइरहनु पर्ने होइन । नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकताको ऐन नियममा निर्धारित प्रक्रिया र कार्यविधिको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनुपर्ने कुरालाई अन्यथा भन्न सकिंदैन । विद्यमान कानुनको अधिनमा रही नागरिकताको सिफारिस र नागरिकताको प्रमाण पत्र कानुनी कर्तव्य भएका पदाधिकारीले दिनुपर्ने हुन्छ । आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्ने सम्बन्धमा हेर्दा सबिना दमाईसमेत निवेदक विरूद्ध नेपाल सरकारसमेत भएको (२०६७-WO-०७०३) को रिट निवेदनमा यस अदालतबाट मिति २०६७।११।१५ मा निवेदिकालाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु, नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाको आमको नामबाट नागरिकता मागन आएमा नेपाल नागरिकता ऐन २०६३ र ऐ. को नियमावलीको रित र कार्यविधि पुरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र गरी आवश्यक व्यवस्था गर्नु र समाजमा रहेका खराब, परम्परा, प्रचलन प्रथा उन्मूलन गन आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भएकोमा सो को कार्यान्वयनको लागि यस कार्यालयको मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखि पठाइएकोमा मिति २०६८।५।५ को गृह मन्त्रालयको पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्रसमेत प्राप्त भएको हुँदा पुन सोही विषयका सन्दर्भमा यस अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिंदैन । अन्य निवेदनको दावीको हकमा सम्बन्धित निकाय तथा पदाधिकारीको लिखित जवाफबाट स्पष्ट हुने नै छ । अतः उपरोक्त

आधार र कारणसमेतबाट विपक्षी निवेदकको माग बमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने मिति २०७१।१२।२० को प्रधानमन्त्री कार्यालयका सचिव श्री राजुमान सिंह मल्लको लिखित जवाफ ।

६. बुबाको नाम थर वतन थाहा भएको अवस्थामा स्थायी बसोबास भएको स्थानमा गई सम्बन्धित स्थानीय निकायको सिफारिस लिई जिल्ला प्रशासन कार्यालय समक्ष जान रिट निवेदकलाई के कस्तो कारणले कठिनाई भएको यसतर्फ रिट निवेदनमा केही खुलाइएको छैन । नागरिकता ऐन नियमावली अनुसार नागरिकता प्राप्त गर्न पूरा गर्नुपर्ने दायित्व निवेदकहरूको हो र नागरिकता प्राप्त गर्न आवश्यक कागजात पुरा नगरेको र कार्यविधि अवलम्बन नभएको अवस्थामा नागरिकता उपलब्ध गराउन सकिंदैन । तोकिएको कार्यविधि पुरा गरी ऐन नियमावलीले पेश गर्नुपर्ने भनी निर्धारण गरेको कागजात सहित जिल्ला प्रशासन कार्यालयमा गएमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुने भएकोले यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।११।१२ गतेको गृह मन्त्रालयका सचिव सूर्य प्रसाद सिलवालको लिखित जवाफ ।

जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंको म्यादभित्र लिखित जवाफ पेश नगरेको ।

७. नियम बमोजिम दैनिक तथा साप्ताहिक पेशी सूचीमा चढी आज इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता मीरा ढुंगाना र अधिवक्ता सुषमा गौतमले निवेदक सृजन खरेल नेपाली नागरिकताको प्रमाणप्राप्त नेपाली नागरिकको छोरा भएकोमा विवाद छैन । निजको बाबु छोराछोरीलाई बाबुको नामबाट नागरिकता नबनाउने दुषित मनसाय राखी बेपत्ता भई सम्पर्कमा नआएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी सृजन खरेल वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । यस्तो पितृत्व, मातृत्व ठेगाना नभएको व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रिया अनुरूप नागरिकता पाउने व्यवस्था छ । तर उल्लिखित कानुनी प्रक्रिया पूरा गरी विपक्षी जिल्ला प्रशासन कार्यालयमा आमाको नामबाट नागरिकता पाउँ भनी सृजन खरेलले निवेदन दिएकोमा विपक्षी प्रमुख जिल्ला अधिकारीले बाबुको नागरिकता पेश नगरी नागरिकता बन्न नसक्ने भनी मौखिक आदेश गरेको हुँदा निज निवेदक सृजन खरेल नागरिकताविहिन र राज्यविहिनताको अवस्थामा बाँच्न बाध्य भई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानुनी हकबाट वञ्चित हुनु परेको छ । विपक्षीको उक्त कार्य नेपालको अन्तरिम संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजसमेतको विपरीत हुन गएको छ । तसर्थ निवेदक सृजन खरेल र निज जस्ता पीडित व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरीपाउँ भनी बहस गर्नुभयो ।

८. विपक्षी नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री संजिव रेग्मीले नेपाल सरकारले निवेदक जस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दावी गरेको नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्नुपर्छ । निवेदकहरूको आफ्ना बुबा भनी उल्लेख गरेको विपिन खरेलको नाता प्रमाणित कागज लगायतका प्रमाण कागज पेश भएका बखत नागरिकता दिने भनेकोमा निवेदकहरूको बाबुको राष्ट्रियता खुल्ने नेपाली नागरिकताको प्रमाणपत्र तथा निवेदकहरूको बाबु भएको नाता खुल्ने प्रमाण कागज पेश नगरी बाबु को हुन् भन्ने नै नदेखिएको अवस्थामा नागरिकता नदिएको भनी व्यहोरा ढाँटी परेको रिट निवेदन खारेज गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

९. उल्लिखत बहस जिकिरसमेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन ? सो विषयमा निर्णय दिनुपर्ने देखियो ।

१०. निर्णयतर्फ विचार गर्दा यसमा निवेदक सृजन खरेल कैलाली जिल्ला धनगढी नगरपालिका ३ घर हुने विपिन खरेल र का.जि. नैकाप पुरानो भन्ज्याङ्ग गा.वि.स. वडा नं. ७ बस्ने शर्मीला गौतमको वैवाहिक सम्बन्धबाट आफू जन्मेपछि बाबु विपिन खरेल शिशु अवस्थामा नै आमालाई जानकारी नदिई बेपत्ता हुनु भएबाट हालसम्म कुनै जानकारी र सम्पर्क नरहेकोले निवेदकको दिदीको एस.एल.सी. पास गरेपछि नागरिकताको आवश्यकता भएकोले नागरिकता बनाउनको लागि बाबु विपिन खरेललाई खोजतलास गरी नागरिकता बनाउन पहल गरी पाउँ भनी आमा शर्मिला गौतमले प्रहरी प्रशासन काठमाडौंमा निवेदन गरी सो निवेदन उपर कारवाही हुँदा मिति २०६८।१२।२० हाजिर हुने गरी ऐ. १९ गते महानगरीय प्रहरी परिसर काठमाडौंमा कागज गरि गएपछि बुबा २० गते काठमाडौं महानगरीय प्रहरी

परिसरमा अनुपस्थित रहनु भई आमा हजुरआमा प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयसमेतका विरूद्धमा पुनरावेदन अदालत पाटनमा निषेधाज्ञाको मुद्दा दिई सोही मुद्दामा मिति २०६८।१२।२० मा पुनरावेदन अदालत पाटनबाट उल्टो अन्तरिम आदेश जारी गराई बुबा हामी निवेदकलाई बुबाको नामबाट नागरिकता नबनाइदिने उद्देश्यले जानी जानी सम्पर्कभन्दा बाहिर भई बस्नु भएपछि हालसम्म सम्पर्क विहिन भई बसेको, म निवेदकलाई उच्च शिक्षा हासिल गर्नको लागि नागरिकताको आवश्यकता परेको हुँदा गा.वि.स.को सिफारिस साथ निवेदन गर्दा आमाको नामबाट नागरिकता लिन निवेदन गर्दा बाबुको नागरिकता पेश नगरी नागरिकता दिन नमिल्ने भनी मौखिक रूपमा नागरिकता दिन इन्कार गरियो भन्ने निवेदकको जिकिर देखियो ।

११. निवेदनसाथ संलग्न कागज प्रमाण प्रतिलिपि हेर्दा निवेदकको आमा शर्मिला गौतमको काठमाडौं जिल्ला नैकाप पुरानो भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ७ मा मिति २०३३।९।२५ मा जन्म भएको भन्दै निजको नाममा मिति २०६८।६।३० मा जिल्ला कार्यालय काठमाडौंबाट ना.प्र.नं. ७६१०/१०४४६ को नागरिकताको प्रमाणपत्र जारी भएको देखियो । साथै विपिन खरेल विरूद्ध शर्मिला गौतम र जिल्ला प्रशासन कार्यालय भएको (निषेधाज्ञाको मुद्दा नं. २०६८-wo-०६२३) मा पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।२० मा भएको फैसला भएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ ।

१२. निवेदक सृजन खरेलको मिति २०५४।५।२३ मा जन्म भएको परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पतालको जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निजको बुबाको विना सूचना डेरा कोठामा नआई बेपत्ता भई सम्पर्क विहिन भएपछि मामा घरमा बस्दै आएको भन्ने स्थानीयले गरेको सर्जमिन मुचुल्का र पुरानो भञ्ज्याङ्ग गा.वि.स. कार्यालयको सिफारिस हिमशिखर बोर्डिङ स्कूलको सिफारिससाथ आमाको नागरिकताको प्रमाणपत्र लगायत सम्पूर्ण कागजात र कानुनी प्रक्रिया पूरा गरी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता लिन लागि मिति २०७१।७।१४ नैकाप पुरानो भञ्ज्याङ्ग गा.वि.स. को कार्यालयमा निवेदन गरेपछि उपर मिति २०७१।७।१९ गते रितपूर्वकको सर्जमिन गरी उक्त सर्जमिन व्यहोरा खुलाई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा निवेदन पेश गरेको भन्ने पनि रिट निवेदनमा उल्लेख गरेको देखियो । तर विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंले यस निवेदनको विषयमा लिखित जवाफ पेश गरेको नदेखिंदा जिल्ला प्रशासनको के भनाई रहेछ बुझ्न सकिएन ।

१३. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा २ खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तै किसिमको व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा २(ख) मा रहेको छ । संविधानमा रहेको नेपाल नागरिकता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

१४. संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएकोबाट बाबु वा आमा मध्ये कुनै एक व्यक्ति नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमा मध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । सो कुरा यस अदालतले स्वीकार गरिसकेको अवस्था पनि छ । (ने.का.प. २०६६, नि.नं. ८१७५ पृ. १०१४) । तसर्थ बाबु वा आमामध्ये एउटाको नागरिकता राखी निवेदन दिएकोमा अर्कोको पनि नागरिकता खोज्न वा नागरिकता सहज रूपमा लिन अपायक पर्ने ठाउँमा जानु भन्न कानुनले मिल्दैन ।

१५. जहाँसम्म निवेदकले बाबु बेपत्ता भएको भन्ने प्रश्न छ बाबु बेपत्ता हुँदैमा निवेदकहरूले नागरिकता नपाउने भन्ने हुँदैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(३) र नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापक्षेतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्मेको भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । वंशजको आधारमा नागरिकता लिएकोमा पछि बाबु विदेशी ठहरेमा आमाको नामबाट नागरिकता लिने व्यक्तिको वंशजको नागरिकता अङ्गिकृत नागरिकतामा परिणत हुने देखिन्छ । यहाँ निवेदकको बाबु आमा फेला नपरेको वा बाबुको पहिचान हुन नसकेको अवस्था होइन । निवेदकले आफ्नो बाबुको नाम र वतन स्पष्ट

उल्लेख गरेका छन् । बाबु विपिन खरेल विना सूचना केही नभनी कोठा छाडी बेपत्ता भई सम्पर्कविहिन भएको भन्ने निवेदकहरूको भनाइ रहेको छ । यो कुरा होइन भन्ने लिखित जवाफबाट देखिंदैन । मिसिल संलग्न पुनरावेदन अदालत पाटनबाट २०६८।१२।२० मा निर्णय भएको निवेदक विपिन खरेल विपक्षी शर्मिला गौतम भएको निषेधाज्ञाको निवेदन (२०६८-WO-६२३) मा भएको फैसलाको तथ्य खण्डमा नै निवेदकले शर्मिला गौतमसँग आफ्नो विवाह भै एक छोरा र एक छोरीको जन्म भएको कुरा स्वीकार गरेकै देखियो । यसबाट निवेदकको बाबुको परिचय वा निजसँगको सम्बन्ध खासै विवादास्पद रहेको पनि देखिएन । यहाँ विपक्षी जिल्ला प्रशासन कार्यालयबाट वंशजको आधारमा नागरिकता लिन बाबुको नागरिकताको प्रमाण पेश गरेमात्र नागरिकता दिने भनी मौखिक जवाफ दिएको भन्ने कुरा यहाँ उठाइएको छ । मुख्य कुरा बाबु वा आमा मध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ । निवेदक त्यस्तो अवस्थामा बाबुको नागरिकता पेश गर्न नसकेको भन्ने अतो थापी नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन ।

१६. निवेदक सृजन खरेलको मिति २०५४।५।२३ मा परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल थापाथलीमा जन्म भएको भन्ने जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निवेदक उमेर १६ वर्ष पूरा भन्ने विद्यालयको एस.एल.सी. को प्रमाण पत्रबाट देखिन्छ । निवेदकको आमा वंशजको नाताको नेपाली नागरिक भई काठमाडौं जिल्ला नैकाप पुरानो भञ्ज्याङ्ग वडा नं. ७ मिति २०३३।९।२५ मा जन्म भएको र निजको नाममा मिति २०६८।६।३० मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट ना.प्र.नं. ७६१०/१०४४६ नागरिकताको प्रमाणपत्र जारी भएको भन्नेमा विवाद नभएको हुँदा र निवेदकले नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएबमोजिम सिफारिससमेत लिएको पाइँदा अझ नागरिकता दिन इन्कार गर्नुपर्ने कारण देखिंदैन ।

१७. नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिंदैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अतो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

१८. नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूत गरिएको छ । लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख गरिएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान वहाल रहँदाको अवस्थामा दायर भएको छ तथापि नयाँ संविधान अर्थात नेपालको संविधानद्वारा प्रत्याभूत हकहरु निवेदकहरूलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ देखिंदैन ।

१९. निवेदकहरूको आमा शर्मिला गौतम नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदा हुँदै निवेदकलाई निजको बाबु बेपत्ता भएकोमा बाबुको नागरिकताको प्रमाणपत्र पेश नगरेको कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकहरूको मात्र होइन निजको आमा शर्मिला गौतमको मौलिक हक हनन हुने स्थिति यहाँ पर्न आएको देखियो । महिलाहरु उपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरा तर्फ विपक्षीहरूको दृष्टि पुगेको देखिएन ।

२०. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६७-wo-०७०३ ने.का.प. २०६८ नि.नं. ८५५७ अंक २ पृ. २४७) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यलयको नाउँमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मन्त्रिपरिषद्बाट मिति २०६८।६।६ गृह मन्त्रालयलाई र गृह मन्त्रालयबाट मिति २०६८।५।५ को पत्र मार्पत सबै जिल्ला प्रशासन कार्यालय तथा

सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्नेसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखियो । त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-wo-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जारी भएको देखिन्छ । रन्जिता थापाको निवेदनमा भएको निर्णय माथि उल्लेख भएकै छ । यसरी यस अदालतबाट यसपूर्व नै नेपाली नागरिक आमाको नाउबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भैसकेको समेत देखिन आयो । आमाको नामबाट नागरिकता पाउँ भन्न निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासांगिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदा हुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानुनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानुनी अधिकार प्राप्त अधिकारीद्वारा आफ्नो कानुनी कर्तव्य पूरा गनु पर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफै संवेदनशील भै यो विषय वस्तुलाई हेर्नु वान्छनीय देखिन्छ ।

२१. अतः उल्लेखित आधार र कारणहरूबाट प्रस्तुत निवेदनमा निवेदक सृजन खरेलको आमा शर्मिला गौतम नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदक सृजन खरेलको नेपाली नागरिक शर्मिला गौतमबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिक पेश गरी भएसम्मको प्रमाण राखी निवेदन दिएमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नु भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले माग बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क. (उपसचिव)
इति सम्वत् २०७३ साल भदौ १३ गते रोज १ शुभम् ...............

# २५ जयन्ती शिकारी
## विरूद्ध
## नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७२ चैत्र २२ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्याय**
**फैसला**
**०७१-WO-१०२५**

**मुद्दा : परमादेश समेत**

गुण बहादुर शिकारीको छोरी, बद्रीप्रसाद खनालको श्रीमती काठमाडौं जिल्ला काठमााडौं महानगरपालिका वडा नं. ४ बस्ने जयन्ती शिकारी (खनाल) ..........१
बद्रीप्रसाद खनाल र जयन्ती खनालको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बस्ने वर्ष २२ को गोपाल खनाल ..........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, काठमाडौं ..........१
नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं ..........१
नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, ललितपुर ..........१
नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, काठमाडौं ..........१
नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ..........१
काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालय ..........१
हेटौडा न.पा. वडा नं. १ को कार्यालय, हेटौंडा ..........१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

हामी निवेदक मध्येको म जयन्ती शिकारीको का.म.न.पा. वडा नं. ४ घर भएको बद्रीप्रसाद खनालसँग कान्छी श्रीमतीको रूपमा विवाह भई हामीहरूको दाम्पत्य सम्बन्धबाट निवेदक छोरा गोपाल खनालको मिति २०५१।८।१ मा जन्म भयो । २०५४ साल तिर मेरो पति बद्रीप्रसाद खनाल हाम्रो सम्पर्कबाट टाढा जानु भै हालसम्म फर्केर आउनु भएन । नाबालक छोराको लालन पालन तथा शिक्षा दीक्षा लगायतको दायित्व सम्पूर्ण म एकल आमाले नै पूरा गर्दै आएको र छोराको उमेर पुगेपछि पनि उनका पिता सम्पर्कमा नरहनु भएकोले छोराको नागरिकता बनाउनको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बुझ्न जाँदा वडाको सिफारिस सहित बुवाको नागरिकताको प्रतिलिपि र बुबा आउनुपर्छ अन्यथा नागरिकता दिन मिल्दैन भन्ने जानकारी पाएँ ।

निवेदक गोपाल खनालको बुबा हाम्रो सम्पर्कमा नरहेको हुँदा छोराको नागरिकता बनाउन सकिने अन्य विकल्पको बारेमा बुझ्दा आमाको नामबाट पनि नागरिकता बन्न सक्ने थाहा पाई सोका लागि प्रयास गर्दा म निवेदक जयन्तीको नागरिकता जारी गरेको जिल्लाबाटै छोराले नागरिकता लिनुपर्ने जानकारी पाएँ । मेरो नागरिकता मकवानपुर जिल्लाबाट जारी भएको हुँदा मकवानपुरमा गई छोराको नागरिकता लिन प्रकृया थाल्दा खनाल थर राखी आमाको नामबाट नागरिकता जारी गर्न नसकिने, आमाको नामबाट नागरिकता लिँदा आमाको नागरिकताको थर (शिकारी) बाट मात्र सिफारिस दिन सकिने भनि वडा कार्यालयले सिफारिस दिन मानेन ।

छोराको स्कूलको प्रमाणपत्रहरु सबैमा खनाल थर उल्लेख भएको हुँदा काठमाडौंबाट नागरिकता प्रमाणपत्र लिनलाई निवेदक मध्ये गोपाल खनालको बाबुको नागरिकता प्रमाणपत्र प्रतिलिपि चाहिने भनेकोले आफुसँग भएका सबै कागजपत्र खोजतलास गर्दा वहाँको नागरिकता नं. ३६४० उल्लेख भएको परिचयपत्र फेला पार्न सफल भएँ । त्यसपश्चात् वहाँको नागरिकता प्रमाणपत्र नं. उल्लेख गरी

जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नागरिकताको प्रतिलिपि माग गर्दा बद्रीप्रसाद खनालको नागरिकताको प्रतिलिपि माग गरेकोमा जिल्ला प्रशासन कार्यालयले नं. ३६४० मिति ०२५ सालको ना. रेकर्ड झुत्रो भई च्यातिएको भन्ने जानकारी गराएको छ । यसरी निवेदक मध्येको गोपाल खनाल ३ वर्षको हुँदा पत्नी र छोरालाई छोडेर जानु भएको पति हालसम्म पनि सम्पर्कमा नआउनु भएको र छोराको नागरकता प्रमाणपत्र बनाउनका लागि निजको बाबुको नागरिकता प्रमाणपत्र आवश्यक हुने भनि वडा कार्यालयबाट सिफारिससमेत नगरि दिनु भएको र पतिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि माग गर्न जाँदा सो समेत जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्न नसकेकोले छोराको शिक्षा, रोजगारी, सम्पत्ति आर्जन, पहिचान तथा राष्ट्रियता जस्ता अत्यन्त आधारभूत मानव अधिकारबाट वञ्चित हुने अवस्थाको सृजना भएकोले सो को संरक्षणार्थ भनि यो रिट निवेदन सम्मानित अदालतमा पेश गर्न आएको छु । निवेदक मध्येको म गोपाल खनाललाई लालन पालन शिक्षा दीक्षा एवं स्वास्थ्योपचार समेत मेरो आमा जयन्ती शिकारी (खनाल) ले गरिरहनु भएको छ । बुबाले म सानै छँदा हामीलाई छोड्नु भएकोले मलाई जन्माउन हुर्काउन र पढाउनसमेत आमाले नै मिहेनत गर्नु भएको छ । मेरो बुबा हामीहरूको साथमा हुनुहुन्न । त्यसैले म मेरो नागरिकतामा बुबाको नाम उल्लेख गरी आमाले सनाखत गर्ने गरी आफ्नो पहिचान पाउन र बनाउन चाहन्छु ।

नागरिकता सम्बन्धी कानुनहरूको आधारभूत संरचना भनेको नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ हो । संविधानको उक्त भाग अन्तर्गत धारा ८(२)(ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने" भन्ने व्यवस्था छ । त्यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा पनि संविधान अनुरूपकै व्यवस्था छ । हामी रिट निवेदकहरु पूर्ण नेपाली नागरिक हौं । निवेदक मध्येको म गोपाल खनालको बाबु आमा दुवै नेपाली नागरिक नै हुनुहुन्छ । बाबु वा आमा मध्ये कुनै एकजना नेपाली नागरिक रहेछन् भने, निजको सन्तानले वंशजको आधारमा नेपालको नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानुनमा गरेको छ तर निवेदक मध्येको म गोपाल खनालको पिता बेपत्ता भएकै कारणले म निवेदकलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गरिएको हुनाले साह्रै अन्याय भएको छ । विपक्षीहरूको लापरवाहीको कारणले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको छ ।

नागरिकता नियमावली, २०६३ को नियम ३(१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बुबा वा आमा वा तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची १ बमोजिमको प्रकृया पूरा गरिसकेपछि आमाले सनाखत गर्ने गरी नागरिकता लिन भएकै कारणले पितृ सत्तात्मक सोच, मूल्य र मान्यता राखी संविधान कानुनमा भएको व्यवस्था समेतको बर्खिलाप हुने गरी नागरिकता नदिने भन्ने मौखिक आदेशले हामी निवेदक आमा छोराको संवैधानिक कानुनी अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार माथि कुठाराघात भई साह्रै अन्याय भएको छ । उक्त आदेशले निवेदक मध्येको म गोपाल खनालको पहिचान लोप हुने अवस्था सृजना भई म निवेदक जीवनभर राज्यविहिन अवस्थामा बाँच्न बाध्य भई नागरिकले राज्यबाट प्राप्त गर्ने सबै अधिकारहरूबाट वञ्चित हुनुपर्ने भएको छ ।

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार दिएको छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name; every child had the right to acquire a nationality); महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State parties shall grant women equal right with respect to the nationality of their children) भन्ने व्यवस्था गरेको छ र त्यसै अनुरूप हाम्रो संविधान र कानुनमा समेत व्यवस्था गरिएको हो तर नागरिकता प्रदान गर्ने अधिकारलाई मनगढन्त रूपमा वंशजको परिभाषा गरी व्यक्तिको नागरिकता प्राप्त गर्ने अथवा पहिचान प्राप्त गर्ने हकबाट नै वञ्चित गरी अन्याय भएको छ । बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right acquire a nationality and as far as possible, the right to know and be cared for by his/her parents) माथि उल्लिखित सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानुनले समेत आफ्ना सन्तानलाई आमाले नागरिकता दिन सक्ने अधिकार

प्रदान गरेको छ तर विपक्षीहरूले म निवेदक आमालाई मेरो नामबाट पहिचान लिन खोज्ने मेरो सन्तानलाई नागरिकताको प्रमाणपत्र नदिई पहिचानबाट वञ्चित गरी राज्यविहिन बनाउन खोजी अन्याय गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९(२)(ख), धारा १०, धारा १२(१), धारा १३ को उपधारा (१)(२)(३), धारा २० को उपधारा (१)(३), महिला विरूद्ध हुने सबै प्रकारका विभेदहरु उन्मूलन गर्ने महासन्धिको धारा १, ९, ९(२), १५ को उपधारा (१) र (४), नागरिक ताथ राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ को धारा १६, धारा २४ को उपधारा (४), धारा २६, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५, राज्यविहिनता घटाउने सम्बन्धी महासन्धि १९६१ को धारा १ तथा नेपालको नागरिकता ऐन, २०६३ को दफा ३(१) आदिको उल्लंघन भएको छ ।

निवेदक मध्ये म जयन्ती शिकारी (खनाल) निवेदक छोरा गोपाल खनालको एकल आमा भई संरक्षण गर्दै आइरहेको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद २ को (२) को १.२ बमोजिम म निवेदक आमाले सनाखत गर्ने गरी आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम मेरो छोरालाई म निवेदक आमाले सनाखत गर्ने गरी वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । साथै म निवेदक मध्येको गोपाल खनालले संवैधानिक र कानुनी व्यवस्था बमोजिम नागरिकतामा बुबाको नाम उल्लेख गरी आमाले सनाखत गर्ने गरी आफ्नो पहिचान पाउने र बनाउने अधिकार सुनिश्चित भएको हुनाले मेरो आमाले सनाखत गर्ने गरी नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

म जस्ता नागरिकता विहिन भई पीडित भएका नेपाल भरी लाखौंलाख नेपालीहरु हुनुहुन्छ । वहाँहरूको हकमा समेत व्याख्या हुने गरी परमादेश जारी गरी गृह मन्त्रालयमार्फत ७५ वटै जिल्ला प्रशासन कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत देशभरिका सबै गा.वि.स. कार्यालयहरु, महानगरपालिका, उपमहानगरपालका, नगरपालिकाको कार्यालयहरु र तिनका सबै वडा कार्यालयहरूको नाममा उक्त आदेश कार्यान्वयनको लागि परिपत्र गर्नु भन्ने आदेश समेत जारी गरी पाउँ भन्ने निवेदन दावी ।

यसमा के कसो भएको हो ? रिट निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सो को आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु । साथै निवेदनको विषयवस्तु हेर्दा रिटको किनारा छिटो हुन उपयुक्त देखिँदा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ६३(३) बमोजिम अग्राधिकार दिनु भन्ने यस अदालतको मिति २०७२।३।२१ को आदेश ।

आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्ने प्रश्नका सन्दर्भमा सविन दमाईसमेत निवेदकविरूद्ध यस कार्यालय समेत विपक्षी भएको २०६७ सालको रिट नं. ०७०३ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।११।१५ मा निवेदिकालाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु, नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता मागन आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्र.जि.अ. को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भएकोमा सो को कार्यान्वयनका लागि यस कार्यालयको पत्रबाट गृह मन्त्रालयमा लेखि पठाएकोमा गृह मन्त्रालयको च.नं. १४७ मिति २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्रसमेत प्राप्त भएको हुँदा सोही विषयका सन्दर्भमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ ।

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानुनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कहिंकतै उल्लेख गर्न सकेको नपाइएकोले यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ ।

नागरिकता प्रदान गर्ने सम्बन्धी विषय यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने हुनाले असम्बन्धित निकाय यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन निरर्थक देखिँदा खारेज गरी पाउँ भन्ने कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ ।

नागरिकता सम्बन्धी विषय यस मन्त्रालयको क्षेत्राधिकारको विषय नभई नेपाल सरकार गृह मन्त्रालयको क्षेत्राधिकार भित्रको विषय भएकोले उपरोक्त आधार कारणबाट रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

विपक्षीहरूले यस कार्यालयमा उपस्थित भई सिफारिसको लागि कुनै निवेदन दर्ता गर्नु भएको भए सो कागज प्रमाणहरु पेश गर्नु हुन्थ्यो । कोही कसैले आवश्यक कागजात सहित कार्यालयमा निवेदन दिएमा प्रकृया नपुऱ्याई सिफारिस दिने गरेको र विपक्षीहरूले हालसम्म कुनै निवेदन नदिएको र दर्ता भएको समेत नदेखिएकोले अनावश्यक दुःख हैरानी दिने नियतले मात्र विपक्षीहरूले दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भन्ने काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयको लिखित जवाफ ।

नेपालको नागरिकता प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकता ऐन नियममा निर्धारित विधि प्रकृयामा र कार्यविधिको पालना गरी यस कार्यालयमा रितपूर्वकको निवेदन दिनुपर्नेमा निजले वंशज खुल्ने पति वा पिताको नागरिकता पेश नगरेको, यस कार्यालयमा निजको पति वा पिताको नागरिकताको अभिलेख भिडाउन खोज्दा निजको नागरिकताको प्रमाणपत्र ३६४० मिति २०२५ सालको रेकर्ड झुत्रो भई च्यातिन गई रेकर्ड नभएकोले त्यस्तो रेकर्ड फेला नपरेको अवस्थामा निर्णय गरी नयाँ प्रकृयाबाट नागरिकताको प्रमाणपत्र बनाउनु पर्ने अवस्थाको जानकारी दिई नयाँ प्रकृयाको लागि निवेदन पेश गर्नुहोस् भनी नागरिकता ऐनमा विधि प्रकृया र कार्यविधिको जानकारी गराई पठाएकोमा झुठा व्यहोरा उल्लेख गरी यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

रिट निवेदकहरूले आफ्नो बुबाको स्थायी बसोबास भएको स्थानबाट सम्बन्धित स्थानीय निकायको सिफारिस लिई सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिएमा सो को कारवाही सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नै हुन्छ । नागरिकता ऐन नियमावलीमा नागरिकता प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु पुरा गर्नुपर्ने दायित्व रिट निवेदकहरूकै भएको हुँदा तोकिएको कार्यविधि पुरा गरी ऐन नियमले पेश गर्नुपर्ने भनि निर्धारण गरेको कागजात सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा गएको खण्डमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुने भएकोले यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने नेपाल सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षीको वास्तविक ठेगाना कहाँ हो तथ्यगत रूपमा स्पष्ट नभएको अवस्थामा बाबु वा आमाको ठेगाना मध्येबाट पनि कारवाही अगाडि बढाउन सक्नेमा विपक्षीले माग गरेको विवादको प्रश्नमा स्थापित तथ्य आफ्नो वा बाबु आमाको ठेगाना मध्ये यस कार्यालयको ठेगाना हो भनी किटान गर्न नसकेकोमा कानुनको उल्लंघन गरी क्षेत्राधिकार ग्रहण गर्न सक्दैन । निवेदनका सन्दर्भमा उल्लेख गरिएका नजिर आकर्षित हुन नसक्ने अवस्थाको फरक तथ्य उल्लेख गरी दायर गरिएको निवेदन यस वडा कार्यालयको हकमा निवेदन खारेज गरी पाउँ भन्ने हेटौंडा उपमहानगरपालिका वडा नं. १ को कार्यालयको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदनसहितको मिसिल कागजात अध्ययन गरियो ।

निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पवित्रा राउतले निवेदक मध्येका गोपाल खनाले बाबु बद्रीप्रसाद खनाल र आमा जयन्ती शिकारी (खनाल) भई निजहरु नेपाली नागरिक भई आमाको नागरिकताको प्रमाणपत्र र बाबुको नागरिकता नं. ३६४० समेत भनी स्पष्ट दावी गरेका छन् । निवेदकले आमा जयन्ती शिकारी (खनाल) लाई सनाखत राखी बाबुको नाम थर उल्लेख गरी नागरिकता लिन चाहेको अवस्था निवेदकहरूको रहेमा गोपाल खनालको कक्षा ८ पास गरेको चारित्रिक प्रमाणपत्रमा बाबुको नाम बद्रीप्रसाद खनाल उल्लेख भएबाट समेत नाता खुलेको र नाता समर्थित भएको छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) बमोजिमका कागजात मध्ये स्थानीय निकायको सिफारिस वा जन्मदर्ता र नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र सम्बन्धित वडा कार्यालयले दिन नमाने पनि सोही नियमावलीको नियम ३(२) बमोजिम स्थलगत सर्जमिन गरी नागरिकताको प्रमाणपत्र दिनु पनेमा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १ बमोजिमको ढाँचामा पेश गरेको नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदनमा नागरिकता दिने वा नदिने सम्बन्धमा नबोली नागरिकताबाट वञ्चित गर्ने विपक्षीको कार्यबाट नागरिकता प्राप्त गर्ने र आफ्नो सन्तानलाई नागरिकता आफ्नो नामबाट प्रदान गर्न पाउने हकको प्रत्याभूतिबाट वञ्चित भएकोले निवेदन माग बमोजिम विपक्षीहरूको नाउँमा परमादेश लगायत जो चाहिने आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो ।

विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री सन्जिवराज रेग्मीले निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१)(ख)(ग) बमोजिमको स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र र नातेदारसँग नाता खुल्ने नाता प्रमाणित पत्र पेश गरी सोही नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र पाउन निवेदन दिनु पर्नेमा त्यस किसिमका कागजातसमेत संलग्न गरी नागरिकता पाउन दावी गरेको अवस्था नभएकोले निवेदकको निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस सुनियो । अब निवेदकको निवेदन दावी बमोजिमको आदेश जारी हुने हो, होइन ? भनि निर्णय दिनुपर्ने देखिन आयो ।

निवेदक मध्येको जयन्ती शिकारीको का.म.न.पा. वडा नं. ४ घर भएको बद्रीप्रसाद खनालसँग कान्छी श्रीमतीको रूपमा विवाह भई दाम्पत्य सम्बन्धबाट निवेदक छोरा गोपाल खनालको मिति २०५१।८।१ मा जन्म भएकोमा २०५४ सालतिर पति बद्रीप्रसाद खनाल सम्पर्कबाट टाढा भएको,

नाबालकको शिक्षा दीक्षा, पालन पोषण आमाले पुरा गरेको र छोराको उमेर पुगेपछि पनि पिता सम्पर्कमा नआउनु भएकोले नागरिकता बनाउनको लागि जिल्ला प्रशासनमा वडाको सिफारिस सहित बुबाको ना.प्र.प.को प्रतिलिपि र बुबा आउनु पर्दछ अन्यथा नागरिकता नपाउने जानकारी पाएको, आमाको नामबाट नागरिकता लिन प्रकृया थाल्दा बाबुको थर खनाल राखी आमाको नामबाट नागरिकता जारी गर्न नसकिने बताएको, छोराको स्कूलको प्रमाणपत्रहरूमा खनाल थर उल्लेख भएको र बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि चाहिने भउकाले कागजात खोजतलास गर्दा बाबुको नागरिकता नं. ३६४० उल्लेख भएको परिचयपत्र फेला पार्न सफल भएको त्यसपश्चात् बाबुको ना.प्र.प. नं. उल्लेख गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नागरिकताको प्रतिलिपि माग गर्दा नं. ३६४० मिति ०२५ सालको ना. रेकर्ड भुत्रो भई च्यातिएको कारण उपलब्ध गराउन नसकिएको जानकारी गराएको । साथै बाबुको नागरिकताको प्रमाणपत्र विना वडा कार्यालयबाट नागरिकताको लागि सिफारिस नगरेकोले म निवेदक गोपाल खनालको पिता बद्रीप्रसाद खाल बेपत्ता भएकै कारणले नागरिकताको प्रमाणपत्रबाट वञ्चित गरिएको हुनाले नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद २ को (२) को १.२ बमोजिम आमाले सनाखत गर्ने गरि नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेशको आदेश जारी गरी पाउन निवेदन गरेको देखियो । मुलतः निवेदक मध्येको गोपाल खनालले नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम बाबु आमा दुवै नेपाली नागरिक भएकोले वंशजको नाताले नागरिकतामा बाबुको नामथर उल्लेख गरी नागरिकता लिन प्रयास गर्दा बाबुको नामबाट नागरिकता नपाएको भन्ने देखिन्छ । निवेदकले वंशज खुल्ने पति तथा पिताको नागरिकता पेश नगरेको, यस कार्यालयमा निजको पति तथा पिताको नागरिकताको अभिलेख भिडाउन खोज्दा निजको नागरिकता प्रमाणपत्र ३६४० मिति २०२५ सालको रेकर्ड भुत्रो भई च्यातिन गई रेकर्ड नभेटिएकोले त्यस्तो रेकर्ड फेला नपरेकोले निर्णय गरी नयाँ प्रकृयाबाट नागरिकताको प्रमाणपत्र बनाउनु पर्ने अवस्थाको जानकारी दिई नयाँ प्रकृयाको लागि निवेदन पेश गर्नुहोस् भनी नागरिकता ऐनको विधि प्रकृया र कार्यविधिको जानकारी गराई पठाएको भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफबाट देखिए पनि निवदकले पेश गरेको नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदनमा नागरिकता दिन नसक्ने कुनै आधार खुलाई निर्णय गरेको वा नागरिकताका सम्बन्धमा अन्य कार्यविधि अपनाउनुपर्नेभएमा कारणसहितको आदेश गरेको भन्ने देखिन आएको छैन ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिको उपनियम (१) मा "वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा सोह्र वर्ष उमेर परा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः

क) बाबु वा आमा वा आफ्ना वंश तर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,
ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरि दिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,
ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,"

उपरोक्तानुसार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि व्यवस्था गरेकोमा आमाले सनाखत गर्ने गरी निजको नागरिकताको प्रमाणपत्र र बाबुको नागरिकता नं. सम्म पेश गरेको सम्मको तथ्य देखिन आए पनि नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१)(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र पेश गर्न नसकेको भन्ने सम्मको निवेदन दावीसमेबाट देखिन आएको छ । त्यस्तै सोही नेपाल नागरिकता नियमावली, २०६३ नियम ३(२) मा "उपनियम (१) बमोजिमको प्रमाण निवेदन साथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछः

क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहवरमा अनुसूची-३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाले गरिदिएको स्थलगत सर्जमिन,
ख) सम्बन्धित वडामा बसोबास गर्ने तीनजना नेपाली नागरिकताको प्रमाणपत्र प्रापत नेपाली नागरिकले अनुसूची-४ बमोजिमको ढाँचामा सर्जमिन स्थलमै गरिदिएको सनाखत ।

निवेदकले जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र पेश गर्न नसकेपछि विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंले नेपाल नागरिकता नियमावली, २०६३ नियम ३(२) ले निश्चित गरेको कार्यविधि मध्यको स्थलगत सर्जमिन तर्फको कुनै प्रकृया अगाडि बढाएको भन्ने देखिन आउँदैन । निवेदिका आमा जयन्ती शिकारीले निवेदक छोरा गोपाल खनालको नेपाल नागरिकता प्राप्त गर्नका

लागि बाबुको नामथर र बाबुको नागरिकताको प्रमाणपत्रको नं. उल्लेख गरी नागरिकता नियमावली, २०६३ को अनुसूची-१ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन गरेको प्रस्तुत निवेदनसाथ पेश गरेको प्रतिलिपिबाट देखिएको र निवेदक उल्लिखित अनुसुची-१ बमोजिम निवेदन नदिएको भन्ने विपक्षी जिल्ला प्रशासन काठमाडौंको कथन समेत देखिदैन । साथै निवेदक गोपाल खनालको पिताको ना.प्र.नं. ३६४०/०२५ काठमाडौंको अभिलेख उतारी पाउन निवेदन दिएकोमा काठमाडौं जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट ना.प्र.नं. को अभिलेख उतारी पाउँ भन्ने निवेदनमा निवेदक गोपाल खनालको नं. ३६४० मिति ०२५ सालको ना. रेकर्ड भुत्रो भई च्यातिएको कारण उपलब्ध गराउन नसकिने व्यहोरा जानकारी निवेदकलाई गराएको देखिए तापनि अनुसुची-१ बमोजिम पेश गरेको निवेदनमा कुनै आदेश वा निर्णय गरेको नदेखिएबाट नागरिकता दिने वा नदिने सम्बन्धी वा थप बुझ्नु पर्ने भए कानुन बमोजिम बुझी सो को निश्चितताको लागि आदेश वा निर्णय हुन जरूरी हुन्छ । नेपाली नागरिकता पाउँ भन्ने निवेदकलाई नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) र नियम ३(२) बमोजिमका नागरिकता प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि पूरा गरी निवेदकले नागरिकता प्राप्त गर्ने आधार भउमा नेपाली नागरिकता जारी गर्ने साथै नेपाली नागरिकता जारी गर्न नमिल्ने भएमा सोही बमोजिमको निर्णय गर्नुपर्नेमा बाबुको नागरिकताको रेकर्ड भुत्रो भई च्यातिन गएकोले रेकर्ड फेला नपरेको भन्ने आधारमा वा अस्पष्ट व्यहोराको नयाँ प्रकृयाबाट नागरिकताको प्रमाणपत्र बनाउनु पर्ने अवस्थाको जानकारी गराएको भनी लिखित जवाफमा उल्लेख गरे पनि निवेदकको मागको सम्बन्धमा विपक्षी जिल्ला प्रशासन कार्यालयको तर्फबाट आदेश वा निर्णय नगरी मौखिक व्यहोराको जानकारी वा निवेदकलाई फर्काउने कार्यले नागरिकले नागरिकता प्राप्त गर्ने कानुनी कार्यविधि जटिल र अन्यौलता सृजना गर्ने देखिन्छ ।

निवेदकले पेश गरेको कक्षा ८ पास गरेको चारित्रिक प्रमाण पत्र (Character certificate) र सोही कक्षाको मार्कसिट दुवैमा निज निवेदक गोपाल खनालको बाबुको नाम बद्रीप्रसाद खनल उल्लेख भई ठेगानामा विशालनगर-४ काठमाडौं उल्लेख भएको र बद्रीप्रसाद खनालको नागरिकताको नं. ३६४०/०२५ काठ. उल्लेख भएको समाज कल्याण केन्द्र वृद्धाश्रमले दिएको परिचयपत्रबाट पनि देखिन आएको छ । निवेदक गोपाल खनालको आमा जयन्ती शिकारीको मिति २०४४।९।२० मा जिल्ला प्रशासन कार्यालय मनवानपुरबाट जारी भएको ना.प्र.नं. ९१९४ को नागरिकता देखिंदा निवेदक गोपालको आमा नेपाली नागरिक भएकोमा समेत विवाद देखिंदैन । "तोकिएको अधिकारीले संविधान, कानुन र मानव अधिकारसम्बन्धी covenant नबुझेर वा कानुनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने । बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्रापत गर्न सक्ने" भनी यस अदालतबाट (निवेदक सविना दमाई समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दा परमादेशसमेत नि.नं. ८५५७) सिद्धान्त कायम गरेको देखिदा निवेदकले आमाको नामबाट नागरिकता लिन चाहेमा नेपालको नागरिकता लिन सक्ने नै देखिन्छ । तथापि निवेदक गोपाल खनालले बाबुको नामथर उल्लेख गरी नागरिकता लिन चहेको देखिएकोले सो तर्फ हेर्दा निज निवेदक गोपाल खनालले बाबु बद्रीप्रसाद खनालको ना.प्र.नं. ३६४०/०२५ काठमाडौं भएको भनी समाज कल्याण केन्द्र वृद्धाश्रमले दिएको परिचयपत्र समेत पेश गरी दावी गरेको देखिँदा सो कुरा अन्यथा प्रमाणित नभए निज बद्रीप्रसाद खनाल नेपालको नागरिक रहेको भन्ने देखिन आएको र सोही बमोजिम भुत्रो अवस्था नं. को रेकर्ड जिल्ला प्शासन कार्यालयको नागरिकता रेकर्डमा देखिन आएकोले निवेदकको दावी हालको अवस्थामा अन्यथा देखिन आउँदेन । आमा जयन्ती शिकारीले निवेदक गोपाल खनालको बाबु बद्रीप्रसाद खनाल भएको र उनी नेपाली नागरिक भै ना.प्र.नं. ३६४०/०२५ को हुन भनी किटानी साथ दावी गरी सो व्यहोरामा अड्डामा सनाखत गर्न समेत तयार रही रहेको देखिन आएको समेतका उल्लेखित विवेचित आधारहरूबाट प्रथम दृष्टि (prima facie) मा यी निवेदक गोपाल खनाल नेपाली नागरिकहरूको सन्तान भै अन्यथा प्रमाणित नभए राज्यले प्रदान गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त हक रहेको नै देखिन आउँछ ।

निवेदक गोपाल खनालले नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को कानुनी व्यवस्था बमोजिम नागरिकतामा बाबुको नाम समावेश गरी वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्न चाहेकोले माथि उल्लिखित भए बमोजिम नागरिकता प्राप्त गर्नका लागि नागरिकता प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि तोकेको देखिन्छ । निवेदकको बाबु लामो समयदेखि सम्पर्कमा नभई बेपत्ताको स्थितिमा रहेको कारण उल्लेख गरी बाबुको नाउँको जारी भएको नागरिकता र बाबुलाइ उपस्थित गराउन नसकेको, सोही कारणले स्थानीय निकायले जन्मस्थान र नाता खुल्ने गरी सिफारिस नगरी दिएको र नाता खुल्ने नाता प्रमाणित पत्र नदिएको भनी निवेदकले आफ्नो व्यहोरा र विवशता खुलाएको पाइन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) बमोजिमका प्रमाण निवेदन साथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई अर्थात् प्रस्तुत मुद्दामा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१)(ख) बमोजिमको स्थानीय निकायको सिफारिस वा जन्मदर्ता प्रमाणपत्रसम्म निवेदकले पेश गर्न नसकेपछि नेपाल

नागरिकता नियमावली, २०६३ को नियम ३ उपनियम २ को देहाय (क) र (ख) बमोजिमको कागजात वा कार्यविधि पुरा गरी नागरिकताको प्रमाणपत्र दिन सकिने देखिएकोमा सो कार्यविधि यसमा अपनाएको पनि देखिंदैन । उचित आधार कारण नखुलाई नागरिकता नदिने कार्य उचित मान्न नमिल्ने हुँदा कानुनी व्यवस्था बमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरु खोजी गर्नुपर्ने कारणसहितको निर्णयविना नागरिकता प्रदान नगर्ने, नागरिकता दिने नदिने निर्णय गर्ने ढिलाई गर्ने कार्य कानुन कार्यान्वयनको उचित मार्ग हुन सक्दैन । निवेदक गोपाल खनालको आमा नेपाली नागरिकता नं ९१९४/२०४४ मकवानपुरले निवेदकको बाबु बद्रीप्रसाद खनाल ना.प्र. ३६४०/०२५ काठमाडौं हो भनी सनाखत बस्न मन्जुर भएको अवस्था, निवेदक गोपाल खनालको चारित्रिक प्रमाणपत्र र मार्कसिटमा बाबुको नाम बद्रीप्रसाद खनाल, विशालनगर-४, काठमाडौं उल्लेख भएको देखिँदा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(२)(क) र (ख) बमोजिम समेतको सर्जमिन बुझ्ने लगायतको आवश्यक कार्यविधि यथाशिघ्र अपनाई निवेदक गोपाल खनालले खुलाएको वा दावी लिएको व्यहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउमा परमादेशको आदेश जारी हुने ठहर्छ । साथै यसै प्रकृतिका खास गरी बाबु नेपाली नागरिक भई निज बाबु सम्पर्कमा नआएका वा वेपत्ता भएका वा बाबुले आफ्ना सन्तानलाई नागरिकता दिलाउनमा आनाकानी गर्ने अवस्थामा रहेका र बाबुको नामथर समेत उल्लेख गरी नागरिकता लिन इच्छुक नागरिकका हकमा आमा वा नजिकको नातेदार सनाखत बसी दायित्व बेहोर्न मन्जुर गरेमा नागरिकता नियमावली, २०६३ को नियम ३(२) समेतका आवश्यक र उचित कार्यविधि अपनाई नागरिकता लिन चाहने कुनै पनि नेपाली नागरिकहरूलाई नागरिकता दिने सम्न्धमा सहजीकरण र सरलीकरण गर्न सक्ने के कस्तो उचित तथा उपयुक्त उपाय हुन सक्छन् सो तर्फसमेत उचित ध्यान दिन जरूरी देखिन्छ । सामान्यतया नागरिकले नागरिकता प्राप्त गर्ने कानुनी व्यवस्थालाई सरलीकरण, सहजीकरण र बोधगम्य बनाउन अन्य कुराका अतिरिक्त निम्न कुरामा ध्यान दिई सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश समेत जारी गरिदिएको छ ।

१. नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिको प्रयोग वा पालनामा सरलीकरणयुक्त र पारदर्शीतामूलक बनाई नेपाली हो, होइन आधिकारिक जो चाहिने प्रमाणको संकलन छिटो प्रभावकारी रूपमा गर्ने र कानुन अनुरूप सहजीकरणका अन्य उपाय पत्ता लगाई सो अनुरूपको व्यवस्थापन गर्नु गराउनु,
२. नागरिकता दिन नमिल्ने भए त्यसको कारण सहितको आदेश वा निर्णय गर्नु गराउनु,
३. नागरिकता दिने वा नदिने सम्बन्धमा थप बुझ्नु पर्ने वा कुनै निकायबाट झिकाउनु पर्ने वा निवेदकले कुनै प्रमाण पेश गर्नु पर्ने भए आदेश गरी बुझ्ने, झिकाउने वा पेश गर्न लगाउने गर्नु गराउनु,
४. नागरिकता प्राप्त गर्ने कानुनी आधार एवं कार्यविधि र पेश गर्नु पर्ने प्रमाण निवेदकले पेश गर्ने (अनुसूची-१) फारमको पीठमा उल्लेख गरी बोधगम्य बनाउने,

यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु । प्रस्तुत रिट दायरीको लगत काटी मिसिल नियमानुसार बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री
कम्प्युटर टाईप गर्ने : रमेश आचार्य

इति सम्वत् २०७२ चैत्र २२ गते रोज २ शुभम् ................. ।

# २६ प्रशान्त विश्वास
बिरूद्ध
जिल्ला प्रशासन कार्यालय, सुनसरी

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ साल भदौ १३ गते

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**आदेश**
**०७१-WO-१०७६**

**विषय : परमादेशसमेत**

सुनसरी जिल्ला धरान नगरपालिका वडा नं ६ बस्ने प्रशान्त विश्वास ........................................१ निवेदक वादी

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय सुनसरी ........................................१ विपक्षी प्रतिवादी

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भै पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

१. म निवेदक नेपाली नागरिकताबाट वञ्चित भएको पीडित हुँ । जिल्ला सुनसरी धरान नगरपालिका वडा नं. ६ बस्ने गोपाल विश्वास र सावित्री श्रेष्ठ विश्वासको छोरा हुँ । निवेदक म ५ वर्षको हुँदा मेरो बुवा गोपाल विश्वासले आमा सावित्री श्रेष्ठ (विश्वास) लाई कुनै थाहा जानकारी नदिई बेपत्ता भएपछि हालसम्म पनि कुनै पत्तो लागेको छैन । मेरो बुबाले नागरिकता प्रमाणपत्र नै नलिएको र निज पिताको दाजुभाई नभएको कारण आमाले माइती घर काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. १ मा आई बसेको र मिति २०५६।७।१६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकता प्राप्त गर्नु भएको छ । निवेदकको बाबु र आमा नेपाली नागरिक हुनुहुन्छ । म निवेदक हाल २१ वर्षको भएको र हाल उच्च शिक्षा हासिलको लागि नागरिकताको आवश्यक परेको हुँदा जन्मदर्ता, शैक्षिक योग्यता, बसाई सराई, आमाको मतदाता परिचयपत्र, सर्जमिन मुचुल्का र स्थानीय पञ्जिकाधिकारीको सिफारिस लगायतको सम्पूर्ण कागजात र कानुनी प्रक्रिया पुरा गरी जिल्ला प्रशासन कार्यालय सुनसरीमा आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता लिनको लागि मिति २०७१।१२।१३ गते पेश गरेको कागजलाई केही नगरी मिति २०७२।३।२५ गते जहाँ जानु छ जानु, यहाँबाट नागरिकता दिन मिल्दैन भनी मौखिक रूपमा विपक्षीबाट भनी फिर्ता पठाएको हुँदा गर्दा उच्च शिक्षा रोजगारी प्राप्त सरकारी सेवा सुविधाबाट वन्चित हुनु परेकोले आमाको नामबाट नागरिकता दिनु दिलाउनु दिन भनी नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(१), ८(२)ख धारा १२(१), १३(१) नेपाल नागरिकता ऐन २०६३ को दफा ३ र सम्मानित सर्वोच्च अदालतबाट नागरिकता सम्बन्धमा फैसला भएको रिट निवेदन ०६७-WO-०७०३ (ने.का.प. २०६८ नि.नं ८५५७ अंक २ पृ. २४७) समेतबाट विपक्षीहरूको नाउमा परमादेश आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको मिति २०७२।३।३० को प्रशान्त विश्वासको रिट निवेदन ।

२. यस अदालतबाट मिति २०७२।३।३१ मा विपक्षीहरूको नाउमा १५ दिनभित्र लिखित जवाफ पेश तथा अग्राधिकारसमेत प्रदान गर्नु भन्ने आदेश ।

३. रिट निवेदक प्रशान्त विश्वासले मेरा बाबु बेपत्ता हुनु भएको बाबुका दाजुभाइ कोही नभएकोले मैले कसरी वंशजका नाताले नेपाली नागरिकताको प्रमाण

पत्र प्राप्त गर्न सक्छु भनी सोधेकोले तपाई वंशजका आधारमा नेपाली भएको प्रमाण एवं यस जिल्ला अन्तर्गत स्थायी बसोबास भएको प्रमाणसमेत साथै राखी तोकिएको ढाँचामा आवेदन पेश गरेको खण्डमा छानवीन गरी कार्यालयले नागरिकताको प्रमाण पत्र उपलब्ध गराइने छ । यदि तपाई वंशजका आधारमा नेपाली नागरिक भएको पुष्टि हुन नसकेमा तपाईले अंगिकृत नागरिकताको लागि आवेदन गर्न सक्नुहुनेछ भनी कार्यालयका तर्फबाट निजलाई मौखिक जानकारी गराइएकोमा म प्रमाण संकलन गरी आवेदन गर्नेछु भन्दै फर्की गएका हुन् । तत्पश्चात् निज हालसम्म कार्यालयमा सम्पर्क राख्न नआएको हो । निज रिट निवेदकले नागरिकता प्राप्त गर्न चाहिने आधार प्रमाण जुटाउन नसकि यस कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको मिति २०७२।५।२० को जिल्ला प्रशासन कार्यालय, सुनसरीको तर्फबाट ऐ. कार्यालयका प्रमुख जिल्ला अधिकारी रविलाल पन्थको लिखित जवाफ ।

४. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता सुनिल रंजन सिंह र अधिवक्ता दिपक दुवेले निवेदक प्रशान्त विश्वास नेपाली नागरिकताको प्रमाणप्राप्त नेपाली नागरिक सावित्री श्रेष्ठ विश्वासको छोरा भएकोमा विवाद छैन । निजको बाबु बेपत्ता भई सम्पर्कमा नआएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी सावित्री श्रेष्ठ वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । यस्तो पितृत्व वा मातृत्वको ठेगाना नभएको व्यक्तिले नेपालको नागरिकता नियमावली २०६३ को नियम ३३(१) को प्रक्रिया अनुरूप नागरिकता पाउने व्यवस्था छ । सो प्रक्रिया अनुरूप नागरिकता पाउन अनुरोध गर्दा विपक्षी जिल्ला प्रशासन कार्यालय सुनसरीबाट नागरिकता दिन इन्कार गरियो । विपक्षीको कार्य नेपालको अन्तरिम संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, लायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजसमेतको विपरित हुन गएकोले निवेदक प्रशान्त विश्वास र निज जस्ता पीडित व्यक्तिलाई वंशजको आधारमा आमाको नाउबाट नेपाली नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरी पाउँ भनी बहस गर्नुभयो ।

५. विपक्षी नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री संजीव रेग्मीले नेपाल सरकारले निवेदक जस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दावी गरेको नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्नुपर्छ । निवेदकहरूको आफ्ना बाबु भनी उल्लेख गरेको गोपाल विश्वासको नाता प्रमाणित कागज लगायतका प्रमाण कागज पेश भएका बखत नागरिकता दिने भनेकोमा निवेदकको बाबुको राष्ट्रियता खुल्ने नेपाली नागरिकताको प्रमाणपत्र तथा निवेदकको बाबु भएको नाता खुल्ने प्रमाण कागज पेश नगरी बाबु को हुन् ? भन्ने नै नदेखिएको अवस्थामा नागरिकता नदिएको भनी व्यहोरा ढाँटी परेको रिट निवेदन खारेज गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहससमेत सुनियो ।

६. उपरोक्तानुसारको वहस जिकिर सुनी मिसिल कागज प्रमाण अध्ययन गरी हेर्दा प्रस्तुत निवेदनमा मागबमोजिम आदेश जारी गर्नु पर्ने हो वा होइन ? सो विषयमा निर्णय दिनु पर्ने देखियो ।

७. निर्णयतर्फ विचार गर्दा निवेदक सुनसरी जिल्ला, धरान नगरपालिका वडा नं. ६ घर हुने नेपाली नागरिक गोपाल विश्वास र सावित्री श्रेष्ठ (विश्वास) को छोरा हुन भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ । बाबु गोपाल विश्वासको काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. १ बस्ने सावित्री श्रेष्ठसँग विवाह भई सो विवाह सम्बन्धबाट निवेदक प्रशान्त विश्वासको मिति २०५०।६।५ मा जन्म भएको र निवेदकका पिता गोपाल विश्वासले शिशु अवस्थामा अर्थात निज ५ वर्षको उमेर हुँदा कुनै थाहा वा जानकारी नै नदिई बेपत्ता भउको र बाबुको आफन्तहरु पनि कोही नभएको र बाबुले नागरिकता पनि नलिएबाट आमाको नामबाट नागरिकता लिन निवेदन गर्दा नागरिकता दिन इन्कार गरियो भन्ने निवेदकको जिकिर देखियो ।

निवेदनसाथ संलग्न कागजप्रमाण प्रतिलिपि हेर्दा निवेदकको आमा सावित्री श्रेष्ठ (विश्वास) नेपाली नागरिक रहेको भनने कुरा निजको नाममा मिति २०५६।७।१६ मा जिल्ला कार्यालय काठमाडौंबाट जारी भएको नागरिकताको प्रमाण पत्र नं. ५३८ बाट देखियो । साथै मिति २०७१।१२।१३ को बसाई सराईको कागज र बाबुले नागरिकताको प्रमाणपत्र नलिएको तथा बाबुको दाजुभाई कोही पनि नभएको र बाबु गोपाल विश्वास बेपत्ता भएको भन्ने स्थानीय

व्यक्तिले गरिदिएको सर्जमिन मुचुल्का कागज मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ ।

८. निवेदक प्रशान्त विश्वासको मिति २०५०।६।५ मा जन्म भएको धरान नगरपालिकाको जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निवेदकले जन्मदर्ता, शैक्षिक योग्यता, बसाई सराई, आमाको मतदाता परिचयपत्र, सर्जमिन मुचुल्का र स्थानीय पञ्जिकाधिकारकिो सिफारिस लगायतको सम्पूर्ण कागजात र कानुनी प्रक्रिया पूरा गरी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता लिनको लागि मिति २०७१।१२।१३ गते जिल्ला प्रशासन कार्यालय सुनसरी धरानमा निवेदन पेश गरेको भन्ने पनि रिट निवेदनमा उल्लेख गरेको देखियो । निवेदकले आफ्नो कार्यालयमा सम्पर्क गर्दा के कस्तो प्रमाण पेश गरेमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिन्छ भनी मौखिक रूपमा बताएको तर त्यसपछि निवेदकले कार्यालयमा सम्पर्क नगरेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय सुनसरीको लिखित जवाफ रहेको पाइयो ।

नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा २ खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने रहेको व्यवस्था रहेको देखिन्छ । त्यस्तै किसिमको व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा २(ख) मा रहेको छ । संविधानमा रहेको नेपाल नागरिकतासम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

९. संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएकोबाट "बाबु वा आमा" मध्ये कुनै एक नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमा मध्ये कस्को नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । सो कुरा यस अदालतले स्वीकार गरिसकेको अवस्था पनि छ । (ने.का.प. २०६६ नि.नं. ८१७५ पृ. १०१४) निवेदकको जन्म नेपालमा नै मिति २०५०।६।५ मा सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. ६ मा भएको भन्ने जन्मदर्ता प्रमाणपत्रबाट देखिएको र निवेदकलाई शिशु अवस्थामा अर्थात् ५ वर्षको उमेरमा केही थाहा जानकारी नदिई कोठा छाडी गएपछि फर्केर नआई बाबु बेपत्ता भई हालसम्म सम्पर्क नरहेको र बाबुले नागरिकता प्रमाणपत्र पनि नलिएको र साथै बाबुको कोही दाजुभाई नभएकोले स्थानीयले गरेको सर्जमिन मुचुल्का र बसाईसराईको कागज प्रमाणसाथ स्थानीय पञ्जिकाधिकारीको सिफारिससमेत पेश गरेको अवस्थामा र आमाले सनाखत गरेको अवस्थामा समेत निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र लागि सिफारिस दिन इन्कार गरेको भन्ने कुरा निवेदनमा उल्लेख भएको देखिन्छ । सो कुरालाई विपक्षी जिल्ला प्रशासन कार्यालय इन्कार गरेको कारण तथ्यको सम्बन्धमा यसै भन्ने स्थिति रहेन ।

जहाँसम्म निवेदकले बाबु बेपत्ता भएको भन्ने प्रश्न छ बाबु बेपत्ता हुँदैमा निवेदकले नागरिकता नपाउने भन्ने हुँदेन । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ को उपधारा (३) र नेपालको संविधनको धारा ११(४) को व्यवस्थाको सापेक्षतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नागरिकता लिएकोमा पछि बाबु विदेशी ठहरेमा आमाको नामबाट नागरिकता लिने व्यक्तिको वंशजको नागरिकता अङ्गिकृत नागरिकतामा परिणत हुने व्यवस्था पनि संविधानमा रहेको देखिन्छ । यहाँ निवेदकको बाबु वा आमा फेला नपरेको वा बाबुको पहिचान हुन नसकेको अवस्था होइन । निवेदकले आफ्नो बाबुको नाम र वतन स्पष्ट उल्लेख गरेका छन् । बाबु गोपाल विश्वास कुनै थाहा जानकारी नदिई बेपत्ता भई सम्पर्कविहिन भएको र बाबुको नागरिकताको प्रमाणपत्र समेत नलिएको र बाबुको अरू दाजुभाइ नभएको भन्ने सम्म निवेदकको भनाइ रहेको छ । यो कुरा होइन भन्ने लिखित जवाफबाट देखिंदैन । मुख्य कुरा बाबु वा आमा मध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा निवेदकले आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ । त्यस्तो अवस्थामा निवेदकले आमाको नागरिकताको प्रमाण पत्र, कागज र सर्जमिन मुचुल्का र स्थानीय पञ्जिकाधिकारीको सिफारिससमेत पेश गर्दा नागरिकताको प्रमाण पत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन । बाबुले नेपाली नागरिकता नलिएको

भन्ने कुरा नै स्वीकार गरेको स्थिति हुँदा वंशज वा अङ्गिकृतको नागरिकता निवेदकलाई प्रदान गरिने हो सो सम्म निर्णयको विषय बन्न सक्ने देखिन्छ ।

१०. निवेदक प्रशान्त विश्वास सुनसरी जिल्ला धरान गा.वि.स. वडा नं. ६ मिति २०५०।६।५ मा जन्म भएको भन्ने जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निवेदक १६ वर्ष पूरा भएको भनने जन्मदर्ता प्रमाणपत्र र एस.एल.सी. को प्रमाणपत्रबाट देखिन्छ । निवेदकको आमा सावित्री श्रेष्ठ (विश्वास) नेपाली नागरिक भई निजको मिति २०३०।५।६ मा काठमाडौं जिल्ला किर्तिपुर उपनगरपालिका वडा नं. १ मा जन्म भएको र निजको नाममा मिति २०५६।७।१६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट ना.प्र.नं. ५३८ को नागरिकताको प्रमाणपत्र जारी भएको भन्नेमा विवाद नभएको हुँदा निवेदक नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएको कार्यविधि पूरा गरेमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुगेको व्यक्ति देखियो ।

११. नागरिकताको प्रमाणपत्र नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिंदैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने, मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत एवं राष्ट्रिय पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

१२. नेपालको संविधान धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वन्चित नगरिने प्रत्याभूति गरिएको छ । सामान्य कानुनको प्रयोगमा लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख गरिएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान वहाल रहँदाको अवस्थामा दायर भएको छ, तथापि नयाँ संविधान अर्थात् नेपालको संविधानद्वारा प्रत्याभूत हकहरु निवेदकलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ देखिंदैन ।

१३. निवेदकको आमा सावित्री श्रेष्ठ (विश्वास) नेपालको नागरिक हुन् भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदकलाई निजको बाबु बेपत्ता भएको र बाबुले नेपाली नागरिकताको प्रमाणपत्र नलिएको र बाबुको अरू दाजुभाइ नभएको कारण निज निवेदक मामा घरमा बस्दै आएको भन्ने र बसाईसराई कागज र सर्जमिन प्रमाण कागज पेश गरेकोमा नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकहरूको मात्र होइन निजको आमा साबित्री श्रेष्ठको मौलिक हक हनन हुने स्थिति यहाँ पर्न आएको देखियो । महिलाहरु उपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरा तर्फ विपक्षी जिल्ला प्रशासन कार्यालयको दृष्टि पुगेको देखिएन ।

१४. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६७-WO-०७०३ ने.का.प. २०६८ नि.नं. ८५५७ अंक २ पृष्ठ २४७) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालयको नाउमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेशको कार्यान्वयनको लागि मिति २०६८।३।६ को पत्रबाट गृहमन्त्रायमा लेखी गएकोमा गृह मन्त्रालयले मिति २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई परिपत्र गरिसकेको भन्नेसमेत निर्णय भएको लक्ष्मी लामासमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०७०-wo-०८१७) रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ रहेको देखियो । त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-wo-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जारी भएको देखिन्छ । रन्जिता थापाको रिट निवेदनमा भएको निर्णयबारे माथि उल्लेख भएकै छ । यसरी यस अदालतबाट यसपूर्व नै नेपाली नागरिक आमाको नाउबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भैसकेको समेत देखिन आयो ।

आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासंगिक नै देखिएन । आमाको नामबाट नागरिकता नि सकिने व्यवस्था हुँदा हुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वन्चित गर्नु भनेको कानुनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानुनी अधिकार प्राप्त अधिकारीद्वारा आफ्नो कानुनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय सुनसरीमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफै संवेदनशील भै यो विषय वस्तुलाई हेर्नु वान्छनीय देखिन्छ ।

१५. अतः उल्लेखित आधार र कारणहरूबाट प्रस्तुत निवेदनमा निवेदक प्रशान्त विश्वासको आमा सावित्री श्रेष्ठ नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदक प्रशान्त विश्वास नेपाली नागरिक सावित्री श्रेष्ठबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिकता पेश गरेमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नु भनी जिल्ला प्रशासन कार्यालय सुनसरीको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले मागबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क. (उपसचिव)

कम्प्युटर टाइप : प्रेमबहादुर थापा

इति सम्वत् २०७३ साल भदौ १३ गते रोज १ शुभम् ।

# २७ लक्ष्मी लामा समेत विरूद्ध नेपाल सरकार

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ साल भदौ १३ गते

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**आदेश**
**०७०-WO-०८१७**

**विषय : परमादेश समेत**

जिल्ला सोलुखुम्बु गोराखानी गा.वि.स. वडा नं. ८ घर भई का.जि.का.म.न.पा. वडा नं ११ थापाथली बस्ने लक्ष्मी लामा ........१
ऐ. घर भई का.जि.का.म.न.पा. वडा नं ११ थापाथली बस्ने शर्मिला लामा ........१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........१
नेपाल सरकार, कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ........१
नेपाल सरकार, काठमाडौं महानगरपालिका वडा नं ११ को कार्यालय, थापाथली, काठमाडौं ........१
काठमाडौं महानगरपालिका वडा नं ११ को कार्यालय सचिव ........१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भै पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :

१. हामी निवेदकहरु लक्ष्मी लामा र शर्मिला लामा नागरिकताबाट वञ्चित भएका पीडित हौं । हामी सोलुखुम्बु जिल्ला गोराखानी गा.वि.स. वडा नं ८ बस्ने बुच्छी तामाङ्का छोरीहरु हौं । आमाको सोलुखुम्बु निवासी मंगल बहादुर लामासँग प्रेम विवाह भई हामी निवेदकहरूको जन्म भएको हो । हाम्रा बुबा पर्यटकहरूको भरियाको काम गर्नु हुन्थ्यो । म कान्छी छोरी शर्मिला लामा आमाको पेटमा हुँदै २०५२ साल पर्यटकको साथमा केही दिनको लागि काठमाडौं आउनु भएको पछि फर्केर पुनः सोलुखुम्बु जानु भएन । सो समयदेखि हालसम्म बुबा हामीहरूको सम्पर्क तथा जानकारीमा हुनुहुन्न । बुबा सम्पर्क विहिन भएपछि हामी दुवैजनालाई लिई बुबा खोज्न आमा काठमाडौंमा आउनु भयो । बुबाको केही खबर जानकारी नपाएपछि काठमाडौंको गलैंचा उद्योगमा काम गरी हामी दुवैको लालन पालन गरी आउनु भयो । काठमाडौं बालाजु हाइटमा ईन्द्रधनुष विद्यालयमा छात्रवृत्तिमा शिक्षाको अवसर पाई उच्च शिक्षा हासिलको लागि नागरिकता आवश्यक परेकोले आमाको नामबाट नागरिकता लिनका लागि काठमाडौं महानगरपालिका वडा नं. ११ को कार्यालयमा नागरिकताको सिफारिस पाउन निवेदन दिन जाँदा वडाका प्रशासकिय प्रमुखले बसाई सराईको कागज लिएर आउनु भनी फर्काउनु भएको र बसाई सराईको कागज लिई पुनः उक्त वडा कार्यालयमा जाँदा वडा कार्यालयबाट काठमाडौंमा हाम्रो घरजग्गा भएको लालपूर्जाको कागज पनि चाहिन्छ सो नल्याएसम्म सिफारिस दिन मिल्दैन भनी हामीलाई नागरिकताको सिफारिस दिन इन्कार गरियो । ज्याला मजदुरी गरि हामी निवेदकहरूको आमाले हामीहरूलाई पालन पोषण गर्दै आइरहेकोले हाम्रो आमाको नाममा घरजग्गा कुनै सम्पत्ति नभएको हामीहरूका बुबा र आमा नेपाली नागरिक भएको र हाम्रो जन्म नेपाली नागरिक आमाबाट नेपालमै भएको अवस्थामा नागरिकता लिनबाट वन्चित गर्नुले राज्यविहिन र नागरिकताविहिन पहिचानको अधिकार तथा राष्ट्रियताको अधिकार र समानताको अधिकार लगायत मानव अधिकारहरूबाट वन्चित हुनु परेको र नेपालको अन्तरिम संविधान २०६३ को भाग २ धारा ८(२)(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने

त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुन पाउने व्यवस्था र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्न पाउने व्यवस्था विपरित भएको साथै मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४, बाल अधिकार सम्बन्धी महासन्धिको धारा ७, महिला उपर हुने सबै खाले भेदभाव विरूद्धको महासन्धि १९७९ को धारा ९ को समेत प्रतिकूल भएको हुँदा कानुन बमोजिमको आमाको नामबाट नागरिकता दिनु भन्ने र देशभरिका हामी जस्ता पीडितको हकमा समेत व्याख्या हुने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने व्यहोराको का.जि.का.म.न.पा. वडा नं. ११ थापाथली बस्ने मिति २०७१।२।१३ को लक्ष्मी लामा र शर्मिला लामाको संयुक्त रिट निवेदन ।

२. यस अदालतबाट मिति २०७१।११।२७ विपक्षीहरूको नाममा १५ दिनभित्र लिखित जवाफ पेश गर्नु साथै अग्राधिकारसमेत प्रदान गर्नु भन्ने आदेश ।

३. नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ को उपधारा २ को खण्ड (ख), नेपाल नागरिकता ऐन २०६३ को दफा ३, नेपाल नागरिकता नियमावली २०६३ तथा सो अन्तर्गत बनेका निर्देशिकाको अधिनमा रही नेपाल सरकारले वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्दै आएको र उल्लेखित कानुन बमोजिम आमाको नामबाट नागरिकता प्राप्त गर्न कुनै पनि नेपाली नागरिकलाई वन्चित नगरिएको तथा नागरिकता प्रदान गर्ने कार्य यस मन्त्रालयको कुनै संलग्नता नहुने भएकोहुँदा असम्बन्धित निकाय यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।३।९ को कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका निमित्त सचिव डा. श्री नरेन्द्रमान श्रेष्ठको लिखित जवाफ ।

४. प्रचलित कानुन बमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकायले गरेका काम कारवाही निर्णय उपरसमेत यस मन्त्रालयलाई विपक्षी बनाई रिट दायर गर्नु पर्ने होयन । नेपालको नागरिकता प्रमाणपत्र प्राप्तको लागि सिफारिस पाउँ भनी कानुन बमोजिमको प्रक्रिया पूरा गरी निवेदन दिएमा सम्बन्धित निकायले सिफारिस दिनुपर्ने नै हुन्छ । आमाको नामबाट नागरिकता प्रदान गर्ने सम्बन्धमा निवेदक सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६७-WO-०७०३) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत यस मन्त्रालयको नाममा आदेश जारी भएकोले सो को कार्यान्वयनको लागि यस मन्त्रालयको मिति २०६८।५।५ को पत्र मार्फत र आमाको नामबाट ना.प्र.प. जारी गर्ने विषयको मिति २०६९।१०।७ मा समेतबाट सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिसकिएकोले पुनः सोही विषयका सन्दर्भमा यस अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।३।१७ को गृह मन्त्रालयका सचिव श्री सूर्यप्रसाद सुवेदीको लिखित जवाफ ।

५. रिट निवेदक माग बमोजिम नागरिकता प्रदान गर्ने प्रयोजनको लागि साविक ठेगानाबाट जुन ठाउँमा बसाई सराई सरी आएको हो सो ठाउँको घर जग्गा रहेको बहोरा पुष्टि हुने कागजात राखी निवेदन दिनु पर्नेमा नदिएको कारण सिफारिस प्रदान नगरिएको हो, आवश्यक कागजाको अभावमा सिफारिस नदिएको हुँदा विपक्षीको माग बमोजिम रिट जारी हुने होइन । निवेदकहरु नागरिकता प्राप्त गने हकबाट वन्चित हुनु भएको छैन । रिट निवेदकहरूको आमाले नागरिकता प्राप्त गरेको ठेगाना सोलुखुम्बु जिल्ला प्रशासन कार्यालयमा आवश्यक प्रक्रिया पुरा गरि निवेदन दिएमा निजहरूले नागरिकता प्राप्त गर्न सक्ने नै हुँदा राजधानीबाट गृह जिल्ला जाने झन्झटबाट मुक्ति पाउनको लागि दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको मिति २०७२।३।२२ को काठमाडौं महानगरपालिका वडा नं ११ कार्यालयको तर्फबाट प्रशासक प्रमुख श्री अम्बिका खड्काको आफ्नो हकमा समेतको संयुक्त लिखित जवाफ ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट विपक्षी रिट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानुनी हक हनन् भएको छ खुलाउन सक्नु भएको छैन । नागरिकता प्रदान गर्ने विषयमा यस कार्यालयलाई विपक्षी बनाइरहनु पर्ने होइन । नेपालको नागरिकता प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकताको ऐन नियममा निर्धारित प्रक्रिया र कार्यविधिको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनुपर्ने कुरालाई अन्यथा भन्न सकिंदैन । विद्यमान कानुनको अधिनमा रही नागरिकताको सिफारिस र नागरिकताको प्रमाणपत्र कानुनी कर्तव्य भएका पदाधिकारीले दिनुपर्ने हुन्छ । आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्ने सम्बन्धमा हेर्दा सविना दमाईसमेत निवेदन विरूद्ध नेपाल सरकारसमेत भएको (रिट नं. २०६७-WO-०७०३) रिट निवेदनमा यस अदालतबाट मिति २०६७।११।१५ मा निवेदिकाहरूलाई आमाको नामबाट कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्नु नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिको आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन २०६३ को ऐ. को नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको

नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्र.जि.अ. को नाममा परिपत्र गरी आवश्यक व्यवस्था गर्नु र समाजमा रहेका खराब परम्परा प्रचलन प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भएकोमा सो को कार्यान्वयनको लागि यस कार्यालयको मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखी पठाइएकोमा मिति २०६८।५।५ को गृह मन्त्रालयको पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्रसमेत प्राप्त भएको हुँदा पुन सोही विषयका सन्दर्भमा यस अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिंदैन । अन्य निवेदनको दावीको हकमा सम्बन्धित निकाय तथा पदाधिकारीको लिखित जवाफबाट स्पष्ट हुने नै छ । अतः उपरोक्त आधार कारणसमेतबाट विपषी निवेदिकाहरूको माग बमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७१।३।६ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री राजुमान सिंह मल्लको लिखित जवाफ ।

७. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक विद्वान अधिवक्ताहरु श्री मीरा ढुंङ्गाना र श्री सुषमा गौतमले निवेदकहरु लक्ष्मी लामा र शर्मिला लामा नेपाली नागरिक बुच्छि तामाङ्गको छोरीहरु भएकोमा विवाद छैन । बाबु मंगल बहादुर लामा सोलुखुम्बबाट पर्यटको भरिया बन्न भनी काठमाडौं आएपछि सम्पर्क विहिन भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी बुच्छि तामाङ्ग वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । यस्तो पितृत्व, मातृत्व ठेगाना नभएको व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रियाअनुरुप नागरिकता पाउने व्यवस्था छ । तर उल्लिखित कानुनी प्रक्रिया पूरा गरी विपक्षी काठमाडौं महानगरपालिका वडा नं ११ को कार्यालयमा आमाको नामबाट नागरिकता पाउँ भनी लक्ष्मी लामा र शर्मिला लामाले निवेदन दिएकोमा विपक्षी कार्यालयबाट कानुनी प्रक्रिया पूरा गरी बसाई सरी आएको सोही ठाउँको घर जग्गा भएको लालपुर्जाको प्रमाण पेश गर्नु पर्ने भनी मौखिक आदेश गरी नागरिकताको सिफारिस नदिएको हुँदा निज निवेदकहरु लक्ष्मी लामा र शर्मिला लामा नागरिकताविहिन र राज्यविहिनताको अवस्थामा बाँच्न बाध्य भई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानुनी हकबाट वञ्चित भएका छन् । विपक्षीको उक्त कार्य नेपालको अन्तरिम संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजसमेतको विपरीत हुन गएकोले निवेदकहरु लक्ष्मी लामा र निज जस्ता पीडित व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरीपाउँ भनी बहस गर्नुभयो ।

८. विपक्षी नेपाली सरकारसमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री किरण पौडेलले नेपाल सरकारले निवेदकजस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दावी गरेको नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्नुपर्छ । निवेदकहरु जिल्ला प्रशासन कार्यालयमा गएको छैनन् । बसाईसराई स्थानीय पदाधिकारीको कार्यालयमा रजिष्ट्रर गराउनु पर्छ । लक्ष्मी लामाले बाबु बेपत्ता भएकोले बाबुको ठेगानाबाट नागरिकता प्रमाणपत्र लिन इन्कार गरेकोले प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गरी आएमा नागरिकता प्रदान गरिने हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो ।

९. का.म.न.पा. वडा नं ११ को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राजप्रसाद भण्डारीले निवेदकले नागरिकता नियमावलीको सबै प्रक्रिया पूरा गरेमा नागरिकताको लागि सिफारिस गर्ने हो । निवेदकहरु गृह जिल्ला जाने झन्झटले निवेदन दिएको हुँदा रिट खारेज हुनुपर्छ भन्ने समेत बहस गर्नुभयो ।

१०. उल्लिखित बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन ? सो कुराको निर्णय दिनुपर्ने देखियो ।

११. यसमा निवेदकहरु लक्ष्मी र शर्मिला लामा सोलुखुम्बु जिल्लाको गोराखानी गा.वि.स. वडा नं ८ घर हुने नेपाली नागरिक बुच्छी लामा र मंगल बहादुर लामाको छोरीहरु भनने हुन भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ । बाबु र आमाबीच प्रेम विवाह भएको र सोविवाह सम्बन्धबाट आफूहरु जन्मेपछि निवेदकहरूको बाबु पर्यटकको साथमा केही दिनको लागि भनी २०५२ सालमा काठमाडौं आउनु भएकोमा उहाँ फर्केर पुनः सोलुखुम्बु नगएको कारण २०५५ सालमा आमाले बुबा मंगल बहादुरलाई खोज्न भनी आमाले हामी दुई सन्तानलाई लिई काठमाडौं आउनु भएकोमा बाबुको खबर केही पाउन नसकि आमाले गलैंचा उद्योगमा काम गरी हाम्रो पालन पोषण गर्नु भएको भन्ने निवेदनमा भएको देखिन्छ ।

१२. निवेदनसाथ संलग्न नागरिकाको प्रतिलिपि हेर्दा

निवेदकहरूको आमा बुच्छि लामा सोलुखुम्बु जिल्लाको गोराखानी गा.वि.स. वडा नं ८ मा मिति २०२१।१।१ मा जन्म भई निजको नाममा मिति २०४४।११।१७ मा सोलुखुम्बु जिल्ला प्रशासन कार्यालयबाट ना.प्र.नं. २४५/१६६५/३०५ को नागरिकताको प्रमाणपत्र जारी भएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ ।

१३. निवेदकहरु लक्ष्मी लामा र शर्मिला लामा मिति २०४८।६।१९ र २०५९।१।३ गते जन्म भएको कुरा एस.एल.सी. को प्रमाणपत्र र बसाई सराईको कागजातबाट खुलेको देखिन्छ । बाबु बेपत्ता भई सम्पर्कमा नआएको र बसाई सरी आएकोमा हाल बसेको ठाउँमा घर जग्गा भएको लालपूर्जाको प्रमाणपत्र पेश नगरेको भन्ने कारणले नेपालको नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी हालसम्म निवेदकहरूले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेको कारण प्रस्तुत रिट निवेदन पर्न आएको देखियो । घर जग्गा भएको कुराको प्रमाण नभएको कारण नागरिकताको निम्ति सिफारिस दिन इन्कार गरेको कुरालाई विपक्षी का.म.न.पा. वडा नं. ११ का प्रमुखले लिखित जवाफमा स्वीकार गरेको पाइयो ।

१४. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा २ को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आकारमा नेपालको नागरिक ठहर्ने रहेको व्यवस्था रहेको देखिन्छ । त्यस्तै किसिमको व्यवस्था हाल नेपालको संविधानको धारा ११ को उपधारा (२) मा रहेको छ । संविधानमा रहेको नागरिकता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नेपाल नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बुबा वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । संविधान र नागरिकता ऐनमा "बुबा वा आमा" भन्ने शब्दावली प्रयोग भएकोबाट बाबु वा आमा मध्ये कुनै एक नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमामध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । सो कुरा यस अदालतले स्वीकार गरिसकेको अवस्था पनि छ । (ने.का.प. २०६६ नि.नं. ८१७५ पृ. १०१४) यस्तो अवस्थामा निवेदकहरु बसोबास गरेको ठाउँबाट नागरिकता माग गरेकोमा अपायक पर्ने जिल्लामा जाउ भन्नु जवाफदेहिपूर्ण उत्तर हुँदैन ।

१५. निवेदकहरूको सोलुखुम्बु जिल्लाको गोराखानी गा.वि.स. मा जन्म भएको भन्ने प्रमाण बसाई सराईको कागजातबाट खुले पनि जन्मदर्ता प्रमाणपत्र नभएको र बाबु बेपत्ता भई सम्पर्कमा नरहेको र बसाई सरी आएको ठाउँमा घर जग्गा भएको प्रमाण कागजात नभएको समेतका कारणले गर्दा निवेदकहरूलाई नेपालको नागरिकताको प्रमाणपत्र नदिइएको भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ । यस सन्दर्भमा हेर्दा सर्वप्रथम निवेदकहरूले बाबु बेपत्ता भएको भनेको हकमा बाबु बेपत्ता हुँदैमा निवेदकहरूले नागरिकता नपाउने भन्ने हुँदैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ को उपधारा (३) र नेपालको संविधानको धारा ११ को उपधारा (४) को व्यवस्थाको सापेक्षतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको, नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । यदि बाबु विदेशी ठहरियो भने मात्र आमाको नामबाट नागरिकता लिने व्यक्तिको नागरिकता अङ्गिकृत नागरिकता परिणत हुने देखिन्छ । यहाँ निवेदकहरूका बाबु आमा फेला नपरेको वा बाबुको पहिचान खुल्न नसकेको अवस्था होइन । निवेदकले आफ्नो बाबुको नाम र वतन स्पष्ट उल्लेख गरेका छन् । बाबु मंगल बहादुर लामा पर्यटकहरूको भारी बोक्ने काम गर्ने व्यक्ति रहेको र २०५२ सालबाट वेपत्ता भएको भन्ने निजहरूको भनाई रहेको छ । यो कुरा होइन भन्ने विपक्षीहरूको लिखित जवाफ पनि छैन । मुख्य कुरा बाबु वा आमा मध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा आमाको नागरिकता राखी आमाको नामबाट नागरिकता लिन निवेदन दिन सक्ने नै हुन्छ । त्यस्तो अवस्थामा बाबुको नागरिकता पेश गर्न नसकेको भन्ने अत्तो थापी नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन न त बाबुको वतन भएको जिल्लामा जानु भन्नु न्यायपूर्ण हुन्छ ।

१६. निवेदकहरु सोलुखुम्बु जिल्लाको गोराखानी गा.वि.स. मा जन्मेको भन्ने बसाईसराईको कागजातबाट देखिन्छ । निवेदकहरु १६ वर्ष पूरा भन्ने विद्यालयको एस.एल.सी. को प्रमाणपत्रबाट देखिन्छ । निवेदकको आमा वंशजको नाताको नेपाली नागरिक भई सोलुखुम्बु जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र नं. २४५/१६६५/३०४ प्राप्त गरेको भन्नेमा विवाद नभएको हुँदा निवेदकहरु नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएको कार्यविधि पूरा गरेमा वंशजको आधारमा नेपालको

नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुगेको व्यक्ति देखियो ।

१७. यहाँ ऐन नियममा तोकिए अनुसारको सिफारिस माग गर्दा वडा समितिबाट सिफारिस दिन इन्कार गरेको कारण निवेदकहरूमा समस्यामा परेको देखियो । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सक्दैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत एवं राष्ट्रिय पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

१८. नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई विना भेदभाव प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वन्चित नगरिने प्रत्याभूति गरिएको छ । त्यस्तै गरी लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख गरिएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान वहाल रहँदाको अवस्थामा दायर भएको छ तथापि नयाँ संविधान अर्थात् नेपालको संविधानद्वारा प्रत्याभूत हकहरू निवेदकहरूलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ देखिंदैन ।

१९. निवेदकहरूको आमा बुच्छि लामा नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदकहरूलाई निजको बाबु बेपत्ता भएको वा घर जग्गा भएको लालपूर्जाको प्रमाणपत्र पेश नगरेको कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकहरूको मात्र होइन जिनको आमा बुच्छि लामाको मौलिक हक हनन हुने स्थिति यहाँ पर्न आएको देखियो । महिलाहरु उपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपरहण गर्दछ भन्ने कुरा तर्फ विपक्षीहरूको दृष्टि पुगेको देखिएन ।

२०. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६७–WO-०७०३, ने.का.प. २०६८ नि.नं ८५५७ अंक २ पृ. २४७) रिट निवेदनमा आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालयको नाउमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मिति ०६८।३।६ मा गृह मन्त्रालयमा लेखी गएको र गृह मन्त्रालयबाट मिति २०६८।५।५ को पत्र मार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्ने समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखियो । त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-WO-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउमा परमादेश जारी भएको देखिन्छ । बाबु आमा मध्ये कुनैको नामबाट नागरिकता लिन यसरी पक्ष सक्षम रहेको कुरा माथि उल्लेखित रन्जिता थापाको निवेदन परेकै छ । यसरी यस अदालतबाट भएका पूर्व निर्णयहरूबाट निवेदकहरूले नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भैसकेको समेत देखिन आयो । आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदनकहरूको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासङ्गीक नै देखिएन । निवेदकहरूले आफु वडा नं. ११ मा बसोबास गरेको र काठमाडौंमा नै आफूहरु अध्ययन गरेको दावी गरेपछि निजहरु सो वडामा बस्छन् वा बस्दैनन् भन्ने कुरा घरधनी बुझी वा छिमेक वा टोलमा सर्जमीन गराई बुझ्न सकिने हुन्छ । अचल जग्गा जमिन भएको प्रमाणपत्र मात्रको आधारमा सिफारिस दिन्छु भन्दा प्रकारान्तरले अचल जग्गा वा घर नहुने व्यक्तिहरु नागरिकता प्राप्त गर्नबाट वन्चित हुन पुग्दछन् । यस्तो आधारमा सिफारिस दिन्न भन्नु कानुन सम्मत हुने देखिंदैन । यस्तो कुरा समानताको हक विरूद्धसमेत हुन आउने देखिंदा यसलाई स्वीकार गर्न सकिने स्थिति भएन ।

२१. अतः माथि गरिएको विवेचनाबाट प्रस्तुत निवेदनमा निवेदकहरु लक्ष्मी लामा र शर्मिला लामाको आमा बुच्छि लामा नेपाली नागरिक भएको भन्ने कुरा प्रमाणित भएको र निवेदकहरु नेपाली नागरिक बुच्छि लामाबाट नेपालमा जन्मेको देखिएकोले निवेदकहरूले सम्बन्धित जिल्लाबाट बसाईसराईको प्रमाणपत्र पेश गरेमा निवेदकहरु रहे बसेको वडामा निजहरूको

अचल सम्पत्ति छैन भन्ने मात्र आधारमा सिफारिस दिन इन्कार नगर्नु भनी काठमाडौं महानगरपालिका वडा नं. ११ को कार्यालयको नाममा र निवेदकहरूले आफ्नो क्षेत्राधिकार भित्र बसोबास गरेको भन्ने कुरा कनै तरहबाट स्थापित गरेको र आमाको नागरिकता पेश गरेको स्थितिमा बाबुको नागरिकता पेश नगरेको भन्ने आधारमा नागरिकताबाट वन्चित नगर्नु र माग बमोजिम नागरिकता प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी गृह मन्त्रालय र सो अन्तर्गतको जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले माग बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क. (उपसचिव)
कम्प्युटर टाइप : प्रेमबहादुर थापा
इति सम्वत् २०७३ साल भदौ १३ गते रोज १ शुभम् ............ ।

# २८ विपना बस्नेत समेत
# विरूद्ध
# नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७२ साल चैत्र २२ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्याय**
**फैसला**
०७१-WO-०९०३

**मुद्दा : परमादेशसमेत**

काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स. (हाल तारकेश्वर नगरपालिका) वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ डिल्लीबजार बस्ने दिलीपमान सिंह बस्नेतको छोरी विपना बस्नेत ......१
विपना बस्नेतको छोरा का.जि. किर्तिपुर न.पा. ८ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ डिल्लीबजार बस्ने रिनेक्स बस्नेत ......१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ......१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ......१
नेपाल सरकार, कानुन न्याय संविधानसभा तथा संसदीय मामिला सम्बन्धी मन्त्रालय, सिंहदरबार, काठमाडौं ......१
नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, काठमाडौं ......१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ......१ विपक्षी

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः

हामी निवेदकहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम नेपालको अन्तरिम संविधानले प्रदान गरेको नागरिकता प्राप्त गर्न पाउने र नागरिकता आफ्नो नामबाट दिन पाउने हक अधिकारबाट वञ्चित व्यक्तिहरु हौं । निवेदक मध्येको म बिपना बस्नेतको २०४४ सालमा रवि अधिकारीसँग प्रेम विवाह भई २०५१।२।२४ मा छोरा रिनेक्सको जन्म भएको हो । २०५३ सालमा मलाई मेरो छोराको पिताले घरबाट निकाला गरेपछि २०५४ साल आषाढ ३० गते रवि अधिकारी र मेरो सम्बन्ध विच्छेद भयो । छोरा/छोरी मेरो आफ्नो संरषणमा लिएर पालनपोषण शिक्षा दीक्षाको सबै दायित्व म निवेदकले नै गरिरहेको छु । बाबुले हेरचाह पालन पोषण, शिक्षा दीक्षा र भेटघाट नगरेकाले छोराले पनि मेरो नै थर राखेर विद्यालयमा मेरा नै थर (बस्नेत) राखी Character Certificate लगायत अन्य सबै Certificate मा मेरो थर राखिएको छ । मिति २०६८।११।३० मा किर्तिपुर नगरपालिका वडा नं. ८ बाट नागरिकता बनाउन सिफारिस लिई काठमाडौं जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंमा नागरिकता बनाउन जाँदा रिनेक्स बस्नेत भनी दिएको सिफारिसको "बस्नेत" थर त्यहाँ कार्यरत सहायक जिल्ला प्रशासकज्यूले कलमले काटिदिनु भयो र अधिकारी लेखिदिनु भयो । छोराको शैक्षिक प्रमाणपत्र काम नलाग्ने हुन्छ त्यसैले रिनेक्स बस्ने अधिकारी राखेर नागरिकता दिनु न त भनी हामीले भन्दा वंशजको नागरिकता लिने हो भने बाबुको मात्रै थर राख्नुपर्छ किनकी वंशज भनेको बाबु हो । आमाको वंश हुँदैन भन्ने उत्तर दिई नै रहनु भयो । यसरी नै निरन्तर रूपमा साढे २ वर्षसम्म काठमाडौं जिल्ला प्रशासन कार्यालयमा धाई नै रह्यौं तर धेरै प्रशासकज्यूहरु परिवर्तन हुनुभयो तर सबैको मान्यता एकै भएको हुनाले मेरो छोराको नागरिकता पाउन सकिएन । यसरी नागरिका प्राप्त गर्न नसकेको कारणले मेरो छोराले राज्यबाट प्राप्त हुने धेरै हक अधिकार प्राप्त गर्नबाट वञ्चित भएको हुनाले यो रिट निवेदन लिई सम्मानित सर्वोच्च अदालतमा उपस्थित भएका छौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ अन्तर्गत धारा ८(२)(ख) मा "कुनै व्यक्तिका जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने" भन्ने व्यवस्थ छ । त्यस्तै नेपाल नागरिकता ऐन, २०६३ को

दफा ३ को उपदफा (१) मा पनि संविधान अनुरूपकै व्यवस्था छ । निवेदक मध्येको म रिनेक्स बस्नेतको बाबु आमा नेपाली नागरिक नै हुनुहुन्छ । बाबु अथवा आमा मध्ये कुनै एकजना नेपाली नागरिक रहेछन् भने निजको सन्तान वंशजको आधारमा नेपालको नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानुनमा गरेको छ तर निवेदक मध्येको म रिनेक्स बस्नेतको पिता हामीहरूलाई छोडेकै कारणले म निवेदकलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गरिएको हुनाले साह्रै अन्याय भएको छ । विपक्षी नं. ५ को मौखिक आदेशले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको छ ।

नागरिकता नियमावली, २०६३ को नियम ३(१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहने १६ वर्ष उमेर पुरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष आफ्नो बाबु वा आमा वा तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची १ बमोजिमको प्रकृया पूरा गरिसकेपछि आमाले सनाखत गर्ने गरी नागरिकता लिने भएकै कारणले पितृ सत्तात्मक सोच, मूल्य र मान्यता राखी संविधान र कानुनमा भएको व्यवस्था समेतको बर्खिलाप मौखिक रूपमा काठमाडौं जिल्ला प्रशासन कार्यालयले नागरिकता नदिने भन्ने मौखिक आदेशले हामी निवेदक आमा छोराको संवैधानिक, कानुनी, अन्तर्राष्ट्रिय सन्धी महासन्धिद्वारा प्रदत्त नागरिकता लिन पाउने र आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्न पाउने अधिकारमाथि कुठाराघात भएको छ ।

हाम्रो संवैधानिक र कानुनी व्यवस्थाका अलावा पनि नेपाल पक्ष भई अनुमोदन गरेका सन्धी सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UNHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name; every child had the right to acquire a nationality).

महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State parties shall grant women equal right with respect to the nationality of their children) भन्ने व्यवस्था गरेको छ र त्यसै अनुरूप हाम्रो संविधान र कानुनमा समेत व्यवस्था गरिएको हो । तर नागरिकता प्रदान गर्ने अधिकारलाई नागरिकता प्रदान गर्ने अधिकारीहरूले मनगढन्ते रूपमा वंशजको परिभषा गरी व्यक्तिको नागरिकता प्राप्त गर्ने अथवा पहिचान प्राप्त गर्ने हकबाट नै वञ्चित गरी अन्याय भएको छ । त्यसैगरी धारा १६(घ) मा महिलाहरूको वैवाहिक स्थिति जे सुकै भए तापनि, उनीहरूका बालबालिकासँग सम्बन्धित कुराहरूमा बाबुआमाको समान अधिकार तथा उत्तरदायित्वहरु हुन्छन् । सबै अवस्थाहरु बालबालिकाको हित नै सर्वोपरि हुनेछ । (The same rights and responsibilities as parents, irrespective of their marital status, in matters relating to their children in all cures the interest of the children shall be paramount) उक्त धाराको (छ) मा पारिवारिक नाम, पेशा र व्यवसाय छनौट गर्ने अधिकारको व्यवस्था गरेको छ । (Right to choose a family name, a profession and an occupation) बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right acquire a nationality and as far as possible, the right to know and be cared for by his/her parents) माथि उल्लेखित सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानुनले समेत आफ्ना सन्तानलाई आमाले नागरिकता दिन सक्ने अधिकार प्रदान गरेको छ तर विपक्षीहरूले म निवेदक आमालाई मेरो नामबाट पहिचान लिन खोज्ने मेरो सन्तानलाई नागरिकताको प्रमाण पत्र नदिई पहिचानबाट वञ्चित गरी राज्यविहिन बनाउन खोजी अन्याय गरेको छ । निवेदकमध्ये म विपना बस्नेत, निवेदक रिनेक्स बस्नेतको एकल आमा भई संरक्षण गर्दै आईरहेकी छु । मेरो छोरा सानो हुँदा नै मेरो पतिले सम्बन्ध विच्छेद गरी जानु भएको अवस्था हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), नागरिकता नियमावलीको नियम ३(१), नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद-२ को (२) को १.२ बमोजिम आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने स्पष्ट व्यवस्था बमोजिम मेरो छोरालाई आमाको नामबाट वंशजको आधारमा नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने निवेदकहरूको निवेदन दावी ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने

मनासिव आधार कारण र प्रमाण भए सो समेत खुलाई म्याद सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च)(५) बमोजिम अग्राधिकार दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७२।२।२७ को आदेश ।

विपक्षी निवेदकले दावी लिनु भएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख गर्नु भएको छैन । यस कार्यालयलाई विपक्षी बनाउन पर्नुको कुनै कारण र आधार निवेदनमा उल्लेख गरिएको छैन । संविधान तथा कानुन बमोजिम पूरा गर्नु पर्ने के, कुन दायित्व पुरा नगरेको कारण यस कार्यालयलाई प्रत्यर्थी बनाउनु परेको हो ? भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ । रिट निवेदनले दावी लिएको नागरिकता प्राप्ति सम्बन्धी विषयमा नेपालको अन्तरिम संविधान, २०६३ का साथै नेपाल नागरिकता ऐन, २०६३ ले नेपालका नागरिकहरूले विना भेदभाव समानताका आधारमा नेपालको नागरिकता प्राप्त गर्नसक्ने व्यवस्था गरेको पाइन्छ । नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकता ऐन, नियममा आधारित विधि, प्रकृया र कार्यविधिको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनुपर्ने कुरालाई अन्यथा भन्न सकिंदैन । यसअवस्थामा विद्यमान कानुनको अधिनमा रही नागरिकताको सिफारिस गर्ने र नागरिकताको प्रमाण पत्र प्रदान गर्ने कानुनी कर्तव्य भएका पदाधिकारीहरूले कानुनमा निर्धारित विधि, प्रकृया र कार्यविधिबमोजिम नेपाली नागरिकलाई नागरिकताको प्रमाण पत्र दिनुपर्ने हुन्छ । जहाँसम्म आमाको नामबाट नेपालको नागरिकता प्रदान सम्बन्धी प्रश्नका सन्दर्भमा हेर्दा सविना दमाई समेत निवेदक विरूद्ध यस कार्यालय समेत विपक्षी भएको मिति २०६७।११।१५ मा "निवेदिकालाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु, नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाण पत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्र.जि.अ. को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु र समाजमा अझै बाँकी रहेका त्यस्ता खराब परम्परा, प्रचलन, प्रथा उन्मूलन गर्न आवशयक र प्रभावकारी कदम चाल्नु" भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भएकोमा सो को कार्यान्वयनका लागि यस कार्यालयको च.नं. २८९ मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखि पठाईकोमा नेपाल सरकार, गृह मन्त्रालयको प.सं.ना. तथा हा.ह. २०६८।६९ च.नं १४७ मिति २०६८।५।५ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्रसमेत प्राप्त भएको हुँदा पुनः सोही विषयका सन्दर्भमा सम्मानित अदालतबाट आदेश जारी हुनु पर्ने अवस्था विद्यमान देखिंदैन । उपरोक्त आधार र कारणसमेतबाट विपक्षी निवेदकको मागबमोजिम कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

निवेदकले नागरिकता प्राप्त गर्ने कानुनी व्यवस्था नै अवरोधक रहेको भनी दावी लिएको अवस्थासमेत छैन । नागरिकता प्रदान गर्ने सम्बन्धी विषय यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने हुनाले असम्बन्धित निकाय यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन निरर्थक देखिंदा खारेज गरी पाउँ भन्ने कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखत जवाफ ।

विपक्षी रिट निवेदकले दावी लिनु भएको विषयमा यस मन्त्रालयको के कस्तो संलग्नता रहेको हो ? भन्ने सम्बन्धमा निवेदनमा खुलाइएको छैन । यस मन्त्रालयको संलग्नता नभएको विषयमा विपक्षी बनाई रिट दिन नमिल्ने हुँदा यस मन्त्रालयको हकमा खारेज गरी पाउँ भन्ने नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदकहरूले आफ्नो बुवाको स्थायी बसोबास भएको स्थानबाट सम्बन्धित स्थानीय निकायको सिफारिस लिई सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिएमा सो को कारवाही सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नै हुन्छ । बाबुको नाम थर वतन थाहा भएको अवसथमा स्थायी बसोबास भएको स्थानमा गई सम्बन्धित स्थानीय निकायको सिफारिस लिई जिल्ला प्रशासन कार्यालयसमक्ष जान रिट निवेदकलाई के कस्तो कारणले कठिनाई भएको त्यसतर्फ रिट निवेदनमा केही पनि खुलाइएको छैन । नागरिकता ऐन नियमावलीमा नागरिकता प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु पूरा गर्नुपर्ने भनी निर्धारण गरेको कागजातसहित जिल्ला प्रशासनमा गएको खण्डमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुने भएकोले यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन यस मन्त्रालयको हकमा खारेज भागी हुँदा खारेज री पाउँ भन्ने नेपाल सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदन सहितको मिसिल कागजात अध्ययन गरियो ।

निवेदकतर्फबाट उपस्थित विद्वान पवित्रा रावतले निवेदक विपना बस्नेतको रवि अधिकारीसँग २०४४ सालमा प्रेम विवाह भै २०५१।२।२४ मा निवेदक रिनेक्स बस्नेतको जन्म भएको, बाबु र आमाको २०५४।३।३० मा सम्बन्ध विच्छेद

पश्चात् निज बाबुले बालकसमेतको हेरचाह पालनपोषण, शिक्षादिक्षा भेटघाट नगरेको कारणसमेतले छोराको इच्छाले आमाको थर "बस्नेत" नै राखेर विद्यालयबाट Character Certificate लगायत अन्य सबै certificate लिएको छ । त्यस्तै किर्तिपुर नगरपालिका कार्यालयबाट लिएको जन्मदर्ता प्रमाणपत्रमा पनि "रिनेक्स बस्नेत" नै उल्लेख गरेको छ । मिति २०६८।११।३० मा किर्तिपुर नगरपालिका वडा नं ८ बाट नागरिकता बनाउन सिफारिस लिई काठमाडौं जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंमा नागरिकता बनाउन जाँदा रिनेक्स बस्ने भनी दिएको सिफारिसको बमोजिम नागरिकता पाउँ भन्ने निवेदन उल्लेख गरिएको "बस्नेत" थर त्यहाँ कार्यरत सहायक जिल्ला प्रशासकज्यूले कलमले काटेको र अधिकारी लेखिदिएको कारण शैक्षिक प्रमाणपत्र काम नलाग्ने हुँदा "रिनेक्स बस्ने अधिकारी" राखेर नागरिकता दिनु न त भन्दा नदिई वंशजको नागरिकता लिने हो भने बाबुको मात्रै थर राख्नुपर्छ भनी आमाको थर बस्नेत थरबाट नागरिकता नदिएको कारण अन्य वैकल्पिक बाटो नभएकोले प्रस्तुत रिट दायर गरेको हो । निवेदकले आमाको पहिचानको थर "बस्नेत" राखी नागरिकता लिन खोजेको अवस्थामा सो पहिचान लिन नपाउने गरी रोक्न मिल्ने होइन । आमाको पहिचान थर "बस्नेत" राख्न चाहने निवेदकलाई सोही कारणले मात्र नागरिकता नदिई रोक्ने अधिकार विपक्षीलाई नभएकोले निवेदन मागबमोजिम नागरिकता दिनु भनी परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नु भएको वहस सुनियो ।

विपक्षीको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले आमाको नामबाट नेपालको नागरिकता प्रदान सम्बन्धी प्रश्नका सन्दर्भमा सविना दमाईसमेत निवेदक भएको संवत् २०६७ सालको रिट नं. ०७०३ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।११।१५ मा निवेदिकालाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु, नेपाली नागरिक आमाबाट जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्र.जि.अ. को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी भै सो कार्यान्वयनका लागि सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिएकोले पुनः सोही विषयमा आदेश जारी हुनु पर्ने अवस्था नभएकोले रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको वहस सुनियो ।

यसमा निवेदक विपना बस्नेतको रवि अधिकारीसँग २०४४ सालमा प्रेम विवाह भै २०५१।२।२४ मा निवेदक रिनेक्सको जन्म भएको, बाबु र आमाको २०५४।३।३० मा सम्बन्ध विच्छेदपश्चात् बालकको हेरचाह पालनपोषण, शिक्षादीक्षा निवेदक विपना बस्नेतले नै गरि आएको र छोराको इच्छानुसार नै आमाको थर "बस्नेत" नै राखेर विद्यालयबाट Character certificate लगायत अन्य सबै certificate लिएको तथा किर्तिपुर नगरपालिका कार्यालयबाट लिएको जन्मदर्ता प्रमाणपत्रमा पनि "रिनेक्स बस्नेत" नै उल्लेख भएकोले आमाको थर "बस्नेत" नै राखी नागरिकता लिन चाहन्छु भन्ने निवेदन दावी देखिन्छ । त्यस्तै आमा र बाबु दुवैको थरबाट "रिनेक्स बस्नेत अधिकारी" उल्लेख गरी नागरिकता दिनुहोस् भन्दासमेत वंशजको नागरिकता लिने हो भने बाबुको थर मात्र राख्नुपर्छ भनी नागरिकता नदिएकोले आमाको नामबाट नागरिकता दिनु भनी परमादेश जारी पाउँ भन्ने निवेदन दावी देखियो । किर्तिपुर नगरपालिका कार्यालयले मिति २०६८।११।३० मा जारी गरेको जन्मदर्ता प्रमाणपत्रमा उल्लेखित निवेदकको नामथर र जन्ममितिमा श्री रवि अधिकारी तथा श्रीमती विपना बस्नेतको छोरा रिनेक्स बस्नेत जन्ममिति २०५१।२।२४ उल्लेख भएको पाइन्छ । विद्यालयले दिएको चारित्रिक प्रमाणपत्र तथा SLC Mark-sheet मा पनि Rinex Basnet उल्लेख भएको देखियो । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ९ मा "दफा ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र व्यक्तिगत घटना भएको छ भन्ने कुराको प्रमाण हुनेछ र त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा वैयक्तिक कारोवारमा प्रयोग गर्न सकिनेछ" भन्ने पाइन्छ । मूलतः निवेदकको निवेदन व्यहोरा र प्रमाणपत्र समेत हेर्दा निवेदकले जन्मदर्ता तथा विद्यालयको विभिन्न प्रमाण पत्रमा उल्लेखित थर अनुरूप हुने गरी नागरिकतामा सोही बमोजिमको थर उल्लेख गर्न चाहेको अवस्था देखियो ।

उपरोक्तानुसार निवेदक रिनेक्स बस्नेत नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम बाबु आमा दुवै नेपाली नागरिक भएकोले वंशजको नाताले नागरिकता पाउनु पर्ने भन्ने समेतको दावी भई आमाको नामथर "बस्नेत" उल्लेख गरी नागरिकता लिन प्रयास गर्दा आमाको थर बस्नेतबाट नागरिकता नपाएको भन्ने निवेदन दावी देखिएकोमा निवेदकले जिल्ला प्रशासन कार्यालयसमक्ष पेश गरेको नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदनमा नागरिकता दिन नसक्ने कुनै आधार कारण खुलाई निर्णय गरेको वा नागरिकताका सम्बन्धमा अन्य कार्यविधि अपनाउनु पर्ने भएमा कारणसहितको आदेश गरेको भन्ने देखिन आएको छैन । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिको उपनियम (१) मा "वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पुरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ :

क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र

उपरोक्तानुसार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि व्यवस्था गरेकोमा आमाले सनाखत गर्ने गरी आमाको नागरिकताको प्रमाणपत्र, आमाले बाबुसँग गरेको सम्बन्ध विच्छेदको कागजात, ठूलो बुवाको नागरिकता प्रमाणपत्र, निवेदक रिनेक्सको शैक्षिक प्रमाणपत्र र जन्मदर्तासमेतका कागजातसमेत पेश गरी नागरिकता पाउँ भन्ने निवेदनसमेत दिएको अवसथमा आमाको पहिचानको थर "बस्नेत" वा वैकल्पिक रूपमा निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम निवेदकको शैक्षिक प्रमाणपत्र अनुरूप हुने गरी आमा र बाबु दुवैको थर "बस्नेत अधिकारी" राखी नागरिकता जारी हन नसक्ने कुनै आधार खुलाई आदेश दिएको देखिंदैन । यसरी निवेदकले नेपाली नागरिकता प्राप्त गर्नका लागि बाबुको नामथर उल्लेख गरी आमाको थर "बस्नेत" बाट नागरिकता लिन चाहेको र नागरिकता नियमावली, २०६३ को अनुसूची-१ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन गरेको प्रस्तुत निवेदनसाथ पेश गरेको प्रतिलिपिबाट देखिएकोमा निवेदन बमोजिमको नागरिकता दिन नसकिने कारण उल्लेख गरी उक्त अनुसूची १ बमोजिम पेश गरेको निवेदनमा थप बुझ्नु पर्ने भए कानुनबमोजिम बुझी सोको निश्चित टुङ्गोमा पुग्नको लागि आदेश वा निर्णय हुन जरूरी हुनेमा कुनै आदेश वा निर्णय गरेको नदेखिएबाट निवेदकलाई नागरिकता दिने वा नदिने सम्बन्धी विषय नै अन्योल अवस्थामा रहेको देखिएको छ । विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंले निवेदकको व्यहोरा अन्यथा भए लिखित जवाफबाट खण्डन गर्नु पर्नेमा लिखित जवाफ नै दिएको नदेखिएबाट विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकको निवेदनमा प्रवेश नै गर्न नचाही नागरिकता जारी गर्ने वा नगर्ने कानुन बमोजिमको सार्वजनिक दायित्वबाट पन्छाउन चाहेको अवस्था समेत देखिन आयो ।

नेपालको संविधानको धारा ११ को उपधारा (२) मा "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास गर्ने भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछः

क) यो संविधान प्रारम्भक हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति

ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति

निवेदक रिनेक्सको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक देखिएकोले उपरोक्त संवैधानिक व्यवस्थाबमोजिम त्यसतो व्यक्ति वंशजको आधारमा नागरिक ठहर्नेमा विवाद देखिंदैन । नेपालको संविधानको धारा १२ मा "वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकताः यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्रापत गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ । उल्लेखित संवैधानिक र कानुनी व्यवस्थाको अध्ययनबाट महिलालाई पुरूष सरह समान अधिकार प्रदान भएको र "तोकिएको अधिकारीले संविधान, कानुन र मानव अधिकारसम्बन्धी अयखभलबलत नबुझेर वा कानुनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने । बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भनी यस अदालतबाट (निवेदक सविना दमाई समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको मुद्दा परमादेशसमेत नि.नं ८५५७) सिद्धान्त कायम गरेको देखिदा निवेदकले उल्लेख गरेका आधारमा आमाको नामबाट नागरिकता लिन चाहेमा नेपालको नागरिकता लिन सक्ने नै देखिएको छ । निवेदक रिनेक्सले बाबुको नामथर उल्लेख गरी नागरिकता लिन चाहेको अवस्थामा आमाले सो कुरा अड्डामा सनाखत गर्न समेत तयार रही रहेको देखिएपछि वंशजका आधारमा नागरिकता हुने अवस्थाको विद्यमानता देखिए बाबुको नाम उल्लेख गर्ने कानुनी आधार र प्रमाण हेरी वंशजको आधारसमेतमा सम्बन्धित अधिकारीले नागकिरता जारी गर्न सक्ने नै हुन्छ । साथै माथि विवेचित निवेदन सविना दमाई भएको मुद्दामा आमाको नामबाट वंशज आधारमा नागरिकता पाउने भई आमाको थर लेख्न सक्ने अवस्था देखिएबाट बाबुको नामथर लेखिएकै कारणले मात्र आमाको थर लेख्न नपाउने भन्ने स्पष्ट संवैधानिक र कानुनी आधार देखिंदैन । यसरी नेपालको संविधान, कानुन र नजिर समेतले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानुनी व्यवस्था गरेको र सन्तानको लागि बाबुआमा समान वंशिय आधार भएकोले बाबुको नामथर लेख्न चाहेको कारणले मात्र आमाको पहिचानको थर प्रस्तुत निवेदनमा "बस्नेत" लेख्न नपाउने गरी रोक लगाउँदा अर्थात् थर मात्र लेख्नु पर्छ भनी बाबु वा आमाको थरमा विभेद व्यवहार देखिने हुन्छ । साथै त्यस्तो निष्कर्षमा पुग्दा निवेदक रिनेक्सको वंशिय आधारको थर छनौटको अधिकार (Right to choose the family name) विरूद्ध हुनुको साथै महिला र पुरूषको समान अधिकारविरूद्ध समेत हुने देखियो । कानुन बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने

कार्य कानुन संगत र उपयुक्त व्यवहार मान्न नमिल्ने हुँदा कानुनी व्यवस्थाबमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरु खोजी गर्नुपर्ने र कारणसहितको निर्णयविना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने/नदिने निर्णय गर्न ढिलाई गर्ने कार्य कानुन कार्यान्वयनको उचित मार्ग हुन नसक्ने हुँदा नेपालको संविधान, नेपाल नागरिकता ऐन २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेत बमोजिम जो जे बुझ्नु पर्छ यथाशिघ्र बुझी निवेदकले खुलाएको वा दावी लिएको व्यहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम निवेदकको जन्मदर्ता र प्रमाणपत्रमा उल्लेखित आमाको थर "बस्नेत" लेख्न चाहेकै आधारमा मात्र नेपाली नागरिकताको प्रमाणपत्र दिन वञ्चित नगरी अविलम्ब नागरिकता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउमा परमादेशको आदेश जारी हुने ठहर्छ ।

साथै यसै प्रकृतिका खास गरी बाबु नेपाली नागरिक भई निज बाबु सम्पर्कमा नआएका वा बेपत्ता भएका वा बाबुले आफ्ना सन्तानलाई नागरिकता दिलाउनमा आनाकानी गर्ने अवस्थामा रहेका र बाबुको नामथरसमेत उल्लेख गरी आमाको थरबाट नागरिकता लिन इच्छुक नागरिकका हकमा आमा वा बाबुको थर भनी फरक व्यवहार वा भेदभाव नगर्नु । बाबु वा आमा वा दुवै आधारका कुनै पहिचानका थर छनौटको अधिकार त्यस्तो नेपाली नागरिकलाई हुने नै हुँदा जन्म दर्ता वा अन्य प्रमाणसमेत पेश भएकोमा सो व्यक्तिगत घटना दर्ताका बखतका आधारसमेतमा निवेदक छोराछोरीले इच्छाएको थर अनुरूप नै नागरिकता लिन चाहने कुनै पनि नेपाली नागरिकहरूलाई सहजीकरण र सरलीकरणसाथ नागरिकताको विषयमा कानुनबमोजिम उचित निर्णय गर्ने गर्नु भनी देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु । प्रस्तुत रिट दायरकिो लगत काटी मिसिल नियमानुसार बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री
कम्प्युटर अपरेटर : रमेश आचार्य
इति संवत २०७२ साल चैत्र २२ गते रोज २ शुभम् ..................।

# २१ अर्जुन खटिक
# विरूद्ध
# जिल्ला प्रशासन कार्यालय, बाँके समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७२ आषाढ ०२ गते, रजिष्ट्रेशन नं.: १३-०७१-०१३४७, निर्णय नं. ५७९

**पुनरावेदन अदालत नेपालगञ्ज**
**संयुक्त इजलास**

**माननीय मुख्य न्यायाधीश श्री बम कुमार श्रेष्ठ**
**माननीय न्यायाधीश श्री अबधबिहारी प्रसाद सिन्हा**
**आदेश**
**दायरी नम्बरः ०७१-WO-०१४९**

**मुद्दा : परमादेश**

जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका नं. २४ बस्ने अर्जुन खटिक ............१ निवेदक

**विरुद्ध**

जिल्ला बाँके नेपालगञ्ज नगरपालिकास्थित भएको जिल्ला प्रशासन कार्यालय, बाँके ............१

जिल्ला प्रशासन कार्यालय, बाँकेको प्रमुख जिल्ला अधिकारीज्यू ............१ विपक्षी

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

**तथ्य खण्ड**

१. मलाई नेपालको नागरिकता ऐन, २०६३ बमोजिम नेपाली नागरिकता प्रदान गर्ने कार्य नभएको हुँदा नेपालको अन्तरिम संविधान २६३ को दफा ८, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), नेपाल नागरिकता नियमावली, २०६३ को दफा ३ बमोजिम मलाई नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षीको नाउँमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ अनुसार निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

२. यसमा के कसो भएको हो ? निवेदको निवेदन माग बमोजिम परमादेको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, प्रमाण, कारण भए सो समेत उल्लेख गरी बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्जमार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाउँमा म्याद जारी गरी लिखित जवाफ परेपछि वा सो को अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०७२।०१।२८ मा भएको आदेश ।

३. हालसम्म जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अघि जन्मेका सन्तानलाई वंशजको नाताले नागरिकता जारी गर्ने र इच्छा अनुसार आमाको नामबाट नागरिकता लिन सकिने नागरिकता ऐन, नियममा कुनै कानुनी व्यवस्था नभएको र सरल र सहज ढङ्गबाट नागरिकता जारी गर्ने कायृमा काम कर्तव्यप्रति बिमुख भई बस्ने नगरेको हुँदा रिट निवेदकको माग बमोजिम यस कार्यालय समेतको नाउँमा परमादेशको आदेश जारी नगरी रिट निवेदन नै खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, बाँकेको लिखित जवाफ ।

**ठहर खण्ड**

४. पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ५१/५२ बमोजिम साप्ताहिक एवं आजको दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत परमादेश मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरू लोकबहादुर शाह, श्री सुनिल कुमार श्रेष्ठ, श्री बलबहादुर चन्द, श्री प्रभाकर भट्टराई, श्री विश्वजित तिवारी र विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेको तर्फबाट उपस्थित पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्जका विद्वान शाखा अधिकृत श्री कर्ण बहादुर बुढाक्षेत्रीले गर्नुभएको बहस समेत सुनियो ।

५. निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले विपक्षीले आफ्नो कानुनी कर्तव्य पालना नगरेकोले निवेदकको नागरिक हकमा आघात परेकोले सरल र सहज ढंगबाट नेपालको नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिनु पर्छ भनी र विद्वान शाखा अधिकृतले आदेश जारी गर्नुपर्ने अवस्था छैन भनी आ-आफ्नो बहस प्रस्तुत गर्नुभयो ।

६. प्रस्तुत भएको उल्लेखित बहस जिकिर समेतलाई विचार गरी अब निवेदकको मागबमोजिम परमादेश जारी हुनुपर्ने हो, होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखियो ।

७. यसमा नागरिकता प्रदान गर्ने सन्दर्भमा विपक्षीले आफ्नो कानुनी कर्तव्य पालन नगरेको कारणबाट मेरो नागरिक हकमा आघात पर्न यो भन्ने निवेदकको मुख्य दावी रहेकोमा नागरिकता जारी गर्ने काम, कर्तव्य प्रति बेवास्ता गरी बस्ने नगरेको हुँदा माग बमोजिम परमादेशको आदेश जारी हुनुपर्ने होइन भन्ने समेतको लिखित जवाफ रहेको पाइयो ।

८. निवेदकले नेपाली नागरिकता प्रमाणपत्र पाउँ भनी निवेदन लिएर गएपछि निवेदन कानुन अनुरूप भए स्वीकार गरी निवेदकले खुलाएको आधारको विश्लेषण र मूल्यांकन गरी निवेदकले माग गरे बमोजिम हुने नहुने के हो ? त्यसको कार्यविधि पूरा गरी कारवाहीको टुङ्गो लगाई निवेदकलाई सोको जानकारी गराएको अवस्थामा नै कानुनको निश्चित प्रकृया पुरा गरिएको र भएको देखिन्छ । यदि त्यसो गरिँदैन भने निश्चित प्रकृयाको अवलम्बन गरेको भन्ने नदेखिई त्यस्तो क्रियाकलापले व्यक्ति अर्थात् निवेदकको हकमा आघात पुऱ्याएकै भन्नु पर्ने हुन्छ ।

९. त्यसकारण आवश्यक प्रकृया पूरा गर्ने सन्दर्भमा निवेदकको निवेदन यदि कानुन अनुरूपको छ भने त्यसलाई स्वीकारी निवेदन माग बमोजिम हुने नहुने के हो ? सो सन्दर्भमा हेरी आवश्यक निकासा सहितको निर्णय गरी दिनु भनी विपक्षी कार्यालयका नाममा निवेदकको माग बमोजिम परमादेश जारी गरिदिएको छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

- माथि इन्साफ खण्डमा लेखिए बमोजिम जारी हुने ठहरेकोले उक्त आदेशउपर चित्त नबुझे ऐनका म्याद ३५ (पैंतीस) दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीहरूलाई पुनरावेदनको म्याददिनु ।
- आदेशको जानकारी विपक्षीहरूलाई दिनु ।
- नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनु ।
- दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

(वम बहादुर श्रेष्ठ)
मुख्य न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(अवधबिहारी प्रसाद सिन्हा)
न्यायाधीश

फैसला तयार पार्न सहयोग गर्ने
इजलास अधिकृतः श्री सुमन पाण्डे
कम्प्युटर सेटिङ्ग गर्ने : श्री रमा श्रेष्ठ

इति सम्वत् २०७२ आषाढ ०२ रोज ४ शुभम ...............

# ३० माला खड्का घिमिरे विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार समेत

| फैसला/आदेश मिति, प्रकाशन नं. | २०७३ साल भाद्र १६ गते, निर्णय नं. |
|---|---|

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की**
**आदेश**
०७१-WO-०९९०

**मुद्दा : उत्प्रेषण समेत ।**

मैया भन्ने माला खड्का घिमिरेको छोरी सरू घिमिरेको हकमा संरक्षक भई आफ्नो हकमा समेत स्व. तपबहादुर खड्काको छोरी जिल्ला रामेछाप हिमगंगा गाउँ विकास समिति वडा नं. ५ घर भई हाल जिल्ला भक्तपुर बालकोट न.पा. वडा नं. १ बस्ने मैया भन्ने माला खड्का घिमिरे.........१ रिट निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौँ .........१
गृह मन्त्रालय, सिंहदरवार काठमाडौँ .........१
महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरवार .........१
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, ललितपुर .........१
हिमगंगा गा.वि.स.को कार्यालय रामेछाप .........१
जिल्ला शिक्षा कार्यालय, काठमाडौँ .........१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ को उपधारा (२) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

२०५४ साल माघ महिनामा रामेछाप जिल्ला हिमगंगा गाउँ विकास समिति वडा नं. ५ वस्ने केशव घिमिरेसँग मेरो प्रेम विवाह भएको हो । हाम्रो दाम्पत्य सम्बन्धबाट मैले मिति २०५५।६।३० गते छोरीलाई जन्म दिएँ । हाल म निवेदक छोरी सरूलाई साथै लिई भक्तपुर जिल्ला बालकोट न.पा. वडा नं. १ मा डेरा गरी बसोवास गरिरहेको छु । तर निजको पिताले अहिले सम्म पनि छोरीको रूपमा स्वीकार गरेका छैनन् । छोरी सरू घिमिरे हाल कक्षा १० मा मदरल्याण्ड सेकेन्डरी स्कूल नैकापमा अध्ययनरत छिन । उनि कक्षा ९ मा अध्ययनरत रहँदा नै एस.एल.सी. परीक्षाको लागि Form (फाराम) भर्नु पर्ने र उक्त एस.एल.सी.परीक्षाको फाराम जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने, उक्त फाराम पठाउँदा छोरीको जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि पनि सँगै पठाउनु पर्ने, अन्यथा एस.एल.सी को परीक्षामा सामेल हुन नपाउने हुँदा उनले अध्ययन गरी रहेको मदरल्याण्ड सेकेन्डरी स्कूलले २०७१सालको माघ महिनादेखिनै पटकपटक मौखिक रुपमा जन्मदर्ता पेश गर्नको लागि ताकेता गरिरहेको हुँदा निज छोरीका बाबु तथा मेरा पति केशव घिमिरेसँग छोरीको जन्मदर्ता गराईदिनुहोस भनी अनुरोध गर्दा जन्मदर्ता गराईदिन मानेनन् । छोरीको जन्मदर्ता गराई पाउनको लागि राष्ट्रिय महिला आयोगमा घरेलु हिंसा विषयकको निवेदन दिई ताहाँबाट रामेछाप जिल्ला प्रशासन कार्यालयमा चलान भई रामेछाप जिल्ला प्रशासन कार्यालयमा दुवै पक्ष उपस्थित भई छलफल गर्दा समेत सहमती हुन सकेन । यस्तैमा छोरी सरूले अध्ययन गरीरहेको मदरल्याण्ड सेकेन्डरी स्कूलको मिति २०७१ सालको चैत्र महिना भित्र जन्म दर्ता प्रमाणपत्र उपलब्ध गराइ दिनुहुन भन्ने व्यहोराको पत्र प्राप्त गरेपछि म निवेदक हिमगंगा गाउँ विकास समिति कार्यालयमा जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४को अनुसूची २ (नियम ५ सँग सम्बन्धित) बमोजिमको जन्मको सूचना फाराम भरी छोरीको जन्म दर्ता गर्न जाँदा जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४(१)(क)को व्यवस्था विपरित व्यवहार गरियो ।

छोरीको जन्म दर्ता गर्नलाई जाँदा गाउँ विकास समिति सचिवज्यूले छोरीको बाबु नभई जन्मदर्ता गर्न नसकिने भनी जन्म दर्ता गरिदिन नमानेकोले उक्त भरेको जन्मदर्ता सूचना फारामलाई पूनः हिमगंगा गाउँ विकास समिति कार्यालयमा मिति २०७२।१।२ गते काठमाण्डौबाट रजिष्ट्री गरी पठाएकोमा मिति २०७२।२।१२ गतेका दिन गाउँ विकास समिति कार्यालयमा बुझ्दा रजिष्ट्री प्राप्त भईसकेको तर आफूले दर्ता नगर्ने भनी सचिवज्यूले हालसम्म पनि जन्म दर्ता नगरिदिनु भएको र अन्य कुनै जानकारी पनि नदिनु भएको हुनाले अन्य बैकल्पिक बाटो नभएकोले यो रिट निवेदन लिएको छु ।

नेपालको अन्तरिम संविधान २०६३को धारा २२(१)ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ भनी मौलिक हक अन्तर्गत नै प्रष्ट व्यवस्था गरेको छ । त्यस्तै जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ ले व्यक्तिगत घटनाको सूचना शीर्षक अन्तर्गत उपदफा (१) मा "देहायको अवस्थामा देहायको व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि, त्यस्तो घटना घटेको पैतिस दिन भित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछ ।"

जन्मको सूचना परिवारको मूख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले भन्ने प्रष्ट व्यवस्था गरेको छ । यसरी सूचना दिएपछि उक्त ऐनको दफा ५ को "व्यक्तिगत घटना दर्ता गर्ने शीर्षक अन्तर्गत उपदफा (१) मा दफा ४ बमोजिम सूचना हुना साथ स्थानीय पञ्जिकाधिकारीले देहाय बमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता कितावमा दर्ता गर्नेछ" -

क) सूचना दिन आउने व्यक्तिले भरेको फारम ठीक छ, छैन जाँची ठीक नभए ठीक गर्न लगाइ, र

ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भने बमोजिम आफैले फारम भरी वा भर्न लगाई निजको ल्याप्चे सहिछाप गराई ।

उपदफा (३) मा दफा ४को उपदफा (१) वा (२) मा तोकिएको म्याद नाघेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गराउन आएमा स्थानीय पञ्जिकाधिकारीले आठ रूपैया दस्तुर लिई दर्ता गर्नेछ भन्ने प्रष्ट व्यवस्था छ । उपदफा ४ मा म्याद भित्र व्यक्तिगत घटना दर्ता नगराउनेलाई स्थानीय पञ्जिकाधिकारीले बढीमा ५० (पचास) रूपैयासम्म जरिवाना गरी दर्ता गरिदिनेछ भन्ने प्रष्ट व्यवस्था छ । उक्त ऐनको दफा ६ बमोजिम "व्यक्तिगत घटनाको सूचना गर्नासाथ स्थानीय पञ्जिकाधिकारीले तोकिएको व्यक्तिलाई निःशुल्क दर्ताको प्रमाण-पत्र दिनेछ, भन्ने व्यवस्था गरेको छ । स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता सम्बन्धमा दिइएको निर्देशन २०६७ को १ (क)मा "परिवारमा सन्तान जन्मिएपछि ३५ दिनभित्रमा बच्चाको जन्मदर्ता गराएर उसको कानूनी अधिकार स्थापित गराउनु जन्म दर्ता हो । जन्मको सूचना परिवारको मुख्य व्यक्ति वा निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिनुपर्दछ । यो प्रमाण बेगर बच्चाले सरकारले उपलब्ध गराउने देखि अन्य कानून बमोजिम प्राप्त गर्ने सुविधा र कानूनी हक पाउन सक्दैन । त्यसकारण यो घटनालाई दर्ता गर्दा विशेष ध्यान दिनु जरूरी छ । जन्म दर्ता व्यक्तिको पहिलो अधिकार हो । बाल अधिकार सम्बन्धी महासन्धी (CRC)ले बच्चाको जन्म दर्तालाई प्राथमिक अधिकारको रूपमा लिएको छ । "Every Child has the right to a legally registered name and nationality, as well as the right to know and, as far as possible, to be cared for by their parents"(Article7(1))। त्यसैगरी सर्वोच्च अदालतको सम्वत् २०६० सालको रिट नं. १२१ मा माननीय न्यायाधीशहरु श्री अनुपराज शर्मा, शारदा प्रसाद पण्डित र अर्जुन प्रसाद सिंहको विशेष इजलासबाट बालबालिकाको जन्म दर्ता गर्ने सम्बन्धमा मिति २०६२।५।३ मा भएको देहाय बमोजिमको आदेश कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून शाखाको मिति २०६२।८।९ को च.नं. २११को पत्र तथा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, तर्जुमा शाखाको मिति २०६२।१०।२ को च.नं. ८६ को पत्रबाट लेखि आएको हुँदा सबै पञ्जिकाधिकारीहरूलाई आदेश कार्यान्वयन गर्ने विषयमा निर्देशन भएको छ । व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३को दफा ४ को उपदफा (१)को खण्ड(क)मा रहेको "जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको पुरूषहरूमध्ये सबै भन्दा जेठो व्यक्तिले" भन्ने वाक्यांश रहेको "पुरूषहरु मध्ये" भन्ने वाक्यांश संविधानको धारा १३१ अनुसार निस्कृय हुने ठहर्छ । अतः उक्त दफाबाट सो वाक्यांश झिकिएपछि परिवारको उमेर पुगेको सबैभन्दा जेठो व्यक्तिले सूचक भई जन्म तथा मृत्युको घटना दर्ता गराउन सक्ने । जन्म दर्ता सम्बन्धी माथि उल्लेख गरिएका संवैधानिक र कानूनी व्यवस्थाहरूको पालना गर्नुपर्ने विपक्षी ६नं. को कर्तव्य हो । तर विपक्षी निकायहरूले माथिका प्रावधानहरूलाई पालना नगरी मेरो छोरी सरू र म निवेदक माथि अन्याय गरेको छ ।

अतः मैले छोरीको जन्म दर्ता गर्नको लागि अनुसूची २ बमोजिमको फाराम भराई रामेछाप जिल्ला हिमगंगा गाउँ विकास समिति कार्यालयमा जाँदा जन्म दर्ता नगरी दिएको कारणले मेरो छोरीको पहिचान लोप भएको र छोरीको पहिचानकै आधारमा श्रृजना हुने हक अधिकारबाट वंचित भएकी छिन । यसरी बाबुले जन्मदर्ता गरी दिन इन्कार गरी दिएको कारणले मेरो छोरीको जन्म दर्ता नगरेको हुनाले विपक्षी हिमगंगा गाउँ विकास समिति कार्यालय रामेछापलाई म निवेदक आमा सूचक भई छोरीको जन्म दर्ता गर्नु गराउनु भनी विपक्षीको नाममा परामादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को अनुसूची २ को व्यवस्था एकल आमाले सूचक भई बालबालिकाको जन्म दर्ता गर्न अप्ठेरो र असम्भव जस्तै हुने गरी शर्तहरु राखिएको हुनाले उक्त प्रावधान गैरकानूनी र असंवैधानिक छ । अतः उक्त नियमावलीको शर्तहरु नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर घोषित गरी पाउँ । छोरी सरू घिमिरेले जन्म दर्ता प्रमाणपत्र नभएको कारणबाट एस.एल.सी. दिन नपाएको अवस्थामा निजलाई शिक्षाको अधिकारबाट बन्चित हुनु पर्ने जस्तो अपुरणीय क्षति हुन जाने टड्कारो अवस्था देखिएको हुँदा जिल्ला शिक्षा कार्यालय काठमाडौँ तथा मदरल्याण्ड सेकेण्डरी स्कूल नैकाप काठमाडौँको नाममा हाल सरू घिमिरेको जन्म दर्ता नभए पनि SLC परीक्षाको फाराम अस्विकृत नगरी फाराम बुझिदिनु र SLC परीक्षामा सामेल गराउनु भन्ने अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने निवेदक माला खड्का घिमिरेको निवेदन दाबी ।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी गर्न नपर्ने कानून बमोजिमको कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भए पछि वा अवधि नाघे पछि पेश गर्नु । साथै अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा निवेदिकाले जन्म दर्ताको प्रयास गरी रहेको देखिएको र वालिकाको शिक्षाको अधिकारसँग सम्बन्धित प्रश्न देखिएकोले पछि ठहरे बमोजिम हुने गरी हाललाई निवेदिकाको एस.एल.सी.को फाराम ग्रहण गरी प्रक्रिया जारी राख्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली २०४९को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु भनी यस अदालतको मिति २०७२।३।१५ मा भएको आदेश ।

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नु भएको छैन । कसैका विरूद्ध कुनै कुराको दाबी लिंदा कस्तो के कुन कारवाही वा निर्णयका कारण निवेदकको के कुन कानूनद्वारा प्रदत्त कुन हक अधिकारमा के कसरी हनन् हुन गएको हो भन्नेसम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरी सो कुरामा अदालत समेत सन्तुष्ट हुने प्रमाण पेश गर्नु पर्दछ । यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन नसकेकोले मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकले यस मन्त्रालयको के कुन कारवाहीबाट के कस्तो अधिकारमा आघात पुग्न गएको हो निवेदनमा उल्लेख गर्नु भएको छैन । जन्म मृत्यु तथा अन्य व्यक्तिगत घट्नाहरु दर्ता गर्ने प्रक्रियाका लागि व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ एवं जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नियमावली २०३४ निर्माण भई लागु भएको छ । उल्लेखित ऐन र नियमावलीबमोजिम हुने व्यक्तिगत घटना दर्ता सम्बन्धी विषय यस मन्त्रालयको कार्य क्षेत्र भित्र नपर्ने हुँदा प्रस्तुत लिखित जवाफमा केही उल्लेख गर्नु पर्ने देखिदैन । उक्त आधारबाट विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

एस.एल.सी. परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्ने तालुक विभागीय कार्यालय परीक्षा नियन्त्रण कार्यालय सानो ठिमी भक्तपुरको मिति २०७१।२।१५ को गोरखापत्रमा प्रकाशित एस.एल.सी. परीक्षा २०७२मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम भर्ने भराउने सूचनामा जन्म दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्ने उल्लेख गरिएकोले सो सूचना अनुसार रजिष्ट्रेशन फाराम भर्नु भराउनु पर्ने हुँदा विद्यालयले जन्मदर्ता प्रमाणपत्र खोजी गरेको र जिल्ला शिक्षा कार्यालयले पनि जन्म दर्ता प्रमाणपत्र चाहिने व्यहोरा उल्लेख गरेको हो । यस कार्यालयबाट कानून र निर्देशन अनुसार कार्य गरिएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला शिक्षा कार्यालय काठमाडौँको लिखित जवाफ ।

जन्म दर्ता गर्नको लागि अनुसूची २ बमोजिमको फाराम भरी रामेछाप जिल्ला हिमगंगा गाउँ विकास समिति कार्यालयमा जाँदा जन्म दर्ता नगरी दिएको र बाबुले छोरीको जन्म दर्ता नगरी दिएको भन्ने आधारमा निवेदकले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को

अनुसूची-२ को जन्मको सूचना फारामको प्रकरण नं. ३को नवजात शिशुको बाबु आमाको विवरण शिर्षकको खण्ड (ङ)को (१) र (२)को व्यवस्था गैर कानूनी र असंवैधानिक भएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुन पर्ने भनी दाबी लिएको देखिन्छ । उक्त सूचना फारामको प्रकरण नं. ३ ले जन्मको सूचना दिने सूचकले नवजात शिशुको बाबु आमाको विवरणसमेत भर्नु पर्ने व्यवस्था गर्दै नवजात शिशुको बाबु आमाको नामथर, स्थायी ठेगाना, शिशु जन्मदाको उमेर, जन्म भएको देश, नागरिकता, नागरिकता लिएको भए प्र.प.नं. जारी मिति जिल्ला, शिक्षा, भाषा, धर्म हाल सम्म जन्मेको सन्तान संख्या जीवित संख्या, जन्मदा मद्दत गर्ने व्यक्ति र विवाह भएको साल समेत भर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । यो व्यवस्थालाई जन्म दर्ता गर्न बाबुआमा दुवैको नागरिकता नै पेश गर्नु पर्ने बाध्यात्मक व्यवस्थाको रूपमा अर्थ गर्न कदापी मिल्दैन । यसबाट अनुसूचीको उक्त व्यवस्था संविधान लगायत नेपाल पक्ष भएका कुनै पनि अन्तर्राष्ट्रिय सन्धी सम्झौतासँग बाझिएको छैन । सम्वत् २०६० सालको रिट नं. १२१ को मुद्दामा सम्मानित सर्वोच्च अदालतको विशेष इजलासबाट मिति २०६२।५।३०मा बाबुको पहिचान खुल्न नसकेको बालबालिकाको जन्म दर्ता गर्ने सम्बन्धमा भएको आदेश बमोजिम स्थानीय विकास मन्त्रालयले मिति २०६२।१०।१३मा सबै स्थानीय पदाधिकारीहरूलाई बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्ने सूचना फारामको बाबुको विवरणको महलमा ठेगाना नभएको व्यहोरा लेखी आमाको नागरिकताको आधारमा जन्म दर्ता हुन सक्ने गरी स्पष्ट निर्देशन दिइसकेकोले रिट निवेदनमा उठाएका विषय वस्तुको संवोधन भई सकेको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

व्यक्तिको जन्म दर्ताको सम्बन्धमा जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३को दफा ४(१)मा घटना घटेको ३५ दिन भित्र तोकिएबमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा बुझाउनु पर्छ भन्ने उल्लेख छ । दफा ४(१)(क)मा जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले भर्नु पर्नेछ भनी उल्लेख गरिएको छ । दफा ४(१)(ख) मा विवाहको सूचना पति पत्नी दुवैले गर्नु पर्ने भन्ने उल्लेख छ । रिट निवेदकले पति समेत उपस्थित गराई यस कार्यालयमा विवाहको घटना दर्ता गराउनु पर्नेमा सो गराएको देखिदैन । छोरी सरूको जन्म भएको ३५ दिन भित्र परिवारको मुख्य मानिस पिताले सूचना दिई जन्म दर्ता गराउनु पर्नेमा सो गरेको पाइदैन । कानूनले निर्दिष्ट गरेको विधि प्रकृयालाई अवलम्वन नगरिएको हुँदा विपक्षीको रिट निवेदन जारी हुनुपर्ने होइन । जन्म दर्ताको सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को नियम ५(१)मा उल्लेख भए अनुसार ऐनको म्याद भित्र अनुसूची-२ बमोजिमको फाराम भरी पञ्जिधिकारीको कार्यालयमा बुझाउनु पर्छ । अनुसूची २ को फाराममा आमा र बुबाको नाम थर वतन र नागरिकता नं. अनिवार्य रूपमा उल्लेख गर्ने प्रावधान रहेकोमा हुलाक मार्फत अनुसूची फाराम भरेर पठाउँदैमा जन्म दर्ता हुने होइन । विपक्षी रिट निवेदकको पतिको नाता सम्बन्धमा विवाद रहेको र स्थानीय वतन कहाँ हो भन्ने पनि एकिन नभएको र निवेदक आफै यस कार्यालयमा उपस्थित भई यथार्य सूचना दिई अनुसूची भरी जन्म दर्ता गराउने कार्यविधी अगाडी बढाउनु पर्नेमा सो केही गरेको पाइदैन । ऐन, नियमको विधि र प्रक्रिया पुरा नगरी जन्म दर्ता हुन नसक्ने भएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने हिमगंगा गाउँ विकास समिति कार्यालय रामेछापको लिखित जवाफ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ बमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ताको कार्य संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको क्षेत्राधिकार अन्तर्गत पर्दछ । कुनै पनि व्यक्तिको घटना (दर्ता गर्ने) ऐन, २०३३ र ऐ. नियमावली २०३४ बमोजिम स्थानीय पंजिकाधिकारीले गर्ने कानूनी व्यवस्था रहेको हुँदा जन्म दर्ताको विषयलाई लिई यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट बदर भागी छ । रिट निवेदकले रिट निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट के कस्तो संवैधानिक वा कानूनी अधिकार हनन भएको उल्लेख गर्न नसकेबाट समेत निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदककोतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मिरा ढुंगानाले निवेदक मैया भन्ने माला खड्काको विवाह केशव घिमिरेसँग २०५५।६।३० मा भै छोरी सरू घिमिरेको जन्म समेत भएको तथ्यमा विवाद गर्नु पर्ने देखिदैन । पिताले छोरीको रूपमा स्वीकार नगरेको र जन्मदर्ता नगरेकोले कारणले आमा मैया भन्ने माला खड्का विपक्षी हिमगंगा गाउँ विकास समिति कार्यालयमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूचि २ (नियम ५ सँग सम्बन्धित) बमोजिम जन्मको सूचना फाराम भरी छोरीको जन्म दर्ता गर्न जाँदा सोही ऐनको दफा ४(१)(क) को व्यवस्था विपरित व्यवहार विपक्षी कार्यालयबाट गरिएको छ । छोरीको जन्म

दर्ता गर्नलाई गाउँ विकास समिति सचिवले छोरीको बाबु नभई जन्मदर्ता गर्न नसकिने भनी जन्मदर्ता गरी दिन नमानेको र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनसूची २ को व्यवस्था एकल आमाले सूचक भई बालबालिकाको जन्मदर्ता गर्ने अप्ठ्यारो र असम्भव जस्तै हुने गरी शर्त राखिएको हुनाले उक्त प्रावधान गैर कानूनी र असंवैधानिक हुँदा उक्त नियमावलीको अनुसूची १ को ३ को ङ को १ र २ मा व्यवस्था गरिएको शर्तहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर घोषित गरि निवेदन माग बमोजिम आदेश जारी गरि पाऊँ भनी गर्नु भएको वहस सुनियो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित सह न्यायाधिवक्ता श्री किरण पौडेलले व्यक्तिगत घटना दर्ता गर्ने ऐन,२०३३ एवं जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नियमावली, २०३४ को प्रकृया पुरा गरेको अवस्थामा निवेदकको व्यक्तिगत घटना दर्ता गर्न सक्ने नै हुन्छ । सम्वत् २०६० सालको रिट नं. १२१ को मुद्दामा भएको आदेश बमोजिम बाबुको ठेगाना नलागेका बालबालिकाको हकमा समेत आमाको नागरिकताको आधारमा जन्मदर्ता हुन सक्ने गरी स्थानीय पदाधिकारीलाई स्पष्ट निर्देशन भै सकेको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी हुनु पर्ने अवस्था नै नभएकोले रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको वहस सुनियो ।

अब निवेदन माग बमोजिम आदेश जारी हुने हो, होइन भनी निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा निर्णयतर्फ विचार गर्दा मैले छोरीको जन्मदर्ता गर्नका लागि अनुसूची २ बमोजिमको फारम भरी रामेछाप जिल्ला हिमगंगा गाउँ विकास समिति कार्यालयमा जाँदा जन्मदर्ता नगरी दिएको कारणले छोरीको पहिचान लोप भएको र पहिचानकै आधारमा प्राप्त हुने हक अधिकार समेतबाट वञ्चित भएको छ । बाबुले जन्मदर्ता गर्न इन्कारी गरेको कारणले जन्मदर्ता प्राप्त हुन नसकेकोले विपक्षी हिमगंगा गा.वि.स.को कार्यालय रामेछापलाई निवेदक आमा सूचक भई छोरीको जन्म दर्ता गर्नु गराउनु भनी विपक्षीको नाममा परमादेश जारी गरी पाउन निवेदन दिएको देखियो । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा ४ "व्यक्तिगत घटनाको सूचनाः (१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैतिस दिन भित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पंजिकाधिकारीको कार्यालयमा सूचना गर्नुपर्नेछः-

(क) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले,

(ख) विवाहको सूचना पति पत्नी दुवैले,

(ग) सम्बन्ध विच्छेदको सूचना पति वा पत्निले,

(घ) बसाई सराईको सूचना बसाई सराई गर्ने परिवार भए परिवारको मुख्य व्यक्ति र परिवार नभए बसाई सराई गर्ने व्यक्तिले भन्ने कानूनी व्यवस्था गरेको देखियो ।

उक्त कानूनी व्यवस्था बमोजिम जन्मको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले तोकिए बमोजिमको फाराम भरी स्थानीय पंजिकाधिकारीको कार्यालयमा सूचना गर्न सक्ने देखिएको छ । साथै सोही ऐनको दफा ५ मा "व्यक्तिगत घटना दर्ता गर्नेः (१) दफा ४ बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय पंजिकाधिकारीले देहाय बमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता कितावमा दर्ता गर्नछः

(क) सूचना दिन आउने व्यक्तिले भरेको फाराम ठिक छ, छैन जाँची ठिक नभए ठिक गर्न लगाई र

(ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भनेबमोजिम आफैंले फाराम भरी वा भर्न लगाई निजको ल्याप्चे सहिछाप गराई भन्ने कानूनी व्यवस्था भएको देखिन्छ ।"

उल्लेखित कानूनी व्यवस्था बमोजिम भरिएको फाराम ठिक छ छैन जाँची ठिक नभए ठिक गर्न लगाई सम्बन्धित दर्ता कितावमा दर्ता गरेको भन्ने पनि नदेखिएको र दर्ता गर्न नसक्ने अन्य कानून बमोजिमको कारण भए सोही आधार कारण खुलाई दर्ता नहुने भन्न सकेको अवस्था पनि देखिँदैन ।

"निवेदकले जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ को फाराममा उल्लेखित विवरण जो दिएमा वा भर्न सकेको भनी ल्याएमा सो ग्रहण गरी यथास्थितमा दर्ता गरी दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने । साथै उक्त अनुसूची २ को व्यवस्थालाई बाबुको पहिचान हुन नसकेको निवेदकको जस्तो परिस्थितिमा समायोजन हुन सक्ने गरी पुनरावलोकन गरी परिमार्जन वा संशोधन गर्नु भनि विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ" भनी यसै अदालतबाट सिद्धान्त कायम -निवेदक निकिता गुरूङको हकमा दिप्ती गुरूङ,

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, मुद्दा उत्प्रेषणयुक्त परमादेश मुद्दा नं. ०७०-WO-०९३२ फैसला मिति २०७१।१०।२६ भएको देखिन्छ ।

"जन्म दर्ता गराउन चाहनेले भरेको वा भर्न सक्ने विवरण जे जति दिन ल्याउँछ सो हदसम्म स्वीकार गरेर भएपनि बच्चाको जन्मदर्ता गरी दिनु नै राज्यको कर्तव्य हुन्छ । अन्यथा पछि अन्य जटिलता हुन्छ । यस विषयमा यस अदालतको विशेष इजलासबाट वादी समुदायका बालबालिका लगायत बाबुको ठेगाना नलागेका सबै बालबालिकाहरूलाई बाबुको ठेगाना नभएको भन्ने कारणले निजहरूको जन्मदर्ता गर्न इन्कार नगर्नु" भनी सिद्धान्त कायम (दलित समुदायको उत्थानको लागि जनहित संरक्षण मञ्चकातर्फबाट टेक ताम्राकार समेत विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत, विषय परमादेश समेत, ने.का.प. २०६२ असोज, नि.नं. ७५५० पृष्ठ ६८०) भएको पाइन्छ । सम्वत् २०६० सालको रिट नं. १२१ को मुद्दामा सम्मानीत सर्वोच्च अदालतको विशेष इजलासबाट मिति २०६२।५।३० मा बाबुको पहिचान खुल्न नसकेका बालबालिकाको जन्मदर्ता गर्ने सम्बन्धमा भएको आदेश बमोजिम स्थानीय विकास मन्त्रालयले मिति २०६२।१०।१३ मा सबै स्थानीय पञ्जिकाधिकारीहरूलाई बाबुको ठेगाना नलागेको बालबालिकाको जन्मदर्ता गर्ने सूचना फारामको बाबुको विवरणको महलमा ठेगाना नभएको व्यहोरा लेखी आमाको नागरिकताको आधारमा जन्म दर्ता गर्ने सक्ने गरी स्पष्ट निर्देशन दिई सकेकोले रिट निवेदनमा उठाइएका विषयवस्तुको संवोधन भै सकेको भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको लिखित जवाफबाट देखिए तापनी सो बमोजिम आमाले दिएको विवरणको आधारमा यी निवेदकको जन्म दर्ता गरेको देखिएन ।

उपरोक्त कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्त समेतका आधारमा बालबालिकाको बाबुको ठेगाना नलागेको अवस्थामा वा इन्कार गरेको अवस्थामा पनि सूचित गर्ने आमाले दिएको विवरणको आधारमा जन्म दर्ता गर्न सक्ने देखिएकोमा प्रस्तुत विषयमा बाबुको नाम र ठेगाना स्पष्ट उल्लेख गरेको अवस्थामा जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा ४ (१)(क)बमोजिम जन्मको सूचना दिने परिवारको मुख्य व्यक्ति वा बाबुको अनुपस्थितिमा उमेर पुगेको आमाले सूचना गर्न सक्ने र सोही ऐनको दफा ५ बमोजिम भरेको फारम जाँची दर्ता गर्न सक्नेमा अनुसूची बमोजिमको फारम नै दर्ता नगर्ने र जन्मदर्ता गर्न इन्कार गर्ने कार्य वा व्यवहार उल्लेखित कानूनी व्यवस्था र निर्देशनको विपरित देखिन आयो ।

तसर्थ विवेचित आधार एवं कानूनी व्यवस्थाबाट एकल महिलाको हैसियतले समेत नेपाली नागरिक महिलाले आफ्ना सन्तानको जन्मदर्ता गर्न सक्ने अवस्था देखिएकोमा बाबुको नाम र स्थायी ठेगानासमेत स्पष्ट खुलाई दाबी गरिएकोमा निवेदक आमा सूचक भई छोरीको जन्म दर्ता प्राप्त गर्न सक्ने नै देखिएकोले जन्म समेतको विवरण खुलाई जन्मदर्ताका लागि अनुसूची २ बमोजिमको फाराम भरी जन्म दर्ताको लागी माग गरेमा घरको मुख्य व्यक्ति उपस्थित नभएको वा बाबुले जन्मदर्ता गर्न इन्कारी गरेको कारणले मात्र जन्मदर्ता गर्न इन्कार नगर्नु, कानून बमोजिम जन्मदर्ता गर्ने लगायत जो चाहिने सिफारिस समेतका कार्य गर्नू भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर टाइप गर्नेः रामशरण तिमिल्सिना

इति सम्वत् २०७३ साल भाद्र १६ गते रोज ५ शुभम् ......... ।

# ३१ स्वेता श्रीवास्तव
# विरुद्ध
# जिल्ला प्रशासन कार्यालय, बर्दिया समेत

| फैसला/आदेश मिति, प्रकाशन नं. | २०७२ फाल्गुण ०५ गते, रजिष्ट्रेशन नं.: १३-०७२-००२००, निर्णय नं. २८३ |
|---|---|

**पुनरावेदन अदालत नेपालगञ्ज**
**संयुक्त इजलास**
**माननीय मुख्य न्यायाधीश श्री बम कुमार श्रेष्ठ**
**माननीय न्यायाधीश श्री भानुभक्त शर्मा न्यौपाने**
**आदेश**
**दायरी नम्बरः ०७२-WO-००२६**

**मुद्दा : परमादेश**

जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं. ६ बस्ने बुबा स्व. कामेश्वर प्रसाद श्रीवास्तव आमा स्व. विन्दुदेवी श्रीवास्तवको छोरी स्वेता श्रीवास्तव ........................................१ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, बर्दिया ........................................१
ऐ. कार्यालयको प्रमुख जिल्ला अधिकारीज्यू ........................................१ विपक्षी

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

**तथ्य खण्ड**

१. म निवेदिका हाल २२ वर्षको भई नेपाल मै नर्सिङ्ग शिक्षा आर्जन गर्दैछु । म निवेदिकाले हालसम्म नेपाली नागरिकता प्राप्त गर्न नसकेको हुँदा बैंकमा खाता खोल्ने, रोजगारी प्राप्त गर्ने, लोकसेवाको नर्सिङ्ग काउन्सिलको परीक्षा दिने, आमा विन्दु देवीको मृत्युपछि निजको म निवेदिकाका नाम जग्गा नामसारी गर्न र जग्गा खरिद गर्न पाउने जस्ता हक अधिकारबाट वञ्चित हुनु परेको छ । म निवेदिकाको बाबुले नेपाली नागरिकता प्राप्त नगर्दै परलोक भैसक्नु भएको र आमाले जन्मसिद्धको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु भएको छ र म जन्मँदाको अवस्थामा मेरो आमा बाबु दुवै नेपालको नागरिक भएको हुँदा आमाको नामबाट नेपाली नागरिकता लिने मेरो इच्छा भएकोले म निवेदिकाले नेपाली नागरिकताको फाराम भरी आमाको नाउँको नेपाली नागरिकता पेश गरी आमा बाबुको मृत्यु दर्ता राखी सनाखत गर्ने गरी नेपाली नागरिकता प्राप्त गर्न श्री गुलरिया नगरपालिका कार्यालय बर्दियामा मिति २०७०।३।९ गते नेपाली नागरिकता फाराम पेश गरेकोमा वडा सचिव कार्यालयको सचिवले मिति २०७०।३।२९ गतेको दिन नागरिकता प्रदान गरी दिन भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, बर्दियाको नाउँमा सिफारिस गरी पठाएको हुँदा म निवेदकको तत्कालै नगरपालिकासहित कार्यालयको सिफारिस सहितको नागरिकता फाराम तथा सम्बन्धित प्रमाण कागज समेत संलग्न गरी विपक्षी जिल्ला प्रशासन कार्यालयमा विपक्षी प्रमुख जिल्ला अधिकारी समक्ष गरेकोमा विपक्षी प्रमुख जिल्ला अधिकारीज्यूले निवेदन दर्ता गरी कानुन बमोजिम मलाई नेपाली नागरिकता प्रदान गर्नु पर्नेमा आज भोली भन्दै आलटाल गर्दै हाल आएर आमाको नाउँबाट नेपाली नागरिकता दिन नमिल्ने सरल र सहज ढङ्गबाट नेपालको नागरिकता प्रदान गर्न ठाडै इन्कार गर्नु भएकोले म निवेदिकालाई नेपाली नागरिकता सरल र सहज ढङ्गबाट नेपालको नागरिकता प्रदान गर्नु, गराउनु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

२. यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो, होइन ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षीहरूलाई श्री पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्ज मार्फत लिखित जवाफ पेश गर्नु

भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरूको नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०७२।०५।१४ मा भएको आदेश ।

३. निवेदिकाले आमा बिन्दु देवी श्रीवास्तवले मिति २०६३।११।६ मा ना.प्र.नं. ६५३००१/८८७९ जन्मसिद्ध नागरिकता प्राप्त गरेकोमा मिति २०६६ सालमा मै मृत्यु भै सकेको निवेदिकाको बाबु नेपाली नागरिक हुन् भन्ने प्रमाण पेश गर्न नसकेको कारण निवेदिकाले यस कार्यालयमा मिति २०७०।३।९ मा निवेदन गरेको मिति २०७०।३।१४ मा नै कार्यालयको तर्फबाट गृह मन्त्रालयमा निर्देशन माग गरिएको सो को जवाफ प्राप्त नहुँदा कै बखत गृह मन्त्रालयको च.नं. ४९१ मिति २०७०।१२।३० को परिपत्रले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लेखित व्यवस्था नेपाल अन्तरिम संविधान, २०६३ को धारा ८८ उपधारा २ को प्रतिबन्धात्मक वाकयांशको खण्ड ग बमोजिम मिति २०७०।१२।१२ गते देखि निस्कृय हुने भएकोले सो व्यवस्था बमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकार (मा.उप.प्र.म. तथा गृह मन्त्री स्तर)बाट मिति २०७०।१२।११ मा निर्णय भएको भनी लेखी आएकोले निज निवेदिका स्वेता श्रीवास्तवलाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्न नसकिएको हो । निवेदिकाले पेश गरेको प्रमाणपत्रहरूको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न नमिलेको हुँदा रिट निवेदन खारेज भागी छ । खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, बर्दिया र ऐ. का प्रमुख जिल्ला अधिकारीको संयुक्त लिखित जवाफ ।

**आदेश खण्ड**

४. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूची चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत परमादेश मुद्दामा निवेदिकाका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री इन्द्रजीत तिवारी र विद्वान अधिवक्ताहरु श्री सुनील श्रेष्ठ, श्री लोकबहादुर शाह, श्री बलबहादुर चन्द र श्री विश्वजीत तिवारीले र विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्जका विद्वान सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले गर्नुभएको बहस समेत सुनियो ।

५. निवेदिका तर्फबाट विद्वानहरूले विपक्षी प्रमुख जिल्ला अधिकारीबाट हाम्रो पक्ष निवेदिका स्वेता श्रीवास्तवलाई आमाको नामबाट नेपाली नागरिकता प्रदान गर्न इन्कार गरेबाट निज निवेदिका मात्र नभै निज जस्ता अन्य सर्वसाधारण समेत नेपाली नागरिकता प्राप्त गर्नबाट वन्चित भै रोजगारी, बैंकमा खाता खोल्न, लोकसेवा आयोगको परीक्षा दिन र अचल सम्पत्ति खरिद गर्ने नामसारी गर्न पाउने हक अधिकारबाट पनि वन्चित भएको हुँदा निज निवेदिकालाई नेपालको नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी कार्यालय तर्फका विद्वानले जिल्ला प्रशासन कार्यालय, बर्दियाले नागरिकता जारी गर्दा नेपाल सरकारबाट जारी भएका ऐन नियम एवं परिपत्रको पालना गरी कामकारवाही गरेकाले निवेदिकाले पेश गरेको प्रमाण पत्रहरूको आधारमा नागरिकता प्रमाण पत्र जारी गर्न नमिलेको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी आ-आफ्नो पक्षको तर्फबाट बहस प्रस्तुत गर्नुभयो ।

६. विद्वानहरूले प्रस्तुत गर्नु भएको उल्लेखित वहस समेत सुनी निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? सोही कुराको प्रस्तुत मिसिलबाट निर्णय दिनुपर्ने देखियो ।

७. यसमा बाबुले नेपाली नागरिकता प्राप्त नगर्दै परलोक भैसक्नु भएको र आमा जन्मसिद्ध नेपाली नागरिक भै जन्मसिद्धको आधारमा निजले नेपाली नागरिकता प्राप्त गरेको हुँदा आमाको नामबाट वंशजको आधारले नेपाली नागरिकता पाउँ भनी विपक्षी कार्यालयमा गएकोमा आफ्नो कानुनी कर्तव्यको वेवास्ता गरी नागरिकता दिएनन् र नदिने भनी कुनै निर्णय पनि गरेनन् । त्यसकारण सरल सहज ढंगबाट नेपाली नागरिका प्रमाण पत्र प्रदान गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदिकाको मुख्य माग रहेको देखिन्छ ।

८. जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको बाबु नेपाली नागरिक रहेको प्रमाण पेश भै प्रमाणित भएमा वंशजको आधारमा त्यस्ता व्यक्तिको सन्तानलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन सकिने भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) बमोजिम नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(४) मा भएको व्यवस्था निस्कृय भएको समेत कारणबाट निवेदिकालाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न नसकिएको हो भन्ने समेत व्यहोराको लिखित जवाफ रहेको देखियो ।

९. आदेश अनुसार निवेदिकाले नागरिकता पाउँ भनी दिएको निवेदन सहित कारवाही फायल प्राप्त भएको र सो फायल हेर्दा लिखित जवाफमा उल्लेख गरे जसरी आधार र कारण खोली निर्णयमा पुगी निर्णयको

जानकारी निवेदकलाई गराएको भन्ने देखिंदैन । नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदिकाको निवेदन दर्ता भएपछि निकासा लिने प्रयोजनको सिलसिलामा कारवाही भए पनि यो यति कारणबाट निवेदकको माग बमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन मिलेन भनी निर्णय गरी सो को जानकारी दिएको समेत प्राप्त जिल्ला प्रशासन कार्यालयको कारवाही मिसिलबाट देखिंदैन ।

१०. प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक भएको परिप्रेक्ष्यमा कुनै कुराको माग राखी निवेदन दिने पक्षले आफुले दिएको निवेदनको कारवाहीको सन्दर्भमा आफ्नो कुरा राख्न पाउने, कारवाहीको अवस्थाबारे जानकारी पाउने कुराहरू प्राथमिकताभित्रै पर्दछ । जसले कानुनको निश्चित प्रकृया अवलम्बन भएको देखिई स्वच्छ सुनुवाईको मर्मलाई आत्मसाथ गरेको भनी भन्नु पर्ने हुन्छ । तर निवेदिकाले नागरिकता पाउँ भन्ने माग राखी निवेदन दिएपछि सोको कारवाही प्रकृया अगाडि बढाई पत्राचार गरी निर्देशन लिने र बुझ्ने कामसम्म विपक्षी बनाइएको कार्यालयबाट भएको भन्ने प्राप्त फायलबाट देखिए पनि यसको बारेमा निवेदिकालाई कुनै जानकारी भएको भन्ने देखिंदैन ।

११. मुल कुरा त माग अनुसार मलाई नागरिकता दिने काम भएन, नागरिकता दिनु भन्ने आदेश जारी गरी पाउँ भन्ने निवेदिकाको माग भएपछि निवेदन माग बमोजिम नागरिकता दिन मिल्ने नमिल्ने विषयमा आधिकारिक निर्णय गरिएको देखिनुपर्‍यो । लिखित जवाफ दिंदा यो यस्तो कारणले निवेदिकाले माग गरे बमोजिमको काम भएको होइन भनी उल्लेख भएको देखिए पनि लिखित रूपमा निवेदन दिई आउने पक्षलाई लिखित रूपकै आधिकारिक निर्णय दिएको नदेखिएपछि लिखित जवाफ प्रस्तुत गर्दा उल्लेख गरेको कुरालाई आधार मानी विपक्षी कार्यालयबाट निर्णय भयो भनी भन्न र मान्न मिल्ने देखिँदैन ।

१२. यसरी आफू कहाँ प्रस्तुत भएको निवेदकको निवेदनमा आधिकारिक रूपमा निर्णय गरी निकासा दिएको अवस्था नरहेबाट निवेदिकाको माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखियो ।

१३. त्यसकारण अख्तियार प्राप्त अधिकारीले निर्णय गर्नुपर्ने काम यद्यपि बाँकी रहेकै अवस्था हुँदा निवेदकको माग बमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान भएकोले निवेदिकाको माग बमोजिम परमादेश जारी हुने नै देखियो ।

१४. अतः निवेदिकाले नागरिकता पाउँ भनी विपक्षी कार्यालयमा दिएको निवेदनका सम्बन्धमा कानुनको निश्चित प्रक्रिया पूरा गरी निर्णय समेत भएको नपाइएकोले नागरिकता सम्बन्धी विषयको संवेदनशीलतालाई ध्यानमा राखी निवेदिकाको नेपालको नागरिकता पाउँ भन्ने विषयको निर्णय गरी दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिदिएको छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

- माथि आदेश खण्डमा लेखिए बमोजिम निवेदिकाको नेपालको नागरिकता पाउँ भन्ने विषयको निर्णय गरि दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी भएको यो आदेशमा चित्त नबुझे श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीहरूलाई ३५ दिने पुनरावेदन म्याद दिनु ......१
- सरोकारवालले आदेशको नक्कल माग्न आएमा नियमानुसार गरी नक्कल दिनु ..............२
- दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ...............३

(वम बहादुर श्रेष्ठ)
मुख्य न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(भानुभक्त शर्मा न्यौपाने)
न्यायाधीश

<u>फैसला तयार पार्न सहयोग गर्ने</u>
इजलास अधिकृतः श्री सुमन पाण्डे
कम्प्युटर सेटिङ्ग गर्ने : श्री शक्ति ठाकुर

इति सम्वत् २०७२ फाल्गुण ०५ रोज ४ शुभम ..................

# ३२ सुनिता भुजवा
विरूद्ध
जिल्ला प्रशासन कार्यालय, बाँके समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ पौष २० गते, रजिष्ट्रेशन नं. १३-०७२-०१५६४, निर्णय नं. १८

**उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास**
**संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री शेषराज सिवाकोटी**
**माननीय न्यायाधीश श्री बीरबहादुर डाँगी**
**आदेश**
**दायरी नं.: ०७२-WO-०१८५**

**मुद्दा : परमादेश**

जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वा.नं. ५ बस्ने स्व. चानका भुजवाको छोरी वर्ष ३६ को सुनिता भुजवा ..........१ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, बाँके ..........१ विपक्षी
जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रमुख जिल्ला अधिकारी ..........१

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

**तथ्य खण्ड**

१. म निवेदिकाको जन्म बाँके जिल्ला, नेपालगंज उपमहानगरपालिका वडा नं ५ स्थित आफ्नै घरमा मिति २०३७ मा जन्म भएको हो । मेरा बाबा चानका भुजवा पनि नेपालको वंशज नागरिक हो । आमा भिन्काना भुजवा पनि नेपाली नागरिक हो । बाबु आमा दुवैको कालगतिले परलोक भै सकेको छ । आमाले नेपाली नागरिकता नलिंदै निजको स्वर्गबास भएको हो । मेरो विवाह नेपालगंज उ.न.पा. ५ निवासी अशोक कुमार भुजवासँग भएकोमा निजले नेपाली नागरिकता नलिंदै निजको पनि मृत्यु भै सकेको छ । म निवेदिका नेपाली नागरिक हुँदा हुँदै मैले आजसम्म नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्न सकिरहेकी छैन । मैले नेपाली नागरकता प्रमाणपत्र प्राप्त नगरेको कारण म विधवा एकल महिलाले राज्यबाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता समेत प्राप्त गर्न नसकेको कारण मलाई जीवन धान्न गाह्रो भै अर्काको दयाको पात्र भै कष्टकर जीवन बिताउन बाध्य भएको छु ।

२. म निवेदिकाले नागरिकताको अनुसूची फारम भरी बाबु चनाका भुजवाले विपक्षी कार्यालयबाट प्राप्त गरेको वंशजको नेपाली नागरिकता प्रमाणपत्र, बाबुसँगको नाता प्रमाणित प्रमाणपत्र, मेरो जन्मदर्ताको प्रमाणपत्र, बाबुको मृत्यु दर्ताको प्रमाणपत्र, पति अशोक कुमार भुजवासँग नाता प्रमाणित प्रमाणपत्र, वडा समितिको सर्जमिन मुचुल्का समेत साथै राखी आवेदन गरेकोमा वडा समितिको कार्यालयबाट म निवेदिकाले बाबुको नाउबाट नागरिकता पाउँ भनी विपक्षीहरूकहाँ पेश गरेकोमा सनाखत व्यक्तिको अभावमा म निवेदिकालाई तत्काल नागरिकता प्रदान गर्न नमिल्ने भनी विपक्षी कार्यालयले मलाई मिति २०७३।२।१० गते लिखित रूपमै इन्कार गरिएकोले म निवेदकलाई नागरिकता प्रमाणपत्र लिनबाट वञ्चित भै मेरो नागरिक तथा संवैधानिक हकबाट पुरै वञ्चित भएकोले विपक्षीहरूको नाममा कानुनी कर्तव्यको पालना गरी सरल र सहज ढंगबाट तत्कालै मलाई बाबुको नाउँबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) तथा नागरिक अधिकार ऐन, २०१२ को दफा १७ बमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदक सुनिता भुजवाको निवेदनपत्र ।

३. यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन ? आदेश जारी हुनु नपर्ने कुनै कारण र प्रमाण भए सो समेत संलग्न गरी बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिभित्र पुनरावेदन सरकारी वकिल

कार्यालय, नेपालगंज मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ परेपछि वा सो को अवधि नाघे पछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७३।३।२७ को आदेश ।

४. निवेदिका सुनिता भुजवाले पति अशोक कुमार भुजवासमेतका नाम ठेगाना समावेश गरी आफ्नो बुबा चानका भुजवाको नामबाट वंशजको नागरिकता पाउँ भनी माग गरेकीमा पतिसँगको विवाह दर्ता प्रमाणपत्र समावेश नरहेको तथा पति नेपाली नागरिक हुन् होइनन् ? भनेर राष्ट्रियता खुल्ने किसिमको स्पष्ट प्रमाण कागजात पेश गर्न नसकेको कारणले गर्दा निवेदिकालाई नेपाली नागरिकता प्रदान गर्न नसकेको हो । निवेदिकाले पतिको नाम ठेगाना समावेश गराउन आफ्नो पतिको राष्ट्रियता खुल्ने आवश्यक प्रमाण कागजात पेश गरेका बखत पतिको नाम ठेगाना समावेश गरी निजको बाबुको नामबाट वंशजको नेपाली नागरिकता निवेदिकालाई प्रदान गर्न सकिने व्यहोरा अनुरोध छ । साथै निवेदिका सुनिता भुजवाले पतिको नाम समावेश नगरी आफ्नो जन्मदाता बाबुको तर्फबाट बाबुकै ठेगाना कायम गरी वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न आवेदन गरेको अवस्थामा निजलाई नियमानुसार सनाखतको प्रकृया अवलम्बन गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न निवेदिकालाई यस कार्यालयबाट कुनै रोकावट नरहेको व्यहोरा समेत सादर अनुरोध छ । तसर्थ बाबुको नामबाट वंशजको नागरिकता दिइएन भनी निवेदिकाले लगाउनु भएको आरोप झुट्टा भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय बाँके र प्रमुख जिल्ला अधिकारीको संयुक्त लिखित जवाफ ।

**आदेश खण्ड**

५. नियम बमोजिम साप्ताहिक एवं आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको निवेदन सहितको सक्कल मिसिल अध्ययन गरी निवेदकतर्फका विद्वान अधिवक्ता श्री सुनिलकुमार श्रेष्ठले मेरो पक्ष निवेदिकाले नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि विपक्षी कार्यालयमा कागजात सहित पेश गरेको अवस्थामा विपक्षी कार्यालयले निवेदिकालाई नागरिकता प्रदान गर्न नमिल्ने भनी लिखित रूपमै इन्कार गरेकोले मेरो पक्षको कानुनी र संवैधानिक हकको गम्भिर आघात परेकोले विपक्षीहरूका नाममा तत्कालै मलाई बाबुको नाउबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

६. त्यस्तै विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँके समेतका तर्फबाट उपस्थित पुनरावेदन सरकारी वकिल कार्यालय नेपालगंजका विद्वान शाखा अधिकृत श्री कर्णबहादुर बुढाक्षेत्रीले निवेदिकाले नागरिकता अनुसूची फाराममा पतिको नाम समेत उल्लेख गरेको र निजको पतिको राष्ट्रियता नखुलेको अवस्था रहेकोले जिल्ला प्रशासन कार्यालयले नागरिकता दिन इन्कार गरेको अवस्था हो । रिट निवेदिकालाई बाबुको नामबाट प्रकृया पुऱ्याई नागरिकता प्रमाणपत्र दिन सकिने भन्ने कार्यालयको लिखित जवाफ रहेको सन्दर्भमा रिट निवेदन खारेज गरी पाउँ भनी वहस समेत सुनियो ।

७. प्रस्तुत मुद्दामा निवेदकको निवेदन, विपक्षीहरूको लिखित जवाफ र विद्वान कानुन व्यवसायीको बहस समेतलाई मध्येनजर गर्दा निवेदकको निवेदन जिकिर बमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

८. निर्णयतर्फ विचार गर्दा म निवेदिकाले नागरिकताको अनुसूची फारम भरी बाबुको नाउँबाट नागरिकता पाउँ भनी विपक्षीहरूकहाँ पेश गरेकोमा सनाखत गर्ने व्यक्तिको अभावमा म निवेदिकालाई तत्काल नागरिकता प्रदान गर्न नमिल्ने भनी विपक्षी कार्यालयले नागरिकता प्रमाणपत्र दिन इन्कार गरेकोले मेरो नागरिकता तथा संवैधानिक हकबाट पुरै वञ्चित भएको हुँदा तत्कालै मलाई बाबुको नाउबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदक सुनिता भुजवाको निवेदनपत्र रहेकोमा निवेदिकाले पतिको नाम ठेगाना समावेश गराउन आफ्नो पतिको राष्ट्रियता खुल्ने आवश्यक प्रमाण कागजात पेश गरेका बखत पतिको नाम ठेगाना समावेश गरी निजको बाबुको नामबाट वंशजको नेपाली नागरिकता निवेदिकालाई प्रदान गर्न सकिने, साथै निवेदिका सुनिता भुजवाले पतिको नाम समावेश नगरी आफ्नो जन्मदाता बाबुको तर्फबाट बाबुकै ठेगाना कायम गरी वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न आवेदन गरेको अवस्थामा निजलाई नियमानुसार सनाखतको प्रकृया अवलम्बन गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न निवेदिकालाई यस कार्यालयबाट कुनै रोकावट नरहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको पाइन्छ ।

९. प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण कागजातको रूपमा रहेको हुन्छ । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । कुनै व्यक्ति कुनै देशमा लामो समय बसोबास गर्दैमा नागरिक बन्न सक्दैन र नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न नसक्ने अवस्था रहन्छ । राजनीतिक

एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । नागरिकताको प्रमाणपत्र संविधान र कानुनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ । संविधान र कानुनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोबास गरेको जहाँसुकै जन्मेको भए पनि नागरिक बन्न सक्दैन ।

१०. प्रस्तुत मुद्दामा मिसिल संलग्न निवेदिकाले निवेदन साथ पेश गरेको नेपाली नागरिकताको प्रमाणपत्रबाट निवेदिकाको पिता चानका भुजवा नेपाली नागरिक रहेको तथ्यमा कुनै विवाद नरहेको र विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेका तर्फबाट पेश भएको लिखित जवाफमा नै निवेदिका सुनिता भुजवाको पतिको नाम समावेश नगरी आफ्नो जन्मदाता बाबुको तर्फबाट बाबुकै ठेगाना कायम गरी वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न आवेदन गरेको अवस्थामा निजलाई सनाखतको प्रकृया अवलम्बन गरी नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्न यस कार्यालयबाट कुनै रोकावट नरहेको भनी उल्लेख गरेको अवस्थामा निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कुरामा सम्बन्धित कार्यालय सहमत नै रहेको देखिँदा निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु तथ्यसंगत र न्यायसंगत नै हुने देखियो ।

११. तसर्थ जिल्ला प्रशासन कार्यालय बाँकका तर्फबाट यस अदालतमा पेश गरिएको लिखित जवाफमा "निजको बाबुको नामबाट वंशजको नेपाली नागरिकता निवेदिकालाई प्रदान गर्न सकिने" भन्ने व्यहोरा उल्लिखित भएको देखिंदा निवेदिकालाई नियमानुसार सनाखत समेतको प्रकृया अवलम्बन गरी सो कार्यालयबाट पेश गरिएको लिखित जवाफमा लेखिए बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय बाँकेका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसील**

- निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुने ठहरी आदेश भएकाले प्रस्तुत आदेश उपर चित्त नबुझे ऐनका म्याद ३५ (पैंतीस) दिनभित्र श्री सर्वोच्च अदलतमा पुनरावेदन गर्नु भनी विपक्षीलाई अ.वं. १९३ नं. ले पुनरावेदन म्याद दिनू ............१
- नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनु ............२
- फैसलाको विद्युतीय प्रति इन्ट्रानेटमा अपलोड गरी सोको निस्सा फैसलाको पीठमा जनाईदिनु .......३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू .......४

शेषराज सिवाकोटी
(न्यायाधीश)

उक्त आदेशमा म सहमत छु ।

बीरबहादुर डाँगी
(न्यायाधीश)

फैसला तयार पार्न सहयोग गर्ने
शाखा अधिकृतः विरेन्द्रप्रकाश खड्का

इति सम्वत् २०७३ पौष २० गते रोज ४ शुभम् ............ ।

# ३३ दिप्ती गुरूङ
विरूद्ध
प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७४ साल जेठ महिना ८ गते, निर्णय नं.

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**आदेश**
०७२-**WO**-०६२९

**मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ बस्ने नेहा गुरूङ्गको वारेस भै आफ्नो हकमा समेत ऐ.ऐ. बस्ने दिप्ती गुरूङ्ग ............................................................१ निवेदीका

**विरूद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ..........................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........................................................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, मानभवन ललितपुर ..............................................१
ललितपुर उप महानगरपालिका वडा नं. ३ को कार्यालय पुल्चोक ललितपुर ...............................१ विपक्षी

नेपालको संविधान, २०७२ को धारा ३२ र १०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको तथ्य एवं आदेश यस प्रकार छः

निवेदीकामध्येको म दिप्ती गुरूङ्ग र मेरी छोरी नेहा गुरूङ्ग ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका वडा नं. ३ मा बसोबास गरिरहेका छौ । मेरी छोरी नेहा गुरूङ्ग हाल १०+२ पास गरी उच्च शिक्षाको लागि National Law Collegeमा अध्ययनरत छिन् ।उनको जन्म २०५११।३ मा ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका वडा नं. ३ स्थित घरैमा भएको हो । मेरी छोरी नेहा गुरूङ्ग १०+२ पढिरहेको उच्च माध्यमिक विद्यालयले छोरीको जन्मदर्ता र नागरिकताको प्रमाण पत्र माग गरेको हुनाले मिति २०६९।९।१२ मा छोरी नेहाको जन्मदर्ता र नागरिकताको लागि ललितपुर उप-महा नगरपालिका वडा नं. ३ को कार्यालयमा निवेदन लिई जाँदा निवेदन दर्ता गरिदिनु भएन । उक्त निवेदन साथ मेरो नागरिकता संलग्न राखी, म मेरी छोरीको एकल आमा हुँ भन्ने कुरा स्पष्ट उल्लेख गरेको थिएँ । २०७२ साल आषाढ ३१ गते बिहिवार, छोरी नेहा गुरूङ्गको जन्म दर्ता गरिदिनु भयो तर जन्म दर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारामको तेश्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको र English version को Family Record form No. को तेश्रो हरफमा "daughter of Mr. Thegan Nabhaeko भन्ने लेखी जन्म दर्ता गरीदिनु भयो । यसरी छोरीको जन्म दर्ता भैसकेपछि "नागरिकताको लागि सिफारिस पाउँ" भनी मिति २०७२।४।१ देखि हालसम्म निरन्तर रूपमा अर्थात मिति २०७२ । ११ । ५ गते बुधवारसम्म ललितपुर उप महानगरपालिका वडा नं. ३ को कार्यालय धाउँदा पनि नागरिकताको लागि सिफारिस दिनु भएन । यसैबीच मैले नागरिकताको प्रमाण-पत्र बनाउन सिफारिस पाऊँ भन्ने निवेदन उपर कार्वाही के आधार र कारणबाट अगाडि नवढेको हो सूचना पाऊँ भनी निवेदन पनि दर्ता गराएको थिएँ । यसरी ३ नं. वडा कार्यालयबाट सिफारिस प्राप्त गर्न नसके पछि हामी आमा छोरी प्रमुख जिल्ला अधिकारीको कार्यालय मानभवन ललितपुरमा निवेदन लिएर गएकोमा बाबुको नागरिकता नभै छोरीको नागरिकता बन्दैन भनी हप्काउने भाषामा हामीहरूले मौखिक जवाफ पाएको हुनाले अन्य कुनै बैकल्पिक बाटो नभएको हुनाले यो रिट निवेदन लिई यससम्मानित अदालतसमक्ष उपस्थित भएका छौं ।

हामी रिट निवेदीकाहरु पुर्ण नेपाली नागरिक हौं । निवेदीकामध्येको म नेहा गुरूङ्गको बाबुको पहिचान नभएको र आमा नेपाली नागरिक नै हुनुहुन्छ । बाबु वा

आमामध्ये कुनै एक जना नेपाली नागरिक रहेछन् भने, निजको सन्तानले बंशजको आधारमा नेपालको नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानूनले गरेको छ, तर निवेदीकाको पिताको पहिचान नभएकै कारणले मलाई नेपालको नागरिकताको प्रमाण-पत्र प्राप्त गर्नबाट बञ्चित र विपक्षीहरूको मौखिक आदेशले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको छ । निवेदीकामध्येको म दिप्ती गुरूङ्ग, निवेदीका छोरी नेहा गुरूङ्गको एकल आमा भई संरक्षण गर्दै आइ रहेकी छु । छोरीहरूको पिताको पहिचान म स्वयं छोरीको आमाले पनि गर्न सकेको छैन । आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने भनी संवैधानिक तथा कानूनी व्यवस्था भए बमोजिम मेरो छोरीलाई म आमा दिप्ती गुरूङ्गको नामबाट बंशजको आधारमा नागरिकता प्रमाण-पत्र दिलाई पाउँ । म निवेदीकामध्येको नेहा गुरूङ्गलाई मेरी आमा दिप्ती गुरूङ्गले जन्म दिई, पालन पोषण, शिक्षा दिक्षा, स्वास्थ्योपचार गरी बढाउनु र पढाउनु भयो, मेरो पिताको नाम मैले सुनेको र देखेको पनि छैन अतः सम्बैधानिक एवं कानूनी व्यवस्था भए बमोजिम मेरी आमा दिप्ती गुरूङ्गले वहाको नामबाट मेरो पहिचान दिन पाउने हक भएको र मैले मेरी आमाबाट पहिचान पाउने अधिकार सुनिश्चित भएको हुनाले, मलाई मेरो आमाको नामबाट नागरिकता दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ ।

मिति २०७२ साल आषाढ ३१ गते ललितपुर उप महानगर पालिकाको वडा नं. ३ को कार्यालयले गरिदिएको मेरो जन्मदर्ता प्रमाण-पत्रको पारीवारिक लगत फारमको तेश्रो हरफमा बस्ने ठेगान नभएको र English version को Family Record form No.को तेश्रो हरफमा "daughter of Mr.Thegan Nabhaeko" भन्ने वाक्यांश उत्प्रेषणको आदेशले वदर गरिपाउँ । पछि मेरो नाममा जारी हुने नागरिकताको प्रमाण-पत्रमा "बाबुको पहिचान नभएको र ठेगान नभएको" भन्ने शब्दहरूले नागरिकताको प्रमाण पत्र देखाउदा लज्जित हुनुपर्ने अवस्था श्रृजना हुने हुनाले यस्ता शब्दहरु नागरिकताको प्रमाण पत्रमा नराख्नु भनी विपक्षीहरूको नाममा परमादेश लगायतका जो चाहिने आज्ञा आदेश जारी गरीपाउँ । म जस्ता नागरिकता विहिन भै पिडित भएका नेपाल भरीनै लाखौं लाख नेपालीहरु हुनुहुन्छ वहाँहरूको हकमा समेत व्याख्या हुने गरी, परमादेश जारी गरी गृह मन्त्रालय मार्फत ७५ रै जिल्ला प्रशासन कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत देश भरीका सबै गाउँ विकास समिति कार्यालयहरु, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाको कार्यालयहरु र तीनका सबै वडा कार्यालयहरूको नाममा उक्त आदेश कार्यान्वयनको लागि परिपत्र गर्नु भन्ने आदेश समेत जारी गरिपाउँ भन्ने समेत वेहोराको रिट निवेदन ।

विपक्षीहरूबाट नियमानुसार लिखित जवाफ पेस गर्नु भन्ने आदेश हुनुको साथै निवेदिका महिला भएको र नागरिकता जस्तो महत्वपूर्ण विषयसँग सम्बन्धित विवाद समावेश भएको देखिंदा अग्राधिकार दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको आदेश ।

ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयले बाबुको नागरिकता नभई आमाको नगरिकताका आधारमा जन्मदर्ता गर्दा प्रमाणपत्रको पारिवारीक लगत फारममा उल्लेख गरेका केही विषयहरु बदर गरी पाउँ भन्ने निवेदन जिकिरका सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ मा व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनका लागि नेपाल सरकारले एकजना पञ्जिकाधिकारी (रजिष्ट्रार) र निजको मातहतमा रहने गरी नेपालको प्रत्येक गाउँ विकास समिति वा नगरपालिका क्षेत्रको लागि स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार)हरु नियुक्त गर्न वा तोक्न सक्ने व्यवस्था रहे बमोजिम नेपाल सरकारबाट पञ्जिकाधिकारी र स्थानीय पञ्जिकाधिकारीहरु तोकी व्यक्तिगत घटना दर्ताको काम हुँदै आइरहेको छ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता भई सकेको व्यक्तिगत घटना विवरण सच्याउने र दर्ता भइसकेको नाम फेर्ने स्थानीय पंजिकाधिकारीलाई अनुमति दिने सम्बन्धमा पञ्जिकाधिकारी (रजिष्ट्रार)लाई अधिकार दिएको छ । निवेदीकाले जिकिर गरेका विषयमा पञ्जिकाधिकारी (रजिष्ट्रार)समक्ष उजूरी दिन सक्ने वैकल्पिक उपचारको व्यवस्था छँदाछँदै उक्त मार्ग अवलम्बन नै नगरी दायर गरिएको विपक्षीको रिट निवेदन Doctrine of alternative remedy विपरित भएकोले प्रथम दृष्टि (Prima Facie) मै खारेज भागी छ । आमाको नामबाट वंशजको आधारमा नागरिकता पाउने निवेदन जिकिरको सम्बन्धमा, नेपालको संविधान तथा अन्य प्रचलित कानूनले नेपालको नागरिक आमाबाट नेपालमा जन्म भएका व्यक्तिले आमाको नामबाट नेपालको नागरिकता पाउने र नागरिकता प्राप्तिको लागि अधिकार प्राप्त अधिकारीसमक्ष दिने निवेदन साथ संलग्न गर्नु पर्ने प्रमाण तथा कागजातका सम्बन्धमा समेत व्यवस्था गरेको हुँदा आमाको नामबाट नागरिकता प्राप्त गर्ने सम्बन्धमा यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दिनु पर्ने आधार र कारण नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ ।

निवेदीकाहरूले स्थायी बसोबास भएको स्थानबाट सम्बन्धित स्थानीय निकायको सिफारिस लिई सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिएमा सोको कारवाही सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नै हुन्छ । नागरिकता प्राप्तिका लागि आवश्यक प्रमाण कागजातहरू पूरा गर्ने प्रारम्भिक दायित्व निवेदीकाहरूकै भएको हुँदा तोकिएको कार्यविधि पूरा गरी ऐन नियमले पेश गर्नुपर्ने भनी निर्धारण गरेको कागजात सहित जिल्ला प्रशासन कार्यालय गएको खण्डमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुने भएकोले यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन यस मन्त्रालयको हकमा खारेज गरिपाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदीकाको माग बमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) बमोजिम कुनै व्यक्ति जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।१६ वर्ष उमेर पुगेका व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र लिखत चाहेमा तोकिएको अधिकारीसमक्ष आवश्यक पर्ने कागजातहरु बाबु वा आमा वा वंशजको तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र, तीन पुस्ता भित्रका नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको खुल्ने नाता प्रमाणित पत्र सहित कागज संलग्न राखी तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ । निवेदीकाले उठान गरेको विषयमा उल्लिखित कागजातसहित निर्दिष्ट फाराम भरी यस कार्यालयमा स्वयं उपस्थित हुनुपर्ने तथा कानूनले तोकेको प्रमाण कागजात स्वयंले नै पेश गर्नुपर्ने दायित्व समेत निवेदीकाको नै भएकोले सो बमोजिमको प्रमाण कागजात सहित यस कार्यालयमा स्वयं उपस्थित भएको अवस्था नदेखिएकोले झुट्टा विवरण उल्लेख गरी दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ ।

विपक्षी रिट निवेदीकामध्येका दिप्ती गुरूङले निकिता गुरूङको हकमा ०७०-WO-८३२ को रिट निवेदनमा यससम्मानित अदालतबाट मिति २०७१।१।२६ मा भएको फैसलामा जन्मदर्ता गराई दिनु भनी परमादेश जारी भएको छ ।उक्त निवेदनमा यी रिट निवेदीकामध्येका नेहा गुरूङको सम्बन्धमा केही कुरा खुलाइएको छैन । उक्त रिट निवेदनमा केवल निकिता गुरूङको मात्र नाम उल्लेख गरिएको छ भने प्रस्तुत मुद्दामा नेहा गुरूङको मात्र नाम उल्लेख गरिएको पाइन्छ । रिट निवेदीका दिप्ती गुरूङको दुई जना छोरीको जायजन्म भएको कुरा यस कार्यालयको दर्ता किताबबाट देखिएको छ भने निवेदीकाहरूको छुट्टाछुट्टै निवेदनबाट समेत सो कुरा पुष्टि भएको अवस्थामा निवेदीकाको भनाईलाई मात्र आधार लिई यस कार्यालयको नाममा रिट निवेदनमा उल्लेख भए बमोजिमको परमादेश लगायतका आदेश जारी गर्न मिल्ने होइन । बालबालिकाको बाबुको ठेगान नभएको अवस्थामा नागरिकता विहिन वा राज्य विहिन बनाउनु हुँदैन तर यस कार्यालय पनि कानूनको परिधिभित्र रहेर मात्र नागरिकता फाराममा सिफारीस गर्न सक्दछ । ऐन नियमले गरेको व्यवस्था विपरीत हुने गरी कार्यालयले सिफारिस गर्न सक्ने अवस्था रहँदैन । नागरिकता प्राप्ती गर्ने प्रक्रिया नागरिकता नियमावली, २०६३ ले स्पष्ट रूपमा गरेको छ । उक्त नियमावलीमा गरिएको व्यवस्थाको कुनै पनि कार्यको अनुशरण नगरी (कार्यविधि नअपनाई) सिधै रिट क्षेत्रमा प्रवेश गरी रिट निवेदन दायर गरेको छ । रिट निवेदीकाको जस्तो विवादको विषयमा यस कार्यालयद्वारा सिधै सिफारिस गर्न मिल्दैन र नियमानुसार सिफारिस गर्दा अपनाउनुपर्ने कार्यविधि उपर प्रमुख जिल्ला अधिकारीलाई शंका लागेमा पुनः उनीहरु समेतलाई कार्यालयमा झिकाई आवश्यक छानविन गर्न पाउने अधिकार नियमावलीले गरेको हुँदा यस कार्यालयको तर्फबाट विपक्षीको कार्यमा कुनै अवरोध नभएको हुँदा यस कार्यालयको नाममा निवेदन माग बमोजिम रिट जारी हुनुपर्ने होइन । नागरिकता ऐन र नियमावलीले व्यवस्था गरे बमोजिम प्रमुख जिल्ला अधिकारीले सोधनी गरेको अवस्थामा कानून बमोजिम आवश्यक सर्जमिन गरी पेश गर्ने अवस्था हुँदा विपक्षीको रिट निवेदनमा उल्लेख भएबमोजिम नागरिकता दिनबाट वञ्चित हुने कार्य यस कार्यालयबाट नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने ललितपुर उपमहानगरपालिका वडा नं. ३ को लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदीकाको तर्फबाट विद्वान अधिवक्ता श्री मीरा ढुङ्गना र श्री सुषमा गौतमले नागरिकता कुनै पनि व्यक्तिको लागि अत्यन्तै महत्वपूर्ण आधारभूत दस्तावेज हुनुका साथै राज्यबाट प्रदान गर्ने सुविधा तथा अधिकार प्राप्त गर्न र अवसर प्राप्तीको लागि अनिवार्य विषय हो । नागरिकता विहिन व्यक्ति प्राकृतिक रूपमा मानव भएतापनि कानूनी रूपमा अधिकार विहिन भई आधारभुत मानव अधिकार समेतबाट बञ्चित हुनुपर्ने अवस्थामा रिट निवेदीकामध्येकी नेहा गुरूङ्ग पुगेको छ जुन

अत्यन्त गंभीर, संवेदनशील र सार्वजनिक सरोकारको विषय पनि हो । बाबु अथवा आमामध्ये कुनै एक जना नेपाली नागरिक रहेछन् भने, निजको सन्तानले बंशजको आधारमा नेपालको नागरिक हुने भन्ने प्रष्ट व्यवस्था संविधान र कानूनले गरेको भएतापनि निवेदीकामध्येको नेहा गुरूङ्गको पिताको पहिचान नभएकै कारणले निवेदीकालाई नेपालको नागरिकताको प्रमाण-पत्र प्राप्त गर्नबाट बञ्चित गरिएको छ । नेपालको संविधान २०७२ र नागरिकता सम्बन्धी ऐनले समेत महिलाले आफ्नो सन्तानलाई नागरिकता अर्थात पहिचान दिनसक्ने हक प्रदान गरेको भएता पनि व्यवहारमा उक्त हक र अधिकार कार्यान्वयन गर्नु गराउनुपर्ने अधिकारीले नै उक्त हकरअधिकार कार्यान्वयन नगरी निवेदीका नेहा गुरूङ्गलाई पहिचानको अधिकारबाट बंचित गरिरहेको अवस्था छ । यसरी निवेदीकामध्ये दिप्ती गुरूङ्ग, निवेदीकाकी छोरी नेहा गुरूङ्गको एकल आमा भई संरक्षण गर्दै आइ रहेकी र छोरीहरूको पिताको पहिचान स्वयं छोरीको आमाले पनि गर्न नसकेको अवस्थामा आमाले आफ्ना सन्तानलाई नागरिकता दिई पहिचान दिन पाउने संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम छोरी नेहालाई आमा दिप्ती गुरूङ्गको नामबाट बंशजको आधारमा नागरिकता प्रमाण-पत्र दिनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ । साथै मिति २०७२ साल आषाढ ३१ गते ललितपुर उपमहानगरपालिकाको वडा नं. ३ को कार्यालयले गरिदिएको जन्मदर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारमको तेश्रो हरफमा बस्ने ठेगान नभएको र English version को Family Record form No. को तेश्रो हरफमा "daughter of Mr.Thegan Nabhaeko" भन्ने वाक्यांश उत्प्रेषणको आदेशले वदर गरी पछि जारी हुने नागरिकताको प्रमाण-पत्रमा त्यस्ता शब्दहरु नराख्नु भन्ने विपक्षीहरूको नाममा परमादेश लगायतका जो चाहीने आज्ञा आदेश समेत जारी गरिपाउँ भनी वहस गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले निवेदीकाहरूले स्थायी बसोबास भएको स्थानबाट सम्बन्धित स्थानीय निकायको सिफारिस लिई सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिएमा सोको कारवाही सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नै हुन्छ । नागरिकता प्राप्तिका लागि आवश्यक प्रमाण कागजातहरु पूरा गर्ने प्रारम्भिक दायित्व निवेदीकाहरूकै भएको हुँदा तोकिएको कार्यविधि पूरा गरी नागरिकता ऐन र नियमावलीले पेश गर्नुपर्ने भनी निर्धारण गरेको कागजात सहित प्रमुख जिल्ला अधिकारीले सोधनी गरेको अवस्थामा कानून बमोजिम आवश्यक सर्जमिन गरी पेश गर्ने अवस्था हुँदा विपक्षीको रिट निवेदनमा उल्लेख भएबमोजिम नागरिकता दिनबाट वञ्चित हुने कार्य गरेको छैन प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी वहस गर्नुभयो ।

अब रिट निवेदीका तथा विपक्षीहरूको तर्फबाट प्रस्तुत बहस जिकीर समेत सुनी मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरु अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदीकाको माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा रिट निवेदीकाहरूमध्येको आमा दिप्ति गुरूङ्ग एकल महिला भएको कारणले आमाको नामबाट अर्को रिट निवेदीका छोरी नेहा गुरूङ्गलाई वंशजको आधारमा नागरिकता दिलाई पाउँ र मिति २०७२ साल आषाढ ३१ गते ललितपुर उप महानगर पालिकाको वडानं. ३ को कार्यालयले दिएको जन्मदर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारमको तेश्रो हरफमा बस्ने ठेगान नभएको English version को Family Record form No. को तेश्रो हरफमा "daughter of Mr.Thegan Nabhaeko" भन्ने वाक्यांश उत्प्रेषणको आदेशले वदर गरी पछि नेहा गुरूङ्गको नाममा जारी हुने नागरिकताको प्रमाण-पत्रमा बाबुको पहिचान नभएको र ठेगान नभएको भन्ने जस्ता शब्दहरु नागरिकताको प्रमाण पत्रमा नराख्नु भनी विपक्षीहरूको नाममा परमादेश लगायतका जो चाहीने आज्ञा आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदन जिकिर रहेकोमा नागरिकता प्राप्तिका लागि आवश्यक प्रमाण कागजातहरु पूरा गर्ने प्रारम्भिक दायित्व निवेदीकाहरूकै रहेको र तोकिएको कार्यविधि पूरा गरी नागरिकता ऐन र नियमावलीले निर्धारण गरेको कागजात पेश गर्नुपर्ने हुँदा विपक्षी रिट निवेदीकालाई नागरिकता दिनबाट वञ्चित गरेको छैन भनी विपक्षी नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, मानभवन ललितपुर समेतको लिखित जवाफ परेको देखियो ।

रिट निवेदीकाहरूको आमाको नामबाट वंशजको आधारमा नागरीकता पाउँ भन्ने जिकिर तर्फ विचार गर्दा वंशजको आधारमा नेपालको नागरिकता पाउने सम्बन्धमा नेपालको संविधानको धारा १०(१) ले "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बंचित नगरिने" धारा ११(२) (ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने" भनी व्यवस्था हुनुको साथै धारा ११(५) मा "नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ" भन्ने समेत व्यवस्था

भएको देखिन्छ । त्यसैगरी नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को उपदफा (१) मा संविधानको भावना अनुरूप नै "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भन्ने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ" भनी व्यवस्था गरेको देखियो । जुन व्यवस्था अनुसार बावु वा आमामध्ये कुनै एक नेपाली नागरिकबाट नेपालमा जन्मेको जुनसुकै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न योग्य हुन्छ । उक्त व्यवस्थाले नेपाली महिलाले आफ्नो सन्तानलाई नागरिकता अर्थात पहिचान दिन सक्ने हक प्रदान गर्नुका साथै बाबुको पहिचान हुन नसकेता पनि नेपालको नागरिक आमाबाट जायजन्म भएको छोरा छोरीहरूले वंशजको आधारमा नागरिकता पाउँने नै देखियो । प्रस्तुत रिट निवेदनमा रिट निवेदीका आमा दिप्ती गुरूङ्ग धन बहादुर गुरूङ्गको छोरी नागरिकता प्रमाणपत्र नम्बर ५७८०१ धारी नेपाली नागरिक भएको जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०४९।६।१२ मा जारी भएको नागरिकता प्रमाणपत्र र रिट निवेदीका छोरी नेहा गुरूङ्गको ललितपुर उप-महानगरपालिका वडा नं. ३ ले मिति २०७२।३।३१ मा दिएको जन्म दर्ता प्रमाणपत्रले निज निवेदीकाहरु नेपाली नागरीक नै भएको पुष्टी हुन आयो । जन्म हुँदाका बखत बाबु अथवा आमामध्ये कुनै एक जना नेपाली नागरिक रहेको, नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने छ भनी संविधान र कानूनले स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा निज निवेदीकाहरु नेपाली आमाबाट नेपालमा नै जायजन्म भएको नेपाली नागरिक भएको मिसिल संलग्न प्रमाणहरूबाट प्रष्ट देखिरहेको अवस्थामा निवेदीकामध्येको छोरी नेहा गुरूङ्गको पिताको पहिचान नभएकै कारणले निजलाई नेपालको नागरिकताको प्रमाण-पत्र प्राप्त गर्नबाट बञ्चित गरी निजको पहिचान नै लोप हुने अवस्था सिर्जना गर्नु न्यायोचित हुंदैन ।

प्रत्येक शिशु जन्मेपछि दर्ता गरिने, निजको नाम राखिने तथा राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भने बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार समेत सुनिश्चित हुने अन्तराष्ट्रिय मान्यता रहेको र सो मान्यतालाई नेपाल सरकारले समेत आत्मसात गरिरहेको विभिन्न सन्धी, महासन्धी, सम्झौताहरूको पक्ष राष्ट्र भएबाट पुष्टि भईरहेको अवस्थामा निवेदीकामध्येको दिप्ती गुरूङ्गले निवेदीका छोरी नेहा गुरूङ्गलाई जन्म दिई एकल आमाको रूपमा संरक्षण गर्दै, पालन पोषण, शिक्षा दिक्षा, स्वास्थ्य उपचार गरी बढाउनु र पढाउनु भएको देखिन्छ भने निवेदीका छोरी नेहा गुरूङ्गले आफ्नो पिताको नाम पनि नसुनेको र नदेखेको भई आमा दिप्ती गुरूङ्गको नामबाट पहिचान पाउन चाहिरहेको अवस्थामा निज नेहा गुरूङ्गले आमाको नामबाट नागरिकता पाउने हक सुरक्षित नै रहेको अवस्थामा निवेदीका दिप्ति गुरूङ्गले दुई छोरीहरूको जायजन्म गरेर पनि छोरीहरूको बाबु थाहा नभएको भनी नागरिकता पाउनबाट वंचित गर्न मिल्ने देखिएन । निज छोरीहरूको बाबु को हो भनी थाहा नभएकै कारणबाट सफा हातरनियत नभएको भन्ने विपक्षीहरूको लिखित जवाफ संग सहमत हुन सकिएन ।

लैङ्गिक आधारमा कुनै पनि प्रकारको भेदभाव नगर्ने भनी संविधानमा मौलिक हकको रूपमा व्यवस्था भईरहेको अवस्थामा निवेदीकामध्येको आमा दिप्ती गुरूङ्ग नेपालको नागरिक भएको निजको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुदै निवेदीका छोरी नेहा गुरूङ्गलाई निजको बाबु पत्ता नलागेको कारण देखाई नागरिकताको प्रमाणपत्र जारी नगर्नु निवेदिका नेहा गुरूङ्गको मात्र नभई निजको आमा निवेदीका दिप्ति गुरूङ्गको समेत मौलिक हक हनन हुने देखियो । अतः नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ ले निजहरूको पहिचान सम्बन्धि हक सुनिश्चित गरिरहेको देखिंदा आमाले आफ्नो सन्तानलाई पहिचान दिन सक्ने संविधान एवं कानूनले प्रदान गरेको अधिकार बमोजिम आमा दिप्ती गुरूङ्गको नामबाट छोरी नेहा गुरूङ्गले नागरिकता पाउने नै देखियो ।

प्रत्येक नागरिकलाईसम्मान पूर्वक बाच्न पाउनु निजको नैसर्गिक अधिकार हो । मिति २०७२।३।३१ गते ललितपुर उपमहानगरपालिकाको वडा नं. ३ को कार्यालयले दिएको जन्मदर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारमको तेश्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको र English version को Family Record form No. को तेश्रो हरफमा daughter of Mr. Thegan Nabhaeko भन्ने लेखिएबाट पितृसतात्मक सोच भएको नेपाली समाजमा बाबुको ठेगान नभएको छोरी भनी आफ्नो परिचय दिनु पर्दा निज निवेदीकालाई हेर्ने दृष्टिकोणमा नै फरक पर्न गई हेय र अपमानित हुनुपर्ने अवस्था सृजना हुनजाने देखिंदा निज निवेदिका नेहा गुरूङ्गको आत्मसम्मानमा चोट पुग्न जाने नै देखियो । कुनै पनि नागरिकको आत्मसम्मनमा चोट पुऱ्याउने हक कुनै पनि निकाय वा व्यक्तिलाई नहुने हुंदा उक्त मिति २०७२।३।३१ मा ललितपुर उप-महानगरपालिकाले निवेदीका नेहा गुरूङ्गको जन्मदर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारमको तेश्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको Family Record form No. को तेश्रो हरफमा daughter of Mr. Thegan Nabhaeko" भनी उल्लेख भएको व्यहोरा बदर योग्य नै देखियो ।

निवेदीकाहरु जस्ता पुर्णरूपमा नेपाली नागरीक भई विभिन्न कारणबाट आमाको नाममा नागरिकता लिन चाहेर पनि आमाको पहिचानबाट नागरिकता नपाई नागरिकता विहिन भै पिडित भईरहेको विभिन्न समयमा परेका रिट निवेदनहरूबाट पुष्टि भईरहेको देखिन्छ । आमाको नामबाट नागरिकता पाउने सम्बन्धमा संविधान तथा नेपाल नागरिकता ऐनमा स्पष्ट व्यवस्था हुनका साथै सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश समेत जारी भईसकेको अवस्थामा कानून कार्यान्वयन गर्नु पर्ने निकायबाट नै विभिन्न बाहानामा आमाको पहिचानबाट नागरिकता दिन इन्कार गर्नु कानूनको उल्लघंन सरह हुन जान्छ । अतः कानून बमोजिमको रित पुर्‍याई आमाको नामबाट नागरिकता लिन चाहनेलाई आवश्यक सहयोग पुर्‍याउनु नेपाल सरकार तथा मातहतका सम्बन्धित सम्पूर्ण निकायहरूको जिम्मेवारी समेत हुने नै हुँदा व्यवहारिक रूपमा आफ्नो जिम्मेवारी तदारूकताका साथ कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

आमाको नामबाट नागरिकता लिने दिने सम्बन्धमा सर्वोच्च अदालतबाट ने.का.प. २०६८ अंक २ पृष्ठ २४७ मा प्रकाशित नि.नं. ८५५७ को सविना दमाई समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट निवेदनमा "बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने" भनी सिद्धान्त प्रतिपादन भई निर्देशनात्मक आदेश जारी हुनुका साथै सर्वोच्च अदालत बुलेटिन २०७३ असोज १ पृष्ठ ७ मा प्रकाशित सज्दा सापकोटा विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत भएको रिट निवेदनमा "आमा नेपाली नागरीक भएको र बाबुको ठेगान नभएको अवस्थामा आमाको नामबाट नागरिकता प्रदान गर्नु" भनी निर्देशनात्मक आदेश जारी भई आमाको नामबाट नागरिकता लिन पाउने व्यवस्थालाई आत्मसात गरिसकेको विषयलाई अनावश्यक झन्झट विना सहजै नागरिकता प्रदान गर्नु सम्बन्धित निकायको कर्तव्य हुन जान्छ । बाबु ठेगान नभएको अवस्थामा नागरिकता प्रदान गर्नु पर्दाको सम्बन्धमा मिति २०६९।१०।७ मा गृह मन्त्रालयबाट क्षेत्रिय प्रशासन र जिल्ला प्रशासन कार्यलयलाई भएको परिपत्र अनुसार "मातृत्व वा पितृत्व ठेगान नलागेको सन्तानलाई पछि मातृत्व पितृत्व ठेगान लागेको बखत सोहि बमोजिम हुने गरी संरक्षकको सनाखतबाट नियमानुसार नागरिकता जारी गर्ने । यसरी नागरिकता प्रमाणपत्र जारी गर्ने कार्यालयको अभिलेखमा मात्र अभिलेखिकरण गरी नागरिकता प्रमाणपत्रमा बावु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली जनाउने" भनी उल्लेख भए समेतबाट निवेदिकाको माग बमोजिम जन्मदर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारममा खाली राखी नागरिकतामा समेत बाबुको नाम उल्लेख नगरी नागरिकता प्रदान गर्नु जिल्ला प्रशासन कार्यालयको दायित्व हो भने सोही बमोजिम निवेदीका नेहा गुरूङ्गले जन्म दर्ता र नागरिकता पाउने कानूनी अधिकार समेत रहेको मान्नु नै पर्ने देखिन्छ ।

अतः नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ ले नेपाली आमाले आफ्नो सन्तानलाई पहिचान सहितको नागरिकता दिलाउने तथा सन्तानले आमाको नामबाट नागरिकताको प्रमाणपत्र पाउने हक अधिकार सुनिश्चित गरिरहेको अवस्थामा निवेदिका नेहा गुरूङ्को बाबु पत्ता नलागेकै आधारमा मात्र निजले नागरिकताको हकबाट बन्चित गराउन मिल्दैन । आमा दिप्ती गुरूङ्को नामबाट आफ्नो पहिचान बनाउन चाहिरहेको छोरी नेहा गुरूङ्गले आमाको नामबाट नागरिकता प्रमाणपत्र पाउने ठहर्छ । मिति २०७२।३।३१ को ललितपुर उप-महानगरपालिकाले दिएको निवेदिका नेहा गुरूङ्को जन्मदर्ता प्रमाण-पत्रको पारिवारिक लगत फारमको तेश्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको Family Record form No. को तेश्रो हरफमा daughter of Mr. Thegan Nabhaeko भनी उल्लेख भएबाट निवेदिकाको आत्मसम्मनमा चोट पुग्न जाने देखिंदा सो उत्प्रेषणको आदेशले वदर गरी निवेदीकाले माग गरे बमोजिम नागरिकता प्रमाणपत्रमा समेत बाबुको नामको महलमा "मा बस्ने श्री ठेगान नभएको daughter of Mr. Thegan Nabhaeko भन्ने उल्लेख नगरी नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । सो को जानकारी विपक्षीलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर अपरेटरः उत्तरमान राई

ईति सम्वत् २०७४ साल जेठ महिना ८ गते रोज २ शुभम् ......

# ३४ लक्की शर्मा विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौँ समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७५ साल वैशाख ३१ गते, निर्णय नं.

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे**
**माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही**
**आदेश**
**मुद्दा न. : ०७२-WO-०६३०**

**मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।**

जिल्ला मकवानपुर, हेटौडा उपमहानगरपालिका वडा नं. ९ लामसुरे बस्ने लक्की शर्मा ...................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौँ ...................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, मकवानपुर, हेटौडा ...................१
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मकवानपुर हेटौडा ...................१
ना.सु., नागरिकता फाँट, जिल्ला प्रशासन कार्यालय, मकवानपुर हेटौडा ...................१ प्रत्यर्थी

नेपालको संविधान, २०७२ को धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

**तथ्य खण्ड**

१. म निवेदक लक्की शर्माको जन्म आमा ईन्दुकुमारी र बुबा रामलाल शर्माको चौथो सन्तानको रूपमा मकवानपुर जिल्ला, हेटौडामा भएको हो । मेरो बुबा रामलाल शर्माको सानो उमेरमानै उहाँका बुवा तथा आमाको स्वर्गारोहण भएको हुँदा मेरो बुबाले आफ्नो नागरिकता प्राप्त गर्न सक्नुभएको रहेनछ । म निवेदकका आमा तथा बुवा साविकमा धनुषा जिल्ला, सखुवा महेन्द्रनगर वडा नं. २ मा बस्दै आउनु हुँदा नै उहाँहरूबीच वैवाहिक सम्बन्ध कायम भएको, विवाह पश्चात् २०४०।१०।०५ मा उहाँहरु धनुषाबाट बसाई सरी हेटौडा उपमहानगरपालिका वडा नं. ९ लामसुरेमा घर बनाई बसी आउनुभएको हो । मेरो बुवा हेटौडा उपमहानगरपालिकामा साविकमा संचालनमा रहेको नेपाल सेन्थेटिक कपडा उद्योगमा श्रमिकको रूपमा कार्यरत रहँदा उहाँको दाहिने हातको चारवटा औँला मेशीनमा परी गुमाउनुभएको र त्यसपश्चात पुनः अर्को दुर्घटनाका कारण दुवै खुट्टा काट्नु परेको हुँदा शारीरिक अपाङ्गता भई ह्वील चियरको सहारामा हिंडडुल गर्नुपर्ने अवस्थामा रहनु भएको छ । आमाले सानो किराना पसल सञ्चालन गर्नु भई त्यसैको आयस्ताबाट म निवेदकसमेतको जिविकोपार्जन गरिरहनुभएको छ । म निवेदक स्नातक तह अध्ययनरत भए तापनि घरको कमजोर आर्थिक अवस्थाका कारण रोजगारी गर्ने सोची त्यसको लागि नागरिकता चाहिने भएको हुँदा मैले मेरो नागरिकता प्रमाणपत्र आमाको सनाखतबाट बनाएको, मेरो नागरिकता जारी भई मैले प्राप्त गरेको भोलीपल्ट मिति २०७१।१२।०५ गते पुनः जिल्ला प्रशासन कार्यालयबाट मलाई झिकाई मेरो नागरिकता खिची, मलाई नागरिकता खिच्नु पर्ने कारणसमेतको जानकारी नदिई, मेरो नागरिकता प्रमाणपत्र फिर्ता पाउँ भन्ने ब्यहोराको मेरो निवेदनसमेत दर्ता गर्न ईन्कार गरेको हुँदा अन्य वैकल्पिक उपचारको मार्ग नभएको हुँदा सम्मानित पुनरावेदन अदालत हेटौडामा परमादेशको आदेश जारी गरी पाउन माग गरी दर्ता गरेको रिट निवेदनमा विपक्षी कार्यालयले मेरो नागरिकता प्रमाणपत्र रद्द गरिसकेको लिखितजवाफ पेश गरेको छ । लिखित जवाफको नक्कल. सारी लिई हेर्दा विपक्षी कार्यालयले विपक्षी गृह मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालय, मकवानपुरमा प्रेषित गरेको मेरो नागरिकता रद्द गरेको जानकारी पत्र लिखित जवाफ साथ पेश गरेको भए

तापनि रद्द गर्ने निर्णयको प्रतिलिपि पेश नगरेको, सम्मानित पुनरावेदन अदालतको ईजलाससमक्ष उक्त मेरो नागरिकता प्रमाणपत्र रद्द गर्नुपर्ने उचित कारण सहितको निर्णयको प्रतिलिपि झिकाउने आदेश गरी पाउन निवेदन गर्दासमेत आदेश नभई रिट खारेज भएको र विपक्षी कार्यालयमा उक्त निर्णयको नक्कल प्रतिलिपि माग गर्न जाँदा पनि सो निर्णय गोप्य हुने भएको कारण दिन नमिल्ने भनी मौखिक रूपमा इन्कार गरिएको हुँदा अन्य वैकल्पिक प्रभावकारी उपचारको मार्ग नभएको हुँदा यो रिट निवेदन लिई उपस्थित भएको छु । पुनरावेदन अदालत हेटौडाको निर्णयउपर समेत यसै सम्मानित अदालतमा मिति २०७२।०७।२० गते (मुद्दा नं. ०७२-CI-०७१८) को पुनरावेदन पत्र दर्ता गरेको छु । यसरी मैले संविधान र कानूनले तोकेबमोजिमको प्रकृया पूरा गरी प्राप्त गरेको नागरिकता प्रमाणपत्र प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय र ताहाँका प्र.जि.अ. तथा ना.सु. ले बिनाकारण उक्त मेरो नागरिकता खिची रद्द गरिदिएको कारणले मेरो राष्ट्रियता तथा पहिचानको अधिकार नै गुम्न गएको छ ।

२. मैले नागरिकता प्राप्त गर्दा बहाल रहेको संविधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख) ले व्यवस्था गरेबमोजिम म निवेदकले आमाले सनाखत गर्ने गरी नागरिकता प्राप्त गर्नका लागि निवेदन फाराम भरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) ले तोकेबमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरी प्राप्त गरेको नागरिकता विपक्षी कार्यालयले बिनाकारण खिची रद्द गर्ने गरेको मिति २०७१।१२।८ को निर्णयको नक्कल हालसम्म पनि म निवेदकले प्राप्त गर्न सकेको छैन । मेरो विरूद्धमा गरिएको निर्णय (जसले मलाई रोजगारी, पहिचान र राष्ट्रियताविहिन एवं जीवनको अधिकारसँग अन्तरसम्बन्धित अत्यन्तै आधारभूत हक अधिकारबाट बञ्चित गरेको छ) को जानकारीसम्म पनि मलाई नदिनु नेपालको संविधान, २०७२ को धारा २७ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को विपरितको कार्य हुनुको साथै विपक्षीको उक्त उल्लेखित कार्य प्राकृतिक न्यायको सिद्धान्तको समेत विपरित रहेको छ । नेपालको संविधान, २०७२ को धारा १०(१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ भने धारा ११ (२)(ख) तथा धारा १२ ले समेत सन्तानले आफ्ना आमा वा बुवाको नामबाट वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने ब्यवस्था गरेको छ, धारा ३८(१) ले लैंगिक भेदभाव बिना समान वंशीय हकको व्यवस्था गरेको छ । तर विपक्षीले बिनाकारण मैले प्राप्त गरेको नागरिकता प्रमाणपत्र खिची सो को उचित कारणसमेत मलाई जानकारी नगराई मेरो नागरिकता रद्द गर्ने कार्यले मलाई राज्यविहिनताको स्थितिमा पुऱ्याएको छ । अतः मेरो अस्तित्वनै समाप्त गर्ने गरि विपक्षीहरूबाट गरिएको उक्त मिति २०७१।१२।८ को निर्णयलाई उत्प्रेषणको आदेशबाट बदर गरी उक्त मिति २०७१।१२।०३ मा जारी मेरो ना. प्र. प. नं. ३१-०१-७१-११२५९ को नागरिकता प्रमाणपत्र मलाई फिर्ता दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी गरी पाउँ भन्नेसमेत बेहोराको रिट निवेदनपत्र ।

३. यसमा के कसो भएको हो ? निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुनपर्ने भए कारणसहित बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत यस अदालतबाट मिति २०७२।११।२१ मा भएको आदेश ।

४. निवेदकले दिएको ०७२-WO-०६३० नं. को उत्प्रेषणको मूल निवेदनको विरूद्ध खण्डको सि.नं. ४ मा उल्लेखित "ना.सु. नागरिकता फाँट, जिल्ला प्रशासन कार्यालय, मकवानपुर" भएको स्थानमा ना.सु. पछि श्री दिलिप श्रेष्ठ कायम हुने गरी निवेदकले निवेदनमा सच्याई पाउँ भनी निवेदन गरेको र यस अदालतको आदेशानुसार विपक्षीहरूको नाममा म्याद सूचना जारी भएकोसमेत नदेखिंदा निवेदन मागबमोजिम ना.सु. पश्चात् श्री दिलिप श्रेष्ठ कायम हुने गरी संशोधन आदेश गरीदिएको छ । नियमानुसार म्याद जारी गर्नु भन्ने यस अदालतको मिति २०७२।१२।०४ को आदेश ।

५. रिट निवेदक लक्की शर्माले नेपाली नागरिकता ऐन, तथा नियमबमोजिम नागरिकता पाउन वडा कार्यालयको सिफारिससमेत राखी नागरिकता अनुसूची पेस भई निजलाई आमा इन्दुकुमारी शर्माको सनाखतमा वंशजको नाताले यस कार्यालयबाट मिति २०७१।१२।०४ मा ना.प्र.नं. ३१-०१-७१-११२५९

को नागरिकता जारी भएको थियो । निजले प्राप्त गरेको उल्लेखित नागरिकता बाबुको नागरिकता बेगर वंशजको आधारमा नागरिकता जारी गरेको सन्दर्भमा स्थानीय पत्रपत्रिका लगायत जनगुनासा सुन्नमा आएकोले निजले प्राप्त गरेको नागरिकताको बारेमा तत्कालै अनुसन्धान गर्दा निजको बुबा रामलाल शर्माको जन्म स्थान एवं जन्ममिति खुल्ने प्रमाण र नागरिकता प्रमाणपत्रसमेत पेस भएको नदेखिएकोले जन्मस्थान एवं जन्म मिति खुल्ने प्रमाण तथा नागरिकता प्रमाणपत्र पेस भएपछि अग्रिम कारवाही हुने गरी हाल निज लक्की शर्मालाई वंशजको आधारमा दिएको नागरिकताको प्रमाणपत्र मिति २०७१।१२।०८ को निर्णयले रद्द गरिएको हो । साथसाथै रिट निवेदकले यसै नागरिकता रद्दको विषयलाई लिएर पुनरावेदन अदालत, हेटौडामा परमादेशको आदेश जारी गरी पाउँ भनी मिति २०७२।०२।१८ मा दिएको रिट निवेदनमा सम्मानित अदालतको मिति २०७२।०३।३० को आदेशबाट परमादेश जारी गर्नु नपर्ने भनी आदेश भएको समेतका कारणबाट रिट निवेदकहरूलाई रिट निवेदनमा खुलाउनुभएको कुरा तथ्यमा आधारित नभएको देखिंदा रिट निवेदकको व्यहोरा खारेज भागी छ भन्ने व्यहोराको प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, मकवानपुर र आफ्नो तर्फबाटसमेत ऐ. का प्रमुख जिल्ला अधिकारी डा. मानबहादुर वि.के. तथा ऐ. कार्यालयका टा.ना.सु. दिलिप श्रेष्ठको एकै मिलान व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ ।

६. वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने नेपाली नागरिकले नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ (क) र नियमावली, २०६३ को नियम ३(१) मा भएको प्रकृया पुरा गरी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिएमा आवश्यक काम कारवाही सोही कार्यालयबाट हुने, उक्त ऐनको दफा १२ मा नागरिकताको प्रमाणपत्र रद्द गर्ने व्यवस्था भएबमोजिम उक्त नियमावलीको नियम १२ (ख) अनुसार सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नागरिकता रद्द गर्ने कानूनी व्यवस्था भएको सन्दर्भमा यस मन्त्रालयबाट निज विपक्षी निवेदकको नाममा नेपाली नागरिकताको प्रमाणपत्र जारी पनि नभएको र रद्द पनि नगरिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदर भागी छ, बदर गरी पाउँ भन्ने व्यहोराको प्रत्यर्थी नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट ऐ. का सचिव नारायणगोपाल मलेगोलेे पेस गरेको लिखित जवाफ ।

७. यिनै निवेदकले यसै अदालतमा दायर गरी विचाराधीन रहेको ०७२-CI-०७१८ नं. को परमादेश मुद्दाको मिसिल प्रस्तुत रिट निवेदन साथै राखी जिल्ला प्रशासन कार्यालय, मकवानपुरले निवेदकको नागरिकता रद्द गर्ने सम्बन्धमा गरेको निर्णयसम्बन्धी फाइल महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाई पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।०३।०५ को आदेशानुसार उक्त मिसिलहरु प्राप्त भई साथै रहेको ।

**ठहर खण्ड**

८. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शुषमा गौतमले यी निवेदकले नागरिकता प्राप्त गर्दाको बखत प्रचलनमा रहेको नेपालको अन्तरिम संविधान २०६३ मा समेत आमाको नामबाटसमेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नसक्ने व्यवस्था थियो । यी निवेदकको रितपूर्वकको जन्मदर्ता भएको र निजकी आमा नेपालको नागरिक भएकोमा कुनै विवाद छैन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजका नाताले नेपाली नागरिकता प्राप्ति भन्ने शिर्षकको उपदफा १ मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने उल्लेख भएको पाइन्छ । नेपालको संविधान, २०७२ को धारा १०(१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बंचित गरिने छैन भन्ने व्यवस्था गरेको छ । धारा ११ को उपधारा (२) (ख) ले कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको रहेछ भने वंशजको आधारमा नेपालको नागरिक ठहर्ने भन्ने संवैधानिक व्यवस्था गरेको छ । धारा १२ मा यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ भन्ने उल्लेख भएको छ । यस्तो संवैधानिक व्यवस्थासमेत रहेको परिप्रेक्ष्यमा यी निवेदकले नेपाल नागरिकता ऐन, २०६३ ले व्यवस्था गरेको कानूनी प्रकृया पुरा गरी कानूनबमोजिम प्राप्त गरेको नेपाली

नागरिकताको प्रमाणपत्र बिनाकारण फिर्ता लिई रद्द गरेको कार्यले निवेदकको संविधान र कानूनद्वारा प्रदत्त राष्ट्रियता र पहिचानको अधिकार गुमेको हुँदा निजको नागरिकताको प्रमाणपत्र रद्द गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, मकवानपुरको मिति २०७१।१२।०८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मिति २०७१।१२।०३ मा जारी ना.प्र.नं. ३१-०१-०७१-१२५९ को नागरिकता प्रमाणपत्र फिर्ता दिनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

९. प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, मकवानपुर, हेटौंडासमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले निवेदकले प्राप्त गरेको नागरिकता प्राप्त गर्दाको अवस्थामा निजको बाबु नेपालको नागरिक भएको प्रमाण निवेदकले पेस गर्न नसकेकोले निजले वंशजको नाताले नेपालको नागरिकता प्राप्त गर्न सक्ने अवस्था नरहेको, नेपालको संविधान, २०७२ को धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था रहेको हुँदा र निजले बाबु नेपाली नागरिक भएको प्रमाण पेस गर्न नसकेको अवस्था हुँदा वंशजको नाताले प्राप्त गरेको निजको नेपाली नागरिकता रद्द गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, मकवानपुर, हेटौडाको निर्णय त्रुटिपुर्ण नभएकोले रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

१०. यसमा निर्णयतर्फ विचार गर्दा, यी निवेदकका बाबु रामलाल शर्मा र आमा इन्दुकुमारी शर्मा साविकमा जिल्ला धनुषा, सखुवा महेन्द्रनगर वडा नं. २ मा बसोबास गरी मिति २०४०।१०।०५ मा जिल्ला मकवानपुर हेटौडा नगरपालिका वडा नं. ९ मा बसाई सरी आएको रिट निवेदक लक्की शर्माको नागरिकता रद्द सम्बन्धी फायल संलग्न मिति २०६६।०५।०७ को बसाइसराइँ दर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको छ । यी निवेदककी आमाले मिति २०३९।०९।२३ मा जिल्ला प्रशासन कार्यालय, धनुषाबाट ८११३-२९१६ को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको उक्त फायल संलग्न नागरिकताको प्रतिलिपिबाट देखिन्छ । निवेदक लक्की शर्माको मिति २०४८।०४।२८ मा हेटौडा अस्पतालमा जन्म भएको भन्ने द.नं. २२७, ०५१ मिति ८-८-२०५१ को जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको छ । उक्त जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिबाट बाबु रामलाल शर्मा र आमा इन्दु शर्मा रहेको भन्ने देखिन्छ । निवेदकले लगाउको परमादेश मुद्दामा पुनरावेदन अदालत, हेटौडामा पेस गरेको श्री प्रगति उच्च मा.वि. पशुपतिनगर हेटौंडाबाट SLC पास गरेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपिमा समेत बाबु रामलाल शर्मा र ठेगाना हेटौडा ९ मकवानपुर भन्ने नै उल्लेख भएको देखिएबाट निजले मिति २०७१।१२।०३ मा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्दाका बखत निजको आमाले नेपाली नागरिकता प्राप्त गरी आमाबाबुसमेत नेपालमा नै लामो समयदेखि बसोबास गर्दै आएको देखिन्छ । निवेदकको निवेदन लेखबाट निजका बाबु रामलाल शर्माले आफ्ना बाबु आमाको सानो उमेरमा नै स्वर्गारोहण भएको कारणले नागरिकता प्राप्त गर्न नसक्नु भएको भनी उल्लेख गरेबाट अन्यथा प्रमाणित नभएसम्म निवेदकका बाबुले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेकै आधारमा निज नेपाली नागरिक होइनन् भनी अनुमान गर्न मिल्ने देखिंदैन । प्रमाणका निम्ति प्राप्त भएको निवेदकको नागरिकता प्रमाणपत्र रद्ध गर्ने निर्णयसम्बन्धी फायल संलग्न मकवानपुर जिल्ला अदालतबाट भएको २०७१।०८।२४ को मिलापत्रको प्रतिलिपि र स्थानीय पञ्जिकाधिकारीको कार्यालय, हेटौडा नगरपालिका द.नं. ०१/०७१/०७२ मिति २०७१।०८।२९ को सम्बन्ध बिच्छेदको प्रमाणपत्रको प्रतिलिपिबाट निवेदकका बाबु रामलाल शर्मा र इन्दुकुमारी थापाको मिति २०७१।०८।२९ मा सम्बन्ध बिच्छेद भएकोसमेत देखिन्छ ।

११. निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्दाको समयमा अनसूची १ को फाराममा हेटौडा उपमहानगरपालिका बाट सिफारिस गराई आमा इन्दुकुमारी थापाको सनाखत दस्तखत गराई सर्जमिन मुचुल्का सहित जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा पेस गरी मिति २०७१।१२।०३ मा ना.प्र.नं. ३१-०१-७१-११२५९ को ना.प्र.प. प्राप्त गरेको देखिन्छ । नेपालको संविधान, २०७२ को धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने उल्लेख छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजका नाताले नेपाली नागरिकता प्राप्ति भन्ने शिर्षक अन्तर्गत उपदफा १

मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने उल्लेख भएको र नेपालको संविधान, २०७२ को धारा ११ को उपधारा (२) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी सोही उपधाराको खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति, भन्ने उल्लेख भएको देखिन्छ । यी निवेदकको जन्म मिति २०४८।०४।२८ मा भएको भन्ने देखिएको र निजकी आमा इन्दुकुमारी थापाले मिति २०३९।०९।२३ मा नै ना.प्र.नं. ८११३-२९१६ को नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरीसकेको देखिएबाट यी निवेदकले वंशजको नाताले आमाको नागरिकताको आधारमा मिति ०७१/१२/०३ मा प्राप्त गरेको ना.प्र.नं. ३१-७१-११२५९ को नेपाली नागरिकताको प्रमाणपत्र संविधान र कानूनअनुकुल नै रहेको देखियो ।

१२. प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, हेटौडा मकवानपुर समेतको लिखित जवाफ हेर्दा निजले प्राप्त गरेको उक्त नागरिकताको प्रमाणपत्र संविधान र कानुनको यो व्यवस्था प्रतिकुल भएको वा यो यस्तो कानूनी प्रकृया पुरा नगरी लिएको भन्ने नभई निजलाई बाबुको नेपाली नागरिकताको प्रमाणपत्र पेस गर्न भन्दा पेस नगरेकोले नागरिकता प्रमाणपत्र फिर्ता लिई रद्द गरिएको भन्नेसम्म मात्र उल्लेख गरेको देखिन्छ ।

१३. "बाबु वा आमामध्ये दुवैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकता प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, ०६३ को नियम ३ समेतले प्रदान गरिसकेको, बाबु आमाको अलग अलग वतन भए पनि निवेदकले रोजेको बाबु वा आमाको ठेगाना मध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिस साथ तोकिएको कार्यविधि पुरा गरी नागरिकताको प्रमाणपत्र माग गर्न आएमा रोजेको बुवा वा आमाको ठेगानामध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने" (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७५)" भनी र "बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" (ने.का.प. २०६८, अंक २, नि.नं. ८५५७) भनी यसै अदालतबाट सिद्धान्त प्रतिपादन भएको हुँदा उक्त सिद्धान्तहरु समेत प्रस्तुत निवेदनको तथ्यसँग मिल्ने भई आकर्षित हुने देखियो ।

१४. अतः निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, हेटौडा मकवानपुरको मिति २०७१।१२।०८ को निर्णयबाट निवेदकलाई रोजगारी, पहिचान र राष्ट्रियता एवं जीवनको अधिकारसँग अन्तरसम्बन्धित आधारभूत अधिकारबाट बञ्चित गरेको र निवेदनमा उल्लेख भएबमोजिम निजको संविधान र कानून प्रदत्त हकमा आघात पुगेको अवस्था देखिन आएकोले निवेदकका नामको नागरिकता प्रमाणपत्र रद्द गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, मकवानपुरको मिति २०७१।१२।०८ को निर्णय उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ । साथै निवेदकका नाममा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नु भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, मकवानपुरका नाममा परमादेशसमेत जारी हुने ठहर्छ । आदेशको जानकारी निवेदकलाई र महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी जिल्ला प्रशासन कार्यालय, मकवानपुर हेटौडालाई दिनु । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : चन्द्रशेर राना

इति सम्वत २०७५ साल वैशाख ३१ गते रोज २ शुभम् ......।

# ३५ रूथ घर्तीमगर
# विरूद्ध
# जिल्ला प्रशासन कार्यालय, बाँके समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७३ माघ २६ गते, रजिष्ट्रेशन नं. १३-०७३-००३३०, निर्णय नं. ८५

**उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री शेषराज सिवाकोटी**
**माननीय न्यायाधीश श्री रमेशप्रसाद राभण्डारी**
**आदेश**
**दायरी नं.: ०७३-WO-००२९**

**मुद्दा : परमादेश**

जिल्ला बाँके, बागेश्वरी गा.वि.स. वडा नं. २ आदर्श टोल बस्ने स्वर्गीय लोकराज घर्तीको छोरी वर्ष २३ को रूथ घर्तीमगर ............ १ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, बाँके ............ १ विपक्षी
जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रमुख जिल्ला अधिकारी ............ १

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

**तथ्य खण्ड**

१. म निवेदिकाको बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. २ स्थित आफ्नै घरमा मिति २०५३।८।६ मा जन्म भएको हो । मेरो बाबु लोकराज घर्ती नेपालको नागरिक हो । आमा कमला घर्ती पनि नेपालको वंशज नेपाली नागरिक हो । मेरो बाबुको कालगतीले मिति २०६८।८।१० मा परलोक भैसकेको छ । बाबुले नागरिकता लिनुभन्दा अघि नै निजको मृत्यु भएको हो । मेरो बाबु आमा दुवै नेपाली नागरिक हो । म अविवाहित छु । म कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थी हुँ । मैले नेपाली नागरिकता प्राप्त गर्ने उमेर पार भैसकेको भएता पनि हाल सम्म नेपाली नागरिकता प्राप्त गरेको छैन । बाबु आमाको म निवेदिका तथा मेरो अर्को दिदी निर्मला घर्ती समेत २ सन्तान मात्र हो । मेरो दिदी निर्मला घर्तीले बाबुको नाउबाट वंशजको आधारमा विपक्षी जिल्ला प्रशासन कार्यालय बाँकेबाट मिति २०६३।१०।१९ मा ना.प्र.प.नं. ६३३०४०/२०१ बाट नेपाली नागरिका प्राप्त गरी सक्नु भएको छ । मैले नेपाली नागरिकता प्रमाणपत्र प्राप्त नगरेको कारणले मात्र म निवेदकले बैंकमा खाता खोल्ने, घरजग्गा खरिद गर्ने, लोकसेवाको परीक्षा दिन पाउने तथा रोजगारी गर्न पाउने अधिकारबाट वन्चित भएको छु । म निवेदिकाले श्री बागेश्वरी गा.वि.स.को कार्यालय बाँकेबाट बाबुको नाउँबाट आमा कमला घर्तीबाट सनाखत गराई वंशजको नागरकता प्रापत गर्न सिफारिस गराई बाबुको मृत्युदर्ता प्रमाणपत्र मेरो जन्मदर्ता प्रमाणपत्र, आमा र दिदीको नेपाली नागरिकताको प्रमाणपत्र समेत संलग्न राखी विपक्षीकहाँ नेपाली नागरिकतको प्रमाणपत्र प्राप्त गर्न आवश्यक कागजात पेश गरेकोमा विपक्षी कार्यालयबाट मलाई नेपाली नागरिकता उपलब्ध नगराई आज भोली भन्दै बोलाउँदै झुलाउने काम मात्र भए पछि मैले नेपाली नागरिकता कहिले कुन मितिमा प्राप्त गर्ने हो सो को सूचना पाउँ भनि विपक्षी कार्यालयबाट सूचना माग गरेकोमा विपक्षी कार्यालयबाट नेपाली नागरिकता प्राप्त गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्दा गर्दै बाबुको नागरिकता पेश गर्न नसकेको भनि नागरिकता उपलब्ध नगराई नेपाली नागरिकताबाट वन्चित गर्ने विपक्षीहरूको कृयाकलापबाट साह्रै अन्यायमा परेकी छु । विपक्षीहरूबाट मलाई बाबुको नामबाट नेपाली नागरिकता प्रदान गर्न इन्कार गरेबाट म निवेदक नेपाली नागरिकता प्राप्त गनृबाट वन्चित भै रोजगारी, बैंकमा खाता खोल्ने, लोकसेवा आयोगको परीक्षा दिने

र अचल सम्पत्ती खरिद गर्ने नामसारी गर्न पाउने हक अधिकारबाट पनि वन्चित भै विपक्षीहरूको उक्त कृयाकलापको कारण नागरिकता प्राप्त गर्ने नेपाल नागरिकता ऐन २०६३ को दफा ३(१), नागरिक अधिकार ऐन २०१२ को दफा ३(९) द्वारा प्रदत्त कानुनी अधिकारको साथै नेपालको संविधान २०७२ को धारा १०(१), ११(१)(२) द्वारा प्रदत्त संवैधानिक हक समेतमा आघात भै अन्य प्रभावकारी वैकल्पिक उपचारको अभाव भएको हुँदा बाबुको नाउबाट नेपाली नागरिकता प्राप्त गर्ने मेरो स्पष्ट अधिकार भएको हुँदा कानुनी कर्तव्यको पालन गरी सरल र सहज ढङ्गबाट तत्कालै मलाई बाबुको नाउबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनि न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) तथा नागरिक अधिकार ऐन, २०१२ को दफा १७ बमोजिम विपक्षीहरूको नाउमा परमादेशको आदेश जारी गरी पाउँ भनने समेत व्यहोराको निवेदक रूथ घर्तीमगरको निवेदन ।

२. यस्मा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबूद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूको पुनरावेदन सरकरी वकिल कार्यालय, नेपालगंज मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरका नाउमा सूचना म्याद जारी गरी लिखित जवाफ परेपछि वा सो को अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७३/६/५ को आदेश ।

३. निवेदिकाले आफ्नो आमा कमला घर्तीको नेपाली नागरिकताको प्रतिलिपि राखी बाबु लोकराज घर्तीको नाउँबाट वंशजको आधारमा नेपाली नागरिकता माग गर्नु भएकोमा निजको आमको नागरिकतामा पतिको नाम उल्लेख गरेता पनि लोकराज घर्तीको घर ठेगाना तथा बाबुको नाम उल्लेख नभएको, निवेदिकाले बाबु लोकराज घर्तीको राष्ट्रियता खुल्ने कुनै कागज प्रमाण निवेदन साथ पेश नगर्नु भएको, लोकराज घर्तीको ठेगाना तथा बाबुको नाम नखुलेसम्म निवेदिकाको बुबाको राष्ट्रियता स्पष्ट नहुने भएकाले निवेदिकालाई हाल वंशजको आधारमा बाबुको नाउँबाट नेपाली नागरिकता प्रदान नगरिएको हो । निवेदिकाको दिदी निर्मला घर्तीको नागरिकता टोली अनुसूची साथ पेश भएका कागजातमा पनि बाबु लोकराज घर्तीको राष्ट्रियता खुल्ने किसिमको कुनै कागज प्रमाण संलग्न नपाइएकोले निवेदिकाको दिदीको जसरी वंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्न नसकिएको हो । निवेदिकाको बुबाको राष्ट्रियताको स्पष्टता भै नसकेकोले यदि राष्ट्रियता खुल्ने स्पष्ट प्रमाण निवेदिकाबाट पेश भै आएको अवस्थामा निवेदिकालाई सो खुल्ने प्रमाण पेश गर्न नसकेकीले निवेदकको निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय बाँके र प्रमुख जिल्ला अधिकारीको संयुक्त लिखित जवाफ ।

**आदेश खण्ड**

४. नियम बमोजिम साप्ताहिक एवं आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको निवेदन सहितको सक्कल मिसिल अध्ययन गरी निवेदकतर्फबाट विद्वान अधिवक्ताहरू श्री सुनिलकुमार श्रेष्ठ, श्री लोकबहादुर शाह, श्री विश्वजित तिवारी, श्री बलबहादुर चन्दले मेरो पक्ष निवेदिकाका माता पिता नेपाली नागरिक भएको तथ्यमा विवाद नभएको अवस्थामा जिनले नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि विपक्षी कार्यालयमा कागजात सहित पेश गरेकोमा विपक्षी कार्यालयले निवेदिकालाई हाल नेपाली नागरिकता प्रदान गर्न नसक्ने भनी लिखित रूपमै इन्कार गरेकोले मेरो पक्षको कानुनी र संवैधानिक हकमा गम्भिर आघात परेकोले विपक्षीहरूका नाममा तत्कालै मेरो पक्ष निवेदिकालाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरका नाममा परमादेशको आदेश जारी गरी पाउँ भनि गर्नु भएको वहस समेत सुनियो ।

५. त्यस्तै विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँके समेतका तर्फबाट उपस्थित पुनरावेदन सरकारी वकील कार्यालय नेपालगंजका विद्वान शाखा अधिकृत श्री कर्णबहादुर बुढाक्षेत्रीले निवेदिकाले नागरिकता अनुसूची फाराममा बाबुको नाम उल्लेख गरेको भए पनि र निजको बाबुको राष्ट्रियता नखुलेको अवस्था रहेकोले जिल्ला प्रशासन कार्यालयले नागरिकता दिन इन्कार गरेको अवस्था हो । रिट निवेदिकालाई बाबुको राष्ट्रियता खुल्ने कागजात पेश गरेको अवस्थामा नागरिकता प्रमाणपत्र दिन सकिने भन्ने कार्यालयको लिखित जवाफ रहेको सन्दर्भमा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

६. मेरो बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. २ स्थित आफ्नै घरमा मिति २०५३।८।६ मा जन्म भएको हो । मेरो बाबु लोकराज घर्ती नेपालको नागरिक हो । आमा कमला घर्ती पनि नेपालको वंशज नेपाली नागरिक हो । मेरो बाबुको कालगतिले मिति २०६८।८।१० मा परलोक भैसकेको छ । बाबुले नागरिकता लिनुभन्दा अघि नै मृत्यु भएको हो । म निवेदिकाले श्री बागेश्वरी गा.वि.स.को कार्यालय बाँकेबाट बाबुको नाउबाट आमा कमतला घर्तीबाट सनाखत गराई वंशजको नागरिकता प्राप्त गर्न सिफारिस गराई बाबुको मृत्युदर्ता प्रमाणपत्र, मेरो जन्मदर्ता प्रमाणपत्र, आमा र दिदीको नेपाली नागरिकता प्रमाणपत्र समेत संलग्न राखी विपक्षीकहाँ नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न आवश्यक कागजात पेश गरेकोमा विपक्षी कार्यालयबाट बाबुको नागरिकता पेश गर्न नसकेको भनि नागरिकता उपलब्ध नगराउँदा मेरो नागरिक तथा संवैधानिक हक पुरै वन्चित भएकोले तत्कालै मलाई बाबुको नाउबाट नेपाली नागरिकता प्रदान गर्नु गराउनु विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदक रूथ घर्तीमगरको निवेदन दावी रहेकोमा निवेदिकाको बाबुको राष्ट्रियता स्पष्टता भै नसकेकोले यदि राष्ट्रियता खुल्ने स्पष्ट प्रमाण निवेदिकाबाट पेश भै आएको अवस्थामा निवेदिकालाई नागरिकताको प्रमाणपत्र दिन सकिने, सो खुल्ने प्रमाण पेश गर्न नसकेकीले निवेदकको निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको पाइन्छ ।

७. प्रस्तुत मुद्दामा निवेदकको निवेदन व्यहोरा, विपक्षीहरूको लिखित जवाफ र विद्वान कानुन व्यवसायीको वहस समेतलाई मध्ये नजर गर्दा निवेदकको निवेदन जिकिर बमोजिम परमादेशको आदेश जारी गर्नु पर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

८. निर्णयतर्फ विचार गर्दा प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण कागजातको रूपमा रहेको हुन्छ । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । कुनै व्यक्ति कुनै देशमा लामो समय बसोबास गर्दैमा नागरिक बन्न सक्दैन र नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न नसक्ने अवस्था रहन्छ । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गनृ र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । नागरिकताको प्रमाणपत्र संविधान र कानुनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ । संविधान र कानुनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोबास गरेको भए पनि नागरिक बन्न सक्दैन ।

९. प्रस्तुत मुद्दामा मिसिल संलग्न निवेदिकाले निवेदन साथ पेश गरेको आफ्नो आमा कमला घर्तीको नागरिकताको प्रतिलिपिबाट निज कमला घर्तीले जिल्ला प्रशासन कार्यालय बाँकेबाट ना.प्र.नं. १९२५५ को वंशजको नागरिकता प्रमाणपत्र मिति २०६२/३/२० मा प्राप्त गरेको देखिन्छ । त्यस्तै निवेदकको दिदी निर्मला घर्तीको नागरिकताको प्रतिलिपिबाट निज निर्मला घर्तीलाई जिल्ला प्रशासन कार्यालय बाँकेबाट खटिएको नागरिकता टोलीले ना.प्र.नं. ६६३०४०/२०१ को वंशजको नागरिकता प्रमाणपत्र मिति २०६३/१०/१९ म प्रदान गरेको देखिन्छ । बागेश्वरी गा.वि.स.को कार्यालय बाँकेको च.नं. ४५ मिति २०७३।४।१३ को अनुसूची फारम सहितको निवेदिका रूथ घर्तीमगरलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न दिएको सिफारिस गरिदिएको व्यहोरा सो सिफारिसको प्रतिलिपिबाट देखिन्छ । सोही अनुसार गाउँ सर्जमिन मुचुल्का रहेको पाइन्छ । यसरी हेर्दा निवेदिकाको आमा कमला घर्ती र निवेदिकाको दिदी निर्मला घर्तीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बागेश्वरी गा.वि.स.को कार्यालयको सिफारिस तथा गाउँ सर्जमिन मुचुल्काको प्रतिलिपि समेतबाट निवेदिकाको पिता लोकराज घर्ती र आमा कमला घर्ती नेपाली नागरिक रहेको तथ्यमा कुनै विवाद देखिंदैन । रिट निवेदिकाको शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा आमा र दिदीको नागरिकताको प्रमाणपत्र समेबाट निज रूथ घर्तीमगर वंशजको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य रहेको स्पष्ट नै देखिन्छ । निवेदिकाको आमा र दिदीले प्राप्त गरेको नागरिकता सम्बन्धमा कहीं कतै कोही कसैको उजुरी परेको देखिंदैन । उक्त नागरिकता प्रमाणपत्र बदर भएको पनि पाइँदैन । निवेदिकाको आमा कमला घर्ती र निवेदिकाको दिदी निर्मला घर्तीको नागरिकता प्रमाणपत्रहरु जारी भएको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय सहमत भएको स्थितिमा यी निवेदिकाको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने न्यायसंगत नै हुने देखियो ।

१०. तसर्थ निवेदन माग बमोजिम निवेदिकाको पिता, माता नेपाली नागरिक रहेको तथ्यमा कुनै विवाद

रहेको नदेखिंदा समेत निज बसोबास गर्ने बागेश्वरी गा.वि.स.को कार्यालयको च.नं. ४५/०७३/०७४ मिति २०७३/४/१३ को नागरिकता प्रमाणपत्र प्राप्त गर्न गरेको सिफारिस बमोजिम निवेदिकालाई यो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र निर्धारित प्रकृया पुरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

- निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुने ठहरी आदेश भएकाले प्रस्तत आदेश उपर चित्त नबुझे ऐनका म्याद ३५ (पैंतीस) दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्नु भनी विपक्षीलाई अ.वं. १९३ नं. ले पुनरावेदन म्याद दिनु ............१
- प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी विपक्षीलाई दिन ............२
- नक्कल माग गर्ने सरोकारावालालाई नियमानुसार नक्कल दिनु ........३
- फैसलाको विद्युतीय प्रति इन्ट्रानेटमा अपलोक गरी सोको निस्सा फैसलाको पीठमा जनाई दिनु ....४
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ........५

शेषराज सिवाकोटी

(न्यायाधीश)

उक्त आदेशमा म सहमत छु ।

रमेशप्रसाद राजभण्डारी

(न्यायाधीश)

फैसला तयार पार्न सहयोग गर्ने

शाखा अधिकृत : वीरेन्द्रप्रकाश खड्का

इति सम्वत् २०७३ माघ २६ गते रोज ४ शुभम् ..................... ।

# ३६ सार्थक राउत
विरूद्ध
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७४ साल भाद्र ५ गते , निर्णय नं.

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी**
**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**
**आदेश**
**०७३-WO-१११५**

**मुद्दा : उत्प्रेषण, परमादेश ।**

चितवन जिल्ला भरतपुर उपमहानगरपालिका वडा नं. १५ चितवन बस्ने पूर्णबहादुर राउतको नाती कृष्ण राउत र समुन्द्रा राउत (परियार) को छोरा सार्थक राउत ........ १ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ........ १
जिल्ला प्रशासन कार्यालय, चितवन ........ १
वडा नं. १५ कार्यालय, चितवन उपमहानगरपालिकाको हाल परिवर्तित चितवन महानगरपालिका वडा नं. १५ चितवन ........ १ विपक्षी

नेपालको संविधान, २०७२ को धारा ४६ र १३३ बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

म निवेदक सार्थक राउत मेरो बुबा आमा उदयपुर जिल्लामा जन्म भई चितवन जिल्ला मंगलपुर गाउँ विकास समिति वडा नं.१ स्थायी बसोबास गर्ने कृष्ण राउत (ना. प्र. नं. ३५०२६/१३१८ जि.प्र.का. चितवन) र चितवन जिल्ला मंगलपुर गाउँ विकास समिति वडा नं. १ बस्ने समुन्द्रा परियारको तर्फबाट २०५१।१०।२१ मा जन्म भएको हुँ । मेरो उमेर पुगेकोले वंशजको आधारमा नागरिकता दिलाई पाउन मिति २०७३।१०।४ मा निवेदन दिएकोमा पिताको ना. प्र. जन्म आधार रहेकोले नागरिकता प्रमाणको लागि सिफारिस दिन नमिल्ने भनी सम्बन्धित वडा कार्यालयले दरपीठ गरी दिएको र गृह मन्त्रालय (ना.अ. तथा रा.प.प. व्यवस्थापन शाखा) को च.नं. ४९१ मिति २०७०।१२।२० को परिपत्र बमोजिम जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिका सन्तानलाई हाल वंशज आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भन्ने आदेशानुसार जानकारी गराईएको भन्ने श्री जिल्ला प्रशासन कार्यालय चितवनको प. स. ०७३/०७४ च.नं. ४११६ मिति २०७३।१०।५ को पत्रद्वारा निवेदकलाई जानकारी दिइयो । विपक्षी जिल्ला प्रशासन कार्यालयको उक्त जानकारीपत्रबाट निवेदकको नागरिकता प्राप्त गर्न पाउने जन्मसिद्ध संवैधानिक एवं कानूनी अधिकारबाट बन्चित हुन पुगेकोले अन्यायमा परि नेपाल नागरिकता ऐन, २०६३ को दफा १८ बमोजिम नेपाल सरकार, गृह मन्त्रालयसमक्ष द.नं. ६५४ मिति २०७३।११।२४ मा निवेदन दिएको थिएँ । तर, अहिलेसम्म उक्त मन्त्रालयबाट पनि निवेदकलाई नागरिकता दिलाउने कार्य नभएको हुँदा नेपालको संविधानको धारा १०(१), ११(१), (२) को खण्ड (ख) द्वारा प्रदत्त कानूनी हकबाट बन्चित हुनु परी नागरिकताको प्रमाणपत्रको अभावमा नेपालको संविधानको धारा १६(१), धारा १७(१), धारा १८(१),(२), धारा ३३(१),(२), धारा ३५(१),(३), धारा ३६(१),(२),(३), धारा ३७(१), धारा ४१(१) द्वारा प्रदत्त मौलिक हकहरूको प्रचलन गर्ने संवैधानिक र जन्मसिद्ध नैसर्गिक हकमा समेत आघात पुगेको हुँदा सम्मानित अदालतसमक्ष नेपालको संविधानको धारा ४६ का आधारमा यो निवेदन चढाएको छु ।

म निवेदक र निवेदकको बाबु आमासमेत नेपाली भएको तथ्यमा कुनै दुविधा छैन र विपक्षीहरूले पनि निवेदकलाई नेपाली होइन भन्न र ठहऱ्याउन सकेको अवस्था छैन । नेपालको संविधानको धारा ११(२) को खण्ड (ख) अनुसार म निवेदक वंशजको आधारमा नेपालको नागरिक ठहर्ने

संवैधानिक व्यवस्था भएको र धारा ११(१) बमोजिम नागरिकता प्राप्त गर्ने संवैधानिक हक रहेको संविधानतः निर्विवाद छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) अनुसार कुनै व्यक्ति जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने कानूनी व्यवस्था गरेको हुँदा सो कानूनी व्यवस्था अनुसार पनि म निवेदक नेपालको नागरिक रहेको कानूनतः निर्विवाद छ । यस्तो स्थितिमा जन्मका आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिका सन्तानलाई हाल वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नमिल्ने भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको आदेश एवं जानकारीपत्रबाट संविधानको धारा १०(१), धारा ११(२)(ख) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को प्रत्यक्ष उल्लंघन भएको छ ।

अतः उक्त मिति २०७३।१०।५ को आदेश एवं पत्र तथा त्यसमा उल्लिखित गृह मन्त्रालयको परिपत्र समेत बदर गरी निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भन्ने परमादेश वा अन्य उपयुक्त आदेश जारी गरी निवेदकको संवैधानिक एवं कानूनी हकको प्रचलन गरी पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदनपत्र ।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. ३ ले आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत र अन्य विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नुहोला ।

साथै प्रस्तुत निवेदनमा निवेदकको नागरिकता प्राप्त गर्ने विषय जोडिएकोले चाँडो निरोपण हुनु मनासिव हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार दिइएको छ भन्ने समेत व्यहोराको मिति २०७४।१।७ गतेको आदेश ।

निवेदक सार्थक राउतले वंशजको आधारमा नागरिकता दिलाई पाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा "निवेदकले नागरिकता प्रमाणपत्र सिफारिस लिन भरतपुर उपमहानगरपालिका वडा नं. १५ को कार्यालय जाँदा सिफारिस गरी नदिएकोले सो दिलाई पाउन निवेदन पेश गर्नु भएको सन्दर्भमा सम्बन्धित वडा सचिवले निवेदकको पिताको नागरिकता प्रमाणपत्र जन्म सिद्ध (जन्मको आधारमा) रहेकोले नागरिकता प्रमाणपत्र दिन सिफारिस दिन नमिल्ने भनी उल्लेख गरिदिएको दरपीठ सरहको कागज श्री गृह मन्त्रालय ना. अ. तथा रा.प.प. व्यवस्थापन शाखाको च. नं. ४९१ मिति २०७०।१२।२० गतेको प्राप्त परिपत्रको व्यवस्था बमोजिम नै देखिएकोले हाललाई वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिन नमिल्ने राय प्रस्तुत गर्दछु" भनी स.प्र.जि.अ. ज्यूबाट मिति २०७३।१०।४ मा प्र.जि.अ. ज्यू समक्ष राय पेश गर्नु भएको र सो बमोजिमको जानकारी सम्बन्धित निवेदकलाई उपलब्ध गराईएको ।

नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लेखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ उपधारा २ को प्रतिबन्धात्मक वाक्याशंको खण्ड ग बमोजिम मिति २०७०।१२।१२ गतेदेखि निस्क्रिय हुने भएकोले सो व्यवस्था बमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकार (मा.उप.प्र.म. तथा गृहमन्त्रीस्तर) बाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णय अनुसार अनुरोध गर्दछु भन्ने व्यहोराको श्री गृह मन्त्रालयको च.नं. ४९१ मिति २०७०।१२।२० गतेको पत्र रहेको भन्ने व्यहोरा अनुरोध गर्दै निज निवेदकलाई वंशजको आधारमा नागरिकता दिन नसकिएको व्यहोरा अनुरोध गर्दै प्रस्तुत लिखित जवाफ सम्मानित अदालतसमक्ष पेश गर्दछु भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय चितवनको तर्फबाट परेको लिखित जवाफ ।

निवेदकले पनि संविधान तथा कानून बमोजिमका योग्यता पूरा गरी कानूनद्वारा निर्धारित प्रक्रिया बमोजिम सम्बन्धित निकायबाट नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । नेपालको संविधान, प्रचलित नागरिकता ऐन, २०६३ नागरिकता नियमावली, २०६३ समेतका ऐन कानूनमा उल्लेखित प्रक्रिया अपनाई सम्बन्धित निकायबाट नागरिकता प्राप्त गर्न सकिने व्यवस्था स्पष्ट छ । गृह मन्त्रालयले संविधान एवं कानूनले तोकिदिएको, अधिकार क्षेत्र भित्र रही आफ्ना काम कारवाही संचालन गरिरहेको छ । मन्त्रालयले आफू एवं मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लंघन हुने गरी कुनै कार्य गरेको छैन । साथै के कति कारणले जिल्ला प्रशासन कार्यालय चितवनले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा वस्तुनिष्ठ आधार र कारण समेत खुलाउन सकेको देखिँदैन । गृह मन्त्रालयले प्रचलित कानून विपरीत गैरकानूनी रूपमा नागारिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि

आदेश, निर्देशन तथा परिपत्र गरेको छैन । तसर्थ निराधार र अस्पष्ट माग दावी दिई हचुवाको भरमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदरभागी छ भन्ने समेत व्यहोराको नेपाल सरकार गृह मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ ।

निवेदकको बाबुले नै जन्मका आधारमा नागरिकता लिएको हुँदा निवेदकलाई वंशजको नाताले नागरिकताको लागि सिफारिस गर्न कानूनसम्मत नहुने भएकोले सोही व्यहोराको जानकारी विपक्षीलाई गराइएको हो । विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको भरतपुर महानगरपालिका वडा नं. १५ समितिको कार्यालयका तर्फबाट परेको लिखित जवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदक पक्षबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चन्देश्वर प्रसाद श्रेष्ठले नेपालको संविधानले निवेदकलाई वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्षम ठहऱ्याएको स्थितिमा संविधान मिच्ने गरी भएको परिपत्रलाई आधार मानी निवेदकलाई वंशजको आधारमा नागरिकता नदिने गरी भएको परिपत्र, पत्रहरू बदर भई निवेदकलाई वंशजको आधारमा नागरिकता प्रदान गर्नु भनी परमादेश समेत जारी गरी पाऊँ भनी तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् नायव माहान्यायाधिवक्ता श्री किरण पौडेलले गृह मन्त्रालयको मिति २०७०।१२।११ को निर्णय बमोजिम जारी २०७०।१२।२० को पत्र समेतको आधारमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ निष्कृय भएकोले निवेदकलाई वंशजको आधारमा नागरिकता नदिने निर्णय तथा दरपीठ समेत कानूनसंगत रहेकोले रिट खारेज हुनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनी विचार गर्दा निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भनी निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा निर्णय तर्फ विचार गर्दा, रिट निवेदकका बाबु कृष्ण राउत तथा आमा समुन्द्रा परियार नेपाली नागरिक रहेकोमा विवाद देखिदैन । निवेदकका बाबु कृष्ण राउतले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी हेर्दा नागरिकताको किसिममा जन्म भनी उल्लेख भएको र निवेदकको आमा समुन्द्रा परियारको नागरिकतामा वंशज भनी जनिएको देखिन्छ । निवेदक सार्थक राउतको जन्म दर्ता प्रमाणपत्रबाट निज कृष्ण राउत र समुन्द्रा राउतको छोरा भएको तथा निजको जन्म मिति २०५१।१०।२१ गते भएको भन्ने देखिएकोले निज निवेदक सार्थक राउतको उमेर १६ वर्ष पूरा भैसकेको देखिई नेपाली नागरिकता पाउन योग्य समेत भई उमेर पुगेको देखिन्छ ।

अब निवेदकले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन मिल्ने हो वा होइन भन्ने तर्फ हेर्दा नेपालको संविधानको धारा ११(२) को व्यवस्था अनुसार "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ" भन्ने प्रावधान रहेको तथा धारा ११(२) को देहाय (ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति" भनी धारा ११(२) लाई स्पष्ट गर्ने गरी संवैधानिक व्यवस्था गरेको देखिन्छ । उक्त व्यवस्था वाहेक पनि नेपालको संविधानको धारा १३(३) अनुसार "यो संविधान प्रारम्भ हुनु भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज वालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ" भन्ने संवैधानिक व्यवस्था गरी नागरिकलाई अधिकार प्रदान गरेको देखिन्छ ।

उपरोक्त संवैधानिक व्यवस्था विश्लेषण गर्दा निवेदकको जन्म हुँदाका बखत निजको बाबु आमा नेपालको नागरिक रहेको खण्डमा निजले वंशजको आधारमा नेपाली नागरिकता पाउन सक्ने देखिन्छ । यो संविधान प्रारम्भ हुनु भन्दा अघिनै निवेदकको वावु र आमा दुवैले नागरिकता प्राप्त गरेको छ र सो नागरिकताको प्रमाणपत्र जन्मको आधारमा नै भए तापनि त्यस्ता नागरिकका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने गरी संविधानले नै स्पष्ट व्यवस्था गरिदिएको देखिन आयो । निवेदकका वावु आमा दुवैले नेपालको संविधान प्रारम्भ हुनु पूर्व नै नेपालको नागरिकता प्राप्त गरेको देखिन्छ । निवेदकका वावुले जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा आमाले वंशजका आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । प्रस्तुत अवस्थामा यी निवेदकले वंशजका आधारमा नै नेपाली नागरिकता पाउनु पर्ने कुरालाई अन्यथा भन्न सकिएन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को प्रावधान समेतले पनि यी निवेदकले वंशजका आधारमा नेपाली नागरिकताको प्राणपत्र पाउनमा कुनै वाधा गरेको देखिदैन । यस प्रकार निज रिट निवेदकले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने गरि संवैधानिक तथा कानूनी व्यवस्था रहेको देखियो ।

नेपाल पक्षधर मानव अधिकार सम्बन्धी दस्तावेजहरु विषेष गरी बाल अधिकार माहासन्धीको धारा ७ ले राष्ट्रियताको अधिकार तथा धारा ८ ले पनि बालबालिकाको पहिचानको

सुनिश्चिततामा कुनै पनि गैरकानूनी हस्ताक्षेप गर्न नमिल्ने व्यवस्था गरेको छ । अविभेदको सिद्धान्तलाई पछ्याउँदै अन्तर्राष्ट्रिय कानूनले जन्मको आधारमा प्राप्त गर्ने वा वंशजको आधारमा नागरिकता प्राप्त गर्ने बीच विभेद गर्न नमिल्ने अधिकारको पनि सुनिश्चितता गरेको देखिन्छ (युरोपियन महासन्धी, १९९७ को धारा ५(२)) ।

विपक्षीहरूको लिखित जवाफबाट नेपाल सरकार गृह मन्त्रालयको मिति २०७०।१२।२० को परिपत्रको आधारमा निवेदकलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भन्ने उल्लेख भएको देखिन्छ । माथि विवेचित संवैधानिक र कानूनी व्यवस्थाको आधारमा निवेदकले वंशजको आधारमा नेपाली नागरिकता पाउन सक्ने नै अवस्था देखिएको छ । संविधान वा कानूनलाई मन्त्रालयको निर्णय वा परिपत्रले काट्नु विधिशास्त्रीय मान्यता समेतको विपरीत हुने भएकोले, गृह मन्त्रालयको मिति २०७०।१२।२० को परिपत्र अनुसार संविधान र कानूनको प्रावधान विपरित, निवेदकलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भन्ने जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०७३।१०।५ को पत्र संविधान तथा प्रचलित कानूनको विपरीत रहेको देखिँदा उक्त पत्राचार उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उपभोगमा सरकारी निकायद्वारा प्रतिवन्ध वा वन्देज लगाउनु कानूनी शासन र विधिशास्त्रीय मान्यता समेतको विपरित हुन्छ । अतः संविधान र कानून बमोजिमको हक र सोको उपचार निवेदकले उपभोग गर्न पाउनु पर्ने भएकोले रिट निवेदकले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने अवस्था हुँदा निवेदकलाई रितपूर्वक वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनु । प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः सुमन कुमार न्यौपाने

कम्प्यूटर अपरेटरः मन्दिरा रानाभाट

इति सम्वत् २०७४ साल भाद्र ५ गते रोज २ शुभम् ......... ।

# ३७ नेहा दास समेत
## विरूद्ध
## प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार समेत

फैसला/आदेश मिति, प्रकाशन नं. | २०७४ साल माघ २५ गते, निर्णय नं.

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान**
**फैसला**
**०७३-WO-१३६२**

**मुद्दा : उत्प्रेषण ।**

नन्दन दास र पदममाया सुनवारको छोरी काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं.१३ बस्ने नेहा दास.....१
ऐ.ऐ. को छोरी ऐ.ऐ. बस्ने प्रिया दास ........................................................ १ निवेदीका

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौ ..............................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ..............................................१
नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं ..................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाण्डौं ..............................................१ विपक्षी

नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

हामी निवेदकहरु नेपाली नागरिकताबाट वञ्चित भएको पीडित व्यक्ति हौं । हामी साविक सुनसरी जिल्ला, रामगंज बेलगछिया गा.वि.स. वडा नं. ७ ठेगाना भई हाल बसाइँ सरी काठमाडौं जिल्ला, बुढानिलकण्ठ न. पा. वडा नं. १३ मा बस्ने नन्दन दास र श्रीमती पदममाया सुनुवारका छोरीहरु हौं । हामी निवेदकहरूको क्रमशः मिति २०५३।७।२४ र २०५७।२।२४ मा जन्म भएको हो र २०७१ सालमा बुबाआमाको साथमा सुनसरीबाट बसाइँ सरिआएका हौं । हाम्रो बुवा र आमा दुवै नेपाली नागरिक हुनुहुन्छ । आमाले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु भएको छ भने बुवाले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु भएको छ । हामी निवेदकहरु पनि नेपालमा नै जन्मी यहि नै १०+२ सम्मको अध्ययन पुरा गरी हाल म निवेदक प्रिया स्नातक तहमा अध्ययन गर्दैछु । म निवेदक प्रियाको उमेर हाल २० बर्ष पूरा भैसकेको र म निवेदक नेहा पनि १७ बर्ष उमेर पूरा गरिसकेको हुँदा हामी दुवै दिदी बहिनी नागरिकता बनाउनका लागि अनुसूची-१ को निवेदन फाराम भरि हामीहरूको शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँ प्रति लगायत जन्म दर्ता, बसाइँ सराइँ दर्ता, बुवाआमाको विवाह दर्ता, बुवाआमाको नागरिकतासमेत संलग्न राखी बुढानिलकण्ठ न. पा. वडा नं. १३ को सिफारिससमेत लिई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा ताहाँबाट हाम्रो बुबाले नेपाली नागरिकता प्रमाणपत्र लिनु अगावै हामी निवेदकहरूको जन्म भइसकेको र बुबाको नागरिकता वंशज नभई जन्मको आधारमा जारी भएको हुँदा हामी निवेदकहरूले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न नसक्ने भनी दरपिठ गरी फिर्ता दिनु भएको हुँदा हामी निवेदकहरु नेपाली नागरिकको छोरीहरु र नेपालमा नै जन्मी हुर्की अध्ययन गरेको व्यक्ति आफ्नै देशमा आफ्नो पहिचानको अधिकारबाट वञ्चित भई राज्यविहिन अवस्थामा बाँच्न बाध्य भएको हुनाले यस सम्मानित अदालतको शरणमा आएका छौं । नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । धारा ११(२)(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था

छ । त्यस्तै धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था रहेको छ । हाम्रो आमा र बुवा दुवै नेपाली नागरिक हुनुका साथै नागरिकता प्रमाणपत्र प्राप्त व्यक्ति हुनुहुन्छ । हामीले नेपालको संविधानको धारा ११(३) अनुसार वंशज आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्तीको लागि सम्पूर्ण प्रक्रिया पूरा गरेर जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा ताहाँबाट हाम्रो नागरिकता बन्न नसक्ने भन्दै हालको कानूनी व्यवस्थामा हामीलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने स्पष्ट कानूनी आधार नभएको भनि हामीलाई वंशजको नागरिकता प्रमाणपत्र जारी गर्न ईन्कार गरियो ।

हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका अलावा नेपाल पक्ष भई अनुमोदन गरेका सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name; every child has the right to acquire a nationality)

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State Parties shall grant women equal right with respect to the nationality of their children) भन्ने व्यवस्था गरेको र त्यसैअनुरूप हाम्रो संविधान र कानूनमा समेत व्यवस्था गरिएको हो । तर नागरिकता प्रदान गर्ने प्रक्रियाअन्तर्गतका निकायका अधिकारीले मनगढन्तेरूपमा वंशजको परिभाषा गरी व्यक्तिको नागरिकता प्राप्त गर्ने अथवा पहिचान प्राप्त गर्ने हकबाट नै वञ्चित गरी अन्याय भएको छ । बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ । (The child should be registered immediately after birth and shall have the right from birth to a name, the right acquire a nationality and as far as possible, the right to know and be cared for by his parents) । माथि उल्लेखित सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने समान अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानूनी व्यवस्थासमेतले नागरिकता प्रदान गर्ने सम्बन्धमा गरेको स्पष्ट व्यवस्थालाई पनि गलत ब्याख्या गर्दै संवैधानिक व्यवस्थाको बर्खिलाफ वंशजको पहिचानप्राप्त गर्न खोजेको व्यक्तिलाई पहिचानबाट वञ्चित गरी राज्यबिहीन बनाउन खोजी अन्याय गरेको छ ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएको माथि उल्लेखित मानव अधिकारका आधारभूत दस्तावेज मानिने सबै महासन्धिहरूलाई नेपालले बिना कुनै आरक्षण महासन्धिहरूबाट सृजना भएको दायित्वलाई स्वीकार गरिसकेको छ । नेपालको संविधानको धारा २७९ मा सम्झौताको अनुमोदन, सम्मिलन र स्वीकृति सम्बन्धमा कानूनबमोजिम हुनेछ । संविधानको उक्त प्रावधानलाई आत्मसात् गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानूनसरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । सन्धिमा उल्लेख भएबमोजिम नै हाम्रो संविधान र कानूनसमेतले पनि आमा वा बुबाले आफ्ना छोराछोरीलाई नागरिकता अर्थात् पहिचान दिन सक्ने हक प्रदान गरेको छ । तर व्यवहारमा उक्त हक अधिकार कार्यान्वयन गर्नुपर्ने अधिकारीले नै उक्त हक अधिकार कार्यान्वयन नगरी हामी निवेदकहरूलाई पहिचानको अधिकारबाट वञ्चित गरेको छ ।

विपक्षीको उक्त कार्य नेपालको संविधानको धारा १०(१), ११(२)(ख), १८ लगायत मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १५, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४, बाल अधिकार सम्बन्धी महासन्धिको धारा ७, महिला महासन्धि १९७९ को धारा ९ को समेत प्रतिकूल रहि हामीप्रति अन्यायपूर्ण भएको छ । यसरी माथि उल्लेख भएबमोजिम नागरिकता दिने अधिकारीले कानून तथा संविधानको व्यवस्थाको आफूखुशी ब्याख्या गर्ने र

सेवाग्राहीप्रतिको अनुत्तरदायी व्यवहारका कारणले हामी निवेदकहरूले नागरिकता नपाएको हुनाले हाम्रो संविधानद्वारा प्रदत्त समानता सम्बन्धी हक, नागरिकता प्राप्त गर्ने हक, रोजगारीको अधिकारलगायत अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजद्वारा प्रदत्त हामीहरूको समानताको हक, राष्ट्रियताको हक र हामीले हाम्रो पहिचानको प्राप्ती गर्ने हकबाट वञ्चित भइरहेका छौं । अतः हामी निवेदकहरूको अनुसूची-१ बमोजिमको फाराम साथै सम्पूर्ण कागजातसहितको निवेदनमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०७४।३।६ मा गरिएको दरपिठ आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी हामी निवेदकहरूको वंशजको नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षी गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाममा परमादेशको आदेश जारी पाउँ साथै देशभरिका हामी जस्ता पीडितको हकमा समेत व्याख्या हुने गरी गृह मन्त्रालयमार्फत सम्पूर्ण जिल्ला प्रशासन कार्यालयका नाममा परित्रप जारी गर्नु भनि परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने मिति २०७४।३।१३ को रिट निवेदन ।

यसमा के कसो भएको हो? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरूका नाममा नियमानुसार म्याद जारी गर्नु । नागरिकतासम्बन्धी अति संवेदनशिल विषय देखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७४।३।१५ को आदेश ।

संविधानद्वारा प्रदत्त नागरिकका मौलिक हक अधिकारको प्रचलनका लागि गृह मन्त्रालय सँधै प्रतिबद्ध छ । यस मन्त्रालयले संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लंघन हुने गरी कुनै कार्य गरेको छैन । मन्त्रालयको के कस्तो निर्देश तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा निवेदनमा वस्तुनिष्ठ आधार र कारणसमेत खुलेको नहुँदा निराधार र अस्पष्ट माग दावी लिई हचुवाको भरमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर रिट निवेदन बदरभागी छ भन्ने व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

नागरिकता प्रमाणपत्र दिने कार्यमा यस मन्त्रालयको कुनै भूमिका र संलग्नता नरहेको र मन्त्रालयको के कस्तो काम कारबाहीबाट निवेदकको के कस्तो हक अधिकारको हनन हुन गएको हो भन्ने सम्बन्धमा स्पष्ट उल्लेखसमेत नभएको हुँदा असम्बन्धित निकायलाई प्रत्यर्थी बनाई दायर रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको स्पष्टरूपमा उल्लेखसम्म गर्न सकेको छैन । संवैधानिक तथा कानूनको अधिनमा रही नागरिकताको सिफारिस गर्ने काम कारवाहीको विषयमा कानूनबमोजिम निर्धारित विधि प्रक्रिया पूरा गर्नु पर्ने विषयलाई अन्यथा भन्न मिल्ने पनि हुँदैन भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

रिट निवेदकका बुबाले जन्मको आधारमा यी निवेदकहरूको जन्मपश्चात् नागरिकता लिएको देखिन्छ । जन्मको आधारमा नागरिकताप्राप्त गरेका नेपाली नागरिकका सन्ततीलाई वंशज र अंगिकृत र जन्मको आधारमा नागरिकता प्रदान गर्ने भन्ने सम्बन्धमा प्रष्ट कानूनी व्यवस्था छैन । गृह मन्त्रालयको च.नं. २४६ मिति २०६९।९।१२ को परिपत्रले समेत जन्मको आधारमा नेपाली नागरिकता लिएका नेपाली नागरिकका सन्ततीलाई नागरिकता प्रदान गर्न रोक लगाएकोले यस कार्यालयको काम कारबाही प्रचलित कानून र विभागिय नीति अनुकूल नै भएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

नियमानुसार पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता सुषमा गौतमले नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन र धारा ११(२)(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ तथा धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने उल्लेख भइरहेको सन्दर्भ तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा उल्लेखित बाबु अथवा आमा भन्ने शब्दलाई समेत बेवास्ता गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले यी निवेदकहरूको बाबुको नागरिकता जन्मको आधारमा भएको र यी निवेदकहरूको

जन्मपश्चात् बाबुले नागरिकता प्राप्त गरेको भन्ने आधारमा गरेको दरपिठ आदेश संवैधानिक, कानूनी तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूद्धारा प्रदत्त अधिकार समेतका आधारमा बदरभागी भएकोले निवेदकहरूले भरेको अनुसूची-१ बमोजिमको फाराममै आधारमा निवेदकहरू प्रिया दास र नेहा दासलाई वंशजको नागरिकता प्रदान गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो ।

विपक्षीको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले जन्मको आधारमा नेपाली नागरिकता लिएका नेपाली नागरिक बाबुले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गर्नुपूर्व जन्मेका निजका सन्तानलाई वंशजको आधारमा नागरिकता प्रदान गर्ने कानूनी व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ ले गरेको अवस्था छैन । नेपालको संविधानको धारा ११(३) ले संविधान प्रारम्भ हुनुअघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्था गरेको भएता पनि संविधानबमोजिम नागरिकता प्राप्त गर्ने सम्बन्धी संघीय कानूनी व्यवस्था हुँदा सो विषय संवोधन हुन सक्ने नै हुन्छ । कानूनी व्यवस्थाको अभाव रहेका कारण निवेदकको माग संवोधन हुन नसकेको अवस्था रहेको छ । निवेदकहरूले उठाएको विषय नेपालको संविधानको धारा ११(३) ले संवोधन गरेको र कार्यान्वयनका लागि संघीय संसदले संघीय कानूनी निर्णय गर्नुपर्ने, कानून निर्माणको विषय संघीय संसदको क्षेत्राधिकारभित्र पर्ने हुँदा यसमा न्यायिक पुनरावलोकन हुन नसक्ने भएकाले रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको वहससमेत सुनियो ।

उल्लेखित बहससमेत सुनी मिसिल संलग्न कागजातको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन? सो कुराको निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, निवेदकहरू नेपाली नागरिक नन्दन दास र पदम माया सुनुवारका छोरीहरु हुन् र दुवै दिदी बहिनीले नागरिकता बनाउनका लागि अनुसूची-१ को निवेदन फाराम भरि आवश्यक कागजातहरु लगायत वडा समितिको सिफारिससमेत संलग्न गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा नेपालको संविधानको धारा ११(३) अनुसार वंशजको नेपाली नागरिकता प्रमाणपत्र प्राप्तिको लागि निवेदन गर्दा निवेदकका बुबाको नागरिकता जन्मको आधारमा रहेको र निवेदकहरूको जन्मपश्चात् नागरिकता लिनु भएको हुँदा निवेदकहरूलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने स्पष्ट कानूनी आधार नभएको भनी मिति २०७४।३।६ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले गरेको दरपिठ आदेशबाट निवेदकहरूको संवैधानिक तथा कानूनी अधिकार हनन् भएको हुँदा उक्त दरपिठ आदेश बदर गरी निवेदकहरूलाई वंशजको आधारमा नागरिकता प्रदान गर्नु गराउनु भनी गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतका नाममा परमादेशको आदेश जारी गरी देशभरि हामी जस्ता पीडितको हकमा समेत व्यख्या हुने गरी गृह मन्त्रालयमार्फत परिपत्र जारी गर्नु भनी परमादेशको आदेश जारी गरी पाऊँ भन्ने मुख्य रिट निवेदन जिकिर रहेको पाइन्छ ।

निवेदकहरूका जन्मपश्चात मात्र निवेदकहरूका बुबाले जन्मका आधारमा नागरिकता लिएको र जन्मको आधारमा नागरिकताप्राप्त गरेका नेपाली नागरिकका सन्ततीलाई वंशज/अंगिकृत/जन्म कुन आधारमा नागरिकता प्रदान गर्ने भन्ने सम्बन्धमा प्रष्ट कानूनी व्यवस्था नभएको र गृह मन्त्रालयको च.नं. २४६ मिति २०६९।९।१२ गतेको परिपत्रसमेतले जन्मको आधारमा नेपाली नागरिकता लिएका नेपाली नागरिकका सन्ततीलाई नागरिकता प्रदान गर्न रोक लगाएकोले रिट निवेदन खारेज भागी छ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ रहेको पाइन्छ । अन्य विपक्षीहरूले रिट निवेदकको कुनै प्रकारको संवैधानिक र कानूनी अधिकार उल्लंघन नगरेको भनी लिखित जवाफ फिराएका छन् ।

रिट निवेदकहरूका बुबा नन्दन दासले जन्मका आधारमा जिल्ला प्रशासन कार्यालय सुनसरीबाट मिति २०६३।१०।७ मा नेपालको नागरिकता लिएको र आमा पदममाया सुनवारले वंशजका आधारमा जिल्ला प्रशासन कार्यालय दोलखाबाट मिति २०५२।५।१३ गते नेपालको नागरिकता लिएको देखिन्छ । निवेदकका बुबा आमा दुवैजना नेपाली नागरिक रहेको विवाद देखिँदैन । यी निवेदकहरूमध्ये प्रिया दासको जन्म २०५३ साल कार्तिक २४ गते र अर्का निवेदक नेहा दासको जन्म २०५७ साल जेठ २४ गते भएको भन्ने मिसिल संलग्न जन्म दर्ता प्रमाणपत्रबाट पुष्टि भइआएकोले निजहरूको उमेर १६ वर्ष पूरा भई नेपालको कानूनअनुसार नेपालको नागरिकताप्राप्त गर्न योग्य रहेको देखिन आयो ।

निवेदकहरूको मूल मागदावी वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाऊँ भन्नेतर्फ विचार गर्दा नेपालको संविधानको धारा ११ को उपधारा १, २ र ३ हेर्नु पर्ने

देखिन आयो । नेपालको संविधानको धारा ११ को उपधारा १, २ र ३ हेर्दा दफा ११. नेपालको नागरिक ठहर्ने :

(१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुने छन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

(३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

उल्लेखित संवैधानिक व्यवस्था विश्लेषण गर्दा निवेदकको जन्म हुँदाका बखत निजको बाबु आमा नेपालको नागरिक रहेको खण्डमा निजले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने नै देखिन्छ । यो संविधान प्रारम्भ हुनु भन्दा अघि नै निवेदकको बाबु र आमा दुवैले नेपालको नागरिकता प्राप्त गरेको छ र सो नागरिकता जन्मकै आधारमा नै भए तापनि त्यस्ता नागरिकका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने गरी संविधानले नै स्पष्ट व्यवस्था गरिदिएको देखिन्छ । निवेदकहरूका बाबु आमा दुवैले नेपालको संविधान प्रारम्भ हुनु पुर्व नै नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । यि निवेदकहरूका बाबुले जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा आमाले वंशजका आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । यसरी यि निवेदकहरूले उल्लेखित संवैधानिक व्यवस्था अनुसार वंशजका आधारमा नै नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने कुरामा अन्यथा भन्न सकिएन ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने उल्लेख भएबाट पनि यी निवेदकहरूले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउने कुरामा कुनै बाधा अवरोध सृजना गरेको देखिँदैन ।

नेपाल पक्षधर मानव अधिकारसम्बन्धी दस्तावेजहरुमध्ये बाल अधिकारसम्बन्धी महासन्धिको धारा ७ मा राष्ट्रियताको अधिकार र धारा ८ मा बालबालिकाको पहिचानको सुनिश्चततामा कुनै पनि गैरकानूनी हस्तक्षेप गर्न नमिल्ने व्यवस्था गरेको छ भने European Convention on Nationality, 1997 को धारा ५(२) मा "Each state party shall be guided by the principle of non discrimination between its nationals, whether they are nationals by birth or have acquired its nationality subsequently." उल्लेखित व्यवस्था हेर्दा अन्तर्राष्ट्रिय कानूनले जन्मको आधारमा र वंशजको आधारमा नागरिकता प्राप्त गर्ने बिच विभेद गर्न नमिल्ने अधिकारको पनि सुनिश्चितता गरेको देखिन्छ ।

जन्मका आधारमा नागरिकता प्राप्त व्यक्तिका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने भन्ने सम्बन्धमा यसै अदालतबाट सार्थक राउत विरूद्ध गृह मन्त्रालयसमेत भएको रिट नं.०७३-WO-१११५ को उत्प्रेषण परमादेश रिट निवेदनमा "संविधान तथा कानून प्रदत्त हक अधिकारको उपभोगमा सरकारी निकायद्वारा प्रतिबन्ध वा बन्देज लगाउनु कानूनी शासन र विधिशास्त्रीय मान्यतासमेतको विपरीत हुन्छ । संविधान र कानूनबमोजिमको हक र सोको उपर निवेदकले उपभोग गर्न पाउनु पर्ने भएकोले निवेदकले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने अवस्था हुँदा निवेदकलाई रितपूर्वक वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु" भनी कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ ।

यसरी उल्लेखित राष्ट्रिय, अन्तर्राष्ट्रिय कानून तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तका आधारबाट यि निवेदकहरूका बाबु र आमासंग दुवै नेपाली नागरिकता रहेको र निवेदकहरूको जन्म दर्ता प्रमाणपत्रसमेतलाई विचार गर्दा निवेदकहरु वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिन आएकोले संविधान र कानूनको प्रावधानविपरित निवेदकहरूलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०७४।३।६ मा गरेको दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

अब संविधान र कानूनबमोजिमको हक अधिकार र सोको उपचार निवेकदहरूले उपभोग गर्न पाउनु पर्ने भएकोले नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेत बमोजिम जे जो बुझ्नु पर्छ यथासिघ्र बुझी निवेदकहरूले खुलाएको वा दावी लिएको व्यहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।

साथै यसै प्रकृतिका पीडितको हकमा व्याख्या हुने गरी नागरिकता लिन चाहने कुनै पनि नेपाली नागरिकहरूलाई सहजीकरण र सरलीकरणका साथ नागरिकताको विषयमा कानूनबमोजिम उचित निर्णय गर्ने गर्नु भनी देशव्यापीरूपमा सम्बन्धित निकायहरूका नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा परमादेशको आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

प्रधानन्यायाधीश

न्यायाधीश

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति सम्वत् २०७४ साल माघ २५ गते रोज ५ शुभम.......

# ३८ करण भुषण शाक्य
## विरूद्ध
## प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७४ साल पुष २४ गते, निर्णय नं.

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली**
**माननीय न्यायाधीश पुरुषोत्तम भण्डारी**
**आदेश**
**०७४-WO-०१६१**

**मुद्दा : उत्प्रेषण ।**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२३ बस्ने भानीमैया शाक्य (भिक्षु)........ १
ऐ.ऐ.का छोरा ऐ.ऐ. वस्ने बस्ने करण भुषण शाक्य ........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ........१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौ ........१
नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं ........१
नेपाल सरकार, शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ........१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाण्डौं ........ १
नेपाल सरकार, जिल्ला शिक्षा कार्यालय, चाःगल मार्ग, काठमाडौं ........१
नेपाल सरकार, राष्ट्रिय परीक्षा वोर्ड, सानोठिमी, भक्तपुर ........१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

हामी निवेदकहरूको बसोवास काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३ मा हो । निवेदकमध्ये म भानी मैया वैवाहिक सम्बन्ध गाँसिनु पूर्व नै आमा बनेकी कुमारी आमा हुँ । म गर्भवती भएको कुरा थाहा पाएपछि मलाई मेरो दाजु, भाउजू, आमा, बुबाले रातीको ११ बजे घरबाट निकाला गर्नुभयो । घरबाट निकालिएपछि म टोलकै एकजना छिमेकीको घरमा शरण लिई बसें र बिसौं पटक मेरो प्रेमीलाई मलाई घरमा लैजाउ भनी खवर पठाएँ तर उनि मबाट सम्पर्कबिहीन भई बसे । मिति २०४८।१।२० मा निवेदकमध्येको करण भुषणको जन्म भयो । करण भुषणको जन्म पश्चात हामीलाई बुबा आमाले घर नै लगेर राख्नु भयो । करण भुषणको स्कूल जाने उमेर भएपछि छोरालाई घर नजिकैको शीतलउषा अंग्रेजी माध्यमिक विद्यालयमा भर्ना गरें । छोराको नजिकको अभिभावकको रूपमा मैले मेरो बुबाको नाम उल्लेख गरेकी थिए । तर स्कूलले जिल्ला शिक्षा कार्यालयमा रेकर्ड पठाउँदा बाबुको महलमा मेरा बुबा अर्थात करणका हजुरबुबाको नाम राखेर पठाएछ । हाल करणको शैक्षिक योग्यताको सबै प्रमाणपत्रहरूमा बुबाको नाम उल्लेख हुने स्थानमा मेरा बुबा अर्थात करणका हजुरबुबाको नाम उल्लेखित छ । उमेर पुगेपछि नागरिकता बनाउन जाँदा हजुरबुबाको नामबाट नागरिकता दिन नमिल्ने भनी वडा कार्यालयबाट सिफारिस नै नगरी फर्काउनु भयो । म निवेदक करणले आफ्नो आमा निवेदकमध्येकी भानी मैयाको नामबाट मेरो पहिचान बनाउन चाहेको र म निवेदक भानी मैयाले पनि सन्तानलाई मेरो नामबाट पहिचान दिलाउन भनी जाँदा यस्तो कानून आएको छैन भन्दै पटकपटक फर्काइयो । हाल पुनः वडा कार्यालयमा म करण नागरिकताको सिफारिसको लागि अनुसूची-१ को फाराम भरी जाँदा वडा अध्यक्ष तथा सर्जमिन बस्ने व्यक्तिहरूले समेत तिम्रो शैक्षिक योग्यताको प्रमाणपत्रहरूमा बुबाको नाममा तिम्रो हजुरबुबाको नाम रहेको हुँदा तिम्रो बुबाको नाम उल्लेख नगरी नागरिकताको सिफारिस र सर्जमिन गर्न गराउन नसकिने भन्नु भएकोले बाध्य भई अनुसूची फाराममा बुबाको नाम उल्लेख गरें र वडा कार्यालयबाट सर्जमिन गराई सिफारिससमेत गरी

दिनुभयो । तर जिल्ला प्रशासन कार्यालयबाट बुबाको नाम फरक देखिएको, अनुसूची फाराममा बुबाको नाम उल्लेख भएको हुँदा बुबाको पनि नागरिकता प्रमाणपत्रको फोटोकपी पेस गर्नुपर्ने भन्दै नागरिकता प्रमाणपत्र जारी भएन । म निवेदक करण भुषण शाक्य निवेदकमध्येकी भानी मैया शाक्यको छोरा नेपालमा नै जन्म भई नेपालमा नै निरन्तर बसोवास गर्दै आइरहेको व्यक्तिलाई मैले अध्ययन गरेको विद्यालयको त्रुटिको कारण मेरो बुबाको नाम राख्ने महलमा हजुरबुबाको नाम उल्लेख हुन गएको, मैले मेरो आमाको नामबाट आफ्नो पहिचान बनाउन चाहेको अवस्थामा पनि मेरो बुबाको नाम उल्लेख गर्न बाध्य बनाइनु र नाम उल्लेख गरेपछि निजको नागरिकता प्रमाणपत्रको फोटोकपी पेस गर्न नसकेको कारणले मात्र हाल मैले नेपाली नागरिकता प्राप्त गर्नबाट र म निवेदक भानी मैयाले आफ्नो सन्तानलाई आफ्नो पहिचान दिनबाट बञ्चित हुन पुगी म निवेदक करण राज्यबिहीन अवस्थामा बाँच्न बाध्य भएको हुनाले यस सम्मानित अदालतको शरणमा आएका छौं । नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नगारिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । धारा ११(२)(ख) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था गरी वंशजको परिभाषाभित्र बाबु अथवा आमालाई राखेको छ । नागरिकता लिन चाहने व्यक्तिले कसको नामबाट नागरिकता लिने भनी छान्न पाउने अधिकारसमेत कानूनले प्रदान गरेको स्पष्ट छ ।

हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका अलावा नेपाल पक्ष भई अनुमोदन गरेका सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात् गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name; every child has the right to acquire a nationality)

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State Parties shall grant women equal right with respect to the nationality of their children) भन्ने व्यवस्था गरेको र त्यसैअनुरूप हाम्रो संविधान र कानूनमा समेत व्यवस्था गरिएको हो । तर नागरिकता प्रदान गर्ने प्रक्रियाअन्तर्गतका निकायका अधिकारीले मनगढन्तेरूपमा वंशजको परिभाषा गरी व्यक्तिको नागरिकता प्राप्त गर्ने अथवा पहिचानप्राप्त गर्ने हकबाट नै बञ्चित गरी अन्याय भएको छ । बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right acquire a nationality and as far as possible, the right to know and be cared for by his parents) । माथि उल्लेखित सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने समान अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानूनी व्यवस्थासमेतले नागरिकता प्रदान गर्ने सम्बन्धमा गरेको स्पष्ट व्यवस्थालाई पनि गलत व्याख्या गर्दै संवैधानिक व्यवस्थाको बर्खिलाफ वंशजको पहिचानप्राप्त गर्न खोजेको व्यक्तिलाई पहिचानबाट बञ्चित गरी राज्यविहीन बनाउन खोजी अन्याय गरेको छ ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएको माथि उल्लेखित मानव अधिकारका आधारभूत दस्तावेज मानिने सबै महासन्धिहरूलाई नेपालले बिना कुनै आरक्षण महासन्धिहरूबाट सृजना भएको दायित्वलाई स्वीकार गरिसकेको छ । नेपालको संविधानको धारा २७९ मा सम्झौताको अनुमोदन, सम्मिलन र स्वीकृति सम्बन्धमा कानूनबमोजिम हुनेछ । संविधानको उक्त प्रावधानलाई आत्मसात् गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानूनसरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । सन्धिमा उल्लेख भएबमोजिम नै हाम्रो संविधान र कानूनसमेतले पनि आमा वा बुबाले आफ्ना छोराछोरीलाई नागरिकता अर्थात् पहिचान दिन सक्ने हक प्रदान गरेको छ । तर व्यवहारमा उक्त हक अधिकार कार्यान्वयन गर्नुपर्ने अधिकारीले नै उक्त हक अधिकार कार्यान्वयन नगरी हामी निवेदकहरूलाई पहिचानको अधिकारबाट बञ्चित गरेको छ ।

नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको र धारा ११(२)(ख) मा कुनै

व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भन्ने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरी वंशजको परिभाषाभित्र बाबु अथवा आमालाई राखेको छ । नागरिकता लिन चाहने व्यक्तिले कसको नामबाट नागरिकता लिने भनी छान्न पाउने अधिकारसमेत कानूनले प्रदान गरेकोले म निवेदक करण भुषण शाक्यलाई मेरो आमा निवेदक भानी मैया शाक्यको नामबाट वंशजको नागरिकता प्रदान गर्ने लगायत म निवेदक करण भुषणको शैक्षिक योग्यताका प्रमाणपत्रहरूमा बुबाको नामको महलमा उल्लेखित हजुरबुबाको नाम हटाई मेरो आमा निवेदिकामध्येकी भानी मैया शाक्यको नाम उल्लेख गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने मिति २०७४।५।२३ को रिट निवेदन ।

यसमा के कसो भएको हो? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरूका नाममा नियमानुसार म्याद जारी गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार दिई पेश गर्नु भन्ने मिति २०७४।५।२५ को आदेश ।

संविधानद्वारा प्रदत्त नागरिकका मौलिक हक अधिकारको प्रचलनका लागि गृह मन्त्रालय सँधै प्रतिबद्ध छ । यस मन्त्रालयले संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लंघन हुने गरी कुनै कार्य गरेको छैन । मन्त्रालयको के कस्तो निर्देश तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा निवेदनमा वस्तुनिष्ठ आधार र कारणसमेत खुलेको नहुँदा निराधार र अस्पष्ट माग दावी लिई हचुवाको भरमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर रिट निवेदन बदरभागी छ भन्ने व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

कानूनी प्रक्रिया पूरा गरी स्पष्ट विवरण र आवश्यक कागजातहरु सहित नागरिकता प्रमाणपत्र पाउँ भनी निवेदन पर्न आएको अवस्थामा नागरिकता प्रमाणपत्र दिइने गरिएको छ । निवेदनले दोहोरो विवरण पेश गरेको, आवश्यक कागजात र प्रमाण नपुऱ्याई कार्यालयसमक्ष उपस्थित भएको भन्ने रिट निवेदनबाटै प्रष्ट भएकोले निवेदन खारेज भागी छ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

नागरिकता प्रमाणपत्र दिने कार्यमा यस मन्त्रालयको कुनै भूमिका र संलग्नता नरहेको र मन्त्रालयको के कस्तो काम कारबाहीबाट निवेदकको के कस्तो हक अधिकारको हनन हुन गएको हो भन्ने सम्बन्धमा स्पष्ट उल्लेखसमेत नभएको हुँदा असम्बन्धित निकायलाई प्रत्यर्थी बनाई दायर रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको स्पष्टरूपमा उल्लेखसम्म गर्न सकेको छैन । संवैधानिक तथा कानूनको अधिनमा रही नागरिकताको सिफारिस गर्ने काम कारवाहीको विषयमा कानूनबमोजिम निर्धारित विधि प्रक्रिया पूरा गर्नु पर्ने विषयलाई अन्यथा भन्न मिल्ने पनि हुँदैन भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

यस मन्त्रालयलाई विपक्षी बनाउनको कारण स्पष्ट उल्लेख नभएको र यस मन्त्रलायको कुनै पनि निर्णयबाट निवेदकहरूको हक अधिकार हनन भएको भन्ने जिकिर समेत नरहेको भन्ने व्यहोराको शिक्षा मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदकले उठाउनु भएको विषय यस बोर्डसँग सम्बन्धित नरहेको, बोर्डले जारी गरेको प्रमाणपत्रहरूमा कुनै त्रुटी भएमा सो सच्चाउनका लागि केही निश्चित प्रावधान र प्रक्रियाहरु छन सोही प्रावधान र प्रक्रियाको अनुशरण गरी निवेदन दिएमा सो त्रुटी सच्याउन सकिने, सरोकार र सम्बन्धबिहीन तथ्यका आधारमा दायर निवेदन खारेजभागी छ भन्ने व्यहोराको राष्ट्रिय परीक्षा वोर्डको लिखित जवाफ ।

नियमानुसार पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ता सुषमा गौतमले निवेदक करण भुषण शाक्य नेपाली नागरिक निवेदक भानी मैया शाक्यको छोरा नेपालमै जन्म भई हुर्की १०+२ सम्म अध्ययन पूरा गरी उच्च शिक्षा अध्ययन गर्दै रोजगारीको लागि प्रयासरत रहेको सोका लागि नेपालको नागरिकता आवश्यक भएकोमा आमाको नामबाट नागरिकता सिफारिस देखि प्राप्तीसम्मका कार्यमा जिल्ला प्रशासन कार्यालय, काठमाडौं लगायतका निकायहरूबाट अवरोध हुनका साथै संरक्षकका रूपमा हजुरबाबुको नाम राखेकोलाई विद्यालयले बाबुको महलमा हजुरबाबुको नाम राखी शैक्षिक प्रमाणपत्र वितरण गरेको समेत संशोधन गराई पाउँ भनी र विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ता श्री श्यामप्रसाद भट्टराईले आमाको नामबाट नागरिकता प्रदानसम्बन्धी प्रश्नका सन्दर्भमा ने. का. प. २०६८ अंक २ नि. नं. ८५५८ को निवेदनबाटै गृह मन्त्रालयको नाममा

निर्देशनात्मक आदेश जारी भई सो बमोजिम परिपत्रसमेत भइसकेको हुँदा पुनः सोही विषयमा आदेश जारी हुन पर्ने अवस्था नभएकोले रिट खारेज गरी पाउँ भनी गर्नु भएको वहस समेत सुनियो ।

पक्ष र विपक्षका तर्फबाट उपस्थित विद्वानले गर्नु भएको उपरोक्त बहस र निवेदन दावी एवं लिखित जवाफ जिकिरलाई दृष्टिगत राखी निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, नेपाली नागरिक निवेदक भानी मैया शाक्यको छोराको रूपमा निवेदक करण भुषणको जन्म मिति २०४८।१।२० मा नेपाल मै भई नेपाल मै स्नातक तहसम्म अध्ययन गर्दै आइरहेको निजको नागरिकता प्राप्तिका लागि बाबुको नागरिकता नभएकोमा अवरोध गर्दै जिल्ला प्रशासन कार्यालयद्वारा नागरिकता प्रदान गर्न इन्कार गरेको हुँदा निजले भरेको अनुसूची-१ बमोजिमको फारामसाथ संलग्न वडाको सिफारिस सर्जमिनलगायत सम्पूर्ण कागजातका आधारमा आमा भानी मैया शाक्यको नामबाट वंशजको नागरिकता प्रदान गर्नु भनी विपक्षी गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउँमा र निवेदक करण भुषणको शैक्षिक योग्यताका प्रमाणपत्रमा विद्यालयको गल्तीका कारण संरक्षकका रूपमा रहेका हजुरबुबाको नाम बुबाको महलमा रहेको हुँदा सो नामसमेत हटाई आमाको नाम कायम गर्न शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय र राष्ट्रिय परीक्षा वोर्डका नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन व्यहोरा भई निवेदकले दोहोरो विवरण पेश गरेको, आवश्यक कागजात र प्रमाण नपुऱ्याई कार्यालयसमक्ष उपस्थित भएको भन्ने रिट निवेदनबाटै प्रष्ट भएकोले निवेदन खारेजभागी छ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौं लिखित जवाफ रही अन्य विपक्षीहरूले रिट निवेदकको कुनै प्रकारको संवैधानिक र कानूनी अधिकार उल्लंघन नगरेको भनी लिखित जवाफ फिराएको देखिन आयो ।

रिट निवेदकमध्येका करण भुषण शाक्य रिट निवेदक भानी मैया शाक्यको गर्भबाट मिति २०४८।१।२० गते काठमाडौंमा जन्म भएको भन्ने पेश हुन आएको निजको जन्म दर्ता प्रमाण पत्रबाट देखिन्छ । यी निवेदकको जन्म हुँदा निजका बाबु सम्पर्कविहीन भइसकेको भनी उल्लेख भएको देखिन्छ भने यी रिट निवेदक करण भुषणकी आमा रिट निवेदिका भानी मैया शाक्य काठमाडौं महानगरपालिका वडा नं. २३ निवासी निलरत्न शाक्यकी छोरी भएको कुरा भानी मैया शाक्यले जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०४१।९।२६ गते वंशजको आधार लिएको नेपाली नागरिकता प्रमाण पत्रबाट पुष्टि हुन्छ । यसरी यी रिट निवेदक करण भुषण शाक्य वंशजको आधारमा नेपाली नागरिकता प्राप्त रिट निवेदक भानी मैया शाक्यका छोरा रहेको कुरा मिसिल संलग्न जन्म दर्ता प्रमाणपत्र वडा कार्यालय गरेको सर्जमिन मुचुल्काबाट पुष्टि भइरहेको देखिन्छ । यी रिट निवेदक करण भुषण शाक्यको जन्म हुँदा निजका बाबु सम्पर्कबिहीन भई बसेको, निजको ठेगाना थाहा नभएको कुरा २३ नं. वडा कार्यालयको सर्जमिन मुचुल्काबाट देखिन आउँछ । रिट निवेदक करण भुषण शाक्यले नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम आमा नेपालको नागरिक भएकोले वंशजको नाताले नेपालको नागरिकता पाउनु पर्ने भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा अनुसूची-१ फाराम भरी निवेदन गरेकोमा बाबुको नागरिकताको प्रतिलिपि पेश गर्न नसकेको कारण नागरिकता प्राप्तिबाट बञ्चित हुन पुगेको देखिन आयो । यी रिट निवेदक करण भुषण शाक्यले बाबुको ठेगान नभएकोले आमाको नामबाट आफ्नो पहिचान बनाउन नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिम आमाले सनाखत गर्ने गरी आमाको नागरिकताको प्रमाणपत्र, जन्म दर्ताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रलगायत सर्जमिनको कागजात पेस गरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम नागरिकता पाउँ भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौं निवेदन दिएकोमा विवाद देखिएन ।

यी रिट निवेदक करण भुषण शाक्यले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नसक्ने सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा ११ को उपधारा १ र २ तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) हेर्नु पर्ने देखिन आयो । नेपालको संविधानको धारा ११ को उपधारा १, २ र ३ हेर्दाः

धारा ११. नेपालको नागरिक ठहर्ने :

(१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुने छन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

उल्लेखित धारा ११ को उपधारा १ मा यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक

हुनेछन् भन्ने उल्लेख छ भने उपधारा २(क) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने भनी उल्लेख भएको छ । त्यसैगरी नेपाल नागरिकता ऐन २०६३ को दफा ३(१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने उल्लेख भएको छ ।

उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था हेर्दा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएबाट बाबु वा आमा मध्ये कुनै एक व्यक्ति नेपाली नागरिक भएमा तिनका सन्तान उमेरले योग्य भएमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमामध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । बाबु वा आमामध्ये एउटाको नागरिकता राखी निवेदन दिएकोमा अर्कोको पनि नागरिकता खोज्नु कानूनले मिल्ने विषयवस्तु होइन ।

आमाको नामबाट नागरिकता पाउँ भन्ने सम्बन्धमा ने. का. प. २०७३ अंक ९ नि.नं. ९६८७ मा प्रकाशित निवेदक सृजन खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेशको रिट निवेदनमा "आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदनको माग भएबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट बञ्चित गर्नु भएको कानूनको बर्खिलाफ कार्य गरेको मानिन आउँछ" भनी यस अदालतबाट कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ ।

यसै प्रकृतिको ने. का. प. २०६८ अंक २ नि.नं. ८५५७ मा प्रकाशित निवेदक सविना दमाईसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेशको रिट निवेदनमा "बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भनी यसै अदालतबाट कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ ।

यसरी उल्लेखित संवैधानिक र कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारबाट यी रिट निवेदक करण भुषण शाक्यको आमा वंशजको आधारमा नेपाली नागरिकताप्राप्त व्यक्ति देखिन आएकोले यी रिट निवेदक करण भुषण शाक्य वंशजका आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्ति नै देखिन आयो । तसर्थ, संविधान र कानूनको प्रावधान विपरित निवेदक करण भुषणलाई वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र दिन नसकिने भनी गरेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

अब संविधान र कानून बमोजिमको हक अधिकार र सोको उपचार निवेदकहरूले उपभोग गर्न पाउनु पर्ने भएकोले, नेपालको संविधान, नेपाल नागरिकता ऐन र नियमावलीसमेतका आधारमा जे जो बुझ्नु पर्ने हो यथासिघ्र बुझी निवेदक करण भुषण शाक्यले खुलाएको व्यहोरा अन्यथा नदेखिए निवेदन माग बमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।

साथै रिट निवेदक भानी मैया शाक्य वैवाहिक सम्बन्ध गाँसिनु पूर्व नै आमा बनेकी कुमारी आमा भएको र रिट निवेदक करण भुषण शाक्यले आफ्नो आमा भानी मैया शाक्यको नामबाट आफ्नो पहिचान बनाउन प्रयासरत रहेको र संविधान तथा कानूनले समेत निजको अधिकार संरक्षण गरी रहेको सन्दर्भ समेतलाई विचार गरी रिट निवेदक करण भुषण शाक्यको शैक्षिक प्रमाणपत्रको बाबुको महलमा उल्लेखित हजुरबाबुको नाम कट्टा गरी आमा रिट निवेदक भानी मैया शाक्यको नाम समावेश गर्नु गराउनु भनी विपक्षी शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय काठमाडौं र राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

प्रधानन्यायाधीश

न्यायाधीश

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति सम्वत् २०७४ साल पुष २४ गते २ रोज शुभम्.........

# ३१ बबी थापासमेत
विरूद्ध
प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७५ साल बैशाख महिना ३ गते, निर्णय नं.

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री मीरा खड्का**
**माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की**
**आदेश मिति: २०७५।१।३**
**०७४-WO-०५०८**

**मुद्दा : परमादेश ।**

काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ बस्ने बबी थापा ...............१
ऐ. ऐ. बस्ने इभा रजौरिया ...............१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ...............१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ...............१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, काठमाडौं ...............१ विपक्षी

नेपालको संविधानको धारा १३३(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

निवेदक म बबी थापाको दाङ जिल्ला निवासी घनश्याम रजौरियासँग प्रेम विवाह भई २०५६।१०।११ गते छोरी ईभा रजौरियाको जन्म भएको हो । कृषि चुन उद्योग चोभारमा महाप्रबन्धकको पदमा कार्यरत पति घनश्याम रजौरियाले कहिल्यै पनि हामी निवेदकहरूलाई आफ्नो स्थायी घर ठेगानामा लिएर जानु भएन । विवाहको केही वर्षपछि पतिसँग पारिवारिक कलहका कारण म निवेदक बबी थापा साथै बस्न सक्ने वातावरण नभएकोले २०५९ सालबाट नाबालक छोरी ईभालाई साथमा लिई अलग बस्न थालैं । निवेदक ईभा काठमाडौंमा नै जन्मी, हुर्की हालसम्म पनि मेरो माइती तथा निजको मामाघरमा नै बस्दै आएकी छिन् । हाल उनी १०+२ पास गरी नर्सिङ्ग पढ्ने इच्छा गरेको हुँदा सोको लागि फाराम भर्न जाँदा नागरिकताको आवश्यकता परेकोले नागरिकतामा म निजकी आमाले सनाखत गर्ने गरी चन्द्रागिरी न.पा. वडा नं. ९ को कार्यालयबाट सिफारिस लिई मिति २०७४।१०।७ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा त्यहाँबाट विवाह दर्ता संलग्न गराई पेस गर्ने तोक आदेश गरिदिनु भएको र आमा बाबुको विवाह दर्ता पेस नगरेसम्म नागरिकता प्रमाणपत्र जारी गर्न नसकिने भनी नागरिकता प्रमाणपत्र पाउँ भन्ने अनुसूची-१ को निवेदन फाराम फिर्ता दिनु भएको हुँदा छोरीलाई म निजकी आमाले सनाखत गर्ने गरी नागरिकता प्रमाणपत्र प्रदान गर्न तथा छोरीले म निजकी आमाले सनाखत गरी नागरिकता प्रमाणपत्र प्राप्त गर्न नसकेको कारणले राज्यबाट प्राप्त हुने धेरै हक अधिकारहरु प्राप्त गर्नबाट वञ्चित भएका छौं । नेपालको संविधानको धारा १०(१), ११(२)(ख), १२ ले व्यक्तिको नागरिकताको अधिकार सुनिश्चित गर्नुका साथै आमा वा बाबुको नामबाट वंशजको नागरिकता प्राप्त गर्न सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको अनुसारको व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा समेत छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ९(२) र धारा १६(३), बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ७ लगायतका सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । यस्तो स्थितिमा नागरिकता प्रदान गर्ने निकायको अधिकारीको पितृसत्तात्मक सोच र व्यवहारका कारण म निवेदक ईभा रजौरियाले मेरो आमाले सनाखत गर्ने गरी नागरिकता नपाएको हुनाले संविधानद्वारा प्रदत्त समानतासम्बन्धी हक, नागरिकता

प्राप्त गर्ने हक, रोजगारीको अधिकार, आफूले रोजेको व्यवसाय गर्न पाउने अधिकार, उच्च शिक्षा हासिल गर्न पाउने शिक्षाको अधिकार, स्वतन्त्रपूर्वक विचार गर्न पाउने हक, सम्पत्तिको हक, वासस्थान छनौट गर्न पाउने हक र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजद्वारा प्रदत्त समानताको हक, राष्ट्रियताको हक र मैले मेरो पहिचानको प्राप्ति गर्ने हकबाट वञ्चित भइरहेको हुँदा विपक्षी जिल्ला प्रशासन कार्यालयका अधिकारीले विवाह दर्ता संलग्न गराई पेस गर्ने भनी गरिदिएको तोक आदेश उत्प्रेषणको आदेशबाट बदर गरी निवेदकमध्ये म बबी थापाले मेरो छोरीलाई मेरो ठेगानाबाट म निजकी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आधार र कारण भए खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीका नाममा यो निवेदन र आदेशको प्रतिलिपि साथै राखी म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै प्रस्तुत निवेदनको विषयवस्तुको गाम्भीर्यतासमेतलाई विचार गरी प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७४।१०।२४ को आदेश ।

निवेदिका ईभा रजौरियाले पिताको पहिचान खुलाउनु भए तापनि निजलाई आफ्नो सन्तानको रूपमा निजको पिताले सनाखत गरेको कागजात कहिँकतै पेस गर्नुभएको छैन । तसर्थ निज निवेदिकाको पिताको पहिचान खुलेको अवस्थामा पिताको नामको महलमा नाम उल्लेख गर्नुपर्ने भएकाले विश्वासयोग्य कागजात माग गरिएको हुँदा निज निवेदिकाको हकमा यस कार्यालयको काम कारवाही कानूनबमोजिम भएकोले प्रस्तुत रिट यस कार्यालयको हकमा प्रथमदृष्टिमै खारेजभागी भएकोले उक्त रिट निवेदन यस कार्यालयको हकमा खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

संविधान एवं कानूनद्वारा प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र संबर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ । साथै निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा गृह मन्त्रालय संवेदनशील पनि छ । कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । संविधान र प्रचलित ऐन कानूनबमोजिम गृह मन्त्रालय र मातहतका निकायहरूबाट नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने गरिएको छ । कानूनद्वारा तोकिएको आधार योग्यता नपुगी कसैले पनि नेपाली नागरिकता प्राप्त गर्न सक्दैन । निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहँदैन । गृह मन्त्रालयले संविधान एवं कानूनले तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम कारवाही सञ्चालन गरिरहेको छ । यस मन्त्रालयले आफू एवं मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकार उल्लङ्घन हुने गरी कुनै कार्य गरेको छैन । निवेदकले गृह मन्त्रालयको के कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा वस्तुनिष्ठ आधार र कारणसमेत खुलाउन सकेको देखिँदैन । गृह मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको छैन । तसर्थ प्रस्तुत सन्दर्भमा निराधार र अस्पष्ट माग दाबी लिई हचुवाको भरमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदरभागी छ, यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकहरूले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदिकाको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्टरूपमा उल्लेखसम्म गर्नसकेको पाइँदैन । प्रचलित कानूनबमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारवाही र निर्णयउपर समेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने पनि हुँदैन । जहाँसम्म रिट निवेदकहरूले दाबी लिएको नागरिकता प्राप्तिसम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपालको संविधानको भाग २ ले नागरिकतासम्बन्धी व्यवस्था गरी धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको छ । साथै धारा ११ को उपधारा (२) मा यो संविधान प्रारम्भ हुँदाका बखत

नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था गरी सोही उपदफाको खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्थाको अधीनमा रही नागरिकताको सिफारिस गर्ने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानूनी कर्तव्य भएका पदाधिकारीहरूले सम्पादन गर्ने काम कारवाहीको विषयमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा उल्लेख गरिरहनु परेन । अतः उल्लिखित आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुषमा गौतमले निवेदिका बबी थापाको दाङ जिल्ला निवासी घनश्याम रजौरियासँग प्रेम विवाह भई निजहरूबाट मिति २०५६।१०।११ गते निवेदकमध्येकी छोरी ईभा रजौरियाको जन्म भएकोमा विवाह दर्ताको कागज नहुँदै विवाहको केही वर्षपछि यी निवेदिकाको पतिसँग पारिवारिक कलहका कारण साथै बस्न सक्ने वातावरण नभएकोले २०५९ सालबाट नाबालक छोरी ईभालाई साथमा लिई माइती तथा मामाघरमा बस्न थालेको अवस्था छ । निवेदक ईभा काठमाडौंमा नै जन्मी, हुर्की हाल उनी १०+२ पास गरी नर्सिङ्ग पढ्ने इच्छा गरेको हुँदा सोको लागि फाराम भर्न जाँदा नागरिकताको आवश्यकता परेकोले नागरिकतामा निजकी आमाले सनाखत गर्ने गरी चन्द्रागिरी न.पा. वडा नं. ९ को कार्यालयबाट सिफारिस लिई मिति २०७४।१०।७ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा त्यहाँबाट विवाह दर्ता संलग्न गराई पेस गर्ने तोक आदेश गरिदिनु भएको र विवाद दर्ता पेस नगरेसम्म नागरिकता प्रमाणपत्र जारी गर्न नसकिने भनी नागरिकता प्रमाणपत्र पाउँ भन्ने अनुसूची १ को निवेदन फाराम फिर्ता दिनु भएको हुँदा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) समेतमा रहेको कानूनी व्यवस्थाविपरीत विपक्षी जिल्ला प्रशासन कार्यालयका अधिकारीले विवाह दर्ता संलग्न गराई पेस गर्ने भनी गरिदिएको तोक आदेश उत्प्रेषणको आदेशबाट बदर गरी निवेदक बबी थापाले निवेदक निजको छोरी ईभालाई सनाखत गरी दिएको निजको ठेगानाबाट वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो । त्यस्तैगरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले नेपालको संविधानको भाग २ ले नागरिकतासम्बन्धी व्यवस्था गरी धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको छ । साथै धारा ११ को उपधारा (२) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था गरी सोही उपदफाको खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेकोले निवेदिका ईभा रजौरियालाई नागरिकता दिनकै लागि निजको पिताको पहिचान खुलेको अवस्थामा पिताको नामको महलमा नाम उल्लेख गर्नुपर्ने भएकाले विश्वासयोग्य कागजात माग गरिएको सम्म हो, नागरिकता दिन इन्कार गरिएको होइन तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा, विपक्षी जिल्ला प्रशासन कार्यालयका अधिकारीले विवाह दर्ता संलग्न गराई पेस गर्ने भनी गरिदिएको तोक आदेश उत्प्रेषणको आदेशबाट बदर गरी निवेदिकामध्ये म बबी थापाले मेरो छोरी ईभा रजौरियालाई मेरो ठेगानाबाट म निजकी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने बेहोराको मुख्य निवेदन मागदाबी रहेकोमा निवेदिका ईभा रजौरियालाई नागरिकता दिनकै लागि निजको पिताको पहिचान खुलेको अवस्थामा पिताको नामको महलमा नाम उल्लेख गर्नुपर्ने भएकाले विश्वासयोग्य कागजात माग गरिएको सम्म हो, नागरिकता दिन इन्कार गरिएको होइन तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ ।

प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, यसमा रिट निवेदिका ईभा रजौरियाले आमा बबी थापा र पिता घनश्याम रजौरियाका नाममा जिल्ला प्रशासन कार्यालय, काठमाडौँले वंशजको आधारमा जारी गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आमा बबी थापा पिता घनश्याम रजौरियाकी छोरी ईभा रजौरिया भन्ने उल्लेख भएको मिति २०७४।१०।५ को जन्मदर्ता प्रमाणपत्र, घनश्याम रजौरियाको छोरी ईभा रजौरिया भनी Bright Future Secondary School बाट मिति २०७१।३।१७ मा जारी गरिएको ईभाको नामको चारित्रिक प्रमाणपत्र, निवेदक ईभा रजौरियाका बाबु घनश्याम रजौरिया र आमा बबी थापा भएको भन्नेसमेत बेहोराको स्थानीय निकायका प्रतिनिधि चन्द्रागिरी नगरपालिका वडा नं. ९ का वडा सचिवको रोहबरमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन मुचुल्काको प्रतिलिपिहरु साथै राखी नेपाल नागरिकता ऐन, २०६३ को अनुसूची १ को ढाँचामा वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा त्यहाँ कार्यालयबाट नागरिकता शाखालाई विवाह दर्ता संलग्न गराई पेस गर्ने भन्ने तोक आदेश लगाई निवेदकलाई नै नागरिकताको फाराम फिर्ता दिएको देखिन्छ । यस परिप्रेक्ष्यमा वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्तिसम्बन्धी भएका प्रचलित संवैधानिक र कानूनी व्यवस्था हेर्दा नेपालको संविधानको भाग २ धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने उल्लेख भएको पाइन्छ भने धारा ११(२), (३), (४) र (५) मा वंशजको आधारमा नेपालको नागरिक ठहर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था भएको पाइन्छः

"११. नेपालको नागरिक ठहर्नेः

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछः

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

(३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

(४) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानूनबमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ ।

३. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्तिसम्बन्धी व्यवस्था गर्दै ऐ. ऐनको दफा ८ मा नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था भएको पाइन्छः-

"३. वंशजको नाताले नेपाली नागरिकता प्राप्तिः

(१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

८. नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्ने :

(१) दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछः

(क) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको

प्रमाणपत्र, तर विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ख) जन्मस्थान र नाता खुल्ने गरी गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस ।

४. त्यस्तैगरी नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१),(२) र (५) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सम्बन्धमा निम्नानुसारको कार्यविधिको व्यवस्था भएको पाइन्छः-

"३. वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः

(१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ-

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेस गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेस गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछः

(क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको बेहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा अनुसूची-३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची-४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत । तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पदरूपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यसउपर थप छानबिन गर्न सक्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक वंशजको नाताले नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

माथि उद्धृत संवैधानिक र कानूनी व्यवस्थालाई हेर्दा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि नेपाली आमा बुबाको विवाह दर्ताको प्रमाणपत्र पेस गर्नुपर्ने व्यवस्था गरिएको देखिएन । नेपाल नागरिकता ऐन, २०६३ ले वंशजको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि चाहिने कागजपत्र संलग्न गरी रिट निवेदिका ईभा रजौरियाले ऐ. ऐनको अनुसूची १ मा तोकिएको ढाँचाबमोजिमको फाराम भरी नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंसमक्ष पेस गरेको देखिन्छ भने सो कुरालाई विपक्षीहरूले लिखित जवाफमा अन्यथा भन्न सकेको समेत देखिँदैन । आमा बबी थापा पिता घनश्याम रजौरियाकी छोरी यी निवेदिका ईभा रजौरिया भन्ने उल्लेख भएको मिति २०७४।१०।५ को जन्मदर्ता प्रमाणपत्र, स्थानीय निकायका प्रतिनिधि चन्द्रागिरी नगरपालिका वडा नं. ९ का वडा सचिवको रोहबरमा निवेदिकाको वतनसमेत खुल्ने गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन मुचुल्काको प्रतिलिपि तथा Bright Future Secondary School बाट मिति २०७१।३।१७ मा जारी गरिएको ईभाको नामको चारित्रिक प्रमाणपत्रबाट पनि यी निवेदिका घनश्याम रजौरियाको छोरी भएको देखिइरहेको अवस्थामा निवेदिका ईभा रजौरिया पिता घनश्याम रजौरिया भएको तथ्यलाई अन्यथा भन्न मिल्ने देखिँदैन । निवेदिका ईभा रजौरियाका आमा र बाबु दुवैको वंशजको नाताले नागरिकता प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको अवस्था छ । त्यस्तैगरी निवेदिका ईभाले नागरिकताको प्रमाणपत्र पाउँ भनी भरेको निवेदन फाराममा चन्द्रागिरी नगरपालिका वडा नं. ९ का वडाध्यक्षले निज निवेदिकालाई

नागरिकताको प्रमाणपत्र दिन सिफारिस गरेकोसमेत मिसिलबाट देखियो । यसरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ र ८ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले वंशजको आधारमा नागरिकता प्राप्त गर्न चाहिने सम्पूर्ण कागजात निवेदिकाले नागरिकता पाउँ भन्ने निवेदन दरखास्तसाथ पेस गरेको देखिन्छ । निवेदिकाले वंशजको आधारमा नागरिकताको प्रमाणपत्र पाउँ भनी दिएको निवेदन साथ पेस गरेका यी प्रमाणहरूलाई अन्यथा भनी मान्नु कानून र विवेकसम्मत पनि देखिँदैन । यस सन्दर्भमा प्रचलित कानूनअनुसार वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन र लिनका लागि आवश्यक सबै कागजातहरू रीतपूर्वकरूपमा पेस भएको अवस्थामा कानूनतः वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिने दायित्व भएको निकायले आफ्नो कानूनी दायित्व निर्वाह गरेको पाइएन । कुनै कार्य गर्नका लागि कानूनी कर्तव्य एवं दायित्व तोकिएको पदाधिकारी वा निकायले प्रचलित कानूनअनुसार सो कार्य गर्नको लागि कानूनले तोकेको सर्तहरू पूरा भई रीत पुगेको अवस्थामा अन्य कुनै पनि बहाना बनाई सो कार्य गर्न इन्कार गर्नु वा ढिलासुस्ती गर्नु न्यायोचित एवं कानूनसङ्गत देखिन आउँदैन ।

अतः माथि विवेचित आधार र कारणबाट उपर्युक्त लिखत कागज प्रमाणहरू संलग्न राखी वंशजको आधारमा निवेदिका ईभा रजौरिया नागरिकताको प्रमाणपत्र माग गर्न आएमा निजलाई नागरिकता प्रमाणपत्र दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जनाउ विपक्षीहरूलाई दिई आदेशको प्रति विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर अपरेटर : उत्तरमान राई

इति सम्वत् २०७५ साल बैशाख महिना ३ गते रोज २ शुभम् ---------

# ४० ओमप्रकाश साह
विरूद्ध
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७५ साल बैशाख महिना ३१ गते, अंक २, निर्णय नं. १०१९५, पृ. २९३

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री मीरा खडका**
**माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ**
**आदेश**
**०७४-WO-०२९५**

**मुद्दा : उत्प्रेषण/परमादेश ।**

सूर्य साहको नाति विरिज किशोर साहको छोरा जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.१९ घर भई त्रिभुवन विश्वविद्यालयअन्तर्गत पूर्वाञ्चल क्याम्पस धरानमा मेकानिकल इन्जिनियरिङ विषयको प्रथम वर्षको शत्रमा अध्ययन गर्न नामाङ्कन प्राप्त वर्ष १८ को ओमप्रकाश साह ..................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत ..................१ विपक्षी

- **विद्यार्थीलाई नेपाली नागरिकता नै नबनेको कारणबाट शिक्षा जस्तो नैसर्गिक हकबाट वञ्चित गर्नु संविधानत मिल्ने नदेखिने ।**

**(प्रकरण नं.३)**

**रिट निवेदकका तर्फबाट** : विद्वान् अधिवक्ता श्री सतिसकुमार झा

**विपक्षीका तर्फबाट** : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई, विद्वान् अधिवक्ता श्री नारायणप्रसाद खनाल

**अवलम्बित नजिर** :

**सम्बद्ध कानून** :

नेपालको संविधान

**आदेश**

**न्या. मीरा खडका** : नेपालको संविधानको धारा १३३(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकारको छः-

**रिट निवेदन बेहोरा**

म निवेदक विरिज किशोर साह र अनिता कुमारी देवीबाट जन्मेको नेपाली नागरिक हुँ । बुबा तथा आमा नेपाली नागरिक हुनुहुन्छ । दुवैजना नेपाली नागरिक रहेका बुबाआमाबाट जन्मेको म निवेदक स्वतः नेपालको नागरिक रहन पाउने मेरो राष्ट्रियताको पहिचान र हकमा विवाद हुन सक्दैन । श्री सिद्धार्थ माध्यमिक विद्यालय वीरगन्ज पर्साबाट एस.एल.सी. उत्तिर्ण गरी सेन्टजेभियर सेकेण्डरी स्कुलबाट प्रविणता प्रमाणपत्र तहको अध्ययन समाप्त गरी पूर्वाञ्चल क्याम्पस धरान सुनसरीमा प्रवेश परीक्षा पास गरी मेकानिकल इन्जिनियरिङ अध्ययन गर्न पाउने गरी नामानसमेत भइसकेको छ । नामाङ्कन गराउने क्रममा क्याम्पसमा नेपाली नागरिकताको प्रमाणपत्र माग भएको र नागरिकताको प्रमाणपत्र माग गर्न जाँदा जिल्ला प्रशासन कार्यालय वीरगन्जले विभिन्न कानूनी अड्चन देखाई नागरिकताको प्रमाणपत्र नदिएकोले नेपालको संविधानको धारा ११(२)(ख) तथा धारा ११(३) बमोजिम नागरिकता प्राप्त गर्न पाउने संविधान प्रदत्त मेरो मौलिक हकमा आघात परेको छ । कानूनबमोजिम नागरिकता प्राप्त गर्ने मेरो उमेर पुगिसकेको हुँदा नेपालको संविधानको धारा ११(३) बमोजिम निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु भनी विपक्षीहरु १, २ र ३ का हकमा परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ । नागरिकताको आधार बनाई नागरिकता विना भर्ना रद्द गर्ने भनी विपक्षी नं. ३, ४ र ५ बाट धम्कीपूर्ण व्यवहार भएकोले निवेदकको उच्च शिक्षा प्राप्त गर्न पाउने संवैधानिक अधिकारमा आघात पुग्न गएको हुँदा निवेदकको नागरिकता अनिवार्यसम्बन्धी माग

सूचना एवम् मेरो भर्ना रद्द गर्ने वा गरेको भए सोसमेत उत्प्रेषणको आदेशले बदर गरी कुनै बाधा अड्चन नदिई निर्बाध अध्ययन गर्न दिनु भनी विपक्षीहरु ३, ४ र ५ समेतका नाममा परमादेशको आदेश जारी गरिपाऊँ । यसैगरी प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकलाई कक्षामा हाजिर गराई अध्ययन गर्न दिनु, शिक्षाको हकबाट वञ्चित हुनेगरी कुनै बाधा अवरोध नगर्नु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

**आदेशको बेहोरा**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेशप्राप्त भएका मितिले १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै अन्तरिम आदेशको माग सम्बन्धमा विचार गर्दा दुवै पक्षको छलफल सुनी निष्कर्षमा पुग्न वाञ्छनीय भएबाट छलफलको लागि मिति २०७४।७।२६ को पेसी तोकी विपक्षीहरूलाई सूचना दिई नियमानुसार गर्नु भन्ने मिति २०७४।७।२१ को यस अदालतको आदेश ।

**अन्तरिम आदेशको बेहोरा**

निवेदकको नामाङ्कन रद्द गरी अध्ययन गर्न नदिने गरी रोक लगाउन खोजेको कार्यले प्रत्यक्ष रूपमा उच्च शिक्षा हासिल गर्न पाउने हकमा आघात पर्न जाने भई निवेदकलाई अपुरणीय क्षति पुग्न जाने देखिएकोले विपक्षी जिल्ला प्रशासन कार्यालय पर्साको मिति २०७४।५।१ को सिफारिसअनुसार निवेदकलाई नागरिकता तत्काल उपलब्ध गराउन कानून निर्माण हुनुपर्ने भए पनि निजको बाबु, आमा दुवै नेपाली हो भन्ने स्थापित भएको देखिएको, त्यसरी नेपाली बाबु, आमाको छोरी वा छोरालाई नेपालमा अध्ययन गर्न पाउने भनी भएको सिफारिसलाई अन्यथा गर्ने आधार नदेखिँदा निजले उच्च शिक्षा हासिल गर्न पाउने हकलाई नरोक्नु नरोकाउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नु भन्ने मिति २०७४।८।३ को यस अदालतको आदेश ।

**लिखित जवाफको बेहोरा**

**विपक्षी गृह मन्त्रालयको लिखित जवाफ**

संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ । नेपालको संविधान, नागरिकता ऐन, २०६३, नागरिकता नियमावली, २०६३ समेतका प्रचलित कानूनमा तोकिएका योग्यताका आधारमा कानूनद्वारा निर्धारित प्रक्रिया अपनाई सम्बन्धित निकायबाट नागरिकता प्राप्त गर्न सकिने व्यवस्थाबमोजिम योग्य नागरिकले नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुनेगरी कुनै पनि कार्य भएको छैन । यस मन्त्रालयले आफू एवं मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लङ्घन हुने गरी कुनै कार्य गरेको छैन । निवेदकले गृह मन्त्रालयको के कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा वस्तुनिष्ट आधार र कारणसमेत खुलाउन सकेको देखिँदैन । निराधार र अस्पष्ट मागदाबी लिई हचुवाको भरमा यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन बदरभागी छ ।

**विपक्षी त्रिभुवन विश्वविद्यालय कीर्तिपुर तथा इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकको संयुक्त लिखित जवाफ**

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा स्नातक तहमा भर्ना हुनको लागि आवश्यक पर्ने शैक्षिक योग्यताको अतिरिक्त नेपाली नागरिकताको प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ भनी अध्ययन संस्थानले निकालेको सूचना कुन कानूनको प्रतिकूल छ भनी निवेदकले उल्लेख गर्न सकेको पाइँदैन । निवेदकका बुबा आमाले नागरिकता प्राप्त गरिसकेको अवस्थामा निवेदकले के कसरी प्राप्त गर्न सक्नु भएन सो कुराले अध्ययन संस्थानसँग कुनै सार्थक सम्बन्ध राख्दैन । नागरिकता प्रदान गर्ने नगर्ने भन्ने विषय अत्यन्त संवेदनशील भएको हुँदा त्यस विषयमा नेपाल सरकारको सम्बन्धित निकायले नै विचार गर्ने विषय भएकोले त्यसलाई भर्नासँग जोडी हेर्न मिल्दैन । निवेदकजस्तै अन्य व्यक्तिले नागरिकता पेस गर्ने, निवेदकले पेस नगर्ने गरी निर्णय गर्न अध्ययन संस्थानले मिल्दैन । निवेदक नेपाली नागरिक भए अध्ययन संस्थानको सूचनाअनुसार नागरिकताको प्रतिलिपि पेस गर्नुपर्ने अनिवार्य गरेको हुँदा सोअनुसार निवेदकले नागरिकता पेस नगरेको र सम्मानित अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् निवेदक भर्ना भइसक्नु भएको हुँदा निवेदकको रिट निवेदन खारेज गरिपाऊँ ।

**विपक्षी जिल्ला प्रशासन कार्यालय पर्साको लिखित जवाफ**

नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७०।१२।२० गतेको च.नं.४९१ को परिपत्रमा नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ उपधारा २ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड ग बमोजिम मिति २०७०।१२।१२ गतेदेखि निष्क्रिय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकारबाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णयअनुसार अनुरोध छ भनी प्राप्त पत्रअनुसार बाबुले जन्मको आधारमा नागरिकता लिएको नागरिकताभन्दा अगाडि जन्मेका सन्तानलाई नागरिकता जारी नगरिएको हो । रिट निवेदकको मागदाबी प्रचलित कानूनबमोजिम नभएकोले खारेज गरिपाऊँ ।

**लिखित जवाफ प्राप्त नभएको**

श्री पूर्वाञ्चल क्याम्पस धरान सुनसरीका नाममा यस अदालतबाट जारी भएको सूचना म्याद मिति २०७४।८।१२ मा रीतपूर्वक तामेल भएकोमा लिखित जवाफ प्राप्त भएको देखिन आएन । यसैगरी वीरगन्ज महानगरपालिकाको कार्यालय, पर्सा वीरगन्जका नाउँको सूचना म्याद मिति २०७४।९।९ मा रीतपूर्वक तामेल भएकोमा म्याद भित्र लिखित जवाफ प्राप्त हुन आएको देखिएन ।

**आदेश खण्ड**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सतिसकुमार झाले विपक्षी इन्जिनियरिङ अध्ययन संस्थानले निवेदकलाई प्रवेश परीक्षामा संलग्न गराई भर्ना सूचीमा समेत नाम प्रकाशित गरी भर्ना लिइसकेको अवस्थामा नागरिकता नभए भर्ना रद्द गर्ने भनी विपक्षी इन्जिनियरिङ अध्ययन संस्थानसमेतबाट नागरिकता अनिवार्यसम्बन्धी सूचना प्रकाशित गरेबाट निवेदकको संविधान प्रदत्त मौलिक हकको प्रतिकूल हुँदा उक्त सूचना उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्दछ र बाबुआमा नेपाली नागरिक हुँदाहुँदै नेपाली नागरिकको तर्फबाट जन्मेको निवेदक नागरिकताविहीन भएको स्थिति हुँदा निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय पर्सासमेतका नाममा परमादेशको आदेश जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । यसैगरी विपक्षी त्रिभुवन विश्वविद्यालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री नारायणप्रसाद खनालले त्रिभुवन विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १२(ख) अनुसार पाठ्यक्रम निर्धारण गर्ने र ऐ. ऐनको दफा १२(घ) ले विश्वविद्यालयमा अध्ययनका लागि भर्ना हुन योग्यता तोक्ने अधिकार प्राज्ञिक परिषद्लाई सुम्पेको छ । इन्जिनियरिङ अध्ययन संस्थान पूर्वाञ्चल क्याम्पस धरानले २०७४।५।८ को सूचनामा क्याम्पसमा भर्ना हुनका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिसमेत पेस गर्न सूचना प्रकाशित गरेकोमा हाल निवेदक भर्ना भइसकेको स्थिति हुँदा रिट निवेदन खारेज भागी छ भनी आफ्ना तर्कहरु प्रस्तुत गर्नुभयो । विपक्षी गृह मन्त्रालयसमेतका तर्फबाट प्रतिरक्षार्थ उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले निवेदकका बाबुले मिति २०६३।१।६ मा जन्मको आधारमा नागरिकता पाएको र आमाले मिति २०६०।१०।५ मा वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिन्छ । मिति २०५७।१०।१३ मा जन्म भएका यी निवेदकलाई निजका बाबुआमा नेपाली नागरिक भएको भनी जिल्ला प्रशासन कार्यालय पर्साले २०७४।५।१ मा सिफारिस गरिदिएको छ । निवेदकले उठाएको विषयमा संविधान संशोधन भइसकेको हुँदा रिट निवेदन खारेज भागी छ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो ।

निवेदक तथा विपक्षी तर्फबाट प्रस्तुत भएको बहस जिकिर मिसिल संलग्न कागज प्रमाणहरूका आधारमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदकका बाबु विरिज किशोर साह जन्मका आधारमा र आमा अनिता कुमारी देवी वंशजको आधारमा नेपाली नागरिक भएको र निवेदकले इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकबाट मेकानिकल इन्जिनियरिङमा अध्ययनका लागि प्रवेश परीक्षा उत्तीर्ण गरी अध्ययनको प्रक्रियामा रहेकोमा निवेदकलाई नेपाली नागरिकता दिनबाट कानूनी प्रक्रियाको अभाव देखाई नागरिकता नदिई अध्ययन गर्ने अधिकारबाट वञ्चित गर्न लागेकोले नेपाली नागरिकताको प्रमाणपत्र दिई अध्ययन गर्ने अवसरबाट वञ्चित नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन बेहोरा देखिन्छ । विपक्षीमध्येका त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकसमेतको संयुक्त लिखित जवाफको बेहोरा हेर्दा निवेदक नेपाली नागरिक हो भने अध्ययन संस्थानको सूचनाअनुसार निवेदकले नागरिकताको प्रतिलिपि पेस गर्नु पर्ने अनिवार्य गरेको र सोअनुसार नागरिकता पेस नगरेको र अन्तरिम आदेश जारी भएपश्चात निवेदक भर्ना भइसक्नु भएको र मुद्दाको टुङ्गो लागी सकेपछि निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र पेस नगरेमा निजको भर्ना रद्द गरिनेछ भनी बेहोरा उल्लेख भएको पाइन्छ । मिसिल संलग्न रिट निवेदकका बाबु विरिज किशोर साहले जन्मको आधारमा र रिट निवेदकका आमा अनिता कुमारी तुरहाले वंशजका आधारमा जिल्ला प्रशासन कार्यालय पर्साबाट नेपाली नागरिकताको

प्रमाणपत्र प्राप्त गरेको निजहरूको नेपाली नागरिकताको प्रतिलिपिबाट देखिन आयो । रिट निवेदकले जिल्ला प्रशासन कार्यालय पर्साबाट प्राप्त गरेको जो जससँग सम्बन्धित छ विषयको च.नं.१२२६ मिति २०७४।५।१ को सिफारिसपत्रमा बाबु विरिज किशोर साह ना.प्र.नं. ३४३०२२।६८ जारी मिति २०६३।१।६ (पर्सा) र छोरा ओमप्रकाश साह तुरहा उल्लेख भएको पाइयो । यसरी रिट निवेदक र विरिज किशोर साहबीच बाबु छोराको नाता रहेको र रिट निवेदकका बुबा नेपाली नागरिक भएकोमा विवाद देखिन आएन । रिट निवेदकले आफू नेपालको नागरिकता प्राप्त गर्ने उमेर पुगेकोले नेपालको संविधानको धारा ११(३) बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्नु गराउनु भनी परमादेशको माग गरेको देखिन्छ । रिट निवेदकले आफू नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि यो मितिमा जिल्ला प्रशासन कार्यालयमा गएको र नागरिकताको फाराम भरेको भनी स-प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन । आफू नागरिकता प्राप्तिका लागि साधिकार निकायमा नगएको अवस्थामा अदालतले रिट निवेदनकै माध्यमद्वारा सोझै निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनु भनी आदेश जारी गर्न मिल्ने हुँदैन ।

३. विपक्षी त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकको लिखित जवाफबाट रिट निवेदकले मेकानिकल इन्जिनियरिङ अध्ययनका लागि अनिवार्य रूपमा आफ्नो नेपाली नागरिकता पेस गर्नु पर्ने देखिन आयो । अब रिट निवेदकले आ□नो नेपाली नागरिकता पेस नगरेकै कारण निवेदकले उच्च शिक्षा हासिल गर्न पाउने संविधान प्रदत्त शिक्षासम्बन्धी मौलिक हकबाट वञ्चित हुनु पर्ने हो त भनी हेर्नु पर्ने हुन आउँछ । नेपालको संविधानको धारा ३१ ले मौलिक हकको रूपमा शिक्षासम्बन्धी हकको व्यवस्था गरेको छ । धारा ३१ मा शिक्षासम्बन्धी हकअन्तर्गत उपधारा (१) मा "प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ" भन्ने व्यवस्था गरेको पाइन्छ । रिट निवेदक नेपाली नागरिकको छोरा भएको कुरामा विवाद रहेछ । रिट निवेदकले उच्च शिक्षाको लागि विपक्षी इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक भर्ना भइसकेको कुरा लिखित जवाफबाट समेत देखियो । अध्ययन गरिरहको विद्यार्थीलाई नेपाली नागरिकता नै नबनेको कारणबाट शिक्षाजस्तो नैसर्गिक हकबाट वञ्चित गर्नु संविधानत मिल्ने देखिँदैन । शिक्षा हरेक व्यक्तिको लागि आधारभूत आवश्यकता हो । यो स्वतन्त्रता र रोजगारीलगायतको आर्थिक एवं आत्मसशक्तीकरण (Self–empowerment) को लागि समेत जरूरी छ । नेपालसमेत सदस्य भएका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी आलेखहरू जस्तैः मानव अधिकारसम्बन्धी घोषणापत्र, १९४८ को धारा २६(१), आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १३ ले शिक्षाको हकलाई मान्यता दिएको छ । त्यसको अतिरिक्त नेपालसमेत सदस्य भएको United Nations Educational Scientific and Cultural Organization (UNESCO) युनेस्कोको विधान, १९४५ ले पनि यो हकलाई सबैको मानव अधिकारको रूपमा स्पष्ट मान्यता दिएको छ ।

४. जहाँसम्म विद्यार्थीले विश्वविद्यालयमा भर्ना हुनका लागि नेपाली नागरिकताको प्रमाणपत्र पेस गर्नु पर्ने भनी निकालिएको सूचनाका सम्बन्धमा विचार गर्दा उक्त सूचनामा के कुन ऐन, कानूनअनुसार नेपाली नागरिकता अनिवार्य गरिएको हो सो उल्लेख गर्न सकेको पाइँदैन । कानूनले स्पष्ट रूपमा रोक नलगाएको विषयमा विपक्षी इन्जिनियरिङ अध्ययन संस्थानद्वारा विद्यार्थी भर्नाको सर्त बनाइनुलाई कानूनसङ्गत मान्न मिलेन ।

५. तसर्थ कानूनले नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य नगरेको अवस्थामा कानूनी अख्तियारी विना प्रकाशित गरिएको सूचना गैरकानूनी देखिएकोले सो सूचना उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदक हाल भर्ना भई अध्ययनरत रहेको देखिँदा निजको भर्ना रद्द नगर्नु भनी विपक्षी नं.४,५ र ६ को नाममा परमादेशसमेत जारी हुने ठहर्छ ।

६. रिट निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालयसमक्ष निवेदन दिएको कुरा मिसिलबाट देखिन नआएबाट निजलाई नागरिकताको प्रमाणपत्र दिनु भनी निवेदकको मागअनुसारको आदेश जारी गर्नुपर्ने देखिएन । सो हदसम्मको निवेदन माग दाबी खारेज हुने ठहर्छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम् ।

# ४१ अर्जुनकुमार साह विरूद्ध जिल्ला प्रशासन कार्यालय, महोतरी समेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७५ साल भाद्र महिना २८ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.**
**आदेश**
**०७४-WO-०५१८**

**मुद्दा : उत्प्रेषण, परमादेशसमेत ।**

महोत्तरी जिल्ला, मटिहानी नगरपालिका वडा नं. ८ मटिहानी बस्ने अर्जुनकुमार साह ........१ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, महोत्तरी ........१
नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौं ........१
जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं. ८ को कार्यालय, मटिहानी ........१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ........१
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ........१
व्यवस्थापिका संसदको सचिवालय, सिंहदरबार, काठमाडौं ........१
राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर शाखा, जलेश्वर, महोत्तरी ........१ विपक्षी

नेपालको संविधानको धारा ४६ तथा १३३(२), (३) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

१. म निवेदक नेपाली नागरिक हुँ । मेरो जन्म महोत्तरी जिल्ला, मटिहानी गा.वि.स. वडा नं. ८ मा भएको हो । मेरी आमा मिथिला कुमारीले वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नुभएको छ भने बुबा अरूण साह विगत ३८ वर्षदेखि नेपालमा बसोबास गर्दै आएको भए पनि निजले कुनै पनि देशको नागरिकता नलिएको अवस्था छ । मेरो नेपाली नागरिकता नभएको कारणले संविधान प्रदत्त मौलिक हक एवं कानूनी हक अधिकारहरूको उपभोग गर्नबाट बञ्चित भएको छु । नागरिकता प्रमाणपत्रको अभावमा दैनिक समस्या झेल्नुको साथै पढाई पनि अगाडि बढाउन पाएको छैन । सम्बन्धित निकायले मलाई नेपालको नागरिकताको प्रमाणपत्र नदिँदा मेरो संवैधानिक हकहरू खासगरी नेपालको संविधानको धारा १७ ले प्रदान गरेको स्वतन्त्रताको हक, धारा १८ ले प्रदान गरेको समानताको हक, धारा २५ ले प्रदान गरेको सम्पत्तिको हक, धारा ३१ ले प्रदान गरेको शिक्षाको हक र धारा ३३ ले प्रदान गरेको रोजगारीको हक लगायतको मौलिक हकमा आघात परेको छ । नेपालको संविधानको धारा ११ को उपधारा (७) बमोजिम नागरिकता पाउनुपर्ने आधारमा म जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं. ८ को कार्यालय, मटिहानीमा नागरिकता प्रमाण पत्रको सिफारिस लिनको लागि गएकोमा कानून नभएको भन्दै सिफारिस दिन मानेन । सो कुराको जानकारी गराउँदासमेत गृह मन्त्रालयबाट कुनै आदेश नभएको भन्दै जिल्ला प्रशासन कार्यालय, महोत्तरीले कुनै सुनुवाई गरेको छैन । साथै मैले मेरो आमाको नागरिकताको प्रमाण पत्र, मेरो मतदाता परिचय पत्र र मेरो जन्मदर्ताको प्रतिलिपि सहित मिति २०७४।१०।२२ गते राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर शाखा, महोत्तरीमा बैंक खाता खोल्न निवेदन दिँदा नागरिकता नभएको कारणले खाता खोल्न नसकिने भन्दै खाता खोलेको छैन । अतः एउटा नेपाली नागरिकको हैसियतले मैले कुनै पनि हक अधिकारको उपभोग गर्न नपाई अन्यायमा परेकोले सम्मानित अदालत समक्ष आएको छु । मैले नेपालको अन्तरिम संविधान, २०६३ को धारा

८(२) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता पाउनको लागि दायर गरेको मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा नै नेपालको संविधान, २०७२ जारी भएको हुँदा नेपालको संविधानको धारा ११(७) बमोजिम नेपाली नागरिकता पाउन यो रिट निवेदन दायर गरेको छु । यस्तै प्रकृतिको गृह मन्त्रालयलाई समेत विपक्षी बनाई स्वेता श्रीवास्तवको ०७४-WO-००५० नं को परमादेश मुद्दा प्रभात कुमार शान्तनुको ०७२-WO-१०९३ नं को परमादेश मुद्दा र साकार सिंहको ०७४-WO-०१५९ नं को परमादेश मुद्दामा समेत नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेश जारी भएको अवस्था छ । यस सम्बन्धमा भाग ५३, अंक २, पेज नं. २४७, नि.नं. ८५५७, सविना दमाई विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मुद्दा नं. ०६७-WO-०७०३ समेत आकर्षित हुन्छ ।

२. अतः उल्लेखित तथ्य, नेपालको संविधान, प्रचलित कानून एवम् सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तहरूको आधारमा नेपालको संविधानको धारा १३३(२),(३) बमोजिमको आदेश जारी गरिपाऊँ ।(क) नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकमा आघात पर्ने गरी विपक्षी राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर शाखा, जलेश्वर महोत्तरीले खाता नखोल्ने भनी गरेको मिति २०७४।१०।२२ गतेको आदेश उत्प्रेषणको आदेशले बदर गरिपाऊँ । (ख) नेपालको संविधानको धारा ११ को उपधारा (७) बमोजिम नागरिकता पाउन पूर्ण योग्य सक्षम नेपाली नागरिक रहेकोले नागरिकताको प्रमाणपत्र स्वतः बन्नुपर्नेमा जिल्ला महोत्तरी मटिहानी गाउँपालिका वडा नं. ८ को कार्यालयले कानूनी अड्चन देखाई आलटाल गरी नागरिकताको प्रमाण पत्र दिनु दिलाउनु भनी राष्ट्रिय वाणिज्य बैंक बाहेकको विपक्षीहरूको नाउँमा परमादेश, (ग) साथै नेपालको संविधान जारी भएको झण्डै साढे दुई वर्ष पुग्न लागेको अवस्थामा हालसम्म पनि नागरिकता सम्बन्धी कानून तथा नियमावली नबनेकोले विभिन्न किसिमको कानूनी तथा व्यवहारिक अड्चनहरु आएको नागरिकता सम्बन्धी ऐन, कानून तत्काल बनाउनको लागि नेपाल सरकार तथा व्यवस्थापिका संसद लगायतका विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ साथै रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी राष्ट्रिय वाणिज्य बैंकको तोकादेश सम्बन्धी कुनै काम कारवाही नगर्नु नगराउनु तथा बैंक, खाता खोल्न, पढ्न पाउने लगायत नेपाली नागरिकले पाउने सेवा सुविधाबाट बञ्चित नहुने गरी आवश्यक सहयोग र समन्वय गर्नु गराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश गरी प्रस्तुत निवेदनमा अग्राधिकार प्रदान गरी सुनुवाई गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदन मागदावी ।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी गर्न नपर्ने हो ? आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. ३ र ७ का हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत र अन्य विपक्षीहरूको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू । अन्तरिम आदेश माग गरेतर्फ हेर्दा, निवेदक अर्जुनकुमार साहको आमा मिथिलादेवी साहको नेपाली नागरिकता भएकोमा विवाद देखिएन । निज निवेदक नेपालभित्र जन्मिएको भनी जन्मदर्ता प्रमाणपत्र पेश भएको छ । नेपाली आमाबाट नेपालभित्र जन्म भएका भनिएका निवेदकलाई नेपाली नागरिकता नभएकै कारणबाट बैंकमा खाता खोल्न, शिक्षण संस्थामा पठन पाठन गर्नबाट वञ्चित हुन जाने अवस्था सिर्जना भएको देखिएकाले निवेदकलाई तत्काल अपूरणीय क्षति पुग्न जाने देखिँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म राष्ट्रिय वाणिज्य बैंकमा खाता खोल्न, शिक्षण संस्थामा पठनपाठन गर्न रोक नलगाउनु र निवेदकको हकमा नागरिकले पाउने सुबिधाबाट बञ्चित नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ, सोको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नु भन्ने मिति २०७४।१०।२६ मा यस अदालतबाट भएको आदेश ।

४. नेपालको संविधानको भाग २ ले नागरिकता सम्बन्धी व्यवस्था गरी धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको छ । धारा ११ को उपधारा ७ मा यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानूनबमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था

रहेको छ । नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अंगीकृत नागरिकता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्थाको अधिनमा रही कानूनको निर्दिष्ट विधि, प्रक्रियाबमोजिम अंगिकृत नागरिकता प्रदान गर्न सकिने समेतको व्यवस्था हो । जहाँसम्म निवेदकले नागरिकता प्रमाणपत्र लिन खोज्दा नपाएको भन्ने विषय छ, सो सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा थप उल्लेख गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

५. यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहदैन । गृह मन्त्रालयले संविधान एवम् कानूनले तोकिदिएको अधिकारक्षेत्रभित्र रही कानून बमोजिमको प्रक्रिया अपनाई आफ्ना काम कारवाही संचालन गरिरहेको छ । यस मन्त्रालयले आफू एवम् मातहतका निकायबाट नागरिकका संविधान तथा कानून प्रदत्त हक अधिकारको उल्लंघन हुने गरी कुनै कार्य गरेको छैन । निवेदकले गृह मन्त्रालयको के कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा वस्तुनिष्ठ आधार र कारणसमेत खुलाउन सकेको देखिँदैन । गृह मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको छैन । नेपालको संविधान जारी भई लामो समयपश्चात समेत नागरिकता सम्बन्धी कानून निर्माण नभएको सम्बन्धमा नागरिकता सम्बन्धी कानून निर्माण गर्ने तथा भईरहेको कानूनको कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको क्षेत्राधिकारको विषय भएकोले सो सम्बन्धमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने होइन । हचुवाको भरमा यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन बदर गरिपाउँ भन्नेसमेत व्यहोराको गृह मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

६. नेपालको संविधानको धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको छ । धारा ११ को उपधारा (७) मा यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानूनबमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अंगीकृत नागरिकता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्थाको अधीनमा रही कानूनको निर्दिष्ट विधि र प्रक्रियाबमोजिम अंगीकृत नागरिकता प्रदान गर्न सकिने सम्मको व्यवस्था हो । जहाँसम्म नागरिकता सम्बन्धी कानून र नियमावली तत्काल बनाउन परमादेशको आदेश जारी हुनुपर्ने भन्ने निवेदन जिकिर छ, प्रचलित नागरिकता सम्बन्धी कानून संविधानसँग नबाझिएको र राज्यले आवश्यकता अनुरूप नागरिकता सम्बन्धी नयाँ कानूनको निर्माण गर्ने नै भएकोले निवेदन जिकिरबमोजिम आदेश जारी हुनुपर्ने होईन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

७. संघीय संसदको व्यवस्थापकीय कार्यमा प्रशासनिक सहयोग गर्ने यस सचिवालयलाई निवेदकले नागरिकता नपाएको सन्दर्भमा कानून निर्माण नभएको भन्ने विषयमा विपक्षी बनाउनु औचित्यपूर्ण देखिँदैन । रिट निवेदकले खास गरी हालसम्म पनि नागरिकता सम्बन्धी कानून तथा नियमावली नबनेकोले नागरिकता सम्बन्धी ऐन, कानून तत्काल बनाउनुपर्ने भन्ने जिकिरका सम्बन्धमा यस सचिवालयलाई विपक्षी बनाएको देखिएकोले सो

सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ समेत बहाल रहेकै अवस्था भएकोले ऐन कानून नबनेको कारणले कानूनी अड्चन परेको भन्न मिल्ने अवस्था होईन । जहाँसम्म नयाँ कानून बनाउने सन्दर्भ छ, सो सम्बन्धमा नेपाल सरकारले आवश्यकता महसुस गरी संघीय संसद समक्ष विधेयक पेश गरेको अवस्थामा विधी र प्रक्रियाबमोजिम संघीय संसदबाट विधेयक पारित गर्ने कार्यमा यस सचिवालयको तर्फबाट गर्नुपर्ने प्रशासकीय सहयोग गरिने नै भएकोले यस सचिवालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको व्यवस्थापिका-संसद सचिवालयको तर्फबाट परेको लिखित जवाफ ।

८. बैंकहरु संचालन गर्न, खाता खोल्न, कर्जा प्रवाहको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैकले गरेको निर्देशन बमोजिम कुनै पनि साबालक भै सकेको नागरिकले बिना नागरिकता बैकमा खाता खोल्न पाउने व्यवस्था नभएकोले बैंकले विपक्षी निवेदकको नाममा निक्षेप खाता खोल्न नसकेको हो । खाता खोल्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको निर्देशन नं. १९ को अनुसूची १९.१ मा व्यक्तिगत खातामा ग्राहक पहिचान तथा सोको सम्पुष्टी गर्दा लिनुपर्ने कागजात भनी नागरिकता, राहदानी, मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र मध्ये एकको प्रतिलिपि पेश गर्नुपर्ने हुन्छ । निवेदकले उल्लेखित कुनै पनि कागजात पेश गरेको भनी कहिँकतै उल्लेखसमेत गरेको नदेखिएकोले बैंक खाता खोल्न आवश्यक कागजात पेश नगरेको कारण निजको खाता नखुलेको हो । यस बैंक शाखा कार्यालय जलेश्वरले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको निर्देशन नं. १९ को अनुसूची १९.१ को व्यवस्था परिपालनाको लागि खाता नखोलिएको कार्यलाई अन्यथा भन्न नमिल्ने र प्रचलित कानूनको परिपालना गरेकोमा विपक्षीले लगाएको आरोप निराधार एवम् झुट्ठा हुँदा सो निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर शाखाका शाखा प्रवन्धक रामबहादुर साहको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

**आदेश खण्ड**

९. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र कमार महतो र विद्वान अधिवक्ता श्री सुनिल कुमार पटेलले रिट निवेदककी आमाले वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको अवस्था छ भने निवेदकका बाबुले कुनै पनि देशको नागरिकता लिएका छैनन्, रिट निवेदकको नेपालमा जन्म भएको जन्मदर्ता प्रमाणपत्र मिसिल संलग्न छ, निवेदक नेपालमा बसोबास एवं पठनपाठन समेत गर्दै आईरहेको अवस्थामा निजले नेपालको संविधान तथा नागरिकता ऐन अनुसार आमाको नामबाट नेपालको नागरिकता पाउनुपर्नेमा नागरिकता ऐन, नियम सम्बन्धी कानूनी अड्चन देखाउदै विपक्षीहरूले नागरिकता दिन आलटाल गरेको कार्यबाट निवेदकको पठनपाठन कार्य तथा बैँक खाता खोल्नमा अवरोध हुन गएकोले विपक्षी जिल्ला प्रशासन कार्यालयसमेतको नाममा नागरिकता दिनु, दिन लगाउनु भनी परमादेशको आदेश लगायत जो चाहिने आदेश जारी गरी पाऊँ भनी बहस गर्नुभयो ।

१०. विपक्षी राष्ट्रिय वाणिज्य बैँकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सपना शाहीले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, र नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कुनै पनि साबालक भैसकेको नागरिकले खाता खोल्न नागरिकता, राहदानी, मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र मध्ये एकको प्रतिलिपि पेश गर्नुपर्नेमा निवेदकले उल्लेखित कुनै पनि कागजात पेश गर्न नसकेकोले निजको खाता नखुलेको हो । यस बैंकको शाखा कार्यालय जलेश्वरले कानून र नेपाल राष्ट्र बैकबाट जारी निर्देशनको परिपालनास्वरूप निवेदकको खाता नखोलिएको कार्यलाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

११. विपक्षी नेपाल सरकार गृह मन्त्रालयसमेतको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान उप-न्यायाधिवक्ता श्री गोपाल लामिछानेले कानूनद्वारा तोकिएको आधार योग्यता नपुगी कसैले पनि नेपाली नागरिकता प्राप्त गर्न सक्दैन । नेपालको संविधान जारी भएपश्चात नागरिकता सम्बन्धी कानून निर्माणले पूर्णता पाई नसकेको अवस्था हो, नागरिकता सम्बन्धी कानून निर्माण गर्ने तथा भईरहेको कानूनको कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको क्षेत्राधिकारको विषय हुँदा संसदमा छलफल भईरहेको विषयमा रिट क्षेत्रबाट आदेश गर्न मिल्ने होईन । निराधार र अस्पष्ट मागदावी लिई दायर गरेको रिट निवेदन खारेज हुनुपर्छ

भनी गर्नुभएको बहससमेत सुनियो ।

१२. यसमा निवेदककी आमा मिथिला कुमारी वंशजको आधारमा नेपालको नागरिक भएकी र निवेदकको बाबु अरूण साहले कुनै पनि देशको नागरिकता नलिएको, निजहरु लामो समयदेखि नेपालमै बसोबास गरी आईरहेको, निवेदकको नेपालमै जन्म भएको र निवेदकले आमाको नामबाट नागरिकता लिनको लागि सिफारिस लिन महोत्तरी जिल्ला मटिहानी नगरपालिका वडा नं ८ को कार्यालयमा जाँदा सो कार्यालयले कानूनको अभाव देखाई सिफारिस दिन नमानेको र सो उपर निवेदकले जिल्ला प्रशासन कार्यालय, महोत्तरीलाई जानकारी गराउँदासमेत कुनै सुनुवाई नगरेको कारणबाट निवेदकको नागरिकता बन्न नसकी निवेदकले शिक्षा आर्जन गर्ने र बैंक खाता खोल्ने लगायतका कार्य गर्न नपाई निजको मौलिक हकमा आघात पर्न गएकोले निवेदकलाई निजकी आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र दिनु र शिक्षा आर्जन गर्न र बैंक खाता खोल्नबाट वञ्चित नगर्नु नगराउनु साथै नागरिकतासम्बन्धी ऐनको छिटो टुंगो लगाउनु भनी विपक्षीहरूका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भनी प्रस्तुत रिट निवेदन परेको देखियो ।

१३. उपरोक्तानुसारको तथ्य र दुवै पक्षका कानून व्यवसायीको बहस जिकिर समेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निवेदकको मागदावी बमोजिमको आदेश जारी गर्न मिल्ने हो, होईन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा, यसमा निवेदककी आमा मिथिला कुमारीले जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाट मिति २०४९।४।६ मा वंशजका आधारमा ६१५५३६७२ नं को नेपाली नागरिकताको प्रमाणपत्र लिएको कुरा निवेदकले पेश गरेको मिसिल संलग्न नागरिकताको प्रतिलिपिबाट देखिन्छ भने निवेदकको महोत्तरी जिल्ला मटिहानी गा.वि.स वडा नं ८ मा जन्म भएको भनी जिल्ला महोत्तरी, मटिहानी गा.वि.स.को द.नं ७५१ मिति २०६३।११।११ मा जारी भएको निजको जन्मदर्ताको प्रमाणपत्रमा उल्लेख भएको देखिन्छ । उक्त प्रमाणपत्रमा निवेदकका बुवा अरूण शाहको नागरिकता नभएको कुरासमेत जनाएको देखिन्छ । साथै निज निवेदकले श्रीराम माध्यमिक विद्यालय, महोत्तरीमा अध्ययन गरेको देखिने व्यहोराको कागजात समेत मिसिल संलग्न देखियो ।

१५. यस स्थितिमा विपक्षी गृह मन्त्रालयको लिखित जवाफ हेर्दा, गृह मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्र गरेको छैन । नागरिकता सम्बन्धी कानून निर्माण गर्ने तथा भईरहेको कानूनको कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको क्षेत्राधिकारको विषय हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने होईन, रिट निवेदन खारेज गरी पाऊँ भनी लिखित जवाफ फिराएको देखिन्छ भने विपक्षी राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर शाखा, महोत्तरीले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकले गरेको निर्देशन बमोजिम कुनै पनि साबालक नागरिकले खाता खोल्न नागरिकता, राहदानी, मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र मध्ये एकको प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था गरेको र निज निवेदकले उल्लेखित कुनै पनि कागजात पेश नगरेको कारण निजको बैंक खाता नखुलेको हो, प्रचलित कानूनको परिपालना गर्ने सिलसिलामा भएको काम कारवाहीलाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत व्यहोराको लिखित जवाफ फिराएको देखियो । साथै अन्य विपक्षी कार्यालयहरूले समेत आफूले रिट निवेदकको मौलिक वा अन्य कानूनी हक, अधिकारमा आघात पर्ने कुनै प्रकारको कार्य नगरेकोले रिट जारी हुनुपर्ने होईन भन्ने व्यहोराको लिखित जवाफ पेश गरेको देखियो । यद्यपी निवेदन व्यहोरा र विपक्षीको लिखित जवाफसमेत हेर्दा, रिट निवेदक अर्जुन कुमार साहले नेपाली नागरिकताको प्रमाण पत्र नपाएको अवस्था देखिन्छ ।

१६. अब यी निवेदकले नेपालको संविधान अनुसार नेपालको नागरिकता पाउन सक्छन वा सक्दैन? भन्ने सम्बन्धमा विचार गर्दा, रिट निवेदक अर्जुन कुमार शाह आमा मिथिला कुमारी र बाबु अरूण शाहको छोरा भएको कुरा निवेदकले निवेदनसाथ पेश गरेको निजको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । निवेदककी आमा मिथिला कुमारीले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र पाएकोमा विवाद देखिँदैन । निवेदकको नेपालमै जन्म भई नेपालमै निजले आफ्नो पठनपाठन समेत गरेको देखिन्छ भने निजले हालसम्म आफ्ना बुवाको कुनै पनि देशको नागरिकता नभएको र आफूले बुबाको नामबाट कुनै पनि देशको नागरिकता नलिएको भनी निवेदनमा उल्लेख गरेको पाइयो । यस स्थितिमा नेपालको संविधानको धारा ११(७) बमोजिम

निवेदकले नागरिकता पाउनुपर्छ भनी निवेदन जिकिर लिएको देखिन्छ ।

१७. नागरिकता प्राप्त गर्ने सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(७) "यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजले प्रचलित कानूनबमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको पाइन्छ भने सोही व्यवस्था बर्तमान नेपालको संविधानको धारा ११ को उपधारा (७) मा "यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजले संघीय कानूनबमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ" भनी भएको देखिन्छ । साथै नागरिकता सम्बन्धी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (२) मा "विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोरा छोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ ।

१८. उक्त संवैधानिक तथा कानूनी व्यवस्थाबाट, विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएको सन्तानहरूलाई निजहरूको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भई बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई नेपालको अंगीकृत नागरिकता प्रदान गर्न सकिने देखियो । प्रस्तुत रिट निवेदनको सन्दर्भमा निवेदककी आमा वंशजका आधारमा नेपाली नागरिक देखिन्छिन भने निवेदकका बाबुले कुनै देशको नागरिकता नलिएको भन्ने जिकिर देखिन्छ । साथै निवेदकको नेपालमा नै जन्म भई, नेपालमा पठनपाठन गरी नेपालमा स्थायी बसोबास गर्दै आएको र निवेदकले बाबुको नागरिकताको आधारमा नागरिकता नलिएको जिकिरका आधारमा नेपाली नागरिकता पाउन सक्ने संविधान तथा नागरिकता सम्बन्धी ऐन अनुसारको योग्यता तथा शर्त पूरा भएमा यी निवेदकले नागरिकताबाट वञ्चित हुनुपर्ने अवस्था देखिएन । साथै निवेदकले नागरिकता पाउन नसक्ने अवस्था रहे भएको भनी विपक्षीहरूले आफ्नो लिखित जवाफ र बहस क्रममासमेत उल्लेख गरेको अवस्था नदेखिएबाट निवेदकले नेपालको संविधानको धारा ११ को उपधारा (७) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२) अनुसार नागरिकता पाउने देखिन्छ । साथै यसै अदालतबाट कुनै पनि व्यक्तिले आफ्नो बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भएपनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने (ने.का.प. २०६८, नि.नं. ८५५७, अंक २, पृ. २४७) भनी सविना दमाई वि. नेपाल सरकार भएको परमादेशको रिट निवेदन र अन्य यस्तै प्रकृतिका विवादहरूमा सिद्दान्तसमेत प्रतिपादन भई आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालयको नाउँमा परमादेशको आदेश जारी भैसकेको अवस्थासमेतबाट प्रस्तुत मुद्दामासमेत निवेदकले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने नै देखियो ।

१९. यसरी निवेदकले पेश गरेका कागज प्रमाणहरूका आधारमा यी निवेदकले नेपालको संविधान तथा नागरिकता सम्बन्धी प्रचलित कानुन अनुसार नेपालको नागरिकता पाउने नै देखिएकोले कानून बमोजिमका आवश्यक प्रक्रिया र कागजातसमेत हेरी बुझी सम्बन्धित वडा कार्यालयले नागरिकता प्राप्तिको लागि सिफारिश दिनुपर्ने र सोको आधारमा जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकताको प्रमाण पत्र दिनुपर्ने नै हुन्छ । यस अवस्थामा निवेदक अर्जुन कुमार साहले कानूनले तोकेका आवश्यक कागजपत्र तथा प्रक्रिया पुऱ्याई आएमा निजलाई नागरिकता दिन इन्कार, आलटाल गर्नु कानूनसम्मत नहुने हुँदा विपक्षी गृह मन्त्रालयसमेतका तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन ।

२०. अतः उपरोक्त विवेचित आधार, कारण तथा कानूनी सिद्दान्तसमेतबाट प्रस्तुत निवेदनमा निवेदक अर्जुन कुमार साहकी आमा मिथिला कुमारी वंशजको आधारमा नेपाली नागरिक रहेकी, यी निवेदकको नेपालमै जन्म भई नेपालमा नै स्थायी बसोबास, पठनपाठन गरेको देखिएको र निवेदकले आफ्नो बुवाको कुनै पनि देशको

नागरिकता नै नरहेकोले आफूले बुबाको नामबाट समेत नागरिकता नलिएको भनी लिएको जिकिरबाट निजले नेपाली नागरिकता पाउने नै देखिन्छ । यस्तो स्थितिमा निवेदकले नागरिकता प्रमाण पत्रको लागि सिफारिश माग गरेमा कानूनबमोजिम गरी सिफारिस प्रदान गर्नू भनी विपक्षी जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं ८ को कार्यालयका नाममा र सो सिफारिश लगायतका अन्य आवश्यक कागजपत्रको आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाण पत्र प्रदान गर्नू भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय महोत्तरीका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । नागरिकता प्राप्त गरेको अवस्थामा बैंक खाता खोल्न, अध्ययन गर्नसमेत कुनै समस्या नपर्ने हुँदा निवेदन जिकिर अनुसार सो सम्बन्धमा थप विवेचना गर्नुपर्ने देखिएन । प्रस्तुत आदेशको जानकारी निज विपक्षीहरूलाई दिनू र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा मेरो सहमति छ ।

न्यायाधीश

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति सम्वत् २०७५ साल भाद्र महिना २८ गते रोज ५ शुभम् ............................. ।

# ४२

## लक्ष्मीकुमारी शर्मा
## विरूद्ध
## जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७५ साल फागुन १२ गते, अंक ३, नि.नं. १०४५८, पृ. ५२५

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.**
**आदेश**
**०७५-WO-०५८१**

**मुद्दा : उत्प्रेषण ।**

सिराहा जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. २ मा जन्म भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ मा स्थायी बासिन्दा भएको विश्वनाथ ठाकुरको नातिनी रामबाबु ठाकुर र रेखादेवी ठाकुरको छोरी लक्ष्मीकुमारी शर्मा ........ १ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत ........ १ विपक्षी

- **विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधानअनुकूल हुने नदेखिने ।**

**(प्रकरण नं.७)**

- **नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो । नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन् । सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलतामा खेल्नु न्यायपूर्ण नहुने ।**

**(प्रकरण नं.८)**

**निवेदकका तर्फबाट :** विद्वान् अधिवक्ता श्री विश्वास आचार्य

**विपक्षीका तर्फबाट :** विद्वान् उपन्यायाधिवक्ता श्री हरिहर पौडेल

**अवलम्बित नजिर :**

- ने.का.प.२०५१, नि. नं. ४९७०
- ने.का.प.२०५८, नि.नं.७०१९
- ने.का.प.२०६८, अङ्क २, नि.नं.८५५७, पृ.२४७
- ने.का.प.२०७३, अङ्क ७, नि.नं.९६२७
- ने.का.प.२०७३, अङ्क ९, नि.नं.९६८७
- ने.का.प.२०७४, अङ्क ७, नि.नं.९८४१

**सम्बद्ध कानून :**

- नेपालको संविधान
- नेपाल नागरिकता ऐन, २०६३

**आदेश**

**न्या.डा.आनन्दमोहन भट्टराई :** नेपालको संविधानको धारा ४६ र धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

म रिट निवेदकको सिराहा जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. २ मा जन्म भई हाल आमा बुबासहित बसाइँसराई गरी काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ मा आई यसै स्थानको स्थायी बासिन्दा भई रहे बसेको अवस्था छ । मेरो बुबा रामबाबु ठाकुर र आमा रेखादेवी ठाकुर दुवै जनाको नेपाली नागरिकताको प्रमाणपत्र रहेको छ । मेरो बुबा रामबाबु ठाकुरले जन्मको आधारमा र आमा रेखादेवी

ठाकुरले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नुभएको छ । मेरो बुबा रामबाबु ठाकुरको नागरिकता नम्बर १५३०२३/११, जिल्ला प्रशासन कार्यालय, सिराहा, मिति २०६३।११।३० तथा आमा रेखादेवी ठाकुरको नागरिकता नम्बर १५३०२३६३०, जिल्ला प्रशासन कार्यालय, सिराहा, मिति २०६३।१२।०१ रहेको छ । मेरो हालसम्म विवाह भएको छैन ।

मेरो अध्ययनको क्रममा मैले रामा महन्थी यादव जनता मा.वि. सितापुर, सिराहाबाट साबिक एस.एल.सी. हालको एस.ई.ई. तथा ब्रिलियन्ट एजुकेसनल मा.वि., चावहिल, काठमाडौंबाट राष्ट्रिय परीक्षा बोर्डको परीक्षा अर्थात् हालको एस.एल.सी. अर्थात् १०+२ को परीक्षा उत्तीर्ण गरी थप उच्च शिक्षा अध्ययनका लागि विदेश पढ्ने मौका प्राप्त गरी सोका लागि प्रोसेसिङको कार्यमा रहेकोमा विदेश जानका लागि पासपोर्ट आवश्यक पर्ने र पासपोर्टका लागि नेपाली नागरिकता आवश्यक पर्ने हुँदा नागरिकता बनाउनका लागि बबरमहल, काठमाडौं स्थित जिल्ला प्रशासन कार्यालय गई नागरिकता प्राप्त गर्नको लागि फर्म भरी सो फर्ममा वडा कार्यालयको सिफारिससमेत गराई नियमानुसारको सम्पूर्ण प्रक्रिया पूरा गरी पेस गरेको थिएँ ।

जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मेरो नागरिकता दिनुअघि सम्बन्धित साबिकको मेरो जिल्ला अर्थात् जिल्ला प्रशासन कार्यालय, सिराहामा समेत अभिलेखका लागि पत्राचार गरेकोमा उक्त कार्यालयले समेत नागरिकता प्रदान गर्नका लागि आवश्यक अभिलेख सो जिल्लामा रहेको उल्लेख गरी पत्राचारसमेत गरेको थियो । यसरी सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी मैले प्राप्त गर्नुपर्ने वंशजको नागरिकता प्रदान गर्ने भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंले करिब ६ महिनाजति झुलाएपछि अन्तमा हाल तपाईँलाई नागरिकता प्रदान गर्न मिल्दैन, नागरिकतासम्बन्धी नयाँ प्रावधान तथा कानून आएपछि विचार गरौंला, सक्नुहुन्छ भने अदालतको आदेश लिएर आउनुहोस् भनी गैरजिम्मेवारीपूर्ण जवाफ दिइयो । यसरी मलाई नागरिकता प्रदान गर्नुपर्ने निकायले नै गैरजिम्मेवारीपूर्ण जवाफ दिएको कारण बाध्य भई न्याय प्राप्तिका निमित्त सम्मानित अदालतसमक्ष उपस्थित भएको छु । साथै मलाई नागरिकता प्रदान गर्न नमिल्ने कुरा लिखित रूपमा दिनका लागि अनुरोध गरेकोमा मलाई सोसमेत नदिई मात्र मौखिक जवाफ दिइएको अवस्था छ ।

माथिका प्रकरणहरूमा उल्लिखित तथ्य र कानूनको आधारमा विपक्षीहरूबाट मलाई नागरिकता प्रदान गर्न नसकिने भनी भए गरिएको निर्णय तथा काम कारबाहीबाट मलाई नेपालको संविधानको धारा १०, ११, १२, १७, १८, २०, ३१, ३८, ४६ र ४७ द्वारा प्रदत्त मौलिक हक, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, ४ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३, ४ समेतबाट प्रदत्त कानूनी हक हनन हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटोसमेत केही नभएको हुनाले बाध्य भई नेपालको संविधानको धारा ४६, ४७ र १३३(२)(३) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतको शरणमा उपस्थित भएको छु ।

अतः माथिका प्रकरणहरूमा उल्लिखित तथ्य र कानूनको आधारमा विपक्षी प्रत्यर्थीमध्येको श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मलाई वंशजको आधारमा नागरिकता प्रदान नगर्नु नगराउनु भनी कुनै आदेश भएको भएमा सो आदेश र त्यसपछि सोहीबमोजिम हुने गरी कुनै पत्रचार एवम् कामकारबाही भएको भएमा सो आदेशले मलाई नेपालको संविधानको धारा १०, ११, १२, १७ १८२०, ३१, ३८, ४६ र ४७ द्वारा प्रदत मौलिक हक तथा नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ द्वारा प्रदत्त कानूनी हक अधिकारमा गम्भीर आघात पर्न गई पूर्णतः कुन्ठित हुन पुगेकाले मलाई अपूरणीय क्षति पुग्न गएको हुँदा उक्त आदेश र त्यसपछि भए गरिएका पत्राचार, काम कारबाहीहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी म रिट निवेदकलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भन्नेसमेत बेहोराको परमादेशलगायत अन्य जो चाहिने आवश्यक र उपयुक्त आदेश जारी गरिपाऊँ ।

प्रस्तुत मुद्दाको अन्तिम किनारा लाग्न समय लाग्ने भएको र उल्लिखित जिल्ला प्रशासन कार्यालयको मौखिक आदेश कार्यान्वयन भएमा गैरकानूनी निर्णयले प्रश्रय पाउन जाने तथा मेरो उच्च शिक्षा अध्ययन गर्न पाउने हकमा अपूरणीय क्षति (Irreparable Damage) हुन जाने तथा सुविधा र सन्तुलन (Balance and Convenience) को सिद्धान्तले पनि तत्काल अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१) बमोजिम मलाई तुरुन्त वंशजको आधारमा नागरिकता प्रदान गर्नु भन्नेसमेत बेहोराको अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

"यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएको मितिले

बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्ने ।

प्रस्तुत रिट निवेदनमा उल्लिखित विषयवस्तुको प्रकृति हेर्दा छिटो किनारा हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ । नियमानुसार गर्नु" भनी मिति २०७५।०९।१३ गते भएको आदेश ।

निवेदकले यस कार्यालयलाई विपक्षी कायम गर्दा उठाउनु भएको मुख्य विषय निवेदकको बाबु आमा दुवै नेपाली नागरिक भएको र नेपाली नागरिकको सन्तानले नियमानुसारको प्रक्रिया पूरा गरी निवेदन पेस गर्दासमेत नेपाली नागरिकता प्राप्त गर्न नसकेकोले संविधानले दिएको हक अधिकारबाट वञ्चित गर्न खोजेको आशंका गर्नु भएको देखिन्छ । यस कार्यालयबाट ऐन नियमबमोजिम नागरिकलाई प्रदान गरिने सेवाहरु समानरूपमा प्रदान गरिएको साथै रिट निवेदकको बाबुको नागरिकता प्रमाणपत्र जन्मको आधारमा भएको र नेपालको संविधान जारी भएपश्चात् नेपाल नागरिकता ऐन, २०६३ मा परिमार्जन नभएको तथा संसद्बाट संशोधन विधेयक पारित भएपश्चात् संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानहरूलाई नागरिकता प्रदान गर्न सकिने बेहोरा नेपाल सरकार मन्त्रीस्तरको मिति २०७५।०४।२० को निर्णयानुसार अनुरोध छ भनी गृह मन्त्रालयको च.नं.१२६ मिति २०७५।०४।२० को पत्रबाट समेत अवगत हुन आएकोले हाल प्रचलनमा रहेको नेपाल नागरिकता ऐन, २०६३ बमोजिम निज रिट निवेदकलाई नागरिकता प्रमाणपत्र जारी गर्ने कानूनी व्यवस्था नरहेकोले प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेजभागी भएकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

संविधान एवम् कानून प्रदत्त नागरिकका मौलिक हक एवम् अधिकारको संरक्षण र सम्बर्द्धन गर्न प्रत्यर्थी मन्त्रालय सदा प्रतिबद्ध छ । साथै निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा मन्त्रालय संवेदनशील छ । कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । निवेदकको दाबीबमोजिम यस मन्त्रालय तथा मातहतका निकायहरूबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकार तथा राज्यविहीन हुने अवस्था सिर्जना हुँदैन । कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्नबाट वञ्चित हुनु पर्ने अवस्था रहँदैन । प्रत्यर्थी मन्त्रालयले संविधान एवम् कानूनले तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम, कारबाही सञ्चालन गरिरहेको छ । यस मन्त्रालयको के, कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा विपक्षीले रिट निवेदनमा वस्तुनिष्ठ आधार र कारणसमेत खुलाउन सक्नु भएको देखिँदैन । प्रत्यर्थी मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको छैन । नेपालको संविधानबमोजिम संघीय कानूनमा भएको व्यवस्था र प्रचलित कानूनको अधीनमा रही निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार गृह मन्त्रालयको लिखित जवाफ ।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री विश्वास आचार्यले रिट निवेदिकाको बुबा आमाले नेपालको संविधान आउनुअघि नै सिराहा जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । मेरो पक्षले जन्मको आधारमा वा वंशजको आधारमा नागरिकता दिने भन्ने कुराको विवाद हो । रिट निवेदिकाले वंशजको आधारमा नागरिकता पाउनु पर्ने भन्ने हाम्रो माग हो । नागरिकता ऐन, २०६३ को दफा ३(१) ले वंशजको आधारमा नागरिकता पाउने कुरा स्पष्ट गरेको छ । मेरो पक्षलाई कार्यविधिमा स-सानो अत्तो थापेर नागरिकता दिनलाई रोक्न मिल्दैन । निवेदन मागबमोजिम रिट जारी हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री हरिहर पौडेलले निवेदिकाले नागरिकता नपाउने भन्ने सवाल नभएको, नेपालको संविधानले नागरिकता सम्बन्धमा गरेको व्यवस्थालाई कार्यान्वयन गर्न हाल नागरिकता ऐन संशोधनको क्रममा रहेको अवस्था छ । ऐनमा संशोधन नभइसकेको कारणबाट

निवेदिकालाई निजको मागअनुसारको नागरिकता प्रदान गर्न नसकिएको हो । प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तबमोजिम दुवै तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा, प्रस्तुत रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निर्णयतर्फ विचार गर्दा, मेरो बुबा रामबाबु ठाकुर र आमा रेखादेवी ठाकुर दुवै जनाले जिल्ला प्रशासन कार्यालय, सिराहाबाट नागरिकता प्राप्त गर्नु भएको हो । बुबा रामबाबु ठाकुरले जन्मको आधारमा र आमा रेखादेवी ठाकुरले वंशजको आधारमा नेपालको नागरिकता लिनु भएको छ । मेरो जन्म सिराहा जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. २ मा भई हाल आमा बुबासहित बसाइँसराई गरी काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ को स्थायी बासिन्दा भई बसोबास गरेको अवस्था छ । मैले वंशजको आधारमा नागरिकताको प्रमाणपत्र लिनको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन गरेकोमा मलाई लामो समयसम्म भुलाई अन्त्यमा तपाईँलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न मिल्दैन भनी मौखिक जानकारी गराएकाले विपक्षी प्रत्यर्थीमध्येको श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मलाई वंशजको आधारमा नागरिकता प्रदान नगर्नु नगराउनु भनी कुनै आदेश भएको भएमा सो आदेश र त्यसपछि सोहीबमोजिम हुने गरी कुनै पत्रचार एवम् कामकारबाही भएको भएमा सोसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी म रिट निवेदकलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भन्नेसमेत बेहोराको परमादेशलगायत अन्य जो चाहिने आवश्यक र उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदकको निवेदन जिकिर रहेको देखिन्छ ।

नेपालको संविधानअनुसार नेपाल नागरिकता ऐन, २०६३ संशोधन हुन सकेको छैन । संसद्बाट संशोधन विधेयक पारित भई नसेकोको कारण नागरिकता ऐनको प्रचलित व्यवस्थाअनुसार निवेदिकालाई नागरिकता दिन नसकिएको हो । निवेदिकाले उठाएको विषयवस्तुको सम्बन्धमा संवेदनशील छौं । नेपालको संविधानबमोजिम संघीय कानूनको अधीनमा रही निवेदकले नागरिकता प्रमाणपत्र प्राप्त गर्न सक्ने नै भएको भनी विपक्षीहरूबाट लिखित जवाफ पेस भएको देखिन्छ ।

२. सो सन्दर्भमा हेर्दा, रिट निवेदिकाले रिट निवेदनसाथ पेस गरेको विद्यालयहरूको चारित्रिक प्रमाण-पत्र, बसाइँसराई दर्ताको प्रमाणपत्र, निजको जन्मदर्ता प्रमाणपत्र र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको च.नं. ३३७ मिति २०७५/०५/०३ को पत्रबमोजिम इलाका प्रहरी कार्यालय, लाहान, सिराहाले पठाएको च.नं.३४८ को नागरिकताको अभिलेख विषयको पत्रसमेतको प्रतिलिपिहरु हेर्दा रिट निवेदिकाको बुबा रामबाबु ठाकुर र आमा रेखादेवी ठाकुर भएकोमा कुनै विवाद देखिँदैन । निवेदिकाको आमा बुबाका नाउँको नागरिकता प्रमाणपत्रको प्रतिलिपिबाट बुबा रामबाबु ठाकुरले नागरिकता नं. १५३०२३/११, मिति २०६३/११/३० मा जन्मको आधारमा र आमा रेखादेवी ठाकुरले नागरिकता नं. १५३०२३६३०, मिति २०६३/१२/०१ मा वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय, सिराहाबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिएको छ ।

३. यी रिट निवेदिकाको जन्म सिराहा जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. २ मा मिति २०५५/०२/१५ मा भएको भन्ने तथ्य निवेदनसाथ पेस भएका गोविन्दपुर गा.वि.स. कार्यालय, सिराहाबाट प्रदान गरेको दर्ता नं. ५६६९ को जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र विद्यालयको चारित्रिक प्रमाण-पत्रसमेतका कागजातहरूबाट पुष्टि भएको अवस्था छ । हाल रिट निवेदिकासहित निजका परिवारहरु सिराहा जिल्लाबाट प्रदेश ३, काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ६ मा बसाइँ सरी आएको भन्ने स्थानीय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. ६ गोकर्णेश्वरको मिति २०७४/०४/१२ को दर्ता नं. २०३८०३२७००१५३-७ को बसाइँसराई दर्ताको प्रमाणपत्रबाट देखिन्छ ।

४. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्थालाई हेर्दा, नेपालको संविधानको भाग २, धारा १० देखि धारा १५ सम्म नागरिकतासम्बन्धी व्यवस्था भएको पाइन्छ । प्रस्तुत रिट निवेदनको सम्बन्धमा नेपालको संविधानको धारा ११ को उपधारा ३ लाई हेर्नु पर्ने हुन्छ । उक्त उपधारा (३) मा "**यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ**" भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी सोही धारा ११ को उपधारा (७) मा विदेशी नागरिकसँग

विवाह गरेको नेपाली नागरिकका सन्तानले बसोबासको आधारमा अङ्गीकृत नागरिकता पाउने कुरा उल्लेख गर्दै सोको प्रतिबन्धात्मक वाक्यांशमा "**तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ**" भन्ने उल्लेख भएको छ ।

५. नेपालको संविधानको धारा ११(३) को उल्लिखित व्यवस्थाअनुसार वंशजको आधारमा नेपाली नागरिकताको प्राप्त गर्नको लागि वर्तमान संविधान प्रारम्भ हुनुभन्दा अघि त्यस्ता सन्तानका आमा बुबा दुवैले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्ने र नागरिकता प्राप्त गर्ने निजका सन्तान बालिग भएको हुनु पर्ने देखिन्छ । **नेपालको संविधान संवत् २०७२ साल असोज महिनाको ३ गतेदेखि प्रारम्भ हुने छ भनी संविधानको धारा ३०७(२) मा उल्लेख छ ।** यी रिट निवेदिकाको आमा बुबाले नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि नै अर्थात् बुबा रामबाबु ठाकुरले मिति २०६३/११/३० मा जन्मको आधारमा र आमा रेखादेवी ठाकुरले मिति २०६३/१२/०१ मा वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय, सिराहाबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिएको छ ।

६. नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ ले वंशजको आधारमा नागरिकता लिनको लागि १६ वर्ष उमेर पूरा भएको हुनु पर्ने भन्ने कुरालाई स्पष्ट गरेको छ । यहाँ यी रिट निवेदिका लक्ष्मीकुमारी शर्माको जन्ममिति २०५५/०२/१५ मा भएको भन्ने तथ्य माथि नै उल्लेख गरिसकिएको छ । यसरी जन्ममितिको आधारमा यी निवेदिकाको हालको उमेर २० वर्ष पूरा भइसकेको देखिन्छ । यसका साथै निवेदिका स-परिवार सिराहा जिल्लाबाट बसाइँसराई गरी मिति २०७४/०१/१० मा काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ६ मा बसोबास गरी आएको भन्ने स्थानीय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. ६ गोकर्णेश्वर न.पा. ले प्रदान गरेको बसाइँसराई दर्ताको प्रमाणपत्रको छायाँकपीबाट देखिएको छ ।

७. विपक्षीहरूको तर्फबाट पेस भएको लिखित जवाफ हेर्दा नेपालको संविधान जारी भएपश्चात् नेपाल नागरिकता ऐन, २०६३ मा परिमार्जन नभएको, संसद्बाट संशोधन विधेयक पारित भएपछि संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त गर्ने नागरिकका सन्तानलाई नागरिकता प्रमाणपत्र प्रदान गर्न सकिने भन्नेसम्म उल्लेख गरेको देखिन्छ । संविधान देशको मूल कानून हो । संविधानको व्यवस्था प्रारम्भ भइसकेको अवस्था छ । उक्त धारा ११ को उपधारा (३) वा उपधारा (७) को प्रतिबन्धात्मक वाक्यांशमा उपधारा (६) वा (७) वा (८) मा उल्लेख भएजस्तो "**संघीय कानूनबमोजिम**" भन्ने वाक्यांश प्रयोग भएको छैन । तसर्थ विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधानअनुकूल हुने देखिएन ।

८. नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो । नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन् । सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलतामा खेल्नु कदापि न्यायपूर्ण हुँदैन ।

९. नेपालको संविधान जारी हुनुअगावै निवेदिकाका आमा बुबाले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र निवेदिका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेरसमेतको कारणबाट योग्य भइसकेको अवस्था देखिन्छ । बाबु वा आमामध्ये कसैको नागरिकतामा खोट देखिएको वा यस अदालतको मिति २०५८/०४/०८ को फैसला (ने.का.प. २०५८ नि.नं. ७०१९) वा मिति २०५१/०३/२४ को फैसला (ने.का.प. २०५१ नि.नं. ४९७०) बमोजिम नागरिकता पाउन नसक्ने व्यक्तिले नागरिकता लिएको वा पाएको भन्ने अनुसन्धानबाट देखिई नागरिकता बदर भएको अवस्थामा त्यसको परिणाम निवेदिकाले पनि बेहोर्नु पर्ने हुन्छ । सो अवस्था नदेखिएको, बाबु आमाले कानूनबमोजिम नागरिकता प्राप्त गरिरहेको अवस्था देखिँदादेखिँदै र संविधानमा नै स्पष्टतः वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने छ भन्ने उल्लेख भइरहेको अवस्थामा निवेदिकालाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको संविधान बर्खिलापको कार्य हुन आउँदछ । रिट निवेदिकाले नागरिकता प्राप्तिका लागि विपक्षीमध्येको जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भन्ने देखिएको र संविधानको धारा ११(३) को व्यवस्थाले

"**संघीय कानूनबमोजिम**" भन्ने उल्लेख नभएको र उक्त व्यवस्थाको बर्खिलाप संघीय कानून बन्न सक्ने अवस्था पनि रहेको नदेखिँदा विपक्षी कार्यालय यस विषयमा आफैँ संवेदनशील हुनुपर्ने देखिन्छ ।

१०. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं ०६७-WO-०७०३, ने.का.प. २०६८ नि.नं.८५५७ अङ्क २ पृष्ठ २४७) रिट निवेदनमा आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जिल्ला प्रशासन कार्यलयको नाउँमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मन्त्रिपरिषद्बाट मिति २०६८।०६।०६ मा गृह मन्त्रालयलाई र गृह मन्त्रालयबाट मिति २०६८।०५।०५ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्नेसमेत उल्लिखित रिट निवेदनबाट देखिएको छ । त्यस्तैगरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-WO-०८८०), सज्दा सापकोटा विरूद्ध नेपाल सरकार भएको (ने.का.प. २०७३, अङ्क ७, नि.नं. ९६२७), सृजन खरेल विरूद्ध नेपाल सरकारसमेत भएको (रिट नं. ०७१–WO-०७०९, ने.का.प. २०७३, अङ्क ९, नि.नं. ९६८७) र सन्देस सिंहसमेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, विराटनगरसमेत भएको (रिट नं. ०७३-WO-०८५२, ने.का.प. २०७४, अङ्क ७, नि.नं. ९८४१) को रिट निवेदनमा समेत यस अदालतबाट आमाको नाउँबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत परमादेश जारी भएको देखिन्छ । यसरी यस अदालतबाट उल्लिखित विभिन्न रिट निवेदनहरूमा बाबुको अनुपस्थितिमा समेत यसपूर्व नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भइसकेको सन्दर्भमा प्रस्तुत रिट निवेदिकाको आमा वंशजको आधारमा र बाबु जन्मको आधारमा नेपाली नागरिक भएको देखिएको र निजले आमाको नामबाट समेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने आवस्थाको विद्यमानता रहेकोसमेतलाई हेर्दा निज रिट निवेदिका लक्ष्मीकुमारी शर्मालाई कानूनको प्रक्रिया पूरा गरी वंशजको नागरिकता प्रदान गर्न मिल्ने नै देखियो ।

११. अतः रिट निवेदिकाको आमा बुबाले नेपालको संविधान जारी हुनुअगावै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको, निवेदिका उमेरसमेतबाट नेपाली नागरिकता प्राप्त गर्नलाई योग्य भइसकेको र हाल सिराहा जिल्लाबाट बसाइँसराई गरी काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ मा बसोबास गरेको देखिँदा कानूनको प्रक्रिया पूरा गरी निवेदिका लक्ष्मीकुमारी शर्मालाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिँदा कानूनको प्रक्रिया पूरा गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.तेजबहादुर के.सी.

इजलास अधिकृतः महेन्द्रबहादुर कार्की

इति संवत् २०७५ साल चैत्र १२ गते रोज ३ शुभम् ।

# ४३ सपना कार्की विरूद्ध हेटौडा उ.म.न.पा., वडा नं. 2 को कार्यालय, हेटौडा, मकवानपुर

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७६ साल बैशाख १० गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**आदेश**
**०७४-WO-०९८७**

**मुद्दा : उत्प्रेषण ।**

फूलकुमार कार्की र संगिता कुमारी कार्कीको छोरी जिल्ला मकवानपुर हेटौडा उप-महानगरपालिका वडा नं. २ वनस्खण्डी बस्ने सपना कार्की ..................१
प्रेम बहादुर कार्कीको छोरी जिल्ला मकवानपुर, हेटौडा उपमहानगरपालिका वडा नं. २ वनस्खण्डी बस्ने संगीता कुमारी कार्की.................. १ निवेदक

**विरुद्ध**

हेटौडा उपमहानगरपालिकाको कार्यालय अन्तरगत वडा नं. २ को कार्यालय, हेटौडा, मकवानपुर .................. १
जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौडा ..................१ विपक्षी

नेपालको संविधानको धारा ४६ र धारा १३३ (२) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

१. रिट निवेदक मध्ये म संगीता कार्कीले जिल्ला पर्सा, सुवर्णपुर गाउँ विकास समितिमा डेरा गरी बस्ने स्थायी घर ओखलढुङ्गा भएको र नाम फूलकुमार कार्की भनि वताउने व्यक्तिसँग २०४७ सालमा विवाह गरि हाम्रो दाम्पत्य सम्बन्धबाट रिट निवेदक मध्येकी सपना कार्कीको २०४९ साल भाद्र महिनामा जन्म भएको हो । मेरो पति फूलकुमार कार्कीले आफ्नो घर ओखलढुङ्गा भएको कुरा बताएको भएपनि मलाई कहिल्यै पनि आफ्नो स्थायी घर ठेगानामा लिएर नजानु भएको हुँदा ओखलढुङ्गा भन्ने मात्र मलाई जानकारी छ । हाम्रो विवाह पश्चात रिट निवेदक मध्येकी छोरी सपना कार्की मेरो गर्भमा हुँदा पति फूलकुमार कार्कीले काम खोज्न जान्छु भनी २०४८ सालको चैत्र महिनामा जानु भएकोमा सो पश्चात हालसम्म पनि म तथा छोरीसँग भेटघाट समेत भएको छैन । न त उहाँ हाल कहाँ र के कुन अवस्थामा हुनु हुन्छ भन्ने नै हामीलाई थाहा जानकारी छ । गर्भवती अवस्थामा पतिले काम खोज्न भनी मलाई एक्लै डेरा कोठामा छोडी जानुभएको हुँदा २०४९ साल बैशाख महिनामा म पर्साबाट मकवानपुरमा आई दिदीको घर नजिकै पर्ने हेटौंडा उपमहानगरपालिकाको वडा नं. २ स्थित तारा भण्डारीको घरमा डेरा गरि वस्न थाले र सोही घरमा छोरीको जायजन्म भयो । छोरीको जन्म भए देखि नै माईतीको सहयोगमा मैले नै छोरीलाई पालन पोषण गरी आएकोमा छोरीको उमेर करिव ५ वर्षको भएपछि हेटौडा उपमहानगरपालिका स्थित प्लान ईन्टरनेशनलको साझेदार संस्था सेतो गुराँश नामक गैह्र सरकारी संस्थामा नोकरी गरी छोरीको पालनपोषण शिक्षा दिक्षा गरी आएँ र यसै क्रममा हाल मैले हेटौडा उप- महानगरपालिकाको वडा नं. २ वनस्खण्डीमा थोरै जग्गा खरिद गरि घर वनाएपछि हाल हामी रिट निवेदकहरु सोही स्थानमा स्थाई वसोवास गरी आएका छौं ।

२. रिट निवेदक मध्ये म सपना कार्कीको उमेर हाल २५ वर्ष पुरा भएको र मकवानपुर वहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत रहेकी छु । मेरो उमेर पुगेपछि नागरिकता प्रमाणपत्रको आवश्यक परेको हुँदा नागरिकताको सिफारिसको लागि वडा कार्यालयमा

जाँदा ताहाँबाट सचिवज्यूले बुवाको नागरिकता पेश नगरेसम्म नागरिकताको सिफारिस गर्न नसकिने जानकारी दिनु भयो । तर मेरो बुवाको बारेमा म तथा आमालाई उहाँको नाम र घर ओखलढुङ्गा भन्ने देखि बाहेक अन्य कुनै पनि जानकारी थिएन । बुवाले आमासँग विवाह गरे पश्चात आफ्नो स्थायी घर ठेगानामा लिएर पनि जानु भएको थिएन । त्यसैले म तथा आमालाई बुवाको बारेमा अन्य थप कुनै जानकारी नभएको हुँदा हामीले उहाँको बारेमा केहि पनि पत्ता लगाउन सकेनौ । मलाई नेपाली नागरिकताको प्रमाण पत्रको आवश्यकता परेको र मैले वावुको नागरिकताको आधारमा वंशजको नागरिकताको प्रमाण पत्र प्राप्त गर्न मेरा पिता फूलकुमार कार्की उपरोक्त प्रकरणमा उल्लेख गरिए वमोजिम जानु भएपछि फर्कि नआउनु भएको हाल वहाँ मरे वाँचेको समेत थाहा नहुनुको अलावा बुवाले कहिल्यै पनि आफ्नो स्थायी घर ठेगानामा मेरी आमालाई लिएर नजानु भएको हुँदा आमा तथा मलाई समेत वहाँको एकिन वतन तथा नाता गोताको सम्बन्धमा थाहा नभएको अवस्था छ । मेरी आमा संगिता कुमारी कार्कीले विवाह पूर्व नै जिल्ला प्रशासन कार्यालय पर्सावाट मिती २०४४/१२/५/६ गते जारी गरिएको वंशजको नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्नु भएको छ र पर्साबाट मिति २०४९/१/४ मा बसाई सराई गरी हाल हामी मकवानपुर जिल्लामा नै स्थायी बसोबास गर्दै आएका छौं ।

३. हाल मलाई रोजगारी लगाएत आफ्नो दैनन्दिय अन्य कार्यकालागि मेरो पहिचानको मूल दस्तावेजका रूपमा रहने नेपाली नागरिकताको प्रमाणपत्रको आवश्यकता परेको र मेरो जन्म दर्ता समेत हालसम्म वन्न नसकेको अवस्था भएवाट मैले थुप्रै सुनौला अवसरहरु गुमाईरहेकी छु । पटक पटक मैले नागरिकता बनाउनको लागि प्रकृया शुरू गर्दा बुवाको नागरिकता तथा अन्य अभिलेख नहुनु र बुवा हाम्रो साथमा नहुनु नै सबैभन्दा ठूलो बाधक बन्न पुग्यो । यसरी मैले निरन्तर नागरिकता बनाउने प्रयास गर्दा पनि आमाको नामबाट नागरिकता बन्ने कानून आएको छैन, बुवा आमाको विवाह दर्ता चाहिन्छ जस्ता कुराहरूले मेरो नागरिकताको प्रकृया शुरू हुनु अगावै तुहिन्थ्यो । तर मैले बेला बेलामा विभिन्न पत्र पत्रिकामा समेत आमाको नामबाट नागरिकता प्राप्त भन्ने खबरहरु पढेपछि पूनः मैले आमाको नामबाट नागरिकता प्रमाणपत्र बनाउनका लागि आवश्यक कागजात के के चाहिन्छ भनी कानून ब्यवसायीसँग परामर्श गरि मलाई यस प्रदेश नं. ३ स्थित जिल्ला प्रशासन कार्यालय मकवानपुरवाट नेपाल नागरिकता ऐन, २०६३ वमोजिम वंशजको आधारमा आमाको सनाखतवाट नेपाली नागरिकताको प्रमाण पत्र पाउन मिती २०७५/२/२ मा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १ वमोजिमको फाराम भरी आफू जन्मी स्थाई वसोवास गरिआएको प्रदेश नं. ३ जिल्ला मकवानपुर हेटौंडा उप महानगरपालिका वडा नं. २ मा गई सिफारिश गरिदिनु हुन माग गर्दा वडा अध्यक्ष ज्यूले वावुको नागरिकता नभई तपाँई जन्मदर्ता र नागरिकता बन्न सक्दैन, त्यसैले मैले सिफारिस पनि गर्न सक्दिन भनी नागरिकताको लागि सिफारिश समेत गर्न पनि ईन्कार गर्नु भएकोले मेरो अनुसूचि फाराममा नागरिकता सिफारिस गर्न नसक्ने कारण उल्लेख गरि दरपिठ गरिदिनुहोस भनी अनुरोध गर्दा वडा अध्यक्ष ज्यूले फुलकुमार कार्कीको छोरी सपना कार्कीले ऐन, नियमले तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई आमा संगीता कुमारी कार्कीको नागरिकता प्रमाण पत्र र शैक्षिक प्रमाणपत्रमा पिताको नाम फुल कुमार कार्की उल्लेख भएको तर जन्म दर्ता नभएको र आमा बुवासँगको नाता एकिन हुने प्रमाण नभएकोले निजलाई नेपाली नागरिकताको प्रमाणपत्रको लागि सिफारिस गर्न नसकिएको ब्यहोरा अनुरोध गर्दछु" भन्ने उल्लेख गरि दरपिठ गर्नु भएको हुँदा म निवेदक मेरो नेपाली नागरिकताको प्रमाण पत्र पाउने हकवाट वञ्चित हुन पुगेकी छु । साथै म निवेदक संगीता कार्की आफ्नो सन्तानलाई आफ्नो नामबाट नागरिकता प्रदान गर्न पाउने संवैधानिक एवं कानूनी हकबाट बञ्चित हुन पुगेकी छु ।

४. मेरो आमा वंशजको आधारमा नेपाली नागरिक भएको र मेरो बुवा बिगत २५ वर्षदेखि वेपत्ता भई मरे बाँचेको समेत थाहा नभएकोले मैले नेपालको संविधान एवं जन्म, मृत्यू, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३, नेपाल नागरिकता ऐन, २०६३ समेतको आधारमा मेरो जन्म दर्ता भै आमाको सनाखत एवं नामवाट नागरिकता पाउनु पर्ने स्पष्ट कानुनी व्यवस्था भएकोमा मैले जन्म दर्ता तथा नागरिकता समेत प्राप्त गर्न नसकी हालसम्म अनागरिक भई वस्नु परेको छ ।

५. नेपालको संविधानको धारा १० (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकवाट वञ्चित गरिने छैन भन्ने ब्यवस्था गरी नागरिकता प्राप्त गर्ने हक सम्बन्धी ब्यवस्था गरेको छ । धारा ११ (२) (ख)

मा कुनै व्यक्तिको जन्म हुँदाका वखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्छ भन्ने ब्यवस्था गरेको छ । जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ मा ब्यक्तिगत घट्नाको सूचना दिने सम्वन्धी व्यवस्था गरिएको छ भने दफा ५ मा व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धी व्यवस्था गरिएको छ । त्यस्तै दफा ६ मा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र दिने व्यवस्था गरिएको छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको वावु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ, भन्ने व्यवस्था गरी वंशजको परिभाषा भित्र वावु वा आमा लाई राखिएकोले नागरिकता लिन चाहने व्यक्तिले आमा वा वावु मध्ये कसको नाउँबाट नागरिकता लिने भनी छान्न पाउने अधिकारको सुनिश्चितता गरेको अवस्था छ ।

६. म निवेदिका सपना कार्कीको जन्म हुँदाका वखत मेरी आमा संगिता कुमारी कार्कि नेपालको वंशजको नागरिक भएको र मेरा वावु विगत २५ बर्षदेखि हामीबाट सम्पर्कविहिन भई बस्नु भएको अवस्थामा मैले ऐन, नियमले तोकेको प्रमाण पेश गर्न नसकेको, आमा बुवासँग नाता एकिन हुने प्रमाण पेश गर्न नसकेको कारण देखाई हेटौंडा उपमहानगरपालिका वडा नं. २ को कार्यालयले आमाको नाम र सनाखतबाट नागरिकताको सिफारिस दिन नमिल्ने भनि लिखित ईन्कारी गर्नुका साथै जिल्ला प्रशासन कार्यालय मकवानपुरले समेत नागरिकता प्रदान गर्न नसक्ने भनी मौखिक ईन्कारी गरेको अवस्था छ । साथै जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४(१) (क) ले जन्म तथा मृत्यूको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितीमा परिवारको उमेर पुगेको व्यक्तिले व्यक्तिगत घट्नाको सूचना दिन सक्ने तथा ऐ. को दफा ५ ले यस्ता सूचना प्राप्त भएमा स्थानीय पंजिकाधिकारीले यस्तो घटना दर्ता गर्नु पर्ने तथा दफा ६ ले घटना दर्ता पश्चात सो को निः शुल्क प्रमाणपत्र दिनुपर्ने व्यवस्था गरेको अवस्थामा हेटौडा उपमहानगरपालिकाको कार्यालय अन्तरगत वडा नं.२ को कार्यालयले मैले आनो जन्मको सूचना नियमानुसार दिएपछि मेरो जन्म दर्ता समेत वनाई दिई मलाई नागरिकता प्राप्तीको लागि सिफारिस दिनु पर्नेमा नदिई मेरो निवेदन दरपिठ गरेको कारण मेरो संविधान एवं कानून प्रदत्त नागरिकताको हक तथा जन्म दर्ताको हकवाट म वञ्चित हुन पुगेकोले मिति २०७५/२/१७ मा हेटौडा उप महानगरपालिका वडा नं. २ ले सिफारिस गर्न नसक्ने भनी गरेको उक्त उल्लेखित दरपिठ उत्प्रेषणको आदेशबाट बदर गरी विपक्षी नं. १ लाई मेरो जन्म दर्ताको प्रमाण पत्र वनाई नेपाली नागरिकताको लागि सम्वन्धित निकायमा सिफारिस समेत गरिदिनू भनी र विपक्षी नं. २ लाई मेरो माग वमोजिम वंशजको आधारमा आमाको नाउँवाट नेपाली नागरिकताको प्रमाण पत्र दिनू भनी परमादेश लगाएत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ भन्ने समेत व्यहोराको सपना कार्की समेतको निवेदन ।

७. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षी नं. १ को हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत र विपक्षी नं. २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यक्त भएपछि नियमानुसार पेश गर्नु । साथै विवादको विषयवस्तुको प्रकृतिबाट चाँडो निर्णय हुन आवश्यक देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार समेत दिई पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७५/३/२८ गते भएको आदेश ।

८. हेटौडा उपमहानगरपलिका वडा नं. २ को वडा अध्यक्षले "फुल कुमार कार्कीको छोरी सपना कार्कीले ऐन नियमले तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई आमा संगिता कुमारी कार्कीको नागरिकता प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा पिताको नाम फुल कुमार कार्की उल्लेख भएको तर जन्म दर्ता नभएको र आमा बुवासँगको नाता एकिन हुने प्रमाण नभएकोले निजलाई नेपाली नागरिकताको प्रमाण पत्रको लागि सिफारिस गर्न नसकिएको व्यहोरा अनुरोध गर्दछु" भन्ने उल्लेख गरी दरपिठ गरेको देखिएको हुँदा यसमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्महुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था

भए अनुसार निज निवेदिकाले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) वा (२) बमोजिमका कागजात संलग्न राखी अनुसूची - १ वमोजिम ढाँचामा सम्बन्धित वडाध्यक्षको सिफारिस सहित निवेदन दिएको खण्डमा निजलाई बंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्न सकिने हुँदा रिट निवेदकहरूले रिट निवेदनमा खुलाउनु भएको कुरा तथ्यमा आधारित नभएको देखिंदा रिट निवेदनको व्यहोरा बदर भागी छ । खारेज गरिपाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय मकवानपुरको लिखित जवाफ ।

९. संवैधानिक एवम् कानूनी व्यवस्थाको सैद्धान्तिक पृष्ठभूमीसंग असहमत हुने अवस्था नरहे पनि विपक्षी २५ वर्षको उमेर हुँदासम्म आफ्नो जन्मदर्ता पञ्जिकरण गरेको विवादलाई पञ्जिकरण गरेको कानुनी औचित्य औंल्याउन सक्नु भएको छैन । विपक्षीहरु जन्मका आमा छोरी हुन् भन्ने कुरा कानुन बमोजिमको पञ्जिकरण कागजात बाहेक अनुमान तर्क र विपक्षीहरूको कथनलाई मात्र आधार मानी सिफारिस गर्न सकिने कानूनी आधार छैन । विपक्षीले आजसम्म पनि आफ्नो पतिको स्थायी वतन ओखलढुङ्गा दावी गरी निवेदन गर्नु भएको छ । वसाई सराई स्थायी वतनबाट हुने हो, देखाईएको अस्थायी वतन सूवर्णपुर गाउँ विकास समिति पर्सामा विवाह भएको भनिए पनि सोको पञ्जिकरण यस वडा कार्यालयले गर्न कानुनतः सक्दैन । नेपाली नागरिक जो, जहाँसुकै अचल सम्पत्ति खरिद गरी वस्न सक्छ सोलाई स्थायी वतनको आधार मान्न सकिदैन । सामान्य अन्य मानिस सरह निजले पनि कानुनी कर्तव्य पुरा गर्ने र अधिकारको दावी गर्ने हक राख्न सक्ने नै हुँदा असाधारण ढंगले कानुनी दायित्व अन्तर्गत स्थायी वतन वाहेक पञ्जिकरणको प्रकृयालाई नै पालन गर्नु नपर्ने भन्ने विशिष्टिकृत आधार विपक्षीको छैन । जम्मा ७५३ पालिकाहरू एवम त्यसका ६७४३ वडा मध्येको समान कानुनी हैसियत र क्षेत्राधिकार यस वडाको सम्म हो । निजले जुनसुकै स्थानीय निकाय र अस्थायी वसोवास र विना पञ्जिकरणको आधारमा सिफारिस दिन यस कार्यालय कानुन बमोजिम गठित निकाय भएकोले कानुनले निर्दिष्ट गरेका प्रमाणपत्र एवम् कानुनी वाटो भन्दा अलग्गै सिफारिस गर्ने विशिष्टिकृत अधिकार समेत नराख्ने हुँदा र स्थायित्वको एकिन नभएको बच्चाको पञ्जिकरण जन्म, मृत्यु घटनाको दर्ताको प्रमाणिकता के कहाँ हुने ? स्थानान्तरण पञ्जिकरण व्यवस्थापन र उत्तरदायित्वका विविध प्रस्नहरु विवादीत विषयमा अन्तरनिहित हुने भै त्यसको नीतिगत एवम् कानूनी एवम् सामाजिक परिणाम समेत समावेश भएको विषयलाई यस कार्यालयले तदर्थवादी हिसावले प्रचलनमा ल्याउन, आउन र चलाउन दिन कानुनी अवस्था र एकरूपताका हिसावले प्रचलन गर्न नसकिने हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको हेटौंडा उप-महानगरपालिकाको कार्यालय अन्तर्गत वडा नं. २ को कार्यालयको लिखित जवाफ ।

१०. नियम बमोजिम आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाशमा पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री सुष्मा गौतम र श्री पुष्पा पौडेलले नेपाली नागरिकताको प्रमाणपत्र बनाउन वडा कार्यालयमा मिति २०७५/०७/०२ मा निवेदन दिंदा वडाले बाबुको पत्ता नलागेकाले सिफारिस दिन इन्कार गरेको, बुवा नभएकोले जन्मदर्ताको प्रमाणपत्र नै प्रमाण भएन, बाबुको हालसम्म पत्तो नभएको अवस्था भए पनि निवेदिका सपना कार्कीको जन्म हुँदाको बखत बाबु वा आमा नेपाली नागरिक रहेछन भने त्यस्तो व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न मिल्ने नै देखिन्छ । यस्तोमा वडाले सिफारिस दिन इन्कार गर्न मिल्ने पनि होईन, मेरो पक्षले कानून बमोजिम नागरिकता पाउन पर्छ भन्ने समेत बहस गर्नुभयो ।

११. त्यस्तै विपक्षी जिल्ला प्रशासन कार्यालय समेतको तर्फबाट उपस्थित हुनुभएको विद्वान सह-न्यायाधिवक्ता श्री संजिव रेग्मीले नागरिकता सम्बन्धी ऐन र नियमावलीमा तोकिए अनुसार प्रक्रिया पुरा भएमा नागरिकता दिनमा कुनै समस्या छैन । वडाले सिफारिस दिएमा नागरिकता पाउने नै हुन्छ । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

१२. उपर्युक्तबमोजिम दुवै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकीर सुनी मिसिल अध्ययन गरी हेर्दा, प्रस्तुत रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१३. यसमा निर्णयतर्फ विचार गर्दा, रिट निवेदक मध्ये म संगीता कार्कीले जिल्ला पर्सा, सुवर्णपुर गाउँ विकास समितिमा डेरा गरी बस्ने स्थायी घर ओखलढुङ्गा भएको

र नाम फूलकुमार कार्की भनी बताउने व्यक्तिसँग २०४७ सालमा विवाह गरि हाम्रो दाम्पत्य सम्बन्धबाट रिट निवेदक मध्येकी सपना कार्कीको २०४९ साल भाद्र महिनामा जन्म भएको हो ।हाम्रो विवाह पश्चात रिट निवेदक मध्येकी छोरी सपना कार्की मेरो गर्भमा हुँदा पति फूलकुमार कार्कीले काम खोज्न जान्छु भनि २०४८ सालको चैत्र महिनामा जानु भएकोमा सो पश्चात हालसम्म पनि म तथा छोरीसँग भेटघाट समेत भएको छैन । न त उहाँ हाल कहाँ र के कुन अवस्थामा हुनु हुन्छ भन्ने नै हामिलाई थाहा जानकारी छ । छोरीको जन्म भएदेखि नै माईतीको सहयोगमा मैले नै छोरीलाई पालन पोषण गरि आएकोमा छोरीको उमेर करिव ५ वर्षको भएपछि हेटौंडा उपमहानगरपालिका स्थित प्लान ईन्टरनेशनलको साझेदार संस्था सेतो गुराँश नामक गैह्र सरकारी संस्थामा नोकरी गरी छोरीको पालनपोषण शिक्षा दिक्षा गरि आएँ र यसै क्रममा हाल मैले हेटौडा उपमहानगरपालिकाको वडा नं. २ वनस्खण्डीमा थोरै जग्गा खरिद गरि घर वनाएपछि हाल हामी रिट निवेदकहरु सोही स्थानमा स्थाई वसोवास गरि आएका छौं । रिट निवेदक मध्ये म सपना कार्कीको उमेर हाल २५ वर्ष पुरा भएको र मकवानपुर बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत रहेकी छु । मेरो उमेर पुगेपछि नागरिकता प्रमाणपत्रको आवश्यक परेको हुँदा नागरिकताको सिफारिसको लागि वडा कार्यालयमा जाँदा ताहाँबाट सचिवज्यूले बुवाको नागरिकता पेश नगरेसम्म नागरिकताको सिफारिस गर्न नसकिने जानकारी दिनु भएको मेरो जन्म दर्ता समेत बनाई दिई मलाई नागरिकता प्राप्तीको लागि सिफारिस दिनु पर्नेमा नदिई मेरो निवेदन दरपिठ गरेको कारण मेरो संविधान एवं कानून प्रदत्त नागरिकताको हक तथा जन्म दर्ताको हकवाट म वञ्चित हुन पुगेकोले मिति २०७५/२/१७ मा हेटौडा उप महानगरपालिका वडा नं. २ ले सिफारिस गर्न नसक्ने भनि गरेको उक्त उल्लेखित दरपिठ उत्प्रेषणको आदेशबाट बदर गरि विपक्षी नं. १ लाई मेरो जन्म दर्ताको प्रमाण पत्र बनाई नेपाली नागरिकताको लागि सम्वन्धित निकायमा सिफारिस समेत गरि दिनु भनि र विपक्षी नं. २ लाई मेरो माग वमोजिम वंशजको आधारमा आमाको नाउँवाट नेपाली नागरिकताको प्रमाण पत्र दिनु भनी परमादेश लगाएत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ भन्ने समेत व्यहोराको रिट निवेदकको निवेदन जिकीर रहेको देखिन्छ ।

१४. विपक्षीले आजसम्म पनि आफ्नो पतिको स्थायी वतन ओखलढुङ्गा दावी गरी निवेदन गर्नु भएको छ । वसाई सराई स्थायी वतनबाट हुने हो देखाईएको अस्थायी वतनमा सूवर्णपुर गाउँ विकास समिति पर्सामा विवाह भएको भनिए पनि सोको पञ्जिकरण यस वडा कार्यालयले गर्न कानुनतः सक्दैन । नेपाली नागरिक जो, जहाँसुकै अचल सम्पत्ति खरिद गरी वस्न सक्छ सोलाई स्थायी वतनको आधार मान्न सकिदैन । स्थायित्वको एकिन नभएको बच्चाको पञ्जिकरण जन्म, मृत्यु घटनाको दर्ता वा प्रमाणिकता के कहाँ हुने? भन्ने कानूनी प्रश्न हो । साथै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्महुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था भए अनुसार निज निवेदिकाले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) वा (२) बमोजिमका कागजात संलग्न राखी अनुसूची-१ वमोजिम ढाँचामा सम्बन्धीत वडाध्यक्षको सिफारिस सहित निवेदन दिएको खण्डमा निजलाई बंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्न सकिने हो भन्ने लिखित जवाफ देखिन्छ ।

१५. सो सन्दर्भमा हेर्दा, रिट निवेदकमध्ये संगिताकुमारी कार्कीले रिट निवेदनसाथ पेश गरेको निजको नामको पर्सा जिल्लाबाट जारी भएको नागरिकता नं. ज ४३२८/७५६८ को मिति २०४४/०२/०५ मा प्राप्त गरेको नागरिकतामा जन्मको आधारमा नागरिकता प्राप्त गरेको भन्ने देखिन्छ । निजको नाममा हेटौडा उपमहानगरपालिकाको वडा नं. २ कि.नं. २३११ को जग्गा खरिद गरी सोही ठाँउमा वसोवास गरेको भन्ने दाबी गरेको देखिन्छ । निज निवेदक मध्ये सपना कार्कीले मेरो आमा संगिता कार्कीले २०४७ सालमा फुल कुमार कार्कीसँग बिवाह गर्नु भएकोमा निजले मेरो आमालाई गर्भिणी अवस्थामा नै छाडी हिडी हालसम्म सम्पर्कमा आउनु भएको छैन । मेरो जन्म २०४९ साल भाद्र महिनामा भएकोले आमाको नामबाट वंशको आधारमा नागरिकताको लागी सिफारिस पाँउ भनी निवेदन गरेकोमा हेटौडा उपमहानगरपलिका वडा नं. २ को वडा अध्यक्षले "फुल कुमार कार्कीको छोरी सपना कार्कीले ऐन नियमले तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई आमा संगिता कुमारी कार्कीको नागरिकता प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा पिताको नाम फुल कुमार कार्की उल्लेख भएको तर जन्म

दर्ता नभएको र आमा बुवासँगको नाता एकिन हुने प्रमाण नभएकोले निजलाई नेपाली नागरिकताको प्रमाण पत्रको लागि सिफारिस गर्न नसकिएको भनी उल्लेख भएको देखिन्छ । उल्लेखित आधारबाट निवेदीका सपना कार्कीले आमाको नामबाट वंशजको नागरिकता बनाउनको लागी सिफारिस प्राप्त नभएको कारणले नै निजको नागरिकता वन्न नसकेको अवस्था देखिन आयो । प्रस्तुत निवेदनमा निवेदकको बाबु स्थायी वतन र निजको विवरण एकिन नभएको भन्ने अवस्थामा आमाको नामबाट वंसजको आधारमा निवेदकले नेपाली नागरिकता पाउने हो वा होइन भन्ने कुरामा नै विचार गर्नु पर्ने देखियो ।

१६. नागरिकताको सम्वन्धमा हाम्रो संवैधानिक व्यवस्थालाई हेर्दा, नेपालको संविधानको भाग २, धारा १० देखि धारा १५ सम्म नागरिकता सम्बन्धी व्यवस्था भएको पाइन्छ । धारा १० (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने उल्लेख छ । ११ (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको आधारमा नेपालको नागरिकता प्रदान गरिने छ भन्ने उल्लेख छ भने नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ ले वंशजको आधारमा नागरिकता लिनको लागि १६ वर्ष उमेर पुरा भएको हुनुपर्ने भन्ने कुरालाई स्पष्ट गरेको छ । यहाँ यी रिट निवेदक सपना कार्कीको जन्म मिति २०४९/०५/१६ मा भएको भन्ने तथ्य माथि नै उल्लेख गरी सकिएको छ । यसरी जन्म मितिको आधारमा यी निवेदिकाको हालको उमेर द्दछ वर्ष पूरा भईसकेको देखिन्छ ।

१७. विपक्षीहरूको तर्फबाट पेश भएको लिखित जवाफमा फुल कुमार कार्कीको छोरी सपना कार्कीले ऐन नियमले तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई आमा संगिता कुमारी कार्कीको नागरिकता प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा पिताको नाम फुल कुमार कार्की उल्लेख भएको तर जन्म दर्ता नभएको र आमा बुवासँगको नाता एकिन हुने प्रमाण नभएकोले निजलाई नेपाली नागरिकताको प्रमाण पत्रको लागि सिफारिस गर्न नसकिएको भन्ने देखिन्छ ।

१८. नेपालको संविधान जारी हुनु अगावै निवेदिकाको आमाले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी सकेको देखिन्छ । निवेदिकाको बाबु फुलकुमार कार्की हो भन्ने निवेदन तथा अन्य कागजहरूमा उल्लेख गरे पनि यी निवेदिका गर्ममा रहे पछि बेपत्ता भएको भन्ने पनि देखिन्छ । हालको समयमा र निवेदिका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेरसमेतको कारणबाट योग्य भैसकेको अवस्था देखिन्छ । बाबु वा आमा मध्ये कसैको नागरिकतामा खोट देखिएको वा यस अदालतको *निवेदक अधिवक्ता बालकृष्ण नेउपाने विरूद्द श्री ५ को सरकार, मन्त्री परिषद सचिवालय समेत भएको उत्प्रेषण समेतको निवेदनमा मिति २०५८/०४/०८ मा भएको फैसला (ने.का.प.२०५८ नि.नं. ७०१९ वा निवेदक अधिवक्ता बालकृष्ण नेउपाने विरुद्द श्री ५ को सरकार, मन्त्री परिषद सचिवालय समेत भएको उत्प्रेषण समेतको निवेदनमा मिति २०५१/०३/२४ मा भएको फैसला (ने.का.प. २०५१ नि.नं. ४९७०)* बमोजिम नागरिकता पाउन नसक्ने व्यक्तिले नागरिकता लिएको वा पाएको भन्ने अनुसन्धानबाट देखिई नागरिकता बदर भएको अवस्थामा त्यसको परिणाम निवेदिकाले पनि बेहोर्नु पर्ने हुन्छ । यी रिट निवेदकको आमाले कानून बमोजिम वंशजको नागरिकता प्राप्त गरिरहेको अवस्था देखिएको सो आधारमा निवेदिका सपना कार्कीलाई नागरिकता प्राप्त गर्न मिल्ने नै देखियो । निजलाई नागरिकताबाट वञ्चित गर्नु भनेको संविधान बर्खिलाप हुन आउँदछ ।

१९. नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो । नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन । सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलता प्रति बिचार नगर्नुलाई न्यायपूर्ण कार्य हो भनी भन्न मिल्ले पनि देखिदैन ।

२०. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं० ६७-WO- ०७०३, ने.का.प. २०६८ नि. नं. ८५५७ अंक २ पृष्ठ २४७) रिट निवेदनमा आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्ने समेत जिल्ला प्रशासन कार्यलयको नाउँमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मन्त्रिपरिषद्बाट मिति २०६८/०६/०६ मा गृह मन्त्रालयलाई र गृह मन्त्रालयबाट मिति २०६८/०५/०५ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्ने समेत उल्लिखित रिट निवेदनबाट देखिएको छ । त्यस्तै गरी भोला नगरकोटी समेत विरूद्ध नेपाल सरकार भएको (रिट

नं. २०६९-WO-०८८०), सज्दा सापकोटा विरूद्ध नेपाल सरकार भएको (ने.का.प. २०७३, अंक ७, नि.नं. ९६२७), सृजन खरेल विरूद्ध नेपाल सरकार समेत भएको (रिट नं. ०७१-WO-०७०९, ने. का. प. २०७३, अंक ९, नि.नं. ९६८७) र सन्देस सिंह समेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, विराटनगरसमेत भएको (रिट नं.०७३- WO-०८५२, ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४१) को रिट निवेदनमा समेत यस अदालतबाट आमाको नाउँबाट नागरिकता प्रदान गर्नु भन्ने समेत परमादेश जारी भएको देखिन्छ । यसरी यस अदालतबाट उल्लिखित विभिन्न रिट निवेदनहरूमा बाबुको अनुपस्थितिमा समेत यसपूर्व नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भइसकेको सन्दर्भमा प्रस्तुत रिट निवेदकको आमा वंशजको आधारमा नेपाली नागरिक भएको देखिएको र निजले आमाको नामबाटसमेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने आवस्थाको विद्यमानता रहेको समेतलाई हेर्दा निज रिट निवेदक सपना कार्कीलाई कानूनको प्रक्रिया पुरा गरी वंशजको नागरिकता प्रदान गर्न मिल्ने नै देखियो ।

२१. अतः रिट निवेदकको आमाले नेपालको संविधान जारी हुनु अगावै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको, निवेदिकाको आमा संगिताकुमारी कार्कीबाट सपना कार्कीको नेपालमा जन्म भएको देखिएको, हाल निवेदिका आमासँग हेटौडा उप-महानगरपालिकाको वडा नं.२ मा स्थायी वसोबास गर्दै आएको देखिएको, निवेदिकाको हालको उमेर समेतबाट नेपाली नागरिकता प्राप्त गर्नलाई योग्य भै सकेको समेतका आधारमा २०७५।२।१७ को हेटौडा उप-महानगरपालिकाको वडा नं. २ को शिफारिस गर्न नसक्ने भन्ने निर्णय तथा पत्राचार बदर गरिएको छ । निवेदक सपना कार्कीले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिदा कानूनको प्रक्रिया पूरा गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाँउमा परमादेश जारी हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृतः- डोलनाथ न्यौपाने

कम्प्युटर अपरेटर :- मञ्जु खड्का

इति संवत् २०७६ साल बैशाख १० गते रोज ३ शुभम् ........ ।

# ४४ सुनिल साह
विरुद्ध
डिनको कार्यालय, त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७६ साल जेठ महिना २३ गते, अंक ८, नि.नं. १०३४१, पृ. १७७६

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी**
**आदेश**
**०७५-WO-०२७१**

**मुद्दा : उत्प्रेषण/परमादेश ।**

पर्सा जिल्ला, वीरगन्ज उ.म.न.पा. वडा नं. २२ बस्ने शिवलाल साहको छोरा वर्ष १९ को सुनिल साह ..........१ निवेदक

**विरुद्ध**

डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत ..................१ विपक्षी

- **एउटा सन्तानले समान हैसियत र अवस्थामा नागरिकता प्राप्त गर्ने र अर्को सन्तानले नागरिकताविहीनताको असहज परिस्थितिको सामना गर्नुपर्दा समानता र समन्याय पराजित हुन पुग्दछ । यस्तो अवस्था स्वीकार्य हुन नसक्ने । नागरिकता प्राप्त गर्न सक्ने संविधान प्रदत्त हक भएको निवेदकले नागरिकता प्राप्त गर्न नसकेको कारण अध्ययन गर्न नपाउने परिस्थिति उत्पन्न हुन पुग्यो र निवेदकले शिक्षासम्बन्धी हकबाट वञ्चित हुने अवस्था पर्‍यो भने निवेदकलाई वास्तवमा नै अन्याय हुन पुग्ने ।**

**(प्रकरण नं.१३)**

**निवेदकका तर्फबाट** : विद्वान् अधिवक्ता श्री सुनिलकुमार पटेल र श्री रक्षाराम चमार

**विपक्षीका तर्फबाट** : विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी

**अवलम्बित नजिर** :

- ने.का.प.२०६८, अंक २, नि.नं.८५५७

**सम्बद्ध कानून** :

- नेपालको संविधान

**आदेश**

**न्या.प्रकाशमान सिंह राउत** : नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम यस अदालतको अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छः-

म निवेदक जिल्ला पर्सा, साबिक विन्दवासिनी गा.वि.स. वडा नं. ७ हाल वीरगन्ज उपमहानगरपालिका वडा नं.२२ मा जन्म भई १९ वर्ष पुगेका शिक्षित नेपाली नागरिक हुँ । मेरो आमा मन्जुदेवी साह वंशजको आधारमा र बुबा शिवलाल साह जन्मको आधारमा नेपाली नागरिक हुनुहुन्छ । म अति राम्रो अंक ल्याई प्रमाणपत्र तह उत्तीर्ण गरी हाल त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा इन्जिनियरिङ अध्ययनको लागि प्रवेश परीक्षासमेत उत्तीर्ण गरिसकेको छु । प्रवेश फाराम भर्दा नागरिकता अनिवार्य थिएन । तर अहिले आएर संस्थानको सूचनाअनुसार भर्ना हुन जाँदा नागरिकता अनिवार्य रूपमा चाहिने क्याम्पस प्रशासनले आदेश दियो । डिनको मौखिक आदेश छ, उहाँको अनुमतिबिना तपाईंको नागरिकता प्रमाण पत्र नभएकाको भर्ना लिन नमिल्ने भन्दै पशचिमाञ्चल क्याम्पस प्रशासनले मेरो भर्ना गर्न मानेको छैन । यसरी पुल्चोक क्याम्पसको अति गाह्रो प्रतिस्पर्धामा उत्तीर्ण गरिसकेपछि मेरो पढ्न पाउने स्थापित कानूनी हक भैइसकेपछि र नेपालको संविधानबमोजिम नेपाली नागरिक

हुन पाउने योग्यतासमेत भएकोमा मलाई प्राविधिक कारण नागरिकताको अभावमा मात्र भर्ना नलिनु भनेको नेपालको संविधानको धारा १०(१), ११(२ख), ११(३), १८(१) धारा ३१ लगायत पढ्न पाउने मौलिक हकहरूको उल्लङ्घनका साथै सम्मानित सर्वोच्च अदालतबाट यसभन्दा अगाडि स्थापित नजिरहरूको विरूद्धसमेत भएकोले अन्य प्रभावकारी उपचारको अभावमा सम्मानित अदालतले ग्रहण गर्ने असाधारण क्षेत्राधिकारअन्तर्गत यो निवेदन गर्न आएको छु ।

म निवेदकको आमा र बाबु दुवै नेपाली नागरिक रहेको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र लिन आवश्यक रहेकोले नेपाली नागरिकताको फाराम भरी आमाको नाउँको नेपाली नागरिकता पेस गरी नेपाली नागरिकता पाउँ भनी मिति २०७३ भदौ २७ गते वीरगन्ज उपमहानगरपालिका वडा नं. २२ को कार्यालयमा म निवेदक र मेरो माइलो दाइ सुमन साहले सिफारिसको लागि जाँदा सुरुमा कानूनी अड्चन देखाए पनि पछि शिवलालको माइलो छोरा सुमन साहको जन्ममिति २०५४।०५।१२ गते र कान्छो सुनिल साहको जन्ममिति २०५६।०३।२४ गतेमा भएकोमा निजहरूको अध्ययनको लागि सहयोग गरी दिनु हुनको सिफारिससाथ सादर अनुरोध गरिन्छ भन्ने सिफारिससम्म गरेको छ । नागरिकको नैसर्गिक अधिकारको रूपमा रहेको नागरिकताको अधिकार र सोको अभावमा संविधान प्रदत्त मौलिक हकको प्रचलनको लागि तथा अर्को उपचारको व्यवस्था नभएकोले नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम सम्मानित अदालतसमक्ष यो निवेदन चढाएको छु । शैक्षिक वर्ष ०७५/०७६ को स्नातक (बि.ई. आर्क) तहको विद्यार्थी भर्नाका लागि सञ्चालन गरिने प्रवेश परीक्षासम्बन्धी सूचनामा नागरिकताको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने छ भन्ने किसिमको संस्थानको माग थिएन । मैले सो संस्थानमा प्रवेश परीक्षाको फाराम भर्ने बेलामा नागरिकता नभएकोले कक्षा १२ को प्रवेशपत्र पेस गरेको थिएँ । मैले त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा इन्जिनियरिङ विषय अध्ययनको लागि प्रवेश परीक्षाको आवेदन दिई उत्तीर्ण भएको छु । अब अनिवार्य रूपमा नागरिकता माग गरी मलाई गैरकानूनी तरिकाले भर्ना हुनबाट वञ्चित गर्न खोजिएको छ । म जस्तै समस्या भएको पुजा चौधरीले गत वर्ष (०७४-WO-००८९) नं रिट निवेदन गरेकी थिइन्, उक्त रिट निवेदनमा सम्मानित यसै सर्वोच्च अदालतबाट उच्च शिक्षा हासिल गर्न पाउने हकलाई रोक नलगाउनु भन्ने आदेश भएको थियो । यसै सम्बन्धमा भाग ५३, अंक २ पेज नं. २४७, नि.नं. ८५५७, सविता दमाई विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको मुद्दा नं. ०६७-WO-०७०३ मा र प्रभातकुमार शान्तनु विरूद्ध गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेतको उत्प्रेषण, परमादेशको मुद्दा (०७२-WO-१०९३) मा "बाबु आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भन्दै आमाको नाउँबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी सम्मानित सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको छ ।

अतः माथिका प्रकरणहरूमा उल्लिखित तथ्य, नेपालको संविधान, प्रचलित कानून एवं सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तहरूको आधारमा म नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउन पूर्ण योग्य सक्षम नेपाली नागरिक रहेकोले केबल कानून नबनेको कारण आधारमा मेरो संविधान प्रदत्त हक अधिकारबाट वञ्चित गर्न मिल्दैन । नागरिकताको प्रमाण पत्र स्वतः बन्नुपर्नेमा जिल्ला प्रशासन कार्यालय पर्साले कानून अड्चन देखाई आलटाल गरी नागरिकता बनाएको छैन भने म नेपाली नागरिक हो भनी वडा कार्यालयले सिफारिस गरेको छ ।

तसर्थ त्रि.वि. इन्जिनिरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भनी स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७४।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिक र प्रमाणित प्रतिलिपि" प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७४।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७४।०५।१२ गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु गराउनु भनी विपक्षी नं. १, २ र ३ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेश र नेपालको संविधानको धारा ११ उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउन पूर्ण योग्य सक्षम उमेर पुगेको नेपाली नागरिक रहेकोले संविधानको धारा ११ को उपधारा (३) बमोजिम तत्काल नेपालको नागरिकताको प्रमाण पत्र प्रदान गर्नु गराउनु भनी विपक्षीहरु ४, ५ र ६ को नाउँमा परमादेशसमेत जारी गरिपाऊँ । प्रस्तुत रिट निवेदनमा संवैधानिक तथा कानूनी हकमा गम्भीर आघात पर्न गई सुविधा

र सन्तुलनको हिसाबले समेत निवेदनको अन्तिम टुंगो नलागेसम्म पश्चिमाञ्चल क्याम्पसले गरेको मौखिक आदेश, स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा मिति २०७४/०५/०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" प्रावधान र सोसँग सम्बन्धित कुनै पनि काम कारबाही नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन मागदाबी ।

यसमा के, कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. ४ र ५ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा अन्य विपक्षीहरूका हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गरी हेर्दा, निवेदक सुनिल साहका बाबु शिवलाल साह र आमा मन्जुदेवी साह नेपाली नागरिक रहेको मिसिल संलग्न निजहरूको नागरिकताको प्रतिलिपिबाट देखियो । निवेदक नेपाली नागरिकको सन्तान रहेको देखिएको अवस्थामा हाल नागरिकताको प्रमाण पत्र पेस गर्न नसकेको भन्ने प्राविधिक कारणले मात्र निवेदकले चाहेको विषयमा पढ्न नपाउँदा नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गतको शिक्षासम्बन्धी हकबाट वञ्चित हुन गई निवेदकलाई अपुरणीय क्षति हुने देखिएकाले निवेदकले इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिनुहोला भन्ने मिति २०७५।५।२४ मा यस अदालतबाट भएको आदेश ।

संविधान एवम् कानून प्रदत्त नागरिकका मौलिक हक एवम् अधिकारको संरक्षण र संवर्द्धन गर्न यो मन्त्रालय सदा प्रतिबद्ध छ । कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गर्दै आएको छ । निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नेपालको नागरिकलाई नागरिकताबाट वञ्चित हुनु नपर्ने गरी प्रत्यर्थी मन्त्रालयले संविधान एवम् कानून तथा सम्मानित अदालतबाट भएको आदेश तथा तोकिदिएको अधिकारक्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम, कारबाही सञ्चालन गरिरहेको छ । यस मन्त्रालयले आफू एवम् मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लङ्घन हुने गरी कुनै कार्य गरेको छैन । यस मन्त्रालयको के, कुन आदेश वा निर्णयले रिट निवेदकको हक अधिकारमा हनन हुन गएको हो ? खुल्न सकेको छैन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

रिट निवेदकको मागबमोजिम उक्त नागरिकताको प्रमाण पत्र नेपालको संविधानको धारा ११ को उपधारा (२) खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ भनिएकोमा निज निवेदकको जन्म भइसकेपछि मात्र निजको बाबु र आमाको नेपाली नागरिकता प्रमाणपत्र जारी भएको देखिएको छ । सो सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०७०।१२।२० गतेको च.नं. ४९१ को परिपत्रमा लेखी आएको नेपाल नागरिकता (पहिलो संशोधन अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड "ग" बमोजिम मिति २०७०।१२।१२ गतेदेखि निष्क्रिय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तरबाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णयअनुसार अनुरोध छ, भनी गृह मन्त्रालयबाट लेखी आएको प्राप्त पत्रअनुसार बाबुले जन्मको आधारमा नागरिकता लिएको मितिभन्दा अगाडि जन्मेका सन्तानलाई नेपाली नागरिकता जारी नगरिएको हो । प्रचलित नेपाल कानून, विभिन्न मितिमा नेपाल सरकारद्वारा गरिएको परिपत्र एवं निर्देशनबमोजिम नै कानूनी व्यवस्थाको अधीनस्थ

रही सम्पूर्ण प्रक्रिया र प्रमाण पुगी आएको हकमा बुझी नागरिकता जारी गर्ने गरिएको हो । रिट निवेदकको माग दाबी प्रचलित कानूनबमोजिम नभएकोले उक्त रिट निवेदन खारेज गरिपाऊँ ।

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको नागरिकका बालिग सन्तानले नेपालको नागरिकता प्राप्त गर्न नसकेको तथ्य प्रति नेपाल सरकार संवेदनशील छ । नेपालको संविधानले दिएको नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने कार्यान्वयनमा नेपाल सरकार प्रतिबद्ध रहेको छ । नेपालको नागरिकतासम्बन्धी विषय नेपालको संविधानबमोजिम संघीय कानूनले निर्धारण गरेबमोजिम हुने भएको हुँदा संविधानले दिएको अधिकार प्रयोगका लागि सम्बन्धित कानूनको आवश्यकता पर्ने भएकाले मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एवम् संशोधनका लागि मस्यौदा तयार भई संसद्मा पेस गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको अवस्था रहेको छ । यसलाई छिटै संसद्मा पठाउने प्रयत्न भइरहेको र संसद्बाट संशोधन विधेयक पारित भई ऐन बनेपश्चात् संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने बेहोरा नेपाल सरकार (माननीय मन्त्रीयस्तर) को मिति २०७४।४।२० को निर्णय भएको भनी गृह मन्त्रालयको च.नं.१२६ मिति २०७५।४।२० गते यस कार्यालयमा प्राप्त हुन आएको बेहोरा जानकारीको लागि अनुरोध छ । विपक्षीको निवेदनको विषयमा निवेदकसँग सार्थक सम्बन्ध र सरोकार निहितसमेत नहुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, पर्साका तर्फबाट प्रमुख जिल्ला अधिकारी लोकनाथ पौड्यालको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

नियमबमोजिमको दैनिक मुद्दा पेसी सूचीमा पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी हेरियो ।

रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुनिलकुमार पटेल र श्री रक्षाराम चमारले निवेदकको बुबा शिवलाल साह र आमा मन्जु देवी दुवैजना नेपाली नागरिकता प्राप्त व्यक्ति हो । नेपालको संविधान प्रारम्भ हुनुअघि नै दुवैजनाले नागरिकता प्राप्त गरिसकेका छन् । बाबु जन्मको आधारमा र आमा वंशजकै आधारमा नागरिकता प्राप्त गरेको र शिवलाल साहकै जेठो छोरा सुरज साहलाई जिल्ला प्रशासन कार्यालय पर्साले मिति २०६७।७।२३ मा नै नागरिकता प्रदान गरिसकेको छ । सुरज साहको जन्म २०५१ सालमा भएको छ । सुरजकै भाइ यी निवेदकको जन्म २०५६।३।२४ मा भएकोले एउटै बाबुका २ सन्तानमा दाजुले नागरिकता पाउने र भाइले नागरिकता नपाउने भन्ने तर्क युक्तिसङ्गत र समानता हुन सक्दैन । बाबु वा आमामध्ये एकजना पनि नेपालको नागरिक रहेको वा बाबु र आमामध्ये बाबु जन्मको आधारमा र आमा वंशजको आधारमा नागरिकता प्राप्त नागरिकको सन्तानलाई संविधानको धारा ११(१), (२) र (३)बमोजिम नागरिकता प्रदान गर्न कुनै बन्देज नरहेको, निवेदक पूर्ण रूपमा नागरिकता पाउन योग्य रहेकोले नागरिकता प्रदान गर्न परमादेश आदेश जारी हुनुपर्छ । निवेदकको हकमा संविधानको धारा ११(२)(ख) र ११(३) बमोजिम नागरिकता प्रदान गर्ने व्यवस्था आकर्षित हुने देखिन्छ । पुल्चोक इन्जिनियरिङ क्याम्पसले मिति २०७५।५।४ को सूचना जारी गरी अनिवार्य रूपमा नागरिकता पेस गर्न आदेश गरेकोले उक्त सूचनाको कारण मेरो पक्ष उच्च शिक्षा हासिल गर्ने, अध्ययन गर्न पाउने मौलिक हकबाट नै वञ्चित हुने अवस्था हुँदा उत्प्रेषणको आदेशद्वारा उक्त मिति २०७५।५।४ को सूचनासमेत बदर हुनुपर्छ भन्ने बहस गर्नुभयो ।

प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले नेपालको संविधानको धारा ११(१), (२) र (३) को व्यवस्थाअनुसारको कानून बनेको छैन । कानून बन्न नै बाँकी छ । प्रचलित कानूनबमोजिम बाहेक नागरिकता प्रदान गर्न पनि मिल्दैन । धारा ११(३) अनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमाबाबु नागरिकता प्राप्त गरिसकेको भए निज निवेदकले पनि नागरिकता प्राप्त गर्न सक्ने अवस्था हुन्थ्यो । त्यो अवस्था छैन । अतः निवेदकले कानून बनेपछि नागरिकता पाउन सक्ने अवस्था हुँदै रहेकोले उत्प्रेषणको आदेशबाट सूचना बदर गर्न तथा परमादेशको आदेश जारी गर्न मिल्ने अवस्था छैन भन्ने बहस प्रस्तुत गर्नुभयो ।

दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूको उल्लिखित बहस सुनी निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयोः-

(१) निवेदक मागदाबीअनुसार उत्प्रेषणको आदेश जारी हुने हो वा होइन ?

(२) निवेदकको माग दाबीबमोजिम नागरिकता प्रदान गर्न परमादेश जारी हुने हो वा होइन ?

२. यसमा प्रथम प्रश्नको निराकरणतर्फ विचार गर्दा,

निवेदकले त्रिभुवन विश्वविद्यालय इन्जिनिरिङ अध्ययन संस्थानले मेरो बी.ई.को प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकताबिना भर्ना नलिने भनी स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७४।०५।०४ गतेको सूचनामा "नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि अनिवार्य" प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७४/०५/०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७४।०५।१२ गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु, गराउनु भनी विपक्षी नं. १, २ र ३ को नाउँमा परमादेश र नेपालको संविधानको धारा ११ उपधारा (१), (२) र (३) बमोजिम म नेपालको नागरिकता पाउन योग्य रहेकोले संविधानको धारा ११ को उपधारा (३) बमोजिम तत्काल नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नु, गराउनु भनी विपक्षीहरु ४, ५ र ६ को नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी माग गरेको देखियो ।

३. विपक्षीहरूले लिखित जवाफमा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एवम् संशोधनका लागि मस्यौदा तयार भई संसद्मा पेस भएको अवस्था रहेको छ । यसलाई छिटै संसद्बाट संशोधन विधेयक पारित भई ऐन बनेपश्चात् संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने नै हुँदा उत्प्रेषणलगायत आदेश जारी हुनु पर्दैन भनी उल्लेख गरेको देखियो ।

४. निज निवेदकले उक्त पुल्चोक क्याम्पसको मिति २०७४।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) मा भएको प्रावधानहरू नेपालको प्रचलित कानून विधि तथा प्रक्रियाहरूअनुसार सर्वसाधारण सबै विद्यार्थीहरूका लागि भर्ना हुन चाहिने योग्यता र सर्त तोकिएका कानूनी विधि प्रक्रियाहरु हुन् । यो सूचना त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङमा भर्ना हुन आउने आम रूपमा सबै विद्यार्थीका लागि लागू हुने नियम र कानूनले तोकेका मापदण्ड हुन् । उक्त मापदण्डहरू कानूनले तोकेकै प्रक्रियाअनुसार नै सूचना जारी भएको पाइन्छ । नेपालमा अध्ययन गर्न नेपाली नागरिकलाई मात्र सुविधा दिनु, आफ्नो नागरिकबाट मात्र प्राविधिक जनशक्ति उत्पादन गर्न राज्यले लगानी गर्नु गैरकानूनी हुँदैन । निवेदकलाई आम विद्यार्थीलाई लागू हुने नियममा प्राविधिक रूपमा विशेष अवस्था आइपरेको मात्र हो । निज निवेदक नेपालको संविधानबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्ति भए पनि संविधानअनुरूपको कानून नबनेको कारण नागरिकता प्राप्त गर्नमा ढिलाइ भएको कारणले आम रूपमा सबै विद्यार्थीहरूलाई नागरिकता अनिवार्य गरेको विश्वविद्यालयको प्रकाशित सूचना नै गैरकानूनी रहेको भन्ने निजको निवेदन जिकिर तर्कसङ्गत देखिँदैन । उक्त सूचना प्रचलित कानूनी प्रावधानअन्तर्गत नै जारी भएको देखिन आएको छ । उक्त निर्णयहरु र सूचनामा उत्प्रेषणको आदेशबाट बदर गर्नका लागि उक्त निर्णयमा विपक्षीहरूले कुनै गैरकानूनी निर्णय गरेको वा निर्णयमा के कुन कानून विधि र प्रक्रियाको पालना गर्नुपर्ने थियो र त्यसको पालना नगरी कानूनी त्रुटि भएको हो वा Error of law वा Error of procedure वा jurisdictional error वा Error of Natural justice दाबी लिन सकेको देखिएन । विश्वविद्यालयले क्षेत्राधिकारविपरीत निर्णय भएको वा प्राकृतिक न्यायको उल्लङ्घन भएको हो भन्ने दाबी गर्न सकेको पनि देखिन आएको छैन ।

५. विपक्षी सरकारी निकायहरूबाट तत्काल प्रचलित कानूनमा भएको व्यवस्थाअनुकूल पुल्चोक क्याम्पसको मिति २०७४।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) मा स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नाका लागि "नेपाली नागरिक र प्रमाणित प्रतिलिपि अनिवार्य" गरेकोसम्म देखिन्छ ।

६. मिति २०७४।०५।०४ गतेको सूचनामा निवेदकप्रति कुनै बदनियतको भावना (malafide intention) राखी निर्णय भएको वा सूचना प्रकाशित गरेको भन्ने अवस्थासमेत विद्यमान नदेखिँदा गैरकानूनी सूचना प्रकाशन भएको र सूचना प्रकाशित गर्दा कुनै कानूनी त्रुटि वा क्षेत्राधिकारात्मक त्रुटि वा प्रक्रियागत त्रुटि भएको वा गैरकानूनी निर्णय भएको भन्ने नदेखिँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन ।

७. अब दोस्रो प्रश्नको निराकरणतर्फ विचार गर्दा रिट निवेदकको बुबा शिवलाल साह रहेको देखिन्छ । रिट निवेदकको आमा मन्जुदेवी साहले जिल्ला प्रशासन कार्यालय पर्साबाट मिति २०६४।८।३ मा वंशजको आधारमा र बुबा शिवलाल साहले मिति २०६४।११।२३ मा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिन्छ । निजहरूको जेठा छोरा सुरज साहले यिनै

आमा तथा बाबुले प्राप्त गरेको नागरिकता प्रमाणपत्रका प्रमाणको आधारमा जिल्ला प्रशासन कार्यालय पर्साबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखियो ।

८. सुरज साहको जन्ममिति २०५१।१०।२४ रहेको पाइन्छ । निजको जन्म निजको आमा बाबुले नागरिकता प्राप्त गरेको मितिभन्दा अगाडि नै भएको मिसिल संलग्न कागजातबाट देखिन्छ । शिवलाल साह र मन्जुदेवी साहका दोस्रो सन्तानको रूपमा रहेका यी रिट निवेदकको जन्म पनि मिति २०५६।३।२४ मा भएको देखिन्छ । रिट निवेदकको जन्म हुँदाका बखत निजको आमा र बाबुले नेपाली नागरिकता प्राप्त गरिसकेको नदेखिए पनि निवेदकको आमा वंशजको आधारमा नै नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति रहेको देखिन्छ ।

९. नेपालको संविधानको धारा ११(२)(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भन्ने निज नेपालमा स्थायी बसोबास गरेको रहेछ भन्ने वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ । उक्त संवैधानिक व्यवस्थाअनुकूलको कानून निर्माण नभएको कारण निवेदकलाई नागरिकता प्रदान गर्न नसकिएको र कानून बन्ने क्रममा रहेकोले निजले नागरिकता प्राप्त गर्न सक्ने नै छन् भन्ने तथ्य लिखित जवाफमा प्रत्यर्थीले पनि स्वीकार गरेको नै देखिन्छ ।

१०. निवेदक संविधान र कानूनले नागरिकता प्राप्त गर्ने हक प्राप्त व्यक्ति रहेकोले लामो समयसम्म कानून नबनेको कारण संवैधानिक प्रावधान शून्यताको स्थितिमा रहन र निस्तेज हुन सक्दैन । यसै पनि संविधान आफैँ पनि मूल कानून हुँदै हो ।

११. यसै विषयमा सर्वोच्च अदालतबाट पहिले पनि सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । निवेदक सविना दमाईसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेश मुद्दा ने.का.प.२०६८ भाग ५३, अंक २ पेज नं. २४७, नि.नं. ८५५७, मुद्दा नं. ०६७-WO-०७०३ मा नागरिकताको प्रमाणपत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ । संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोबास गरेको भए पनि नागरिक बन्न नसक्ने । प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्वपूर्ण हुन्छ । नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न नपाउने । तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाइ (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने । बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने । निवेदिका जस्ता आमा नेपालको नागरिक तर बाबु नेपाली नै भएपनि पत्ता नलागेको वा बाबु को हो भन्ने कुरा आमाले नै यकिन गर्न नसक्ने यस्ता अवस्थाका नेपालको नागरिक आमाबाट नेपालमा नै जन्मिएका बालबालिकाले नेपालको अन्तरिम संविधानको धारा ८(२) अनुसार आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्नसक्ने स्पष्ट व्यवस्था भएकोले आमाको नामबाट सहज तरिकाले नेपालको नागरिकता पाउने बालबालिकाको मौलिक हक र मानव अधिकार हो । तर व्यवहारमा अझै पनि यसको कार्यान्वयन हुन सकेको देखिँदैन र निवेदिकाको जस्तै अवस्था भएका अन्य कुनै व्यक्ति कानूनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न अब संविधानको धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा निवेदन गर्न आउन नपरोस् भन्नको लागि आमा नेपाली नागरिक भन्ने प्रमाणित भएको बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ.नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ भन्ने सिद्धान्त प्रतिपादन भइरहेको देखिन्छ ।

१२. नेपालको संविधानको धारा ११(२)(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने र धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने

निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।" भन्ने संवैधानिक प्रावधान रहेको पाइन्छ ।

१३. निवेदकको बुबा आमाको एउटा सन्तानले समान हैसियत र अवस्थामा नागरिकता प्राप्त गर्ने र अर्को सन्तानले नागरिकता विहीनताको असहज परिस्थितिको सामना गर्नुपर्दा समानता र समन्याय पराजित हुन पुग्दछ । यस्तो अवस्था स्वीकार्य हुन सक्दैन । नागरिकता प्राप्त गर्न सक्ने संविधान प्रदत्त हक भएको निवेदकले नागरिकता प्राप्त गर्न नसकेको कारण अध्यययन गर्न नपाउने परिस्थिति उत्पन्न हुन पुग्यो र निवेदकले शिक्षासम्बन्धी हकबाट वञ्चित हुने अवस्था पर्‍यो भने निवेदकलाई वास्तवमा नै अन्याय हुन पुग्दछ । नागरिकता प्राप्त गर्न नसकेको कारण अध्ययन गर्न व्यवधान पुगेको भनी निवेदकले यस अदालतसमक्ष प्रस्तुत रिट निवेदन लिएर आएको देखिँदा संविधानले निवेदकलाई प्रदान गरेको शिक्षा प्राप्त गर्ने मौलिक हक उपभोग गर्नबाट वञ्चित हुन नदिन पनि निवेदकलाई नागरिकता प्रदान गर्न न्यायोचित देखिन्छ ।

१४. तसर्थ, उल्लिखित आधार र कारणहरु तथा गरिएको विवेचनाबाट प्रस्तुत रिटमा निवेदक सुनिल साहको आमा मन्जुदेवी साह वंशजको आधारमा नेपाली नागरिक रहेको भन्ने कुरा निर्विवाद रूपमा प्रमाणित भएको र निवेदक आमा मन्जु देवी साहबाट नेपालमा जन्मेको देखिएको कुरामा पनि विवाद नदेखिएको तथा निवेदकै दाजु सुरज साहले आमा मन्जुदेवी साहकै नागरिकताको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाइसकेको हुँदा निवेदकलाई नेपालको संविधानको प्रावधानसँग मिल्ने नागरिकतासम्बन्धी कानून लामो समयसम्म नबने पनि नेपालको संविधानको धारा ११ (३) समेतको संवैधानिक प्रावधानको मर्म र भावनाको अनुकूल हुने गरी निवेदकको आमाको नामबाट निवेदकलाई वंशजको आधारमा नेपालको नागरिकता प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय पर्साको नाममा परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई समेत दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा पठाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.पुरुषोत्तम भण्डारी

इजलास अधिकृतः रामाकान्त यादव

इति संवत् २०७६ साल जेठ २३ गते रोज ५ शुभम् ।

# ४५ कृष्णकुमारी महर्जन
विरूद्ध
नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला / आदेश मिति, प्रकाशन नं.** २०७६ साल फागुन महिना २१ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**आदेश**
**०७५-WO-०३२४**

**मुद्दा : परमादेश ।**

कृष्णकुमारी महर्जनको छोरा ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. १२ बस्ने वर्ष २९ को रूपेश महर्जनको वारेस भई आफ्नो हकमा समेत कृष्ण महर्जनको छोरी, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. १२ बस्ने वर्ष ४३ की कृष्णकुमारी महर्जन ............१ निवेदक

**विरुद्ध**

नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ............१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, ललितपुर, नेपाल ............१ प्रत्यर्थी

नेपालको संविधान, धारा १३३ (२) (३) बमोजिम यसै अदालतको असाधारण अधिकार क्षेत्र भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ :

**तथ्य खण्ड**

निवेदक मध्येको म कृष्णकुमारी महर्जनले मिति २०५३/२/२८ मा ललितपुर जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिएकी छु । ललितपुर धापाखेल स्थित गलैंचा कारखानामा सँगै गलैंचा बुन्ने माईला भन्ने ब्यक्तिसँग मेरो प्रेम सम्बन्ध भई शारीरीक सम्बन्ध समेत हुने गरेकाले मेरो गर्भ रहन पुगेछ । आफु गर्भवती भएको कुरा ३ महिनाको भएपछी मात्रै थाहा पाई प्रेमी माईलालाई भन्दा तिमी आफ्नो घरमा नजाउ, भागेर विवाह गर्नुपर्छ भनी आफ्नो डेरा कोठामा लगी राखे, विवाह गरेको लगभग एक महिनामा गलैंचा कारखानाबाट पसलमा जान्छु भनी गएको ब्यक्ति फर्केर आएनन । वरपर सोधखोज गर्दा पनि केहि जानकारी पाउन सकिन, कहाँ गए अहिलेसम्म जानकारी छैन । गर्भवती अवस्थामानै छोडेर सम्पर्कविहिन भएका पतिको आजसम्म पनि मैले थाहा जानकारी पाउन सकेकी छैन । मलाई पतिको स्थायी घर ठेगानाको जानकारीसमेत छैन । पतिले मलाई आफ्ना घर परिवारसँग भेटघाटसमेत गराउनु भएको थिएन । मिति २०५४/३/१० मा छोरा रूपेश महर्जनको जन्म भयो । पतिले अहिलेसम्म मेरो र सन्तानको सोधखोज केहि नगरेकाले छोराले म निवेदकको नामबाटनै पहिचान बनाउने निर्णय गरेको छ ।

नागरिकता बनाउन ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १२ को वडा कार्यालयबाट गरिदिएको नागरिकताको सिफारिस, निवेदक छोरा रूपेशको जन्म दर्ता, म निवेदक कृष्णमाया महर्जनको नागरिकताको प्रमाणपत्रको छायाँप्रति संलग्न गरी म निवेदक आमाको नामबाट निवेदक छोरा रूपेशको नागरिकता बनाउन जाँदा जिल्ला प्रशासन कार्यालय, ललितपुरले आमाको नाम र ठेगानाबाट नागरिकता दिने कानून बनेको छैन भनी फर्काइदिनु भयो ।

मैले मेरो आमाको नामबाट आफ्नो पहिचान किन नपाउने हो ? सो कुराको लिखित जानकारीको पाउन मिति २०७५/४/३१ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गरेपनि हालसम्म आमाको मात्र नामबाट नागरीकता दिने कानून नभएको र अब कानून बन्ने प्रकृयामा छ कानून बनेपछि मात्रै नागरीकता दिन सकिन्छ भनी मौखिक जवाफ दिनुभएको र लिखितमा दिन अनुरोध गर्दा लिखित रूपमा दिन नसकिने भन्नु भएको छ ।

निवेदक म रूपेश महर्जन ललितपुर जिल्ला गोदावरी नगरपालीका वडा नं. १२ ठेचोमा नै जन्मी हुर्कि स्थायी बसोबास गरीरहेको छु । मेरो जन्म निवेदक आमा कृष्णकुमारी महर्जन र बुवा माईलाको दाम्पत्य सम्बन्धबाट

मिति २०५४ साल आषाढ १० गते भएको हो । मेरो बुवा म गर्भमा हुँदा बिनाखबर सम्पर्क विहिन हुनु भएको हुँदा म निवेदकलाई मेरो एकल आमा कृष्णकुमारी महर्जनले हेरबिचार खाने, लाउने, पढाउने, स्वास्थ्योपचार गर्ने गरेर हुर्काउनु भयो । मैले बुवालाई देखेकै छैन । मैले बुझ्ने भएदेखी नै मैले बुवाको बारेमा सोध खोज गर्दापनि कुनै खबर प्राप्त गर्न सकिन र बुवाले कहिल्यै पनि स्थायी घर तथा घरका अन्य सदस्य परिवारजनसँग भेटघाट नगराउनु भएको आमाले भन्नुहुन्छ म निवेदक मेरो आमाको नामबाटनै पहिचान बनाउन चाहन्छु ।

नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्वपूर्ण अधिकार हो । नागरिकताले व्यक्तिको पहिचान दिन्छ । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने आधार भनेको नै नागरिकता हो । नागरिकता नभएको व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्न सक्दैन । नागरिकता लिन पाउने व्यक्तिको नैसर्गिक अधिकार हो । नागरिकता नभएको मानिस राज्य बिहिनतामा हुन्छ । राज्य विहिन हुनु भनेको आधारभूत मानव अधिकारबाट समेत बञ्चित हुनु हो । म निवेदक रूपेश महर्जनले मेरो आमाको नामबाट र आमाले नै सनाखत गर्ने गरी प्राप्त गर्न खोजेको नागरीकता नपाएको हुनाले संविधानद्वारा प्रदत्त समानता सम्बन्धी हक, नागरीकता प्राप्त गर्ने हक, रोजगारीको अधिकार, आफूले रोजेको व्यवसाय गर्न पाउने अधिकार, शिक्षाको अधिकार, स्वतन्त्रपूर्वक विचार गर्न पाउने हक, सम्पत्तिको हक, वासस्थान छनौंट गर्न पाउने हक र मैले मेरो पहिचानको प्राप्ती गर्ने हकबाट बन्चित भइरहेको छु । म निवेदक नेपाली नागरीकको छोरा र नेपालमै जन्मि हुर्किएको व्यक्ति भएकोले मलाई नागरीकताबाट बन्चित गर्न मिल्दैन ।

मेरा आमा र बुवा दुवैजना नेपाली नागरीक हुनुहुन्छ । मलाई आमा कृष्णकुमारी महर्जनले जन्म दिई पालन पोषण, शिक्षा दिक्षा, स्वास्थ्योपचार गरी बढाउन र पढाउनु भयो । मैले मेरो बुवालाई हालसम्म देखेको पनि छैन । बुवा बिना खबर बेपत्ता हुँदा म आमाको गर्भमा नै थिएँ । बुवाले आफ्नी गर्भवती श्रीमतीलाई बिना कुनै सूचना छोडेर जानुभएपछि अहिलेसम्म पनि उहाँ कहाँ तथा के कस्तो अवस्थामा हुनुहुन्छ, हामीलाई थाहा जानकारी छैन, छोडेर जानुभएपछी हालसम्म पनि हामीसँग भेटघाट तथा हाम्रो हालखबर समेत जान्ने प्रयास नगरी बस्नु भएको छ । म निवेदक रूपेश महर्जनको बुवा बेपत्ता भएको कारणले मात्र म नागरीकता प्रमाणपत्र प्राप्त गर्नबाट बचित हुनुपर्ने होइन । मैले मेरी आमाबाट पहिचान पाउने अधिकार सुनिश्चित छ ।

म निवेदक छोरा रूपेश महर्जनको एकल आमा भई संरक्षण गर्दै आईरहेकी छु । मेरो छोरा गर्भमा हुँदा नै मेरो पतिले मलाई छोडी कुनै खबरनै नगरी वेपत्ता हुनु भएको छ । मेरा पति बेपत्ता भएका कारण म निवेदक आफ्नो सन्तानलाई आफ्नो नामबाट पहिचान दिन बञ्चित हुनुपर्ने होइन । आफ्ना सन्तानलाई नागरीकता दिई पहिचान दिन पाउने मेरो संबैधानिक हक छ ।

नेपालको संविधानको धारा १० (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने, धारा ११ (२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने, धारा १२ ले आमा वा बाबुको नामबाट वंशिय आधारमा नागरिकता प्राप्त गर्न सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको छ, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था गरी वंशजको परिभाषा भित्र बाबु अथवा आमा दुवैलाई राखेको छ । आमा अथवा बाबुमध्ये कुनै एकजना नेपालको नागरीक रहेछ भने निजको सन्तान वंशजको आधारमा नेपालको नागरीक हुने भन्ने स्पष्ट व्यवस्था छ ।

नागरीकता नियमावली २०६३ को नियम ३ (१) मा वंशजको नाताले नेपाली नागरीकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरीकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरीकताको प्रमाणपत्र र जन्म स्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरीदिएको सिफारिस वा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचाको निवेदन दिनु पर्दछ भन्ने व्यवस्था छ । सो बमोजिम म निवेदकको जन्मदर्ता, आमाको नागरीकता प्रमाणपत्रको छायाँप्रति वडा कार्यालयबाट गरीदिएको सिफारिस समेत लिई जिल्ला प्रशासन कार्यालय ललितपुरमा जाँदा जिल्ला प्रशासन कार्यालय ललितपुरले आमाले सनाखत गर्ने गरी नागरीकता लिने भएकै कारणले कानूनमा भएको व्यवस्थाको बिरूद्ध आमाको नामबाट आमाको वतनबाट नागरीकता प्रदान गर्न नसकिने भनी नागरीकता जारी गर्न ईन्कार गरेकाले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको र पहिचानकै आधारमा श्रृजना हुने अन्य अधिकारहरु श्रृजना हुन नसक्ने र जीवनभर राज्यविहिन अवस्थामा बाँच्न बाध्य हुनुपर्ने अवस्था उत्पन्न भएको छ ।

नागरीकता तथा राष्ट्रियता सम्बन्धी अन्तरराष्ट्रिय सन्धि महासन्धीहरूमा भएका ब्यवस्था हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका साथै नेपाल पक्ष भई अनुमोदन गरेका सन्धि सम्झौताहरूले नागरीकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरीकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरीकताको अधिकारबाट बन्चित गरीने छैन भन्ने व्यवस्था छ । नागरीक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरीने तथा निजको नाम राखिनेछ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९२ ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ भन्ने व्यवस्था गरेको र त्यसैअनुरूप हाम्रो संविधान र कानूनमा समेत व्यवस्था गरीएको हो । बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरीने छ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउने छ । उल्लेखित सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरीकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरीएको मानव अधिकारका आधारभूत दस्तावेज मानिने सबै महासन्धिहरूलाई नेपालले बिना कुनै आरक्षण महासन्धिहरूबाट सिर्जना भएको दायित्वलाई स्वीकार गरीसकेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको ब्यवस्था प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरीएको छ । सन्धिमा उल्लेख भए बमोजिम नै हाम्रो संविधान र कानून समेतले पनि महिला (आमा) ले आफ्ना छोरा र छोरीलाई नागरीकता अर्थात् पहिचान दिन सक्ने हक प्रदान गरेको छ ।

नागरीकताका बिषयमा सविना दमाई समेत बिरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय सिंहदरबार समेत भएको (ने.का.प. २०६८, अंक २, पृष्ठ २४७, नि.नं. ८५५७) मुद्दामा निवेदिका सविना दमाइको आमा गंगामाया दमाई नेपाली नागरीक भएको भन्ने कुरा समेत प्रमाणित भएको र निवेदिका सविना दमाई नेपाली नागरीक गंगामाया दमाईबाट नेपालमा जन्मेको देखिएकोले निवेदिकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरीकता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेश जारी गरीदिएको छ भन्ने फैसलासमेत भइसकेको छ ।

म निवेदक रूपेश महर्जनलाई मलाई मेरी आमाको नामबाट नागरीकता दिनु दिलाउनु भन्ने विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी पाउँ प्रस्तुत बिषय पहिचानसँग जोडीएको अत्यन्त संवेदनशील विषयको भएकाले रिट निवेदनलाई अग्राधिकारमा राखी सुनुवाई गरी पाउँ भन्ने समेत बेहोराको कृष्णकुमारी महर्जनको यस अदालतमा पर्न आएको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै प्रस्तुत निवेदनको विषयवस्तुको गाम्भिर्यता समेतलाई बिचार गर्दा चाँडो किनारा लगाउन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी दिएको छ, भन्ने मिति २०७५/०६/९ को आदेश ।

संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिवद्ध छ । साथै निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा गृह मन्त्रालय संवेदनशील छ । कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । निवेदकको दावी बमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनैपनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहँदैन । गृह मन्त्रालयले संविधान एवं कानूनले तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानून बमोजिमको प्रकृया अपनाई आफ्ना काम, कारवाही संचालन गरिरहेको छ । निवेदकले यस मन्त्रालयको के, कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा कुनै कारण र आधार समेत खुलाउन सक्नु भएको छैन । यस मन्त्रालयले नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र गरेको छैन । नेपालको संविधानमा

उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश भई हाल छलफलको क्रममा रहेको हुँदा उक्त संघीय कानूनको अधिनमा रही आवश्यक प्रक्रिया पुरा गरी निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै हुन्छ रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

रिट निवेदकहरूले रिट निवेदनमा उठान गरेको विषयमा वंशज खुल्ने कागजात सहित निर्दिष्ट फाराम भरी यस कार्यालयमा स्वयं उपस्थित भै आधारभुत प्रमाण कागजातहरु पेश गर्नु प्रावधान स्वंय व्यक्तिको भएकोले प्रमाण प्राप्त भएमा कानुन बमोजिम हुने नै हुन्छ । रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ ।

**आदेश खण्ड**

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत विषयमा निवेदन समेतका मिसिल संलग्न कागजातहरु अध्ययन गरियो ।

निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शुष्मा गौतमले निवेदक रूपेश महर्जन निवेदक कृष्णकुमारी महर्जनका छोरा हुन् । निवेदक कृष्णकुमारी महर्जनले मिति २०५३/२/८ मा जिल्ला प्रशासन कार्यालय ललितपुरबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको छ । ललितपुर धापाखेल स्थित सँगै गलैचा कारखानामा काम गर्ने व्यक्तिसँग प्रेम सम्बन्ध भै शारिरीक सम्पर्क समेत भै मिति २०५४/३/१० मा रूपेश महर्जनको जन्म भएको हो । स्थानीय पंजिकाधिकारीको कार्यालय ठेचो ललितपुरबाट बाबु वेपत्ता भएको जनाई जन्मदर्ता प्रमाणपत्र लिएको छ । निवेदक रूपेश महर्जन गर्भमा रहेको बेला गर्भवती श्रीमतीलाई छोडी वेपत्ता भएका निजका बाबुको हालसम्म जानकारी छैन । आमाको नामबाट नागरिकता पाउँ भनी निवेदक रूपेश महर्जनले स्थानीय गोदावरी न.पा. वडा नं. १२ को सिफारिस, जन्मदर्ता प्रमाणपत्र, आमा कृष्णकुमारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी राखी जिल्ला प्रशासन कार्यालयमा निवेदन गर्दा आमाको नाम र ठेगानाबाट नागरिकता दिने कानून छैन, भनी फिर्ता पठाई दियो । नागरिकता किन नपाउने लिखित जानकारी पाउन निवेदन गर्दा जानकारी समेत दिएको छैन ।

नागरिकता प्राप्त गर्ने कुरा नागरिकको अधिकार हो, व्यक्तिको पहिचान गर्ने राज्यद्वारा प्रदान गरिने आधिकारिक प्रमाण पत्र भएकोले नागरिकता विना व्यक्तिको पहिचान हुन र राज्यद्वारा प्रदान गरिने सेवा सुविधाहरु प्राप्त हुन सक्दैनन् । राज्यबाट पहिचान पाउने कुरा व्यक्तिको अधिकार भएको हुँदा नागरिकता प्रमाणपत्र लिन बचित भए राज्य विहिनताको अवस्था हुन्छ । राज्य विहिनताको अवस्था मानव अधिकार, मौलिक अधिकारको विरूद्धमा हुन्छ ।

नेपालको संविधानको धारा १० ले ***कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन*** भन्ने प्रष्ट सबैधानिक व्यवस्था रहेको व्यवस्था छ । धारा ११ (२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजका बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त हुने संवैधानिक व्यवस्था रहेको पाइन्छ । नेपाल नागरिकता ऐन, ०६३ को दफा ३ ले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने कानुनी व्यवस्था गरेको पाइन्छ । नागरिकता नियमावली ०६३ को नियम ३ (१) मा नागरिकता प्राप्त गर्ने कार्यविधी तोकेको छ । नागरिकता तथा राष्ट्रियता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूमा नेपाल पक्षराष्ट्र भएको छ । उक्त सन्धि महासन्धिहरूले समेत नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेकोले नेपाल पक्षराष्ट्र भएका हैसियतले उक्त प्रावधानहरु पालना गर्न बाध्य छ । निवेदक रूपेश महर्जनको जन्म नेपालमा भएको छ । निजको जन्म हुँदा निजकी आमा वंशजको आधारम नेपाली नागरिक हुन्, निवेदकको नागरिकता प्राप्त गर्ने उमेर पुगीसकेको छ, संविधान तथा कानूनले गरेको व्यवस्था अनुसार रूपेश महर्जन नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने अवस्थामा पितृसत्तात्मक सोच राखी आमाको नाम र ठेगानाबाट नागरिकता दिने कानून नभएको भनी नागरिकता दिन इन्कार गरेकोले आमाको नामबाट पहिचान पाउने निवेदक रूपेश महर्जनको र आफ्नो सन्तानलाई आफ्नो नामबाट पहिचान दिन पाउने निवेदन कृष्णकुमारी महर्जनको अधिकार हुँदा निवेदक रूपेश महर्जनलाई आमा कृष्णकुमारी महर्जनको नामबाट नागरिकता दिनु भन्ने विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी बहस गर्नु भयो ।

मिसिल संलग्न कागजात हेर्दा निवेदकमध्येको म कृष्णकुमारी महर्जनले मिति २०५३/२/२८ मा ललितपुर जिल्ला प्रशासन कार्यालयबाट नागरीकता लिएकी छु । ललितपुर धापाखेल स्थित गलैंचा कारखानामा सँगै गलैंचा बुन्ने माईला भन्ने ब्यक्तिसँग मेरो प्रेम सम्बन्ध भई शारीरीक सम्पर्कसमेत भई मिति २०५४/३/१० मा छोरा रूपेश महर्जनको जन्म भयो । गर्भवती अवस्थामै छोडी बेपत्ता भएका पति अहिलेसम्म के काँहा छन् जानकारी छैन । पतिले मलाई आफ्ना घर परिवारसँग भेटघाटसमेत गराउनु भएको थिएन । छोरा रूपेश महर्जनको नागरिकता बनाउन ललीतपुर जिल्ला गोदावरी न.पा. वडा नं. १२ को वडा

कार्यालयबाट गरीदिएको सिफारिस, निवेदक छोरा रूपेशको जन्म दर्ता, म निवेदक कृष्णमाया महर्जनको नागरीकताको प्रमाणपत्रको छायाँप्रति संलग्न गरी म निवेदक आमाको नामबाट निवेदक छोरा रूपेशको नागरीकता बनाउन जाँदा जिल्ला प्रशासन कार्यालय, ललितपुरले आमाको नाम र ठेगानाबाट नागरीकता दिने कानून बनेको छैन भनी फर्काइदिनु भयो । किन मैले मेरो आमाको नामबाट आफ्नो पहिचान नपाउने हो ? सो कुराको लिखित जानकारी पाउन निवेदन गर्दासमेत जानकारी पाएको छैन ।

निवेदक म रूपेश महर्जनको जन्म निवेदक आमा कृष्णकुमारी महर्जन र बुवा माईलाको दाम्पत्य सम्बन्धबाट मिति २०५४ साल आषाढ १० गते ललितपुर जिल्ला गोदावरी नगरपालीका वडा नं. १२ ठेचोमा भई सोही ठाउँमा हुर्किबढी स्थायी बसोबास गरीरहेको छु । बुवा म गर्भमा हुँदा बिनाखबर सम्पर्क विहिन हुनु भएको हुँदा एकल आमा कृष्णकुमारी महर्जनले हेरबिचार, खाने, लाउने, पढाउने, स्वास्थ्योपचार गर्ने गरेर हुर्काउनु भयो । मैले बुवालाई देखेकै छैन । बुवाको बारेमा सोध खोज गर्दापनि कुनै खबर प्राप्त गर्न सकिन र आमालाई बुवाले कहिल्यैपनि स्थायी घर नलगेको, घरका अन्य सदस्य परिवारजनसँग भेटघाट नगराएको भन्ने कुरा आमाबाट थाहा पाँए ।

नागरिकता लिन पाउने मेरो नैसर्गिक अधिकार हो । हालसम्म बाबु कहा हुनुहुन्छ भन्ने थाहा नभएकाले मैले आमाको नामबाट र आमाले नै सनाखत गर्ने गरी नागरिकता प्राप्त गर्न कानूनले बाधा गरेको छैन । म निवेदक नेपाली नागरीकको छोरा र नेपालमै जन्मि हुर्किएको व्यक्ति भएकोले बाबु बेपत्ता भएको कारण मलाई नागरीकताबाट बन्चित गर्न मिल्दैन । मेरा आमा र बुवा दुवैजना नेपाली नागरीक हुनुहुन्छ । मलाई मेरी आमाबाट पहिचान पाउने अधिकार छ । निवेदक कृष्णकुमारी महर्जन छोरा रूपेश महर्जनको एकल आमा भई संरक्षण गर्दै आईरहेकी छु । मेरो छोरा गर्भमा हुँदा नै मेरो पतिले मलाई छोडी कुनै खबरनै नगरी वेपत्ता हुनु भएको छ । मेरा पति बेपत्ता भएका कारण मैले आफ्नो सन्तानलाई आफ्नो नामबाट पहिचान दिन बञ्चित हुनुपर्ने होइन । आफ्ना सन्तानलाई नागरीकता दिई पहिचान दिन पाउने मेरो संबैधानिक हक छ । नेपालको संविधानको धारा १० (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने, धारा ११ (२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने, धारा १२ ले आमा वा बाबुको नामबाट वंशिय आधारमा नागरिकता प्राप्त गर्न सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको छ, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था गरी वंशजको परिभाषा भित्र बाबु अथवा आमा दुवैलाई राखेको छ । आमा वा बाबुमध्ये कुनै एकजना नेपालको नागरीक रहेछ भने निजको सन्तान वंशजको आधारमा नेपालको नागरीक हुने भन्ने स्पष्ट ब्यवस्था छ ।

नागरीकता नियमावली २०६३ को नियम ३ (१) मा नागरिकता प्राप्त गर्ने कार्याविधि तोकेको छ । सो बमोजिम माग गर्दा मैले नागरिकता प्राप्त गर्न सकिन । नागरीकता तथा राष्ट्रियता सम्बन्धि अन्तर्राष्ट्रिय सन्धि महासन्धीहरूमा नेपाल पक्ष भई अनुमोदन गरेको छ । उक्त सन्धि सम्झौताहरूले नागरीकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८, नागरीक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६, महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW), ले व्यवस्था गरेका कुरा हाम्रो संविधान र कानूनमा समेत गरिएको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) मा नेपालले अनुमोदन गरेको सन्धिको ब्यवस्था प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरीएको छ । बिपक्षीहरूले गरेको काम कारबाही नेपालको संबिधान प्रचलित ऐन, कानून र सो सन्धि महासन्धीहरूको प्रावधानको बिपरित रहेकोले निवेदक छोरा रूपेश महर्जनलाई निवेदक आमा कृष्णमाया महर्जनको नामबाट नागरीकता दिनु दिलाउनु भन्ने विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन दावी रहेको देखियो ।

विपक्षी मध्येका गृह मन्त्रालयको लिखित जवाफ हेर्दा संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्वर्द्धनका लागी गृह मन्त्रालय सदा प्रतिवद्ध रहेको, निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा संवेदनशील रहेको, नागरिकले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनैपनि नागरिक वञ्चित हुनु पर्ने अवस्था रहँदैन । गृह मन्त्रालयले नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र नगरेको भन्ने जिकिर लिएको देखिन्छ । अर्का बिपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखितजवाफ हेर्दा रिट निवेदकहरूले रिट निवेदनमा उठान गरेको विषयमा वंशज खुल्ने कागजात

सहित निर्दिष्ट फाराम भरी यस कार्यालयमा स्वयं उपस्थित भै आधरभुत प्रमाण कागजातहरु पेश गर्नु प्रावधान स्वंय व्यक्तिको भएकोले प्रमाण प्राप्त भएमा कानुन बमोजिम हुने नै हुन्छ भन्ने जिकिर लिएको देखिन्छ ।

उपरोक्त बमोजिमको तथ्य एवम् बहस जिकिर रहेको प्रस्तुत निबेदनमा निबेदन माग बमोजिम विपक्षहरूको नाममा परमादेशको आदेश जारी हुने, नहुने के रहेछ ? सोही बिषयमा निर्णय दिनुपर्ने देखियो ।

अब निवेदन दावीका सम्बन्धमा हेर्दा, निवेदक रूपेश महर्जनको जन्म मिति २०५४/३/१० मा ललितपुर, ठेचो-३ कुटुभ्फोलमा भएको भन्ने स्थानीय पंजिकाधिकारीको कार्यालय ठेचो ललितपुरबाट मिति २०७०/४/८ मा जारी भएको जन्मदर्ताको प्रमाणपत्रबाट देखिन्छ । उक्त प्रमाणपत्रमा बाजेको नाम थाहा नभएको, बाबु वेपत्ता भएको आमा कृष्णकुमारी महर्जन रहेको भन्ने देखियो । निवेदक कृष्णकुमारी महर्जनले मिति २०५३/२/२८ मा वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय ललितपुरबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । ललितपुर धापाखेल स्थित गलैंचा कारखानामा सँगै काम गर्ने माइला भन्ने व्यक्तिसँग प्रेम सम्बन्ध रहेको, शारिरीक सम्पर्क भई गर्भवती भएको कुरा सुनाउँदा भागेर विवाह गरेको र कोठामा राखेको, पसल जान्छु भनी गएका पति फर्केर नआएको, अहिलेसम्म जानकारी पाउन नसकेको, पतिको स्थायी घर ठेगानाको जानकारी नभएको र पतिले आफन्त नातेदारहरूसँग चिनजान समेत नगराएको र आफ्नो गर्भबाट मिति २०५४/३/१० मा छोरा रूपेश महर्जनको जन्म भएको भन्ने तथ्य निवेदनमा उल्लेख गरेको छ ।

निवेदक रूपेश महर्जनको व्यहोरा हेर्दा पनि ललितपुर गोदावरी न.पा. वडा नं. १२ ठेचोमा जन्मी हुर्की त्यही स्थायी बसोबास गरेको, बुबा गर्भ मै हुँदा सम्पर्कविहिन हुनु भएको, मिति २०५४/३/१० मा आमा कृष्णकुमारी महर्जनले जन्म दिइ एकल आमाले नै हेरचाह, खान, लाउन दिने, पढाउने, स्वास्थ्य उपचार गरी हुर्काएको, बुबालाई आफुले नदेखेको, जान्ने बुझ्ने भएपछि बुबाको बारेमा सोधखोज गर्दा कुनै खबर प्राप्त गर्न नसकेको, बुबाले आमालाई बुबाको स्थायी घर नलगेको, आफ्ना सदस्य, परिवारजनसँग भेटघाट चिनजान समेत नगराउनु भएको भनी आमाले भन्नु भएको छ । मैले आमाको नामबाट पहिचान बनाउन खोजेको हो भन्ने उल्लेख गरेको देखिन्छ ।

निवेदकहरूको निवेदन व्यहोरा र मिसिल संलग्न प्रमाणहरूका आधारमा निवेदक कृणणकुमारी महर्जनले मिति २०५३/२/८ मा जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट बंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको, निवेदक रूपेश महर्जनको जन्म मिति २०५४/३/१० ललितपुर ठेचोमा आमा कृष्णकुमारी महर्जनको कोखबाट भएको, बाबु वेपत्ता भई हालसम्म कुनै जानकारी नभएको, निवेदक रूपेश महर्जनलाई एकल आमा निवेदक कृष्णकुमारीले पालनपोषण, शिक्षादीक्षा, हेरचाह, स्वास्थ उपचार गर्दै रहेको भन्ने देखियो । निवेदकले प्राप्त गरेको जन्मदर्ताको प्रमाणपत्रबाट निवेदकको उमेर नागरिकताको प्रमाणपत्र पाउँ भनी दर्खास्त गरेको मिति २०७५/४/२० मा २१ वर्ष पुगीसकेको भन्ने देखियो ।

नागरिकता राज्यद्वारा प्रदान गरिने सो राज्यमा स्थायी बसोबास गर्ने नागरिकको पहिचान हुने आधिकारिक लिखत हो । राज्यको संविधान र कानूनले गरेको व्यवस्थाको अधिनमा रही नागरिकता प्राप्त गर्ने हक सो राज्यमा बसोबास गर्ने जुनसुकै नागरिकको सबैधानिक, कानूनी तथा नैसर्गिक अधिकार हो । कानूनले व्यवस्था गरेको सर्त र अवस्थाहरु पुरा भएपछि नागरिकता प्राप्त हुन्छ । कानूनले व्यवस्था गरेका सर्त अवस्थाहरु पुरा भएको वा नागरिकता प्राप्त गर्न योग्य रहेको अवस्थामा कसैलाई पनि नागरिकताबाट बञ्चित गर्न सकिँदैन । नागरिकता राष्ट्रियताको आधार हो, को व्यक्ति कुन देशको बासिन्दा हो भन्ने कुरा नागरिकताले निर्धारण गर्छ । नागरिकता प्राप्ती पश्चात नै व्यक्तिको राज्यप्रति कर्तव्य र दायित्व निर्धारण हुन्छ, नागरिकलाई मात्र राज्यद्वारा प्रदान गरिने सेवा सुविधा, अवसरहरु प्राप्त हुने हुन्छ । नागरिकता प्राप्त नगरेका व्यक्तिहरूले यस्ता सेवा सुविधा र अवसरहरु प्राप्त गर्न सक्ने आधार नबनी एउटा नागरिकले नागरिक हकबाट बन्चित रहनु पर्ने अवस्था सृजना हुने हुन्छ ।

नागरिकता प्रमाणपत्रको अभावमा व्यक्ति कुन देशको नागरिक भन्ने पहिचान हुँदैन, नागरिकता प्रमाणपत्र विना व्यक्तिले आफ्नो राजनैतिक अधिकारको प्रयोग गर्न सक्दैन, राजनैतिक दल खोल्ने, संघ संस्था खोल्ने, निर्वाचनमा उम्मेदवार बन्ने, मतदान गर्ने अधिकारबाट बचित हुनुपर्छ । स्वभाविक र शान्तिपुर्ण जिवनयापन गर्न पनि व्यक्तिले आफ्नो पहिचान देखाउनु पर्ने हुन्छ । नागरिकताको अभावमा राष्ट्रिय संकट, प्राकृतिक विपत्ति परेको अवस्थामा राज्यबाट प्रदान गरिने राहत, अनुदान प्राप्त गर्न सक्दैन, आर्थिक हिसाबले आफ्नो नाममा सम्पत्ति आर्जन गर्न, सञ्चालन, उपभोग गर्न, विक्रि वितरण गर्न सो बाट व्यवस्थापिक लाभ प्राप्त गर्न वा अन्य कारोबार गर्न सक्दैनन । आफ्नो इच्छा अनुसार देशको कुनैपनि ठाँउमा पेशा व्यवसाय उद्योग स्थापना र संचालन गर्न, आफ्नो ईच्छाअनुसारको रोजगार गर्न पाउने अधिकार प्राप्त गर्न नसकि नेपालको संविधानको भाग ३ मा उल्लेखित संविधानको धारा १६ अनुसार सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ अनुसार स्वतन्त्रताको

हक, धारा २५ अनुसार सम्पत्तिको हक, धारा ३१ अनुसार शिक्षा सम्बन्धी हक, धारा ३३ अनुसार रोजगारीको हक, धारा ३४ अनुसार श्रमको हक, धारा ३५ अनुसार स्वास्थ्य सम्बन्धी हक, धारा ४२ अनुसार सामाजिक न्यायको हक, धारा ४३ अनुसार सामाजिक सुरक्षाको हक, धारा ४६ अनुसार संवैधानिक उपचार हक लगायतका नेपालको संवैधानिक अनुसार प्राप्त गर्नुपर्ने संवैधानिक तथा नागरिक हकबाट बञ्चित रहनुपर्ने हुन जान्छ । राष्ट्रियताको आधार सहित आफ्नो पहिचान दिने, नागरिकता व्यक्तिका लागि आवश्यक र सर्वाधिक महत्वपूर्ण छ ।

नागरिकता सम्बन्धी संवैधानिक व्यवस्थालाई हेर्दा नेपालको संविधानको धारा १० (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । संविधानको धारा ११ (२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने व्यवस्था गरेको छ । संविधानको धारा १२ मा संविधान बमोजिम बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने छ भन्ने संबैधानिक व्यवस्था गरेको छ । संवैधानिक यो व्यवस्थाबाट कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने, व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिकता पाउने र बंशजको आधारमा नागरिकता प्राप्त गर्ने व्यक्तिले आमा वा बाबुको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने देखिन्छ ।

नेपालको नागरिकताको प्राप्त, समापति र तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्न बनेको नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) मा ँकुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै सोही दफाको उपदफा ३ ले नेपाल सरहदमा फेला परेको पितृत्व, मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु, आमाको ठेगाना नलागेसम्म वंशजको आधारमा नेपालको नागरिक हुने व्यवस्था गरेको छ । बिदेशी नागरिकसँग बिबाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानहरूले भने नेपालमा जन्म भै नेपालमा स्थायी बसोबास गरेको, र बाबुको नागरिकताको आधारमा निजले बिदेशी मुलुकको नागरिकता नलिएको भए अंगिकृत नागरिकता प्राप्त हुने कुरा नागरिकता ऐन, २०६३ को दफा ५ (२) मा रहेको देखिन्छ । प्रचलित ऐनको यो व्यवस्थाबाट वंशजको परिभाषाभित्र बाबु वा आमा दुवैलाई राखेको देखियो । बिदेशी बाबु भएको खण्डमा अंगिकृत नागरिकता मात्र प्राप्त गर्न सकिने देखियो । वंशजको नाताले नागरिकता लिन चाहाने १६ वर्ष उमेर पुरा भएको व्यक्तिले बाबु, आमा वा आफ्नो वंश तर्फका तिनपुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र राखी, जन्मस्थान र नाता खुल्ने गरी स्थानिय निकायले गरिदिएको सिफारिससाथ तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने व्यवस्था नागरिकता ऐन, २०६३ को दफा ८ ले गरेको देखिन्छ ।

नागरिकता प्राप्त गर्ने कार्याविधी सम्बन्धमा नेपाल नागरिकता नियमावली, ०६३ को नियम ३ (१) ले नेपाल नागरिकता ऐन, २०६३ ले गरेको व्यवस्था अनुकुल नै व्यवस्था गरी त्यस्तो निवेदन सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । यस्तो प्रमाण पेश गर्न नसक्ने नेपाली नागरिकलाई भने निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजका नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भै निरन्तर रूपमा नेपालमा स्थायी बसोबास गरी आएको ब्यहोरा खुल्ने गरी स्थानिय निकायका प्रतिनिधिको रोहवरमा नेपाली नागरिकता प्राप्त स्थानिय बासिन्दाहरूले स्थलगत रूपमा गरी दिएको सर्जमिन र सम्बन्धित वडामा बसोबास गर्ने ३ जना नेपाली नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिले सर्जमिन स्थलमै गरिदिएको सनाखतको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने सक्ने व्यवस्थासमेत गरेको देखियो ।

नेपालको संबिधानको धारा ३९ (१) ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको देखिन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ । उपदफा (५) ले प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउने व्यवस्था छ, बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउछन् । उपदफा ७ ले पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउने, र बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउने व्यवस्था उपदफा ९ ले गरेको देखिएको छ भने उपदफा ११ मा कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु,

आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ भन्ने व्यवस्था छ ।

नागरिकताका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि सम्झौताहरु समेतलाई विचार गर्दा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८, नागरीक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६, महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) ले समेत प्रत्येक व्यक्तिलाई नागरीकताको अधिकार प्रदान गरेको कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरीकताको अधिकारबाट बन्चित गरीने छैन भन्ने व्यवस्था गरेको, प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरीने तथा निजको नाम राखिने र राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको, पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । नेपालले यी सन्धी, महासन्धीहरूलाई अनुमोदन गरी पक्षराष्ट्र भएको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको ब्यवस्था प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरीएको देखिंदा नेपाल राष्ट्र यी सन्धी महासन्धीले गरेको प्रावधानहरु लागु र कार्यान्वयन गर्न पछि हट्नसक्ने अवस्था रहेको समेत देखिदैन ।

यस्तै बिषयबस्तु समावेश भएको निवेदक सबिना दमाई बिरूद्ध नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको २०६७ सालको रिट नं २०६७-WO-०७०३ को उत्प्रेषण मुद्दामा निवेदकलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने परमादेश को आदेश जारी गरीपाउँ भन्ने दिएको निवेदनमा निवेदिका सविना दमाई नेपाली नागरिक गंगा दमाईबाट नेपालमा जन्मेको देखिएकाले निवेदिकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नुभनी बिपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भन्ने मिति २०६७/११/१५ मै यस अदालतबाट फैसला भइसकेको देखिन्छ । उक्त मुद्दामा नेपाली नागरिक भन्ने प्रमाणित भएको बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेका बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३, र नियमावली, २०६३ को रित र कार्याविधि पुरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशब्यापी रुपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवाश्यक व्यवस्था गर्नु भनी गृह मन्त्रालयको नाममा निर्देशानात्मक आदेशसमेत जारी भएको देखिन्छ । २०६७ सालमै अदालतबाट निर्देशनात्मक आदेश जारी भइसकेपश्चात पनि मिति २०७५/६/१५ मा उही बिषयमा उस्तै प्रकृतीको यो निवेदन पर्न आउनु कानूनी राज्यको अवधारण भित्र पर्ने कुरा होइन, संविधान, कानून, अन्तर्राष्ट्रिय सन्धी संझौता अनुसार कुनैपनि नागरिकले प्राप्त गर्न सक्ने अधिकारबाट कुनैपनि बाहानबाट नागरिकलाई अधिकारबाट बञ्चित गरिनु न्याय संगत हुने देखिदैन । कानून नियम अनुसार सबै प्रक्रिया पुरा गरी आएकोमा पनि नागरिकले राज्यबाट पाउने कानूनी संवैधानिक हकबाट बञ्चित रहि राज्यबाट प्राप्त गर्नुपर्ने सुविधा प्राप्त हुन नसक्नु र साधिकार निकायले गैर नागरिक नभएको पुष्टि भइरहेको अवस्थामा पनि कानूनी राज्यबाट प्राप्त गर्ने नागरिकता जस्तो नैसर्गिक अधिकारबाट बञ्चित गराउनु कुनै पनि दृष्टिकोणबाट सान्दर्भिक र न्यायोचित मान्न सकिने देखिएन ।

अतः माथी विवेचित तथ्य, आधार, कारण यस अदालतबाट प्रतिपादित न्यायीक सिद्धान्तसमेतका आधारमा निवेदक रूपेश महर्जन निवेदक नेपाली नागरिक कृष्णमाया महर्जनको कोखबाट मिति २०५४/३/३० मा नेपालको ललितपुर जिल्ला ठेचो-३ कटुञ्झोलमा जन्म भई नेपालमै स्थायी बसोबास गरिरहेको देखिएको, निज गर्भमा रहदाकै अवस्थादेखि निजका बाबु बेपत्ता भएको र एकल आमा निवेदक कृष्णमाया महर्जनले लालनपालन, स्याहारसम्हार गरी हुर्काई बढाई गरेको भन्ने तथ्य रहेको देखिएको, जन्मदर्ताका आधारमा नागरिकता प्राप्त गर्ने उमेर पुगीसकेको देखिएको, नेपालको संविधान, प्रचलित नागरिकता ऐन, २०६३ र नागरिकता नियमावली, २०६३ बमोजिम नेपाली नागरिकता प्राप्त गर्नसक्ने हैसियतमा रहेको भन्ने देखिंदा निवेदक रूपेश महर्जनलाई निवेदक निजकी आमा कृष्णकुमारी महर्जनको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी बिपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुरको नाममा परमादेसको आदेश जारी हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरी लगत कट्टागरी मिसिल नियमानुसार अभिलेखशाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः- मदन पराजुली

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत २०७६ साल फागुन महिना २१ गते रोज ४ शुभम् ------------------------------------------------ ।

# ४६ आकाश गुप्ता विरुद्ध डिनको कार्यालय, त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७७ साल चैत्र महिना ३ गते, अंक २ र ३, नि.नं. १०६५२, पृ. ३४७

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**आदेश**
**०७५-WO-०२६२**

**मुद्दा : उत्प्रेषण ।**

जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ बस्ने लालजी साहको छोरा आकाश गुप्ता ...............................१ निवेदक

**विरुद्ध**

डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत ........................१ विपक्षी

- **नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेस गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावनासमेत विपरीत हुन जाने ।**

**(प्रकरण नं. ३)**

**निवेदकका तर्फबाट** : विद्वान् अधिवक्ताहरु श्री शैलेन्द्रप्रसाद हरिजन र श्री राजेन्द्र खनाल

**विपक्षीका तर्फबाट** : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी

**अवलम्बित नजिर** :

**सम्बद्ध कानून** :

- नेपालको संविधान

**आदेश**

**न्या.हरिप्रसाद फुयाल** : नेपालको संविधानको धारा ४६ एवं धारा १३३ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त विवरण यस प्रकार छः-

**रिट निवेदनको बेहोरा**

म निवेदक जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ मा जन्म भई हाल १९ वर्ष पुगेका शिक्षित नेपाली नागरिक हुँ । म निवेदकको बुबा लालजी साहले जन्मको आधारमा धनुषा जिल्लाबाट नेपाली नागरिकता (ना.प्र.नं.१७३०९०-४८) प्राप्त गर्नु भएको छ भने आमा रिता देवी साहले वैवाहिक अङ्गीकृत नेपाली नागरिकता (ना.प्र.नं. १७१०९०-२०) प्राप्त गर्नु भएको छ । मेरो आमा र बुबा दुवै नेपाली नागरिक हुनुहन्छ । त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा इन्जिनियरिङ विषय अध्ययनको लागि शैक्षिक वर्ष ०७५/०७६ को स्नातक बी.ई. आर्क तहको विद्यार्थी भर्नाका लागि सञ्चालन गरिने प्रवेश परीक्षासम्बन्धी सूचनामा प्रवेश परीक्षाको फाराम भर्नका लागि कक्षा १२ को प्रवेश पत्र वा नागरिकताको प्रमाण पत्र पेस गर्नुपर्ने थियो । मैले नागरिकता नभएकोले कक्षा १२ को प्रवेश पत्र पेस गरेको थिएँ । मैले त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा इन्जिनियरिङ विषय अध्ययनको लागि प्रवेश परीक्षाको आवेदन दिई उत्तीर्ण भएकोले म भर्ना हुन जाँदा अनिवार्य नागरिकता पेस गर्नुपर्ने भनी नागरिकता बिना भर्ना नलिने भनी पुल्चोक क्याम्पसले मौखिक आदेश गरेको र मिति २०७५।५।२० मा बि.ई./बि.आर्क. तहमा भर्नाका लागि दोस्रो सूची प्रकाशन गरिएको भन्ने सूचनाअनुसार भर्नाको लागि थापाथली क्याम्पसमा मेरो नाम उल्लेख भएर आएकोले संस्थानको सूचनाअनुसार भर्ना हुन जाँदा त्यहाँ पनि नागरिकता अनिवार्य रूपमा चाहिने भनी क्याम्पस प्रशासनले भन्यो । डिनको मौखिक आदेश छ, उहाँको अनुमति बिना तपाईँको नागरिकता नभएकोले भर्ना लिन नमिल्ने भन्दै थापाथली क्याम्पस प्रशासनले मेरो भर्ना गर्न नमानेकाले म पढ्नबाट वञ्चित हुन पुगेको छु ।

मेरो जन्म नेपालमै भएको र निरन्तर रूपमा बसोबास गर्दै आएको भन्ने बेहोराको स्थानीय निकाय (वडा कार्यालय) र जिल्ला प्रशासन कार्यालय, धनुषाले दिएको सिफारिस पेस गरी क्याम्पसमा भर्ना हुन जाँदासमेत भर्ना फाराम स्वीकृत नगरी नागरिकता नै अनिवार्य रूपमा माग गरी मलाई गैरकानूनी तरिकाले भर्ना हुनबाट वञ्चित गरिएबाट र जिल्ला प्रशासन कार्यालय, धनुषाले नागरिकता बनाउन कानूनी अड्चन देखाई आलटाल गरेबाट मेरो संविधान प्रदत्त मौलिक हकमा आघात पुग्नुका साथै कानूनबमोजिम नागरिकता प्राप्त गर्ने जन्मसिद्ध अधिकारमा समेत आघात पुगेको हुँदा सुनुवाइमा अग्राधिकार दिई नेपालको संविधान, प्रचलित कानून एवं सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतको आधारमा विपक्षीहरूका नाममा अन्तरिम आदेशसहित निम्नलिखित आदेश जारी गरिपाऊँ ।

क. नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउन योग्य सक्षम नेपाली नागरिक रहेकोले त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भन्ने स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७५।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" भनी उल्लिखित प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७५।५।४ को सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७५।५।२० गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु, गराउनु भनी अन्तरिम आदेशसहित विपक्षी नं. १, २, ३ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेश जारी गरिपाऊँ ।

ख. नेपालको संविधानको धारा ११ उपधारा (१), (२) र (३) बमोजिम म नागरिकता पाउन सक्षम नेपाली नागरिक रहेकोले नेपालको संविधानको धारा ११ को उपधारा (३) बमोजिम तत्काल नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नु, गराउनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्ने बेहोराको निवेदक आकाश गुप्ताको निवेदनपत्र ।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिम आदेश जारी गर्नु नपर्ने कुनै आधार, प्रमाण र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नुहोला भनी विपक्षी नं.४ र ५ लाई तथा आ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नुहोला भनी विपक्षी नं.१, २, ३, ६ लाई यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू । अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गरी हेर्दा निवेदक आकाश गुप्ताका बाबु लालजी साह र आमा रीतादेवी साह नेपाली नागरिक रहेको मिसिल संलग्न निजहरूको नागरिकताको प्रतिलिपिबाट देखियो । निवेदक नेपाली नागरिकको सन्तान रहेको देखिएको अवस्थामा हाल नागरिकताको प्रमाण-पत्र पेस गर्न नसकेको भन्ने प्राविधिक कारणले मात्र निवेदकले चाहेको विषयमा पढ्न नपाउँदा नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गतको शिक्षासम्बन्धी हकबाट वञ्चित हुन गई निवेदकलाई अपूरणीय क्षति हुने देखिएकाले निवेदकले इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिनुहोला भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।५।२४ मा भएको आदेश ।

**नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ**

यस मन्त्रालयको के कुन आदेश वा निर्णयले रिट निवेदकको हक अधिकारमा हनन हुन गएको हो ? भन्ने कुरा निवेदनमा खुल्न सकेको छैन । संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न प्रत्यर्थी मन्त्रालय सदा प्रतिबद्ध छ । कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिँदै आएको छ । निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नेपालको नागरिक वञ्चित हुनु नपर्ने गरी यस मन्त्रालयले संविधान एवं कानून तथा सम्मानित अदालतबाट भएको आदेश तथा तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम, कारबाही सञ्चालन गरिरहेको छ । तसर्थ, यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी नेपाल सरकार,

गृह मन्त्रालयको तर्फबाट सचिव प्रेमकुमार राईको लिखित जवाफ ।

**त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानको लिखित जवाफ**

त्रिभुवन विश्वविद्यालय स्वायत्त संस्था भएकोले यस संस्थाअन्तर्गतका क्याम्पसहरूमा भर्नाका लागि आवश्यक पर्ने शैक्षिक योग्यता निर्धारण गर्ने अधिकार विश्वविद्यालयलाई छ । यस अध्ययन संस्थानअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा बि.ई / बि.आर्क विषयमा भर्नाका लागि सूचना प्रकाशित गर्दा भर्ना हुँदा अन्य योग्यताका शैक्षिक प्रमाण पत्रको अलावा नागरिकताको प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुपर्ने भनी उल्लेख गरिएको थियो । १०+२ अध्ययन गरेका विद्यार्थीहरूबाट भर्नाका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेस गर्ने भनी निर्णय गर्नु र माग गर्नु कुनै ऐन नियमविपरीत हुन सक्दैन । निजले नागरिकता प्राप्त गर्न नसक्नु यस संस्थानसँग सम्बन्धित विषय होइन । सम्मानित अदालतबाट अन्तरिम आदेश भएपश्चात् नागरिकताको कारणले निवेदकलाई भर्ना गर्न नरोकिएको र भर्ना भइसकेपछि नियमित प्रक्रियामा जाने भएकोले यस अध्ययन संस्थान र यसअन्तर्गतका क्याम्पसहरूको हकमा कुनै आदेश जारी गर्न मिल्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकका डिन त्रिरत्न बज्राचार्यको लिखित जवाफ ।

**जिल्ला प्रशासन कार्यालय धनुषाको लिखित जवाफ**

प्रस्तुत रिट निवेदनमा जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं.५ बस्ने लालजी साहको छोरा आकाश गुप्ताले रिट निवेदनमा उल्लेख गरेको बेहोरामा निवेदकको बुबा लालजी साहले जन्मको आधारमा नेपाली नागरिकता (ना.प्र.नं.१७३०९०-४८) प्राप्त गर्नु भएको र आमा रिता देवीले वैवाहिक अङ्गीकृत नेपाली नागरिकता (ना.प्र.नं.१७१० ९०-२०) प्राप्त गरेकोमा निज रिट निवेदकलाई नागरिकता प्रदान गर्न इन्कार गरेको भनी रिट निवेदनमा उल्लेख भएको देखिन्छ । नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) मिति २०७०।१२।१२ गतेदेखि निष्कृय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तरबाट मिति २०७०।१२।११ मा निर्णय भएकोले उक्त निर्णयअनुसार अनुरोध छ भनी गृह मन्त्रालयको च.नं.४९१ मिति २०७०।१२।२० को परिपत्र प्राप्त हुन आएकोले सो परिपत्र प्राप्त भएदेखि २०६३ सालदेखि जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई यस कार्यालयबाट नागरिकता जारी नगरिएको हो । साथै सो सम्बन्धमा मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एवं संशोधनका लागि मस्यौदा तयार भई संसद्मा पेस गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको अवस्था छ । यसलाई छिट्टै संसद्मा पठाउने प्रयत्न भइरहेको र संसद्बाट संशोधन विधेयक पारित भई ऐन बनेपश्चात् संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने बेहोरा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।४।२० को निर्णयानुसार अनुरोध छ भनी गृह मन्त्रालय नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको च.नं.१२६ मिति २०७५।४।२० को परिपत्र प्राप्त हुन आएकोले उक्त परिपत्रअनुसार यस कार्यालयबाट जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता जारी नगरिएको हो भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, धनुषाको तर्फबाट प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालको लिखित जवाफ ।

**आदेश खण्ड**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री शैलेन्द्रप्रसाद हरिजन र श्री राजेन्द्र खनालले निवेदकको बुबा लालजी साह जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र आमा रीतादेवीले अङ्गीकृत नागरिकता प्राप्त गरेको हुँदा दुवैजना नेपाली नागरिकता प्राप्त नेपाली नागरिक हुन् । बाबु वा आमामध्ये एकजना पनि नेपालको नागरिक रहेको वा बाबु र आमामध्ये बाबुले जन्मको आधारमा र आमाले अङ्गीकृत नागरिकता प्राप्त गरेकोमा त्यस्तो नागरिकको सन्तानलाई संविधानको धारा ११(१), (२), (३) बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्न संविधानले कुनै बन्देज नगरेकोमा कानून नभएको भन्ने आधारमा नागरिकताबाट वञ्चित गरिनु न्यायोचित हुँदैन । निवेदक नेपाली नागरिकता पाउन योग्य रहेकोले निजलाई नागरिकता प्रदान गर्न परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ । साथै हाल नागरिकताप्राप्त गरी नसकेको नेपाली नागरिक निवेदकले अध्ययन गर्न पाउने शिक्षासम्बन्धी मौलिक हकबाट नै वञ्चित हुने अवस्था सिर्जना हुने गरी पुल्चोक इन्जिनियरिङ क्याम्पसले भर्नाको लागि नागरिकता अनिवार्य हुने भनी जारी गरेको मिति २०७५।५।४ को सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले नेपालको संविधान

र प्रचलित कानूनबमोजिम नागरिकता प्राप्त गर्न योग्य सबै नागरिकले नागरिकता पाइरहेको अवस्था छ । यी निवेदकले पनि प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरेको अवस्थामा नेपाली नागरिकता प्राप्त गर्ने नै हुँदा परमादेश जारी हुनुपर्ने होइन भनी बहस गर्नुभयो ।

अब निवेदन मागबमोजिमको उत्प्रेषणसमेतको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदक नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउनसक्षम नेपाली नागरिक रहेकोले नेपाली नागरिकताको प्रमाण पत्र दिनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा परमादेशको आदेश जारी गरिपाउँ र त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भन्ने स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" भनी उल्लिखित प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७५।५।२० गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु गराउनु भनी अन्तरिम आदेशसहित विपक्षी नं. १, २, ३ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने बेहोराको निवेदन रहेकोमा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानसमेतको तर्फबाट १०+२ अध्ययन गरेका विद्यार्थीहरूबाट भर्नाका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेस गर्ने भनी निर्णय गर्नु र माग गर्नु कुनै ऐन नियमविपरीत हुन सक्दैन । निजले नागरिकता प्राप्त गर्न नसक्नु यस संस्थानसँग सम्बन्धित विषय होइन भन्ने बेहोराको लिखित जवाफ परेको देखियो । त्यसैगरी निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन भनी गृह मन्त्रालयको लिखित जवाफ देखिन्छ भने जिल्ला प्रशासन कार्यालय, धनुषाको लिखित जवाफ हेर्दा गृह मन्त्रालयको परिपत्रअनुसार यस कार्यालयबाट जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता जारी नगरिएको हो भन्ने बेहोरा उल्लेख भएको देखियो ।

३. सर्वप्रथम नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नेपाली नागरिकता पाउन सक्षम नेपाली नागरिक रहेकोले त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भन्ने स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" भनी उल्लिखित प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७५।५।२० गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु गराउनु भनी अन्तरिम आदेशसहित विपक्षी नं. १, २, ३ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको पहिलो मागतर्फ विचार गर्दा, यी निवेदकले त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकले शैक्षिक वर्ष २०७५/७६ का लागि स्नातक (बि.ई/बी.आर्क) तहका लागि सञ्चालित प्रवेश परीक्षामा सामेल भई उक्त परीक्षामा उत्तिर्ण भएको मिसिल संलग्न प्रमाणित प्रतिलिपिबाट देखिन्छ । उक्त प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूको भर्नाको लागि पेस गर्नुपर्ने कागजात तथा शुल्क सम्बन्धमा प्रकाशित सूचनाको क्र.सं. ७ को खण्ड (ङ) मा "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" भनी उल्लेख भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकसमेतको लिखित जवाफमा १०+२ अध्ययन गरेका विद्यार्थीहरूबाट स्नातक तहमा भर्नाका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेस गर्ने भनी निर्णय गर्नु र माग गर्नु कुनै ऐन नियमविपरीत हुन सक्दैन भनी उल्लेख गरेबाट भर्नाको लागि नेपाली नागरिकता हुनुपर्ने अनिवार्य गरिएको भन्ने देखिन आयो । त्रिभुवन विश्वविद्यालय एक स्वायत्त शैक्षिक संस्था भएकोले आफ्नो संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीहरूको भर्नाका लागि के कस्तो कागजात आवश्यक पर्ने हो सो कुराको निर्धारण स्वयं विश्वविद्यालयले निर्धारण गर्ने विषय हुन् । तदनुरूप भर्नाका लागि आवश्यक पर्ने अन्य कागजातको

अतिरिक्त नागरिकताका प्रमाणपत्रसमेत पेस गर्नुपर्ने भनी गरिएको सूचना नेपालको संविधान तथा प्रचलित कुनै कानूनविपरीत भएको मान्न मिल्ने देखिएन । तथापि यी निवेदकको निवेदन मागका सन्दर्भमा हेर्दा यी निवेदकका बाबु लालजी साहले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट ना.प्र.नं.१७३०९०-४८ को जन्मको आधारमा र आमा रितादेवी साहले ना.प्र.नं. १७१० ९०-२० को अङ्गीकृत नागरिकता प्राप्त गरी दुवैजना नेपाली नागरिक रहेको देखिन्छ । नेपालको संविधानको धारा ११ को उपधारा ३ मा "यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ" भन्ने उल्लेख भएको पाइन्छ । उक्त संवैधानिक व्यवस्थाअनुसार यी निवेदक नेपाली नागरिकता प्राप्तिको लागि योग्य नेपाली नागरिक रहेको देखिन्छ । स्थानीय पञ्जिकाधिकारीको कार्यालय, क्षिरेश्वरनाथ नगरपालिका धनुषाबाट मिति २०५३।११।१७ मा प्रमाणित जन्मदर्ताको प्रमाणपत्र हेर्दा बाबु लालजी साह र आमा रितादेवीको छोरा यी निवेदक आकास गुप्ता भएको र निजको जन्ममिति २०५५।१०।२७ मा भएको भनी उल्लेख भएको पाइन्छ । निजको जन्म नेपालमा नै भएको र निरन्तर रूपमा बसोबास गर्दै आएको भन्ने बेहोराको क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ वडा कार्यालयबाट मिति २०७५।५।३ मा र जिल्ला प्रशासन कार्यालय, धनुषाले मिति २०७५।५।७ मा सिफारिससमेत गरेको मिसिल संलग्न सोको छायाँप्रतिबाट देखिन्छ । हाल कानून नबनेको हुँदा र गृह मन्त्रालयको परिपत्रबमोजिम नागरिकता प्रदान गर्न नसकिएको भन्ने जिल्ला प्रशासन कार्यालय, धनुषाको लिखित जवाफ रहेबाट यी निवेदकले हालसम्म नागरिकता प्राप्त गर्न सकेको देखिएन । यस अवस्थामा यी निवेदक नेपाली नागरिकता प्राप्तिको लागि योग्य भए तापनि नागरिकता प्राप्त गरी नसकेको कारणले मात्र स्नातक तहको उच्च शिक्षाको अध्ययनका लागि अनिवार्य रूपमा पेस गर्नुपर्ने नागरिकता पेस गर्न नसकेको देखियो । अतः नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेस गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावनासमेत विपरीत हुन जान्छ ।

४. पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" भन्ने प्रावधान उत्प्रेषणको आदेशले बदर गर्न गरेको मागतर्फ विचार गर्दा, विद्यार्थी भर्नाको लागि नेपाली नागरिकता पेस गर्नुपर्ने भन्ने प्रावधान रहेको पुल्चोक क्याम्पसको मिति २०७५/०५/०४ को सूचना नेपालको संविधान र प्रचलित कानूनविपरीतको भएको भनी पुष्टि हुने आधार कारण निवेदकले खुलाउन सकेको पाइँदैन । उक्त सूचनाले यी निवेदकलाई असर परेको हुँदासम्म प्रस्तुत निवेदनबाट सम्बोधन हुन जरूरी देखियो । यस अदालतबाट मिति २०७५।५।२४ मा अन्तरिम आदेश हुँदा निवेदकले इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी भएको मिसिलबाट देखिन्छ । उक्त आदेशानुसार यी निवेदक हाल भर्नासमेत भइसकेको भन्ने बहसका क्रममा इजलासलाई जानकारी हुन आयो । यस अवस्थामा पुल्चोक क्याम्पसको मिति २०७५।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि" भन्ने प्रावधान उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन मागको सम्बन्धमा यस अदालतबाट मिति २०७५।५।२४ मा भएको अन्तरिम आदेशबाट सम्बोधन भइसकेको देखिँदा त्यसतर्फ केही बोलिरहनु परेन ।

५. निवेदकको दोस्रो मागतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ११ उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउन सक्षम नेपाली नागरिक रहेकोले नेपालको संविधानको धारा ११ को उपधारा (३) बमोजिम तत्काल नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भनी निवेदन माग रहेकोमा सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, धनुषाको लिखित जवाफ हेर्दा, नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशका खण्ड (ग) बमोजिम मिति २०७०।१२।१२

गतेदेखि निष्क्रिय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तरबाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णयअनुसार अनुरोध छ भनी गृह मन्त्रालयको च.नं.४९१ मिति २०७०।१२।२० को परिपत्र प्राप्त हुन आएकोले परिपत्र प्राप्त भएदेखि २०६३ सालदेखि जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई यस कार्यालयबाट नागरिकता जारी नगरिएको हो । साथै सो सम्बन्धमा मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एवं संशोधनका लागि मस्यौदा तयार भई संसद्मा पेस गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको अवस्था छ । यसलाई छिट्टै संसद्मा पठाउने प्रयत्न भइरहेको र संसद्बाट संशोधन विधेयक पारित भई ऐन बनेपश्चात् सङ्घीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने बेहोरा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।४।२० को निर्णयानुसार अनुरोध छ भनी गृह मन्त्रालय नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको च.नं. १२६ मिति २०७५।४।२० को परिपत्र प्राप्त हुन आएकोले उक्त परिपत्रअनुसार यस कार्यालयबाट जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता जारी नगरिएको हो भन्ने बेहोरा उल्लेख गरी गृह मन्त्रालयबाट जारी परिपत्रको छायाँप्रतिसमेत मिसिल सामेल रहेको देखियो । सोतर्फ विचार गर्दा, यी निवेदकका बाबु लालजी साहले जिल्ला प्रशासन कार्यालय धनुषाबाट ना.प्र.नं.१७३०९०-४८ को जन्मको आधारमा र आमा रितादेवी साहले ना.प्र.नं. १७१०९०-२० को अङ्गीकृत नागरिकता प्राप्त गरी दुवैजना नेपाली नागरिक रहेको देखिन्छ । नेपालको संविधानको धारा ११ को उपधारा ३ मा "यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ" भन्ने उल्लेख भएको पाइन्छ । उक्त संवैधानिक व्यवस्थाअनुसार यी निवेदक नेपाली नागरिकता प्राप्तिको लागि योग्य नेपाली नागरिक रहेको नै देखिन्छ । स्थानीय पञ्जिकाधिकारीको कार्यालय, क्षिरेश्वरनाथ नगरपालिका, धनुषाबाट मिति २०५३।११।१७ मा प्रमाणित जन्मदर्ताको प्रमाणपत्र हेर्दा बाबु लालजी साह र आमा रितादेवीको छोरा यी निवेदक आकास गुप्ता भएको र निजको जन्ममिति २०५५।१०।२७ मा भएको भनी उल्लेख भएको पाइन्छ । निजको जन्म नेपालमै भएको र निरन्तर रूपमा बसोबास गर्दै आएको भन्ने बेहोराको क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ वडा कार्यालयबाट मिति २०७५।५।३ मा र जिल्ला प्रशासन कार्यालय, धनुषाले मिति २०७५।५।७ मा गरेको सिफारिससमेत मिसिल संलग्न सोको छायाँप्रतिबाट देखिन्छ भने यी निवेदकका दाजु आनन्दकुमार गुप्ताले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट मिति २०७०।१।२० मा ना.प्र.नं.१७०९०-१७०५ को वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको मिसिल संलग्न छायाँप्रतिबाट देखिन्छ । यसरी एउटै आमाबाबुबाट जन्मिएको दाजुले वंशजको आधारमा नागरिकता प्राप्त गरेकोमा यी निवेदकले पनि कानूनबमोजिमको प्रक्रिया पूरा गरेको अवस्थामा पनि नागरिकताबाट वञ्चित हुनु परेको अवस्था नेपालको संविधानको धारा १० को उपधारा १ मा उल्लिखित "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन" भन्ने संवैधानिक व्यवस्थाको विपरीत रहेको देखियो ।

६. अतः उपर्युक्त उल्लिखित आधार कारणबाट इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा यी रिट निवेदकलाई इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षी डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, ललितपुरको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । रिट निवेदक यस अदालतको अन्तरिम आदेशानुसार शैक्षिक वर्ष ०७५/०७६ को स्नातक बी.ई. आर्कमा भर्ना भइसकेको हुँदा सोतर्फ हाल केही गर्नु परेन । साथै यी निवेदक आकास गुप्ता नेपालको संविधानको धारा ११(३) बमोजिमको नेपाली नागरिकता पाउन योग्य नेपाली नागरिक रहेकोले संविधानको व्यवस्थाबमोजिम निवेदक आकास गुप्तालाई नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, धनुषाको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.दीपककुमार कार्की

इजलास अधिकृत : नवराज जोशी

इति संवत् २०७७ साल चैत्र ३ गते रोज ३ शुभम् ।

# ४७ शुष्मा कुमारी गुप्ता
विरूद्ध
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौँ

फैसला/आदेश मिति, प्रकाशन नं. २०७८ साल बैशाख ९ गते, अंक २ र ३, नि.नं. १०६५४, पृ. ३७०

**श्री सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**
**आदेश**
**०७४-WO-०९८१**

**मुद्दा : उत्प्रेषण ।**

विरेन्द्र प्रसाद गुप्ताको छोरी जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं. १९ बस्ने वर्ष २३ को शुष्मा कुमारी गुप्ता ........................................१
दिप्ती गुरूङको छोरी ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका वडा नं. ३ बस्ने वर्ष २३ की नेहा गुरूङ ........................................१
ऐ.को छोरी ऐ. ऐ. बस्ने वर्ष १८ की निकिता गुरूङ ........................................१
महिला कानून र विकास मञ्चको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत अधिवक्ता सुषमा गौतम- ........................................१
महिला कानून र विकास मञ्चको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत अधिवक्ता मीरा ढुङ्गाना ........................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........................................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बाँके, नेपालगञ्ज ........................................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, ललितपुर ........................................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बर्दिया ........................................१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, काठमाडौं ........................................१ विपक्षी

नेपालको संविधान, २०७२ को धारा ४६ र १३३ अनुसार दर्ता भई पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

१. **निवेदनको बेहोरा**

हामी निवेदकहरु नेपाली नागरिक भई नेपालको बिभिन्न प्रदेश र जिल्लामा बसोबास गर्ने स्थानीय वासिन्दा हौं । हामी निवेदक नं. १, २ र ३ प्रभावित व्यक्तिहरु हौं भने हामी निवेदक नं. ४ र ५ कानून व्यवसायीको हैसियतले र मानव अधिकारको क्षेत्रमा लामो समय देखी कार्य गर्दै आएका व्यक्तिहरु हौं । हामी निवेदकहरु व्यक्तिगत व्यवसायको साथसाथै विभिन्न पेशागत, सामाजिक तथा मानव अधिकारवादी संघसंस्थाहरूमा समेत आवद्ध रही कानूनको शासन, मानव अधिकार, सुशासन, वातावरणीय अधिकार समेतका सार्वजनिक सरोकारका विषयमा समेत वकालत गर्दै आइरहेका छौं । नेपालको संविधानको भाग २ धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन भनि व्यवस्था गरिएको पाइन्छ भने धारा ११ मा नेपालको नागरिकता प्राप्तीका आधारहरूको व्यवस्था गरिएको पाइन्छ । त्यसैगरि नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, ४, ५ र ६ मा नेपाली नागरिकता प्राप्तीका आधारहरूको व्यवस्था गरिएको पाइन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३, ४, ५ र ७ मा नेपालको नागरिकता जारी गर्ने बिषयमा कार्यबिधी सम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरि नेपाल सरकारले जारी गरेको नागरिकताको प्रमाण पत्र बितरण कार्यबिधि २०६३ मा समेत नेपाली नागरिकता

बितरण सम्बन्धी कार्यबिधि निर्धारण गरिएको पाईन्छ । उपरोक्त संबैधानिक, कानुनी तथा कार्यविधिगत व्यवस्था अनुसार नेपाली नागरिकता प्राप्त गर्ने अधिकार सबै नेपाली नागरिकमा रहेको कुरामा कुनै बिवाद हुन सक्दैन । त्यस्ता संबैधानिक तथा कानुनी अधिकार आम नेपाली नागरिक सेवाग्राहीले सहज र सर्वसुलभ ढंगबाट उपभोग गर्न पाउने हक सम्वन्धी विषय र विवाद सार्वजनिक हित र सरोकारको विषय भएको र सो विषयमा हामी निवेदकको सार्थक सम्बन्ध रहेकोले नेपालको संविधानको धारा १३३ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको १० नं. बमोजिम विपक्षीहरूका उपर प्रस्तुत रिट दायर गर्न हामी निवेदकको हकदैया रहेको छ ।

हामी निबेदक नं. १, २ र ३ सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतहरूबाट भएको आदेशानुसार नेपालको नागरिकता प्राप्त गरेका नेपाली नागरिक हौं । सम्मानित अदालतहरूबाट हामी निवेदकहरूका साथै यस रिट निवेदनको संलग्न कागजातहरूको प्रकरणमा उल्लिखित नागरिकता प्रमाणपत्रधारी व्यक्तिहरु समेतको हकमा बिपक्षी निकायहरूको नाउँमा बिभिन्न फरक फरक मुद्दामा फरक फरक मितिमा भएको उत्प्रेषण परमादेश समेतको फैसला आदेशानुसार नागरिकता प्राप्त गरेका हौं । नागरिकता प्रमाणपत्र प्राप्तिका लागि कानून बमोजिमको प्रकृया अनुसार सम्पूर्ण कागजात संलग्न गरि नागरिकता प्रमाणपत्र प्राप्तिका लागि विपक्षी निकायहरूमा जाँदा बिपक्षी निकायहरूबाट हामीहरूलाई नेपाली नागरिकता दिन इन्कार गरेको कारण अदालतको शरणमा आई अदालतबाट आदेश भएपछि नेपाली नागरिकता प्राप्त गरेका हौं ।

हामी निवेदक नं. १, २ र ३ तथा यस रिट निवेदनको संलग्न कागजातहरूको प्रकरणमा संलग्न नागरिकता प्रमाणपत्रधारी व्यक्तिहरूले नेपालको बिभिन्न जिल्ला प्रशासन कार्यालयहरूबाट अदालतको आदेशानुसार बंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेका छौं । बंशजको आधारमा नेपाली नागरिकता जारी गर्ने क्षेत्राधिकार नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको रहन्छ । तदअनुरूप जारी गर्ने नेपाली नागरिकताको तोकिएको ढाँचाको प्रमाणपत्रमा जिल्ला प्रशासन कार्यालयलाई कैफियत वा टिप्पणी लेख्ने अधिकार नेपालको संविधान तथा नागरिकता सम्बन्धि कुनै पनि प्रचलित कानुनले प्रदान गरेको पाईदैन । तर पनि नेपालको संविधान र नेपाल नागरिकता ऐन, २०६३ बमोजिम हामीहरूको नाउँमा जारी गरिएका नागरिकता प्रमाणपत्रहरूमा विपक्षी जिल्ला प्रशासन कार्यालयहरूबाट उक्त नेपाली नागरिकता प्रमाणपत्रहरूमा कैफियत टिप्पणी जनाई केहिमा फलानो अदालतबाट फलानो मुद्दामा भएको फलानो मितिको आदेश अनुसार जारी भन्ने उल्लेख गरि तथा केहिमा मिति जनाई प्र.जि.अ./स.प्र.जि.अ. को निर्णयानुसार जारी भनि नागरिकता प्रमाणपत्रमा थप टिप्पणी तथा कैफियत जनाई नागरिकता प्रमाण पत्र जारी गरिएको छ ।

नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वन्चित गरिने छैन भनी नागरिकता पाउने प्रत्येक नागरिकको हकलाई संवैधानिक रूपमा संरक्षण गरेको छ भने धारा ११ र १२ मा नेपाली नागरिकता प्राप्त गर्ने आधार र मापदण्ड उल्लेख गरिएको छ ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा २ (क) मा १६ वर्ष उमेर पूरा भएको व्यक्तिले नेपाली नागरिकता प्राप्त गर्न सक्ने ब्यवस्था छ । सो ऐनको दफा ३ मा बंशजको नाताले नेपाली नागरिकता पाउन सक्ने आधार, दफा ४ मा जन्मको आधारमा र अंगीकृत नेपाली नागरिकता पाउन सक्ने आधार र अवस्थाको कानूनी व्यवस्था गरिएको छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ मा नेपाली नागरिकता प्राप्तिको लागि अवलम्वन गर्नुपर्ने प्रकृया र संलग्न गर्नुपर्ने कागजातहरु सम्वन्धी व्यवस्था गरिएको छ । सोही ऐनको दफा ९ मा नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार विपक्षी निकाय/कार्यालयहरूलाई प्रदान गरिएको छ ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ८ (७) मा नागरिकता जारी गर्ने नागरिकता कस्तो ढाँचामा जारी गर्ने भन्ने ब्यवस्था गरेको छ । जस अनुसार अनुसूचि २ मा जिल्ला प्रशासन कार्यालयहरूबाट जारी गरिने जन्म वा वंशजको नेपाली नागरिकता प्रमाणपत्रको ढाँचा र अनुसूचि ८ मा गृह मन्त्रालयबाट जारी गरिने अंगीकृत नेपाली नागरिकता प्रमाणपत्रको ढाँचा तोकिएको छ । विपक्षी निकायहरूबाट नागरिकता प्रमाणपत्र जारी गर्दा नियमावलीले तोकेको सोहि ढाँचामा जारी गर्नुपर्ने कुरा निर्विवाद छ ।

गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूलाई संवोधन गरि जारी गरेको च.नं. १९१ प.सं. ०६६/०६७ को मिति २०६६।८।७ को "नागरिकता प्रमाणपत्रमा अन्य संकेत राख्न नहुने सम्बन्धमा" बिषयको परिपत्रमा समेत राष्ट्रिय पहिचानको रूपमा रहेको नागरिकता प्रमाणपत्रमा उल्लेख गरिएका विवरण बाहेक थप विवरणहरू उक्त नागरिकता प्रमाणपत्रमा उल्लेख नगर्न नगराउन स्पष्ट निर्देशन भएको छ । उल्लेखित परिपत्रको निर्देशनका वावजुद विपक्षी कार्यालयहरूले थप विवरण उल्लेख गरि नागरिकता जारी गर्नुले विपक्षी गृह मन्त्रालयको परिपत्र अनुसार कार्य नगरेको प्रष्ट छ ।

नेपालको संविधानको भाग २ धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ भने धारा ११ मा नेपालको नागरिकता प्राप्तीका आधारहरूको व्यवस्था गरिएको पाइन्छ । त्यसैगरि नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, ४, ५ र ६ मा नेपाली नागरिकता प्राप्त आधारहरूको व्यवस्था गरिएको पाइन्छ र नेपाल नागरिकता नियमावली २०६३ को नियम ३, ४, ५ र ७ मा नेपालको नागरिकता जारी गर्ने बिषयमा कार्यबिधी सम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरि नेपाल सरकार, गृह मन्त्रालयले जारी गरेको नागरिकता प्रमाण पत्र बितरण कार्यबिधि निर्देशिका, २०६३ मा समेत नेपाली नागरिकता बितरणसम्बन्धी कार्यबिधि निर्धारण गरिएको छ । नेपाली नागरिकता जारी गर्दा नागरिकता प्रमाणपत्रमा अतिरिक्त कैफियत वा टिप्पणी उल्लेख गर्ने अधिकार कुनै पनि बिपक्षीहरूलाई नभएको र त्यसरी नागरिकता प्रमाणपत्रमा कैफियत टिप्पणी उल्लेख गर्दा नागरिकताको किसिम नै फरक हो कि भन्ने देखिने साथै राष्ट्रिय पहिचानको दस्तावेजको रूपमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको एकरूपता तथा विदेशी मुलुकको भ्रमणमा जाँदा नेपाली पहिचान पत्रको रूपमा प्रस्तुत गर्नुपर्ने उक्त प्रमाणपत्रको आधिकारीकता माथि नै शंका उत्पन्न हुन सक्ने हुन्छ ।

नेपाली नागरिकता नेपालको संविधान तथा नेपाल नागरिकता ऐन,२०६३ बमोजिम जारी गरिने बिषय हो । अदालतबाट सो कानुन बमोजिम नेपाली नागरिकता प्राप्त गर्ने अधिकार भएको नेपाली नागरिकलाई नेपालको नागरिकता नेपालको प्रचलित कानुन अनुसार प्रदान गर्नु भनि आदेश भएको हो । अदालतको आदेशानुसार नागरिकता जारी हुने नभई नेपालको प्रचलित कानुन बमोजिम नै नेपाली नागरिकता जारी गरि प्रदान गर्नु पर्ने हुन्छ । हामीहरूले सम्मानित अदालतमा दायर गरेको मुद्दामा पनि सम्मानित अदालतबाट नेपालको प्रचलित कानुन अनुसार हामीले नेपाली नागरिकता प्राप्त गर्ने अधिकार हुँदा हुदै पनि हामीलाई नेपाली नागरिकता प्रदान नगरेको भन्ने आधारबाट बिपक्षीहरूको नाउँमा परमादेश समेतको आदेश जारी भएको हो । तसर्थ निम्न बमोजिम आदेश जारी गरि पाउँ ।

विपक्षी जिल्ला प्रशासन कार्यालयहरूबाट उपरोक्त प्रकरणहरूमा उल्लेख गरिए बमोजिम हामी निवेदक नं. १, २ र ३, का साथै रिट निवेदनको प्रकरण नं. ६ को संलग्न कागजातहरूको शिर्षकमा उल्लेखित गरिएका नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिहरु र हामीहरु जस्तै सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतको आदेश पश्चात नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका अन्य व्यक्तिहरूको नेपाली नागरिकता प्रमाण पत्रमा उल्लेख भएको थप कैफियत टिप्पणी उत्प्रेषणको आदेशद्वारा बदर गरि हामी निवेदक लगायतका व्यक्तिहरूको साथमा भएको नागरिकता प्रमाणपत्रबाट उक्त थप कैफियत टिप्पणी हटाई पाउँ ।

अब उप्रान्त सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतहरूबाट उत्प्रेषण तथा परमादेश लगायतका रिट निवेदनहरूमा जारी भएको आदेशानुसार जारी गरिने नेपाली नागरिकताको प्रमाण पत्रमा कुनै पनि किसिमको थप कैफियत टिप्पणी नलेख्नु लेख्न नलगाउनु भनी सबै ७७ वटै जिल्लाका जिल्ला/ईलाका प्रशासन कार्यालयहरूका नाममा परिपत्र समेत जारी गर्न भनि विपक्षिहरूको नाममा परमादेशको आदेश जारी गरि पाऊँ ।

प्रस्तुत बिषय राष्ट्रियतासँग सम्बन्धित अत्यन्तै संवेदनशिल सार्वजनिक सरोकारको विषयको मुद्दा भएको र यथासिघ्र निर्णयमा पुग्नु पर्ने भएको हुनाले प्रस्तुत रिट निवेदनलाई पेशी प्राथमिकता अग्राधिकारमा राखी सुनुवाई गरी पाउँ भन्ने समेत बेहोराको निवेदन पत्र ।

२. **कारण देखाउ आदेश**

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र

विपक्षीहरूको नाउँमा महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने बेहोराको मिति २०७५।३।२२ मा यस अदालतबाट भएको आदेश ।

३. **नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफः–**

संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्वर्द्धन गर्न प्रत्यर्थी मन्त्रालय सदा प्रतिवद्ध छ । कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिदै आएको छ । निवेदकको दावी बमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनु नपर्ने गरी प्रत्यर्थी मन्त्रालयले संविधान एवं कानून तथा सम्मानीत अदालतबाट भएको आदेश तथा तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानून बमोजिमको प्रकृया अपनाई आफ्ना काम, कारवाही संचालन गरिरहेको छ । यस मन्त्रालयले आफू एवं मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लंघन हुने गरी कुनै कार्य गरेको छैन । सम्मानीत अदालतबाट भएको आदेश तथा फैसलालाई कार्यान्वयन गरी नेपाली नागरिकको प्रमाणपत्र प्रदान गरिँदै आएको विषय हो । तसर्थ, नेपाल सरकारबाट वितरण गरिएको राष्ट्रिय पहिचानको दस्तावेजको रूपमा रहेको नागरिकताको आधिकारिकतामा प्रश्न चिन्ह उठ्न सक्ने अनुमानको आधारमा दायर भएको रिट निवेदनको औचित्य नभएको हुँदा मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाँउ भन्ने बेहोराको विपक्षी नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट सचिव प्रेम कुमार राईको लिखित जवाफ ।

४. **जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफः–**

निवेदकले यस कार्यालयलाई विपक्षी कायम गर्दा यस कार्यालयबाट जारी हुने नेपाली नागरिकताको प्रमाणपत्रमा ऐन, कानुन, परिपत्र विपरित कैफियत टिप्पणी जनाई जारी गरिने गरिएको भन्ने देखिन्छ । यस कार्यालयबाट जारी गरिने नेपाली नागरिकताको प्रमाणपत्रमा ऐन, नियमावलीमा प्रष्ट ब्यवस्था भएको बाहेक अन्यको हकमा जारी गर्ने अधिकारी भन्दा एक तह माथिका अधिकारीबाट निर्णय भए अनुसारको थप बिवरण राखी जारी गर्ने गरिएको छ । उक्त प्रकृया अनुसार जारी नागरिकताबाट रिट निवेदकहरूले दावी गरे अनुसार आधिकारिकता माथि नै शंका उत्पन्न हुनसक्ने कुनै अवस्था नरहने हुँदा प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेजभागी भएकोले खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यको लिखित जवाफ ।

५. **जिल्ला प्रशासन कार्यालय बर्दियाको लिखित जवाफः–**

निवेदक मध्येकी श्वेता श्रीवास्वतले बंशजको आधारमा नेपाली नागरकिता माग गरेकीमा निजको वावु नेपाली नागरिक भएको पुष्टि हुने प्रमाण नभएको र आमा, दिदी दाजुहरूको नागरिकता जन्मको आधारका रहेको कुनै नागरिक जन्म हुँदाको वखत निजका वावु आमा नेपालको नागरिक रहेछन भने निजका सन्तान बंशजका नाताले नेपाली नागरिक हुनेछ भन्ने नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) व्यवस्था भएको । निवेदक श्वेता श्रीवास्तवको जन्म हुँदाको वखत निजका वावु / आमा 'नेपालको नागरिक नभएका र वावु वा आमा वा आ□ना बंश तर्फका तिन पुस्ता भित्रकाको नेपाली नागरिकता प्रमाण पत्र पेश गर्नु पर्ने भन्ने नेपाल नागरिकता नियमावली, २०६३ को दफा ३ मा व्यवस्था भए अनुरूपका कागज प्रमाण समेत पेश गर्न नसकेकाले निजलाई बंशजको आधारमा नागरिकता प्रदान नगरिएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०७४/६/२३ को फैसला बमोजिम निजलाई २०७५/१/२३ मा बंशजको नागरिकता प्रदान गरिएको हुँदा सोही व्यहोरा उल्लेख गरी नागरिकता प्रदान गरिएको हो । निज श्वेता श्रीवास्वतको मान मर्दनमा आघात पर्न जाने, कुनै व्यापर व्यवसाय रोजगारी गर्नमा कुनै असर पर्ने गरी कुनै टिप्पणी लेखिएको होईन लेखिने गरिएको पनि छैन । उक्त टिप्पणी लेखेकै आधारमा अन्य नेपाल नागरिकले पाउने सेवा सुविधा पाउनबाट बन्चित नहुने हुँदा विपक्षीहरूले यस कार्यालयलाई विपक्षी बनाई दिएको निवेदन खारेज भागी छ खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय बर्दिया गुलरियाका तर्फबाट प्रमुख

जिल्ला अधिकारी राम बहादुर कुरुम्वाङको लिखित जवाफ ।

६. **जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफः–**

पुरानो नागरिकता प्रमाण पत्रको कार्यालय अभिलेख फेला नपरेका व्यक्तीहरूलाई नयाँ प्रक्रिया द्वारा पुनः नागरिकता जारी गर्नु पर्ने व्यवस्था भएकाले त्यस्ता व्यक्तीहरूको साविक नागरिकता नम्बर, मिति, लाल पुर्जा लगायतका अन्य सरकारी कागजातहरूमा उल्लेख भएको हुँदा प्रचलित ऐन नियमले निर्दिष्ट गरेको नमूना बमोजिम प्रमाण पत्र जारी गरी त्यसमा लेखिएको कुनै विवरणमा फरक नपर्ने गरी नोटमा साविक नम्बर र मिति उल्लेख गरी दिने जस्ता कार्य मात्र गर्ने गरिएको छ । सो नखुलाई दिदा धेरै व्यक्तीहरूले दुःख व्यहोर्नु पर्ने हुन्छ । तसर्थ कानून विपरित कुनै काम कारवाही नगरिएकोले विपक्षी रिट निवेदको निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीको लिखित जवाफ ।

**यस अदालतको आदेश**

७. नियम बमोजिम दैनिक पेशीसूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री सुषमा गौतम, श्री मीरा ढुंगाना र श्री पुष्पा पौडेलले नागरिकताको प्रमाणपत्र राष्ट्रिय परिचयपत्र हो । नागरिकतामा के उल्लेख गर्ने,के नगर्ने र ढाँचा कस्तो हुने भन्ने कुरा नागरिकता ऐन,नियमावली र नागरिकता वितरण कार्यविधीमा प्रष्ट छ । गृह मन्त्रालयले मिति २०६६/८/७ मा नागरिकता प्रमाणपत्रमा अन्य संकेत राख्न नहुने भनी सबै जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा परिपत्र समेत गरेको छ । प्रचलित ऐन, नियमावलीले तोकेभन्दा फरक तथा उक्त परिपत्रको समेत विपरित हुने गरी विपक्षी जिल्ला प्रशासन कार्यालयहरूले आवश्यक नै नपर्ने थप विवरण उल्लेख गरी नागरिकता वितरण गर्दा राज्यले नागरिकमाथी भेद्भभाव गरेको र यसले व्यक्तिको आत्मसम्मानमा समेत प्रतिकुल असर परेको अवस्था छ । निवेदकहरु तथा समान अवस्थाको अन्य व्यक्तिहरूको नागरिकतामा कैफियत टिप्पणी उल्लेख प्रचलित कानून विपरित हुनुका साथै यसबाट समानताको हकको समेत उल्लंघन भएकाले निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो ।

८. विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेले रिट निवेदकहरूको नागरिकतामा कैफियत टिप्पणी उल्लेख गरी नागरिकता जारी गरिएकोमा सो बाट असर परेको भए सच्याउनका लागि सम्बन्धित निकायमा जानु पर्छ । त्यस्तो विवरण उल्लेख गर्दैमा निवेदकहरूको आत्मसम्मानमा असर पर्ने वा निजहरूको कुनै संवैधानिक र कानूनी हक अधिकारको उल्लंघन भएको वा यसबाट राज्यले निजहरूमाथी भेद्भभाव वा असमान ब्यबहार गरेको मान्न नमिल्ने भएकाले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो ।

९. यसमा, हामी निवेदकहरूले सर्वोच्च अदालत तथा विभिन्न उच्च अदालतको आदेश बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकोमा उक्त प्रमाणपत्र जारी गर्ने विभिन्न जिल्ला प्रशासन कार्यालयहरूले हामीहरूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा नागरिकता सम्बन्धी ऐन, नियम तथा कार्यविधिमा उल्लेख भएको विवरण र नागरिकता प्रमाणपत्रमा तोकिएको ढाँचा वाहेक अन्य संकेत राख्न नहुने भन्ने गृह मन्त्रालयबाट जारी परिपत्र समेतको विपरित सर्वोच्च अदालत तथा उच्च अदालतको फैसला बमोजिम भनी नागरिकताको प्रमाणपत्रमा टिप्पणी लेखिएको र यसबाट निवेदकहरूको समानताको हकको उल्लंघन भएको, आत्मसम्मानमा आघात पुगेको र राज्यबाट भेदभाव भएका कारण नागरिकताको प्रमाणपत्रमा लेखिएका उक्त टिप्पणीहरु उत्प्रेषणको आदेशले बदर गरी अब उप्रान्त कुनै किसिमको थप कैफियत टिप्पणी नलेख्नु,लेख्न नलगाउनु भनी ७७ वटै जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा परिपत्र जारी गर्नु भनी परमादेशको आदेश समेत जारी गरीपाउँ भन्ने ब्यहोराको निवेदन दावी तथा कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको आधारमा तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिदै आएको छ । ऐन, नियमावलीमा प्रष्ट ब्यवस्था भएको बाहेक अन्यको नेपाली नागरिकताको प्रमाणपत्रमा हकमा जारी गर्ने अधिकारी भन्दा एक तह माथिका अधिकारीबाट निर्णय भए अनुसारको थप बिवरण राखी जारी गर्ने गरिएको छ । यसबाट निवेदकको संविधान तथा

कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन भएको वा नागरिकतामा कैफियत टिप्पणी लेखेकै आधारमा अन्य नागरिकले पाउने सेवा सुविधा पाउनबाट निवेदकहरु बन्चित भएको वा निजहरूको आत्मसम्मानमा आघात पुगेको अवस्था नहुंदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको लिखित जवाफ जिकिर रहेको पाइन्छ ।

१०. उपर्युक्तानुसारको निवेदन दाबी तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत मुद्दामा दुवै पक्षबाट उपस्थित विद्वान अधिवक्ताहरूको तर्कपूर्ण वहस जिकिर समेत सुनी देहायको प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आयो;

क. यी निवेदिकाहरूमा प्रस्तुत रिट दायर गर्ने हकदैया छ छैन ?

ख. नेपाली नागरिकताको प्रमाणपत्रको ढाँचा र सो मा उल्लेख गर्नुपर्ने विवरणका सम्बन्धमा प्रचलित कानूनमा के कस्तो ब्यवस्था रहेको छ ?

ग. नागरिकताको प्रमाणपत्रमा उल्लेख गरिएको कैफियत टिप्पणीबाट त्यस्तो नागरिकता प्राप्त गर्ने व्यक्तिको कुनै हक अधिकार उल्लंघन हुन्छ हुँदैन ?

घ. निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो होइन?

११. अव पहिलो अर्थात यी निवेदिकाहरूमा प्रस्तुत रिट दायर गर्ने हकदैया छ छैन भन्ने प्रश्न तर्फ विचार गर्दा, निवेदिकाहरूमध्ये क्र.सं. १ देखि ३ सम्मका व्यक्तिहरु सर्वोच्च अदालत तथा विभिन्न पुनरावेदन तथा उच्च अदालतहरूबाट विभिन्न मितिमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भन्ने परमादेश भै प्रत्यर्थी जिल्ला प्रशासन कार्ययालयहरूबाट सो प्रमाणपत्र प्राप्त गरेको व्यक्ति रहेको देखियो । अन्य निवेदिकाहरु अधिवक्ता हुनुका साथै न्याय कानून र महिला हक हितका क्षेत्रमा कार्यरत संस्थामा आवद्द भै कार्य गरिरहेको भन्ने देखिन्छ । निवेदनमा उठाइएको विषयवस्तु सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकि अदालतमा मुद्दा दायर गरी अदालतको आदेशले नागरिकता प्राप्त गर्ने ठहरी सो बमोजिम नागरिकता प्राप्त गरेका व्यक्तिहरूको हक अधिकार र आत्मसम्मानसंग सम्बन्धित देखिएको र निवेदिकाहरु मध्ये केही स्वयं त्यसरी नागरिकता प्राप्त गरेका व्यक्तिहरु रहेका तथा अन्य निवेदिकाहरु पनि मानव अधिकार र लैङ्गिक न्यायको क्षेत्रमा कार्यरत रहेको भन्ने देखिन आएकाले निवेदनमा उठाइएको विषयवस्तुसंग यी निवेदिकाहरूको तात्विक सरोकार एवम् सार्थक सम्बन्ध रहेको देखियो । निवेदिकाहरूले अदालतको आदेश बमोजिम नागरिकता प्राप्त गरेका समग्र व्यक्तिहरूको हक हित र स्वार्थको विषय निवेदनमा उठाएको देखिंदा प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैया यी निवेदिकाहरूमा रहे भएकै देखियो । नागरिकताको प्रमाणपत्रमा उल्लेख गरिएको बेहोरा बदर गरिमाग्न सम्बन्धित नागरिकले रिट निवेदन दायर गर्नु पर्ने र यी निवेदिकाहरूको सो विषयमा रिट दायर गर्ने हकदैया नै नरहेको भन्ने विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ताको बहस जिकिरसंग सहमत हुन सकिएन ।

१२. अब दोश्रो अर्थात नेपाली नागरिकताको प्रमाणपत्रको ढाँचा सो मा उल्लेख गर्नुपर्ने विवरणका सम्बन्धमा प्रचलित कानूनमा के कस्तो ब्यवस्था रहेको छ भन्ने प्रश्नतर्फ विचार गर्दा यी निवेदिका र निवेदनमा उल्लेख गरिएका अन्य व्यक्तिहरु समेतले नेपालको संविधान एवम् प्रचलित कानून बमोजिम नेपालको नागरिक ठहरी नेपालको नागरिकता प्राप्त गर्ने हक स्थापित भै कानून बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथ्यमा विवाद छैन । निवेदन लेख तथा मिसिल संलग्न विभिन्न अदालतहरूको फैसलाको प्रतिलिपि एवम् नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा निवेदिकाहरु नेपालको संविधानको धारा ११(४)(५) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) (३) बमोजिम बंशजको आधारमा नागरिकता प्राप्त गरेको भन्ने देखिन्छ । नेपालको संविधानको धारा १२ मा यो संविधान बमोजिम बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने प्रावधान रहेको र नागरिकता सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने भन्ने देखिन आउंछ । नेपालको अन्तरिम संविधान, २०६३ मा समेत नागरिकताको प्रमाणपत्र वितरण समेतका विषयमा सोही प्रावधानसंग मिल्दोजुल्दो ब्यवस्था रहेको देखिन्छ ।

१३. नागरिकता सम्बन्धी अन्य ब्यवस्था नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३

मा भएको र गृह मन्त्रालयद्वारा जारी नागरिकताको प्रमाणपत्र वितरण सम्बन्धी कार्यविधि निर्देशिका, २०६३ ले नेपाली नागरिकताको प्रमाणपत्र वितरण सम्बन्धी कार्यविधि निर्धारण गरेको देखिन्छ । उक्त नियमावलीको नियम ८(१) मा बंशजको आधारमा नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई भएको देखिन्छ भने त्यस्तो नागरिकताको प्रमाणपत्रमा उल्लेख गर्नुपर्ने विवरण सोही नियमावलीको अनुसूची २ को ढाँचामा तोकेको देखियो । उक्त ढाँचा हेर्दा नागरिकताको प्रमाणपत्रको दोश्रो पृष्ठको अन्त्यमा कैफियत खण्डमा यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाईदिनुहोला भन्ने बेहोरा लेखिएको देखियो । नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ तथा नागरिकताको प्रमाणपत्र वितरण सम्बन्धी कार्यविधि निर्देशिका, २०६३ मा समेत नागरिकताको प्रमाणपत्र जारी गर्न पाउने अधिकारीले उक्त प्रमाणपत्रमा निर्धारित ढाँचामा उल्लेख भएको विवरण बाहेक आफूखुसी कुनै पनि अन्य विवरणहरु उल्लेख गर्न पाउने वा गर्न सक्ने भन्ने देखिएन । यस अतिरिक्त नेपाल सरकार, गृह मन्त्रालयले समेत मिति २०६६/८/७ मा प.सं. ०६६/६७ च.नं. १९१को परिपत्र गरी नागरिकताको प्रमाणपत्रको ढाँचामा उल्लेख गरेको विवरण बाहेक थप विवरण उल्लेख गर्न नहुने भनी नागरिकताको प्रमाणपत्रमा अन्य विवरण उल्लेख गर्न निषेध गरेको देखियो । यसप्रकार कानूनले नै नागरिकताको प्रमाणपत्रको ढाँचा तोकिदिएको र त्यस्तो ढाँचामा कुनै पनि विवरण थपघट गर्न पाउने वा सक्ने कानूनी ब्यवस्था नदेखिएको एवम् नागरिकताको प्रमाणपत्र जस्तो राष्ट्रिय परिचयपत्रको कानूनी हैसियतयुक्त लिखतमा तोकिएको ढाँचामा उल्लेख भएका विवरण बाहेक अन्य विवरण उल्लेख हुनु शोभनीय समेत नहुने हुंदा नेपाली नागरिकताको प्रमाणपत्रमा रहनुपर्ने भनी कानूनले निर्धारण गरेका विवरण बाहेक अन्य विवरण उल्लेख गर्न मिल्ने देखिएन ।

१४. अपितु, नेपाल नागरिकता ऐन, २०६३ को दफा १५ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम १३ मा नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने ब्यवस्था भएको र नियमावलीको अनुसूचीहरुमा समेत त्यसरी राख्ने अभिलेखको ढाँचा तोकिएको नदेखिंदा त्यसरी राख्ने अभिलेखमा नागरिकता प्रदान गर्ने सम्बन्धमा भएको अदालतको निर्णय सम्बन्धी विवरण लगायत अन्य आवश्यक विवरण राख्न भने बाधा देखिंदैन । नागरिकता सम्बन्धी विवरण दीर्घकालीन महत्वको र राष्ट्रिय रूपमा सम्वेदनशिल अभिलेख समेत भएकाले कार्यालयको अभिलेख पुस्तिकामा अदालतबाट भएको आदेश वमोजिम नागरिकताको प्रमाणपत्र जारी गरेको लगायत सो सम्बन्धी सम्पूर्ण विवरणहरु अभिलेखित गर्न आवश्यक र उपयुक्त देखियो ।

१५. अब तेश्रो अर्थात नागरिकताको प्रमाणपत्रमा उल्लेख गरिएको कैफियत टिप्पणीबाट त्यस्तो नागरिकता प्राप्त गर्ने व्यक्तिको कुनै हक अधिकार उल्लंघन हुन्छ हुंदैन भन्ने प्रश्नतर्फ विचार गर्दा रिट निवेदिका मध्येकी सुष्माकुमारी गुप्ता लगायतले बिभिन्न जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचामा थप कैफियत टिप्पणी समेत उल्लेख भएको तथ्यमा विवाद भएन । मिसिलसंलग्न यस्ता प्रकृतिका नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा शुष्माकुमारी गुप्ताको प्रमाणपत्रको पृष्ठभागको अन्त्यमा ***श्री उच्च अदालत तुल्सीपुर नेपालगंज इजलासको मिति २०७४/०७/२२ को परमादेश आदेश बमोजिम जारी भएको भनिएको यस्तै नेहा गुरूङ, निकिता गुरूङको नागरिकताको प्रमाणपत्रमा मिति २०७४/०८/१३ को प्र.जि.अ.स्तरीय निर्णयानुसार र सम्मानित सर्वोच्च अदालतको मिति २०७४/०२/०८ को फैसलानुसार जारी एवम् शान्ति नगरकोटी, भोला नगरकोटीको प्रमाणपत्रमा सर्वोच्च अदालतको मिति २०७०/१२/१० को परमादेशको आदेश र यस कार्यालय (जिल्ला प्रशासन कार्यालय काठमाडौं)को मिति २०७१/१०/०५ को निर्णयानुसार जारी*** भन्ने जस्ता नागरिकताको प्रमाणपत्रको ढाँचामा उल्लिखित व्यहोरा भन्दा फरक वाक्य राखी कैफियत लेखिएको देखिन्छ । नागरिकताको प्रमाणपत्रमा कानूनले तोकेको निर्धारित ढाँचा बाहेक अन्य कुरा उल्लेख गर्न नमिल्ने सम्बन्धमा माथिको प्रकरणमा विश्लेषण भैसकेको छ । यसबाट आफूहरु उपर विभेद भएको र आफ्नो पहिचान र आत्मसम्मानमा आघात पुगेको भन्ने निवेदिकाहरूको मुख्य जिकिर रहेको छ । सो सम्बन्धमा हेर्दा संविधान र कानून बमोजिम नागरिकता पाउन योग्य नेपाली नागरिकले कानूनले तोकेको ढाँचामा

नागरिकताको प्रमाणपत्र पाउनु सम्बन्धित नागरिकको संवैधानिक एवम् कानूनी अधिकार तथा बैधानिक अपेक्षा र आत्मसम्मानको विषय समेत हो । आत्मसम्मान वा व्यक्तिगत मर्यादाको सम्मानले व्यक्तिको व्यक्तित्व विकासमा टेवा पुर्याउनुका साथै कमजोर वर्गको सशक्तिकरणमा समेत भूमिका निर्वाह गरेको हुन्छ (Human dignity is to be treated as empowerment of people) । मानव अधिकारको दृष्टिले हेर्दा संयुक्त राष्ट्र संघको विधान (Charter of the United Nations) तथा मानव अधिकारको विश्वब्यापी घोषणापत्र (UN Declaration Human Rights, 1948) को मुख्य सार नै मानव मर्यादाको सम्मान गर्नु रहेको देखिन्छ । मानव अधिकार सम्बन्धी अन्य महत्वपूर्ण दस्ताबेजहरुमा पनि व्यक्तिगत मर्यादाको सम्मान गर्नुपर्ने सम्बन्धी ब्यवस्थाहरु रहेको पाइन्छ । उदाहरणको लागि नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights), 1966 को Article 7 को ब्यवस्थाको ब्याख्यात्मक टिप्पणी (General Comment No 20/1992) मा उक्त अनुबन्धको धारा ७ को उद्देश्य व्यक्तिको मर्यादा तथा शारीरिक एवम् मानसिक अक्षुणताको संरक्षण गर्नु रहेको छ भनि (The aim of the provisions of article 7 of the International Covenant on Civil and Political Rights is to protect both the dignity and the physical and mental integrity of the individual) उल्लेख गरेको देखिन्छ ।

१६. नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यस धारामा उल्लेख भएको बाँच्न पाउने हकको विशेषणका रूपमा प्रयुक्त सम्मानपूर्वक शब्दको ज्यादै महत्व रहेको छ ।यसले केवल मानव जीवनको जैविक अस्तित्वलाई मात्र इङ्गित गरेको नभई उसको समग्र सामाजिक पक्षलाई समेत समेटेको हुन्छ । संविधानप्रदत्त सबै हक अधिकारको उद्देश्य व्यक्तिको जीवनलाई मर्यादित र सम्मानित तुल्याउनु हो । संविधानको धारा १८ ले प्रत्याभूत गरेको समानताको हक सम्मानपूर्वक बाँच्न पाउने हकसंग अन्तरसम्बन्धित छ । धारा १८(१) मा प्रयुक्त सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन भन्नुको अर्थ कानूनका अगाडि प्रत्येक व्यक्ति व्यक्तिगत मर्यादा र सम्मानका दृष्टिले समान (Equal in dignity and enjoyment of private reputation) हुन्छन भन्नु नै हो । कुनै पनि किसिमको अनुचित भेदभाव (Unfair and Unreasonable discrimination) बाट केवल समानताको हकको मात्र उल्लंघन हुंदैन यसबाट व्यक्तिगत मर्यादा र सम्मानमा समेत चोट पुग्न जान्छ । समानताको हक, भेदभाव विरूद्दको हक, स्वतन्त्रताको हक, गोपनियताको हक लगायतका कैयौं व्यक्तिगत हक अधिकार र स्वतन्त्रताको सुनिश्चितताबाट मात्र व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकको कदर (respect of dignity of human beings) हुनसक्छ । व्यक्तिका व्यक्तिगत मर्यादा, प्रतिष्ठा र आत्मसम्मानमा आँच पुर्याउने कुनै पनि कार्यले संविधानप्रद्दत सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित बनाउँछ ।

१७. प्रस्तुत निवेदनमा यी निवेदिका लगायतका व्यक्तिहरु संविधान र कानून बमोजिम नागरिकता प्राप्त गर्न योग्य भएतापनि सम्बन्धित अधिकारीले शुरूमा नागरिकताको प्रमाणपत्र जारी गर्न इन्कार गरेको र मुद्दाको रोहबाट मात्र नागरिकता प्राप्त गरेको अवस्था छ ।त्यसरी प्राप्त नागरिकताको प्रमाणपत्रमा कानूनले निर्धारण गरेको ढाँचामा फरक पर्ने गरी मुद्दाको प्रकृया वा न्यायिक ठहरबाट मात्र नागरिकता प्राप्त गरेको हो भन्ने अर्थ ईङ्गित हुने गरी विभिन्न बेहोराको कैफियत टिप्पणी लेखिएको देखिन्छ । यस्तो कैफियत टिप्पणी लेखेकै आधारमा त्यस्ता नागरिकहरूलाई राज्यले प्रदान गर्ने सेवा सुविधा वा अवसर आदिमा विभेद गरेको भन्ने देखिन नआएतापनि आत्मसम्मान वा मर्यादाको विषयलाई केवल सेवा, सुविधा वा अवसरको वितरणमा मात्र सीमित गर्न मिल्दैन । यो सम्बन्धित व्यक्ति वा सो समूहका व्यक्तिहरूले महसुस गर्ने भावनात्मक विषय हो । यो वञ्चितिकरणमा परेको व्यक्ति, समूह वा वर्गको सशक्तिकरणको विषय र न्यायमा पहुंचको अनुभूतिको विषय समेत हो । कानूनको प्रयोगमा राज्यका निकायले गरेको यस किसिमको कार्यले आफूहरूउपर विभेद भएको र यसबाट आफ्नो सम्मान र मर्यादामा आँच पुगेको भनी सम्बन्धित नागरिक यस अदालतमा प्रवेश गरेको अवस्थामा व्यक्तिको बैयक्तिक स्वतन्त्रता, मानवीय मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण र सम्बर्धन गर्नु पर्ने संवैधानिक दायित्वलाई यस अदालतले इन्कार गर्न मिल्दैन ।

१८. यी निवेदिकाहरु र अदालतको आदेशबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेका निवेदिका सरहका अन्य

व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र जारी गर्दा त्यस्तो प्रमाणपत्रमा कैफियत टिप्पणी उल्लेख गरेको देखिएबाट राज्यले यी निवेदिकाहरु र सोही किसिमको नागरिकता प्राप्त गर्ने अन्य नागरिकहरूका बीच फरक ब्यवहार गरेको स्पष्ट देखिन आयो । समानताको हक अन्तर्गत ब्यवस्थापिकाले कानून बनाई कुनै खास उद्देश्य पुर्तिका लागि कुनै खास वर्ग वा समूहका बीच फरक ब्यवहार गर्न सक्ने मान्यता (doctrine of reasonable classification) स्वीकार गरिएको भएतापनि कानूनमा त्यसरी वर्गिकरणका आधारहरु स्पष्ट हुनुपर्ने (intelligible differentia) र त्यस्तो ब्यवहार वा वर्गिकरण न्यायोचित र औचित्यपूर्ण हुनुपर्ने (just, fair and reasonable) हुन्छ । तर प्रस्तुत मुद्दामा राज्यले कानून बनाई फरक ब्यवहार गरेको अवस्था समेत नभई विद्यमान नागरिकता सम्बन्धि कानूनको प्रयोगमा नागरिकता प्राप्त गर्ने हकका दृष्टिले समान अवस्थाका व्यक्तिहरूबीच प्रचलित कानूनको प्रावधान समेतको उल्लंघन गरी स्वेच्छाचारी ढंगले फरक ब्यवहार गरेको अवस्था हो ।यस स्थितिमा विपक्षी जिल्ला प्रशासन कार्यालयहरूले जारी गरेको अदालतको आदेशबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिहरूको नागरिकताको प्रमाणपत्रमा सम्बन्धित नियमावलीले तोकेको ढाँचामा समेत फरक पारी अदालतको आदेशले नागरिकताको प्रमाणपत्र जारी गरेको भनी लेखेको कैफियत बेहोरा न्यायोचित, औचित्यपूर्ण र कानूनसम्मत नदेखिनुका साथै यसबाट निवेदिकाहरूको संविधानप्रदत्त समानताको हक, स्वतन्त्रताको हक एवम् मानवीय मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकमा समेत आघात पुगेको देखिन आयो ।

१९. अव अन्तिम अर्थात निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने प्रश्नतर्फ विचार गर्दा माथिका प्रकरणहरूमा बिबेचित आधार, प्रमाण र कारण समेतबाट अदालतको आदेशबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिहरूको नाउँमा जारी गरिने नेपाली नागरिकताको प्रमाणपत्रमा अदालतको आदेशले जारी गरिएको भनी लेखिएको कैफियत ब्यहोरा न्यायोचित, औचित्यपूर्ण र कानूनसम्मत नदेखिनुका साथै यसबाट त्यसरी नागरिकता प्राप्त गर्ने व्यक्तिको संविधानप्रदत्त समानताको हक, स्वतन्त्रताको हक एवम् सम्मानपूर्वक बाँच्न पाउने हकमा समेत आघात पुगेकोले त्यस्तो नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको कैफियत खण्डको नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचामा उल्लिखित बेहोरासम्म मात्र यथावत रहने गरी सो बाहेकको अन्य भाग उत्प्रेषणको आदेशले बदर हुने र देहायका विपक्षीहरूका नाऊँमा देहाय बमोजिमको परमादेश समेत जारी हुने ठहर्छ :

(क) अदालतको आदेशले नागरिकता प्राप्त गरेका व्यक्तिले आफ्नो नागरिकताको प्रमाणपत्रमा रहेको नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचा बाहेकको अन्य कैफियत बेहोरा हटाइपाऊँ भनी रितपूर्वकको निवेदन दिएमा तोकेको प्रकृया अवलम्वन गरी सो सम्बन्धी अभिलेख राखी तोकेको ढाँचा बाहेकको अन्य कैफियत बेहोरा हटाइदिनु र अब आयन्दा त्यसरी जारी गरिने नागरिकताको प्रमाणपत्रमा नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचा बाहेक अन्य कुनै बेहोरा कैफियत खण्डमा उल्लेख नगर्नु नगराउनू भनी मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरु तथा ईलाका प्रशासन कार्यालयहरूमा परिपत्र गर्नु भनी विपक्षी मध्येको गृह मन्त्रालयको नाऊँमा परमादेश जारी हुने, र

(ख) रिट निवेदिकाहरूले आफ्नो नागरिकताको प्रमाणपत्रमा रहेको नेपाल नागरिकता नियमावली, २०६३,ले तोकेको ढाँचा बाहेकको अन्य कैफियत बेहोरा हटाइपाऊँ भनी रितपूर्वकको निवेदन दिएमा तोकेको प्रक्रिया अवलम्वन गरी आवश्यक विवरणको अभिलेख राखी तोकेको ढाँचा बाहेकको अन्य कैफियत बेहोरा हटाइदिनु भनी विपक्षी मध्येका जिल्ला प्रशासन कार्यालयहरूका नाऊँमा परमादेश जारी हुने ।

२०. यो आदेशको प्रतिलिपी सहितको जानकारी महान्यायाधिबक्ताको कार्यालय मार्फत विपक्षी सरकारी निकायहरूलाई दिनु । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः-प्रकाश सुवेदी
कम्प्यूटर टाईपः- कृष्णमाया खतिवडा
इति सम्वत् २०७८ साल बैशाख ९ गते रोज ५ शुभम् ........ ।

# ४८ रूपक पहरी विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७८ साल पौष ११ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**आदेश**
**०७६-WO-०५३१**

**मुद्दा : परमादेश ।**

हेम बहादुर पहरीको छोरी जिल्ला ललितपुर, साविक झरूवारासी गा.वि.स. वडा नं. १ हाल परिवर्तित गोदावरी नगरपालिका वडा नं. १३ झरूवारासी बस्ने बर्ष ५३ की शुभद्रा पहरीको वारेश भई आफ्नो हकमा समेत ऐ. ऐ. बस्ने सुभद्रा पहाडीको छोरा रूपक पहरी ..........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ..........१
श्री जिल्ला प्रशासन कार्यालय मानभवन, ललितपुर ..........१ प्रत्यर्थी

नेपालको संविधानको धारा ४६ र १३३ (२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्यगत व्यहोरा एवं आदेश यस प्रकार रहेको छः-

**तथ्यगत व्यहोराः**

१. म शुभद्रा पहरीको वुवाको नाम हेम बहादुर पहरी हो । मेरो स्थायी घर मकवानपुर बताउने राम बहादुर भन्ने व्यक्तिसंग २०४९ सालमा विवाह भएको हो । हाम्रो विवाहको समयमा पति राम बहादुर ललितपुर जिल्ला, झरूवारासी ढुङ्गाखानीमा गाडी चलाउने काम गर्नुहुन्थ्यो । हाम्रो सम्बन्धबाट २०५० सालमा छोरा रूपक पहरीको जन्म भएको हो । रूपक पहरीको जन्म भएको २ बर्ष पछि ढुङ्गाखानीको काम छुटेको हुँदा काम गर्न तराईतिर जान्छु भनी गएकोमा उहाँको बारेमा सोधखोज गर्दा हालसम्म पनि पत्ता पाउन सकिरहेका छैनौं । हाल म शुभद्रा पहरी र छोरा रूपक पहरी ललितपुर जिल्ला गोदावरी न.पा.वडा न.१३ मा बसोबास गर्दै आएका छौं । म रूपक पहरीको उमेर २६ वर्ष पूरा भई नागरिकता बनाउन ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा न. १३ को सिफारिस र आमा शुभद्रा पहरीको सक्कल नागरिकताका र अनुसूची-१ फारमका साथ जिल्ला प्रशासन कार्यालय ललितपुरमा निवेदन दिदा मैले पेश गरेका कागजातहरु हेरी आमाको नामबाट मात्र नागरिकता जारी गर्न मिल्दैन भनी मलाई नागरिकताको प्रमाणपत्र दिन ईन्कार गरेको हुँदा प्रत्यर्थीको उक्त कार्यबाट म नागरिकता प्राप्त गर्ने संवैधानिक तथा कानूनी हकबाट बन्चित हुन पुगेको छु । नेपाल पक्ष भएका मानव अधिकार संम्वन्धी विश्वब्यापी घोषणापत्र, नेपालको संविधानको धारा १०(१) तथा धारा ११ र नेपाल नागरिकता ऐन, २०६३ तथा नागरिकता नियमावली, २०६३ समेतको आधारमा म रूपक पहरीलाई आमा शुभद्रा पहरीको नामबाट नागरिकता दिनू दिलाउनू भनी जिल्ला प्रशासन कार्यालय ललितपुर समेतको नाममा परमादेशको आदेश जारी गरि पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरूका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु । प्रस्तुत विवादको विषयवस्तु हेर्दा नागरिकताजस्तो संवेदनशील विषय भएकोले छिटो निरुपण गर्नुपर्ने

प्रकृतिको देखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिइएको छ । नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७६/९/१ को आदेश ।

३. निवेदकले नेपाली नागरिकता प्राप्त गर्नको लागि बाबु, बाजेको वंशज खुल्ने नेपाली नागरिकता, जन्मदर्ता लगायत अन्य प्रमाण कागजातहरु पेश गरेका बखत निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिइने र उक्त प्रमाण कागजात समेत पेश गर्ने दायित्व कानूनले निवेदक स्वयंको हुने प्रावधान रहेको छ । रिट निवेदक नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूचि-१ बमोजिमको फाराम तथा रितपूर्वकका कागजात सहित बंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका बखत कानुन बमोजिम नागरिकता प्रदान गर्ने तर्फ कारवाही हुने नै हुँदा निवेदकको जिकिरमा कुनै सत्यता नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ ।

४. निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा मन्त्रालय संवेदनशील छ । कुनै पनि नागरिकले नेपालको संविधान तथा प्रचलित कानूनले तोकेको योग्यता पुरा गरेको आधारमा नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । निवेदन दावी बमोजिम यस मन्त्रालय तथा मातहतका निकायहरूबाट निवेदकको संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै कार्य गरेको छैन । यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्र समेत गरेको छैन । नेपालको संविधानमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश भई हाल छलफलको क्रममा रहेको हुँदा उक्त कानून आएमा सोको अधिनमा रही निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

**यस अदालतको आदेशः**

५. नियमानुसार दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिटमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री पुष्पा पौडेल र श्री सुष्मा गौतमले निवेदक शुभद्रा पहरीका बुबाको नाम हेम बहादुर पहरी हो; निज शुभद्रा पहरीको राम बहादुर भन्ने व्यक्तिसंगको सम्पर्कबाट छोरा रूपक पहरीको जन्म भएको हो; रूपक पहरी जन्मेको २ बर्षदेखि निजको राम बहादुर वेपत्ता भएको र खोजी गर्दा हालसम्म फेला पार्न सकिएको छैन; निवेदक रूपक पहरी हाल २६ बर्ष भएको र निजले आमाको नागरिकताको सक्कल, वडा कार्यालयको सिफारिस सहित आमाको नामबाट बंशजको नाताले नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय ललितपुरमा निबेदन दिदा आमाको नामबाट नागरिकता बनाउन मिल्दैन भनी रूपक पहरीलाई नागरिकता दिन इन्कार गरेको अवस्था छ; प्रत्यर्थीहरूको उक्त कार्य मानवअधिकार सम्वन्धी अन्तराष्ट्रिय कानून, नेपालको संविधान, नागरिकता ऐन, २०६३ तथा नागरिकता नियमावली विपरित भएकाले निवेदक रूपक पहरीलाई आवश्यक प्रकृया पूरा गरी आमाको नामबाट बंशजको नाताले नागरिकता दिनू भनी परमादेश जारी गरिपाँउ भनी र प्रत्यर्थीका तर्फवाट उपस्थित विद्वान उपन्यायाधीवक्ता श्री कैलाश के.सी. ले नागरिकता सम्बन्धी कानूनले तोकेको प्रकृया नपुगेकाले निवेदक रूपक पहरीलाई नागरिकता नदिएको हो; प्रकृया पुर्‍याएर निवेदन दिएमा निजले नागरिकता प्राप्त गर्ने नै हुँदा निवेदकको रिट खारेज गरी पाउँ भनी गर्नु भएको वहस समेत सुनियो ।

६. मिसिल संलग्न कागजात र विद्वान कानून व्यवसायीहरूको बहस समेत सुनी निवेदक रूपक पहरीले नागरिकता पाउने गरी परमादेश आदेश जारी हुने हो होइन? भन्ने विषयमा निर्णय दिनूपर्ने देखिन आयो ।

७. निर्णय तर्फ विचार गर्दा, निवेदक शुभद्रा पहरी बुबा हेम बहादुर पहरीको छोरी रहेको भन्ने तथ्य मिसिल संलग्न नागरिकताको प्रतिलिपीबाट देखिएको र निज शुभद्रा पहरीको राम बहादुर भन्ने व्यक्तिसंगको सम्पर्कबाट करिव २६ बर्ष अगाडी छोरा रूपक पहरीको जन्म भएको तथ्यमा विवाद रहेको छैन । ललितपुर जिल्ला, गोदावरी नगरपालिका १३ न.वडा कार्यालय झरूवारासी ललितपुरले जिल्ला प्रशासन कार्यालय ललितपुरमा पठाएको नेपाली नागरिकताको बनाउनको लागि गरेको सर्जमिन मुचुल्कामा रूपक पहरीको जन्म मिति २०५०/०१/०३ मा ललितपुर जिल्ला साविक झरूवारासी वडा न. १ मा भएको हो । निजको पिता राम बहादुर भएकोमा निज सानो हुदा पिता वेपत्ता भई हालसम्म सम्पर्कमा नआएको, कहाँ बसी आएका छन् हामीहरूलाई केही थाहा नभएको, निजका पिताको घर ठेगाना समेत थाहा नभएको, विवाह दर्ता नभएको, पिता वेपत्ता भएपछि छोराको लालनपालन आमा शुभद्रा पहरीले गर्दै आएका छन । निजले हालसम्म नेपाली नागरिकता लिएको छैन । आमाको सनाखतबाट निज रूपक पहरीलाई नेपाली नागरिकता

प्रदान गरिदिएमा फरक पर्ने छैन भनी व्यहोरा उल्लेख गरि जिल्ला प्रशासन कार्यालय ललितपुरलाई सम्वोधन गरी सिफारिस गरी पठाएको देखिन्छ । निवेदन साथ पेश गरेको नागरिकताको प्रतिलिपीबाट रिट निवेदीका शुभद्रा पहरी बुबा हेम बहादुर पहरी भई वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०४४/१०/२० मा नागरिकता प्रमाणपत्र नं ४९३/२५१ बाट नागरिकता प्राप्त गरेको भन्ने देखियो ।

८. निवेदन माग बमोजिम नागरिकता प्राप्त गर्ने सम्बन्धमा नेपालको संवैधानिक व्यवस्था हेर्दा, नेपालको संविधानको धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन भन्ने हकको व्यवस्था गरेको छ ।ऐ. संविधानको धारा ११(२)(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था भएको पाइन्छ भने दफा ८ मा संविधान र कानुनबमोजिम नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने कार्यविधि निर्धारण गरेको पाइयो । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र लिन चाहने सोह् बर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ व्यवस्था गरेको देखिन्छः

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

उल्लिखित कानूनी व्यवस्था र निवेदनसाथ पेश भएको शुभद्रा पहरीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा ललितपुर जिल्ला, गोदावरी नगरपालिका १३ नं. वडा कार्यालयबाट भएको सर्जमिन मुचुल्का र अनुसूची-१ नं. अनुसार भरेको फारामबाट निवेदक रूपक पहरीले आमाको नामबाट नागरिकता प्राप्त गर्नको लागि नागरिकता सम्वन्धी विद्यमान कानूनी प्रकृया पूरा नगरेको भन्ने प्रत्यर्थीको भनाई विश्वासलायक देखिएन ।

९. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) तथा नेपालको संविधानको धारा ११ (२) को खण्ड (ख) बमोजिम कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी नेपालको नागरिक हुने सम्बन्धमा लैङ्गिक भेदभाव विना आमालाई पनि बाबुको जत्तिकै अधिकार दिएको देखिन्छ । यस्तै विवादमा यस पूर्वका बिभिन्न फैसलाबाट सो कुरा स्थापित गरिसकेको छ । यस अवस्थामा आमाको नामबाट बंशजका आधारमा नागरिकता प्राप्त गर्न सक्ने संबैधानिक र कानूनी व्यवस्था हुँदाहुँदै सोलाई अस्वीकार गरी बुबा, बाजेको बंशज खुल्ने नेपाली नागरिकता पेश गरेमा नागरिकता दिने, आमाको नामबाट नागरिकता दिन नमिल्ने भनी कानून बमोजिम पेश भएका कागजातहरूलाई मान्यता नदिई सामान्य कार्यविधिगत उल्झन देखाई संबैधानिक तथा कानूनी व्यवस्थालाई अस्वीकार गर्नु स्वभाविक,वान्छनिय र कानून अनुकूलको कार्य देखिएन । यस अवस्थामा निवेदक रूपक पहरी आमा शुभद्रा पहरीको वंशज भएको नाताले नेपालको नागरिकता पाउने देखियो ।

१०. तसर्थ, माथि विवेचित संवैधानिक, कानूनी तथा मिसिल संलग्न तथ्यबाट निवेदक रूपक पहरी आमाको नामबाट नागरिकता प्राप्त गर्न योग्य रहेको देखिदा कानून वमोजिम जे जो प्रकृया पुरा गर्नुपर्छ पुरा गरी आमा शुभद्रा पहरी वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति देखिएको हुँदा र निवेदकको बाबु वेपत्ता भएको भन्ने हुँदा निज रूपक पहरीलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनू दिलाउनू भनी परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जनाउ प्रत्यर्थीहरूलाई दिई, आदेशको प्रतिलिपी बिद्युतीय अपलोड गरी, दायरीको लगत कट्टा गरी मिसिल नियमानूसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छुः

न्यायाधीश

इजलास अधिकृतः- शैलेन्द्र खड्का

कम्प्युटर अपरेटरः- विजय खड्का

इति संवत् २०७८ साल पौष ११ गते रोज १ शुभम् ..... ।

# ४१ चन्दा कुमारी शाह विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल जेठ महिना १२ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना**
**माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ**
**आदेश**
**०७७-WO-०४०३**

**मुद्दा : परमादेशसमेत ।**

मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ६ बस्ने चन्दा कुमारी शाह ............१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौं ............१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, मोरङ्ग प्रदेश नं. १ विराटनगर ............१
मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ६ को कार्यालय, विपक्षी विराटनगर ............१
नेपाल नर्सिङ परिषद, बासवारी काठमाडौं ............१ विपक्षी

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

**तथ्य खण्ड**

१. म निवेदक नेपाली नागरिकता नपाएको कारणले नर्सिङ नाम दर्ता प्रमाणपत्र प्राप्त गर्ने अधिकारबाट समेत वञ्चित भएको पीडित व्यक्ति हुँ । म मोरङ्ग जिल्ला बिराटनगर महानगरपालिका वडा नं. ६ मा स्थायी बसोबास गरी बस्ने संजय शाह र गितादेवी शाहको छोरी हुँ । मेरो बुबा आमाको सन्तानको रूपमा मेरो जन्म मिति २०५५/२/१८ मा मोरङ्ग जिल्ला, विराटनगरस्थित घरमा भएको हो । मेरो बुबा र आमा दुवै नेपाली नागरिक हुनुहुन्छ । आमाले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुभएको छ भने बुबाले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुभएको छ । म निवेदक पनि नेपालमा नै जन्मी यहिँ नै नर्सिङ बिषय लिइ १० + २ सम्मको अध्ययन पूरा गरेको छु । हाल नर्सिङको नाम दर्ता प्रमाणपत्र परीक्षाको लागि फाराम खुलेको र उक्त फाराम अनलाइन भर्नुपर्ने भएकोले मैले अनलाइन फाराम भरेकी थिएँ । मेरो फाराम नर्सिङ परिषद्ले नागरिकता पेश नगर्दासम्म अस्वीकृत गरिएको बेहोरा २०७७ कार्तिक २६ गते नर्सिङ परिषदबाट आएको Document Temporarily rejected बिषयको इमेलबाट जानकारी पाएँ । म निवेदकको नेपाल नर्सिङ परिषद्ले लाइसेन्सको लागि लिने परीक्षामा सम्मिलित हुनको लागि शैक्षिक योग्यता पूरा भए तापनि मेरो नागरिकता प्रमाणपत्र नभएको कारण मेरो फाराम अस्वीकृत भएकोले म नागरिकता बनाउनका लागि मोरङ्गस्थित मेरो स्थायी ठेगानाको स्थानीय तह मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. ६ को कार्यालयमा गई नागरिकताको प्रमाणपत्र पाउँ भन्ने बिषयको अनुसूची फाराम भरी सो साथ मेरो आमा बुबाको नागरिकताको प्रमाणपत्र, मेरो शैक्षिक योग्यताको प्रमाणपत्र, बसाइसराई दर्ता प्रमाणपत्रसमेत संलग्न राखी नागरिकताको सिफारिसको लागि जाँदा ताहाँबाट मेरो बुबाको नागरिकता प्रमाणपत्र हेरेपछि हाल मेरो नागरिकता प्रमाणपत्र सिफारिस गर्न नसक्ने बेहोरा जानकारी गराउनु भएको हुँदा जिल्ला प्रशासन कार्यालयमा जाँदा ताहाँबाट पनि वडा कार्यालयले दिएको जवाफ अनुरूपकै जवाफ पाएँ । अब मैले कहिले नागरिकता प्रमाणपत्र प्राप्त गर्छु त भनी

सोध्दा मेरो बुबाको नागरिकता वंशज नभै जन्मको आधारमा जारी भएको नागरिकता भएको हुँदा जन्मको आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई हाल नागरिकता जारी गर्न रोकेको छ अब नयाँ कानून बनेपछि मात्रै नागरिकता जारी गर्न सकिन्छ भनी म निवेदकलाई नागरिकता जारी गर्न इन्कार गरी नेपाली नागरिकता प्राप्त गर्नबाट बञ्चित गर्नुभएको छ ।

म निवेदकले नर्सिङ बिषय लिइ आफ्नो शिक्षाको पहिलो खुडकिलो पार गरे तापनि नर्सिङ नाम दर्ता प्रमाणपत्रको लागि लिने परीक्षामा यसै बर्ष सम्मिलित हुन नपाए मेरो पढाई अवरूद्ध हुने र भविष्य नै अन्यौल हुने स्थिति छ । मेरो नागरिकताको प्रमाणपत्र नभएकै कारण नर्सिङ नाम दर्ता प्रमाणपत्रको परीक्षामा सम्मिलित हुन नपाउने भएँ । मेरो फाराम नै अस्विकृत भयो । नर्सिङ नाम दर्ता प्रमाणपत्रको लागि लिइने परीक्षामा सम्मिलित हुन पनि नागरिकता पेश गर्नुपर्ने अवस्थाले मेरो शिक्षा तथा रोजगारीको अधिकारमा नै बन्देज लाग्ने गरी मलाई परिक्षामा सामेल गर्न नै इन्कार गर्नुभएको हुँदा म निवेदक नेपाली नागरिकको सन्तान र नेपालमा नै जन्मी हुर्की अध्ययन तथा रोजगारी गर्न चाहेको व्यक्ति शिक्षा रोजगारी जस्तो आधारभूत तथा मौलिक अधिकारबाट वञ्चित भएको छु । नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । धारा ११(२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था छ । त्यस्तै धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था रहेको छ । मेरो आमा र बुबा दुवै नेपाली नागरिक हुनुका साथै नागरिकता प्रमाणपत्र प्राप्त व्यक्ति हुनुहुन्छ ।

मिति २०६३ साल मंसिर १० गतेदेखि लागू हुने गरी जारी भएको नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नागरिकता प्राप्ती भन्ने शिर्षकमा (१) कुनै व्यक्तिको जन्म हुँदा बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक हुनेछ भन्ने व्यवस्था छ । जसअनुसार मेरो जन्म हुँदा म निवेदकको आमा बुबा दुवै नेपाली नागरिक भएको तर नागरिकता प्रमाणपत्र भने मेरो जन्मपछि मात्र लिएको अवस्थासम्म हो । नेपालको संविधानको धारा ११(३) मा स्पष्टरूपमा जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको नागरिकता प्राप्त गर्ने व्यवस्था गरेको छ । तथापि विराटनगर महानगरपालिका वडा नं ६ को कार्यालयले म निवेदकलाई वंशजको नागरिकताको सिफारिस गर्न र जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्र जारी गर्न ईन्कार गरेको छ ।

हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका अलावा पनि नेपाल पक्ष भई अनुमोदन गरेका सन्धी सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिने छ । राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । (Every child shall be registered immediately after birth and shall have a name; every child has the right to acquire a nationality)

महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि (CEDAW) को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूष सरह समान अधिकार प्रदान गर्नेछ । (State Parties, shall grant women equal right with respect to the nationality of their children) भन्ने व्यवस्था गरेको र त्यसैअनुरूप हाम्रो संविधान र कानूनमा समेत व्यवस्था गरिएको हो । तर नागरिकता प्रदान गर्ने प्रकृया अन्तर्गतका निकायका अधिकारीले मनगढन्तरूपमा वंशजको परिभाषा गरी व्यक्तिको नागरिकता प्राप्त गर्ने अथवा पहिचान प्राप्त गर्ने हकबाट नै वञ्चित गरी अन्याय भएको छ । बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ७ मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ ।

बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछ । (The child should be registered immediately after birth and shall have the right from birth to a name the right acquire a nationality and as far as possible, the right to know and be cared for by his parents) माथि उल्लिखित महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने समान अधिकार प्रत्याभूत गरेको छ । यसरी अन्तराष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान र कानूनी व्यवस्थासमेतले नागरिकता प्रदान गर्ने सम्बन्धमा गरेको स्पष्ट व्यवस्थालाई पनि गलत ब्याख्या गर्दै संवैधानिक व्यवस्थाको बर्खिलाफ शिक्षाको अधिकारबाट र वंशजको पहिचान प्राप्त गर्न खोजेको व्यक्तिलाई पहिचानबाट वञ्चित गरी राज्यविहिन बनाउन खोजी अन्याय गरेको छ ।

यसरी माथि प्रकरण प्रकरणमा उल्लेख भएबमोजिम नागरिकता दिने अधिकारीले कानून तथा संविधानको व्यवस्थाको आफूखुशी ब्याख्या गर्ने र सेवाग्राही प्रतिको अनुत्तरदायी व्यवहारका कारणले म निवेदकले नागरिकता नपाएको हुनाले संविधानद्वारा प्रदत्त समानता सम्बन्धी हक, नागरिकता प्राप्त गर्ने हक, रोजगारीको अधिकार, आफूले रोजेको व्यवसाय गर्न पाउने अधिकार, उच्च शिक्षा हासिल गर्न पाउने शिक्षाको अधिकार, स्वतन्त्रतापूर्वक विचार गर्न पाउने हक, सम्पत्तिको हक, बासस्थान छनौट गर्न पाउने हक र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजद्वारा प्रदत्त समानताको हक, राष्ट्रियताको हक र आफ्नो पहिचानको प्राप्ति गर्ने हकबाट वञ्चित भइरहेको र नेपाली नागरिकको छोरी नेपालमै जन्मिएको र नेपालमै १० + २ सम्मको अध्ययन पूरा गरी नर्सिङ परिषदबाट लिइने नर्सिङ नाम दर्ता प्रमाणपत्रको परीक्षामा सम्मिलित हुनको लागि योग्य व्यक्ति भएकोले मलाई नागरिकताबाट वञ्चित गरिंदा र शिक्षा र रोजगारी जस्तो आधारभूत मानव अधिकार तथा मौलिक अधिकारबाट वञ्चित भई राज्यविहिन हुने स्थितिसम्म पुगी मेरो जीवनमा थुप्रै नकारात्मक असरहरु पर्ने र परिरहेको हुँदा उल्लेखित संवैधानिक, कानूनी तथा अन्तराष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजहरूद्वारा प्रदत्त अधिकारसमेतका आधारमा सम्मानित सर्वोच्च अदालतबाट निम्नबमोजिमका आदेश जारी गरिपाउँ ।

म निवेदकले नर्सिङ बिषयमा १० + २ (प्रविणता प्रमाणपत्र तह) उत्तिर्ण गरी नेपाल नर्सिङ परिषद्ले लिने नेपाली नर्सहरूको लागि राष्ट्रिय नर्सिङ नाम दर्ता प्रमाणपत्रको परीक्षामा सम्मिलित हुन फाराम भरेकोमा मेरो नागरिकता नभएको कारणबाट फाराम अस्वीकृत भएको जवाफ आएको हुँदा म नेपालबाटै अध्ययन पूरा गरेको व्यक्तिलाई नर्सिङ नाम दर्ता प्रमाणपत्रको लागि लिइने परीक्षामा सामेल नै नगराउने कार्य रोकी उक्त परीक्षामा सामेल गर्नु गराउनु भनी नेपाल नर्सिङ परिषद, बाँसबारी काठमाडौंको नाममा अन्तरिम आदेश जारी गरिपाउँ साथै म निवेदकको आमा र बुबा दुवै जना नेपाली नागरिकता प्राप्त व्यक्ति हुनुभएको हुँदा र हाल म १६ बर्ष पूरा गरेको हुँदा संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम म वंशजको नेपाली नागरिकता प्राप्त गर्ने अधिकारप्राप्त व्यक्ति भएको हुँदा र वंशजको नागरिकता प्रदान गर्ने कानूनी व्यवस्था तथा कार्यविधिसमेत हाल प्रचलित नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ मा स्पष्ट व्यवस्था भएको हुँदा हालकै कानूनी व्यवस्थाबमोजिम म निवेदकलाई वंशजको नेपाली नागरिकताको सिफारिस प्रदान गर्न गराउन भनी विपक्षी विराटनगर महानगरपालिका वडा नं ६ को कार्यालयका नाममा र म निवेदकलाई वंशजको नागरिकता प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय मोरङ्, विराटनगरका नाममा परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने समेत बेहोराको रिट निवेदक चन्दा कुमारी शाहको निवेदन ।

२. प्रस्तुत निवेदनमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनुनपर्ने हो ? आदेश जारी हुनुनपर्ने भए सोको आधार कारणसहित ४ नं. विपक्षीका हकमा आफै वा आ􀀀नो कानूनबमोजिमको प्रतिनिधिमार्फत र अन्य विपक्षीहरूका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत बाटाका म्यादबाहेक १५ दिनभित्र लिखितजवाफ पेस गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्याद भित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू साथै, अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा ११(२) अनुसारको संवैधानिक व्यवस्था हेर्दा, जन्मको आधारमा नेपालको नागरिकताप्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ भन्ने प्रष्ट

कानूनी व्यवस्था भै निजले शैक्षिक योग्यता हासिल गरेको र नर्सिङ परिषदबाट लाईसेन्स लिन पाउने हकबाट वञ्चित हुन जाने र निवेदकलाई अपुरणीय क्षति हुने देखिँदा विषयबस्तुको संवेदनशिलताको दृष्टिकोणबाट नागरिकताप्राप्त हुने नहुने सम्बन्धमा पछि ठहरेबमोजिम हुने नै हुँदा हाललाई नर्सिङमा नाम दर्ता गराई परीक्षामा सम्मिलित हुनबाट नरोक्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम विपक्षीहरूमध्येको नेपाल नर्सिङ परिषद्को नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । सोको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नू भन्ने बेहोराको यस अदालतबाट मिति २०७७/८/९ मा भएको आदेश ।

३. नेपालको नर्सिङ सेवालाई प्रभावकारी बनाई व्यवस्थित एवं वैज्ञानिक ढंगले परिचालन गर्न तथा नर्सहरूको योग्यतानुसार नाम दर्ता गर्ने समेत व्यवस्था गर्नका लागि नेपाल नर्सिङ परिषद, नेपाल नर्सिङ परिषद ऐन, २०५२ द्वारा स्थापित संस्था हो । यस संस्थाले नर्सिङ व्यवसायलाई सुचारू गर्ने, आवश्यक नीति निर्धारण गर्ने, परीक्षा प्रणाली तथा अन्य आवश्यक शर्तसमेतका काम कर्तव्य र अधिकार सम्पन्न स्वशासित र संगठित संस्था हो ।

यस परिषदबाट लिइने नाम दर्ता परीक्षाको फर्म भर्दा नै अनिवार्य रूपमा शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकता संलग्न गर्नुपर्ने भनी नर्सिङ परिषद्को निर्देशिका तथा परीक्षा फर्ममा नै प्रष्ट उल्लेख गरिएको छ । परिक्षार्थीले परीक्षा फर्म अनलाईनमार्फत भर्ने भएकाले परिक्षार्थीले पूरा कागजातहरु पेश नगरेमा system ले नै reject गर्ने भएकाले त्यस्तो अवस्थामा परीक्षाबाट वञ्चित नहुन भनेर परीक्षा फर्म भर्दाको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध हुन नसकेमा प्रमाणपत्र लिँदाको अवस्थामा पेश गरी प्रमाणपत्र लिनुपर्ने बाध्यात्मक व्यवस्था परिषद्ले गरेको छ । विपक्षीको परीक्षा फर्म system ले reject गरे पश्चात् सो कुराको जानकारी परिषदलाई गराएको अवस्था छैन । नेपाल नर्सिङ परिषदबाट लिईने नाम दर्ता परीक्षाको फर्म विद्युतीय (online) माध्यमबाट भर्नुपर्ने व्यवस्था भएकाले विपक्षीले परिषद्को निर्देशिका तथा परीक्षा फर्ममा उल्लेखित प्रमाणपत्रहरु सम्लग्न गरी विद्युतीय माध्यममार्फत फर्म भर्नुपर्ने हुन्छ । यसरी भरिएको फर्मको आधारमा निजले पेश गरेका प्रमाण कागजहरु पूरा भए नभएको हेरी नपुग भएको अवस्थामा विपक्षीलाई सोही माध्यममार्फत नपुग कागज समावेश गर्न पुनः जानकारी गराइन्छ । परीक्षाको समयमा नागरिकताको प्रमाणपत्र पेश गर्न नसके तापनि परीक्षा पास भएको अवस्थामा लाइसेन्सको प्रमाणपत्र प्राप्त गर्ने समयमा पेश गर्ने छु भन्ने बेहोराको निवेदन परिषदमा दिएको अवस्थामा परीक्षामा सामेल हुन सक्ने विषयमा विपक्षीले परिषदमा कुनै सम्पर्क गरेको अवस्था छैन । यस परिषद्को नाममा सम्मानित अदालतबाट विपक्षीलाई परीक्षामा सम्मिलित हुनबाट नरोक्नु भनी अन्तरिम आदेशसमेत जारी भएकोले मिति २०७७/०८/१३ गतेको परीक्षामा सामेल भएको र परिषद्को काम कार्यबाट विपक्षीले निवेदनमा माग दावी लिए बमोजिम संबैधानिक तथा कानूनी हक अधिकारमा हनन् नभएको हुदाँ मिति २०७७/८/९ मा जारी भएको एकतर्फी अन्तरिम आदेशसहित रिट निवेदन परिषद्को हकमा खारेज गरिपाउँ भन्ने समेत बेहोराको नेपाल नर्सिङ परिषदको तर्फबाट अख्तियारप्राप्त रजिष्ट्रार विन्दा घिमिरेको लिखितजवाफ ।

४. संविधान, कानून एवं नेपाल पक्ष भई अनुमोदित सन्धिहरूले सृजित गरेका नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिवद्ध छ । कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै देखिन्छ । यस मन्त्रालयबाट निवेदकको माग दावी बमोजिम संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी नागरिकताको अधिकारबाट वञ्चित हुने गरी तथा नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र गरेको अवस्था छैन । नेपालको संविधानमा उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा छलफलको क्रममा रहेको हुँदा उक्त संघीय कानूनको अधीनमा रही आवश्यक प्रक्रिया पूरा गरेको खण्डमा निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिन्छ । निवेदकले यस मन्त्रालयको के, कस्तो निर्देशन/निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा कुनै ठोस कारण र आधारसमेत खुलाउन नसक्नु भएको हुँदा विपक्षीको निरर्थक रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भनी गृह मन्त्रालयको तर्फबाट ऐ.का नि. सचिव चक्रबहादुर बुढाको लिखितजवाफ ।

५. विपक्षी निवेदिकाले जिल्ला प्रशासन कार्यालयमा के, कुन मितिमा आई सो सम्बन्धी यस कार्यालयले जवाफ दिएको एकिन भएन् । नागरिकता प्रमाणपत्र प्राप्त गर्दा के, कुन प्रमाण आवश्यक पर्ने हो सो प्रमाणहरू राखिसकेपछि नागरिकता प्राप्ति गर्नलाई यस कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी नागरिकता जारी गर्नलाई नेपालको संविधान, कानून, ऐन, नियमबमोजिम जारी भइरहेको हुँदा निवेदिका विपक्षीले सो समेत पेश गरेको अवस्था देखिएन । निज विपक्षी निवेदिका चन्दा साहको बाबुको नागरिकता जन्मको आधारमा जारी भएको भनी निवेदक विपक्षीले के, कुन मितिमा निजको बाबुले नागरिकता प्राप्त गरेको हो ? सो समेत प्रष्ट नभएको देखिन्छ । निज जन्मिदा निजको बाबु नेपालको नागरिक भएको वा नभएको सो पनि प्रष्ट नभएको देखिन्छ । विपक्षी निवेदक चन्दा साहले म निवेदकको आमाबाबु नेपाली नागरिक भएको र म निवेदिकाको आमाबाबु नेपाली नागरिक भएको नाताले जन्मेको सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्न संविधान प्रदत्त मौलिक हक र नागरिक ऐन, २०६३ ले व्यवस्था गरेको भनी निवेदन गरेकोमा निजको बाबुआमा वंशजको आधारमा नेपाली नागरिक नभएको, निज विपक्षी निवेदिकाको बाबुआमाले समेत जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिँदा जन्मको आधारमा प्राप्त गर्नेको सन्तानलाई सोही नागरिकताको आधारमा नागरिकता वितरण नगर्न, नगराउन नेपाल सरकार, गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५/१२/१९ को पत्रको हदसम्म आदेश कार्यान्वयन नगर्नु, नगराउनु हुन गृह मन्त्रालयको च.नं. ६४९ मिति २०७६।०१।२५ गतेको परिपत्रबाट लेखी आएकोले उक्त बमोजिम हाल सो पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी मिति २०७६/०१/२४ गतेको सम्मानित सर्वोच्च अदालतबाट अल्पकालीन अन्तरिम आदेश समेत जारी गरिएकोले निजलाई सो नागरिकता प्रमाणपत्र जारी गर्न मिलेन । सो हुनाले विपक्षी निवेदिकाको माग जिकिर तथ्य यस कार्यालयको हकमा आकर्षित हुने अवस्था नभई खारेज भागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी कोशहरी निरौलाको लिखितजवाफ ।

६. आज मिति २०७९/२/१२ गते सुनुवाईका लागि इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दाको रिट निवेदकको पूरा नाम चन्दा कुमारी शाह भएकोमा रिट निवेदनमा उल्लेख हुँदा चन्दा शाह मात्र उल्लेख हुन गएकाले आज इजलाससमक्ष बहसका क्रममा निवेदकले रिट निवेदन साथ पेस गरेका जन्मदर्ता प्रमाणपत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्रमा समेत चन्दा कुमारी शाह उल्लेख भएको हुँदा प्रस्तुत मुद्दाको फैसलामा रिट निवेदकको पूरा नाम चन्दा कुमारी शाह उल्लेख गरिपाउँ भन्ने समेत बेहोराको रिट निवेदक चन्दा शाहको कानून व्यवसायीले इजलास समक्ष मिति २०७९/२/१२ मा दिएको निवेदन मिसिल संलग्न रहेको ।

**आदेश खण्ड**

७. नियम बमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शुस्मा गौतमले रिट निवेदिकाको जन्म मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं. ७ मा मिति २०५५/२/१८ मा भएको हो । निजका बुबाले नेपालको संविधान जारी हुनु अगावै जन्मको आधारमा र आमाले संविधान जारी भएपछि वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु भएको छ । निवेदकको बाबु आमा दुवै नेपाली नागरिक भएको अवस्थामा निजले वंशजको आधारमा नेपाली नागरिकता पाउनु निजको संवैधानिक तथा कानूनी अधिकार हो । नेपालको संविधानको धारा ११ (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ ले वंशजको आधारमा नेपाली नागरिकता पाउने कुरालाई स्पष्ट गरेको छ भने नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले नागरिकता प्राप्त गर्न पाउने कार्यविधि तोकेको छ । यस अवस्थामा प्रक्रियागत कारण देखाई निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकारबाट वञ्चित गर्न मिल्दैन । तसर्थ निवेदन माग बमोजिम विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भनी गर्नु भएको बहस सुनियो ।

८. विपक्षी नेपाल सरकार गृहमन्त्रालय समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै देखिन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले नागरिकता प्राप्त गर्न पाउने कार्यविधि तोकेको छ । निवेदिकाको बाबुआमा वंशजको आधारमा नेपाली

नागरिक नभएको, निजको बाबुआमाले समेत जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिँदा जन्मको आधारमा प्राप्त गर्नेको सन्तानलाई सोही नागरिकताको आधारमा नागरिकता वितरण नगर्न, नगराउन नेपाल सरकार, गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५/१२/१९ को पत्रको हदसम्म आदेश कार्यान्वयन नगर्नु, नगराउनु हुन गृह मन्त्रालयको च.नं. ६४९ मिति २०७६/०१/२५ गतेको परिपत्रबाट लेखी आएकोले उक्त बमोजिम हाल सो पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी मिति २०७६/०१/२४ गतेको सम्मानित सर्वोच्च अदालतबाट अल्पकालीन अन्तरिम आदेश समेत जारी गरिएको अवस्था छ । नेपाल नागरिकता ऐनको परिमार्जनसहितको विधेयक संघीय संसदमा छलफलमा रहेको र सो विधेयक पारित नभएसम्मका लागि नागरिकताको प्रमाणपत्र प्रदान नगरिएको हो । तसर्थ रिट निवेदन खारेज गरिपाउँ भनी तथा विपक्षी नर्सिङ परिषद्को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण प्रसाद आचार्यले यस परिषद्को नाममा सम्मानित अदालतबाट विपक्षीलाई परीक्षामा सम्मिलित हुनबाट नरोक्नु भनी अन्तरिम आदेशसमेत जारी भएकोले निज निवेदक मिति २०७७।०८।१३ गतेको परीक्षामा सामेल भएको र परिषद् को काम कारबाहीबाट विपक्षीले निवेदनमा माग दावी लिए जस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा हनन् नभएको हुँदा मिति २०७७/८/९ मा जारी भएको एकतर्फी अन्तरिम आदेशसहित परिषद्को हकमा रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

९. उपर्युक्तबमोजिम दुवै तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा, निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

१०. यसमा, मेरो बुबा आमाको सन्तानको रूपमा मेरो जन्म मिति २०५५/२/१८ मा मोरङ्ग जिल्ला, विराटनगरस्थित घरमा भएको हो । मेरो बुबा र आमा दुवै नेपाली नागरिक हुनुहुन्छ । आमाले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुभएको छ भने बुबाले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुभएको छ । म निवेदक पनि नेपालमा नै जन्मी यहीं नै नर्सिङ बिषय लिइ १० + २ सम्मको अध्ययन पूरा गरेको छु । हाल नर्सिङको नाम दर्ता प्रमाणपत्र परीक्षाको लागि फाराम खुलेको र परीक्षामा सम्मिलित हुनको लागि शैक्षिक योग्यता पूरा भए तापनि मेरो नागरिकता प्रमाणपत्र नभएको कारण मेरो फाराम अस्वीकृत भएकोले म नागरिकता बनाउनका लागि मोरङ्गस्थित मेरो स्थायी ठेगानाको स्थानीय तह मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. ६ को कार्यालयमा गई नागरिकताको प्रमाणपत्र पाउँ भन्ने बिषयको अनुसूची फाराम भरी सो साथ मेरो आमा बुबाको नागरिकताको प्रमाणपत्र, मेरो शैक्षिक योग्यताको प्रमाणपत्र, बसाइसराई दर्ता प्रमाणपत्रसमेत संलग्न राखी नागरिकताको सिफारिसको लागि जाँदा ताहाँबाट मेरो नागरिकता प्रमाणपत्र सिफारिस गर्न नसक्ने बेहोरा जानकारी गराउनु भएको र जिल्ला प्रशासन कार्यालयमा जाँदा ताहाँबाट पनि मेरो बुबाको नागरिकता वंशज नभै जन्मको आधारमा जारी भएको हुँदा जन्मको आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई हाल नागरिकता जारी गर्न रोकेको छ अब नयाँ कानून बनेपछि मात्रै नागरिकता जारी गर्न सकिन्छ भनी म निवेदकलाई नागरिकता जारी गर्न इन्कार गरेको हुँदा संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम म वंशजको नेपाली नागरिकता प्राप्त गर्ने अधिकारप्राप्त व्यक्ति भएको हुँदा हालकै कानूनी व्यवस्थाबमोजिम म निवेदकलाई वंशजको नेपाली नागरिकताको सिफारिस प्रदान गर्न गराउन भनी विपक्षी विराटनगर महानगरपालिका वडा नं ६ को कार्यालयका नाममा र म निवेदकलाई वंशजको नागरिकता प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय मोरङ्ग, विराटनगरका नाममा परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने समेत बेहोराको रिट निवेदकको मुख्य निवेदन दावी रहेको देखिन्छ ।

कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै देखिन्छ । यस मन्त्रालयबाट निवेदकको माग दावी बमोजिम संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी नागरिकताको अधिकारबाट वञ्चित हुने गरी तथा नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र गरेको अवस्था छैन । नेपालको संविधानमा उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा छलफलको क्रममा रहेको हुँदा उक्त संघीय

कानूनको अधीनमा रही आवश्यक प्रक्रिया पूरा गरेको खण्डमा निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिन्छ भन्ने बेहोराको नेपाल सरकार गृह मन्त्रालयको, विपक्षी निवेदक चन्दा साहले वंशजको आधारमा नागरिकता पाउँ भनी निवेदन गरेकोमा निजको बाबुआमा वंशजको आधारमा नेपाली नागरिक नभएको, निज विपक्षी निवेदिकाको बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिँदा जन्मको आधारमा प्राप्त गर्नेको सन्तानलाई सोही नागरिकताको आधारमा नागरिकता वितरण नगर्न, नगराउन नेपाल सरकार, गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५/१२/१९ को पत्रको हदसम्म आदेश कार्यान्वयन नगर्नु, नगराउनु हुन गृह मन्त्रालयको च.नं. ६४९ मिति २०७६/०१/२५ गतेको परिपत्रबाट लेखी आएकोले उक्त बमोजिम हाल सो पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी मिति २०७६/०१/२४ गतेको सम्मानित सर्वोच्च अदालतबाट अल्पकालीन अन्तरिम आदेश समेत जारी गरिएकोले निजलाई सो नागरिकता प्रमाणपत्र जारी नगरिएको भनी रिट निवेदन खारेज भागी छ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय मोरङ्गको, र यस परिषद्को नाममा सम्मानित अदालतबाट विपक्षीलाई परीक्षामा सम्मिलित हुनबाट नरोक्नु भनी सम्मानीत अदालतबाट अन्तरिम आदेशसमेत जारी भएकोले मिति २०७७/०८/१३ गतेको परीक्षामा निज निवेदक सामेल भएको र परिषद्को काम कारबाहीबाट विपक्षीको संवैधानिक तथा कानूनी हक अधिकारमा हनन् नभएको हुदाँ मिति २०७७/८/९ मा जारी भएको एकतर्फी अन्तरिम आदेशसहित रिट निवेदन परिषद्को हकमा खारेज गरिपाउँ भन्ने समेत बेहोराको नेपाल नर्सिङ परिषदको लिखितजवाफ रहेको देखिन्छ ।

११. निर्णयतर्फ विचार गर्दा, रिट निवेदिका चन्दा कुमारी शाहको जन्म मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं. ७ मा मिति २०५५/२/१८ मा भएको भन्ने तथ्य निजले निवेदनसाथ पेस गरेको विराटनगर नगरपालिकाले प्रदान गरेको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा विद्यालयका चारित्रिक प्रमाणपत्रहरू समेतका कागजातहरूबाट देखिन्छ । निवेदिकाले पेस गरेको निजको एस. एल. सी. को मार्कसिट, परीक्षा नियन्त्रण कार्यालय सानोठिमीको एकेडेमिक ट्रान्सकिप्ट, विद्यालयहरूको चारित्रिक प्रमाणपत्र, जन्मदर्ताको प्रमाणपत्रसमेतका कागजातहरूबाट रिट निवेदिकाको बाबु संजय शाह र आमा गिता देवी शाह भएकोमा कुनै विवाद देखिँदैन । निवेदिकाको बाबु र आमाले जिल्ला प्रशासन कार्यालय मोरङबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । निजका बाबु र आमाले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा, बाबु संजय शाहले नागरिकता नं. ०५३००१/९७७, मिति २०६३/१०/२९, जन्मको आधारमा र आमा गिता देवी शाहले नागरिकता नं. ०५-०१-७६-०२८७३, मिति २०७६/१/२४, वंशजको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ ।

१२. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्थालाई हेर्दा, नेपालको संविधानको धारा १० देखि धारा १५ सम्म नागरिकतासम्बन्धी व्यवस्था भएको पाइन्छ । रिट निवेदिकाले माग गरेको विषयहरूको सन्दर्भमा नेपालको संविधानको धारा ११ को उपधारा (३) सान्दर्भिक हुने देखिन्छ । नेपालको संविधानको धारा ११ को उपधारा (३) मा देहाय बमोजिमको व्यवस्था रहेको पाइन्छः-

*"(३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछ भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।"*

१३. नेपालको संविधानको धारा ११ को उपधारा (३) मा भएको उल्लिखित व्यवस्था अनुसार वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नको लागि नेपालको संविधान प्रारम्भ हुनुभन्दा अगाडि त्यस्ता सन्तानका बाबु आमा दुबैले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको रहेछ भने त्यस्ता नागरिकता प्राप्त गर्ने सन्तान बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको पाइन्छ । नेपालको संविधान २०७२ साल असोज ३ गतेदेखि प्रारम्भ हुनेछ भनी संविधानको धारा ३०७ को उपधारा (२) मा उल्लेख भएको पाइन्छ । रिट निवेदिकाको बाबु संजय शाहले नेपालको संविधान प्रारम्भ हुनुभन्दा अगाडि नै मिति २०६३/१०/२९ मा जन्मको आधारमा र आमा गिता देवी शाहले संविधान प्रारम्भ भए पश्चात् मिति २०७६/१/२४ मा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ ।

१४. नेपालको नागरिकता प्राप्ति, समाप्ति र तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्न नेपाल नागरिकता ऐन, २०६३ प्रचलनमा रहेको छ । ऐनको दफा ३ ले वंशजको

नाताले नेपालको नागरिकता प्राप्तिका विषयमा र दफा ८ ले नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि आवश्यक पर्ने सर्त र प्रक्रियाहरूको बारेमा उल्लेख गरेको पाइन्छ । उक्त दफा ३ को उपदफा (१) मा *"कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ"* भन्ने *व्यवस्था* र दफा ८ (१) ले *"दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहाने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछ"* भन्ने व्यवस्था गरेको पाइन्छ । यसैगरी नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिसम्बन्धी व्यवस्था गरेको पाइन्छ । उक्त ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम वंशजको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि १६ वर्ष उमेर पूरा भएको हुनुपर्ने कुरालाई स्पष्ट गरेको छ । प्रस्तुत रिट निवेदनमा रिट निवेदिका चन्दा कुमारी शाहको जन्म मिति २०५५/२/१८ भएको अवस्थामा निजको हालको उमेर २३ वर्ष पूरा भइसकेको देखिँदा नेपालको नागरिकता प्राप्त गर्न कानून बमोजिमको उमेर पुगेको देखिन्छ ।

१५. नागरिकता व्यक्तिको पहिचानसँग जोडिएको अत्यन्तै महत्वपूर्ण अधिकार हो । यो व्यक्तिको राष्ट्रियताको अधिकारसँग पनि सम्बन्धित रहेको हुन्छ । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने नागरिक, राजनीतिक, आर्थिक लगायतका अधिकार प्राप्त गर्ने आधारनै नागरिकता हो । नागरिकता प्राप्त गर्नु कुनै पनि व्यक्तिको नैसर्गिक अधिकारभित्र रहेको हुँदा नागरिकता नहुँदा राज्यद्वारा प्रदत्त अधिकारहरूको उपयोग गर्ने कार्यमा वञ्चित हुनुपर्ने अवस्थाको सृजना हुन पुग्दछ । नेपालको संविधान र कानूनी व्यवस्थाका अलावा नेपाल पक्ष भई अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले समेत नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गरेको पाइन्छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR), १९४८ को धारा १५ ले *"प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार हुने छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन"* भन्ने व्यवस्था गरेको छ । यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को धारा २४ ले "प्रत्येक बालकलाई जन्मेपछि तत्कालै दर्ता गरिने र निजको नाम राखिनेछ । प्रत्येक बालकलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ" भन्ने व्यवस्था गरेको पाइन्छ । महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मुलन गर्ने महासन्धि (CEDAW), १९७९ को धारा ९ (२) ले *"पक्ष राष्ट्रहरूले महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरूष सरहको समान अधिकार प्रदान गर्नेछन्"* बाल अधिकार सम्बन्धी महासन्धि (CRC), १९८९ को धारा ७ ले *"जन्मनासाथ बालबालिकालाई दर्ता गरिनेछ र बालबालिकाले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन्"* भन्ने व्यवस्था गरेको पाइन्छ ।

१६. यसरी नेपालले माथि उल्लिखित अन्तराष्ट्रिय महासन्धिहरूलाई अनुमोदनसमेत गरी महासन्धिबाट सृजित भएका दायित्वहरूलाई स्वीकार गरी सो बमोजिमका व्यवस्थाहरूलाई संविधान तथा कानूनमा अंगिकार गरेको पाइन्छ । रिट निवेदिकाले प्रस्तुत गरेका निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, बाबुआमाको नागरिकताको प्रतिलिपि तथा विद्यालयका चारित्रिक प्रमाणपत्रहरूबाट निज सारभूत रूपमा नेपाली नागरिक हो भन्ने स्पष्ट देखिरहेको अवस्थामा कार्यविधिगत बाधा अडचनहरूलाई देखाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान नगर्नु उल्लिखित अन्तराष्ट्रिय महासन्धिका व्यवस्था, नेपालको संविधान तथा कानून विपरीत हुन आउने देखियो । यस सम्बन्धमा यसै अदालतबाट लक्ष्मीकुमारी शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत (ने.का.प. २०७७ असार, नि.नं. १०४५८) रहेको उत्प्रेषण मुद्दामा *"विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधानअनुकूल हुने नदेखिने"* भनी सिद्धान्त प्रतिपादन समेत भएको देखिन्छ । यसैगरी जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने भन्ने सम्बन्धमा यसै अदातबाट प्रिया दास विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०७३-WO-१३६२ को उत्प्रेषण को रिट

निवेदनमा *"यि निवेदकहरूका बाबु र आमा दुवैसँग नेपाली नागरिकता रहेको र निवेदकहरूको जन्म दर्ता प्रमाणपत्रसमेतलाई विचार गर्दा निवेदकहरु वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिन आएकोले संविधान र कानूनको प्रावधान विपरीत निवेदकहरूलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०७४/३/६ मा गरेको दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ"* भनी तथा सार्थक राउत विरूद्ध नेपाल सरकार, गृहमन्त्रालयसमेत भएको रिट नं. ०७३-WO-१११५ को उत्प्रेषण परमादेश रिट निवेदनमा *"संविधान तथा कानूनप्रदत्त हक अधिकारको उपभोगमा सरकारी निकायद्वारा प्रतिबन्ध वा बन्देज लगाउनु कानूनी शासन र विधिशास्त्रीय मान्यतासमेतको विपरीत हुन्छ । संविधान र कानूनबमोजिमको हक अधिकार र सोको उपचार निवेदकले उपभोग गर्न पाउनुपर्ने भएकोले निवेदकले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने अवस्था हुँदा निवेदकलाई रितपूर्वक वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनू"* भनी सिद्धान्तहरूसमेत प्रतिपादन भएको पाइन्छ ।

१७. नेपालको संविधानमा उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा छलफलको क्रममा रहेको हुँदा पारित भएपछि सो बमोजिमको आवश्यक प्रक्रिया पूरा गरेको खण्डमा निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिन्छ भन्ने विपक्षीहरूको लिखितजवाफ रहेको देखिन्छ । निवेदिकाको बाबु संजय शाहले नेपालको संविधान जारी हुनु अगावै जन्मको आधारमा र आमा गिता देवी शाहले संविधान जारी भए पश्चात् वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र निवेदिका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेरसमेतको कारणबाट योग्य भइसकेको तथा नेपालको संविधानको धारा ११(३) मा नै स्पष्ट रूपमा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नेछ भन्ने उल्लेख भइरहेको र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) ले कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भनी उल्लेख भइरहेको परिप्रेक्षमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित नभएसम्म भन्ने कारण देखाई निवेदिकालाई नागरिकताको प्रमाणपत्र दिन रोक्नु उचित देखिएन । निवेदिकाको बाबु आमा दुवैले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको अवस्थामा निजले नेपालको संविधानको धारा ११(३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) को आधारमा नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने नै देखिन्छ ।

१८. तसर्थः माथि उल्लिखित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत रिट निवेदिकाको बाबु संजय शाहले नेपालको संविधान जारी हुनु अगाडि नै जन्मको आधारमा र आमा गिता देवी शाहले संविधान जारी भए पश्चात् वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र निवेदिकाको नागरिकता प्राप्त गर्ने उमेरसमेत पुगिसकेको अवस्थामा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिँदा कानूनले तोकेको कार्यविधि पूरा गरी निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र दिनू, दिलाउनू भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः उदवीर नेपाली (उप सचिव)

कम्प्युटर अपरेटरः चन्द्रा तिमल्सेना

सम्बत् २०७९ साल जेठ महिना १२ गते रोज ५ शुभ ........ ।

# ८० अन्जलीकुमारी साहसमेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, सर्लाहीसमेत

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल श्रावण महिना १८ गते, अंक ७, नि.नं. १०९०६, पृ. १२६१

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**
**आदेश**
**०७८-WO-११५५**

**मुद्दा : उत्प्रेषणयुक्त परमादेशसमेत ।**

जिल्ला सर्लाही, साबिक बरहथवा नगरपालिका, वडा नं. ७ मा जन्म भई संजयकुमार साह तेलीको छोरी अन्जलीकुमारी साहसमेत ...............................................................१ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, सर्लाहीसमेत ...............................................................१ विपक्षी

- **कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ भनी उल्लेख भइरहेको परिप्रेक्ष्यमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित नभएसम्म भन्ने कारण देखाई निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र दिन रोक्नु उचित नहुने ।**

**(प्रकरण नं. ८)**

**निवेदकका तर्फबाट** : विद्वान् अधिवक्ता श्री रक्षाराम चमार

**विपक्षीका तर्फबाट** : विद्वान् उपन्यायाधिवक्ता श्री कैलास के.सी.

**अवलम्बित नजिर :**

- ने.का.प.२०६८, अङ्क २, नि.नं.८५५७
- ने.का.प.२०७६, अङ्क ८, नि.नं.१०३४१
- ने.का.प.२०७७, अङ्क ३, नि.नं.१०४५८

**सम्बद्ध कानून :**

- नेपाल सरकार
- नेपाल नागरिकता ऐन, २०६३

**आदेश**

**न्या.प्रकाशमान सिंह राउत** : नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम यस अदालतको अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

हामी रिट निवेदकहरु सर्लाही जिल्ला, बरहथवा नगरपालिका, वडा नं. ८ मा जन्म भई स्थायी रूपमा बसोबास गर्दै आएको शिक्षित नेपाली नागरिक हौं । निवेदिका अन्जलीकुमारी साहले एस.एल.सी. डिअना पब्लिक इंग्लिस स्कुल, काठमाडौंबाट र निवेदक रोहितकुमार साहले लिवरपूल माध्यमिक स्कुल, नयाँ बानेश्वर, काठमाडौंबाट पास गऱ्यौं । निवेदिका अन्जलीकुमारी साह केपिटल कलेज एण्ड रिसर्च सेन्टर बालकुमारी, काठमाडौं र निवेदक रोहितकुमार साह अम्बिसन एकेडेमी माध्यमिक स्कुल, नयाँ बानेश्वर, काठमाडौंबाट दश जोड दुई पास गरी हाल निवेदिका अन्जलीकुमारी साह त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको स्वयम्भू अन्तर्राष्ट्रिय कलेजमा ध्ययक गर्दै आइरहेको अवस्था छ भने निवेदक रोहितकुमार साह नागरिकता नभएको कारणले गर्दा उच्च शिक्षा हासिल गर्न पाइरहेको छैन । हामी निवेदकहरूको आमा रजनीगन्धा साहले नागरिकता नं. ८३३३४०९९ जारी मिति २०५२।८।२६ गते जिल्ला प्रशासन कार्यालय, धनुषाबाट वंशजको आधारमा नेपाली नागरिकता

प्रमाणपत्र प्राप्त गर्नुभएको हो । हाम्रो बाबुले नागरिकता नं. १९३०७९/९६५ जारी मिति २०६३।१२।१७ गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट जन्मको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्नुभएको हो । हामी निवेदकहरूको आमा वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र हाम्रो जन्म नेपालमै भएको तथा हालसम्मको शिक्षा पनि हामीले नेपालमै अध्ययन गर्दै आइरहेका छौं । निवेदिका अन्जलीकुमारी साहले मिति २०७५।२।१६ गते र निवेदक रोहितकुमार साहले मिति २०७८।१२।११ मा नागरिकताको फाराम भरी नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालय, सर्लाहीको कार्यालयमा जाँदा कानूनी अड्चन देखाउँदै बाबुको नागरिकता वंशजको नभएको भन्दै नागरिकता दिन मानेको छैन । जिल्ला प्रशासन कार्यालय, सर्लाहीले गृह मन्त्रालयले नागरिकता नदिन परिपत्र गरेको र बाबुको वंशजको आधारमा नागरिकता भए मात्रै नागरिकता दिन मिल्ने भनी विभिन्न कानूनी अड्चन देखाई नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय सर्लाहीले इन्कार गरेको छ । यस्तै किसिमका प्रतिक्रिया बरहथवा नगरपालिकाको कार्यालय, सर्लाहीबाट पनि आयो । हाम्रो आमा वंशजको नागरिकता भए पनि कानूनी अड्चन देखाउँदै विपक्षीहरूले हाम्रो नागरिकता नबनाएको कारणले हामी एउटा सिमकार्ड जस्तो अति आवश्यक सामाग्रीसमेत किन्न पाएका छैनौं, पासपोर्ट बनाउन, बैंकमा खाता खोल्न, जागिरको लागि फाराम भर्नसमेत पाएका छैनौं, स्थानीय तहबाट प्राप्त हुने विभिन्न खाले प्राविधिक तालिम, रोजगार कार्यक्रमहरूबाट समेत वञ्चित हुँदै आएका छौं । नागरिकको नैसर्गिक अधिकारको रूपमा रहेको नागरिकताको अधिकार र सोको अभावमा नेपालको संविधानको धारा १८ को समानताको हक, धारा ३१ को शिक्षासम्बन्धी हक र धारा ३३ को रोजगारीको हकलगायतको मौलिकहरूको गम्भीर उल्लङ्घन भई हामी निवेदकहरु अन्यायमा परेकाले सम्मानित सर्वोच्च अदालतबाट यसभन्दा अगाडि स्थापित नजिरहरूको विरूद्धसमेत भएकोले नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम असाधारण क्षेत्राधिकार ग्रहण गरी सम्मानित अदालतसमक्ष यो निवेदन पेस गरेका छौं ।

मिति २०७७।११।१६ गते कृषि विकास बैंक लिमिटेड, कोटेश्वर, काठमाडौंको कार्यालयमा खाता खोल्ने फाराम भरी खाता खोलाउन जाँदाखेरि हाम्रो नेपाली नागरिकताको प्रमाणपत्र नरहेको भन्दै हाम्रो नाममा खाता खोल्न इन्कार गरेको छ । जसकारण मैले अध्ययन गर्नको लागि चाहिने अति आवश्यक रकम, भर्ना शुल्क, परीक्षा शुल्क, तयारी कक्षाको लागिसमेत पैसा समयमा प्राप्त हुन सकेको छैन । दैनिक खर्च गर्नको लागिसमेत गाह्रो भएको छ । घरबाट पैसा पठाउनसमेत कठिनाई भइरहेको अवस्था छ ।

नेपालको संविधानको धारा १०(१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । धारा ११(२) यो संविधान प्रारम्भ हुँदाको बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छः- उपधारा २(ख) मा कुनै व्यक्तिको जन्म हुँदा बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति नागरिकता पाउने व्यवस्था छ । यस व्यवस्थाअनुसार हाम्रो जन्म हुँदाको बखत हाम्रो आमा नेपाली नागरिक रहेको र वंशजको आधारमा समेत नागरिकता प्राप्त गरेको हुनाले यस व्यवस्थाबमोजिम हामीले नेपाली नागरिकता पाउन हाम्रो मौलिक र संवैधानिक अधिकार हुँदाहुँदै पनि विपक्षीहरूले हामीलाई नागरिकता नदिई हाम्रो मौलिक हक तथा हाम्रो मानव अधिकारको समेत गम्भीर उल्लङ्घन गरेको अवस्था छ । यसैगरी हाम्रो आफ्नै दिदी मेघा साह भन्नेले पनि २०७४ सालको council for technical education and vocational training बाट अति राम्रो अङ्क ल्याई नर्सिङ उत्तीर्ण गरी भर्ना लिन जाँदा नागरिकताको अभावले गर्दा मात्र भर्ना गर्न नमानेपछि मेघा साह विरूद्ध नेपाल नर्सिङ परिषद्समेतको मुद्दा नं. (०७४-WO-०८४५) बमोजिम नागरिकता प्रमाणपत्र पाइसकेको अवस्था रहेको छ । एउटै आमाबुबाका सन्तान हामी तीनजना रहेका छौं । हामीले जिल्ला प्रशासन कार्यालय, सर्लाही र बरहथवा नगरपालिकाको कार्यालयमा निवेदन लिएर जाँदा पनि यस फैसलाको पूर्ण पाठ लिएर जाँदा पनि विपक्षीहरूले हामीलाई नागरिकता दिनबाट इन्कार गरेको थियो ।

नेपालको संविधानको धारा १० र धारा ११(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति नागरिकता प्राप्त गर्ने स्पष्ट प्रावधान रहेकोले र मेरो आमाको वंशजको आधारमा नागरिकतासमेत रहेको र नागरिकता राष्ट्रियताको हक तथा संविधान प्रदत्त मौलिक हकसमेतको संरक्षण हेतु नागरिकताको प्रमाण पत्र पाउनको लागि विपक्षी कार्यालयमा रीतपूर्वक मैले पेस गरेको गरेको निवेदनबमोजिम तत्काल आमाको नाममा नागरिकता प्रदान गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन मागदाबी ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको मनासिब आधार, कारणसहित यो

आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५(पन्ध्र) दिनभित्र प्रत्यर्थी नं.१, ३ र ५ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. २ र ४ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू । साथै, निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा रिट निवेदकले आमा र बाबु दुवैको नागरिकताको प्रतिलिपि संलग्न गरी रिट निवेदन गरेको देखियो । साथै, निवेदकले निवेदक नेपालमै जन्मिएको तथा अध्ययन गरेको निज निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र नभएसम्मको कारणबाट निजलाई कृषि विकास बैंकको खाता खोल्नबाट वञ्चित भई निवेदकले खाता खोल्न पाउने अधिकारमा असर पर्न सक्ने देखिएकोले यस निवेदन अन्तिम टुङ्गो नलागेसम्म निवेदकको शैक्षिक प्रमाणपत्रसमेतका आधारमा निजलाई बैंकमा खाता खोल्न पाउने सेवा सुविधाबाट वञ्चित नगराउनु भनी कृषि विकास बैंक लिमिटेड, कोटेश्वर, काठमाडौंको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीलाई दिनु भन्नेसमेत बेहोराको मिति २०७८।१२।२२ मा यस अदालतबाट भएको आदेश ।

मतदाता नामावली ऐन, २०७३ को दफा ६ मा नेपाली नागरिक, आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिमा अठार वर्ष उमेर पूरा भएको र कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिने छ भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा २३ मा अन्तिम मतदाता नामावलीमा नाम दर्ता भएको, मतदाता परिचयपत्र प्राप्त प्रत्येक मतदाताले निर्वाचनमा मतदान गर्न पाउने छ भन्ने कानूनी व्यवस्था रहेको छ । मतदाताको नाम दर्ता गर्न नेपाली नागरिक हुनुपर्ने, नागरिकताको विवरणको आधारमा नै मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने तथा कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम भएको व्यक्तिको मात्र निर्वाचनमा उम्मेदवार हुन वा मतदान गर्न सकिने व्यवस्था कानूनले नै सुनिश्चित गरेको हुँदा निवेदकले यसमा अन्यथा भन्न मिल्ने अवस्था देखिँदैन । नागरिकता प्राप्त नगरेको व्यक्ति मतदाता हुन नसक्ने साथै मतदाता नभएको व्यक्ति निर्वाचनमा सहभागी हुन नसक्ने हुँदा नागरिकताबिना मतदान गर्न पाउँ भनी लिएको जिकिर कानूनसम्मत नदेखिँदा रिट निवेदन खारेज गरिपाऊँ । निवेदकले हाल तत्काल आमाको नामबाट नागरिकता पाउँ भनी लिनु भएको जिकिरका सम्बन्धमा नागरिकता प्रदान गर्ने विषय निर्वाचन आयोगको क्षेत्राधिकारमा नपर्ने भएकोले उक्त विषयमा यस आयोगलाई विपक्षी बनाइरहनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको निर्वाचन आयोगको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ । साथै, निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा गृह मन्त्रालय संवेदनशील छ । कुनै पनि नागरिकले संविधान तथा सङ्घीय कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहँदैन । मन्त्रालयले संविधान एवं कानूनले तोकिदिएको अधिकारक्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आना कामकारबाही सञ्चालन गरिरहेको छ । यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको नहुँदा बिनाआधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

विपक्षी रिट निवेदकको रिट निवेदन झुट्टा हो । विपक्षीको बुबाको नागरिकता प्रमाणपत्र जन्मको आधार रहेकोले निजले हालको प्रावधानअनुसार वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने कानूनी व्यवस्था नरहेको र गृह मन्त्रालयको च.नं. ४९१, मिति २०७०।१२।२० को परिपत्रद्वारा नेपाल नागरिकता ऐन (पहिलो संशोधन) अध्यादेश, २०७०।१२।१२ देखि निष्क्रिय हुने भएकोले सो व्यवस्थाबमोजिम नागरिकता प्रमाणपत्र जारी नगर्ने नेपाल सरकार (मा.उप.प्र.म. तथा गृहमन्त्रीस्तर) बाट मिति २०७०।१२।११ को निर्णय प्राप्त भई निर्देशनसमेत प्राप्त भएको सन्दर्भमा निजले यस कार्यालय विरुद्ध गरेको रिट निवेदन त्यहाँ सम्मानित अदालतमा निराधार झुट्टा बेहोरा उल्लेख गरी दायर गरेको हुँदा खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, सर्लाहीको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

## आदेश खण्ड

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकहरु अन्जली साह र रोहितकुमार साहको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रक्षाराम चमारले निवेदकहरूका आमा रजनीगन्धा साहले निवेदकहरु जन्मनुअगाडि नै मिति २०५२।०८।२६ मा जिल्ला प्रशासन कार्यालय, धनुषाबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी छन् भने बाबुले पनि जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट मिति २०६३।१२।१७ मा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन् । यसरी निवेदकहरूको आमा बाबु दुवै नेपाली नागरिक रहेकोमा कुनै विवाद छैन । निवेदकहरु सर्लाही जिल्ला, वरहथवा गा.वि.स., वडा नं. ८ मा जन्म भई सोही स्थानमा निरन्तर रूपले बसोबास गरी आएका छन् । उनले सबै कानूनी प्रक्रिया पूरा गर्दासमेत जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सकेका छैनन् । नागरिकताको अभावमा निवेदकहरूको उच्च शिक्षा हासिल गर्ने र रोजगारी प्राप्त गर्ने हकमा गम्भीर आघात पर्न जाने हुन्छ । अतः निवेदकहरूको मागबमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेशको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री कैलास के.सी.ले संविधानमा नागरिकतासम्बन्धी भएका कतिपय व्यवस्थाहरु स्वतः कार्यान्वयन हुने प्रकृतिका होइनन् । ती व्यवस्थाहरु कानून बनेपछि मात्र क्रियाशील हुन्छन् । हाल त्यस्तो कानून बन्ने प्रक्रियामा रहेको छ । हतार गरी नागरिकता बाँड्नु उपयुक्त नहुने हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

उपर्युक्तबमोजिम दुवैतर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा, निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

हामी रिट निवेदकहरु सर्लाही जिल्ला, बरहथवा नगरपालिका, वडा नं. ८ मा जन्म भई स्थायी रूपमा बसोबास गर्दै आएको शिक्षित नेपाली नागरिक हौं । निवेदिका अन्जलीकुमारी साहले एस.एल.सी. डिअना पब्लिक इंग्लिस स्कुल, काठमाडौंबाट र निवेदक रोहितकुमार साहले लिवरपूल माध्यमिक स्कुल, नयाँ बानेश्वर, काठमाडौंबाट पास गरेका हौँ । निवेदिका अन्जलीकुमारी साह केपिटल कलेज एण्ड रिसर्च सेन्टर बालकुमारी, काठमाडौं र निवेदक रोहितकुमार साह अम्बिसन एकेडेमी माध्यमिक स्कुल, नयाँ बानेश्वर, काठमाडौंबाट दश जोड दुई पास गरी हाल निवेदिका अन्जलीकुमारी साह त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको स्वयम्भू अन्तर्राष्ट्रिय कलेजमा ग्र्यजुएट गर्दै आइरहेको अवस्था छ भने निवेदक रोहितकुमार साह नागरिकता नभएको कारणले गर्दा उच्च शिक्षा हासिल गर्न पाइरहेको छैन । हामी निवेदकहरूको आमा रजनीगन्धा साहको नागरिकता नं. ८३३३४०९९ जारी मिति २०५२।८।२६ गते जिल्ला प्रशासन कार्यालय, धनुषाबाट वंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्नुभएको हो । हाम्रो बाबुले नागरिकता नं. १९३०७९/९६५ जारी मिति २०६३।१२।१७ गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट जन्मको आधारमा नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गर्नुभएको हो । हाम्रो आमा वंशजको नागरिकता भए पनि कानूनी अड्चन देखाउँदै विपक्षीहरूले हाम्रो नागरिकता नबनाई दिएका कारणले हामी एउटा सिमकार्डजस्तो अति आवश्यक सामाग्रीसमेत किन्न पाएका छैनौं, पासपोर्ट बनाउन, बैंकमा खाता खोल्न, जागिरको लागि फाराम भर्नसमेत पाएका छैनौं, स्थानीय तहबाट प्राप्त हुने विभिन्नखाले प्राविधिक तालिम, रोजगार कार्यक्रमहरूबाट समेत वञ्चित हुँदै आएका छौं । नेपालको संविधानको धारा ११ मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले नागरिकता प्राप्त गर्ने स्पष्ट प्रावधान रहेकोमा मेरो आमाको वंशजको आधारमा नागरिकतासमेत रहेको अवस्थामा नागरिकताको प्रमाण पत्र पाउनको लागि विपक्षी कार्यालयमा रीतपूर्वक निवेदन दिंदा पनि नदिएको अवस्था हुँदा तत्काल आमाको नामबाट नागरिकता प्रदान गर्न गराउन भनी विपक्षीहरूका नाममा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन मागदाबी रहेको देखिन आयो ।

यसैगरी, संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ । साथै, निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा गृह मन्त्रालय संवेदनशील छ । कुनै पनि नागरिकले संविधान तथा सङ्घीय कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहँदैन । मन्त्रालयले संविधान एवं कानूनले

तोकिदिएको अधिकारक्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना कामकारबाही सञ्चालन गरिरहेको छ । यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको नहुँदा बिनाआधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ रहेको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदकहरूमध्येकी अन्जलीकुमारी साहको जन्ममिति २०५६।०५।२७ मा र रोहितकुमार साहको मिति २०५८।०३।०७ मा बुबा सञ्जयकुमार साह तेली र आमा रजनीगन्धा साहबाट भएको भन्ने कुरा स्थानीय पञ्जिकाधिकारीको कार्यालय, सर्लाहीबाट जारी भएको जन्मदर्ताको प्रमाणपत्रबाट देखिन आयो । निवेदकहरूका आमा रजनीगन्धा साहले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट मिति २०५२।८।२६ मा वंशजको आधारमा र बाबु सञ्जयकुमार साह तेलीले जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट मिति २०६३।१२।१७ मा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । यसबाट रिट निवेदकहरूका आमा बाबु दुवै नेपाली नागरिक रहेको र निवेदिकाको जन्म हुनुअगावै आमाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने देखिन आयो । नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्थालाई हेर्दा, नेपालको संविधानको धारा १० देखि धारा १५ सम्म नागरिकतासम्बन्धी व्यवस्था भएको पाइन्छ । रिट निवेदकहरूले माग गरेको विषयहरूको सन्दर्भमा नेपालको संविधानको धारा ११ को उपधारा (३) सान्दर्भिक हुने देखिन्छ । नेपालको संविधानको धारा ११ को उपधारा (३) मा देहायबमोजिमको व्यवस्था रहेको पाइन्छः- "यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछ भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ ।"

३. उल्लिखित संवैधानिक व्यवस्था अनुसार कुनै व्यक्तिको बाबु र आमाले नेपालको संविधान प्रारम्भ हुनुभन्दा अगाडि नै जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको रहेछ भने त्यस्ता व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था देखियो । नेपालको संविधान मिति २०७२ साल असोज ३ गतेदेखि प्रारम्भ भएकोमा रिट निवेदकहरूका बाबु संजय साहले सो अगाडि नै मिति २०६३।१२।१७ मा जन्मको आधारमा र आमा रजनीगन्धा साहले मिति २०५२।८।२६ मा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ ।

४. नेपालको नागरिकता प्राप्ति, समाप्ति र तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्न नेपाल नागरिकता ऐन, २०६३ प्रचलनमा रहेको छ । सो ऐनको दफा ३ ले वंशजको नाताले नेपालको नागरिकता प्राप्तिका विषयमा र दफा ८ ले नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि आवश्यक पर्ने सर्त र प्रक्रियाहरूको बारेमा उल्लेख गरेको पाइन्छ । उक्त दफा ३ को उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ" भन्ने व्यवस्था र दफा ८(१) ले "दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसैगरी, नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिसम्बन्धी व्यवस्था गरेको पाइन्छ । उक्त ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम वंशजको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि १६ वर्ष उमेर पूरा भएको हुनुपर्ने कुरालाई स्पष्ट गरेको छ । प्रस्तुत रिट निवेदनमा रिट निवेदकहरूको जन्म मितिको अवस्थालाई हेर्दा निजहरूको यस अदालतमा निवेदन दिँदाको अवस्थामा उमेर १६ वर्ष पूरा भइसकेको देखिँदा नेपालको नागरिकता प्राप्त गर्न कानूनबमोजिमको उमेर पुगेको देखिन्छ ।

५. नागरिकता व्यक्तिको पहिचानसँग जोडिएको अत्यन्तै महत्त्वपूर्ण अधिकार हो । यो व्यक्तिको राष्ट्रियताको अधिकारसँग पनि सम्बन्धित रहेको हुन्छ । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने नागरिक, राजनीतिक, आर्थिक लगायतका अधिकार प्राप्त गर्ने आधार नागरिकता नै हो । संविधान र कानूनले निर्धारित योग्यता पूरा गरेको व्यक्तिले नागरिकता प्राप्त गर्नु निजको अधिकारभित्र पर्ने विषय भए तापनि नागरिकता प्राप्त नहुँदा राज्यद्वारा प्रदत्त सुविधा तथा अधिकारहरूको उपभोग गर्ने अधिकारबाट वञ्चित हुनुपर्ने अवस्थाको सिर्जना हुन पुग्दछ । नागरिकता

प्राप्त नगरेकै कारण राज्यबाट प्रदत्त हक अधिकार तथा सुविधाको उपभोग गर्नबाट कोही पनि व्यक्ति वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले नै संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ । नेपालको संविधान र कानूनी व्यवस्थाका अलावा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा पनि राज्यले आफ्ना नागरिकलाई बिनाभेदभाव नागरिकता प्रदान गर्नुपर्ने मान्यतालाई आत्मसात् गरेको पाइन्छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR), १९४८ को धारा १५ ले "प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार हुने छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन" भन्ने व्यवस्था गरेको छ । यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को धारा २४ ले "प्रत्येक बालकलाई जन्मेपछि तत्कालै दर्ता गरिने र निजको नाम राखिने छ । प्रत्येक बालकलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ" भन्ने व्यवस्था गरेको पाइन्छ । महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मुलन गर्ने महासन्धि (CEDAW), १९७९ को धारा ९(२) ले "पक्ष राष्ट्रहरूले महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरुषसरहको समान अधिकार प्रदान गर्ने छन्" बाल अधिकारसम्बन्धी महासन्धि (CRC), १९८९ को धारा ७ ले "जन्मनासाथ बालबालिकालाई दर्ता गरिने छ र बालबालिकाले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउने छन्" भन्ने व्यवस्था गरेको पाइन्छ ।

६. यसरी नेपालले माथि उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिहरूलाई अनुमोदनसमेत गरी महासन्धिबाट सिर्जित भएका दायित्वहरूलाई स्वीकार गरी सोबमोजिमका व्यवस्थाहरूलाई संविधान तथा कानूनमा अङ्गीकार गरेको पाइन्छ । रिट निवेदिकाले प्रस्तुत गरेका निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, बाबुआमाको नागरिकताको प्रतिलिपि तथा विद्यालयका चारित्रिक प्रमाणपत्रहरूबाट निज सारभूत रूपमा नेपाली नागरिक हो भन्ने स्पष्ट देखिरहेको अवस्थामा कार्यविधिगत बाधा अड्चनहरूलाई देखाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान नगर्नु उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्था, नेपालको संविधान तथा कानूनविपरीत हुन आउने देखियो ।

७. यसैगरी नागरिकताको विषयमा यस अदालतबाट बेलाबखत व्याख्या भई कानूनी सिद्धान्तहरु प्रतिपादन भएकोसमेत देखिन्छ । निवेदक सविना दमाईसमेत विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयसमेत भएको परमादेश मुद्दामा (ने.का.प. २०६८, अङ्क २ पृष्ठ २४७, नि.नं. ८५५७, मुद्दा नं. ०६७-WO-०७०३) "तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाईको सामना गर्नुपर्ने कुरा स्वीकार्य नहुने" भनी सिद्धान्त प्रतिपादन भएको छ । यसैगरी लक्ष्मीकुमारी शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत (ने.का.प. २०७७, असार, नि.नं. १०४५८) रहेको उत्प्रेषण मुद्दामा "विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा सङ्घीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधान अनुकूल हुने नदेखिने" भनी सिद्धान्त प्रतिपादनसमेत भएको देखिन्छ । यसैगरी नागरिकता प्राप्त गर्न नसकेका कारणबाट संविधान प्रदत्त हक उपभोग गर्नसमेत वञ्चित गरिएकोमा अन्याय हुने भन्ने सम्बन्धमा यसै अदालतबाट सुनिल साह विरूद्ध डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत भएको (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३४१) उत्प्रेषणको रिट निवेदनमा "एउटा सन्तानले समान हैसियत र अवस्थामा नागरिकता प्राप्त गर्ने र अर्को सन्तानले नागरिकताविहीनताको असहज परिस्थितिको सामना गर्नुपर्दा समानता र समन्याय पराजित हुन पुग्दछ । यस्तो अवस्था स्वीकार्य हुन नसक्ने ।" भनी सिद्धान्तहरूसमेत प्रतिपादन भएको पाइन्छ ।

८. नेपालको संविधानमा उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा छलफलको क्रममा रहेको हुँदा पारित भएपछि सो बमोजिमको आवश्यक प्रक्रिया पूरा गरेको खण्डमा निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिन्छ भन्ने विपक्षीहरूको लिखितजवाफ रहेको देखिन्छ । निवेदकहरूका बाबु संजय साह तेलीले जन्मको आधारमा र आमा रजनीगन्धा साहले वंशजको आधारमा नेपालको संविधान जारी हुनुअगावै दुवैले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र

निवेदकहरु नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेरसमेत पुगी सकेका कारणबाट योग्य भइसकेको तथा नेपालको संविधानको धारा ११(३) मा नै स्पष्ट रुपमा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने छ भन्ने उल्लेख भइरहेको संवैधानिक प्रावधान तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) ले कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ भनी उल्लेख भइरहेको परिप्रेक्ष्यमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित नभएसम्म भन्ने कारण देखाई निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र दिन रोक्नु उचित देखिएन । निवेदकहरूको बाबु आमा दुवैले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको देखिएकोले सोही आधारबाट निवेदकहरूले समेत नेपालको संविधानको धारा ११(३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को आधारमा नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने नै देखिन्छ ।

९. तसर्थ, निवेदकहरूमध्येकी अन्जलीकुमारी साहको जन्म मिति २०५६।०५।२७ मा र रोहितकुमार साहको मिति २०५८।०३।०७ मा बुबा सञ्जयकुमार साह तेली र आमा रजनी गन्धा साहबाट जन्म भएको भन्ने कुरामा विवाद देखिएन । आमा रजनीगन्धा साह वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति भएको, निजका बाबुसमेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति देखिएको र निवेदकहरु नेपालको सर्लाही जिल्ला, वरहथवा गा.वि.स., वडा नं. ८ मा जन्मिएको भन्ने जन्मदर्ताको प्रमाणपत्र पेस हुन आएको देखिएको हुँदा जे जो कानूनबमोजिमको प्रक्रिया पूरा गर्नुपर्छ । सो प्रक्रिया पूरा गरी निवेदकहरु अन्जलीकुमारी साह र रोहितकुमार साहलाई नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिनु, दिलाउनु भनी विपक्षीहरूका नाममा नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.नहकुल सुवेदी

इजलास अधिकृत (उपसचिव):- चेतराज पन्त

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम् ।

# ५१ निक्कीकुमारी झा
विरूद्ध
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल मंसिर ०६ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायधीश श्री प्रकाश कुमार ढुंगाना**
**आदेश**
०७८-WO-१२०१

**मुद्दा : उत्प्रेषणसमेत ।**

ध्रुवनारायण झाको छोरी धनुषा जिल्ला, विदेह नगरपालिका वडा नं. ३ बस्ने निक्कीकुमारी झा ..........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं ..........१

नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, धनुषा ..........१ विपक्षी

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ (२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

**तथ्य खण्ड**

१. धनुषा जिल्ला, जनकपुर उप-महानगरपालिका वडा नं. १० बस्ने बुवा ध्रुव नारायण झा तथा आमा सुनैना देवी झाको कोखबाट मिति २०५४/१०/१५ मा आफ्नै घरमा जन्म भएको हो । मेरो बुवा र आमा दुवै नेपाली नागरिक हुनु हुन्छ । आमाले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु भएको छ भने बुवाले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु भएको छ । म निवेदक नेपालमा जन्मी नेपालमै स्नातक तह सम्मको अध्ययन पुरा गरि रोजगारीको साथै उच्च शिक्षा अध्ययनको लागि प्रयासरत रहेको छु । मसँग नागरिकताको प्रमाणपत्र नहुँदा मैले रोजगारीको लागि कुनै प्रतिस्पर्धामा भाग लिन, उच्च शिक्षा अध्ययनको लागि भर्ना हुन, बैंक खाता खोल्न साथै एब्ल नम्बर लिन नसक्दा धेरै अवसरहरू गुमाएको ब्यहोरा निवेदन गर्दछु । नागरिकता प्रमाणपत्रको अभावमा आफ्नो मताधिकारबाट समेत बञ्चित भएको छु । म निवेदकको मिति २०७५/१०/४ गते धनुषा जिल्ला विदेह नगरपालिका वडा नं. ३ बस्ने राहुल कुमार झासँग विवाह भएको अवगत गराउन चाहान्छु । मिति २०७६/२/२६ गते स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा हाम्रो विवाह दर्ता गरेका छौ । मलाई स्नातकोत्तर तहको प्रवेश परिक्षामा सामेल हुन नागरिकताको आवश्यकता परेको हुँदा नागरिकता प्रमाणपत्र बनाउन अनुसूची १ को फाराम भरी सो अनुसूची फाराममा वडा कार्यालयले सिफारिस गरेको हुँदा सो सिफारिस सहित मेरो विवाह दर्ता प्रमाणपत्र, पतिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, मेरो आमा र बुवाको नागरिकता प्रमाणपत्र तथा म निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरूसमेत संलग्न गरि जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन पेश गर्दा तँपाईको बुवाको नागरिकता जन्मको आधारमा रहेको र तँपाईको बुवाले तँपाईको जन्म पछि मात्रै नागरिकता प्रमाणपत्र प्राप्त गर्नु भएको हुँदा हाल तँपाईलाई नागरिकता प्रदान गर्न सकिदैन भनी म निवेदकको नाममा नागरिकता जारी गर्न मौखिक रूपमा ईन्कार गर्नुभयो । इन्कारीको कारण लिखित रूपमा दिन अनुरोध गर्दा हामी लिखित रूपमा दिंदैनौ भनी मेरो अनुसूची फाराममा लागेको तोकलाई केरी त्यसको छेउमा जन्म लेखी अदालतबाट नै जन्मको नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई नागरिकता जारी गर्न रोकेको हुँदा तँपाईको नागरिकता जारी गर्न सक्दैनौ भनी मेरो अनुसूची फाराम सहितको निवेदन

समेतका कागजातहरु मलाई नै फिर्ता गर्नु भई मलाई पतिको ठेगाना एवम् सनाखतबाट नागरिकता जारी गर्न ईन्कार गर्नु भएको हुँदा म निवेदक मेरो नेपाली नागरिकताको प्रमाण पत्र पाउने हकवाट बञ्चित हुन पुगेको छु ।

२. नेपालको संविधानको धारा १० (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने र धारा ११(२) (ख) मा कुनै ब्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो ब्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने ब्यवस्था छ । त्यस्तै धारा ११ (३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने ब्यवस्था रहेको छ । मेरो आमा र बुवा दुवै नेपाली नागरिक हुनुका साथै नागरिकता प्रमाणपत्र प्राप्त ब्यक्ति भएको र नेपालको संविधानको धारा ११(२) (ख) अनुसार पनि मेरो जन्म हुँदा मेरो आमा बुवा नेपाली नागरिक नै भएको तर नागरिकता प्रमाणपत्र भने आमाले मात्र प्राप्त गर्नु भएको अवस्थासम्म हो । म निवेदक नेपालको संविधानको धारा ११ (२) (ख) बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्ति हुँ । मैले नेपालको संविधानको धारा ११(३) अनुसार वंशजको नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि सम्पूर्ण प्रक्रिया पूरा गरेर जिल्ला प्रशासन कार्यालय धनुषामा जाँदा ताहाँबाट मेरो नागरिकता बन्न नसक्ने भन्दै सो को कारणमा म निवेदकको बाबुको नागरिकता जन्मको आधारमा रहेको, बुवाले मेरो जन्म पश्चातमात्र नागरिकता लिनु भएको हुँदा हालको कानूनी ब्यवस्थामा मलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने स्पष्ट कानूनी आधार नभएको भनी वंशजको नागरिकता प्रमाणपत्र जारी गर्न ईन्कार गरियो । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्ति भन्ने शिर्षक अन्तर्गत उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने ब्यवस्था गरी वंशजको परिभाषा भित्र बाबु अथवा आमालाई राखेको छ । नागरिकता लिन चाहने व्यक्तिले कसको नामबाट नागरिकता लिने भनी छान्न पाउने अधिकारसमेत कानूनले प्रदान गरेको स्पष्ट छ ।

३. नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएको मानव अधिकार सम्बन्धि आधारभूत दस्तावेज मानिने सबै महासन्धिहरूलाई नेपालले स्वीकार गरिसकेको छ । नेपालको संविधानको धारा २७९ मा सम्झौताको अनुमोदन, सम्मिलन र स्वीकृति सम्बन्धमा कानूनबमोजिम हुनेछ । संविधानको उक्त प्रावधानलाई आत्मसात गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । सन्धिमा उल्लेख भए बमोजिम नै हाम्रो संविधान र कानून समेतले पनि आमा वा बुवाले आफ्ना छोरी र छोरीलाई नागरिकता अर्थात् पहिचान दिन सक्ने हक प्रदान गरेको छ । यसरी माथि प्रकरण प्रकरणमा उल्लेख भएबमोजिम नागरिकता दिने अधिकारीले कानून तथा संविधानको ब्यवस्थाको आफूखुशी ब्याख्या गर्ने र सेवाग्राही प्रतिको अनुत्तरदायी व्यवहारका कारणले निवेदकले नागरिकता नपाएको हुनाले निवेदकलाई नेपाली नागरिकता दिनू भनी विपक्षीहरूको नाममा परमदेशसमेतको आदेश जारी गरीपाउँ भन्नेसमेत बेहोराको निवेदन ।

४. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले १५ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ पेस गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद पठाइ म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै निवेदीकाले अन्तरिम आदेश मागगरेको सन्दर्भमा विचार गर्दा यी निवेदीकाको बुवा ध्रुवनारायण झाले जन्मको आधारमा र आमा सुनैनादेवी झाले वंशजको आधारमा नागरिकता प्राप्त गरी नेपाली नागरिक रहेको देखिएको अवस्थामा यी निवेदीका निक्कीकुमारी झाले नेपालको संविधानको धारा ११(२)(ख) र ११(३) तथा नागरिकता ऐन, २०६३ को दफा ३(१) मा रहेको प्रावधानसमेतका आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने देखिए पनि हाल निवेदीकाले नेपाली नागरिकता प्राप्त गरी

नसकेको र प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो लाग्न समय लाग्ने अवस्थामा निवेदीकाले संविधान प्रदत्त नागरिक हक अधिकार उपभोग गर्नबाट बञ्चित हुन पर्दा निवेदीकालाई गम्भीर र दुरगामी असर पर्न जाने देखिएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यी निवेदीकालाई शैक्षिक संस्थाहरूमा अध्ययनका लागि भर्ना हुन, सिमकार्ड किन्न, बैक खाता खोल्न, रोजगारी तथा नोकरीको लागि दरखास्त दिन, कुनै पनि सम्भाव्य उम्मेदवारको हैसियतमा प्रतिस्पर्धात्मक परीक्षामा संलग्न हुन, सवारी चालक अनुमति पत्र लिन, सवारी साधन किन्न, मुद्दा मामिला गर्न, गैरसरकारी संस्था दर्ता गर्न, बसाइसराइको प्रमाणपत्र लिन, PAN Number लिन, व्यवसाय दर्ता गर्न, No obligation letter लिने लगायतका नागरिक हक अधिकारको उपभोग गर्ने, गराउने कार्यमा रोक नलगाउनू तथा बञ्चित गर्ने कार्य नगर्नू, नगराउनू भनी विपक्षीहरूका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८(२) (क) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७९/०१/०५ को आदेश ।

५. नेपालको संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवम् अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध एवम् संवेदनशील छ । कुनै पनि नागरिकले संविधान तथा संघीय कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पुरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानून प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नगारिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहदैन । मन्त्रालयले संविधान एवं कानूनले तोकिदिएको अधिकारक्षेत्र भित्र रही कानून बमोजिमको प्रक्रिया अपनाई आफ्ना काम कारबाही सञ्चालन गरिरहेको छ । रिट निवेदकले यस मन्त्रालयको के कस्तो काम कारबाहीबाट निजको संवैधानिक हक अधिकार हनन् भएको हो ? कही कतै खुलाउन सक्नु भएको छैन । बिना आधार र कारण यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार गृह मन्त्रालयको तर्फबाट ऐ. का सचिव टेकनारायण पाण्डेको लिखित जवाफ ।

६. नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, धनुषाको तर्फबाट म्यादभित्र लिखित जवाफ पेश नभएको ।

**अदालतको आदेश**

७. नियमबमोजिम दैनिक तथा साप्ताहिक पेशी सुचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सुषमा गौतमले निवेदक निक्की कुमारी झा नेपाली नागरिकता प्राप्त नेपाली नागरिकको छोरी भएको, निजको मिति २०७५/१०/०४ मा शशीकान्त झाको छोरा राहुल कुमार झासँग विवाह भएको कुरामा कुनै विवाद छैन । निजको बाबु ध्रुब नारायण झाले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट मिति २०६३/१२/१६ मा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको मिसिल संलग्न नागरिकताको प्रमाणपत्रबाट देखिन्छ । नेपालको संविधानको धारा ११(२) (ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) को व्यवस्था अनुसार यी निक्की कुमारी झा वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । कानूनी प्रक्रिया पूरा गरी विपक्षी जिल्ला प्रशासन कार्यालयमा पतिको नामबाट नागरिकता पाउँ भनी निक्की कुमारी झाले निवेदन दिएकोमा विपक्षी प्रमुख जिल्ला अधिकारीले बाबुले जन्मको आधारमा नागरिकता प्राप्त गरेको देखिएकोले निवेदकलाई वंशजको नागरिकता प्रदान गर्न नमिल्ने भनी मौखिक आदेश गरेको हुँदा निवेदक निक्की कुमारी झाको नागरिकता प्राप्त गर्ने संवैधानिक हकलगायत कानूनी हकबाटसमेत बञ्चित हुनु परेको छ । विपक्षीको उक्त कार्य नेपालको संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्ताबेज समेतको विपरीत छ । निवेदकलाई पतिको नामबाट नागरिकता दिनु भनी विपक्षीहरूको नाममा परमादेश लगायतको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो ।

८. विपक्षी गृह मन्त्रालयसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोलाले विपक्षीहरूले निवेदकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पूरा गर्नुपर्छ । निवेदकहरूले आफ्ना बुबा भनी उल्लेख

गरेको ध्रुब नारायण झा सँगको नाता प्रमाणित कागज लगायतका प्रमाण कागज पेस भएका बखत नागरिकता दिने भनेकोमा निवेदहरूको बाबु सँगको नाता खुल्ने प्रमाण कागज पेस नगरेको अवस्थामा नागरिकता नदिएको भनी व्यहोरा ढाँटी पेस गरेको रिट निवेदन खारेज गरिपाउँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो ।

९. उल्लिखित बहस जिकिरसमेत सुनी निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

१०. निर्णयतर्फ विचार गर्दा निवेदक निक्कीकुमारी झा धनुषा जिल्ला विदेह नगरपालिका वडा नं. ३ घर भएका ध्रुव नारायण झा र सुनैना देवी झाको वैवाहिक सम्बन्धबाट जन्म भएको र निवेदकले New English Boarding Secondary School, Janakpurdham, Dhanusha बाट मिति २०७३ सालमा १२ कक्षा समेत उतिर्ण गरेको अवस्था छ । निवेदकको विवाह जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं. ३ बस्ने शशिकान्त झाको छोरा राहुल कुमार झासँग मिति २०७५/१०/०४ मा सम्पन्न भएपश्चात निवेदकले नेपाली नागरिकता प्राप्तीका लागी यस अदालतमा मिति २०७८/१२/३० गते रिट निवेदन दायर गरेको देखिन्छ । निवेदकले नागरिकता प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन दिएकोमा जिल्ला प्रशासन कार्यालयबाट बाबुसँगको नाता प्रमाणित हुने कागजात पेश नगरेको र पतिको नामबाट नागरिकता दिन नमिल्ने भनी मौखिकरूपमा नागरिकता दिन इन्कार गरियो भन्ने निवेदकको निवेदन दावी रहेको देखियो ।

११. निवेदनसाथ संलग्न कागज प्रमाणका प्रतिलिपि हेर्दा निवेदकको आमा सुनैनादेवीले सगरमाथा अञ्चल, सिराहा जिल्ला, सिलोवो गाउँ पञ्चायतबाट मिति २०४५/०१/२६ मा वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको नागरिकताको प्रतिलिपि, निवेदकको बाबुले जन्मको आधारमा प्राप्त गरेको नेपाली नागरिकताको प्रतिलिपि, निवेदकको श्रीमान राहुल कुमार झाको वंशजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निवेदकको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत मिसिल संलग्न गरेबाट निवेदक निक्कीकुमारी झालाई आमा वा पतिको नागरिकता प्रमाणपत्रका आधारमा वंशजको नाताले नेपाली नागरिकता दिन कानूनमा कुनै दुविधा रहेको देखिंदैन ।

१२. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको संविधानको धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरेको पाईन्छ । यसैगरी धारा ११ को उपधारा (१) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुनेछन् । ऐ. धाराको उपधारा (२) को खण्ड (क) मा यो संविधान प्रारम्भ हुनु भन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ, कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । ऐ. धाराको उपधारा (३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । ऐ. धाराको उपधारा (७) मा यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । संविधानमा रहेको नेपालको नागरिकता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएबाट बाबु वा आमा मध्ये कुनै एक व्यक्ति नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सक्ने देखिन्छ । सो कुरा यस

अदालतले सविना दमाई समेत वि. प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयसमेत (ने. का. प. २०६८ अंक २ जेठ, नि. नं. ८५५७, पृ. १५५) भएको रिट निवेदनमा स्वीकार गरी सकेको अवस्था छ ।

१३. जहाँसम्म निवेदकको बाबुले निवेदक जन्मेपछि जन्मको आधारमा नागरिकता प्रमाणपत्र लिएको भन्ने प्रश्न छ बाबुले जन्मको आधारमा नेपाली नागरिकता लिएको भएतापनि निजको आमाले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको भन्ने कुरा मिसिल संलग्न निवेदकको आमा सुनैना कुमारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपिबाट देखिएकोले निवेदकहरूले नागरिकता नपाउने भन्ने हुँदैन । नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापक्षेतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमासमेत निजले वंशजको आधारमा नागरिता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्मेको भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । यहाँ निवेदकको बाबु आमा फेला नपरेको वा बाबुको पहिचान हुन नसकेको अवस्था होइन । निवेदकले आफ्नो बाबुको नाम र वतन स्पष्ट उल्लेख गरेका छन् । यसबाट निवेदकको बाबुको परिचय वा निजसँगको सम्बन्ध खासै विवादास्पद रहेको पनि देखिएन । यहाँ विपक्षी जिल्ला प्रशासन कार्यलयबाट वंशजको आधारमा नागरिकता लिन बाबुको नागरिकताको प्रमाण पेस गरेमात्र नागरिकता दिने भनी मौखिक जवाफ दिएको भन्ने कुरा उठाइएको छ । मुख्य कुरा बाबु वा आमामध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ । निवेदक त्यस्तो अवस्थामा बाबुको नागरिकता जन्मको आधारमा प्राप्त गरेको भन्ने अत्तो थापी नागरिकताको प्रमाण पत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन ।

१४. निवेदक निक्कीकुमारी झाको जन्म मिति २०५४/१०/१५ मा धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १० मा भएको भन्ने जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निवेदकको उमेर १६ वर्ष पूरा भएको भन्ने निजले पेश गरेको एस.एल.सी. को प्रमाणपत्रबाट देखिन्छ । निवेदकको आमा वंशजको नाताको नेपाली नागरिक भई सगरमाथा अञ्चल सिराहा जिल्ला सिलोवो गाउँ पञ्चायत ९ मा मिति २०२८ सालमा जन्म भएको र निजको नाममा मिति २०४५/०१/२६ मा जिल्ला प्रशासन कार्यालय, सिराहाबाट ना. प्र. नं. १६५० को नागरिकता प्रमाणपत्र जारी भएको र निवेदकको मिति २०७५/१०/०४ मा धनुषा जिल्ला विदेह नगरपालिका वडा नं. ३ बस्ने शशीकान्त झाको छोरा वर्ष ३० को राहुलकुमार झासँग सामाजिक परम्परा अनुसार विवाह भएको भन्ने कुरामा समेत कुनै विवाद नभएको हुँदा र निवेदकले नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएबमोजिमको प्रक्रिया पुरा गरी सिफारिससमेत लिएको मिसिल संलग्न नागरिकताको अनुसूची फारामबाट देखिंदा निवेदकको मागबमोजिम निजको पतिको नाम तथा आमाको नामबाट निवेदकलाई नागरिता दिन इन्कार गर्नुपर्ने कारण देखिँदैन ।

१५. नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिकता प्राप्त नगरी नागरिक तथा राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हकहरु राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन ।

१६. नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ । लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८ ( २ ) मा उल्लेख गरिएको छ । यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । समान वंशीय हक

भित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । नेपालको संविधान अर्थात् नेपालको संविधानद्धारा प्रत्याभुत हकहरु निवेदकहरूलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण देखिँदैन ।

१७. निवेदकको आमा वंशजको नेपाली नागरिक रहेको र निवेदकको जन्म नेपालमा नै भई वंशजको नेपाली नागरिकसँग निवेदकको विवाह भएको देखिएको मिसिल संलग्न प्रमाणबाट प्रष्ट हुँदा हुँदै निवेदकलाई निजको बाबुले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको भन्ने मौखिक कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकको मौलिक हक हनन् हुने देखियो । महिलाहरु उपर लिङ्को आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरातर्फ विपक्षीहरूको दृष्टि पुगेको देखिएन ।

१८. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं ०६७- WO-०७०३ ने. का. प. २०६८ नि. नं. ८५५७ अंक २ पृष्ठ २४७) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जिल्ला प्रशासन कार्यलयको नाउँमा परमादेशको आदेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मन्त्रिपरिषद्बाट मिति २०६८/०६/०६ मा गृह मन्त्रालयलाई र गृह मन्त्रालयबाट मिति २०६८/५/५ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्नेसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखियो । कानूनबमोजि अधिकारप्राप्त अधिकारीद्वारा आ□नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय, धनुषामामा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैं संवेदनशील भई यो विषय वस्तुलाई हेर्नु वान्छनीय देखिन्छ ।

१९. यसैगरी नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद २ को दफा ४ मा वंशजको नाताले नागरिकता प्राप्ति सम्बन्धि कार्यविधि शिर्षक अन्तर्गत कुनै ब्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो ब्यक्तिलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्दा देहाय बमोजिमको कार्यविधि अबलम्बन गर्नु पर्नेछ भन्ने उल्लेख गरेको छ । ऐ. दफाको उपदफा (५) मा नागरिकता प्रमाणपत्र नलिँदै विवाह भएकी नेपाली महिलाले नागरिकताको प्रमाणपत्र लिनका लागि उल्लेखित कागजातहरूका अतिरिक्त निम्न थप कागजातहरु समेत पेश गर्नु पर्नेछः- (क) विवाह दर्ता प्रमाणपत्र (ख) पति वा ससुराको नागरिकताको प्रमाणपत्र (ग) पति, सासु वा ससुरा वा जेठाजु वा देवरमध्ये कसैको सनाखत (घ) माईती पट्टीको आमा वा बाबु वा दाजु वा भाईको नागरिकताको प्रतिलिपी भन्ने उल्लेख गरि महिलाले विवाह पश्चात नागरिकता लिँदा थप कागजात सँलग्न गर्नुपर्ने व्यवस्था उक्त कार्यविधि निर्देशिकाले गरेको छ ।

२०. अतः माथि उल्लिखित आधार र कारणहरूबाट प्रस्तुत निवेदनमा निवेदक निक्कीकुमारी झाको आमा सुनैनादेवी नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको, निवेदक निक्कीकुमारी झाको नेपाली नागरिक सुनैनादेवीबाट नेपालमा जन्म भएको, निवेदकको पति नेपाली नागरिक देखिएको र निवेदकले विवाह हुनु भन्दा अघि नेपाली नागरिकता प्राप्त गरि नसकेको अवस्थामा निजको मिति २०७५ ।१० ।०४ मा राहुलकुमार झासँग विवाह भई पतिको घरमा गईसकेको अवस्था हुँदा निवेदकले पतिको वा आमाको नागरिकता पेस गरी भएसम्मको प्रमाण राखी निवेदन दिएमा नागरिकता दिन इन्कार नगर्नू भनी जिल्ला प्रशासन कार्यालय, धनुषाको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू र निवेदनको दायरीको लगत कट्टा गरी आदेशको विद्युतिय प्रति विद्युतिय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त आदेशमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव) :- निर्मलाकुमारी खड्का

कम्प्युटर अपरेटरः- पद्मा आचार्य

सम्बत् २०७९ साल मंसिर ०६ गते रोज ३ शुभम् .................. ।

# ५२ अनु श्रेष्ठ विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल मंसिर ८

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**
**माननीय न्यायाधीश श्री कुमार रेग्मी**
**आदेश**
**०७८-WO-०६५८**

**मुद्दा : परमादेश ।**

डम्बर बहादुर श्रेष्ठको छोरी मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. १६ स्थायी ठेगाना भई ऐ. ऐ. वडा नं. १२ बस्ने अनु श्रेष्ठ ........................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं ........................................१
जिल्ला प्रशासन कार्यालय, मोरङ ........................................१
जिल्ला प्रहरी कार्यालय मोरङ ........................................१
एन. एम. वि. बैंक, कुमारीपाटी, ललितपुर ........................................१ प्रत्यर्थी

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः

**तथ्यगत व्यहोराः**

१. बुवाको नाम डम्बर बहादुर श्रेष्ठ र आमाको नाम पुनम श्रेष्ठ हो भन्ने सुनेको छु । मेरो जन्म २०५० साल माघ १५ गते बिराटनगर १६ मा भई मोरङ जिल्ला बिराटनगर महानगरपालिका वडा नं. १२ स्थित संरक्षक अम्बिकादेवी प्रधानको घरमा उहाँकै संरक्षणमा स्थायी बसोबास गर्दै आएको छु । मेरो आमा र बुवा कहाँ हुनुहुन्छ, जिवित वा मृत्यु के अवस्थामा हुनुहुन्छ मलाई केही जानकारी छैन । मेरो संरक्षक अम्बिकादेवी प्रधान लगायत छरछिमेकहरूको भनाई अनुसार म गर्भमा रहँदादेखिनै मेरो बुवा सम्पर्कविहिन हुनुभएको तथा मलाई जन्म दिएको लगभग २ बर्ष पश्चातदेखि मेरो आमा पनि म काखे सन्तानलाई छोडी बिनाखबर बेपत्ता हुनु भएको हो । म निवेदक संरक्षक अम्बिकादेवीको संरक्षणमा नै बसीरहेको, मेरो आमा बुवाको नामसम्म मेरो संरक्षकलाई जानकारी भएको हुँदा मेरो शैक्षिक योग्यताको प्रमाणपत्रहरूमा बुवाको नाम उल्लेख हुनुका साथै मेरो थर समेत बुवाको थर नै रहेको छ । मेरो आमा तथा मेरो बुवाको नागरिकताको प्रमाणपत्र समेत मैले पेश गर्न सक्ने अवस्था नभएको हुँदा सोही व्यहोरा उल्लेख गरी नागरिकताको लागि सिफारिस गरिपाउन बिराटनगर महानगरपालिका वडा नं. १२ को कार्यालयमा निवेदन दिएकोमा वडा कार्यालयले संरक्षक अम्बिकादेवी प्रधानको सनाखतमा नागरिकता जारी गर्नको लागि सिफारिस दिएको छ । अनुसूची १ को निवेदन फाराममा र मिति २०७६/९/२२ गतेको बिराटनगर महानगरपालिकाको छुट्टै सिफारिस पत्र सहित जिल्ला प्रशासन कार्यालय, मोरङमा जाँदा ताहाँबाट मेरो अनुसूची फाराममा "मातृत्व र पितृत्वको ठेगान नभएकोले प्र.स. गरी नियमानुसार आ.का.' भनी नागरिकता फाँटलाई तोक लगाएपछि प्रहरी सर्जमीन बुझ्नको लागि जिल्ला प्रहरी कार्यालय मोरङमा पत्राचार भएकोमा प्रहरीले स्थलगत सर्जमिन मुचुल्का गर्न बुवा आमाको मृत्यू दर्ता लगायतका कागजात चाहिने उक्त कागजात नभएसम्म स्थलगत सर्जमिन गर्न नसकिने भनी स्थलगत सर्जमिन नै नगरी मेरो फाईल कारबाहीविहिन अवस्थामा थन्काएको र

जिल्ला प्रशासन कार्यालय मोरङले प्रहरी सर्जमिन नबुझी नागरिकता जारी गर्न नसकिने भनी मेरो नागरिकता जारी गर्न मौखिक ईन्कारी गरेको हुँदा नागरिकता प्रमाणपत्र प्रदान गरिदिन र नागरिकताका कारणले खाता खोल्न रोक लगाएको एन. एम. बी. बैंक, कुमारीपाटी, ललितपुरलाई नागरिकता प्रमाणपत्र नभएपनि शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा कोशी अस्पतालको जन्म प्रमाणपत्रको आधारमा बैंक खाता खोलिदिनु भनी अन्तरिम आदेश जारी गरि पाउँ भन्ने व्यहोराको रिट निवेदन ।

२. यसमा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ पेश गर्नु भनी आदेश र रिट निवेदनको एक/एक प्रति नक्कलसमेत साथै राखी प्रत्यर्थीहरूका नाममा सूचना म्याद गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि दश दिन ननाघ्ने गरी पेसी तोक्ने गरी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७३ वमोजिम अग्राधिकार दिई पेश गर्नु । निवेदिकाको बाबु र आमा बेपत्ता हुनुभएको तथा बाल्यकालदेखि अम्बिकादेवी प्रधानको संरक्षकत्वमा रहेको भनी विराटनगर नगरपालिका १२ नं. वडा कार्यालयबाट जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरेको, जिल्ला प्रशासन कार्यालय, मोरङमा नेपाली नागरिकताको प्रमाणपत्रका लागि दरखास्त पेश भएको र उक्त कार्यालयबाट सर्जमिन बुझी पठाइदिनु भनी जिल्ला प्रहरी कार्यालय, मोरङलाई पत्राचार भई नागरिकताको प्रमाणपत्र सम्बन्धी विषयमा अविलम्ब कारवाही गरी दरखास्तमा टुङ्गो लगाउनुपर्ने अवस्था देखिएपनि तत्कालको लागि निवेदिकाको सम्मानपूर्वक बाँच्न पाउने हक तथा रोजगारीको हक समेत सुनिश्चित गर्न निवेदिकाको जन्मदर्ता प्रमाणपत्र, निवेदिकाले अध्ययन गरेको विद्यालय, विश्वविद्यालयको प्रमाणपत्र समेतका आधारमा खाता खोल्न दिनु, बैंक खाता खोल्न र सञ्चालन गर्न इन्कार नगर्नु भनी प्रत्यर्थी एन.एम.बि. बैंक, कुमारीपाटी ललितपुरका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिएको छ भन्ने यस अदालतको मिति २०७८/९/१९ को सुरू आदेश र मिति २०७८/ ९/२६ मा भएको संशोधन आदेश ।

३. नेपालको संविधान एवं कानूनहरूले सृजित नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न, प्रचलित कानूनको कार्यान्वयन गर्न, सबै निकाय र पदाधिकारीहरूबाट कानूनले तोकेको दायित्व पालना गर्ने, गराउने कुरामा यस मन्त्रालय सदैव प्रतिबद्ध रहेको छ । नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिमको प्रक्रिया पूरा गरी आएको बखत अधिकारप्राप्त अधिकारीबाट आवश्यक विवरण र प्रमाण समेत बुझी निजको माग संबोधन हुने नै हुँदा यस मन्त्रालयलाई विपक्षी बनाइ रहनुपर्ने अवस्था होइन । यस मन्त्रालयबाट नागरिकको संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र गरेको अवस्था छैन । वस्तुनिष्ठ आधार र कारण विना यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

४. रिट निवेदकले लिएको मुख्य जिकिरका सम्बन्धमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ बस्ने अनु श्रेष्ठको नामको सर्जमिन मुचुल्का गरी पठाई दिनु हुन भन्ने व्यहोराको तालुक जिल्ला प्रशासन कार्यालय, मोरङको च.नं. ३९४५ मिति २०७६/१०/१० गतेको पत्र यस कार्यालयमा प्राप्त हुन आएको हुँदा यस कार्यालयबाट सम्बन्धित वडा एरिया प्रहरी चौकी, बखरी मोरङलाई निजको नामको सर्जमिन मुचुल्का गरी पठाई दिनुहुन भनी लेखापढी गरिएको र प्रहरी चौकी बखरी मोरङले स्थलगत सर्जमिन मुचुल्का गरी यस कार्यालयमा पठाएको हुँदा सक्कलै उक्त सर्जमिन मुचुल्का तालुक जिल्ला प्रशासन कार्यालय मोरङमा पठाएको हुँदा यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको निराधार र झुठा व्यहोराको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रहरी कार्यालय मोरङको लिखित जवाफ ।

५. रिट निवेदकको बाबु आमाको नागरिकता सम्बन्धी विवरण केही पनि पेश गर्न नसक्दाको अवस्थामा यस कार्यालयबाट नागरिकता प्रदान गर्दा जे जो बुझ्नु पर्ने कुराहरु बुझेर प्रकृया पुर्याई नागरिकता प्रदान गरिने हुन्छ । नागरिकता प्रदान गर्दा प्रमाण नै नबुझी नागरिकता जारी गर्न सकिने अवस्था हुदैन । बंशजको आधारमा नागरिकता प्रदान गर्नलाई बाबुको नागरिकता

बंशजको भए निजको सन्तानलाई पनि बशंजको नागरिकता पाउने हुन्छ । नेपालको सरहद भित्र फेला परेको बावुआमाको पत्तो नलागेसम्म बशंजको नाताले नेपाली नागरिक मानिने छ भन्ने संविधानमा व्यवस्था छ । रिट निवेदकको वावुआमाको पत्ता लागेको र वावुको नाम डम्बर बहादुर श्रेष्ठ र आमाको नाम पुनम श्रेष्ठ हो भनी निज रिट निवेदनमा उल्लेख गरेको हुँदा निजले लिएको जिकिर नै त्रुटीपूर्ण देखिन्छ । वावुआमा बेपत्ता हुँदा वेपत्ते सम्वन्धमा स्थलगत सर्जमिन बुझी निजलाई नेपाली नागरिकता प्रदान गरिने हुन्छ । वाटोमा हिड्ने जो कोहीलाई भेट्ने वित्तिकै आउ नेपाली नागरिकता लियर जाउ भनेर यस जिल्ला प्रशासन कार्यालयले नागरिकता वाड्दै हिड्ने अवस्था हुँदैन । नागरिकता प्रदान गर्दा आवश्यक प्रकृया पुर्याई निवेदकले नागरिकता पाउने हुन्छ भन्ने जिल्ला प्रशासन कार्यालय, मोरङको लिखित जवाफ ।

६. बैंकमा खाता खोल्ने लगायतका बैंकिङ कारोबारहरु गर्दा प्रचलित कानून बमोजिम बैंकको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले निर्देशनहरु जारी गर्ने गर्दछ । नियमनकारी निकायबाट जारी भएका निर्देशनको शंसोधन विना उक्त निर्देशनको परिपालना नहुने गरी बैंक तथा वित्तीय संस्थाले कुनै पनि काम कारबाही गर्न मिल्दैन । यस बैंकबाट निवेदकको कुनै पनि संवैधानिक वा कानूनी हकाधिकारमा आधात परेको अबस्था छैन र आघात पारेको छ भनी विपक्षीले रिट निवेदनमा कहीं कतै खुलाउन समेत सक्नु भएको छैन । रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको एन.एम.बि.बैंक लि. कुमारीपाटी शाखा कार्यालयको लिखित जवाफ ।

७. जिल्ला प्रशासन कार्यालय, मोरङ्गको लिखित जवाफमा निवेदकले नागरिकता प्रमाणपत्र पाउन दिएको निवेदनको सिलसिलामा सर्जमिन बुझ्न जिल्ला प्रहरी कार्यालय, मोरङ्गमा पठाएको भन्ने देखिएको छ । जिल्ला प्रहरी कार्यालयबाट सर्जमिन गर्न पठाई सर्जमिन गरी सो सर्जमिन जिल्ला प्रशासन कार्यालयमा पठाइसकेको भन्ने जिल्ला प्रहरी कार्यालय, मोरङ्गको लिखित जवाफमा उल्लेख छ । तर सो सक्कलै पत्र सहितको सर्जमिन मुचुल्का निवेदकले आफैसँग राखी निजका कानून व्यवसायीले आज छलफलको क्रममा इजलासमा देखाउनु भएको छ । सरकारी कार्यालयबाट भएका पत्राचार लगायत सर्जमिन मुचुल्का तत् तत् कार्यालयमा दर्ता रहनुपर्ने र सो अनुसार निवेदकले दिएको निवेदनमा कारवाही अगाडि बढाउनुपर्ने स्थिति रहन्छ । अतः सो सर्जमिन मुचुल्का सहितको पत्राचार बहसमा उपस्थित सहन्यायाधिवक्ता श्री लोकराज पराजुली मार्फत जिल्ला प्रशासन कार्यालय, मोरङ्गमा पठाइदिई सहजीकरण गर्न जिम्मा दिनू । साथै निवेदकले दिएको नागरिकताको सम्बन्धमा के कारवाही भइरहेको छ, जिल्ला प्रशासन कार्यालय, मोरङ्गसँग बुझी जवाफ आएपछि पूर्वादेशानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७८।१२।२९ को आदेश ।

**यस अदालतको आदेशः**

८. नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत विवादमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुष्मा गौतमले निवेदकको बुवा आमा नेपाली नागरिक रहेको, रिट निवेदक २ वर्षको हुँदादेखि बुवा आमा कहाँ रहेको भनी ठेगान नभएको, निज निवेदक अम्विकादेवी प्रधानको संरक्षकत्वमा रहेको अवस्था छ; सो कुरा वडा कार्यालयबाट गरिएको सर्जमिन व्यहोराबाट समेत पुष्टी भएको छ; बुवा आमाको नागरिकता नभएको अवस्थामा पनि निजका सन्तानले नागरिकता पाउने प्रकृया कानूनले तोकिदिएको छ; निवेदकले कानूनी प्रकृया पुऱ्याउँदा समेत नागरिकताको प्रमाणपत्र पाउन सकेकी छैनन्; नेपालको संविधानको धारा १०, धारा ११(२)(ख) तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(२)(क) बमोजिम निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र दिनू दिलाउनू भनी परमादेश जारी हुनु पर्दछ भनी गर्नु भएको बहस जिकिर सुनियो । प्रत्यर्थीहरूका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिबक्ता श्री लोकराज पराजुलीले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कानूनमा तोकिएको प्रकृया पुऱ्याउनु पर्ने हुन्छ; रिट निवेदकले आवश्यक प्रकृया पुर्याएर निवेदन दिएका बखत नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै हुन्छ; सो प्रमाणपत्र प्रदान गर्न ईन्कार गरिएको अवस्था नभएकाले रिट निवेदन खारेज हुनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

९. अब यसमा निवेदकको माग बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी रिट आदेश जारी हुने हो वा होईन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

१०. निर्णयतर्फ विचार गर्दा, निवेदीका अनु श्रेष्ठको पिता डम्बर बहादुर श्रेष्ठ र आमा पुनम श्रेष्ठ नेपाली नागरिक रहेको, निजहरूको हाल कहाँ रहेका छन् भन्ने कुरा ठेगान नभएको, जीवित वा मृत्यू के कुन अवस्थामा रहेको भन्ने तथ्य एकीन नभएको, निवेदीका नेपालमा नै जन्मिएको, नेपालमा नै बसोवास गरी आएको, र नेपालकै शिक्षण संस्थामा अध्ययन गरेको भन्ने तथ्य प्रस्तुत हुन आएको पाईयो । नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सन्दर्भमा भएको कारवाहीको क्रममा विराटनगर महानगरपालिका वडा नं. १२ मा मिति २०७६/९/२२ मा भएको सर्जमिन व्यहोरामा निज निवेदीका अनु श्रेष्ठलाई वाल्यकालदेखि पालनपोषण तथा संरक्षण कार्य अम्विकादेवी प्रधानले नै गरेको भनी उल्लेख गरी अनुसूची फारम प्रमाणित गरी जिल्ला प्रशासन कार्यालय मोरङ्गलाई संबोधन गरी सिफारिस गरेको समेत देखियो । सो सर्जमिन र सिफारिस व्यहोरालाई प्रत्यर्थीहरूले अन्यथा खण्डन गरेको पाइएन । निज अनु श्रेष्ठ कोशी अंचल अस्पताल विराटनगरमा जन्मिएको कुरा सो अस्पतालबाट जारी भएको जन्म प्रमाणपत्रबाट देखिएको छ । निवेदीका अनु श्रेष्ठ नेपाली नागरिक होइनन्, विदेशी हुन्, निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिन मिल्दैन भन्ने प्रत्यर्थीहरु कसैको पनि लिखित जवाफ व्यहोरा रहेको देखिएन । समग्र मिसिल प्रमाणबाट निवेदीका अनु श्रेष्ठको जन्म नेपाली वावु आमाबाट नेपालमा नै भएको तथ्य समर्थित हुन आएको पाइयो ।

११. नेपालको संविधानको धारा १० को उपधारा (१) मा "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन" भन्ने व्यवस्था रहेको छ । संविधानको धारा ११(२)(ख) मा "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको आधारमा नेपालको नागरिक ठहर्ने" प्रावधान समेत रहेको देखिन्छ । संविधानमा रहेको उल्लिखित प्रावधान अनुकूल नै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने" व्यवस्था रहेको देखिन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने व्यक्तिले वावु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ता भित्रका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नुपर्ने प्रावधान रहेको छ । सो बमोजिमको प्रमाणपत्र निवेदनसाथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज बंशजको नाताले नेपाली नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपालभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय तहका प्रतिनिधिको रोहवरमा उक्त नियमावलीको अनुसूची- ३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन, सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची-४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमा गरिदिएको सनाखत समेतका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सकिने व्यवस्था समेत रहेको छ । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा निवेदीकाका वावु आमाको ठेगाना एकीन नभएको, निजहरु कहाँ रहेका छन् भन्ने तथ्य नै नखुलेको, निवेदीकाको वावु आमा जीउँदो (सम्भवतः) भएर पनि टुहुरो अवस्था रहेको, अन्य व्यक्ति (अम्विकादेवी) को संरक्षकत्वमा रही हुर्के-बढेको, पढेको भन्ने देखिएको छ । यस अवस्थामा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिमको प्रकृया पुरा गरी निवेदीकालाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नमा कुनै कानूनी बाधा देखिदैन । सो प्रयोजनका लागि स्थानीय बासिन्दाहरूले स्थलगत सर्जमिन व्यहोरा लेखाई नागरिकताको प्रमाणपत्रका लागि सिफारिस गरेको समेत देखिएको छ ।

१२. अतः निवेदीका अनु श्रेष्ठले नेपाली नागरिकताको प्रमाणपत्रका लागि निवेदन माग गरेको अवस्थामा तत्काल आवश्यक कानूनी प्रकृया पुरा गरी निजलाई सो प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा विवेकपूर्ण निर्णय गर्नु प्रत्यर्थी मध्येको जिल्ला प्रशासन कार्यालय मोरङ्को कानूनी कर्तव्य भएकाले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ बमोजिम संरक्षकबाट सनाखत गराउने, स्थानीय सर्जमिन बुझ्ने लगायतका जे जो प्रकृया गर्नुपर्छ, सो पुरागरी निवेदीका अनु श्रेष्ठलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनू दिलाउनू भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ठहर्छ ।

१३. नागरिकताको प्रमाणपत्र व्यक्तिको राष्ट्रियता सम्बन्धी पहिचानको आधारभूत प्रमाण हो । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले समेत कसैले पनि राष्ट्रियताविहिन अवस्थामा रहनु नपर्ने कुराको सुनिश्चितता हुनु वाञ्छित रहेको मान्यता आत्मसात् गरेको छ । नेपालको संविधानको धारा १० ले समेत कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित नगरिने कुराको प्रत्याभूती दिएको छ । औपचारिक रूपमा नागरिकताको प्रमाणपत्र प्राप्त गरी राष्ट्रियताको पहिचान सुनिश्चित नभएको अवस्थाका व्यक्तिको सार्वजनिक जीवन, हक अधिकारको प्रचलन तथा मानवीय ईज्जत र प्रतिष्ठा दुष्कर र दुरूह बन्न पुग्दछ । यस अवस्थामा, प्रस्तुत विवादका सन्दर्भमा, नागरिक हक अधिकार र मानव प्रतिष्ठाप्रति वाञ्छित सम्वेदनशीलता नअपनाई प्रत्यर्थी मध्येको जिल्ला प्रशासन कार्यालय मोरङ्गले **"वाटोमा हिड्ने जो कोहीलाई भेट्ने वित्तिकै आउ नेपाली नागरिकता लिएर जाउ भनेर यस जिल्ला प्रशासन कार्यालयले नागरिकता बाँड्दै हिड्ने अवस्था हुँदैन"** भनी अमर्यादित, अशोभनीय र गैरजिम्मेवार तबरको लिखित जवाफ पेश गरेको देखियो । यस अभिव्यक्तिबाट प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय मोरङ्गले सुशासनको मान्यता प्रतिकूल हुनेगरी स्वेच्छाचारिता अपनाएको कुरा प्रष्ट हुन्छ । तसर्थ, संस्थागत कानूनी व्यवहारमा कुनैपनि व्यक्तिप्रति मर्यादित र मानवीय प्रतिष्ठा अनुकूलको व्यवहार सुनिश्चित गर्न गराउन यसै आदेशद्वारा नेपाल सरकार, गृह मन्त्रालयको ध्यानाकर्षण गराइएको छ ।

१४. प्रस्तुत आदेशको जनाउ प्रत्यर्थीहरूलाई दिनु भनी एकप्रति प्रतिलिपी सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू । आदेशको बिद्युतीय प्रणालीमा प्रविष्ट गरी, दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छुः

न्यायाधीश

इजलास अधिकृतः- शारदा फुयाल

कम्प्युटर अपरेटरः- मन्दिरा रानाभाट

इति सम्वत् २०७९ साल मंसिर ८ रोज ५ शुभम् ........ ।

# ५३ मनोजकुमार ढाडी विरूद्ध जिल्ला प्रशासन कार्यालय, रुपन्देही, सिद्धार्थनगर, भैरहवासमेत

**फैसला ⁄ आदेश मिति, प्रकाशन नं.** २०७९ साल मंसिर १३ गते, अंक ११, नि.नं. १०९७२, पृ. १९९६

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**
**माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ**
**आदेश**
**०७८-WO-१२४४**

**मुद्दा : परमादेशसमेत ।**

जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ७ बस्ने अकाली ढाडीको छोरा वर्ष ३२ को मनोजकुमार ढाडी ....................................................१ निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय, रूपन्देही, सिद्धार्थनगर, भैरहवासमेत ....................................................१ विपक्षी

- **सिफारिस वा सनाखतउपर शङ्का लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरेपछि पनि कुनै गलत तवरले नभएको झुठा विवरण पेस गरी नागरिकताको प्रमाणपत्र प्राप्त गरेको अवस्थामा जुनसुकैबेला पनि कानूनबमोजिम कारबाही हुन सक्ने । पेस भएको विवरणलाई झुठा हो पनि नभन्ने र नागरिकताको प्रमाणपत्र पनि नदिने कार्यले कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट गैरकानूनी रूपमा वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुने ।**

**(प्रकरण नं. ७)**

**निवेदकका तर्फबाट** : विद्वान् अधिवक्ता श्री शैलेन्प्रसाद हरिजन (अम्बेडकर)

**विपक्षीका तर्फबाट** : विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, विद्वान् अधिवक्ताहरु श्री ओमबहादुर गैरे तथा श्री नारायणी खनाल

**अवलम्बित नजिर :**

- ने.का.प.२०७३, नि.नं.९६८७

**सम्बद्ध कानून :**

- नेपालको संविधान
- नेपाल नागरिकता ऐन, २०६३

**आदेश**

**न्या. तिलप्रसाद श्रेष्ठ** : नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३)बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने भनी दर्ता भई सुनुवाइको लागि आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

निवेदनको संक्षिप्त तथ्य

म रिट निवेदकको जन्म २०४७/०६/१ गते सि.न.प. वडा नं. ७ मा भएको हो । मेरो आमा अकालीदेवी ढाडीले मिति २०६८/२/९ गते जिल्ला प्रशासन कार्यालय, रूपन्देहीबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभएको हो । त्यसैगरी मेरो ठुलो दाइ सुनिल कुमार ढाडी र माइलो दाइ विनोदकुमार ढाडीले जिल्ला प्रशासन कार्यालय, रूपन्देहीबाट जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुभएको हो । मेरो बुबा तामेश्वर ढाडीसँग नेपाली नागरिकताको प्रमाण पत्र छैन । नागरिकता टोली आउँदा रोजगारीको सिलसिलामा मेरो बुबा भारत जानुभएकोले छुट्नुभएकोमा पछि जिल्ला प्रशासन कार्यालयले विभिन्न बहानामा नागरिकता बनाइदिएन । म निवेदकले मिति २०७५/६/७ गते मेरो नागरिकता बनाउनको लागि वडा कार्यालयबाट सिफारिस गराई जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा आवेदन पेस गरेकोमा जिल्ला प्रशासन कार्यालयले बुबाको नागरिकता छैन, कानून पनि पास भएको छैन, आमाको

नामबाट नागरिकता बनाउन मिल्दैन भनी मेरो नागरिकता बनाउन इन्कार गरेको र मिति २०७८/०६/२२ गते जिल्ला निर्वाचन कार्यालय रुपन्देहीमा मतदाता परिचय पत्र बनाउन जाँदा नागरिकता नभएको भनी मतदाता परिचय पत्र बनाउन पनि इन्कार गरेको अवस्था छ । त्यसैगरी मिति २०७८/०६/२४ गते मेगा बैंकको शाखा कार्यालय, भैरहवामा नागरिकता नभएको भनी खाता खोल्नबाट इन्कार गरेको अवस्था छ । नेपालको संविधान, २०७२ को धारा १० (१) मा कुनै पनि नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था छ । कानूनबमोजिम नागरिकता प्राप्त गर्ने मेरो उमेर पुगिसकेकोले मैले तुरुन्त नागरिकता पाउनुपर्ने मेरो जन्मसिद्ध अधिकार हो । तसर्थ, मैले पेस गरेको निवेदनमा जे जो बुझ्नुपर्ने बुझी आमा वा दाजुहरूबाट सनाखत गराई तत्काल नागरिकता प्रदान गर्नु भनी विपक्षीहरूको नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ । मेरो जन्मदर्ता वा शैक्षिक प्रमाण पत्रको आधारमा भए पनि मेरो नाममा खाता खोल्नबाट वञ्चित नगर्नु नगराउनु भनी मेगा बैंकको शाखा कार्यालय, भैरहवाको नाउँमा र मेरो जन्मदर्ता, मेरो आमाको नागरिकता, वडाको सिफारिसको आधारमा मेरो मतदाता परिचय पत्र बनाउनु, मतदान गर्नबाट वञ्चित नगर्नु नगराउनु भनी जिल्ला निर्वाचन कार्यालय, रुपन्देहीको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने बेहोराको निवेदकका तर्फबाट दायर हुन आएको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १, २ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीको हकमा आफैँ वा आफ्नो कानून व्यवसायीमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । निवेदकले अन्तरिम आदेश माग गरेको सन्दर्भमा विचार गर्दा, निवेदककी आमा अकालीदेवी ढाडीले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको परिप्रेक्ष्यमा यी निवेदकले नेपालको संविधानको धारा ११(२)(ख) तथा नागरिकता ऐन, २०६३ को दफा ३ को संविधानको तथा कानूनी प्रावधानको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने देखिए पनि हाल निवेदकले नेपाली नागरिकता प्राप्त गरी नसकेको अवस्थामा निवेदकले संविधान प्रदत्त नागरिक हक अधिकार उपभोग गर्नबाट वञ्चित हुँदा निवेदकलाई दूरगामी असर पर्न जाने देखिएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यी निवेदकलाई बैंकमा खाता खोल्नेलगायतका नागरिक हक अधिकारको निर्वाध उपभोग गर्ने, गराउने कार्यमा कुनै पनि किसिमबाट रोक नलगाउनु तथा वञ्चित गर्ने कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८(२)(क) तथा सर्वोच्च सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क)बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । नियमानुसार गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७९/०१/१२ गतेको आदेश ।

हामी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट नियमन हुने राष्ट्रिय स्तरको वाणिज्य बैंक हो । नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०७८, इ.प्रा. निर्देशन नं. १९/०७८ सँग सम्बन्धित अनुसूची १९.१ मा व्यक्तिगत खाता खोल्नको लागि नागरिकता, राहदानी, मतदाता परिचयपत्र, सवारीचालक अनुमतिपत्र तथा नागरिकता नलिएको नेपाली नागरिकको हकमा गाउँपालिका वा महा/उपमहा/नगरपालिकाको सिफारिसमध्ये न्यूनतम एक विवरण र सोको सम्पुष्टि गर्ने कागजात पेस गर्नुपर्ने उल्लेख भएको हुँदा निवेदकले माथि उल्लिखित कुनै पनि कागजात पेस नगरेको हुँदा बैंकले निजको खाता खोल्न अस्वीकृति जनाएको हो । निवेदकले आवश्यक कागजात पेस गरेमा सम्बन्धित अदालतको निर्देशनबमोजिम खाता खोल्न रोकिने छैन भन्नेसमेत बेहोराको मेगा बैंक लिमिटेडको अख्तियार प्राप्त का.मु. प्रमुख कार्यकारी अधिकृत रवीना देसराज श्रेष्ठको लिखित जवाफ ।

यस कार्यालयबाट नेपालको नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ एवं नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम तोकिएका कागज प्रमाण एवं कार्यविधिअनुसार नागरिकताको प्रमाणपत्र जारी हुँदै आएको छ । विपक्षी रिट निवेदकले प्रचलित ऐन, कानून एवं निर्देशिकाबमोजिम नागरिकता प्राप्त गर्नका लागि आवश्यक पर्ने आधारभूत कागज प्रमाणसहित यस कार्यालयमा सम्पर्क राख्नुपर्नेमा यस कार्यालयको अभिलेखबाट हालसम्म निजले उल्लिखित कागज प्रमाणहरूसहित यस कार्यालयमा निवेदन पेस गरेको कहीँकतैबाट देखिएको छैन । प्रचलित कानूनबमोजिमको रीतपूर्वकका कागजातहरू सम्बन्धित स्थानीय तहबाट

सिफारिस भई आएमा कानूनबमोजिम हुने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको लिखित जवाफ ।

विपक्षी जिल्ला निर्वाचन कार्यालय, रुपन्देहीको नाममा यस अदालतबाट मिति २०७९/०१/१२ मा जारी भएको १५ दिने सूचना म्याद मिति २०७९/०२/०४ गते तामेल भएकोमा विपक्षी जिल्ला निर्वाचन कार्यालयले लिखित जवाफ नफिराइ सुरु म्याद नै गुजारी बसेको ।

**यस अदालतको आदेश**

नियमानुसार पेसी सूचीमा चढी सुनुवाइका लागि आज यस इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदनमा उल्लेख भएअनुसार विवादको मूल विषयलाई हेर्दा निवेदकका बुबासँग नेपाली नागरिकताको प्रमाण पत्र नभएको तर निवेदकको आमाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकोमा नेपाली नागरिकताको प्रमाणपत्रको लागि जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा आवेदन पेस गरेकोमा जिल्ला प्रशासन कार्यालयले बाबुको नागरिकता नभएको र कानून पनि पास नभएको भनी रिट निवेदकलाई आमाको नामबाट नागरिकता बनाउन मिल्दैन भनी नागरिकता बनाउन इन्कार गरेको रहेछ । त्यसैगरी नागरिकताको प्रमाणपत्र नभएको भनी जिल्ला निर्वाचन कार्यालय रुपन्देहीले मतदाता परिचय पत्र बनाउनबाट र मेगा बैंकको शाखा कार्यालय, भैरहवाले बैंक खाता खोल्न दिनबाट इन्कार गरेको रहेछ । मूलतः म निवेदकले पेस गरेको निवेदनमा जे जो बुझ्नुपर्ने बुझी तत्काल नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशलगायत अन्य आवश्यक आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भनी नेपालको संविधानको धारा १३३(२) र (३)बमोजिम निवेदकका तर्फबाट प्रस्तुत निवेदन यस अदालतमा दायर हुन आएको देखियो ।

निवेदकका तर्फबाट पर्न आएको प्रस्तुत रिट निवेदन हेर्दा निवेदकको निवेदन मागबमोजिम परमादेशसमेतको आदेश जारी हुनुपर्ने आधारको रुपमा देहायका बुँदाहरु उल्लेख गरेको पाइन्छ :

क. म निवेदकको बुबासँग नागरिकताको प्रमाणपत्र नभएको भए पनि आमाले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको अवस्था रहेको,

ख. म निवेदकको ठुलो दाजु सुनिलकुमार ढाडी र माइलो दाजु विनोदकुमार ढाडीले जिल्ला प्रशासन कार्यालय, रुपन्देहीबाट जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको अवस्था रहेको,

ग. म निवेदकको नेपालमा जन्म भई नेपालमै बसी आएको र जन्मदर्ताको प्रमाणपत्रसमेत प्राप्त गरेको अवस्था रहेको,

घ. तसर्थ, मैले पेस गरेको निवेदनमा जे जो बुझ्नुपर्ने बुझी तत्काल नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशलगायत अन्य आवश्यक आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ ।

उपर्युक्त निवेदनका सन्दर्भमा, निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शैलेन्द्र प्रसाद हरिजन (अम्बेडकर) ले निवेदकको आमा अकालीदेवी ढाडीले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरी नेपाली नागरिक हुनुभएकोले निवेदकको नागरिकतासम्बन्धी अधिकार नेपालको संविधान, २०७२ को धारा ११ को उपधारा (२)(ख) ले संरक्षण गरेको छ । त्यसैले निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी, मेगा बैंकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री ओमबहादुर गैरे तथा श्री नारायणी खनालले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनमा व्यक्तिगत खाता खोल्नको लागि नागरिकता, राहदानी, मतदाता परिचयपत्र, सवारीचालक अनुमतिपत्र तथा नागरिकता नलिएको नेपाली नागरिकको हकमा गाउँपालिका वा महा/उपमहा/नगरपालिकाको सिफारिसमध्ये न्यूनतम एक विवरण र सोको सम्पुष्टि गर्ने कागजात पेस गर्नुपर्ने भनी उल्लेख भएको र निवेदकले यी कुनै पनि कागजात पेस नगरेको हुँदा बैंकले निजको खाता खोल्न अस्वीकृत जनाएको हो । निवेदकले आवश्यक कागजात पेस गरेको खण्डमा खाता खोल्न नरोकिने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो । विपक्षी कार्यालयहरूका तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी निवेदकले नागरिकता प्राप्त गर्न सक्ने नै हुँदा विपक्षी बनाइएका कार्यालयको के कस्तो र कुन कार्यले रिट निवेदकलाई मर्का परेको हो भन्ने कुरा रिट निवेदनमा स्पष्टसँग खुलाउन नसकेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

निवेदकका तर्फबाट प्रस्तुत निवेदनमा लिइएका जिकिरहरु, विपक्षीहरूका तर्फबाट प्रस्तुत लिखित जवाफको बेहोरा, विद्वान् अधिवक्ताहरु र सहन्यायाधिवक्ताबाट प्रस्तुत हुन आएका बहस बुँदाहरु तथा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत निवेदनका

सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरूमा निरूपण हुनुपर्ने देखिन आयोः

क. निवेदनमा उल्लेख भएबमोजिम विपक्षी कार्यालयबाट निवेदकलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएको अवस्था देखिन्छ वा देखिँदैन ?

ख. निवेदन माग दाबीबमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेशको आदेश जारी हुनुपर्ने देखिन्छ वा देखिँदैन ?

२. निरूपण हुनुपर्ने उपर्युक्त प्रश्नहरूका सन्दर्भमा मिसिल संलग्न कागजातहरु अध्ययन गर्दा निवेदक मनोजकुमार ढाडी बाबु तामेश्वर ढाडी र आमा अकालीदेवी ढाडीको छोरा रहेको तथ्यमा विवाद रहेको देखिँदैन । नेपाली नागरिकताको प्रमाणपत्र पाउन विपक्षी जिल्ला प्रशासन कार्यालयमा जाँदा बाबुको नागरिकताको प्रमाणपत्र पेस नभएको भनी नागरिकताको प्रमाणपत्र पाउनबाट इन्कार गरिएको विषयलाई आधार बनाई निवेदकका तर्फबाट प्रस्तुत निवेदन पर्न आएको देखिन्छ । विपक्षी कार्यालयको तर्फबाट प्राप्त लिखित जवाफ बेहोरा हेर्दा रिट निवेदकले प्रचलित ऐन, कानून एवं निर्देशिकाबमोजिम नागरिकता प्राप्त गर्नका लागि आवश्यक पर्ने आधारभूत कागज प्रमाणसहित यस कार्यालयमा सम्पर्क राख्नुपर्नेमा यस कार्यालयको अभिलेखबाट हालसम्म निजले उल्लिखित कागज प्रमाणहरूसहित यस कार्यालयमा निवेदन पेस गरेको कहीँकतैबाट देखिएको छैन भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । प्रस्तुत निवेदनका साथमा जन्मदर्ताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र, आमाको नामको नागरिकताको प्रमाणपत्र र सम्बन्धित वडा कार्यालयको सिफारिससमेत पेस हुन आएको देखिएको र एउटा नागरिकताको प्रमाणपत्रको लागि यस अदालतसम्म प्रस्तुत निवेदनका साथ धाइरहेको अवस्थालाई ध्यानमा राख्दा नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि विपक्षी कार्यालयमा जाँदै नगई सिधै यस अदालतमा प्रवेश गरेको होला भनी विश्वास गर्न सकिने अवस्था देखिँदैन ।

३. परमादेशको रिट निवेदनको प्रकृतिलाई हेर्दा कुनै सरकारी वा सार्वजनिक पदाधिकारीले कानूनबमोजिम निर्वाह गर्नुपर्ने कर्तव्य पूरा नगरेको कारणबाट कुनै व्यक्तिको कानूनबमोजिम प्राप्त हक अधिकारमा आघात पुगेको देखिन्छ भने त्यस्तो कर्तव्य पूरा गर्न लगाउनका लागि परमादेशको आदेश जारी हुने देखिन्छ । मूलतः अख्तियारप्राप्त अधिकारीले आफ्नो कानूनी कर्तव्य पूरा गर्नबाट पन्छिन हुँदैन भन्ने मान्यतामा यदि त्यसो भयो भने उपचारको लागि यस प्रकारको रिट जारी गर्ने अभ्यास विकास भई आएको पाइन्छ । कुनै अधिकारीलाई कानूनले कुनै अधिकार र कर्तव्य प्रदान गर्नुको मतलब निजको स्वेच्छामा आफूलाई दिइएको कर्तव्य सम्पादन गरे पनि हुने र नगरे पनि हुने भन्ने होइन । बरु यस्तो अधिकार र कर्तव्य सर्वसाधारणको हितमा प्रयोग गर्ने गरी एउटा विश्वासपुञ्जको रूपमा प्रदान गरिएको हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । त्यसैले यस्तो कर्तव्य निजी प्रयोग र स्वेच्छाको विषय नभई त्यस्तो कर्तव्य सम्पादन गराई पाउने नागरिकको अधिकारको विषय बन्छ ।

४. उपर्युक्त सैद्धान्तिक पृष्ठभूमिका सन्दर्भमा प्रस्तुत निवेदनको स्थितिलाई हेर्दा निवेदक नागरिकताको प्रमाणपत्र पाउनका लागि विपक्षी जिल्ला प्रशासन कार्यालयमा गएको र विपक्षी कार्यालयबाट निज निवेदकलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएको विषयमा विवाद रहेको देखिँदैन । नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानूनी कर्तव्य विपक्षी कार्यालयको रहेको कुरामा पनि विवाद रहेको देखिँदैन । प्रस्तुत निवेदनका सन्दर्भमा मुख्यतः निवेदकलाई नागरिकता प्राप्त गर्ने हक प्राप्त रहेको अवस्था हो वा होइन ? र विपक्षी कार्यालयको इन्कारीबाट निवेदकको नागरिकता प्राप्त गर्ने हकमा आघात पुगेको अवस्था हो वा होइन ? भन्ने मूल प्रश्न विचारणीय हुन आएको देखिन्छ ।

५. प्रस्तुत निवेदनमा निवेदकको बाबुले नागरिकताको प्रमाणपत्र प्राप्त गरी नसकेको तथ्यमा विवाद रहेको देखिँदैन । तर बाबुले नागरिकताको प्रमाणपत्र प्राप्त गरी नसकेको कारणले निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुनुपर्ने अवस्था हो वा होइन ? भन्नेतर्फ विचार गर्दा सर्वप्रथमतः नेपालको मूल कानूनको रूपमा रहेको नेपालको संविधानमा गरिएको व्यवस्था हेर्नु प्रासङ्गिक हुने देखिन्छ । नेपालको संविधानको धारा ११(२) को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ भन्ने व्यवस्था भएको पाइन्छ । संविधानको धारा ११ को उपधारा (४) मा नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा

नेपालको नागरिक ठहर्ने छ भनी उल्लेख भएको देखिन्छ । यसैगरी सोही संविधानको धारा ११ को उपधारा (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने छ भनी उल्लेख भएको देखिन्छ । संविधानमा गरिएका यी व्यवस्थाहरूलाई आधार मान्दा बाबुको पत्ता नलागेको वा पहिचान नखुलेको कारणले नै पनि कुनै नागरिक नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित हुनु नपर्ने व्यवस्था संविधानले प्रत्याभूत गरेको देखिन आउँछ । प्रस्तुत निवेदनका निवेदक बाबुको ठेगान नलागेको अवस्थाका नागरिक रहेको देखिँदैन । निवेदन बेहोराबाट निवेदकको बाबुले नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको अवस्था नरहेको तर आमाले वंशजको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको अवस्था देखिन्छ । संविधानको धारा ११ (२)(ख) को व्यवस्थालाई हेर्दा निजको जन्म हुँदा बाबु वा आमामध्ये एकजना मात्र नेपालको नागरिक रहेको अवस्थामा पनि त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता पाउने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत निवेदनका निवेदकका हकमा बाबुले नागरिकता प्राप्त गरेको अवस्था नभए पनि आमा नेपाली नागरिक भएको कुरामा विवाद रहेको देखिँदैन । कथंकदाचित पछि बाबु विदेशी नागरिक रहेको प्रमाणित हुन आएछ भने सोही बखत कानूनबमोजिम हुने कुरा रहेको देखिन्छ । हालको स्थितिमा निवेदकका बाबु विदेशी नागरिक हो भनी भन्न सकिएको अवस्था देखिँदैन । निवेदकका आमाले विदेशी नागरिकसँग विवाह गरेको भनेर पनि भन्न सकिएको देखिँदैन । बाबु विदेशी नागरिक हो भनी भन्न नसकिएको तथा आमाले विदेशी नागरिकसँग विवाह गरेपछि निजको जन्म भएको भनेर पनि भन्न नसकिएको अवस्थामा निवेदकको जन्म नेपाली नागरिक आमाबाटै भएको मान्नुपर्ने भएको र नेपाली नागरिक आमाबाट जन्मिएको निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनबाट इन्कार गर्दा विपक्षी कार्यालयको निर्णय/कार्य संविधानको धारा ११ (२)(ख) को विपरीत मात्र हुने नभई यस्ता सन्तानले जीवनभर कहिल्यै पनि नागरिकता प्राप्त गर्न नसक्ने स्थिति सिर्जना हुने भई नागरिकताविहीनताको अवस्था आउन सक्ने देखिन्छ जुन कुरा संविधान र कानूनले कल्पना गरेको कुरा होइन ।

६. माथि उल्लेख भएबमोजिमको संवैधानिक व्यवस्थाका अतिरिक्त नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ ले पनि कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था गरेको पाइन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को खण्ड (क)(ख) र (ग) का व्यवस्थाहरु हेर्दा नागरिकता पाउन पेस गरिने निवेदनका साथमा खण्ड (क) बमोजिम बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, खण्ड (ख) बमोजिम जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र र खण्ड (ग) मा तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेस गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र पेस गर्नुपर्ने गरी व्यवस्था भएको देखिन्छ । यी व्यवस्थाहरूको सन्दर्भमा प्रस्तुत निवेदनको स्थितिलाई हेर्दा पनि निवेदकको आमाको नागरिकताको प्रमाणपत्र पेस भएकै देखिन्छ, निज निवेदकको जन्मदर्ताको प्रमाणपत्र पनि पेस भएको देखिएकै छ र निजसँग सम्बन्धित स्थानीय तहको वडा कार्यालयले लेखिदिएको पत्रसाथ सिफारिस पनि पेस भएको देखिएकै छ । यस अवस्थामा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) ले निर्देशित गरेबमोजिमको कागज प्रमाणहरु पनि पेस नभएको भन्ने देखिन आएन । जहाँसम्म बाबुको नागरिकता पेस नभएको भन्ने स्थिति रहेको छ, सो सम्बन्धमा विचार गर्दा नियम ३(१) को खण्ड (क) ले तीन पुस्ताभित्रको विवरणको कुरा गर्दा बाबु र आमा दुवैको पेस गर्नुपर्ने गरी व्यवस्था भएको नदेखिई उक्त खण्ड (क) मा बाबु वा आमा भन्ने शब्दावलीको प्रयोग भएको देखिँदा बाबु वा आमामध्ये एउटाको पेस गर्दा पनि हुने गरी सम्झनुपर्ने देखिएको छ ।

७. यसका अतिरिक्त नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (२) ले अझ थप उदार व्यवस्था गरेको देखिन्छ । कसैले उपनियम (१) बमोजिमको प्रमाण निवेदनसाथ पेस गर्न नसक्ने अवस्था रहेछ भने पनि स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन र सनाखतको आधारमा पनि वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिने व्यवस्था नियम ३ को उपनियम (२) ले गरेको देखिन्छ । बरु स्थानीय निकायले गरिदिएको

सिफारिस वा सनाखतमा शङ्का लागेमा नागरिकता प्रदान गर्ने अधिकारीले थप छानबिन पनि गर्न सक्ने व्यवस्था नियम ३(२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा गरिएको देखिन्छ । यो व्यवस्थाको परिप्रेक्ष्यमा विचार गर्दा आमाको नागरिकता पनि पेस गर्न नसक्ने वा जन्मदर्ताको प्रमाणपत्र पनि पेस गर्न नसक्ने अवस्थाका व्यक्तिलाई पनि सर्जमिन वा सनाखतको आधारमा पनि नागरिकताको प्रमाणपत्र दिन सकिने व्यवस्था कानूनमा भएको देखिन्छ । सिफारिस वा सनाखतउपर शङ्का लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरेपछि पनि कुनै गलत तवरले नभएको झुठा विवरण पेस गरी नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा जुनसुकैबेला पनि कानूनबमोजिम कारबाही हुन सक्ने कुरा बेग्लै हो तर पेस भएको विवरणलाई झुठा हो पनि नभन्ने अनि नागरिकताको प्रमाणपत्र पनि दिन्नभन्दा कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट गैरकानूनी रूपमा वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७३ नि.नं. ९६८७ मा प्रतिपादित सिद्धान्त पनि महत्त्वपूर्ण देखिन्छ । उक्त मुद्दामा आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यो सिद्धान्तको रोहमा पनि विपक्षी कार्यालयको काम कारबाहीलाई कानूनसङ्गत मान्न मिल्ने देखिएन ।

८. यसप्रकार नेपालको संविधानको धारा ११(२)(ख) मा कुनै व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमामध्ये एकजना मात्र नेपालको नागरिक रहेको अवस्थामा पनि निजको सन्तान वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था भएको देखिएको तथा प्रस्तुत निवेदनका निवेदकको जन्म हुँदाको बखत निजको आमा नेपालकै नागरिक रहेको देखिएको अवस्था हुँदा निवेदक मनोजकुमार ढाडीलाई निजको आमाको नामबाट वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय रूपन्देहीको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई निवेदनको दायरीको लगतकट्टा गरी प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृतः- श्रेया पौडेल (शाखा अधिकृत)

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम् ।

# ५४ अविनाश थापा विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल पुष महिना २४ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा**
**माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ**
**आदेश**
**०७८-WO-०२८८**

**मुद्दा : परमादेशसमेत ।**

अर्जुन थापा र शान्ता थापाको छोरा काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १३ स्थित मामाघरमा बस्ने वर्ष २९ को अविनाश थापा ..........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
नेपाल सरकार,जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ..........१ प्रत्यर्थी

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने भनी दर्ता भई सुनुवाईको लागि आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

**निवेदनको संक्षिप्त तथ्य**

१. म रिट निवेदकको आमाको नाम शान्ता थापा र बुबाको नाम अर्जुन थापा हो भन्ने सुनेको छु । मेरो जन्म २०४९ साल अषाढ १८ गते थापाथली प्रसुती गृह, काठमाण्डौंमा जन्म भएकोमा मेरो बुबा म गर्भमा भएदेखि नै सम्पर्क बिहिन भएको र मेरो आमा पनि मलाई जन्म दिएको ३ महिनमा नै छोडी बेपत्ता हुनु भइ म सो समय देखि नै का.जि.का.म.न.पा. स्थित मावली घरमा बसोबास गर्दै आएको छु । जन्म दर्ताको प्रमाणपत्र बनाउँदा बुबा आमा दुवैको नागरिकता समेत मैले पेश गर्न सक्ने अवस्था नभएकोले का.म.न.पा प्रमुख सूचक भई मेरो जन्मदर्ता भएको छ । नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंमा निवेदन दिएकोमा उक्त कार्यालयबाट बुबा र आमाको नागरिकताको प्रमाणपत्र पेश नभएको कारण नारिकताको प्रमाणपत्र दिन इन्कार गरियो । नेपालको संविधानको धारा १०, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, नेपाल नगरिकता नियमावली, २०६३ को नियम ३(१) बमोजिम मलाई नगरिकता दिनुपर्नेमा मलाई नागरिकता नदिएकाले मेरो नागरिकता सम्बन्धी संवैधानिक हक हनन हुन गएको हुँदा म निवेदकलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा निवेदकका तर्फबाट दायर हुन आएको रिट निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछी वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू । साथै प्रस्तुत रिट निवेदनको विषयवस्तु समेतलाई विचार गर्दा चाँडो किनारा लगाउनु पर्ने प्रकृतिको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ, नियमानुसार गर्नू भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७८/०५/२५ गतेको आदेश ।

३. नेपालको संविधान एवं कानून प्रदत्त नागरिकका

मौलिक हक एवं अधिकारको संरक्षण र संबर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ । कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्र समेत गरेको नहुँदा बिना कुनै आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

४. प्रस्तुत रिट निवेदनमा रिट निवेदकको बाबु अर्जुन थापा र आमा शान्ता थापा बिच वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि विवाह दर्ताको प्रमाणपत्र समेत पेश गर्न सकेको अवस्था छैन । विवाहित महिलाको विवाह पश्चात पति कै वतन कायम रहने हुँदा यी रिट निवेदकका बाबुको जन्म स्थान यकिन भई नसकेको अवस्थामा आफ्नो मामाघर का.जि.का.म.न.पा. वडा नं. १३ लाई नै आफ्नो जन्म स्थान मानी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता पाउँ भनी दावी लिन मिल्दैन । नेपाल नागरिकता नियमावली २०६३ को नियम ३(१) ले वंसजको नाताले नेपाली नागरिकता लिन चाहने १६ वर्ष उमेर पुरा भएका नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष बाबु आमा वा तिन पुस्ता भित्रका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानिय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ताको प्रमाणपत्र साथमा अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्ने छ भन्ने व्यवस्था गरेको छ । प्रचलित ऐन कानूनले तोकिएको शर्त र प्रक्रिया पुरा भएका नेपली नागरिकले सम्बन्धित निकायबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नै हुँदा कानूनले तोकेको प्रक्रिया र कार्यविधिको पालना नगर्नु गैरकानुनी एवम् कानूनको शासनको मर्म विपरीत समेत हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंको लिखित जवाफ ।

**यस अदालतको आदेश**

५. नियमानुसार पेशी सूचीमा चढी सुनवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदन लेखाइलाई आधार मानी विवादको मूल विषयलाई हेर्दा निवेदकको जन्म आमा शान्ता थापा र बुबा अर्जुन थापाबाट २०४९ सालमा भएको भए पनि हाल बाबु आमा दुवै वेपत्ताको स्थितिमा रहेको र सो समय देखि नै का.जि.का.म.न.पा. स्थित मावली घरमा बसोबास गर्दै आएका रहेछन् । निजले नागरिकताको प्रमाणपत्रको लागि जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंमा निवेदन दिएकोमा उक्त कार्यालयबाट बुबा र आमाको नागरिकताको प्रमाणपत्र पेश नभएको भन्ने कारणबाट नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएकोले नेपालको संविधानको धारा १० र ११ बमोजिम म निवेदकको संवैधानिक हक हनन भएको भनी आफूलाई नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने मागदावी सहित निवेदकका तर्फबाट प्रस्तुत रिट निवेदन यस अदालतमा पर्न आएको देखियो ।

६. निवेदकहरूका तर्फबाट पर्न आएको प्रस्तुत रिट निवेदन हेर्दा निवेदकहरूको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनुपर्ने आधारको रूपमा देहायका बुँदाहरु उल्लेख गरेको पाइन्छ :

(क) निवेदकको बुबा आमा हाल बेपत्ताको अवस्थामा रहेको भए पनि नेपाली नै भएको र आफ्नो जन्मदर्ताको प्रमाणपत्र पनि रहेकोले वंशजको आधारमा नेपाली नागरिक भएको,

(ख) बुबा आमा दुवै बेपत्ताको स्थितिमा रहेकोले निजहरूको नागरिकताको प्रमाणपत्र पेश गर्न सक्ने अवस्था नभएको,

(ग) का.म.न.पा प्रमुख सूचक भई मेरो जन्मदर्ता गराएको देखिएकोबाट उक्त तथ्य पुष्टि भएको अवस्था रहेको,

(घ) अनुसुची १ बमोजिमको फारम भरी वडा कार्यालयबाट नागरिकताको लागि सिफारिस भएको अवस्था पनि रहेको,

(ङ) तसर्थ, मलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ ।

७. प्रस्तुत निवेदनका सन्दर्भमा आज सुनुवाइको क्रममा निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुषमा गौतमले निवेदकको आमा र बुबा दुवै सम्पर्क बिहिन भएको तथा शिशु अवस्था देखि नै मावली घरमा बस्दै आएकोमा बुबा आमाको नागरिकता पेश गर्न सम्भव नभएको तर संविधान एवं कानूनले यस्तो अवस्थाका व्यक्तिले पनि नेपाली नागरिकताको

प्रमाणपत्र पाउने व्यवस्था भएको देखिंदा निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो । प्रत्यर्थी कार्यालयहरूका तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री सोमराज का□लेले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी निवेदकहरूले नागरिकता प्राप्त गर्न सक्ने नै हुँदा विपक्षी बनाइएका कार्यालयको के कस्तो र कुन कार्यले रिट निवेदकलाई मर्का परेको हो भन्ने कुरा रिट निवेदनमा स्पष्टसँग खुलाउन नसकेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

८. निवेदकका तर्फबाट प्रस्तुत निवेदनमा लिइएका जिकिरहरु, प्रत्यर्थीहरूका तर्फबाट प्रस्तुत लिखित जवाफको बेहोरा, विद्वान अधिवक्ता र उप-न्यायाधिवक्ताको तर्फबाट प्रस्तुत हुन आएका बहस बुँदाहरु तथा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत निवेदनका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरूमा निरूपण हुनुपर्ने देखिन आयोः

क. निवेदनमा उल्लेख भए बमोजिम प्रत्यर्थी कार्यालयबाट निवेदकलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएको अवस्था देखिन्छ वा देखिंदैन?

ख. निवेदन माग दावी बमोजिम प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुनुपर्ने देखिन्छ वा देखिंदैन?

९. निरूपण हुनुपर्ने उपर्युक्त प्रश्नहरूका सन्दर्भमा मिसिल संलग्न कागजातहरु अध्ययन गर्दा रिट निवेदकको जन्म आमा शान्ता थापा र बुबा अर्जुन थापाबाट २०४९ सालमा भएकोमा बुबा निवेदक गर्भमा भएदेखि नै बुबा सम्पर्क बिहिन भएको र आमा पनि जन्म दिएको ३ महिनमा नै छोडी बेपत्ता हुनु भएकोले सो समय देखि नै निवेदक मावली घरमा बसोबास गर्दै आएको अवस्था भन्ने देखिन्छ । यो तथ्यमा प्रत्यर्थीहरूका तर्फबाट विवाद उठाइएको पाइदैन । निजको जन्मदर्ता पनि का.म.न.प. प्रमुख सूचक बनी गराएको देखिएकोबाट पनि निवेदनमा उल्लिखित सो तथ्य स्थापित भएको मान्नु पर्ने देखिएको छ । नेपाली नागरिकताको प्रमाणपत्र पाउन प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा जाँदा बुबा र आमाको नागरिकताको प्रमाणपत्र पेश नभएको कारण नारिकताको प्रमाणपत्र दिन इन्कार गरिएको भनी निवेदनमा उल्लेख गरिएको देखिन्छ । प्रत्यर्थी कार्यालयहरूको तर्फबाट प्राप्त लिखित जबाफ बेहोरा हेर्दा रिट निवेदकले बाबु अर्जुन थापा र आमा शान्ता थापा बिच वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि विवाह दर्ताको प्रमाणपत्र पेश गर्न नसकेको र विवाहित महिलाको विवाह पश्चात पति कै वतन कायम रहने हुँदा रिट निवेदकका बाबुको जन्म स्थान यकिन भई नसकेको अवस्थामा आफ्नो मामाघर का.जि.का.म.न.पा. वडा नं. १३ लाई नै जन्म स्थान मानी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता पाउँ भनी दावी लिन नमिल्ने भन्ने जिकिर लिई यी निवेदक नागरिकताको प्रमाणपत्रका लागि आफ्नो कार्यालयमा नआएको भनी भन्न सकेको देखिंदैन । यो स्थितिमा निज निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनबाट प्रत्यर्थी कार्यालयले इन्कार गरेको तथ्य स्थापित भएको मान्नु पर्ने देखियो ।

१०. परमादेशको उपचारको प्रकृतिलाई हेर्दा कुनै सरकारी वा सार्वजनिक पदाधिकारीले कानून बमोजिम निर्वाह गर्नुपर्ने कर्तव्य पूरा नगरेको कारणबाट कुनै व्यक्तिको कानून बमोजिम प्राप्त हक अधिकारमा आघात पुगेको देखिन्छ भने त्यस्तो कर्तव्य पूरा गर्न लगाउनका लागि परमादेश जारी हुने देखिन्छ । मूलतः अख्तियार प्राप्त अधिकारीले आफ्नो कानूनी कर्तव्य पूरा गर्नबाट पन्छिन हुँदैन भन्ने मान्यतामा यदि त्यसो भयो भने उपचारको लागि यस प्रकारको रिट जारी गर्ने अभ्यास विकास भई आएको पाइन्छ । कुनै अधिकारीलाई कानूनले कुनै अधिकार र कर्तव्य प्रदान गर्नुको मतलब निजको स्वेच्छामा आफूलाई दिइएको कर्तव्य सम्पादन गरे पनि हुने र नगरे पनि हुने भन्ने होइन । बरू यस्तो अधिकार र कर्तव्य सर्वसाधारणको हितमा प्रयोग गर्ने गरी एउटा विश्वासपुञ्जको रूपमा प्रदान गरिएको हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । त्यसैले यस्तो कर्तव्य निजी प्रयोगको विषय नभई सम्पादन गराई पाउने नागरिकको अधिकारको विषय बन्छ ।

११. उपर्युक्त सैद्धान्तिक मान्यताका सन्दर्भमा प्रस्तुत निवेदनको स्थितिलाई हेर्दा माथि उल्लेख भए बमोजिम निवेदक नागरिकताको प्रमाणपत्र पाउनका लागि प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा गएको र प्रत्यर्थी कार्यालयबाट निज निवेदकलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएको विषयमा विवाद रहेको देखिएन । नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानूनी कर्तव्य प्रत्यर्थी कार्यालयको भएको कुरामा पनि विवाद रहेको देखिंदैन । प्रस्तुत निवेदनमा निवेदकले जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा गई नागरिकता लिन खोज्दा बुबा आमाको नागरिकता पेश नभएको भनी नागरिकता दिन इन्कार गरेको स्थिति देखिएकोमा

निवेदक स्वयंले निवेदनमा बुबा र आमाले शिशु अवस्थामा छोडी गएकोले बुबा आमाको नागरिकताको प्रमाणप्रत्र पेश गर्न सक्ने अवस्था नभएको भनी स्वीकार गरेको देखिएको छ । अब प्रस्तुत निवेदनका सन्दर्भमा मुख्यतः निवेदकलाई नागरिकता प्राप्त गर्ने हक प्राप्त रहेको अवस्था हो वा होइन? र प्रत्यर्थी कार्यालयहरूको इन्कारीबाट निवेदकको नागरिकता प्राप्त गर्ने हकमा आघात पुगेको अवस्था हो वा होइन ? भन्ने मूल प्रश्न विचारणीय हुन आएको देखिन्छ ।

१२. सर्वप्रथमतः यस सम्बन्धमा बिचार गर्नु पर्दा नेपालको मूल कानूनको रूपमा रहेको नेपालको संविधानमा गरिएको व्यवस्था हेर्नु प्रासङ्गिक हुने देखिन्छ । नेपालको संविधानको धारा ११(२) को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । धारा ११ को उपधारा (४) मा नेपाल भित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नावालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी उल्लेख भएको देखिन्छ । यसैगरी सोही संविधानको धारा ११ को उपधारा (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ भनी उल्लेख भएको देखिन्छ । संविधानमा गरिएका यी व्यवस्थाहरूलाई आधार मान्दा बाबुको पत्ता नलागेको वा बाबु आमा बेपत्ता भएको कारणले मात्र कुनै व्यक्ति नेपालको नागरिकता पाउनबाट वञ्चित हुनु पर्ने अवस्था देखिंदैन । कथंकदाचित पछि बाबुको पहिचान खुल्न आएछ र निज बाबु विदेशी रहेको देखिन आएछ भने पनि नेपालको संविधानको धारा ११(५) को प्रतिवन्धात्मक वाक्यांशमा सो अवस्थाको सम्वोधन हुने गरी बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता अंगिकृत नागरिकतामा परिणत हुने व्यवस्था भएको देखिन्छ । यसैले पछि बाबुको पत्ता लाग्ला कि वा पछि बाबुको पत्ता लाग्दा विदेशी पर्ला की भन्ने आश□ामा निवेदकलाई नागरिकता दिनबाट इन्कार गर्नु पर्ने अवस्था पनि रहेको देखिंदैन । प्रत्यर्थी कार्यालयले भने जस्तै बाबु वा आमाको पहिचान नखुलेसम्म वा निजहरूको नागरिकताको प्रमाणपत्र पेश हुन नआएसम्म निवेदकले नागरिकता नपाउने भन्ने हो भने प्रत्यर्थी कार्यालयको निर्णय/कार्य संविधानको धारा ११(४) र (५) को विपरीत मात्र हुने नभई यस्ता सन्तानले जीवनभर कहिल्यै पनि नागरिकता प्राप्त गर्न नसक्ने स्थिति सिर्जना हुने भई नागरिकताविहिनताको अवस्था आउन सक्ने देखिन्छ जुन कुरा संविधान र कानूनले कल्पना गरेको कुरा होइन । नेपालको संविधानको २०७२ को धारा १० मा हरेक नेपाली नागरिकको नागरिकता प्राप्त गर्न सक्ने हकको सुनिश्चितता गरिएको छ । यस संवैधानिक व्यवस्थाका अतिरिक्त नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ ले पनि कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था गरेको पाइन्छ । सोही ऐनको दफा ८ को उपदफा (१) मा वंशजको आधारमा नेपाली नागरिकता लिन बाबु वा आमा वा आफ्नो वंशजतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान तथा नाता खुल्ने गरी गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस पेश गर्नुपर्ने भनी उल्लेख गरेकोमा उपदफा (४) र (५) ले कुनै व्यक्तिले उपदफा (१) बमोजिमका प्रमाणहरु निवेदनसाथ पेश गर्न नसकेको अवस्थामा तोकीएको अधिकारीले गरेको स्थलगत सरजमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइ सकेका व्यक्तिले सरजमिन स्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ भनी व्यवस्था भएको देखिन्छ । उपदफा (४) बमोजिम स्थलगत सरजमिन गर्दा निवेदक नेपालमा जन्म भई निरन्तर रूपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रूपमा उल्लेख भएको हुनु पर्नेछ भनी व्यवस्था गरेको पाइन्छ । त्यसैगरी, नेपाल नागरिकता निमयमावली, २०६३ को नियम ३ को उपनियम (१) को खण्ड (क) (ख) र (ग) का व्यवस्थाहरु हेर्दा, नागरिकता पाउन पेश गरिने निवेदनका साथमा खण्ड (क) बमोजिम बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, खण्ड (ख) बमोजिम जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिश वा जन्मदर्ता प्रमाणपत्र र खण्ड (ग) मा तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसंगको नाता खुल्ने नाता प्रमाणित पत्र पेश गर्नुपर्ने गरी व्यवस्था भएको देखिन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (२) ले अझ थप उदार व्यवस्था गरेको देखिन्छ । कसैले उपनियम (१) बमोजिमको प्रमाण निवेदन साथ पेश गर्न नसक्ने अवस्था रहेछ भने पनि स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन र सनाखतको आधारमा पनि वंशजको नाताले

नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिने व्यवस्था नियम ३ को उपनियम (२) ले गरेको देखिन्छ । उक्त स्थानीय निकायले गरिदिएको सिफारिश वा सनाखतमा शङ्का लागेमा नागरिकता प्रदान गर्ने अधिकारीले थप छानविन पनि गर्न सक्ने व्यवस्था नियम ३(२) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांशमा गरिएको देखिन्छ । यो व्यवस्थाको परिप्रेक्ष्यमा बिचार गर्दा आमाबुबाको नागरिकता पनि पेश गर्न नसक्ने वा जन्मदर्ताको प्रमाणपत्र पनि पेश गर्न नसक्ने अवस्थाका व्यक्तिलाई पनि सर्जमिन वा सनाखतको आधारमा पनि नागरिकताको प्रमाणपत्र दिन सकिने व्यवस्था कानूनमा भएको देखिन्छ ।

१३. माथि उल्लेखित व्यवस्थाहरूको सन्दर्भमा प्रस्तुत निवेदनका निवेदकको स्थितिलाई हेर्दा, प्रस्तुत निवेदनका साथमा थापाथली प्रसुती गृह, काठमाण्डौंले प्रदान गरेको निवेदकको जन्म प्रमाणपत्रमा (Birth Report) निजको आमाको नाम शान्ता थापा र बुबाको नाम अर्जुन थापा भनी उल्लेख गरेको पाइन्छ । मिसिल संलग्न निवेदकको जन्म दर्ताको प्रमाणपत्र हेर्दा, निवेदकको बुबा आमा दुवैको नागरिकता नभएको भनी उल्लेख गरी तत्कालीन का.म.न.पा प्रमुख विद्या सुन्दर शाक्य सूचक भई निजको जन्मदर्ता भएको देखिन्छ । उक्त जन्म दर्ताको प्रमाणपत्रमा निवेदकको आमाको नाम शान्ता थापा र बुबाको नाम अर्जुन थापा भनी उल्लेख भएको देखिन्छ । त्यसैगरी महानगरीय प्रहरी प्रभागबाट मिति २०७५/०२/२० गते गरिएको सर्जमिन मुचुल्कामा निवेदकको जन्म शान्ता थापा र अर्जुन थापाबाट भएकोमा दुवैजना बेपत्ता भइ निज निवेदक का.जि.का.म.न.पा. वडा नं. १३ स्थित आफ्नो मामाघरमा बसोबास गर्दै आएका हुन् भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । निवेदकका मामा अर्जुन सिजापतीले निज निवेदक आफ्नो भान्जा भएको कुरा स्वीकार गरी मञ्जुरीनामाको कागज गरेको समेत मिसल संलग्न कागजातबाट देखिन आएको छ । यसका अतिरिक्त, मिसिल संलग्न निवेदकले पेश गरेको अनुसुची १ को फारममा अर्जुन सिजापति निवेदकको मामा भएको र निज निवेदकको जन्म मिति २०४९/०३/१८ गते भएकोमा हाल का.जि.का.म.न.पा. वडा नं. १३ मा स्थायी रूपमा बसोबास गर्दै आएको भनी वडा कार्यालयबाट सिफारीस समेत भएको अवस्था देखिन्छ । यस अवस्थामा उक्त सिफारिश वा सनाखतउपर शङ्का लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरे पछि पनि कुनै गलत तवरले नभएको झुठा विवरण पेश गरी नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा जुनसुकै बेला पनि कानून बमोजिम कारबाही हुन सक्ने नै देखिएकोमा पेश भएको सिफारिशको विवरणलाई झुठा हो पनि नभन्ने अनि नागरिकताको प्रमाणपत्र पनि दिन नमिल्ने भन्दा कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट निवेदकलाई गैरकानूनी रूपमा वञ्चित गरेको जस्तो देखिन्छ ।

१४. तसर्थ, नेपालको संविधानको धारा १० मा हरेक नेपाली नागरिकलाई नागरिकता सम्बन्धी हक प्रत्याभुत गरेको देखिएको, संविधान अनुसार कुनै पनि व्यक्ति नेपालको नागरिकता पाउनबाट वञ्चित हुनुपर्ने अवस्था नदेखिएको, संविधानको धारा ११(४) मा पितृत्व र मातृत्वको ठेगान नभएको नाबालक पनि वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था भएको देखिएको, सोही संविधानको धारा ११ (५) मा बाबुको पहिचान हुन नसकेको नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने व्यवस्था भएको देखिएको र यी निवेदक नेपाल मै जन्मेको कुरा जन्मदर्ताको प्रमाणपत्रबाट देखिएको अवस्था हुँदा निज निवेदकलाई कानूनी प्रक्रिया पूरा गरी गराई पछि बाबु आमा पत्ता लागी विदेशी नागरिक ठहरिएमा सोही बमोजिम हुने गरी हाललाई निजको बाबु आमाको पहिचान खुल्न नआएसम्मको लागि वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेश बमोजिम गर्नु भनी प्रत्यर्थीहरूलाई लेखी आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिई निवेदनको दायरीको लगतकट्टा गरी प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

..............................

तिल प्रसाद श्रेष्ठ

न्यायाधीश

उक्त रायमा म सहमत छु।

..............................

अनिल कुमार सिन्हा

न्यायाधीश

इजलास अधिकृतः- श्रेया पौडेल/ सुमेधा खनाल (शाखा अधिकृत)

इति संवत् २०७९ साल पुष महिना २४ गते रोज १ शुभम्

# ५५ सानुमैया क्षेत्री
विरूद्ध
नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौँ

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल पुष महिना २४ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा**
**माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ**
**आदेश**
**०७७-WO-११०६**

**मुद्दा : परमादेशसमेत ।**

स्व. श्री माहिला कार्की तथा स्व. श्रीमती सुन्तली कार्कीकी छोरी कृष्ण क्षेत्रीकी श्रीमती का. जि. का.म.न.पा. वडा नं. ४ बस्ने वर्ष ७० की सानुमैया क्षेत्री ..........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ..........१ प्रत्यर्थी

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने भनी दर्ता भई सुनुवाईको लागि आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

**निवेदनको संक्षिप्त तथ्य**

१. म रिट निवेदकको आमाको नाम सुन्तली कार्की र बुबाको नाम माहिला कार्की हो । मेरो बुबा आमा दुवै नेपाली नागरिक भएकोमा दुवै जनाको मृत्यु भइसकेको अवस्था छ । मेरो जन्म २००६ साल असाढ १५ गते खोपासी काभ्रेपलाञ्चोकमा भइ विगत ४० वर्ष देखि का.जि.का.म.न.पा. वडा नं. ४ स्थित चण्डोलमा स्थायी बसोबास गर्दै आएको छु । म सानै हुँदा आमा बुबाको मृत्यु भएकोमा गाउँकै मान्छेको घरमा आश्रय पाएकोमा त्यहाँ घरेलु कामदारको रूपमा काम गर्नु पर्ने हुँदा सो ठाउँबाट भागी काठमाण्डौं आएँ । काठमाण्डौंमा कृष्ण क्षेत्रीसँग विवाह गरेकोमा मेरो कोखबाट दुइ छोरा र एक छोरीले जन्म लिएका छन् ।सो पश्चात् निज श्रिमान् मलाई केही खबर नगरी बेपत्ता हुनु भयो । हाल छोरीको विवाह भइ सकेको छ भने दुई छोराहरु मसँग बसोबास गर्दै आएका छन् । यस अवस्थामा म निवेदकको आ□नो नागरिकता नभएकोले मेरो बालबालिकासमेत नागरिकताको हकबाट वञ्चित हुन पुगेका छन् । म निवेदकलाई नागरिकता बनाउन का.म.न.पा. वडा नं. ४ बाट स्थलगत सर्जमिनद्वारा सिफारिस गरेकोमा सो सिफारिस, सर्जमिन मुचुल्का तथा जन्म प्रमाणित पत्र समेत लिई जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं जाँदा बुबा आमा सहित तिन पुस्ताको नागरिकता पेश हुन नसकेकोले नागरिकता जारी हुन नसक्ने भनी मेरो निवेदन नै दर्ता गरिएन । नेपालको संविधानको धारा १० र ११ तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ बमोजिम मलाई नगरिकता दिनुपर्नेमा मलाई नागरिकता नदिएकाले मेरो नागरिकता सम्बन्धी संवैधानिक हक हनन हुन गएकोले म निवेदकलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा निवेदकका तर्फबाट दायर हुन आएको रिट निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको

कार्यालयमार्फत लिखित जवाफ पेश गर्नुहोला भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार गरी पेश गर्नू । साथै प्रस्तुत रिट निवेदनमा उठाइएको विवाद शीघ्र टुङ्गो लाग्न आवश्यक देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ, नियमानुसार गरी पेश गर्नू भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७८/०४/१७ गतेको आदेश ।

३. नेपालको संविधान एवं कानून प्रदत्त नागरिकको मौलिक हक एवं अधिकारको संरक्षण र संबर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ । कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्र समेत गरेको नहुँदा बिना कुनै आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

४. प्रस्तुत रिट निवेदनमा निवेदकको कृष्ण क्षेत्रीसँग वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि विवाह दर्ताको प्रमाणपत्रसमेत पेश गर्न सकेको अवस्था छैन । रिट निवेदकको आफ्नो श्रीमान् काठमाण्डौं जिल्ला कै बासिन्दा हो भन्ने ठोस प्रमाणको अभाव देखिएको छ । विवाहित महिलाको विवाह पश्चात पति कै वतन कायम रहने हुँदा यी रिट निवेदकले खोपासी काभ्रेपलान्चोकलाई आफ्नो बाबु आमाको जन्म स्थान मानी का.जि.का.म.न.पा. वडा नं. ४ बाट सिफारिस सहित नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता पाउँ भनी दावी गर्नु क्षेत्राधिकारको अभाव भइ प्रस्तुत रिट निवेदन खारेजभागी छ । वंशजको आधारमा नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) ले वंशजको नाताले नेपालको नागरिकता लिन चाहने १६ वर्ष उमेर पुरा भएका नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष बाबु वा आमा वा तिन पुस्ता भित्रका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानिय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र साथमा अनुसूची १ बमोजिमको फारममा स्थानीय तहबाट सिफारिस गराई निवेदन दिनुपर्ने हुन्छ । नेपालको प्रचलित ऐन, नियम, कानुनले तोकेको शर्त र प्रकृया पुरा गरी आवेदन दिएमा कानुनबमोजिम नागरिकता प्रदान गर्नेतर्फ कारबाही हुने नै हुँदा प्रस्तुत निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ ।

**यस अदालतको आदेश**

५. नियमानुसार पेशी सूचीमा चढी सुनवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकको भनाइमा विवादको मूल विषयलाई हेर्दा निजको बुबा आमा नेपाली भई निज २ वर्षको हुँदै बुबा आमा दुवैको मृत्यु भएको रहेछ । निज निवेदकको जन्म २००६ साल अषाढ १५ गते खोपासी काभ्रेपलाञ्चोकमा भइ विगत ४० वर्ष देखि का.जि.का.म.न.पा. वडा नं. ४ स्थित चण्डोलमा स्थायी बसोबास गर्दै आएका रहेछन् । नागरिकता बनाउन का.म.न.पा. वडा नं. ४ बाट स्थलगत सर्जमिन सिफारिस सहित जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं जाँदा बुबा आमा सहित तिन पुस्ताको नागरिकता पेश हुन नसकेकोले नागरिकता जारी हुन नसक्ने भनी निवेदकको अनुसूची १ बमोजिमको निवेदन नै दर्ता गर्न इन्कार गरिएकोले नेपालको संविधानको धारा १० र ११ बमोजिम म निवेदकको संवैधानिक हक हनन भएको भनी आफूलाई नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने मागदावी सहित प्रस्तुत रिट निवेदन यस अदालतमा पर्न आएको देखियो ।

६. निवेदकका तर्फबाट पर्न आएको प्रस्तुत रिट निवेदन हेर्दा निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने आधारको रूपमा देहायका बुँदाहरु उल्लेख गरेको पाइन्छ :

(क) म निवेदकको बुबा आमा नेपाली भएकोले म निवेदक पनि वंशजको आधारमा नेपाली नागरिक भएको,

(ख) म निवेदक सानै हुँदा बुबा आमाको निधन भइसकेको,

(ग) म निवेदकको कोखबाट दुइ छोरा र एक छोरीले जन्म लिए पश्चात् श्रीमान् पनि बेपत्ता हुनु भएको,

(घ) नागरिकताको प्रमाणपत्रका लागि का.म.न.पा. वडा नं. ४ बाट स्थलगत सर्जमिन सिफारिस सहित जाँदा विपक्षी कार्यालयबाट निवेदन दर्ता गर्न पनि इन्कार गरेको,

(ङ) तसर्थ, म निवेदकलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ ।

७. प्रस्तुत निवेदनका सन्दर्भमा, निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुषमा गौतमले निवेदकको आमा र बुबा दुवै निज शिशु अवस्थाको हुँदै मृत्यु भइसकेको, निजले नागरिकता लिनु अगावै विवाह गरेकोमा निजको श्रीमान् पनि सम्पर्कबिहिन भएकोले बुबा आमा र श्रीमान् कसैको पनि नागरिकता पेश गर्न सम्भव नभएको तर का.म.न.पा. वडा नं. ४ बाट भएको स्थलगत सर्जमिन भएको अवस्था हुँदा निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी परमादेशको आदेश जारी हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो । प्रत्यर्थी कार्यालयहरूका तर्फबाट उपस्थित हुनु भएका महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री युवराज महतले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी निवेदकहरूले नागरिकता प्राप्त गर्न सक्ने नै हुँदा विपक्षी बनाइएका कार्यालयको के कस्तो र कुन कार्यले रिट निवेदकलाई मर्का परेको हो भन्ने कुरा रिट निवेदनमा स्पष्टसँग खुलाउन नसकेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

८. निवेदकका तर्फबाट प्रस्तुत निवेदनमा लिइएका जिकिरहरु, प्रत्यर्थीहरूका तर्फबाट प्रस्तुत लिखित जवाफको बेहोरा, दुवै पक्षबाट उपस्थित विद्वान अधिवक्ता र उप-न्यायाधिवक्ताबाट प्रस्तुत हुन आएका बहस बुँदाहरु तथा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत निवेदनका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरूमा निरूपण हुनुपर्ने देखिन आयोः

क. निवेदनमा उल्लेख भए बमोजिम प्रत्यर्थी कार्यालयबाट निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएको अवस्था देखिन्छ वा देखिंदैन ?

ख. निवेदन माग दावी बमोजिम प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुनुपर्ने देखिन्छ वा देखिंदैन ?

९. निरूपण हुनुपर्ने उपर्युक्त प्रश्नहरूका सन्दर्भमा मिसिल संलग्न कागजातहरु अध्ययन गर्दा रिट निवेदकको जन्म आमा सुन्तली कार्की र बुबा माहिला कार्कीबाट २००६ सालमा भएकोमा निवेदक ६ महिनाको हुँदा निजको बुबाको र २ वर्षको हुँदा आमाको निधन भए पछि का.जि.का.म.न.पा. वडा नं. ४ आई सोही वतनमा बसोबास गर्ने कृष्ण क्षेत्रीसँग विवाह गरी बसी आएको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ । निजबाट दुइ छोरा र एक छोरीको जन्म भएको र निजहरूको जन्म भए पश्चात् निजका श्रीमान पनि बेपत्ता हुनु भएको भनी निवेदनमा उल्लेख भएको देखिन्छ । निजका सम्बन्धमा सनाखत गरी दिने परिवारका कोही नभए पनि का.म.न.पा. वडा कार्यालयबाट जन्म मिति प्रमाणित गराई सर्जमिन सिफारिश समेत संलग्न राखी नागरिकताको प्रमाणपत्र पाउन प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा जाँदा निवेदन नै दर्ता नगरिदिएको भन्ने निवेदकको भनाइ रहेको देखिन्छ । प्रत्यर्थी कार्यालयको तर्फबाट प्राप्त लिखित जबाफ बेहोरा हेर्दा रिट निवेदनमा निवेदकको कृष्ण क्षेत्रीसँग वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि विवाह दर्ताको प्रमाणपत्रसमेत पेश गर्न नसकेको र रिट निवेदकको आफ्नो श्रीमान् काठमाण्डौं जिल्ला कै बासिन्दा हो भन्ने ठोस प्रमाणको अभाव देखिएकोले विवाहित महिलाको विवाह पश्चात पति कै वतन कायम रहने हुँदा यी रिट निवेदकले आफ्नो बाबु आमाको जन्म स्थान खोपासी काभ्रेपलान्चोकलाई नै आफ्नो जन्म स्थान मानी का.जि.का.म.न.पा. वडा नं. ४ बाट भएको सिफारिस सहित नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता पाउँ भनी दावी गर्नु क्षेत्राधिकारको अभाव भएको भन्ने जिकिर लिएको देखिन्छ । प्रत्यर्थी कार्यालयबाट प्राप्त यो लिखित जबाफ व्यहोरालाई

हेर्दा निज निवेदक नागरिकताको प्रमाणपत्र प्राप्त गर्न प्रत्यर्थी कार्यालयमा जाँदै नगएको भन्ने नदेखिई नागरिकता प्राप्तिको लागि पेश भएको निवेदन नै दर्ता नगरी दिएको भनी निवेदनमा उल्लिखित बेहोरालाई नै साँचो रहेको मान्नु पर्ने देखिन आयो । यो स्थितिमा निज निवेदकलाई नागरिकताको प्रमाणपत्र दिनबाट प्रत्यर्थी कार्यालयले इन्कार गरेको तथ्य स्थापित नै भएको मान्नु पर्ने देखियो ।

१०. परमादेशको उपचारको प्रकृतिलाई हेर्दा कुनै सरकारी वा सार्वजनिक पदाधिकारीले कानून बमोजिम निर्वाह गर्नुपर्ने कर्तव्य पूरा नगरेको कारणबाट कुनै व्यक्तिको कानून बमोजिम प्राप्त हक अधिकारमा आघात पुगेको देखिन्छ भने त्यस्तो कर्तव्य पूरा गर्न लगाउनका लागि परमादेशको आदेश जारी हुने देखिन्छ । मूलतः अख्तियार प्राप्त अधिकारीले आफ्नो कानूनी कर्तव्य पूरा गर्नबाट पन्छिन हुँदैन भन्ने मान्यतामा यदि त्यसो भयो भने उपचारको लागि यस प्रकारको रिट जारी गर्ने अभ्यास विकास भई आएको पाइन्छ । कुनै अधिकारीलाई कानूनले कुनै अधिकार र कर्तव्य प्रदान गर्नुको अर्थ निजको स्वेच्छामा आफूलाई दिइएको कर्तव्य सम्पादन गरे पनि हुने र नगरे पनि हुने भन्ने होइन । बरू यस्तो अधिकार र कर्तव्य सर्वसाधारणको हितमा प्रयोग गर्ने गरी एउटा विश्वासपुञ्जको रूपमा प्रदान गरिएको हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । त्यसैले यस्तो कर्तव्य निजी प्रयोगको विषय नभई सम्पादन गराई पाउने नागरिकको अधिकारको विषय बन्छ ।

११. उपर्युक्त सैद्धान्तिक मान्यताका सन्दर्भमा प्रस्तुत निवेदनको स्थितिलाई हेर्दा माथि उल्लेख भए बमोजिम निवेदक नागरिकताको प्रमाणपत्र पाउनका लागि प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा गएको र प्रत्यर्थी कार्यालयबाट निज निवेदकलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरिएको विषयमा विवाद रहेको देखिएन । नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानूनी कर्तव्य प्रत्यर्थी कार्यालयको भएको कुरामा पनि विवाद रहेको देखिंदैन । प्रस्तुत निवेदनमा निवेदकले जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा गई नागरिकता लिन खोज्दा बुबा आमाको नागरिकता पेश नभएको भनी नागरिकता दिन इन्कार गरेको स्थिति देखिएकोमा निवेदक स्वयंले निवेदनमा निजको बुबा आमाको निवेदक शिशु अवस्थाको हुँदै निधन भएको र परिवारमा अन्य कोही व्यक्ति पनि नभएको हुँदा जिविकोपार्जनको लागि आफ्नो जन्मस्थलोबाटै विस्थापित भएको भनी उल्लेख गरेको देखिएको छ । निवेदन कै बेहोरामा आमा बुबाको निधन पश्चात आफ्नै जन्मथलो खोपासी काभ्रेपलान्चोकमा घरेलु कामदारको रूपमा काम गर्दै आएकोमा पछी का.म.न.पा. ४ नं वडामा आइ बसोबास गर्न थालेको भनी उल्लेख गरेको पाइन्छ । का.म.न.पा. ४ नं वडा कार्यालयलले निज निवेदकको जन्म खोपासी, काभ्रेपलान्चोकमा भएकोमा ४० वर्षदेखि का.म.न.पा. ४ नं वडामा नै बस्दै आएको भनी प्रमाणित गरेबाट निज निवेदकको भनाइलाई अन्यथा मान्नु पर्ने अवस्था देखिंदैन । अब प्रस्तुत निवेदनका सन्दर्भमा मुख्यतः निवेदकलाई नेपाली नागरिकता प्राप्त गर्ने हक प्राप्त रहेको अवस्था हो वा होइन ? र प्रत्यर्थी कार्यालयहरूको इन्कारीबाट निवेदकको नागरिकता प्राप्त गर्ने हकमा आघात पुगेको अवस्था हो वा होइन? भन्ने मूल प्रश्न विचारणीय हुन आएको देखिन्छ ।

१२. सर्वप्रथमतः यस सम्बन्धमा बिचार गर्नु पर्दा नेपालको मूल कानूनको रूपमा रहेको नेपालको संविधानमा गरिएको व्यवस्था हेर्नु प्रासङ्गिक हुने देखिन्छ । नेपालको संविधानको धारा ११(२) को खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । सोही संविधानको धारा ११ को उपधारा (४) मा नेपाल भित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नावालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी उल्लेख भएको देखिन्छ । यसैगरी सोही संविधानको धारा ११ को उपधारा (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ भनी उल्लेख भएको देखिन्छ । संविधानमा गरिएका यी व्यवस्थाहरूलाई आधार मान्दा बाबुको पत्ता नलागेको वा बाबु आमा बेपत्ता भएको कारणले मात्र कुनै व्यक्ति नेपालको नागरिकता पाउनबाट वञ्चित हुनु पर्ने अवस्था देखिंदैन । कथंकदाचित पछि बाबुको पहिचान खुल्न आएछ र निज बाबु विदेशी रहेको देखिन आएछ भने पनि नेपालको संविधानको धारा ११(५)

को प्रतिवन्धात्मक वाक्यॉंशमा सो अवस्थाको सम्वोधन हुने गरी बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता अंगिकृत नागरिकतामा परिणत हुने व्यवस्था भएकोबाट पनि यस्ता व्यक्तिको नागरिकता नै बदर हुने अवस्था रहँदैन । यसैले पछि बाबुको पत्ता लाग्ला कि वा पछि बाबुको पत्ता लाग्दा विदेशी पर्ला की भन्ने आशङ्कामा निवेदकलाई नागरिकता दिनबाट इन्कार गर्नु पर्ने अवस्था पनि रहेको देखिंदैन । प्रत्यर्थी कार्यालयले भने जस्तै बाबु वा आमाको पहिचान नखुलेसम्म वा निजहरूको नागरिकताको प्रमाणपत्र पेश हुन नआएसम्म निवेदकले नागरिकता नपाउने भन्ने हो भने प्रत्यर्थी कार्यालयको निर्णय/कार्य संविधानको धारा ११(४) र (५) को विपरीत मात्र हुने नभई यस्ता सन्तानले लामो समयसम्म वा जीवनभर पनि कहिल्यै नागरिकता प्राप्त गर्न नसक्ने स्थिति सिर्जना हुने भई नागरिकताविहिनताको अवस्था आउन सक्ने देखिन्छ जो संविधान र कानूनले पनि कल्पना गरेको कुरा होइन । नेपालको संविधानको धारा १० मा हरेक नेपाली नागरिकको नागरिकता प्राप्त गर्न सक्ने हकको सुनिश्चितता गरिएको छ । यस संवैधानिक व्यवस्थाका अतिरिक्त नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ ले पनि कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था गरेको पाइन्छ । सोही ऐनको दफा ८ को उपदफा (१) मा वंशजको आधारमा नेपाली नागरिकता लिन बाबु वा आमा वा आफ्नो वंशजतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान तथा नाता खुल्ने गरी गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस पेश गर्नुपर्ने भनी उल्लेख गरेकोमा उपदफा (४) र (५) ले कुनै व्यक्तिले उपदफा (१) बमोजिमका प्रमाणहरु निवेदनसाथ पेश गर्न नसकेको अवस्थामा तोकीएको अधिकारीले गरेको स्थलगत सरजमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइ सकेका व्यक्तिले सरजमिन स्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ भनी व्यवस्था भएको देखिन्छ । उपदफा (४) बमोजिम स्थलगत सरजमिन गर्दा निवेदक नेपालमा जन्म भई निरन्तर रूपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रूपमा उल्लेख भएको हुनु पर्नेछ भनी व्यवस्था गरेको पाइन्छ । त्यसैगरी, नेपाल नागरिकता निमयमावली, २०६३ को नियम ३ को उपनियम (१) को खण्ड (क) (ख) र (ग) का व्यवस्थाहरु हेर्दा, नागरिकता पाउन पेश गरिने निवेदनका साथमा खण्ड (क) बमोजिम बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, खण्ड (ख) बमोजिम जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिश वा जन्मदर्ता प्रमाणपत्र र खण्ड (ग) मा तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसंगको नाता खुल्ने नाता प्रमाणित पत्र पेश गर्नुपर्ने गरी व्यवस्था भएको देखिन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (२) ले अझ थप उदार व्यवस्था गरेको देखिन्छ । कसैले उपनियम (१) बमोजिमको प्रमाण निवेदन साथ पेश गर्न नसक्ने अवस्था रहेछ भने पनि स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन र सनाखतको आधारमा पनि वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिने व्यवस्था नियम ३ को उपनियम (२) ले गरेको देखिन्छ । उक्त स्थानीय निकायले गरिदिएको सिफारिश वा सनाखतमा शङ्का लागेमा नागरिकता प्रदान गर्ने अधिकारीले थप छानविन पनि गर्न सक्ने व्यवस्था नियम ३ (२) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यॉंशमा गरिएको देखिन्छ । यो व्यवस्थाको परिप्रेक्ष्यमा बिचार गर्दा आमा बुबाको नागरिकता पनि पेश गर्न नसक्ने वा जन्मदर्ताको प्रमाणपत्र पनि पेश गर्न नसक्ने अवस्थाका व्यक्तिलाई पनि सर्जमिन वा सनाखतको आधारमा पनि नागरिकताको प्रमाणपत्र दिन सकिने व्यवस्था कानूनमा भएको देखिन्छ ।

१३. नेपालको विभिन्न भूभागको भौगोलिक, आर्थिक वा पारिवारिक अवस्थाका कारण कतिपय अबोध बालबालिकालाई आमा वा बाबु वा कुनै परिचित व्यक्तिले आफ्नो घरठेगाना भन्दा टाढा अन्यत्रै बसेको घरमा काममा लगाईदिनु, कालान्तरमा कतिपय त्यस्ता व्यक्ति आफ्नो मूल घर बासस्थान वा परिवारबाट टाढिएकै कारण सम्पर्क बिहिन बन्न पुग्ने बाध्यात्मक अवस्था सृजना हुनु, कतिले जुन परिवारमा कामकाज गरि बसेको छ त्यहीँ आफूलाई बस्न सहज मानेको कारण आफ्नो घर परिवार वा मूल थलो तर्फको सम्पर्क पूरै रूपमा छाडिदिने गरेको कारणबाट पनि

नेपालमा नै बसोबास गरि आएपनि त्यसको कागजी प्रमाण दिन नसक्नु देशको सामाजिक परिवेशमा पटक पटक देखिएको तथ्यहरु हुन् । कुनै श्रोतबाट बाबु आमाको नाम खुले पनि त्यस्ता नाबालिक नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने अवस्थामा निजहरूसँग सम्पर्कमा नभएमा त्यस्तो व्यक्ति पनि पितृत्व र मातृत्व ठेगान नभएको व्यक्ति नै मानि नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु बान्छनिय हुन्छ । नेपालको संविधानको धारा ११ को उपधारा (४) ले यस्ता व्यक्तिलाई पनि नेपालको नागरिकको परिभाषा वा दायराभित्र समेटी नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य मानेको छ । यस्तो अवस्थामा त्यस्ता व्यक्ति जुन परिवारसँग नेपालको कुनै स्थानमा लामो समयसम्म बसेको छ निजहरूकै प्रमाणिकरण त्यस्ता बालबालिकाका निमित्त नागरिकताको प्रमाणपत्र पाउने मूल आधार बन्ने हुन्छ । यस्ता बालबालिका आफ्नो अधिकारमा सहज पहुँच पाउन नसक्ने वा शिक्षा वा अर्थाभावको कारण पनि सम्बन्धित निकायका कार्याविधि पूरा गर्न गराउन असमर्थ वा असहज हुन जान्छ । आफ्नो क्षेत्र भित्र बसोबास गर्ने यस्ता न्यायमा पहुँच पाउन नसकेका बालबालिका वा कालान्तरमा बालिग भएका व्यक्तिको खोजी वा पहिचान गरि नागरिकताको प्रमाणपत्र दिने दिलाउने सम्बन्धमा तथा त्यसका लागि व्यवस्था मिलाई दिन स्थानिय तह तथा जनप्रतिनिधिहरूको कानूनी र मानविय कर्तव्य पनि हो ।

१४. माथि उल्लेखित व्यवस्थाहरूको सन्दर्भमा प्रस्तुत निवेदनका निवेदकको स्थितिलाई हेर्दा, प्रस्तुत निवेदनका साथमा रिट निवेदकले का.जि.का.म.न.पा. ४ नं. वडा कार्यालयले प्रदान गरेको निवेदकको जन्म मिति प्रमाणित गरेको पत्रमा निवेदकको जन्म माहिला कार्की र सुन्तली कार्कीबाट भएको भनी उल्लेख गरेको देखिएको छ । मिसिल संलग्न का.जि.का.म.न.पा. ४ नं. वडा कार्यालयले प्रदान गरेको निवेदकको विवाह प्रमाणित पत्र हेर्दा निजको विवाह सोही वडामा बस्ने कृष्ण क्षेत्रीसँग वि.सं. २०२१ सालमा भएको भनी उल्लेख गरेको देखिन्छ । त्यसैगरी का.जि.का.म.न.पा. ४ नं. वडा कार्यालयबाट मिति २०७४ ।०८ ।११ गते गरिएको सर्जमिन मुचुल्कामा निवेदकको जन्म नेपाली नागरिकबाट भएको र विवाह पनि नेपाली नागरिकसँगै भएको भन्ने बेहोरा उल्लेख भई नेपाली नागरिकता लिएका व्यक्तिहरूले सो बेहोरालाई समर्थन गर्ने गरी सही छापसमेत गरी दिएको पाइन्छ । निज निवेदकको समाजिक पृष्ठभुमीलाई विचार गर्दा पनि २ वर्षको उमेर हुँदा नै बुबा आमा दुवै स्वर्गवास भइ घरेलु कामदारको रूपमा काम गरेको र विवाह पश्चात् पनि आफ्नो श्रीमान् बेपत्ता भएको भन्ने देखिएबाट आमा वा बुबाको अथवा पतिको नै परिचय खुल्ने कागजात निवेदकबाट पेश हुन नसक्नु र विवाह दर्ताको प्रमाण पत्रसमेत पेश गर्न नसक्नु अस्वाभाविक देखिंदैन । जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा रिट निवेदकले आफ्नो श्रीमान् काठमाण्डौं जिल्ला कै बासिन्दा हो भन्ने ठोस प्रमाण दिन नसकेको र विवाह दर्ताको प्रमाणपत्र पनि पेश गर्न नसकेको भन्ने उल्लेख गरेको देखिन्छ । प्रत्यर्थी कार्यालयको यो लिखित जबाफ बेहोरालाई आधार मानी सोही तर्कलाई मान्यता दिने हो भनी विवाह दर्ताको प्रमाणपत्र नभएका कसैले पनि नागरिकताको प्रमाणपत्र नपाउने स्थिति बन्ने देखिन्छ । प्रत्यर्थी कार्यालयले आफ्नो लिखित जबाफमा माथि उल्लेख गरिएका नेपालको संविधान, नेपाल नागरिकता ऐन र नियमावलीमा भएका व्यवस्थालाई आधार बनाई यो आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन नसकिएको भनी निश्चिततापूर्वक उल्लेख गर्न सकेको देखिंदैन । नागरिकता पाउन भनी पेश गरेको निवेदन नै पनि दर्ता नगरेको स्थिति देखिएको छ ।नागरिकताका लागि पेश हुन आएको निवेदन नै दर्ता नगर्ने अधिकारीले अरू छानविन गर्ने तर्फ लाग्ने कुरा पनि आएन । यो स्थितिलाई हेर्दा आफ्नो अधिकार र कर्तव्यको पालना तर्फ प्रत्यर्थी कार्यालयमा आसिन अधिकारीले कुनै सजगता सम्म पनि नअपनाएको मान्नु पर्ने देखिन्छ । एउटा व्यक्ति यतिका वर्षसम्म नागरिकताविहिन भएर बस्नु परेको दुर्भाग्यपूर्ण अवस्थातर्फ कुनै संवेदनशिलता देखाएको पाइदैन । छानविन र प्रमाणबाट नागरिकता नठहर्ने अवस्था हो भने नागरिकता प्रदान गर्ने जस्तो विषयमा संवेदनशिल हुनु पर्ने कुरामा दुईमत हुन सक्दैन तर निवेदन सम्म पनि नलिने, जाँचबुझ पनि नगर्ने र विभिन्न बहाना बनाई मौखिक रूपमै माग गरेको प्रमाणहरु पेश नभएसम्म निवेदनको विषयमा प्रवेश नै नगर्ने प्रवृत्तिलाई त्यस्तो कर्मचारीको अयोग्यता तथा त्यस्ता कार्यालयको अकर्मण्यताको रूपमा लिइनु पर्ने तर्फ विवाद हुन सक्दैन । व्यक्तिको पहिचान, वर्तमानको आवश्यकता तथा भविष्यको अवसरसँग

प्रत्यक्ष रूपमा गासिएको यो विषयमा जो सुकैलाई पनि सकारात्मक सहयोग एवं मार्ग दर्शन गर्नु नै सम्बन्धित कार्यालय एवं कर्मचारीहरूको कर्तव्य र दायित्वको विषय पनि हो ।

१५. मिसिल संलग्न निवेदकले पेश गरेको अनुसुची-१ को फारममा निवेदकको जन्म मिति २००६/०३/१५ गते खोपासी, काभ्रेपलान्चोकमा भएकोमा हाल का.जि.का.म.न.पा. वडा नं. ४ मा स्थायी रूपमा बसोबास गर्दै आएको भनी वडा कार्यालयबाट सिफारीस समेत भएको अवस्था देखिन्छ । यस अवस्थामा उक्त सिफारिश वा सनाखतउपर शङ्का लागेमा वा नागरिकताको प्रमाणपत्र नै प्राप्त गरे पछि पनि कुनै गलत तवरले नभएको झुठा विवरण पेश गरी नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा जुनसुकै बेला पनि कानून बमोजिम कारबाही हुन सक्ने नै देखिएकोमा पेश भएको सिफारिशको विवरणलाई झुठा हो पनि नभन्ने अनि नागरिकताको प्रमाणपत्र पनि दिन नमिल्ने भन्दा कानूनले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट निवेदकलाई गैरकानूनी रूपमा वञ्चित गरेको हुन जान्छ । नेपालको संविधानले यस प्रकारको व्यवहारलाई स्विकार गर्दैन ।

१६. तसर्थ, नेपालको संविधानको धारा १० मा हरेक नेपाली नागरिकलाई नागरिकता सम्बन्धी हक प्रत्याभुत गरेको देखिएको, संविधानको धारा ११ (४) मा पितृत्व र मातृत्वको ठेगान नभएको व्यक्ति पनि वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था भएको देखिएको, सोही संविधानको धारा ११(५) मा बाबुको पहिचान हुन नसकेको नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने व्यवस्था भएको पनि देखिएको, नेपाल नागरिकता ऐन र नियमावलीका माथि उल्लिखित व्यवस्थाहरूलाई आधार मान्दा उपरोक्त बमोजिम घरेलु कामदार वा सहयोगीको रूपमा काम गरेका नेपाल मै बसोबास गरि आएको तर नेपालमा मातृत्व वा पितृत्व ठेगान नभएका बालबालिका वालिग तथा हाल बृद्ध समेत भई सकेकी यी निवेदिकालाई स्थलगत सर्जमिन र सिफारिशको आधारमा पनि नागरिकताको प्रमाणपत्र दिन सकिने देखिएको, यी प्रमाणहरूका अतिरिक्त प्रमुख जिल्ला अधिकारी स्वयंले पनि थप जाँचबुझ र छानविन गरी नागरिकताको प्रमाणपत्र दिन सकिने कानूनी व्यवस्था रहेको अवस्था देखिंदा निज निवेदकको निवेदन लिई कानून बमोजिम वंशजको आधारमा यथासिघ्र नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेश बमोजिम गर्नु भनी प्रत्यर्थीहरूलाई लेखी पठाई निवेदनको दायरीको लगतकट्टा गरी प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

तिल प्रसाद श्रेष्ठ

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

अनिल कुमार सिन्हा

न्यायाधीश

इजलास अधिकृतः- श्रेया पौडेल/ सुमेधा खनाल (शाखा अधिकृत)

इति संवत् २०७९ साल पुष महिना २४ गते रोज १ शुभम् ...।

# ५६ विकासकुमार अग्रवाल विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल फाल्गुण १७ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**
**आदेश**
**०७८-WO-१०२१**

**मुद्दा : उत्प्रेषण परमादेश ।**

रमेश कुमार अग्रवालको छोरा, बारा जिल्ला, कलैया उपमहानगरपालिका-४ बस्ने विकासकुमार अग्रवाल ......१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ..........१
जिल्ला प्रशासन कार्यालय, बारा, कलैया..........१
बारा जिल्ला, कलैया उप-महानगरपालिका, वडा नं. ४ को कार्यालय, कलैया..........१
त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, डिनको कार्यालय, पुल्चोक, ललितपुर ..........१ विपक्षी

नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

१. म निवेदक बारा जिल्ला, कलैया उप-महानगरपालिका वडा नं. ४ मा बस्ने रमेशकुमार अग्रवाल र ममतादेवी अग्रवालको कोखबाट मिति २०६१/१/३१ मा मेरो जन्म भएको हो । बुबाले जन्मको आधारमा र आमाले वैवाहिक अंगिकृत नागरिकता प्राप्त गर्नु भएको छ । मेरो उमेर १६ वर्ष पूरा भएकोले नागरिकता बनाउनका लागि अनुसूचि १ को निवेदन फाराम भरी शैक्षिक योग्यताको प्रमाणपत्र, जन्म दर्ता प्रमाणपत्र, बुबा र आमाको नागरिकता प्रमाणपत्रको छायाँप्रतिसमेत संलग्न राखी बारा जिल्ला, कलैया उप-महानगरपालिका वडा नं. ४ को कार्यालयमा सिफारिसको लागि जाँदा हाल जन्मसिद्धको आधारमा नागरिकता प्राप्त गरेकाको सन्तानलाई नागरिकता दिन अदालतले नै रोक लगाएकोले सिफारिस गर्न नमिल्ने भनी दरपिठ गरिदिनु भएकोले सो निवेदनसमेत लिई जिल्ला प्रशासन कार्यालय, बारामा जाँदा नागरिकता बन्न नसक्ने जानकारी दिनु भयो । हाल म त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानबाट इन्जिनियरिङ अध्ययनको लागि लिइएको प्रवेश परीक्षामा सफल भई इन्जिनियरिङ अध्ययनको लागि भर्ना हुनलाई अनलाईन फाराम भर्दा नागरिकता पेश नगरेको कारणले मेरो फाराम स्वीकृत नहुँदा म निवेदकले नागरिकता नपाएको हुनाले संविधानद्वारा प्रदत्त समानता सम्बन्धी हक, नागरिकता प्राप्त गर्ने हक, रोजगारीको अधिकार, उच्च शिक्षा हासिल गर्न पाउने अधिकारसमेतबाट बञ्चित भएको छु । नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको, धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बुबा र आमा दुवै नेपालको नागरिक रहेछन भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था रहेको र नेपाल नागरिकता ऐन २०६३ को दफा ३ मा कुनै व्यक्तिको जन्म हुँदा बुबा वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक हुनेछ भन्ने व्यवस्था रहेकोमा मलाई नागरिकता दिन ईन्कार गरेकाले म निवेदकको नागरिकता प्रमाणपत्र पाउँ भन्ने बिषयको अनुसूचि १

को फाराममा कलैया उपमहानगरपालिका वडा नं. ४ को कार्यालयबाट गरिएको दरपिठ उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई वंशजको नेपाली नागरिकता प्रदान गर्न सिफारिस गर्नु गराउनु भनी विपक्षी कलैया उप- महानगरपालिका वडा नं. ४ को कार्यालयका नाममा र नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम म निवेदकलाई वंशजको नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, बारासमेतका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको विकासकुमार अग्रवालको निवेदन ।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित म्याद सूचना पाएको मितिले बाटाको म्यादबाहेक १५ (पन्) दिनभित्र प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् र प्रत्यर्थी नं. ३ र ४ को हकमा कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको एक-एक प्रति नक्कलसमेत साथै राखी प्रत्यर्थीहरूका नाउँमा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू ।

निवेदनमा अन्तरिम आदेशसमेतको माग गरिएको सम्बन्धमा हेर्दा, विकासकुमार अग्रवालका बुबा रमेशकुमार अग्रवाल र आमा ममतादेवी अग्रवाल नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक रहेको भनी प्रमाणपत्रको प्रतिलिपि पेश हुन आएको, आमा बुबा नेपाली नागरिक भएका कारण आफूले पनि नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी विकासकुमार अग्रवालले सम्बन्धित जिल्ला प्रशासन कार्यालय, बारामा आवेदन गरेको भन्ने जिकिर रहेको र बुबाआमा नेपाली नागरिक भएको अवस्थामा निजका सन्तानले नेपाली नागरिकताको प्रमाणपत्र पाउने भन्ने नेपाल नागरिकता ऐन, २०६३ मा प्रावधान रहेको समेत देखियो । यस अवस्थामा निवेदकले तत्काल नेपाली नागरिकताको प्रमाणपत्र पेश नगरेको भन्नेसम्मको कारणबाट निजलाई उच्च शिक्षा हासिल गर्नबाट बञ्चित गर्नु न्यायोचित नहुने भएबाट निवेदकले त्रिभुवन विश्वविद्यालय ईन्जिनियरिङ अध्ययन संस्थान, डिनको कार्यालय पुल्चोकअन्तर्गत ईन्जिनियरिङ विषयमा अध्ययनका लागि भर्ना हुन अन्य प्रक्रिया पूरा गरेको भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तत्काल पेश गर्न नसकेको कारणबाट मात्र अध्ययनका लागि भर्ना हुन दिनबाट नरोक्नू भनी प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम प्रत्यर्थी त्रिभुवन विश्वविद्यालय, ईन्जिनियरिङ अध्ययन संस्थान, डिनको कार्यालय पुल्चोकका नाममा अन्तरिम आदेश जारी गरिएको छ । सोको जानकारी प्रत्यर्थीहरूलाई दिनू भन्ने यस अदालतको मिति २०७८/१२/१/३ को आदेश ।

३. यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक बञ्चित हुनुपर्ने अवस्था रहँदैन । यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको नहुँदा बिना आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

४. त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थानबाट प्रत्येक शैक्षि सत्रमा बि.ई प्रथम वर्षमा भर्नाको लागि सूचना निकाल्दा तोकिएबमोजिम त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट आवश्यक शैक्षिक योग्यता प्राप्त गरेका विद्यार्थीहरूले आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउने फाराम भर्दा आफूलाई परिचय गराउने फोटो र हस्ताक्षरसहितको प्रमाणपत्र जस्तै नागरिकताको प्रमाणपत्र सवारी चालक अनुमतिपत्र, पासपोर्ट उल्लेख गरी त्यसरी Digital छायाँप्रति पनि Upload गर्नुपर्नेछ भन्ने उल्लेख गरिन्छ । बि.ई/बि.आर्क तहको प्रवेश परीक्षामा सहभागी हुने व्यक्ति ११ र १२ उत्तीर्ण गरेको विद्यार्थी हुने हुनाले उच्च शिक्षा प्राप्त गर्नको लागि नेपाली नागरिकता आवश्यकता पर्दछ भन्ने कुरामा निजले बोध गरेको हुन्छ । तसर्थ, रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको त्रिभुवन विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोकको लिखित जवाफ ।

५. जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बुबा र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने भनी यस मन्त्रालयबाट मिति २०७५/१२/१९ मा ( मा. मन्त्रिस्तर) निर्णय भएकोले निर्णयानुसार गर्नुहुन अनुरोध गर्दछु भनी गृह मन्त्रालयको च.नं.५८३ मिति २०७५/१२/१९ गतेको पत्रबाट सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र भएअनुसार २०६३ सालमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता प्रदान गरिंदै आइएको थियो । पूर्ण इजलासबाट सुनुवाई भई अन्तरिम आदेश जारी हुने, नहुने सम्बन्धमा टुंगो नलागेसम्म नेपाल सरकार, गृह मन्त्रालयको च.नं.५८३ मिति २०७५/१२/१९ को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरिएको छ भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७६/०१/२४ गते आदेश भएकोले गृह मन्त्रालयको उल्लेखित च.नं. ५८३ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राखिएको अवस्था छ । सम्मानित सर्वोच्च अदालतकै आदेशानुसार गर्नु गराउनु हुन भनी गृह मन्त्रालयको च.नं.६४९ मिति २०७६/०१/२५ गतेको पत्रबाट लेखी आएकोले च.नं. ५८३ मिति २०७५/१२/१९ गतेको गृह मन्त्रालयको पत्र कार्यान्वयन नगरी यथास्थितिमा राखि सम्मानित अदालतको निर्देशनको पालन गरिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय कलैया, बाराको लिखित जवाफ ।

६. जिल्ला प्रशासन कार्यालय, बाराले सर्वोच्च अदालतबाट अन्तिम फैसला नभएसम्म जन्मका आधारमा नागरिता लिएका व्यक्तिका सन्तानलाई नागरिताको सिफारिस नगर्नु भनि मौखिक तथा मिति २०७७ ।१२ ।०४ मा लिखित परिपत्र गरिएको हुँदा निवेदकले निवेदन लेखमा उल्लेख गरे झै दरपिठ गरिएको हो । वडाध्यक्षको व्यक्तिगत स्वार्थ वा कार्यालयको स्वार्थको कारणले सिफारिस नगरेको नभई माथिल्लो निकायबाट भएको आदेश/परिपत्र/निर्देशन अनुसार विपक्षी निवेदकको मात्र नभई सोहि प्रकृतिका सम्पूर्ण नागरिताको सिफारिस रोकिएको र सर्वोच्च अदालतबाट अन्तिम फैसला भएपश्चात वा गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयबाट परिपत्र वा निर्देशन भएअनुसार हुने नै हुँदा रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ४ को वडा कार्यालयको लिखित जवाफ ।

**आदेश खण्ड**

७. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको रिट निवेदनको अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री मिराकुमारी ढुंगाना र विद्वान् अधिवक्ता श्री सुषमा गौतमले यी निवेदक विकासकुमार अग्रवालका पिता रमेशकुमार अग्रवालले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको अवस्थामा निवेदकले वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र पाउने आधार हुँदाहुँदै कानूनी अड्चन देखाई नागरिकताको प्रमाणपत्र नबनेकोले शिक्षा प्राप्त गर्ने तथा बैंकमा खाता खोल्ने र रोजगारी प्राप्त गर्न पाउने मौलिक हकबाटसमेत यी निवेदक बञ्चित भएको र यी निवेदक नागरिकता पाउन योग्य नेपाली नागरिक रहेको तथा नागरिकता प्राप्त गर्ने उमेर पुगेकाले नेपालको संविधानको धारा ११(३) बमोजिम नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी परमादेशसमेतको आदेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री युवराज महतले नागरिकता प्राप्त गर्नका लागि नागरिकता ऐन, २०६३ मा उल्लेखित कानूनी प्रक्रिया पूरा गरी आएको अवस्थामा निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न कुनै बाधा नपर्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

९. उल्लिखित तथ्य र बहस जिकिर भएको प्रस्तुत निवेदनमा निवेदन मागबमोजिम परमादेश समेतको आदेश जारी हुने हो वा होईन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

१०. निर्णयतर्फ विचार गर्दा, म निवेदक बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं. ४ मा मिति २०६१/०१/३१ मा जन्मिएको र मेरो बुबा रमेशकुमार अग्रवालले जन्मको आधारमा नेपाली नागरिकता (ना.प्र.नं.३३३०५५/१०४२) प्राप्त गर्नु भएको छ । त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा ईन्जिनियरिङ अध्ययनको लागि प्रवेश परीक्षा उत्तीर्ण गरी भर्ना हुन जाँदा नागरिकता

प्रमाणपत्र अनिवार्य गरी भर्ना लिन नमानेको र नागरिकता प्रमाणपत्र बनाउने सिफारिस पाउँ भनी बारा जिल्ला, कलैया उपमहानगरपालिकाको ४ नं. वडा कार्यालयमा जाँदा सिफारिस दिन ईन्कार गरेको तथा विपक्षी जिल्ला प्रशासन कार्यालय, बारालेसमेत नागरिकता प्रदान गर्न ईन्कार गरेकाले बारा जिल्ला, कलैया उपमहानगरपालिकाको ४ नं. वडा कार्यालयले सिफारिस दिन नमिल्ने भनी गरेको दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई नेपाली नागरिकता प्रदान गर्नु गराउनु र अध्ययन गर्नका लागि भर्ना लिनु भनी परमादेशलगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन बेहोरा रहेको पाईन्छ ।

११. यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको नहुँदा बिना आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको, उच्च शिक्षा अध्ययनको लागि नागरिकतालगायतका कागज अनिवार्यरूपमा पेश गर्नु पर्ने भएकाले भर्ना गर्नको लागि सूचना निकाल्ने निकाय वा संस्थाले त्यस्तो प्रावधान राखिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोकको, गृह मन्त्रालयको परिपत्र तथा सर्वोच्च अदालतको आदेशबमोजिम रिट निवेदकलाई नागरिकता प्रदान नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय, कलैया, बाराको र माथिल्लो निकायबाट नै भएको आदेश/परिपत्र/निर्देशन अनुसार विपक्षी निवेदकको मात्र नभई सोहि प्रकृतिका सम्पूर्ण नागरिताको सिफारिस रोकिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं.४ को वडा कार्यालयको लिखित जवाफ रहेको देखिन्छ ।

१२. निवेदक विकासकुमार अग्रवालले निवेदनसाथ पेश गरेको निवेदकका बुबा रमेशकुमार अग्रवालको नागरिकताको प्रतिलिपि हेर्दा निज रमेशकुमार अग्रवालले मिति २०६३/११/१ मा जिल्ला प्रशासन कार्यालय, कलैया बाराबाट जन्मको आधारमा ना.प्र.नं. ३३३०५५/१०४२ को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । निवेदकको जन्मदर्ता प्रमाणपत्रमा बुबाको नाम रमेशकुमार अग्रवाल तथा आमाको नाम ममतादेवी अग्रवाल र निवेदककले प्राप्त गरेको नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्डको चारित्रिक प्रमाणपत्र तथा जन्मदर्ता प्रमाणपत्रसमेतमा यी निवेदकको जन्म मिति २०६१।०१।३१ रही नेपाली नागरिकता पाउने उमेर पुगिसकेको भन्ने देखिन आउँछ । जिल्ला प्रशासन कार्यालय, कलैया बाराबाट च.नं.५०१७, मिति २०७७/०८/२१ मा जारी भएको पत्रमा कलैया उपमहानगरपालिका ४ नं. वडा कार्यालयको च.नं.४१२ मिति २०७७/०८/१४ को सिफारिसलाई उदृत् गर्दै बाबुको नाम रमेशकुमार अग्रवाल रहेको र निजको वतन बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं. ४ रहेको भन्ने उल्लेख गरेबाट समेत यी निवेदक विकाशकुमार अग्रवाल जन्मसिद्धका आधारमा नेपाली नगरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका छोरा रहेको भन्ने देखिन्छ । निवेदकका बुबाको स्थायी वतन बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं.४ रहेको र निजले जन्मसिद्धका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिएकोमा सो अन्यथा हो भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिंदैन । निवेदकको जन्म दर्ताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र तथा निजको बुबा रमेशकुमार अग्रवालको नागरिकताको प्रमाणपत्रबाट निवेदकको जन्म नेपालमा नै भएको र स्थायी ठेगानासमेत बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं. ४ रहेको देखिई निज निवेदक नेपाली नागरिक रहेको भन्ने देखिन्छ ।

१३. नेपालको संविधानको धारा ११ को उपधारा (२) मा ***"यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएका देहायका व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ"*** भन्ने व्यवस्था रहेको र उपधारा २ को खण्ड (ख) मा ***"कुनै व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति"*** भनी सपठित धारा ११ को उपधारा (२) मा उल्लेखित प्रावधानलाई स्पष्ट गरेको छ नेपालको संविधानको धारा १२ मा ***"यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ"*** भन्ने ब्यवस्था रहे भएको पाईन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा ***"कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ"***

भन्ने उल्लेख भएको पाईन्छ । उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्थालाई हेर्दा, कुनै व्यक्ति जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्ता व्यक्तिका सन्तानले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन आउँछ ।

१४. यसै सन्दर्भमा निवेदक सविना दमाईसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेशसमेत निवेदनमा ***"तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट बञ्चित हुन सक्दैन । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने"*** (ने.का.प.२०६८, नि.न.८५५७), निवेदक लक्ष्मीकुमारी शर्मा बिरूद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत भएको उत्प्रेषण निवेदनमा ***"विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधानअनुकूल हुने नदेखिने"*** (ने.का.प.२०७७, नि.न. ८५५७) र आकाश गुप्ता बिरूद्ध डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकसमेत भएको उत्प्रेषण निवेदनमा ***"नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेश गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक बञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावनासमेत विपरीत हुन जाने"*** (ने.का.प.२०७८, नि.नं. १०६५२), भनी सिद्धान्त प्रतिपादन भईसकेको अवस्थामा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक व्याख्यालाई अनुशरण गरी प्रचलित संविधान, ऐन कानूनले निर्दिष्ट गरेको व्यवस्थाअनुरूप निवेदकलाई नागरिकता प्रदान गर्नु पर्नेमा सो नगरेको जिल्ला प्रशासन कार्यालय, बाराको कार्य संविधान र प्रतिपादित सिद्धान्तहरु अनुरूप भन्न सकिने अवस्था रहेन ।

१५. तसर्थ, माथि विवेचना गरिएका आधार प्रमाणहरूबाट निवेदक विकाशकुमार अग्रवालका बुबाले जन्मसिद्धका आधारमा नेपाली नागरिकता प्राप्त गरेको देखिएको, निजहरु नेपालमा स्थायी रूपमा बसोबास गरेको देखिएको र यी निवेदक १६ बर्ष उमेर पूरा भएका नेपाली नागरिक देखिएको अवस्थामा निवेदकलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालय, बारामा सिफारिस गर्नु पर्नेमा हाल जन्मसिद्धको आधारमा नागरिकता प्राप्त गरेकाको सन्तानलाई नागरिकता दिन अदालतले नै रोक लगाएको भनी सिफारिस प्रदान नगरी दरपीठ गरेको बारा जिल्ला, कलैया उपमहानगरपालिकाको ४ नं. वडा कार्यालयको मिति २०७८/०७/१२ को आदेश/निर्णय कानूनसम्मत नदेखिएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, नेपालको संविधान, नेपाल पक्ष रहेका सन्धिहरु, यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आधारबाट निवेदकको जन्मदर्ताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्र र निजका बुबाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रसमेतका आधारमा र अन्य सम्बद्ध प्रमाण हेरी निवेदक विकाशकुमार अग्रवाललाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नू गराउनू भनी जिल्ला प्रशासन कार्यालय, बारासमेतका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू र प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत (उप-सचिव) : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति सम्वत् २०७९ साल फाल्गुण १७ गते रोज ४ शुभम्......।

# ५७ सिम्रन मानन्धर विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल फागुन १७ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**
**आदेश**
**०७८-WO-०६९२**

**मुद्दा : परमादेश ।**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १२ बस्ने सिम्रन मानन्धर ........................................१
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १२ बस्ने साजन मानन्धर ........................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........................................१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ........................................१ विपक्षी

नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

**तथ्य खण्ड**

१. हामी निवेदकहरु सिम्रन मानन्धर र साजन मानन्धरको जन्म क्रमशः मिति २०५९/१२/२१ र मिति २०६१/५/२४ मा भई हाल हामी १८ वर्ष र १७ वर्ष उमेर पूरा गरेका र हामीले एस.ई.ई. उत्तीर्णसमेत गरेका छौं । आमाले भन्नु भएअनुसार रामबहादुर श्रेष्ठसँग आमाको प्रेम विवाह भएको हो । बुबाले आफ्नो घर झापा जिल्ला हो भने तापनि हामीलाई कहिल्यै घरमा लिएर जानु भएन । रिट निवेदकहरूमध्ये म साजन गर्भमा रहँदा तराईतिर काम गर्न गएको हाम्रो बुबा हालसम्म फर्केर नआउनु भएकोले बुबाको सोधखोज गर्दासमेत केही थाहा हुन सकेन । हालसम्म हामी हाम्रो आमाको साथमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१२ मा स्थायी बसोबास गर्दै आएका छौ । हामी निवेदकहरु सिम्रन र साजनको जन्म दर्तासमेत नभएको र म सिम्रनलाई ८ कक्षाको परीक्षामा सामेल हुन का.म.न.पा. वडा नं.१२ को कार्यालयबाट हामी दुवै दिदीभाइको जन्म प्रमाणित सिफारिस गरी दिएकाले हाम्रो पढाईले निरन्तरता पाएको हो । हाल नागरिकता प्रमाणपत्रको आवश्यकता परेको र हाम्रा बुबा बेपत्ता हुनु भएकोले आमाको नामबाट नागरिकता प्रमाणपत्र बनाउनको लागि काठमाडौं महानगरपालिका वडा नं.१२ को कार्यालयमा सिफारिसको लागि निवेदन गरेकोमा निवेदन मागबमोजिम बिमला मानन्धरको छोरी सिम्रन मानन्धरको हकमा मिति २०७८/५/१७ मा र छोरा साजन मानन्धरको हकमा मिति २०७८/५/२१ मा सिम्रन मानन्धर र साजन मानन्धरको यस का.म.न.पा.वडा नं. १२ अन्तर्गत ब्रह्मटोलमा जन्म भई हालसम्म आमा बिमला मानन्धरले पालन पोषण गरी यही वडाअन्तर्गत बसोबास गरेको भन्ने सिफारिसपत्र तथा अन्य प्रमाणसहित हामी निवेदकहरु जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा नेपाली नागरिकताको प्रमाणपत्र लिन जाँदा आमाको नामबाट मात्र नागरिकता जारी गर्न नसक्ने भनी नागरिकता जारी गर्न इन्कार गर्नु भएकोले उक्त कार्य नेपालको संविधानको धारा १० (१), धारा ११ (२) (ख) मा उल्लिखित मौलिक हकसम्बन्धी व्यवस्था र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा भएको कानूनी व्यवस्था प्रतिकूल रहेकोले निवेदकहरूलाई आमाको नाउँबाट वंशजको आधारमा नागरिकता दिनू दिलाउनू भनी विपक्षीहरूका

नाममा परमादेशलगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको सिम्रन मानन्धर र साजन मानन्धरको रिट निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू होला भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नू । साथै निवेदनको विषयबस्तुको गाम्भिर्यतालाई विचार गर्दा चाँडो निर्णय प्रकृतिको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिएको छ । नियमानुसार पेश गर्नूहोला भन्ने यस अदालतको मिति २०७८/०९/१९ को आदेश ।

३. प्रस्तुत रिट निवेदनमा यी रिट निवेदकहरूका आमा बिमला मानन्धर र बुबा रामबहादुर श्रेष्ठबीच वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि विवाह दर्ता प्रमाणपत्रसमेत पेश गर्न नसकेको र जन्मदर्ता प्रमाणपत्रसमेत लिन नसकेको अवस्थामा नेपाली नागरिकता प्रमाणपत्र माग गर्न मिल्दैन । विवाहित महिला विवाहपश्चात पति कै वतन कायम रहने हुँदा यी रिट निवेदकहरूका पति / पिताको जन्म स्थान झापा उल्लेख गरेको अवस्थामा का.म.न.पा.वडा नं.१२ लाई नै आ􀀀नो जन्मस्थान मानी वंशजको आधारमा काठमाडौं जिल्लाबाट नेपाली नागरिकता प्रमाणपत्र माग गर्न मिल्दैन । प्रचलित ऐन कानूनले तोकिएको शर्त र प्रक्रिया पूरा भएका नेपाली नागरिकले सम्बन्धित निकायबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ ।

४. कुनै पनि नेपाली नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै देखिन्छ । यस मन्त्रालयबाट नागरिकको संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी नागरिकताको अधिकारबाट बञ्चित हुने गरी नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र गरेको अवस्था छैन । वस्तुनिष्ठ आधार र कारण बिना यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

**आदेश खण्ड**

५. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री मिराकुमारी ढुंगाना, विद्वान् अधिवक्ता श्री सुषमा गौतम तथा विद्वान् अधिवक्ता श्री पुष्पा पौडेलले निवेदकहरु सिम्रन मानन्धर र साजन मानन्धर नेपाली नागरिक बिमला मानन्धरको छोरी र छोरा भएकोमा विवाद छैन । निवेदकहरूका बाबु रामबहादुर श्रेष्ठ काम खोज्ने सिलसिलामा तराई झरेकोमा बेपत्ता भएकोले बुबाको बारेमा जानकारी छैन । नेपालको संविधानको धारा ३९ को उपधारा (१), धारा १० र धारा ११ को उपधारा (२) (ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी निवेदकहरु सिम्रन मानन्धर र साजन मानन्धर वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । पितृत्व, मातृत्व ठेगाना नभएको व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रियाअनुरूप नागरिकता पाउने व्यवस्था रहेकोमा विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले आमाको नामबाट नागरिकता दिन ईन्कार गरेकाले निवेदकहरु सिम्रन मानन्धर र साजन मानन्धरलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

६. नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले रिट निवेदकहरूका आमा बिमला मानन्धर र बुबा रामबहादुर श्रेष्ठबीच वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि बुबाआमाको विवाह दर्ताको प्रमाणपत्र पेश गर्न सकेको देखिंदैन । विवाहित महिला विवाहपश्चात पति कै वतन कायम रहने हुँदा यी रिट निवेदकहरूका पति/पिताको जन्म स्थान झापा भएको भनिएको अवस्थामा का.म.न.पा. वडा नं.१२ लाई नै आफ्नो जन्मस्थान मानी वंशजको आधारमा काठमाडौं जिल्लाबाट नेपाली नागरिकता प्रमाणपत्र पाउने अवस्था नरहेकाले रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

७. उल्लिखित तथ्य र बहस जिकिर भएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूले माग गरेबमोजिम आदेश जारी गर्नुपर्ने हो, होइन ? भनी निर्णय दिनुपर्ने देखियो ।

८. निर्णयतर्फ विचार गर्दा, हामी रिट निवेदकहरूका बुबा र आमा नेपाली नागरिक हुनुहुन्छ । बुबा काम खोजी गर्न तराई झरेको बेलामा बेपत्ता हुनु भएकोले निजको यकिन ठेगानासमेत जानकारी छैन । काठमाडौं महानगरपालिका वडा नं.१२ को सिफारिससहित जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा आमाको नामबाट नागरिकता पाउँ भनी निवेदन दिएकोमा प्रमुख जिल्ला अधिकारीले नागरिकता दिन इन्कार गरेको हुँदा हामी निवेदकहरू सिम्रन मानन्धर र साजन मानन्धर नेपाली नागरिक भई संविधान, कानून र नागरिकता नियमावलीअनुसार नागरिकता पाउनु पर्नेमा हाम्रो नागरिकता प्राप्त गर्ने अधिकारलाई विपक्षीहरूले कुण्ठित गरेकोले हामी निवेदकहरूलाई आमाको नाउँबाट नागरिकता दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशलगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत रिट निवेदनको बेहोरा रहेको देखिन्छ ।

९. निवेदकहरूका आमा बिमला मानन्धर र बाबु रामबहादुर श्रेष्ठबीच वैवाहिक सम्बन्ध भएको उल्लेख गरे तापनि बुबाआमाको विवाह दर्ता प्रमाणपत्र र निवेदकहरूले जन्म दर्ता प्रमाणपत्रसमेत प्राप्त गर्न नसकेको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न मिल्दैन । विवाहित महिला विवाहपश्चात पति कै वतन कायम रहने हुँदा यी रिट निवेदकहरूका पति/पिताको जन्म स्थान झापा भएको भनिएको अवस्थामा का.म.न.पा. वडा नं.१२ लाई नै आफ्नो जन्मस्थान मानी वंशजको आधारमा काठमाडौं जिल्लाबाट नेपाली नागरिकता प्रमाणपत्र माग गर्न मिल्दैन । निवेदकहरूले कानूनले तोकेको प्रक्रिया र कार्यविधिको पालना नगरेकोले आमाको नाउँबाट वंशजको आधारमा नेपाली नागरिताको प्रमाणपत्र दिन नसकिने भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ ।

१०. निवेदनसाथ पेश भएका मिसिल संलग्न कागजातहरूबाट काठमाडौं महानगरपालिका वडा नं.१२ बस्ने बिमला मानन्धरको छोरी सिम्रन मानन्धरको जन्म मिति २०५९/१२/२१ मा र छोरा साजन मानन्धरको जन्म मिति २०६१/५/२४ मा भएको भन्ने बेहोराको मिति २०७३/०३/१३ को काठमाडौं महानगरपालिका वडा नं. १२ को सिफारिसपत्रको प्रतिलिपि भएको देखिन्छ । त्यस्तै बिमला मानन्धरको छोरी सिम्रन मानन्धरको हकमा मिति २०७८/५/१७ मा र छोरा साजन मानन्धरको हकमा मिति २०७८/५/२१ मा सिम्रन मानन्धर र साजन मानन्धरको यस का.म.न. पा.वडा नं. १२ अन्तर्गत ब्रम्हटोलमा जन्म भई हालसम्म आमा बिमला मानन्धरले पालन पोषण गरी आएको र यही वडाअन्तर्गत बसोबास गरेको भन्नेसमेत बेहोराको काठमाडौं महानगरपालिका वडा नं. १२ को सिफारिसपत्रको प्रतिलिपि मिसिल संलग्न रहेको देखिन्छ । निवेदकहरूका बुबा काम गर्न तराई झरेको बेला बेपत्ता भएकोले खोजी गर्दा पनि फेला पार्न नसकेकोले पितृत्वको ठेगानाको किटानी जानकारी निवेदकहरू र निजहरूका आमालाई समेत नभएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । निवेदकहरू सिम्रन मानन्धर र साजन मानन्धरका आमा बिमला मानन्धरका नाममा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०४५/०५/०५ नागरिकता नं. १५४२-५२७०२ बाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी भएको देखिएबाट सिम्रन मानन्धर र साजन मानन्धरका आमा वंशजको आधारमा नेपाली नागरिक भएको देखिन आएको छ ।

११. नेपालको संविधानको धारा ११ को उपधारा (२) (ख) मा ***"कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने"*** भनी उल्लेख भएको र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा ***"कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ"*** भन्ने व्यवस्था गरी वंशजको परिभाषाभित्र बाबु अथवा आमालाई समेटेको देखिन्छ ।

१२. यसै सन्दर्भमा सबिना दमाई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषणसमेत निवेदनमा ***"बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने"*** (ने.का.प.२०६८, अंक २, नि.नं. ८५५७) र सज्दा सापकोटा विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषणसमेत निवेदनमा ***"नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू-भागमा***

***जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ । बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकताबिहीन बनाउनु कानून अनुकूलको कार्य मान्न नसकिने"*** (ने.का.प.२०७३, अंक ७, नि.नं.९६२७) भनी सिद्धान्त प्रतिपादन भईसकेको अवस्थामा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक व्याख्यालाई अनुशरण गरी प्रचलित संविधान, ऐन कानूनले निर्दिष्ट गरेको व्यवस्थाअनुरूप निवेदकलाई नागरिकता प्रदान गर्नु पर्नेमा सो नगरेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको कार्य संविधान र प्रतिपादित सिद्धान्तहरु अनुरूप भन्न सकिने अवस्था रहेन ।

१३. तसर्थ, निवेदकहरु नेपालमा जन्मिई आमाको सँगसाथमा रहे बसेका भन्ने देखिएको र निवेदकहरूकी आमाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक भन्ने देखिएबाट नेपाली नागरिक बुबा वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार रहने नै हुँदा बुबा पत्ता नलागेको कारण देखाई नेपाली नागरिकताको प्रमाणपत्र जारी नगर्दा निवेदकहरूको मौलिक हक प्रभावित हुने देखिएकाले उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा अन्य सम्बद्ध कागज हेरी निवेदकहरु सिम्रन मानन्धर र साजन मानन्धरलाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नू गराउनू भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू र आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त आदेशमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव) :- देवी चौधरी / दामोदर घिमिरे

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ......... ।

# ५८ श्रीजा बज्राचार्य विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल फागुन १७ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**
**आदेश**
०७६-WO-०४७१

**मुद्दा : उत्प्रेषण समेत ।**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.९ घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं.१० बस्ने श्रीजा बज्राचार्य ........ १
ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. १० बस्ने नानीहेरा बज्राचार्य ........ १ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ........ १
जिल्ला प्रशासन कार्यालय, ललितपुर ........ १
ललितपुर महानगरपालिका वडा नं. ९ वडा कार्यालय, ललितपुर ........ १ विपक्षी

नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

**तथ्य खण्ड**

१. हामी निवेदकहरूको स्थायी ठेगाना ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.९ भएकोमा हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं.१० मा अस्थायी बसोबास गर्दै आएका छौ । निवेदकहरु मध्ये म नानीहेरा बज्राचार्यको २०५३ साल बैशाखमा श्याम ब्यञ्जनकारसँग प्रेम विवाह भएकोमा गर्भवती भएपछि उहाँले मलाई डेरा खोजी काठमाडौं, थानकोटमा लगी राख्नु भयो । हामीलाई घर खर्च तथा निवेदकमध्ये म श्रीजाको शिक्षाको लागि खर्च दिन छोड्नु भएपछि ललितपुर जिल्ला अदालतमा २०७४ सालमा अंश मुद्दा दर्ता गरेका थियौं । हामी निवेदकहरूले पति/पिता विरूद्ध अंश मुद्दा दर्ता गरेपश्चात् उहाँले घर खर्च तथा म निवेदक श्रीजाको कलेजको फी लगायतका न्यूनतम आवश्यकताहरु पुरा गर्नु भएकोले अंश मुद्दा फिर्ता लिएका थियौं । उक्त अंश मुद्दा फिर्ता लिएपछि पुनः पति/पिताले हामी प्रतिको आधारभूत कर्तव्यसमेत पुरा नगरी बेवास्ता गरी बस्नु भएको र हाल म श्रीजा स्नातक तहमा अध्ययनरत भएको र मलाई उच्च शिक्षा तथा रोजगारीको लागिसमेत नागरिकता प्रमाणपत्रको आवश्यकता परेको हुँदा आमाले सनाखत गर्ने गरी नागरिकता प्रमाणपत्र दिने सिफारिसको लागि ललितपुर महानगरपालिका वडा नं. ९ को कार्यालयमा गई सिफारिस गरिदिनुहुन अनुरोध गर्दा बुबा आमाको विवाह दर्ता, मेरो जन्मदर्ता लगायतका कागजात पेश नगरी बुबाको नाम राखेर आमाले सनाखत गर्ने गरी नागरिकताको सिफारिस दिन नसकिने भनी मिति २०७६/०४/०८ गते हाम्रो निवेदन दरपिठ गरिदिनु भएको छ । नेपाल संविधानको धारा १० को उपधारा (१), धारा ११ को उपधारा (२) (ख) का आधारमा हामीलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नु पर्नेमा प्रदान नगरेका कारण निवेदकहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, रोजगारी तथा राजनीतिक हकसमेत कुण्ठित भएको हुनाले नेपालको संविधानको धारा १३३ (२) बमोजिम विपक्षी ललितपुर

महानगरपालिका वडा नं. ९ को कार्यालयले मिति २०७६/०४/१८ मा दरपिठ गरिदिएको पत्र उत्प्रेषणको आदेशले बदर गरी म रिट निवेदक श्रीजा बज्राचार्यलाई वंशजको आधारमा आमाको नाउँबाट नागरिकता दिनू दिलाउनू भनी विपक्षीहरूका नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको निवेदक श्रीजा बज्राचार्यसमेतको रिट निवेदन ।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षी नं. १ र २ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत् र विपक्षी नं. ३ ले आफैं वा आफ्नो प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नागरिकतासम्बन्धी विषयवस्तु रहेकोले अग्राधिकार दिई नियमानुसार पेश गर्नू भन्ने बेहोराको यस अदालतको मिति २०७६/०८/१७ को आदेश ।

३. कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । निवेदकको दावीबमोजिम यस मन्त्रालय तथा मातहत निकायहरूबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । निवेदकले मन्त्रालयको के, कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा कुनै कारण र आधारसमेत खुलाउन नसकेकोले मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको यस अदालतमा पर्न आएको लिखित जवाफ ।

४. रिट निवेदक नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची- १ बमोजिमको फाराम तथा रितपूर्वकका कानूनले तोकेका कागजातसहित यस कार्यालयमा पेश हुन नआएको र रिट निवेदकलाई मौखिकरूपमा कुनै पनि जवाफ नदिएको र नेपालको प्रचलित ऐन, नियम, कानूनले तोकेको शर्त र प्रक्रिया पूरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानूनबमोजिम नागरिकता प्रदान गर्नेतर्फ कारवाही हुने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखितजवाफ ।

५. विपक्षी श्रीजा वज्राचार्यले नेपाली नागरिकताको सिफारिसका लागि वडा कार्यालयमा निवेदन पेश गरेकोमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, ८ र नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ बमोजिम निवेदकले आफ्नो बाबुआमा हो भन्ने प्रमाणित कागजातहरु बाबुआमाको विवाह दर्ता, नेपाली नागरिकताको प्रमाणपत्र, निवेदकको जन्मदर्ता प्रमाणपत्र जस्ता नाता सम्बन्ध भएको बेहोरा प्रमाणित गर्ने कागजात पेश नगरेको र निवेदन दरपीठ गर्न माग गरेकाले दरपीठ गरिएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका ९ नं. वडा कार्यालयको लिखित जवाफ ।

**आदेश खण्ड**

६. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मिसिल अध्ययन गरी निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री मिराकुमारी ढुंगाना र विद्वान् अधिवक्ता श्री सुषमा गौतमले रिट निवेदकहरु नेपाली नागरिक भई संविधान, कानून, नियमावली, यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूद्वारा सिर्जित आमाको नामबाट नागरिकता प्रदान गर्ने र प्राप्त गर्ने अधिकारलाई विपक्षी ललिलपुर महानगरपालिका वडा नं. ९ को कार्यालयले वंशजको आधारमा आमाको नाउँबाट नागरिकताको सिफारिस इन्कार गरेको हुँदा निवेदक श्रीजा बज्राचार्य र नानीहेरा बज्राचार्य नागरिकताबिहीन भई नागरिकता पाउने संवैधानिक हक लगायत नागरिकको नाताले पाउने कानूनी हकबाट बञ्चित हुन परेकोले निजलाई सिफारिस दिन ईन्कार गरेको ललितपुर महानगरपालिका वडा नं.९ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदक श्रीजा बज्राचार्यलाई नागरिकता दिनू दिलाउनू भनी परमादेशको आदेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुईंटेलले रिट निवेदक नेपालको प्रचलित ऐन, नियम, कानूनले

तोकेको शर्त र प्रक्रिया पुरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानूनबमोजिम नागरिकता प्रमाणपत्र जारी हुने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो ।

८. उल्लिखित तथ्य र बहस जिकिर भएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूले माग गरेबमोजिम आदेश जारी गर्नु पर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

९. निर्णयतर्फ विचार गर्दा, हामी निवेदकहरूको स्थायी ठेगाना ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ९ भएकोमा हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं.१० मा अस्थायी बसोबास गर्दै आएका छौं । निवेदकहरु मध्ये म नानीहेरा बज्राचार्यको २०५३ साल वैशाखमा श्याम ब्यञ्जनकारसँग प्रेम विवाह भई पति/पिताले घरपरिवारसँग चिनजान नगराई नलगी म नानीहेरा बज्राचार्य गर्भवती भएपछि थानकोट, काठमाडौंमा डेरा खोजी लगी राख्नु भयो । घर खर्च तथा छोरी श्रीजाको कलेजको फि लगायतका न्यूनतम आवश्यकताहरु पुरा नगरेकोले ललितपुर जिल्ला अदालतमा अंश मुद्दा दर्ता गराएकोमा पति/पिता श्याम ब्यञ्जनकारले सम्पूण घर व्यवहार मिलाउने आश्वासनमा पारी मुद्दा फिर्ता लिन लगाएकोमा हाल जिम्मेवारी पुरा नगरेकोले म निवेदक श्रीजा बज्राचार्यलाई उच्च शिक्षा तथा रोजगारीको लागिसमेत नागरिकता प्रमाणपत्रको आवश्यकता परेको हुँदा निवेदक आमा नानीहेरा बज्राचार्यले जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट ना.प्र.प.नं.४७६६१, मिति २०४६/१२/१४ मा वंशजको नागरिकता प्राप्त गर्नु भएकोले नेपाली नागरिकता प्राप्त व्यक्तिबाट जन्मिएको र आमाको नागरिकता बहालमा रही रहेको अवस्थामा नेपाल कानूनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ९ मा आमाको नामबाट नागरिकता प्रमाणपत्रको लागि सिफारिस माग गर्दा वडा नं. ९ को कार्यालयले मिति २०७६/०४/०८ मा सिफारिस दिन इन्कार गरेकोले नेपाली नागरिक भई संविधान र कानूनअनुसार नागरिकता पाउनु पर्नेमा विपक्षीहरूले नागरिकता प्राप्त गर्ने अधिकारलाई कुण्ठित गरेकोले निवेदकलाई आमाको नाउँबाट नागरिकता दिनू दिलाउनू भनी विपक्षीहरूका नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत रिट निवेदनको बेहोरा रहेको देखिन्छ ।

१०. निवेदक नेपालको प्रचलित ऐन, नियम, कानूनले तोकेको शर्त र प्रक्रिया पुरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानूनबमोजिम नागरिकता प्रमाणपत्र जारी हुने नै देखिन्छ । तर रिट निवेदकहरूले रिट निवेदनमा जन्मदर्ता, विवाह दर्ता र अनुसूची- १ बमोजिमको फाराम साथै सम्बन्धित वडा कार्यालयबाट सिफारिस लगायतका कागजातहरु नभएको भन्ने निवेदनमा उल्लेख गरेबाट रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ ।

११. रिट निवेदक नानीहेरा बज्राचार्यले जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट ना.प्र.प.नं.४७६६१, मिति २०४६/१२/१४ मा वंशजको नागरिकता प्राप्त नेपाली नागरिक भएको भन्ने देखिएको र नानीहेरा बज्राचार्यकी छोरी निवेदक श्रीजा बज्राचार्य आमाको साथमा नियमित रूपमा बसोबास गरी आइरहेकी तथा कक्षा १२ को अध्ययन पूरा गरी स्नातक तहमा अध्ययनरत रहेको भन्ने कुरा मिसिल संलग्न शैक्षिक प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ ।

१२. संविधानको धारा १८ ले समानताको अधिकार प्रत्याभूत गरेको छ । संविधानको धारा ११ को उपधारा (२)(ख) ले ***"कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने"*** भन्ने स्पष्ट व्यवस्था गरेको समेत देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा ***"कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ"*** भन्ने व्यवस्था गरी वंशजको परिभाषाभित्र बाबु अथवा आमालाई समेटेको देखिन्छ ।

१३. यसै सन्दर्भमा सबिना दमाई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषणसमेत निवेदनमा ***"बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने"*** (ने.का.प.२०६८, अंक २, नि.नं. ८५५७) र सज्दा सापकोटा विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषणसमेत निवेदनमा ***"नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ ।***

***बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकताबिहीन बनाउनु कानून अनुकूलको कार्य मान्न नसकिने"*** (ने.का.प.२०७३, अंक ७, नि.नं.९६२७) भनी सिद्धान्त प्रतिपादन भईसकेको अवस्थामा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक व्याख्यालाई अनुशरण गरी प्रचलित संविधान, ऐन कानूनले निर्दिष्ट गरेको व्यवस्थाअनुरूप निवेदकलाई नागरिकता प्रदान गर्नु पर्नेमा सो नगरेको जिल्ला प्रशासन कार्यालय, ललितपुरको कार्य संविधान र प्रतिपादित सिद्धान्तहरु अनुरूप भन्न सकिने अवस्था रहेन ।

१४. जहाँसम्म मेरा शैक्षिक प्रमाणपत्रहरूमा बाबुको नाम श्याम बज्राचार्य व्यञ्जनकार भएको र नागरिकताको प्रमाणपत्रमा बाबुको नाम उल्लेख नहुँदा शैक्षिक प्रमाणपत्र र नागरिकता तथा नागरिकताका आधारमा प्राप्त गर्ने राहदानी जस्ता कागजातमा फरक विवरण देखिने भन्ने निवेदकको जिकिर रहेको सम्बन्धमा विचार गर्दा, बाबुको नामका सम्बन्धमा साधिकार अदालत वा निकायबाट कानूनबमोजिम निवेदकले न्याय प्राप्त गर्ने नै हुँदा असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको रोहबाट त्यसतर्फ बोलिरहन परेन ।

१५. तसर्थ, उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा बुबाको नागरिकताको प्रमाणपत्र पेश नभएको र बुबा विदेशी वा स्वदेशी भन्ने यकिन नभएको भन्ने कारण देखाई नेपाली नागरिकताको प्रमाणपत्र जारी नगर्दा कानूनअनुरूप नेपाली नागरिकता प्राप्त गर्ने निवेदकको मौलिक हकमा प्रतिकूल असर पुग्न जाने अवस्था रहन्छ । यी निवेदक श्रीजा बज्राचार्य वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक नानीहेरा बज्राचार्यकी छोरी भएको कुरामा विवाद नरहेको अवस्थामा आमाले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा निज श्रीजा बज्राचार्यलाई नेपाली नागरिकताको प्रमाणपत्रका लागि आवश्यक पर्ने सिफारिस दिनु पर्ने दायित्व स्थानीय तहको रहेकोमा बुबा आमाको विवाह दर्ता, निवेदकको जन्मदर्ता लगायतका कागजात पेश नभएको र बाबु उल्लेख भएको श्याम बज्राचार्य ब्यञ्जनकार नेपाली नागरिक हो होईन? भन्ने यकिन प्रमाण कागजात पेश भएको नदेखिंदा वंशजको आधारमा श्रीजा बज्राचार्यको नागरिकता सिफारिस गर्न नसकिने भनी मिति २०७६।०४।०८ मा ललितपुर महानगरपालिका वडा नं. ९ को कार्यालयले गरेको दरपीठ आदेश कानूनसम्मत नदेखिएकाले उक्त दरपीठ आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब, निवेदक श्रीजा बज्राचार्यलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नका लागि आवश्यक सिफारिस प्रदान गर्नू भनी विपक्षी ललितपुर महानगरपालिका वडा नं.९ को वडा कार्यालयका नाममा र निवेदकका अन्य सम्बद्ध कागज हेरी निवेदक श्रीजा बज्राचार्यलाई आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्नू गराउनू भनी जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेतको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनु र आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त आदेशमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- देवी चौधरी/दामोदर घिमिरे

कम्प्युटरः अमिरत्न महर्जन

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ....... ।

# ५१ सुरज घिमिरे
विरूद्ध
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०७९ साल फाल्गुण १७ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**
**आदेश**
**०७७-WO-०५६२**

**मुद्दा : परमादेश ।**

सरू बास्तोलाको छोरा, जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.९ बस्ने सुरज घिमिरे ..........१
वृहस्पति बास्तोलाको छोरी, ऐ ऐ बस्ने सरू बास्तोला ..........१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ..........१ विपक्षी

नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

१. निवेदक मध्येको म सरू बास्तोलाको मिति २०५५/१/१० गते काठमाणडौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.९ का स्थायी बासिन्दा भनी बताउने कृष्ण घिमिरेसँग मागी विवाह भएको हो । पतिले आफ्नो घर, सम्पत्ति तथा परिवारजन कोही पनि नभएकोले ठेक्काको काम गर्ने र डेरामा बस्ने भनी बताउनु भएको थियो । म सरू बास्तोला ३ महिनाकी गर्भवती रहेको अवस्थामा नै मेरा पति कृष्ण घिमिरेले छोडेर सम्पर्कविहीन भई बस्नु भएकोमा मिति २०५५/१०/८ गते मेरो कोखबाट छोरा सुरजको जन्म भएको हो । हामी निवेदकहरूको पति/पिता कृष्ण घिमिरे एकाएक सम्पर्कबिहीन हुनु भएकोमा हालसम्म पनि केहि थाहा जानकारी छैन । निवेदक सुरज घिमिरेले हाल होटल व्यवस्थापन बिषय लिई स्नातक तहमा अध्ययनरत रहेको र अब व्यवहारिक सीप (Internship) को लागि नागरिकताको आवश्यकता पर्ने भएकोले अनुसूचि १ निवेदन फाराममा काठमाण्डौ महानगरपालिका वडा नं. ९ को वडा कार्यालयबाट गरिदिएको सिफारिससहित निवेदक सुरजको जन्म दर्ता, निजको जन्म मिति प्रमाणित, निजको शैक्षिक योग्यताको प्रमाणपत्रहरू र आमा सरू बास्तोलाको नागरिकताको प्रमाणपत्रको छायाँ प्रतिसमेत संलग्न गरी आमा सरू बास्तोला नामबाट निवेदक छोरा सुरज घिमिरेलाई नेपाली नागरिकताको प्रमाणपत्र दिलाई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा दरखास्त दिंदा आमाको नामबाट नागरिकताको प्रमाणपत्र दिन इन्कार गरेबाट वंशजका आधारमा नेपाली नागरिक आमाको सन्तान भएपनि नागरिकताबाट बञ्चित हुनु परेको छ । रिट निवेदक नेपाली नागरिक भई संविधान, कानून, नियमावली, यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूद्धारा सिर्जित आमाको नामबाट नागरिकता प्राप्त गर्ने अधिकारलाई विपक्षीहरूले कुण्ठित गरेकोले निवेदकको आर्थिक, सामाजिक, सांस्कृतिक, रोजगारी तथा राजनीतिक हकसमेत कुण्ठित भएको हुनाले निवेदक सुरज घिमिरेलाई आमाको नामबाट नागरिकता दिनू दिलाउनू भनी विपक्षीहरूका नाममा परमादेश लगायतको आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको निवेदक सुरज घिमिरेसमेतको रिट निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ

पेश गर्नू भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू ।

प्रस्तुत रिट निवेदनमा उल्लेखित विषयवस्तुको प्रकृति हेर्दा छिटो किनारा हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकारसमेत प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०७७/९/२२/४ को आदेश ।

३. यस मन्त्रालयबाट निवेदकको माग दावीबमोजिम संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी नागरिकताको अधिकारबाट बञ्चित हुने गरी नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन वा परिपत्र गरेको अवस्था छैन । नेपालको संविधानमा उल्लेख भएको व्यवस्थाबमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा छलफलको क्रममा रहेको हुँदा उक्त संघीय कानून जारी भएपछि आवश्यक प्रक्रिया पूरा गरेको खण्डमा निवेदकले नागरिकताको प्रमाण-पत्र प्राप्त गर्न सक्ने नै देखिंदा निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

४. रिट निवेदकका बुबा कृष्ण घिमिरेको जन्म कुन जिल्लामा भएको हो भन्नेसमेत खुलाउन सकेको अवस्था छैन । निवेदकको आमा सरू बास्तोला र बुबा कृष्ण घिमिरे बीच मिति २०५५/०१/१० मा मागी विवाह भएको भनिए तापनि वैवाहिक सम्बन्ध कायम भएको विवाह दर्ता प्रमाणपत्र र जन्म स्थान खुलेको कागजातसमेत पेश गर्न सकेको अवस्था छैन । आमाको वतन विवाहपश्चात पतिकै ठेगानामा रहने र रिट निवेदकको बुबा कृष्ण घिमिरे काठमाण्डौ जिल्लाकै बासिन्दा हो भन्ने पुष्टि नभएकोले नागरिकता प्रदान नगरिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

**आदेश खण्ड**

५. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मिसिल अध्ययन गरी निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता मिराकुमारी ढुंगाना, विद्वान् अधिवक्ताहरु सुषमा गौतम र श्री पुष्पा पौडेलले रिट निवेदक नेपाली नागरिक भई संविधान, कानून, नियमावली, यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूद्वारा सिर्जित आमाको नामबाट नागरिकता प्राप्त गर्ने अधिकारलाई विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले वंशजको आधारमा आमाको नाउँबाट नागरिकता दिन इन्कार गरेको हुँदा निवेदक सुरज घिमिरेलाई आमाको नामबाट नागरिकता दिनू दिलाउनू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

६. नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री युवराज महतले रिट निवेदक नेपालको प्रचलित ऐन, नियम, कानूनले तोकेको शर्त र प्रक्रिया पुरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानूनबमोजिम नागरिकता प्रमाण-पत्र जारी हुने नै देखिन्छ । तर रिट निवेदकको आमाको वतन विवाह पश्चात पतिकै ठेगानामा रहने, रिट निवेदकको बुबा कृष्ण घिमिरे काठमाण्डौ जिल्लाकै बासिन्दा हो भन्ने यकिन विवरण नखुलेकोले नागरिकता प्राप्त हुन नसकेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहससमेत सुनियो ।

७. उल्लिखित तथ्य र बहस जिकिर भएको प्रस्तुत रिट निवेदनमा निवेदकले माग गरेबमोजिम आदेश जारी गर्नु पर्ने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

८. निर्णयतर्फ विचार गर्दा, निवेदकको आमा सरू बास्तोला र बुबा कृष्ण घिमिरेबीच मागी विवाह भई निवेदक सुरज घिमिरेको जन्म भएको र निवेदक सुरज घिमिरे आमाको गर्भमा भएकै अवस्थामा बुबा कृष्ण घिमिरे एकाएक सम्पर्कविहीन हुनुभयो । रिट निवेदक सुरज घिमिरेको आमा वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गरेकी नेपाली नागरिक भएकी हुँदा नेपालको संविधान र नागरिकता ऐन, २०६३ बमोजिम वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सम्बन्धित वडाको सिफारिस तथा अन्य कागज प्रमाणसहित नेपाली नागरिकता प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन पेश गरेकोमा नागरिकता प्रमाणपत्र दिन इन्कार गरेकोले निवेदकको कानूनबमोजिम नागरिकले प्राप्त गर्ने संवैधानिक तथा कानूनी हकमा गम्भिर आघात पर्न गएको हुँदा निवेदकलाई आमाको नाउँबाट नागरिकता दिनू दिलाउनू भनी विपक्षीहरूका नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत रिट निवेदनको बेहोरा रहेको देखिन्छ ।

९. निवेदक नेपालको प्रचलित ऐन, नियम, कानूनले तोकेको शर्त र प्रक्रिया पुरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानूनबमोजिम नागरिकता प्रमाण-पत्र जारी हुने नै देखिन्छ । तर

रिट निवेदकको बाबु कृष्ण घिमिरेको राष्ट्रियता तथा स्थायी ठेगानाको सन्दर्भमा यकिन विवरण नखुलेको देखिंदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ ।

१०. काठमाडौं महानगरपालिका वडा नं. ९ बस्ने कृष्ण घिमिरे र सरू बास्तोलाको छोरा सुरज घिमिरेको जन्म मिति २०५५/१०/०८ मा भएको स्थानीय पञ्जिकाधिकारीको कार्यालय, काठमाडौं महानगरपालिका वडा नं. ९ को कार्यालयबाट जारी भएको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको छ । निवेदक सुरज घिमिरेले अनुसूची-१ को नागरिकता प्रमाणपत्रको फाराममा काठमाडौं महानगरपालिका वडा नं. ९ को वडा कार्यालयबाट निवेदक सुरज घिमिरेलाई नागरिकता दिनुहुन भनी मिति २०७६।०५।२६ मा सिफारिस दिएको पाईन्छ । साथै, निवेदक सुरज घिमिरेले एस.एल.सी.सम्मको अध्ययन नेपालमा गरेको भन्ने कुरा निवेदनसाथ पेश गरेको निजको शैक्षिक प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । निवेदक सुरज घिमिरेको आमा सरू बास्तोलाका नाममा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०६६/०८/११ मा नागरिकता नं. १०६०/४८८०७ को वंशजको आधारमा नेपाली नागरिकता जारी भएको देखिएबाट सुरज घिमिरेको आमा वंशजको आधारमा नेपाली नागरिक भएको देखिन आएको छ ।

११. संविधानको धारा १० को उपधारा (१) मा ***"कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन"*** भन्ने व्यवस्था रहेको छ । संविधानको धारा ११ को उपधारा (२) (ख) ले ***"कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुने"*** भन्ने स्पष्ट व्यवस्था गरेको समेत देखिन्छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा ***"कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ"*** भन्ने व्यवस्था गरी वंशजको परिभाषाभित्र बाबु अथवा आमालाई समेटेको देखिन्छ ।

१२. यसै सन्दर्भमा सबिना दमाई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषण परमादेशसमेत निवेदनमा ***"बाबु वा आमामध्ये कुनै एकमात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने"*** (ने.का.प.२०६८, अंक २, नि.नं. ८५५७) र सज्दा सापकोटा विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेश समेत निवेदनमा मा ***"नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ । बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकताबिहीन बनाउनु कानूनअनुकूलको कार्य मान्न नसकिने"*** (ने.का.प.२०७३, अंक ७, नि.नं.९६२७) भन्ने सिद्धान्त प्रतिपादन भईसकेको अवस्थामा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक ब्याख्यालाई अनुशरण गरी प्रचलित संविधान, ऐन कानूनले निर्दिष्ट गरेको ब्यवस्था अनुरूप निवेदकलाई नागरिकता प्रदान गर्नु पर्नेमा सो नगरेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको कार्य संविधान र प्रतिपादित सिद्धान्तहरु अनुरूप भन्न सकिने अवस्था रहेन ।

१३. तसर्थ, निवेदक सुरज घिमिरेको आमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक रहेको देखिएको तथा निज आमाको सँगसाथमा नेपालमै रहे बसेको भन्ने देखिएबाट संविधान तथा प्रचलित कानूनी व्यवस्था अनुसार नेपाली नागरिक बुबा वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले सोही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न पाउने देखिंदा निवेदकको बाबुको पत्ता नलागेको वा वतन यकिन नभएको भन्ने कारण देखाई निजलाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्दा निवेदकको मौलिक हक प्रभावित हुने देखिएकाले उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा अन्य सम्बद्ध प्रमाण हेरी निवेदक सुरज घिमिरेलाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नू गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतको नाममा परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू र आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत (उप-सचिव) : देवी चौधरी/ दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति सम्वत् २०७९ साल फाल्गुण १७ गते रोज ४ शुभम् ... ।

# ६० रूबी बस्नेत विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०८० साल साउन १४ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ**
**आदेश**
**०७६-WO-०५५७**

**मुद्दा : परमादेश ।**

स्व. प्रमीला बस्नेतको छोरी ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २५ बस्ने रूबी बस्नेत .१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........१
नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, मानभवन, ललितपुर, नेपाल ..........१ विपक्षी

नेपालको संविधानको धारा १३३ (२), (३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारभित्र दायर भएको प्रस्तुत आदेशको संक्षिप्त तथ्य खण्ड एवम् आदेश खण्ड यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. निवेदक नेपालको संविधान बमोजिम वंशजको नागरिकता प्राप्त गर्न पाउने समान अधिकारबाट बञ्चित भएको ब्यक्ति हुँ । म निवेदकको जन्म आमा प्रमीला बस्नेत र बुवा सुरेश कार्कीको सम्बन्धबाट २०५३ साल आषाढ २८ गते थापाथली प्रसुति गृहमा भई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २५ स्थित सैंबु भैसेपाटीमा मेरो आमाको साथमा स्थायी बसोबास गर्दै आएकीमा मिति २०७५/८/ ९ गते मेरो आमाको स्वर्गारोहण भएको हुँदा हाल म मेरो मावली, हजुरआमाको साथ र संरक्षणमा ऐ.ऐ. वडा नं. २५ मा स्थायी बसोवास गरिरहेकी छु । मेरो बुवाको बारेमा मलाई केहि पनि सम्झना तथा जानकारी छैन । म मेरो बुवालाई चिन्दिन । मेरी आमा, हजुरआमा र अन्य छरछिमेकी नातेदारहरूका अनुसार मेरो बुवा म जन्मने समयमा मेरो आमालाई प्रसुती गृहमा लगी भर्ना गरे पश्चात कोही कसैलाई केही पनि थाहा जानकारी नदिई जानु भएको र हालसम्म हाम्रो सम्पर्कमा नरहनु भएको मैले थाहा पाएँ । मलाई मेरो एकल आमाले मेरो मामाघरमा नै राखी लालन पालन तथा शिक्षा दिक्षा लगायतको सम्पूर्ण दायित्व पुरा गर्नुभयो । हाल मेरो आमाको पनि मृत्यु भैसकेकोले म निवेदक मावली हजुरआमाको संरक्षणमा नै बसिरहेको हुँदा मेरो मावली हजुरआमाको सनाखतमा मेरी आमाको नामबाट नागरिकता जारी गरिपाउन माग गरी वडा कार्यालयमा निवेदन दिएकोमा वडा कार्यालयबाट स्थलगत सर्जमिन गरि उक्त सर्जमिनको आधारमा मेरो आमाको नामबाट नागरिकता दिनको लागि सिफारिस दिए पश्चात जिल्ला प्रशासन कार्यालय ललितपुरमा जाँदा ताहाँबाट आमाको नामबाट नागरिकता जारी गर्न नसकिने भनि नागरिकता जारी गर्न इन्कार गर्नुभयो । तत्पश्चात म निवेदकले उक्त कुरा लिखित रूपमा दिई मलाई कानूनी बाटो खोलिदिन अनुरोध गर्दा दिन नमिल्ने भन्ने जवाफ पाएपछी म निवेदकले मिति २०७६/५/२४ गते सूचना माग गर्ने निवेदन लिई जिल्ला प्रशासन कार्यालय ललीतपुरका सूचना अधिकारीसँग सूचना माग गर्न जाँदा उक्त निवेदन दर्ता गर्न तथा सूचना दिन समेत इन्कारी गरेको हुँदा बाध्य भई उक्त सूचनाको माग गर्ने निवेदन हुलाकबाट पठाएँ । हुलाक मार्फत प्राप्त भएको मेरो सूचना माग गर्ने निवेदन दर्ता भएपछी अन्ततः २०७६/६/२ गते मात्र जिल्ला प्रशासन

कार्यालयबाट मेरो निवेदनको सम्बन्धमा "जानकारी गराइएको" बिषयक "नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूचि १ बमोजिमको फाराम सम्बन्धित स्थानिय तहबाट प्रमाणित गरि यस कार्यालयमा पेश नभएको । रित पूर्वकका प्रमाण कागजात समेत पेश गर्ने दायित्व निवेदक स्वयंको हुने कानूनी प्रावधान रहेको । नेपालको प्रचलित ऐन, नियम, कानूनले तोकेको शर्त र प्रकृया पूरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी रितपूर्वकका कागजातहरु पेश गरेको बखत नेपाली नागरिकताको प्रमाणपत्र दिइने ब्यहोरा अनुरोध छ" उल्लेखित पत्र प्राप्त गरैं । सूचना अधिकारीबाट प्राप्त उक्त जानकारी गराइएको बिषयक पत्र प्राप्त भएपछी पूनः म निवेदकले अनुसूचि फाराम सहितका सबै कागजपत्रहरु हुलाकबाट सम्प्रेषण गरैं । त्यस पश्चात पनि सो सम्बन्धमा के कस्तो कारबाही भैरहेको छ भन्ने बुझ्न जाँदा जिल्ला प्रशासन कार्यालयबाट हाल आमाको नामबाट नागरिकता जारी गर्न नसकिने भनी मेरो निवेदनमा कुनै कारबाही नगरी पित्रिसत्तात्मक सोच राखी कानूनमा भएको व्यवस्था समेतको बर्खिलाप नागरिकता जारी गर्न इन्कार गरेको कारणले मेरो पहिचान नै लोप हुने अवस्था पैदा भएको र पहिचानकै आधारमा श्रृजना हुने अन्य अधिकारहरु श्रृजनानै हुन नसकेको हुनाले म जीवनभर राज्यविहिन अवस्थामा बाँच्न बाध्य हुनुपर्ने अवस्था उत्पन्न भएको हुँदा यस सम्मानित अदालतको शरणमा आएको छु ।

२. म निवेदक नेपाली नागरिकको छोरी र नेपालमै जन्मि हुर्किएको र नेपालमै स्नातक तहसम्मको अध्ययन पूरा गरि अब उच्च शिक्षा अध्ययन तथा रोजगारीको लागि प्रयासरत रहेको व्यक्ति भएकोले मलाई नागरिकताबाट बन्चित गरिंदा म शिक्षा तथा रोजगारीको अधिकारबाट बञ्चित भई राज्यविहिन हुने स्थितिसम्म पुगी मेरो जीवनमा थुप्रै नकारात्मक असरहरु पर्ने र परिरहेकोले नेपालको संविधानको धारा १०(१), ११(२)(ख), १३३ र धारा २७९, मानव अधिकार सम्बन्धी घोषणापत्र, १९४८ को धारा १५, महिला अधिकार सम्बन्धी महासन्धि, १९७९ को धारा ९(२), १६(छ) (घ), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ७(२) (१) नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१), नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ र ६ समेतको आधारमा म निवेदक रूबी बस्नेतलाई आमाको नामबाट र मावली हजुरआमाले सनाखत गर्ने गरि नागरिकता दिनु दिलाउनु भन्ने विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरी पाउँ । त्यसो गर्न नसकिने भए हुलाकद्वारा सम्प्रेषण गरिएका अथवा ब्यक्ति स्वयं उपस्थित भई नागरिकता प्रमाणपत्रको लागि पेश गरेका अनुसूचि फारम अनिवार्य रूपमा दर्ता गरी नागरिकता जारी गर्न नसकिने भए स्पष्ट रूपमा नागरिकता जारी गर्न नसकिने ब्यहोरा उल्लेख गरि नेपाल नागरिकता नियमावली २०६३ को नियम ६ बमोजिम कारण सहित निवेदकलाई अनिवार्य जानकारी दिनु भनि विपक्षीहरूका नाममा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ । साथै प्रस्तुत बिषय अत्यन्त संवेदनशीलसमेत भएको हुनाले प्रस्तुत रिट निवेदनलाई पेशी प्राथमिकता अग्राधिकारमा राखी सुनुवाई गरी पाउँ भन्नेसमेत व्यहोराको मिति २०७६/०९/११ गतेको रूबी बस्नेतको रिट निवेदन ।

३. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले १५ दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि पेस गर्नू । साथै प्रस्तुत निवेदनको विषयवस्तु हेर्दा छिटो किनारा लगाउनुपर्ने प्रकृतिको देखिँदा प्रस्तुत रिट निवेदनलाई सवोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार गरी पेस गर्नुहोला भन्नेसमेत व्यहोराको मिति २०७६/०९/१५ गते यस अदालतको आदेश ।

४. कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोके बमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ । निवेदकको दावी बमोजिम यस मन्त्रालय तथा मातहतका निकायहरूबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लंघन हुने गरी कुनै पनि कार्य भएको छैन । मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका

निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्र समेत गरेको छैन । नेपालको संविधानमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश भई हाल छलफलको क्रममा रहेको हुँदा उक्त संघीय कानूनमा भएको व्यवस्था र प्रचलित कानूनको अधिनमा रही निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै भएको र विपक्षीको रिट निवेदनमा निवेदकले प्रत्यर्थी मन्त्रालयको के, कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा कुनै कारण र आधार समेत खुलाउन नसक्नु भएको अवस्थामा मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको निरर्थक रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको मिति २०७६/१०/१० गतेको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ ।

५. निवेदकले नेपाली नागिरकता प्राप्त गर्नको लागि बाबु, बाजेको वंशज खुल्ने नेपाली नागरिकता प्रमाण पत्र, जन्मदर्ता प्रमाण पत्र लगायत अन्य प्रमाण कागजातहरु पेश गरेको बखत निजलाई नेपाली नागरिकताको प्रमाण पत्र दिइने र उक्त प्रमाण कागजात समेत पेश गर्ने दायित्व निवेदक स्वयंको हुने प्रावधान रहेको । रिट निवेदकले नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूचि-१ बमोजिमको फाराममा स्थानीय निकायको सिफारिसमा स्थानिय निकायबाट विवरणहरु उल्लेख गरी तथा रितपूर्वकका कागजात पेश गरेमा नागरिकता दिन सकिने छ । नेपालको प्रचलित ऐन, कानुनले तोकेको शर्त र प्रक्रिया पुरा गरी बंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका बखत कानुन वमोजिम नागरिकता प्रदान गर्ने तर्फ कारवाही हुने नै हुँदा निवेदकको जिकिरमा कुनै सत्यता नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको मिति २०७६/१०/२१ गतेको जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ ।

**आदेश खण्ड**

६. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल सम्लग्न कागजातको अध्ययन गरी रिट निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री मिरा ढुङ्गाना र विद्वान अधिवक्ता श्री पुष्पा पौडेलले नेपालको संविधानको धारा १०(१), धारा ११(२)(ख), धारा ११(५) को व्यवस्था र सोही बमोजिमको व्यवस्था नागरिकता सम्बन्धी ऐन, २०६३ मा गरी सोको कार्यान्वयनको लगि नागरिकता नियमावली, २०६३ को नियम (३) को उपनियम (१) मा बंशजको नाताले नेपालको नागरिकता लिन चाहने १६ वर्ष पुगेको नेपाली नगरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष सो नियममा उल्लेखित कागजात संलग्न राखी पेश गरि जिल्ला प्रशासन कार्यालयबाट बंशजको नागरिकता लिन सक्ने व्यवस्था भएकोमा निवेदकको बाबु निजको जन्म हुने बेलामा नै मिति २०५३/३/२८ गते निवेदकको आमा प्रमिला बस्नेलाई थापाथली प्रसुती गृहमा भर्ना गरेपश्चात कोही कसैलाई थाहा जानकारी नदिई भागी गएको र हालसम्म सम्पर्कमा नआएको कुरा निवेदकका हजुरआमा तथा मावली घरका छरछिमेकबाट बुझ्न सकिन्छ । सो पश्चात निवेदकको आमाले नै एकल रूपमा निवेदकको पालन पोषण र शिक्षा दिक्षाको प्रबन्ध गरी आएकोमा मिति २०७५/८/ ९ मा निजको पनि मृत्य भइसकेको अवस्थामा निवेदकले नागरीकता ऐन तथा नियमावलीले निर्दिष्ट गरेबमोजिमका कागजात एवम् स्थानीय नियकायका जानप्रतिनिधिसमेतको रोहबरमा सर्जमिन समेत गराई स्थिनय तहको सिफारिस समेत साथमा राखी आमा स्वर्गीय प्रमिला बस्नेतको नाउँबाट मावली हजुरआमासमेतको सनाखतमा बंशजको आधारमा नागरिकता पाउँ भनी सम्बन्धित ललितपुर लिल्लाका प्रमुख जिल्ला अधिसकारी समक्ष निवेदन दिएकोमा उक्त निवेदन दर्ता गरी आमाको नामबाट नागरिकता दिन इन्कार गरेको र नागरिकता निन नसक्ने कारण लिखित रूपमा माग गर्दा सो पनि दिन इन्कार गरेकोले विपक्षीहरूका नाममा निवेदकलाई आमाको नामबाट नागरिकताको पमाण पत्र प्रदान गर्नू भनी नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) अनुसार परमादेश जारी हुनु पर्दछ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

७. प्रत्यार्थीहरूको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री लोकराज पराजुलीले विपक्षी रिट निवेदकले नागरीकता ऐन, २०६३ र नागरिकता नियमावली २०६३ ले तोकेको ढाँचा बमोजिमको अनुसूची फाराम र कागजातहरु पेश गरेको नदेखिएको र उक्त कागजात लिई जिल्ला प्रशासन कार्यालयमा गएका बेला निवेदकले आवश्यक प्रकृया पुरा गरी नागरिकता लिन सक्ने भएकोले निवेदकले सो बाटो अवलम्बन नगरी रिट निवेदनमा आउनु कानून सम्वत नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी

बहस प्रस्तुत गर्नु भयो ।

८. रिट निवेदन र लिखित जवाफको व्यहोरा अध्ययन गरी र रिट निवेदक र विपक्षी तर्फवाट गरिएको वहस समेत सुनी निर्णय तर्फ विचार गर्दा यसमा निवेदकको माग वमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन सो विषयमा निर्णय दिनुपर्ने हुन आयो ।

९. यसमा निर्णय तर्फ हेर्दा, रिट निवेदक रूबी बस्नेतको मुल माग नागरिकता प्राप्ति संग सम्वन्धित देखियो । निवेदिकाका अनुसार निजको जन्म काठमाण्डौको प्रसुति गृहमा भएकोमा सो समयमा निजको बाबु सुरेश कार्कीले आमालाई अस्पतालमा नै छाडेर हिडी वेखवर रहेकोले आमा प्रमिला बस्नेतले लालन पालन र शिक्षा दिक्षाको प्रबन्ध गरिआएकोमा मिति २०७५/८/९ मा निजको मृत्यु भएको र सो पश्चात आफु मावली घरमा मावली हजुरआमाको संरक्षणमा बस्दै आइरहेको अवस्थामा आफ्नो मावली हजुरआमाको सनाखतमा आमाको नामबाट नागरिकता जारी गरिपाउन सिफारिसको लागि वडा कार्यालयमा निवेदन दिएकोमा वडा कार्यालयले स्थलगत सर्जमिन गरी सोही आधारमा हजुरआमालाई साक्षी राखी मेरो आमाको नामबाट नागरिकता दिनको लागी च.नं. ८०/०७६/७७, मिति २०७६/४/१४ मा सिफारिस गरिदिएको थियो । सो सिफारिस साथ नागरिकताको लागि विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुरमा जाँदा आमाको नामबाट नागरिकता जारी गर्न नसकिने भनी इन्कार गरेको र सो सम्वन्धमा सुचना माग गरेपछि सुचना दिएको, र सुचनामा उल्लेख गरे वमोजिम स्थानिय २५ नं. वडा कार्यालयको सिफारिस सहितको आनुसूचि-१ को फारम वडाबाट प्रमाणित गराएको, मेरो आमाको नागरकता प्रमाण पत्रको प्रतिलिपि, परोपकार श्री ५ ईन्द्र राज्य लक्ष्मी देवी प्रसुती गृह थापाथलीको डिस्चार्ज सर्टिफिकेट, पाना २ को वाडा कार्यालयले गरेको स्थलगत सर्जमिन मुचुल्काका, सर्जमिनमा साक्षी बस्ने व्यक्तिहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नर्भिक अस्पतालले दिएको मेरो आमाको मृत्युको प्रमाण पत्र तथा मेरो शैक्षीक योग्यताका प्रमाणपत्रहरूसमेत साथै राखि विपक्षी नं. २ समक्ष नागरिकताको प्रमाणपत्रको लागि जाँदा निजले मेरा उक्त कागजातहरु हेरी दर्ता समेत नगरी अहिले आमाको नामबाट नागरिकता जारी गर्न नमिल्ने भनि मैले पेश गरेको अनुसुचि फारम सहितका कागजातहरु दर्ता गर्न मौखिक रूपमा इन्कार गरेको, संविधान र कानून बमोजिम आफुले आमाको नामबाट मलाई बंशजको नागरिकता प्रदान गर्नुपर्ने कानूनी दायित्व विपक्षीहरूले पुरा नगरेकोले म निवेदकलाई कानून बमोजिम आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने विपक्षीहरूका नाममा परमादेश जारी गरी पाउँ भन्ने समेत निवेदन जिकिर देखियो । नेपालको संविधान तथा प्रचलित कानून विपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्र समेत नगरेको नेपालको संविधानमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश भई हाल छलफलको क्रममा रहेको हुँदा उक्त संघीय कानूनमा भएको व्यवस्था । र प्रचलित कानूनको अधिनमा रही निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै भएकोले निरर्थक रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ देखिन्छ । त्यसै गरी निवेदकले नेपाली नागिरकता प्राप्त गर्नको लागि बाबु, बाजेको वंशज खुल्ने नेपाली नागिरकता प्रमाण पत्र, जन्मदर्ता प्रमाण पत्र लगायत अन्य प्रमाण कागजातहरु पेश गरेको बखत निजलाई नेपाली नागरिकताको प्रमाण पत्र दिइने र उक्त प्रमाण कागजात समेत पेश गर्ने दायित्व निवेदक स्वयंको हुने प्रावधान रहेको । रिट निवेदकले नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूचि १ बमोजिमको फाराममा स्थानीय निकायको सिफारिसमा स्थानिय निकायबाट विवरणहरु उल्लेख गरि रितपूर्वकका कागजात पेश गरेमा नागरिकता दिन सकिने छ । नेपालको प्रचलित ऐन, कानुनले तोकेको शर्त र प्रक्रिया पुरा गरी बंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका बखत कानुन बमोजिम नागरिकता प्रदान गर्ने तर्फ कारवाही हुने नै हुँदा निवेदकको जिकिरमा कुनै सत्यता नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ रहेको देखिन्छ ।

१०. सो सन्दर्भमा हेर्दा निवेदकले आमाको नामबाट बंशजको नागरिकता पाउँ भनी प्रत्यथी जिल्ला प्रशासन कार्यालय ललितपुरबाट आमाको नामबाट वंशजको नागरिकता जारी गरी पाउन सिफारिसको लागि सम्बन्धित वडा कार्यालय ललितपुर महानगरपालिका वडा नं २५ मा निवेदन दिएकोमा वडा कार्यालयले स्थलगत सर्जमिन गरी सोही आधारमा हजुर आमालाई साक्षी राखी निवेदकको आमाको नामबाट नागरिकता दिनको लागि

मिति २०७६/४/१४ मा सिफारिस गरिदिएको देखियो । नेपालमा नागरिकता सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था तर्फ विचार गर्दा नेपालको संविधानको धारा १०(१) मा "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन" भन्ने व्यवस्था रहेको, धारा ११(२) मा "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ती वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ" भन्दै देहाय खण्ड (ख) मा "कुनै व्यक्तीको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ती" बंशजको आधारमा नेपालको नागरिक ठहर्ने भनिएको छ । ऐ. धारा ११ (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई बंसजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । यी निबेदक नेपाली आमाबट नेपालमा जन्म भई नेपालमा नै हुर्के पढेको भन्ने कुरा उल्लेख गरेको वाट संविधानको व्यवस्था वमोजिम आमाको नामवाट नागरिकता पाउने नै देखियो । जहाँसम्म वावुको नाम सुरेश कार्की उल्लेख गरी निजले आमा र आफुलाई छाडी बेखवर रहेको भनी लिएको जिकिर छ, सो कुरा होइन भनी खण्डन हुन सकेको पनि छैन । बाबुको नाम सुरेश कार्की भनी उल्लेख गरे पनि निजलाई देख्न चिन्न नपाएको भनी निवेदकले उल्लेख गरेको स्थितिमा नेपालको संविधानको धारा ११(५) वमोजिम निवेदकको हकमा बाबुको पहिचान हुन नसकेको अवस्था मान्नुपर्ने हुन आयो । बाबु वा आमाको नामवाट नागरिकता लिन पाउने कुराको प्रत्याभूति संविधानले नै गरेको यस स्थितिमा निजले बाबुको नागरिकता पेश गर्न नसकेको भन्ने अत्तो थापेर नागरिकता नदिन मिल्ने देखिएन । नागरिकता नियमावली, २०६३ को नियम (३) को उपनियम (१) मा बंशजको नाताले नेपालको नागरिकता लिन चाहने १६ वर्ष पुगेको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने भन्दै देहाय खण्ड (क) देखि (ग) सम्म पेश गर्नुपर्ने कागजहरूको विवरण उल्लेख गरको देखिन्छ । यी कागजातहरु निवेदिकासंग भएको भनी उल्लेख गरेको अवस्था छ । नागरिकता ऐन र नियमले तोकेको कागजात राखी तोकेको प्रकृया बमोजिम निवेदन दिएको अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र दिनुपर्ने नै हुन्छ । यसरी हेर्दा निवेदिकाले कानूनबमोजिम आमाको नामबाट नागरिकता लिन पाउने नै देखियो र सो सम्बन्धमा प्रत्यर्थीहरूले विवाद उठाएको आवस्था समेत देखिँदैन ।

११. नेपालको संविधानको धारा १३३ वमोजिम जारी हुने परमादेशको आदेश कानून बमोजिम कारवाही गरी निर्णय गर्नुपर्ने अधिकारीले कानूनले तोकेको कार्य नगरेमा जारी हुने आदेश हो । प्रस्तुत विवादमा निवेदिका नागरिकता पाउँ भनी विपक्षी प्रमुख जिल्ला अधिकारी कहाँ निवेदन लिई गएको र प्रमुख जिल्ला अधिकारीले आफुलाई कानूनले सुम्पेको जिम्मेदारी पुरा नगरेको भन्ने देखियो । यसरी कानून बमोजिम पालना गर्नुपर्ने कर्तव्य पालन नगरेबाट निवेदिकालाई नेपालको संविधानको धारा ११ वमोजिम नागरिकता पाउन नसकेको पाइयो । परिणामतः निज राज्य विहिन हुन गई धारा १६, १८ समेतका हकवाट बन्चित हुन जाने अवस्था परेको बाट निवेदिकाको हकमा आदेश गर्नुपर्ने अवस्था परेकै देखियो ।

१२. अतः माथि विवेचित तथ्य, आधार र कारणबाट प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय ललितपुरले निवेदक रूबी बस्नेतले आफू बंशजको नाताले आमाको नामबाट नेपालको नागरिकता प्राप्त गर्न योग्य भएको भन्ने कुरा प्रमाणित गर्ने कागजातहरु रितपूर्वक पेश गरेको अवस्थामा निजको नाममा नागरिकताको प्रमाण पत्र जारी गरि प्रदान गर्नुपर्ने कानूनी दायित्व पुरा गरेको नदेखिँदा आवश्यक विवरण तथा कागजातहरु पेश गरेमा संवैधानिक तथा कानूनी व्यवस्था अनुरूप निवेदकको नाममा आमाको नामबाट वंशजको नागरिकताको प्रमाण पत्र जारी गरी प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरका नाममा परमादेशको जारी हुने ठहर्छ । निर्णयको जानकारी विपक्षीहरूलाई दिन यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाई निर्णय आदेश अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृतः उमेश प्रसाद पाण्डेय

कम्प्युटर टाईप गर्ने : रेखा भट्टराई

इति सम्वत २०८० साल साउन १४ गते रोज १ शुभम् ....... ।

# ६१ कृष्टिना महर्जन विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं

**फैसला/आदेश मिति, प्रकाशन नं.** २०८० साल साउन २३ गते

**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा**
**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**
**आदेश**
**०७८-WO-०८५३**

**मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।**

किशोर महर्जनको छोरी ललितपुर जिल्ला साविक सिद्धिपुर- ४ को परिवर्तित महालक्ष्मी नगरपालिका संयुक्त वडा कार्यालय सिद्धिपुरको हाल परिवर्तित महालक्ष्मी नगरपालिका वडा नं. ६ बस्ने बस्ने बिन्दिया महर्जन ...१
बिन्दिया महर्जनको छोरी कृष्टिना महर्जन ...........................................................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ...........................................................१
जिल्ला प्रशासन कार्यालय, मानभवन, ललितपुर .......................................................................१
महालक्ष्मी नगरपालिका वडा नं. ६को कार्यालय, सिद्धिपुर, ललितपुर ......................................१ प्रत्यर्थी

नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

**निवेदनको संक्षिप्त तथ्य**

१. नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्वपूर्ण अधिकार हो । नागरिकता यस्तो दस्तावेज हो जसले व्यक्तिको पहिचान दिन्छ । यो नागरिकको राष्ट्रियताको अधिकार पनि हो । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने आधार भनेको नै नागरिकता हो । त्यसैले नागरिकता नभएको व्यक्तिको न पहिचान नै हुन्छ न राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने अवसर नै प्राप्त गर्न सक्दछ । हामी निवेदकहरु मध्ये म बिन्दिया महर्जन आफ्नो सन्तानलाई नेपाली नागरिकता प्रदान गर्न पाउने हकबाट तथा म कृष्टिना महर्जन आ नो आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्न पाउने हकबाट बंचित भएका छौ । हाम्रो स्थायी बसोबास ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ मा रहेको छ । निवेदक मध्ये म बिन्दिया महर्जन वैवाहिक सम्बन्ध गाँसिनु पूर्वनै आमा बनेकी कुमारी आमा हुँ । म गर्भवती भएको कुरा मेरो प्रेमीलाई भनेपछि उनले मलाई लगी अब विवाह गर्नुपर्छ भन्दै काठमाडौं महाराजगञ्ज स्थित आफ्नो डेरामा लगी राखेकोमा मेरो कोखको गर्भ तिन महिनाको पुगेपछि झगडा गरी मलाई कुटपिट गरी तँलाई सिध्याउँछु भन्दै कोठामा मट्टितेल छर्केर ढोका लगाई बाहिरबाट सलाई कोरेर फाली हिडेकोमा भाग्यवश बाँच्न सफल भई बुबा आमाको संरक्षणमा उहाँहरूसँगै बस्दै आएँ । यसै बीचमा मिति २०६०/६/२१ गते निवेदक मध्येकी कृष्टिनाको टिचिङ अस्पतालमा जन्म भयो । छोरीको लालन पालन शिक्षा दिक्षाको दायित्व म कुमारी आमाको काँध माथि आई परेको हुँदा छोरीलाई बुबा आमाको संरक्षकत्वमा छोडी रोजगारीको लागि ईजरायल गई ११ वर्ष काम गरी फर्के । फर्केपछि म बिन्दिया महर्जनले झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वडा नं. ५ बस्ने कृष्ण श्रेष्ठसँग वैवाहिक सम्बन्ध गाँसेकी छु । निवेदक मध्ये म कृष्टिना ८ कक्षामा अध्ययनरत रहँदा स्कूलले जन्मदर्ता माग गरेकोले अस्पतालको जन्म प्रमाणपत्र पेश गरें पनि स्कूलले जन्मदर्तानै चाहिने भनेकोले अस्पतालको जन्मदर्ताको आधारमा महालक्ष्मी नगरपालिकाको संयुक्त वडा कार्यालय,

सिद्धिपुरले जन्म प्रमाणित सिफारिस पत्र दिएकोले सोही पत्रका आधारमा मैले मेरो पढाईलाई निरन्तरता दिन पाएँ । हाल मेरो उमेर १८ वर्ष पुगेको हुँदा नागरिकता बनाउन वडा कार्यालयमा सिफारिसको लागि जाँदा वडा कार्यालयबाट जन्मदर्ताको लागि मेरो जन्मदर्ताको लागि हामी बसोवास गर्दै आएको माइती/मावली घरको वतनबाट जन्मदर्ता गर्न नमिल्ने भनी म निवेदक कृष्टिनाको जन्मदर्ता गर्न र नागरिकताको सिफारिस गरिदिन ईन्कार गरियो । म कृष्टिनाले आमाको नामबाट नागरिकताको लागि पुनः सोही वडा कार्यालयमा अनुसूची फाराम लिई जाँदा वडा अध्यक्षज्यू समेतले यो अनुसूची फाराममा तिम्रो बुबाको नाम उल्लेख गर्नु भनियो । म मेरो बुबाको नाम अनुसूची फाराममा उल्लेख गर्न चाहन्न भनेकोमा तिम्रो घर मकवानपुर जिल्ला भएको हुँदा हामीले यहाँबाट नागरिकताको सिफारिस गर्न मिल्दैन भनी सिफारिस गर्न ईन्कार गर्दै मैले पेश गरेको जन्म प्रमाणित सिफारिस पत्रको फोटोकपिमा सचिव ज्यूले ***"महालक्ष्मी न.पा. वडा नं. ६ बस्ने बिन्दिया महर्जनको छोरी कृष्टिना महर्जनको पिता लोकेस सुवेदी क्षेत्रीको सम्पर्क विहिन भन्ने जानकारी प्राप्त भयो । लोकेस सुवेदी क्षेत्रीको ठेगाना मकवानपुर जिल्ला मनहरी वडा नं. ४ खुलेकोले यस वडाबाट जन्मदर्ता गर्न नमिल्ने ब्यहोरा अनुरोध गरिन्छ"*** भनी मिति २०७८/९/१ मा दरपिठ गरिदिएबाट म निवेदक कृष्टिना महर्जन निवेदक मध्येकै बिन्दिया महर्जनको छोरी हुँ, मेरो जन्म नेपालमा भई निरन्तर बसोबास गर्दै आईरहेको व्यक्तिलाई मैले मेरो आमाको नामबाट आफ्नो पहिचान बनाउन चाहेको अवस्थामा पनि मेरो बुबा जस्लाई मैले अहिलेसम्म चिनेकै छैन त्यस्तो ब्यक्तिको नाम राख्नु पर्ने अन्यथा मेरो बुबा नेपाली भए नभएको यकिन नहुने भनी बुबाको नाम उल्लेख गर्न बाध्य बनाउनु भएको हुँदा म कृष्टिनाले अनुसूचीमा बुबाको नाम उल्लेख गर्न ईन्कार गरेको, मेरो बुबा नेपाली नागरिक होईन की भन्ने वडा कार्यालयको आशंका मेटाउनका लागि बुबाको परिचय खुल्ने नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति कार्यालयमा पेश गर्दा निजको ठेगाना मकवानपुर रहेको देखाई आमाको ठेगाना र नामबाट नागरिकता जारी गर्ने कानून छैन भनी नागरिकताको सिफारिस गर्न मौखिक ईन्कार गर्दा मैले नेपाली नागरिकता प्राप्त गर्नबाट म निवेदक बिन्दिया महर्जनले आफ्नो सन्तानलाई आफ्नो पहिचान दिनबाट बञ्चित हुन पुगी र म निवेदक कृष्टिना राज्य विहिन अवस्थामा बाँच्न बाध्य भएको छु । अतः विपक्षीहरूको नाममा निम्न बमोजिमको आदेश जारी गरी पाउँः

क) म कृष्टिना महर्जनको जन्म प्रमाणित सिफारिस पत्रको छायाँप्रतिमा महालक्ष्मी नगरपालिका वडा नं. ६ को मिति २०७८।९।१ को दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर गरिपाउँ ।

ख) मेरो आमा बिन्दिया महर्जन सूचक भई मेरो बुबा बेपत्ता भएको हुँदा सोही ब्यहोरा जनाई म निवेदक कृष्टिना महर्जनको जन्मदर्ता गरिदिनु भनी विपक्षी महालक्ष्मी नगरपालिका वडा नं. ६ को कार्यालयका नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

ग) मेरो आमा बिन्दिया महर्जनको नामबाट वंशजको नागरिकता प्रदान गर्न सिफारिस दिनु र सो सिफारिसका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुर समेतका नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

घ) प्रस्तुत विषय अत्यन्त संवेदनशील विषय भएकोले र यथासिघ्र निर्णयमा पुग्नु पर्ने भएको हुनाले प्रस्तुत रिट निवेदनलाई पेशी प्राथमिकता अग्राधिकारमा राखी सुनुवाई गरी पाउँ ।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित म्याद सूचना पाएका मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ३ को हकमा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको एक/एक प्रति प्रतिलिपि समेत साथै राखी प्रत्यर्थीहरूका नाउँमा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू । निवेदकले आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाऊँ भनी दिएको रिट निवेदनको प्रकृतिबाट छिटो निरुपण हुनुपर्ने देखिँदा प्रस्तुत निवेदन उपर सुनुवाईका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम

अग्राधिकार दिइएको छ । अरु नियमानुसार पेश गर्नु भनी यस अदालतबाट मिति २०७८/११/४ मा भएको आदेश ।

३. नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्ने कार्यविधि तोकिएको छ । वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएका कागजपत्र संलग्न राखी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनुपर्ने हुँदा प्रस्तुत नियमावली बमोजिमका कागजपत्र जुटाउने दायित्व नागरिकता प्राप्त गर्ने व्यक्तिमा नै रहेको हुन्छ । प्रचलित ऐन, नियमावलीको कार्यविधि पूरा गरेका नेपाली नागरिकले सम्बन्धित तहबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नै हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कानूनी आधार र कारण नभएकोले प्रस्तुत रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।

४. रिट निवेदकले नेपाली नागरिकता प्राप्त गर्नको लागि नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची-१ बमोजिमको फाराममा स्थानीय तहबाट सिफारिस गराई बाबु, बाजेको वंशज खुल्ने नेपाली नागरिकता, जन्मदर्ता लगायत अन्य प्रमाण कागजातहरु पेश गरेको अवस्थामा निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिइने र उक्त प्रमाण कागजातहरु समेत पेश गर्ने दायित्व निवेदक स्वयंको हुने कानूनी प्राब्धान रहेको तर रिट निवेदक नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची-१ बमोजिमको फाराम तथा रितपूर्वकका कानूनले तोकेका कागजात सहित यस कार्यालयमा पेश हुन सकेको छैन । नेपालको प्रचलित ऐन, नियम, कानुनले तोकेको शर्त र प्रक्रिया पूरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानून बमोजिम नागरिकता प्रदान गर्ने तर्फ कारवाही हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय ललितपुरको तर्फबाट पेश भएको लिखित जवाफ ।

५. प्रत्यर्थी मध्येका महालक्ष्मी नगरपालिका वडा नं. ६ को कार्यालय, सिद्धिपुर, ललितपुरका तर्फबाट लिखित जवाफ पेश गरेको मिसिलबाट देखिएन ।

**आदेश खण्ड**

६. नियमबमोजिम निर्णयार्थ पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता मीरा ढुंगाना र विद्वान अधिवक्ताहरु सर्वश्री विनु लामा, रोशना प्रधान, पुष्पा पौडेल, नवीन कुमार श्रेष्ठले कुमारी आमा बिन्दिया महर्जनबाट जन्मेकी छोरी कृष्टिना महर्जन हुन् । बिन्दिया महर्जन प्रेममा परेपछि विवाह नहुदै गर्भवती रहेको अवस्थामा मार्ने नियतले निज बसेको कोठा अगाडी मट्टितेल खन्याई आगो लगाएपनि भाग्यवस् बाँचेकोमा सोही सम्बन्धबाट जन्मेकी छोरी कृष्टिनालाई बाबुको नाम र पहिचान रहित नागरिकता पाउने अधिकार कुमारी आमाबाट जन्मेकी निवेदक कृष्टिना महर्जनमा रहेको छ । कृष्टिनाको आमा नेपाली नागरिक भएको र नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेकोले वंशजको नागरिकता पाउने हक नेपालको संविधानले कृष्टिनालाई दिएको छ । निवेदक समेतले भरेको अनुसूची फाराम निवेदकहरु बसोबास गर्दै आएको स्थानीय तहले नलिने, जन्मदर्ता नगर्ने विपक्षी नगरपालिका समेतको कार्य त्रुटिपूर्ण रहेको छ । निवेदकहरूको अस्तित्वनै समाप्त पार्न प्रयत्नरत रहेका र कहिल्यै लोकेस सुवेदीको नाम उल्लेख गर्नै पर्छ भनी निवेदकहरूलाई बाध्य तुल्याउन मिल्दैन । लोकेस सुवेदीलाई निवेदक कृष्टिनाले आजसम्म पनि देखेकी छैनन । निवेदकहरु प्रति गैरजिम्मेवार रहेका र हालसम्म देख्दै नदेखेका र कृष्टिनाको जन्म पश्चात निज वा परिवारका सदस्यको सम्पर्कमै नरहेका लोकेस सुवेदी भन्ने नामलाई बाबुको उल्लेख गरी अनुसूची फाराम भर्न लगाउने कार्य निवेदकहरूको इच्छा विपरीत छ । निवेदकलाई अनुसूची फाराममा बाबुको नाम भनी लोकेस सुवेदी उल्लेख गर्न लगाउन दवाव दिने गरी मिति २०७८/९/१ मा गरिएको महालक्ष्मी न.पा. वडा नं. ६ को दरपिठ आदेश त्रुटिपूर्ण भएकोले सो आदेश समेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकको जन्मदर्ता गरी अनुसूची फाराम समेत प्रमाणित गरी आमाको नामबाट निवेदक कृष्टिना महर्जनलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनू भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

प्रत्यर्थीहरूका तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री पुष्पराज वास्तोलाले निवेदकले आफ्नो बाबु भनी स्वीकार गरेकी र निजका बाबुको ठेगाना मकवानपुर जिल्लामा देखिएकोले सोही स्थानीय तहबाट जन्मदर्ता प्रमाणपत्र लिन सक्ने नै देखिएको छ । निवेदकले आफ्नो बाबु नाम उल्लेख नगर्दा अन्य कानूनी समस्या र जटिलता आउन सक्छ । संविधानले बाबुको पहिचान नभएको अवस्थामा मात्र नेपाली नागरिक आमाको नामबाट वंशजको नागरिकता लिन पाउने व्यवस्था गरेको छ । निवेदकलाई बाबु हो भनी अरूले देखाएको मानिस भएपनि निजको परिचय खुलेको, निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गरेको भन्ने निवेदन ब्यहोराबाट देखिएको र सो ब्यक्ति निवेदकको बाबु भएको एकिन गरी सम्बन्धित स्थानीय तहले नागरिकताको सिफारिस दिन सक्ने भई सोही सिफारिसका आधारमा निवेदकले नेपाली नागरिकताकी प्रमाणपत्र पाउन सक्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो ।

७. प्रस्तुत निवेदन अध्ययन गरी हेर्दा, निवेदक बिन्दिया महर्जनले लोकेस सुवेदीसँग आफ्नो प्रेम सम्बन्धमा रहेको अवस्थामा गर्भ रहेको जानकारी गराएपछि घरमा नलगी महाराजगञ्जमा डेराकोठामा राखी कुटपिट गरी मट्टितेल छरी सलाई लगाउने क्रममा गलत स्थानमा खसेको कारण घरवेटी समेतको सहयोगमा बाच्न पुगेको र छोरी जन्मेपछि माइती बाबु आमाको संरक्षणमा छोरी कृष्टिनालाई जिम्मा लगाई बैदेशिक रोजगारीबाट फर्केपछि अन्यत्र विवाह गरेपनि छोरी कृष्टिनाको नागरिकता बनाई दिन नसकेको, छोरी कृष्टिनालाई रेखदेख नगरेका र छोरीले हालसम्म पनि नदेखेका व्यक्तिलाई बाबु भनी स्वीकार गरी नेपाली नागरिकताको प्रमाणपत्र लिन हामी चाहदैनौं, म कृष्टिनाले आमाकै पहिचानमा मावली घरकै वतन राखी नागरिकताको प्रमाणपत्र लिन चाहन्छु, हालसम्म देख्दै नदेखेको व्यक्तिलाई बाबु उल्लेख गर्न लगाउन मिल्दैन, हालसम्म म बसोबास गरेको महालक्ष्मी नगरपालिका वडा नं. ६ हो । यही नगरपालिकामा जन्मदर्ताको प्रमाणपत्र लिन जाँदा मकवानपुरको मनहरीबाट लिनु भनियो जुन कार्य त्रुटिपूर्ण छ । जन्मदर्ता प्रमाणपत्र नभई नागरिकता समेत नहुने भएकोले अनुसूची फाराममा मेरो आमाको मात्र नाम उल्लेख गरी आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र दिनू भनी परमादेश जारी गरिपाउँ भन्ने मुख्य जिकिर रहेको देखियो । नागरिकताको अधिकार जस्तो गम्भीर विषयमा कारवाहीको शुरूवातको लागि आवश्यक जन्मदर्ताको प्रमाणपत्र नै जारी गर्न इन्कार गर्ने महालक्ष्मी नगरपालीका वडा नं. ६ को कार्यालयबाट यस अदालतको कारण देखाउन आदेशको पालना हुने गरी लिखितजवाफ पेश नभएबाट जनप्रतिनिधीमूलक सो निकायले यो विषयलाई महत्व नदिएको देखिएको छ, उक्त प्रत्यर्थीले जिम्मेवारपूर्ण तरीकाले आ□नो कानूनी कर्तव्य पूरा गरेको र यस विषयमा सम्बेदनशील रहेको देखिएन । अन्य प्रत्यर्थीहरूले प्रस्तुत निवेदनमा बाबुको पहिचान खुलेको र संविधान ऐन नियमले तोकेको प्रकृया पूरा गरेको अवस्थामा निवेदकले नागरिकता पाउने नै हुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको लिखित जवाफ जिकिर रहेको पाईयो ।

८. अब, विवाह नहुदै गर्भवती भएकी आमाबाट अविवाहित अवस्था मै जन्मेकी यी निवेदक कृष्टिना महर्जनलाई लोकेस सुवेदी भन्ने नामसम्म खुलेको व्यक्तिको मकवानपुर जिल्ला मनहरी गाउँपालिकामा गई जन्मदर्ताको प्रमाणपत्र लिई आउन भनी महालक्ष्मी नगरपालीका वडा नं. ६ को कार्यालयले गरेको दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर हुने हो होइन ? निवेदक कृष्टिना महर्जनले नाम वतन खुलेको जैविक बाबुको विवरण उल्लेख नगरी आमाको नामबाट मात्र नेपाली नागरिकताको प्रमाणपत्र पाउने हो होइन ? प्रत्यर्थीहरूको नाममा माग बमोजिमको आदेश जारी हुने हो होइन? सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

९. निवेदकहरूले आमाको नामबाट नागरिकता लिन गरेको माग सम्बन्धमा भएको संवैधानिक व्यवस्थालाई हेर्दा, हाल प्रचलित नेपालको संविधान लागू हुनु अघिको नेपालको अन्तरिम संविधान, २०६३ को प्रावधान पनि हेर्नु सान्दर्भिक छ । ऐ. संविधानमा रहेको निम्न प्रावधानहरूले नेपालको नागरिक हुने योग्यता तथा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्न अवस्थाबारे उल्लेख गरेको पाईन्छः

धारा ८ः संविधान प्रारम्भ हुँदाका बखत नागरिकताः

(१) यो संविधान प्रारम्भ हुदाँका बखत नेपालको नागरिकताप्राप्त गरेको र यस भाग बमोजिम नागरिकताप्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।

(४) नेपालभित्र गाभिनेगरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।

(५) संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकताप्राप्त गर्नेछ ।

तर यस व्यवस्था अन्तर्गत नागरिकताप्राप्त गर्न प्रचलित कानूनमा व्यवस्था भए बमोजिम एक पटकको लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनुपर्नेछ ।

१०. यस्तै, नागरिकता सम्बन्धमा नेपालको संविधानमा देहाय बमोजिम उल्लेख भएको देखिन्छः

धारा १० (१): कुनै पनि नेपाली नागरिकलाई नागरिकताप्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन ।

धारा ११(२): यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहाय व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

(२)(ख): कुनै व्यक्तिको जन्म हुदाँका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

धारा ११(५): नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ ।

तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगिकृत नागरिकतामा परिणत हुनेछ ।

११. यसरी नेपालको संविधानले प्रत्येक नागरिकलाई नागरिकताप्राप्त गर्ने हकको सुनिश्चितता प्रदान गरेको छ । संविधानका उपर्युक्त धाराहरूमा "नेपाली नागरिक" लाई नागरिकताप्राप्त गर्ने हकबाट वञ्चित नगरिने प्रतिबद्धता व्यक्त भएको देखिन्छ । यहाँ "नागरिक" तथा "नागरिकता" लाई भिन्न भिन्न अर्थ लाग्ने गरी व्यवस्था भएको छ । नेपालको नागरिक हुने योग्यता हासिल हुनासाथ त्यस्तो व्यक्तिलाई नेपाली नागरिक कै रूपमा स्वीकार गरिएको छ, त्यस्ता नेपाली नागरिक हुने योग्यता पुगेको व्यक्तिका नाममा नेपालको नागरिकताको प्रमाणपत्र जारी नभएकै कारण निज नेपाली नागरिक हुन योग्य व्यक्ति होइन भन्ने प्रकृतिबाट व्यवहार गर्नु यस संविधानको मर्म र मनशाय देखिदैन ।

१२. नागरिकताको प्रमाणपत्र वितरण अत्यन्त संवेदनशील विषय र प्रकृया हो भन्ने सम्बन्धमा विवाद हुन सक्दैन । तर संवेदनशील विषय भन्दैमा नेपालको नागरिक हुन योग्य व्यक्तिलाई अनिर्णयको बन्दी बनाई वा अन्य कुनै वहानामा लामो समयसम्म नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन ढिलाई गर्नु पनि वान्छनीय हुदैन । यो कार्यमा स्थानीय सरकार तथा स्थानीय प्रशासन कै मुख्य भूमिका रहन्छ भने नेपाल सरकार, गृह मन्त्रालयले यथासम्भव सरल प्रकृतिबाट नागरिकता दिलाउन सकारात्मक वातावरण सृजना गर्नु आवश्यक हुन्छ । नागरिकता वितरणमा यदाकदा देखिएका विकृतिको परिणाम स्वरूप नेपाली नागरिकता पाउन योग्य व्यक्तिले प्रमाणपत्र पाउने प्रकृयामा कठिनाई भोग्नु स्वीकार्य हुदैन, यस्को निराकरणको लागि सम्बन्धित निकायमा सुशासन अपेक्षित हुन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ८ मा "सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने" तथा दफा १३ को देहाय (च) मा "आफू वहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने" भन्ने उल्लेख भएबाट संविधानले परिकल्पना गरेको कार्यलाई प्रभावकारी तथा परिणाममूलक बनाउनमा सम्बन्धित कार्यालय प्रमुखको महत्वपूर्ण कानूनी तथा नैतिक जिम्मेवारी रहेको छ ।

१३. नागरिकताको आधारमा राष्ट्रियताको पहिचानको आयाम मानव जीवनमा अतुलनीय रहन्छ । शिक्षाको हक, स्वास्थ्य सम्बन्धी हक, पेशा व्यवसाय वा रोजगार सम्बन्धी हक, समानता सम्बन्धी हक लगायतका अधिकारहरु नागरिकताको प्रमाणपत्रको अभावमा परिचालन गर्नमा धेरै बाधा अवरोधको अवस्था सृजना हुन जान्छ । मुलुकी देवानी संहिता, २०७४ भाग २ को व्यक्ति सम्बन्धी कानूनको परिच्छेद-१ को प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था शीर्षक अन्तर्गत दफा ३० मा "प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको मान्यता पाउने र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपयोग गर्न पाउनेछ" भन्ने व्यवस्था छ । जन्म भएको मान्यता दिई प्रमाणीकरण गर्ने सम्बन्धमा भएको कानूनको सन्दर्भ हेर्दा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ६ बमोजिम स्थानीय पंजिकाधिकारीले जारी गरेको जन्मदर्ताको प्रमाणपत्रका आधारमा जन्म भएको मानिने कानूनी व्यवस्था छ । यस्तै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा १ मा "प्रत्येक बालबालिकालाई आ□नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ" भन्ने र उपदफा ७ मा "पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडी आमाको थर प्रयोग गर्न पाउनेछ" भन्ने व्यवस्था रहेकोबाट जन्मकै आधारमा राष्ट्रियता र परिवारको पहिचान हुने हुँदा आधारभूत मानव अधिकारहरूको प्रचलनका लागि जन्मदर्ता प्रमाणपत्र आवश्यक र अनिवार्य लिखत रहेको छ । यो प्रमाणपत्र कुनै सम्बन्धित सूचकले दिएको विवरणको आधारमा जारी हुने भएपनि केही अपवादको स्थितिमा बालबालिकाले सोही प्रमाणपत्रकै आधारमा मात्र बाबुको पहिचान गरी परिचय खुलाउन सक्ने अवस्था हुदैन । जन्मदर्ताको प्रमाणपत्र प्राप्त गरे पश्तचात नै निजको कानुन बमोजिमका सुविधाहरु समेत उपभोग गर्न पाउने हक सृजना भई राज्यसँगको औपचारिक सम्बन्धको शुरूवात भएको वा सम्बन्ध स्थापित भएको बुझ्नुपर्ने हुन्छ । अर्को तर्फ, जन्मदर्ताको प्रमाणपत्रले जन्म भएको भनी सूचना दिने सुचकको विवरणका अतिरिक्त यसमा जन्मिने व्यक्तिको जन्म मिति, जन्मेको स्थानसमेतका विवरणलाई अन्यथा प्रमाणित नभएसम्म राज्यले औपचारिक रूपमा मान्यता दिएको पनि हो भनी मान्नुपर्ने हुन्छ ।

१४. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा ६[१] र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा १६[२] ले समेत सबै व्यक्तिलाई कानूनी आधारमा व्यक्तिको पहिचान दिनुपर्छ भन्ने व्यवस्था गरेको पाईन्छ । UDHR को धारा १५ ले पनि प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार प्रदान गर्दै कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको राष्ट्रियताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको[३] छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई राष्ट्रियता प्राप्त गर्ने निजको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको[४] देखिन्छ भने यस्को सामान्य टिप्पणी (General Comment No 17)[५] मा "Every child has the right to be registered immediately after birth and to have a name. In the Committee's opinion, this provision should be interpreted as being closely linked to the provision concerning the right to special measures of protection and it is designed to promote recognition of the child's legal personality" भन्ने समेत उल्लेख भएबाट अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नागरिकताको विषयलाई व्यक्तिको कानूनी पहिचानको रूपमा स्वीकार गरेको पाईन्छ । त्यसैगरी,

१. Universal Declaration of Human Rights_UDHR_,
Article 6: "Everyone has the right to recognition everywhere as a person before the law."

२. International Covenant on Civil and Political Rights (ICCPR),
. Article 16: "Everyone shall have the right to recognition everywhere as a person before the law."

३. Universal Declaration of Human Rights (UDHR),
Article 15(1): "Everyone has right to nationality." (2) "No one shall be arbitrarily deprived of his nationality nor denied the right to change his nationality."

४. International Covenant on Civil and Political Rights (ICCPR),
Article 24(2): Every child shall be registered immediately after birth and shall have a name. (3). Every child has the right to acquire a nationality.

५. HRI/GEN/Rev.9 (Vol I)

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ७ र ८ ले पनि हरेक बालबालिकाको राष्ट्रियता प्राप्ति गर्ने अधिकार सुनिश्चित गरेको छ ।[६]

१५. व्यक्तिको पहिचान केही विशेष अवस्थामा त्यस्ता व्यक्तिको रोजाईको विषय पनि हुन सक्ने तथ्य नकार्न सकिदैन । नेपालको संविधानको धारा ११ को उपधारा मा "बाबु वा आमा" उल्लेख हुनु भनेकै लैङ्गिक दृष्टिकोणबाट आमाको पहिचानबाट पनि नागरिकता प्रदान गर्न सकिने अभिप्रायलाई अघि सारिएको छ । यस्तै अभिप्रायलाई CEDAW को धारा ९ ले पनि पुरूष वा महिला दुवैले आफ्नो राष्ट्रियता आफ्नो बालबच्चालाई प्रदान गर्न सक्ने हक हुन्छ भनी उल्लेख गरेको देखिन्छ ।[७] नागरिकता जस्तो गहन विषयमा नागरिकता प्राप्तिको लागी बुबाको पहिचान अनिवार्य खुलाउनुपर्ने वा नपर्ने भन्ने विवादमा भारतको Abc Vs. State (Net of Delhi) मा[८] बाबुले अर्कै बिहे गरी बसेको, बच्चाको कुनै परवाह नगरी बसेको र सो बालकको पालन पोषण आमाले गर्दै आएको परिपेक्षमा आमाको नामबाट नागरिकता प्रदान गर्न पाउने तथा नागरिकता प्रदान गर्नको लागी बाबुको पहिचान खुलाउनु पर्छ भन्ने बाध्यात्मक व्यवस्था हुनुहुदैन भन्ने आशयका साथ "The welfare of the child would be undermined if the Appellant is compelled to disclose the identity of the father, or the Court notice is mandatory in the child's interest" भनी उल्लेख गरेकोबाट यस प्रकृतिको अवस्था नेपालमा मात्र नभई अन्यत्र पनि रहेको पाइएको छ ।

१६. आमाको नामबाट नागरिकता जारी गर्ने सम्बन्धमा यस अदालतको न्यायिक अभ्यास हेर्दा बिपना बस्नेतसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको परमादेशको निवेदनमा[९] ***"नेपालको संविधान कानून र नजिरसमेतले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानूनी व्यवस्था गरेको र सन्तानको लागि बाबुआमा समान वंशीय आधार भएकोले बाबुको नामथर लेख्न चाहेको कारणले मात्र आमाको पहिचानको थर लेख्न नपाउने गरी रोक लगाउँदा अर्थात् बाबुको थर मात्र लेख्नु पर्छ भनी बाबु वा आमाको थरमा विभेद व्यवहार देखिने हुन्छ । साथै त्यस्तो निष्कर्षमा पुग्दा निवेदकको वंशीय आधारको छनोटको अधिकार विरूद्ध हुनुको साथै महिला र पुरूषको समान अधिकार विरूद्ध समेत हुने"*** भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । लक्ष्मीकुमारी शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौसमेत रहेको उत्प्रेषणको निवेदनमा[१०] ***"नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो । नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन् । सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यवधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलतामा खेल्नु न्यायपूर्ण नहुने"*** भनी भएको व्याख्या प्रस्तुत मुद्दामा पनि सान्दर्भिक देखिएको छ ।

१७. उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाबाट नेपालमा स्थायी बसोबास भएका कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा मध्ये कुनै एक नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था भएको देखियो । यसै गरी नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकताप्राप्त गर्न सक्ने व्यवस्था रहेको समेत पाईयो । संविधानतः मुख्य गरी व्यक्तिले वंशज,

---

६. Declaration of the Rights of the Child (Proclaimed by the General Assembly Resolution 1386 (XIV) of 20 November 1959) Principle no 3. "The child shall be entitled from his birth to a name and nationality."
Convention on the Rights of the Child (Adopted and opened for signature, ratification and accession by General Assembly Resolution 44/25 of 20 November 1989, entry into force : 2 September 1990),
Article 7(1): "The child shall be registered immediately after birth and shall have the right from birth to a name, the right to acquire a nationality and as far as possible, the right to know and be cared for by his/her parents." (2). "State Parties shall ensure the implementation of these rights in accordance with their national law and their obligations under the relevant international instruments in this field, in particular where the child would otherwise be stateless.
Article 8(1): State parties undertake to respect the right of the child to preserve his or her identity, including nationality, name and family relations as recognized by law without unlawful interference. (2) Where a child is illegally deprived of some or all of his/her identity, State parties shall provide appropriate assistance and protection with a view to re-establishing speedily his/her identity."

७. Convention on the Elimination of all Forms of Discrimination against Women (CEDAW),
Article 9(2): "State Parties shall grant women equal rights with men with respect to the nationality of their children."

८. Supreme Court of India, 6 July 2015, accessed on Indian Kanoon

९. ने.का.प. २०७५ अंक ८ नि.नं. १००६६

१०. ने.का.प. २०७७, अंक ३ र नि.नं. १०४५८

अंगिकृत र जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने हुन्छ । आमाको नामबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रयत्नमा रहदा भोगेको अवरोध बारे यी निवेदक कृष्टिना महर्जनले निवेदनमा सविस्तार खुलाएकी छन । नीजकी आमा बिन्दीया महर्जनले आफूले रोजेको व्यक्तिसंग विधिवत रूपमा विवाह हुनु अगावै आफू गर्भवती भएकी र निज व्यक्तिले विवाह नगरी गैरजिम्मेवार भई भागी गएको कारण अविवाहित अवस्थामै आमा बनेकी बिन्दीया र निजबाट जन्मिएकी सन्तान लामो समयसम्म कस्ता प्रतिकूल कानूनी, व्यवहारिक एवँ सामाजिक परिस्थितीबाट गुज्रनु परेको होला, सो सामान्य तवरबाट आकलन गर्न सकिदैन । यस अदालतबाट समेत पुण्यवती पाठक वि परराष्ट्र मन्त्रालय समेत भएको मुद्दामा[११] "महिलालाई पुरूषलाई भन्दा बढी Hardship हुने गरी गरिएको कुनै पनि कार्यकारिणी निर्णय जसको जतिसुकै bona fide intention भएपनि त्यस्तो निर्णयलाई कानूनी राज्यको मान्य सिद्धान्त विपरीत discriminatory, excess of power र arbitrary निर्णय मान्नुपर्ने ...... कानूनले दिएको अधिकार वेगर महिलालाई मात्र ती स्वतन्त्रताहरु उपभोग गर्नबाट वञ्चित हुने गरी कार्यकारिणीले निर्णय गर्न नसक्ने" भनी गरीएको उल्लेखन एवं नक्कली महर्जन वि. प्रधानमन्त्री तथा मन्त्री परिषद् को कार्यालय समेत[१२] भएको उत्प्रेषण मुद्दामा "लिङ्ग वा वैवाहीक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनबाट वञ्चित हुने गरी सिफारिस नदिने गरी भएको कार्यलाई कानूनसम्मत भन्न नमिल्ने " भनी व्यक्त गरिएको धारणा यहाँ उल्लेख गरिनु सान्दर्भिक देखिन आउछ ।

१८. अब, आमाको नामबाट नागरिकता लिने सम्बन्धमा हेर्दा एक पटक आमाको नामबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिको स्वघोषणाका आधारमा वंशजको नाताले त्यस्तो प्रमाणपत्र प्राप्ति पश्चात कुनै पछि खुल्न आएको तथ्यबाट त्यस्तो व्यक्तिको बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकताको किसिमसम्म परिवर्तन भई अङ्गिकृत नागरिकतामा परिणत हुने व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा (५) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबाट नागरिकता पाउने व्यक्तिले घोषणा गरी व्यक्त गरेको आफ्नो र आफ्नो बाबु वा आमाको परिचयले नागरिकता प्राप्तिको विषयमा सार्थक सम्बन्ध राखेको देखिन्छ । ऐ. को उपधारा (५) मा उल्लिखित "बाबुको पहिचान" भन्ने शब्दहरूको सन्दर्भ हेर्दा यो पहिचान कस्ले गर्ने भन्ने प्रश्न टड्कारै रूपमा उब्जन सक्छ । बालबालिकाको लागि बाबुको पहिचान निजको भौतिक उपस्थिति, निजबाट पाएको वात्सल्य प्रेम र हेरविचार, बालबालिकाका लागि जैविक बाबु भनिएको व्यक्तिले उठाएको जिम्मेवारी आदि विषयहरूसंग जोडिन जान्छ । बाबु भन व्यक्तिले दिएको वा निजका हकमा उपलब्ध भएको पहिचानको प्रमाण त्यस्ता बालबालिकाले निज बालिग भएपछि पुष्टि गर्न सकेको वा सक्ने अवस्था भएका कारण स्वीकार गरेमा त्यस्ता व्यक्ति अन्यथा प्रमाणित नभएसम्म बाबु मानिनु वैधानिक अपेक्षाको विषय हो । आमा वा परिवारका अन्य सदस्यले जैविक बाबु भनी नाम वतनसम्म खुलाएको तर त्यस्ता बालबालिका त्यस्तो परिचय प्रति अनविज्ञ रही आफू बालिग भएपछी ती विवरणलाई वस्तुनिष्ठ रूपमा पुष्टि गर्न सक्ने अवस्था विद्यमान छैन भने त्यस्ता बालबालिका वा निज बालिग भएपछि कसैले नाम वतनसम्म खुलाएकै आधारमा कहिल्यै भौतिक वा भावनात्मक रूपमा समेत सम्पर्क वा सम्बन्धमा नरहेको व्यक्तिलाई बाबुको रूपमा परिचय दिई दिलाई स्वीकार गर्न बाध्य गर्नु न्यायोचित एवं तर्कसंगत समेत हुँदैन, राज्य संयन्त्रले पनि यसो गरेमा ती बालवालिकाप्रति न्याय हुदैन । यस अवस्थामा बाबुको पहिचानबारे नागरिकताको लागि आवेदन गर्ने सम्बन्धित व्यक्तिले गरेको घोषणाबाटै बाबुको "परिचय" खुलेको वा नखुलेको स्थितिको निक्यौल गर्नु उपयुक्त हुन्छ । यस्तो अवस्थामा सम्बन्धित व्यक्तिले खुलाएको विवरण र गरेको घोषणाका आधारमा नागरिकताको प्रमाणपत्रका लागि निवेदन पर्न आएमा संविधान र कानूनको मर्म, मनशाय र भावना अनुरूप यथासक्य चाँडो निर्णय गरी गराई सरलता र सहजताका साथ नागरिकताको प्रमाणपत्र उपलब्ध गराई औपचारिक रूपमा त्यस्ता व्यक्तिको राज्यसंगको सम्बन्ध र पहिचान स्थापीत गराउनु सम्बन्धित कार्यालयको कर्तव्य र सुशासनको द्योतक पनि हो । यदी निवेदकले खुलाएको त्यस्तो बेहोरा झुठा प्रमाणित हुन आएमा त्यसको कारबाही र

११. ने.का.प. २०६२, अंक ८, नि. नं ७५८५
१२. ने.का.प. २०६५, अंक ११, नि. नं ८०३५

परिणामको भागी निज घोषणा गर्ने व्यक्ति नै हुनुपर्ने हुंदा सम्बन्धित निकायले कुनै पनि जन्मदर्ता र नागरिकताको कारवाहीमा ढिलाई गर्नु उचीत हुदैन ।

१९. यस निवेदनको मूल माग नै बाबुको नाम नराखी आमाको नामबाट नागरिकता पाउँ भन्ने रहेकोछ । आमाको नामबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सन्दर्भमा यस अदालतबाट सबिना दमाई विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेश निवेदनमा "बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने"[१३] भनि स्पष्ट व्याख्या भएको, सज्दा सापकोटा विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको परमादेश समेतको निवेदनमा "नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानून बमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकता बिहिन बनाउनु कानून अनुकूलको कार्य मान्न नसकिने"[१४] भनिएको, सृजन खरेल विरूद्द नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको परमादेश निवेदनमा " आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानूनी अधिकार प्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ"[१५] भनी किटान गरी यस अदालतबाट यस प्रकृतिको विवादको निराकरण नै गरीसकेको देखिन आयो ।

२०. यस अवस्थामा बाबुको नाम नराखि नागरिकताको प्रमाणपत्र जारी हुन सक्ने वा नसक्ने भन्ने सम्बन्धमा विचार गर्दा, ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ मा स्थायी बसोबास रहेको निवेदक मध्ये म बिन्दिया महर्जन वैवाहिक सम्बन्ध गाँसिनु पूर्वनै आमा बनेकी कुमारी आमा हुँ, गर्भवती भएपछि प्रेमीले काठमाडौं महाराजगञ्ज स्थित आ‌नो डेरामा लगी राखेकोमा मेरो कोखको गर्भ तिन महिनाको पुगेपछि झगडा गरी कोठामा मट्टितेल छर्केर ढोका लगाई बाहिरबाट सलाई कोरेर फाली हिडेकोमा भाग्यवश बाँच्न सफल भई बुबा आमाको संरक्षणमा उहाँहरूसँगै बस्दै आएकोमा मिति २०६०/६/२१ गते निवेदक मध्येकी कृष्टिनाको टिचिङ अस्पतालमा जन्म भई छोरीको लालन पालन शिक्षा दिक्षाको दायित्व म कुमारी आमाले गरेको हो भनी तथ्यको स्वघोषणा गरेको देखियो । यस्तै म निवेदक कृष्टिना महर्जनलाई आमाले नै पालन पोषण गरेको र मावलीमा नै बस्दै आएको छु, मैले मेरो आमाको नामबाट आफ्नो पहिचान बनाउन चाहेको अवस्थामा पनि मेरो बुबा जस्लाई मैले अहिलेसम्म चिनेकै छैन त्यस्तो व्यक्तिको नाम राख्नु पर्ने अन्यथा मेरो बुबा नेपाली भए नभएको यकिन नहुने भनी बुबाको नाम उल्लेख गर्न बाध्य बनाउनु भएकोमा म कृष्टिनाले अनुसूचीमा बुबाको नाम उल्लेख गर्न ईन्कार गरेको, मेरो बुबा नेपाली नागरिक होईन की भन्ने वडा कार्यालयको आशंका मेटाउनका लागि बुबा भनिएका व्यक्तिको परिचय खुल्ने नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति कार्यालयमा पेश गर्दा निजको ठेगाना मकवानपुर रहेको देखाई आमाको ठेगाना र नामबाट नागरिकता जारी गर्ने कानून छैन भनी नागरिकताको सिफारिस गर्न मौखिक ईन्कार भनी उल्लेख गरेको पाइयो । कुनै व्यक्तिको जैविक पिता फलानो हो भनिदिएकै भरमा पिताको वात्सल्य नपाएका वा पिताले हेरविचार नगरेको, पिता भनिएको व्यक्तिले कहिल्यै कुनै जिम्मेवारी नलिएको, दायित्व नबेहोरेको तथा कहिल्यै भौतिक रूपमा छोराछोरी सन्मुख उपस्थिति नभएको कारण अनुहार समेत नदेखेको व्यक्तिलाई परिचय खुलेको बाबुको रूपमा स्वीकार गर्न वाध्य गर्नु निजको हकमा कानूनसंगत र उचित समेत देखिदैंन, यस्तै अवस्था यी निवेदक कृष्टिना महर्जनको रहेको छ । अर्कोतर्फ, जैविक बाबु भनिएको व्यक्तिले आफ्नो छोरा वा छोरी भनी सनाखत गर्न गराउन वा निजको अनुपस्थितिमा निजको परिवारले त्यस्तो तथ्य पुष्टि

१३. ने.का.प. २०६८, अंक२, नि.नं. ८५५७
१४. ने.का.प.२०७३, अंक ७, नि.नं. ९६२७
१५. ने.का.प. २०७३, अंक ९, नि.नं ९६८७.

गर्ने मनासिव प्रमाण देखाई बालबालिकाका लागि स्वीकार्य प्रकृतिबाट नाताको सनाखत नगराएसम्म वा गराउन सक्ने अवस्था नरहेसम्म त्यस्ता बालबालिकाका लागि बाबु भनिएको व्यक्तिको "पहिचान नखुलेको" नै मान्नु न्यायोचित हुन्छ । पछि कुनै कालखण्डमा आधिकारीक रूपमा बाबु भनिएको व्यक्तिको पहिचान खुल्न गएको अवस्थामा प्रत्यर्थीहरूले सोही स्थापित तथ्यका आधारमा जन्म र नागरिकताको प्रमाणपत्र सम्बन्धी विवरण सच्याउन सकिने तथा कुनै प्रमाणबाट त्यस्तो बाबु विदशी नागरिक रहेको पुष्टी हुन आएमा पनि नागरिकताको प्रकृति वंशजबाट अँगिकृतमा परिणतसम्म हुने विकल्प समेत रहेकै हुन्छ, सोही कारणबाट त्यस्ता नागरिकताको प्रमाणपत्र धारक व्यक्तिको नेपालको नागरिकता हनन् हुदैन ।

२१. माथी विवेचित परिपेक्षमा प्रस्तुत निवेदनमा विचारगर्दा, निवेदक नेपालमा जन्मेको भन्ने निजले पेश गरेको अस्पतालबाट जारी भएको जन्मको प्रमाणपत्रबाट खुल्न आएको छ भने निजहरूको शैक्षिक प्रमाणपत्रबाट निवेदकहरूको बसोवास नेपालमा नै भएको देखिएको र निवेदकको आमा बिन्दिया महर्जनले वंशजका आधारमा मिति २०५७/०४/१७ गते ना.प्र.नं. १०७५६१ को नेपाली नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट प्राप्त गरेको देखिएको अवस्थामा माथि प्रकरणहरूमा उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था एवँ यसै अदालतबाट प्रतिपादित सिद्धान्त र व्याख्याहरु समेतका आधारमा निवेदक कृष्टिना महर्जन नेपालको संविधानको धारा ११ को उपधारा (५) र नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संसोधन, २०७९ समेत) को दफा ३ को उपदफा (५) अनुसार नेपाली नागरिक हुन योग्यता पुगेको देखिदा निवेदकलाई नागरिकताको प्रमाणपत्रमा बुबा नाम नराख्न चाहेको आधार कारण देखाई नेपालको नागरिकता प्रमाणपत्र प्राप्तिको लागि जन्मदर्ता लगायत आवश्यक सिफारिस आदि तथा त्यस आधारमा नागरिकताको प्रमाणपत्र जारी नगर्दा कानून अनुरूप नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने निवेदकको संवैधानिक हक प्रभावित हुने अवस्था देखिन आयो ।

२२. यसप्रकार, नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त अविवाहित आमाबाट नेपालमा जन्मिएकी निवेदक कृष्टिना महर्जनको जन्म नेपालमा नै भई मावली घरमा बसोबास गरी नेपालमा नै अध्ययन गरी रहेको अवस्थामा महालक्ष्मी न.पा. वडा नं. ६ को कार्यालयबाट "महालक्ष्मी न.पा. वडा नं. ६ बस्ने बिन्दिया महर्जनको छोरी कृष्टिना महर्जनको पिता लोकेस सुवेदी क्षेत्रीको सम्पर्क विहिन भन्ने जानकारी प्राप्त भयो । लोकेस सुवेदी क्षेत्रीको ठेगाना मकवानपुर जिल्ला मनहरी वडा नं. ४ खुलेकोले यस वडाबाट जन्मदर्ता गर्न नमिल्ने ब्यहोरा अनुरोध गरिन्छ" भनी मिति २०७८/९/१ मा निवेदकको जन्मदर्ताको प्रमाणपत्रका लागि दिएको निवेदनमा दरपिठ गरिदिएको कार्य नेपालको संविधान तथा माथीका प्रकरणहरूमा उल्लिखित कानून एवँ तर्कसंगत देखिएन । बुबा भनिएका व्यक्तिको स्थायी ठेगानाबाट नै जन्मदर्ता गर्ने भनी भनिएको उक्त दरपिठको निर्णयबाट निवेदकको संविधान एवँ कानून प्रदत्त अधिकारमा समेत आघात पुग्न गएकोले सो मिति २०७८/९/१ को दरपिठ आदेश बदर गरि निजको हाल बसोबास रहेको महालक्ष्मी न.पा. वडा नं. ६ बाट नै निवेदक कृष्टिना महर्जनको जन्म दर्ता गरि नागरिकताको प्रमाणपत्र दिने दिलाउने कार्य गर्नु गराउनु उपयुक्त देखिन आयो ।

२३. अतः निवेदक कृष्टिना महर्जनको आमा बिन्दिया महर्जनले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको, निज महालक्ष्मी न.पा. वडा नं. ६ स्थित मावलीमा नै बस्दै अध्ययन गरिरहेको, जैविक बाबु बेपत्ता भई निजको भौतिक उपस्थिति यी छोरीले कहिल्यै अनुभूति नगरेको, जैविक बाबु भनिएका व्यक्ति सम्पर्क विहीन रही निवेदकहरूको कुनै पनि प्रकारले खोजविन वा हेरचाह समेत नगरेको, कुनै जिम्मेवारी समेत नलिएको इत्यादी कारणवाट निवेदक कृष्टिना महर्जनका लागि बाबु पहिचानविहीन रहेको देखिएकोले त्यस्ता जैविक बाबुको नाम नागरिकतामा उल्लेख गर्न नचाहेको भनि निवेदनमा नै खुलाएको अवस्थामा निजको जन्मदर्ता गर्न नमिल्ने ब्यहोराको महालक्ष्मी नगरपालीका वडा नं ६ को कार्यालयको मिति २०७८/९/१ को दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब, जन्मदेखि नै महालक्ष्मी नगरपालीका स्थित मावलीमा स्थायी रूपमा बसिआएकी निवेदक कृष्टिना महर्जनलाई निजको मांग बमोजिम आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता प्रमाणपत्र जारी गरी नेपालको नागरिकताको

प्रमाणपत्र प्राप्तिका लागि आवश्यक सिफारिस गर्नु गराउनु भनी प्रत्यर्थी मध्यका महालक्ष्मी नगरपालीका वडा नं. ६ को कार्यालयको नाममा तथा रीत पुर्वकका कागजात प्राप्त भएपछि निवेदक कृष्टिना महर्जनलाई नेपालको संविधानको धारा ११ को उपधारा (५) र नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संसोधन, २०७९ समेत) को दफा ३ को उपदफा (५) बमोजिम बंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्नु गराउनु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाममा परमादेश जारी गरिदिएको छ ।

२४. प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई आदेश विद्युतीय प्रणालीमा अपलोड गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाईदिनू ।

न्यायाधीश

उक्त आदेशमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः- निराजन पाण्डे/सिम्रन नापित

अनुसन्धान गर्न सहयोग गर्नेः आभा डंगोल (इन्टर्न)

कम्प्युटर अपरेटरः- सुजन नेपाल

ईति संवत् २०८० साल साउन २३ गते रोज ३ शुभम् ........ ।

मेरो अधिकार
Know Your Rights

# मेरो अधिकार

## आफ्नो अधिकारबारे जानी राखौं ।




Google play

Download on the App Store


**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ५३६६४१५, ५३३३५२४, ५३३३५२५
इमेल : info@fwld.org; Website : www.fwld.org